महालेखापरीक्षकको
पचासौँ वार्षिक प्रतिवेदन
२०६९



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

दूरदृष्टि

सुशासन प्रवर्द्धनका लागि स्वतन्त्र, सक्षम र प्रभावकारी लेखापरीक्षण संस्थाको रुपमा स्थापित हुने ।

गन्तव्य

सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनका लागि मुलुकलाई गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

मूल्य मान्यता

- स्वतन्त्रता
- इमान्दारिता
- विश्वसनीयता
- व्यावसायिकता
- सार्वजनिक हितमा सेवा प्रदान

महालेखापरीक्षकको
पचासौँ वार्षिक प्रतिवेदन
२०६९



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

कार्यकारी सारांश

नेपालको अन्तरिम संविधान, २०६३, लेखापरीक्षण ऐन, २०४८, प्रचलित कानून एवं लेखापरीक्षण मानदण्डबमोजिम सरकारी कार्यालय र स्वायत्त संस्थाहरुसमेत ४ हजार ८०२ कार्यालय/निकायको लेखापरीक्षण सम्पन्न गरिएको छ । सार्वजनिक वित्तीय व्यवस्थापनमा जवाफदेहिता, पारदर्शीता, विश्वसनीयता र स्वच्छताको माध्यमबाट सुशासन प्रवर्द्धनमा सघाउ पुऱ्याउन सार्वजनिक स्रोतको प्राप्ति र उपयोगका सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण एवं मूल्याङ्कन गरिएको छ । कानूनमा व्यवस्था भएबमोजिम आर्थिक कारोबारसँग सम्बन्धित तथ्यहरु दर्शाई आलोचना र सुझावसहित यो प्रतिवेदन तयार गरिएको छ ।

नेपाल सरकारले सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार गर्ने उद्देश्यले मध्यकालीन बजेट संरचना, बहुवर्षीय ठेक्का बन्दोबस्त, विद्युतीय बोलपत्रको व्यवस्था, एकल खाता कोष प्रणालीलगायतका सुधारको थालनी गरेको छ । यसबाट वित्तीय सुशासन कायम गर्न सरकार प्रयासरत रहेको देखिएको छ । तथापि लेखापरीक्षणबाट कतिपय विकास आयोजनाहरु सम्भाव्यता अध्ययनबेगर छनौट हुने, आयोजना छनौटका आधार पालना नहुने र दक्षतापूर्वक कार्यान्वयन नहुने परिपाटीले आयोजना समयमा सम्पन्न नभई लागत बढ्न गई वाञ्छित प्रतिफल प्राप्त हुनसकेको छैन । समयमा बजेट नआउने, प्राविधिक, वस्तुगतलगायतका सबै वैदेशिक सहायता बजेटमा समावेश नहुने, अवण्डा बजेट राखी गैरबजेटरी खर्च गर्ने, समयमा खर्च गर्ने अख्तियारी प्रदान नगर्ने, आर्थिक वर्षको अन्त्यतिर थप बजेट अख्तियारी दिने, रकमान्तर स्वीकृत नगराउने र कानूनले तोकेको सीमाभन्दा बढी रकमान्तर गरी खर्च गर्ने गरेकोले बजेट अनुशासन पालना नभई स्रोत साधनको समुचित उपयोग हुनसकेको छैन ।

राजस्वको लक्ष्य निर्धारण गर्दा वस्तुनिष्ठ आधार अवलम्बन गरेको छैन । सबै सम्भाव्य करदातालाई करको दायरामा ल्याउन नसकेको, कानूनले तोकेभन्दा घटी राजस्व असुल हुने गरेको, राजस्व बक्यौता बढ्दै गएको, न्यून संख्या र सिमान्त अवधिमा करपरीक्षण हुने गरेको कारण आन्तरिक स्रोत परिचालनमा अपेक्षित सुधार नहुँदा विकास खर्चमा परनिर्भरता बढ्दै गएको छ ।

सार्वजनिक खरिद प्रक्रियालाई व्यवस्थित गर्न बनेका ऐन कानून समयानुकूल परिमार्जन नहुँदा कानूनले तोकेको प्रक्रिया अवलम्बन नगरी खर्च गर्ने परिपाटी बढ्दै गएको छ । ठेक्का व्यवस्था समयमा नहुने, प्रतिस्पर्धात्मक एवं पारदर्शी तवरले खरिद नगर्ने, कार्यविधि पालना नगरी उपभोक्ता समितिबाट कार्य गराउने, ठेक्काको काम म्यादभित्र सम्पन्न नगर्ने, अधिकार प्राप्त अधिकारीबाट निर्णय नगराई माथिल्लो निकायमा पठाउने जस्ता कारणले खरिद व्यवस्थापन पारदर्शी, मितव्ययी र दक्षतापूर्ण हुनसकेको छैन ।

आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न कार्यविधि बनाई लागू नगरेको, जिम्मेवार व्यक्तिबाट अनुगमन निरीक्षण हुने नगरेको, कार्यसम्पादनसँग सम्बन्धित सूचनाको सङ्कलन, अभिलेख र प्रस्तुतीकरण भरपर्दो नभएको, आन्तरिक लेखापरीक्षण समयमा नहुने र भएपनि विश्वसनीय नभएको कारण आर्थिक अनियमितता र चुहावट बढेको छ । त्यसैगरी सरकारी लेखामान अनुरुप लेखा नराखेको, सबै कारोबार लेखामा प्रतिविम्बित नहुँदा सञ्चितकोषको लेखाले राज्यको आय–व्ययको यथार्थ स्थिति चित्रण नगरेको, बजेट तर्जुमा गर्दा लेखापरीक्षकबाट प्रमाणित वित्तीय सूचनाहरु उपयोग गर्ने नगरेको कारणले सरकारी वित्तीय सूचना विश्वसनीय हुनसकेको छैन । साथै कानूनले तोकेको समयभित्र आर्थिक कारोबारको लेखापरीक्षण नगराउने, लेखापरीक्षणले माग गरेको सूचनाहरु समयमा पेश नगर्ने, जिम्मेवार पदाधिकारीले तोकिएको समयभित्र कारबाही गरी बेरुजू फछ्यौंट नगर्ने, कतिपय वैदेशिक सहायता लेखापरीक्षणको दायराभित्र नआउने, सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन तथा अनुगमन नहुने कारणले आर्थिक अनुशासनहीनताले प्रश्रय पाएको छ । फलस्वरुप लेखापरीक्षण बेरुजूलगायत कारबाही गरी असुल फछ्यौंट तथा टुङ्गो लगाउन बाँकी रकम रु.२ खर्ब ४ अर्ब २५ करोड ७४ लाख पुगेको छ । यस्तो रकम वर्षेनी बढ्दो क्रममा छ ।

नेपाल सरकारका पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थामध्ये अधिकांश संगठित संस्था नोक्सानीमा छन् । केही संस्था वर्षौंदेखि नोक्सानीमा सञ्चालन भई खुद सम्पत्ति ऋणात्मक हुन पुगेकाले निरन्तर सञ्चालनमा रहनसक्ने अवस्था शंकास्पद छ ।

लेखापरीक्षणबाट नीतिगत एवं कानूनी सुधार भई आर्थिक प्रशासनलाई मर्यादित एवं अनुशासित तुल्याउन सहयोग पुग्दछ । तसर्थ लेखापरीक्षणबाट औंल्याएका सुझावहरु कार्यान्वयन गरी योजना र बजेट तर्जुमा प्रक्रियामा सुधार गर्ने, राजस्व अनुमान, सङ्कलन र परीक्षणलाई प्रभावकारी बनाउने, खरिद प्रक्रियालाई स्वच्छ, प्रतिस्पर्धात्मक, पारदर्शी र मितव्ययी तुल्याउने, आर्थिक कारोबारको लेखाङ्कन र प्रतिवेदन प्रणालीलाई यथार्थ र विश्वसनीय बनाउने, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने, लेखामानअनुरुप वित्तीय विवरण तयार गर्ने, नेपाल सरकारका सबै मन्त्रालयमा लेखापरीक्षण समिति गठन गर्ने, सार्वजनिक लेखा समितिको निर्णय र निर्देशन प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, कानून विपरीत आर्थिक कारोबार गर्ने र लेखापरीक्षण नगराउनेलाई कारबाही गर्ने हो भने वित्तीय अनुशासन पालना भई सार्वजनिक वित्तीय व्यवस्थापनमा स्वच्छता, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी वित्तीय सुशासन कायम गर्न सघाउ पुग्दछ ।

आर्थिक कारोबारको बढ्दो आकार, जटिलता, प्रविधिमा आएको परिवर्तन एवं विश्वव्यापी लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पादन गर्न लेखापरीक्षणसम्बन्धी कानून एवं प्रक्रियामा परिमार्जन गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणापत्र अनुरुप स्वतन्त्रताको अभिवृद्धि भएमा अझ गुणस्तरीय लेखापरीक्षण गरी प्रतिवेदन तयार हुने कुरामा सबैलाई आश्वस्त बनाउन चाहन्छु । कानूनले तोकेबमोजिम आफ्नो काम, कर्तव्य र उत्तरदायित्व वहन गर्न कार्यालय प्रतिबद्ध छ । यस कार्यमा सम्वद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गरेको छु ।

अन्त्यमा,

महालेखापरीक्षकको दायित्व पूरा गर्न सार्वजनिक लेखा समिति, नेपाल सरकार, नागरिक समाज, विकास साझेदार, सञ्चार माध्यम एवं आम नागरिकलगायत सरोकारपक्ष सबैको महत्त्वपूर्ण सहयोग र चासोका लागि आभार व्यक्त गर्दछु । यस कार्यालयका सबै कर्मचारी र व्यावसायिक लेखापरीक्षकको लगन र परिश्रमबाट लेखापरीक्षण गरी प्रतिवेदन तयार भएकोले सबैलाई धन्यबाद दिन चाहन्छु । वार्षिक प्रतिवदेनमा उल्लिखित व्यहोरा कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षबाट सहयोग हुने अपेक्षा गर्दछु ।

(विमला सुवेदी)
कार्यबाहक महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **कानूनी व्यवस्था** – नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२३ मा महालेखापरीक्षकले सबै सरकारी कार्यालय र कानूनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरु र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संङ्गठित संस्थाको लेखापरीक्षणको सम्बन्धमा गरिनुपर्ने कार्य प्रक्रियाका बारेमा उल्लेख गरेको छ । संविधान र लेखापरीक्षण ऐनद्वारा प्रदत्त कानूनी आधारअनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** – सार्वजनिक स्रोतको प्राप्ति र उपयोगका सम्बन्धमा लेखापरीक्षणको माध्यमबाट प्रतिवेदन गरी व्यवस्थापिका–संसदमार्फत नेपाली जनतालाई सुसूचित गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य हो । यस प्रयोजनका निमित्त लेखापरीक्षणलाई निम्न विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ:

- सञ्चितकोषलगायत विनियोजन,राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र आर्थिक विवरणले कारोवारको यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी असुली तथा तहसिल गरेको,
- सरकारी सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण व्यवस्था प्रभावकारी रहेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानूनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ट राखेको,
- कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति हाँसिल गरेको,
- संगठित संस्था र समितिको वित्तीय विवरणले सही एबं यथार्थ चित्रण गरेको ।

नियमिततासँग सम्बन्धित उपर्युक्त उद्देश्यका अतिरिक्त कार्यमूलक लेखापरीक्षणको लागि छनौट भएका बिषयहरुमा मितव्ययिता,कार्यदक्षता र प्रभावकारिता पक्षको समेत मूल्याङ्कन एवं विश्लेषण गरिएको छ ।

३. **क्षेत्र** – यो वर्ष संवैधानिक अङ्ग, मन्त्रालय, विभाग तथा कार्यालय, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण, विश्वविद्यालय समेतका कानूनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको आधारमा ४ हजार ८०२ निकायको आर्थिक वर्ष २०६८।६९ को र पेश भएसम्म बक्यौतासमेतका आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । साथै २७ विषयको कार्यमूलक, ४ विषयको सूचना प्रविधि लेखापरीक्षण र १ विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** – लेखापरीक्षण ऐन, २०४८, सरकारी लेखापरीक्षण मानदण्ड, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल प्रचलन एबं अभ्यासको अनुसरण गरी लेखापरीक्षण जोखिम मूल्याङ्कन पश्चात पहिचान भएका विषयहरुको सन्दर्भमा सक्षम, पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकताअनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षण गरी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

५. **प्रतिवेदन प्रस्तुति** – संवैधानिक व्यवस्थाअनुसार यस प्रतिवेदनमा लेखापरीक्षण गरेका निकायको विवरण परिच्छेद १ मा, लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति परिच्छेद २ मा, बेरुजू फछ्यौंट गर्न गरेको प्रयास र बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि परिच्छेद ३ मा तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण परिच्छेद ४ मा उल्लेख गरिएको छ ।

परिच्छेद – १

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

लेखापरीक्षण गरिएका निकाय		संख्या
(क)	वित्तीय लेखापरीक्षण	
	१. सरकारी कार्यालय	३,७०८
	२. संगठित संस्था	८८
	३. समिति र अन्य संस्था	९०१
	४. जिल्ला विकास समिति	७३
(ख)	कार्यमूलक लेखापरीक्षण गरिएका विषय	२७
(ग)	सूचना प्रविधि लेखापरीक्षण	४
(घ)	वातावरणीय लेखापरीक्षण	१
	जम्मा	**४,८०२**



१. **सरकारी निकाय, संस्था र समिति** – सर्वोच्च अदालत, व्यवस्थापिका–संसद, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालतलगायतका सबै सरकारी कार्यालयहरुसमेत यो वर्ष ३ हजार ७०८ कार्यालयको १८ हजार ४९५ इकाईको रु.७ खर्ब ४२ अर्ब ५९ करोड ४३ लाख, नेपाल सरकारको

पूर्णस्वामित्व भएका संगठित संस्था, कानूनद्वारा तोकिएका समिति, विश्वविद्यालय, प्रतिष्ठानसमेत ९८९ इकाईको रु.१० खर्ब ३३ अर्ब ९० करोड ६० लाख र जिल्ला विकास समिति ७३ को रु.६८ अर्ब १५ करोड ९२ लाखसमेत रु.१८ खर्ब ४४ अर्ब ६५ करोड ९५ लाखको लेखापरीक्षण भएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त २७ विषयको कार्यमूलक, ४ विषयको सूचना प्रविधि र १ विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण अनुसूची १, २, ३, ४ र १४ मा छ ।

२. **सरकारी निकाय** – यो वर्ष ३ हजार ७०८ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी समेतको निम्नानुसार रु.७ खर्ब ४२ अर्ब ५९ करोड ४३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ:

(रु. लाखमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न		
		बक्यौता अङ्क	२०६८।६९को अङ्क	जम्मा
१.	विनियोजन निकासा	३४,७६	३,८६,७२,८९	३,८७,०७,६५
२.	राजस्व असुली	१२	२,४३,९९,१७	२,४३,९९,२९
३.	धरौटी आम्दानी	५१	२०,३६,८५	२०,३७,३६
४	अन्य	-	९१,१५,१३	९१,१५,१३
	जम्मा	**३५,३९**	**७,४२,२४,०४**	**७,४२,५९,४३**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा, लेखापरीक्षण कारोबारको विवरण अनुसूची २ मा र बक्यौता लेखापरीक्षणको विवरण अनुसूची ३ मा उल्लेख छ ।

३. **संगठित संस्था –** यो वर्ष ८८ संगठित संस्थातर्फ रु.९ खर्ब ७१ अर्ब ७९ करोड ४ लाखको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची ४, ५, ६ र ७ मा उल्लेख छ ।

४. **समिति र अन्य संस्था –** यो वर्ष ९०१ समिति र अन्य संस्थाको रु.६२ अर्ब ११ करोड ५६ लाखको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची ४, ५, ६ र ७ मा उल्लेख छ ।

५. **जिल्ला विकास समिति** – यो वर्ष ७३ जिल्ला विकास समितिको रु.६८ अर्ब १५ करोड ९२ लाखको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची १४ मा उल्लेख छ ।

६. **कार्यमूलक लेखापरीक्षण** – यो वर्ष १५ मन्त्रालयअन्तर्गत २७ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख.मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद २ को मन्त्रालय खण्डमा समावेश गरिएको छ ।

७. **सूचना प्रविधि लेखापरीक्षण –** यो वर्ष गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय पोखरा, जिल्ला विकास समिति दोलखा र धादिङ, कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुर, धादिङ र कास्की तथा नेपाल पर्यटन बोर्डले प्रयोग गरेको ४ सफ्टवेयरको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ । यससम्बन्धी प्रमुख व्यहोरा परिच्छेद २ को सम्बन्धित मन्त्रालय खण्डमा समावेश छ ।

८. **वातावरणीय लेखापरीक्षण –** यो वर्ष वनक्षेत्रमा वातावरणीय ऐन नियमको पालनाबारे ५ जिल्लामा सञ्चालित राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको मूल्याङ्कन गरी वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ । यससम्बन्धी प्रमुख व्यहोरा परिच्छेद २ को सम्बन्धित मन्त्रालय खण्डमा समावेश छ ।

९. **खर्चको विश्लेषण –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०६८।६९ को बजेट अनुमान रु.३ खर्ब ८४ अर्ब ९० करोड रहेकोमा रु.३ खर्ब ३९ अर्ब १६ करोड खर्च भएको छ । क्षेत्रगत अनुमान तथा खर्चको स्थिति देहायबमोजिम रहेको छ:

(रु. लाखमा)

शीर्षक/क्षेत्र	अनुमान	यथार्थ खर्च	प्रतिशत
सामान्य सार्वजनिक सेवा	१,००,१०,३२	८७,५२,७८	८७.४४
रक्षा	२०,०१,८५	२२,६५,७५	११३.१८
सार्वजनिक शान्ति सुरक्षा	३३,३७,६७	३९,२६,५७	११७.६४
आर्थिक मामला	१,०८,८९,१७	८०,३८,७१	७३.८२
वातावरण संरक्षण	१,८८,८१	१,०९,७२	५८.१२
आवास तथा सामुदायिक सुविधा	१५,८८,०२	१०,६६,१३	६७.१४
स्वास्थ्य	२७,१२,०३	२२,८७,०१	८४.३३
मनोरञ्जन, संस्कृति तथा कर्म	२,३६,००	२,०६,६१	८७.५५
शिक्षा	६३,९१,८८	६२,०५,३०	९७.०८
सामाजिक सुरक्षा	११,३४,२५	१०,५८,१६	९३.२९
जम्मा	**३,८४,९०,००**	**३,३९,१६,७४**	**८८.१२**

१०. **खर्चको स्रोत** – आर्थिक वर्ष २०६६।६७ र २०६७।६८ को यथार्थ खर्च तथा २०६८।६९ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:

(रु. लाखमा)

स्रोत	२०६६।६७ को यथार्थ खर्च	२०६७।६८ को यथार्थ खर्च	२०६८।६९ को		
			अनुमान	यथार्थ खर्च	प्रतिशत
नेपाल सरकार	२,०९,९१,९८	२,३७,३६,५६	२,८५,११,३१	२,८७,२७,४१	१००.७५
वैदेशिक अनुदान	३८,५४,६०	४५,९२,२२	७०,१३,२८	४०,८१,०३	५८.१९
वैदेशिक ऋण	११,२२,३३	१२,०७,५६	२९,६५,४१	११,०८,३०	३७.३७
जम्मा	**२,५९,६८,९१**	**२,९५,३६,३४**	**३,८४,९०,००**	**३,३९,१६,७४**	**८८.१२**

१०.१. यो वर्ष नेपाल सरकारको स्रोतबाट रु.२ खर्ब ८५ अर्ब ११ करोड ३१ लाख खर्च हुने अनुमान गरिएकोमा रु.२ खर्ब ८७ अर्ब २७ करोड ४१ लाख भएको छ । सो खर्चमध्ये राजस्वबाट रु.२ खर्ब ४६ अर्ब ९८ करोड ६५ लाख व्यहोरिएको छ ।

१०.२. यो वर्ष वैदेशिक अनुदानतर्फ २० निकाय/मन्त्रालयअन्तर्गत रु.७० अर्ब १३ करोड २८ लाख प्राप्त हुने अनुमान भएकोमा रु.४० अर्ब ८१ करोड ३ लाख (५८.१९ प्रतिशत) प्राप्त भएको छ ।

१०.३. यो वर्ष वैदेशिक ऋणतर्फ १२ निकाय/मन्त्रालयअन्तर्गत रु.२९ अर्ब ६५ करोड ४१ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु.११ अर्ब ८ करोड ३० लाख (३७ प्रतिशत) प्राप्त भएको छ ।

११. **खर्च स्थिति** – यो वर्ष बढी खर्च गर्ने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

चालु खर्च				पूँजीगत खर्च तथा साँवा भुक्तानी			
क्र.सं.	मन्त्रालय	रकम	चालु खर्चको प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	पूँजीगत खर्चको प्रतिशत
१	शिक्षा	६१,९३,२०	२५.४४	१	अर्थ	४४,८०,६१	४६.८२
२	संघीय ममिला तथा स्थानीय विकास	३१,५३,५६	१२.९५	२	भौतिक पूर्वाधार तथा यातायात	२५,८८,४१	२७.०५
३	अर्थ	२७,८८,११	११.४५	३	सिंचाइ	८,२५,५१	८.६३
४	गृह	२५,१०,६९	१०.३१	४	संघीय मामिला तथा स्थानीय विकास	३,५९,९३	३.७६
५	रक्षा	२१,०९,५२	८.६६	५	स्वास्थ्य तथा जनसंख्या	३,२७,००	३.४२
	जम्मा	**१,६७,५५,०८**	**६८.८१**		**जम्मा**	**८५,८१,४६**	**८९.६८**

तालिकामा समावेश ५ मन्त्रालयले कुल चालु खर्चको ६८.८१ प्रतिशत र कुल पूँजीगत तथा साँवा भुक्तानी खर्चको ८९.६८ प्रतिशत खर्च गरेका छन् ।

● राजस्व

१२. **असुली** – यो वर्ष रु.२ खर्ब ४७ अर्ब ७० करोड ३१ लाख राजस्व असुल गर्ने अनुमान भएकोमा महालेखा नियन्त्रक कार्यालयले पेश गरेको केन्द्रीय आर्थिक विवरणअनुसार रु.२ खर्ब ४७ अर्ब १७ करोड ३५ लाख (अनुमानको ९९.७९ प्रतिशत) असुल भएको छ । विस्तृत विवरण अनुसूची १३ मा उल्लेख गरिएको छ ।

१३. **संरचना –** राजस्वको स्रोतगत अनुमान अनुसार २०६६।६७, २०६७।६८ को यथार्थ असुली र यो वर्ष २०६८।६९ को अनुमान तथा यथार्थ असुलीको स्थिति निम्नानुसार छ:

(रु. लाखमा)

विवरण	२०६६।६७ को यथार्थ	२०६७।६८ को यथार्थ	२०६८।६९ को		
			अनुमान	यथार्थ	प्रतिशत
कुल राजस्व	**१,७९,९४,५८**	**१,९९,८१,९०**	**२,४७,७०,३१**	**२,४७,१७,३५**	**९९.७९**
१. कर राजस्व	१,५६,२९,४९	१,७२,७७,७९	२,०७,६३,३५	२,१०,३९,८७	१०१.३३
क. अप्रत्यक्ष कर	१,१४,५४,४७	१,२४,१२,२६	१,५२,३१,३५	१,५३,९५,२०	१०१.०७
ख. प्रत्यक्ष कर	४१,७५,०२	४८,६५,५३	५५,३२,००	५६,४४,६७	१०२.०३
२. गैर कर राजस्व	२१,६९,६९	२५,५९,८४	३४,१४,०७	३३,९७,५४	९९.५२
३. साँवा फिर्ता	१,९५,४०	१,४४,२७	५,९२,८९	१८,७०	३.१५

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली २३.७० प्रतिशतले बढेको देखिन्छ । २०६८।६९ को यथार्थ असुलीमा बेरुजू दाखिला रु.२ अर्ब ६१ करोड २४ लाखसमेत समावेश छ ।

परिच्छेद – २

लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति

१. **बेरुजू –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरा लेखापरीक्षणद्वारा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ । सरकारी निकायको जवाफदेहिता, वित्तीय कारोबारको स्वच्छता र अनुशासनको स्तर मापन गर्ने औजारको रुपमा समेत बेरुजूलाई लिने गरिएको छ । सरकारी कार्यालय, संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिहरुले उपर्युक्तबमोजिम कामकारबाही नगरेकोले असुल फर्छ्यौट गर्नुपर्ने तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम देहायअनुसार रु.२ खर्ब ४ अर्ब २५ करोड ७४ लाख रहेको छ ।

(रु. लाखमा)

क्र.सं.	विवरण	रकम
१	सरकारी कार्यालयको फछ्यौंट गर्न बाँकी बेरुजू	६६,२६,३८
२	अन्य संस्था, समिति र जिल्ला विकास समितिको बेरुजू	३७,४५,१८
३	लेखापरीक्षण बक्यौता	३,१६,४८
४	राजस्व बक्यौता	७३,१६,८६,
५	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१६,०८,८३
६	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	६,०६,५८
७	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२,०५,४३
	जम्मा	**२,०४,२५,७४**

द्रष्टव्य: १. आर्थिक वर्ष २०५९।६० सम्मको बेरुजूको लगत बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण भई गएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार उक्त लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरणभई गएकोले सो अवधिको बेरुजू रकम समावेश छैन ।

२. जिल्ला विकास समितिको यो वर्षको मात्र बेरुजू रकम समावेश छ ।

३. सार्वजनिक संस्थानहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य यस कार्यालयबाट नहुने भएकोले माथि अङ्कमा समावेश छैन ।

२. **बेरुजू वर्गीकरण** – आर्थिक कार्यविधि ऐन, २०५५ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्कीसमेत ३ वर्गमा वर्गीकरण गरिएको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेश्कीलाई कर्मचारी पेश्की र अन्य पेश्की गरी २ समूहमा विभाजन गरी वर्गीकरण गरिएको छ । यो वर्ष सरकारी कार्यालय, समिति र अन्य संस्थाको लेखापरीक्षणबाट औँल्याइएको बेरुजू निम्नानुसार छ:

(रु. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था र जिल्ला विकास समिति	जम्मा
जम्मा बेरुजू	**२७,९६,९६**	**७,१०,५५**	**३५,०७,५१**
१. **असुल गर्नुपर्ने**	**३,३८,३३**	**५१,६४**	**३,८९,९७**
२. **नियमित गर्नुपर्ने**	**१०,७७,४९**	**५,७०,०२**	**१६,४७,५१**
• अनियमित भएको	१,९५,६४	२,९१,२४	४,८६,८८
• प्रमाण कागजात पेश नभएको	८,५१,००	२,६६,०९	११,१७,०९
• जिम्मेवारी नसारेको	९८	-	९८
• शोधभर्ना नलिएको	२९,८७	१२,६९	४२,५६
३. **पेश्की**	**१३,८१,१४**	**८८,८९**	**१४,७०,०३**
• कर्मचारी पेश्की	१४,५२	४,५१	१९,०३
• अन्य पेश्की	१३,६६,६२	८४,३८	१४,५१,००

बेरुजू वर्गीकरण अनुसूची १५ र १६ मा छ ।

२.१ यो वर्ष सरकारी कार्यालय, संगठित संस्था, समिति तथा अन्य संस्था र जिल्ला विकास समितिसमेतको रु.१८ खर्ब ४४ अर्ब ६५ करोड ९५ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा रु.४८ अर्ब ६ करोड २४ लाख बेरुजू देखिन आएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रु.१२ अर्ब ९८ करोड ७३ लाख (कुल बेरुजूको २७.०२ प्रतिशत) सम्परीक्षण गराएबाट बाँकी बेरुजूका सम्बन्धमा बेरुजू फछ्यौंट नगर्ने कार्यालयहरुको नामनामेसी समेत उल्लेख गरी फछ्यौंटको कारबाही हुन आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ को व्यवस्थाअनुसार सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुलाई जानकारी दिइएको छ । ऐनको उपर्युक्त व्यवस्थाअनुसार कार्यालयको नामनामेसी र फछ्यौंट तथा सम्परीक्षण नगराएको रकमसहितको विवरण सम्बन्धित विभागीय मन्त्री/राज्यमन्त्री र निकाय प्रमुखलाई जानकारी गराउँदा पनि रु.३५ अर्ब ७ करोड ५१ लाख बेरुजू फछ्यौंट हुन बाँकी छ । विस्तृत विवरण अनुसूची १५ र १६ मा छ ।



२.२ सरकारी कार्यालय, समिति तथा अन्य संस्था र जिल्ला विकास समिति समेतको यस वर्षको लेखापरीक्षणबाट रु.३५ अर्ब ७ करोड ५१ लाख बेरुजू देखिएको छ । यस वर्षसम्मको फछ्यौंट गर्न कुल बाँकी बेरुजू रु.१ खर्ब ३ अर्ब ७१ करोड ५६ लाख छ । यसमा संगठित संस्थातर्फको बेरुजू अङ्क समावेश छैन । यसको विस्तृत विवरण अनुसूची १७ र १८ मा छ ।

उल्लेख्य बेरुजू नदेखिएका निकायहरुमा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, वाणिज्य तथा आपूर्ति मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, न्यायपरिषद्, उपराष्ट्रपतिको कार्यालय, सामान्य प्रशासन मन्त्रालय र कानून, न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालय रहेका छन् ।

२.३ उपर्युक्त बेरुजूमध्ये सरकारी कार्यालयतर्फ रकमगत आधारमा यो वर्ष बढी बेरुजू हुने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	रकम	प्रशित	क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत
१	भौतिक पूर्वाधार तथा यातायात	५,३५,५९	१९.१५	२	संघीय मामिला तथा स्थानीय विकास	३,५४,१२	१२.६६
३	शिक्षा	३,२७,२७	११.७०	४	अर्थ	३,१६,५७	११.३१
५	सहरी विकास	१,९८,०७	७.०८				

यी पाँच मन्त्रालयमा सरकारी कार्यालयतर्फको कुल बेरुजूको ६१.९१ प्रतिशत रहेको छ ।



२.४ सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.३ अर्ब ५८ करोड ४४ लाखमध्ये लेखापरीक्षणको क्रममा र प्रतिवेदन पठाएपछि रु.२० करोड ११ लाख असुल भई रु.३ अर्ब ३८ करोड ३३ लाख असुल हुन बाँकी छ । सोमध्ये असुल गर्न बाँकी बेरुजू बढी हुने ५ मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	प्रतिशत
१	सूचना तथा सञ्चार	१,५७,६८	४६.६१	२	अर्थ	५४,७४	१६.१८
३	भूमिसुधार तथा व्यवस्था	४३,६३	१२.९०	४	सहरी विकास	२२,८४	६.७५
५	भौतिक पूर्वाधार तथा यातायात	१६,६६	४.९२				

असुल गर्नुपर्ने बेरुजूमध्ये ५ मन्त्रालयको मात्र रु.२ अर्ब ९५ करोड ५५ लाख (८७.३६ प्रतिशत) देखिएको छ ।



२.५ सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेश्की रु.२४ अर्ब ३१ करोड ५६ लाख बाँकी रहेको मध्ये रु.१० अर्ब ३९ करोड ८३ लाख (४२.७६ प्रतिशत) फछ्यौंट गरेकाले रु.१३ अर्ब ९१ करोड ७३ लाख बाँकी रहेको छ । उक्त पेश्कीमा यो वर्ष थप भएको रु.१३ अर्ब ८१ करोड १४ लाखसमेत यो वर्षसम्म कुल पेश्की रु.२७ अर्ब ७२ करोड ८७ लाख पुगेको छ । पेश्की बाँकीको अद्यावधिक विवरण अनुसूची ८ मा छ ।

त्यसैगरी समिति, अन्य संस्था र जिल्ला विकास समितितर्फ यो वर्षको पेश्की बाँकी रु.८८ करोड ८९ लाख देखिएको छ ।

२.६ सरकारी कार्यालयतर्फ ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. लाखमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
अठचालीसौं	४,६७,३७,५०	१८,९२,९३	४.०५
उनन्चासौं	५,२७,५६,०८	२२,५०,३७	४.२६
पचासौं	७,४२,५९,४३	२७,९६,९६	३.७७

गतवर्षको तुलनामा कुल बेरुजू अङ्क वृद्धि भए तापनि लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू प्रतिशत घटेको छ । बेरुजू प्रतिशत घट्नुमा यस वर्षको पूँजीगततर्फ बजेटको तुलनामा ५६.६२ प्रतिशतमात्र खर्च हुनु पनि रहेको छ ।

३. **लेखापरीक्षण बक्यौता** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ मा महालेखापरीक्षकले तोकेको म्यादभित्र आर्थिक विवरण र लेखा दाखिला गर्नुपर्ने, तदनुसार दाखिला गर्न नसकेमा म्याद थप माग गर्नुपर्ने र म्याद थप पनि माग नगर्ने र लेखा दाखिला पनि नगर्नेलाई जरिबाना र विभागीय कारबाहीसमेत गर्न सकिने व्यवस्था छ । प्रचलित कानूनले कारोबारको लेखापरीक्षण समयमै गराउनुपर्ने व्यवस्था गरेको छ । सरकारी कार्यालय, त्रिभुवन विश्वविद्यालय, संगठित संस्था, समिति तथा अन्य संस्थाले कानूनले तोकेको समयमा लेखापरीक्षण नगराएकाले बक्यौता बढ्दै गएको छ । यस सम्बन्धमा प्रमुख व्यहोरा देहायअनुसार छ:

३.१ यो वर्ष ४० इकाईको रु.७० करोड २६ लाख र गतवर्षसम्मको रु.२ अर्ब ४६ करोड २२ लाखसमेत रु.३ अर्ब १६ करोड ४८ लाखको आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएका छैनन् । गतवर्षभन्दा बक्यौता रु.३४ करोड ८७ लाखले बढेको छ । लेखापरीक्षण बक्यौताको विवरण अनुसूची ३ मा छ ।

३.२ सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ७९५ इकाईको रु.२ अर्ब ८१ करोड ६१ लाख लेखापरीक्षण बक्यौता रहेकोमा १० इकाइको रु ३५ करोड ३९ लाखको लेखापरीक्षण सम्पन्न भइ २ हजार ७८५

इकाईका रु.२ अर्ब ४६ करोड २२ लाख बक्यौता छ । उक्त बक्यौतामा २०३५।३६ देखिको आर्थिक कारोबारसमेत समावेश छ । सार्वजनिक लेखा समितिले पटक पटक बक्यौता लेखा पेश गरी लेखापरीक्षण गराउन निर्देशन दिएको भए तापनि यो वर्ष ४० इकाईको रु.७० करोड २६ लाख बक्यौता रहन गई कुल लेखापरीक्षण बक्यौता २ हजार ८२६ इकाईको रु.३ अर्ब १६ करोड ४८ लाख पुगेको छ । समयमा लेखापरीक्षण नगराउनेलाई कुनै कारबाही नगर्ने परिपाटीले बक्यौता बढ्दै गएको छ । लामो समयको अन्तरालपछि लेखापरीक्षण गर्नुको कुनै औचित्य रहदैन ।

३.३ त्रिभुवन विश्वविद्यालयको एकीकृत वित्तीय विवरण तयार हुन सकेको छैन । विश्वविद्यालय मातहतका क्याम्पसलगायतका शैक्षिक संस्थाहरुले पनि लेखापरीक्षण गराउने कार्यलाई महत्त्व दिई समयमा लेखापरीक्षण नगराएबाट वर्षेनी लेखापरीक्षण बक्यौता बढ्दै गएको छ ।

३.४ यो वर्षसम्म १५ संगठित संस्थाको ३१ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न हुन नसकी बक्यौता रहेको छ । लेखापरीक्षण गराउने जिम्मेवारी संस्थाको प्रमुख कार्यकारीको रहने देखिए तापनि सो जिम्मेवारी वहन गर्न चासो राखेको देखिदैन ।

४. **राजस्व बक्यौता** – यस वर्षसम्मको राजस्व बक्यौता रु.७३ अर्ब १६ करोड ८६ लाख देखिएको छ । गतवर्षको तुलनामा यो वर्ष १५.५७ प्रतिशतले बढेको छ । विगत ३ वर्षको राजस्व बक्यौताको स्थिति निम्नानुसार छ:

(रु.लाखमा)

वार्षिक प्रतिवेदन	बक्यौता रकम	वृद्धि प्रतिशत
अठचालीसौ – २०६७ सम्म	५२,९०,२५	६०.६४
उनन्चासौं – २०६८ सम्म	६३,३१,३५	१९.६८
पचासौं – २०६९ सम्म	७३,१६,८६	१५.५५

राजस्व बक्यौतामा मूल्य अभिवृद्धिकर बक्यौताको लगत कायम गरी आर्थिक विवरणमा देखाउने नगरेकोले समावेश छैन । मूल्य अभिवृद्धिकर तर्फको राजस्व बक्यौता रु.५ अर्ब ८ करोड ७३ लाख समावेश गर्ने हो भने बक्यौता उल्लेख्य रुपमा बढ्न जाने देखिन्छ । राजस्व बक्यौताको निकाय/मन्त्रालयगत विवरण अनुसूची १० मा उल्लेख गरिएको छ । बक्यौता रकममध्ये अर्थ मन्त्रालयको मात्र ८८.६४ प्रतिशत रहेको छ । प्रचलित कानूनअनुसार दाखिला गर्नुपर्ने राजस्व निश्चित समयभित्र दाखिला नगर्ने व्यक्तिको कारोबार एवं चल अचल सम्पत्ति रोक्का गरी असुल गर्न सकिने व्यवस्था छ । तर कार्यालयले कानूनबमोजिम कारबाही नगरेकोले बक्यौता वृद्धि भएको छ । विवरण अनुसूची १० मा छ ।

५. **असुली –** यो वर्ष यस कार्यालयले स्थलगत लेखापरीक्षणको क्रममा र बेरुजू औंल्याएपछि ३४ निकाय/मन्त्रालयले रु.२० करोड ११ लाख असुल गरेका छन् । गत विगत वर्षको लेखापरीक्षणबाट देखिएको बेरुजू सम्परीक्षणको क्रममा ३३ निकाय/मन्त्रालयले रु.५२ करोड ३९ लाख असुल गरेको र अन्य निकायको लेखापरीक्षणबाट रु.२४ करोड ३९ लाख असुल गरेको समेत यो वर्ष लेखापरीक्षणबाट कुल रु.९६ करोड ८९ लाख असुल भई दाखिला भएको छ । असुलीको विवरण अनुसूची ९ मा छ ।

६. **खर्चको स्थिति –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०६६।६७, २०६७।६८ र २०६८।६९ मा चालु खर्च तथा पूँजीगत खर्चको तुलनात्मक स्थिति देहायअनुसार छ:

(रु. लाखमा)

शीर्षक	२०६६।६७	२०६७।६८	२०६८।६९		
			अनुमान	यथार्थ	प्रतिशत
चालू खर्च	१,५१,०१,९१	१,७०,२९,५४	२,१५,८५,७५	२,४३,४६,००	११३.००
पूँजीगत खर्च	९०,२३,७६	१,०७,८४,७५	१,६९,०४,२५	९५,७०,७४	५६.६२
जम्मा	**२,४१,२५,६७**	**२,७८,१४,२९**	**३,८४,९०,००**	**३,३९,१६,७४**	**८८.१२**

उपर्युक्त तालिकाअनुसार चालु खर्च वर्षेनी वृद्धि हुँदै गएको अवस्था छ । २०६७६८ को तुलनामा २०६८६९ मा चालू खर्च ४२ प्रतिशतले वृद्धि भएको छ भने पूँजीगततर्फ २०६७६८ को तुलनामा २०६८६९ मा ११ प्रतिशतले घटेको छ । यो वर्ष अनुमानको तुलनामा ५६.६२ प्रतिशत मात्र खर्च भएको छ ।

७. **सञ्चितकोषको हिसाबउपर राय –** महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चितकोषको हिसाबउपर लेखापरीक्षण रायसहितको प्रतिवेदन उक्त कार्यालयलाई दिइएको छ । सो प्रतिवेदन अनुसूची १९ मा छ ।

लेखापरीक्षणबाट देखिएका समान व्यहोरा

आर्थिक कारोबार गर्दा कानूनी व्यवस्था, व्यवस्थापकीय तथा नीतिगत मागदर्शनहरु, प्रशासकीय निर्णयहरुको परिपालना गर्नुपर्ने दायित्व सबै सरकारी निकायको हो । साबिकमा सुधार गर्न औंल्याइएका व्यहोराउपर अपेक्षित सुधार नभएकोले सरकारी निकायको आर्थिक अनुशासनलाई समग्रमा विश्लेषण गर्दा सन्तोषजनक अवस्था छैन । अधिकांश निकायमा विद्यमान रहेका समान प्रकृतिका व्यहोरा देहायमा प्रस्तुत गरिएको छ । यीबाहेक अन्य प्रमुख व्यहोरा मन्त्रालयगत खण्डमा प्रस्तुत गरिएको छ ।

समान प्रकृतिका व्यहोराको संक्षिप्त झलक

- **तोकिएको समयमा बजेट खर्च गर्ने अख्तियारी दिने नगरेको,**
- **सम्भाव्यता अध्ययनबेगर आयोजना कार्यान्वयन हुने गरेको,**
- **न्यून प्रगति भएकोमा तालुक निकायबाट कुनै कारबाही नभएको,**
- **समयमा शोधभर्ना नलिएको,**
- **तोकिएको सीमा नघाई रकमान्तर गरेको,**
- **प्राविधिक सहायता तथा अन्य सहायताको लेखापरीक्षण नगराएको,**
- **वैदेशिक ऋण दायित्वमा वृद्धि भएको,**
- **पूँजीगततर्फ आषाढ महिनामा मात्र ३४.७५ प्रतिशत बजेट खर्च गरेको,**
- **आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगरेको,**
- **आन्तरिक लेखापरीक्षण नहुने र भएकोमा पनि विश्वसनीय नरहेको,**
- **ठेक्का व्यवस्थापन समयमा हुने नगरेको कारण समय र लागत वृद्धि हुने गरेको,**
- **खरिद प्रतिस्पर्धात्मक हुन नसकेको,**
- **सीमा नघाई कन्टिन्जेन्सी खर्च गर्ने गरेको,**
- **टुक्रा लागत अनुमान तयार गरी खरिद कार्य गराएको,**
- **मूल्य अभिवृद्धि कर राजस्व दाखिला नगरी फिर्ता दिएको,**
- **अग्रिम कर कट्टा गर्नुपर्नेमा नगरेको,**
- **प्रतिव्यक्ति ऋण दायित्व १९ हजार ७४८ पुगेको ।**

८. **कानूनको पालना** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ११(७) बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी तोकिएको छ । सोबमोजिम तालुक निकाय प्रमुखबाट अनुगमन नभएकोले कानूनको पालना फितलो देखिएको छ । उदाहरणार्थ निजामती सेवा ऐन एवं अन्य कानूनबमोजिम तलबी प्रतिवेदन पारित गरी तलब भुक्तानी गर्नुपर्नेमा नगरेको, सार्वजनिक खरिद ऐनबमोजिम खरिद योजना तयार नगरेको, खरिद इकाई गठन नगरेको, निर्माण सामग्रीको गुणस्तर परीक्षण, पुराना जिन्सी सामान समयमै लिलाम बिक्री गर्ने नगरेको, सवारीसाधनको लगबुक नराखेको, लागत अनुमानमा काम गर्न लाग्ने समयावधि किटान नगरेको, राजस्व आम्दानीको गोश्वारा भौचर खडा नगरेको, सुशासन नियमावलीअनुसार तालुक कार्यालयले निरीक्षण नगरेको अवस्था छ ।

९. **सम्भाव्यता अध्ययन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेत विचार गरी नेपाल सरकारबाट आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । तर भौतिक पूर्वाधार तथा यातायात, संघीय मामिला तथा स्थानीय विकास र शहरी विकास मन्त्रालयअन्तर्गत ५७६ आयोजनाहरु सम्भाव्यता अध्ययनबेगर कार्यान्वयनमा ल्याई रु.१ अर्ब ३० करोड ४२ लाख खर्च गरेको छ । सम्भाव्यता अध्ययनबेगरका यस्ता आयोजनाहरुबाट समुचित

प्रतिफल प्राप्त हुने सुनिश्चितता रहँदैन । तसर्थ सम्भाव्यता अध्ययनबेगर आयोजना कार्यान्वयन गर्ने परिपाटी अन्त्य गर्नुपर्दछ ।

१०. **वार्षिक लक्ष्य प्रगति** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति विवरण प्राप्त गरी त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा तालुक कार्यालयले गर्ने, समीक्षामा प्रगति कम हुनुका कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिसमेतको पहिचान गर्नुपर्ने, तालुक कार्यालयका प्रमुखले बजेट तथा कार्यक्रम अनुसार प्रगति भए नभएको र बाधा अड्काउ परेको भए सो फुकाई दिने र केही निर्देशन दिनुपर्ने भए सोसमेत दिने जिम्मेवार व्यक्ति उपर कारबाही गर्नुपर्ने भए प्रचलित कानूनबमोजिम गर्ने व्यवस्था छ । तर १० मन्त्रालयअन्तर्गत ८७३ कार्यक्रममा शून्य प्रगति रहेको, १७ निकायअन्तर्गतका २७६ कार्यक्रममा ० देखि २५ प्रतिशत, १३ निकायअन्तर्गत ४४८ कार्यक्रममा २६ देखि ५० प्रतिशत र १२ निकायअन्तर्गतका ६ हजार ५२५ कार्यक्रममा ५१ देखि ७५ प्रतिशतसम्म मात्र प्रगति हासिल भएकोमा तालुक निकायबाट कुनै कारबाही भएको देखिएन ।

११. **अख्तियारी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) अनुसार वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी मन्त्रालयले आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष ३९ निकायमध्ये १७ निकायअन्तर्गतका कार्यालय एवं आयोजनालाई २०६९ आषाढ महिनामा मात्र रु.७ अर्ब २६ करोड ३२ लाखको अख्तियारी दिएको छ । स्वीकृत वार्षिक कार्यक्रम र खर्चको अख्तियारी सम्बन्धित कार्यालयमा समयमा नपठाउँदा कानूनको प्रक्रिया पुऱ्याई गुणस्तरयुक्त कार्य हुने देखिँदैन ।

१२. **शोधभर्ना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(५) मा समयमा वैदेशिक सहायता शोधभर्ना माग गरे नगरेको अनुगमन गरी लेखाउत्तरदायी अधिकृतले शोधभर्नाको स्थितिको वार्षिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तदनुरुप मन्त्रालयहरुले शोधभर्नाको वार्षिक विवरण तयार गरी पेश गरेको छैनन् । यो वषसर्म्म वैदेशिक अनुदान शोधभर्ना हुने गरी १८ मन्त्रालय/निकायको १०४ कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको स्रोतबाट खर्च गरी ४९ दाताराष्ट्र तथा संस्थाबाट शोधभर्ना प्राप्त हुनुपर्ने रु १६ अर्ब ८ करोड ८३ लाख शोधभर्ना लिन बाँकी छ । वैदेशिक ऋणतर्फ ६ अर्ब ६ करोड ५८ लाख (५२.८९ प्रतिशत) शोधभर्ना लिन बाँकी छ । वैदेशिक अनुदान/ऋण शोधभर्ना प्राप्तिको क्षमता वृद्धि गरी समयमा आयोजना सम्पन्न गर्न आवश्यक पहल हुन सकेको छैन ।

१३. **रकमान्तर** – विनियोजन ऐन, २०६८ को दफा ३ मा निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्ने र सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न सक्ने उल्लेख छ । विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० बमोजिम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि ऐन र नियमावलीअनुसार एक शीर्षकमा विनियोजित बजेट रकमान्तर स्वीकृतिबेगर अर्को शीर्षकमा खर्च गर्न नमिल्नेमा कतिपय कार्यालयहरुले रकमान्तर स्वीकृतबेगर खर्च गर्ने गरेको छ ।

१३.१ यो वर्ष ४०८ उपशीर्षकबाट रु ५१ अर्ब १४ करोड ६ लाख घटाई ५७५ उपशीर्षकमा सोही रकम बढाई औसतमा कुल व्यय अनुमानको १३.२९ प्रतिशत थपघट गरेको छ । रकमान्तरबाट थपघट गरेको मध्ये ३४ निकाय/मन्त्रालयको लागि पूँजीगत खर्चमा रु १ खर्ब ६९ अर्ब ४ करोड २५ लाख विनियोजन भएकोमा रु.१८ अर्ब ६९ करोड ९३ लाख (११.०६ प्रतिशत) रकमान्तर गरी थप गरेको देखिएको छ ।

१३.२ अर्थ मन्त्रालयले ३०५ चालुतर्फ २६ शीर्षकमा विनियोजन भएको रु.५ अर्ब ४४ करोड ८८ लाखमध्ये रु.१ अर्ब ३७ करोड ८६ लाख (२५.३० प्रतिशत) विनियोजन ऐनले तोकेको सीमा नाघी रकमान्तर गरेको छ ।

१३.३ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार चालू खर्चतर्फ ३९ निकायमा रु २ खर्ब १५ अर्ब ८५ करोड ७५ लाख विनियोजन भएकोमा रकमान्तरबाट रु ३२ अर्ब ४४ करोड १२ लाख (०.०१ देखि ९०४ प्रतिशतसम्म) थप भएको छ । पूँजीगत खर्चतर्फ ३४ निकायमा रु ६६ अर्ब ४४ करोड ४० लाख विनियोजन भएकोमा रकमान्तरबाट रु १८ अर्ब ६९ करोड ९३ लाख (०.०२ देखि ६१०० प्रतिशतसम्म) थप भएको छ ।

१४. **प्राविधिक तथा अन्य सहायता** – अर्थमन्त्रीले आय–व्ययको बजेट वक्तव्यसाथ व्यवस्थापिका–संसदमा पेश गरेको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरण (व्यय अनुमानको तालिकामा नपरेको) मा विभिन्न मन्त्रालय,निकायले निम्नानुसार प्राविधिक तथा अन्य सहायता प्राप्त गर्ने उल्लेख छ ।

(रु. लाखमा)

क्र.सं.	सहायता शीर्षक	प्राप्त हुने रकम	प्रतिशत
१	सल्लाहकार सेवा	१,८०,५१	२.९०
२	मालसामान	१,२२,९९	१.९८
३	तालिम तथा गोष्ठी	३६,६०	०.५९
४	अन्य (नखुलेको)	५८,७६,८०	९४.५३
	जम्मा	**६२,१६,९०**	**१००**

प्राविधिक सहायता तथा अन्य सहायतासम्बन्धी विवरण अनुसूची ११ मा उल्लेख छ ।

उपर्युक्तानुसार २५ निकाय/मन्त्रालयअन्तर्गत २२९ कार्यक्रमका लागि रु ६२ अर्ब १६ करोड ९० लाख प्राविधिक सहायता प्राप्त हुने अनुमान रहेकोमा रु.५८ अर्ब ७६ करोड ८० लाख (९४.५३ प्रतिशत) को खर्च हुने क्षेत्र खुलेका छैन । सोमध्ये रु.३८ अर्ब ९१ करोड २७ लाख सहायता प्राप्त गर्ने निकाय खुलेको छैन । मन्त्रालय/निकायबाट प्राविधिक सहायताको आर्थिक विवरण एवं स्रेस्ता पेश नभएकोले प्राप्त रकमको लेखापरीक्षण नभई उपयोग सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । प्राविधिक सहायतासम्बन्धी विवरण संसदमा पेश हुने गरे तापनि आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४(२) अनुसार केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सरकारको समग्र आय–व्ययको चित्रण हुन सकेको छैन ।

१५. **अन्य सहायता –** आर्थिक कार्यविधि ऐन, २०५५को दफा १० उपदफा (४) मा बजेटमा समावेश नभएका जुनसुकै प्रकारका सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने व्यवस्था छ । व्यय अनुमान र प्राविधिक सहायता तथा अन्य सहायताको विवरणमा परेको बाहेक पनि २ मन्त्रालयसँग सम्बन्धित ९ कार्यक्रममा अन्य सहायता प्राप्त गरेको देखिएको छ । ती कार्यक्रममा रु.११ करोड ६२ लाख प्राप्त भई लेखापरीक्षण सम्पन्न भए तापनि सो रकम नेपाल सरकारको केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको देखिएन ।

१६. **ऋण दायित्व** – गतवर्षसम्म रु.४ खर्ब ४३ अर्ब ६२ करोड ९९ लाख आन्तरिक र वैदेशिक ऋण दायित्व रहेकोमा यो वर्षको अन्त्यसम्म वैदेशिक ऋणतर्फ रु.३ खर्ब ९ अर्ब २८ करोड ७१ लाख र आन्तरिक ऋणतर्फ रु.२ खर्ब १३ अर्ब ९२ करोड ६ लाखसमेत रु.५ खर्ब २३ अर्ब २० करोड ७७ लाख ऋण दायित्व बाँकी रहेको छ । सो आधारमा प्रतिव्यक्ति ऋण दायित्व रु.१९ हजार ७४८ देखिन्छ ।

१७. **आषाढ महिनाको खर्च** – अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारीको बुँदा २(ग) को प्रकरण ४ मा वैशाखदेखि आषाढसम्म वार्षिक विनियोजनको ४० प्रतिशत र आषाढ महिनामा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्था छ । २२ मन्त्रालयअन्तर्गतका कार्यालयले कुल पूँजीगत खर्च रु.४३ अर्ब ५९ करोड ९ लाख गरेकोमा आषाढ महिनामा रु.१५ अर्ब १४ करोड ८९ लाख (३४.७५ प्रतिशत) खर्च गरेका छन् । अर्थ मन्त्रालयले आर्थिक वर्षको अन्त्यमा ठूलो रकम थप निकासा दिने, पेश्की दिने, फ्रिज नहुने खातामा ट्रान्सफर गर्ने एवं धरौटी खातामा राख्ने प्रवृत्ति यथावत् छ । यस्तो प्रबृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

१८. **स्थानीय निकाय अनुदान –** नेपाल सरकारद्वारा स्थानीय निकायलाई विगत ३ वर्षमा उपलब्ध अनुदान रकम निम्नानुसार रहेको छ:

(रु. लाखमा)

विवरण	२०६६।६७	२०६७।६८	२०६८।६९	वृद्धि प्रतिशत
जिल्ला विकास समिति –७५	२,३६,१६	२,४२,९२	३,३१,५९	३६.५०
नगरपालिका –५८	२९,४५	६९,५२,	१,२६,१७	८१.४९
गाउँ विकास समिति – ३,९१५	९,९४,४४	७,७५,०४	८,४०,२७	८.४२
जम्मा	**१२,६०,०६**	**१०,८७,४८**	१२,९८,०३	१९.३६

उल्लिखित अनुदानको अतिरिक्त निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट रु.५७ करोड ७१ लाख तथा स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट रु.१ अर्ब ७१ करोड ३४ लाख थपसमेत कुल रु.१५ अर्ब २७ करोड ८ लाख अनुदान गएको देखिन्छ । स्थानीय निकायलाई उपलब्ध गराएको अनुदानमध्ये नगरपालिका र गाउँ विकास समितिलाई उपलब्ध गराएको अनुदान यस कार्यालयबाट लेखापरीक्षण भएको छैन ।

१९. **आन्तरिक नियन्त्रण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ ले सबै सरकारी कार्यालयहरुले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, दक्ष र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी उक्त नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरिसक्नुपर्ने व्यवस्था छ । अधिकांश निकायहरुले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली तयार गरेका छैनन् । यस सम्बन्धमा विगत प्रतिवेदनमा समेत औल्याइएकामा सुधार भएको छैन ।

२०. **लिलाम बिक्री –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० बमोजिम जिन्सी मालसामानको निरीक्षण गर्नुपर्ने र निरीक्षण गर्दा लिलाम बिक्री गर्नुपर्ने मालसामान ६ महिनाभित्र लिलाम गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष १५ मन्त्रालयअन्तर्गत रहेका १ हजार ४३७ सवारीसाधनहरु लिलामयोग्य अवस्थामा रहेको भएपनि लिलाम बिक्रीको कारबाही हुनसकेको देखिएन । सवारीसाधनको अवस्था बिग्रन गई सरकारलाई प्राप्त हुनुपर्ने राजस्व रकममा समेत कमी आउने अवस्था रहेको छ ।

२१. **आन्तरिक लेखापरीक्षण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले सरकारी कार्यालयको सबै प्रकारको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ५६ कोष तथा लेखा नियन्त्रक कार्यालयको अध्ययनबाट आन्तरिक लेखापरीक्षणको लागि जनशक्ति पर्याप्त रहेको र लेखापरीक्षणको लागि आवश्यक सूचनामा बिनारोकतोक पहुँच रहेको अवस्था देखियो । तर लेखापरीक्षणमा संलग्न जनशक्तिलाई तालिमको अवसर नभएको, जिल्लास्थित सबै निकायको लेखापरीक्षण फाइल खडा गरी व्यवस्थित रुपमा नराखेको, लेखापरीक्षण निकायको इकाइगत लेखापरीक्षण योजना तयारी र सोअनुसारको कार्यविधि अवलम्बन गरी लेखापरीक्षण सम्पादन गरेको देखिएन । आन्तरिक लेखापरीक्षण निर्देशिका, २०६८ जारी भए तापनि पालना नगरिएको, सम्पादित लेखापरीक्षणको सुपरिवेक्षण हुने नगरेको र चौमासिक रुपमा लेखापरीक्षण सम्पन्न नगरेको स्थिति छ । प्राय: जसो कार्यालयको आन्तरिक लेखापरीक्षणबाट बेरुजू नऔल्याइने तर अन्तिम लेखापरीक्षणबाट बेरुजू देखिने गरेको छ । फलस्वरुप सरकारको आन्तरिक लेखापरीक्षण गुणस्तरीय एवं भरपर्दो देखिदैन ।

कतिपय स्वायत्त संस्थाले आन्तरिक लेखापरीक्षणको लागि विशेषज्ञ सेवा लिने गरेकोमा यस्तो सेवा वर्ष व्यतीत भएपछि मात्र लिने गरेकोले आन्तरिक नियन्त्रणको उद्देश्यअनुसार कार्य हुन सकेको छैन । जिल्ला विकास समिति र त्रिभुवन विश्वविद्यालयमा आफ्नै आन्तरिक लेखापरीक्षण शाखा भए तापनि आन्तरिक लेखापरीक्षण हुन नसकेको र भएकोमा पनि ढिला हुने गरेको छ ।

२२. **ठेक्का व्यवस्थापन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(९) मा निर्धारित समयभित्र कार्यसम्पन्न गर्न लागत अनुमान तयार गर्ने र ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था छ । तर ११ मन्त्रालयअन्तर्गतका निकायले रु.३८ अर्ब ३१ करोड ८७ लाखको ४ हजार ४५७ ठेक्का बन्दोबस्त गरेकोमध्ये रु.२५ अर्ब १७ करोड ८६ लाखको ३ हजार ३०८ ठेक्कापट्टा दोस्रो र

तेस्रो चौमासिकमा बन्दोबस्त गरेको पाइयो । तेस्रो चौमासिकमा गरिएको ठेक्का बन्दोबस्तमध्ये रु.१३ अर्ब ४१ करोड ३७ लाखको ६१५ ठेक्का आषाढ महिनामा भएको छ ।

२३. **समय वृद्धि** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ अनुसार काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा अधिकार प्राप्त अधिकारीले बढाउने व्यवस्था छ । सार्वजनिक निकायबाट बन्दोवस्त गरिएका ठेक्काहरु समयमा सम्पन्न नभई म्याद थप गर्ने गरेको लेखापरीक्षणको क्रममा देखियो । १० निकायअन्तर्गत १ हजार ७४८ ठेक्कामध्ये १ हजार ५१८ (८७ प्रतिशत) मा म्याद थप भएकोमा ५७२ ठेक्कामा सुरु अवधिको ५० प्रतिशतसम्म, ५८१ ठेक्कामा सुरु अवधिको ५१ देखि १०० प्रतिशतसम्म र ३६५ ठेककामा सुरु अवधिको शतप्रतिशतभन्दा बढी म्याद थप भएको पाइयो । यसबाट ठेक्का व्यवस्थापनमा कमजोरी देखिएकोले व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्न आवश्यक छ ।

२४. **खरिद प्रतिस्पर्धा –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(ङ) मा सोही ऐनको दफा २६(६) बमोजिम आपासमा मिलेमतो गरी दाखिला भएको बोलपत्रउपर कारबाही नहुने र कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १० मन्त्रालयअन्तर्गत ४९८ योजनाका लागि ५ हजार ९८८ बोलपत्र फाराम बिक्री भएकोमा २ हजार ४३० दाखिला भएको बीच तुलना गर्दा औसत ४०.५८ प्रतिशत बोलपत्र दाखिला भएको र लागत अनुमानको तुलनामा औसत ६.३६ प्रतिशत घटीमा ठेक्का बन्दोबस्त भएको देखिन्छ । बोलपत्र बिक्रीको तुलनामा दाखिला न्यून हुनु र लागत अनुमानको हाराहारीमा ठेक्का स्वीकृत हुनुले प्रतिस्पर्धाको स्थिति कमजोर देखिएको छ ।

यसैगरी विद्युतीय माध्यमबाट ६ मन्त्रालयअन्तर्गत २१० आयोजनाको ठेक्का बन्दोबस्त गर्दा रु.१४ अर्ब ९३ करोड लागत अनुमान रहेकोमा रु.१० अर्ब १४ करोडमा ठेक्का बन्दोबस्त भई प्रतिस्पर्धाको कारणले लागत अनुमानको तुलनामा ३२.०८ प्रतिशत घटीमा ठेक्का बन्दोबस्त भएको पाइयो । यसबाट नेपाल सरकारले विद्युतीय माध्यमबाट ठेक्का व्यवस्थापन गर्न गराउन प्राथमिकता दिनुपर्ने देखिएको छ ।

२५. **कन्टिन्जेन्सी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज (स्टाफ खर्च) २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्चको लागि लागत अनुमानमा समावेश गर्न सकिने र प्रत्येक निर्माण कार्यको कन्टिन्जेन्सी खर्चको वर्क चार्ज र अन्य खर्चको छुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था गरेको छ । तर संघीय मामिला तथा स्थानीय विकास, सिंचाइ र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका १३ कार्यालयले तोकिएको सीमा नघाई रु.१ करोड ५६ लाख ४४ हजार खर्च गरेको पाइयो ।

२६. **उपभोक्ता समिति** – सार्वजनिक खरिद नियमावली, २०६४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नियमको उपर्युक्त व्यवस्थाविपरीत यो वर्ष भौतिक योजना, निर्माण तथा यातायात मन्त्रालयअन्तर्गतको ३ कार्यालयबाट ७२ उपभोक्ता समितिमार्फत काम गराई रु.१२ करोड १४ लाख १९ हजार, सिंचाइ मन्त्रालयअन्तर्गत ५२ कार्यालयले ९०२ उपभोक्ता समितिमार्फत कार्य गराइ रु.७३ करोड ५५ लाख ७३ हजार भुक्तानी गरेका छन् । उपभोक्ता समिति मार्फत गराएको काममा बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातबेगर रनिङ बिल का आधारमा भुक्तानी दिएको सम्बन्धमा सुधार हुनुपर्ने सुझाव दिइँदै आए तापनि सुधार हुन सकेको छैन ।

२७. **टुक्रा लागत अनुमान** – सार्वजनिक खरिद ऐन,२०६३ले प्रतिस्पर्धाको माध्यमबाट कम लागतमा गुणस्तरीय सार्वजनिक निर्माण कार्य गर्ने गराउने व्यवस्था गरेको छ । ऐनको व्यवस्थाविपरीत ८ मन्त्रालयअन्तर्गत निर्माण संरचनाालगायत मालसामान खरिद कार्य गराउँदा २४७ टुक्रा लागत अनुमान तयार गरी रु.४६ करोड ५७ लाखको कार्य गराएको पाइयो । प्रतिस्पर्धाबेगर खरिद गर्ने कार्यउपर नियन्त्रण गर्नुपर्दछ ।

२८. **राजस्व** – मुलुकको आर्थिक विकासको लागि राजस्व सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालनमा अभिवृद्धि गर्न र करप्रणालीलाई स्वाचालित रुपमा कार्यान्वयनमा उतार्न आयकर ऐन, २०५८र मूल्य अभिवृद्धि कर ऐन, २०५२ परिपालना नभएका सम्बन्धमा केही उदाहरण देहायअनुसार छन्:

२८.१ आन्तरिक राजस्व विभागअन्तर्गतका आन्तरिक राजस्व कार्यालयबाट आर्थिक वर्षभित्र तोकिएका करदाताको कर परीक्षण नहुने, पूर्ण कर परीक्षण कम संख्यामा हुने, कर परीक्षण छनौटका आधार स्पष्ट नहुने जस्ता कारणबाट कर परीक्षणमा सुधार भएको पाइएन । करदाताको पूर्ण कर परीक्षण यथासमयमा हुन नसकी ४ वर्षको सीमान्त अवधिमा मात्र हुँदा लेखापरीक्षणका व्यहोरा कार्यान्वयन गर्न नसक्ने स्थिति उत्पन्न भई कर लेखापरीक्षणको दायरा सीमित हुने समस्या यथावत् छ ।

२८.२ आयकर ऐनको दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएका व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले जोखिमको आधारमा केही करदाताको आय विवरणको कर परीक्षण गर्नसक्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागअन्तर्गत यो वर्ष गतवर्षको जिम्मेवारी सरेका र यो वर्ष करपरीक्षणका लागि छनौट भएका समेत ११ हजार ३३४ आय विवरणको कर परीक्षण गर्नुपर्नेमा २ हजार ९४२ करदाताको (२५.९६ प्रतिशत) आय विवरणको मात्र कर परीक्षण गरेको पाइयो ।

आन्तरिक राजस्व कार्यालयहरुबाट यो वर्ष २ हजार ९४२ करदाताको कर परीक्षण हुदा रु.८ अर्ब ६८ करोड २१ लाख थप राजस्व असुल हुनेगरी कर निर्धारण भएको छ । यसबाट कर राजस्व तर्फ चुहावटको जोखिम अत्यधिक देखिएकोले कर परीक्षणका निमित्त फाइल छनौट तथा कर परीक्षणको दायरामा विस्तार गर्नु जरुरी देखिन्छ ।

२८.३ यो वर्ष मूल्य अभिवृद्धि करबापत तीन भन्सार कार्यालयहरुबाट रु.३३ अर्ब ९३ करोड १७ लाख असुल भएको मध्ये मूल्य अभिवृद्धि कर फिर्तामा रु.५ अर्ब १६ करोड ४४ लाख खर्च गरी रु.२८ अर्ब ८३ करोड ५३ लाख सञ्चितकोष दाखिला गरेको छ । राजस्वको रुपमा भन्सारबिन्दुमा सङ्कलित मूल्य अभिवृद्धि कर रकम राजस्व दाखिला नगरी खर्च लेख्ने गरेको छ । यसरी लेखिएको खर्च वजेटमा समावेश नभएकोले उक्त रकम सरकारी आय–व्ययमा समेत नदेखिने भएकोले नेपालको अन्तरिम संविधान,२०६३ को धारा ९० र ९१ को प्रतिकूल देखिएको छ ।

२९. **अग्रिम कर** – आयकर ऐन,२०५८ को दफा ८७, ८८ र ८९ अनुसार करयोग्य रकम भुक्तानी गर्दा भुक्तानी गर्दाकै अवस्थामा अग्रिम कर कट्टा गरी भुक्तानी गर्नेपर्नेमा ३३ निकाय, मन्त्रालयअन्तर्गतका ८९५ कार्यालयले रु.१० करोड ५० लाख अग्रिम कर कट्टा नगरी रकम भुक्तानी गरेका छन् । यसैगरी संगठित संस्था, समिति र अन्य संस्था १५५ ले रु.१ करोड ३५ लाख कट्टा नगरेको समेत रु.११ करोड ८५ लाख छुट कर रकम ब्याजसहित असुल हुनुपर्दछ । यससम्बन्धी विवरण अनुसूची १२ मा छ ।

३०. **आयोजना हिसाब** – नेपाल सरकार र दातृ राष्ट्र/निकायबीच भएको सम्झौताअनुसार आयोजना हिसाबको लेखापरीक्षण गरी रायसहितको दिनुपर्ने व्यवस्था छ । यो वर्ष ४१ आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ । आयोजना हिसाब सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको मध्ये विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्थातर्फ १९, एसियाली विकास बैङ्कतर्फको १८ र अन्य दातृराष्ट्र/निकायतर्फ ४ रहेको छ । ७३ आयोजनाको लेखापरीक्षण राय उपलब्ध गराउनुपर्नेमा आयोजनाहरुले समयमा हिसाब पेश नगरेका कारण ३२ आयोजनाको प्रतिवेदन उपलब्ध गराउन सकिएको छैन ।

संगठित संस्था, समिति तथा अन्य संस्था

३१. **सञ्चालन नतिजा** – लेखापरीक्षण सम्पन्न गरिएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये व्यावसायिक लेखा राखी वासलात तयार गर्ने ९६ संस्था, समिति र अन्य संस्थाको हिसाब यस प्रतिवेदनमा समावेश गरेकोमा ६५ संस्था, समिति र अन्य संस्थाको कुल सञ्चालन बचत रु.५० अर्ब ७५ करोड ७८ लाख र ३२

संस्थाको कुल सञ्चालन नोक्सानी रु.११ अर्ब ५५ करोड ८४ लाख रहेको छ । यससम्बन्धी विवरण अनुसूची ६ मा उल्लेख छ ।

यस्तै व्यावसायिक लेखा नराखी आय–व्यय हिसाब मात्रै तयार गर्ने १०३ संगठित संस्था, समिति र अन्य संस्थाको हिसाब यस प्रतिवेदनमा समावेश गरेकोमा ७० संस्था, समिति र अन्य संस्थाको सञ्चालन बचत रु.१ अर्ब १८ करोड ८७ लाख र ३३ संस्थाको सञ्चालन नोक्सानी रु.४४ करोड ११ लाख रहेको छ । यससम्बन्धी विवरण अनुसूची ७ मा उल्लेख छ ।

३२. **रायसहितको प्रतिवेदन –** राय उपलब्ध गराउने गरेका ४६ संगठित संस्थाको ५९ आर्थिक वर्षको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्रेषित भइसकेको अवस्थामा सम्बन्धित संस्थाको सञ्चालक समितिबाट लेखापरीक्षण प्रतिवेदनउपर कारबाही गरी जवाफ र प्रमाणित विवरण उपलब्ध गराउनुपर्नेमा २८ आर्थिक वर्षको मात्र जवाफ तथा वित्तीय विवरण प्रमाणित गरी उपलब्ध गराएको छ । बाँकी वर्षको सम्बन्धमा जवाफ तथा प्रमाणित वित्तीय विवरण पेश नभएकोले अन्तिम प्रतिवेदन जारी गर्न सकिएको छैन । नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाहरुमध्ये व्यावसायिक लेखा तयार गर्ने ४४ संगठित संस्थाको र आय–व्यय तयार गर्ने २ संगठित संस्थाको सम्बन्धमा विगत र यो वर्षको गरी २८ आर्थिक वर्षको रायसहितको लेखापरीक्षण प्रतिवेदन दिइएको छ । लेखापरीक्षण रायसम्बन्धी विवरण निम्नानुसार छन्:

क्र.सं.	लेखापरीक्षण राय	संगठित संस्थाको संख्या	आर्थिक वर्ष संख्या	सम्बन्धित मन्त्रालय
१	कैफियतबेगरको राय	३	४	अर्थ र ऊर्जा मन्त्रालय
२	कैफियतसहितको राय	१४	१८	अर्थ, उद्योग, ऊर्जा, कृषि विकास, पर्यटन, वन तथा भू–संरक्षण, वाणिज्य तथा आपूर्ति, र सूचना तथा सञ्चार
३	लेखापरीक्षण राय नदिएको	१	१	भौतिक पूर्वाधार तथा यातायात
४	विपरीत राय दिइएको	१	५	भौतिक पूर्वाधार तथा यातायात

संविधानसभा व्यवस्थापिका–संसद सचिवालय

व्यवस्थापिका–संसद सचिवालयको यो वर्ष विनियोजनतर्फ रु.७७ करोड ७८ लाख ५५ हजार, राजस्वतर्फ रु. ६ लाख ३४ हजार, धरौटीतर्फ रु.२७ लाख ५९ हजार र अन्य कारोबारतर्फ रु.१८ करोड ४६ लाख ४९ हजारसमेत रु.९६ करोड ५८ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कर्मचारी खर्च** – संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०५२ को दफा १४(१) अनुसार विभिन्न पदाधिकारी र सदस्यहरुले स्वकीय सचिवको सुविधा पाउने उल्लेख छ । स्वकीय सचिव सुविधाबापत यो वर्ष रु.११ करोड १ लाख ८७ हजार व्यवस्थापिका–संसदका सदस्यहरुलाई भुक्तानी खर्च लेखेको मध्ये रु.८ करोड ३५ लाख ५ हजार सम्बन्धित स्वकीय सचिवले बुझिलिएको भरपाई पेश भए तापनि रु.२ करोड ६६ लाख ८२ हजारको भरपाई पेश भएन ।

२. **सुविधा खर्च –** संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएको सुविधाको अलावा विभिन्न संसदीयदलका नेता, प्रमुख सचेतक, सचेतकलगायतका पदाधिकारीलाई मन्त्रिपरिषद्को विभिन्न मितिको निर्णयअनुसार इन्धन, स्वकीय सचिवालयका कर्मचारीको खर्च, घर भाडा र मर्मत सम्भारसमेत गर्ने गरी गाडी सुविधा उपलब्ध गराउने गरेको छ । सर्वोच्च अदालतको २०६८।८।२२ को फैसलामा त्यस प्रकारको सुविधा ऐन, कानूनमा समावेश गरी उपलब्ध गराउनु पर्ने उल्लेख छ । उक्त फैसलापछि १९ पदाधिकारीलाई २०६८ पौषसम्ममा रु.९ लाख ३५ हजार उपलब्ध गराएको देखियो ।

३. **स्रोतमा कर कट्टी –** व्यवस्थापिका–संसद सचिवालयमा कार्यरत कर्मचारी, काजमा आएका कर्मचारी, सुरक्षा निकायका कर्मचारी, मर्यादापालक र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रका कर्मचारी समेतलाई अतिरिक्त समय काम गरेबापत रु.२ करोड ६६ लाख ९ हजार नगदै भुक्तानी दिएको छ । आयकर ऐन, २०५८ को दफा ८ बमोजिम उक्त रकम सम्बन्धित कर्मचारीको पारिश्रमिक आयमा समावेश गरी दफा ८७ बमोजिम स्रोतमा कर कट्टी गर्नुपर्नेमा सो बमोजिम गरेको पाइएन ।

४. **खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले सार्वजनिक निकायले खरिद कार्य गर्दा मालसामान, निर्माण कार्य र सेवाको विवरण, लागत अनुमान एवं वार्षिक खरिद योजना तयार गर्नुपर्ने र रु.१० लाखभन्दा बढीको मालसामान बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

४.१ कार्यालयसम्बन्धी खर्चको लागि रु.२ करोड ५० लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ८२ लाख ६६ हजार खर्च भएको देखिन्छ । मसलन्द तथा कार्यालय सामान आपूर्तिको लागि रु. १ करोड ५५ लाख १८ हजारको लागत अनुमान स्वीकृति गरी बोलपत्र माग भए अनुसार घटी कबोल गर्ने एक आपूर्तकसँग २०६८।८।२६ मा मूल्य अभिवृद्धि करसमेत रु.४१ लाख ९४ हजारमा ११६ आइटम सामान खरिद गर्न सम्झौता गरेको छ । सो सम्झौताअन्तर्गत रु.३२ लाख ७७ हजार र गत वर्षको आपूर्तकसँग ३ महिनाको अवधि थप गरी रु.३१ लाख ८० हजारको सामान खरिद गरेको समेत बोलपत्रको माध्यमबाट जम्मा रु.६४ लाख ५७ हजारको सामान खरिद गरेको छ । बाँकी रु. १ करोड १८ लाख ९ हजारको खरिद कार्य सोझै गरेको देखिएको छ ।

४.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) को उपदफा (३) मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यससम्बन्धी स्पेसिफिकेशन, योजना, नक्सा डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्दा मालसामान निर्माण कार्य वा सेवाको विशेषताहरु स्पष्ट रुपमा बुझिने गरी उल्लेख

गर्न, अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेन्ट, डिजाइन प्रकार उत्पति वा उत्पादकको नाम उल्लेख गर्न नमिल्ने व्यवस्था छ । मसलन्द तथा कार्यालय सामान आपूर्तिको लागि माग गरिएको वोलपत्र कागजातमा बोलपत्र माग भएका ११६ आइटममध्ये ३२ आइटमको लागि ब्राण्ड ट्रेडमार्क उल्लेख गरेको कारण प्रतिस्पर्धामा सीमितता देखियो ।

४.३ बोलपत्रमा समावेश भएका मध्ये कतिपय आइटमको मूल्य बोलपत्रदाताले अत्यन्त न्यून अङ्कित गरेको पाइयो । न्यून मूल्य अङ्कितमध्ये केही सामान खरिद नगरेको र केही न्यून संख्यामा खरिद गरेको देखिएको छ । बोलपत्रदाताले केही सामानको मूल्य अत्यन्त न्यून राखेबाट सोही बोलपत्र स्वीकृत हुने र न्यून मूल्य अङ्कित सामान खरिद नगर्ने वा न्यून संख्यामा खरिद गर्ने गरेबाट बोलपत्र प्रक्रियामा स्वस्थ प्रतिस्पर्धा भएको मान्न सकिएन । सचिवालयले अस्वभाविक रुपमा न्यून मूल्य अङ्कित बोलपत्र प्राप्त हुन आएकोमा सो मूल्यमा सामान आपूर्ति हुन सक्ने नसक्ने सम्बन्धमा बोलपत्रदातासँग सोधपुछ गरेको पाइएन । सचिवालयले खरिद गर्नुपर्ने सामानको आवश्यकता निर्धारण गरेको पनि उपयुक्त देखिएन । त्यस्तो सामानका केही उदाहरण निम्न छन्:

सामानको नाम	बोलपत्रमा माग परिमाण	बोलपत्रमा पेश गरेको दर	खरिद परिमाण
कम्प्युटर सिडी (आर)	५०० थान	/०१	१२ थान
कोरा कपडा ३६"	७०० मिटर	/०५	१०० मिटर
पाइलटपेन	५०० थान	/०२	१२ थान
फोटोकपी A4 साइज	५००० रिम	१/-	-
नेपाली खाम फाइल साइज	५००० थान	/८०	-

सामान खरिद गर्दा ऐनमा व्यवस्था भए अनुसार आवश्यकताको पहिचान गर्ने, स्पेशिफिकेशन स्वीकृत गर्ने र प्रतिस्पर्धा हुने गरी खरिद कारबाही गर्न ध्यान दिनुपर्दछ ।

५. **थप व्ययभार** – यो वर्ष संसद सचिवालय परिसरमा सञ्चालित चमेनागृहलाई खाजा/खानाबापत रु.२ करोड ५४ लाख ९८ हजार भुक्तानी भएको छ । चमेनागृह सञ्चालनको लागि २०६८।३।२५ मा बोलपत्र माग गर्दा ५५ आइटम आपूर्ति गर्न ४ बोलपत्र दर्ता भएको देखिन्छ । बोलपत्रमा उल्लिखित शर्तअनुसार सबै शर्त पूरा गर्ने एकमात्र बोलपत्र प्रभावग्राही भएको र अन्य बोलपत्र अयोग्य घोषणा गरेको छ । अयोग्य घोषणा गरेका मध्ये साविकमा चमेनागृह सञ्चालन गरी रहेको फर्मसमेत रहेको छ । प्रभावग्राही बोलपत्रदातालाई सम्झौताको लागि आह्वान गर्दा बोलपत्रदाताका प्रबन्धक निर्देशकले २०६८।५।२२ मा स्वास्थ्यको कारण चमेनागृह सञ्चालन गर्न नसक्ने जानकारी गराएकोले सचिवालयले २०६८।५।२९ मा सो बोलपत्रसमेत रद्द गरेको छ । सबै बोलपत्र रद्द गरेपछि सचिवालयले पुन: बोलपत्र गर्नुपर्नेमा पुन: बोलपत्र गर्दा सक्षम, भरपर्दो बोलपत्रदाता आउन नसक्ने, बोलपत्र प्रक्रियामा जाँदा लामो समय लाग्ने, बोलपत्रबाट काम गर्ने समय छोटो हुने र पुरानो सञ्चालकको म्याद पनि समाप्त हुन लागेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा नियमावली, २०६४ को नियम १४५ बमोजिम विशेष परिस्थिति परेको उल्लेख गरी साविक सञ्चालकसँग वार्ता गरी ५५ आइटमको लागि रु.२ हजार ७०१।६० मा सम्झौता गरेको देखिन्छ ।

विशेष परिस्थिति भन्नाले सुख्खा, अनावृष्टि अतिवृष्टि, भूकम्प वा अप्रत्यासित विशेष कारणबाट सिर्जित परिस्थितिलाई जनाउनेमा उपर्युक्त अवस्थालाई विशेष परिस्थिति उल्लेख गरी निजले बोलपत्रमा उल्लेख गरेको दर रु.२ हजार २६८।– भन्दा रु.४३३।६० (१९.१८ प्रतिशत) बढी दरमा सम्झौता गरेको उपयुक्त मान्न सकिएन । वदर गरेको बोलपत्रमा कबुल गरेको दरभन्दा वार्ताबाट तय गरेको दरमा भुक्तानी दिँदा २०६८ आश्विनदेखि २०६९ आषाढसम्म रु.४३ लाख ७ हजार थप व्ययभार पर्न गएको छ ।

- **बेरुजू स्थिति** – सचिवालयको लेखापरीक्षणबाट यो वर्ष रु.३ करोड ९६ लाख ५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ७५ हजार फछ्यौंट गरेकोले रु.३ करोड ९४ लाख ३० हजार बाँकी रहेको छ । सोमध्ये रु.१७ लाख ३८ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

सर्वोच्च अदालत

सर्वोच्च अदालत र मातहतका समेत १०३ कार्यालयको विनियोजनतर्फ रु.१ अर्ब ८० करोड ६६ लाख ४० हजार, राजस्वतर्फ रु.४९ करोड ८९ लाख १७ हजार र धरौटीतर्फ रु.१ अर्ब ४६ करोड १५ लाख ८७ हजारसमेत रु.३ अर्ब ७६ करोड ७१ लाख ४४ हजारको उल्लेख्य लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **राजस्व लगत –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ बमोजिम प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र लगती राजस्वको रकम र असुल हुन बाँकी रकम तथा हसवली राजस्व समेतको कच्चावारीसमेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१.१ मकवानपुर, काभ्रेपलाञ्चोक र बारा जिल्ला अदालतले लेखापरीक्षणलाई पेश गरेको आर्थिक विवरणमा रु.७ करोड ९० लाख १५ हजार राजस्वको लगत बाँकी देखाएकोमा सोको लगत अभिलेख लेखापरीक्षणमा पेश भएन ।

१.२ सिन्धुपाल्चोक, पर्सा, रौतहट, चितवन, नुवाकोट, लमजुङ र कास्की जिल्ला अदालतले रु.२७ करोड ४० लाख ५९ हजार लगती राजस्व देखाएकोमा लगत किताबमा लगत कट्टा मिनाहा गरी बाँकी रहेको लगत अङ्क खुल्ने अभिलेख नराखेकोले लेखापरीक्षणमा पेश भएको आर्थिक विवरणसँग भिडान गर्न सकिएन ।

१.३ रुपन्देही जिल्ला अदालतको तहसिल शाखाको अभिलेखअनुसार राजस्वको लगत बाँकी रु.५ करोड ९० लाख ४२ हजार देखिएकोमा लेखापरीक्षणलाई पेश भएको राजस्वको आर्थिक विवरणमा लगत बाँकी देखाएको छैन । यस्तै कास्की जिल्ला अदालतको तहसिल शाखाको अभिलेखमा देखाएको भन्दा आर्थिक विवरणमा रु.२४ लाख २४ हजार घटी लगत देखाएको छ ।

२. **अधुरो निर्माण कार्य –** प्यूठान जिल्ला अदालत भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६५।२।२८ मा रु.१ करोड ७८ लाख १९ हजारको सम्झौता भएको देखिन्छ । खरिद सम्झौताको सुरु म्याद २०६६।८।२७ सम्म रहेकोमा पटक पटक गरी १९ महिना म्याद थप गरी २०६८।३।२७ कायम गरेको देखिन्छ । सो कार्यको लागि २०६७।६८ सम्म निर्माण व्यवसायीलाई छैठौँ बिलसम्मको रु.१ करोड १५ लाख भुक्तानी गरेको छ । निर्माण कार्य सम्पन्न नभएको अवस्थामा यो वर्ष भवन निर्माणको लागि बजेट व्यवस्था गरेको र खरिद सम्झौताको म्यादसमेत थप गरेको देखिएन ।

- **बेरुजू स्थिति –** अदालत र मातहतसमेतको लेखापरीक्षणबाट ६७ निकायमा यो वर्ष रु.१२ करोड ५ लाख १९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १४ निकायले रु.१ करोड ६६ लाख ४२ हजार फछ्यौंट गरेकोले रु.१० करोड ३८ लाख ७७ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड १० लाख ११ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

निर्वाचन आयोग

आयोग र मातहतसमेत ७६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३० करोड १२ लाख २६ हजार, राजस्वतर्फ रु.६४ लाख ५१ हजार, धरौटीतर्फ रु. ३१ लाख ३७ हजार र अन्य कारोबारतर्फ रु. ३० करोड ५२ लाख ३ हजारसमेत रु.६१ करोड ६० लाख १७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त रकममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको रु.३० करोड ५२ लाख ३ हजारसमेत समावेश छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **थप सुविधा** – निर्वाचन आयोग ऐन, २०६३ को दफा १३ मा निर्वाचनको काममा संलग्न पदाधिकारी वा कर्मचारीलाई बढी समय काममा लगाएको अवधिको खाजा/खाना खर्च, अतिरिक्त समय भत्ता, दैनिक भ्रमण भत्तामा थपसमेत आयोगले निर्धारण गरी दिनसक्ने व्यवस्था छ । ऐनको दफा २(घ) अनुसार निर्वाचन भन्नाले संविधानको धारा ६३ बमोजिम गठन हुने संविधान सभाको सदस्य वा प्रचलित कानूनबमोजिम आयोगले गराउनुपर्ने अन्य निर्वाचन र सो शब्दले उप निर्वाचन समेतलाई जनाउने व्यवस्था छ ।

ऐनको दफा १३ उल्लेख गरी आयोगको निर्णयअनुसार कर्मचारीलाई प्रोत्साहन भत्ता, खाजा/खाना खर्च र २०६८ मार्गमा हुने भनिएको निर्वाचन भत्तासमेत रु.१ करोड ३२ लाख २२ हजार भुक्तानी दिएको छ । कानुनी व्यवस्थाको उल्लेख नगरी आयोगका पदाधिकारी र कर्मचारीलाई मोबाइल खर्च, इन्टरनेट खर्च, थप इन्धन, पदाधिकारीहरु भ्रमणमा जाँदा बिल पेश गर्न नपर्ने गरी प्रतिभ्रमण रु.५ हजार विविध खर्च र प्रतिदिन रु.३ हजार होटलबास खर्च तथा बैठक भत्ता रु.१ हजारको दरले भुक्तानि दिने निर्णय गरी मोबाइल खर्च रु.१ लाख ५५ हजार र इन्धन खर्च रु.४ लाख ८५ हजार उपलब्ध गराएको छ । कानूनमा व्यवस्था नभएकोमा आयोगले निर्णय गरी थप सुविधा दिने मिल्ने आधार देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२. **बढी भुक्तानी** – फोटोसहितको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा संलग्न कर्मचारीहरुलाई आयोगको निर्णयानुसार अतिरिक्त समय काम गरेबापत खाजा, खाना खर्च दिने व्यवस्था गरेको छ । आयोगको निर्णयमा हाजिर भई काम गरेको दिनको खाजा/खाना खर्च दिने व्यवस्था भएकोमा गैरहाजिर रहेको, काजमा गएको, सार्वजनिक बिदाको दिनको समेत आयोग र मातहत १५ कार्यालयका कर्मचारीहरुलाई नपाउने अवधिको रु.६ लाख ६२ हजार खाना/खाजा खर्च भुक्तानी दिएको देखियो । उक्त रकम असुल हुनुपर्दछ ।

३. **पारिश्रमिक कर** – फोटोसहितको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रममा संलग्न कर्मचारीहरुलाई आयोगको निर्णयवाट प्रोत्साहन भत्ता तथा अतिरिक्त समय भत्ता दिने व्यवस्था रहेको छ । आयकर ऐन, २०५८ को दफा ८ बमोजिम उक्त भत्तासमेत सम्बन्धित कर्मचारीको पारिश्रमिकमा समावेश गरी दफा ८७ बमोजिम स्रोतमा कर कट्टि गर्नुपर्नेमा आयोग र मातहत २१ कार्यालयले सोअनुरुप नगरेवाट रु.९ लाख ९६ हजार कर छुट हुन गएको छ ।

४. **शान्ति कोषतर्फ** – फोटोसहितको निरन्तर मतदाता दर्ता कार्यक्रमको लागि निर्वाचन आयोग र शान्ति कोष सचिवालयबीच २०६८।३।२३ मा भएको सम्झौताअनुसार गत वर्ष रु.३९ करोड ७५ लाख प्राप्त भएकोमा खर्च नभई मौज्दात रहेको थियो । सोमध्ये यस वर्ष रु.३० करोड ७० लाख ६० हजार खर्च भई रु.९ करोड ४ लाख ४० हजार मौज्दात रहेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

४.१ आयोग र शान्तिकोषबीच भएको सम्झौताको दफा ८ अनुसार सम्झौताको अवधि २०६९ आषाढ मसान्तसम्म रहने उल्लेख छ । उक्त अवधि पश्चात् मौज्दात रहेको रकम शान्तिकोष सचिवालयमा फिर्ता पठाउनुपर्नेमा स्रेस्तामा भन्दा बैङ्कमा बढी देखिएको रु.४६ हजार, गतवर्षको खर्च यो वर्ष फिर्ता भएको रु.२ हजार र स्रेस्ताअनुसार बाँकी रु.९ करोड ४ लाख ४० हजारसमेत कुल रु.९ करोड ४ लाख ८८ हजार फिर्ता पठाएको देखिएन ।

४.२ शान्तिकोषसँग भएको सम्झौतामा ४८ कार्यक्रम सञ्चालन गर्ने गरी व्यवस्था भएकोमा ती कार्यक्रम सम्पन्न गर्न गर्नुपर्ने क्रियाकलाप, नर्म्स, निर्देशिका आदि तय गरेको पाइएन । सम्झौतामा जिल्लास्थित कार्यालय र आयोगबाट सम्पन्न गरिने कार्यक्रम र रकम उल्लेख छैन । प्रस्तुत कार्यक्रम र रकम बाँडफाँडमा ओभरहेड र कन्टिन्जेन्सिबापत ७ प्रतिशतले हुने रु.२ करोड ७८ लाख २५ हजार खर्च गर्न सकिने प्रावधान राखेको देखिन्छ । उक्त रकमबाट सञ्चालित कार्य र भएको खर्चको अभिलेख नराखेबाट स्थिति यकिन गर्न सकिएन । यस वर्ष तलब, बैठक भत्ता, मर्मत, सामान खरिद, पुस्तक छपाई, विद्युत महसुल र विद्युत ट्रान्सफर्मर जडान आदि कार्यमा कन्टिन्जेन्सीबाट रु.१ करोड ५४ लाख ६० हजार खर्च गरेको देखियो ।

४.३ उक्त सम्झौताको दफा १० मा नेपाल सरकारको प्रचलित स्रेस्ताप्रणालीबमोजिम स्रोतगत खर्चको लेखा राख्नुपर्ने व्यवस्था छ । खर्चको लागि गोश्वारा भौचर उठाउँदा नेपाल सरकारको प्रचलित बजेट रकम नम्बर उल्लेख गरे तापनि सोअनुरुप खर्चको फाँटवारी तयार गरेको छैन । कार्यक्रमगत खर्चको विवरण राख्ने गरे तापनि गोश्वारा भौचर स्वीकृत नगरी एक कार्यक्रममा भएको खर्च अन्य कार्यक्रममा समायोजन एवं हिसाब मिलान गर्ने गरेको देखियो । यसबाट आयोगले खर्च गरेको रु.४ करोड ७८ लाख २ हजार स्वीकृत कार्यक्रम बमोजिम भएको यकिन गर्ने आधार भएन ।

४.४ कुल खर्च रु.३० करोड ७० लाख ६० हजारमध्ये जिल्ला निर्वाचन कार्यालयहरुलाई गएको रु.२५ करोड ७२ लाख १२ हजार र कर्मचारीहरुलाई गएको रु.२० लाख ४७ हजारसमेत जम्मा रु.२५ करोड ९२ लाख ५९ हजार (खर्चको ८४.४३ प्रतिशत) पेश्की बाँकी रहेको र कार्यक्रमको समग्र प्रगति विवरणसमेत तयार नगरेकोले खर्च र उपलब्धि सम्बन्धमा विश्लेषण गर्न सकिएन ।

- **बेरुजू स्थिति –** आयोग र मातहतसमेतको लेखापरीक्षणबाट ६१ कार्यालयमा यो वर्ष रु.३९ करोड ६० लाख ८४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ७ निकायले रु.१ लाख ५२ हजार फछ्यौंट गरेकोले रु.३९ करोड ५९ लाख ३२ हजार बाँकी रहेको छ । सोमध्ये रु. २६ करोड ७९ लाख ९९ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मातहतसमेत १० कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३ अर्ब ९७ करोड ४४ लाख ७५ हजार, राजस्वतर्फ रु.१४ लाख ७ हजार, धरौटीतर्फ रु.२८ लाख ६७ हजारसमेत रु.३ अर्ब ९७ करोड ८७ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

कार्यालयमातहतका संगठित तथा अन्य संस्था ९ को रु.१५ करोड ३६ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

गरिबी निवारण कोष

समाजका गरीब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा गरिबी निवारणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गराउने र गरिबी निवारण कार्यमा संलग्न निकायहरुलाई अनुदान तथा आवश्यक सहयोग गरी मुलुकबाट गरिबी निवारण गर्ने उद्देश्यले गरिबी निवारण कोष अध्यादेश, २०६० अनुसार यस कोषको स्थापना भएको हो । हाल गरिबी निवारण कोष ऐन, २०६३ जारी भई सोहीअनुसार सञ्चालन हुँदै आएको छ ।

१. **कोष सञ्चालन –** कोषले नेपाल सरकारद्वारा २० वर्षको अवधि (वि.सं.२०७३।७४ सम्म) मा गरिबीको स्तरलाई १० प्रतिशतमा झार्ने तथा सहस्राब्दी विकास लक्ष्यअनुसार उक्त उद्देश्य प्राप्त गर्न गरीब, महिला, दलित र जनजातिलाई अधिकतम मात्रामा परिचालन गर्दै मागमा आधारित कार्यक्रममा प्रत्यक्ष लगानी गरी चार वर्षको कार्यक्रम अवधिमा ९० हजार घर परिवारसम्म पुग्ने उद्देश्य राखेको छ । कोषले २०६१।६२ मा ६ जिल्लाबाट सुरु गरेको कार्यक्रम हाल ४० जिल्लामा सञ्चालन भइरहेको छ । कार्यक्रम सञ्चालन गर्न कोषले यो वर्ष रु.२ अर्ब ९९ करोड ८७ लाखसमेत रु.१३ अर्ब ५६ करोड ६ लाख खर्च गरेको छ ।

२. **लेखा व्यवस्था** – गरिबी निवारण कोष नियमावली, २०६४ को नियम ३५ मा कोषको लेखा नगदमा आधारित दोहोरो स्रेस्ता प्रणाली एवं नेपाल लेखामान स्तरअनुरुप राख्नुपर्ने र वार्षिक कारोबारको आय विवरण र वासलात तयार गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । कोषले लेखा निर्देशिका, २०६६ स्वीकृत गर्दा वासलात तथा आय–व्यय विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको देखिएन । निर्देशिकामा लेखा ढाँचा तोके तापनि ती ढाँचाहरु प्रयोगमा नल्याई स्वीकृति नलिएको छुट्टै लेखा ढाँचा प्रयोग गरेको छ ।

कोषले कम्प्युटर सफ्टवेयरमा राखेको वासालत तथा आय–व्यय विवरण आधिकारीक व्यक्तिबाट प्रमाणित गरी लेखापरीक्षणको लागि पेश नगरेको, खाता बन्दी गर्ने अवधि नतोकी सधैंभरि समायोजन भौचर स्वीकृत गर्ने गरेको, लेखा प्रणाली नगद, प्रोद्भावी वा मिश्रित नखुलाएको अवस्था छ ।

३. **जिन्सी लेखा** – कोषको लेखा निर्देशिका, २०६६ को प्रथम खण्डको उपखण्ड ५ मा जिन्सी लेखा सम्बन्धमा व्यवस्था छ । खर्च भएर जाने सामानको लागि खर्च भएर जाने जिन्सी खाता र खर्च भएर नजाने मालसामानको जिन्सी खाता कम्तीमा १० वर्षको लागि एउटै राख्नुपर्ने व्यवस्था छ । कोषले जिन्सी खाता नराखेको र म.ले.प फारामहरु पनि प्रयोगमा ल्याएको छैन । कोषले फर्निचर, सवारीसाधन, उपकरणहरु समेत यो वर्षसम्म रु.३ करोड ७० लाख ४० हजार र कार्यालय सामानमा रु.१ करोड ८ लाख ४८ हजार खर्च गरेको छ । जिन्सीसम्बन्धी अभिलेख कम्प्युटर सफ्टवेयरमा राखे तापनि प्रतिवेदन प्रिन्ट गरी प्रमाणित गर्ने नगरेको, उक्त सफ्टवेयर प्रयोग सम्बन्धमा स्वीकृति नलिएको र यो वर्ष जिन्सी निरीक्षणसमेत नगराएकोले जिन्सी सम्बन्धमा यकिन हुन सकिएन ।

४. **पारिश्रमिक तथा अन्य सुविधा** – गरिबी निवारण कोष ऐन, २०६३ को दफा १९(४) र २१(३) मा कोषका कार्यकारी निर्देशक र कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिएबमोजिम हुने व्यवस्था रहेको छ । उक्त व्यवस्थाबमोजिम कोषको नियमावलीमा पारिश्रमिक तथा सुविधाहरु तोकिनुपर्नेमा गरिबी निवारण कोष नियमावली, २०६४ को नियम २४ मा कोषका कार्यकारी निर्देशक र अन्य कर्मचारीहरुको पारिश्रमिक समितिले निर्धारण गरेबमोजिम हुने व्यवस्था गरेको देखिन्छ । नेपाल सरकारबाट २०६७।२।३ मा संशोधित नियमावलीको नियम २४ अनुसार कोषको कार्यकारी निर्देशक र अन्य कर्मचारीहरुको मासिक तलब निर्धारण गर्नु अघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था गरेको छ । कार्यकारी निर्देशक र अन्य कर्मचारीलाई न्यूनतम मासिक रु.३५ हजारदेखि अधिकतम रु.१ लाख ६२ हजारसम्म तलब वृद्धि गरी ७५ कर्मचारीलाई वार्षिक रु.५ करोड ६० लाख ९१ हजार तलब भुक्तानी दिएकोमा उपर्युक्तबमोजिम स्वीकृति लिएको देखिएन ।

गरिबी निवारण कोष ऐन, २०६३ तथा नियमावली २०६४ मा उपाध्यक्षको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गरेको छैन । कोषमा यो वर्ष कार्यरत उपाध्यक्षलाई सञ्चालक समितिको निर्णय अनुसार मासिक रु १ लाख ६२ हजार पारिश्रमिक र अन्य सुविधा उपलब्ध गराएको छ । उपाध्यक्षसमेतको पारिश्रमिक सम्बन्धमा कानूनमा व्यवस्था गर्नुपर्दछ ।

५. **सञ्चालन खर्च** – गरिबी निवारण कोष ऐन, २०६३ को दफा २२(३) मा आयोजना तथा कार्यक्रमको लागि छुट्याएको रकम रु.१ अर्बभन्दा माथि जतिसुकै भएपनि पाँच करोड वा चार प्रतिशतले जुन बढी हुन आउँछ सो रकमभन्दा बढी हुने गरी सञ्चालन खर्च नहुने व्यवस्था छ । यो वर्ष कार्यक्रमतर्फ रु.३ अर्ब २३ करोड ४१ लाख बजेट छुट्याइएको र सोको ४ प्रतिशतले हुने रु.१२ करोड ९६ लाख ६४ हजारसम्म सञ्चालन खर्च लेखाङ्कन गर्न मिल्नेमा रु.१६ करोड ३७ लाख ७५ हजार खर्च लेखेकोले ऐनले तोकेकोभन्दा रु.३ करोड ४४ लाख ११ हजार बढी खर्च लेखेको देखिएको छ । ऐनले निर्दिष्ट गरेको सीमा नाघी खर्च लेख्न नमिल्ने हुँदा तोकिएको सीमाभित्र रही खर्च गर्नुपर्दछ ।

६. **सामुदायिक संस्थाको खर्च** – यस वर्ष कोषले आयमूलक कार्यक्रमका लागि रु.१ अर्ब ४४ करोड ५५ लाख, पूर्वाधार निर्माणका लागि रु.९१ करोड ४४ लाख ८५ हजार र नविनतम सोचमा आधारित कार्यक्रमको लागि रु.२ करोड ४१ लाख ३६ हजारसमेत ४ हजार ३९६ सामुदायिक संस्थालाई रु.२ अर्ब ३८ करोड ४१ लाख भुक्तानी दिएको छ । उक्त खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

कोषको आर्थिक व्यवस्थापन, लेखा निर्देशिका, २०६६ को खण्ड ३(१७) अनुसार सामुदायिक संस्थाबाट सञ्चालित कार्यक्रमहरुको हिसाब किताबको लेखापरीक्षण गराई एक प्रति प्रतिवेदन कोषलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । उपर्युक्त ४ हजार ३९६ सामुदायिक संस्थामध्ये लेखापरीक्षण गराउने तथा नगराउने संस्थाको अभिलेख राखेको देखिएन । प्राप्त भएका लेखापरीक्षण प्रतिवेदनबाट देखिएका कैफियतउपर र लेखापरीक्षण नगराउने संस्थालाई कारबाही गरेको छैन । सामुदायिक संस्थाको खर्चको यथार्थता मूल्याङ्कन गर्न प्रतिवेदनलाई आधार बनाएको छैन । लेखापरीक्षणसम्बन्धी स्पष्ट कार्यविधि, मापदण्ड, निर्देशिका तयार नगरेबाट प्राप्त केही लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा अपूर्ण रहने गरेको देखिएको छ । आर्थिक विवरणमा संस्थाको आधिकारिक व्यक्ति अध्यक्ष, सचिव, कोषाध्यक्षले प्रमाणित नगरेको, ब्याज हिसाब नदेखाएको, बैङ्क मौज्दात नदेखाएको, ऋणको विस्तृत विवरण नदिएको जस्ता कमजोरी देखिएका छन् । त्यस्तो आर्थिक विवरणले संस्थाको आर्थिक कारोबारको यथार्थ चित्रण हुने देखिँदैन र लेखापरीक्षण प्रतिवेदनले समेत सोउपर स्पष्ट खुलासा गरेको छैन ।

सामुदायिक संस्थालाई भुक्तानी दिएको रकममध्ये खर्च तथा मौज्दातको अवस्था, घुम्ती कोष परिचालनमा खर्च भएको रकम र मौज्दात रहेको बैङ्क खाताको विवरण, घुम्ती कोष परिचालनबाट सङ्कलन भएको ब्याज, उठ्न बाँकी ऋण रकम सम्बन्धमा कोषले विवरण तयार गरेको छैन ।

पूर्वाधार निर्माणको लागि सामुदायिक संस्थालाई उपलब्ध गराइएको रकमको परियोजनागत भौतिक तथा वित्तीय प्रगति तयार गर्ने गरेको देखिएन । कोषले सबै पूर्वाधार आयोजनाको भौतिक अवस्था देखिने गरी एकीकृत

अभिलेख तयार गरेको छैन । प्रत्येक सामुदायिक संस्थाको उपपरियोजना सम्पन्न प्रतिवेदन कोषले सङ्कलन गर्ने गरे तापनि व्यवस्थित गरी नराखेबाट काम सुरु नगरेका, निर्माण अधुरो रहेका र कार्य सम्पन्न भएका परियोजना र ती परियोजनामा भएको खर्च यकिन गरिनुपर्दछ ।

कोषको नियम, विनियम तथा लेखा निर्देशिकामा पूर्वाधार निर्माणको लागी सामुदायिक संस्थासँग सम्झौता हुनासाथ उपलब्ध गराउने रकमको सीमा निर्धारण गरेको छैन । सामुदायिक संस्थासँग भएको सम्झौतामा समेत भुक्तानीका आधारहरु स्पष्ट खुलाएको देखिँदैन । कोषले कतिपय आयोजनाको लागि सम्झौता हुनासाथ सम्झौता रकमको ८० प्रतिसतसम्म भुक्तानी दिएको देखिएको छ । अग्रिम रुपमा रकम उपलब्ध गराउँदा पेश्की नजनाई सोझै खर्चमा लेखाङ्कन गर्ने गरेको छ । पूर्वाधार निर्माणसम्बन्धी आयोजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, एजविल्ट ड्रइङ्ग, खर्चको विवरणबेगर खर्च लेखाङ्कन गर्नु नियमसम्मत देखिएन ।

नवीन सोचमा आधारित सिर्जनशील कार्यक्रमको लागि यस वर्ष ६७ सामुदायिक संस्थालाई रकम उपलब्ध गराउन रु.५ करोड ९० लाख ८६ हजार बजेट विनियोजन भएकोमा ६७ सामुदायिक संस्थालाई रु.२ करोड ४१ लाख ३२ हजार भुक्तानी दिएको छ । कार्यक्रमको ४०.८४ प्रतिशतमात्र वित्तीय प्रगति देखिएको छ । उक्त कार्यक्रम अन्तरगत भएको खर्चको विवरण, सम्पन्न, अधुरो र काम नै सुरु नभएका योजनाहरुको विवरण अद्यावधिक गर्नुपर्दछ ।

७. **जिल्लागत खर्च** – गरिवि निवारण कोष ऐन, २०६३ को दफा ७(ख) मा सञ्चालक समितिले कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने व्यवस्था छ । सोही ऐन को दफा २०(१)(ग) मा कोषका कार्यकारी निर्देशकले समितिबाट स्वीकृत योजना र कार्यक्रम कार्यान्यन गर्ने व्यवस्था छ । यस वर्ष कोषले ४० जिल्लामा आयआर्जनतर्फ ३ हजार ३८३, साना पूर्वाधारतर्फ ९४६ र सिर्जनशील कार्यक्रमतर्फ ६७ गरी कुल ३ हजार ७१५ परियोजना कार्यान्वयन गरेको देखिन्छ । सञ्चालक समितिले जिल्लागत रुपमा परियोजना संख्या र रकम स्वीकृत गरेकोमा समितिको पूर्व स्वीकृतिवेगर सो सीमा नघाई व्यवस्थापनबाट निर्णय गरी आयआर्जनतर्फ ३५१ र पूर्वाधार निर्माणतर्फ ७९ गरी स्वीकृत नभएका ४३० परियोजनाको लागि रु.२६ करोड ८६ लाख ४० हजार खर्च गरेको देखिएको छ । उक्त खर्चको जिल्लागत विवरण निम्नानुसार रहेको छः

क्र.सं.	जिल्ला	स्वीकृत परियोजना र रकम			खर्च गरेको परियोजना र रकम			स्वीकृतिबेगरको खर्च		
		आय आर्जन (संख्या)	पूर्वाधार निर्माण (संख्या)	रकम (रु. हजारमा)	आय आर्जन (संख्या)	पूर्वाधार निर्माण (संख्या)	रकम (रु. हजारमा)	आय आर्जन (संख्या)	पूर्वाधार निर्माण (संख्या)	रकम (रु. हजारमा)
१.	रौतहट	७५	२३	६,२१,९४	१९८	३६	१९,७७,१९	१२३	१३	१३,५५,२५
२.	कालीकोट	८०	२७	७,१६,९८	११७	४३	१०,५७,०९	३७	१६	३,४०,११
३.	रामेछाप	१५	२३	३,३०,८९	३८	४०	५,२५,७४	२३	१७	१,९४,८५
४.	कपिलवस्तु	८०	२३	६,४७,४७	९१	३०	८,५४,४१	८९	७	२,०६,९४
५.	बर्दिया	७५	२७	५,५५,७२	१८८	३८	६,४३,८९	११३	११	८८,१७
६.	धनुषा	१५५	३४	९,४५,४१	१६५	०	१०,७७,९२	१०	०	१,३२,५१
७.	पर्सा	४३	२७	५,१५,२८	६८	२७	५,९४,४९	२५	०	७९,२१
८.	सिन्धुपाल्चोक	१३१	१५	५,९९,२५	१४०	३०	८,८८,६१	९	१५	२,८९,३६
	जम्मा	**६५४**	**१९९**	**४९,३२,९४**	**१,००५**	**२४४**	**७६,१९,३४**	**३५१**	**७९**	**२६,८६,४०**

कोष ऐन तथा नियमावलीमा सञ्चालक समितिले स्वीकृत नगरेको परियोजनामा खर्च गर्न मिल्ने व्यवस्था गरेको देखिदैन । यसरी सञ्चालक समितिबाट प्राप्त अख्तियारी नाघी खर्च गरेको सम्बन्धमा आवश्यक कारवाही हुनुपर्दछ ।

८. **स्थानीय निकायसँग समन्वय** – गरिबी निवारण कोष ऐन, २०६३ को दफा २९ मा गरिबी निवारण कार्यक्रम सञ्चालन गर्दा, गराउँदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठन भएका स्थानीय निकायहरुसँग समन्वय राखी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । दफा २९(२) मा गरिबी निवारण कार्यक्रमको अनुगमन कोष आफैले र सम्बन्धित स्थानीय निकायले गर्न गराउन सक्ने व्यवस्था छ । ऐनको उक्त व्यवस्थाअनुसार स्थानीय

निकायहरु (जि.वि.स., गा.वि.स., नगरपालिका) सँग समन्वय गर्ने बाध्यकारी अवस्था देखिन्छ । तर गरिबी निवारण कोष नियमावली, २०६४ को नियम १० मा योजना तथा कार्यक्रम छनौट गर्दा, सहयोगी संस्था छनौट गर्दा र योजना तथा कार्यक्रमको अनुगमन सुपरिवेक्षण वा निरीक्षण गर्दा यथासम्भव स्थानीय निकायसँग निकटतम समन्वय कायम राख्नुपर्नेछ भन्ने उल्लेख छ । यसरी ऐनमा रहेको बाध्यात्मक व्यवस्थालाई नियमावली तयार गर्दा यथासम्भव गरिने भनी उल्लेख गरेको देखियो । योजना तथा कार्यक्रम छनौट गर्दा, कार्यक्रम सञ्चालन गर्दा स्थानीय निकायसँग समन्वय नहुँदा कतिपय योजना तथा कार्यक्रमहरु दोहोरो पर्न जाने सम्भावनासमेत देखिन्छ । यसरी ऐनमा भएको व्यवस्थाप्रतिकूल हुने गरी नियमावली स्वीकृत गरेको देखिएको छ ।

९. **बैङ्क ब्याज** – गरिबी निवारण कोष ऐन, २०६३ को दफा ८(२) मा नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम तथा विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिबाट प्राप्त हुने सहयोग वा अनुदानको रकम नेपाल सरकारको बजेटमा समावेश गरी कोषलाई अनुदानको रुपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सञ्चालक समितिको २०६७।४।१४ को निर्णयबाट नेपाल सरकारबाट निकासा भएको रकम राष्ट्रिय वाणिज्य बैङ्कमा वार्षिक ५.५ प्रतिशत ब्याज प्राप्त गर्ने गरी जम्मा गरेकामा यस वर्षसम्म रु.४ करोड १८ लाख ६१ हजार ब्याज प्राप्त गरेको देखिन्छ । उपर्युक्त व्यवस्थाअनुसार प्राप्त ब्याज नेपाल सरकारकै आम्दानी हुने देखिएकोले सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

१०. **बैङ्क हिसाब मिलान** – कोषको लेखा निर्देशिकाअनुसार प्रत्येक महिना सम्बन्धित बैङ्कबाट विवरण लिई हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त विवरणअनुसार कोषको नाममा विभिन्न बैङ्कमा ९ खाता रहेको देखिन्छ । बैङ्क हिसाब मिलान नगरेबाट बैङ्क मौज्दात ऋणात्मक देखिएको, स्रेस्ता र बैङ्क खाता अनुसारको मौज्दात फरक परेको आदि निम्न उल्लेख्य व्यहोरा देखिन आएका छन्:

राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको एक खातामा रु.३ लाख ४८ हजार ऋणात्मक मौज्दात देखाएको छ ।

कोषले राष्ट्रिय वाणिज्य बैङ्कको कार्यक्रम खाताबाट रसुवाको एक सामुदायिक संस्थालाई २०६५।७।२९ मा चेक बाट रु.२ लाख ५२ हजार भुक्तानी गरेकोमा सोही रकम अर्को चेकबाट भुक्तानी गरी दोहोरो खर्च लेखेकोमा हालसम्म फिर्ता प्राप्त गरी हिसाब मिलान गरेको छैन । उक्त रकम असुल गर्नुपर्दछ ।

बैङ्कले विभिन्न मितिमा चार्ज गरेको बैङ्क कमिशन र बैङ्क चार्ज रु.९ लाख २७ हजार खर्चमा लेखाङ्कन गरेको देखिएन ।

राष्ट्रिय वाणिज्य बैङ्क थापाथलीस्थित २ खातामा क्रमशः रु.९१ लाख ३० हजार र रु.४ करोड १८ लाख ६१ हजार मौज्दात रहेकोमा स्रेस्तामा रु.९३ लाख १० हजार र रु.४५ लाख ४१ हजार देखिएको छ ।

विभिन्न ५ बैङ्क खाताको २०६९ आषाढ महिनाको बैङ्क हिसाब परीक्षण गर्दा २०६४।३।३ देखि २०६८।१२।२१ सम्मका चेकहरु साट्न बाँकी रहेको देखिन्छ । म्याद समाप्त भइसकेको चेकको रकम रु.४७ लाख ५१ हजार मध्ये लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.२५ लाख ४९ हजार सञ्चितकोष दाखिला भएको छ । बाँकी रु.२२ लाख २ हजारसमेत सञ्चितकोष दाखिला हुनुपर्ने देखिएको छ ।

११. **परामर्श सेवा खरिद** – कोषले यस वर्ष परामर्श सेवामा रु.२ करोड ७८ लाख ७० हजार खर्च गरेको छ । उक्त खर्च सम्बन्धमा निम्न व्यहोरा देखिएका छन्:

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार वार्षिक रु.१ लाखभन्दा बढीको परामर्श सेवा मूल्य अभिवृद्धि कर दर्ता भएको फर्म, व्यक्तिसँगबाट मात्र लिनुपर्ने व्यवस्था छ । आयमूलक र पूर्वाधारजन्य आयोजनासम्बन्धी कार्य गर्न मूल्य अभिवृद्धि करमा दर्ता नभएका ५४ परामर्शदाता नियुक्त गरी रु.७८ लाख ७१ हजार खर्च लेखेको देखियो ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बीजक दिनुपर्ने व्यवस्था छ । आर्थिक विकास तथा अनुसन्धान केन्द्रसँग १० जिल्लामा वेसलाइन

सर्भे गर्न कोषले मूल्य अभिवृद्धि करसमेत रु.५० लाख ६२ हजारमा सम्झौता गरेको देखियो । यस वर्ष उक्त संस्थालाई मूल्य अभिवृद्धि कर बीजकबेगर नै करसमेत रु.४५ लाख ५६ हजार भुक्तानी दिएको छ ।

१२. **सञ्चित बिदा खर्च** – गरिबी निवारण कोष नियमवाली, २०६४ को नियम २८ मा कार्यकारी निर्देशक लगायत अन्य कर्मचारीले वर्षमा ६ दिन बिरामी बिदा तथा वर्षको १५ दिन घर बिदा पाउने र बिरामी बिदा जति पनि र घर विदा १८० दिनसम्म सञ्चित हुने र सेवा अवधिको अन्तमा निजले खाईपाई आएको तलब बराबरको रकम पाउने व्यवस्था छ । प्रत्येक वर्षको अन्तमा सम्पूर्ण कर्मचारीको सञ्चित बिदाको रकम खर्च देखाई छुट्टै बैङ्कमा जम्मा गर्ने गरेको छ । त्यस्तो रकम यो वर्षसम्म रु.९३ लाख १० हजार रहेको देखिन्छ । कोषका कर्मचारीको लागि अवकास योगदानबापत छुट्टै निकासा प्राप्त गरी कोष खडा गर्नुपर्नेमा सञ्चालन अनुदानको रकमबाटै खर्च लेखेकोले एउटा प्रयोजनको लागि निकासा भएको रकम अन्य प्रयोजनमा खर्च लेखेको देखियो । उक्त रकमको आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराएको छैन ।

१३. **पारिश्रमिक कर** – आयकर ऐन, २०५८ को दफा ८ अनुसार प्राकृतिक व्यक्तिलाई दिएको सुविधाबापतको भुक्तानी रकम गणना गर्दा पारिश्रमिक आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । कोषले यस वर्ष सञ्चित बिदाको पारिश्रमिकबापत ४६ कर्मचारीको नाममा रु.१७ लाख १४ हजार खर्च लेखेको देखियो । कोषले अवकाश कोष सञ्चालन गर्न आन्तरिक राजस्व विभागबाट स्वीकृत लिएको देखिएन । उक्त रकम सम्बन्धित कर्मचारीको रोजगारी आयमा समावेश गरी दफा ८७ बमोजिम स्रोतमा कर कट्टी गर्नुपर्नेमा गरेको छैन ।

१४. **सवारीसाधन भाडा** – गरिबी निवारण कोष नियमावली, २०६४ अनुसार र सञ्चालक समितिको २०६६।५।१५ को निर्णयले कोषको कामको सिलसिलामा भ्रमणमा जाँदा हवाइजहाज चल्ने ठाउँमा हवाइ भाडा, सार्वजनिक यातायात वा बस चल्ने ठाउँमा प्रथम श्रेणीको बस भाडा, ट्याक्सी खर्च र अन्य यातायातको वास्तविक खर्च पाउने व्यवस्था गरेको छ । सार्वजनिक यातायात उपलब्ध हुने स्थानमा समेत सवारीसाधन भाडामा लिन सकिने गरी कोषले निर्देशिका स्वीकृत गरेको पाइयो । उक्त निर्देशिका नियमावली तथा सञ्चालक समितिको निर्णयविपरीत रहेको पाइयो । जिल्ला भ्रमण गर्दा कर्मचारीहरुले सार्वजनिक यातायत चल्ने लामो दूरीमा समेत जीप भाडामा लिने गरेको देखियो । लेखापरीक्षणको क्रममा २१ भ्रमण बिल परीक्षण गर्दा प्रतिभ्रमण न्यूनतम रु.१८ हजार देखि अधिकतम रु.१ लाख १४ हजार सम्म गरी रु.११ लाख ५० हजार सवारीसाधन भाडा खर्च लेखेको देखियो । ताप्लेजुङ्ग जिल्लामा कार्यरत कार्यप्रवन्धकले वितामोड– ताप्लेजुङ्ग–वितामोड २ पटक भ्रमण गर्दा रु.२ लाख १६ हजार सवारीसाधन भाडा भुक्तानी लिएको देखियो ।

कार्यमूलक लेखापरीक्षणतर्फ

गरिबी निवारण कोष (२०६७६८)

गरिबी न्यूनीकरण रणनीति, समावेशी विकास र लक्षित कार्यक्रमका माध्यमबाट गरिबी निवारण गर्ने उद्देश्यअनुरुप निरपेक्ष गरिबीको रेखामुनी रहेका वर्गको आर्थिक, सामाजिक उत्थानका लागि यस कोषबाट सञ्चालित कार्यक्रमको दक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । उक्त उद्देश्य प्राप्तिका लागि सिन्धुली, सिरहा, रौतहट, प्यूठान र डडेल्धुरा जिल्लाका ५० सामुदायिक संस्थाका ३०० लाभग्राहीसँग अन्तर्वार्ता, ७५ सामुदायिक संस्थाका सरोकारवालाहरुसँग छलफल, प्रश्नावलीका माध्यमबाट सूचना, जानकारी र विवरण सङ्कलन गरी विश्लेषण गर्दा देखिएका व्यहोरा देहायबमोजिम प्रस्तुत गरिएको छः

१५. **बजेट खर्च** – स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही खर्च गर्नुपर्दछ । कोषले २०६८ आषाढ मसान्तसम्म रु.१० अर्ब ५६ करोड १९ लाख खर्च गरेको छ । कुल खर्चमध्ये सामुदायिक संस्थालाई अनुदान ७७.९८ प्रतिशत, सहयोगी संस्थालाई अनुदान १६.१४ प्रतिशत, परामर्श, अनुगमन, तालिम तथा कार्यशालामा २.०५ प्रतिशत र सञ्चालनमा ३.८३ प्रतिशत खर्च गरेको छ ।

यस वर्ष कोषले रु.२ अर्ब ६० करोड १३ लाख (बजेटको ८५.५९ प्रतिशत) खर्च गरेको छ । स्वीकृत बजेटभन्दा ८ जिल्लालाई २४.२९ प्रतिशत बढी अनुदान दिएको छ । कार्यमूलक लेखापरीक्षणको

लागि छनौटमा परेको ५ जिल्लामा रु.४६ करोड ८६ लाख ७३ हजार बजेट स्वीकृत भएकोमा रु.५१ करोड १८ लाख ९ हजार खर्च भएको छ । स्वीकृत बजेटमध्ये प्यूठानमा ४३ प्रतिशत र रौतहटमा २६ प्रतिशत बढी खर्च गरेको छ । सिरहामा ३४ प्रतिशत, डडेल्धुरामा १७ प्रतिशत र सिन्धुलीमा ४ प्रतिशत घटी खर्च गरेको छ ।

कोषले स्वीकृत कार्यक्रम थपघट गरी बजेटभन्दा घटी/बढी अनुदान दिंदा कार्यान्वयनमा समस्या पर्ने र अपेक्षित लक्ष्य हासिल गर्न सकिने अवस्था हुँदैन । कार्यक्रम र बजेट स्वीकृत गर्दा यथार्थपरक र सञ्चालन गर्न सकिने कार्यक्रमहरु समावेश गर्नुपर्ने र स्वीकृत बजेटको परिधिभित्र रही खर्च गरिनुपर्दछ ।

१६. **कार्यक्रम सञ्चालन** – कोषले स्वीकृत बजेट तथा बार्षिक कार्यक्रमको परिधिभित्र रही लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कोषबाट नियमित रुपमा कार्यक्रम सञ्चालन गरिएका ४० जिल्ला र नविनतम सोचका आधारमा सञ्चालन गरिएका १५ जिल्लाको १ हजार ५४४ गाउँ विकास समिति/नगरपालिकामा ३७० सहयोगी संस्थामार्फत आय आर्जनका १६ हजार ५७६ र पूर्वाधार विकासका ३ हजार ३९ गरी १९ हजार ६१५ परियोजना सञ्चालनमा रहेका छन् । कोषले २०६७६८ मा आय आर्जन र पुर्वाधार विकास समेत २ हजार १९३ परियोजना सञ्चालन गर्ने लक्ष्य लिएकोमा ३ हजार १४८ सम्पन्न गरेको छ ।

कार्यमूलक लेखापरीक्षणमको लागि छनौटमा परेका सिरहा, सिन्धुली, रौतहट, प्यूठान र डडेल्धुरा जिल्लाका कुल गाउँ विकास समिति/नगरपालिकामध्ये ८१.१५ प्रतिशतमा आयआर्जन र पूर्वाधारसहित ५ हजार ९९४ परियोजना सञ्चालन गरेको छ । उक्त संख्या कुल परियोजना संख्यामध्ये २९.३२ प्रतिशत रहेको छ । कोषको प्रगति बिवरणअनुसार ती जिल्लामा विगत ३ वर्षको कार्यक्रम कार्यान्वयन स्थिति अध्ययन गर्दा सामुदायिक संस्थाको गठन र आय आर्जन तथा पूर्वाधार निर्माण परियोजनाहरुको कार्यान्वयन संख्या घट्दै गएको देखिन्छ । यो वर्ष ती जिल्लाहरुमा आय आर्जन र पूर्वाधार विकास कार्यक्रम गरी १२० परियोजना स्वीकृत भएकोमा ६४३ परियोजनाको सम्झौता गरेको छ । छनौटमा परेका जिल्लाका १२५ सामुदायिक संस्थाहरुले ११८ आय आर्जन र १९ पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरेका छन् । स्वीकृत भइसकेका कार्यक्रमहरु माग र पहुँचको आधारमा संशोधन गर्दा अन्य जिल्लाको लक्षित कार्यक्रमहरु सम्पन्न गर्न नसकिने अवस्था रहन्छ । समुदायबाट माग सङ्कलन गरी यथार्थपरक हुने गरी कार्यक्रम स्वीकृत हुनुपर्ने र स्वीकृत कार्यक्रमअनुसार कार्यान्वयन गरिनुपर्दछ ।

१७. **सहयोगी संस्थाको छनौट** – सार्वजनिक खरिद नियमावली, २०६४ मा गैरसरकारी संस्थाबाट काम गराउन त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्यसञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार गर्नुपर्ने र मौजुदा सूचीमा रहेका संस्थासंग प्रस्ताव माग गरी न्यूनतम रकमको प्रस्ताव उपयुक्त देखिएमा स्वीकृत गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ ।

कोषले शुरुमा नियमको प्रक्रिया पुऱ्याई सहयोगी संस्थाको छनौट गरेको भएपनि त्यसपछि हरेक वर्ष नयाँ काम थप गरी साबिककै सहयोगी संस्थाहरुसँग पटक पटक नयाँ सम्झौता गरेको छ । यस्तो सम्झौता शुरुको ६ जिल्लामा एउटै संस्थासंग बढीमा ११ पटकसम्म, दोस्रो थप १९ जिल्लामा ९ पटकसम्म, तेस्रो चरणको १५ जिल्लामा बढीमा ५ पटकसम्म सम्झौता भएको देखिन्छ । यो वर्ष ३५५ सहयोगी संस्थासँग १ हजार ५९५ गाउँ विकास समिति/नगरपालिकामा कार्यक्रम सञ्चालन गर्ने गरी रु.४४ करोड ९३ लाख ९९ हजारमा सम्झौता गरेको र गत वर्षको बाँकी समेत रु.४५ करोड ७० लाख २० हजार भुक्तानी गरेको छ । यस वर्ष सहयोगी संस्थालाई भुक्तानी गरेको रकम सामुदायिक संस्थालाई अनुदान दिएको कुल रकमको २२.७५ प्रतिशत रहेको छ । कोषले गतवर्षदेखि कार्यरत सहयोगी संस्थाको कार्यसम्पादन मूल्याङ्कन गरी योग्य सहयोगी संस्थासँग सम्झौता गर्ने गरेको जानकारी दिएको छ ।

कोषले हरेक वर्ष नयाँ काम थप गरी प्रतिस्पर्धाबेगर पुरानै सहयोगी संस्थासँग नयाँ सम्झौता गर्दा नयां संस्थाहरु अवसरबाट वञ्चित हुने र लागत प्रतिस्पर्धात्मक नहुने भएकोले प्रत्यक्ष रुपमा गरिबी निवारण कार्यक्रममा लगानी गर्नुपर्ने रकम सहजकर्ता वा सहयोगी भूमिका निर्वाह गर्नको लागि खर्च गर्नुपर्ने अवस्था

रहेको छ । अत: सामुदायिक संस्थाको क्षमता वृद्धि गरी सहयोगी संस्थाको संख्या घटाउनुपर्ने र हरेक वर्ष खरिद सम्बन्धी प्रक्रिया अवलमबन गरी प्रतिस्पर्धाबाट छनौट गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१८. **सहयोगी संस्थाको लागत** – कामको प्रकृतिअनुसार प्रतिइकाई लाग्ने लागत अनुमान तयार गरी न्यूनतम प्रस्ताव गर्ने प्रस्तावदातासँग सम्झौता गर्नुपर्दछ । कोषले सहयोगी संस्थालाई सामाजिक परिचालन, क्षमता विकास, अनुगमन, ओभरहेडलगायतका खर्च व्यहोर्ने गरी सम्झौता गर्ने गरेको छ ।

यो वर्ष कोषले सहयागी संस्थाहरुलाई २ देखि बढीमा १४ गाउँ विकास समितिमा कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता गरेको देखिन्छ । सम्झौता रकमको बिश्लेषण गर्दा एउटै जिल्लामा पनि कम गाउँ विकास समितिमा कार्यक्रम सञ्चालन गर्न सम्झौता भएका सहयोगी संस्थाको प्रति गाउँ विकास समिति लागत बढी र बढी गाउँ विकास समितिमा कार्यक्रम सञ्चालन गर्न सम्झौता भएका सहयोगी संस्थाको प्रति गाउँ विकास समिति लागत कम रहेको देखिन्छ । नमूना छनौट गरी परीक्षण गरिएका जिल्लामध्ये ९ जिल्लामा सहयोगी संस्थासँग सम्झौता गर्दा प्रति गाउँ विकास समिति लागत न्यूनतम र अधिकतम रहेको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

समानस्तरको जिल्लाहरुमा सहयोगी संस्थासंग सेवा लिंदा कर्मचारीको पारिश्रमिक, यातायात खर्च, कार्यालय सञ्चालन खर्च आदि लागतमा धेरै अन्तर हुनु नपर्ने हो । तर त्यस्ता जिल्लाहरुमा समेत सहयोगी संस्थाहरुको लागतमा निकै फरक रहेको छ । तराइको ८ जिल्लामध्ये सबैभन्दा कम रौतहटमा प्रति गाउँ विकास समिति औसत लागत रु.१ लाख ९३ हजारको तुलनामा सर्लाहीमा प्रति गाउँ विकास समिति औसत लागत करिब ७४ प्रतिशत बढी रु.३ लाख ३५ हजार रहेको छ । सुदुर पश्चिमको पहाडी ७ जिल्लामध्ये बैतडीको रु.२ लाख ७५ हजारको तुलनामा डडेल्धुरामा प्रति गाउँ विकास समिति औसत लागत करिब ४१ प्रतिशत बढी रु.३ लाख ८९ हजार रहेको छ ।

भौगोलिक अवस्था, सामाजिक तथा आर्थिक रुपले समान रहेका जिल्लाहरुमा आय आर्जन र सामुदायिक पूर्वाधार विकास कार्यक्रमको लागि सहजीकरण गर्ने सहयोगी संस्था छनौट गर्दा त्यस्तो संस्थालाई भुक्तानी गर्ने लागतमा धेरै अन्तर हुनु हुदैन । सहयोगी संस्थाहरुसंग सम्झौता गर्दा कुनै संस्थालाई कम र कुनैलाई बढी भुक्तानी गर्ने गरी सम्झौता गरेको हुंदा सहयोगी संस्थाको लागत बढेको देखिन्छ । कोषले इकाईगत लागत अनुमान स्वीकृत गरी बढी व्ययभार नपर्ने गरी सम्झौता गरिनुपर्दछ ।

१९. **लक्षित समुदाय** – कार्यक्रम सञ्चालन निर्देशिकाअनुसार लक्षित वस्ती, समुदायका घरधुरी शतप्रतिशत सामुदायिक संस्थामा समावेश गरिनुपर्दछ । छनौटमा परेका ५ जिल्लाको १२५ सामुदायिक संस्थाको अध्ययन गर्दा सामाजिक फाराम भरी यकिन गरिएका कुल ८ हजार २१६ लक्षित समुदायमध्ये ५ हजार ४३ (६१. ३८ प्रतिशत) मात्र सामुदायिक संस्थामा समावेश गरेको देखिन्छ । लक्षित घरधुरी समावेशको जिल्लागत स्थिति चार्टमा देखाइएको छ ।



सिन्धुली जिल्लाको छनौटमा परेका सामुदायिक संस्थामध्ये ४ सामुदायिक संस्थामा २९९ लक्षित घरधुरी रहेकोमा १५४ मात्र संस्थामा आबद्ध छन् । सिरहा जिल्लाको छनौटमा परेका ५ संस्थामा ७१ परिवार आबद्ध हुन सकेका छैनन् । रौतहटमा २ हजार ४२४ मध्ये ७८० लाई मात्र समेटेको छ । डडेल्धुरामा पहिचान गरिएका १ हजार २०० घरधुरीमध्ये ८६ प्रतिशत मात्र संस्थामा आबद्ध भएका छन् ।

सामुदायिक संस्थामा आवद्धता हुन नसक्नुमा ऋण बढ्ने आशंका, आय–आर्जनका लागि १० प्रतिशत जम्मा गर्न पैसा नभएको र ठूलो समूह आवद्ध भएका संस्थाले भएका सदस्यलाई नै परिचालन गर्न नसकेको आदि कारण देखिएका छन् । लक्षित समुदायलाई व्यापक रुपमा समेटी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२०. **परियोजना कार्यान्वयन** – भौतिक पूर्वाधार निर्माणका उपपरियोजना निर्माण गर्दा सामुदायिक पूर्वाधार विकास उप–परियोजना सम्बन्धी सामान्य निर्देशिकाको दफा ७.२ अनुसार वातावरण, मानव श्रम, वायोइन्जिनियरिङ्ग र जङ्गल जस्ता विषयहरुमा ध्यान पुऱ्याइएको हुनुपर्दछ ।

रौतहट जिल्लामा वातावरणीय प्रभाव, शिक्षा, स्वास्थ्य, सरसफाई एवं मानव श्रम प्रयोगमा केही सुधार देखिए तापनि कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन ।



जङ्गलको बीच निर्मित सडक

सिन्धुली जिल्लाको बाहुनतिल्पङ्गमा सडक निर्माणको लागि पहिलो किस्ता रु.१४ लाख ८५ हजार समुदायको खातामा उपलब्ध गराएकोमा पहिले नक्साङ्कन वा सीमाङ्कन गरेको स्थानबाट सडक निर्माण नगरी जङ्गल कटान, डोजर, एक्साभेटर प्रयोग, डिजाइन तथा नक्सा परिवर्तन, श्रमदान नगरेको कारण दोस्रो किस्ता प्राप्त नभएको र प्राप्त रकममध्ये रु.७ लाख ४१ हजार मौज्दात रहेको खाता रोक्का गरेको छ ।

सिन्धुली जिल्लामा एक सिंचाई कुलो मर्मत सम्भार गर्न कोषले रु. १९ लाख ९४ हजार र सामुदायिक संस्थाबाट रु.४ लाख ९९ हजार लागत व्यहोर्ने गरी सम्झौता भएकोमा कुलोको दायाँबायाँ खेत रहेको स्थानमा कंक्रिट स्ल्याव आवश्यक नपर्नेमा प्राविधिकले कंक्रिट स्ल्यावको डिजाइन गरेको, मूहान सुधार आवश्यक भएकोमा सो काम नगरी बीचको भागमा स्ल्याब ढलान गरी बढी व्ययभार पारेको जानकारी प्राप्त भएको छ ।

प्यूठान जिल्लामा सडक निर्माणको कार्य स्थानीय श्रमबाट नभई डोजरबाट गराइएको, वायो इन्जिनियरिगको कार्य नगरिएको, बाटो खन्दाको माटोको उचित व्यवस्थापन नभएको, वन जगलको संरक्षणलाई समेत ध्यान दिएको पाइएन । त्यस्तै फूलबारी खैरा लिफ्ट सिंचाई सम्पन्न भए पनि स्थलगत निरीक्षणको क्रममा योजना चालु भएको देखिएन ।

सिरहा जिल्ला अन्तर्गत छनौट गरिएका सामुदायिक संस्थामध्ये भौतिक पूर्वाधार सडक किनारामा बोट विरुवा रोपी वायोइन्जिनियरिङ्ग तथा हरियाली संरक्षण कार्य गरेको देखिएन ।

समयमा किस्ता रकम निकासा नभएको, संशोधित लागत अनुमान स्वीकृत गर्ने प्रक्रिया लामो रहेको, प्रगतिको प्रभावकारी अनुगमन गर्न नसकेका कारण कार्ययोजना बमोजिम काम हुन नसकेकोतर्फ विशेष ध्यान दिनुपर्दछ ।

२१. **कार्यक्रमगत लगानी** – सामुदायिक संस्थाबाट पूर्वाधार विकास र आय–आर्जनतर्फको लगानी मागमा आधारित भए पनि कोषबाट क्षेत्रगत आधारमा लगानीको सीमा एवं प्राथमिकता निर्धारण गरिनुपर्दछ । गरिबी निवारण गरी जीवनस्तर उकास्न सबै क्षेत्रको लगानीको उतिकै महत्व रहन्छ । यी कार्यक्रमको क्षेत्रगत लगानी फारामबाट सूचना सङ्कलन गरी अध्ययन गरिएको ५ जिल्लाका १२५ सामुदायिक संस्थाको लगानी देहायबमोजिम स्तम्भ चित्रमा दिइएको छ :





उल्लिखित क्षेत्रगत लगानीमा कोषबाट कुनै शीर्षकमा प्राथमिकता नतोकेको, मागमा आधारित कार्यक्रम भएकोले माग गरिएअनुसार लगानी गरिने व्यवस्था रहेको देखिन्छ । समग्रमा ती सामुदायिक

संस्थामा भौतिक पूर्वाधारतर्फ रु.३ करोड २२ लाख २३ हजार (३३ प्रतिशत) र आय–आर्जनतर्फ रु.६ करोड ५५ लाख २५ हजार (६७ प्रतिशत) लगानी गरिएको छ ।

परम्परागत कार्यक्रममा बढी लगानी हुने गरेको, एकै क्षेत्रमा बढी लगानीबाट अर्को सम्भाव्य क्षेत्र ओझेलमा पर्ने, बढी लगानी भएको क्षेत्रमा प्रतिस्पर्धाको कारण मूल्यमा कमी आई व्यवसाय सञ्चालन गर्नेले अपेक्षाकृत लाभ प्राप्त गर्न नसक्ने स्थिति हुने भएकोले पूर्वाधार विकास तथा आय आर्जन वृद्धि हुने प्रस्तावहरु स्वीकृत गरी कार्यान्वयन गरिनु पर्दछ ।

२२. **कार्यसम्पन्न** – सञ्चालित कार्यक्रम तथा परियोजनाहरु तोकिएको वा सम्झौतामा उल्लिखित अवधि र सम्झौता रकम भित्र सम्पन्न गरिएको हुनुपर्दछ । सम्झौतामा तोकिएको अवधिमा सम्पन्न गर्न नसके आपसी सहमतिमा परिमार्जन गर्न सकिने व्यवस्था छ । यस सम्बन्धमा अध्ययन गरिएका ५ जिल्लाका १२५ सामुदायिक संस्थाको परीक्षण गर्दा अधिकांश आय आर्जनका परियोजना समयमा सम्पन्न गरेका छैनन् । तोकिएको अवधिभन्दा डडेल्धुराका १९, प्यूठानका १७, सिन्धुलीका ६ सामुदायिक संस्थाले निर्धारित मितिमा सम्पन्न गर्न नसकेकोमा सहमतिमा सम्झौता परिमार्जन गरेको छैन । सम्झौतामा उल्लिखित समय वा म्याद थप भएको मितिमा कार्यसम्पन्न गरी समयमा प्रतिफल प्राप्तीको सुनिश्चितताका लागि अनुगमन प्रभावकारी बनाउनु पर्दछ ।



२३. **प्रतिव्यक्ति लागत** – कार्यक्रम सञ्चालन निर्देशिकामा कोषले सह–परियोजनाको सम्झौता गर्दा पुर्वाधार परियोजनामा प्रति व्यक्ति लागत रु.५ हजारभन्दा बढी नहुने गरी सम्झौता गर्नुपर्ने व्यवस्था गरेको छ । तर आय आर्जनतर्फ प्रतिव्यक्ति लागतको आधारमा सम्झौता गर्ने व्यवस्था गरेको देखिदैन । कोषले सम्झौता गरेको ५ जिल्लाका १२५ सामुदायिक संस्थाको अध्ययन गर्दा आय आर्जनतर्फको परियोजनामा प्रतिव्यक्ति लागत रु.१२ हजारदेखि रु.४६ हजारसम्म रहेको पाइयो ।

कम घरधुरी आबद्ध भएका सामुदायिक संस्थामा बढी रकम र बढी घरधुरी आबद्ध भएका संस्थामा कम रकम दिने गरी सम्झौता गरेको पाइयो । यसरी अनुपातिक रुपमा कोषले लगानी नगर्दा कतिपय लक्षित बर्गले समयमा आवश्यकता अनुसार ऋण पाउन नसकी रोजेको व्यवसाय सञ्चालन गर्न नसक्ने र बढी रकमको सम्झौता भएका कतिपय संस्थाका सदस्यहरुले बढी ऋण पाउने अवस्था रहेको देखियो । कोषले सम्झौता गर्दा लक्षित घरधुरी र आबद्ध सदस्य संख्याको आधारमा अनुदान दिनेगरी सम्झौता गर्नुपर्दछ ।

२४. **ऋण लगानी** – कार्यक्रम सञ्चालन निर्देशिकाअनुसार घुम्तीकोषबाट उपभोग्य अथवा अन्य सामाजिक प्रयोजनमा खर्च गर्नको लागि ऋण प्रवाह गर्नु हुदैन । घुम्तीकोषबाट लिएको ऋण तोकिएको समयमा फिर्ता नगर्ने सदस्यहरुलाई कारबाही गर्न सकिने व्यवस्था छ ।

चक्रकोषबाट ऋण लिएका सदस्यमध्ये ५ जिल्लाका ४८३ ले रु.९९ लाख २५ हजार साँवा र १ हजार ११३ ले रु.१६ लाख ४२ हजार व्याज रकम समयमा बुझाएको देखिएन । भाखा नाघेको ऋण कुल ऋणको १५.१५ प्रतिशत रहेको छ । रौतहट जिल्लाका केही संस्थाका केही सदस्यले भैंसी पालनको लागि लिएको रकमबाटे विहेलगायत गैरआयमूलक क्षेत्रमा प्रयोग गरेको, प्यूठान जिल्लाको एक संस्थामा घुम्ती कोषको ब्याज आम्दानीबाट समुदायको सामाजिक प्रयोजनका लागि रु.१७ हजार खर्च गरी भाँडाकुँडा खरिद

गरेको पाइयो । सिन्धुली जिल्लाको एक सामुदायिक संस्थाले रु.२ लाख ८५ हजार राँगा पालनको लागि ऋण उपलव्ध गराएकोमध्ये रु.२ लाख १७ हजार भाखा नाघेको भए पनि फिर्ता गरेका छैनन् ।

चक्रकोष परिचालन नीति नियम कार्यविधिबारे सचेतनाको अभाव जस्ता कारणबाट सीमित व्यक्तिले लामो समयसम्म ऋण होल्ड गरी सबै सदस्यले ऋण नपाउने स्थिति रहने भएकोले समयमा ऋण फिर्ता गर्नेतर्फ ध्यान दिनुपर्ने र गैरआयमूलक क्षेत्रमा ऋण लगानी नियन्त्रण गरिनुपर्दछ ।

२५. **तालिम** – कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ७.३ मा सामुदायिक संस्थाका सदस्यहरुलाई स्थानीय रुपले सम्भाव्य विविध आय आर्जनका क्रियाकलाप पहिचान गर्न सक्षम बनाउनको लागि तालिम लगायत क्षमता अभिवृद्धि क्रियाकलाप सञ्चालन गरिनुपर्दछ । सिन्धुली, रौतहट, सिरहा, प्यूठान र डडेल्धुरा जिल्लाको छनौटमा परेका सामुदायिक संस्थामध्ये डडेल्धुराका ४ बाहेक सबै सामुदायिक संस्थामा छोटो अवधिको क्षमता अभिवृद्धि क्रियाकलाप सञ्चालन गरेको भए तापनि लघु उद्यम र सीप विकाससम्बन्धी तालिम अधिकांश संस्थाका सदस्यहरुलाई उपलव्ध गराएको छैन ।

व्यवसायसम्बन्धी तालिम लिए नलिएको सम्बन्धमा अन्तर्वार्तामा सोधिएको प्रश्नको जवाफको स्थिति निम्नानुसार देखिएको छ:

तालिमको विवरण	सहभागी संख्या	तालिम प्राप्त गरेको संख्या	प्रतिशत	तालिम प्राप्त नगरेको संख्या	प्रतिशत
पशुपालन सम्बन्धी	३००	१२३	४१	१७७	५९
बाखा, कुखुरा, बंगुर, हांस आदि	३००	११३	३८	१८७	६२
तरकारी खेती	३००	२६	९	२७४	९१

सामुदायिक संस्थामा तालिम सञ्चालन नभएको पाइयो । तालिम प्रति सदस्यहरुको धारणा सकरात्मक भए पनि तालिम लिन छिमेकी गाउँ वा सदरमुकाम जानुपर्दा कठिनाई परेको बुझियो । तालिममध्ये पनि व्यवसायिक सीप दक्षता बढाउने तालिमको संख्या कम देखिन्छ । पेशागत तथा क्षमता विकास सम्बन्धी तालिम नियमित रुपमा प्रदान गरिनुपर्दछ ।

२६. **व्यवसायको बीमा** – कार्यक्रम सञ्चालन निर्देशिका को दफा ४.६.३ मा सुरक्षा रणनीतिको व्यवस्था गरिएको छ । जसअनुसार उद्यम व्यवसायमा गरीबवर्गले जोखिम वहन गर्न नसक्ने भएकाले पशु व्यवसायको वीमा गर्ने व्यवस्था गरेको छ । पशु बीमा गर्न गरिबी निवारण कोषले निश्चित रकम उपलब्ध गराउने व्यवस्था भए पनि ५ जिल्लाका छनौटमा परेका सामुदायिक संस्थामध्ये सिन्धुलीको मखमली र सालघारी सामुदायिक संस्थाका सदस्य आफैले रकम उठाई पशु बीमा सुरु गरेको देखियो । बाँकी कुनै पनि सामुदायिक संस्थाहरुले आफ्नो उद्यम व्यवसायको बीमा गरेको पाइएन । ग्रामीण भेग समेतलाई समेटेर बीमा गर्ने संस्थागत व्यवस्थाको अभाव रहेको व्यवसायको बीमा नहुँदा ऋण लिएर सञ्चालन गरेको व्यवसायमा नोक्सानी भई ऋण तिर्न नसकेर पलायन हुने स्थिति रहने हुँदा निर्देशिकाअनुसार उद्यम व्यवसायको बीमा गराउन पहल हुनुपर्दछ ।

२७. **लेखा तथा लेखापरीक्षण** – कोषको कार्यसञ्चालन निर्देशिकामा सामुदायिक संस्थाले तोकिएको ढाँचामा आर्थिक कारोबारको लेखा राखी बैठकमा पेश गर्नुपर्ने र सम्झौता अनुसार दर्तावाला लेखापरीक्षकद्वारा लेखापरीक्षण गराई परियोजना समाप्त भएको ६ महिनाभित्र प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था छ । छनौटमा परेका ५ जिल्लाका १२५ संस्थाको अध्ययन परीक्षण गर्दा कोषले आर्थिक कारोबारको लेखा राख्न ढाँचा तोके तापनि अधिकांश सामुदायिक संस्थाहरुले लेखासम्बन्धी ज्ञानको अभावका कारणले लेखा अद्यावधिक गर्न सकेका छैनन् । सामुदायिक संस्थाका पदाधिकारीलाई लेखा सम्बन्धी तालिम दिए पनि अधिकांश पदाधिकारी निरक्षर रहेका कारण तालिम प्रभावकारी हुन सकेको देखिएन । यसबाट संस्थाको हिसाब किताब पारदर्शी तथा जवाफदेहीपूर्ण नभई कार्यक्रमको दिगोपनामा बाधा पर्ने हुँदा अनुगमन गरी लेखा व्यवस्थाको पालना गराउनु पर्दछ । परियोजना समाप्त भएको ६ महिनाभित्र लेखापरीक्षण गराई प्रतिवेदन बुझाउनु पर्नेमा रौतहटमा ७, डडेल्धुरामा ७, सिरहामा २५, सिन्धुलीमा १३ संस्थाले समयमा लेखापरीक्षण गराएका छैनन् । सामुदायिक संस्थाको नियमित रुपमा अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२८. **अनुगमन** – परियोजनास्थलको गरिबी निवारण कोष, सहयोगी संस्था, सामुदायिक संस्थाको अनुगमन उपसमितिहरु, स्थानीय निकायबाट निश्चित अवधिमा अनुगमन गरिनुपर्दछ । गरिबी निवारण कोष, सहयोगी संस्थाका पदाधिकारी, सामुदायिक संस्था तथा स्थानीय निकायबाट भएका अनुगमन र सो सम्बन्धमा देहाय अनुसार देखिएको छः

(संख्या पटक)

अनुगमन विवरण	सिरहा	सिन्धुली	रौतहट	प्यूठान	डडेल्धुरा
सामुदायिक संस्थाको अनुगमन समितिबाट अनुगमन	७९	१४५	१०७	३५	१६४
सहयोगी संस्थाका परिचालकबाट अनुगमन	२९७	४७३	४३९	३४०	५१५
सहयोगी संस्थाका संयोजकबाट अनुगमन	८०	९९	९७	७८	१९८
कार्य प्रबन्धकबाट अनुगमन	१०	१९	३३	६	६६
गाउं विकास समितिबाट अनुगमन	१३	२९	२३	२	५१
जिल्ला विकास समितिबाट अनुगमन	११	५	७	०	१७
जम्मा	**४९०**	**७७०**	**७०६**	**४६१**	**१०११**

सहयोगी संस्थाका सामाजिक परिचालक नियमितरुपमा समुदायमा कार्यरत रहे पनि कतिपय सहयोगी संस्थाका संयोजक तथा कार्यप्रबन्धक संस्थामा पुगेको पाइएन । गाउँ र जिल्लास्तरीय अनुगमन सुपरिवेक्षण समिति गठन भई सुपरिवेक्षण अनुगमन नहुँदा पारदर्शिता प्रवर्द्धन एवं कमजोरी सुधार गर्न कठिनाई हुने देखियो । अनुगमन समिति, सहयोगी संस्थाका संयोजक र कार्यप्रबन्धकबाट नियमित अनुगमन गरी सुझाव सहित अनुगमनको प्रतिवेदन लिने व्यवस्था गरिनुपर्दछ ।

२९. **मूल्याङ्कन** – सहयोगी संस्थाले सम्झौतामा तोकिएको कार्यहरु सम्पन्न गर्नुपर्नेमा विभिन्न सूचकाङ्कको आधारमा मूल्याङ्कन गर्दा देहायको स्थिति देखिएको छ ।

(इकाई संख्यामा)

कामको विवरण	सम्झौता अनुसारको काम				सम्पन्न काम			
	सिरहा	सिन्धुली	प्यूठान	डडेल्धुरा	सिरहा	सिन्धुली	प्यूठान	डडेल्धुरा
समेटेको गाउँ विकास समिति	१५५	५४	४९		१५५	५२	४९	
समेटेको वडा वा समयुदाय	९७३	५९५	४३४	३५४	७८०	५४५	४३४	३५१
सामुदायिक संस्था गठन गरेको	१९४८	११९१	१२५३	४०२	१६८७	१०६१	१२५३	३४३
समेटेको घर धुरी	४४१५७	३४०१७	२९३५८	९९२०	३९१४७	३३७९९	२९३५८	७७८७
परियोजना प्रस्ताव तयारी	१५००	११०९	१३८	४०७	१२२७	१०२३	१३८	३४५
परियोजना प्रस्ताव स्वीकृति	१५२१	९११	१३८	३५९	१४५३	८६०	१३८	३४५
परियोजना सुभरभिजन	१४५५	६४९	१३८	३५१	१४३४	६२७	१३८	३४५
परियोजना सम्पन्न	११५७	८३४	१३८	३०५	११४३	७३२	१३८	२९८
तालिम सञ्चालन	११८५	२५८	१३८	१६०	११८१	२५८	१३८	१६०

रौतहट जिल्लामा कार्यरत सहयोगी संस्थाबाट कार्यसम्पन्न गरेको विवरण प्राप्त भएन । कोषबाट नियुक्त सहयोगी संस्था कतिपयले सम्झौता अनुसार काम सम्पन्न गरे पनि कतिपयले लक्ष्यअनुसारको घरधुरी समेटेको तथा परियोजना प्रस्ताव तयारी र स्वीकृत गरेको पाइएन । सहयोगी संस्थाको कार्यसम्पादनका अनुगमन सूचकलाई सम्झौता रकम भुक्तानीसँग आवद्धता नगरिएको, कतिपयको परियोजना प्रस्ताव स्वीकृति र निकासामा ढिलाई भएको कारण लक्ष्यअनुसार प्रगति हुन नसकेको पाइयो । यसबाट कार्यक्रमको विस्तार एवं लक्षित अति गरीबवर्गलाई समेटी कार्यक्रम सञ्चालनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

३०. **पेशा व्यवसाय परिवर्तन** – कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ६.४.१ अनुसार लक्षित समुदायको पेशा व्यवसायमा परिवर्तन आएको हुनुपर्दछ । कार्यक्रम सञ्चालन हुनुभन्दा पहिला यहाँको पेशा के थियो भन्ने प्रश्नमा सहभागी ३०० मध्ये खेतीपाती पशुपालनमा २३९, व्यापार व्यवसायमा २७ र केही पेशा नभएकोमा ३४ जना रहेकोमा कार्यक्रम सञ्चालन पश्चात खेतीपाती र पशुपालन २१४, व्यापार व्यवसाय ७९, र २ जनाले केहि पेशा नभएको जवाफ दिएका छन् भने ५ बाट कुनै जवाफ प्राप्त भएन । व्यापार व्यवसायमा केही वृद्धि भएको देखिए पनि अपेक्षाकृत रुपमा सुधार हुन सकेको छैन । समुदायका अधिकांश सदस्यहरुले पशुपालन व्यवसाय

अंगालेको देखिए पनि सो व्यवसायबाट अपेक्षाकृत रुपमा आम्दानी बढाउन सकेको देखिदैन । कृषि र पशुपालन व्यवसायलाई उन्नत र व्यवसायिक रुपमा विकास गरी बजारसम्मको पहुँच बढाउनुपर्दछ ।

३१. **ऋण र ब्याज दर** – कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ६.४.१ अनुसार गाउँमा व्यवसाय सञ्चालन गर्नको लागि रकमको अभाव नहुने, साहु महाजनबाट ऋण लिने घरधुरी संख्यामा परिवर्तन हुनुपर्ने र साहु महाजनबाट लिइने ऋण तथा सोको व्याजदरमा कमी आएको हुनुपर्दछ ।

अन्तर्वाताको क्रममा कार्यक्रम सञ्चालन हुनुभन्दा पहिले साहुमहाजनबाट ऋण लिने गर्नुभएको थियो भन्ने प्रश्नमा २६२ ले लिएको, २१ ले नलिएको, ३ ले लिन आवश्यकता नपरेको जवाफ दिएका छन् भने १४ ले जवाफ नै दिएनन् । हाल साहुमहाजनबाट ऋण लिनुभएको छ भन्ने प्रश्नमा २३९ ले छैन र ४५ ले लिएको जवाफ दिएको पाइयो, भने १६ बाट कुनै जवाफ प्राप्त भएन ।

सामुदायिक संस्थाबाट सञ्चालित चक्रकोषको कारण साहुमहाजनबाट प्रवाहित हुने ऋण एवं व्याज दर घटेको पाइयो । तर कतिपय स्थानमा साहुमहाजनको ऋणमा निर्भर हुनुपर्ने स्थिति कायमै रहेको देखिन्छ । जसले गर्दा गरीबहरुको जीवनस्तर उकास्ने लक्ष्य प्राप्तिमा कठिनाइ हुने स्थिति भएकोले विशेष ध्यान दिनुपर्दछ ।

अन्य संस्थातर्फ

प्रधानमन्त्री सहायता कोष

राष्ट्रिय जीवनमा ख्याती प्राप्त व्यक्तिको औषधि उपचारमा सहयोग गर्ने, दयनीय आर्थिक अवस्था भएका व्यक्तिको उपचारमा सहयोग गर्ने, संघसंस्थालाई विषेश कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने र कमजोर आर्थिक अवस्था भएकालाई सहयोग गर्ने उद्देश्यले कोषको स्थापना भएको देखिन्छ ।

३२. **आय–व्यय विवरण –** गत वर्षको जिम्मेवारी रु. २८ लाख ५ हजार, नेपाल सरकारबाट प्राप्त रु.७५ लाख र गतवर्षको खर्च फिर्ता भएको रु.४ लाख ६ हजारसमेत रु.१ करोड ७ लाख ११ हजारमध्ये रु.१ करोड ६ लाख ९४ हजार खर्च भई रु.१७ हजार बाँकी रहेको छ ।

प्रधानमन्त्री सहायता कोष नियमावली २०५९ मा कोषबाट प्रतिव्यक्ति वा संस्थालाई रु.५ हजारदेखि रु.७५ हजारसम्म सहायता दिनसक्ने उल्लेख छ । यसबाहेक अन्य मापदण्ड तय भएको देखिएन । यो वर्ष ३४३ जनालाई उपचार खर्च, बाटो खर्च, आर्थिक सहायता आदि कारण जनाई जनही रु.५ हजारदेखि रु.७५ हजारसम्म हुने गरी रु.१ करोड ६ लाख ९४ हजार सहायता वितरण गरेको देखिन्छ । गतवर्षको खर्च रु.४३ लाख ६८ हजारको तुलनामा १४४.८३ प्रतिशतले वृद्धि भएको छ ।

नेपाल ट्रष्टको कार्यालय

३३. **लेखा प्रणाली –** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३(२) अनुसार ट्रष्टले सम्पत्ति र दायित्वको हिसाब देखिने गरी वासलात तयार गर्नुपर्दछ । ट्रष्टले नगद प्राप्तिको आधारमा आय–व्यय विवरण तयार गर्ने गरेको छ ।

३४. **सम्पत्ति व्यवस्थापन** – कोषको स्वामित्वमा आएका घर, जग्गा तथा अन्य सम्पत्ति व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

काठमाडौं उपत्यका तथा अन्य जिल्लाको समेत ६ हजार २४४ रोपनी ७ आना १ पैसा ३ दाम जग्गामध्ये पोखरा, भरतपुर, हेटौडा र काठमाडौंको गोकर्ण, दरबारमार्ग, कालिमाटी, कमलादी, टेकु, लाजिम्पाट लगायतको स्थानमा भवनहरुसमेत रहेको छ । उक्त घरजग्गाको मूल्याङ्कन गरी सम्पत्तिको यथार्थ लेखाङ्कन गरेको देखिएन ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ को (१) अनुसार विभिन्न प्रकारले प्राप्त जिन्सी मालसामनको विवरण र मूल्यसमेत खुलाई ७ दिनभित्र आम्दानी जनाई स्रेस्ता खडा गरी अद्यावधिक राख्नुपर्ने व्यवस्था रहेकोमा सम्पत्तिको विवरण लुजसिटमा तयार गरे तापनि भरतपुरस्थित दियालो बंगला, कास्कीस्थित रत्न मन्दिर र हेटौडास्थित कान्ती इश्वरी घरमा रहेको सामग्रीहरुको जिन्सी खाता तयार गरेको पाइएन ।

नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ५ अनुसार ट्रष्टको सम्पत्ति संरक्षण र संवर्द्धनको लागि विभिन्न कार्य गर्ने उल्लेख छ । कार्यालयको निरीक्षण टोलीले दिएको प्रतिवेदनमा काभ्रेपलान्चोकको पाँचखाल गाउँ विकास समितिमा दुई कित्ताको ९ रोपनी १५ आना ३ पैसा १ दाम जग्गा रहे तापनि उक्त जग्गामा सार्वजनिक बाटो तथा फुटबल ग्राउण्ड बनेको, भक्तपुरको कटुन्जे गाउँ विकास समितिको सल्लाघारीस्थित १०८ रोपनी २ आना १ पैसा जग्गा खुल्ला भई सार्वजनिक प्रयोगमा रहेको र पोखरास्थित रत्न मन्दिरको विभिन्न भाग चर्केको र जीर्ण अवस्थामा रहेको उल्लेख छ । ती घर तथा जग्गाको उचित संरक्षण हुनुपर्दछ ।

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ मा ऐन प्रारम्भ हुँदाको वखत स्वदेश वा विदेश जहाँ जे जस्तो अवस्थामा जुनसुकै व्यक्ति वा संस्थाको नाममा रहेको भए तापनि त्यस्तो सम्पत्ति स्वत: ट्रष्टको नाममा हस्तान्तरण भई ट्रष्टको हक कायम भएको मानिने र दफा ४(३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि ट्रष्टको सम्पत्तिउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हकदाबी नहुने व्यवस्था छ । काठमाडौं उपत्यकाभित्रको सामाखुसी, बालाजु, मातातीर्थलगायतका स्थानमा भएको १११ कित्ताको १७५ रोपनी ११ आना १ पैसा जग्गा द्वैध स्वामित्व कायम भएकोमा मन्त्रिपरिषद्को २०६९।५।११ को बैठकको निर्णय उल्लेख गरी मोहीकै नाममा प्रचलित कानूनबमोजिम दर्ता स्रेस्ता कायम गर्न पत्र प्राप्त भएको कारणबाट उक्त पूरै जग्गा मोहीहरुलाई फिर्ता गर्ने प्रक्रिया सुरु गरेको देखियो । जुन प्रक्रिया नेपाल ट्रष्ट ऐनसँग मेल खाने देखिएन ।

३५. **लगानी** – नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ र नियमावलीको नियम (३) मा ट्रष्टको रकम व्यापक र सर्वोत्तम लाभ हुने गरी शैक्षिक प्राज्ञिक तथा स्वास्थ्यसम्बन्धी हितमा प्रयोग गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सम्पत्ति भाडाबाट रु.३ करोड १ लाख १७ हजार, नगद लाभांश तथा ब्याज रु.१ करोड ६३ लाख ५२ हजार र विविध आम्दानी रु.५६ हजार गरी रु.४ करोड ६५ लाख २५ हजार आम्दानी र गत वर्षको जिम्मेवारी रु.१० करोड ४१ लाख ४३ हजारसमेत रु.१५ करोड ६ लाख ६८ हजार आयमध्ये खर्च रु.५१ लाख ६८ हजार कटाई रु.१४ करोड ५५ लाख र स्टर्लिङ पौण्ड ४४ हजार १५ समेत मौज्दात रहेको छ । यो वर्ष ट्रष्टको सम्पत्तिबाट आय आर्जन गर्ने तथा शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी गर्ने सम्बन्धमा कार्यविधि बनाउने लक्ष्य राखेकोमा त्यस्तो कार्यविधि वनाएको देखिएन । सो कार्यविधि बनाई मौज्दात रकम ऐन र नियमावलीअनुसार उपयोग गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहत निकायसमेतको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ १० निकायमा रु.१ अर्ब ७८ करोड ८६ लाख ५८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ३६ करोड ९८ लाख १२ हजार फछ्यौंट गरेकोले रु.४१ करोड ८८ लाख ४६ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ६० लाख ५४ हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था ३ तर्फ रु.५२ लाख ९ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.९ लाख ५८ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

अर्थ मन्त्रालय

मन्त्रालय र मातहतसमेत १५८ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ खर्ब १५ अर्ब ९० करोड ७ लाख, राजस्वतर्फ रु.२ खर्ब १८ अर्ब ५ करोड ९७ लाख, धरौटीतर्फ रु.८ अर्ब ९० करोड ७७ लाख र अन्य कारोबारतर्फ रु.७४ अर्ब ७५ करोड ७९ लाख समेत रु.४ खर्ब १७ अर्ब ६२ करोड ६० लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका सार्वजनिक संस्थान, अन्य संस्था समिति ९ को रु ७ खर्ब १५ अर्ब ४० करोड ९७ लाख कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन परीक्षण** – सञ्चितकोषले सही एवं यथार्थ स्थिति चित्रण नगरेको, प्राविधिक सहायताको लेखापरीक्षण नभएको, समयमा सोधभर्ना प्राप्त नगरेको, सरकारी संस्थानमा गरेको शेयर लगानी, ऋण लगानीबापत लाभांश, ब्याज, उठ्न बाँकी रहेको, आन्तरिक राजस्वतर्फ नपाउने खर्च कट्टी लिएको, करदाताको खरिद विक्री भिडान नभएको, ब्याज खर्च बढी दाबी गरेको, मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने हदसम्मको कारोबार गरेपनि दर्ता नभएको, रोयल्टी असुल नभएको व्यहोरा उल्लेख गरिएको थियो । भन्सारतर्फ भाडा बीमा समावेश नगरेको, फरक दरवन्दी लगाई घटी राजस्व असुल गरेको, नपाउने मूल्य अभिवृद्धि कर तथा अन्त:शुल्क छुट दिएको कारण घटी महसुल असुल भएको व्यहोरा गत विगतका प्रतिवेदनमा औँल्याइएकोमा उपरोक्त व्यहोरा यस वर्षसमेत यथावत् रहेको पाइयो । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **कार्यक्रम कार्यान्वयन –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ को उपदफा (२) बमोजिम पेश भएको आर्थिक विवरण परीक्षण गर्दा यो वर्ष मन्त्रालय अन्तर्गतका पूँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना र राजस्व बोर्डका लागि विनियोजन भएको रु.५ करोड ३० लाख खर्च भएको देखिएन । कार्यक्रम कार्यान्वयन नहुनु एवं बजेट खर्च नै हुन नसक्नाको कारण स्पष्ट गरेको छैन ।

३. **शेयर लगानी –** नेपाल विद्युत प्राधिकरणको आर्थिक अवस्था वर्षेनी खस्कँदै गएकोले यसलाई सुधार गर्ने अभिप्रायले मन्त्रिपरिषद्को २०६८।९।१८ को निर्णयबमोजिम २०६७।६८ सम्म सञ्चित रहेको नोक्सानीलाई प्राधिकरणले अपलेखन गरेको छ । प्राधिकरणले उक्त नोक्सानी निर्माणाधीन आयोजनाहरुमा नेपाल सरकारले गरेको शेयर लगानीबाट अपलेखन गरी वित्तीय विवरण तयार गरेको छ । प्राधिकरणको सञ्चित नोक्सानी घटाउने सरकारी लगानी अपलेखन कार्यको परीक्षणबाट निम्न व्यहोरा देखिएका छन्:

३.१ विनियोजन ऐनबमोजिम नेपाल विद्युत प्राधिकरणमा गरिएको शेयर लगानीमध्येबाट सञ्चित नोक्सानी रु.२७ अर्ब ५३ करोड एकमुष्ट अपलेखन गरेको छ । अपलेखन गरेको रकमलाई प्राधिकरणले समायोजन गरी शेयर लगानीबाट घटाएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८४ को उपधारा (३) को (घ) मा सरकारी कोषमा प्राप्त हुने सबैप्रकारको राजस्व, ऋण असुली तथा अनुदानबाट रकम खर्च गर्ने वा लगानी गर्ने र त्यस्तो रकमको लेखा तथा लेखापरीक्षणसम्बन्धी विषय अर्थ विधेयकको रुपमा संसदमा पेश गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ । व्यवस्थापिका–संसदको सहमतिबाट शेयर लगानी गरिएको रकमबाट नोक्सानी परिपुरण गर्ने विषय कानूनत: व्यवस्थापिका–संसदको क्षेत्राधिकारभित्रको भएकोमा मन्त्रिपरिषद्को निर्णयबाट गरिएकोले संविधानसम्मत देखिएन ।

३.२ प्राधिकरणबाट नोक्सानी अपलेखन गर्दा मन्त्रिपरिषद्ले स्वीकृत लेखाको सिद्धान्त तथा नीतिभित्र रहेर गर्ने उल्लेख गरेको छ । प्रचलित लेखाका सिद्धान्त र मापदण्ड अनुरुप नोक्सानीलाई अपलेखन गर्ने व्यवस्था छैन ।

लेखाको सिद्धान्त एवं मान्यताबमोजिम शेयर पूँजीमा थपघट गर्नुपर्दा शेयर पूँजी पुन:संरचना प्रस्ताव तयार गर्नुपर्दछ । जसमा शेयर पूँजी थपघट गर्नुपर्नाको कारण, त्यसबाट पर्ने प्रभाव, भविष्यको योजना, सम्पत्तिको पूनर्मूल्याङ्कन लगायतका विषयहरु उल्लेख गर्नुपर्दछ । यसरी तयार गरिएको प्रस्ताब उपर नेपाल सरकारले अध्ययन गरी शेयर पूँजी थपघटसम्बन्धमा निर्णय लिनुपर्नेमा सोबमोजिमको प्रस्ताव तयार नगरी सञ्चित नोक्सानीको अपलेखन गरी शेयर पूँजी घटाएको मनासिब देखिँदैन ।

३.३ मन्त्रिपरिषद्बाट नोक्सानी अपलेखन गर्ने क्रममा प्राधिकरणको वर्तमान सञ्चित नोक्सानी विद्युत महसुल दर बढाएर वा खर्च घटाएर पनि उठ्न नसक्ने भएकोले स्वीकृत लेखाको सिद्धान्त र नीतिभित्र रहेर अपलेखन गर्ने उल्लेख गरेको छ । तर प्राधिकरणको सञ्चालन दक्षता अभिवृद्धि गरी पुन:सञ्चित नोक्सानी अपलेखन गर्नुपर्ने अवस्था नल्याउनेतर्फ अध्ययन विश्लेषण गरेको पाइएन । जसको फलस्वरुप नोक्सानी अपलेखन पश्चातको वर्षमा नै प्राधिकरणलाई रु.८ अर्ब ५५ करोड नोक्सानी भएको छ । नोक्सानी अपलेखन गर्नु दिगो एवं उत्तम विकल्प पनि होइन । प्रायस सबैजसो सरकारी संस्थानहरुमा ठूलो रकम सञ्चित नोक्सानी रहेको परिप्रेक्ष्यमा यसप्रकार लेखा नीति एवं मानदण्ड विपरीत नोक्सानी अपलेखन गर्ने परिपाटीले प्रश्रय पाउँदा राज्यले ठूलो आर्थिक भार व्यहोर्नुपर्ने हुँदा नोक्सानी अपलेखनसम्बन्धी मापदण्ड बनाई सो आधारमा अपलेखनसम्बन्धी कार्य गर्न आवश्यक देखिएको छ ।

आर्थिक अनुशासनको अवस्था

- ***नेपाल विद्युत प्राधिकरणको सञ्चिति नोक्सानी रु.२७ अर्ब ५३ करोड नेपाल सरकारको शेयर लगानीबाट संसदको स्वीकृति बेगर अपलेखन गरी घटाएको छ । यो कारोबार लेखाको सिद्धान्त र मापदण्ड विपरीत छ ।***
- ***बजेट व्यवस्था एवं रकमान्तर समेत नगरी आषाढको अन्त्यमा ऋणात्मक पूँजी भएको २ बैङ्कको पूँजी वृद्धि गर्न रु.५ अर्ब ७१ करोड लगानी गरेको छ ।***
- ***साविकबाट हालको शीर्षकमा रकमान्तर गर्दा १० प्रतिशतमात्र गर्न सकिनेमा २५.३० प्रतिशत बढी रु.८३ करोड ३७ लाख रकमान्तर गरेको छ ।***
- ***यो वर्षसम्म वैदेशिक अनुदान तथा ऋणतर्फ क्रमश:रु. १६ अर्ब ८ करोड र रु.६ अर्ब ६ करोड समेत रु.२२ अर्ब १४ करोड सोधभर्ना लिन बाँकी छ ।***
- ***वैदेशिक सहायता, अन्तरिक ऋण, राजस्व असुली तथा खर्चको यथार्थ लेखाङ्कन नहुँदा सञ्चितकोषको हिसाब भिडान भएको छैन ।***

३.४ सरकारी लगानी अपलेखन गर्न मन्त्रिपरिषद्बाट स्वीकृति दिएकोमा अर्थ मन्त्रालयले उक्त संस्थाको लगानी हिसाबलाई पूरै घटाउन वा केही प्रतिशत न्यून गर्न लेखा राख्ने जिम्मेवारी बहन गर्ने महालेखा नियन्त्रक कार्यालयलाई यससम्बन्धी आदेश/सूचना दिएको देखिँदैन । साथै नेपाल विद्युत प्राधिकरणले नोक्सानी अपलेखन गरेपनि महालेखा नियन्त्रक कार्यालयले शेयर लगानी हिसाबमा सो अङ्क समायोजन गरेको छैन । यस्तो कार्यले नेपाल सरकारको लगानी हिसाब अद्यावधिक हुने स्थिति देखिएन ।

४. **ऐन विपरीत लगानी –** मन्त्रिपरिषद्को २०६९।३।३१ को निर्णयानुसार नेपाल बैङ्क लिमिटेडको हकप्रद शेयर खरिद गर्न रु.१ अर्ब ३९ करोड २४ लाख र राष्ट्रिय वाणिज्य बैङ्कमा शेयर लगानी गर्न रु.४ अर्ब ३२ करोड ५३ लाखसमेत रु.५ अर्ब ७१ करोड ७७ लाख दिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिनेले रकम स्वीकृत बजेटभित्र छ, सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भनेमात्र खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ । नियमावलीमा उक्त व्यवस्था भए तापनि अर्थ मन्त्रालयले स्वीकृत बजेट र खर्च शीर्षकमा नपरेकोमा पनि उक्त रकम खर्च गर्न निकासा दिएको छ । यो कार्य नियमसम्मत देखिएन ।

४.२ सोही नियमावलीको नियम ४०(१) मा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकबाट अर्को बजेट उपशीर्षक, स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार अर्थ मन्त्रालयको हुने उल्लेख छ ।

सम्बन्धित कार्यालयबाट कारण सहित रकमान्तर माग भई आएमा अर्थ मन्त्रालयले आवश्यकता अनुसार रकमान्तर गरी सोको अभिलेख महालेखा नियन्त्रक कार्यालयमा राख्न लगाउने व्यवस्था छ । यसैगरी सोही नियमावलीको ३३(ग) मा सालतमामीको समयमा पनि कार्यालयलाई अति आवश्यक काम परी खर्च गर्नुपरेमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको स्वीकृतिमा खर्च गर्नुपर्ने उल्लेख छ । राष्ट्रिय वाणिज्य बैङ्क र नेपाल बैङ्क लिमिटेडले पूँजीवृद्धिको लागि रितपूर्वक थप शेयर विक्रीको लागि सूचना आह्वानसमेत नभएको अवस्थामा सो रकम खर्च गर्नु आवश्यक थियो भन्ने पुष्टी हुन आएको छैन । आर्थिक वर्षको अन्तिम दिन रकमान्तर हिसाबसमेत पछि मिलाउने गरी रु.५ अर्ब ७१ करोड ७७ लाख निकासा दिएको उक्त रकमको रकमान्तर हिसाब मिलान गर्ने काम लेखापरीक्षण अवधि २०६९ माघसम्म पनि भएको छैन । यस्तो कारोबार वित्तीय अनुशासन प्रतिकुल छ ।

४.३ नेपाल सरकारले संस्थामा थप लगानी गर्ने सम्बन्धमा लगानीको मापदण्ड तर्जुमा गरेको छैन । लगानी मापदण्ड नै नभएको अवस्थामा सञ्चित नोक्सानीका कारणले ऋणात्मक पूँजी भएका संस्थालाई पुन:थप लगानी गर्नु उपयुक्त छैन । यो वर्ष सरकारको वित्तीय व्यवस्था खर्च रु.४४ अर्ब ३१ करोड ६८ लाख भएकोमा आषाढको अन्त्यमा यी दुई संस्थालाई पूँजीवृद्धिबापत दिएको निकासा रु.५ अर्ब ७१ करोड ७७ लाख रहेको छ । जुन कुल वित्तीय व्यवस्था खर्चको १२.९० प्रतिशत हुन आउँछ । यो खर्चको कारणबाट नेपाल सरकारको वित्तीय व्यवस्था खर्चको आकारमा पनि वृद्धि भएको तथ्याङ्कले प्रदर्शन गरेको छ । तसर्थ नेपाल सरकारले सरकारी संस्थानमा गर्ने लगानीसम्बन्धमा मापदण्ड तयार गरी विनियोजन ऐनको परिधिभित्र रही लगानी गर्नुपर्दछ ।

५. **वैदेशिक ऋणको उपयोग –** दिगो र फराकिलो आर्थिक वृद्धि तथा रोजगारी सिर्जनाका लागि वैदेशिक लगानी परिचालन गर्ने, वैदेशिक लगानी भित्र्याउँदा पूँजी, प्रविधि हस्तान्तरण र व्यवस्थापन कुशलताको पक्षलाई जोड दिने, बढी प्रतिफल दिने ठूला पूर्वाधार आयोजनाहरुमा बाहेक अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट व्यापारिक ऋण नलिने, विकास खर्चका लागि नभई नहुने अवस्थामा मात्र वैदेशिक ऋण लिने व्यहोरा आवधिक योजना (२०६८।६९–२०७०।७१) मा उल्लेख छ । वैदेशिक ऋणको उपयोगसम्बन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख गरिएको छ:

५.१ नेपाल सरकारले विभिन्न दाताराष्ट्र तथा संस्थासँग गरेको सम्झौताअनुसारको ऋण उपयोग गर्न नसकेको अवस्था देखियो । यस्ता ऋणको कतिपय अवस्थामा दातालाई प्रतिबद्धता शुल्कसमेत तिरेको छ । राज्यलाई नभई नहुने अवस्थामा तोकिएको क्षेत्रमा वैदेशिक ऋण लिने भने तापनि ऋणको आवश्यकता पहिचान मूल्याङ्कन नगरी ऋण सम्झौता गरेकोले देहायका २२ आयोजनामा ऋण सम्झौताअनुसार २९ देखि ९७ प्रतिशतसम्म ऋण परिचालन हुनसकेको छैन ।

(रकम हजारमा)

क्र.सं.	आयोजनाको नाम	दाताको नाम	ऋण सम्झौता रकम		ऋण उपयोग हुन नसकेको	
			मुद्रा	रकम	रकम	प्रतिशत
१.	कमाण्ड एरिया डेभलमेन्ट प्रोजेक्ट	आईफाड	एसडीआर	९८,००	३७,१६	३७.९१
२.	कुलेखानी डिजास्टर	जापान	जा.येन	३,४८,४०,००	१,०१,८४,३१	२९.२३
३.	कुलेखानी हाइड्रो इलेक्ट्रिक प्रोजेक्ट	जापान	जा.येन	४,८०,६०,००	१,७०,४३,५६	३५.४६
४.	हिल लिजहोल्ड फोरेष्ट्री डेभलपमेन्ट प्रोजेक्ट	आईफाड	एसडीआर	६१,००	२,२६,५	३७.१३
५.	खिम्ती पावर ट्रान्समिशन प्रोजेक्ट	एनडीएफ	एसडीआर	२५,००	१०,६३	४२.५२
६.	ग्राउण्ड वाटर इरिगेसन प्रोजेक्ट	आईफाड	एसडीआर	७०,००	३७,७९	५३.९९
७.	एग्रिकल्चर डेभलपमेन्ट प्रोजेक्ट	आईफाड	एसडीआर	४२,००	३५,७९	८५.२१
८.	ग्राइन स्टोरेज	आईडीए	एसडीआर	४८,००	१४,२४	२९.६७
९.	हेलिकोप्टर पर्चेज	फ्रान्स	युरो	३४,५६	३३,४७	९६.८५
१०.	टेलिकम्युनिकेसन सेक्टर रिफर्म	आईडीए	एसडीआर	१,७५,००	५२,०२	२९.७२
११.	हिल फुड प्रोडक्सन	आईडीए	एसडीआर	६३,००	१८,८०	२९.८४
१२.	सेकेण्ड रुरल डेभलपमेन्ट	आईडीए	यूएसडी	१,१०,००	४६,३३	४२.१२
१३.	नारायणी इरिगेसन थर्ड	आईडीए	एसडीआर	२,१६,००	९१,०२	४२.१४
१४.	प्राइमरी एजुकेसन	आईडीए	एसडीआर	१,२१,००	५४,१२	४४.७३
१५.	फाइनान्सियल सेक्टर टेक्निकल अष्टिस्टेन्स	आईडीए	एसडीआर	१,२४,००	५८,२९	४७.०१
१६.	सेकेण्ड कटेज एण्ड स्मल इण्डष्ट्रिज	आईडीए	एसडीआर	८७,००	४२,२८	४८.६०

क्र.सं.	आयोजनाको नाम	दाताको नाम	ऋण सम्झौता रकम		ऋण उपयोग हुन नसकेको	
			मुद्रा	रकम	रकम	प्रतिशत
१७.	म्युनिसिपलिटी डेभलपमेन्ट एण्ड हाउजिङ	आईडीए	एसडीआर	३,०९,०९	१,५०,२३	४८.६०
१८.	सेटलमेन्ट	आईडीए	यूएसडी	६०,००	३०,७२	५१.१९
१९.	हिल कम्युनिटी फोरेष्ट	आईडीए	एसडीआर	२,३५,००	१,७०,१०	७२.३८
२०.	रसुवा नुवाकोट रुरल डेभलपमेन्ट–२	आईडीए	एसडीआर	१,६६,००	१,२५,८०	७५.७८
२१.	अर्वन वाटरसप्लाई एण्ड स्यानिटेसन	आईडीए	एसडीआर	४५,५०	३४,७०	७६.२६
२२.	सेकेण्ड फरेष्ट्री	आईडीए	एसडीआर	१,६७,००	१,३३,०६	७९.६७

५.२ दातासँग सम्झौता गर्दा उपयोग गर्नसक्ने ऋणको सम्झौता गर्नुपर्दछ । यो वर्ष नेपाल सरकारले विदेशी दातासँग भएको सम्झौताअनुसार ऋण रकम परिचालन गर्न नसके पनि देहायअनुसार प्रतिबद्धता शुल्कबापत रु.३ करोड ३० लाख तिर्नुपरेको छ ।

क्र.सं.	आयोजनाको नाम	दाताको नाम	प्रतिबद्धता शुल्क		नेपाली रुपैया (आषाढ मसान्तको दरले रु.लाखमा)
			मुद्रा	रकम	
१	उपल्लो त्रिशुली ३ए जलविद्युत आयोजना	चीन	आरएमबी	१२,५६७,५७	१,७६
२	उपल्लो त्रिशुली ३ए जलविद्युत आयोजना	चीन	आरएमबी	७१,११,०५	९९
३	उपल्लो त्रिशुली ३ए जलविद्युत आयोजना १३२ के.भी.आयोजना	चीन	आरएमबी	८,१२,७७	११
४	मेलम्ची खानेपानी आपूर्ति आयोजना	एनडीएफ	युरो	१,७८,७५	१९
५	मेलम्ची खानेपानी आपूर्ति आयोजना	भारतीय आयात निर्यात बैङ्क	अमेरिकी डलर	२,७४,८२	२५
				जम्मा:	**३,३०**

६. **रकमान्तर –** विनियोजन ऐनमा तोकिएको कुनै शीर्षकमा रकम नपुग भएमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० बमोजिम एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६.१ विनियोजन ऐन, २०६८ को दफा ३ को उपदफा (२) मा सञ्चितकोषबाट खर्च हुने उल्लेख भएको निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा रकम नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गरी रकम सार्नसक्ने व्यवस्था छ । यसरी रकम सार्दा साबिकको शीर्षकबाट हालको शीर्षकमा रकमान्तर गर्दा दश प्रतिशतभन्दा बढ्न नहुने उल्लेख छ । यो वर्ष यस मन्त्रालयको चालू बजेटतर्फका २६ शीर्षकमा रु.५ अर्ब ४४ करोड ८८ लाख बजेट विनियोजित भएकोले रु.५४ करोड ४९ लाखसम्म मात्र रकमान्तर गर्नसक्नेमा रु.१ अर्ब ३७ करोड ८६ लाख रकमान्तर गरेको छ । तोकिएको सीमाभन्दा रु.८३ करोड ३७ लाख अर्थात् शुरु बजेटको २५.३० प्रतिशत बढी हुने गरी रकमान्तर गरेकोले विनियोजन ऐनले तोकेको सीमा नाघेको छ । यसरी सीमा नाघी रकमान्तर गर्दा बजेट अनुशासन पालना नहुनुको साथै बजेट नियन्त्रण समेत हुनसकेको छैन ।

६.२ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ मा विनियोजन ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी शीर्षकमा विनियोजित बजेट बचत हुने भएमा तोकिएको सीमाभित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्नसक्ने व्यवस्था छ । विभिन्न मन्त्रालयका लागि २०६८।६९ मा ५४ खर्च शीर्षक अन्तर्गत रु.३ खर्ब ८४ अर्ब ९० करोड बजेट विनियोजन भएकोमा रकमान्तरद्वारा (३.७७ प्रतिशत) स्थानीय भत्ता, सरकारी निकाय समिति, सशर्त, निशर्त अनुदान, सीप विकास तथा जनचेतना, अन्य सेवा शुल्क लगायतका २० नयाँ खर्च शीर्षक थप गरी रु.१ अर्ब ४५ करोड ४४ लाख खर्च गरेको पाइयो । व्यवस्थापिका–संसदले स्वीकृत गरेको खर्च शीर्षकभन्दा नयाँ खर्च शीर्षकमा रकमान्तरबाट बजेट थप गर्नु बजेटको सिद्धान्त विपरीत छ ।

६.३ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ अनुसार बचत नभएको शीर्षकबाट रकमान्तर गर्न नमिल्नेमा अर्थ मन्त्रालयले यो वर्ष बजेट उपशीर्षक ६०२०२३३ (साधारण प्रशासन) मा रकमान्तरबाट थप गरेकोसमेत रु.१ अर्ब ७६ करोड २ लाख बजेट कायम भएकोमा सोबाट रु.१ अर्ब ७६ करोड ७२ लाख रकमान्तर गरेको छ ।

रकमान्तर पश्चात उक्त उपशीर्षकमा खुद बजेट रु.७० लाखले ऋणात्मक भएको छ । ऋणात्मक भइसके पश्चात पनि उक्त उपशीर्षकबाट रु.१ करोड ६८ लाख खर्चसमेत भएको देखिन्छ । यसप्रकार बजेट उपशीर्षकमा भएको खर्च तथा बचतको स्थिति यकिन नै नगरी रकमान्तर गर्ने परिपाटी रहेको देखियो ।

६.४ अर्थ मन्त्रालय, कार्यसञ्चालन निर्देशिका, २०६८ मा बजेट तर्जुमा गर्दाका बखत भएका त्रुटी सच्याउन माग भै आएको अवस्थामा बाहेक आर्थिक वर्षको शुरुका महिनाहरुमा सामान्यतया र साधारणतया जेष्ठ महिनापछि रकमान्तर गर्न हुँदैन भन्ने उल्लेख छ । यो वर्ष अर्थ मन्त्रालयले ८६४ पटक रकमान्तर र स्रोतान्तर गरी रु. ३८ अर्ब ६७ करोड ५१ लाख निकासा दिएकोमध्ये आषाढ महिनामा मात्र २८२ पटक रु.११ अर्ब ३० करोड ५४ लाख (२९.२३ प्रतिशत) निकासा दिएको देखियो । बजेट वर्गीकरण गरी स्रोतको आधारमा बजेट विनियोजन गर्ने तर रकमान्तर स्रोतान्तर गर्ने प्रणाली विकास हुन गई गैर बजेट खर्च गर्ने प्रवृत्ति बढ्दै गएको छ । रकमान्तर र स्रोतान्तर गर्ने समय सीमालाई निर्देशिकाको सीमाभित्र राखी गैर बजेट खर्च गर्ने प्रवृतिलाई न्यूनीकरण गर्न जरुरी देखिएको छ । मन्त्रालयले विशेष परिस्थितिमा रकमान्तर गर्नुपरेको छलफलको क्रममा जानकारी गराएको छ । यसप्रकार रकमान्तर गर्दा प्रचलित ऐन नियम तथा निर्देशिकालाईसमेत मध्यनजर राख्नु जरुरी देखिन्छ ।

६.५ अर्थ मन्त्रालयले बजेट विनियोजन तथा स्वीकृत कार्यक्रममा नभएको शीर्षकमा रकमान्तर तथा स्रोतान्तर गरी नेपाल आयल निगमलाई रु.१ अर्ब ९० करोड ऋण लगानी गरेको छ । उक्त संस्थामा अर्बौ ऋण लगानी भैसकेको र ऋणको ब्याजसमेत प्राप्त नभएको अवस्थामा रकमान्तर र स्रोतान्तर गरी थप ऋण लगानी गर्नु मनासिव देखिँदैन । यसप्रकार बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर तथा स्रोतान्तर गरी निकासा दिने प्रक्रियाले वित्तीय अनुशासन कायम नहुने अवस्था छ । यसतर्फ अर्थ मन्त्रालयले समयमै ध्यान पुऱ्याउनु पर्दछ ।

६.६ यो वर्ष बक्यौता महसुल भुक्तानीको लागि बजेट विनियोजन नभएको अवस्थामा राहुघाट जल विद्युत आयोजनाको लागि भारत सरकारले प्रदान गर्ने ऋणलाई नेपाल सरकारको स्रोतमा परिवर्तन गरी अर्थ बजेटमार्फत रु.१ अर्ब ५१ करोड निकासा दिएको छ । सो रकम नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी दिइएको र नेपाल विद्युत प्राधिकरणले पुन:नेपाल सरकारलाई बुझाउनुपर्ने गैरकर राजस्व (रोयल्टी) बापत बुझाएको देखिन्छ । वैदेशिक ऋणबाट आयोजना सञ्चालन हुनेगरी बजेट व्यवस्था गर्ने तर उक्त ऋण सहयोग प्राप्त नभएकोले नेपाल सरकारको स्रोतमा परिवर्तन गरी शुरु बजेट विनियोजन नभएको शीर्षकबाट बजेट निकासा एवं भुक्तानी दिएको कानूनसम्मत भएन ।

७. **आन्तरिक ऋण –** विनियोजन ऐन, २०६८ ले २०६८।६९ को लागि रु.३७ अर्ब ४१ करोड आन्तरिक ऋण परिचालन गर्न स्वीकृत गरेको छ । महालेखा नियन्त्रक कार्यालयले पेश गरेको केन्द्रीय हिसाबअनुसार यो वर्ष सरकारले न्यून देखिएको रकमसमेत ओभरड्राफ्टको रुपमा आन्तरिक ऋणबाट पूर्ति गरेकोले रु.४० अर्ब १० करोड ६ लाख आन्तरिक ऋण परिचालन भएको देखिन्छ । विनियोजन ऐनले अख्तियार गरेको रकमभन्दा रु.२ अर्ब ६९ करोड ६ लाख बढी ऋण लिएको छ । कार्यसञ्चालन निर्देशिका, २०६८ को प्रकरण ६.१.८ ले आन्तरिक ऋण गत वर्षको खुद राजस्व (कुल राजस्वबाट साँवा फिर्ता र सरकारी सम्पत्ति विक्री घटाई) को ५ प्रतिशतमा सीमित रहनुपर्ने व्यवस्था छ । नेपाल सरकारको खुद राजस्व गत वर्ष रु.२ खर्ब १ अर्ब १४ करोड रहको हुँदा सोको ५ प्रतिशतले रु.१० अर्ब ५ करोड ७२ लाखमात्र आन्तरिक ऋण परिचालन हुनुपर्नेमा बढी आन्तरिक ऋण लिएको पाइयो । यसरी विनियोजन ऐन तथा कार्यसञ्चालन निर्देशिकाले तोकेको सीमा नाघी आन्तरिक ऋण परिचालन गरेको मनासिब देखिएन ।

८. **ऋण लगानी –** सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ मा वार्षिक बजेटमा व्यवस्था भएदेखि बाहेक सार्वजनिक संस्थानमा शेयर तथा ऋण लगानी नगर्ने उल्लेख छ । बजेट व्यवस्था गरी तोकिएका संस्थामा मात्र लगानी गर्नुपर्नेमा यो वर्ष अन्य शीर्षकबाट विविध लगानी शीर्षकमा रकमान्तर गरी सञ्चालनमा नै नरहेका नेपाल औषधि लिमिटेड, नेपाल मेटल कम्पनी, जनकपुर चुरोट कारखाना, गोरखकाली रबर उद्योग र नेपाल ओरियन्ट म्याग्नेसाइटमा रु.९३ करोड ७४ लाख ऋण लगानी गरेको छ । विगत वर्षको ऋण लगानीबाट समयमा साँवा तथा ब्याज चुक्ता नभएको अवस्थामा सञ्चालनमा नरहेका

संस्थालाई संस्थाको सञ्चालन अवस्था, आर्थिक स्थिति एवं ऋण तिर्नसक्ने क्षमताको विश्लेषण बेगर पुन: ऋण लगानी गर्दै जानु उपयुक्त देखिएन ।

९. **जमानत** – यो वर्ष मन्त्रिपरिषद्को निर्णय अनुसार नेपाल सरकार जमानी बसी नेपाल आयल निगमलाई कर्मचारी सञ्चयकोषबाट रु.६० करोड र नागरिक लगानी कोषबाट रु.३ अर्ब ऋण उपलब्ध गराएको छ । सरकार जमानी बसी विभिन्न संस्थालाई उपलब्ध गराएको ऋणको अवस्था तथा नेपाल सरकारलाई पर्न जाने दायित्वको बारेमा मन्त्रालयले अनुगमन एवं लेखाङ्कन गर्ने नगरेकोले सरकार जमानी बसी उपलब्ध गराएको ऋणबाट सरकारलाई पर्न जाने दायित्व बढ्ने अवस्था छ ।

१०. **ग्रामीण वित्त क्षेत्र विकास क्लष्टर कार्यक्रम** – यस कार्यक्रम अन्तर्गत कृषि विकास बैङ्क र साना किसान विकास बैङ्कका लागि परार्मदाताको नियुक्ति, कर्मचारी दक्षता अभिवृद्धिसम्बन्धी तालिम, कम्प्युटर ल्याबको स्थापना एवं आवश्यक अफिस उपकरण खरिद गर्न, बैङ्किङ्ग सूचनाप्रणाली व्यवस्थापन, बजार विज्ञको नियुक्तिको लागि सहयोग गर्ने उद्देश्यले अर्थ मन्त्रालय र एसियाली विकास बैङ्कबीच अमेरिकी डलर ८७ लाख अनुदान उपलब्ध गराउने सम्झौता भएको छ । यो वर्ष इक्विपमेन्ट खरिद, परामर्श दाताको पारिश्रमिक आदिकोलागि दातृ निकायले सोझै भुक्तानीमार्फत रु.९ करोड २९ लाख खर्च भएको विवरण प्राप्त भएको छ । यो वर्षसम्म आयोजनाको कुल खर्च रु.५९ करोड २८ लाख रहेको देखिन्छ । उक्त कार्यक्रममा समावेश भएको खर्चको लेखापरीक्षण यस कार्यालयबाट गराएको छैन ।

दोस्रोचरण अन्तर्गत कृषि विकास बैङ्कलाई रु.३ करोड ३ लाख , ऋण असुली न्यायाधिकरणलाई रु.१८ लाख र नेशनल बैङ्किङ्ग ट्रेनिङ इष्टिच्यूटलाई रु.१ करोड ६८ लाखसमेत जम्मा रु.४ करोड ८९ लाख निकासा उपलब्ध गराएको छ । दातृ निकायले सोझै भुक्तानी गरेकोसमेत यो वर्षसम्म कुल रु.१२ करोड ४३ लाख खर्च भएको विवरण पेश गरेको छ । उक्त खर्चमध्ये ऋण असुली न्यायाधिकरणबाट भएको खर्चमात्र यस कार्यालयबाट लेखापरीक्षण भएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २९ मा वैदेशिक सहायतासम्बन्धी सम्झौता गर्नु अघि मन्त्रालयले लेखापरीक्षणसम्बन्धमा महालेखापरीक्षकको राय लिनुपर्ने व्यवस्था छ । यस आयोजनाको सम्झौता गर्दा उपर्युक्त व्यवस्थाबमोजिम राय नलिई सम्झौता गरेको छ । नेपाल सरकारलाई प्राप्त हुने सबै किसिमको सहायता रकम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने व्यवस्था राखेरमात्र सम्झौता गर्नेतर्फ मन्त्रालयको ध्यान जानु जरुरी छ ।

११. **गैह्रकर राजस्व दाखिला** – नेपाल सरकारको आय–व्ययको हिसाब राख्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ । नेपाल सरकारले विभिन्न संस्थामा गरेको लगानीबाट लाभांश रु.३ अर्ब २२ करोड, ब्याज रु.१ करोड र विकास ऋणबापतको रु.१ अर्ब ५९ करोड २० लाख प्राप्त भई अर्थ मन्त्रालयमा दाखिला गरेको छ । उक्त दाखिलाको जानकारी महालेखा नियन्त्रक कार्यालयलाई दिएको छैन । यसबाट सो कार्यालयले तयार गरेको गैह्रकर राजस्वको आर्थिक विवरणले यथार्थ स्थिति चित्रण गर्दैन ।

१२. **निजीकरण** – यो वर्षसम्म ३० सार्वजनिक संस्थान निजीकरण भएको देखिएको छ । निजीकरणसम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१२.१ निजीकरण भइसकेका संस्थाहरुबाट सरकारले प्राप्त गर्न बाँकी किस्ता, सम्झौताको शर्तबमोजिम लाग्ने ब्याज तथा हर्जाना गणना गरी निजीकृत संस्थाको छुट्टाछुट्टै अभिलेख खडा गर्नुपर्दछ । निजीकरण समितिले असुल हुन बाँकी रकम राजस्वको आर्थिक विवरणमा लगतसमेत कायम गरी प्रत्येक वर्ष लगत अद्यावधिक गरी लेखापरीक्षण गराउनुपर्नेमा लेखापरीक्षणका लागि आर्थिक विवरण पेश गरेको छैन । निजीकरण भएका संस्थाहरुबाट नेपाल सरकारलाई प्राप्त हुन बाँकी किस्ता, ब्याजको विवरण माग गरेकोमा उपलब्ध नभएबाट लिन बाँकी रकम यकिन गर्न सकिएन । निजीकरणमा गएका संस्थाहरुबाट प्राप्त हुनुपर्ने किस्ता, ब्याज, हर्जानासमेतको हिसाब गरी लगत खडा गर्ने र सोको आर्थिक विवरण लेखापरीक्षणको लागि पेश गर्ने व्यवस्था हुनुपर्दछ ।

१२.२ कृषि चुन उद्योग नेपाल सरकारको निर्णयले खारेजी भएकोमा मन्त्रिपरिषद्को २०६६।८।१६ को निर्णय अनुसार उद्योगको स्वामित्वमा रहेको जग्गा र सोमा रहेका भवनसमेत जम्मा रु.१० करोड ७९ लाखमा कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिलाई बिक्री गरेको देखिन्छ । समितिले २०६६।१०।३ मा रु.५ करोड २९ लाख तत्काल राजस्व दाखिला गरी बाँकी रकम २०६७ वैशाखदेखि २०७१ वैशाखसम्म ५ किस्तामा प्रतिकिस्ता रु.१ करोड १० लाखका दरले बुझाउने र उक्त किस्ता समयमा नबुझाएमा वार्षिक १० प्रतिशत ब्याज र १५ प्रतिशत हर्जानासमेत बुझाउने गरी २०६६।११।५ मा तमसुक गरेको देखियो । समितिले तमसुकमा उल्लेख भएबमोजिम २०६८ वैशाख महिनाभित्र दोस्रो किस्ताबापत रु.१ करोड १० लाख र २०६९ वैशाख महिनाभित्र तेस्रो किस्ताबापत रु.१ करोड १० लाख बुझाउनुपर्नेमा नबुझाएको र प्रथम किस्तामा २०६९ वैशाख सम्ममा ब्याज रु.११ लाख र १५ प्रतिशत हर्जाना रु.१७ लाखसमेत रु.२ करोड ४८ लाख असुल गर्नेतर्फ कारबाही भएको छैन ।

१३. **वैदेशिक संस्थामा लगानी** – नेपाल सरकारले २०६७।६८ देखि एशियाली विकास बैङ्क र सार्क विकास कोषमा लगानी गरेको क्रमश: रु.२३ करोड ७५ लाख र रु.१ अर्ब ४० करोड ६२ लाख शेयर लगानी हिसाबमा देखाएको छ । एशियाली विकास बैङ्कमा २०६७।६८ भन्दा पहिलेदेखिनै लगानी गरिरहेको, सो बाहेक विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय वित्त संस्था, अन्तर्राष्ट्रिय विकास संस्था तथा मिगामासमेत सरकारले लगानी गर्ने गरेको देखिन्छ । लगानीसम्बन्धी विवरण अर्थ मन्त्रालयसँग माग गरिएकोमा प्राप्त हुनसकेन । उक्त संस्थाहरुमा नेपाल सरकारले गरेको लगानीको हिसाब महालेखा नियन्त्रक कार्यालयले तयार गरेको केन्द्रीय आर्थिक विवरणमा समावेश नगरेबाट शेयर लगानी हिसाबले सही एवं यथार्थ स्थिति चित्रण गरेको छैन ।

१४. **राजस्व असुली** – यो वर्ष रु.२ खर्ब ४७ अर्ब ७० करोड असुल गर्ने अनुमान रहेकोमा बेरुजू खातामा दाखिला भएको रु.२ अर्ब ६१ करोड २४ लाखसमेत रु.२ खर्ब ४७ अर्ब १७ करोड (९९.७९ प्रतिशत) असुल गरेको महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणमा उल्लेख छ । यो वर्षको शीर्षकगत राजस्वको लक्ष्य तथा असुली विवरणबमोजिम यथार्थ असुलीको स्थिति निम्नानुसार छ:

(रु.लाखमा)

शीर्षक	लक्ष्य	असुली	असुली प्रतिशत
१. भन्सार	४१,५६,३०	४३,३९,०८	१०४.४०
२. मूल्य अभिवृद्धि कर/अन्त:शुल्क	१,०२,७३,८८	१,००,९४,६६	९८.२६
३. अन्य	८,०१,१७	९,६१,४६	१२०.०१
अप्रत्यक्ष कर	**१,५२,३१,३५**	**१,५३,९५,२०**	**१०१.०८**
१. कर	५०,८१,३५	५२,८५,८२	१०४.०२
२. घर जग्गा तथा अन्य सम्पत्तिमा लाग्ने कर	४,५०,६५	३,५८,८५	७९.६३
प्रत्यक्ष कर	**५५,३२,००**	**५६,४४,६७**	**१०२.०४**
कर राजस्व	**२,०७,६३,३५**	**२,१०,३९,८७**	**१०१.३३**
१. दस्तुर तथा शुल्क	१०,७३,९६	११,७१,७७	१०९.११
२. रोयल्टी र सरकारी सम्पत्ति बिक्री	९,८८,८६	११,०७,६९	११२.०२
३. लाभांश	११,७३,९७	९,४२,९८	८०.३२
४ ब्याज	१,७७,२४	१,७५,०३	९८.७५
५. अन्य राजस्व	३	८	२६६.७०
गैरकर राजस्व जम्मा	**३४,१४,०८**	**३३,९७,५५**	**९९.५२**
६. साँवा फिर्ता	**५,९२,८९**	**१८,७०**	**३.१५**
राजस्व जम्मा	२,४७,७०,३२	२,४४,५६,१२	९८.७३
बेरुजू दाखिला	०	२,६१,२४	०
कुल जम्मा	**२,४७,७०,३२**	**२,४७,१७,३५**	**९९.७९**

१५. **राजस्व बक्यौता –** अर्थ मन्त्रालय मातहतका कार्यालयले प्रचलित कानूनअनुसार प्रत्येक वर्ष असुल गर्नुपर्ने राजस्व समयमा असुल नगरी यस वर्षको अन्तसम्म निम्नबमोजिम रु.३९ अर्ब ५० करोड बक्यौता जिम्मेवारी सारेका छन्:

(रु.लाखमा)

कार्यालय	२०६७।६८ सम्मको जिम्मेवारी	लगत मिनाहा कट्टा	२०६८।६९ मा असुली	२०६७।६८ सम्मको बाँकी	२०६८।६९ को थप	२०६८।६९ सम्मको जम्मा बाँकी
महालेखा नियन्त्रक कार्यालय	२७७६९५	-	१,४७,६२	२६२९३३	५६५५४	३१९४८७
आन्तरिक राजस्व कार्यालयहरु	२१,१५,४३	२,३१,७२	११,८६	१८,७१,८५	६,६४,४०	२५,३६,२५
भन्सार कार्यालयहरु	८,०३,०९	२९,५१	३,३१,१७	४,४२,४१	३१,२,७०	७,५५,११
जम्मा	५६,९५,४७,२५	२,६१,२३	४,९०,६५	४९,४३,५९	१५,४२,६४	६४,८६,२३

***द्रष्टव्य** – आन्तरिक राजस्व कार्यालयले गत वर्षको जिम्मेवारी रु.२२ अर्ब १९ करोड ७४ लाख सार्नुपर्नेमा रु.२१ अर्ब १५ करोड ४३ लाख सारेकोले रु.१ अर्ब ४ करोड ३१ लाख जिम्मेवारीमा फरक परेको छ ।*

राजस्वसम्बन्धी कानूनमा बक्यौता राजस्व असुल गर्न स्पष्ट कानूनी व्यवस्था भए तापनि सो कार्यान्वयनमा कार्यालयहरु निष्क्रिय रहेको स्थितिले राजस्व बक्यौतामा वृद्धि भएको छ ।

महालेखा नियन्त्रक कार्यालय

१६. **स्रोतान्तर** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षक, स्रोत तथा खर्च शीर्षकबाट अर्को बजेट शीर्षक, स्रोत वा खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार अर्थ मन्त्रालयको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेटभित्र छ, सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भनेमात्र खर्च गर्ने निकासा दिनुपर्ने उल्लेख छ । अर्थ मन्त्रिस्तरीय २०६९।११।१३ को निर्णयले २०६७।६८ मा डिआरएफ जापानको नगद अनुदान स्रोतबाट खर्च भएको रु.९४ करोड ७९ लाख र डिएफआइडी बेलायत सरकारको नगद अनुदानतर्फ रु.६ करोड ५४ लाखसमेत रु.१ अर्ब १ करोड ३३ लाख नगद प्राप्त नभएको जनाई नेपाल सरकारको स्रोतमा परिवर्तन गरेको छ । आर्थिक कार्यविधि ऐन तथा नियमावलीको प्रावधानबमोजिम स्रोतको व्यवस्था गरी खर्च लेख्नुपर्नेमा स्वीकृत बजेटको परिधिभित्र नबसी खर्च गर्ने र बैदेशिक स्रोतबाट रकम प्राप्त नभएको अवस्थामा नेपाल सरकारको स्रोतबाट भएको खर्च रकमलाई वैदेशिक स्रोतबाट प्राप्त भएको जनाई केन्द्रीय हिसाब सार्वजनिक गर्ने तथा २ वर्षपछि स्रोत परिवर्तन गर्ने कार्यले बजेट अनुशासन पालना भएको देखिएन ।

नेपाल सरकारको केन्द्रीय हिसाब

१७. **आर्थिक विवरण** – महालेखा नियन्त्रक कार्यालयले पेश गरेको आर्थिक विवरण अनुसार सञ्चितकोषको आय–व्ययको अवस्था निम्नानुसार रहेको छ:

(रु.लाखमा)

विवरण	गत वर्ष	यस वर्ष	घटी बढी प्रतिशत
यस वर्षको आय			
(क) राजस्व	२,०१,५०,१७	२,४६,९८,६१	२२.५७
(ख) राजस्वको धितोमा लिइएको कर्जा			
(अ) आन्तरिक ऋण	३२,६८,२८	३९,५३,२६	२०.९६
(आ) वाह्य ऋण	१३,४३,५९	१२,१५,००	(९.०४)
(ग) ऋण असुल हुँदा प्राप्त धन	१,४४,५७	१८,७०	(८७.०६)
(घ) वैदेशिक अनुदान	४२,५३,८१	२९,९७,६८	(२९.५३)

(ङ) अन्य आम्दानी	९,२०,८९	२०,९२	(९७.७२)
जम्मा:	**२,९८,८१,३१**	**३,२९,०४,१७**	**१०.१२**
यस वर्षको व्यय			
(क) सञ्चितकोष माथि व्ययभार हुने रकम	३०७३९४	१६१९४५	(४७.३२)
(ख) विनियोजन ऐनद्वारा भएको खर्च	२६४६२४०	३२२९७३०	२२.०५
(ग) सञ्चितकोषबाट भएको पछि फिर्ता हुने खर्च	७१५९	७६,४५	६.७९
जम्मा:	**२९६०७९३**	**३,३९,९३,२०**	**१४.८१**
बचत (न्यून)	२७३३७	(१०,८९,०३)	(२९८.३७)
गत वर्षको मौज्दात	(७५५३७०)	(७२,८०,३३)	(३.६२)
यो वर्षसम्म मौज्दात	(७२८०३३)	(८३,६९,३६)	(१४.९६)

गत वर्षको हिसाबसँग तुलना गर्दा यो वर्ष सञ्चितकोष हिसाबमा राजस्व असुली २२.५७ प्रतिशत र कुल खर्चमा १४.८१ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यस्तै गत वर्षको तुलनामा आन्तरिक ऋणमा २०.९६ प्रतिशतले वृद्धि भएको र वैदेशिक ऋण गत वर्षको तुलनामा ९.५७ प्रतिशतले घटेको देखिन्छ । वैदेशिक अनुदान २९.५३ प्रतिशतले घटेको अवस्था छ । समष्टिगतमा गत वर्ष रु.२ अर्ब ७३ करोड ३७ लाख सञ्चितकोषमा बचत देखिएकोमा यो वर्ष रु.१० अर्ब ८९ करोड ३ लाख ऋणात्मक देखिएको छ । यसले गर्दा सञ्चितकोषको बचत रकम २९८.३७ प्रतिशतले घटेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१७.१ महालेखा नियन्त्रक कार्यालयले सञ्चितकोषको हिसाब नगद आधारमा राखेको लेखा टिप्पणीमा जनाए तापनि कार्यालयको नगद बाँकी रकम हिसाबमा देखाएको छैन । कार्यालयहरुको नामबाट बैङ्क खाता सञ्चालन हुने र कार्यालयहरुले बैङ्क हिसाब विवरण तयार गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले प्रस्तुत गरेको राजस्वको केन्द्रीय वार्षिक विवरण (भाग–६) मा गत सालको नगद मौज्दात यो वर्ष बैङ्क दाखिला गरेको रु.३१ करोड २७ लाख, यो वर्ष बैङ्क दाखिला रु.२ खर्ब ४४ अर्ब १२ करोड ७० लाखसमेत राजस्व असुली रु.२ खर्ब ४४ अर्ब ४३ करोड ९७ लाख देखाएकोमा बैङ्क विवरणको आधारमा रु.२ खर्ब ४६ अर्ब ९८ करोड ६६ लाख प्रस्तुत गरेको छ । यसबाट रु.२ अर्ब ५४ करोड ६४ लाख फरक परेकोमा आधार खुलाएको छैन ।

१७.२ यो वर्ष सञ्चितकोषको आय–व्यय विवरणमा वैदेशिक ऋण प्राप्ति रु.१२ अर्ब १५ करोड देखाएकोमा मूल आर्थिक विवरणमा रु.११ अर्ब ८ करोड ३० लाख देखाएको छ । आय–व्यय विवरणमा दर्शाएको वैदेशिक ऋणको अङ्क र वैदेशिक ऋण प्राप्तिको आर्थिक विवरणमा उल्लेखित अङ्कमा रु.१ अर्ब ६ करोड ७० लाख फरक परेको छ । नेपाल राष्ट्र बैङ्कले यो वर्ष ऋण खातामा मौज्दात रकम रु.४ अर्ब १ करोड ८६ लाखमा सञ्चितकोषमा ट्रान्सफर भएको रु.१ अर्ब ४८ करोड ५ लाखको समायोजनसमेत जम्मा रु.५ अर्ब ४९ करोड ९१ लाखमा शुरु मौज्दात रु.४ अर्ब ३० करोड ७६ लाख घटाई ढुकुटी हिसाबमा रु.१ अर्ब १९ करोड १५ लाख ऋण प्राप्ति देखाएको छ । फरक सम्बन्धमा हिसाब मिलान विवरण तयार गरेको छैन । महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गर्ने वैदेशिक स्रोततर्फको लेखाङ्कन प्रक्रिया नै फरक रहेको कारण दुई निकायले देखाएको वैदेशिक ऋण हिसाब भिडान हुनसकेको छैन । सञ्चितकोषमा प्राप्त देखाइएको रकममा लेखापरीक्षणको क्रममा प्राप्त विवरणका आधारमा दुई दाताबाट ऋणबापत सिधै भुक्तानी प्राप्त भएको रकम रु.१ अर्ब ३ करोड ८८ लाख समावेश गरेको पाइएन । यसबाट सञ्चितकोषले देखाएको ऋण प्राप्त रकम यथार्थपरक देखिएन ।

१७.३ यो वर्ष अर्थ मन्त्रालयले रु.१ अर्ब ५९ करोड २० लाख प्रदुषण शुल्क (शीर्षक १४५२१) मा राजस्व आम्दानी देखाएको छ । उक्त रकम नेपाल राष्ट्र बैङ्कले असुल गरेको विकास ऋणबापतको रहेको पाइयो । आन्तरिक ऋणको रुपमा उठाइएको रकमलाई राजस्वको रुपमा असुल देखाई राजस्व असुली बढाएको छ । सो रकम नेपाल सरकारले आन्तरिक ऋणमा समावेश गरेको छैन । यसबाट राजस्व तथा आन्तरिक ऋण प्राप्तिको हिसाब यथार्थपरक छैन ।

१७.४ कार्यालयले प्रस्तुत गरेको सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक अनुदान अन्तर्गत नगद रु.२ अर्ब ५७ करोड ४३ लाख, शोधभर्ना प्राप्त रु.२० अर्ब ४७ करोड ४५ लाख, सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु.६ अर्ब १८ करोड ४९ लाख र वस्तुगत सहायता रु.७४ करोड ३१ लाखसमेत रु.२९ अर्ब ९७ करोड ६८ लाख आम्दानी देखाएको छ । उक्त आम्दानीमा नगदतर्फ यो वर्ष खर्च भएको क ७ खाताबाट खर्च ट्रान्सफर गरेको आधारमा, शोधभर्नाको रकम प्राप्ति आधारमा, सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) र वस्तुगत आम्दानीको रकम यसै वर्ष खर्च भएको आधारमा लेखाङ्कन गरेको छ । कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरण (भाग १) मा वैदेशिक अनुदान रु.४० अर्ब ८१ करोड ३ लाख प्राप्त भएको विवरण प्रस्तुत गरिएको छ । सञ्चितकोषको आर्थिक विवरण र मूल आर्थिक विवरणमा अनुदान प्राप्ति रु.१० अर्ब ८३ करोड ३५ लाख फरक रहेको पाइयो । यस्तै नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.२३ अर्ब ५३ करोड ६७ लाख अनुदान प्राप्त भएको देखाएको छ । यसरी सञ्चितकोष, मूल आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कले फरक फरक प्राप्ति हिसाब देखाएबाट अनुदान प्राप्ति हिसाब यकिन गर्नसक्ने अवस्था रहेन ।

१७.५ यो वर्ष कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरणमा रु.३ अर्ब ६८ करोड २० लाख र सञ्चितकोषको आर्थिक विवरणमा रु.१० अर्ब ८९ करोड ३ लाख अधिविकर्ष देखाएको छ । नेपाल राष्ट्र बैङ्कको केन्द्रीय ढुकुटी हिसाबमा रु.२३ अर्ब १२ करोड ५१ लाख बचत देखाएको छ । महालेखा नियन्त्रक कार्यालयको मूल आर्थिक विवरण, सञ्चितकोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कको विवरणमा देखिएको फरक फरक अङ्कको कारण अधिविकर्ष हिसाब यकिन हुनसकेन ।

१७.६ सञ्चितकोषको आर्थिक विवरणमा नेपाल सरकारले रु.३९ अर्ब ५३ करोड २६ लाख आन्तरिक ऋण लिएको उल्लेख छ भने मूल आर्थिक विवरणले रु.३६ अर्ब ४१ करोड ८७ लाख ऋण लेखाङ्कन गरेको पाइयो । दुई विवरणबीच रु.३ अर्ब ११ करोड ३९ लाख फरक परेको छ । फरक परेको रकम बट्टा बचत रकम भएको उल्लेख छ । आन्तरिक ऋण उठाइएको रकमभन्दा बढी रोलओभर हुँदा बट्टा बचत भएको रकमलाई आम्दानी उल्लेख गरेकोले सञ्चितकोषमा उल्लेखित आन्तरिक ऋण यथार्थपरक छैन ।

१७.७ अनुदान सोधभर्नातर्फ सोधभर्ना शाखाले रु.२८ अर्ब ५ करोड १८ लाख आम्दानी देखाएकोमा सञ्चितकोष हिसाबमा रु.२० अर्ब ४७ करोड ४५ लाख आम्दानी देखाएकोले दुई विवरणबीच रु.७ अर्ब ५७ करोड ७३ लाख फरक परेको छ । सोधभर्ना शाखाले २०६९ आषाढ मसान्तसम्मको हिसाब देखाएको तर सञ्चितकोषमा नेपाल राष्ट्र बैङ्कले २०६९ पौषसम्म समायोजन गरेको हिसाबसमेत समावेश गरेका कारण फरक पर्न गएको देखिन्छ । तसर्थ एउटै निकायले तयार गर्ने हिसाबमा बेग्लाबेग्लै कट अफ मिति राख्न नमिल्ने हुँदा उपयुक्त नीति निर्धारण हुनु जरुरी छ ।

१७.८ नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९० अनुसार गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त भएका सबैप्रकारको राजस्व अनुदान तथा प्राप्त हुनुपर्ने सबैप्रकारको राजस्व सञ्चितकोषमा आम्दानी बाँधिने र धारा ९१ अनुसार सञ्चितकोष माथि व्ययभार हुने रकम विनियोजन ऐनद्वारा खर्च हुने व्यवस्था छ । यो वर्ष महालेखा नियन्त्रक कार्यालयले पेश गरेको सञ्चितकोषको हिसाब तथा केन्द्रीय आय–व्यय हिसाबमा एशियाली विकास बैङ्क, आई.डि.ए., एस.डि.सी. नर्वेजियन, जे.फ.ए.बाट प्राप्त आम्दानी तथा खर्च भएको रु.१ अर्ब ४७ करोड ९३ लाख समावेश गरेको पाइएन । राज्यलाई प्राप्त भएको अनुदान तथा ऋण रकम प्राप्तितर्फ समावेश नहुनुको अलावा सो अनुदान तथा ऋणबाट भएको खर्च हिसाब समावेश नगरेका कारण केन्द्रीय हिसाबले सही तथा यथार्थ अवस्थाको चित्रण गरेको छैन ।

१८. **हिसाब भिडान** – महालेखा नियन्त्रक कार्यालय र आन्तरिक राजस्व विभागले देखाएको मूल्य अभिवृद्धि कर खाताको आम्दानी खर्च भिडान हुनुपर्दछ । महालेखा नियन्त्रक कार्यालयबाट पेश भएको ख.९ मूल्य अभिवृद्धि कर खातामा गतवर्षको मौज्दातसमेत यो वर्ष रु.२२ करोड ५५ लाख आम्दानी र रु.२१ करोड ८८ लाख खर्च देखाएको छ । तर आन्तरिक राजस्व विभागले पेश गरेको आर्थिक विवरणमा आम्दानी रु.३३ अर्ब ७७ करोड ४३ लाख र खर्च रु.३३ अर्ब ७८ करोड १० लाख देखाएको छ । कार्यालय तथा विभागले तयार

गरेको आर्थिक विवरणले देखाएको आम्दानी तथा खर्च फरक हुनाको कारण स्पष्ट गरी वास्तविक आम्दानी खर्च देखिने गरी हिसाब अद्यावधिक गर्नुपर्दछ ।

१९. **वैदेशिक सहायता –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(४) मा बजेटमा समावेश नभएका जुनसुकै प्रकारका सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष अनुदानतर्फ ४९ दाताबाट रु.७० अर्ब १३ करोड २८ लाख प्राप्त हुने अनुमान भएकोमा ४१ दाताबाट रु.४० अर्ब ८१ करोड ६ लाख प्राप्त भएको छ । ऋणतर्फ ११ दाताबाट नगद, सोझै भुक्तानी र शोधभर्ना हुने गरी रु.२९ अर्ब ६५ करोड ४१ लाख प्राप्त हुने अनुमान भएकोमा ११ दाताबाट नै रु.११ अर्ब ८ करोड ३१ लाख प्राप्त भएको छ । अनुदानतर्फ ८ दाताबाट रु.६९ करोड ३१ लाख प्राप्त हुनुपर्नेमा प्राप्त भएको छैन । अनुमानित बजेटको तुलनामा ०.४४ प्रतिशतदेखि ५०९.७५ प्रतिशतसम्म वैदेशिक सहायता प्राप्त हुन आएको देखिन्छ ।

२०. **अनुदान शोधभर्ना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(४) मा शोधभर्ना लिने सम्बन्धमा प्रक्रिया र जिम्मेवारी तोकिएको, उपनियम (५) मा समयमा शोधभर्ना माग गरे नगरेको अनुगमन गरी लेखाउत्तरदायी अधिकृतले शोधभर्नाको वार्षिक विवरण महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । तदनुरुप मन्त्रालयहरुले शोधभर्नाको वार्षिक विवरण तयार गरी पेश गरेका छैनन् । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको शोधभर्नाको स्थिति देहायबमोजिम रहेको छः

(रु.लाखमा)

आयोजना/कार्यक्रमको नाम	२०६७।०६८ सम्मको सो.भ. बांकी	२०६८।०६९ को खर्च	जम्मा	२०६८/६९ मा प्राप्त	१-१-१३-२० दाखिला हि मिलान	जम्मा रकम	२०६८।०६९ सम्मको सो.भ.बाँकी रकम
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२५२४	२९३९६	३१९२०	२०५५२	०	२०५५२	११३६८
शान्ति तथा पुननिंर्माण मन्त्रालय	७२०	४३४४	५०६४	९८५	४४	१०२९	४०३५
ऊर्जा मन्त्रालय	१४४	१५६	३००	०	०	०	३००
कृषि तथा सहकारी मन्त्रालय	२०५१	३२९०	५३४१	३९२०	२००	४१२०	१२२१
भौतिक योजना तथा निर्माण मन्त्रालय	१७१६४	१९४७३	३६६३७	२२९८१	२१८१	२५१६२	११४७५
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१४८	३३९	४८७	०	०	०	४८७
महिला वालवालिका तथा समाजकल्याण	३३	०	३३	०	०	०	३३
वन तथा भु-संरक्षण मन्त्रालय	१३०	१५१	२८१	२३२	०	२३२	४९
वाणिज्य तथा आपूर्ति मन्त्रालय	६५१	०	६५१	०	०	०	६५१
विज्ञान प्रविधि वातावरण मन्त्रालय	१९०	३०४३	३२३३	३०३१	-१९	३०१२	२२१
अर्थ मन्त्रालय	०	७०८	७०८	४९९	-३४२	१५७	५५१
शिक्षा मन्त्रालय	९७८९७	१२२१३०	२२००२७	१६४१५८	-७४३८	१५६७२०	६३३०७
सूचना तथा सञ्चार मन्त्रालय	१०७	७४	१८१	११७	०	११७	६४
सिंचाई मन्त्रालय	२४५२	७१३४	९५८६	४३७२	-२५६	४११६	५४७०
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	१४२१३	२७५००	४१७१३	२५४८०	-७०६	२४७७४	१६९३९
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	३८१५५	४०३५९	७८५१४	३३५७२	०	३३५७२	४४९४२
श्रम तथा यातायात व्यवस्था मन्त्रालय	५०	०	५०	०	०	०	५०
राष्ट्रिय योजना आयोगको सचिवालय	-२६	०	-२६	०	०	०	-२६
अर्थ मन्त्रालय–लगानी	१३	३५२	३६५	६१९	०	६१९	-२५४
कुल जम्मा	१७६६१६	२५८४४९	४३५०६५	२८०५१८	-६३३६	२७४१८२	१६०८८३

२०.१ कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष वैदेशिक अनुदान शोधभर्ना हुने गरी १७ मन्त्रालय र एक सचिवलायको १०४ कार्यक्रम सञ्चालन गर्न २० दाताराष्ट्र तथा संस्थाबाट रु.३५ अर्ब ५६ करोड ३८ लाख प्राप्त हुने गरी बजेट विनियोजन भएकोमा ९७ कार्यक्रममा रु.२५ अर्ब ८४ करोड ४९ लाख शोधभर्ना प्राप्त हुने गरी खर्च भएको छ । यो वर्षसम्म कुल शोधभर्ना हुनुपर्ने रु.४३ अर्ब ५० करोड ६५ लाख रहेकोमा रु.२८ अर्ब ५ करोड १८ लाख (६४.४८ प्रतिशत) शोधभर्ना प्राप्त भएको र समायोजनबाट रु.६३ करोड ३६ लाख हिसाब मिलान गरेपश्चात रु.१६ अर्ब ८ करोड ८३ लाख शोधभर्ना लिन बाँकी छ । शोधभर्ना लिन बाँकी रकम गत वर्षको तुलनामा यो वर्ष ९.७८ प्रतिशतले घटी देखिए पनि शोधभर्ना हुने गरी खर्च गरेको

रकम समयमा माग गरी प्राप्त गर्न नसक्दा सरकारी व्ययभार बढ्नुको साथै स्रोतान्तर गरी हिसाब मिलान गर्नुपर्ने स्थिति उत्पन्न हुने हुँदा दातासँग शोधभर्ना लिने सम्बन्धमा सक्रियता देखाउनुपर्दछ ।

२०.२ विभिन्न आयोजना तथा कार्यक्रममा वैदेशिक अनुदान एवं ऋण शोधभर्ना हुनेगरी बजेट व्यवस्था भएकोमा रु.६ अर्ब ८६ लाख बजेट विनियोजन भएका २८ आयोजना/कार्यक्रममा निकासा खर्च हुनसकेको छैन । बजेट निकासा भएका विभिन्न ४९ आयोजना/कार्यक्रममा ०.०७ देखि ४९.१७ प्रतिशतमात्र खर्च भएको छ । ती आयोजना/कार्यक्रमहरुमा कुल रु.४ अर्ब ६४ करोड ५४ लाख बजेट व्यवस्था भएकोमा रु.९२ करोड ११ हजारमात्र खर्च भएको छ । खर्च हुन नसक्नाको र न्यून खर्च हुनाको कारण उल्लेख गरेको छैन । दाताबाट अनुदान तथा ऋण सहायता प्राप्त हुने आधारमा बजेट व्यवस्था गरिएका आयोजना तथा कार्यक्रमहरुमा कार्यान्वयन क्षमताको अभाव, समयमा आयोजना कार्यान्वयन व्यवस्था मिलाउन नसकेको, ठेक्का व्यवस्थापनमा ढिलाई, कमजोर अनुगमन आदि कारणले गर्दा आयोजना तथा कार्यक्रम तोकिएबमोजिम कार्यान्वयन नभएको अवस्था छ । अनुमान गरिएअनुसार वैदेशिक ऋण अनुदान प्राप्त नभएको र तोकिएभन्दा न्यून सहयोग प्राप्त भएबाट सरकारको बजेट भारमा वृद्धि भएको छ । वैदेशिक ऋण तथा अनुदान शोधभर्ना प्राप्तिको क्षमता वृद्धि गरी आयोजना सम्पन्न गर्न आवश्यक पहल गर्नुपर्दछ ।

२०.३ महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरणअनुसार १४ मन्त्रालय अन्तर्गत हाल बन्द भईसकेका ४९ योजना तथा कार्यक्रममा २०६७।६८ सम्ममा रु.७६ करोड ६५ लाख अनुदान तथा ऋण शोधभर्ना लिन बाँकी भएकोमा सिंचाई मन्त्रालय अन्तर्गतको एक आयोजनाबाट रु.१ करोड ३० लाख सोधभर्ना प्राप्त भै २०६८।६९ को अन्तमा रु.७५ करोड ३५ लाख बाँकी छ । शोधभर्ना लिने गरी खर्च भएका आयोजनाहरु २०५४।५५ देखि बन्द भईसकेको देखिएकोले शोधभर्ना स्थितिको मूल्याङ्कन तथा अनुगमन गरी शोधभर्ना हिसाब समायोजन गर्ने व्यवस्था गर्नुपर्नेमा सो गरेको छैन ।

२१. **ऋण शोधभर्ना –** कार्यालयले उपलब्ध गराएको विवरणअनुसार वैदेशिक ऋण शोधभर्ना हुने गरी गत वर्ष र सोभन्दा अघि खर्च भएको रु.६ अर्ब ९३ करोड ६३ लाख शोधभर्ना लिन बाँकी रहेकोमा यो वर्षको खर्च रु.४ अर्ब ५३ करोड १८ लाखसमेत जम्मा शोधभर्ना हुनुपर्ने रु.११ अर्ब ४६ करोड ८१ लाखमध्ये गत आर्थिक वर्षसम्मको रु.३ अर्ब २५ करोड ५० लाख र यो वर्षको रु.२ अर्ब ३४ करोड ३८ लाखसमेत रु.५ अर्ब ५९ करोड ८८ लाख प्राप्त भएको देखियो । साथै समायोजन भएको रु.१९ करोड ६४ लाखको हिसाब मिलान गर्दा रु.६ अर्ब ६ करोड ५७ लाख (५२.८९ प्रतिशत) शोधभर्ना लिन बाँकी छ । समग्रमा शोधभर्ना हुन बाँकी रकममा गत वर्षको तुलनामा १२.५५ प्रतिशतले कमी आएको देखिन्छ । गत वर्षको तुलनामा मन्त्रालयगत आधारमा कृषि तथा सहकारी, सिचाई र अर्थ मन्त्रालयको लगानीतर्फको शोधभर्ना बाँकी रकम वृद्धि भएको देखिन्छ ।

कार्यालयबाट पेश भएको विवरणमा चालू तथा बन्द भएका २२ योजना तथा कार्यक्रममा रु.५० करोड १७ लाख ४२ हजार शोधभर्ना हुन बाँकी रकम ऋणात्मक देखाएको छ । शोधभर्ना लिनुपर्ने रकम ऋणात्मक देखिएकोमा कारण नखुलाएकोले शोधभर्ना हिसाब यथार्थ नभएको व्यहोरा गत विगतदेखि औँल्याइएकोमा यो वर्षपनि सुधार हुनसकेको छैन । बन्द भईसकेको आयोजनाको शोधभर्ना रकम प्राप्त गर्ने वा हिसाब मिलान गर्नेतर्फ कारबाही हुनुपर्दछ ।

२२. **समष्टिगत ऋण** – यो वर्ष नेपाल सरकारले प्राप्त गरेको आन्तरिक र वैदेशिक ऋणको समष्टिगत स्थिति निम्नानुसार छ:

(रु.लाखमा)

ऋणको किसिम	२०६७।६८ सम्मको बाँकी	२०६८।६९ मा			२०६८।६९ सम्मको बाँकी	वृद्धि प्रतिशत
		प्राप्ति	समायोजन	साँवा भुक्तानी		
आन्तरिक	१,८४,१२,८७	३६,४१,८७	-	६,६२,६८	२,१३,९२,०६	१६.१८
वैदेशिक	२,५९,५०,११	१५,७०,०८	४७,६१,७६	१३,५३,२४	३,०९,२८,७१	१९.१८
जम्मा	**४,४३,६२,९८**	**५२,११,९५**	**४७,६१,७६**	**२०,१५,९२**	**५,२३,२०,७७**	**१७.९४**

उपर्युक्तबमोजिम २०६८।६९ सम्म नेपाल सरकारको कुल ऋण दायित्व रु.५ खर्ब २३ अर्ब २० करोड ७७ लाख रहेको छ । जसमध्ये आन्तरिक ऋण रु.२ खर्ब १३ अर्ब ९२ करोड ६ लाख र वैदेशिक ऋण रु.३ खर्ब ९ अर्ब २८ करोड ७१ लाख रहेको प्राप्त विवरणबाट देखिन्छ । कुल ऋण रकम गत वर्षको तुलनामा १७.९४ प्रतिशतले बढेको छ । सो ऋण २०६८।६९ को कुल गार्हस्थ उत्पादन (चालू मूल्यमा) रु. १५ खर्ब ५८ अर्बको ३३.५८ प्रतिशत रहेको छ । जनगणना २०६८ को जनसंख्याको अनुपातमा प्रतिव्यक्ति कुल ऋण दायित्व करिब रु.१९,५६६।६० रहेको छ ।

२३. **मौज्दात रकम** – वैदेशिक अनुदान तथा ऋण स्वरुप प्राप्त रकमलाई तोकिएको कार्यक्रम अनुरुप खर्च गरी शोधभर्ना माग गर्नुपर्नेमा विश्वविद्यालय अनुदान आयोगले रु.६ करोड ५३ लाख, काठमाडौं उपत्यका खानेपानी तथा सरसफाई आयोजनाले रु.४४ करोड ८ लाख र नगर विकास कोषले रु.११ करोड २८ लाख तथा विकेन्द्रीत ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रमले रु.१२ करोड ७२ लाखसमेत रु.७४ करोड ६१ लाख बैङ्क मौज्दात राखेका छन् । निश्चित कार्यक्रम सञ्चालनका लागि प्राप्त सहायता रकम तोकिएको कार्यमा खर्च नगरी मौज्दात राखेकोले सञ्चितकोष दाखिला हुनुपर्दछ ।

२४. **आन्तरिक र वैदेशिक ऋण लगानी** – यो वर्ष नेपाल सरकारले आन्तरिक र वैदेशिक ऋण लगानी गरेको समष्टिगत स्थिति निम्नअनुसार छः

(रु.लाखमा)

लगानी	२०६७।६८ सम्मको बाँकी	२०६८।६९ मा		यो वर्षसम्म फिर्ता	जम्मा लगानी बाँकी
		लगानी	समायोजनबाट थप		
आन्तरिक ऋण लगानी	२९,६३,९१	५,५४,९०	४२,५५	७३	३५,६०,६३
वैदेशिक स्रोतबाट ऋण लगानी	७९,९१,४३	२९,२८	३,३८,१४	१७,९७	८३,४०,८८
जम्मा	**१,०९,५५,३४**	**५,८४,१८**	**३,८०,६९**	**१८,७०**	**१,१९,०१,५१**

उपर्युक्त लगानी भएको रकमको सम्बन्धित संस्थाहरुबाट समर्थनपत्र लिएको छैन ।

आन्तरिक तथा वैदेशिक स्रोतबाट ऋण लगानी भई साँवा ब्याज असुल हुन बाँकी देखिएका संस्थाहरु विक्री, लिक्विडेशन र निजीकरण भइसकेका छन् । तीमध्ये १७ संस्थामा विभिन्न मितिमा आन्तरिक ऋण रु.१ अर्ब ७६ करोड ६१ लाख र ब्याज रु.५२ करोड ४६ लाखसमेत रु.२ अर्ब २९ करोड ७ लाख र ८ संस्थामा वैदेशिक ऋण रु.१६ करोड ६६ लाख लगानी गरेकोमा सोको भाखा नाघेका साँवा तथा ब्याज रकम यकिन गरी हिसाब राफसाफ गर्नुपर्नेमा गरेको छैन । विगतमा २८ संस्थामा लगानी भएको आन्तरिक ऋण रु.२ अर्ब ५ करोड १ लाखको लिनुपर्ने ब्याजसमेत हिसाब गरी असुल गर्ने कारबाहीका लागि गत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा यो वर्षपनि स्थिति यथावत् रहेको छ ।

२५. **भाखा नाघेको ऋण** – ऋणको भाखा नाघेकोमा साँवा ब्याजको बीजक जारी गरी असुल गर्नुपर्दछ । यस्तो भाखा नाघेको साँवा, ब्याज असुल गर्न बीजक जारी गर्ने कार्य शुरु गरे तापनि असुली कार्य प्रभावकारी हुनसकेको देखिँदैन । ऋण सम्झौता तथा तमसुकमा भएको साँवा फिर्ता तथा ब्याज भुक्तानी गर्ने समय तालिकाअनुसार ऋण लिएको संस्थाले साँवा फिर्ता तथा ब्याज बुझाएको देखिएन । जसले गर्दा संस्थाहरुबाट प्राप्त हुनुपर्ने साँवा र ब्याज रकम बढ्दै गई रु.३१ अर्ब ९४ करोड ८७ लाख पुगेको छ । भाखा नाघेका साँवा ब्याज बाँकी राख्नेमा खारेज भएका, विक्री तथा भाडामा गएका तथा अस्तित्व समाप्त भएका संस्थाहरु रहेका छन् । भाखा नाघेको साँवा फिर्ता तथा ब्याज असुल गर्नेतर्फ आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ ।

२६. **साँवा प्राप्ति –** नेपाल सरकारले २०६८।६९ को बजेट बक्तव्यमा सार्वजनिक संस्थामा आन्तरिक तथा वैदेशिक स्रोतबाट रु.१८ अर्ब ४४ करोड ७३ लाख ऋण लगानीको लागि बजेट व्यवस्था गरेकोछ । उक्त बजेटमध्ये रु.१२ अर्ब २३ करोड ५६ लाख (बजेटको तुलनामा ६६.३२ प्रतिशत) लगानी भएको छ । सोही बजेट बक्तव्यमा गत वर्षको ऋण लगानीमध्ये रु.५ अर्ब ९२ करोड ८९ लाख साँवा फिर्ता प्राप्ति गर्ने उल्लेख छ । प्राप्त केन्द्रीय आर्थिक विवरणअनुसार साँवा रु.१८ करोड ७० लाख लक्ष्यको तुलनामा ३.१५ प्रतिशतमात्र फिर्ता प्राप्त भएको देखियो ।कुल आन्तरिक ऋण लगानीमध्ये नेपाल सरकारको स्रोतबाट रु.१ अर्ब ७१ करोड ९१ लाख लगानी गर्ने बजेट व्यवस्था रहेकोमा रु.५ अर्ब ६० करोड ९० लाख लगानी

भएको छ । नेपाल सरकारको स्रोतबाट शुरु बजेटको तुलनामा ३२६ प्रतिशत बढी लगानी गरेको तर साँवा फिर्ता प्राप्ति गर्ने कार्य बजेटको तुलनामा ३.१५ प्रतिशतमात्र देखिँदा सरकार लगानी थप गर्दै जाने तर उठ्नुपर्ने साँवा उठाउनेतर्फ क्रियाशील नभएको कारण सार्वजनिक संस्थाहरु सरकारका लागि बोझिलो बन्दै गएको प्रष्ट हुन्छ । तसर्थ यस्ता कार्यमा सुधार हुन जरुरी छ ।

२७. **शेयर तथा ऋण लगानी –** कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरणअनुसार विभिन्न ऐनबाट स्थापना भएका सार्वजनिक तथा संगठित संस्थाहरुमा नेपाल सरकारले शेयर तथा ऋण लगानी गरेकोमा उक्त संस्थाहरुमा भएको लगानीबाट लाभांश, ब्याज र साँवा फिर्ताबाट प्राप्त भएको गैरकर राजस्व स्थिति यसप्रकार छ:

(रु.लाखमा)

क्र. सं.	विवरण	संस्था संख्या	लगानी रकम	लाभांश प्राप्त	साँवा फिर्ता	ब्याज प्राप्त	जम्मा	प्राप्त प्रतिशत
१	शेयर लगानी	१०३	१,११,७७,८२	९,४२,९८	-	-	९,४२,९८	८.४४
२	ऋण लगानी							
	(क) आन्तरिक	६६	३५,६१,३७	-	७४	६९,८०	६९,०५	१.९८
	(ख) वैदेशिक	४७	८३,५८,८५	-	१७,९६	१०५२२	१,२३,१९	१.४७
	जम्मा :	**२१६**	**२,३०,९८,०४**	**९,४२,९८**	**१८,७०**	**१,७५,०२**	**११,३५,२२**	**४.९१**

गत तीन वर्षको साँवा, ब्याज र लाभांश प्राप्तिको अनुमान तथा असुलीको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु.लाखमा)

विवरण	२०६८/६९		२०६७६८		२०६६।६७	
	अनुमान	असुली	अनुमान	असुली	अनुमान	असुली
साँवा फिर्ता	५,९२,८९	१८,७०	२,२८,४९	१,२७,९६	४,०५,८०	१,९५,३५
ब्याज प्राप्त	१,७७,२४	१,७५,०३	५,१२,५९	१,१९,९१	१,३०,००	४४,६६
लाभांश	१७,७३,९९	९,४२,९८	८,४८,५४	८,६२,४६	७,८४,७०	७,३५,०८
जम्मा	**२५,४४,१२**	**११,३६,७१**	**१५,८९,६२**	**११,१०,३३**	**१३,२०,५०**	**९,७५,०९**

नेपाल सरकारले १०३ संस्थामा १ खर्ब ११ अर्ब ७७ करोड ८२ लाख शेयर लगानी गरेकोमा यस वर्ष ७ संस्थाले रु.९ अर्ब ४२ करोड ९८ लाख लाभांश दिएको छ । लगानीको तुलनामा ८.४४ प्रतिशत प्रतिफल प्राप्त भएको छ । यसरी सरकारले गरेको लगानीको प्रतिफल न्यून रहेको र त्यसमा पनि अधिकांश संस्थाहरु नोक्सानीमा रहेकोले लाभांश प्राप्त भएको छैन । सरकारी संस्थानको दक्षता अभिवृद्धि गरी प्रतिफल प्राप्त गर्ने वा विनिवेश गरी लगानी फिर्ता लिनेतर्फ ध्यान जानुपर्दछ ।

२८. **फरक ऋण हिसाब –** कार्यालयले उपलब्ध गराएको २०६८।६९ को ऋण लगानीको अद्यावधिक आर्थिक विवरणअनुसारको ऋण लगानीको अभिलेख भिडान भए तापनि अर्थ मन्त्रालयले उपलब्ध गराएको २०६७।६८ सम्मको ऋण लगानी रकमसँग संस्थाले देखाएको ऋण लगानी रकम भिडान भएको छैन । निम्न १५ संस्थाको लगानी आर्थिक विवरणमा २०६७।६८ मा उल्लेख गरेको ऋण लगानी ३ संस्थाले रु.८० करोड ६ लाख बढी र १२ संस्थाले रु.१३ अर्ब ४५ करोड ४७ लाख घटी देखाएको छ । यस सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्ने देखियो ।

(रु.लाखमा)

सि.नं.	संस्थाको नाम	ऋण लगानी		संस्थाले देखाएको	
		म.ले.नि.का अनुसार	संस्थाले देखाए अनुसार	घटी	बढी
१	नेपाल नागरिक उडडयन प्राधिकरण	५,१९,२३	१,६२,८८	३,५६,३५	०
२	जनकपुर चुरोट कारखाना	२६,००	१८,५६	७,४४	०
३	उदयपुर सिमेन्ट उद्योग	२,२०,९९	१,७२,५०	४८,४९	०
४	नेपाल ओरिण्ड मेग्नेसाइट प्रा.लि.	३८,०७	१,०६,२५	०	६८,१८
५	नेपाल खाद्य संस्थान	४२	०	४२	०
६	नेपाल खानेपानी संस्थान	४,२६,३२	१,१०,७०	३,१५,६२	०
७	द टिम्बर कर्पोरेशन अफ नेपाल	५,७७	५,४७	३०	०
८	एन.सी.सी.एन	१०	०	१०	०

९	नेपाल वायुसेवा निगम	३४,६९	३६,९३	०	२,२४
१०	सांस्कृतिक संस्थान	२२,४३	१८,२५	४,१८	०
११	गोरखापत्र संस्थान	९,६४	०	०	९,६४
१२	नेपाल विद्युत प्राधिकरण	६८,३६,७७	६२,६३,१९	५,७३,५८	०
१३	नेपाल दूरसंस्थान कम्पनी लि.	१०,४२	०	१०,४२	०
१४	कृषि विकास बैङ्क लि.	२,६९,४१	२,४२,१५	२७,२६	०
१५	नेपाल औद्योगिक विकास निगम	१,३१	०	१,३१	०
	जम्मा :	**८४,२१,५७**	**७१,३६,८८**	**१३,४५,४७**	**८०,०६**

लगानीको हिसाब राख्ने र ऋण लिने संस्थाबीचको हिसाब फरक हुनुमा एकद्वार प्रणालीबाट लगानी नहुनु, लगानी गर्ने निकायले लगानीको अभिलेख महालेखा नियन्त्रक कार्यालयमा नपठाउनु र सीधै लगानी गर्नु जस्ता प्रमुख कारण रहेका छन । अत: संस्थामा लगानी गर्दा एकद्वार प्रणाली लागू गरी नियन्त्रण र समन्वयको व्यवस्था हुनुपर्दछ ।

महालेखा नियन्त्रक कार्यालयले तयार गरेको ऋण लगानी अभिलेखअनुसार विभिन्न संस्थाहरुमा शर्त, सम्झौता बेगर ऋण लगानी गरेको, ऋण लगानीको सहायक ऋण सम्झौता एवं तमसुक नरहेको, ऋण फिर्ता प्राप्त गर्नुपर्ने मिति र ब्याजदर खुलाई अभिलेख नराखेको, सम्झौताबमोजिम समयभित्र साँवा ब्याज प्राप्त नभएको, बजेट विनियोजननै नभएकोमा रकमान्तरबाट लगानी गरेको देखिन्छ भने विनियोजन भएकोमा वैदेशिक ऋण तथा अनुदान प्राप्त नभएका कारण लगानी हुन नसकेको जस्ता व्यहोरा देखिएका छन् । अत: दीर्घकालीन लगानी नीति तयार गरी योजना अनुरुप सार्वजनिक संस्थामा लगानी गर्ने र लगानी भएको रकमको उचित व्यवस्थापन गर्नु जरुरी देखिएको छ ।

२९. **शेयर लगानी** – कार्यालयबाट प्रस्तुत आर्थिक विवरणमा विभिन्न ऐनबाट स्थापना भएका १०३ संस्थामा शेयर लगानीबापत गत वर्षसम्मको रु.९८ अर्ब ७० करोड ७२ लाख र यो वर्षको रु.१२ अर्ब ९ करोड ३८ लाख मध्ये ६ संस्थामा समायोजनबाट रु.७० करोड ७२ लाख थप लगानीसमेत रु.१ खर्ब ११ अर्ब ७७ करोड ८२ लाख शेयर लगानी देखिन्छ । यससम्बन्धी व्यहोरा निम्न छन्:

२९.१ सार्वजनिक संस्थाहरुमा हालसम्म गरेको लगानीमध्ये ४३ संस्थामा गरेको लगानी रु.७९ अर्ब ९२ करोड ७४ लाखको शेयर प्रमाणपत्र यो वर्षपनि प्राप्त भएको छैन । यसैगरी २८ संस्थामा लगानी रु.१० अर्ब ७० करोड ३८ लाख गरेकोमध्ये रु.५ अर्ब ३९ करोड ३४ लाखको शेयर प्रमाणपत्र प्राप्त गरेको छैन । लगानी गरेका संस्थाहरुबाट शेयर प्रमाणपत्र प्राप्त गरी कार्यालयको शेयर लगानी अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

२९.२ नेपाल सरकारले शेयर लगानी गर्दा संस्थानहरुको प्रबन्धपत्र तथा नियमावलीअनुसार नेपाल सरकारको हिस्सा निर्धारण गरी अधिकृत पूँजीको सीमाभित्र रही शेयर लगानी गर्नुपर्दछ । यो वर्ष थप भएकोसमेत २५ संस्थाको शेयरमा गरेको लगानी रु.२८ अर्ब ४१ करोड २३ लाखका सम्बन्धमा अधिकृत पूँजी किटानी नगरी आर्थिक विवरण तयार गरेको छ । कार्यालयले उपलब्ध गराएको अद्यावधिक विवरणअनुसार देहायका संस्थाहरुमा अधिकृत पूँजीभन्दा बढी लगानी गरेको छ:

(रु.लाखमा)

क्र.सं.	संस्थाको नाम	अधिकृत पूँजी	यस वर्षको लगानी	कुल लगानी	बढी लगानी
१	नेपाल वायुसेवा निगम	३०,००	-	३७,९३	७,९३
२	नेपाल विद्युत प्राधिकरण	३०,००,००	४,८८,१७	४४,००,१०	१४,००,१०
३	नेपाल खाद्य संस्थान	९९,०५	-	९९,९३	८८
४	नेपाल आयल निगम	१०,००	-	२९,०८	१९,०८
५	कर्जा सुरक्षण निगम	२१,००	५१,४८	८७,०६	६६,०६
६	नेपाल टेलिभिजन	१,५०,००	६,५०	१,७१,३९	२१,३९
	जम्मा:	**३३,१०,०५**	**५,४६,१५**	**४८,२५,४९**	**१५,१५,४४**

अधिकृत पूँजीलाई ध्यानमा राखी लगानी गर्नुपर्नेसम्बन्धमा गत वर्ष औँल्याइएकोमा यो वर्षपनि सुधार भएको छैन ।

२९.३ अर्थ मन्त्रालयले उपलब्ध गराएको २०६७।६८ सम्मको विभिन्न संस्थाहरुले देखाएको शेयर लगानी रकम र महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको २०६७।६८ को शेयर लगानीको आर्थिक विवरणअनुसार रकम भिडान भएको छैन । यस सम्बन्धमा गत विगत वर्षको प्रतिवेदनमा औँल्याउँदै आएकोमा निम्न १७ संस्थामा लगानीको आर्थिक विवरणमा उल्लेखभन्दा ७ संस्थाले रु.१ अर्ब ५४ करोड ५४ लाख बढी र १० संस्थाले रु.१६ अर्ब १६ करोड ६१ लाख घटी शेयर लगानी देखाएको छ । यस सम्बन्धमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ ।

(रु.लाखमा)

सि.नं.	संस्थाको नाम	शेयर लगानी		संस्थाले देखाएको	
		म.ले.नि.का अनुसार	संस्थाले देखाए अनुसार	घटी	बढी
१	नेपाल खाद्य संस्थान	९९,९२	९९,०५	८७	०
२	नेपाल आयल निगम	२९,०८	९,५१	१९,५७	०
३	नेपाल नागरिक उड्डयन प्राधिकरण	१२,८२,३४	११,७३,५४	१,०८,८०	०
४	नेपाल खानेपानी संस्थान	१,४०,७६	३४,७६	१,०६,००	०
५	नेपाल वायुसेवा निगम	३७,९२	१६,२३	२१,६९	०
६	नेपाल विद्युत प्राधिकरण	३९,११,९२	२५,६९,४८	१३,४२,४४	०
७	नेपाल दूरसंस्थान कम्पनी लि.	१३,७२,४२	१३,७२,४०	२	०
८	नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी	३७	७२	०	३५
९	जनकशिक्षा सामग्री केन्द्र	४५,६३	४५,००	६३	०
१०	कृषि विकास बैङ्क लि.	८,०६,२८	९,४३,७५	०	१,३७,४७
११	राष्ट्रिय बीमा संस्थान	४,९८	९,४६	०	४,४८
१२	नेपाल औद्योगिक विकास निगम	३४,९१	४१,२७	०	६,३६
१३	राष्ट्रिय विउ विजन कम्पनी	११,००	११,८५	०	८५
१४	नेपाल आवास फाइनान्स लि.	१,७५	१,८४	०	९
१५	नेपाल टेलिभिजन	१,६४,८९	१,४९,५१	१५,३८	०
१६	ग्रामिण आवास कम्पनी लि.	२६	५,२०	०	४,९४
१७	जडिबुटी उत्पादन तथा प्र.केन्द्र लि	३,९६	२,७५	१,२१	०
	जम्मा:	**७९,४८,३९**	**६४,८६,३२**	**१६,१६,६१**	**१,५४,५४**

लगानीको हिसाब राख्ने र लगानी गरिएको संस्थाबीचको हिसाब फरक हुनुमा एकद्वार प्रणालीबाट लगानी नहुनु, लगानी गर्ने निकायले लगानीको अभिलेख महालेखा नियन्त्रक कार्यालयमा नपठाउनु र सीधै लगानी गर्नु जस्ता प्रमुख कारण रहेका छन । शेयर लगानी गर्दा एकद्वार प्रणाली लागू गरी नियन्त्रण र समन्वयको व्यवस्था गरिनुपर्दछ ।

३०. **कार्यसञ्चालन कोष –** कार्यसञ्चालन कोषसम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

३०.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(४) अनुसार महालेखा नियन्त्रक कार्यालयले विनियोजन तथा राजस्व लगायत अन्य सबैप्रकारका कारोबारहरुको लेखा राख्न लगाई त्यसको केन्द्रीय विवरण तयार गरी महालेखापरीक्षक समक्ष पेश गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयले पेश गरेको २०६८।६९ को कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरणअनुसार ७ कार्यालयले गत वर्षभन्दा रु.१० करोड २४ लाख ५५ हजार बढी र ८ कार्यालयले गत वर्षभन्दा रु.२५ करोड २५ लाख ३७ हजार घटी जिम्मेवारी सारेका छन् । घटी बढी जिम्मेवारी सारेकोसम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

३०.२ कार्यसञ्चालन कोष ऐन, २०४३ को दफा ३ को उपदफा १ मा मन्त्रालयले आवश्यक देखेमा आफ्नो उत्पादन वा सेवा विक्री गरी आर्जन गर्ने निकायले विशेष कार्यसञ्चालन गर्न कार्यसञ्चालन कोषको स्थापना गर्नसक्ने उल्लेख छ । ऐनको उक्त व्यवस्थाअनुसार राजस्व आर्जनमध्येबाट केही प्रतिशत वा विनियोजन ऐनद्वारा विनियोजित रकममात्र यस कोषमा आम्दानी बाँध्नसक्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा युवा तथा साना व्यवसायी स्वरोजगार कोष, वाली संरक्षण निर्देशनालय, ललितपुर र विभिन्न ६३ जिल्लाका प्रहरी कार्यालयले रु.१ अर्ब ७२ करोड २६ लाख कार्यसञ्चालन कोष खडा गरी जम्मा गरेको पाइयो । उत्पादन तथा सेवा

विक्री गरी आर्जन गर्ने निकायले विशेष कार्यसञ्चालन गर्नका लागि खडा गरिएको कोषमा आर्थिक वर्षको अन्त्यमा फ्रिज हुन नदिने र अर्को आर्थिक वर्षमा सोही रकम खर्च गर्ने अभिप्रायले रकम जम्मा गर्नु उपयुक्त देखिएन ।

३१. **केन्द्रीय धरौटी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १११(ग) मा विनियोजन, राजस्व र धरौटीको केन्द्रीय आय–व्यय लेखा तयार गरी लेखापरीक्षण गराउने काम र कर्तव्य महालेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयबाट तयार गरी पेश हुन आएको धरौटीको केन्द्रीय आर्थिक विवरण परीक्षण गर्दा विभिन्न ४१ मन्त्रालय एवं सचिवालय अन्तर्गत २०६८ आषाढमा रु.७ अर्ब ५७ करोड ३० लाख जिम्मेवारी बाँकी देखाएकोमा यस आर्थिक वर्षमा जम्मा रु.७ अर्ब ३७ करोड ९२ लाख शुरु मौज्दात देखाई गत वर्षभन्दा रु.१९ करोड ३८ लाख घटी जिम्मेवारी देखाएको छ । आर्थिक विवरण परीक्षण गर्दा गत वर्षको मौज्दात घटी/बढी जिम्मेवारी सारेको र गत वर्ष अन्तिम मौज्दात नदेखाएकोमा यो वर्ष शुरु मौज्दात देखाएको आदि फरक पारी आर्थिक विवरण तयार गरेको पाइयो । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

३१.१ कार्यालयले उपलब्ध गराएको आर्थिक विवरणमा २६ कार्यालयको २०६७।६८ को अन्तिम मौज्दात रु.२१ करोड १७ लाख यो वर्ष शुरु मौज्दात देखाएको छैन । शुरु मौज्दात नदेखाउनुको कारण स्पष्ट छैन ।

३१.२ नेपाल राष्ट्र बैङ्कले २०६८।६९ को आषाढ महिनाको नेपाल सरकारको ख.३ धरौटी खातामा रु.८ अर्ब ७६ करोड ३६ लाख मौज्दात बाँकी देखाएको छ । कार्यालयबाट प्राप्त धरौटीको केन्द्रीय आर्थिक विवरणमा स्रेस्ताअनुसार रु.९ अर्ब १९ करोड ९५ लाख देखाएको छ । स्रेस्ता र बैङ्क मौज्दातमा रु.४३ करोड ६० लाख फरक देखिएको छ । फरक पर्नाको कारण स्पष्ट हुनसकेको छैन ।

आन्तरिक राजस्व विभाग

३२. **राजस्व असुली** – विभाग र मातहत कार्यालयसमेतको यो वर्ष रु.१ खर्ब ५४ अर्ब ६ करोड ५ लाख राजस्व असुल गर्ने अनुमान रहेकोमा लेखापरीक्षण भएका २४ कार्यालयको आर्थिक विवरणबाट रु.१ खर्ब ५१ अर्ब ५५ करोड ८५ लाख असुली भएको छ । विभागबाट प्राप्त वार्षिक प्रतिवेदनमा रु.१ खर्ब ५४ अर्ब ९३ करोड २८ लाख कर राजस्व असुल भएको उल्लेख छ भने विभागबाटै प्राप्त राजस्वको केन्द्रीय आर्थिक विवरणमा रु.१ खर्ब ५१ अर्ब ५६ करोड १ लाख असुली देखाएको छ । यसरी आन्तरिक राजस्व विभागको





वार्षिक प्रतिवेदन, केन्द्रीय आर्थिक विवरण र इकाईगत आर्थिक विवरणमा राजस्व असुली रकम फरक देखिएको छ । विभागले तयार गरेको छुट्टा छुट्टै प्रतिवेदनमा राजस्व असुली फरक देखाएको सम्बन्धमा विगत वर्षमा समेत औंल्याईएकोमा स्थिति यथावत् छ । विगत ५ वर्षको आन्तरिक राजस्व

असुलीको प्रवृत्ति रेखाचित्रमा र यस वर्षको शीर्षकगत असुली वृत्तचित्रमा देखाइएको छ । आन्तरिक राजस्व विभागको लक्ष्यको तुलनामा समग्र राजस्व असुली ९८.३७ प्रतिशत देखिएको र मातहत कार्यालयहरुमा समेत यो वर्ष भएको खर्च रु.१ अर्ब २ करोड र राजस्व असुली स्थितिको विश्लेषण गर्दा प्रतिहजार कर राजस्व सङ्कलनमा रु.६/७३ लागत पर्न गएको छ ।

३३. **राजस्व बक्यौता –** शीर्षकगत केन्द्रीय आर्थिक विवरण अनुसार मूल्य अभिवृद्धि कर बाहेक आयकर, साविक बिक्री कर तथा अन्त:शुल्कसमेत रु.२५ अर्ब ३६ करोड २५ लाख बक्यौता बाँकी देखिन्छ । विभाग मातहतका कार्यालयहरुको आर्थिक विवरणबाट राजस्व बक्यौता रु.२५ अर्ब ३६ करोड ३८ लाख देखिएकोले लगत फरक परेको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

३३.१ गत वर्षको केन्द्रीय आर्थिक विवरणमा राजस्व बक्यौता रु.२२ अर्ब १९ करोड ७४ लाख देखाएकोमा यो वर्ष रु.२१ अर्ब १५ करोड ४३ लाख बक्यौता जिम्मेवारी सारेको छ । राजस्व बक्यौता रु.१ अर्ब ४ करोड ३१ लाख घटी जिम्मेवारी सारेको सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरेकोले प्राप्त केन्द्रीय हिसाबले विभाग र मातहत कार्यालयमा रहेको लगति राजस्वको हिसाब यथार्थ एवं भरपर्दो देखिएन । यस सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

३३.२ गत वर्षसम्मको राजस्व बक्यौता रु.२१ अर्ब १५ करोड ४३ लाखमध्ये रु.२ अर्ब ३१ करोड ७२ लाख (१०.९५ प्रतिशत) मिनाहा लगत कट्टा भएको घटाई रु.१८ अर्ब ८३ करोड ७१ लाख बक्यौता कायम गरेको छ । सोमध्ये रु.११ करोड ८६ लाख (०.६३ प्रतिशत) मात्र असुल भएको केन्द्रीय आर्थिक विवरणबाट देखियो । बक्यौता असुलीभन्दा मिनाहा रकममा वृद्धि भएको छ । आयकर ऐन, २०५८ अनुसार करदाताले दाखिला गर्नुपर्ने कर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न करदाताहरुको खोजतलास गरी टुङ्गो लगाउने, सम्पत्ति तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही गर्नसक्ने कानूनमा व्यवस्था छ तापनि तदनुसार कारबाही गर्नसकेको छैन । कारबाही गरी बक्यौता असुल गर्नुपर्ने व्यहोरा गत विगत वर्षदेखि औँल्याइएकोमा स्थितिमा सुधार भएको छैन ।

३३.३ राजस्व बक्यौता असुली सम्बन्धमा कार्य तालिका बनाई प्रभावकारी तवरले असुली प्रक्रिया अगाडि बढाउनुपर्नेमा बाँकी बक्यौतामध्ये यो वर्ष कट्टा भई कायम भएको लगतमा न्यून रकममात्र असुली भएको छ । केही कार्यालयहरुको उदाहरण निम्नानुसार छ:

(रु.लाखमा)

आन्तरिक राजस्व कार्यालय	गत वर्षको राजस्व बक्यौतामध्ये लगत कट्टा भई बाँकी लगत	यो वर्ष असुली	असुली प्रतिशत
ठूला करदाता	११,८४,८४	३,३०	०.२८
हेटौंडा	६८,४०	२	०.०३
सिमरा	५५,२७	१०	०.१८
भैरहवा	१,०९,५०	८७	०.७९
भरतपुर	१,२५,०७	७५	०.५९
ललितपुर	१,१८,८५	०	०
भक्तपुर	११,२०	६	०.५३
वीरगंज	१४,३६	०	०

३३.४ आन्तरिक राजस्व कार्यालय, भैरहवा अन्तर्गत मदिरा उत्पादनको कारोबार गर्ने एक करदाताको बक्यौता २०६८।६।२ सम्मको आयकरतर्फ रु.३९ लाख अन्त:शुल्कतर्फ रु.१ अर्ब ७९ करोड ३० लाख र २०६९।३।३१ सम्मको मूल्य अभिवृद्धि कर रु.६४ करोड ८५ लाखसमेत जम्मा राजस्व बक्यौता रु.२ अर्ब ४४ करोड ५४ लाख रहेको देखिन्छ । उक्त बक्यौता राजस्व सामान्य प्रक्रियाबाट असुल हुनसक्ने अवस्था नरहेको हुँदा सञ्चालकको नाममा रहेका चल अचल सम्पत्ति कानूनी रीत पुऱ्याई लिलाम प्रक्रियामा जान स्वीकृतिको

लागि कार्यालयले आन्तरिक राजस्व विभागमा २०६८।६।२ र २०६९।१।१२ को पत्रबाट अनुरोध गरेकोमा महानिर्देशकको स्वीकृति प्राप्त नभएको कारण लिलामको प्रक्रिया अगाडि बढ्नसकेको छैन ।

मदिराको उत्पादन तथा निष्काशनमा भौतिक नियन्त्रण प्रणाली लागू हुने, यो प्रणाली अन्तर्गत अन्त:शुल्क अधिकृतले तोकेको कर्मचारीको नियन्त्रणमा अन्त:शुल्क लाग्ने वस्तुको उत्पादन, निष्कासन, पैठारी तथा निकासी कार्य गरिन्छ । अन्त:शुल्क ऐन, २०५८ को दफा ३ अनुसार मदिरा निष्काशनकै अवस्थामा अन्त:शुल्क दाखिला गरेपछिमात्र डिष्टिलरीबाट निष्काशन तथा विक्री वितरण गरिने हुँदा अन्त:शुल्क बक्यौता नरहनुपर्नेमा ऐनको प्रभावकारी कार्यान्वयन नहुँदा बक्यौता रहन गएको देखियो । एउटै करदातासँग यति ठूलो परिमाणमा राजस्व बक्यौता रहेकोले निज करदाताबाट सबै किसिमका कर बक्यौता असुली गर्नेतर्फ शीघ्र कारबाही अगाडि बढाउनुपर्दछ । यस सम्बन्धमा लिलामको प्रक्रियामा शीघ्र अघि बढाउन विभागको कानून शाखासँग समन्वय गरिएको जवाफ प्राप्त भएको छ ।

३३.५ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ ले निम्नानुसार रु.१ अर्ब २८ करोड ९९ लाख लगत हस्तान्तरण गरेको जनाई आफ्नो अभिलेखबाट लगत कट्टा गरेकोछ । तर सम्बन्धित कार्यालयहरुले सरी आएको उपर्युक्त लगत आम्दानी देखाएको छैन । एउटा कार्यालयले लगत सरेको जनाई बक्यौता लगत घटाउने तर अर्कोले आम्दानी नदेखाउनाले राजस्व असुली नभई बक्यौता राजस्व लोप हुनसक्ने देखिन्छ । लगत सरेको रकम सम्बन्धित कार्यालयले आम्दानी गरेपछि मात्र लगत कट्टा गर्नुपर्दछ ।

(रु.लाखमा)

सि.नं.	लगत सरेको कार्यालय	लगत रकम
१.	आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३	१,०१,५४
२.	आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२	२,६१
३.	ठूला करदाता कार्यालय	२३,१६
४.	आन्तरिक राजस्व कार्यालय, ललितपुर	१
५.	आन्तरिक राजस्व कार्यालय, धनगढी	१
६.	करदाता सेवा कार्यालयहरु – ५	१,६६
	जम्मा:	**१,२८,९९**

३४. **आर्थिक विवरण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १३ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र लगति तथा हसवली असुल हुन बाँकी राजस्वसमेतको कच्चावारी भिडाई वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । यसैगरी असुल भएको राजस्व रकमको कार्यालयगत हिसाब यकिन गर्न प्रत्येक कार्यालयको नाममा बैङ्कमा छुट्टा छुट्टै नन्अपरेटिङ्ग खाता खोली सञ्चालन गर्ने र प्रत्येक कार्यालयले बैङ्कसँग हिसाब मिलान गरी राजस्व लेखा अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालयहरुले दाखिला भौचर भिडान नगरेको, लेखा अद्यावधिक नराखेको, लगती तथा हसवली राजस्वको अभिलेख बेगर आर्थिक विवरण तयार गरेको, बैङ्क हिसाब भिडान नगरेको जस्ता कारणबाट प्रस्तुत आर्थिक विवरणले कारोबारको यथार्थ स्थिति दर्शाउन सकेको छैन । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

३४.१ आन्तरिक राजस्व विभागबाट प्रस्तुत आर्थिक विवरणमा यो वर्ष मूल्य अभिवृद्धि करतर्फ असुल भएको रु.६६ अर्ब ७३ लाख हसवली आम्दानी देखाएको छ । कार्यालयबाट कर निर्धारण गरी माग भएको रकमसमेत हसवली राजस्वमा देखाउन मिल्ने होइन । त्यस्तै करदाताले कर निर्धारण गरी बुझाउन बाँकी देखाई विवरण दाखिला गरेपछि सो रकमलाई लगती राजस्व कायम गर्नुपर्नेमा सो गरेको पनि देखिएन । मूल्य अभिवृद्धि करतर्फ २०६९ आषाढ मसान्तसम्म असुल गर्न बाँकी रु.५ अर्ब ८ करोड ७३ लाख लगत कायम गरी आर्थिक विवरणमा लगतको रुपमा समावेश गरेको छैन ।

३४.२ आन्तरिक राजस्व कार्यालय, लाहान र जनकपुरले मासिकरुपमा बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन । कार्यालयको राजस्व लेखाभन्दा राजस्व असुली गर्ने बैङ्कको स्टेटमेन्ट अनुसार लाहानको रु.१ करोड ५० लाख र जनकपुरको रु.१ करोड ३० लाख बढी दाखिला देखाएको छ । बढी राजस्व असुली देखाएको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

३४.३ आन्तरिक राजस्व कार्यालय, विराटनगरले मासिक रुपमा बैङ्क हिसाब मिलान विवरण तयार गरेको छैन । राजस्वको आर्थिक विवरण अनुसार यस वर्ष बैङ्क दाखिला रु.१० अर्ब ४२ करोड १७ लाख देखिएको छ । बैङ्क विवरण अनुसार राजस्वको ६ शीर्षकमा रु.१ करोड ७७ लाख घटी र १८ शीर्षकमा रु.१ करोड ७६ लाख बढी दाखिला देखिएको छ । यस सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

३५. **कानूनको पालना –** राजस्वसम्बन्धी ऐन नियमको अधीनमा रही विभागका महानिर्देशकले जारी गरेका पूर्वादेश, परिपत्र आदि प्रभावकारी रुपमा लागू गरी राजस्व सङ्कलन गर्नु गराउनु आन्तरिक राजस्व कार्यालयको प्रमुख कर्तव्य हो । दक्ष, स्वच्छ एवं पारदर्शी कर प्रशासनद्वारा करदातालाई प्रभावकारी सेवा प्रदान गरी आन्तरिक राजस्वको अधिकतम परिचालन गर्नु आन्तरिक राजस्व विभागको उद्देश्य रहेको छ । यी उद्देश्य परिपूर्तिको लागि राजस्व सम्बन्धी कानून तथा कार्यविधिको पालना नगरेका केही उदाहरण देहाय अनुसार छ:

३५.१ आयकर ऐन, २०५८ को परिच्छेद १७ अन्तर्गत कर कट्टी गर्नुपर्ने दायित्व भएका जुनसुकै व्यक्तिले स्थायी लेखानम्बर लिई कारोबार गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, वीरगंजमा दर्ता भै खाद्यान्नको कारोबार गर्ने एक करदाताको २०६६।६७ र औषधीको कारोबार गर्ने अर्को करदाताको २०६७।६८ को करपरीक्षण गर्दा ती करदाताले पेश गरेको विवरण अनुसार क्रमश: ५ र ७ जनालाई रु.२ लाख देखि रु.४३ लाखसम्म बिक्री गरेको विवरण पेश गरेको छ । कार्यालयबाट करपरीक्षण गर्दा आयकरमा दर्ता नभएका ती करदाता कुन आन्तरिक राजस्व कार्यालयको कार्यक्षेत्रभित्रका हुन् छानबिन गरी दर्ता गराउन प्रयास गर्नुपर्नेमा सोसम्बन्धमा केही उल्लेख नगरी करपरीक्षण गरेको पाइयो । यसले गर्दा आयकरमा दर्ता भै कारोबार गरी कर तिर्नुपर्ने दायित्व हुने करदाताले कर उन्मुक्ति पाउने अवस्था छ ।

३५.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा १२ महिनामा रु.२० लाखभन्दा बढीको कारोबार गर्ने प्रत्येक व्यक्तिले कारोबार शुरु गर्नुभन्दा अगाडि मूल्य अभिवद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, जनकपुरमा दर्ता रहेको ग्याँस उत्पादन तथा बिक्री वितरण गर्ने एक करदाताको २०६६।६७ को करपरीक्षण गर्दा निजले पेश गरेको आय विवरणको अनुसूची–१३ अनुसार सोही कार्यालयको कार्य क्षेत्र अन्तर्गत पर्ने ५ करदातालाई रु.२० लाखभन्दा बढीको सामान बिक्री गरेको विवरण पेश गरेको छ । तर ती करदाताले पेश गरेको सोही वर्षको आय विवरण परीक्षण गर्दा रु.२० लाखभन्दा कमको कारोबार देखाई डे–१ को आय विवरण पेश गरेको पाइयो । एउटै कार्यालयको कार्य क्षेत्रमा पर्ने करदाताको खरिद र बिक्री एक आपसमा नभिडेको र मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने थ्रेसहोल्डको कारोबार गरेपनि दर्ता नभएको सम्बन्धमा कार्यालयले थप छानबिन गरी ती करदातालाई करको दायरामा ल्याई कर दायित्व निर्धारण गर्नुपर्नेमा सो अनुसार भएको पाइएन ।

३५.३ ठूला करदाता कार्यालयले एक करदाताको २०६६।६७ को करपरीक्षण गर्दा अनुसूची–१३ मा उल्लेख भएअनुसार आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ अन्तर्गतका मदिरा लगायतका वस्तुहरुको कारोबार गर्ने एक करदातालाई रु.९ करोड ४ लाख बिक्री देखाएको छ । उल्लेखित दुई करदाताबीच मूल्य अभिवृद्धि कर लाग्ने वस्तुहरुको कारोबार भएको छ । क्षेत्र नं.२ को उक्त करदाताले अन्य करदातासँग पनि खरिद गर्नसक्ने भएकोले सो करदाताको खरिद रु.९ करोडभन्दा बढी हुने निश्चित छ । निज करदाताले २०५९।८।२ देखि मूल्य अभिवृद्धि कर तथा आय विवरण बुझाएको पनि देखिएन । करोडौँ रकमको कारोबार गर्ने करदाताले विगत १० वर्षदेखि विवरण बुझाएको नदेखिएकोले ठूलो रकम राजस्व दाखिला हुनसकेको छैन । तसर्थ करदाताको विगत वर्षदेखिको कारोबार अनुसन्धान गरी लाग्ने आयकर र मूल्य अभिवृद्धि कर असुल हुनुपर्दछ ।

३५.४ आयकर ऐन, २०५८ को दफा ९५ मा वार्षिक कर बुझाउनुपर्ने आय भएका प्रत्येक व्यक्तिले चालू आय वर्षको पौष महिनाभित्र आफुले सो वर्ष आम्दानी गर्नसक्ने निर्धारणयोग्य आय, सो आय प्राप्त गर्न लाग्ने खर्च कट्टी

सहितको अनुमानित आय विवरण बुझाउनुपर्ने व्यवस्था छ । यस्तै दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिनाभित्र र दफा ९८ बमोजिम म्याद थप भएकोमा सो म्यादभित्र आय विवरण दाखिला गर्नुपर्ने, दफा ९९(२) मा कुनै व्यक्तिले कुनै आय वर्षको आय विवरण पेश नगरेमा आय विवरण दाखिला नभएसम्मको लागि आय विवरण पेश गर्नुपर्ने मितिमा कर निर्धारण भए सरह मानिने व्यवस्था छ । ऐनको दफा १०१ ले यस्ता व्यक्तिको संशोधित कर निर्धारण गर्नसकिने व्यवस्थासमेत गरेको छ । आन्तरिक राजस्व कार्यालयहरुबाट प्राप्त विवरणअनुसार आयकरतर्फ कुल ४ लाख ४७ हजार ६६९ करदाता रहेको देखिन्छ । सोमध्ये २ लाख १२ हजार ७०३ (४७.५१ प्रतिशत) करदाताबाटमात्र यो वर्ष आय विवरण दाखिला भएको देखिन्छ । बाँकी ४२.४९ प्रतिशत करदाताको सन्दर्भमा आय विवरण दाखिला गराउनेतर्फ विभागले सक्रियता बढाउने, करदातालाई प्रशिक्षित गराउने कार्यमा थप प्रयास गर्न आवश्यक देखिएको छ ।

३५.५ आर्थिक ऐन, २०६८ अनुसार नेपाल सरकार र सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेकका अन्य निकायले प्रदान गर्ने स्वास्थ्य सेवाहरुमा जारी बीजक मूल्यको ५ प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाउने र असुलउपर गर्ने व्यवस्था छ । स्वास्थ्य सेवा कर असुल गर्ने व्यक्ति, संस्था वा निकायले असुल गरेको रकम प्रत्येक चौमासिक अवधि समाप्त भएको २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । सम्बन्धित संस्थाले बुझाउन ल्याएको आधारमा आन्तरिक राजस्व कार्यालयहरुले यो वर्ष रु.२६ करोड ४४ लाख स्वास्थ्यसेवा कर असुली गरेको छ । स्वास्थ्यसेवा कर असुली गर्ने संस्थाको अद्यावधिक लगत राखी नियमित अनुगमन गर्ने र कर दाखिला नगर्ने संस्थालाई आवश्यक कारबाही गर्नुपर्दछ ।

३५.६ आर्थिक ऐन, २०६८ बमोजिम निजी शिक्षण संस्थाले उठाउने भर्ना तथा शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असुल गर्नुपर्ने व्यवस्था छ । यो वर्ष सम्बन्धित शिक्षण संस्थाहरुले बुझाउन ल्याएको आधारमामात्र आन्तरिक राजस्व कार्यालयहरुले रु.२२ करोड २१ लाख शिक्षा सेवा शुल्क असुल गरेका छन् । शिक्षा सेवा कर निर्देशिका, २०६५ को दफा ३.१ मा प्रत्येक शिक्षण संस्थाले कर असुल गर्ने प्रयोजनका लागि आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखानम्बर लिनुपर्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालयको कार्यक्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुले स्थायी लेखानम्बर लिए नलिएको अभिलेख अद्यावधिक छैन । उक्त कर असुलीसम्बन्धमा अनुगमन गरी कर दाखिला नगर्नेलाई कानूनअनुसार कारबाही गरिनुपर्दछ ।

३६. **लेखापरीक्षकको खुलासा –** आयकर ऐन, २०५८ को दफा ९९ अनुसार आय विवरण दाखिला गरेको अवस्थामा कर निर्धारण गरे सरह मानिने व्यवस्था छ । ऐनको यो व्यवस्थाले कर निर्धारण प्रक्रिया स्वयंकर निर्धारणमा आधारित छ । करदाताले तयार गरेको वित्तीय विवरण तथा आय विवरण परीक्षण गरी मन्तव्य दिने काम कर लेखापरीक्षकको हो । कम्पनीले पेश गर्नुपर्ने वित्तीय विवरणको ढाँचा कम्पनी ऐन, २०६३ तथा लेखामान १ ले पनि वित्तीय विवरणमा पर्याप्त खुलासा गर्नुपर्ने व्यवस्था गरेको छ । कम्पनी ऐनले तोकेको ढाँचामा लेखामानबमोजिम खुलासा गरी पेश गरेको वित्तीय विवरण कर लेखापरीक्षकले प्रमाणित गर्ने र सोहीअनुसार स्वयंकर निर्धारण गरी पेशगर्नुपर्ने व्यवस्था छ । प्रचलित कानुन तथा लेखामानले उपर्युक्त व्यवस्था गरे तापनि कर लेखापरीक्षकले वित्तीय विवरणमा खुलाउनुपर्ने न्यूनतम खुलासा तथा विवरण समेत संलग्न नगरी वित्तीय विवरण तथा आय विवरणको प्रमाणीकरण गर्ने गरेको देखियो ।

(रु.लाखमा)

क्र.सं.	आन्तरिक राजस्व कार्यालय	रकम	देखिएका व्यहोरा
१	नेपालगंज	११,११	नगद प्रवाह विवरण तयार नगरेको ।
२.	पोखरा	३६,०८	मौज्दात विवरण भिडान नगरी व्यवस्थापनबाट प्रमाणित गरेको भनी उल्लेख गरेको ।
३.	ठूला करदाता कार्यालय	२६,७५	आयकर ऐनमा व्यवस्था भएभन्दा कम ह्रास खर्च कट्टी गरेकोमा नेपाल लेखामान ९ अनुसार स्थगन कर सम्पत्ति निर्धारण नगरेको ।
४.	ठूला करदाता कार्यालय	७-४१	विविध आसामी रु.३ करोड २१ लाख र साहु रु.२ करोड २९ लाख एकमुष्ट उल्लेख गरेकोमा विस्तृत विवरण तयार नगरेको ।
५.	महेन्द्रनगर	-	बैङ्क स्टेटमेन्टअनुसार रु.७ लाख २८ हजार ऋण लिएकोमा वित्तीय विवरणमा रु.७५ लाख ऋण लेखाङ्कन गरिएको ।

यसप्रकारको प्रमाणिकरणले राजस्व असूलीमा समेत प्रत्यक्ष असर पर्ने हुँदा आय विवरणको प्रमाणीकरण गर्दा प्रचलित लेखामान तथा कानूनको अनुसरण नगर्ने र पेशागत विवेक नपुऱ्याउने कर लेखापरीक्षकलाई जिम्मेवार बनाई स्वयंकर निर्धारण प्रक्रियालाइ विश्वसनीय एवं प्रभावकारी गराउनु पर्दछ ।

३७. **फाइल छनौटका आधार** – करपरीक्षणका लागि ७० प्रतिशत करदाताको छनौट आन्तरिक राजस्व विभागले र बाँकी ३० प्रतिशत करदाताको छनौट सम्बन्धित कार्यालयहरुले गर्ने व्यवस्था छ । करदाता छनौट गर्दा विभिन्न ८ आधार तय गरिएको छ । यस सम्बन्धमा सामयिक लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

३७.१ फाईल छनौट गर्दा स्वीकृत ८ आधारमध्ये ७ लाईमात्र रिस्क इन्जिनमा समावेश गरेको देखियो । आयकर राजस्वमा प्रत्यक्ष असर पर्ने कुल घाटा अनुपातलाई छनौट पद्धतिको आधारमा समावेश नगरेकोले कुल घाटा अनुपात बढी हुने करदाता छनौट प्रणालीबाट करपरीक्षणमा पर्ने नदेखिँदा राजस्व जोखिम हुने क्षेत्र पहिचान भई फाईल छनौट हुनसकेको छैन ।

३७.२ करपरीक्षणका लागि तय गरिएका आधारहरुमा विभेदीकरण हुनुपर्दछ । विभागले लिएका आधारहरु परीक्षण गर्दा धेरैजसो वित्तीय अनुपात र कारोबार अङ्कसँग सम्बन्धित रहेको पाईयो । यस बाहेक शङ्कास्पद प्रकृतिका कारोबार गर्ने करदाताहरुलाई परीक्षणको दायरामा ल्याउन करदाताको विगतको इतिहास, अधिक मौज्दात, आयकर र मूल्य अभिवृद्धि करका विक्री तथा खरिद तथ्याङ्कहरुमा अनेकता जस्ता विषयहरुमा पनि मूल्याङ्कन गर्ने व्यवस्था रिक्स इन्जिनमा समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३७.३ करपरीक्षणका लागि करदाता छनौट गर्ने आधारहरुको लागि आवश्यक पर्ने तथ्याङ्क करदाताले आय विवरणसाथ पेश गर्ने अनुसूची–१३ (खरिद विक्री साहु आसामी विवरण) पनि एक हो । आय विवरण साथ अनुसूची–१३ संलग्न गर्नुपर्ने गरी तोकिएको भए तापनि विद्युतीय माध्यमबाट आय विवरण दाखिला गर्दा सो अनुसूची संलग्न गरे नगरेको सम्बन्धमा अनुगमन हुने व्यवस्था रहेको छैन । अनुसूची–१३ पेश नगर्ने वा पूर्ण विवरण पेश नगर्ने वा म्यानुअल तयार गरी पेश गर्ने करदाताको तथ्याङ्क सम्बन्धित आन्तरिक राजस्व कार्यालयले कम्प्युटरप्रणालीमा प्रविष्ट नगर्दा त्यस्ता करदाता करपरीक्षणको लागि छनौटको सूचीमा समावेश नभई करपरीक्षणको क्षेत्र बाहिर पर्ने स्थिति रहेको पाइयो । अत: करदाता छनौटको सिलसिलामा अनुसूची–१३ एक आधारभूत विवरण भएकोले सो अनुसूची पेश नभएको अवस्थामा आय विवरण नै पेश भएको नमानिने प्रणालीको विकास गर्न जरुरी छ ।

३७.४ विभागको २०६८।१२।१ को निर्णय अनुसार ठूला करदाता कार्यालयको कार्यक्षेत्र भित्रका ८० करदाताको आयकर परीक्षणका लागि छनौट भएका छन् । सो निर्णयमा अधिकतम अङ्क प्राप्त गर्ने करदाता छनौट गर्ने उल्लेख भएअनुसार १९३६ देखि २५४३ अङ्कबीचको करदाता छनौट भएको देखिन्छ । तर करदाताको सूची अनुसार १९९१ देखि २२३१ सम्म अङ्क प्राप्त गरेका ८ करदाताको फाइल करपरीक्षणको लागि छनौटमा परेको देखिएन ।

यसैगरी विभागको सोही निर्णय अनुसार आन्तरिक राजस्व कार्यालय, दाङ्गको कार्यक्षेत्रभित्र रहेको ७ करदाता करपरीक्षणको लागि छनौट भएका छन् । विभागको छनौटमा ती करदाताहरुले प्राप्त गरेको कुल अङ्क १ हजार ६५३ देखि १ हजार ७२५ सम्म रहेको छ । कार्यालयको कुल करदाता संख्या १५ हजार ५०५ रहेकोमा करपरीक्षणको लागि छनौटमा परेका ७ करदातामध्ये ५ करदाता निर्माण व्यवसायी रहेको पाईयो । जसले गर्दा करपरीक्षणमा सबै प्रकृतिका व्यवसायीहरुको प्रतिनिधित्व हुन सकेको पाइएन ।

३८. **करपरीक्षण** – आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएका व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्नसक्ने व्यवस्था अनुसार जोखिमको आधारमा केही करदाताको आय विवरणको करपरीक्षण गर्नसक्ने व्यबस्था गरेको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएको छ:

३८.१ आन्तरिक राजस्व विभागले पेस गरेको वार्षिक प्रतिवेदन अनुसार २०६८ आषाढ मसान्तमा स्थायी लेखानम्बर लिएका करदाता संख्या ४ लाख ४७ हजार ६६९ रहेको थियो । यी करदातामध्ये १ लाख ३५ हजार २५३ ले डे–१ विवरण र ७७ हजार ४५० ले डे–३ विवरणसमेत २ लाख १२ हजार ७०३ लेमात्र आय विवरण पेश गरेका छन् । जसअनुसार आय विवरण बुझाउने करदाता ४७.५२ प्रतिशत र नबुझाउने करदाता ५२.४८ प्रतिशत रहेको छ । यो वर्ष करपरीक्षणको लागि छनौट भएका करदाता संख्या २ हजार ८६५ रहेकोमा दर्ता भएको करदाताको हिसाबले ०.६४ प्रतिशत र आय विवरण पेश गर्ने करदाताको हिसाबले १.३५ प्रतिशतमात्र करपरीक्षणको लागि छनौट भएको छ । करपरीक्षणको लागि गत वर्ष छनौट भई बाँकी रहेको ८ हजार ४६९ र यो वर्ष छनौट २ हजार ८६५ समेत ११ हजार ३३४ करदातामध्ये २ हजार ९४२ करदाताको करपरीक्षण हुँदा रु.८ अर्ब ६८ करोड २१ लाख थप राजस्व असुल हुनेगरी कर निर्धारण भएको छ । अत: करपरीक्षणका लागि फाइल छनौट र करपरीक्षणको दायरामा विस्तार गर्न जरुरी देखिन्छ ।

३८.२ ठूला करदाता कार्यालयले सङ्कलन गरेको कर रकम कुल कर रकमको ५०.३५ प्रतिशत रहेको छ । जसमा अन्त:शुल्कको रकम समावेश छैन । यो कार्यालयको क्षेत्राधिकार भित्रका यो वर्ष आय विवरण पेश गर्ने ४६५ करदातामध्ये शतप्रतिशतको करपरीक्षण सम्पन्न गर्नुपर्नेमा ३१३ करदातामात्र छनौट गरेको र जिम्मेवारी सरेकोसमेत ४७.५४ प्रतिशतकोमात्र करपरीक्षण गरेको देखियो । तीन वर्षको करपरीक्षणको स्थिति हेर्दा ४ वर्षमा सबै करदाताको करपरीक्षण हुने अवस्था छैन । विगत तीन वर्षको करपरीक्षण स्थिति देहायअनुसार छ:

आर्थिक वर्ष	जिम्मेवारी सरेको	यो वर्ष छनौट गरेको विवरण	परीक्षण गर्नुपर्ने जम्मा	परीक्षण गरेको विवरण	परीक्षण प्रतिशत
२०६६।६७	११२	१४७	२५९	१२३	४७.४९
२०६७।६८	१२४	२५५	३७९	१२२	३२.१९
२०६८।६९	२५७	३१३	५७०	२७१	४७.५४

करपरीक्षणको दायरा विस्तार गरी करदाताको समयमै करपरीक्षण हुने व्यवस्था गरिनुपर्दछ ।

३८.३ आन्तरिक राजस्व कार्यालयहरुले आयकरतर्फ पूर्ण करपरीक्षण गर्ने प्रयोजनको लागि आन्तरिक राजस्व विभागले मातहतका प्रत्येक कार्यालयहरुको लागि वार्षिक लक्ष्य तोकी दिने व्यवस्था छ । विभागले छनौट गर्दा राजस्व उच्चजोखिम रहेका करदाताहरु विभागको रिक्स इन्जिनको सहायताले छनौट गरी पठाउने गरेको छ । आन्तरिक राजस्व कार्यालय, कृष्णनगर र भैरहवाले २०६७।६८ मा करपरीक्षण गरेको स्थिति निम्नानुसार देखियो:

कार्यालय	कूल करदाता	पेश भएको आय विवरण	रिस्क इन्जिनमा समावेश	छनौट करदाता	करपरीक्षण संख्या
कृष्णनगर	९८७७	४७२०	२०	७	-
भैरहवा	१५५९५	६५६६	१५५	४२	८

माथिको तथ्याङ्कले आय विवरण पेश गर्ने न्यून करदातामात्र रिस्क इन्जिनमा समावेश भै करपरीक्षणमा छनौट भएको र छनौटमा परेका करदाताको करपरीक्षण पनि प्रभावकारी रुपमा हुनसकेको छैन । यस सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, कृष्णनगरले प्रतिक्रिया नदिएको र आन्तरिक राजस्व कार्यालय, भैरहवाले चालू आर्थिक वर्षबाट कार्यालयको करपरीक्षण क्षमतामा सुधार गरी करपरीक्षण गर्ने उल्लेख गरेको छ ।

३८.४ आयकर ऐन, २०५८ को दफा ७७ अनुसार आय विवरण साथ संलग्न गर्नुपर्ने कागजात तोकिएको र करपरीक्षणको वखत आवश्यक पर्ने सूचना तथा विवरण ऐनको दफा ८३ अनुसार माग गर्नसक्ने व्यवस्था छ । करदाताले स्वयं कर निर्धारण गरी पेश गरेको कागजातमा नपुग भएका विवरण माग गरिएकोमा व्यवस्थित अभिलेख नराख्ने, करपरीक्षण प्रतिवेदनमा पर्याप्त सूचना उल्लेख नगर्ने, सूचनाको पर्याप्त विश्लेषण बेगर कर निर्धारण गर्ने जस्ता व्यहोरा देखिएका छन् । करपरीक्षणको लागि समय तालिका निर्धारण नगरी वर्षान्तमा अधिकांश करदाताको करपरीक्षण गर्नाले परीक्षणको प्रभावकारितामा असर पर्न गै प्रशासकीय पुनरावलोकन

अतिरिक्त बेरुजू बढ्दै गएको अवस्था छ । यसमा सुधार ल्याई राजस्वमा थप योगदान पुऱ्याउन करदाता, करलेखापरीक्षकको अतिरिक्त कर प्रशासनलाई समेत जिम्मेवार बनाईनुपर्दछ ।

३९. **क्षेत्र सीमितता** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा कर विवरण पेश गरेको मितिले ४ वर्षभित्र र आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ बमोजिम कर निर्धारण भएकोमा आय विवरण पेश गर्नुपर्ने मितिले ४ वर्षभित्र पुनः तथा संशोधित कर निर्धारण गरिसक्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३९.१ विभाग तथा कार्यालयहरुबाट हरेक वर्ष पूर्ण करपरीक्षण गर्ने प्रयोजनका लागि छनौट भएका आय विवरणको परीक्षण गर्न नसकेको कारणबाट अन्तिम लेखापरीक्षण हुने समयमा ४ वर्ष नाघिसक्ने अवस्था छ । यस्तो स्थिति सिर्जना हुन नदिन विभागले न रणनीतिक रुपमा कार्य योजना नै बनाएको छ न त आयकर ऐन, २०५८ मा पुनरावलोकन गरी आय विवरण पेश गरेको मितिले ४ वर्ष नाघेपनि संशोधित कर निर्धारण गर्ने व्यवस्था गर्नसकेको छ ।

कर दायित्वमा असर

- ***बक्यौता राजस्व रु.३५ अर्ब ३६ करोड रहेको पनि असुली १ प्रतिशतभन्दा पनि न्यून रहेको र एक करदाताबाट मात्र रु.२ अर्ब ४५ करोडसम्म राजस्व बक्यौता रहेको छ ।***
- ***कूल करदाता ४ लाख ४७ हजारमध्ये ०.६४ प्रतिशत मात्र करपरीक्षणको लागि छनौट गरी सोमध्ये ०.६१ प्रतिशतको मात्र करपरिक्षण सम्पन्न गरेको छ ।***
- ***लेखापरीक्षणबाट औँल्याएको बेरुजूलाई समयमा कारबाही नगरेको कारण आयकर ऐन, २०५८ बमोजिम ४ वर्षको समय सिमा नाघी २०६०/६१ देखि २०६६/६७ सम्मको बेरुजू रु.४० करोड ६२ लाख असुल हुन नसक्ने अवस्थामा छ ।***
- ***ऋण पूँजीको अनुपात चीन, क्यानडा, घाना, अर्जेन्टिनामा २:१ पाकिस्तान, फिलिपिन्स, केन्या, अष्ट्रेलिया र मङ्गोलियामा ३:१ रहेको र नेपालमा कानूनले यससम्बन्धी व्यवस्था नगरेको कारणले एक करदाताले ८३१४:१ सम्म ऋण पूँजीमा अनुपात देखाएको छ । जसलेगर्दा कर दायित्वमा असर परेको स्थिति छ ।***
- ***सञ्चालकबाट प्राप्त सापटीको स्रोत खुलाउने कानूनी व्यवस्था र विभागीय परिपत्र भएपनि करदाताहरुले स्रोत नखुलाई रु.५ करोड १० लाखसम्म सञ्चालक सापटी देखाएको पाइयो ।***

कार्यालयहरुले करदाताको करपरीक्षण चौँथो वर्षमा वा सो अवधि सकिनु अगाडिको सीमान्त महिनामा गरेको कारण लेखापरीक्षणबाट औँल्याइएको कैफियत एवं सुझाउ कार्यान्वयन गर्नसक्ने अवस्था नरहनुको साथै लेखापरीक्षण व्यहोरा फछ्यौंट गर्न कानूनी रुपमा कठिनाई पर्ने स्थिति देखिएको छ । यो वर्ष कार्यालयहरुले करपरीक्षण गरेका फाइल संख्या २ हजार ९४२ मध्ये १९९ (६.७६ प्रतिशत) करदाताको लेखापरीक्षण अवधिमा नै ४ वर्ष नाघिसकेको छ । करदाताको आय विवरण संशोधन गर्न ४ वर्षको समयावधि तोकिएको र कार्यालयले करदाताको आय विवरण उपर उक्त समयावधिको शुरुमा नै पुनः करपरीक्षण नगरेको कारण अन्तिम लेखापरीक्षणको प्रतिवेदनको कार्यान्वयन हुन नसक्ने स्थिति छ ।

३९.२ लेखापरीक्षणबाट औँल्याइएका बेरुजू तथा कैफियत उपर ४ वर्ष अवधिभित्र कारबाही गरी किनारा नलगाएको कारण केही वर्ष अगाडिका असूल एवं नियमित गरी फछ्यौंट गर्नुपर्ने बेरुजूलाई कानूनलेनै उन्मुक्ति दिने अवस्था छ । पछिल्ला वर्षहरुको बेरुजूपनि ४ वर्षको सिमान्त अवधिमा पुग्न लागेको विवरण देहायमा उल्लेख छः

(रु.लाखमा)

आर्थिक वर्ष	कूल बेरुजू		फछ्यौंट		बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
२०६४/६५	१०८४	१,६६,५४	२२७	१,४९,८०	८५७	१६,७३
२०६५/६६	९३७	१,७१,३१	२०९	१,५२,०९	७२८	१९,२१
२०६६/६७	८२०	१,१४,२४	४१२	९९,१२	४०८	१५,१२
२०६७/६८	७८०	१,८१,८६	२७१	९७,३२	५०९	८४,५४
२०६८/६९	१०७७	२,३१,६०	१४४	३५,७९	९३३	१,९५,८२
जम्मा:	**४६९८**	**८,६५,५५**	**१२६३**	**५,३४,१२**	**३४३५**	**३,३१,४२**

उपर्युक्त तालिकाअनुसार फछ्यौंट हुन बाँकी बेरुजू रु.३ अर्ब ३१ करोड ४२ लाख र २०६४।६५ पूर्वको रु.५९ करोड ८० लाखसमेत रु.३ अर्ब ९१ करोड २२ लाख रहेको छ । चार वर्ष नाघिसकेको र चार वर्षको सीमान्त अवधि २०६६।६७ लाई आधार मान्दा बाँकी बेरुजूमध्ये रु.४० करोड ६३ लाख असुल गर्नुपर्ने देखिन्छ । तर यो बेरुजू असुलउपर नहुने गरी कानूनले नै उन्मुक्ति दिएको छ । यस्तो अवस्थामा अर्थ मन्त्रालयले समयभित्र बेरुजू उपर समुचित कारबाही नगर्ने हो भने असुलउपर हुने बेरुजू असुली नभई राजस्वमा नै प्रभावित हुने स्थिति छ । यस विषयमा सार्वजनिक लेखा समितिमा छलफल हुँदा हालको कार्यान्वयन क्षमता बढाई कार्य गर्ने निर्देशन दिए तापनि सो निर्देशनको प्रभावकारी रुपमा कार्यान्वयन हुनसकेको छैन ।

४०. **करको दायरा** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा विगत बाह्र महिनामा वस्तुको हकमा बीसलाख, वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा दशलाख रुपैँयाभन्दा बढीको कारोबार गर्नेले अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्ता गरी कारोबार गर्नुपर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने करदाता दर्ता नभै कारोबार गरेको केही व्यहोरा देहाय अनुसार छन्:

४०.१ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ मा दर्ता भै २०६७।६८ को करपरीक्षण गरिएको मदिराजन्य वस्तुको कारोबार गर्ने एक करदाताले सोही क्षेत्रमा दर्ता रहेका १२ करदातालाई रु.२२ लाख ६० हजारदेखि रु.५५ लाख १८ हजारसम्म बिक्री देखाएकोमा ती करदाताले सोही कार्यालयमा पेश गरेको आय विवरणमा रु.२० लाखभन्दा घटीको कारोबार देखाई डे–१ को आय विवरण पेश गरेको देखियो । एकै करदातासँग थ्रेसहोल्डभन्दा बढीको कारोबार गर्ने करदाताहरुले मूल्य अभिवृद्धि करमा दर्ता नगरी कारोबार गरेको सम्बन्धमा छानबिन गरी रु.२० लाखभन्दा बढीको कारोबारमा मूल्य अभिवृद्धि कर रु.२६ लाख ९७ हजार र सोमा लाग्ने ब्याज, जरिबाना, आयकर ऐन, २०५८ अनुसार घटी कारोबार देखाएको रकमको आयकर, सोमा लाग्ने ब्याज र शुल्कसमेत असुल गर्नुपर्दछ । यस सम्बन्धमा छानविन गरिने जवाफ दिएको छ ।

४०.२ आन्तरिक राजस्व कार्यालयहरुबाट प्राप्त विवरण अनुसार काठमाडौ क्षेत्र नं.३ मा ४६, वीरगंजमा २३, सिमरामा १६२, लहानमा ९७, जनकपुरमा २५७, भक्तपुरमा ७२, ललितपुरमा ३७, दाङमा १४ र बुटवलमा १४ समेत ७२२ इँटा उद्योग दर्ता रहेकोमध्ये वीरगंजमा ३, सिमरामा ४५, जनकपुरमा ४, लहान, दाङ र भक्तपुरमा १/१ गरी जम्मा ५५ इँटा उद्योग मूल्य अभिवृद्धि करमा दर्ता भई बाँकी ६६७ दर्ता भएको देखिएन । मूल्य अभिवृद्धि करमा दर्ता नभएको कारणबाट ती करदाताबाट मूल्य अभिवृद्धि कर निर्धारण तथा असुली भएको छैन । यस्तै आयकरतर्फ पनि पूर्ण करपरीक्षण भएको छैन । यस सम्बन्धमा मूल्य अभिवृद्धि करमा दर्ता गराउने प्रयास जारी रहेको जवाफ पेश भएको छ ।

४०.३ आन्तरिक राजस्व कार्यालय, वीरगंजमा दर्ता भै विविध सामानको कारोबार गर्ने करदाताको २०६६।६७ को करपरीक्षण गर्दा निजले सोही क्षेत्रमा दर्ता रहेका विभिन्न ६ करदातालाई रु.२४ लाख ९६ हजारदेखि रु.२ करोड ३८ लाख ३९ हजारसम्म बिक्री गरेको देखियो । तर ती करदाताले सोही कार्यालयमा पेश गरेको आय विवरणमा रु.२० लाखभन्दा घटीको कारोबार देखाई डे–१ को आय विवरण पेश गरेका छन् । कार्यालयबाट २०६८।६।३० मा करपरीक्षण गर्दा करदातालाई मूल्य अभिवृद्धि करमा दर्ता गराई कर निर्धारण गर्नुपर्ने गरी

निर्णय भएकोमा उक्त निर्णयको १ वर्षपछिसम्म पनि करदातालाई दर्ता गराई मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिमको मूल्य अभिवृद्धि कर, जरिबाना र आयकर ऐन, २०५८ अनुसारको घटी कारोबार देखाएको रकमको आयकर र शुल्कसमेत छानबिन गरी असुल भएको छैन ।

४०.४ ठूला करदाता कार्यालयमा दर्ता रहेका ७ घ्यू तेल उद्योगले अनुसूची–१३ मा खरिदकर्ताको रुपमा विभिन्न किराना स्टोर्स, ट्रेडिङ, उपभोग्य सामग्रीको भण्डारण र विक्री गर्ने फर्महरु उल्लेख गरेका छन् । करयोग्य उपभोग्य सामग्रीको खरिद विक्री गर्ने ती करदाताले एउटै उद्योगबाट खरिद गरेको घ्यू तेलको रकममात्र मूल्य अभिवृद्धि कर नियमावलीले तोकेको थ्रेसहोल्ड रु.२० लाखभन्दा बढी रु.२ करोड ३५ लाख ३० हजारसम्म देखिएको छ । यस्ता करदाताले अन्य करदातासँग पनि कारोबार गर्ने भएकाले यस्ता व्यवसायीहरुको कारोबार रकम अझै बढी हुने देखिन्छ । यसरी थ्रेसहोल्डभन्दा बढी कारोबार गर्ने ७५ करदाता मूल्य अभिवृद्धि करमा दर्ता भएको नदेखिँदा मूल्य अभिवृद्धि कर रु.४ करोड ८३ लाख, सोको ब्याज र जरिबाना तथा आयकर दायित्वसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

सोही कार्यालयको कार्य क्षेत्रभित्र पर्ने ७ करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभएका २७ करदातालाई रु.९ करोड ८२ लाख विक्री गरेको देखियो । सो विक्रीका आधारमा नै ती करदाताको कारोबार मूल्य अभिवृद्धि करको लागि दर्ता हुनुपर्ने थ्रेसहोल्डभन्दा बढी हुँदापनि मूल्य अभिवृद्धि करमा दर्ता नभएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ अनुसार कारबाही गरी लाग्ने मूल्य अभिवृद्धि करसम्बन्धमा छानबिन गर्नुपर्दछ । उल्लेखित व्यवसायीहरु आफ्नो कार्यक्षेत्र अन्तर्गत नपर्ने भएकोले आवश्यक छानबिनको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाइने जवाफ दिएको छ ।

४१. **सञ्चित नोक्सानी** – ठूला करदाता कार्यालयका सिन्थेटिक यार्न उत्पादन गरी विक्री वितरण गर्ने करदाताले २०६५।६६ को आय विवरणमा नोक्सान रु.८ करोड ८७ लाख उल्लेख गरी आय विवरण पेश गरेकोमा संशोधित कर निर्धारणबाट कुल सञ्चित नोक्सानी रु.३६ करोड १ लाख कायम गरेको छ । करदाताले आयकर ऐन, २०५८ को दफा १५ बमोजिमको रु.२६ करोड ३९ लाख लागत खर्च निर्धारण गर्दा कच्चापदार्थ खरिद र खपतबाट उत्पादित सामानको परिमाण उल्लेख नगरेको, लागत मूल्य र अन्तिम मौज्दात परिमाण र इकाइगत मूल्य प्रस्तुत नगरेको, करदाताले ऋण रकमको ५ प्रतिशतमात्र ब्याज खर्च दाबी गरेकोछ । मूल्य अभिवृद्धि कर विवरणअनुसार निर्यात रु.१२ करोड ६८ लाख भएकोमा भन्सार तथ्याङ्क अनुसार रु.१३ करोड २७ लाख देखाएको छ । मूल्य अभिवृद्धि कर विवरणअनुसार जम्मा खरिद रु.२९ करोड ३५ लाख तथा वित्तीय विवरणअनुसार खरिद रु.२८ करोड ६२ लाख देखाई मूल्य अभिवृद्धि कर विवरणभन्दा आयकरतर्फ रु.७३ लाख घटी खरिद देखाएको छ । वित्तीय विवरणमा आसामी तथा साहुको विस्तृत विवरणसमेत नखुलाएकोमा कर लेखापरीक्षकले कुनै टिप्पणी बेगर वित्तीय विवरण प्रमाणित गरेको पाइयो । यस सम्बन्धमा छानबिन भैरहेको जवाफ प्राप्त भएको छ ।

४२. **खर्च कट्टी** – आयकर ऐन, २०५८ को परिच्छेद ५ ले व्यवसाय र लगानीको करयोग्य आय निर्धारण गर्दा खर्च कट्टी गर्नपाउने व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा नमूना छनौट गरी कर निर्धारण भएका फाइल परीक्षण गर्दा ऐन, नियम, परिपत्र एवं आयकर निर्देशिका विपरीत खर्चको सीमाभन्दा बढी खर्च दाबी भएको पाइयो । यससम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

४२.१ आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं.३ मा दर्ता रहेका उलन र गार्मेन्टका सामान निकासी गर्ने करदाताले पेश गरेको २०६७।६८ को वित्तीय विवरणसाथ संलग्न अग्रिम प्राप्तिको विवरणमा गत वर्ष अग्रिम प्राप्त रु.१ करोड ९० लाखमा यो वर्ष प्राप्त रु.७ करोड ७५ लाखसमेत जम्मा रु.९ करोड ६५ लाख, यो वर्ष विक्री रु.४ करोड ७१ लाख, ढुवानी रु.७१ लाख र ट्रान्सफर रु.२ करोड १५ लाख गरी जम्मा रु.७ करोड ५७ लाख घटाई रु.२ करोड ८ लाख बाँकी वासलातको चालू दायित्वमा देखाएको छ । ढुवानीबापतको खर्च अग्रिम प्राप्त रकमबाट घटाई सकेपछि पुन: सोही रकम ढुवानी लागत खर्चमा समावेश गरी दोहोरो ढुवानी खर्च कट्टी लिएको देखियो । यस सम्बन्धमा दोहोरो ढुवानी खर्च लेखेको रु.७१ लाखमा आयकर ऐन, २०५८

बमोजिम २० प्रतिशतले हुने कर रु.१४ लाख र शुल्क रु.७ लाखसमेत रु.२१ लाख र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

४२.२ आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं.३ मा दर्ता रहेका एक करदाताले २०६६।६७ मा पेश गरेको वित्तीय विवरण तथा निर्यात विवरणमा रु.६ करोड ३८ लाख निर्यात गरेको देखाएको छ । वित्तीय विवरणमा अग्रिम रकम प्राप्त गरेको देखाएको छैन । करपरीक्षणमा करदाताले पेश गरेको निर्यातको विवरणमा रु.७ करोड ७७ लाख बराबरको वैदेशिक मुद्रा प्राप्त भएको उल्लेख छ । निर्यात बिक्रीभन्दा रु.१ करोड ३९ लाख बढी प्राप्त रकम अग्रिम प्राप्त नदेखाउनु र बैङ्क मौज्दात बाँकीमासमेत नदेखिनाले करदाताले पेश गरेको वित्तीय विवरणले कारोबारको यथार्थ अवस्थाको चित्रण गर्दैन । आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम बढी वैदेशिक मुद्रा प्राप्त भएको रकमलाई आयमा समावेश गरी सोही ऐन बमोजिमको २० प्रतिशतले कर रु.२८ लाख र शुल्क रु.१४ लाखसमेत रु.४२ लाख र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन गरी यकिन गरिने जवाफ दिएको छ ।

४२.३ आयकर ऐन, २०५८ को दफा ८३.१(क) बमोजिम विभागले कुनैपनि व्यक्तिलाई लिखित सूचना जारी गरेर वा कुनै कागजात खडासमेत गरेर जानकारी दिन लगाउने वा पेश गर्न आदेश दिनसक्ने व्यवस्था छ । यस्तो सूचनामा व्यापारिक खरिद र मूल्य अभिवृद्धि करतर्फको खरिदको भिडान विवरण करपरीक्षणको लागि माग गर्ने गरेको छ । ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र पर्ने करदाताहरुले पेश गरेको मूल्य अभिवृद्धि कर विवरणमा समावेश खरिद र आय विवरणमा उल्लेखित खरिद देहायअनुसार फरक परेको छ:

(रु.लाखमा)

आय वर्ष	करदाता	आय विवरण अनुसार खरिद	मूल्य अभिवृद्धि कर विवरणको खरिद	फरक
२०६६।६७	एक मदिरा उत्पादक	२,३०,९२	१,५७,७१	७३,२१
२०६५।६६	एक धागो उत्पादक	७९,२८	९७,६८	१८,४०
२०६६।६७	एक धागो उत्पादक	६५,०९	८५,४२	२०,३३
२०६५।६६	एक धागो उत्पादक	१,८३,३०	२,२४,१५	४०,८५
२०६६।६७	एक धागो उत्पादक	२,१७,४२	२,४४,६१	२७,१९
२०६५।६६	एक डिष्टिलरी	२५,०७	२६,८७	१,८०
२०६५।६६	एक तेल उद्योग	१,३८,४३	१,४३,७७	५,३४

त्यस्तै आन्तरिक राजस्व कार्यालय, विराटनगर अन्तर्गतका खाद्यान्नको कारोबार गर्ने एक करदाताको २०६६।६७ को आय विवरणमा रु.९ करोड १ लाखको खरिद देखाएकोमा मूल्य अभिवृद्धि कर विवरणमा रु.७ करोड ९० लाखको खरिद देखाउँदा रु.१ करोड ११ लाख फरक परेको छ । यसरी दुवै विवरणमा खरिद घटी बढी देखाएको सम्बन्धमा हिसाब मिलान विवरण तयार गरेको छैन । यसबाट कर दायित्वमा असर पर्ने स्थिति देखिएकोले छानबिन गरी कर दायित्व यकिन गरिनुपर्दछ ।

कानूनको पालना

- ***एक करदाताले बोनस व्यवस्था गरेको रकममध्ये वितरण गर्न बाँकी रकम प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा जम्मा गर्दा स्रोतमा कट्टा गर्नुपर्ने रु.२ करोड २८ लाख कर कट्टी गरेको छैन ।***
- ***रु.५० हजारभन्दा बढीको कारोबार बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था भएपनि एक करदाताले वर्षभरमा रु.१३ करोड २८ लाखको बिक्री कारोबार गर्दासमेत बैङ्क खाता नै खोलेको छैन ।***
- ***एक करदाताले आफ्नै सम्बद्ध पक्षको अर्को करदातालाई रु.२ करोड ९ लाखको बिक्री देखाएकोमा दोस्रो करदाताले खरिद देखाएको छैन । यसैगरी अन्य ५ करदाताले देखाएको खरिद बिक्री रु.२ करोड ३४ लाख सम्बन्धित करदाताले समावेश नगरेको कारण करदायित्वमा असर परेको छ ।***

४२.४ आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं.२ अन्तर्गतका एक करदाताले पेश गरेको आय विवरणको अनुसूची १० बमोजिम अग्रिम कर रु.१२ लाख ८८ हजार दाबी गरेको छ । भुक्तानी दिने परियोजनाबाट प्राप्त रकमको विवरण संलग्न छैन । कट्टी भई दाबी गरेको अग्रिम करलाई आधार लिँदा करदाताको विक्री रु.८ करोड ५८ लाख ६७ हजार हुने देखिन्छ । तर परामर्श सेवाबापत रु.६ करोड ५७ लाख ८२ हजारमात्र आयमा समावेश गरेको पाइयो । विक्री गरेको तर आयमा समावेश नभएको रु.२ करोड ८५ हजारका सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिमको कर रु.५० लाख २१ हजार र शुल्क रु.२५ लाख ११ हजारसमेत रु.७५ लाख ३२ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

४२.५ बोनस ऐन, २०३० को दफा ५(१) मा कम्पनीले नाफाको १० प्रतिशत बोनस छुट्याउनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै सोही ऐनको दफा ७(३) मा तलब अनुसार बोनस पाउने सीमा निर्धारण भएको छ । ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र पर्ने मदिरा उत्पादन गरी विक्री गर्ने एक करदाताले २०६६।६७ को आय विवरण साथ संलग्न गरेको वित्तीय विवरणमा नाफाको १० प्रतिशतले रु.१४ करोड ७१ लाख कर्मचारी बोनस व्यवस्था गरेको देखिन्छ । उक्त रकम बोनस ऐनको व्यवस्थाबमोजिम वितरण गर्नुपर्नेमा सोअनुसार नभएको व्यहोरा लेखापरीक्षणबाट औँल्याएपछि रु.१करोड ६७ लाख ६२ हजार वितरण गरेको खर्च घटाई रु.३ करोड ९१ लाख ३ हजार राष्ट्रियस्तरको कर्मचारी कल्याण कोषमा दाखिला गरेको छ । आन्तरिक राजस्व विभागको २०६४।२।२० को परिपत्र अनुसार कर्मचारीहरुलाई बाँडेर बाँकी रहेको रकम प्रतिष्ठानस्तरको कल्याणकारी कोषमा पठाउँदा स्रोतमै प्राकृतिक व्यक्तिको आयमा लाग्ने उपल्लोस्तरको कर कट्टी गर्नुपर्ने उल्लेख गरेकोले वितरण हुन बाँकी रु.९ करोड १२ लाख ४० हजारमा २५ प्रतिशतले रु.२ करोड २८ लाख १० हजार कर यथाशीघ्र असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

४२.६ ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र पर्ने निर्माणसम्बन्धी कार्य गर्ने संयुक्त उपक्रमका एक करदाताले २०६६।६७ को आय विवरण साथ संलग्न कागजातअनुसार सडक विभाग अन्तर्गतको भालुवाङ्ग–प्यूठान र चन्द्रनिगाहपुर–गौर सडकको स्तरोन्नति कार्य गरेको देखिन्छ । करदाताले प्रत्यक्ष खर्च अन्तर्गत धार्के, धादिङ्ग स्थित एक पेट्रोलपम्पको २०६७ आषाढ महिनाको ८ बिलबाट रु.६० लाख ४८ हजार मूल्यको डिजेल खरिद गरेको देखाई खर्च कट्टी लिएको छ । सडक निर्माण स्थल दाङ्ग, प्यूठान र रौतहट रहेकोमा धादिङ्गमा निर्माण कार्य सञ्चालन नभएको तथा केन्द्रीय कार्यालय सानेपा ललितपुरका सवारीसाधनको लागि आवश्यक इन्धन उपत्यकाभित्र कै पेट्रोलपम्पबाट उपलब्ध हुने अवस्थामा धादिङ्गस्थित पेट्रोलपम्पको बिल राखी खर्च कट्टी लिएको पाइयो । सो रकमको सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन भैरहेको जवाफ दिएको छ ।

४२.७ ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र पर्ने मदिराको डिष्टिव्यूटर्सको कार्य गर्ने एक करदाताको २०६६।६७ को आय विवरण साथ संलग्न गरेको वित्तीय विवरणमा व्यवसाय प्रर्वद्धन खर्च रु.२ करोड ७४ लाख दाबी गरेकोमा करपरीक्षणले सो खर्चलाई मान्यता दिएको छ । करदाता र उत्पादक कम्पनीबीच भएको सम्झौतामा उत्पादक कम्पनीले स्वीकृत गरेका विक्री प्रवर्द्धन लगायतका दाबीहरु राष्ट्रिय डिष्ट्रिव्यूटरले सङ्कलन गरी उत्पादक कम्पनीलाई पठाउनुपर्ने र प्राप्त दाबीहरु उत्पादक कम्पनीले स्वीकार गरेपछि सोको सोधभर्ना राष्ट्रिय डिष्ट्रिव्यूटर मार्फत नै दिईने उल्लेख छ । सम्झौताको सो व्यवस्था अनुसार राष्ट्रिय डिष्ट्रिव्यूटरले सो रकम आम्दानी देखाउनुपर्नेमा नदेखाएकोले सोलाई करदाताको करयोग्य आयमा समावेश गरी आयकर ऐन,२०५८ बमोजिम कर रु.८२ लाख र शुल्क रु.४१ लाखसमेत रु.१ करोड २३ लाख यथाशीघ्र छानबिन गरी असुल हुनुपर्दछ । यस सम्बन्धमा छानबिन भैरहेको जवाफ कार्यालयबाट प्राप्त भएको छ ।

४३. **घटी खरिद** – भन्सार तथ्याङ्क र करदाताले वित्तीय विवरण साथ पेश गरेको आयात भिडान नभई घटी खरिद देखाएका केही उदाहरण देहायमा छन्:

४३.१ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ अन्तर्गत विविध वस्तुहरुको आयात गरी विक्री गर्ने एक करदाताले २०६७।६८ को लागत गणनामा समावेश गरेको आयात रु.८ करोड ७४ लाख ८६ हजार रहेको छ । करदाताको सोही अवधिको भन्सार तथ्याङ्कअनुसार आयात मूल्य रु.९ करोड ५ लाख ७१ हजार

भएकोमा सो भिडान विवरण संलग्न गरेको छैन । करदाताले देखाएको भन्सार तथ्याङ्कसँग भिडान गर्दा रु.३० लाख ८५ हजार घटी आयात देखाएको छ । आयात घटी देखाएको रकमलाई विक्रीमा समावेश गरी आयकर ऐन, २०५८ बमोजिम कर रु.७ लाख ७१ हजार, शुल्क रु.३ लाख ८६ हजार समेत रु.११ लाख ५७ हजार तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर र जरिबाना छानबिन गरी असुल हुनुपर्दछ ।

४३.२ आन्तरिक राजस्व कार्यालय, काठमाडौं, क्षेत्र नं.२ अन्तर्गत औषधि विक्री गर्ने करदाताले पेश गरेको २०६७।६८ को आय विवरण साथ संलग्न विक्रीको लागतमा यो वर्षको खरिद रु.९ करोड ७५ लाख ७३ हजार देखाएको छ । फाईलसाथ संलग्न भन्सार तथ्याङ्कअनुसार सो अवधिमा करदाताले रु.११ करोड ९६ लाख ८० हजारको औषधि आयात गरेको देखिन्छ । करदाताले पेश गरेको वित्तीय विवरणमा भन्सार तथ्याङ्कभन्दा रु.२ करोड २१ लाख ७ हजार घटी खरिद देखाएको छ । सो घटी खरिद सम्बन्धमा करपरीक्षण प्रतिवेदनमा केही उल्लेख गरेको देखिँदैन । घटी खरिद देखाएको रकम करदाताको करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ अनुसार ३५ प्रतिशतले हुने कर रु.७७ लाख ३७ हजार र शुल्क रु.३८ लाख ६९ हजारसमेत रु.१ करोड १६ लाख ६ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

४४. **कारोबार भिडान** – दुई करदाताबीचको कारोबार एक आपसमा भिडान हुनुपर्नेमा नभिडेको कारण कर दायित्वमा असर परेका केही उदाहरण देहायमा छन्:

४४.१ आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं.३ मा दर्ता रहेको पेट्रोलियम पदार्थको कारोबार गर्ने एक करदाताले पेश गरेको २०६६।६७ को आय विवरण साथ संलग्न खरिद विक्री तथा अन्तिम मौज्दातको विवरणमा १२ लाख ३८ हजार ५०० लिटर पेट्रोल रु.८ करोड २५ लाख र ८४ हजार लिटर डिजेल रु.४ करोड २३ लाख गरी जम्मा रु.१२ करोड ४८ लाख खरिद देखाएको छ । सो रकममा मोविल र अन्य लुब्रिकेन्टसको खरिद समावेश गरेको छैन । नेपाल आयल निगमले ठूला करदाता कार्यालयमा पेश गरेको उक्त आर्थिक वर्षको आय विवरणको अनुसूची–१३ मा यस करदातालाई रु.१२ करोड ८२ लाख विक्री गरेको देखाएको छ । करदाताले आयल निगमको विक्री भन्दा रु.३६ लाख घटी खरिद देखाई आय विवरण पेश गरेको सम्बन्धमा थप छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गरिने जवाफ दिएको छ ।

४४.२ आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेका खाद्यान्नको कारोबार गर्ने दुई करदाताले २०६७।६८ मा पेश गरेको आय विवरण अनुसार क्रमश: रु.२ लाख र रु.३ लाखको कारोबार देखाई डे–१ को आय विवरण पेश गरेका छन् । आन्तरिक राजस्व कार्यालय, वीरगंज अन्तर्गतका एक करदाताले निजहरुलाई क्रमश: रु.६६ लाख ६९ हजार र रु.३३ लाख २७ हजार विक्री देखाएकोमा ती करदाताले उक्त कारोबार नदेखाई आय विवरण पेश गरेको पाइयो । यस सम्बन्धमा कार्यालयबाट छानबिन भएको देखिएन । तसर्थ दुई करदाताले घटी कारोबार देखाएको रु.९९ लाख ९६ हजारलाई आयमा समावेश गरी आयकर ऐन, २०५८ बमोजिम लाग्ने कर र सोही ऐनबमोजिम लाग्ने शुल्कसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

४४.३ आन्तरिक राजस्व कार्यालय, विराटनगरमा दर्ता रहेको हार्डवेयरको कारोबार गर्ने एक करदाताले पेश गरेको २०६७।६८ को आय विवरणको अनुसूची–१३ मा ठूला करदाता कार्यालयमा दर्ता रहेको एक करदाताबाट रु.१ करोड ४९ लाख खरिद देखाएकोमा निजले ठूला करदाता कार्यालयमा पेश गरेको आय विवरणमा सो करदातालाई रु.१ करोड ९९ लाख विक्री देखाएको छ । खरिद र विक्रीको बीचमा फरक परेको रु.५० लाखको सम्बन्धमा थप छानबिन गरी आयकर ऐन, २०५८ अनुसारको कर, शुल्क र ब्याज र मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि कर जरिबाना र ब्याजसमेत असुल हुनुपर्दछ । यस सम्बन्धमा छानबिन गरिने जवाफ दिएको छ ।

४४.४ आन्तरिक राजस्व कार्यालय, विराटनगरमा दर्ता रहेको मोटर पार्ट्सको कारोबार गर्ने एक करदाताले २०६७।६८ मा पेश गरेको आय विवरणको अनुसूची–१३ मा ठूला करदाता कार्यालयमा दर्ता रहेको एक करदाताबाट रु.१३ करोड खरिद देखाएकोमा निजले ठूला करदाता कार्यालयमा पेश गरेको आय विवरणमा सो करदातालाई रु.१३ करोड ५० लाख विक्री देखाएको छ । यी दुई करदाताबीचको खरिद र विक्रीमा रु.५०

लाखको फरक परेको सम्बन्धमा थप छानबिन गरी आयकर ऐन, २०५८ अनुसारको कर, शुल्क र ब्याज र मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसारको मूल्य अभिवृद्धि कर, जरिबाना र ब्याजसमेत असुल हुनुपर्दछ । यस सम्बन्धमा छानबिन गरिने जवाफ दिएको छ ।

४४.५ ठूला करदाता कार्यालयको कार्य क्षेत्रभित्र पर्ने मदिरा उत्पादन गरी विक्री गर्ने एक करदाताले २०६६।६७ को आय विवरण साथ संलग्न गरेको भन्सार तथ्याङ्क विवरणमा कुल भन्सार मूल्याङ्कन मूल्य रु.१ अर्ब २१ करोड २३ लाख उल्लेख गरेको छ । आयातमा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु.८ करोड ३२ लाख उल्लेख गरेकोले सोको आधारमा मूल्य अभिवृद्धि कर लाग्ने आयात रु.६३ करोड ९७ लाख हुने देखिन्छ । भन्सारले मूल्याङ्कन गरेको कुल आयातबाट मूल्य अभिवृद्धि कर लाग्ने आयात घटाउँदा मूल्य अभिवृद्धि कर नलाग्ने आयात रु.५७ करोड २६ लाख हुने देखिन्छ । तर करदाताले मूल्य अभिवृद्धि कर विवरणमा कर छुटको खरिद रु.३ करोड २९ लाखमात्र देखाएकोले रु.५३ करोड ९७ लाख फरक देखिएको छ । करदाताले आयात भिडान विवरण संलग्न नगरेकोले उपर्युक्तबमोजिम वित्तीय विवरणमा बढी खरिद गरेको सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन हुनुपर्दछ ।

४४.६ ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र पर्ने धागो तथा फेब्रिक उत्पादन गरी विक्री गर्ने एक करदाताले २०६६।६७ को आय विवरण साथ संलग्न आयात भिडान गर्दा २०६५।६६ सँग सम्बन्धित आयात भनी रु.८ करोड ६३ लाख घटाएकोमा २०६५।६६ को भिडान विवरणमा भन्सार तथ्याङ्कमा समावेश नभएको जनाई रु.२ करोड ८४ लाखमात्र थप गरेको छ । यसबाट रु.५ करोड ७९ लाख भन्सार मूल्याङ्कनको आधारमा घटी आयात देखाइएको पाइयो । उक्त फरक रकममा करदाताको कुल नाफा ९.३८ प्रतिशत थप गर्दा रु.६ करोड ३३ लाख लाई विक्री कायम गरी कार्यालयले यो वर्ष कायम गरेको नोक्सान रु.४ करोड ६७ लाख घटाउँदा बाँकी रु.१ करोड ६६ लाखमा आयकर ऐन, २०५८ बमोजिम कर रु.३३ लाख शुल्क रु.१६ लाखसमेत रु.४९ लाख छानबिन गरी असुल हुनुपर्दछ ।

४५. **सञ्चालक सापटी** – आयकर ऐन, २०५८ को दफा ११(ख) मा राष्ट्रियमहत्वका जलविद्युत आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल लगायत ३०० भन्दा बढी स्वदेशी कामदारलाई रोजगारी दिने, ५० प्रतिशतभन्दा बढी स्वदेशी कच्चापदार्थ प्रयोग हुने उद्योगमा लगानी गर्ने बाहेक अन्यको लगानीमा आयस्रोत खोजिने उल्लेख छ । आन्तरिक राजस्व विभागलेसमेत करपरीक्षणमा सञ्चालकबाट प्राप्त सापटीको स्रोतको वास्तविकता परीक्षण गर्नुपर्ने गरी परिपत्र गरेको छ । लेखापरीक्षणको क्रममा उल्लेखित कानूनी व्यवस्था बाहेक अन्यत्र कारोबार गर्ने उद्योग व्यवसायीलेसमेत आयको स्रोत नखुलाई व्यवसायिक प्रयोजनमा सापटी उपलब्ध गराउने गरेको देखियो । यससम्बन्धी केही उदाहरण निम्न छन्:

४५.१ आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं.३ मा दर्ता रहेका विविध वस्तुको कारोबार गर्ने एक करदाताको करपरीक्षण गर्दा व्यवसायमा गत वर्ष सञ्चालकले रु.२ लाख सापटी दिएकोमा यो वर्ष रु.१ करोड ९२ लाख थप गरी रु.१ करोड ९४ लाख पुगेको छ । उक्त सापटी बैङ्क वा नगद कारोबार भएको देखिने लेखा तथा सोको बैङ्क स्टेटमेन्ट पेश नभएकोले सापटीको स्रोत विश्लेषण गर्न सकिएन । सो सम्बन्धमा थप छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन भैरहेको जवाफ प्राप्त भएको छ ।

४५.२ कम्पनी ऐन, २०६३ को दफा ८३ बमोजिम कम्पनीको अधिकृत पूँजी बढाउन साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी दफा ३१ अनुसार बाँडफाँड भएको शेयरको विवरण र भुक्तानीको विवरण कम्पनी रजिष्टारको कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, विराटनगरमा दर्ता रहेको प्लाष्टिकका सामानको कारोबार गर्ने एक करदाताले २०६८।३।२५ मा मात्र अधिकृत पूँजी रु.८ करोड पुऱ्याउने प्रस्ताव साधारण सभाबाट पारित गरेकोमा २०६६।६७ मानै चुक्ता पूँजी रु.४ करोड १२ लाखबाट ५ करोड १० लाख अग्रिम रुपमा थप गरी रु.९ करोड २२ लाख पुऱ्याएको देखियो । अग्रिम थप गरेको पूँजी रु.५ करोड १० लाखको स्रोत खुलाएको छैन । वित्तीय विवरण तुलनात्मक रुपमा प्रस्तुत नगरेको, कम्पनी ऐनबमोजिम नभएको र रकम दाखिलाको प्रमाण बैङ्क स्टेटमेन्टसमेत नभएबाट उक्त रकम यथार्थमा प्राप्त भए

नभएकोसम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । यस सम्बन्धमा करदाताको फाइल पुन: छानबिन गरिने जवाफ प्राप्त भएको छ ।

४५.३ नेपाल लेखामान–१ ले वित्तीय विवरण तुलनात्मक हुनुपर्ने र सो विवरणको पर्याप्त खुलासा गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, धनगढीमा दर्ता रहेको तेल लगायत खाद्यान्न सामानको कारोबार गर्ने एक करदाताले २०६७।६८ को वित्तीय विवरणमा चालू दायित्वको आसामी अन्तर्गत पुन: साहुहरु भनी रु.३ करोड देखाएको छ । उक्त रकम पटक पटक नगद जम्मा भएको लेजरबाट देखिन्छ । करदाताले सञ्चालकबाट सापटी लिएको समेत देखिँदैन । यसरी प्राप्त भएको रकम सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन हुनुपर्दछ । कार्यालयले व्यवसायिक प्रयोजनको लागि विभिन्न व्यक्तिबाट अल्प अवधिको लागि निर्ब्याजी सापटी लिएको जवाफ दिए तापनि यस्तो सापटीलाई आसामीमा देखाउन मिल्ने होईन ।

४५.४ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ अन्तर्गत सुन चाँदीको कारोबार गर्ने एक करदाताको वासलातमा आसामी रु.२ करोड १० लाख देखाएको छ । सो रकम दुई सञ्चालकलाई सापटी गएको देखिन्छ । सो सापटीको ब्याज करदातालाई प्राप्त भएको नदेखिएकोले आयकर ऐन, २०५८ को दफा २ अनुसार १५ प्रतिशतले हुने ब्याज रु.३२ लाख करयोग्य आयमा समावेश गरी कर रु.८ लाख र शुल्क रु.४ लाखसमेत रु.१२ लाख छानबिन गरी असुल गर्नुपर्दछ ।

४५.५ आन्तरिक राजस्व कार्यालय, भैरहवा अन्तर्गत प्लाष्टिकको कारोबार गर्ने करदाताको शेयर पूँजी रु.२ करोड ५० लाख भएको २०६७ आषाढ मसान्तको वासलातले देखाएको छ । सोही मितिको वासलातमा सञ्चालकबाट लिएको ऋण रु.५ करोड ५९ लाख देखिएको छ । करदाताले बैङ्कबाट लिएको ऋणको ब्याज रु.१ करोड २२ लाख ऐनको दफा १४ अन्तर्गत दाबी गरेकोमा करपरीक्षणले रु.१ करोड १८ लाख मात्र खर्च कट्टी दिएको छ । सञ्चालकबाट लिएको ऋणको ब्याज दाबी गरेको देखिँदैन । गत वर्षको अन्तमा सञ्चालकबाट लिएको ऋण रु.३ करोड ८६ लाख तिर्न बाँकी थियो । उक्त ऋणको लेनदेन कारोबार बैङ्कमार्फत भएको देखिँदैन । करदाताले आफ्नो शेयर पूँजीभन्दा २.२३ गुणा बढी ऋण सञ्चालकबाट लिएकोले त्यस्तो कारोबार सामान्य बजार व्यवहार अनुरुप नभएकोले सो कारोबार सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन हुनुपर्दछ । यस सम्बन्धमा छानबिन गरिने जवाफ प्राप्त भएको छ ।

४५.६ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता रहेका ट्राभल्ससम्बन्धी कारोबार गर्ने एक करदाताले २०६७।६८ मा पेश गरेको आय विवरणअनुसार रु.१ करोड ७८ लाख एक भगिनी संस्थालाई सापटी दिएकोमा उक्त सापटीबापत ब्याज आम्दानी गरेको पाइएन । निर्ब्याजी सापटी दिएको रकममा आयकर ऐन, २०५८ को दफा २ अनुसार सामान्य ब्याजदर १५ प्रतिशतले हुने ब्याज रु.२७ लाखलाई आयमा समावेश गरी सोही ऐनअनुसारको कर रु.७ लाख र शुल्क रु.३ लाखसमेत रु.१० लाख र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ । करदातासँग पत्राचार गरी आवश्यक छानबिन भैरहेको जवाफ प्राप्त भएको छ ।

४६. **अन्तिम मौज्दात मूल्याङ्कन** – आयकर निर्देशिका, २०६६ को दफा १८.६.३ अन्तर्गत उदाहरण नं.१८.६.६ मा अन्तिम मौज्दातको मूल्याङ्कन गर्दा मौज्दातमा रहेको कुनै वस्तुको खरिद, निष्काशन र बाँकी तीनवटै अवस्था देखिने गरी अन्तिम मौज्दात विवरण तयार गर्नुपर्ने उल्लेख छ । करदाताले परिमाण सहितको अन्तिम मूल्याङ्कन नदेखाउँदा आयकर ऐन, २०५८ को दफा १५(४) अनुसार लागत मूल्य वा बजार मूल्य जुन घटी हुन्छ त्यसलाई नै अन्तिम मूल्य मान्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.२ को कार्यक्षेत्रभित्र पर्ने एक करदाताले पेश गरेको आय विवरणमा सुनको अन्तिम मौज्दात रु.९ करोड ३ लाख ९० हजार देखाएको छ । करदाताको लेखानीतिमा अन्तिम मौज्दात लागत आधार अनुसार मूल्याङ्कन गरेको उल्लेख छ । लागत आधारमा मूल्याङ्कन गर्दासमेत खरिद मूल्यभन्दा रु.१ करोड १० लाख ६९ हजार घटीमा सुनको मूल्याङ्कन गरेको देखियो । करदाता स्वयंले घोषणा गरेको लेखा नीतिभन्दा पृथक रही खरिद मूल्यभन्दा घटीमा मूल्याङ्कन गरेकोले घटी रकमलाई आयमा समावेश गरी आयकर ऐन, २०५८ बमोजिम ३५ प्रतिशत

कर रु.३८ लाख ७४ हजार तथा शुल्क रु.१९ लाख ३७ हजारसमेत रु.५८ लाख ११ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

४७. **घटी आय** – करदाताले पेश गरेको वित्तीय विवरणमा खरिद तथा विक्री फरक पारी आय रकम घटी देखाई कर दायित्वमा असर परेका केही व्यहोरा निम्नानुसार छन्:

४७.१ आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं.३ मा दर्ता रहेका विविध वस्तुको आयात निर्यात गर्ने एक करदाताले पेश गरेको २०६६।६७ मा वित्तीय विवरणको अनुसूची–१० मा यो वर्ष दाबी प्राप्त हुनुपर्ने शीर्षकमा एक भारतीय कम्पनीबाट प्राप्त हुनुपर्ने रु.५९ लाख १० हजार देखाएको छ । आयकर ऐन, २०५८ को दफा २४ बमोजिम प्रोदभावी लेखाको आधारमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । करदाताले दाबीबापत प्राप्त हुनुपर्ने रकम आम्दानी देखाउनुपर्नेमा उक्त रकम समावेश गरी आय विवरण तयार गरेको छैन । यस सम्बन्धमा थप छानबिन गरी दाबी रकमलाई आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम आय कायम गरी ३५ प्रतिशतले हुने कर रु.२० लाख ६८ हजार र शुल्क रु.१० लाख ३४ हजारसमेत रु.३१ लाख २ हजार र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गरिने जानकारी प्राप्त भएको छ ।

४७.२ आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं.१ मा दर्ता रहेका इन्टेरियरको कारोबार गर्ने एक करदाताबाट प्रस्तुत आय विवरणको अनुसूची–१० कर मिलान दाबी विवरणबाट रु.९ लाख ७५ हजार कर मिलान दाबी गरेको छ । उक्त अग्रिम कर १.५ प्रतिशतलाई आधार मान्दा करदाताको विक्री रु.६ करोड ४९ लाख ९८ हजार हुनुपर्नेमा करदाताले रु.५ करोड ४८ लाख ७९ हजार विक्री आय लेखाङ्कन गरी आय विवरण दाखिला गरेको पाइयो । यसरी घटी विक्री देखाएको रु.१ करोड १ लाख १९ हजारलाई विक्रीमा समावेश गरी आयकर ऐन, २०५८ अनुसार कर रु.२५ लाख ३० हजार र शुल्क रु.१२ लाख ६५ हजारसमेत रु.३७ लाख ९५ हजारमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

४७.३ आन्तरिक राजस्व कार्यालय काठमाडौं, क्षेत्र नं.१ मा दर्ता रहेका कन्सल्टेन्सीको व्यवसाय गर्ने एक करदाताले पेश गरेको आय विवरणको अनुसूची–१० अग्रिम कर कट्टी मिलान दाबी विवरणमा रु.६ लाख १० हजार कर मिलानका लागि पेश भएको छ । अग्रिम कर कट्टी रकम १.५ प्रतिशतलाई आधार मान्दा विक्री रु.४ करोड ६ लाख ५३ हजार हुनुपर्नेमा आय विवरणमा रु.२ करोड ६५ लाख ८६ हजार आय लेखाङ्कन गरेकोले घटी आय लेखाङ्कन गरेको रु.१ करोड ४० लाख ६७ हजारलाई आयमा समावेश गरी आयकर ऐन, २०५८ अनुसार कर रु.३५ लाख १७ हजार र शुल्क रु.१७ लाख ५८ हजारसमेत रु.५२ लाख ७५ हजार र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

४७.४ आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेका होटल व्यवसाय कारोबार गर्ने करदाताबाट प्रस्तुत आय विवरणसाथ संलग्न अनुसूची–१० अनुसार एक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट करदाताको नाममा अग्रिम कर कट्टी गरेको रु.२ लाख ७० हजार रकम करदाताले दाबी मिलान गरेको देखियो । सोअनुसार करदाताले उक्त संस्थालाई रु.१ करोड ८० लाख विक्री गरेको देखिन्छ । तर आय विवरणमा रु.१ करोड १३ लाख १४ हजार विक्री कायम गरेको देखिएकोले घटी विक्री आय देखिएको रु.६६ लाख ८६ हजार लाई विक्री आयमा समावेश गरी सोमा आयकर ऐन, २०५८ अनुसारको कर रु.१६ लाख ७१ हजार र शुल्क रु.८ लाख ३५ हजारसमेत रु.२५ लाख ६ हजार छानबिन गरी असुल हुनुपर्दछ । छानबिन गर्दा दायित्व सिर्जना हुने देखिएमा संशोधित कर निर्धारण गरिने जवाफ प्राप्त भएको छ ।

४७.५ करदाताले स्वयम कर निर्धारण गरी पेश गरेको म्यानुअल आय विवरण र अनलाईनबाट भरेको विवरण एक आपसमा भिडान हुनुपर्दछ । आन्तरिक राजस्व कार्यालय, कृष्णनगरले कार्यालयमा अनलाईनमार्फत प्राप्त गर्नसकिने ठूला २० करदाताको सूची विवरण पेश गरेको र सोमा समावेश निम्न आय विवरण परीक्षण गर्दा करदाताले आय विवरणमा देखाएको विक्री र अनलाईनको विवरणमा देखाएको विक्री घटी देखियो ।

(रु.लाखमा)

आय वर्ष	करदाता	म्यानुअल आयको विक्री	अनलाईन विवरणको विक्री	फरक रकम
२०६७।६८	एक इन्टरनेशनल	२३,९५	१८,१७	५,७८
२०६७।६८	एक इन्टरप्राइजेज	२०,९६	१८,२४	२,७२
२०६७।६८	एक इन्टरप्राइजेज	२०,९४	१९,८९	१,०५

यसरी विक्री फरक पर्दा अनलाईनको आधारमा करपरीक्षण गरिने हुँदा यस्ले आर्थिक तथा राजस्वसम्बन्धी निर्णयमा नकरात्मक असर पर्नजाने हुनाले यी दुई विवरणले देखाउने अङ्क एक आपसमा भिडान हुने व्यवस्था मिलाउनुपर्दछ । यस सम्बन्धमा कार्यालयले छानबिन भइरहेको जानकारी दिएको छ ।

४७.६ आयकर निर्देशिका, २०६६ दफा २५.२.३ को क्रमसंख्या (९) मा ट्राभल्स व्यवसाय गर्ने व्यक्तिले पेश गर्नुपर्ने कागजातमध्ये यात्रु टिकट, कार्गो, होटेल आरक्षण तथा अन्य पर्यटकीय सेवा प्रदान गरेबापत प्राप्त रकमको छुट्टा छुट्टै वा एक मुष्ट आम्दानी तथा खर्च उल्लेख गरी आय विवरण पेश गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयको कार्यक्षेत्रका ट्राभल्स एजेन्सी तथा हवाई टिकट विक्रीको कारोबार गर्ने एक करदाताले २०६५।६६ को आय विवरण पेश गर्दा हवाई टिकेटिङ्गको विक्री कारोबार रु.६२ करोड ३० लाख भएकोमा सो लाई वित्तीय विवरण तथा आय विवरणमा नदेखाई हवाई टिकेटिङ्ग कारोबारबाट प्राप्त कमिशन रु.२ करोड ४७ लाखमात्र आय देखाई विवरण पेश गरेकोमा करपरीक्षणले सोही आयलाई मान्यता दिएको छ । हवाई टिकेटिङ्गको कारोबार गर्न दर्ता भएका करदाताले आफ्नो मुख्य कारोबार नै वित्तीय विवरण तथा आय विवरणमा नदेखाएको, हवाई टिकट विक्री कारोबारको करपरीक्षण नै नभएको हुँदा पूर्ण कारोबारको छानबिन गरेर कर दायित्व यकिन गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन भईरहेको जवाफ कार्यालयले दिएको छ ।

४७.७ ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र रहेका दुग्धजन्य पदार्थ उत्पादन गरी विक्री गर्ने एक करदाताले २०६६।६७ को आय विवरण साथ पेश गरेको वित्तीय विवरणको लेखा टिप्पणीमा सामानको मूल्याङ्कन लागतको आधारमा गरिएको उल्लेख छ । उक्त विवरणमा विक्री देखाएको सामानहरु अन्तिम मूल्याङ्कन गरेको दरभन्दा कममा विक्री गरेको देखिएको छ । यसरी लागतभन्दा कम दरमा विक्री गर्नुपर्नाको कारण उल्लेख गरेको देखिएन । अत: लागतभन्दा कम विक्री देखाएको रु.६२ लाख २८ हजारमा आयकर ऐन, २०५८ अनुसार कर रु.१२ लाख ४६ हजार तथा शुल्क रु.६ लाख २३ हजारसमेत रु.१८ लाख ६८ हजार छानबिन गरी असुल हुनुपर्दछ । यस सम्बन्धमा कार्यालयले पठाएको जवाफमा केही आइटम घटी दरमा विक्री गरेको उल्लेख छ ।

४७.८ ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र पर्ने धागो तथा फेब्रिक उत्पादन गरी विक्री गर्ने एक करदाताको २०६४।६५ मा रहेको मार्गस्थ सामान रु.१० करोड ६९ लाख भएकोमा २०६५।६६ मा रु.५ करोड ८९ लाख देखाएको र फरक रु.४ करोड ८० लाखको कच्चापदार्थलाई तयारी सामानमा नदेखाएकोले उक्त करदाताको कुल नाफा ६.६७ प्रतिशत थप गर्दा हुने रु.५ करोड १२ लाखलाई विक्रीमा समावेश गरी आयकर ऐन, २०५८ अनुसार कर रु.१ करोड २ लाख र शुल्क रु.५१ लाखसमेत रु.१ करोड ५३ लाख छानबिन गरी असुल गर्नुपर्दछ । त्यस्तै २०६५।६६ को मार्गस्थ सामान रु.५ करोड ८९ लाखमध्ये २०६६।६७ मा रु.५५ लाख उत्पादनमा खपत भएको र बाँकी रु.५ करोड ३४ लाखलाई उत्पादनमा प्रयोग पनि नगरेको र जिम्मेवारी पनि सारेको छैन । करदाताले २०६६।६७ मा मार्गस्थ देखाएको रु.६ करोड ७४ लाखमध्ये रु.६ करोड ६१ लाख २०६६।६७ कै खरिद भएकोले फरक पुरानो मार्गस्थ सामान रु.१३ लाखमात्र प्रयोग भएको देखिन्छ । तसर्थ पुरानो मार्गस्थ सामानको फरक रु.५ करोड २१ लाख मौज्दातमा नपुग देखिँदा सोलाई विक्री कायम गरी आयकर ऐन, २०५८ अनुसार कर तथा शुल्क निर्धारणका लागि थप छानबिन गर्नुपर्ने देखियो । यस सम्बन्धमा यो वर्ष तयारी सामान उत्पादनमा खपत भएको जवाफ दिए तापनि प्रमाण संलग्न गरेको छैन ।

४७.९ आन्तरिक राजस्व कार्यालय, ललितपुरमा दर्ता रहेको मदिराजन्य वस्तुको कारोबार गर्ने एक करदाताले आय विवरण साथ संलग्न गरेको २०६७।६८ को अनुसूची–१३ मा २ करदाताबाट रु.२१ करोड ६६ लाख ९५ हजारको मदिरा खरिद गरेको उल्लेख छ । करदाताले पेश गरेको लागत खर्चको विवरणमा रु.२१ करोड ४

लाख ३ हजारमात्र खरिद गरेको विवरण पेश गरेकोले रु.६२ लाख ९२ हजार घटी खरिद देखाएको छ । खरिद नदेखाएको रकममा मुनाफा ३.८६ प्रतिशतले थप गरी हुने रु.६५ लाख ३४ हजारलाई विक्री कायम गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ अनुसार मूल्य अभिवृद्धि कर रु.८ लाख ४९ हजार र ऐनको दफा २९ अनुसारको जरिबाना र यसबाट आयकर दायित्वमा पर्ने असरसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

४८. **जोखिम व्यहोर्ने कोष** – आयकर ऐन, २०५८ को दफा ५९ को उपदफा १(क) मा "नेपाल राष्ट्र बैङ्कले तोकेको मापदण्डको अधीनमा रही बैङ्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकमको बढीमा ५ प्रतिशतसम्म खर्च कट्टी गर्न सकिने व्यवस्था छ । यसरी जोखिम व्यहोर्ने कोष कायम रहेको अवस्थामा नउठ्ने आसामी भनी मुनाफाबाट खर्च लेखिएमा मिनाहा नहुने र सो कोषमा रहेको रकम पूँजीकृत गरिएमा वा मुनाफा वा लाभांश बाँडफाँड गरिएमा जुन वर्ष बाँडफाँड गरिएको छ सोही वर्षको आयमा समावेश गरिने" उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

४८.१ बैङ्किङ्ग कारोबार गर्ने स्वीकृति नलिएको अवस्थामा पनि आन्तरिक राजस्व कार्यालय, भक्तपुरका एक सहकारी संस्थाले पेश गरेको २०६७६८ को आय विवरणमा ऋण जोखिम व्यवस्थापनबापत रु.६५ लाख ३७ हजार खर्च लेखेको छ । यसैगरी आन्तरिक राजस्व कार्यालय, ललितपुर अन्तर्गतका अर्को सहकारी संस्थाले पेश गरेको आय विवरणमा हालसम्मको सम्भावित नोक्सानी रु.१ करोड ६६ हजार जोखिम व्यहोर्ने कोष खडा गरी खर्च कट्टी लिएको देखिन्छ । सहकारी संस्थाको रुपमा क्रियाशिल यी संस्थाले यस्तो खर्च कट्टी गर्नपाउने व्यवस्था आयकर ऐन, २०५८ ले नगरेको हुँदा ऐनको दफा ७ अनुसार उक्त खर्च रु.१ करोड ६६ लाख ३ हजार अमान्य गरी आयकर ऐन, २०५८ अनुसार २० प्रतिशतले लाग्ने कर रु.३३ लाख २१ हजार र शुल्क रु.१६ लाख ६० हजारसमेत रु.४९ लाख ८१ हजार र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

४८.२ आन्तरिक राजस्व कार्यालय, धनगढीमा दर्ता रहेको बैङ्किङ्ग कारोबार गर्ने करदाताले २०६५।६६ मा ऋण रु.४५ करोड २९ लाख ६३ हजारको ५ प्रतिशतले रु.२ करोड २६ लाख ४८ हजार जोखिम व्योहोर्ने कोषको लागि खर्च कट्टी पाउनेमा विगत वर्ष नै रु.२ करोड ६७ लाख ५७ हजार दाबी गरी कट्टी लिइसकेको रकम यो वर्ष आम्दानीमा प्रस्तुत गर्नपर्नेमा नगरेको र बैङ्कको वित्तीय विवरणअनुसार ऋण रकम अपलेखन गरेकोसमेत नदेखिँदा उक्त बढी कट्टी लिएको रु.४१ लाख ९ हजारमा आयकर ऐन, २०५८ बमोजिम ३० प्रतिशतले कर रु.१२ लाख ३२ हजार र शुल्क रु.६ लाख १६ हजारसमेत रु.१८ लाख ४८ हजार र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ । यस सम्बन्धमा असुल गर्नेतर्फ कारबाही भैरहेको जवाफ प्राप्त भएको छ ।

४९. **ह्रास खर्च** – आयकर ऐन, २०५८ को दफा १९ ले ह्रास खर्च कट्टी दिने व्यवस्था गरेको छ । ह्रास कट्टी सम्बन्धी देखिएका व्यहोरा देहायबमोजिम छन्:

४९.१ आन्तरिक राजस्व कार्यालय, भैरहवा अन्तर्गत निर्माण ठेक्का र खाद्यान्नको कारोबार गर्ने एक करदाताले रु.७२ लाख १८ हजार ह्रास खर्च दाबी गरेकोमा पूर्ण करपरीक्षणबाट रु.७१ लाख ६४ हजार खर्च कट्टी दिएको छ । सो करदाताको स्थिर सम्पत्तिको ह्रास खर्च विवरणमा २०६६।८।१७ मा खरिद भएको टिपरको मूल्य रु.३ करोड १८ लाख ५८ हजारमा २० प्रतिशतका दरले हुने ह्रास खर्च रु.६३ लाख ७२ हजार दाबी गरेकोमा पुरै रकम कट्टी दिएको छ । निर्माण कार्यको ठेक्का तथा राशन ठेक्का गर्ने करदाताको लागि सोही ऐनको अनुसूची–२ तथा आयकर निर्देशिका, २०६६ को दफा १८.६.७ अनुसार टिपर आधारभूत सम्पत्ति (कोर एसेट) हुने र सो सम्पत्तिलाई समूह "घ" मा वर्गीकरण गरी १५ प्रतिशतका दरले ह्रास खर्च रु.४७ लाख ७९ हजार दाबी गर्नुपर्नेमा रु.६३ लाख ७२ हजार दाबी गरी रु.१५ लाख ९३ हजार बढी खर्च कट्टी लिएको देखिएकोले सो सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन गरिने जवाफ प्राप्त भएको छ ।

४९.२ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ अन्तर्गत दर्ता रहेको ठेक्कापट्टाको कारोबार गर्ने करदाताको २०६७६८ को वित्तीय विवरण अनुसार स्थिर सम्पत्तितर्फ गत वर्षको जिम्मेवारी अफिस फर्निचर

रु.३ लाख १५ हजार र प्लान्ट तथा मेशिनरी रु.१ करोड ८ लाख २७ हजारमा रु.१४ लाख ४४ हजार ह्रासकट्टी खर्च लेखेको छ । करदाता आयकर प्रयोजनको लागि २०६७।३।१४ मा दर्ता भएको र निजले गत वर्ष पेश गरेको आय विवरण अनुसार गत वर्ष सम्पत्ति खरिद एवं जिम्मेवारी देखिँदैन । गत वर्षको जिम्मेवारीमा नदेखिएको सम्पत्तिमा ह्रासकट्टी खर्च दाबी गरिएको रु.१४ लाख ४४ हजार अमान्य गरी करदायित्व निर्धारण हुनुपर्दछ । यस सम्बन्धमा छानबिन गरी यकिन गरिने जवाफ प्राप्त भएको छ ।

५०. **कर कट्टी** – आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम अग्रिम करकट्टा गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५०.१ आयकर ऐन, २०५८ को दफा ८८ (२) (क) मा लाभांश भुक्तानीमा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । ठूला करदाता कार्यालयको कार्यक्षेत्र भित्र रहेका "क" वर्गका दुई वाणिज्य बैङ्कले तीन आय वर्षमा वितरण गरेको नगद तथा शेयर लाभांशमा कट्टी गर्नुपर्नेभन्दा घटी कर कट्टी गरेको रु.७४ लाख १४ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

५०.२ आन्तरिक राजस्व कार्यालय, काठमाडौं, क्षेत्र नं.२ अन्तर्गत वित्तीय कारोबार गर्ने एक करदाताले २०६७।६८ मा पेश गरेको आय विवरणमा प्रस्तावित बोनस शेयर भनी रु.२ करोड १० लाख देखाएको छ । आयकर निर्देशिका, २०६६ ले बोनस शेयरलाई पनि लाभांशको रुपमा लिएकोले सो अनुसार लाभांशमा ५ प्रतिशतले कर रु.१० लाख ५० हजार कट्टी गरी असुल हुनुपर्दछ ।

५०.३ आयकर ऐन, २०५८ को दफा ८९ को दफा ३(ख) अनुसार गैह्र वासिन्दा बीमा कम्पनीलाई बीमा प्रिमियम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता रहेका बीमाको कारोबार गर्ने करदाताले २०६६।६७ मा गैह्र वासिन्दा बीमा कम्पनीलाई पुनर्बिमा शुल्कबापत रु.६ करोड ७८ हजार भुक्तानी भएकोमा अग्रिम कर कट्टी भएको नदेखिएकोले १.५ प्रतिशतले हुने कर रु.९ लाख १ हजार असुल गर्नुपर्दछ । करदातासँग पत्राचार गरी आवश्यक छानबिन भैरहेको जवाफ प्राप्त भएको छ ।

५१. **नगदमा कारोबार** – आयकर ऐन २०५८ को दफा २१ (२) मा कुनै आय वर्षमा बीसलाख रुपैँयाभन्दा बढीको वार्षिक कारोबार गर्ने व्यक्तिले सो आय वर्षमा एकपटकमा पचासहजार रुपैँयाभन्दा बढीको नगद भुक्तानी गरेमा सो कट्टी गर्न नपाउने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जको कार्यक्षेत्रभित्र रहेका खाद्यान्नको थोक खरिद विक्री गर्ने करदाताले २०६७।६८ मा रु.१३ करोड २९ लाख, २०६६।६७ मा रु.९ करोड ८ लाख र २०६५।६६ मा रु.७ करोड ४१ लाखको कारोबार गरेको देखिन्छ । प्रोप्राइटरसीपमा सञ्चालन भएको सो व्यवसायका सञ्चालकले २०६९।६।११ मा आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जलाई लेखेको पत्रमा २०६६।६७ र २०६७।६८ मा फर्मको नाममा कुनै बैङ्किङ्ग कारोबार (बैङ्क खाता) नरहेको उल्लेख छ । खाद्यान्नको थोक कारोबार गर्ने करदाताले पचासहजार रुपैँयाभन्दा घटी रकमको मात्र भुक्तानी लेनदेन गरेर करोडौँको कारोबार गरेको भन्न मिल्ने देखिँदैन । फाइलमा संलग्न २०६६।६७ को अनुसुची–१३ अनुसार करदाताले खरिदतर्फ एउटै व्यवसायीसँग रु.२० लाख ५६ हजारको खरिद र एक कम्पनीलाई रु.२ करोड ८२ लाखको विक्री गरेकोसमेत देखिन्छ । ऐनको व्यवस्थाअनुसार बैङ्किङ्ग प्रणालीमार्फत कारोबार गरेको नदेखिएकोले निजको कारोबार उपर छानबिन गरी कर दायित्व निर्धारण गर्नुपर्दछ । लेखापरीक्षणको सुझाउलाई आगामी वर्षमा ध्यान दिईने जवाफ प्राप्त भएको छ ।

५२. **लाभांश वितरण** – कम्पनी ऐन, २०६३ को दफा १८२(छ) मा लाभांश भुक्तानी तथा वितरण गर्दा विगत वर्षहरुको सञ्चित नोक्सानी पूर्णरुपमा कट्टा गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ मा दर्ता रहेको बीमा सम्बन्धी कारोबार गर्ने करदाताले पेश गरेको २०६६।६७ को आय विवरणसाथ संलग्न नगद प्रवाह विवरणमा गत वर्ष रु.५७ लाख ५३ हजार र यो वर्ष रु.५ हजार लाभांश भुक्तानी भएको देखिन्छ । लाभांश भुक्तानीलाई आधार लिँदा कम्पनी ऐनको उल्लेखित व्यवस्था अनुसार विगत वर्षहरुमा भएको सञ्चित नोक्सानीको रकम पूर्णरुपमा कट्टी गरिसकेको अवस्था देखिन्छ । तर कम्पनीले यो वर्षको करयोग्य आय

रु.१ करोड ५७ लाख ८५ हजारमा विगत वर्षको नोक्सान रु.३ करोड ७२ लाख ४८ हजार कट्टा गरी कर निर्धारणमा रु.२ करोड १४ लाख ६३ हजार करयोग्य नोक्सान कायम गरेको पाइयो । सञ्चित नोक्सान कर प्रयोजनको लागि कुन आर्थिक वर्षदेखिको सर्दै आएको स्पष्ट गरेको छैन । यस सम्बन्धमा थप छानबिन गरी यो वर्षको करयोग्य आय रु.१ करोड ५७ लाख ८५ हजारमा आयकर ऐन, २०५८ बमोजिम कर रु.४७ लाख ३६ हजार र शुल्क रु.२३ लाख ६८ हजारसमेत रु.७१ लाख ४ हजार र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन भै रहेको जवाफ प्राप्त भएको छ ।

५३. **ऋणको उपयोग** – आयकर ऐन, २०५८ को दफा १४ ले व्यवसायको आय आर्जनमा उपयोग भएको ऋण रकममा तिरेको ब्याज खर्च कट्टी लिन मिल्ने व्यवस्था छ । ऋणको उपयोग गर्दा तिर्नुपर्ने ब्याज खर्चको वास्तविकताका लागि बैङ्कबाट जारीभएको बैङ्क स्टेटमेन्टसमेत भिडान गर्ने गरी आन्तरिक राजस्व विभागले परिपत्रसमेत गरेको छ । ऋणको उपयोग र ब्याज खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

५३.१ ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र रहेका एक सिमेन्ट उद्योगले २०६६।६७ को आय विवरणमा ब्याज खर्च रु.६ करोड ६१ लाख खर्च दाबी गरेकोमध्ये रु.६ करोड ५५ लाख खर्च कट्टी दिएको छ । उक्त खर्च कट्टी लिँदा विभिन्न बैङ्कको जो जसलाई सम्बन्धित छ भन्ने बैङ्क प्रमाणको आधारमा खर्च कट्टी लिएकोमा मस्यौदा प्रतिवेदन छलफलको क्रममा पेश भएको बैङ्क स्टेटमेण्टमा प्रिन्सिपल ट्रान्सफर तथा लोन रिकभरी रु.१ करोड ५४ लाखलाईसमेत ब्याज खर्चको रुपमा कट्टी लिएको छ । यससम्बन्धमा छानबिन गरी कर दायित्व यकिन हुनुपर्दछ ।

५३.२ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.३ मा दर्ता रहेका ठेक्का व्यवसाय गर्ने एक करदाताले पेश गरेको २०६७६८ को वित्तीय विवरण अनुसार गत वर्षको अन्त्यमा रु.३ करोड ५६ लाख ७२ हजार ऋण रहेकोमा यो वर्षको अन्त्यमा रु.१ करोड २९ लाख ७८ हजार देखिन्छ । सो अनुसार करदाताको औषत ऋण रु.२ करोड ४३ लाख २५ हजार रहेको छ । उक्त ऋणबापत करदाताले रु.५८ लाख ३१ हजार ब्याज खर्च दाबी गरी आयकर ऐन, २०५८ को दफा १४ बमोजिम खर्च कट्टी लिएकोमा सोको औषत ब्याजदर २३.९७ प्रतिशत देखिन्छ । यसैगरी गत वर्षको अन्त्यमा रु.१ करोड ८२ लाख ७६ हजार नगद तथा बैङ्क मौज्दात रहेकोमा यो वर्षको अन्त्यमा रु.१ करोड ६४ लाख ४३ हजार रहेबाट करदाताको औषत नगद तथा बैङ्क मौज्दात रु.१ करोड ७३ लाख ६० हजार रहेको देखिन्छ । व्यवसायमा नगद अभाव देखाई बैङ्कबाट ऋण लिई ब्याज खर्च भुक्तानी गर्ने अर्कोतर्फ ऋणबापत लिएको रकम व्यवसायमा नगद तथा बैङ्क मौज्दात राख्नु उपयुक्त देखिएन । तसर्थ व्यवसायमा औषत नगद मौज्दात रकमको औषत ब्याजदर २३.९७ प्रतिशतले हुने रु.४१ लाख ६१ हजार ब्याज खर्च अमान्य गरी आयकर ऐन, २०५८ बमोजिमको कर रु.१० लाख ४० हजार र शुल्क रु.५ लाख २० हजारसमेत रु.१५ लाख ६० हजार र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

५३.३ आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं.१ मा दर्ता रहेको कार्पेट उत्पादन गरी निर्यात गर्ने एक करदाताको औषत ऋण रु.२ करोड ७ लाख ३ हजार भएकोमा सोबापत रु.२३ लाख ९८ हजार ब्याज खर्च दाबी गरेकोमा खर्च कट्टासमेत दिएको छ । करदाताले सो ऋण रकमबाट ५ सञ्चालकलाई रु.३ करोड ६२ लाख ५ हजार सापटी दिएको देखियो । उक्त ऋण रकम व्यवसायको आय आर्जनमा उपयोग भएको नदेखिनुको अतिरिक्त व्यवसायको थप रकमसमेत सञ्चालक निर्ब्याजी सापटी दिएको सम्बन्धमा थप छानवीन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

५४. **ऋणपूँजी अनुपात** – करदाताको पूँजी परिचालनको स्रोत शेयरपूँजी र ऋणपूँजी रहेको हुन्छ । यो वर्ष आय विवरण पेश गर्नेमध्ये केही करदाताको नमूना छनौट गरी परीक्षण गर्दा ऋणको अंश शेयरपूँजीभन्दा ८ हजार ३१४ गुणसम्म बढी रहेको देखियो । आयकर ऐन, २०५८ को दफा १४ अनुसार ऋणमा लागेको ब्याज खर्च कट्टी गर्न पाइने हुँदा करदाता शेयरपूँजीभन्दा ऋणतर्फ बढी आकर्षित रहेको पाइयो । शेयरपूँजी र ऋणपूँजीको दुई विकल्पमध्ये करदाताले ऋणपूँजी छनौट गर्नाले ब्याज खर्चको मात्रा बढ्ने र नाफा घटी भई कर दायित्व कम हुन जान्छ । नेपालको करसम्बन्धी कानूनले शेयरपूँजी र ऋणपूँजीको अनुपात कति हुनुपर्ने हो स्पष्ट व्यवस्था गरेको छैन । यस सम्बन्धमा विभिन्न देशहरुले ऋणपूँजी अनुपात निर्धारण गरेर सो

अनुपातभन्दा बढी ऋणको ब्याज अमान्य गर्ने व्यवस्था गरेको छ । यस सम्बन्धमा अध्ययन गर्दा ऋणपूँजी अनुपात चीन, क्यानाडा, घाना, अर्जेन्टिनामा २:१, पाकिस्तान, फिलिपिन्स, केन्या, अष्ट्रेलिया, मंगोलियामा ३:१, अमेरिका र फ्रान्समा १.५:१ रहेको पाइयो । इण्डोनेसियामा अर्थ मन्त्रालयले निर्धारण गर्नसक्ने व्यवस्था छ भने भियतनाममा यस्तो अनुपात व्यवसाय दर्ता प्रमाणपत्रमा तोकिएको हुन्छ । आन्तरिक राजस्व विभाग मातहतका केही करदाताको शेयर तथा ऋणको अनुपात देहाय अनुसार छ:

(रु.हजारमा)

कार्यालय	करदाता	आय वर्ष	ऋण रकम	चुक्ता पूँजी	ऋणपूँजी अनुपात
ठूला करदाता	मोटर खरिद विक्री गर्ने करदाता	२०६६।६७	१,०३,९३,००	१,२५	८३१४:१
ठूला करदाता	एक इन्टरप्राइजेज	२०६६।६७	४२,४५,९६	५०,००	८४:१
ठूला करदाता	मोटर खरिद विक्री गर्ने	२०६५।६६	६,६७,५५	२५,००	२७:१
ठूला करदाता	इलेक्ट्रोनिक्स सामान विक्री गर्ने	२०६५।६६	२७,२८,२८	२,११,००	१३:१
आ.रा.का.क्षेत्र नं.१	एक होटल	२०६७।६८	३२,८७,८५	१,४०,००	२३:१
आ.रा.का.क्षेत्र नं.१	एक कार्पेट व्यवसायी	२०६७।६८	२,८४,३५	१८,००	१६:१

आन्तरिक राजस्व विभागले करपरीक्षणको लागि करदाता छनौट गर्न प्रयोगमा ल्याएको रिस्क इन्जिनमा तोकेको ८ आधारमध्ये ऋण र ब्याजसँग सम्बन्धित कारोबारको लागि ३० प्रतिशत अङ्कभार तोकेको देखिँदा ऋण र ब्याजलाई राजस्वको उच्च जोखिमको क्षेत्रमा लिएको छ । तथापि ऋणपूँजीको अनुपात निर्धारण गर्ने कानूनी व्यवस्था नहुँदा यसले कर दायित्वमासमेत प्रत्यक्ष प्रभाव पारेको छ । तसर्थ अन्तर्राष्ट्रिय अभ्यास एवं उक्त कानूनको अभावमा करदाताहरुले अस्वभाविक ढङ्गले ऋण लिई ब्याज खर्च दाबी गर्ने अवस्था देखिँदा ऋणपूँजी अनुपात निर्धारण गर्न कानूनी व्यवस्था हुनु जरुरी देखिएको छ ।

५५. **सेवा शुल्क** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा वस्तु विक्री गर्नेको हकमा वार्षिक रु.२० लाख र सेवा विक्रीको हकमा वार्षिक रु.१० लाखभन्दा बढीको कारोबार गर्नेले मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, वीरगंजमा दर्ता रहेका हायरपर्चेजको कारोबार गर्ने करदाताले आय वर्ष २०६७।६८ मा उपर्युक्त अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । करदाताको कारोबारको प्रकृति हेर्दा कुनै कम्पनीले खरिद पैठारी गरेका गाडीहरु अर्को व्यक्ति वा फर्मलाई विक्री गर्दा किस्ताबन्दीमा भुक्तानी गर्ने गरी पूँजी लगानी गरी दिएबापत निजले किस्ताको अलावा सेवा शुल्कको रुपमा हायरचार्जेज आम्दानी गर्ने गरेको छ । करदाताको आम्दानी हेर्दा हायरपर्चेजमा रु.२० करोड ८३ लाख, हायरअर्निङ्गबापत रु.१ करोड ९ लाख र अन्यबापत रु.५३ लाखसमेत रु.२२ करोड ४५ लाख देखिएको छ । यसरी सेवा शुल्क आम्दानी गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ आकर्षित हुने नै देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि कर दर्ता गराई यो वर्ष देखाइएको आम्दानीमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ अनुसारको मूल्य अभिवृद्धि कर रु.२ करोड ९१ लाख ८५ हजार र सोमा लाग्ने ब्याज र जरिबानासमेत असुल हुन छुट भएको छ ।

आन्तरिक राजस्व विभागले २०६१।३।८ मा लेखेको पत्रमा करदाताले गाडीहरु विक्री गर्दा किस्ताबन्दीमा भुक्तानी गर्ने र पूँजी लगानी गरिदिएर जमानी बस्ने गरेको देखिएकोले मूल्य अभिवृद्धि कर नलाग्ने उल्लेख गरेको छ । तर किस्ताबन्दीमा गाडी खरिद गर्न पूँजी लगानी गरी प्रतिफल लिने करदाता बैङ्क तथा वित्तीय संस्थाको रुपमासमेत दर्ता भएको छैन । करदाताको कारोबार मूल्य अभिवृद्धि करयोग्य नभएको अवस्थामा उक्त कारोबार वित्तीय सेवाभित्र पर्ने व्याख्यासमेत विभागबाट भएको छैन । यस सम्बन्धमा थप छानबिन गरी करदाताको कारोबारलाई वित्तीय सेवाको रुपमा व्याख्या गर्ने हो भने पनि आयकर ऐनको अनुसूची–१ बमोजिम ३० प्रतिशतले लाग्ने कर असुल हुनुपर्नेमा २५ प्रतिशतमात्र दाखिला भएकोले छुट ५ प्रतिशतले हुने रु.४७ लाख ६५ हजारमा ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ ।

५६. **सम्बद्ध पक्षको कारोबार** – सम्बद्ध पक्षबीच भएका कारोबार सम्बन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख गरिएको छः

५६.१ करदाताबीच एक संस्थाले देखाएको असामी अर्को संस्थाले साहु देखाउनुपर्ने र एक संस्थाले खरिद देखाएको रकम अर्को संस्थाले विक्री देखाएको रकममा एकरुपता हुनुपर्दछ । आन्तरिक राजस्व कार्यालय, ललितपुरमा दर्ता भएको हार्डवेयर तथा सेनिटरी सामानको कारोबार गर्ने एक करदाताले पेश गरेको २०६६।६७ को आय विवरण अनुसार विभिन्न ५ भगिनी संस्थालाई रु.२ करोड १३ लाख ५१ हजार सापटी दिएकोमा ती संस्थाले पेश गरेको आय विवरणमा रु.७० लाख ४२ हजारमात्र सापटी प्राप्त भएको देखाएको छ । सापटी दिएको रकममध्ये रु.१ करोड ४३ लाख ८ हजार वित्तीय विवरणमा नदेखाउनाले वित्तीय विवरणले यथार्थ अवस्थाको चित्रण गर्दैन । तसर्थ घटी सापटी देखाएको रकम आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम निसर्ग मानी आयमा समावेश गरी सोमा कर रु.३५ लाख ७७ हजार र शुल्क रु.१७ लाख ८९ हजारसमेत रु.५३ लाख ६६ हजार र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

५६.२ आयकर ऐन, २०५८ को दफा ३३(१) मा सम्बद्ध व्यक्तिहरुबीच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहार अनुसार सञ्चालन गरेको भए तिनीहरुको लागि कायम हुनसक्ने करयोग्य आय र खर्च कट्टी गरिने रकमहरु विभागले लिखित सूचना जारी गरेर वितरण, विनियोजन वा बाँडफाँड गर्नसक्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, भैरहवा अन्तर्गतका पि.भि.सी.पाईप तथा फिटिङ्गस उत्पादन गर्ने एक करदाताले आय विवरण साथ संलग्न गरेको २०६७ आषाढ मसान्तको वासलातमा शेयर पूँजी रु.२ करोड ५० लाख भएकोमा ३ भगिनी संस्थालाई तिर्नुपर्ने दायित्व रु.४ करोड २९ लाख ६९ हजार रहेको पाइयो । गत वर्ष यस्तो दायित्व रु.१० करोड ४ लाख ७१ हजार रहेको देखिन्छ । उल्लेखित सबै करदाता एउटै व्यवसायिक समूहसँग आवद्ध छन । सो अनुसार करदाताबाट सामान्य बजार व्यवहार अनुसार कारोबार भएको पुष्टी हुन नसकेको र विभाग वा कार्यालयले सम्बद्ध व्यक्तिहरुबीच कारोबार गर्न सूचना जारी गरी स्वीकृति दिएको पनि देखिँदैन । करपरीक्षण प्रतिवेदनमा सोसम्बन्धमा विश्लेषण गरेकोसमेत नदेखिएकोले सो कारोबारसम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । यस सम्बन्धमा छानबिन गरिने जवाफ प्राप्त भएको छ ।

५६.३ नेपाल लेखामान–१ अनुसार वित्तीय विवरण यथार्थ रुपमा तयार गर्नुपर्ने व्यवस्था रहेको छ । ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र पर्ने दुग्धजन्य पदार्थ उत्पादन गरी विक्री गर्ने एक करदाताले २०६६।६७ को आय विवरण साथ पेश गरेको वित्तीय विवरणमा सम्बद्ध पक्षबीच भएको कारोबारको खुलासा गरेको छ । उक्त खुलासामा प्रस्तुत करदाताले सोही व्यवसायिक समूह अन्तर्गतको एक कन्फेक्शनरीलाई रु.२ करोड ९ लाख ७८ हजार विक्री गरेको उल्लेख छ । तर सोही कन्फेक्शनरीले प्रस्तुत करदाताबाट खरिद देखाएको छैन । तसर्थ प्रस्तुत करदाताले देखाएको रकम सो कन्फेक्शनरीले खरिद नदेखाएबाट उक्त सामान निसर्ग मानी आयकर ऐन, २०५८ बमोजिम कर रु.४१ लाख ९६ हजार तथा शुल्क रु.२० लाख ९८ हजारसमेत रु.६२ लाख ९४ हजार छानबिन गरी असुल हुनुपर्दछ ।

५७. **नर्म्स्** – उद्योग विभागबाट प्रकाशित नर्म्स् अनुसार कच्चापदार्थ खपत एवं उत्पादन देखाउनुपर्नेमा फरक/फरक ढङ्गले कच्चापदार्थको खपत देखाएको कारण कर दायित्वमा परेको असर देहायअनुसार छः

५७.१ उद्योग विभागबाट प्रकाशित नर्म्स्, २०६३ अनुसार फलामे छड उत्पादन गर्नेले १०६ के.जी. एम.एस. विलेटको खपतबाट १०० के.जी. डण्डी उत्पादन हुनुपर्ने व्यवस्था छ । जस अनुसार डण्डी उत्पादनको प्रतिलब्धी दर ९४.३४ प्रतिशत हुन आउँछ । उद्योग विभागले २०६८।४।२२ मा आन्तरिक राजस्व विभागलाई लेखेको पत्रमासमेत सोही व्यहोरा उल्लेख छ । उद्योग विभागबाट पुनः २०६९।१।२६ मा एकद्वार समितिको २०५३।१।६ को निर्णयानुसार फलामे डण्डी उत्पादनको जर्ति ३ प्रतिशत दृष्य जर्ति र ६ प्रतिशत अदृष्य जर्ति जाने उल्लेख गरेको छ । एकद्वार समितिको निर्णयलाई परिवर्तन गरी २०६३ मा नर्म्स् स्वीकृत गर्दा १०६ के. जी.कच्चापदार्थको खपतबाट १०० के.जी. छड उत्पादन हुने नर्म्स् स्वीकृत भएकोमा हाल सोही एकद्वार समितिको बैठकलाई आधार मानी दृष्य र अदृष्य जर्ती कटाई ९१ प्रतिशतमात्र छड उत्पादन हुने उल्लेख भएको देखियो । यस सम्बन्धमा अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन गर्दा विश्व स्टील संगठनले

यसप्रकारको फलामे डण्डीको लागि १०० के.जी. कच्चापदार्थबाट ९८ के.जी डण्डी उत्पादन हुने व्यहोरा सन् २०१० को प्रतिवेदनमा उल्लेख गरेको छ । नेपालको परिवेशमा यसप्रकार बढी जर्ति देखाएको सम्बन्धमा अध्ययन विशलेषण गरिनुपर्दछ ।

५७.२ आन्तरिक राजस्व कार्यालय, वीरगंजमा दर्ता भएको एक करदाताले २०६७।६८ मा कार्यालयमा पेश गरेको अन्त:शुल्कको वार्षिक विवरणअनुसार ४० हजार ८७५ मेट्रिकटन कच्चापदार्थ खपत गरी ४० हजार ३१६ मेट्रिकटन डण्डी उत्पादन गरेको छ । सो अनुसार डण्डी उत्पादनको प्रतिलब्धी दर ९८.६३ प्रतिशत हुन आउँदछ । यो वर्ष २०६८।६९ मा सोही करदाताले पेश गरेको अन्त:शुल्कको वार्षिक विवरणमा ३३ हजार २१२ मेट्रिकटन कच्चापदार्थ खपत गरी ३१ हजार ६ मेट्रिकटन डण्डी उत्पादन गरेको देखाएको छ । जसअनुसार डण्डी उत्पादनको प्रतिलब्धी दर ९३.३५ प्रतिशत रहेको छ । यसरी एक वर्षको अन्तरालमा एकैप्रकारको कच्चापदार्थ खपत गरी डण्डी उत्पादन गर्दा गत वर्षभन्दा ५.२८ प्रतिशत घटी उत्पादन देखाई अन्त:शुल्क दाखिला गरेको छ । एकै प्रकारको कच्चापदार्थ, समान प्रविधिबाट उत्पादन गर्दा एक वर्षमानै ५.२८ प्रतिशतले हुने १ हजार ७५४ मेट्रिकटन घटी उत्पादन देखाएकोले यस सम्बन्धमा छानबिन गरी प्रति मेट्रिकटन रु.१ हजारका दरले लाग्ने अन्त:शुल्क रु.१७ लाख ५४ हजार तथा मूल्य अभिवृद्धि कर र आयकर दायित्वसमेत यकिन गरी असुल गर्नुपर्दछ ।

५७.३ आन्तरिक राजस्व कार्यालय, बुटवल अन्तर्गत रहेको एक करदाताले २०६८।६९ मा पेश गरेको अन्त:शुल्कको वार्षिक विवरणअनुसार २७ हजार ८४० मेट्रिकटन कच्चापदार्थ खपत गरेको देखिन्छ । उद्योग विभागको नर्म्स्लाई आधार मान्दापनि ९४.३४ प्रतिशतले तयारी छड २६ हजार २६४ मेट्रिकटन उत्पादन हुनुपर्नेमा २५ हजार ३३४ मेट्रिकटन उत्पादन देखाई ९३० मेट्रिकटन छड घटी उत्पादन देखाएको छ । यस सम्बन्धमा छानबिन गरी प्रति मेट्रिकटन रु.१ हजारले हुने अन्त:शुल्क रु.९ लाख ३० हजार तथा मूल्य अभिवृद्धि कर र आयकर दायित्वसमेत यकिन गरी असुल गर्नुपर्दछ ।

५७.४ उद्योग विभागबाट प्रकाशित नर्म्स्, २०६३ अनुसार क्लिङ्करमा आधारित सिमेन्ट उद्योगको १०३ के.जी कच्चापदार्थको खपतबाट १०० के.जी सिमेन्ट उत्पादन हुने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, सिमरामा दर्ता रहेका क्लिङ्कर स्लेग, जिप्सम र फ्लाइआक्स प्रयोग गरी सिमेन्ट उत्पादन गर्ने करदाताले यो वर्ष पेश गरेको अन्त:शुल्कसम्बन्धी वार्षिक विवरणअनुसार क्लिङ्कर २६ हजार ५७२ मेट्रिकटन स्लेग ३२ हजार ४४३ मेट्रिकटन, जिप्सम २ हजार ६१४ मेट्रिकटन र फ्लाईआक्स ३ हजार ५६८ मेट्रिकटन गरी जम्मा ६५ हजार १९७ मेट्रिकटन कच्चापदार्थ खपत गरेको र १ हजार ४५ मेट्रिकटन कच्चापदार्थ विक्री देखाई ६४ हजार १५२ मेट्रिकटन उत्पादनमा खपत भएकोमा स्वीकृत नर्म्स्अनुसार ६२ हजार २८३ मेट्रिकटन सिमेन्ट उत्पादन हुनुपर्नेमा ५८ हजार १४१ (९०.६२ प्रतिशत) मेट्रिकटन उत्पादन भएको देखाइएको छ । यसबाट स्वीकृत नर्म्स्भन्दा ४ हजार १४२ मेट्रिकटन सिमेन्ट घटी उत्पादन भएको देखिन्छ ।

यसै कार्यालयको कार्य क्षेत्रमा दर्ता रहेका अन्य दुई सिमेन्ट उद्योगले सोही प्रकारको कच्चापदार्थ खपतगरी सिमेन्ट उत्पादनको प्रतिलब्धी दर ९७.०८ प्रतिशतभन्दा बढी देखाएको छ । एकैप्रकारको कच्चापदार्थ खपत गरी सिमेन्ट उत्पादन गर्ने उद्योगको प्रतिलब्धी दर ९७.०८ प्रतिशतसम्म रहेकोमा यस उद्योगको उत्पादन ९०.६२ प्रतिशतमात्र देखाएको सम्बन्धमा कार्यालयबाट छानबिन भएको छैन । तसर्थ घटी उत्पादन देखाएको ४ हजार १४२ मेट्रिकटन सिमेन्टको प्रति मेट्रिकटन रु.१८०।– ले हुने अन्त:शुल्क रु.७ लाख ४५ हजार तथा मूल्य अभिवृद्धि कर र आयकर दायित्वसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

५७.५ ठूला करदाता कार्यालय अन्तर्गत एक तेल उद्योगले २०६५।६६ मा ८ हजार ८८३ मेट्रिकटन कच्चा भटमासको तेल र १ हजार ४३७ मेट्रिकटन कच्चा सनफ्लावर तेल प्रयोग गरी ८ हजार ४३५ मेट्रिकटन भटमासको तेल र १ हजार २५३ मेट्रिकटन सनफ्लावर तेल उत्पादन गरेको देखाएको छ । तेलको उत्पादकत्वको लागि कुनै नर्म्स् स्वीकृत नभएको अवस्थामा विश्व खाद्य संगठनबाट सन् २०१० मा प्रकाशित

पुस्तिकामा उल्लेख भए अनुसार १ हजार ४२ के.जी. कच्चा भटमासको तेलबाट १ हजार के.जी. भटमासको तेल र ३५० के.जी. कच्चा सनफ्लावर तेलबाट ३३० के.जी. सनफ्लावर तेल उत्पादन हुनुपर्ने व्यहोरालाई आधार लिँदा न्यूनतम ८ हजार ५२५ मेट्रिकटन भटमासको तेल र १ हजार ३५५ मेट्रिकटन सनफ्लावर तेल उत्पादन हुनुपर्ने देखिन्छ । यसरी सो उद्योगको उत्पादन प्रक्रियामा औसतभन्दा बढी प्रक्रियागत नोक्सान देखाएका कारण ९० मेट्रिकटन कच्चा भटमासको तेल र १०२ मेट्रिकटन कच्चा सनफ्लावर तेल बढी खपत भएको पाइयो । उक्त बढी खपत कच्चापदार्थको औसत खरिद दर प्रति के.जी क्रमश: रु.९५।– र रु.१११।४३ ले हुने रु.८५ लाख र रु.१ करोड १४ लाख ७२ हजारसमेत रु.१ करोड ९९ लाख बढी लागत खर्च दाबी गरेकोसम्बन्धमा छानबिन गरी आयकर तथा मूल्य अभिवृद्धि कर दायित्व यकिन गर्नुपर्दछ ।

५७.६ उद्योग विभागबाट प्रकाशित नर्म्स् २०६३ अनुसार गहुँ १०२ के.जी.बाट मैदा, आँटा र सुजी गरी १०० के.जी.उत्पादन हुनुपर्ने जसमा चोकरको उत्पादितमात्रा २० देखि २५ प्रतिशत हुनसक्ने उल्लेख छ । ठूला करदाता कार्यालयको कार्यक्षेत्रभित्र पर्ने विभिन्न खाद्यान्नको कारोबार गर्ने करदाताले २०६५।६६ मा गहुँ १ लाख ४१ हजार ९३ क्वीन्टल खपत गरी मैदा ६५ हजार ५९८ क्वीन्टल, आँटा २७ हजार १२६ क्वीन्टल, सुजी ५६५ क्वीन्टल र चोकर ३१ हजार ९३४ समेत जम्मा १ लाख २५ हजार २२३ क्वीन्टल उत्पादन भएको देखाएको छ । उल्लेखित नर्म्स्को आधारमा खपतबाट १ लाख ३८ हजार ३२६ क्वीन्टल उत्पादन हुनुपर्नेमा १३ हजार १०३ क्वीन्टल घटी उत्पादन देखाएको छ । सो घटी उत्पादनमध्ये चोकरको मात्रा २५ प्रतिशतले हुने ३ हजार २७६ क्वीन्टल र अन्य उत्पादनको मात्रा ९ हजार ८२७ क्वीन्टल हुन आउँछ । उक्त घटी उत्पादनमध्ये चोकरको प्रतिक्वीन्टल रु. १ हजार ८०० का दरले रु.५८ लाख ९७ हजार र अन्य उत्पादनको औशत विक्री मूल्य प्रतिक्वीन्टल रु.२ हजार २ सयले रु.२ करोड १६ लाख १९ हजारसमेत रु.२ करोड ७५ लाख १६ हजार घटी विक्री देखाएको पाइयो । नर्म्स्भन्दा घटी उत्पादन देखाएको कारणबाट घटी विक्री भएको रकमलाई करदाताको करयोग्य आयमा समावेश गरी आयकर ऐन, २०५८ अनुसार २० प्रतिशतले हुने कर रु.५५ लाख ३ हजार र शुल्क रु.२७ लाख ५२ समेत रु.८२ लाख ५५ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

अन्त:शुल्क र रोयल्टी

- *फलामे छडतर्फ उद्योग विभागले ९४.३४ प्रतिशत प्रतिलब्धी दर निर्धारण गरेकोमा २ करदाताले सोभन्दा घटी उत्पादन देखाएको कारणले अन्त:शुल्क रु.२६ लाख ८४ हजारको अतिरिक्त सोको आयकर र मूल्य अभिवृद्धि करसमेत घटी असुल भएको छ ।*
- *प्याकिङ मेटेरियलमा तिरेको अन्त:शुल्क क्रेडिट नपाउने व्यवस्था भएपनि ५ करदाताले रु.२ करोड ६८ लाख क्रेडिट लिएको र एक करदाताले अल्पविकशित क्षेत्रको उत्पादनमा नपाउने क्रेडिट लिएको रु.५६ लाखसमेत रु.३ करोड २४ लाख असुल हुनुपर्दछ ।*
- *आर्थिक वर्ष प्रारम्भ भएको २ महिनाभित्र क्यासिनो रोयल्टी बुझाउनुपर्ने, सो अवधिमा रोयल्टी नबुझाउनेलाई वार्षिक १५ प्रतिशतले शुल्क असुल गर्नेदेखि क्यासिनो बन्द र इजाजत रद्द गर्ने व्यवस्था भएपनि ४ क्यासिनोले २०६८।६९ को रोयल्टी रु.८ करोड नबुझाएकोमा समेत कुनै कारबाही भएको छैन ।*
- *इँटा उद्योगहरु मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नुपर्नेमा ८ आन्तरिक राजस्व कार्यालयबाट प्राप्त विवरणबाट ७२२ मध्ये ५५ मात्र दर्ता भएको र बाँकी ६६७ दर्ता नभएको कारणले मूल्य अभिवृद्धि कर छुट भएको छ ।*

५८. **क्यासिनो रोयल्टी** – आर्थिक ऐन, २०६८ को दफा १६ मा २०६८।६९ मा नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजत प्राप्त व्यक्ति तथा निकायले प्रत्येक क्यासिनो सञ्चालन गरेबापत वार्षिक २ करोड रुपैँया रोयल्टी तिर्नुपर्ने व्यवस्था छ । उक्त रकम आर्थिक वर्ष प्रारम्भ भएको मितिले २ महिनाभित्र आन्तरिक राजस्व कार्यालयमा बुझाउनुपर्ने छ । उक्त अवधिभित्र रोयल्टी नबुझाउने व्यक्ति वा निकायलाई सो रकम नबुझाएबापत बुझाउन बाँकी रकमको वार्षिक १५ प्रतिशतका दरले शुल्कसमेत लगाई रोयल्टी रकम असुल उपर गरिने व्यवस्था छ । उल्लेखित अवधिभित्र पनि रोयल्टी शुल्क नबुझाउने व्यक्ति वा निकायलाई कर अधिकृतले निजको सम्पत्ति उपर दाबी गर्न, दाबी

गरेको सम्पत्ति लिलाम विक्री गर्न, निजलाई नेपाल बाहिर जान रोक लगाउने वा अन्य कुनै तवरले निजबाट रकम असुल गर्न वा क्यासिनो सञ्चालन बन्द गर्न आदेश दिनसक्ने छ । यसरी आदेश भएमा इजाजतपत्र दिने निकायले निजको इजाजतपत्र रद्द गर्नुपर्ने छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं.१ मा दर्ता रहेको २, काठमाडौं क्षेत्र नं.३ मा दर्ता रहेको १ र पोखरामा दर्ता रहेको १ गरी ४ क्यासिनोले यो वर्षको क्यासिनो रोयल्टी रु.२ करोडको हिसाबले हुने रु.८ करोड दाखिला पनि नगरेको, कानूनअनुसार बुझाउनुपर्ने रोयल्टी नबुझाउँदापनि क्यासिनो सञ्चालन गरिराखेको देखिँदा कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी बाँकी रोयल्टीमा लाग्ने शुल्कसमेत हिसाब गरी असुल गर्नुपर्दछ । यस सम्बन्धमा क्यासिनो रोयल्टी कडाइका साथ असुल गर्ने निर्देशन सार्वजनिक लेखा समितिले दिएकोमा साविकको रोयल्टीसमेत असुल हुनसकेको छैन ।

५९. **आकस्मिक लाभकर** – आयकर ऐन, २०५८ को दफा ८८(क) बमोजिम आकस्मिक लाभबापतको भुक्तानीमा २५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । देशभित्र दर्ता रहेका १० क्यासिनोमध्ये कुनैपनि क्यासिनोहरुले आकस्मिक लाभकर कट्टी गर्ने र राजस्व दाखिला गरेको देखिएन । क्यासिनोबाट प्राप्त हुने आकस्मिक लाभमा लाभकर असुली गरी राजस्व दाखिला हुनुपर्दछ भनी गत वर्षको प्रतिवेदनमा औंल्याउँदा समेत सुधार भएको देखिएन । क्यासिनो लगायत अन्य निकाय तथा संस्थाबाट भुक्तानी हुने आकस्मिक लाभका सम्बन्धमा अनुगमन गरी आकस्मिक लाभकर असुल हुनुपर्दछ ।

६०. **मूल्य अभिवृद्धि कर कोष –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ को उपनियम (१) अनुसार भन्सार विन्दुमा सङ्कलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सोको विवरण भन्सार कार्यालयले तीन दिनभित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनुपर्ने तथा उप–नियम (२) मा उप–नियम (१) बमोजिमको कोषमा जम्मा हुन आएको रकमबाट आन्तरिक राजस्व विभागले आदेश दिएको रकम फिर्ता दिई बाँकी रहने रकम दैनिक रुपमा तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यो कोषको २०६८।६९ को कारोबारको स्थिति निम्नानुसार छ:

(रु.लाखमा)

आय	रकम	व्यय	रकम
गत वर्षको मौज्दात जिम्मेवारी	६,८०	मूल्य अभिवृद्धि कर फिर्ता खर्च	५,१६,४४
यस वर्षको आम्दानी	३३,९३,१८	संचित कोष दाखिला	२८,८३,५४
जम्मा:	**३३,९९,९८**		**३३,९९,९८**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

६०.१ मूल्य अभिवृद्धि कर नियमावलीको व्यवस्थाले राजस्वको रुपमा भन्सार विन्दूमा सङ्कलित मूल्य अभिवृद्धि कर यस कोषमा जम्मा हुने र सो कोषबाट फिर्ता हुने गरेको छ । राजस्वबापत सङ्कलन भएको सम्पूर्ण रकम सञ्चितकोषमा दाखिला हुनुपर्ने र नेपाल सरकारको नीति एवं अन्य ऐनबमोजिम खर्च वा कसैलाई फिर्ता दिनुपरेमा विनियोजन ऐनबाट बजेट व्यवस्था गरी प्रचलित कानूनको अधिनमा रही खर्च लेख्नुपर्नेमा असुल भएको राजस्वको ठूलो अंश सञ्चितकोषमा दाखिला नै नभई खर्च लेख्ने गरेको छ । यसरी खर्च गरिएको रकम विनियोजन ऐन तथा बजेटमा समावेश नभएकोले सरकारी आय–व्ययमासमेत नदेखिने, संसदमा छलफल नहुने र सरकारको केन्द्रीय आर्थिक विवरणमासमेत समावेश नहुने हुँदा मुलुकको वित्तीय कारोबारको यथार्थ स्थितिसमेत नझल्किने भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९० र ९१ समेतको प्रतिकुल देखिएको छ । मूल्य अभिवृद्धि करबापत असुल हुने सम्पूर्ण राजस्व रकम सञ्चितकोषमा जम्मा गर्ने र फिर्ता दिनुपर्ने अवस्थामा विनियोजन ऐनद्वारा व्यवस्थित गरी प्रचलित कानूनको अनुशरण गरी फिर्ता दिने व्यवस्था गर्नुपर्दछ ।

६०.२ आन्तरिक राजस्व विभागले पेश गरेको मूल्य अभिवृद्धि कर कोषको संशोधित आर्थिक विवरण भन्सार कार्यालयहरुबाट ख.९ समूह खातामा जम्मा भई फिर्ता गरेर बाँकी रहेको रकम राजस्व दाखिला गरेको उल्लेख गरे तापनि महालेखा नियन्त्रक कार्यालयले सञ्चितकोषको हिसाब पेश गर्दा उक्त खातामा रु.१२

करोड ८१ लाख ९६ हजार बाँकी देखाएकोले फरक रकमको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

६०.३ प्राप्त विवरणअनुसार कोषमा त्रिभुवन विमानस्थल, भन्सार कार्यालयस्थित राष्ट्रिय वाणिज्य बैङ्क शाखाबाट रु.२ अर्ब ७१ करोड ५६ लाख र राष्ट्रिय वाणिज्य बैङ्क विराटनगरबाट रु.६ अर्ब ८७ करोड २८ लाख आम्दानी भएको छ । ती भन्सार कार्यालयले पेश गरेको आर्थिक विवरणमा मूल्य अभिवृद्धि कोष खाताको आम्दानी क्रमश:रु.२ अर्ब ७० करोड ३९ लाख र रु.६ अर्ब ८१ करोड २ लाख भएकोले क्रमश: रु.१ करोड १७ लाख र रु.६ करोड २६ लाख समेत रु.७ करोड ४३ लाख फरक देखिएको छ । सो फरक हिसाब सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

६१. **मूल्य अभिवृद्धि कर फिर्ता** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ मा आर्थिक अध्यादेश, २०६८ ले संशोधन गरी तोरीको तेल उत्पादन गर्ने स्वदेशी उद्योगले उत्पादन गरेको तोरीको तेल र स्वदेशमा उत्पादित वनस्पति घ्यू मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई विक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको ५० प्रतिशत रकम आन्तरिक राजस्व विभागले तोकेको प्रक्रियाबमोजिम फिर्ता दिने उल्लेख छ । प्रशोधित तेल आयात गरी प्याकेजिङ्ग गरी विक्री गर्ने प्याकेजिङ्ग उद्योगहरुले यस्तो सुविधा नपाउने व्यवस्था छ । ठूला करदाता कार्यालय अन्तर्गत तेल उत्पादन गर्ने १० उद्योगलाई मात्र यो वर्ष रु.१ अर्ब ५ करोड ३३ लाख मूल्य अभिवृद्धि कर फिर्ता गरेको छ । उपर्युक्त घ्यू तेल उद्योगलाई दिएको मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धमा अध्ययन गर्दा देहायबमोजिम देखिएको छ:

६१.१ घ्यू तेल उत्पादन गर्ने स्वदेशी उद्योगले भटमास तथा तोरीका गेडालाई कच्चापदार्थको रुपमा प्रयोग गरी प्रशोधित तेल उत्पादन गर्दा उत्पादन लागत बढी हुने र छिमेकी राष्ट्रमा उत्पादन भई आयात हुने प्रशोधित घ्यू तेलसँग प्रतिस्पर्धा गर्न नसक्ने हुँदा यस्ता उद्योगलाई संरक्षण गर्ने उद्देश्यले ती उद्योगहरुलाई ५० प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता दिने नीति अवलम्बन गरिएको देखिन्छ । अध्ययनको क्रममा अधिकांश घ्यू तेल उत्पादन गर्ने उद्योगले विदेशबाट कच्चा तेल ठूलो परिमाणमा ल्याई प्रशोधन र प्याकिङ्ग गरी बजारमा पुऱ्याउने गरेको पाइयो । भन्सार तथ्याङ्क प्रणालीमा उल्लेख भएअनुसार मूल्य अभिवृद्धि कर फिर्ता लिने ७ उद्योगले २०६८।६९ मा आयात गरेको कच्चा तेलको परिमाण र मूल्य देहायमा उल्लेख गरिएको छ ।

आयात गरिएको कच्चा पदार्थ	परिमाण (मे.ट)	मूल्य (रु.लाखमा)
कच्चा भटमासको तेल	६२९११	६,६८,९५
कच्चा पाम आयल	२७५८७	२,५९,८९
कच्चा सनफ्लावर तेल	१९९२७	२,१२,५९
जम्मा:	**११०४२५**	**११,४१,४३**

भटमास, सनफ्लावर तथा तोरीको गेडालाई कच्चापदार्थमा प्रयोग गरी तेल उत्पादन गर्दा उत्पादन लागत बढी लाग्दछ । तर ठूलो परिमाणमा कच्चा तेल आयात गरी सोलाई कच्चापदार्थको रुपमा प्रयोग गरेको अवस्थामा त्यस्ता उद्योगको उत्पादन लागत बढी लाग्ने अवस्था छैन ।

६१.२ मूल्य अभिवृद्धि कर फिर्ता लिने उद्योगहरुले विदेशबाट आयात गरिएको कच्चा तेलमा खासै मूल्य अभिवृद्धि नभएको व्यहोरा भन्सार तथ्याङ्क प्रणालीबाट प्राप्त कच्चा तेल र प्रशोधित तेलको मूल्यबीच रहेको न्यून अन्तरले पुष्टी गर्दछ । विभिन्न व्यवसायीहरुले प्रशोधित प्याकिङ्ग गरेको सनफ्लावर तेल औसत प्रतिलिटर रु.१२५।– देखि रु.१३६।– मा आयात गरेको देखिन्छ भने कच्चा तेल प्रतिके.जी. रु.१०२।– देखि रु.१०५।– सम्ममा आयात गरेको पाइयो । यसैगरी प्रशोधित एवं प्याकिङ्ग भएको भटमासको तेल प्रतिलिटर रु.९९।– देखि रु.११७।– सम्म आयात गरेको देखिन्छ भने कच्चा तेल रु.१०७।– देखि रु.११९।– प्रतिके.जी.मा आयात भएको देखियो । यसरी प्रशोधित तेल र कच्चा तेलको मूल्यमा रहेको न्यून अन्तरलाई विश्लेषण गर्दा मूल्य अभिवृद्धि कर फिर्ता लिने तेल उद्योगले प्रशोधनको क्रममा धेरै श्रम, सामग्री, समय, उपकरण, पूँजी लगानी गर्नु नपर्ने हुँदा खासै मूल्य अभिवृद्धि हुने अवस्था देखिँदैन । अत: त्यस्तो उद्योगलाई मूल्य अभिवृद्धि कर फिर्ता दिनु मनासिव भएन ।

६१.३ विश्व खाद्य संगठनले निर्धारण गरेको कच्चापदार्थबाट तेल उत्पादन गर्ने प्रक्रिया अध्ययन गर्दा शुरुमा गेडालाई सफा गर्ने, सुख्खा बनाउने, प्रोसेसिङ्ग गरी तेल र पिना छुट्याउने र कच्चा तेल प्रशोधन गरी प्याकिङ्ग पश्चात उपभोक्ता माझ लैजाने रहेको छ । गेडाबाट तेल उत्पादन गर्दा सम्पादन गर्नुपर्ने ६ चरणका कार्यहरुमध्ये पाँच चरणको कार्यहरु विदेशमा सम्पन्न भएपछिमात्र कच्चा तेलको रुपमा ल्याउने र एक चरणको काममात्र गरेको आधारमा स्वदेशी उद्योगलाई संरक्षण गर्ने उल्लेख गरी ५० प्रतिशत मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्थाले राज्यलाई प्राप्त हुने ठूलो राजस्व रकम न्यून हुन गएको छ भने यसबाट आम उपभोक्ता लाभान्वित हुनसकेको पनि देखिँदैन । अतः उक्त छुट दिने व्यवस्था उपर पुनरावलोकन हुनुपर्दछ ।

भ्याट फिर्ता कानूनसम्मत नदेखिएको

- *राज्यले असुल गरेको मूल्य अभिवृद्धि कर राजस्व सञ्चितकोषमा दाखिला नै नगरी यो वर्ष रु.५ अर्ब १६ करोड ४४ लाख फिर्ता भएको छ । उक्त कारोबार संवैधानिक व्यवस्था तथा विनियोजन ऐन विपरीत छ ।*
- *विश्व खाद्य संगठनले निर्धारण गरेको प्रकृयाअनुसार तेल उत्पादन गर्दाका ६ चरणमध्ये ५ चरणका कार्य विदेशमा सम्पन्न भई वल्कमा कच्चा तेल ल्याई एकचरणको कार्यमात्र नेपालमा गरेको र कच्चा तेल प्रशोधनको क्रममा खासै मूल्य अभिवृद्धि नभएको अवस्थामा समेत उत्पादित तेल विक्रीबाट सङ्कलित ५० प्रतिशत मूल्य अभिवृद्धि कर रु.१ अर्ब ५ करोड ३३ लाख तेल उद्योग ७ लाई फिर्ता गरेको देखियो ।*
- *सात तेल उद्योगको विक्री विवरणबाट ७५ करदाताले थ्रेस होल्डभन्दा बढीको रु.३७ करोड १८ लाख कारोबार गर्दा पनि मूल्य अभिवृद्धि करमा दर्ता नभएकोले यी करदाताबाट मूल्य अभिवृद्धि करमात्र रु.४ करोड ६२ लाख असुल हुन छुट भएको छ ।*
- *मूल्य अभिवृद्धि करमा दर्ता भएकालाई विक्री गर्दामात्र मूल्य अभिवृद्धि कर फिर्ताको लागि ग्राह्य हुनेमा दर्ता नभएका र शंकास्पद नन्फाईलर २४८ करदातालाई विक्री गरेको आधारमा मूल्य अभिवृद्धि कर फिर्ता भएको रु.७ करोड ४ लाख ६९ हजार असुल गर्नुपर्दछ ।*
- *मूल्य अभिवृद्धि करमा दर्ता भएपनि ३ वर्षको अवधिसम्म पनि मासिक विवरण र कर नबुझाउने शंकास्पद नन्फाईलर ७७ करदातालाई तेल विक्री गरेकोमा रु.११ करोड १० लाख मूल्य अभिवृद्धि कर असुलीमा जोखिम परेको छ ।*

६१.४ स्वदेशी उद्योगलाई संरक्षण गर्दै राष्ट्रिय अर्थतन्त्रमा समुचित योगदान पुऱ्याउने उद्देश्यले मूल्य अभिवृद्धि कर फिर्ता दिने नीति निर्धारण भएको हो । राज्यकोषमा जम्मा भएको रु.१ अर्ब ५ करोड ३३ लाख फिर्ता प्राप्त गर्ने अधिकांश उद्योगले विगत वर्षहरुमा नोक्सानी भएको स्वयम कर निर्धारण विवरण पेश गरी राज्यलाई आयकर रकम बुझाएको पाइएन । उत्पादन प्रक्रियाको अन्तिम चरणमा रहेको कच्चा तेल आयात गरी सामान्य प्रशोधन पश्चात प्याकिङ्ग गरी विक्री गर्ने उद्योगले १० प्रतिशत भन्सार महसुल तिरेर भित्रिने प्रशोधित तेलसँग प्रतिस्पर्धा गर्न नसक्नुले ती उद्योगहरु दक्षतापूर्ण तवरले काम गर्न नसकेको, ओभरहेड खर्च बढी रहेको, वेष्टेजहरु नियन्त्रण गर्न नसकेको अवस्थालाई पुष्टी गर्दछ ।

६१.५ आर्थिक अध्यादेश, २०६७ जारी गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ संशोधन गर्ने क्रममा स्वदेशमा उत्पादित वनस्पति घ्यू, तोरीको तेल, मैदा तथा चिनीमा आंशिक सुविधा दिई सोअनुसार कर फिर्ता दिने प्रयोजनको लागि वस्तुको बजार अनुगमनसमेतको समन्वयात्मक व्यवस्था आन्तरिक राजस्व विभागले गर्ने उल्लेख छ । उपर्युक्तबमोजिमको मूल्य अभिवृद्धि कर फिर्तासम्बन्धी व्यवस्था आर्थिक ऐन, २०६५ देखि लागू भएकोले उक्त व्यवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन गरिनुपर्दछ ।

६१.६ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) अनुसार करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयमा आय विवरण पेश गरेका घ्यू तेल उत्पादन गर्ने ७ उद्योगले पेश गरेको अनुसूची–१३ मा उल्लेखित विक्री कारोबार परीक्षण गर्दा करोडौँको करयोग्य कारोबार गर्दा पनि मूल्य अभिवृद्धि करमा दर्ता नभएको, मूल्य अभिवृद्धि करमा दर्ता भएको उल्लेख गरेका करोडौँको कारोबार गर्ने करदाताले दर्ता भएपछि हालसम्म १ महिनाको पनि कर

विवरण र लाग्ने मूल्य अभिवृद्धि कर नबुझाएको, यसरी कर तथा विवरण नबुझाउने विभिन्न करदाताहरुको सम्पर्क नम्बर एउटै रहेको, स्थिति देखिएको छ ।

अध्ययन गरिएका ७ उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका तर दर्ता भएपश्चात एउटा विवरणसमेत नबुझाउने ६९ करदातालाई रु.७७ करोड ७५ लाखको घ्यू तेल विक्री गरेको देखिएको र यी करदाताबाट घ्यू तेलको मात्र प्राप्त हुनुपर्ने रु.१० करोड १० लाख ७५ हजार मूल्य अभिवृद्धि कर स्वरुप असुली गर्नुपर्ने रकम जोखिममा परेको छ । यस अवस्थाले मूल्य अभिवृद्धि कर छली गरेको इङ्गित गर्दछ । यससम्बन्धी केही उदाहरण तालिकामा प्रस्तुत गरिएको छ ।

आय वर्ष	व्यवसायी	कारोबार (रु.लाखमा)	देखिएको व्यहोरा
२०६७६८	एक सप्लायर्स	५,५५	मूल्य अभिवृद्धि करमा दर्ता भएपनि दर्ता भएपछि कर र विवरण दाखिला नगरेको,
२०६७६८	एक इन्टरनेशनल	४,२७	मूल्य अभिवृद्धि करमा दर्ता भएको तर दर्ता भएपछि हालसम्म १ महिनाको पनि कर र विवरण दाखिला नगरेको,
२०६६।६७	एक ट्रेडिङ	१३,५४	मूल्य अभिवृद्धि करमा दर्ता भएको तर दर्ता भएपछि हालसम्म १ महिनाको पनि कर र विवरण दाखिला नगरेको,
	एक ट्रेडिङ	१३,३७	मूल्य अभिवृद्धि करमा दर्ता भएको तर दर्ता भएपछि हालसम्म १ महिनाको पनि कर र विवरण दाखिला नगरेको,
	एक इन्टरप्राइजेज	२,५८	दर्ता भएदेखि नै नन्–फाइलरको रुपमा रहेका एक इन्टरप्राइजेज र अन्य ३ करदाताको सम्पर्क टेलिफोन एउटै रहेको ।

मूल्य अभिवृद्धि करमा दर्तासम्म भएको देखिएपनि दर्ता भएपश्चात ३ वर्षसम्मको अवधिमा १ महिनाको पनि कर विवरण र लाग्ने मूल्य अभिवृद्धि कर नबुझाउने, विभिन्न स्थायी लेखानम्बरहरुको सम्पर्क नम्बर एउटै हुने व्यवसायीहरु नियमित कारोबार गर्ने वास्तविक करदाता हुन् भन्नसक्ने स्थिति छैन । मूल्य अभिवृद्धि करमा दर्ता नभएको करदातालाईसमेत ठूलो परिमाणमा विक्री देखाई मूल्य अभिवृद्धि कर फिर्ता माग गरेकोमा प्रभावकारी रुपमा छानबिन नगरेको, केहीको हकमा मूल्य अभिवृद्धि कर क्रेडिट एड्भाइस जारी गरेको देखिँदा थप छानबिन गरी कानूनी व्यवस्था विपरीत गर्ने २४८ व्यवसायीलाई फिर्ता भएको मूल्य अभिवृद्धि कर रु.७ करोड ५ लाख, ब्याज र जरिबाना समेत असुल गर्नुपर्दछ ।

६१.७ तीन करदातालाई मूल्य अभिवृद्धि कर फिर्ता दिँदा साविकको आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता रु.१४ करोड ७२ लाख असुल गरेको छैन । राजस्व बक्यौता असुल नगरी कर फिर्ता दिन मिल्दैन ।

६१.८ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४(क) मा ऐनबमोजिम फिर्ता लिनुपर्ने रकम कर अवधि समाप्त भएको मितिले ३ वर्षभित्र निवेदन नदिएमा फिर्ता हुने छैन भन्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं.३ मा दर्ता रहेको ३ निकासीकर्तालाई ३ वर्ष अवधि नाघिसकेको अवस्थामासमेत मूल्य अभिवृद्धि कर रु.९ लाख ५० हजार फिर्ता दिएको देखिएकोले यो रकम असुल हुनुपर्दछ । यस सम्बन्धमा छानबिन गरी यकिन गरिने जवाफ प्राप्त भएको छ ।

६२. **चिनीको मूल्य अभिवृद्धि कर फिर्ता –** आर्थिक ऐन, २०६८ को मूल्य अभिवृद्धि कर दरवन्दीको अनुसूची १(२३) अनुसार चिनीउत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादन मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई विक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करको ७० प्रतिशत आन्तरिक राजस्व विभागले तोकेको प्रक्रियाबमोजिम फिर्ता दिइने व्यवस्था गरेको छ । आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयले स्वदेशी उद्योगले चिनी विक्री गर्दा सङ्कलन गरेको मूल्य अभिवृद्धि कर, मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई विक्री गरेको विवरण छानबिन गरी कानूनी प्रक्रिया पुरा गरेर ७० प्रतिशत फिर्ता दिनुपर्नेमा करदाताले आवधिक रुपमा पेश गरेको मूल्य अभिवृद्धि करको विवरणबाट समायोजन गर्ने गरेको पाइयो । यस्तो समायोजनको कार्यालयबाट विस्तृत परीक्षण नहुने हुँदा वार्षिक रुपमा कति परिमाण चिनीमा कति मूल्य अभिवृद्धि कर सङ्कलन तथा समायोजन भयो सोको अभिलेख राखेको पाइएन । आर्थिक ऐनबमोजिम सङ्कलन गरिएको राजस्व

रकम बिना कुनै छानबिन अपारदर्शी तवरले करदातालाई समायोजन गर्नदिनु मनासिव देखिँदैन । यस्तो व्यवस्था उपर पुनरावलोकन हुनुपर्दछ ।

६३. **अन्त:शुल्क** – अन्त:शुल्क ऐन, २०५८ को दफा ३(क)३ मा अन्त:शुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चापदार्थमा तिरेको अन्त:शुल्क तयारी वस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्त:शुल्कमा कट्टा गर्न पाइने व्यवस्था छ । आन्तरिक राजस्व विभागले २०६८।६।२ मा गरेको परिपत्रमासमेत ऐनको उक्त व्यवस्था विपरीत प्याकिङ्ग मेटेरियलमा तिरेको अन्त:शुल्क कट्टा गर्न नपाईने हुँदा अन्त:शुल्क निर्धारण गरी असुल गर्नु भन्ने उल्लेख छ । अन्त:शुल्कसम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

६३.१ आन्तरिक राजस्व कार्यालय, भक्तपुरमा दर्ता रहेको २, काठमाडौ क्षेत्र नं.१ मा दर्ता रहेका १, वीरगंजमा र भैरहवामा दर्ता रहेको १/१ समेत जम्मा ५ करदाताले ऐनको उपरोक्त व्यवस्था विपरीत प्याकिङ्ग मेटेरियलमा तिरेको अन्त:शुल्क रु.२ करोड ६८ लाखसमेत क्रेडिट लिएको देखिएकोले कानून विपरीत क्रेडिट लिएको रकम र सोमा लाग्ने ब्याजसमेत छानबिन गरी असुल हुनुपर्दछ ।

६३.२ आर्थिक ऐन, २०६७ ले भन्सार दरवन्दी नं. ६३०५–३३–०० बाट आयात हुने सामग्रीमा मोलको ५ प्रतिशतले अन्त:शुल्क लाग्ने व्यवस्था गरेको छ । भन्सार विभागको २०६३।११।१४ को पत्रअनुसार पनि पि.पि. ओभनलाई सोही दरवन्दीमा वर्गीकरण गरिएको छ । आन्तरिक राजस्व कार्यालय, सिमरामा दर्ता भै प्लाष्टिकका बोरा उत्पादन गरी विक्री गर्ने करदाताको २०६७।६८ मा पेश गरेको आय विवरण अनुसार कुल विक्री रु.१२ करोड ९६ लाखमा अन्त:शुल्क नलाग्ने निकासी रु.५ करोड ७५ लाख ७२ हजार घटाउँदा रु.७ करोड २० लाख ४५ हजार अन्त:शुल्कयोग्य विक्री देखिन्छ । आर्थिक ऐन, २०६७ अनुसार उक्त विक्री मूल्यको ५ प्रतिशतले हुने रु.३६ लाख २ हजार अन्त:शुल्क दाखिला गर्नुपर्नेमा रु.१९ लाख ८२ हजारमात्र दाखिला भएको देखिएकोले नपुग अन्त:शुल्क रु.१६ लाख २० हजार र सोमा लाग्ने ब्याज र जरिबानासमेत छानबिन गरी असुल हुनुपर्दछ ।

६३.३ आन्तरिक राजस्व कार्यालय, विराटनगरमा दर्ता रहेको मोटरको कारोबार गर्ने करदाताले २०६८।२०६९ मा बुझाउनुपर्ने अन्त:शुल्क रु.२ करोड ४ लाख २ हजारमध्ये रु.७० लाख ९० हजार दाखिला नगरेकोले अन्त:शुल्क ऐन,२०५८ को दफा ४(ख) अनुसार विलम्ब शुल्कसमेत हिसाब गरी असुल गर्नुपर्दछ । कार्यालयले निजसँग आंशिक रकम असुल गरेको जवाफ दिएको छ ।

६३.४ औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(च) अनुसार अल्पविकसित क्षेत्रमा स्थापित उद्योगले अन्त:शुल्कमा १५ प्रतिशत सुविधा पाउने उल्लेख छ । अन्त:शुल्क ऐन, २०५८ को दफा २४ अनुसार प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालबसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी कर लगाउने, निर्धारण गर्ने, बढाउने, पाउने, छुट दिने वा मिनाहा दिनेसम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनैपनि ऐनले यस ऐनबमोजिमका करका व्यवस्थाहरुमा कुनैपनि संशोधन, परिवर्तन वा करसम्बन्धी अन्य व्यवस्थाहरु गर्न नसक्ने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय, भक्तपुर अन्तर्गत दर्ता रहेको एक करदाताले अल्पविकसित क्षेत्र बनेपाबाट रु.३ करोड ७५ लाख २५ हजार अन्त:शुल्क सङ्कलन गरेकोमा १५ प्रतिशतले हुने रु.५६ लाख २९ हजार कट्टा गरी बाँकी रकम दाखिला गरेको छ । उक्त सुविधा उपभोक्ताहरुबाट सङ्कलित अन्त:शुल्कबाट घटाई दाखिला गर्ने प्रयोजनको लागि नभई १५ प्रतिशत छुट सहितको दरमा उपभोक्ताहरुबाट अन्त:शुल्क सङ्कलन गर्नुपर्ने सुविधा भएको हुँदा सङ्कलन गरेको रकममध्ये घटी दाखिला गरेको रु.५६ लाख २९ हजारकोसम्बन्धमा छानबिन गरी अन्त:शुल्क ऐन, २०५८ को दफा १०(झ) अनुसार विलम्ब शुल्कसमेत असुल गर्नुपर्दछ ।

६३.५ अन्त:शुल्क नियमावली, २०५९ को नियम २३(क)(१) मा वियर उत्पादन गर्ने करदाताले तयारी वियर अन्तिम रुपमा बोतलबन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाणभन्दा बोतलबन्दी हुँदाका बखत बोतल काउन्टरले देखाएको परिमाणको मौज्दात कमी र पाश्चराईजेशन, प्याकेजिङ्ग तथा गोदाममा भण्डारण गर्दा टुटफुट भएको अवस्थामा क्राउन कर्कको मौज्दात कमिको विवरण विभागले तोकेको ढाँचामा मासिक रुपमा

उल्लेख गरी मिनाहाका लागि पेश गर्नुपर्ने व्यवस्था छ । सोही नियमको २३(क)२ मा उप–नियम १ बमोजिम पेश भएको विवरण अन्त:शुल्क अधिकृतले १५ दिनभित्र जाँच गरी फ्लोमिटरले देखाएको परिमाणभन्दा बोतल काउन्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशतसम्म र पाश्चराईजेशन, प्याकेजिङ्ग तथा गोदाम भण्डारण गर्दा टुटफुट वा विग्रेको भौतिक परीक्षण गरी बढीमा २ प्रतिशतसम्म मौज्दात कमीको मिनाहा दिनसक्ने व्यवस्था छ ।

आन्तरिक राजस्व कार्यालय, ललितपुरमा दर्ता रहेको मदिराजन्य वस्तु उत्पादन गर्ने एक करदाताले २०६८।६९ मा पेश गरेको अर्ध तयारी वियरको वार्षिक विवरणअनुसार २०६७।६८ को मौज्दात २ लाख २२ हजार ८८६ लिटरमा यस वर्षको आम्दानी १५ लाख २१ हजार ८५२ लिटरसमेत जम्मा १७ लाख ४४ हजार ७३८ लिटर देखाएको छ । सोमा बोतलिङ्ग गर्दा भएको जर्ति २ हजार ४६८ लिटर र बोतलिङ्गमा भएको खर्च १६ लाख ८० हजार १९९ लिटरसमेत कुल १६ लाख ८२ हजार ६६७ लिटर अर्ध तयारी वियर खर्च भएको विवरणबाट देखिन्छ । बोतलिङ्ग गर्दा खर्च भएको मदिराबाट जर्ति कटाउँदा बाँकी हुने १६ लाख ७७ हजार ७३१ लिटर वियर यो वर्षको उत्पादनमा देखाउनुपर्नेमा उत्पादन तथा निकासीको वार्षिक प्रतिवेदनमा १६ लाख ४० हजार ७३८ लिटर वियरमात्र उत्पादन देखाई ३६ हजार ९९३ लिटर घटी उत्पादन देखाएकोले अन्त:शुल्क ऐन २०५८ को दफा ३ अनुसार प्रतिलिटर वियरमा लाग्ने अन्त:शुल्क रु.८०।– ले हुने रु.२९ लाख ५९ हजार र सोही ऐनको दफा १६ बमोजिमको जरिबाना रु.२९ लाख ५९ हजारसमेत रु.५९ लाख १८ हजार छानबिन गरी असुल गर्नुपर्दछ ।

६४. **चलचित्र विकास शुल्क** – आन्तरिक राजस्व विभागले २०६८ मार्ग १० गतेदेखि २०६९ आषाढ मसान्तसम्मको चलचित्र विकास शुल्कतर्फको आर्थिक विवरण पेश गरेको छ । पेश भएको आर्थिक विवरणअनुसार शुरु जिम्मेवारी रु.७ लाख १४ हजार तथा सो अवधिको आम्दानी रु.१६ लाख ४० हजारसमेत जम्मा आम्दानी रु.२३ लाख ५४ हजार बाँकी रहेकोमा विभागको गत विगत आर्थिक वर्षदेखि २०६८।८।१० सम्मको स्रेस्ता अनुसन्धान तथा छानबिनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको कारण लेखापरीक्षणको लागि स्रेस्ता पेश भएन । नेपाल राष्ट्र बैङ्क, थापाथलीको बैङ्क स्टेटमेण्ट अनुसार २०६८।८।११ को मौज्दात रु.७ लाख १४ हजारलाई नै शुरु मौज्दात मानी आर्थिक विवरण तयार गरेको छ । सो पूर्वको स्रेस्ता पेश नभएकोले शुरु मौज्दात र कारोबार सम्बन्धमा यकिन गर्न सकिएन ।

६५. **धरौटी** – यस सम्बन्धमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन्:

६५.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ मा प्रत्येक कार्यालयले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी कारोबारको लेखा अनुसूची–१० को ढाँचामा गोश्वरा धरौटी खाता र अनुसूची–११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक राख्नुपर्ने व्यवस्था भएकोमा आन्तरिक राजस्व कार्यालय, वीरगंजले व्यक्तिगत धरौटी खाता अद्यावधिक गरेको पाइएन । व्यक्तिगत धरौटीको विवरण तयार नगरेकोले कार्यालयको स्रेस्तामा मौज्दात देखाएको धरौटी रु.१ करोड ८९ लाख ३५ हजारका सम्बन्धमा यकिन हुनसकेन । गत विगत वर्षको प्रतिवेदनमासमेत धरौटीको व्यक्तिगत खाता अद्यावधिक गरी हिसाब मिलान गर्नुपर्ने गरी औँल्याइएकोमा सुधार भएको पाइएन ।

६५.२ आन्तरिक राजस्व विभागले २०६८ मार्ग १० गतेदेखि २०६९ आषाढ मसान्तसम्मको धरौटीको आर्थिक विवरणअनुसार शुरु जिम्मेवारी रु.२ करोड ९१ लाख तथा सो अवधिको आम्दानी रु.१ करोड ४३ लाखसमेत जम्मा आम्दानी रु.४ करोड ३४ लाखमा खर्च रु.१६ लाख भई रु.४ करोड १८ लाख बाँकी रहेको छ । विभागको गत विगत वर्षदेखि २०६८।८।१० सम्मको धरौटीको स्रेस्ता अनुसन्धान तथा छानबिनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग पठाएकोले लेखापरीक्षणको लागि पेश भएन । नेपाल राष्ट्र बैङ्क, थापाथलीको बैंङ्क स्टेटमेण्टअनुसार २०६८।८।११ को मौज्दात रु.२ करोड ९१ लाखलाई नै शुरु मौज्दात मानी आर्थिक विवरण तयार गरेको पाईयो । स्रेस्ता पेश नभएकोले सो शुरु मौज्दात र कारोबार सम्बन्धमा यकिन गर्न सकिएन । धरौटी हिसाब तयार गरी लेखापरीक्षण गराउनुपर्दछ ।

भन्सार विभाग

६६. **राजस्व असुली** – विभागअन्तर्गतको विगत पाँच वर्षको भन्सार कार्यालयहरुले असुल गरेको निकासी पैठारी भन्सार महशुल, भारतीय अन्त:शुल्क फिर्ता, कृषि सुधार शुल्क लगायत अन्य आयको तुलनात्मक स्थिति रेखाचित्रमा देखाईएको छ । यो वर्षको अन्य आयतर्फको असुलीमा पूर्वाधार सेवाको उपयोगमा लाग्ने शुल्क रु.७० करोड २० लाख , सडक मर्मत तथा सुधार दस्तुर रु.१ अर्ब ३९ करोड ९३ लाख , निकासी सेवा शुल्क रु.१ करोड ६९ लाख, प्रशासनिक दण्ड जरिबाना जफत, दस्तुर तथा शुल्क रु.१७ लाख र अन्य रु.३६ करोड १३ लाखसमेत समावेश गरिएको छ ।

भन्सार तर्फको राजस्व असुली (रु लाखमा)



भन्सार विभाग तर्फको राजस्व अनुमान र असुली (रु लाखमा)



तर उक्त आयमा मूल्य अभिवृद्धि कर, अन्त:शुल्क र रोयल्टी, पूँजीगत लाभ कर आदि शीर्षकको राजस्व रकम समावेश छैन । भन्सार विभाग र सोअन्तर्गत ३१ कार्यालयको भन्सार महसुल स्तम्भ चित्रमा देखाइएको छ । भन्सार विभागबाट प्राप्त तथ्याङ्क अनुसार यो वर्ष भन्सार महसुल, भारतीय अन्त:शुल्क फिर्ता, आदिबाट रु.४५ अर्ब ४४ करोड ८८ लाखसमेत कुल रु.१ खर्ब ५ अर्ब ७२ करोड ३९ लाख राजस्व असुल गरेको छ । सोमध्ये मेची, वीरगंज, भैरहवा, नेपालगन्ज, सुख्खा बन्दरगाह, तातोपानी र त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मात्र रु.१ खर्ब २ अर्ब ९५ करोड ५६ लाख अर्थात् कुल भन्सार राजस्वको ९७.३८ प्रतिशत राजस्व असुल भएको छ ।

६७. **भारतीय अन्त:शुल्क –** नेपाल–भारतबीच भएको व्यापार तथा पारबहन सन्धीमा भारतीय अन्त:शुल्क फिर्ता प्रक्रिया (ड्यूटी रिफन्ड प्रोसिड्योर–डि.आर.पी.) अनुसार भारतमा उत्पादित मालवस्तु आयात हुँदा सो वस्तुको उत्पादन स्थलमा लागेको अन्त:शुल्क र विशेष अन्त:शुल्क नेपाल सरकारले फिर्ता पाउने व्यवस्था छ । सोबमोजिम फिर्ता पाउनुपर्ने राजस्व प्राप्तिको अवस्था देहायबमोजिम छ:

(रु.लाखमा)

अन्त:शुल्क फिर्ता हुनुपर्ने विवरण	डि.आर.पी. लगत	लगत कट्टा	कायमी लगत	राजस्व आम्दानी र दाखिला			लगत बाँकी
				लगती	हसवली	जम्मा	
२०६७।६८सम्मको	८,०३,०९	२९,५१	७,७३,५८	३,३१,१७	१०,४२	३,४१,५९	४४२,४१
२०६८।६९को	३,४१,८५	६,९४	३,३४,९०	२२,२१	४,२५	२६,४६	३,१२,६९
जम्मा	**११,४४,९४**	**३६,४५**	**११,०८,४८**	**३,५३,३८**	**१४,६७**	**३,६८,०५**	**७,५५,१०**

भारतीय अन्त:शुल्क फिर्ता प्रक्रियाबापतको बाँकी रु.७ अर्ब ५५ करोड १० लाख आवश्यक प्रक्रिया पूरा गरी फरफारक गरेको छैन ।

६७.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ३ नियम १३ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको पैँतिस दिनभित्र लगती राजस्वको रकम, असुल हुन बाँकी रकम र हसवली राजस्वसमेतको कच्चावारीसमेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २९ बमोजिम उठ्न नसकेको सरकारी बाँकी रकम उठ्न नसकेको स्थितिमा आर्थिक कार्यविधि नियमावली, २०६४ का नियम १०६ अनुसार तीनलाख रुपैँयासम्म मन्त्रालयको सचिवले र सोभन्दा माथि ५० लाख रुपैँयासम्म मिनाहा समितिको सिफारिसमा मन्त्रालयको सचिवले र सोभन्दा माथि मन्त्रिपरिषद्ले गर्नसक्ने व्यवस्था छ । भन्सार विभागले यो वर्ष तयार गरेको भारतीय अन्त:शुल्क फिर्ताको आर्थिक विवरणमा गत वर्षको आर्थिक विवरणमा प्राप्त हुनुपर्ने लगत कसेको राजस्वबाट रु.३६ करोड ४५ लाख बिना आधार उपर्युक्त ऐन नियम विपरीत लगत कट्टा गरेको छ । लगत कट्टा गरेको रकममध्ये असुल गर्नुपर्ने भनी कायम गरेको लगतभन्दा बढी प्राप्त भएको रकम रु.११ करोड ५९ लाखसमेत घटाएको छ । लगत कसेको राजस्व प्राप्त नै नभएको अवस्थामा राजस्व लगत घटाउन मिल्ने देखिँदैन ।

त्यस्तै सोही आर्थिक विवरणमा माग गरेभन्दा घटी प्राप्त भएको रु.२१ करोड ७८ लाख लगती हिसाबबाट घटाएको पाइयो । घटी प्राप्त भएको सम्बन्धमा विभागले छानबिन गरेको छैन । छानबिनसमेत नभएको अवस्थामा उठ्नुपर्ने लगत कसेको राजस्व रकम आधिकारिक निर्णय बिना नै लगत घटाउन मिल्ने देखिएन । यस सम्बन्धमा छानबिन गरिनुपर्दछ ।

६८. **भन्सार कोष खाता –** भन्सार विभागको मागबमोजिम भन्सार ऐन तथा आर्थिक ऐनबमोजिम सिर्जित रकमको कारोबार गर्ने प्रयोजनको लागि ख–११ समूहको भन्सार कोष खाता खोल्न महालेखा नियन्त्रक कार्यालयले स्वीकृति दिएको देखिन्छ । उक्त स्वीकृतिपत्रमा सालतमामी हुँदा सो खातामा रहेको मौज्दात एकल धरौटी खातामा जम्मा गरी सो खाताको मौज्दात शून्य गर्नुपर्ने उल्लेख छ । भन्सार विभाग अन्तर्गत त्रिभुवन विमानस्थल, विराटनगर र वीरगंज भन्सार कार्यालयले भन्सार कोष खातामा राजस्व प्राप्त रकमबापत दाखिला गर्ने र दाखिला राजस्व यकिन भैसकेपछि सम्बन्धित राजस्व खातामा दाखिला गर्ने गरेको छ । उक्त खातामा आर्थिक वर्षको अन्त्यमा रु.३२ करोड १२ लाख मौज्दात राखेको पाइयो । खाता खोल्न अनुमति लिँदाको शर्त पालना नगरी राजस्व रकम कोषमा मौज्दात राख्न मिल्ने देखिएन । भन्सार कार्यालय ले ख–११ खाताको मौज्दात शून्य गर्नुको बदला ख–३ धरौटी खातामा रहेको रु.२० करोड २४ लाख आर्थिक वर्षको अन्त्यमा यस खातामा जम्मा गरेकोसमेत देखियो ।

६९. **भाडा बीमा** – भन्सार ऐन, २०६४ को दफा १३ अनुसार कारोबार मूल्य कायम गर्दा विक्रेतालाई तिरेको वास्तविक रकम र सो वस्तु नेपालको सीमासम्म पैठारी गर्दा लागेको वा लाग्नसक्ने भाडा बीमा तथा अन्य सम्पूर्ण खर्च जोडी हुने रकममा भन्सार महसुल असुल गर्नुपर्ने उल्लेख छ । बीजकमा छुट्टै भाडा उल्लेख भई नआएको र बीमा प्रिमियम तिरेको रसिद पेश नगरेको अवस्थामा भन्सार विभागको २०६४।८।१२ को परिपत्रअनुसार ५ प्रतिशत भाडाबापत र २ प्रतिशत बीमाबापत जोडी मूल्य कायम गर्ने व्यवस्था छ । सोअनुसार नगरेका केही उदाहरण निम्नानुसार छन्:

६९.१ कृष्णनगर भन्सार कार्यालयले विभिन्न पैठारीकर्ताको ६० प्रज्ञापनपत्रबाट कोइलाको भन्सार जाँचपास गर्दा भन्सार विभागको परिपत्रअनुसार कायम गर्नुपर्ने भाडा बीमाभन्दा रु.३८ लाख १ हजार घटी भाडा बीमा घोषणा गरी जाँचपास गरेको पाइयो । घटी भाडा बीमा घोषणा गरेबाट भन्सार महसुल र सोमा लाग्ने मूल्य अभिवृद्धि करसमेत रु.७ लाख ८ हजार राजस्व असुल गर्न छुट गरेको छ । उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

६९.२ वीरगंज भन्सार कार्यालयमा विभिन्न पैठारीकर्ताले सि.आइ.एफ.कलकत्तासम्म उल्लेख भएको सामानको बिल पेश गरेको र त्यसपछिको भाडा एवं बीमाको बिल पेश गरेको देखिएन । यस्तो अवस्थामा पैठारी मूल्यको

भाडाबापत ५ प्रतिशत र बीमाबापत २ प्रतिशत रकम र कण्टेनरबाट पैठारी हुँदा विभागको २०६४।१०।२३ को निर्णय अनुसार २० फुटे कण्टेनरबापत रु.५० हजार र ४० फुटे कण्टेनरबापत रु.९० हजार ढुवानी भाडा समाबेश गर्नुपर्नेमा केही पैठारीकर्ताले सोभन्दा कम समावेश गरेको र केहीले पुरै समावेश नगरेको पाइयो । कारोबार मूल्यमा भाडा बीमा समावेश नभएको कारण लाग्ने भन्सार महसुल लगायतको कर र शुल्क छुट भएको रु.४० लाख ८१ हजार असुल गर्नुपर्ने देखिएको छ ।

६९.३ त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा विभिन्न १२ पैठारीकर्ताले सामान पैठारी गरेको प्रज्ञापनपत्र साथ पेश गरेको भाडा बीमाको बिलभन्दा घटी रकम समावेश गरेको तथा भाडा रकम समावेश नै नगरेकोले छुट भएको भाडा बीमा रकम समावेश गर्दा रु.१२ लाख १४ हजार राजस्व असुल गर्न छुट देखिएको छ । उक्त रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

७०. **दरवन्दी फरक –** भन्सार कार्यालयहरुले पैठारी भएका सामानको जाँचपास गर्दा आर्थिक ऐन, २०६७ र २०६८ को अनुसूची–१ को दफा १ र भन्सार दरवन्दी पुस्तिकामा उल्लिखित सङ्केत नम्बरअनुसार मालवस्तुको यथार्थ सङ्केत निश्चित गरी जाँचपास गर्नुपर्ने व्यवस्था भएकोमा प्रज्ञापनपत्र परीक्षण गर्दा फरक सङ्केतनम्बर तथा दरवन्दी लगाई घटी राजस्व असुल गरेको देखिएको छ । यसका प्रमुख उदाहरण निम्नानुसार छन्:

७०.१ कोरा सुर्ती तथा धुलो सुर्ती पैठारी गर्दा भन्सार महसुल दरवन्दी उपशीर्षक २४०३-९१-०० लगाई ३० प्रतिशत भन्सार महसुल, अन्त:शुल्क प्रति के.जी रु.१६०।– र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । नेपालगंज भन्सार कार्यालयले ७ प्रज्ञापनपत्रबाट धुलो सुर्ती पैठारी भएकोमा महसुल सङ्केतनम्बर २४०१-२०-२० र २४०१-३०-०० लगाई १५ प्रतिशत भन्सार महसुल, अन्त:शुल्क प्रतिके.जी.रु.६०।– र मूल्य अभिवृद्धि करमात्र असुल गरेकोले घटी राजस्व असुल भएको देखियो । फरक उपशीर्षक प्रयोग गरेबाट घटी भएको राजस्व रु.८ लाख ७० हजार असुल गर्नुपर्दछ । त्यस्तै विराटनगर भन्सार कार्यालयले ८ प्रज्ञापनपत्रबाट रु. १२ लाख ६१ हजार मूल्यको ८ हजार २१५ के.जी. धुलो सुर्ती उपशीर्षक २४०१–१०–०० मा वर्गीकरण गरी भन्सार महसुल १५ प्रतिशत र अन्त:शुल्क प्रति के.जी.६०।– का दरले असुल गरी जाँचपास गरेको देखियो । विभागको २०६८।५।२३ को परिपत्रमा भएको व्यवस्थाभन्दा भन्सार महसुल रु.१ लाख ८९ हजार, अन्त:शुल्क रु.८ लाख २२ हजार र मूल्य अभिवृद्धि कर रु.१ लाख ३१ हजारसमेत रु.११ लाख ४२ हजार घटी असुल भएकोले असुल गरी राजस्व दाखिला हुनुपर्दछ । साथै सो सबन्धमा फरक दरवन्दी लगाई सामान जाँचपास गर्ने उपर आवश्यक कारबाहीसमेत गरिनुपर्दछ ।

७०.२ वीरगंज भन्सार कार्यालयबाट एक मिडिया नेटवर्कले विभिन्न प्रज्ञापनपत्र र मितिबाट विभिन्न किसिमका कनेक्टर पैठारी गर्दा १५ प्रतिशत भन्सार महसुल लगाउनुपर्नेमा दरवन्दी फरक पारी ५ प्रतिशतमात्र महसुल लगाएकोले सामानको मूल्य रु.१ करोड २० लाख ३८ हजारमा १० प्रतिशतले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.१३ लाख ५९ हजार असुल गर्नुपर्ने देखिन्छ ।

७०.३ वीरगंज भन्सार कार्यालयबाट एक पैठारीकर्ताले रु.२३ लाख ३९ हजार मूल्यको एन्टेना पार्ट्स पैठारी गरेकोमा भन्सार दरवन्दी अनुसार १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्नेमा ५ प्रतिशत अन्त:शुल्क र मूल्य अभिवृद्धि करमात्र असुल भएकोले घटी असुल भएको भन्सार महसुल ५ प्रतिशत र सोको मूल्य अभिवृद्धि करसमेत रु.१३ लाख २२ हजार असुल गरी दाखिला गर्नुपर्दछ ।

७०.४ त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट ६१ प्रज्ञापनपत्रबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेका मोवाइल व्याट्री, रेडियो च्याक, चेक राइटर र चकलेट मालवस्तुमा तोकिएको भन्सार दरवन्दीअनुसार लाग्ने महसुलभन्दा फरक दरवन्दी लगाई राजस्व असुल गरेबाट छुट हुन गएको राजस्व रु.४८ लाख ४३ हजार असुल गर्नुपर्ने देखिन्छ । साथै फरक दरवन्दी लगाई राजस्व छुट गर्ने उपर आवश्यक कारबाही हुनुपर्दछ ।

७०.५ भन्सार महसुल दरवन्दी उपशीर्षक ८५२८–७१–०० अन्तर्गत डिजिटल सेटलाइट रिसिभर (सेट टप वक्स) मा १५ प्रतिशतका दरले भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालय अन्तर्गत ८ प्रज्ञापनपत्रबाट एक मेडिया नेटवर्कले पैठारी गरेको डिजिटल

सेटलाइट रिसिभर (सेट टप वक्स) पार्टपूर्जा नभई सिङ्गो बक्सा भएको र पेश भएको बिल तथा प्रतितपत्रसमेतमा उपशीर्षक ८५२८–७१–०० उल्लेख भएकोमा सबैप्रकारका एरियल, उपशीर्षक ८५२९–१०–०० प्रयोग गरी १० प्रतिशतमात्र भन्सार महसुल असुल गरेकोले कारोबार मूल्य रु.१२ करोड ३२ लाख ६४ हजारमा छुट भएको ५ प्रतिशत भन्सार महसुल र सोमा लाग्ने मूल्य अभिवृद्धि करसमेत रु.६९ लाख ६४ हजार असुल गर्नुपर्दछ ।

७०.६ भन्सार महसुल दरवन्दी उपशीर्षक ४९११–९९–०० अन्तर्गत लाइसेन्समा २० प्रतिशतका दरले भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत विभिन्न ५३ प्रज्ञापनपत्रबाट विभिन्न पैठारीकर्ताले पैठारी गरेका लाइसेन्समा फरक फरक उपशीर्षक प्रयोग गरी ५ प्रतिशत अन्त:शुल्कमात्र असुल गरी भन्सार महसुल असुल गरेको देखिएन । यसरी फरक उपशीर्षक प्रयोग गर्दा कारोबार मूल्य रु.३२ करोड ७४ लाखमा छुट हुन गएको १५ प्रतिशत भन्सार महसुल र सोमा लाग्ने मूल्य अभिवृद्धि करसमेत रु.५ करोड ६६ लाख असुल गर्नुपर्दछ ।

भन्सारतर्फ

- *लगत कसिएको भारतीय अन्त:शुल्क फिर्ता हुनुपर्ने रु.३६ करोड ४५ लाख नियम विपरीत भन्सार विभागले लगत कट्टा गरेको छ ।*
- *भाडा बीमा रकम समावेश गरी भन्सार महसुल निर्धारण नगरेका कारण कृष्णनगर, वीरगंज, त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट रु.६० लाख राजस्व घटी असुल भएको छ ।*
- *भन्सार कार्यालय नेपालगञ्ज, वीरगंज, त्रिभुवन विमानस्थलबाट जाँचपास गर्दा फरक दरवन्दी प्रयोग गरेका कारण रु.७ करोड ४० लाख राजस्व घटी असुल भएको छ ।*
- *भैरहवा भन्सार कार्यालयले प्लाष्टिकका प्याक गर्ने सामानमा अन्त:शुल्क असुल नगरेको रु.२० लाख ४८ हजार वीरगंज भन्सार कार्यालयले सवारी साधनमा ६० प्रतिशत अन्त:शुल्क लगाउनुपर्नेमा ५० प्रतिशतमात्र लगाएकोले घटी रु.५२ लाख र विराटनगर भन्सार कार्यालयले कम दरले अन्त:शुल्क असुल गरेको रु.३९ लाखसमेत रु.१ करोड ११ लाख पैठारीकर्ताबाट असुल गर्नुपर्ने देखिएको छ ।*
- *त्रिभुवन विमानस्थल भन्सार कार्यालय अन्तर्गत मर्मतसंभार सेवा लिई फिर्ता ल्याइएका हवाईजहाज इन्जिनमा असुल गर्न छुट मूल्य अभिवृद्धि कर रु.७ करोड ४ लाख ५१ हजार असुल गर्नुपर्दछ ।*
- *नेपालमा उत्पादन नहुने ट्रान्सफरमरमा मात्र राजस्व छुट दिने व्यवस्था रहेकोमा नेपालमा उत्पादन हुने ट्रान्सफरमरलाई समेत छुट दिएकोले रु.३ करोड ७६ लाख ४४ हजार राजस्व असुल गर्न छुट भएको छ ।*
- *त्रिभुवन विमानस्थल भन्सार कार्यालयले भन्सार सुविधा दिन नमिल्ने वस्तुमासमेत भन्सार सुविधा दिएकोले रु.९८ लाख ६४ हजार राजस्व घटी असुल भएको छ ।*
- *सुख्खा बन्दरगाह भन्सार कार्यालय अन्तर्गत २ वर्ष पहिला आयात भएका १० सवारीसाधन जाँचपास नभएका कारण रु.२ करोड २३ लाख राजस्व असुल हुनसकेको छैन ।*

७०.७ भन्सार महसुल दरवन्दी उपशीर्षक ८७०४–२१–९० मा वस्तु वा सामानहरु ढुवानीको प्रयोगका अन्य मोटर गाडीहरुमा ३० प्रतिशतका दरले भन्सार महसुल, ५ प्रतिशत अन्त:शुल्क र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालय अन्तर्गतका २ निर्माण व्यवसायीले महसुल सुविधामा पैठारी गरेका मोटरगाडीहरु खरिद गर्दा ५ वर्षको ह्रासकट्टी पछिको मूल्यमा ६० प्रतिशत भन्सार महसुल छुट दिई भन्सार महसुल असुल गरेको देखियो । इन्जिन नं.र चेसिस नं.समेत उल्लेख भएका यसप्रकारका गाडीहरु उपशीर्षक ८७१६–३१ ट्रेलर र अर्ध ट्रेलर, यन्त्रद्वारा सञ्चालन नहुने अन्य गाडीहरु अन्तर्गत जाँचपास गरी रु.१७ लाख २१ हजार घटी भन्सार महसुल असुल गरेको देखियो । घटी असुल भएको भन्सार महसुल, अन्त:शुल्क र सोमा लाग्ने मूल्य अभिवृद्धि कर असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

७१. **छुट महसुल –** आर्थिक ऐन, २०६८ को अनुसूची –१ को दफा १४ को उपदफा (ढ) को व्यवस्थाअनुसार स्पिलिटिङ्ग एवं डिस्टिलेशन प्लान्ट राखी सावुन उत्पादन गर्ने उद्योगले पैठारी गर्ने कच्चापदार्थ भन्सार शीर्षक १५०३ मा पर्ने टेलो आयल, शीर्षक २८३९ मा पर्ने सोडियम सिलिकेट र शीर्षक ३८२३ मा पर्ने पाम एसिड आयल, पाम फेट्टी एसिड आयलमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुने उल्लेख छ । वीरगंज भन्सार कार्यालयबाट उक्त मालवस्तु पैठारी गर्दा

एक फर्मले उल्लेखित प्लान्ट नराखेपनि उक्त सुविधा लिएको कारण छुट भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत जम्मा रु.१ करोड २८ लाख असुल गर्न भन्सार विभागको पत्र प्राप्त भई कार्यालयबाट २०६८।५।११ मा ७ दिनभित्र महसुल दाखिला गराउन पत्र लेखेको देखिन्छ । यस विरुद्ध पैठारीकर्ताले राजस्व न्यायाधिकरणमा रिट दायर गरेकोमा राजस्व न्यायाधिकरणले २०६८।१२।४ मा भन्सार विभागले दिएको कैफियत प्रतिवेदनमा प्रस्तुत निवेदन उपर निर्णय भैसकेको हुँदा केही गर्न नपर्ने भनी फिर्ता पठाएको छ ।

कार्यालयको २०६९।३।१८ को निर्णयले पुन:सम्बन्धित पैठारीकर्तालाई उक्त छुट रकम ७ दिनभित्र दाखिला गर्न लेखेकोमा पैठारीकर्ताले धरौटीमा रहेको रु.८६ लाख ५६ हजार२०६८।१२।५ मा राजस्व दाखिला गरेको र हालसम्म सो बाहेक अन्य रकम छुट नरहेको भनी निवेदन दिएको देखिन्छ । कार्यालय आफैले दाखिला गर्न लेखि पठाएको रु.१ करोड २८ लाख मध्ये रु.८७ लाख घटाई हुने रु.४१ लाख असुल गर्ने सम्बन्धमा थप कारबाही गरेको नदेखिएकोले कारबाही गरी उक्त रकम असुल गर्नुपर्ने देखिएको छ ।

७२. **अन्त:शुल्क** – आर्थिक ऐन, २०६८ को दफा ५ एवं अन्त:शुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूचीमा उल्लेख भएका मालवस्तु पैठारी भएमा सोही अनुसूचीमा उल्लेखित दरबाट अन्त:शुल्क असुल गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पैठारीकर्ताले सामान पैठारी गर्दा अनुसूचीमा उल्लेखितभन्दा घटी दरबाट अन्त:शुल्क असुल गरेको तथा अन्त:शुल्क नै असुल नगरेको पाइयो । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

७२.१ आर्थिक ऐन, २०६८ अनुसार भन्सार दरवन्दी ३९२३ अन्तर्गत प्लाष्टिकका प्याक गर्ने सामानमा ५ प्रतिशत अन्त:शुल्क लाग्ने व्यवस्था रहेको छ । भैरहवा भन्सार कार्यालयबाट विभिन्न प्रज्ञापनपत्रबाट प्लाष्टिकका बोतल पैठारी गरेकोमा भन्सार जाँचपास गर्दा कारोबार मूल्य रु.३ करोड २२ लाख ७० हजारमा आर्थिक ऐनबमोजिमको अन्त:शुल्क असुल गर्न छुट भएकाले अन्त:शुल्क र सोमा लाग्ने मूल्य अभिवृद्धि करसमेत हुने रु.२० लाख ४८ हजार असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

७२.२ आर्थिक ऐन, २०६८ को दफा २४ र अन्त:शुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित भन्सार दरवन्दी ८७०२–९०–९० अनुसार सवारी साधनमा ६० प्रतिशतका दरले अन्त:शुल्क लाग्ने व्यवस्था देखिन्छ । वीरगंज भन्सार कार्यालयले यो वर्ष १६ प्रज्ञापनपत्रबाट एक फर्मले पैठारी गरेको कार जीप भ्यानमा ५० प्रतिशत अन्त:शुल्क लगाई जाँचपास भएको देखियो । आर्थिक ऐनमा भएको व्यवस्थाभन्दा १० प्रतिशत घटी हुने गरी अन्त:शुल्क लगाएका कारण कारोबार मूल्य रु.२ करोड ५४ लाख ८५ हजारमा घटी असुल भएको अन्त:शुल्क र मूल्य अभिवृद्धि कर रु.५१ लाख ८३ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्छ ।

७२.३ भन्सार कार्यालयबाट एक अटो मोवाइल्स पैठारीकर्ताले भारतबाट पैठारी गरेको सवारीसाधन रोडस्टार एफ. ई.१.४ बीएस प्रतिगोटा भा.रु.२ लाख ११ हजार र १० रोडस्टार पि.ई १.४ बिएस १११ प्रतिगोटा भा.रु.२ लाख ७५ हजार कारोबार मूल्यमा पैठारी गरेको छ । ती सवारीसाधनहरु सङ्केत नम्बर ८७०४–२१–९० बाट वर्गीकरण गरी २७.९० प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्त:शुल्क र मूल्य अभिवृद्धि कर असुल गरेको छ । सोही पैठारीकर्ताले २०६८।४।२० मा ५ प्रज्ञापनपत्रबाट सोही मोडेलको गाडीको जाँचपास गर्दा सिङ्गल क्याप पिकअप गाडीको सङ्केत नम्बरमा वर्गीकरण गरी ५० प्रतिशत अन्त:शुल्क लिएको देखियो । उपर्युक्तबमोजिम १५ प्रज्ञापनपत्रबाट जाँचपास भएका सवारी साधनहरुकोसमेत सोहीबमोजिम ५० प्रतिशत अन्त:शुल्कबापत रु.३८ लाख ६ हजार असुल गर्नुपर्नेमा ५ प्रतिशतले रु.३ लाख ८१ हजारमात्र असुल गरेको देखिएकोले छुट भएको अन्त:शुल्क रु.३४ लाख २५ हजार र मूल्य अभिवृद्धि कर रु.४ लाख ४५ हजारसमेत रु.३८ लाख ७० हजार असुल हुनुपर्दछ ।

७३. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ को समूह ११ को दफा ११ मा हवाईजहाज र हेलिकोप्टर उपशीर्षक ८८०२ (उपशीर्षक ८८०२–६०– बाहेक) तथा तिनका इन्जिन उपशीर्षक ८४०९–१०, गेयर बक्स उपशीर्षक ८८०५–१० मा मात्र मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालय अन्तर्गत विभिन्न ३० प्रज्ञापनपत्रबाट ९ पैठारीकर्ताले हवाईजहाजका इन्जिन मर्मत गरी पैठारी गरेकोमा उपशीर्षक ८४०७–१० बाट मूल्य अभिवृद्धि कर छुट दिई जाँचपास

गरेको देखियो । पैठारीकर्ताले उपशीर्षक ८४०७–१० अन्तर्गत पैठारी गरेका मालवस्तु नयाँ इन्जिन नभई मर्मतसम्भार सेवा लिएका मालवस्तु भएको सन्दर्भमा सेवा आयात भएको देखिँदा यस्तो सेवामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर छुट हुने देखिँदैन । तसर्थ उक्त पैठारीमा छुट भएको मूल्य अभिवृद्धि कर रु.७ करोड ४ लाख ५१ हजार असुल गर्नुपर्ने देखिन्छ ।

यस सन्दर्भमा अर्थमन्त्रालयले २०६९।११।१३ को सचिवस्तरीय निर्णयमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ को समूह ११ को सि.नं.११ मा हवाईजहाजको इन्जिनको भन्सार सङ्केत नम्बर ८४०७ उल्लेख हुनुपर्नेमा भुलवस ८४०९–१० भएको जनाएको छ । साथै उक्त निर्णयमा सो नम्बरको संशोधन आगामी आर्थिक ऐन जारी हुँदा मिलाउने उल्लेख गरी गत वर्षको यस्तै व्यहोराको बेरुजू सम्परीक्षण गर्न अनुरोध गरेको छ । उक्त व्यवस्था विगत आर्थिक ऐन, २०६६ देखि कायम रहेको र पछिल्ला आर्थिक ऐनलेसमेत संशोधन नगरेको अवस्था छ । यसप्रकार व्यवस्थापिका संसदबाट पारित गरिएको आर्थिक ऐनमा भुल भएको उल्लेख गर्दै सचिवस्तरीय निर्णयबाट संशोधन गर्नु मनासिव देखिएन ।

७४. **नपाउने छुट** – आर्थिक ऐनबमोजिम दिन नमिल्ने छुट दिई राजस्व घटी असुल गरेको उल्लेखनीय व्यहोरा देहायअनुसार छन्:

७४.१ आर्थिक ऐन, २०६८ को अनुसूची–१ को दफा १५ को उपदफा २ को खण्ड (ख) मा जल विद्युत उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा सम्भारको लागि आवश्यक पर्ने नेपालमा उत्पादन नहुने निर्माण उपकरण मेशिनरी औजारहरु र सोको सम्बन्धित पार्टपूर्जा वा त्यस्ता उपकरणहरु निर्माण गर्न आवश्यक पर्ने कच्चापदार्थ स्टिल सिटमा विद्युत विकास विभागको सिफारिसमा १ प्रतिशतमात्र भन्सार महसुल लाग्ने व्यवस्था छ । सुख्खा बन्दरगाह भन्सार कार्यालय, वीरगंजको प्रज्ञापनपत्र दर्ता नं.६१९ मिति २०६८।११।२८ बाट नेपाल विद्युत प्राधिकरणले रु.१३ करोड २६ हजार (भाडा बीमा सहित) मूल्यको ७३५ थान डिष्ट्रिव्यूसन ट्रान्सफर्मर (५००, ३००, २०० र १०० के.भि.ए.) पैठारी गरेकोमा भन्सार दरवन्दी अनुसार १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर १३ प्रतिशत लगाई राजस्व असुल गर्नुपर्नेमा उक्त ट्रान्सफर्मर नेपालमा उत्पादन नहुने भनी विद्युत विकास विभागको सिफारिसमा १ प्रतिशत भन्सार महसुलमात्र लिई जाँचपास गरेको देखियो । सो क्षमताका ट्रान्सफर्मरहरु नेपालमा उत्पादन हुने हुँदा डिष्ट्रिव्यूसन ट्रान्सफर्मरमा आर्थिक ऐन, २०६८ अनुसार छुट दिन मिल्ने देखिँदैन । यसरी छुट सुविधा दिन नमिल्नेमा १ प्रतिशत भन्सार महसुलमा दिई सुविधामा जाँचपास भएका कारण घटी असुल भएको १४ प्रतिशत भन्सार महसुल रु.१ करोड ८२ लाख र मूल्य अभिवृद्धिकर रु.१ करोड ९४ लाखसमेत रु.३ करोड ७६ लाख छुटराजस्व असुल गर्नुपर्ने देखिन्छ ।

७४.२ भन्सार महसुल दरवन्दी उपशीर्षक ९४०५–४०–०० अन्तर्गत सोलार लिड लाइटमा १५ प्रतिशतका दरले भन्सार महसुल र मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालय अन्तर्गत विभिन्न १२ प्रज्ञापनपत्रबाट पैठारीकर्ताले पैठारी गरेको सोलार लिड लाइटमा भन्सार महसुल १ प्रतिशतमात्र लिई मूल्य अभिवृद्धि कर छुट दिएको देखियो । आर्थिक ऐन, २०६८ को अनुसूची–१ को दफा १५ को उपदफा (२) को खण्ड (छ) को उपदफा (आ) मा सौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने उपकरण र तिनका पार्ट पूर्जालाई भन्सार सुविधा दिने उल्लेख भएको तर पैठारी भएको सामान सौर्य उर्जाबाट विद्युत उत्पादन गर्ने उपकरण नभई उपशीर्षक ९४०५–४०–०० अन्तर्गतका बत्तीहरु भएकोले आर्थिक ऐनबमोजिम भन्सार तथा मूल्य अभिवृद्धि करको सुविधा दिन मिल्ने नदेखिएकोले कारोबार मूल्य रु.७ करोड ८ लाख ४६ हजारमा छुट भन्सार महसुल रु.४७ लाख ७० हजार तथा मूल्य अभिवृद्धि कर रु.५० लाख ९४ हजारसमेत रु ९८ लाख ६४ हजार असुल गर्नुपर्ने देखिन्छ ।

७५. **जफत** – सुख्खा बन्दरगाह भन्सार कार्यालय, वीरगंजले कार्यालयको हाताभित्र २०६७ चैत्रमा आयात भएका १६ मर्सिडिज गाडीमध्ये ६ को पटक पटक गरी जाँचपास भएको पाइयो । भन्सार नियमावली, २०६४ मा भन्सार गोदाममा रहेको मालवस्तु त्यस्तो गोदाममा दाखिला भएको मितिले ९० दिनभित्र सम्बन्धित मालवस्तु धनीले जाँचपास गराई छुटाउनुपर्ने व्यवस्था छ । उक्त अवधिभित्र भन्सार जाँचपास नभएमा भन्सार प्रमुखले

भन्सार ऐन, २०६४ को दफा ४७ बमोजिम जफतसम्बन्धी कारबाही चलाउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म पनि कारबाही चलाएको छैन । दुई वर्ष पहिले आयात भएका १६ मध्ये बाँकी १० सवारीसाधन हालसम्म पनि जाँचपास नभएका कारण वर्तमान भन्सार दरवन्दी अनुसार मूल्य अभिवृद्धि कर सहित रु.२ करोड २३ लाख नेपाल सरकारलाई राजस्व प्राप्त हुनसकेको छैन ।

७६. **धरौटी –** भन्सार नियमावली, २०६४ को नियम ७ मा कुनै मालवस्तु मर्मतका लागि नेपालबाट विदेश लैजाँदा हवाईजहाज वा हेलिकोप्टर वा तिनका पार्टपूर्जा भएमा मूल्यको ०.५ प्रतिशत र अन्य वस्तु भएमा मूल्यको ५ प्रतिशत धरौटी लिई लैजान दिनसक्ने व्यवस्था छ । मर्मत गर्न विदेश निकासी गरेको मालवस्तु ३ महिनाभित्र फर्काई ल्याउनुपर्ने र सो म्यादभित्र मर्मत गरी ल्याउने समय अपुग भएमा सो कुराको प्रमाण सहित भन्सार अधिकृत समक्ष निवेदन दिएमा भन्सार अधिकृतले मनासिव ठहऱ्याएमा ३ महिना नबढाई म्याद थप गरिदिनसक्ने व्यवस्था छ । तर मर्मतका लागि विदेश निकासी गरिने मालवस्तु उल्लेखित म्यादभित्र फिर्ता नल्याई सो अवधि पछि फिर्ता ल्याएमा पहिले राखिएको धरौटी जफत गरी नयाँ मालवस्तु पैठारी गरे सरह महसुल असुल गरिने व्यवस्था छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयले निकासीकर्ताले मर्मतका लागि निकासी गरेका मालवस्तु नियममा व्यवस्था भएबमोजिम तोकिएको अवधिभित्र फिर्ता ल्याएको देखिएन । निकासीकर्ताले नियमानुसार म्याद थपको निवेदेनसमेत पेश गरेको नदेखिएकोले ९ पैठारीकर्ताले राखेको धरौटी रु.३० लाख ७० हजार जफत गरी राजस्व दाखिला हुनुपर्दछ ।

७७. **पासबुक धरौटी –** आर्थिक ऐन, २०६८ को अनुसूची १ को दफा ११ मा बण्डेडवेयर हाउसको इजाजत नलिएको उद्योगले आफ्नो उत्पादन प्रतितपत्रको माध्यमद्वारा वा प्रचलित बैङ्किङ्ग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै विक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चापदार्थ, सहायक कच्चापदार्थ पैठारी गर्दा लाग्ने भन्सार महसुल धरौटी राखी पैठारी गर्नपाउने व्यवस्था छ । यसरी पैठारी भएको कच्चापदार्थबाट उत्पादित तयारी मालवस्तु १२ महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा विक्री गरिसक्नुपर्ने प्रावधान छ । यसरी तयारी वस्तु बनाई निकासी गर्दा पैठारीको अवस्थाको कारोबार मूल्यमा कम्तिमा १० प्रतिशत मूल्य वृद्धि भएको हुनुपर्ने प्रावधान छ । पैठारी भएको कच्चापदार्थबाट उत्पादित मालवस्तु शर्तबमोजिम पूर्ण वा आंशिक निकासी नगरेमा वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा विक्री नगरेमा स्थानीय विक्री मानी स्थानीय विक्री गरेजतिको हकमा नियमानुसार लाग्ने महसुल धरौटी रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको १० प्रतिशत जरिबानासमेत पैठारीकर्ताबाट असुल गरिने व्यवस्था छ । मेची भन्सार कार्यालय अन्तर्गत विभिन्न पैठारीकर्ताले पैठारी गरेको कच्चापदार्थ, सहायक कच्चापदार्थ पैठारी गर्दा लाग्ने महसुल धरौटीमा राखेकोमा उक्त कच्चापदार्थको तयारी मालवस्तु १२ महिनाभित्र निकासी नगरेको तथा म्याद थपको लागि निवेदनसमेत नदिएको अवस्थामा उक्त धरौटी रकम सदरस्याहा गरेको देखिएन । यसरी निकासी गर्ने म्यादसमेत समाप्त भैसकेको अवस्थामा लाग्ने महसुलको १० प्रतिशत जरिबानासमेत रु.२३ लाख १८ हजार असुल गरी धरौटी रकम सदरस्याहा गर्नुपर्ने देखिन्छ ।

७८. **बैङ्क ग्यारेन्टी –** भन्सार नियमावली, २०६४ को नियम १० मा निकासी गर्ने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ पैठारी गर्दा दरवन्दीबमोजिम लाग्ने भन्सार र सोको २५ प्रतिशतले हुने थप रकम बैङ्क ग्यारेन्टीमा पैठारी गर्न दिने, नियम १२ मा पैठारी भएको कच्चापदार्थबाट ११ महिनाभित्र तयारी वस्तु बनाई निकासी गरिसक्नुपर्ने र नियम १४ बमोजिम फुकुवा गर्नुपर्ने व्यवस्था छ । यसरी निकासी गर्दा कच्चापदार्थ पैठारी गर्दा भन्सारले कायम गरेको मूल्यमा १० प्रतिशत मूल्य वृद्धि भएको हुनुपर्ने व्यवस्था छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयले उपलब्ध गराएको विवरणका आधारमा परीक्षण गर्दा ७ उद्योगले बैङ्क ग्यारेन्टीको आधारमा पैठारी गरेको कच्चापदार्थबाट पैठारी मितिले ११ महिनाभित्र तयारी वस्तु बनाई निकासी गरेको देखिएन । यस्तो अवस्थामा नियम १० अनुसार पैठारी गरेको कच्चापदार्थमा लाग्ने भन्सार महसुल एवं २५ प्रतिशत थप महसुलसमेत रु.२९ लाख २६ हजार असुल गर्नुपर्ने देखिन्छ ।

७९. **लिलाम विक्री** – भन्सार ऐन, २०६४ को दफा ४४ मा यस ऐनबमोजिम जफत हुने मालवस्तु देखेमा वा पत्ता लागेमा भन्सार अधिकृतले वा अधिकार प्राप्त कर्मचारीले जुनसुकै ठाउँमा र जहिले सुकैपनि त्यस्तो

मालवस्तु कब्जामा लिनसक्ने र दफा ५० मा यसरी जफत भएका मालवस्तु सरकार आफैले प्रयोग गरेकोमा बाहेक सम्बन्धित भन्सार अधिकृतले तोकिएबमोजिम लिलाम विक्री गर्नसक्ने व्यवस्था छ । मेची भन्सार कार्यालयले यो वर्ष जफत गरेको प्रतिवेदन मूल्य रु.८२ लाख ८४ हजारको ६० मोटरसाइकल र अन्य कार जिपसमेत ९ थान लेखापरीक्षणको अवधिसम्म लिलाम विक्रीको कारबाही गरेको देखिएन ।

राजस्व अनुसन्धान विभाग

८०. **घटी शुल्क** – राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ को उद्देश्य कार्यान्वयनको सिलसिलामा मूल्य अभिवृद्धि कर, भन्सार र अन्त:शुल्क ऐन तथा नियमावलीको अधिकार प्रयोग गरी राजस्व चुहावट सम्बन्धमा अनुसन्धान तथा तहकिकात गर्दै आएको छ । आयकर ऐन, २०५८ र नियमावली, २०५९ को अधिकार प्रत्यायोजन भएको छैन । आयकर ऐन, २०५८ को दफा १२०(ख) मा कुनै व्यक्तिले जानीजानी वा लापरबाही गरेको कारणले झुठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एकसय प्रतिशत शुल्क लाग्ने व्यवस्था रहेको छ । यस विभागबाट भएका अनुसन्धानका २ करदाताको फायल परीक्षण गर्दा करदाताले कर छल्ने नियतले आय लुकाई आय विवरण पेश गरेकोले ऐनको दफा १२०(ख) अनुसार कर रकमको सतप्रतिशत शुल्क निर्धारण गर्नुपर्नेमा दफा १२०(क) अनुसार ५० प्रतिशतमात्र कर निर्धारण गरेको हुँदा घटी शुल्क निर्धारण गरेको रु.४७ लाख ११ हजार आन्तरिक राजस्व कार्यालयबाट संशोधित कर निर्धारण गराई असुल गरी जिम्मेवार पदाधिकारीलाई कारबाही गर्नुपर्दछ ।

८१. **सदरस्याहा** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ बमोजिम जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पुरा भई प्रचलित कानून वा करारको शर्तनामाबमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले प्रचलित कानून वा करारको शर्तनामामा म्याद तोकिएको भए सो म्यादभित्र र म्याद नतोकिएको भए १५ दिनभित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । राजस्व अनुसन्धान विभागमा रहेको व्यक्तिगत धरौटी खाता परीक्षण गर्दा लिलाम विक्री भई प्राप्त रकम, विभिन्न मुद्धा फैसला हुँदा सदरस्याहा गर्नुपर्ने भनी निर्णय भएका रकमसमेत रु.२ करोड ८९ लाख ९७ हजार धरौटी खातामा बाँकी देखिएकोले उक्त धरौटी रकम सदरस्याहा गरी राजस्व दाखिला गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

विराटनगर भन्सार कार्यालय कार्यसम्पादन स्थिति मूल्याङ्कन

वस्तु निकासी तथा पैठारीमा लाग्ने राजस्व असुल गर्ने, चोरी निकासी र पैठारी नियन्त्रण गर्ने, व्यापार सहजीकरण गर्ने र राजस्व प्रशासनसम्बन्धी कार्यसञ्चालन गर्ने उद्देश्यले स्थापित विराटनगर भन्सार कार्यालयको कार्यसम्पदान स्थितिको दक्षता र प्रभावकारिता मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

८२. **राजस्व असुली** – मालवस्तु निकासी तथा पैठारीबाट प्राप्त हुने राजस्वको यथार्थ विश्लेषण गरी लक्ष्य निर्धारण गर्नुपर्ने र तोकिएको लक्ष्यअनुसार राजस्व असुल गर्नुपर्दछ ।

८२.१ कार्यालयले २०६६।६७ मा रु.८ अर्ब ८६ करोड ९२ लाख, २०६७।६८ मा रु.१० अर्ब १ करोड २५ लाख र २०६८।६९ मा रु.१० अर्ब ८६ करोड ६३ लाख राजस्व असुल गरेको छ । लक्ष्यको तुलनामा कुल राजस्व २०६६।६७ मा ११.६० प्रतिशत वृद्धि, २०६७।६८ मा २.९२ प्रतिशत घटी र २०६८।६९ मा ४.४३ प्रतिशत वृद्धि भएको छ । भन्सार राजस्व तोकिएको लक्ष्यभन्दा २०६६।६७ मा २.०५ प्रतिशत बढेपनि २०६७।६८ मा १०.१९ प्रतिशत र २०६८।६९ मा ४.६६ प्रतिशतले घटेको छ ।

८२.२ कार्यालयको लागि राजस्वको लक्ष्य निर्धारण गर्दा २०६६।६७ मा अघिल्लो वर्षभन्दा ३१ प्रतिशत बढी, २०६७।६८ मा अघिल्लो वर्षकोभन्दा २९ प्रतिशत बढी र २०६८।६९ मा २०६७।६८ को लक्ष्यभन्दा ५

प्रतिशत बढी लक्ष्य निर्धारण भएको छ । विगत ३ वर्षको राजस्वको लक्ष्य र असुली विश्लेषण गर्दा हरेक वर्ष लक्ष्यको निर्धारण घट्दो क्रममा रहेको र लक्ष्य घटाएको कारण असुली प्रतिशत बढेको देखिन्छ । लक्ष्य निर्धारणको आधार स्पष्ट छैन । कार्यालयले लक्ष्यअनुसार मूल्य अभिवृद्धि कर असुल गर्नसकेपनि भन्सार राजस्व असुल गर्नसकेको छैन । भन्सार राजस्व घट्नुमा मालवस्तुको कारोबार मूल्य, भाडा, बीमा तथा अन्य खर्च यथार्थपरक बनाउन नसक्नु, छुट सुविधा, सही वर्गीकरण नहुनु आदि समस्या रहेका छन् । लक्ष्यको निर्धारण यथार्थपरक रुपमा गरिनुपर्दछ ।

८३. **भन्सार मूल्याङ्कन** – भन्सार ऐन, २०६४ मा पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको मूल्यलाई यथार्थपरक बनाउन कारोबार मूल्यसम्बन्धमा स्पष्ट गरेको भए तापनि तेस्रो मुलुकबाट पैठारी हुने मालवस्तुको लागि मूल्याङ्कन तथ्याङ्क र भारतबाट आयात हुने मालवस्तुको लागि लोकल मूल्याङ्कन पुस्तिका तयार गरी विभागले सबै भन्सार कार्यालयहरुलाई पठाएको छ । विभागले यथासम्भव उक्त तथ्याङ्क लाई आधार लिनुपर्ने गरी परिपत्र गरेको छ । तर डाटाबेशलाई आधार लिने गरी कानूनी व्यवस्था छैन । कार्यालयले कतिपय मालवस्तुको जाँचपास गर्दा सो डाटाबेशलाई आधार लिने र कतिपय अवस्थामा नलिएको देखाएको छ । मूल्याङ्कन तथ्याङ्क, २०६८ अनुसार कपडाको जुत्ता ठूलो साइजको प्रतिजोर अमेरिकी डलर ०.८३ र सानो साइजको प्रतिजोर अमेरिकी डलर ०.५५ रहेको छ । कतार, थाइल्याण्ड र भियतनाममा उत्पादित ०.३५ एम.एम.x७२" साइजको पी.भी.सी. फ्लोरिङ्गको मूल्य प्रतिवर्गमिटर अमेरिकी डलर ०.८४ रहेकोमा २०६८ माघमा संशोधन गरी प्रतिमिटर अमेरिकी डलर ०.९७ कायम गरेको छ । छनौट गरिएका ६ प्रज्ञापनपत्रबाट पैठारी भएका ती सामानहरुको जाँचपास गर्दा डाटाबेशलाई आधार नलिई बीजक मूल्यमा मान्यता दिएकोले अमेरिकी डलर ३५ हजार १०७ को रु.२८ लाख ७१ हजार कम मूल्य कायम भएको छ । अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा भएको मूल्य वृद्धिलाईसमेत बिचार गरी मूल्यलाई यथार्थपरक बनाउन डाटाबेश कार्यालयको लागि महत्वपूर्ण आधार भएकोले कानूनमा सुधार हुनुपर्दछ ।

८४. **वस्तु वर्गीकरण** – भन्सार ऐन, २०६४ को दफा ८९(१) मा भन्सार महसुल निर्धारण गर्दा कुनै मालवस्तुको वर्गीकरणमा द्विविधा उत्पन्न भएमा महानिर्देशकले तोकेको शीर्षकमा वर्गीकरण गर्नुपर्ने व्यवस्था छ । नमूना छनौट गरी परीक्षण गरिएका केही प्रज्ञापनपत्रहरुमा मालवस्तुको उत्पादक कम्पनीको बीजक र उत्पत्तिको प्रमाणपत्रमा उल्लेख गरिएका वर्गीकरण र कार्यालयले गरेको वर्गीकरण फरक रहेको कारण एक उद्योगले ६ प्रज्ञापनपत्रबाट पैठारी गरेको १७३ मेट्रिकटन चीनमा उत्पादित प्रोटिनयुक्त भाइटल ह्विट ग्लुटेनमा रु.१९ लाख ५३ हजार र अर्को एक उद्योगले ७ प्रज्ञापनपत्रबाट पैठारी गरेको भारतमा उत्पादित १ लाख ४८ हजार ४१४ मिटर एचडिपिई ल्यामिनेटेड फेब्रिकमा रु.१५ लाख ७७ हजार राजस्व कम असुल भएको छ । वस्तु वर्गीकरणको ६ शीर्षक सबै मुलुकमा एउटै हुनुपर्ने हो । यस सम्बन्धमा कार्यालयले सामानको भौतिक परीक्षण गरेपश्चात वर्गीकरण यकिन गरेको जवाफ दिएपनि वर्गीकरण परिवर्तन गर्दा राजस्व कम असुल भएको छ । वर्गीकरणसम्बन्धी विवाद महानिर्देशकले निर्णय गर्नसक्ने हुँदा विभागमा लेखी पठाउनुपर्ने र सम्बन्धित मुलुकको वर्गीकरणअनुसार दरवन्दी बढी भएको अवस्थामा सोही वर्गीकरण अनुसार राजस्व असुल गर्नुपर्दछ ।

८५. **प्रयोगशाला सञ्चालन –** कार्यालयको स्वीकृत कार्ययोजनामा २०६९ आषाढ मसान्तभित्र प्रयोगशाला स्थापना गरी सञ्चालन गर्ने लक्ष्य रहेको छ । प्रयोगशाला सञ्चालन गर्न विभागले विभिन्न उपकरण तथा आवश्यक सामानहरु कार्यालयमा पठाएकोमा आवश्यक जनशक्तिको व्यवस्थापन हुन नसकेकोले प्रयोगशाला सञ्चालन भएको छैन ।

यो वर्ष २ आयातकर्ताले रु.१ करोड १७ लाख ३५ हजार मूल्यको ९७ हजार ३८ लिटर बदामी स्वादको दुग्धजन्य पेयपदार्थ पैठारी गर्दा कार्यालयले भन्सार दरवन्दी सङ्केत ०४०४–९०–०० मा वर्गीकरण गरी १५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर असुल गरेको थियो । कार्यालयले पछिल्लो पटक उक्त सामानको वर्गीकरणमा द्विविधा पर्न गएको भनी भन्सार विभागमा राय माग गरिएकोमा विभागले प्रयोगशालामा परीक्षण गरी २०६९।३।६ मा उपशीर्षक २२०२–९०–०० अन्तर्गत वर्गीकरण गर्नेपर्ने

निर्णय गरेको पाइयो । उक्त वर्गीकरणमा ३० प्रतिशत भन्सार महसुल र प्रतिलिटर रु.४।५० अन्त:शुल्क लाग्ने व्यवस्था छ । उक्त निर्णय हुनुपूर्व जाँचपास भएको उक्त सामानको कम महसुल लाग्ने दरबाटमात्र भन्सार महसुल, अन्त:शुल्क र मूल्य अभिवृद्धि कर गरी रु.२३ लाख ४३ हजार कम राजस्व असुल भएको छ । यसरी लक्ष्य अनुसार प्रयोगशाला सञ्चालन नगर्दा राजस्व असुलीमा प्रतिकूल असर पर्नाको साथै सामानको गुणस्तरसमेत परीक्षण नगरी जाँचपास गनुपर्ने अवस्था रहेको छ । भौतिक पूर्वाधार र उपकरणको व्यवस्था भएपनि कर्मचारी अभावमा उपकरणहरुसमेत प्रयोग बिहिन अवस्थामा रहेको र मेशिनरी उपकरणहरु बिग्रिने अवस्थामा रहेको छ । कर्मचारीको व्यवस्था गरी प्रयोगशाला सञ्चालनमा ल्याउनुपर्दछ ।

आन्तरिक राजस्व कार्यालय, हेटौंडा र भरतपुर, अन्त:शुल्क असुली तथा अभिलेख व्यवस्थापन

स्वदेशभित्र उत्पादन गरी वा आयात गरी विक्री वितरण एवं उपभोग गरिने वस्तु तथा सेवामा करको रुपमा अन्त:शुल्क लगाउने व्यवस्था अनुसार अन्त:शुल्क प्रशासनको काम हुँदै आएको छ । अन्त:शुल्क असुली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने लेखापरीषणको उद्देश्य रहेको छ ।

८६. **राजस्वमा अन्त:शुल्कको योगदान** – आन्तरिक राजस्व कार्यालय, हेटौंडा र भरतपुरको विगत ३ वर्षको कुल राजस्वमा अन्त:शुल्कको योगदान निम्नानुसार रहेका छ:

(रु.लाखमा)

आन्तरिक राजस्व कार्यालय	२०६६।६७			२०६७।६८			२०६८।६९			औसत योगदान
	कुल राजस्व	अन्त शुल्क	प्रतिशत	कुल राजस्व	अन्त शुल्क	प्रतिशत	कुल राजस्व	अन्त शुल्क	प्रतिशत	
हेटौडा	१०५५८	६६९४	६३.४०	१०८५८	६७८६	६२.५०	११७४३	६७६८	५७.६४	६१.१८
भरतपुर	३५४०२	३०२३०	८५.३९	३९१७५	३३१९६	८४.७४	५१६३२	४३५२४	८४.३०	८४.८१

दुवै कार्यालयको अन्त:शुल्कको योगदान प्रत्येक वर्ष क्रमश: घट्दो क्रममा छ । कार्यालयको अन्त:शुल्क प्रशासनको संगठनात्मक ढाँचा, अन्त:शुल्क राजस्वको नयाँ क्षेत्रको पहिचानको कमी, फ्लोमिटरको असफल कार्यान्वयन, सूचना प्रविधिको प्रयोग गरी अनुगमन नहुनु आदि कारणले कुल राजस्वमा अन्त:शुल्कको योगदान उल्लेख्य हुन नसकेकोले प्रभावकारी अनुगमन गरी अन्त:शुल्कको योगदान बढाउन प्रयास गर्नुपर्दछ ।

८७. **इजाजतपत्र** – अन्त:शुल्क निर्देशिका, २०६८ को बुँदा ४.२ मा अन्त:शुल्क लाग्ने वस्तु तथा सेवाको इजाजतपत्र जारी गर्दा, एवं नयाँ उद्योगको स्थापना र नवीकरण गर्नका लागि तोकिएका विभिन्न शर्त पुरा गर्नुपर्ने व्यवस्था छ ।

८८.१ निर्देशिकामा कारखाना भवन पक्की हुनुपर्ने भनिए पनि उद्योग वा कारखाना स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार तथा भवनको मापदण्ड स्पष्ट गरेको छैन । उत्पादन गर्ने वस्तुको गुण, प्रकार र विशेषता अनुसार चाहिने मिल मेशिनरी एवं पूर्वाधारको समेत व्याख्या गरिएको छैन । यस्तै वातावरणीय पक्षको मूल्याङ्कन सम्बन्धमा निर्देशिकाको बुँदा ४.२ (ठ) मा उद्योग/प्रतिष्ठान/मन्दिर/मठमस्जिद/स्कुल/ कलेज एवं अस्पतालबाट टाढा हुनपर्ने उल्लेख छ । यस सम्बन्धमा नयाँ उद्योग दर्ता गर्दा दुवै कार्यालयले यस प्रावधानबमोजिम वातावरणीय पक्षको मूल्याङ्कन गरेको छैन । आन्तरिक राजस्व कार्यालय, हेटौंडाले नयाँ उद्योग स्थापना गर्दा ती स्थानबाट कम्तिमा ५०० मिटर टाढा भए नभएको मात्र निरीक्षण गर्ने गरेको छ ।

८८.२ आन्तरिक राजस्व कार्यालय, भरतपुर अन्तर्गत २०६६।६७ मा ३, २०६७।६८ मा १६ र २०६८।६९ मा २५ उद्योगले अन्त:शुल्क इजाजतपत्र नवीकरण गराएका छैनन् । नवीकरण नगर्नेमा मदिरा उद्योग १, सुर्तीजन्य १४ र इटा तथा क्रसर उद्योग १० रहेका छन् । उद्योगको अन्त:शुल्क इजाजतपत्र नवीकरण नुहुनुमा इजाजत लिई कारोबार नगर्नु, फर्म दर्ता गरी सम्पर्कमा नआउनु, इँटा तथा क्रसर उद्योगको सम्बन्धमा मूल्य अभिवृद्धि करमा दर्ता भएपछि अन्त:शुल्कमा दर्ता गर्नुपर्ने/नपर्ने कानूनी अन्योलको वातावरण हुनु, जनशक्ति अभावमा

अनुगमनको कमी हुनु आदि प्रमुख कारण रहेका छन् । यसरी अन्त:शुल्क इजाजत नवीकरण नहुँदा नवीकरण दस्तुरबापतको अन्त:शुल्क राजस्व र अप्रत्यक्ष रुपमा आयकर र मूल्य अभिवृद्धि करमासमेत असर परेको हुन्छ ।अन्त:शुल्क इजाजत अद्यावधिक गरी नियमित अन्त:शुल्क असुलीका लागि मूल्य अभिवृद्धि कर र आयकरतर्फ जस्तै परिचय नम्बरको व्यवस्था, अन्त:शुल्क सफ्टवयरको प्रयोग, लामो समयसम्म टिक्ने वा प्रयोगमा ल्याउन मिल्ने गरी अन्त:शुल्क इजाजतपत्रको व्यवस्था लगायत अन्त:शुल्क ऐन, नियम, निर्देशिकामा प्रष्ट व्याख्या तथा आवश्यकता अनुसार संशोधन गरी सोको कार्यान्वयन गरिनुपर्दछ ।

८९. **स्टिकर व्यवस्थापन** – भौतिक नियन्त्रणतर्फ विभिन्न ब्राण्डका वियर मदिरा, तथा चुरोटमा प्रयोग गरिने स्टिकरको संरक्षण गरी हिनामिना हुन नदिनु कार्यालय तथा सम्बधित इजाजतपत्रवालाको जिम्मेवारी हुने व्यवस्था छ ।

८९.१ आन्तरिक राजस्व कार्यालय, हेटौंडाबाट स्टिकरको निकासी, प्रयोग र सोको अन्त:शुल्कसम्बन्धमा विगत ३ वर्षको सूचना प्राप्त हुनसकेन । चुरोटको स्टिकर एकमुष्ठ १ करोड ७३ लाख २२ हजार २५० थान जर्ती देखाएको छ । सो जर्ती भएको वर्ष र जर्ती मिनाहाको निर्णयसम्बन्धमा खुलासा गरेको छैन । सो जर्ती २०६८।६९ को आधार लिँदापनि प्रतिथान २५ पैसाले हुने स्टिकरको अन्त:शुल्क रु ४३ लाख ३१ हजार नोक्सानीको स्थिति छ भने ती स्टिकरको अवैधानिक प्रयोग भएमा निकासी तथा विक्री हुने चुरोटबाट प्राप्त हुने आयकर र मूल्य अभिवृद्धि करसमेत चुहावट हुने स्थिति छ ।

८९.२ आन्तरिक राजस्व कार्यालय, हेटौंडाबाट चुरोटको लागि २१ करोड ९७ लाख ६२ हजार २५० स्टिकर कारखानालाई दिएको र कारखानाले २० करोड २४ लाख ४० हजार स्टिकर उत्पादनमा प्रयोग भएको विवरण प्राप्त भएकोमा कार्यालयले कारखानालाई दिएको स्टिकरको २०६६।६७ र २०६७।६८ मा प्रतिथान १५ पैसाका दरले र २०६८।६९ मा प्रतिथान २५ पैसाका दरले स्टिकरको अन्त:शुल्क असुल हुनुपर्नेमा प्राप्त विवरणमा रु.३ करोड ५५ लाख ६१ हजारमात्र आर्थिक वर्ष नछुट्याई एकमुष्ट असुली देखाएबाट स्टिकरको अन्त:शुल्क असुली सम्बन्धमा पुस्ट्याईं भएको छैन ।

८९.३ आन्तरिक राजस्व कार्यालय, भरतपुरले २०६८।६९ मा अन्य आन्तरिक राजस्व कार्यालयलाई ४ करोड ३४ लाख ९२ हजार स्टिकर उपलब्ध गराएकोमा कार्यालयगत विवरण एवं परिमाणको खुलासा नभएकोले सो स्टिकरको प्रतिथान २५ पैसा ले हुने अन्त:शुल्क रु.१ करोड ८ लाख ७३ हजार सम्बन्धित कार्यालयबाट असुल गरी दाखिला हुनुपर्दछ । अन्त:शुल्कतर्फ नियन्त्रणका औजार/उपकरणहरुमध्ये स्टिकरको प्रयाप्त नियन्त्रण नहुँदा अन्त:शुल्क, आयकर र मूल्य अभिवृद्धि कर चुहावट हुने जोखिम रहने भएकोले स्टिकरको आम्दानी, खर्च बाँकी मौज्दात लगायत निकासी गरेको स्टिकरको नियन्त्रण हुने गरी अभिलेख अद्यावधिक गरिनुपर्दछ । साथै आन्तरिक राजस्व कार्यालय भरतपुर, स्टिकरको केन्द्रीय भण्डारसमेत हुने स्थितिमा कार्यालयहरुलाई दिएको स्टिकरको अभिलेख अद्यावधिक गरी स्टिकर दुरुपयोग हुन नदिन नियन्त्रणको व्यवस्था गरिनुपर्दछ ।

९०. **उद्योगको प्रतिलब्धी दर** – अन्त:शुल्क ऐन, २०५८ को दफा १०.च को उपदफा (३) मा विभागले अन्त:शुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादनको प्रतिलब्धी दर तोक्नसक्ने व्यवस्था छ ।

९०.१ आन्तरिक राजस्व विभागबाट हालसम्म अन्त:शुल्क लाग्ने वस्तुमध्ये, वियर र मदिराको मात्र प्रतिलब्धी दर तोकेको छ । सो बाहेक अन्य वस्तु चुरोट, सुर्ती, प्लाष्टिक, रङ्गरोगन, चाउचाउ आदिको प्रतिलिब्धी दर उद्योग विभागले विगतमा कायम गरेको प्रतिलब्धी दरलाई आधार मानी कार्यालयहरुले सो अनुरुप अन्त:शुल्क निर्धारण गरेको छ । अन्त:शुल्क लाग्ने वस्तु तथा सेवाको यस ऐनबमोजिम आन्तरिक राजस्व विभागबाट प्रतिलब्धी दर नतोकेको स्थितिमा उद्योगको विगतको प्रतिलब्धी दर, हालको नयाँ प्रविधियुक्त प्लान्टसँग मेल नखाने स्थिति रहने हुँदा उद्योगले पुरानै प्रतिलब्धी दरका आधारमा उत्पादन देखाउने र सोहीबमोजिम अन्त:शुल्क, आयकर र मूल्य अभिवृद्धि कर दाखिला गर्ने हुँदा राजस्व चुहावटको सम्भावना रहेको छ ।

९०.२ आन्तरिक राजस्व कार्यालय, भरतपुरको कार्यक्षेत्र अन्तर्गत एक मदिरा उत्पादकले यो वर्ष उत्पादित ४० यू. पि.शक्तिको मदिरा ४ लाख ५७ हजार ८६५ एल.पि लिटरको नियमानुसार २ प्रतिशतले हुने जर्ती मिनाहा पाउनेमा १५ हजार ६५८ एल.पि.लिटर जर्ति दाबी गरी ६ हजार ५०१ एल.पि.लिटर बढी जर्ती दाबी गरेको छ । यसबाट अन्त:शुल्क रु.२२ लाख ५६ हजार र मूल्य अभिवृद्धि कर ५ लाख २२ हजार राजस्व छुट भएको र सोबाट आयकर तर्फसमेत असर परेको छ ।

९०.३ आन्तरिक राजस्व कार्यालय, भरतपुरको कार्य क्षेत्रका ४ सुर्तीजन्य उद्योगले २.२९ देखि १२.७० प्रतिशतसम्म जर्ती दाबी गरेको छ । सुर्तीजन्य पदार्थको प्रतिलब्धी दर नतोकेको कारण यसबाट उत्पादन कमी र जर्ती बढी दाबी भई अन्त:शुल्क लगायत आयकर र मूल्य अभिवृद्धि करमासमेत असर पर्ने देखिन्छ । उद्योगहरुको प्रतिलिब्धी दरमा रहेको निश्चितता ल्याउन अन्त:शुल्क ऐन, २०५८ बमोजिम आन्तरिक राजस्व विभागले अन्त:शुल्क लाग्ने वस्तु तथा सेवाको प्रतिलब्धी दर स्वीकृत गरी कार्यान्वयन गराउनुपर्दछ ।

९१. **बक्यौता स्थिति** – निर्धारित अन्त:शुल्क रकम, अन्त:शुल्क ऐन, २०५८ तथा नियमावली, २०५९ र अन्त:शुल्क निर्देशिका, २०६८ ले तोकेको प्रक्रिया पुऱ्याई असुल गर्नुपर्दछ । आन्तरिक राजस्व कार्यालय, हेटौंडा र भरतपुरको ३ वर्षको अन्त:शुल्क बक्यौता क्रमश:रु.१ करोड ३३ लाख र रु.१ अर्ब २० करोड ८२ लाख रहेको छ भने असुली प्रतिशत क्रमश:२९.२७ प्रतिशत र ०.०३ प्रतिशत रहेको छ । अन्त:शुल्क बक्यौता मुख्य रुपमा वियरतर्फको भएको र उक्त उद्योगको आन्तरिक व्यवस्थापनमा भएको समस्याले गर्दा बक्यौता असुली हुन नसकेको जवाफ कार्यालयले दिएको छ ।

९२. **फ्लोमिटर** – अन्त:शुल्क निर्देशिका, २०६८ ले उद्योगमा उत्पादन नियन्त्रण गर्न फ्लोमिटर अनिवार्य गरेको छ । फ्लोमिटरमा प्रयोग हुने सफ्टवयरले भोलुम काउन्टर र बोटल काउन्टरबाट प्राप्त हुने अभिलेख हरेक ५ मिनटमा अपडेट गर्ने र स्वचालित रुपमा प्रविष्टी हुनुपर्ने, एकपटक प्रविष्टी भएको अभिलेख मेटाउन र सच्याउन नसकिने हुनुपर्ने, यसको प्रयोगबाट आवश्यक सूचना उपलब्ध हुनुपर्ने सम्बन्धित निकायले अन्य क्षेत्रबाट कम्युटरमा सजिलै पहुँच हुनुपर्ने र सफ्टवयर विण्डोज प्रणालीमा चल्नुपर्ने प्राविधिक आधारहरु तोकिएका छन् ।

९२.१ आन्तरिक राजस्व कार्यालय, हेटौंडाले आफ्नो कार्यालयको कार्यक्षेत्र अन्तर्गत एकमात्र वियर उद्योग रहेको र सो वियरमा जडित फ्लोमिटर २०६७।९।६ मा विग्रेको, नयाँ फ्लोमिटर जडान गर्न उद्योगलाई पत्राचार भएको, फ्लोमिटर जडान नभएको कारण उत्पादन परिमाणको कमी १.५ प्रतिशतसम्म जर्ती मिनाहा नदिएको जनाएको छ । उत्पादन परिमाण नै नियन्त्रण गर्न नसकिने स्थितिमा जर्ती १.५ प्रतिशत मिनाहा रोक्नुमात्र पर्याप्त छैन ।

९२.२ आन्तरिक राजस्व कार्यालय, भरतपुरले एक ब्रुअरीको मात्र फ्लोमिटर पटक पटक बिग्री मर्मत गरी क्यालिब्रसन गर्दासमेत हालसम्म चालु अवस्थामा नरहेको जनाएको छ । अर्को दुई ब्रुअरीको फ्लोमिटरको बारेमा कुनै जानकारी उपलब्ध गराएको छैन । चार ब्रुअरीको स्थलगत अवलोकन गर्दा हेटौंडास्थित एक ब्रुअरीको फ्लोमिटर २०६७।९।७ देखि बिग्रिएको, र भरतपुरस्थित दुई ब्रुअरीको फ्लोमिटर बिग्रेको अवस्थामा पाइयो । अर्को एक ब्रुअरीको फ्लोमिटर चालु अवस्थामा देखिए पनि सो मिटरसमेत प्राविधिक तवरले चलेको पुस्टी हुने आधार देखिएन । साथै सो फ्लोमिटरको कनेक्सन उद्योगको कम्युटरमा भए तापनि उद्योग स्थित आन्तरिक राजस्व कार्यालयको इकाई कार्यालयमा रहेको कम्युटरमा नरहेकोले वियरको उत्पादनसम्बन्धी सूचना तत्काल कार्यालयलाई अनलाईनमा उपलब्ध नहुने हुँदा उद्योगमा जडित फ्लोमिटरमा कार्यालयको नियन्त्रण देखिएन । उत्पादन घटी/बढी भई अन्त:शुल्क लगायत आयकर र मूल्य अभिवृद्धि करमा असर पर्ने हुँदा आन्तरिक राजस्व विभागले फ्लोमिटरको विकल्प तय गर्नुपर्ने र सोको प्रभावकारी कार्यान्वयन गरी राजस्व चुहावट हुने क्षेत्रमा नियन्त्रण गरिनुपर्दछ ।

९३. **अन्त:शुल्क सफ्टवयर** – आन्तरिक राजस्व विभागको नीति तथा कार्यक्रम अनुसार २०६८।६९ देखि आन्तरिक राजस्व कार्यालयहरुमा पनि अन्त:शुल्क अभिलेखको लागि स्वचालित सफ्टवयेर प्रणाली लागू गर्ने लक्ष्य रहेको

छ । आन्तरिक राजस्व कार्यालय हेटौंडा र भरतपुरले अन्त:शुल्क अभिलेखका लागि सो सफ्टवयर प्रणाली आंशिक रुपमा प्रयोग गरेको र उद्योगहरुमा भौतिक पूर्वाधार तथा दक्ष जनशक्तिको अभावका कारण लागु गर्न नसकेको अवस्था चित्रण गरेको छ । सफ्टवयरको पूर्ण प्रयोग बिना अपेक्षित उपलब्धी हासिल नहुने हुँदा सो सफ्टवयर अनिवार्य रुपमा प्रयोगमा ल्याइनुपर्दछ ।

९४. **अनुगमन –** अन्त:शुल्क प्रशासनमा उद्योगले गर्ने कच्चापदार्थ खरिदको अनुगमन गर्ने व्यवस्था छ ।

९४.१ आन्तरिक राजस्व कार्यालय, हेटौंडा अन्तर्गत नवीकरण भएका इँटा र क्रसर उद्योग बाहेक १२ उद्योगमध्ये १ ब्रुअरी र १ चुरोट उद्योगको मात्र मासिकरुपमा कच्चापदार्थ खरिदको अनुगमन भएको छ । अन्य उद्योगको अनुगमन भएको देखिएन ।

९४.२ आन्तरिक राजस्व कार्यालय, भरतपुर अन्तर्गत ५ उद्योगको अनुगमनमा १ उद्योगको मौज्दात घटी भएकोले थप अन्त:शुल्क निर्धारण र जरिबाना गरेको छ । कार्यालयबाट अनुगमन गरेको संख्यामा कमी भएको र अनुगमनको प्रभावकारिता नहुँदा खरिद गरेको कच्चापदार्थ लेखाङ्कन नभई सोबाट उत्पादन निकासी र अन्त:शुल्क, आयकर, मूल्य अभिवृद्धि कर आदि सम्पूर्ण राजस्व नै चुहावट हुने स्थिति रहेकोले कच्चापदार्थको अनुगमन प्रभावकारी बनाउनुपर्दछ ।

नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षण व्यवस्थापन स्थितिको मूल्याङ्कन

बैङ्किङ्ग तथा वित्तीय प्रणालीको स्वस्थ विकासको लागि वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरुको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने सन्दर्भमा कार्यदक्षता एवं प्रभावकारिता पक्षको साथै सुपरिवेक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त तथा प्रचलनको पालना स्थितिको अध्ययन/मूल्याङ्कन गरी प्रतिवेदन गर्ने लेखापरीषणको उद्देश्य रहेको छ ।

९५. **सुपरिवेक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त तथा प्रचलन** – बैंकिङ्ग सेवा देशभित्र मात्र सीमित नभई यसको प्रत्यक्ष असर नेपालको अन्तर्राष्ट्रिय व्यापारसँगसमेत सम्बन्धित छ । यसर्थ नेपालको बैङ्क तथा वित्तीय संस्थाको अन्तर्राष्ट्रिय कारोबारमा विदेशी नियमक निकाय तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गर्नुपर्ने तथा सुपरिवेक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त तथा प्रचलनको पालनासमेत गर्नुपर्दछ ।

अन्तर्राष्ट्रियस्तरमा बासल कमिटि अन बैङ्किङ्ग सुपरिभिजनले बैङ्किङ्ग सुपरिवेक्षणसम्बन्धी २९ प्राथमिक सिद्धान्त स्वीकृत गरेको छ । यी सिद्धान्तहरु अन्तर्राष्ट्रिय रुपमा सम्पूर्ण बैङ्किङ्ग सुपरिवेक्षण गर्ने संस्थाले लागू गर्नुपर्ने सिद्धान्त भए तापनि जोखिममा आधारित सुपरिवेक्षण विनियमावली तयार हुने क्रममा रहेको, आन्तरिक पूँजी पर्याप्तता विश्लेषण प्रक्रिया मार्गदर्शन (इन्टरनल क्यापिटल एडुकेसी एसेस्मेन्ट गाईडलाइन) २०६९/४/३२ देखि, दबाब परीक्षण मार्गदर्शन २०६९/९/२९ र जोखिम व्यवस्थापनसम्बन्धी मार्गदर्शन २०६७/५/६ देखि वाणिज्य बैङ्कहरुको हकमा मात्र लागू भएको देखिन्छ ।

बैङ्क सुपरिवेक्षण विभाग यी सिद्धान्त लागू गर्न आवश्यक आधार तयार गर्ने क्रममा नै रहेको, बासल २ मा आधारित पूँजी पर्याप्तता गणना विधि "क" वर्गका वाणिज्य बैङ्कमा अनिवार्य रुपमा लागू गरिएको, 'ख' वर्गका राष्ट्रियस्तरका विकास बैङ्कमा हालको लागि समानान्तर प्रयोग गरिएको, दबाब परीक्षण "क" वर्गका वाणिज्य बैङ्कको हकमा अनिवार्य रहेको र ठूला विकास बैङ्कहरुसँग दबाब परीक्षणको निष्कर्ष सङ्कलनमात्र गर्ने गरेको देखिन्छ । त्यस्तै बासल कमिटि अन बैङ्किङ्ग सुपरिभिजनले निर्दिष्ट गरेअनुसार २९ सिद्धान्त सबै बैङ्क तथा वित्तीय संस्थामा लागू गर्नुपर्नेमा वाणिज्य बैङ्कहरुलाई प्रणालीगत महत्व भएको (सिस्टमेटिक इम्पोर्टेण्ट) बैङ्कको रुपमा मात्र लागू गरेको पाइयो । अत: बासल कमिटि अन बैकिङ्ग सुपरिभिजनले प्रतिपादन गरेका बैङ्क सुपरिवेक्षणका प्राथमिक सिद्धान्तहरु तथा सोको लागि चाहिने आधारहरु प्रणालिगत महत्वको आधारमा सबै बैङ्क तथा वित्तीय संस्थाहरुमा लागू गर्नुपर्दछ ।

९६. **सुपरिवेक्षण निर्देशिका –** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८४(१) बमोजिम नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०५९, वाणिज्य बैङ्क तथा फाइनान्स कम्पनीको लागि नेपाल राष्ट्र बैङ्क स्थलगत निरीक्षण निर्देशिका, २०५९ तयार गरी प्रयोगमा ल्याएको छ । बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ प्रचलनमा आएपश्चात बैङ्क तथा वित्तीय संस्था खोल्ने क्रम अत्यधिक मात्रामा वृद्धि भएको सन्दर्भमा सो विनियमावली पुनरावलोकन नभएको, हालसम्म ८९ विकास बैङ्कको स्थापना भइसक्दासमेत उक्त विकास बैङ्कहरुलाई सुपरिवेक्षण गर्न भइरहेको स्थलगत निरीक्षण निर्देशिका परिमार्जन नभएको, बैङ्क सुपरिवेक्षण विभागको यस वर्षको वार्षिक कार्यतालिकाअनुसार अन्तर्राष्ट्रिय मुद्राकोषको प्राविधिक तथा बैङ्क सुपरिवेक्षण सल्लाहकारको सहयोगमा जोखिममा आधारित सुपरिवेक्षण ढाँचा तयार गर्ने तथा सुपरिवेक्षण विनियमावलीलाई अद्यावधिक गर्ने काम शुरु गरेको भए तापनि स्वीकृत भएको देखिएन । अतः सुपरिवेक्षण विनियमावली निर्देशिका तथा जोखिममा आधारित सुपरिवेक्षण निर्देशिका अद्यावधिक गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

९७. **सुपरिवेक्षण प्रतिवेदन कार्यान्वयन –** निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने कार्य प्रतिवेदन कार्यान्वयन तथा अनुगमन इकाईले गर्ने व्यवस्था छ । विकास बैङ्क तथा वित्त कम्पनीमा विनियमावली अनुसार बढीमा दुई वर्षभित्र निरीक्षण गर्नुपर्ने भएपनि दुई वर्षभन्दा बढीको अन्तरालमा निरीक्षण गरेको, एक/एक विकास बैङ्क तथा वित्त कम्पनीको प्रतिवेदन अध्ययन गर्दा त्यहाँ रहेका सम्बन्धित पक्षसँगको कारोबारका बारेमा प्रतिवेदनमा उल्लेख भएको पाइएन । तर उक्त संस्थाहरु समस्याग्रस्त घोषणा भइसकेपछि एकपछि अर्को ऋणीहरुसँगको कारोबार सम्बन्धित पक्षबीच भएको नेपाल राष्ट्र बैङ्कको विशेष निरीक्षण प्रतिवेदन तथा त्यसपछि भएका ड्यू डेलिजेन्स अडिट प्रतिवेदनबाट देखिन्छ । यस्तै एक वित्त कम्पनीको सम्बन्धमा स्थलगत सुपरिवेक्षणबाट नै उक्त संस्थाको स्थिति खस्कँदै गएको देखिन्छ । अतः बैङ्क तथा वित्तीय संस्थालाई निर्देशन दिईसकेपछि उक्त निर्देशन कार्यान्वयन बारेमा निर्देशन कार्यान्वयन इकाईले केवल थप निर्देशन दिनु नपर्ने भन्नेमात्र उल्लेख नगरी विस्तृत विवरण तयार गरी सप्रमाण निर्देशन कार्यान्वयन भएको आधार राख्नुपर्दछ ।

९८. **सूचना प्रवाह –** विभिन्न सुपरिवेक्षण विभागबीचको सूचना आदान प्रदान र समन्वय गर्ने कार्य निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०५९ को दफा ३४ अनुसार गठित नीति निर्देशन कार्यान्वयन समितिको काम, कर्तव्य तथा अधिकारमा उल्लेख गरे तापनि समितिको स्पष्ट कार्य विवरण तयार गरेको पाइएन । समितिको स्पष्ट कार्य विवरण नभएबाट सुपरिवेक्षण विभागहरुबीचमा हुनुपर्ने सूचना आदान प्रदानको स्थितिको उपयुक्तता निर्क्योल गर्नसक्ने अवस्था रहेन भने जोखिमयुक्त ऋणी वा बैङ्कहरुको अभिलेख अद्यावधिक भएको देखिएन । अतः नीति निर्देशन कार्यान्वयन समितिको स्पष्ट कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । सुपरिवेक्षण विभागहरुमा एकै अथवा एकै समूहको ऋणीले समस्त बैङ्किङ्ग प्रणालीमा ल्याउनसक्ने जोखिम अध्ययन गर्न एकीकृत ऋणीसम्बन्धी विवरण तयार गरी सुपरिवेक्षणको समयमा कर्जासम्बन्धी जोखिमको लेखाजोखा गर्नुपर्ने देखिन्छ ।

९९. **जनशक्ति व्यवस्थापन** – नेपाल राष्ट्र बैङ्कबाट वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षणका लागि बैङ्क सुपरिवेक्षण विभाग, विकास बैङ्क सुपरिवेक्षण विभाग, वित्तीय कम्पनी सुपरिवेक्षण विभाग, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग गठन गरेको छ । सुपरिवेक्षण विभागहरुको संगठनात्मक क्षमता विकास गर्न कर्मचारीहरुलाई कामको प्रकृति अनुसारको तालिम दिनुपर्ने, प्रब्लम रिजोलुसन एण्ड पोष्ट मर्जर मोनिटरिङ्ग इकाईमा विज्ञहरुको दरवन्दी नभएकोले दरवन्दी थप गर्नुपर्ने, सम्पूर्ण समस्याग्रस्त बैङ्क तथा वित्तीय संस्था हेर्न एउटै प्रब्लम रिजोलुसन एण्ड पोष्ट मर्जर अनुगमन इकाई गठन गर्नुपर्ने, सम्पूर्ण सुपरिवेक्षण विभागलाई सेवा दिनसक्ने गरी केन्द्रीय तहमा सूचना प्रविधि इकाई स्थापना गर्नुपर्ने देखिन्छ ।

सूचना प्रविधि लेखापरीक्षणतर्फ

एकलखाता कोष प्रणाली सफ्टवयर

कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुर, कास्की र धादिङ्ग

सार्वजनिक कोषको व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्धेश्यले मन्त्रिपरिषद्को २०६५।१०।१५ मा एकलखाता कोष प्रणाली सफ्टवयर लागू गर्ने निर्णय गरेअनुसार हालसम्म ६० कोष तथा लेखा नियन्त्रक कार्यालयमा लागू भैसकेको छ । विनियोजन, निकासा, खर्च, राजस्व, धरौटी र अन्य सरकारी खाताहरुको सञ्चालन गर्दा अपनाउनुपर्ने कार्यविधि आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(७) तथा नियम ७३ र राजस्व लेखा निर्देशिका, २०६३ ले गरेको प्रक्रिया र व्यवस्था अनुरुप यो प्रणाली सञ्चालनमा छ । यस प्रणाली अन्तर्गत सफ्टवयरको पर्याप्तता, नियन्त्रण पद्धति, उपलब्ध हुने सूचनाको विश्वसनियता, सुरक्षा तथा क्षमता जस्ता पक्षको मूल्याङ्कन गर्नु सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेको थियो । लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:

१००. **कनेक्टिभिटी** – सफ्टवयर सरल, सहज र समयबद्ध हिसाबले सञ्चालन गर्न भरपर्दो कनेक्सन प्रणालीको व्यवस्था आवश्यक पर्दछ । एकलखाता कोष र जिल्ला खर्च नियन्त्रण प्रणाली वेभमा आधारित छन । महालेखा नियन्त्रक कार्यालयले काठमाडौं उपत्यकामा अप्टिकल फाइबर र अन्य जिल्लामा एडीएसएल प्रणाली जडान गरी तथ्याङ्क ट्रान्सफर गर्ने व्यवस्था मिलाएको छ । सफ्टवयर प्रणाली परीक्षणको क्रममा नेट नचल्ने, सिष्टम ह्याङ्ग हुने, सिष्टमभित्र छिर्न नसकिने तथा चाहिएका प्रतिवेदनहरु निकाल्न नसकिने, पिकआवरमा सर्भर नचल्ने जस्ता समस्या देखिएकोले सर्भर प्रणालीको क्षमतालाई सुधार गरी कनेक्सनलाई सुदृढ गर्न जरुरी छ ।

१०१. **सर्भरको क्षमता** – सफ्टवयरलाई पूर्ण रुपले प्रयोग गर्न बढी क्षमताको सर्भर प्रणालीको व्यवस्था आवश्यक हुन्छ । एकलखाता कोष प्रणाली वेभमा आधारित कम क्षमताको सर्भरले बढ्दो भारलाई थेग्न कठिन पर्दछ । तथ्याङ्क, डाटावेशको व्यवस्थापन, ट्रान्सफर तथा आवश्यक प्रतिवेदन र केन्द्रीय तथ्याङ्क व्यवस्थापनमा बढी क्षमताको सर्भर विस्तार गर्नु जरुरी छ ।

१०२. **सुरक्षा तथा डाटा व्याकअप** – डाटावेशको उचित सुरक्षाको लागि पासवर्ड, डाटा व्याकअप, पावर व्याकअप जस्ता सुरक्षाको प्रबन्ध गरिनुपर्दछ । महालेखा नियन्त्रक कार्यालयले पासवर्ड नीतिअनुसार पासवर्ड सुरक्षा दिएको र महिनामा कम्तिमा १ पटक पासवर्ड परिवर्तन गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा डाटा व्याकअप तथा पावर व्याकअपको लागि यूपीएस जेनेरेटरको व्यवस्था भए तापनि डाटा व्याकअप र पावर व्याकअपमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१०३. **बैङ्क हिसाब** – कारोबारको शुद्धताको प्रर्वद्धन गर्न तथा समय, श्रम, लागत कटौती गर्न बैङ्कसँग प्राप्ति र भुक्तानीको मिलान गर्न यान्त्रिक प्रणाली व्यवस्थित गरी बैङ्क हिसाब विवरण तयार हुने व्यवस्था मिलाइनुपर्दछ । कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुर, धादिङ्ग र कास्कीले जिल्लास्थित बैङ्कबाट प्राप्ति र भुक्तानीको मिलान गर्ने प्रयोजनको लागी सफ्टकपी र हार्डकपी लिएर हिसाब मिलान विवरण तयार गर्ने गरेको देखियो । महालेखा नियन्त्रक कार्यालयले सरकारी बैङ्किङ्ग कारोबार गर्न स्वीकृत प्राप्त बैङ्कहरुको बैङ्क हिसाब विवरणको विद्युतीय प्रति प्राप्त गर्ने गरी यस सफ्टवयरसँग लिङ्क गर्न समन्वय गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

१०४. **सूचना प्रविधिसम्बन्धी तालिम** – कर्मचारीलाई सूचना प्रविधि र हार्डवेयर सफ्टवयरसँग सम्बन्धित तालिमको पर्याप्त व्यवस्था हुनुपर्दछ । महालेखा नियन्त्रक कार्यालयले कर्मचारीलाई छोटो अवधिको एकीकृत कोष प्रणालीको अभिमुखीकरण तालिम सञ्चालन गरेको पाइयो । यस बाहेक सूचना प्रविधि र सफ्टवयरसम्बन्धी अन्य तालिम कार्यान्वयन तहमा रहेका कर्मचारीहरुलाई दिएको पाइएन । कर्मचारीको क्षमता विकाससम्बन्धी

नीतिको अभावमा नियमित तालिम तथा क्षमता विकासको कार्य प्रभावकारी हुन नसक्ने हुँदा यसमा ध्यान पुऱ्याउनुपर्दछ ।

१०५. **पहुँच नियन्त्रण** – सफ्टवयरको दिगो व्यवस्थापनका लागि सफ्टवयरमा अनधिकृत पहुँच नियन्त्रणको पर्याप्त व्यवस्था हुनुपर्दछ । कार्यालयसँग अनधिकृत पहुँच नियन्त्रण नीति, सफ्टवयर प्रयोगकर्ताको दर्ता र खारेजी गर्ने कार्यविधि, निकाय तथा कार्यालयले समय समयमा प्रयोगकर्ताको पुनरावलोकन, पासवर्डको न्यूनतम अङ्क र अक्षर तोक्ने, पासवर्ड निर्माणमा विशेष तरिका अवलम्बन गर्ने, पासवर्ड परिवर्तनको समयावधि तोक्ने व्यवस्था गरी पहुँच नियन्त्रण विधि अपनाएको देखिएन । अनधिकृत पहुँच नियन्त्रणका लागि आवश्यक नीतिगत व्यवस्था गर्नुपर्दछ ।

१०६. **सफ्टवयर** – सफ्टवयर सञ्चालन र व्यवस्थापनको पर्याप्त व्यवस्था हुनुपर्नेमा कार्यालयले प्रयोगमा ल्याएको सफ्टवयरको लाइसेन्स नरहेको, सफ्टवयरको सोर्सकोर्ड उपलब्धता नभएको, सफ्टवयरको सञ्चालन मार्गदर्शनमा सङ्कटकालमा परिवर्तन गर्ने विधि उल्लेख नगरिएको, सफ्टवयर प्रयोगकर्ताहरुबाट फिडव्याक लिने व्यवस्था सफ्टवयरमा रहेको देखिएन । यसबाट सफ्टवयरले दिने नतीजाको प्रभावकारितामा असर पर्ने हुँदा मार्गदर्शन तयार गरी लागु हुनुपर्दछ ।

१०७. **तथ्याङ्को शुद्धता –** सफ्टवयरमा सबै कारोबारको अभिलेख रहनुपर्दछ । सफ्टवयर अवलोकन गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पादित हुने कार्यहरुमध्ये पेन्सनको कारोबार र ख.६ समुहको खाताको कारोबार सफ्टवयरमा समावेश भएको देखिएन । उक्त कारोबारलाई पनि सफ्टवयरमा समावेश गर्न आवश्यक देखिन्छ ।

समितितर्फ

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

१०८. **अनुदान मौज्दात –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ अनुसार आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारबाट २०६५।६६ देखि २०६८।६९ सम्म कोषलाई रु.१ अर्ब ३५ करोड ९९ लाख स:शर्त अनुदान प्राप्त भएकोमध्ये प्रशासनिक खर्च रु.७ करोड ६६ लाख र ब्याज अनुदान रु.१ करोड ७० लाखसमेत रु.९ करोड ३६ लाख खर्च भई रु.१ अर्ब २६ करोड ६३ लाख मौज्दातमा रहेको छ । मौज्दात रहेको रकम विभिन्न ९ बैङ्कमा ट्रान्सफर गरेको छ । उक्त रकम बीमा प्रिमियम, ब्याज अनुदान, सीपमूलक तालिम सञ्चालन, कर्जा व्यवस्थापन लगायतको कार्यक्रम सञ्चालन गर्न स:शर्त अनुदानको रुपमा नेपाल सरकारबाट निकासा भएको देखिन्छ । वार्षिक कार्यक्रम अनुसारका ती कार्यक्रम सञ्चालन नभई वा रकम बचत भएमा सञ्चितकोषमा फिर्ता गर्नुपर्नेमा ब्याज आर्जन प्रयोजनका लागि विभिन्न बैङ्कमा मौज्दात राखेको नियमसम्मत नदेखिएकोले बचत रकम रु.१ अर्ब २६ करोड ६३ लाख सञ्चितकोष दाखिला हुनुपर्दछ ।

कोष परिचालन

- ***युवा स्वरोजगार कोषलेलाई प्राप्त रु.३ अर्ब ८३ करोड ४३ लाखमध्ये बैङ्क, वित्तीय र सहकारी संस्थालाई रु.७८ करोड ५८ लाख कर्जा दिई ७९.५१ प्रतिशत रकम निष्क्रिय अवस्थामा छ । कर्जा परिचालनको अनुगमन समेत गरेको छैन ।***
- ***कोषलाई नेपाल सरकारले सशर्त अनुदान स्वरुप दिएको रकममध्ये कार्यक्रम सञ्चालन नभई बांकी रु.१ अर्ब २६ करोड ७३ लाख सञ्चितकोष दाखिला गरेको छैन ।***

१०९. **ब्याज अनुदान –** युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावली,

२०६५ को नियम १४(२) अनुसार ऋणीको ऋण किस्ता चुक्ता गरेपछि सो किस्तामा लाग्ने ब्याजको ६० प्रतिशत रकम सम्बन्धित ऋणीलाई अनुदानको रुपमा समितिले तोकेबमोजिम फिर्ता हुने उल्लेख छ । सो प्रयोजनको लागि कोषको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भई आउने गरे तापनि कोषले उक्त बजेट रकमबाट ब्याज अनुदान कोष खडा गरी रु.१ करोड ७० लाख जम्मा गरेको छ । ऋणको किस्ता चुक्तापनि नभएको र ब्याज अनुदान दिनुपर्ने अवस्था सिर्जना नहुँदै सो प्रयोजनका लागि स्वीकृत कार्यक्रम अनुसारको रकम उपयोग गरिनु नियमसम्मत भएन ।

११०. **निष्क्रियता** – विपन्नवर्ग कर्जा अन्तर्गत २७ वाणिज्य बैङ्क, ३८ विकास बैङ्क र २८ फाईनान्स कम्पनी गरी जम्मा ९३ बैङ्क तथा वित्तीय संस्थाबाट कोषलाई २०६९ आषाढ मसान्तसम्म रु.३ अर्ब ८३ करोड ४३ लाख कर्जा प्राप्त भएको देखिन्छ । उक्त कर्जामा कोषले वार्षिक ५ प्रतिशत ब्याज भुक्तानी दिनुपर्ने हुन्छ । कोषले २०६८।६९ मा रु.१८ करोड ९६ लाख ब्याज खर्च लेखेको छ । कोषले वार्षिक ५ प्रतिशतका दरले ब्याज भुक्तानी शर्तमा प्राप्त गरेको ऋण रकममध्ये तोकिएको क्षेत्रमा रु.७८ करोड ५८ लाख मात्र लगानी गरी रु. ३ अर्ब ४ करोड ८५ लाख (कुल प्राप्त कर्जाको ७९.५१ प्रतिशत) निष्क्रिय अवस्थामा रहेको पाइयो । निष्क्रिय रकमलाई कोषले बैङ्क तथा वित्तीय संस्थामा चालू तथा कल खातामा राखेको देखिन्छ । यसबाट कोषको उद्देश्य प्राप्ति एवं लक्षित वर्गले लाभ प्राप्त गर्नसक्ने अवस्था देखिँदैन । साथै बैङ्क तथा वित्तीय संस्थाको निक्षेपमा दिने ब्याज घट्दै गएको परिप्रेक्षमा आर्जित ब्याजले तिर्नुपर्ने ब्याज खर्चसमेत धान्न मुश्किल पर्ने स्थितितर्फ कोष सचेत हुन आवश्यक देखिएको छ ।

१११. **ब्याज आम्दानी खर्च –** कोषबाट गरिने प्रत्येक खर्च र प्राप्त हुनुपर्ने सबै आम्दानीको यथार्थता खुल्ने गरी अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ । यो वर्ष कोषले रु.३५ करोड ५१ लाख ब्याज आम्दानी र रु.१८ करोड ९६ लाख ब्याज खर्च देखाई आय–व्यय हिसाब तयार गरेको छ । कोषले विभिन्न ९३ बैङ्क तथा वित्तीय संस्थाबाट वार्षिक ५ प्रतिशत ब्याज दरमा रु.३ अर्ब ८३ करोड ४३ लाख कर्जा सापटी लिएको छ । वार्षिक करिब ७ प्रतिशत ब्याज दरमा विभिन्न २४ बैङ्क तथा वित्तीय संस्थालाई रु.७८ करोड ५८ लाख कर्जा प्रवाह गरेको छ । ती बैङ्कहरुबाट मौज्दात रकममा प्राप्त हुने ब्याज दर, प्राप्त हुनु पर्ने ब्याज, त्रैमासिक रुपमा प्राप्त भएको ब्याज, कोषले बैङ्कलाई भुक्तानी गर्नुपर्ने कर्जाको ब्याज दर भुक्तानी गर्नुपर्ने ब्याज रकम देखिने गरी अभिलेख नराखेकोले ब्याजको आम्दानी खर्चको यथार्थता प्रमाणित हुने आधार भएन ।

११२. **अनुगमन –** यूवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय, लगानी निर्देशिका, २०६९ को परिच्छेद ११ अनुसार स्वरोजगार कर्जा लिने बैङ्क, वित्तीय संस्था एवं सहकारी संस्थाहरुको अनुगमन स्वरोजगार कोषका कर्मचारी, जिल्ला स्थित जिल्ला संयोजन तथा अनुगमन समिति तथा कोषले खटाएको व्यक्ति वा संस्थाबाट हुनेछ । कोषको २०६९ आषाढ मसान्तसम्मको वित्तीय विवरण अनुसार कोषबाट विभिन्न बैङ्क तथा वित्तीय संस्था र सहकारी संस्थाहरुलाई रु.७८ करोड ५८ लाख कर्जा सापटी उपलब्ध गराएकोमा ती संस्थाहरुले लक्षित वर्गलाई रु.४१ करोड ७५ लाखमात्र कर्जा प्रवाह गरेको उल्लेख गरेको छ । कोषबाट ऋण रकम प्राप्त गर्ने बैङ्क, वित्तीय संस्था तथा सहकारीहरुले उक्त ऋण रकमबाट वेरोजगार यूवा तथा लक्षित वर्गलाई समेटेर स्वरोजगार कार्यक्रम सञ्चालन गर्न ऋण प्रवाह गरे नगरेको, लक्षित वर्गले प्राप्त गरेको ऋण उद्देश्य अनुरुप प्रयोग गरे नगरेको, सम्झौताअनुसार नियमित रुपमा ऋणको साँवा ब्याज असुल भए नभएको अनुगमन गर्ने, प्रतिवेदन दिने, प्रतिवेदन उपर समीक्षा पुनरावलोकन गरी सुधारका उपायहरु अवलम्बन गर्ने व्यवस्था गरेको छैन । कोषमा अनुगमन मूल्याङ्कन शाखा रहेपनि लगानीको भौगोलिक व्यापकतालाई दृष्टिगत गर्दा जनशक्ति पर्याप्त देखिँदैन । साथै कोषले अनुगमन निर्देशिकासमेत तयार गरेको छैन । जसले गर्दा कोषबाट प्रवाह भएको कर्जाबाट लक्षित वर्ग, वेरोजगारी यूवा साना व्यवसायिहरुले लाभ प्राप्त गरी, कोषको उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन भैरहेको सुनिश्चित गर्ने आधार छैन ।

बीमा समिति

११३. **मूल्य अभिवृद्धि कर** – बीमा ऐन, २०४९ को दफा ४० अनुसार समितिले बिमक तथा बीमा अभिकर्ताहरुलाई आवश्यक एवं उपयुक्त सेवा उपलब्ध गराएबापत आम्दानीको एक प्रतिशतका दरले हुने रकम समितिलाई बुझाउनुपर्ने व्यवस्था छ । त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) अनुसार कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा कर असुल गर्नुपर्ने व्यवस्था रहेको छ । समितिले २०६८।६९ मा विभिन्न बीमा कम्पनीहरुबाट सेवा शुल्क रु.१७ करोड २२ लाख असुल गरेको छ । उक्त सेवा शुल्क मूल्य अभिवृद्धि कर ऐनअनुसार कर लाग्ने वस्तु तथा सेवा अन्तर्गत पर्ने देखिन्छ । तर समितिले मूल्य अभिवृद्धि कर असुल गरेको देखिएन । समितिले सेवा शुल्क असुल गर्दा मूल्य अभिवृद्धि कर ऐनअनुसार कुल सेवा शुल्कको १३ प्रतिशतका दरले हुने मूल्य अभिवृद्धि कर रु.२ करोड २४ लाख असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

११४. **पारिश्रमिक कर –** आयकर ऐन, २०५८ को दफा ८(१) अनुसार आय वर्षमा रोजगारीबाट प्राप्त गरेको तलव भत्ता लगायत अन्य सुविधाहरुको भुक्तानी रोजगारीको आयमा समावेश गरी गणना गर्नुपर्ने व्यवस्था छ । समितिले आफ्ना प्रत्येक कर्मचारीहरुलाई तलव भत्ताको अतिरिक्त सामुहिक सावधिक जीवन बीमा, स्वास्थ्य बीमा र कर्मचारी कल्याण कोषमा निश्चित रकम जम्मा गरिदिने व्यवस्था बीमा समिति कर्मचारी सेवा विनियमावली, २०६८ मा रहेको छ । यो वर्ष कर्मचारी कल्याण कोषमा जम्मा गरेको रु.१४ लाख ६१ हजार, सामुहिक सावधिक जीवन बीमाबापत रु.७८ लाख २ हजार, स्वास्थ्य बीमाबापत रु.१३ लाख ७३ हजार गरी जम्मा रु.१ करोड ६ लाख ३६ हजार खर्च गरेको देखिन्छ । आयकर ऐन, २०५८ मा व्यवस्था भएअनुसार उक्त प्रिमियमबापत तिरेको रकम र कर्मचारी कल्याण कोषमा जम्मा गरेको रकमसमेत आयकर प्रयोजनको लागि पारिश्रमिक आयमा समावेश गरी पारिश्रमिक कर निर्धारण गर्नुपर्नेमा नगरेको कारण पारिश्रमिक कर घटी असुल भएको छ । तसर्थ प्रत्येक कर्मचारीहरुलाई प्रदान गरिएको रकम कर्मचारीको आय हिसाबमा समावेश गरी कर घटी हुन गएको पारिश्रमिक कर यकिन गरी राजस्व दाखिला हुनुपर्दछ ।

संगठित संस्थातर्फ

नेपाल राष्ट्र बैङ्क

बैङ्कको २०६८/६९ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

११५. **सञ्चालन नतिजा** – गत वर्ष रु.९ अर्ब ७२ करोड ९९ लाख खुद बचत भएकोमा यो वर्ष रु.३८ अर्ब ३० करोड ९२ लाख खुद बचत भएको छ । खुद बचत विदेशी विनियम समीकरण कोषमा रु.३० अर्ब ७६ करोड ४८ लाख, सुनचाँदी समीकरण कोषमा रु.१ अर्ब ७० करोड ६४ लाख, सुन प्रतिस्थापन कोषमा रु.१८ करोड ८० लाख र लगानी पुन:मूल्याङ्कन कोषमा रु.२४ लाख सारेपछि वितरणयोग्य बचत रु.५ अर्ब ६४ करोड ७६ लाख कायम गरेको छ । वितरणयोग्य बचतबाट बैङ्क अन्तर्गतको विभिन्न ७ जगेडा तथा अन्य प्रयोजनको कोषमा रकम छुट्याएपछि बाँकी रहेको रु.४ अर्ब २२ करोड ७० लाख नेपाल सरकारको ढुकुटीमा दाखिला गर्ने गरी बाँडफाँड गरेको छ ।

बैङ्कले आफ्नो आय–व्यय हिसाबमा लघुवित्त आयोजनाको आम्दानीसमेत गरी रु.५ अर्ब ६४ करोड ७६ लाख मुनाफा वितरणयोग्य आयको रुपमा देखाएको छ । नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४१ अनुसार बैङ्कको सञ्चालक समितिको बैठकले मुनाफा रकममध्ये साधारण जगेडा कोषमा १०.५८ प्रतिशत, मौद्रिक दायित्वबापत जगेडामा ५ प्रतिशत, विकास कोषमा ०.७१ प्रतिशत, वित्तीय विकास परिचालन कोषमा ०.२८ प्रतिशत, तरलता स्थायित्व कोषमा ०.७५ प्रतिशत, यान्त्रिकरण कोषमा ७.०८ प्रतिशत र बैङ्किङ्ग विकास कोषमा १.२२ प्रतिशत छुट्याई बाँकी ७४.८४ प्रतिशतले हुने रु.४ अर्ब २२ करोड ७० लाख नेपाल सरकारलाई भुक्तानी गर्ने गरी छुट्याएको छ । खुद नाफाको गणना तथा सोबाट विभिन्न जगेडा कोषहरुमा गरेको बाँडफाँड नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४१ र ४२ अनुरुप हुने गरी गरेको छैन ।

११६. **ऐनको पालना** – नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ मा व्यवस्था भएबमोजिम बैङ्कद्वारा विभिन्न वित्तीय तथा अन्य संगठित संस्थाहरुमा उक्त संस्थाहरुको चुक्ता शेयर पूँजीको दश प्रतिशतभन्दा बढी शेयरमा लगानी गर्न नमिल्नेमा सो सीमा नघाई भएको लगानी रु-२६ करोड ९९ लाख ९७ हजार रहेको छ । राष्ट्रिय बीमा संस्थान (जीवन बीमातर्फ), नागरिक लगानी कोष, सुदूर पश्चिमाञ्चल ग्रामीण विकास बैङ्क, निक्षेप तथा कर्जा सुरक्षण निगम, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लगायतमा बैङ्कको लगानी ऐनको परिधिभित्र रहेको छैन ।

नेपाल राष्ट्र बैङ्क ऐन,२०५८ को दफा ४१ बमोजिम विभिन्न जगेडाको बाँडफाँड खुद बचतको आधारमा गर्नुपर्नेमा सो नगरी विनिमय बचत, सुन र चाँदी विक्रीबाट भएको बचत र लगानी पुन:मूल्याङ्कन बचत रकम सम्बन्धित जगेडा कोषमा सारी बाँकी रहेको मध्येबाट रकम बाँडफाँड गरेको छ ।

११७. **लेखामानको पालना** – नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ अनुसार बैङ्कले वित्तीय विवरणहरु अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान तथा अन्तर्राष्ट्रिय लेखामान अनुरुप तयार गर्नुपर्ने व्यवस्था भएकोमा ती मानका व्यवस्थाबमोजिम बैङ्क अन्तर्गत लघुवित्त विभागबाट सञ्चालित सामुदायिक भूमिगत जल सिंचाइ सेक्टर आयोजना, ग्रामीण स्वावलम्बन कोष र प्राथमिक क्षेत्र विकास समिति आयोजनाको वित्तीय विवरण नेपाल राष्ट्र बैङ्कको एकीकृत वित्तीय विवरणमा समावेश गरेको छैन । बैङ्कको एकीकृत वित्तीय विवरणमा समावेश गरेको केही आयोजनाहरुको सम्पत्ति तथा दायित्वलाई बैङ्कको सम्बन्धित शीर्षकहरुमा समावेश नगरी बैङ्कको वित्तीय विवरणमा आयोजनाको सम्पत्ति तथा दायित्व अन्तर्गत अपरिस्कृत वित्तीय विवरणको आधारमा एकमुष्ठ देखाएको छ ।संभावित खर्च र नोक्सानीको अवस्था यकिन गरी सोको लागि पर्याप्त व्यवस्था गर्नुपर्नेमा गरेको छैन । यसको केही उदाहरण निम्नानुसार छन्:

११७.१ टक्सार विभागमा कुल बेचल्ती धातु मौज्दात रु.१ करोड १३ लाख रहेको छ । सोमध्ये २०६१।६२ को बेचल्तीको मौज्दातबापत रु.८७ लाखको लागि व्यवस्था गरेको छ । तर बाँकी रु.२६ लाखको व्यवस्था गरेको छैन । भौतिक परीक्षण गरी काम नलाग्ने मौज्दातको धातु पहिचान गरेको पनि छैन ।

११७.२ "श्री ५ को सरकार" उल्लेख भएका रु.१ र रु.२ को नोट रु.३३ लाख ७५ हजार (अङ्कित मूल्य रु.६३ लाख ५० हजार) प्रचलनमा जारी गर्न अयोग्य भए तापनि सोबापत नोक्सानी व्यवस्था गरेको छैन । यस्तै टक्सार विभाग अन्तर्गत चलनचल्तीमा नरहेको स्मारिका सिक्का रु.८० लाख ७१ हजार र मुद्रासम्बन्धी (न्युमिसमेटिक्स) मौज्दात रु.७२ लाख ८९ हजार लागत मूल्यको लागि व्यवस्था गरेको छैन । मौज्दातको यथार्थ मूल्याङ्कन पनि गरेको देखिएन ।

११७.३ विभिन्न शाखाहरुबाट वितरित शिक्षक पेन्सनबापतको रु.१ करोड ८९ लाखलाई कौशी तोषाखानाले दोहोरो भुक्तानी भएको उल्लेख गरी सोधभर्ना गर्न अस्वीकार गरेकोमा बैङ्कले दाबी गरेको छैन । यसको लागि नोक्सानी व्यवस्था गरेको पनि देखिएन । शिक्षक पेन्सन वितरण गर्न बाँकीको मौज्दात रु.३९ लाख ९५ हजारको हिसाब भिडान गरेको पाइएन ।

११७.४ स्वदेशी सरकारी ट्रेजरी बिल रु.२४ अर्ब ८४ करोड ६२ लाखलाई भुक्तानी अवधिसम्म धारणा गर्ने लगानी भनी पुन:वर्गीकरण गरेको छ । तर प्रभावकारी ब्याजदर विधि अपनाई परिशोधन लागतमा उक्त लगानीलाई लेखाङ्कन गरेको देखिएन ।

११७.५ स्वदेशी सरकारी ऋणपत्रलाई कर्जा तथा प्राप्त हुने रकम अन्तर्गत वर्गीकरण गरेको छ तर उक्त लगानी निर्ब्याजी रहेकोले परिशोधन लागतमा यकिन गरी लेखाङ्कन गरेको छैन ।

११८. **कर्मचारी प्रोत्साहन** – कर्मचारी प्रोत्साहनबापत तलबको १२ प्रतिशतका दरले रु.५ करोड ६९ लाख खर्च लेखाङ्कन गर्नुको अलावा प्रोत्साहन स्वरुप कर्मचारी कल्याणकारी सञ्चयकोषमा जम्मा गर्न रु.२६ करोड निश्चित आधार बेगर व्यवस्था गरेको छ ।

११९. **निर्व्याजी ऋण** – ब्रिट्टन उड्स सम्झौता ऐन, २०१८ को दफा ६ बमोजिम अन्तर्राष्ट्रिय मुद्रा कोषलाई नेपाल सरकारले उपलब्ध गराउनुपर्ने रकम नेपाल राष्ट्र बैङ्कबाट भुक्तानी गरेको छ । भुक्तानी गर्दा सरकारले नेपाल बैङ्कको नाममा निर्व्याजी ऋणपत्र रु.४ अर्ब ८७ करोड ११ लाख जारी गरी उपलब्ध गराएको छ । नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७५ (४) बमोजिम नेपाल राष्ट्र बैङ्कले नेपाल सरकार तथा नेपाल सरकारको तर्फबाट निर्व्याजी ऋण दिन नमिल्ने व्यवस्था गरे तापनि उपरोक्तबमोजिम उपलब्ध गराएको छ । बिल्स खरिद अन्तर्गत खरिद भएको सरकारी ऋणपत्रहरुको साँवा ब्याज रु.३२ करोड ६५ लाख असुल गरेको छैन । उपरोक्त साँवा एवं ब्याज हिसाबको सहायक खाताहरुसमेत नराखेकोले कुन ऋणपत्रको साँवा एवं ब्याज कति हो भन्नेसमेत छुट्याउने अवस्था रहेको छैन । सोबापत नोक्सानीको लागि व्यवस्था गरेकोसमेत छैन ।

१२०. **फण्ड ट्रान्सफर ढुवानी** – बैङ्कको पोखरा शाखाले मनाङ्ग चामेमा फण्ड ट्रान्सफर गर्न एक विमान कम्पनीसँग प्रतिराउण्ड ट्रिप अमेरिकी डलर २ हजार ४ सयको दरले २०६७।४।१० मा सम्झौता गरेको छ । सम्झौता अवधि २०६८।३।३१ सम्म रहेको र सम्झौता नवीकरण गर्ने प्रावधानसमेत नरहेको अवस्थामा उक्त शाखाले यस वर्षको लागि सम्झौता नवीकरण गरी ८ राउण्ड ट्रिपको थप कार्य गराएको देखिन्छ । तत्पश्चात यो वर्ष कोटेशनमार्फत ढुवानी गराउँदा प्रतिट्रिप अमेरिकी डलर ९९० लागेको देखिन्छ । सम्झौताको प्रावधान विपरीत नवीकरण गरेकोले बढी व्ययभार परेको छ । यो वर्ष मुद्रा व्यवस्थापन विभागले फण्ड ट्रान्सफर गर्न नेपाल आर्मी तथा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐनको दफा ४१ र बैङ्कको विनियमबमोजिम सम्झौता गर्नुपर्नेमा सो गरेको देखिएन ।

१२१. **भौतिक परीक्षण** – केन्द्रीय कार्यालय अन्तर्गतको मुद्रा व्यवस्थापन विभागले रु.२ करोड ८ लाख १९ हजार मूल्यको चाँदी मौज्दातको भौतिक परीक्षण २०५९।६० देखि गरेको छैन । उक्त विभागले उपरोक्त मौज्दातको टचनम्बर सहित विवरण राख्नुपर्नेमा कुल मौज्दातको तौल परिमाण र रकम मात्रको विवरण राखेको छ । उक्त भौतिक परीक्षणमा प्रत्येक टचमा देखिएको फरकलाई लेखामा समायोजन गरेको छैन । सोही विभागको रु.२ करोड ७३ लाख ५१ हजारको सुन मौज्दातको भौतिक परीक्षण २०६०।६१ देखि गरेको छैन । साथै विभागले उपरोक्त मौज्दातको टचनम्बर सहित विवरण राख्नुपर्नेमा कुल मौज्दात तौल परिमाण र रकम मात्रको विवरण राखेको छ । उक्त आर्थिक वर्षभन्दा अघि भएको भौतिक परीक्षण सिटमा परीक्षण गर्ने टोलीले प्रमाणित गरी हस्ताक्षर गरेको देखिँदैन । उक्त भौतिक परीक्षण पश्चात पनि विभिन्न मितिमा सुन विक्री भैसकेको छ । तर उक्त सिटमा अभिलेख अद्यावधिक गरेको छैन ।

सोही विभाग अन्तर्गत डबल र मोहरको मौज्दात रु.२ करोड २५ लाखको भौतिक परीक्षण धेरै वर्ष अघिदेखि गरेको छैन । कच्चा स्टक रु.२४ करोड १७ लाखमध्ये रु.१ करोड ३४ लाख बेचल्तीको स्टकको रुपमा रहेको छ । सोको विगत वर्षदेखि भौतिक परीक्षण पनि भएको छैन । ती सामान उपयोग गर्ने बारे प्राविधिकरुपमा परीक्षण भएको पनि छैन ।

१२२. **कर दायित्व तथा भुक्तानी –** बैङ्कले एक विदेशी कम्पनीसँग कम्प्युटर सफ्टवयर खरिद गर्ने सिलसिलामा २६ मे २०११ मा सफ्टवयरको अमेरिकी डलर २१ लाख ८८ हजार र वार्षिक मर्मत खर्च अमेरिकी डलर २ लाख ४६ हजारमा सम्झौता गरेको छ । सम्झौताअनुसार नेपाल सरकारलाई तिर्नुपर्ने कर तथा शुल्क दायित्व बैङ्कले व्यहोर्ने प्रावधान रहेको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ (२) बमोजिम नेपालभित्र दर्ता नभएको कुनै व्यक्तिबाट नेपालभित्र सेवा प्राप्त व्यक्तिले ऐन नियमबमोजिम कर लाग्ने मूल्यमा कर असुल गर्नुपर्नेमा सोअनुसार सम्बन्धितबाट कर असुली गरेको छैन । आयकर ऐन, २०५८ को दफा २(क) (३) अनुसार कुनै गैर बासिन्दा एकै पटक वा पटक पटक गरी नेपालमा ९० दिनभन्दा बढी रही कुनै प्राविधिक, व्यवसायिक वा परामर्श कार्य गरेमा निजलाई स्थायी बासिन्दा सरह आयकर र मूल्य अभिवृद्धि कर निर्धारण हुने व्यवस्था छ । सोको पालना सम्बन्धमा यकिन गर्ने कार्य गरेको देखिँदैन । आयकर तथा

मूल्य अभिवृद्धि कर कानूनको व्यवस्था विपरीत करको दायित्व बैङ्कले व्यहोर्ने गरी सम्झौता गरेको कारणले अग्रिम आयकर कट्टी र मूल्य अभिबृद्धि कर दायित्व क्रमश: रु.२ करोड ११ लाख ८७ हजार र रु.१ करोड ५७ लाख समेत रु.३ करोड ६८ लाख असुल हुनसकेको पाइएन ।

१२३. **सरकारी अधिविकर्ष** – यस वर्षको सरकारी अधिविकर्षबापतको ब्याज रु.९ करोड ४७ लाखलाई आम्दानी बाँधेको छ । बैङ्कले २०६६।६७ देखि हालसम्म अधिविकर्षको रुपमा पाउनुपर्ने ब्याज रु.१ अर्ब १ करोड ३ लाख असुल गरेको छैन । नेपाल सरकारलाई दिन बाँकी रु.१० अर्ब ९८ करोड ९३ लाख रहेको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट समर्थन हुन बाँकी रहेको छ । लेखापरीक्षणमा पेश भएको मासिक ट्रेजरी विवरण अनुसार रु.२ अर्ब ३३ करोड ६६ लाख दिनुपर्ने देखिन्छ । तर लेखामा रु.१ करोड १० लाखमात्र जनाएको देखिएकोले फरक हिसाब तत्काल मिलान गर्नुपर्नेमा सो भएको छैन । नेपाल सरकारसँग २०६३।१०।१७ मा भएको सम्झौताबमोजिम लिएको ऋण रकमको साँवा ब्याज सो रकम लिएको मितिले नेपाल राष्ट्र बैङ्क ऐनको दफा ७५ (६) मा व्यवस्था भए अनुरुप १८० दिनभित्र प्रचलित ब्याजदरमा नगद वा बजारयोग्य ऋणपत्रमार्फत सरकारले बैङ्कलाई चुक्ता गरिसक्नुपर्ने र उक्त अवधिभित्र सरकारले भुक्तानी गर्नुपर्ने साँवा ब्याज चुक्ता नगरेमा सो व्यतित भएको एक महिनाभित्र सरकारले विशेष ऋणपत्र वा ट्रेजरी बिल निष्काशन गरी सो रकम असुल उपर गर्न बैङ्कलाई सहमति दिनुपर्ने उल्लेख छ । तर उपरोक्तबमोजिम साँवा तथा ब्याज असुली गर्न बाँकी छ । नेपाल सरकारलाई विनिमय दरको फरकले गर्दा क७.२२ अन्तर्गत बढी भुक्तानी भएको अमेरिकी डलर ३ लाख ५८ हजारको वर्षान्तको विनिमय दरअनुसार रु.२ करोड ५४ लाख हालसम्म फिर्ता प्राप्त गरेको छैन ।

१२४. **अन्तरशाखा हिसाब –** अन्तर शाखा हिसाब मिलानसम्बन्धी कार्यहरु केन्द्रीय कार्यालयले गर्ने गरेको छ । अन्तरशाखा हिसाब खाताहरुको कुल रकम र केन्द्रीय जनरल खाता कोड ३५१ को हिसाब भिडान नभई यो वर्ष रु.४३ करोड ९४ लाखले फरक परेको छ । यस्तो फरक परेको रकम नियमित रुपमा भिडान गरी समायोजन गर्नुपर्नेमा सो कार्य हुने गरेको छैन । यस सम्बन्धमा विगत वर्षदेखि औँल्याउँदै आए तापनि सुधार भएको छैन । गत वर्षको तुलनामा भिडान नभएका शाखा हिसाब रु.९ करोड ६३ लाखले वृद्धि भएको छ । साथै हिसाब मिलान फाँटबाट प्राप्त विवरणअनुसार अन्तरशाखाको हिसाबमा रु.१ अर्ब ७६ करोड १३ लाखको फरक परेको छ ।

राष्ट्रिय वाणिज्य बैङ्क

बैङ्कको २०६८।६९ को अन्तिम लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्नानुसार छन्:

१२५. **सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चित नोक्सान रु.१३ अर्ब ७५ करोड ७३ लाख रहेकोमा यो वर्षसम्मको नोक्सान रु.१२ अर्ब ८३ करोड ८७ लाख रहेको छ । गत वर्ष बैङ्कले सञ्चालन मुनाफा रु.७१ करोड ६९ लाखगरेकोमा यो वर्ष रु.२ करोड ४९ लाख मुनाफा गरेको छ । गत वर्षको तुलनामा यो वर्ष सञ्चालन नाफामा ९६.५२ प्रतिशतले कमी भएको छ ।

१२६. **खुद सम्पत्ति** - गत वर्ष रु.८ अर्ब ५६ करोड ३ लाखले ऋणात्मक रहेको खुद सम्पत्तिमा केही सुधार भई यस वर्षको अन्त्यसम्ममा रु.३ अर्ब १२ करोड ऋणात्मक रहेको देखिन्छ । यो वर्ष लेखापरीक्षणबाट औँल्याइएका कैफियतहरु समायोजन गर्ने हो भने सो रकम थप ऋणात्मक हुने देखिन्छ ।

१२७. **पूँजी कोष –** नेपाल राष्ट्र बैङ्कद्वारा जारी पूँजीकोष पर्याप्ततासम्बन्धी निर्देशन १.१ अनुरुप "क" वर्गको इजाजत प्राप्त संस्थाले न्यूनतम प्राथमिक पूँजीकोष राख्नुपर्ने व्यवस्था गरेको छ । २०६९ आषाढ मसान्तको प्राथमिक पूँजी रु.४ अर्ब ९७ करोड १८ लाख अर्थात ९.७७ प्रतिशतले ऋणात्मक रहेको छ । यस्तो अवस्थामा बैङ्कको अविछिन्नता सम्बन्धमा विचार गर्नुपर्ने देखिन्छ ।

१२८. **शाखा हिसाब मिलान -** यस वर्षको अन्त्यसम्ममा रु.४ अर्ब १ करोड २९ लाख अन्तरशाखा हिसाब मिलान हुन बाँकी देखिएको छ । हिसाब मिलान हुन नसकी वर्षौंदेखि बाँकी रहेका रकमहरुसमेत विवरणमा समावेश भइरहेको र आयुगत बक्यौता एवं चारित्रीकरणको विवरण तयार नगरेकोले त्यस्ता रकमहरुको हिसाब मिलानबाट बैङ्कको सम्पत्ति, दायित्व, आय तथा व्ययमा कारोबारको प्रकृतिअनुसार पर्ने असर यकिन गर्नसक्ने अवस्था छैन । नेपाल लेखामान आधारशीलाको बुँदा ८९ र ९१ अनुसार कुनै सम्पत्ति र दायित्वलाई वासलातमा देखाउनका लागि सम्पत्ति वा दायित्वबाट संस्थालाई भविष्यमा आर्थिक लाभ वा पूँजी निर्माण हुनुको साथै उक्त रकम विश्वसनीय तरिकाले निर्धारण गर्नसक्ने अवस्थामा हुनुपर्ने रहेकोमा बैङ्कले पुराना पेण्डिङ्ग ड्राफ्ट एवं पेअडर, म्यानुयल पद्धतिबाट पुमोरी सफ्टवयर लागू गर्दा भएको फरक रकम, हिसाब मिलान नभएका र बैङ्क मौज्दात आदिलाई सम्पत्ति तथा दायित्वमा लेखाङ्कन गर्दै आएको छ । शाखा कार्यालयहरुले सो अनुसारको रु.८९ करोड ३२ लाख विगतदेखि जिम्मेवारीमात्र सार्दै आएको छ । व्यवस्था गरेको रकमसँग समायोजन हुने गरी यस्तो पुरानो हिसाबको अपलेखन गरेको छैन ।

१२९. **लेखामानको पालना –** वित्तीय विवरणहरु तयारी तथा प्रस्तुति गर्दा नेपाल लेखामान-१ वित्तीय विवरणको यथेष्ट खुलासा सहितको उपयुक्त प्रस्तुतीकरण, नेपाल लेखामान-२ लेखा नीति, नेपाल लेखामान-६ प्रयोग हुनसक्ने अवधि तथा अवशेष मोलको अवधारणामा आधारित स्थिर सम्पत्तिको ह्रासकट्टी विधि र नीति तथा नेपाल लेखामान-७ नगद प्रवाहको पूर्णपालना गरेको पाइएन । नेपाल लेखामान तथा प्रोदभावी सिद्धान्तअनुसार प्रत्येक वर्षको खर्चलाई प्रतिफल प्राप्त भएको वर्षमा नै खर्च लेख्नुपर्दछ । गत वर्षको खर्च रु. ७ लाख ६३ हजार यो वर्ष लेखाङ्कन गरेकोले नाफामा असर परेको छ । गत वर्ष बढी लेखाङ्कन गरेको विकास बण्डको ब्याज आम्दानी रु.११ लाख ७२ हजार यस वर्षको ब्याज आम्दानीबाट घटाई लेखाङ्कन गरेको छ । यसबाट नेपाल लेखामान-२ को पालना हुनसकेको छैन ।

नेपाल लेखामान-१ तथा नेपाल लेखामानको आधारशीलामा उल्लेखित व्यवस्था विपरीत कर्मचारीको अवकाशसँग सम्बन्धित सम्पूर्ण दायित्व रकमलाई आयकर प्रयोजनका लागि व्यवस्थापन गर्न स्थापित राष्ट्रिय वाणिज्य बैङ्क अवकाश कोषमा ट्रान्सफर गर्ने गरेको र कोष हिसाबलाई वासलातमा समावेश गरेको छैन । तर गत वर्षदेखि लेखासम्बन्धी टिप्पणीमा सो कोषको सम्पत्ति तथा दायित्व खुलासा मात्रै गर्ने गरेको छ । बैङ्कको सो दायित्व निसर्ग भईनसकेको अवस्था विद्यमान रहेकाले बैङ्कको वासलातले कर्मचारी अवकाश सुविधासम्बन्धी सम्पूर्ण दायित्वको खुलासा गर्नसकेको छैन ।

१३०. **असामान्य हिसाब -** खाता बन्द भईसकेका पुराना निक्षेप तथा सञ्चालनमा नआएका एजेन्सी खाताबाट रु.९ करोड ४१ लाख लिन बाँकी रहेको छ । सोबापत आवश्यक रकम व्यवस्था गरे तापनि लिनुपर्ने रकम लिनसकेको छैन । निक्षेप खाताहरुबाट मौज्दातभन्दा बढी भिकेको रु.६ करोड १४ लाखमध्ये रु.६ लाखमात्र असुल भई अझै रु.६ करोड ८ लाख असुल हुन बाँकी रहेको छ । रकम असुलीको लागि बैङ्कले प्रभावकारी कदम चालेको देखिएन । मुख्य शाखा कार्यालय काठमाडौंले २२ वर्ष अगाडिदेखि असुल गर्नुपर्ने देखाई जिम्मेवारी सार्दै ल्याएको रु.४ करोड ५० लाख अझै असुल गरेको छैन । तर यस्ता असुली नहुने रकमको शतप्रतिशत नोक्सानी व्यवस्था गरी वित्तीय विवरणमा समावेश गर्दै आएको छ । म्याद पुरा भएको निक्षेप रु. १९ करोड ६७ लाख र अप्रमाणित निक्षेप रु.२९ करोड ५८ लाख गरी जम्मा रु.४९ करोड २५ लाख सम्बन्धित निक्षेप खातामा जम्मा गर्न ढिलाई भएबाट ब्याज खर्च कम लेखाङ्कन हुन गएको छ । लेजरभन्दा कर्मचारी विवरणमा कम देखिएको कर्मचारी सापटीमा यो वर्ष केही प्रगति भए तापनि रु.६ करोड २७ लाख अझै बाँकी रहेको छ । सो रकमको हिसाब यकिन नभएकोले सोबाट पर्नसक्ने असर खुलासा गर्न सकिने अवस्था छैन ।

१३१. **कर्जा सापटको वर्गीकरण -** शैक्षिक सामग्री तथा बिक्री गर्ने एक सरकारी संस्थालाई एउटा शाखा कार्यालयले प्रवाह गरेको ट्रष्ट रिसिप्ट कर्जा रु.३ करोड ९९ लाख खराब कर्जामा वर्गीकरण गरेकोमा सोही केन्द्रलाई अर्को शाखा कार्यालयले प्रवाह गरेको अधिविकर्ष कर्जा रु.४२ करोडलाई असल कर्जामा वर्गीकरण गरेको छ । खराब कर्जामा वर्गीकरण गर्नुपर्नेमा नगरेकोले कर्जा जोखिम व्यवस्थामा सोही रकमले कमी हुने देखिन्छ ।

शाखा कार्यालय, गुलरियाको २०६७।४।१६ मा गरेको नगद भौतिक परीक्षणमा नोट कोष रु.९० लाख कार्यालयको नगदको रु.४६ हजार र भा.रु.६० हजारको रु.९६ हजार गरी जम्मा रु.९१ लाख ४२ हजार हिनामिना भएकोमा सोबापत नोक्सानी व्यवस्था गरेको पाइएन ।

१३२. **लगानीको मूल्याङ्कन** - नेपाल राष्ट्र बैङ्कको निर्देशन नं.४.२.ख.३.ग. तथा नीति/परिपत्र ५।२०६६।६७ मिति २०६६।५।१४ अनुसार विक्रीका लागि योग्य लगानी रु.२९ करोड ६१ लाखलाई बजार दर अनुरुप नियमित रुपमा मूल्याङ्कन गरी फरक रकमलाई जगेडा समायोजन गर्नुपर्नेमा यस्ता लगानीमध्ये सूचीकृत नभएको रु.२ करोड ८० लाखको लगानीको सक्रिय बजार नभएकोले सो सूचीकृत लगानीकोसमेत परलमोलमा लेखाङ्कन गरेको छ । विक्रीको लागि उपलब्ध लगानीमध्ये सूचीकृत कम्पनीहरुमा गरेको लगानीको परलमोल रु.२६ करोड ८१ लाख रहेकोमा उक्त लगानीको २०६९ आषाढ मसान्तको बजार मूल्य रु.२ अर्ब ५४ करोड ११ लाख हुने देखिएकोले २०६९ सालको वासलातमा लगानीको मूल्य र लगानी समायोजन कोष रु.२ अर्ब २७ करोड ३० लाखले कम हुने भएको छ ।

१३३. **मार्गस्थ हिसाब** - मार्गस्थ हिसाबमा रहेको रकमलाई यथोचित लेखा शीर्षकमा लेखाङ्कन गर्न केन्द्रीय कार्यालय लगायत शाखा र क्षेत्रीय कार्यालय क्रियाशिल नभएको कारणबाट वर्षान्तमा रु.१३ करोड ६७ लाख मार्गस्थ हिसाब बाँकी छ । सो रकमले सम्पत्ति, दायित्व, आय तथा व्ययमा असर पर्न गएको छ ।

कर्मचारी सञ्चय कोष

कोषको २०६८।६९ को अन्तिम लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१३४. **सञ्चालन नतिजा –** गत वर्ष कोषले रु.१ अर्ब ५८ करोड ४९ लाख नाफा गरेकोमा यो वर्ष रु.१ अर्ब १९ करोड १६ लाख नाफा गरेको छ । गत वर्षभन्दा नाफा २४.८२ प्रतिशतले घटेको छ ।

१३५. **ऋणात्मक बैङ्क खाता –** कोषले बैङ्क तथा वित्तीय संस्थाहरुमा सञ्चयकर्ताबाट प्राप्त हुने रकम सङ्कलनको निमित्त सञ्चालनमा रहेको बैङ्क खाताहरुमध्ये विभिन्न बैङ्क खाताहरुमा रु.२४ करोड ६३ लाख ३३ हजार ऋणात्मक देखिएको छ । बैङ्क मौज्दातको हिसाब मिलान विवरणमासमेत उल्लेख्य रकम लामो समयदेखि मिलान नभई यथावत रहेको, सञ्चयकर्ताले दाखिला गरेको कोषकट्टी रकमको अद्यावधिक रुपमा लेखाङ्कन र हिसाब मिलान नभएको कारण वित्तीय विवरणमा प्रस्तुत भएको बैङ्क मौज्दात साथै सञ्चयकोषमा फरक परेको छ ।

१३६. **जोखिम व्यवस्था –** कोषबाट घर तथा शैक्षिक सापटी/कर्जातर्फ रु.१ लाखभन्दा बढी रकमको साँवा ब्याज भुक्तान नगर्ने १ हजार १९७ ऋणी सञ्चयकर्ताको साँवा तथा ब्याज रु.१ अर्ब ४३ करोड ३७ लाख बाँकी छ । ऋणीहरुमध्ये ८३ ऋणीको कोषमा कुनैपनि रकम कोषकट्टी नरहे तापनि रु.९ करोड १३ लाख ९८ हजार असुल गर्न बाँकी छ । कोषले बक्यौता साँवामा साबिकको १ प्रतिशतमा १ प्रतिशत थप गरी २ प्रतिशत कोषले कर्जा जोखिममात्र व्यवस्था गरेकोले ती ऋणीहरुको सम्बन्धमा नपुग ९८ प्रतिशतले हुने रु.१ अर्ब ४० करोड ३८ लाख थप नोक्सानी व्यवस्था गर्नुपर्दछ ।

१३७. **जमानत –** कम्पनी ऐनको दफा १७६(१) बमोजिम कुनै पनि कम्पनीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्नो चुक्ता पूँजीको साठी प्रतिशत वा सञ्चित मुनाफा (फ्रि रिजर्भ)को शतप्रतिशतले हुने रकममध्ये जुन बढी हुन्छ सो रकमभन्दा बढी हुने गरी कुनै अर्को कम्पनीलाई सापटी दिन वा कुनै अर्को कम्पनीले लिएको ऋणबापत जमानत दिन वा अन्य कम्पनीको धितोपत्रमा लगानी गर्न नसक्ने व्यवस्था छ । चिलिमे जलविद्युत कम्पनी लिमिटेडको २०६७।६८ को लेखापरीक्षणबाट प्रमाणित वित्तीय विवरणबमोजिम चुक्ता पूँजी रु.८२ करोड ५६ लाख र सञ्चित मुनाफा रु.३ अर्ब ९६ करोड २७ लाख रहेको छ । जसअनुसार कम्पनीले कानूनबमोजिम दिनसक्ने संस्थागत जमानतको अधिकतम हद सञ्चित मुनाफा अनुसार रु.३ अर्ब ९६ करोड २७ लाखमात्र रहेको छ । तर चिलिमे जलविद्युत कम्पनी लिमिटेडको पूर्णस्वामित्व नभएको सहायक कम्पनी रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड र मध्यभोटेकोशी जलविद्युत कम्पनी लिमिटेडको कर्जाको लागि कोषमा दिएको

क्रमश: रु.६ अर्ब ८४ करोड २१ लाख र रु.६ अर्ब १४ करोड १७ लाखको संस्थागत जमानत कानूनसम्मत नभए तापनि कोषले सकारेको छ ।

१३८. **गैह्रकोष सम्पत्ति –** कोषले एक खाद्य पदार्थ उत्पादन गर्ने फर्मसँग असुल गर्न बाँकी रु.५ करोड ५२ लाख साँवा र रु.२ करोड १५ लाख ब्याज २०६७।६८ मा सञ्चालक समितिको निर्णयानुसार अपलेखन गरेको छ । उक्त कर्जा सहवित्तीयकरण प्रक्रियामार्फत प्रवाह भएको र सहवित्तीयकरणमा सहभागी संस्थाको सदस्यहरुको निर्णयबमोजिम कर्जा सुरक्षणको लागि लिएको धितो यस अघि नै पुन:मूल्याङ्कन भई रु.४ करोड ५८ लाखमा संयुक्त रुपमा गैह्रकोष सम्पत्तिको रुपमा सकारेको छ । कर्जामा कोषको ५२.०९ प्रतिशत सहभागिताको आधारमा रु.४ करोड ५८ लाखमा ५२.०९ प्रतिशतले हुन आउने रु.२ करोड ३९ लाखलाई गैह्रकोष सम्पत्तिका रुपमा लेखाङ्कन गरेको छैन । यसबाट वित्तीय विवरणमा सोही रकमले फरक परेको छ ।

१३९. **परियोजना कर्जा –** एक हाउजिङ्ग कम्पनीलाई कोषको सञ्चालक समितिको निर्णय अनुसार रु.१ अर्ब १८ करोड नगद र रु.२० करोड ब्याज पूँजीकरणसमेत रु.१ अर्ब ३८ करोड प्रवाह गर्ने निर्णय भएबमोजिम रु. २३ करोड ७० लाख कर्जा प्रवाह गरी यस बर्षको मसान्तसम्म ब्याजसमेत रु.२४ करोड ४३ लाख कर्जा गणना भएको पाइयो । कर्जा प्रवाहगर्दा ऋणीको आर्थिक पक्षको विश्लेषण र अन्य बैङ्कसँगको कारोबारको यथार्थ जानकारी लिएरमात्र कर्जा प्रवाह गर्नुपर्नेमा सञ्चालक समिति समक्ष प्रस्तुत गरेको प्रस्तावमा ऋणिले विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट कर्जा उपभोग गरिरहेको उल्लेख भए तापनि कुन बैङ्कबाट कति रकम कर्जा उपभोग भएको हो भन्ने बारे स्पष्ट उल्लेख गरेको छैन । एक वाणिज्य बैङ्कले २०६८।८।१४ मा सो हाउजिङ्गको नाममा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सूचना जारी गरेको देखिन्छ । सो हाउजिङ्गको २०६७।६८ को वित्तीय विवरणअनुसार कुल पूँजी रु.६४ करोड ४९ लाख रहेकोमा दीर्घकालीन र अल्पकालीन कर्जा तथा पेस्कीसमेतको दायित्व रु.२ अर्ब ९ करोड ७१ लाख रही कर्जा/पूँजी अनुपात ७६:२४ देखिन्छ । कर्जा असुली स्थिति खराब रहेको व्यहोरा सञ्चालक समिति तथा व्यवस्थापन अन्तर्गतको कर्जा समिति समक्ष समयमा जानकारी गराएको पनि छैन ।

१४०. **सहवित्तीयकरण कर्जा –** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१४०.१ सहवित्तीयकरण अन्तर्गत प्रवाह गरेको विभिन्न कर्जा रकमलाई पुन:संरचना गरेको भए तापनि सबै कर्जाको नियमित रुपमा अनुगमन हुनसकेको छैन । कर्जा चुक्ता गर्नको लागि नेतृत्व गर्ने बैङ्कलाई पत्राचार गर्ने कार्य गरेको पाइएन । कर्जाको सहवित्तीयकरणका सदस्य–बैङ्क र कोषबीच नियमित बैठक बसाई कर्जा चुक्ता तथा असुलीको अनुगमन गरी प्रभावकारी निर्णय लिएको पनि छैन ।

१४०.२ एक फ्लोरिकल्चरलाई सहवित्तीयकरण कर्जा रु.३ करोड ९५ लाख प्रवाह गरेकोमा असुलीको कार्य भएको छैन । कोषसमेत सहभागी भएको सहवित्तीयकरणको बैठकमा उक्त ऋणीलाई कर्जा चुक्ता गर्न म्याद थप गर्ने बाहेक अन्य कार्य गरेको पाइएन । उक्त ऋणी कम्पनीले नयाँ शेयरधनी ल्याई कर्जा चुक्ता गर्ने प्रतिवद्धता बारम्बार जाहेर गर्दै आएको भए तापनि प्रतिबद्धता अनुसारको कार्य नभएको अवस्थामासमेत म्याद थप गरेको छ । कोषले ऋणी कम्पनीको लेखापरीक्षण भएको वित्तीय विवरणहरु प्राप्त गरेको देखिँदैन । ऋणीले धितोबापत राखेका चलअचल सम्पत्तिको बीमालेख सन् २००६।०७ देखि नै नवीकरण गरेको छैन । ऋण असुलीतर्फ कोष व्यवस्थापनले तदारुकताका साथ लाग्नुपर्नेमा सो कार्य गरेको देखिएन ।

१४०.३ एक रिसोर्टलाई उपलब्ध गराएको ऋणसम्बन्धमा २०६७।३।२६ को कोषको सञ्चालक समितिको निर्णयबमोजिम २०६४ आषाढ मसान्तसम्मको साधारण ब्याज रु.५ करोड २७ लाखलाई ऋण रकममा समायोजन गरी कर्जा पुन:संरचना गरेको पाइयो । कर्जा पुन:संरचना भएपश्चात् पनि ऋणीले सम्झौता बमोजिमको ऋण भुक्तानी तालिकाबमोजिम गरेको छैन । कोष व्यवस्थापनले ऋण असुलीका लागि अन्य कुनै कानुनी प्रक्रिया अगाडि बढाएको छैन । एक सुगर मिल्सलाई प्रवाह गरेको कर्जाको सन्दर्भमा २०६७।९।२८ मा ऋण असुली गर्ने सम्बन्धमा परेको मुद्दा न्यायाधीकरणबाट कोषको पक्षमा फैसला भई ऋणीबाट

ब्याजसहित रु.३ अर्ब ४६ करोड २ लाख भराई लिनु भन्ने निर्णय भएको भए तापनि उक्त रकम असुल गर्न कोषको तर्फबाट कुनै पहल भएको छैन ।

१४१. **कर्जा असुलीको स्थिति –** कोषले सहवित्तीयकरणमार्फत प्रवाह गरेका कर्जाहरुमध्ये ६५.७७ प्रतिशत कर्जा खराब, २१.८९ प्रतिशत कमसल र १२.३७ प्रतिशत पुन: संरचना गरेको कर्जाको रुपमा रहेको छ । कुनैपनि कर्जा असल कर्जाको रुपमा रहेको छैन । परियोजना कर्जाहरु मध्येको सहवित्तीयकरण कर्जामा निष्क्रिय कर्जाको अनुपात शतप्रतिशत रहेको छ । सहवित्तीयकरण अन्तर्गतको कर्जाहरुमा असुल गर्न बाँकी साँवा रु.३९ करोड ४२ लाख रहेको र उक्त कर्जामा ६२.१२ प्रतिशतको औसतले जोखिम व्यवस्था गरेको पाइयो । कोषको आर्थिक स्रोतको महत्वपूर्ण अंश सोही सहवित्तीयकरण कर्जाहरुमा रहेको र कतिपय कर्जाहरुबाट लामो समयदेखि साँवा ब्याज असुल भई आयआर्जनसमेत भएको पाइदैन । असुल गर्न बाँकी कर्जाका लागि कार्ययोजना तयार गरी असुली गर्न ध्यान दिनुपर्दछ ।

१४२. **बहाल तथा महसुल बक्यौता –** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१४२.१ सुन्धारास्थित काठमाडौ मल भवनको बहालवालासँग करिब २७ महिनाको भाडाबापत रु.१७ करोड ३६ लाख ६४ हजार बहाल बक्यौता रहेको देखिन्छ । बहालवालाले सुन्धारा पट्टीको बाटोमा थप टहरा बनाई भाडा असुल गरिरहेको छ । तर कोषलाई यसको थप भाडा बुझाएको छैन । यस सम्बन्धमा कोष व्यवस्थापनबाट स्वीकृतिसमेत लिएको देखिएन । यो कार्य सम्झौताको शर्त विपरीत भए पनि कोषले हालसम्म थप बहाल दाबी गरेको पाइएन ।

१४२.२ एक भाडावालले २०६८।३।२७ मा यस वर्षको वर्षान्तसम्ममा असुल गर्न बाँकी भाडा रु.९ करोड ५७ लाख ६५ हजारलाई किस्ताबन्दीमा २०७०।३।२५ भित्र तिर्ने, सोमा १२ प्रतिशतका दरले मासिक रुपमा ब्याजसमेत तिर्ने र आउँदा दिनको घरभाडा नियमित रुपमा बुझाउने प्रतिवद्धता व्यक्त गरी निवेदन दिएकोमा कोषको सञ्चालक समितिको २०६८।३।२७ को बैठकबाट घर भाडा तिर्न समय थप गर्ने स्वीकृत गरी घर भाडा असुल गर्ने अधिकार प्रशासकलाई दिने निर्णयसमेत गरेको छ । बहालवालाको बैङ्क ग्यारेण्टीबाट बक्यौता भाडा असुल गर्न कोषले २०६९।४।१७ मा एक वाणिज्य बैङ्कलाई पत्र लेखेकोमा निज बहालवालाले पुनरावेदन अदालत पाटनमा रिट दायर गरी सम्मानित अदालतबाट २०६९।४।२२ मा ग्यारेण्टी जफत नगर्न अन्तरिम आदेश जारी भएकोले सञ्चालक समितिको निर्णयबाट २०६९।६।१५ सम्म कारबाही स्थगन गर्ने निर्णय भएको पाइयो । निज बहालवालाले बैङ्क जमानतबाट भाडा रकम दाबी गरी असुल उपर गर्न नदिनु भन्ने आदेश गराउन पुन:पुनरावेदन अदालतमा दायर गरेको रिट २०६९ कार्तिकमा खारेज भएको छ । तर कोषले बैङ्क जमानतबाट र अन्य कुनै प्रक्रियाबाट बक्यौता बहाल रकम उठाउन कारबाही अगाडि बढाएको छैन । माथि उल्लिखित तथ्यको आधारमा कोषले पाउनुपर्ने बहाल रकम, कोषको दाबी र पाउने आधार विपरीत मध्यस्थकर्ताको नियुक्ति गर्ने हालको अदालती आदेशले कोषको हिसाब असुल हुनसक्ने कुरा विवादित एवं शंकास्पद भएको,सोबाट मध्यस्थकर्ताको खर्चसमेत बढ्ने देखिँदा घरभाडा बक्यौताबापत जोखिम व्यवस्था गरी सम्बन्धित पक्षसँग असुलीको लागि कडा कारबाही गर्नुपर्ने देखिएको छ ।

१४३. **सापटी समायोजन खाता –** कोषले रु.५ सयभन्दा बढी र रु.२ हजारभन्दा कमको रकम कुनै दाबी नभई भुक्तानी गर्न बाँकी देखिएमा सो रकमलाई यस खातामा जम्मा गरी निजहरुको योगदान कोष समायोजन गर्ने गरेको छ । यस खातामा २०६८।६९ को अन्त्यमा रु.११ करोड १४ लाख ८० हजार रहेको छ । यो खातामा ठूलो रकम हुनु सञ्चयकर्ताको सञ्चित कोषको हिसाब नमिल्नु, विशेष सापटीको भुक्तानी रकम बढी प्राप्त हुनु तथा सापटीमा ब्याजको गणना गलत हुनु आदि कारणहरु रहेका छन् । कोषको वित्तीय विवरणमा समायोजन खातामा यस्ता ठूलो रकम हुनुले कोषको लेखाङ्कन व्यवस्था लगायत नियन्त्रण व्यवस्थामा सुधार हुनुपर्दछ ।

नागरिक लगानी कोष

कोषको २०६७।६८ को अन्तिम लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्न छन्:

१४४. **सञ्चालन नतिजा** - गत वर्ष नागरिक लगानी कोषतर्फ रु.८ करोड ८ लाख नाफा र कर्मचारी बचत वृद्धि अवकाश कोषतर्फ रु.१८ करोड २८ लाख कार्य सञ्चालनबाट नाफा गरेकोमा यो वर्ष क्रमश रु.१० करोड ९ लाख र रु.२२ करोड ७१ लाख नाफा गरेको छ ।

१४५. **बैङ्क हिसाब मिलान** – केन्द्रीय हिसाबमा कतिपय बैङ्क खाताहरुमा ऋणात्मक मौज्दात देखिएको छ । बैङ्क हिसाब मिलान विवरणअनुसार धनात्मक मौज्दात रु.२ करोड ५५ लाख तथा ऋणात्मक मौज्दात रु.१ करोड १८ लाखको हिसाब मिलान हुन बाँकी देखिएको छ । वित्तीय विवरणमा ऋणात्मक मौज्दातलाई न्यून गरी आएको बाँकी खुद रकमलाई मात्र बैङ्क मौज्दातमा देखाएको छ । कतिपय बैङ्क हिसाबको हिसाब मिलान विवरण अद्यावधिक हुन बाँकी देखिएको छ । आर्थिक वर्ष समाप्त भएको महिनौँ पछि एकैपटक बैङ्क हिसाब मिलान गर्ने गरेकोले बैङ्क हिसाब भिडान नभई मौज्दातको स्थिति यकिन हुनसकेको छैन ।

कर्मचारी बचत वृद्धि कोषतर्फ कतिपय बैङ्क खाताहरुमा ऋणात्मक मौज्दात देखिएको छ । वित्तीय विवरणमा खातानुसार धनात्मक मौज्दात रु.१ अर्ब १९ करोड ७६ लाखबाट ऋणात्मक मौज्दातलाई रु.७१ करोड ५८ लाख घटाई बाँकी खुद रकमलाई मात्र बैङ्क मौज्दातमा देखाएको छ । उपलब्ध विवरणअनुसार कोषको खाता र बैङ्क विवरणले देखाएको वर्षान्तको मौज्दातबीच रु.७६ करोड फरक देखिएको छ जुन रकमले बैङ्कमा रकम जम्मा भईसकेको तर कोषले आफ्नो खातामा लेखाङ्कन गर्न बाँकी राखेकोलाई जनाउँदछ । सहभागीहरुको रकम बैङ्कमा जम्मा भएको लेखाङ्कन नहुँदै बैङ्क स्टेटमेन्टबाट देखाएको मौज्दात वा सूचनाको आधारमा कोषले लगानी गर्दा बैङ्क हिसाब मौज्दात धनात्मक हुनुको सट्टामा ऋणात्मक मौज्दात देखिन आएको छ । यसले गर्दा सहभागिता कोष हिसाब र सोको ब्याज यथार्थ रुपमा गणना भएको छैन ।

१४६. **घर जग्गा कर –** काठमाडौ महानगरपालिका–३४ को २०६८।९।२५ को पत्रबाट घरको मूल्य रु.६२ लाख र जग्गाको मूल्य रु.७१ करोड ५९ लाख गरी जम्मा रु.७२ करोड २१ लाख मूल्य कायम गरी २०६७।६८ र २०६८।६९ को लागि घरजग्गा कर रु.२ करोड १२ लाख निर्धारण आदेश पठाएको छ । उक्त करबापत कोषले खर्च दायित्व व्यवस्था गरेको छैन । घरजग्गाको स्वामित्व अवकाश कोषको नाममा नरही नागरिक लगानी कोषको नाममा रहेको छ । तर सम्पत्ति हिसाब नागरिक लगानी कोषमा लेखाङ्कन नभई अवकाश कोषमा हिसाब प्रविष्ट गरेको छ ।

१४७. **मुद्धति निक्षेप –** हाल समस्याको रुपमा देखिएको विकास बैङ्क तथा वित्तीय संस्थाहरुमा कोष र यस अन्तर्गतका अन्य कार्यक्रम/कोष/योजना तर्फबाट केन्द्रीय कार्यालयको रु.३ करोड, कर्मचारी बचत वृद्धि कोषको रु.४४ करोड र अन्य कार्यक्रमको रु.३४ करोड गरी कुल रु.८१ करोड मुद्धति निक्षेपमा लगानी रहेको छ । व्यवस्थापनबाट उक्त लगानीमा देखिएको जोखिमलाई ५ वर्ष भित्रमा असुल उपर गर्ने अनुमान गरी लगानी जोखिम व्यवस्था २० प्रतिशतले गरेको छ । प्राप्त हुनुपर्ने ब्याज रकमलाई मुल्तबीमा सारेको छ । यस्तै कोषको केन्द्रीय कार्यालय अन्तर्गतका अन्य कोष, कार्यक्रम र योजनामार्फत लगानी गरेका मुद्धति निक्षेपहरुमध्ये वर्षान्तमा भाखा नाघेका तर सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाबाट साँवा रकम फिर्ता नभएका मुद्धति निक्षेप रु.६७ करोड ७० लाख रहेको छ । एक वाणिज्य बैङ्कबाट २०६६।६७ को वर्षान्तसम्ममा रु.२२ लाख ब्याज असुल हुन बाँकी देखिएको छ । विभिन्न निक्षेप तथा लगानीबाट प्राप्त हुनुपर्ने साँवा ब्याज समयमा असुली नभएकाले उक्त रकमबाट पुन: लगानी गरी ब्याज आर्जन गर्ने स्थिति गुमेको छ । लगानी व्यवस्थापन गर्न र निक्षेपको ब्याज असुलीको लागि ध्यान दिनुपर्नेमा दिएको छैन ।

नेपाल धितोपत्र बोर्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस बोर्डको २०६८।६९ को लेखापरीक्षणको अन्तिम प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

१४८. **सञ्चालन नतिजा –** कार्य सञ्चालनबाट बोर्डको गत वर्ष रु.२ करोड २१ लाख बचत रहेकोमा यो वर्ष रु.५६ लाख बचत रहेको छ । गत वर्षको तुलनामा मुनाफा अङ्क ७४.५६ प्रतिशतले घटेको छ ।

१४९. **ऐन नियमको पालना –** धितोपत्रसम्बन्धी ऐन २०६३ दफा ५० बमोजिम धितोपत्र बजारले कुल धितोपत्र कारोबार रकमको ०.०३ प्रतिशतले नबढ्ने गरी प्रत्येक महिनाको मसान्तभित्र अघिल्लो महिना प्राप्त भएको दस्तुरबापतको रकम बोर्डमा बुझाउनुपर्ने र नबुझाएमा धितोपत्र बजारसँग बोर्डले १० प्रतिशतका दरले ब्याजसमेत असुल उपर गर्ने व्यवस्था भए तापनि बोर्डले धितोपत्र बजारसँग ढिलो दस्तुर बुझाएबापतको ब्याज असुली गरेको छैन । त्यस्तैऐनको दफा ६८ बमोजिम बोर्डले अनुमतिपत्र प्राप्त सबै धितोपत्र व्यवसायीको र ऐनको दफा ६९ बमोजिम सबै आधिकारिक प्रतिनिधिको बेग्लाबेग्लै दर्ता किताब खडा गरी अद्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था छ । तर सोबमोजिम दर्ता किताब अद्यावधिक गरेको छैन ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:
  - सरकारी कार्यालयतर्फ १३४ निकायमा रु.३ अर्ब ५३ करोड ७५ लाख ५५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३७ करोड १८ लाख ३५ हजार फछ्यौंट गरेकोले रु.३ अर्ब १६ करोड ५७ लाख २० हजार बाँकी रहेको छ । सोमध्ये रु.१९ करोड ४५ लाख ९३ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था समिति ९ तर्फ रु.१ अर्ब ६६ करोड ५४ लाख ४४ हजार बेरुजू बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

उद्योग मन्त्रालय

मन्त्रालय र मातहतसमेत ९७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब ५ करोड १९ लाख ७४ हजार, राजस्वतर्फ रु.४७ करोड ७३ लाख २४ हजार, धरौटीतर्फ रु.९ करोड ८८ लाख ९१ हजारसमेत रु.१ अर्ब ६२ करोड ८१ लाख ८९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त रकममा वाणिज्य तथा आपूर्तिको रु.७७ लाख ७४ हजार, शिक्षाको रु.७ करोड ९ लाख ७६ हजार, गृहको रु.६ करोड ३४ लाख र शान्ति मन्त्रालयको रु.६ करोड ९ लाख ६६ हजारसमेत समावेश छ ।

मन्त्रालय मातहतका संगठित संस्था र अन्य संस्था १० को रु.३ अर्ब ३६ करोड ४८ लाख ५१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **पेश्की** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८१(१) मा जिम्मेवार व्यक्तिले सम्बन्धित विभाग वा मन्त्रालयमा प्रत्येक आर्थिक वर्षको आषाढ महिनाको स्रेस्ता दाखिल गर्दा सो आर्थिक वर्षभरि गएको र विगतको जिम्मेवारी सरेको पेश्कीमध्ये म्याद नाघेको र ननाघेको नाम नामेसी विवरणसमेत खुलाई फाँटवारी पेश गर्नुपर्ने र पेश्कीको फाँटवारी प्राप्त भएपछि सम्बन्धित विभाग वा मन्त्रालयले पेश्कीको लगत राखी म्यादभित्र पेश्की फछ्यौंट नगर्ने नगराउनेलाई नियम ७९ र ८४ बमोजिम कारबाही गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले पेश्की बाँकीको लगत राख्ने गरेको देखिएन । विभाग वा मन्त्रालयले पेश्की बाँकीको लगत राखी नियमानुसार अनुगमन गरी म्यादभित्र पेश्की फछ्यौंट गर्नु गराउनु गर्नुपर्दछ ।

उद्योग विभाग

२. **महसुल फिर्ता –** औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(प) मा उद्योगले निकासी गरेको सामानको लागि खपत भएको कच्चा पदार्थमा लागेको भन्सार महसुल फिर्ता माग गरेको मितिले ६० दिनभित्र निर्यातकर्तालाई फिर्ता दिनुपर्ने व्यवस्था छ । यो वर्ष २०५७ देखि २०६८ सम्म निवेदन दिने १९ उद्योगलाई रु.६ करोड ६० लाख ३ हजार भन्सार महसुल फिर्ता गरेको छ । उद्योगले आफ्नो उत्पादनमा प्रयोग गरेको प्याकेजिङ्ग मेटेरियल्स, कच्चापदार्थलगायत पैठारी गर्दा तिरेको भन्सार महसुल पैठारी गरेको वर्षमा नै खर्च लेखाङ्कन गरिसकेको हुन्छ ।

भन्सार महसुल फिर्ता गर्दा निकासी गरिने मुलुकको सम्बन्धित भन्सार नाकाले प्रमाणित गरेको वस्तु निकासीको बिल अफ इन्ट्री लिने नगरेको र महसुल फिर्ताको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाएको पाइएन । सामान पैठारी गरेका प्रमाण पेश गर्न लगाई वास्तविक भन्सार महसुल यकिन गरेर मात्र महसुल फिर्ता दिने एवं महसुल फिर्ताको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई पठाउने व्यवस्था समेत मिलाउनुपर्दछ ।

३. **वार्षिक खरिद योजना –** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक १० लाखभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । विभागले वार्षिक

खरिद योजना तयार नगरी रु.११ लाख १९ हजारको खरिद गरेको छ । ऐन नियमावलीमा व्यवस्था भएअनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको ढाँचामा वार्षिक खरिद योजना तयार गरी मालसामान तथा सेवा आपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४. **धरौटी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६(२) मा धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र, म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धी कारबाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिदसाथ निवेदन दिनुपर्ने उल्लेख छ । उपनियम (३) मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम ६७ बमोजिम कार्यविधि अपनाई कार्यालय प्रमुखले राजस्वमा आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । विभागले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण उद्योग स्थापनाको लागि अनुमति लिन २०६१।६२ देखि २०६७।०६८ सम्म राखेको धरौटी रु.१ करोड १८ लाख ५७ हजार नियमअनुसार कारबाही नगरी धरौटी खातामा राखेको छ । नियमानुसार कारबाही गरी धरौटीको हिसाब फरफारक गर्नुपर्दछ ।

घरेलु तथा साना उद्योग विभाग

५. **अख्तियारी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी अर्थ मन्त्रालयबाट प्राप्त भएको १५ दिनभित्र सम्बन्धित सचिवले सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । शान्तिकोष शिविर व्यवस्थापनतर्फको खर्च गर्ने अख्तियारी उद्योग मन्त्रालयले २०६९।३।२६ मा घरेलु तथा साना उद्योग विभागलाई दिएको पाइयो । उक्त अख्तियारीअनुसारको रु.१ करोड ८१ लाख ११ हजार महालेखा नियन्त्रक कार्यालयले २०६९।३।२७ मा लघु उद्योग तथा साना उद्योग प्रवर्द्धन कोषमा जम्मा गर्न लेखी पठाएको आधारमा कोषको खातामा जम्मा गरी बजेट खर्च लेखेको छ । यसप्रकार आर्थिक वर्षको अन्तमा विनियोजित रकम खर्च गर्ने अख्तियारी दिई खर्च लेखी कोषमा जम्मा गर्ने कार्य नियमसम्मत देखिएन ।

६. **ऋण प्रवाह** – कृषि विकास बैङ्क मुख्य कार्यालयसँग २०६७।३।२९ मा भएको सम्झौताअनुसार विभाग तथा अन्तर्गतका जिल्ला स्तरका कार्यालयहरुबाट तालिम प्राप्त गर्ने प्रशिक्षार्थीहरुलाई कर्जा प्रवाह गर्न यो वर्ष सम्म रु.९ करोड २६ लाख उपलब्ध गराएको छ । प्राप्त विवरणअनुसार यो वर्ष सम्म कृषि विकास बैङ्क दमौलीले ७ लाई रु.४ लाख ६० हजार, इलामले ५ लाई रु.३ लाख, जुम्लाले २० लाई रु.११ लाख २५ हजार गरी रु.१८ लाख ८५ हजार कर्जा प्रवाह गरेको देखिन्छ । बाँकी रु.९ करोड ७ लाख १५ हजार बैङ्कले कर्जा प्रवाह नगरी मौज्दात राखेको छ ।

बैङ्कलाई उपलब्ध गराएको रकम कोषको आयव्यय विवरणमा समावेश गरेको छैन । ऋण तथा कर्जा प्रवाहको लागि बैङ्कलाई रकम उपलब्ध गराएको मिति, रकम, प्राप्त गर्नुपर्ने ब्याजसमेत खुलाई लगानी अभिलेख राख्ने र कोषको आय व्यय विवरणमा समेत समावेश गर्ने व्यवस्था मिलाउनुका अतिरिक्त लगानी सम्बन्धमा अनुगमन निरीक्षण गरिनुपर्दछ ।

७. **रोयल्टी** – खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २१(१) मा खानी उत्खनन कार्यको लागि अनुमति प्राप्त व्यक्तिले खानीद्वारबाट प्रत्येक पटक खनिज पदार्थ बाहिर निकाल्दा त्यसरी निकालिएको खनिज पदार्थको परिमाणको आधारमा अनुसूची–१० मा उल्लेख भएबमोजिमका दरले उत्खनन गरेको परिमाणको आधारमा रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ । खानी तथा भूगर्भ विभागले यो वर्ष खनिज उत्खननको अनुमति

लिने ७ समेत ८९ उद्योगबाट रु.३ करोड १४ लाख ३ हजार रोयल्टी असुल गरेको छ । उद्योगहरुबाट उत्खनन गरेको खनिज पदार्थको परिमाण सम्बन्धमा अनुगमन नगरी सम्बन्धित उद्योगले पेश गरेको परिमाणको आधारमा रोयल्टी असुल गरेको देखियो । रोयल्टी असुल गर्दा उत्पादन गरेको परिमाण यकिन गर्ने व्यवस्था गरिनुपर्दछ ।

कम्पनी रजिष्ट्रारको कार्यालय

८. **कारबाही –** यो वर्ष कार्यालयले जरिबानाबापत रु.१४ करोड ३३ लाख ६३ हजारसमेत रु.२५ करोड २५ लाख १२ हजार शुल्क असुल गरेको छ । कार्यालयमा दर्ता भएका १ लाख ५ हजार ११ कम्पनीमध्ये नमुना छनौटको आधारमा ४० कम्पनीको शुल्क असुलीको फाइल परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छन्:

८.१ कम्पनी ऐन, २०६३ को दफा ८० मा प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा भएको ३० दिनभित्र सो सभामा उपस्थित शेयरधनीहरुको संख्या, वार्षिक आर्थिक विवरण, सञ्चालक र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेको निर्णय कार्यालयमा पठाउनुपर्ने र प्राइभेट कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र लेखापरीक्षकद्वारा प्रमाणित वार्षिक आर्थिक विवरण कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । ती विवरणहरु पेश नगरेमा दफा ८१ मा तोकिएअनुसार जरिबाना लाग्ने र दफा १३६ को उपदफा १(ख) मा लगातार तीन आर्थिक वर्षसम्म तोकिएको विवरण पेश नगरेमा वा तोकिएको जरिबाना नतिरेमा कार्यालयले दर्ता खारेज गर्न सक्ने व्यवस्था छ । कार्यालयमा दर्ता भएका पब्लिक कम्पनी १ हजार ११०, प्राइभेट कम्पनी १ लाख ३ हजार ४८८ र मुनाफा वितरण नगर्ने ४१३ कम्पनीले विवरण पेश गरे नगरेको अभिलेख राखी अनुगमन एवं कारबाही गरेको देखिएन ।

८.२ कम्पनी प्रशासन तथा अनुगमन गर्ने मुख्य कार्य क्षेत्र तोकिएको कार्यालयले कम्पनी ऐन, २०६३ को दफा ५१, ७८, ८० र १२० लगायतमा उल्लेख भएका सूचना एवम् विवरणहरु यो वर्ष विभिन्न कम्पनीहरुले ४९ हजार बुझाएको कार्यालयको मेल दर्ता किताबवाट देखियो । कम्पनीले बुझाएका विवरण सम्बन्धित कम्पनीका फाइलमा नराखी कार्यालयको वरन्डामा यत्रतत्र छरिएको अवस्थामा राखेको देखियो । यसले गर्दा फाइल व्यवस्थित नभई कम्पनीको सूचनाहरु प्राप्त गर्न सक्ने अवस्था छैन । कार्यालयले यसतर्फ सुधार गर्नुपर्दछ ।

पेट्रोलियम अन्वेषण परियोजना

९. **अन्वेषण –** पेट्रोलियम नियमावली, २०४१ को नियम १४ मा प्रत्येक अन्वेषण खण्डको क्षेत्रफल ५ हजार वर्ग किलोमिटरभन्दा बढी नहुने, नियम १० मा पेट्रोलियम अन्वेषण कार्यको लागि बोलपत्रदातालाई दुई अन्वेषण खण्डभन्दा बढी प्रदान नगरिने, नियम १६ मा प्राथमिक अन्वेषण अवधि सम्झौता लागू भएको मितिले ४ वर्षको हुने, आवश्यक परेमा सो अवधि समाप्त भएपछि ४ करार वर्षमा नबढ्ने गरी २ पटकसम्म सम्झौतामा उल्लेख भएबमोजिम थप गर्न सकिने व्यवस्था छ । विभागले अन्वेषण कार्य गर्ने प्रयोजनका लागि नेपाललाई १० खण्डमा विभाजन गरेको छ । सो १० खण्डमध्ये एक कम्पनीलाई ५ खण्ड प्रदान गर्ने गरी २०६१।४।१ र २०६१।४।२७ मा सम्झौता गरेको छ । त्यसैगरी २०५५।८।२८ मा सम्झौता गरी अर्का कम्पनीलाई २ खण्ड उपलब्ध गराएको छ । दुबैको सम्झौता अवधि थप नगरी सम्झौता कायम

राखेको देखियो । पहिलो कम्पनीलाई ५ खण्ड उपलब्ध गराउने गरी गरेको सम्झौता र म्याद थप स्वीकृत नगरी हालसम्म कायम गरेको नियमसम्मत भएन ।

१०. **अभिलेख –** पेट्रोलियम नियमावली, २०४१ को नियम ३८ मा तेल उत्पादक कम्पनीले पहिलो वर्ष भूबहाल लागू भएको मितिले ३० दिनभित्र र त्यसपछिको प्रत्येक वर्ष भूबहाल सुरु भएको ३० दिनभित्र प्राथमिक अन्वेषण अवधिको प्रतिवर्ग किलोमिटर १० अमेरिकी डलरका दरले भूबहाल रकम असुल गर्नुपर्ने व्यवस्था छ । एक कम्पनीलाई २०५५ मा उपलब्ध गराएको ९ हजार ८५३ वर्ग किलोमिटरको २ अन्वेषण खण्डको र २०६१ मा अर्का कम्पनीलाई उपलब्ध गराएको २४ हजार ५४४ वर्ग किलोमिटरको ५ अन्वेषण खण्डको असुल गर्नुपर्ने भूबहाल रकम असुली र बाँकीको अभिलेख राखेको छैन । यो वर्ष २०६१ मा अन्वेषण खण्ड लिन सम्झौता गर्ने कम्पनीबाट अमेरिकी डलर १ लाख ४ हजार ७३९ को रु. ८५ लाख ४५ हजार असुल गरेको छ । अभिलेखको अभावमा सम्झौताअनुसार असुल गर्नुपर्ने, गरेको र बाँकी रकम यकिन गर्ने अवस्था रहेन । अत: खण्डगत एवं कम्पनीगत अभिलेख राखी भूबहाल रकम असुल गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

यस मन्त्रालयअन्तर्गत १३ लिमिटेड कम्पनी, १ प्रतिष्ठान र १ केन्द्र र १ समिति समेत १६ निकायमध्ये घरेलु तथा साना उद्योग विकास समिति, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको गठन तथा कार्यसञ्चालन स्थितिको कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

घरेलु तथा साना उद्योग विकास समिति

११. **कार्यकारी निर्देशकको पदावधि –** कार्यकारी निर्देशकको कार्यरत अवधि अध्ययन गर्दा २०५० यता कुनै पनि कार्यकारी निर्देशक पूरा अवधि व्यतीत गरेको पाइएन । कार्यकारी निर्देशक नियुक्ति गर्न अपनाउन पर्ने कार्यविधि तयार नहुनु, उद्योग व्यवसायको क्षेत्रमा विशेषज्ञता हासिल गरेको व्यक्ति चयन नहुनु, जस्ता कारणले कार्यकारी निर्देशक परिवर्तन भइरहेको पाइन्छ । यसले गर्दा समितिको तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन योजना बन्न सकेको छैन । फलस्वरुप समितिका जिल्ला स्थित कार्यालयको अनुगमन प्रभावकारी हुन नसकेको, भौतिक पूर्वाधारहरुको मर्मत सम्भार हुन सकेको पाइएन । अत: समितिको काम कारबाही प्रभावकारी बनाउन अध्यक्ष एवं कार्यकारी निर्देशकको चयन निश्चित अवधिको लागि सम्बन्धित क्षेत्रको अनुभव हासिल गरेका विज्ञहरुवाट प्रतिस्पर्धा गरी कार्य योजनासहित गर्नुपर्दछ ।

१२. **अनुगमन तथा मूल्याङ्कन –** समितिको संगठन संरचना अध्ययन अनुसन्धान र विकास योजना तथा अनुगमन महाशाखाले कार्यक्रम अनुसार अनुगमन गर्ने नीति रहेको छ । सीप विकास, सेवाकालीन, रिफ्रेसर, उद्यमशीलता विकास एवं विभिन्न व्यवस्थापनसम्बन्धी तालिम कार्यक्रममा सरिक गराइएका प्रशिक्षार्थीहरुको सीप एवं दक्षताको प्रयोग अवस्था बारे अनुगमन गरिनु पर्दछ । समितिले २०६८।६९ मा अनुगमन गरेको प्रतिवेदन अध्ययन गर्दा अनुगमनबाट देखिएका कमी कमजोरीहरु र भविष्यमा गर्नुपर्ने सुधारका लागि निर्देशन दिने गरेको नपाइएकोले अनुगमन प्रभावकारी छ भन्ने स्थिति रहेन । अनुगमनबाट देखिएका कमी कमजोरीहरुलाई एकत्रीत गरी सुधार गर्न अपनाउनुपर्ने नीतिहरु निर्माणतर्फ ध्यान दिनुपर्ने शोच नहुनु, कर्मचारीमा उच्च मनोवल नहुनु, संस्थाप्रति अपनत्व नहुनु र अनुगमन कार्यबिधि नभएका कारण अनुगमन प्रभावकारी हुन सकेको छैन । यसबाट शाखा उपशाखाहरुमा उत्पादित वस्तुहरु बिक्री नभई त्यसै बिग्रिएर जाने गरेकोले कोषमा रकम जम्मा हुन नसकेको अवस्था देखिएकोले अनुगमन व्यवस्था पारदर्शी एवं प्रभावकारी बनाउन अनुगमन परिसूचकको व्यवस्था गर्नुपर्दछ ।

१३. **कोशेली घर –** गठन आदेशमा उल्लेख भएअनुसार ४८ जिल्लामा कोशेली घर सञ्चालनमा ल्याएको छ । कोशेली घर व्यवस्थापनको प्रमुख दायित्व स्पष्ट नभएको, बिक्री कक्षमा बिक्रेताको व्यवस्था नभएको,उत्पादित

वस्तु बिक्रीको सुनिश्चितता नभएकोले कोशेली घरहरु आशातित रुपमा लाभदायक रहेको देखिदैन । कोसेली कार्यक्रमलाई बढी प्रभावकारी बनाउन कोशेली घर सञ्चालन निर्देशिका परिमार्जन गरी बजेट व्यवस्था गर्नुपर्ने, बिक्री कक्ष आफ्नै घर बनाई सञ्चालन गर्नुपर्ने, बिक्रेताको व्यवस्था गर्नुपर्ने र उद्यमीहरुले उत्पादन गरेका वस्तुको बिक्रीको प्रत्याभूति दिनुपर्ने देखिएको छ ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

१४. **समितिको गठन –** औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ को दफा ६ अनुसार प्रतिष्ठानको उद्देश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रुपमा सञ्चालन गर्न गराउन उद्योग मन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा व्यवस्थापन विज्ञ, वातावरणविद्लगायत नौ जनाको सञ्चालक समिति रहने व्यवस्था छ ।

विशेषज्ञताको स्पष्ट व्याख्या नभएको तथा नियुक्तिका आधार एवं प्रतिस्पर्धा नहुने भएकोले प्रतिष्ठानको काम कारबाहीलाई प्रभावकारी बनाउन निश्चित अवधिको लागि सम्बन्धित क्षेत्रको अनुभव हासिल गरेका विज्ञहरुबाट प्रतिस्पर्धा गरी कार्ययोजनासहित कार्यकारी निर्देशकको चयन गर्नुपर्दछ ।

१५. **प्रतिष्ठानको दिगोपना –** प्रतिष्ठानलाई दिगो रुपमा प्रभावकारी सञ्चालनको लागि आर्थिक एवं प्राबिधिक तवरबाट सक्षम हुनुपर्दछ । त्यसैगरी व्यावसायिक तथा दीर्घकालीन योजना र कार्यक्रम तयार गर्नुपर्नेमा दीर्घकालीन योजना तथा व्यावसायिक योजना बनाएको पाइएन । प्रतिष्ठानले २०६५।६६ र २०६६।६७ मा कार्यक्रम सञ्चालनबाट बचत गर्न सकेको छैन भने २०६८।६९ मा रु.४१ लाख ७५ हजार सञ्चालन नाफा गरेको छ । प्रतिष्ठानले आफ्नो व्यावसायिक क्षमता प्रयोग गरी सञ्चालन गर्ने गरेको तालिम, गोष्ठी, सेमिनार तथा प्रदर्शनी आदिबाट प्राप्त हुने रकममध्ये स्रोत व्यक्तिको पारिश्रमिकको ६० प्रतिशत मात्र प्रतिष्ठानको कोषमा जम्मा गर्ने गरेकोले नाफा स्थिति न्यून रहेको देखिन्छ । दीर्घकालीन योजना तथा कार्यक्रम तयार गरी ऐनअनुसार यस्ता कार्यक्रमबाट प्राप्त सम्पूर्ण रकम प्रतिष्ठानको कोषमा जम्मा गरी कार्यक्रम सञ्चालनको नर्म्स बनाई खर्च गर्न सकेमा प्रतिष्ठानको दिगोपनामा मद्दत पुग्ने देखिन्छ ।

१६. **प्रतिष्ठानबाट प्रदान गरिने तालिम –** प्रतिष्ठान ऐनको दफा ८ मा प्रतिष्ठानले नयाँ व्यवसाय तालिम, उद्यम क्षमता अभिवृद्धि तालिम, व्यवसाय पहिचान एवं छनौट तालिम, व्यावसायिक योजनाका सम्भाव्यता अध्ययन सम्बन्धी तालिम दिनुपर्ने व्यवस्था अनुसार विभिन्न गैरसरकारी संस्था (आईएलओ, इलम, प्याफ, हेल्भिटास) लगायतको समन्वयमा विगत पाँच वर्षमा ५ हजार ८५९ व्यक्तिलाई तालिम दिएको पाइयो । तालिमको प्रभाव मूल्याङ्कनमा ४० प्रतिशतले आफ्नै व्यवसाय सञ्चालन गरेको उल्लेख छ । प्रभाव मूल्याङ्कन प्रतिवेदन भने उपलब्ध नगराइएकोले मूल्याङ्कनमा विश्वस्त हुन सकिएन । साथै उद्यमशीलता सम्बन्धी तालिम यथार्थपरक नभएको कारण पनि उद्योग व्यवसायमा वृद्धि हुन सकेको छैन । अत: मागको आधारमा प्रभावकारी रुपमा सीप विकास तथा उद्यमशीलता तालिम दिई तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरी रोजगारीको सुनिश्चितता गर्नुपर्दछ ।

१७. **विनियमावली –** ऐनको दफा १९ मा उल्लिखित उद्देश्य कार्यान्वयनको लागि समितिले बनाएको नियमहरु नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुने र नियमको अधिनमा रही आवश्यक विनियमहरु बनाउन सक्ने व्यवस्था भएकोमा नियम व्यवस्था नगरी कर्मचारी व्यवस्थापन विनियमावली तथा आर्थिक व्यवस्थापन विनियमावली तयार गरी कार्यान्वयनमा ल्याएको छ । ऐनको उद्देश्य अनुरुप नियम बनाउनुपर्दछ ।

राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र

१८. **अध्यक्ष तथा महाप्रबन्धकको नियुक्ति –** केन्द्रको नियमावलीको दफा १८(ग) मा सञ्चालकहरुमध्येबाट सरकारले अध्यक्ष तोक्ने र निजको कार्यवधि सरकारको इच्छाधिन हुने व्यवस्था भएकोले मन्त्रालयमा तालुकवाला व्यक्तिको हेरफेर हुनासाथ उक्त पदमा रहने व्यक्ति फेरिने र केन्द्रको व्यवसायीकता अनुकूल

विज्ञको सट्टा राजनैतिक नियुक्ति हुने गरी पदस्थापन हुने स्थिति देखिन्छ । अत: प्रतिस्पर्धाबाटै कार्ययोजना र व्यवसायिक दक्षता भएका व्यक्ति अध्यक्ष र महाप्रबन्धक नियुक्त गर्नुपर्दछ ।

१९. **वार्षिक साधारण सभा तथा लेखापरीक्षण –** केन्द्रको वित्तीय कारोबार नियमावली, २०४५ को १.६(ग) मा लेखापरीक्षण प्रत्येक बर्षको माघ महिनाभित्र समाप्त गरी सक्नुपर्ने र नियमावली १५(ग) अनुसार वार्षिक साधारण सभा बस्नुपर्ने उल्लेख छ । विगत २०५९।६० देखि बार्षिक साधारण सभा बस्न सकेको छैन र लेखापरीक्षण पनि गराएको छैन । केन्द्रको अध्यक्ष पटक पटक परिवर्तन भइरहेको कारण नियमित रुपमा बैठक बस्न नसकेको देखिन्छ । यसले गर्दा संस्थाको दिगो सञ्चालनमा दिशानिर्देश हुन सकेको पाइएन । केन्द्रको दिगो आय आर्जनका लागि विभिन्न संघ संस्थालाई उत्पादकत्व सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालनको व्यावसायिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

२०. **केन्द्रको दिगोपना –** केन्द्रलाई दिगो रुपमा प्रभावकारी सञ्चालनको लागि आर्थिक एवं प्राविधिक तवरबाट सक्षम हुनुपर्दछ । पूराना सेवाग्राहीहरु र एन.आई.डी.सी.क्यापिटल मार्केटमा रहेको संस्थापक शेयर १ लाख १६ हजार ७८६ कित्ता केन्द्रको प्रमुख आर्थिक स्रोत रहेको छ । केन्द्रको बिगत ५ बर्षमा भएको आय–व्यय विवरण अनुसार प्रत्येक वर्ष नोक्सानमा रही २०६७६८ सम्म रु.१६ लाख ४६ हजार ऋणात्मक रहेको छ ।

प्राप्त विवरण अनुसार केन्द्रले २०६३।६४ देखि २०६७६८ सम्म सञ्चालन नाफा गर्न नसकेको तथा सम्पत्ति ह्रास हुँदै गएकोले वित्तीय स्वस्थता कायम गरी केन्द्रको दिगोपनामा ध्यान दिनुपर्ने देखिन्छ ।

संगठित संस्था, अन्य संस्थातर्फ

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ बमोजिम २०५३ कार्तिक १९ गते स्थापना भएको यो प्रतिष्ठानको २०६८।६९ लेखापरीक्षणको अन्तिम प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२१. **सञ्चालन नतिजा** – गतवर्ष रु.६ लाख ९९ हजार मुनाफा गरेको प्रतिष्ठानले यस वर्ष रु.३ करोड ६५ लाख ६३ हजार आय र रु.३ करोड २३ लाख ८८ हजार व्यय गरी रु.४१ लाख ७५ हजार मुनाफा आर्जन गरी यस वर्षसम्म रु.१ करोड ५ हजार मुनाफा गरेको देखिन्छ । यो वर्ष प्रतिष्ठानलाई नाफा भए तापनि काम नलाग्ने तर बिक्री हुन नसकेका सामानको लागि व्यवस्था, कर्मचारी उपदान र विदा जस्ता अनिवार्य दायित्वको लागि थप रकम व्यवस्था गर्दा मुनाफा कम हुन जाने देखिन्छ ।

२२. **नर्म्स** – तालिम तथा अनुसन्धान खर्च गर्दा सो दातासंग भएको सम्झौता अनुसार तालिम, गोष्ठी, अध्ययन, अनुसन्धान तथा सेमिनारबाट प्राप्त गर्ने रकममध्ये स्रोतव्यक्तिलाई तालिमतर्फ ४० प्रतिशत र अनुसन्धान, गोष्ठी, सेमिनार, निर्देशिका तयारीतर्फ ५० प्रतिशत रकम भुक्तानी दिई बाँकी रकम प्रतिष्ठानमा बचत गर्ने गरेको देखियो । यसरी स्रोतव्यक्तिलाई नर्म्सअनुसार निश्चित रकम भुक्तानी नगरी कार्यक्रमदाताले दिएको रकमको अनुपातमा भुक्तानी गर्ने गरेको देखियो । कार्यक्रम सञ्चालन गर्दा लाग्ने खाजा, स्टेशनरी, कोअर्डिनेटर भत्ता, प्रतिवेदन तयारी जस्ता खर्चको भुक्तानीको लागि कुनै आधार तयार गरेको देखिएन । तसर्थ तालिम, अनुसन्धान, सेमिनार, गोष्ठी, जस्ता कार्यक्रम सञ्चालन गर्नको लागि प्राप्त हुनुपर्ने रकम, स्रोतव्यक्तिलाई दिने भुक्तानी र कार्यक्रम सञ्चालन खर्चका सम्बन्धमा नर्म्स तयार गरी लागु गर्नुपर्दछ ।

२३. **खर्चको लेखाङ्कन** – प्रतिष्ठानबाट तालिम कार्यक्रमका लागि अन्तर्राष्ट्रिय श्रम संगठनसँग भएको सम्झौतामा सो तालिमको स्रोतव्यक्तिको खर्च सम्बन्धित कर्मचारीले बुझेको भरपाई सो संगठनमा पठाउनुपर्ने व्यवस्थाअनुसार स्रोतव्यक्ति पूरै खर्चको भरपाई गराई सो संगठनमा पठाएको देखिन्छ । तर सम्बन्धित कर्मचारीलाई भुक्तानी गर्दा भने प्रतिष्ठानको दरले पाउने रकममात्र भुक्तानी गरेको देखियो । उक्त संगठनसँगको कारोबारमा एउटै व्यक्तिको भुक्तानीलाई प्रतिष्ठानको लेखा तथा सो संगठनमा पेश गरेको प्रतिवेदनमा दुई थरीको खर्च रकम प्रविष्ट हुने गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनबाट प्राप्त गरेको

कार्यक्रममा प्रतिष्ठानका कर्मचारीले प्रतिष्ठानको स्रोतसाधन उपयोग गरी सञ्चालन गर्ने हुँदा त्यस्ता कार्यक्रम लिँदा प्रतिष्ठानको सञ्चालन खर्चसमेत समावेश गर्नुपर्ने सम्बन्धमा संगठनलाई सहमत गराई कार्यक्रम स्वीकार गर्ने व्यवस्था गर्नुपर्नेमा यस्तो गरेको छैन ।

नेपाल औषधि लिमिटेड

कम्पनीको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षण बाट देखिएका व्यहोराहरु देहाय वमोजिम छन्:

२४. **सञ्चालन नतिजा –** गत विगत वर्षदेखि निरन्तर रुपमा औषधि उत्पादनको परिमाण घट्दै गएको कारण कम्पनीको आर्थिक स्थिति सङ्कुचन हुँदै गएको छ । कम्पनीको मुख्य व्यवसाय औषधि उत्पादन र बिक्रीमा निरन्तर ह्रास भइरहेको कारणले गतवर्षसम्म सञ्चित नोक्सानी रु.५५ करोड ९९ लाख रहेकोमा यस आर्थिक वर्षमा रु.१३ करोड २४ लाख थप घाटा भई खुद सञ्चित नोक्सानी रु.६९ करोड २३ लाख पुगेको देखिन्छ ।

२५. **आर्थिक स्थिति –** कम्पनीले विभिन्न औषधिहरु उत्पादन गरी बिक्री वितरण गर्दै आएकोमा हालका वर्षमा उत्पादन तथा बिक्री घट्दै गएको छ । उपलब्ध गराइएको वासलातअनुसार कम्पनीको नेट वर्थ यो वर्षसम्म रु.५८ करोड ५९ लाख ऋणात्मक रहेको देखिन्छ । कम्पनीले बाह्य पक्षलाई भुक्तानी गर्नुपर्ने विभिन्न दायित्व यस वर्षको अन्त्यमा रु.२७ करोड ३३ लाख २४ हजार पुगेको छ । सो दायित्वमध्ये विगत लामो समयदेखिको धरौटी रु.२७ लाख ६४ हजार, भुक्तानी दिनुपर्ने कर्मचारी सञ्चय कोष रकम, कर्मचारी बीमा, ऋण तथा ब्याज र कर रकम समेत रु.२० करोड ५२ लाख ३० हजार तथा ग्राहक तथा अन्यबाट अग्रिम आय कर कट्टी गरेको रु.२५ लाख ३२ हजार समावेश रहेको छ । दायित्व रकम भुक्तानी गर्न कम्पनीबाट पहल भएको देखिएन ।

२६. **व्यवस्था हिसाब –** कम्पनीले कर्मचारी कल्याण, उपदान कोष, औषधि उपचार कोष, कर्मचारी बोनस, कर्मचारी बासस्थान, सञ्चित घर बिदा तथा बिरामी बिदालगायतका ६ शीर्षकमा रु.१९ करोड ४५ लाख बराबरको व्यवस्था गरे तापनि सोको लागि कोष खडा गरेको छैन । साथै उपदान व्यवस्थाको रकम स्वीकृत अवकाश कोषमा जम्मा गरेको छैन ।

२७. **ऋणको अवस्था –** यो वर्षको अन्त्यसम्म कम्पनीले उद्योग वाणिज्य मन्त्रालय र अर्थ मन्त्रालयलाई ऋण र ब्याज गरी रु.४३ करोड २५ लाख २७ हजार तिर्नुपर्ने देखिन्छ । सो ऋणमध्ये भाखा पुगेको ऋण र ब्याज रकम रु.१९ करोड ८४ लाख ६१ हजारलाई व्यापारिक तथा अन्य भुक्तानी दिनुपर्ने रकमअन्तर्गत राखेको छ । भाखा ननाघेको ऋण रु.२३ करोड ४० लाख ६६ हजारलाई असुरक्षित, मध्यम तथा दीर्घकालीन ऋणअन्तर्गत वर्गीकरण गरी वित्तीय विवरणमा देखाएको छ । कम्पनीको आर्थिक अवस्था कमजोर रहेको कारण उक्त ऋण र ब्याज चुक्ता गर्न सक्ने अवस्थामा देखिदैन ।

२८. **समायोजन –** कम्पनीको वित्तीय विवरणअनुसार यो वर्षको अन्तसम्ममा आन्तरिक राजस्व कार्यालयसँग अग्रिम दाखिला भएको आयकर रु.५५ लाख ४७ हजार र १.५ प्रतिशत अग्रिम आयकर कट्टी रु.९३ हजारसमेत रु.५६ लाख ४० हजार लिन बाँकी देखिन्छ । तर आन्तरिक राजस्व कार्यालयबाट सो रकमको पुष्टि हुने प्रमाण लिएको पाइएन । कम्पनीले आन्तरिक राजस्व कार्यालयलाई तिर्नुपर्ने कर दायित्वसमेत बाँकी देखिन्छ । अग्रिम कर दाखिला देखाएको रकम तिर्नुपर्ने कर रकमसँग समायोजन गर्ने गरी वास्तविक लिनु दिनुपर्ने रकम यकिन गरेको छैन ।

२९. **जिन्सी व्यवस्थापन –** कम्पनीको काम नलाग्ने भनी यकिन गरेको कच्चा पदार्थ, प्याकिङ्ग सामग्री तथा तयारी औषधिहरुलाई व्यवस्थापनले हालसम्म मिनाहा गर्नेतर्फ पहल गरेको देखिएन । काम नलाग्ने भनी यकिन गरेको रु.७२ लाख ८८ हजारको कच्चा पदार्थ र रु.६९ लाख ९८ हजारको तयारी सामानसमेत रु.१ करोड ४२ लाख ८६ हजारको लागि नोक्सानीको व्यवस्था गरेको छैन । नेपाल लेखामान ४ अनुसार जिन्सी

मौज्दातको मूल्याङ्कन परल मोल वा बजार मूल्यमध्ये जुन कम छ सोमा गर्नुपर्ने व्यवस्था भएकोमा बिक्री मूल्यमा मात्र मूल्याङ्कन गरेको छ ।

सुर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)

कम्पनीको २०६८/६९ को आर्थिक कारोबारको प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्:

३०. **सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चित नोक्सानी रु.५ करोड ५२ लाख ९२ हजार भएकोमा कम्पनीले ऐतिहासिक लागत अवधारणाबमोजिम तयार गरेको वित्तीय विवरणअनुसार यस वर्ष खुद नोक्सान रु.५१ हजार समेत २०६८ अषाढ मसान्तसम्ममा सञ्चित नोक्सानी रु.५ करोड ५३ लाख ४३ हजार पुगेको छ । लिनुपर्ने रकमको शंकास्पद व्यवस्था तथा ब्याज खर्चबापतको व्यवस्था गर्ने हो भने कम्पनीको सञ्चित नोक्सानी अझ बढ्न जाने देखिन्छ । वित्तीय विवरण तयार गर्नुपर्ने उत्तरदायित्व रहेको लिक्विडेटरले व्यवस्थापकीय सूचनाका आधारमा तय गर्नुपर्ने व्यवस्था रकम लेखापरीक्षणमा पेश गरेको सूचनाका आधारमा परिमाणीकरण गर्न सकिने अवस्था छैन ।

३१. **ऋण तथा सापटी** – आर्थिक वर्ष २०६८।६९ को अन्त्यसम्म कृषि विकास बैङ्कबाट प्राप्त ऋण रु.२ करोड ६ लाख ६१ हजार र विश्व बैङ्कबाट प्राप्त ऋण रु.२५ लाख ३६ हजारसमेत रु.२ करोड ३१ लाख ९७ हजार साबिकबमोजिम लेखाङ्कन गरेको छ । ती आँकडाहरुको सम्बन्धित निकायहरुबाट समर्थन लिएको छैन । महालेखा नियन्त्रक कार्यलयको २०६५।२।१ को पत्रअनुसार आई.डी.ए.तर्फ २०६३।६४ सम्म ब्याज दायित्व रु.४६ लाख ७३ हजार रहेकोमा कम्पनीले रु.२५ लाख ३६ हजार मात्र व्यवस्था गरेको छ । कम्पनीले २०६४।६५ देखि २०६८।६९ सम्ममा ब्याजको व्यवस्था नगरेकोले उक्त दायित्व यथार्थ देखिदैन ।

३२. **असामी तथा पेश्की** – कम्पनीले २०६३।६४ मा जनकपुर चुरोट कारखानाबाट पाउनुपर्ने रु.५७ लाख ७३ हजारमध्ये रु.१ लाख ४९ हजार प्राप्त भएको र रु.२६ लाख २४ हजार अपलेखन गरी रु.३० लाख बाँकी देखाएको थियो । यस वर्षसम्म रु.३० लाखमध्ये कुनै रकम असुली नभएकोमा कम्पनीले शंकास्पद असामी बापत व्यवस्था गरेको छैन । पेश्की सापटी शीर्षकअर्न्तगत विभिन्न पार्टी तथा व्यक्तिहरुबाट असुल गर्नुपर्ने रु. २५ लाख ८९ हजार बक्यौता रहेकोमा यस वर्ष कुनै रकम असुल हुन नसके तापनि शंकास्पद पेश्की सापटीबापत व्यवस्था गरेको छैन ।

३३. **आय विवरण** – आयकर ऐन, २०५८ अनुसार आय बर्षको विवरण आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा कम्पनीले कुन आय वर्षसम्मको आय विवरण पेश गर्न बाँकी रहेको हो सोको विवरण रहेको देखिएन । आय विवरण दाखिला नगरेकोले ऐनअनुसार जरिबाना शुल्क बुझाउनुपर्नेमा कम्पनीले सोबापत खर्च व्यवस्था गरेको पनि छैन ।

हेटौंडा सिमेन्ट उद्योग लिमिटेड

उद्योगको २०६७।६८को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

३४. **सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चित नोक्सानी रु ६२ करोड ३४ हजार भएकोमा यो वर्ष रु ३ करोड ९५ लाख ४ हजार नाफा र यो वर्ष समायोजन हुन आएको नाफा रु.२ लाख २१ हजारसमेत यो वर्षसम्मको सञ्चित नोक्सानी रु ५८ करोड ३ लाख ९ हजार रहेको छ ।

३५. **कर्जा हिसाब** – उद्योग र नेपाल सरकारबीचको सम्झौताअनुसार साँवा फिर्ता गर्नको लागि भुक्तानी गर्दा पहिला भुक्तानीमा सबै ब्याज भुक्तानी मिलान गर्ने र सबै ब्याज भुक्तानी भएपछि मात्र साँवाको भुक्तानी मिलान गर्ने उल्लेख गरेकोमा उद्योगले नेपाल सरकारको कर्जा भुक्तानीमा रु.२ करोड ११ लाख साँवा

हिसाबमा र रु.२ करोड ११ लाख ब्याजमा मिलान गरेको देखिन्छ । कर्जा लिएबापत उद्योगले भुक्तानी गर्नुपर्ने ब्याज रु.२२ करोड ६८ लाख २२ हजार बाँकी रहेको छ ।

३६. **सिमेन्ट मिल –** उद्योगको सञ्चालन अवधि कुल क्षमताको ३२ प्रतिशतमात्र उपयोग गरेको पाइयो । सामान्य बन्द घण्टा यकिन गरी असामान्य बन्द घण्टालाई कमी गर्नेतर्फ ठोस कदम चाल्नुपर्ने स्थिति देखिएकोमा यसमा उद्योगले ध्यान दिएको छैन । उद्योग क्षमताअनुसार सञ्चालन गरिनुपर्दछ ।

३७. **भण्डार व्यवस्था –** भण्डारको भौतिक परीक्षण गर्दा कम्तीमा दुई वर्षदेखि अचल रहेको रु.४ करोड ७६ लाख ६९ हजार मूल्यका सामान रहेकोमा अधिकांश सामानको वीन कार्ड पद्धतिअनुसार राखेको छैन । केही बिन कार्ड राखेकोमा पनि अद्यावधिक गरेको छैन । उद्योगले स्पेयर स्टोर र जनरल स्टोर छुट्याउने गरे तापनि कतिपय स्पेयर सामान जनरल स्टोरमा र कतिपय जनरल प्रकृतिका सामान स्पेयर स्टोरमा अभिलेखाङ्कन भएको देखियो । साथै उच्च मूल्यका सामानको छुट्टै रेकर्डिङ र स्टोरिङ गर्ने व्यवस्था गरेको छैन । महंगा सामान दुरुपयोग भएमा वा हराएको अवस्थामा उद्योगलाई धेरै नोक्सान हुनसक्ने स्थितिउपर ध्यान दिनुपर्दछ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ ९७ निकायमा रु.८ करोड २० लाख ८५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रु.१६ लाख २३ हजार फछ्यौंट गरेकोले रु.८ करोड ४ लाख ६२ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.६३ लाख ३७ हजार पेश्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था/अन्य संस्था २ तर्फ रु.६ करोड ३४ लाख ८७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ इकाईले रु.४ करोड फछ्यौंट गरेकोले रु.२ करोड ३४ लाख ८७ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.२ करोड १५ लाख ७२ हजार पेश्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

ऊर्जा मन्त्रालय

मन्त्रालय र मातहतसमेत ५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब ४८ करोड ६२ लाख ८ हजार, राजस्वतर्फ रु.१ अर्ब १ करोड २९ लाख २७ हजार र धरौटीतर्फ रु.४८ करोड ५३ लाख ४६ हजारसमेत रु.२ अर्ब ९८ करोड ४४ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था तथा अन्य संस्था २ को रु.१ खर्ब ५३ अर्ब ८१ करोड ६० लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन** – महालेखापरीक्षकको गत विगतको वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्षपनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ गत वर्ष ६६ जिल्ला विकास समितिलाई रु.२९ करोड २० लाख ५७ हजार विद्युत उत्पादन हुने क्षेत्रमा उपभोग गर्न स:शर्त निकासा दिएकोमा खर्चको आर्थिक विवरण लिई उक्त रकम विद्युत क्षेत्रको विकास र विस्तारमा खर्च गरे नगरेको सम्बन्धमा अनुगमन–मूल्याङ्कन नगरेको व्यहोरा उल्लेख गरिएको थियो । यो वर्ष ६६ जिल्ला विकास समितिलाई रु.३९ करोड निकासा दिएकोमा २० जिल्ला विकास समितिबाटमात्र आर्थिक विवरण प्राप्त भएको देखिन्छ । यो वर्षपनि निकासा रकम विद्युत क्षेत्रको विकास र विस्तारमा खर्च गरे नगरेकोसम्बन्धमा अनुगमन नगरेको एवं कार्यक्रमको प्रगति तथा उपलब्धि विवरणसमेत लिएको पाइएन । विद्युत रोयल्टीबाट उपलब्ध गराइएको उक्त रकम विद्युत उत्पादन, वितरण र विस्तारमा खर्च गरिनुपर्दछ ।

१.२ नेपाल र भारतबीच २१ जून, २००४ मा भएको सम्झौताअनुसार सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेजकम डाइभर्सन आयोजनाको अध्ययन, अनुसन्धान, विस्तृत आयोजना प्रतिवेदन तयार गर्न भारत सरकारबाट खर्च गरेको रकमको लेखापरीक्षण भारत सरकारले गराई लेखापरीक्षण प्रतिवेदन नेपाल सरकारलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यो वर्ष भारत सरकारको स्रोत (सोझै भुक्तानी) तर्फ खर्च भएको रु.६ करोड ५७ लाख ४७ हजारको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेको देखिएन । आयोजनाले लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि उपलब्ध गराइने जवाफ दिएको छ ।

१.३ पञ्चेश्वर बहुउद्देश्यीय आयोजनामा महाकाली नदीको एकीकृत विकास सन्धिअनुसार २०५४।८।१९ सम्ममा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने लक्ष रहेकोमा २०६८।६९ सम्म पनि आयोजना प्रतिवेदन तयार भएको छैन । गत विगत वर्षको लेखापरीक्षणमा नेपाल भारत संयुक्त प्राविधिक टोलीको बैठकबाट विस्तृत आयोजना प्रतिवेदनसम्बन्धी आवश्यक कार्य भइरहेको जनाएकोमा यो वर्ष वार्षिक कार्यक्रममा समावेस गरेको पाइएन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गरिनुपर्दछ ।

२. **कार्यक्रम कार्यान्वयन** – नेपाल सरकार कार्य विभाजन नियमावली, २०६९ अनुसार मन्त्रालयको प्रमुख कार्य ऊर्जानीति तयार गरी कार्यान्वयन गर्नु रहेको छ । मन्त्रालयले ऊर्जानीति तयार गरी लागू गरेको छैन । मन्त्रालयले २०६८।६९ को बजेट बक्तव्यमा कार्यान्वयन गर्ने गरी समावेश भएका केही कार्यक्रम र सोको कार्यान्वयन स्थिति निम्नानुसार रहेको देखिएको छ ।

२.१ जलविद्युत विकासको लागि गुरुयोजना तयार गरि जलविद्युतको कुल सम्भाव्य क्षमता यकिन गर्न यसै वर्ष अध्ययन कार्य प्रारम्भ गरी प्रत्येक दश वर्षमा अद्यावधिक गर्ने व्यवस्था मिलाइने र यसका लागि मित्रराष्ट्र र दातृ संस्थाको सहयोग जुटाइने उल्लेख भएकोमा केही आयोजनामा दातृ निकायको सहयोग प्राप्त भई अध्ययन कार्य

अगाडि बढाएको उल्लेख छ । तापनि पर्याप्त बजेट नभएकोले कार्यक्रम कार्यान्वयन गर्न कठिनाइ भएको जवाफ मन्त्रालयबाट प्राप्त भएको छ ।

२.२ जलविद्युत आयोजनाहरुको अनुमतिपत्र प्रदान गर्ने प्रक्रियालाई वैज्ञानिक र पारदर्शी बनाउँदै ऊर्जा सङ्कटकालभित्र निर्माण सम्पन्न हुने आयोजनाहरुलाई थप प्रोत्साहन प्रदान गरिने, मध्य र दीर्घकालीन हिसाबले विद्युत समस्या हल गर्न तत्काल केही लघु, मझौला र ठुला विद्युत परियोजनाहरु सुरु गरिने उल्लेख भएकोमा २०७१ सम्म निर्माण सम्पन्न हुने आयोजनाहरुलाई आर्थिक रुपमा प्रोत्साहन गरिएको, जनताको जलविद्युत कार्यक्रम अन्तर्गत केही जलविद्युत आयोजनाहरु अगाडि बढाउन विद्युत विकास विभागबाट परामर्शदाताको छनौट भएको तर अध्ययन कार्य अगाडि बढाउन नसकिएको मन्त्रालयले जनाएको छ ।

२.३ **"सबै गाउँ उज्यालो बनाउँ"** भन्ने चाहनालाई साकार गर्न आगामी ५ वर्षभित्र प्रत्येक घरधुरीसम्म विद्युत पहुँच विस्तार गर्न राष्ट्रिय ग्रामीण विद्युतीकरणको गुरुयोजना र छुट्टै संरचना निर्माण गरिने उल्लेख भएको थियो । नेपाल विद्युत प्राधिकरणबाट तत्सम्बन्धी कार्य अघि बढाउँदै गरेको र ग्रामीण विद्युतीकरण आयोजना मार्फत क्रमश: विद्युतीकरणको कार्य भैरहेको प्रतिक्रिया मन्त्रालयले दिए तापनि गुरुयोजना, छुट्टै संरचना आदि तयार नभएको हुँदा बजेट तर्जुमा, कार्यक्रम र कार्यान्वयन सम्बन्धमा तालमेल भएको पाइएन ।

२.४ स्थानीय निकाय र विभिन्न सार्वजनिक संस्थाको प्रत्यक्ष सहभागितामा जनताको जलविद्युत कार्यक्रम कार्यान्वयन गरिने, सहकारी संस्थामा रहेको जगेडा पूँजीलाई जलविद्युत उत्पादनमा लगानी गर्ने र वितरणमा सहभागी गराउने नीति अवलम्बन गरिने, निजामती कर्मचारीहरुबाट वार्षिकरुपमा १२ किस्तासम्ममा कम्तिमा एक महिनाको तलब शेयर लगानी गर्नसक्ने गरी आगामी आर्थिक वर्ष छुट्टै एक नयाँ जलविद्युत आयोजना कार्यान्वयनमा ल्याइने, त्यस्तै अन्य राष्ट्रसेवकहरुले समेत यही ढाँचामा लगानी गर्नसक्ने व्यवस्था मिलाइने व्यहोरा बजेट बक्तव्यमा उल्लेख गरिएको थियो । प्रमुख घोषित नीति तथा कार्यक्रममध्ये विद्युत विकास विभागमार्फत जनताको जलविद्युत आयोजनाअन्तर्गत मौवाखोलालगायत १० आयोजनाको डिटेल इन्जिनियरिङ्ग रिपोर्टको लागि अध्ययन कार्यको सम्झौता गरेको र मेशिनरी औजार खरिदमा रु.१७ लाख ४५ हजार खर्च गरेको देखिन्छ । यससम्बन्धमा ग्रामिण विद्युतीकरणलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सामान्य प्रशासन मन्त्रालय र कानून मन्त्रालयमा मस्यौदा पठाइसकेको र प्रक्रियागत चरणमा रहेको जवाफ प्राप्त भएको छ ।

लोडसेडिङ्गको वर्तमान अवस्थाको अन्त्य गरी विद्युत शक्तिको माग तथा आपूर्तिबीच सन्तुलन कायम गर्न र घोषित नीति पूरा गर्न मन्त्रालयको निमित्त आवश्यक बजेट विनियोजन गर्ने र कार्यान्वयन पक्षमा ध्यान दिई नीति, बजेट कार्यक्रम तर्जुमा एवं कार्यान्वयन पक्षबीच तालमेल स्थापित गर्न जरुरी देखिएको छ ।

३. **सडक बत्तीको भुक्तानी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने उल्लेख छ । गत विगतको बक्यौता भुक्तानी गर्दा भुक्तानी दिन बाँकीको अभिलेखका आधारमा गर्नुपर्दछ । स्थानीय निकायले भुक्तानी गर्न बाँकी सडक बत्तीतर्फको बक्यौता विद्युत महसुल रु.७९ करोड मन्त्रालयले नेपाल विद्युत प्राधिकरणलाई निकायगत भुक्तानी दिन बाँकीको विवरण एवं अभिलेखबेगर भुक्तानी गरेको देखियो । बाँकी रकम भुक्तानी भएको जानकारी मातहत शाखाहरुमा नगराएको अवस्थामा प्राधिकरणका शाखाहरुमा ती निकायहरुको नाममा विद्युत महसुल बक्यौता लगत यथावत् रहिरहने स्थिति छ ।

विद्युत विकास विभाग

४. **विद्युत उत्पादन स्थिति** – नेपाल विद्युत प्राधिकरण र अन्य व्यक्ति तथा संस्थाबाट निर्माण सम्पन्न भइसकेको ३२ आयोजनाबाट २०६७।६८ सम्ममा जडित क्षमता ७०१ मेगाबाट (६४७.६ मेगाबाट हाइड्रो र ५३.४ थर्मलसमेत) रहेको र २०६८।६९ मा सञ्चालनमा आएको ४.५ मेगावाटसमेत जम्मा जडित क्षमता ७०५.५ मेगावाट भएको प्राप्त विवरणबाट देखिएको छ । हाल देशमा १०५६.९ मेगाबाट कुल विद्युत शक्तिको माग रहेको र आपूर्ति ७०५.५ मेगावाट भई ३५१.४ मेगावाट घटी आपूर्ति भइरहेको प्राप्त विवरणले देखाएको छ । हाल निर्माणाधीन ४३ आयोजनाबाट ११६३.५५ मेगाबाट जल विद्युत उत्पादन हुने देखिन्छ । उक्त थप विद्युत

शक्ति उत्पादन भएमा हालको लोडसेडिङ्गको अवस्थाको समेत अन्त्य हुने हुँदा निर्माण कार्य सम्पन्न गर्ने गराउनेतर्फ विद्युत उत्पादन अनुमतिपत्र पाउने र दिने दुवै पक्षले विशेष तदारुकता देखाउनुपर्दछ ।

माग तथा आपूर्तिबीच सन्तुलन कायम राख्न नेपाल सरकारबाट पश्चिम सेती, बुढी गण्डकी, माथिल्लो सेती (तनहुं) जस्ता जलाशययुक्त आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाउन, सम्बन्धित ठाउँहरुमा विद्युत प्रसारण लाइन निर्माण विकास गर्नको साथै थप रन अफ रिभर प्लान्ट निर्माण विकास गर्न आवश्यक पहल भइरहेको छ । लगानी मैत्री वातावरण बनाउन र निर्माण सामाग्रीमा कर छुट दिने सम्बन्धमा नेपाल सरकारबाट समय समयमा नीतिगत व्यवस्था भइरहेको व्यहोरा अनुरोध गर्दै २०७१ चैत्रभित्र निर्माण गरिसक्ने आयोजनाहरुको विद्युत खरिदको वर्तमान दरमा २० प्रतिशत थप गरी खरिद गर्ने नीतिगत निर्णय भएको व्यहोराको जवाफ प्राप्त भएको छ । सुरु

५. **कार्य योजना –** विद्युत नियमावली, २०५० को नियम १२(क) मा उत्पादन अनुमतिपत्रको दरखास्त दिँदा परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय लागत आदि उल्लेख गर्नुपर्ने व्यवस्था छ । दरखास्त दिँदा कार्ययोजनासमेत पेश गर्नुपर्ने व्यवस्था विभागले मिलाएको छ । नेपाल विद्युत प्राधिकरण र सम्बन्धित प्रवर्द्धक व्यक्ति वा कम्पनीबीच भएको विद्युत खरिद बिक्री सम्झौता साथ पेश भएको निर्माण तथा कार्यान्वयन कार्यतालिका र विद्युत विकास विभागले दिएको अनुमतिपत्रअनुसारको अवधिमा काम सम्पन्न हुन नसकेका केही उदाहरण निम्नानुसार छन्:

आयोजनाको नाम	उत्पादन क्षमता मेगावाट	अनुमति पत्र मिति	निर्माण सम्पन्न गरी व्यापारिक उत्पादन सुरु गर्ने मिति	प्रगति प्रतिशत
१.सिउरी खोला जलविद्युत आयोजना लमजुङ्ग	५	२०६६/५/३०	२०६७/१०/२९	६५
२.मैलुङ्ग खोला जलविद्युत आयोजना रसुवा	५	२०६०/३/१२	२०६१/१२/१८	४०
३.सिप्रीङ्ग खोला जलविद्युत आयोजना दोलखा	१०	२०६६/१/३०	२०६८/९/१	८५
४.आंखु खोला–१ जलविद्युत आयोजना धादिङ्ग	७	२०६६/८/२६	२०६८/११/१	८०
५.मादी–१ जलविद्युत आयोजना कास्की	२०	२०६६/२/१७	१५ डिसेम्बर २००८	५
६. तल्लो मोदी १ जलविद्युत आयोजना पर्वत	१०	२०६६/५/२	२०६८/५/१	९५

उपर्युक्त आयोजनामध्ये सिउरी खोला र तल्लो मोदी १ जलविद्युत आयोजनाको क्षमता अद्यावधिक गरिएको, मैलुङ्ग खोला जलविद्युत आयोजनाको हेडवर्क्सको काम ७० प्रतिशत सम्पन्न र सामानहरु साइट लैजान तैयार रहेको, सिप्रीङ्ग खोला जलविद्युत आयोजनाको पेनस्टक पाइप ईन्स्टलेसन गर्ने काम बाँकी रहेको र अन्य काम प्राय सकिएको, आँखु खोला–१ जलविद्युत आयोजनाको टर्वाइन जेनेरेटर र गेट इन्स्टलेसनको ९० प्रतिशत काम बाँकी रहेको र मादी–१ जलविद्युत आयोजनाको साइट एक्सेस रोड निर्माण सम्पन्न भएको विभागबाट प्राप्त प्रगति विवरणबाट देखिएको छ ।

विद्युत उत्पादन अनुमति पत्रको लागि पेश गरेको कार्ययोजना अनुसार काम नगर्ने ३ कम्पनीको अनुमतिपत्र खारेज गरे तापनि अन्यलाई अनुगमन तथा ताकेता गर्ने कार्यमात्र भएको छ । उक्त कम्पनीहरुको विद्युत खरिद सम्झौता नेपाल विद्युत प्राधिकरणले खारेज गरेपछि अनुमतिपत्र पनि खारेज गरेको देखिएको छ । विद्युत उत्पादन अनुमतिपत्र लिएर तोकेको अवधिभित्र निर्माण कार्य सुरु नगर्ने कम्पनी वा व्यक्ति उपर कारबाही गर्ने सम्बन्धमा नीतिगत अस्पष्टता रहेकोले कारबाही गर्न नसकिने व्यहोरा विभागले उल्लेख गरेको छ । पेश गरेको कार्ययोजनाअनुसार काम नगरी प्राय सबैले ढिलो गरेको अवस्था विद्यमान छ । अनुमतिपत्र लिएपछि तोकेको अवधिमा काम सुरु तथा सम्पन्न नगर्ने उपर आवश्यक कारवाही गरी सम्बन्धित व्यक्ति वा कम्पनीलाई कार्ययोजनाअनुसार काम सम्पन्न गर्ने गरी जिम्मेवार बनाउनुपर्दछ ।

६. **बाधा अड्चन –** विद्युत उत्पादन अनुमतिपत्र पाएका व्यक्ति वा कम्पनीले निर्माण कार्य सञ्चालन गर्नको लागि वा गर्ने क्रममा भोग्नुपरेका स्थलगत कठिनाइ वा बाधा अड्चन सम्बन्धमा विवरण माग गरिएकोमा बन्द, हडताल, आयोजनासँग असान्दर्भिक स्थानीय मागहरु, बाटोघाटाको असुविधा, शान्ति सुरक्षा, जग्गा प्राप्तिसम्बन्धी समस्या, समयमै विद्युत खरिद सम्झौता नहुँदा प्रवर्द्धकलाई अनुमतिपत्र पाउन गाह्रो हुने जस्ता बाधा अड्चन वा कठिनाइ यस क्षेत्रमा रहेको उल्लेख छ । उक्त बाधा अड्चनहरुको समाधान गर्न प्राय

प्रवर्द्धक कम्पनीलेनै स्थानीयस्तरमा समस्या समाधान गर्ने गरेको र आवश्यक सहयोग माग गरेमा विभागले सहयोग गर्ने गरेको विभागको भनाई रहेको छ । यसका अलावा भन्सार सुविधाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, विस्फोटक पदार्थको उपलब्धताको लागि सिफारिस गर्ने, जग्गा प्राप्तिको लागि सम्बन्धित निकायमा पत्राचार गर्ने, शान्ति सुरक्षा आवश्यक परेमा गृह मन्त्रालय वा सुरक्षा निकायलाई पत्र लेखिदिने, गाउँले र प्रवर्द्धकको बीचमा द्वन्द भएमा समन्वय गर्ने वा माथिल्लो निकायमा पनि समन्वयको लागि पत्राचार गर्ने कामहरु विभागबाट हुने भनाई रहेको छ । विद्युत उत्पादन अनुमति पाएका प्रवर्द्धकलाई निर्वाध रुपमा निर्माण कार्य सञ्चालन गर्ने अवस्थाको सिर्जना गर्ने तर्फ सम्बन्धितको ध्यान जानुपर्ने देखिन्छ ।

७. **अनुगमन –** विद्युत ऐन, २०४९ ले निजी क्षेत्रलाई नेपालमा विद्युत उत्पादन, प्रसारण र वितरण प्रयोजनको लागि आवश्यक पर्ने सर्वेक्षण, उत्पादन तथा वितरणको अनुमतिपत्र दिन सकिने र अनुमतिपत्र प्राप्त गरेको निजीक्षेत्रले अनुमतिपत्रमा उल्लिखित शर्तबमोजिम कार्य गरे नगरेको सम्बन्धमा नियमन, अनुगमन र अनुमतिपत्र नवीकरण गर्ने जिम्मेवारी विद्युत विकास विभागलाई सुम्पेको देखिन्छ । निर्माणसम्बन्धी अनुगमन बाहेक पनि स्वीकृत कार्ययोजना र स्वीकृत ड्रइङ्ग डिजाइनअनुसार प्रवर्द्धकहरुले कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण अनुगमन गर्ने जिम्मेवारी विद्युत ऐनले विद्युत विकास विभागलाई तोकेको छ । अनुगमन गर्ने कार्यमा कुनै कानुनी बाधा अड्चन नरहे पनि लजिष्टीक सपोर्ट नभएको, जनशक्ति पर्याप्त नभएको, निरीक्षण निर्देशिका नभएको र बजेट पर्याप्त नभएकोले निरीक्षण अनुगमनमा कठिनाइ रहेको व्यहोरा विभागले जनाएको छ ।

अनुमतिपत्रमा तोकेअनुसार काम गरे नगरेको सम्बन्धमा २०६७।६८ निर्माणाधीन ४३ आयोजनामध्ये ७ को, सञ्चालनमा रहेका ३२ मध्ये ७ को र प्रस्तावित ३ आयोजनाको विभागले अनुगमन गरेको व्यहोरा पेश भएको छ । उक्त अनुगमनबाट इन्द्रावती, बराम्ची र चाकु जलविद्युत आयोजनाले शर्त पालना नगरेको सम्बन्धमा कारबाही गरेको पाइयो । बराम्ची र इन्द्रावतीले स्वीकृति नलिई प्लान्टको क्षमता बढाएकोमा जरिबाना गरेको र चर्णावतीले स्वीकृति नलिई टनेल बनाएकोमा कारबाहीको प्रक्रियामा रहेको जानकारी प्राप्त भएको छ । अनुगमन, निरीक्षण गर्दा देखिएका सुधार गर्नुपर्ने कुरा र सम्बन्धित प्रवर्द्धक कम्पनी वा व्यक्तिलाई दिएका निर्देशन तथा सुझावहरुको अभिलेख राख्ने गरेको पाइएन । विभागले निरीक्षण, अनुगमन सम्बन्धि वार्षिक कार्यक्रम एवं कार्ययोजना बनाउने गरेको पाइएन । निरीक्षण अनुगमनसम्बन्धी कार्यक्रम र कार्ययोजना बनाई अझ बढी परिमाण र प्रभावकारी रुपमा अनुगमन गर्ने एवं अनुमति तथा कार्ययोजना कार्यान्वयन गर्ने गराउनेतर्फ ध्यान पुऱ्याउनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

विद्युत विकाससम्बन्धी आयोजना छनौट, अनुगमन, मूल्याङ्कन तथा विद्युत विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, विद्युत उत्पादन र प्रशारणमा निर्देशन दिने कार्य गर्नका लागि स्थापित विद्युत विकास विभागको विद्युत उत्पादन अनुमति सम्बन्धमा कार्यदक्षता र प्रभावकारिताको आधारमा मूल्याङ्कन गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

८. **न्यून खर्च** – स्वीकृत कार्यक्रमबमोजिम विनियोजित बजेट उद्देश्यअनुरुप खर्च गरिनुपर्दछ । विगत ३ वर्षको बजेट तथा खर्चको विश्लेषण गर्दा साना जलविद्युत आयोजना अध्ययनमा रु.१९ करोड ४८ लाख ९५ हजार, जलविद्युत आयोजनासम्बन्धी मापदण्डमा रु.२ करोड ३५ लाख ४० हजार र विद्युत विकास कोषमा रु.१९ करोड २८ लाख ८१ हजार विनियोजन भएकोमा क्रमश: २४.८७ प्रतिशत, ४१.१३ प्रतिशत र ०.०१ प्रतिशतमात्र खर्च भएकोले स्वीकृत कार्यक्रमबमोजिम विनियोजित बजेटको खर्च प्रतिशत न्यून रहेको छ । स्वीकृत बजेट उद्देश्य अनुरुप खर्च गर्न नसक्दा विभागको कार्य सम्पादनमा असर परेको छ ।

विभागले बजेट पर्याप्त नभएको कारणबाट निजी क्षेत्रसँगको छलफल र अन्तरक्रिया एवं निजी क्षेत्रबीच सुमधुर सम्बन्ध हुन नसकेकोले उद्देश्य हासिल गर्न समस्या परेको जनाएको छ तापनि प्राप्त बजेटको पूर्ण उपयोग गरेको छैन । वैदेशिक सहायतासमेत रहेका कार्यक्रमहरुको सञ्चालनमा विशेष ध्यान दिई सहायता सम्झौताबमोजिम उपयोग गर्नुपर्दछ ।

९. **कोष** – विद्युत विकासको निमित्त आवश्यक स्रोत जुटाउन निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने तथा कोष परिचालन गर्न विद्युत विकास कोष समिति (गठन) आदेश, २०६० अनुसार विद्युत विकास कोषको स्थापना भएको छ । नेपाल सरकार र विश्व बैङ्कबीच २०६०।३।२५ मा भएको सम्झौताअनुसार २०६६ सम्ममा सम्पन्न हुने गरी सञ्चालन भएको यो कार्यक्रमको कुल लागत अमेरिकी डलर ३ करोड ८६ लाख ८७ हजार रहेको र बिश्व बैङ्कको ऋण सहयोग अमेरीकी डलर ३ करोड ८२ लाख ११ हजार रहने उल्लेख छ । यस वर्ष रु.११ करोड ५४ लाख २२ हजार विनियोजन भएकोमा खर्च भएको छैन । यसबाट विभागको कोष परिचालन प्रभावकारी देखिँदैन । अत: कोषको रकम उद्देश्य मुताविक विद्युत उत्पादनमा योगदान हुने गरी निर्दिष्ट कार्यक्रममा खर्च गरिनुपर्दछ ।

१०. **अनुमतिपत्र** – विभागले जलविद्युत आयोजनाको लागि प्रवर्द्धकबाट निवेदन प्राप्त गर्ने, छानबिन एवं मूल्याङ्कन गर्ने र योग्य प्रवर्द्धकको छनौट गरी विद्युत सर्वेक्षण र उत्पादनका लागि विद्युत उत्पादन अनुमतिपत्र निर्देशिका, २०६८ बमोजिम अनुमतिपत्र जारी गर्नुपर्ने व्यवस्था रहेको छ ।

१०.१ विभागबाट प्राप्त सूचनाअनुसार २०६९ आषाढसम्ममा सर्वेक्षणतर्फ २४० आवेदन परेकोमा ९५ लाई अनुमति दिएको र उत्पादनतर्फ ३४ आवेदन परेकोमा ३७ लाई अनुमतिपत्र दिएको देखिन्छ । यसरी आवेदन परेको संख्याभन्दा बढी अनुमतिपत्र दिनुको कारण खुलाएको छैन । विभागले हालसम्म ५०८ प्रवर्द्धकलाई १५ हजार ७२५ मेघावाट क्षमताका लागि सर्भेक्षण अनुमतिपत्र जारी गरेको छ । विद्युत उत्पादनतर्फ १ हजार ५६५ मेघावाट उत्पादन गर्नका लागि ७० प्रवर्द्धकलाई अनुमतिपत्र जारी गरेको छ । विभागको अनुमतिपत्रको सूचना परम्परागत प्रविधिमा आधारित रहेको र आवश्यक सूचना उपलब्ध हुने स्थिति नरहेकोले विभागको अभिलेख व्यवस्थापनमा सुधार गरिनुपर्दछ । विभागबाट माग भएको विवरण तत्काल तयार गरी उपलब्ध गराउन नसकिने र कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउन नसकिने प्रतिक्रिया प्राप्त भएको छ । विवरण प्राप्त नभएको अवस्थामा विभागको सर्वेक्षण तथा उत्पादन अनुमति पत्रको मूल्याङ्कन गर्ने स्थिति रहेन ।

१०.२ विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा १ मा विद्युत सर्वेक्षण, उत्पादन, प्रशारण र बिक्री गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिएबमोजिमका विवरणहरु खुलाई दिएको दरखास्त उपर कारबाही गरी ३० दिनभित्र तोकिएबमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्ने व्यवस्था छ । विभागको हालको विद्यमान सूचना प्रणालीमा निवेदक, निवेदन दर्ता मिति, क्षमता, निर्णय मिति, कारबाहीको प्रकार आदि खुल्ने विवरण र आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदनसमेत भए नभएको खुलाइएको अभिलेख छैन । विभागको सूचना प्रणालीलाई प्राप्त निवेदनमध्ये वर्षगत रुपमा आवेदनको प्रकार अनुसार स्वीकृत दिएको तथा बाँकी स्थिति उपलव्ध हुने गरी विकास गरिनुपर्दछ ।

११. **अनुमतिपत्र नवीकरण** – विद्युत ऐन, २०४९ को दफा ५(४) र विद्युत नियमावली, २०५० को नियम २५ बमोजिम अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै अनुमतिपत्रको नवीकरण गराउनुपर्ने र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वत: रद्द हुने प्रावधान रहेको छ ।

नवीकरण गर्नुपर्ने आयोजना र सोमध्ये नवीकरण नगराई अनुमतिपत्रमात्र लिई निष्क्रिय रहेका सम्बन्धमा विभागमा अभिलेख नरहेकोले सोको सूचना तत्काल उपलब्ध गराउन नसकिने, यसबाट लगानी प्रवर्द्धनमा कुनै योगदान नपुग्ने भएकाले माग भएका ढाँचाअनुसारको विवरण विभागमा कायम गरी राख्न आवश्यक नदेखिएको भन्ने विभागले प्रतिक्रिया दिएको छ । यसरी सूचनाको अभावमा अनुमति पत्रको नवीकरण पक्षको विश्लेषण गर्नसकिने स्थिति रहेन । नियमानुसार नवीकरण नगर्ने प्रवर्द्धकको अनुमतिपत्र खारेज गरिनुपर्दछ ।

१२. **अनुमगन मूल्याङ्कन** – सर्वेक्षणका लागि अनुमतिपत्र लिने प्रवर्द्धकले आयोजना सर्वेक्षण कार्य र उत्पादन अनुमतिपत्र लिने प्रवर्द्धकले विद्युत उत्पादन कार्य गरे नगरेको विद्युत विकास विभागबाट प्रभावकारी अनुगमन हुनुपर्दछ ।

कार्ययोजना तयार गरी आयोजना कार्यान्वयन भए नभएको, ड्रइङ्ग डिजाइन अनुसार कार्य गरे नगरेको, सर्भेक्षण अनुमति प्राप्त प्रवर्द्धकले उत्पादन अनुमतिपत्र नलिएको अवस्थामा निजको सर्भेक्षण प्रतिवेदन नेपाल सरकारको स्वामित्वमा आउनेमा सोबमोजिम भए नभएको सम्बन्धमा विभागले अनुगमन गरी अभिलेखीकरण गरेको छैन । विभागको कार्यसम्पादन सम्बन्धमा मन्त्रालयबाट समेत अनुगमन हुने गरेको छैन । विभागबाट विगत ३ वर्षमा जारी भएको अनुमतिपत्रको शर्तअनुसार आयोजनामा भएको प्रगति विश्लेषण गर्नसकिने अवस्था छैन । विभागबाट आयोजनाहरुको अद्यावधिक प्रगति स्थिति मूल्याङ्कन गरी अनुगमनको भूमिका प्रभावकारी बनाइनुपर्दछ ।

१३. **साना आयोजनाको अध्ययन** – विद्युत उत्पादन अनुमति निर्देशिका, २०६८ को दफा ६ मा १ सय किलोवाटदेखि १ हजार किलोवाट क्षमतासम्मका आयोजनाको अध्ययन तथा विकास गर्न प्रवर्द्धकले पेश गरेको विवरण स्वीकृत गर्ने वा नगर्ने निर्णय गरी सोको जानकारी सम्बन्धित प्रवर्द्धक र जिल्ला जलस्रोत समितिलाई दिनुपर्ने व्यवस्था रहेको छ ।

विभागले २०६९ माघसम्ममा १२९ आयोजनाको सर्भे आवेदन रद्द गरेको, ९७६ आयोजनाको उत्पादन अनुमति दिएको देखाएको छ । विभागबाट प्राप्त जानकारीअनुसार विगत ३ वर्षमा ३०२ आयोजनाको सम्बन्धमा कारबाही नभएको जनाएकोमा यसको कारण खुलाएको छैन । विभागले १ मेगावाटभन्दा कम क्षमताका यस्ता आयोजनाको अनुमतिपत्रसम्बन्धमा जिल्ला जलस्रोत समितिलाई समेत जानकारी दिएको देखिदैन । अत: निर्देशिकाको व्यवस्था पालना गर्नुपर्दछ ।

संथठित संस्थातर्फ

जल विद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

कम्पनीको २०६८।६९ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१४. **वित्तीय स्रोत व्यवस्थापन** – कम्पनीको प्रबन्धपत्रमा जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा शेयर वा कर्जा लगानी गर्ने वा बैङ्क वा वित्तीय संस्थामार्फत लगानी गर्ने गरी विदेशी वा स्वदेशी कर्जा वा अनुदान प्राप्त गर्ने वा डिवेन्चरजस्ता उपकरणबाट दीर्घकाली प्रकृतिका पूँजी परिचालनका कार्य गर्ने उद्देश्य उल्लेख गरेको छ । ती उद्देश्य पूरा गर्न दीर्घकाली कार्यक्रम तयार गरी स्वीकृत गरेको छैन । लगानी गर्ने क्षेत्र पहिचान गरी लगानीसम्बन्धी नीति तय गरेको भए तापनि वर्षान्तसम्म कुनै परियोजनामा लगानी गर्न सकेको छैन । कम्पनीले चुक्ता पूँजीबापतको रकम प्राप्त गरी विभिन्न बैङ्कहरुमा मुद्दती निक्षेपको रुपमा वा कल डिपोजिटको रुपमा राखेको छ । कम्पनीले ब्याज आम्दानीबाहेक व्यावसायिक कारोबारबाट कुनै आम्दानी गरेको छैन ।

१५. **शेयर पूँजी** – कम्पनीले चुक्ता पूँजीको रकम खुलाई कम्पनी ऐन, २०६३ को दफा ३३ बमोजिम शेयर प्रमाणपत्र जारी गरेको छैन । शेयर प्रमाणपत्र जारी नगरेकाले ऐनको दफा ४६ र दफा ५० बमोजिम शेयरधनी दर्ता किताब राख्ने अवस्था देखिएन । कम्पनीको प्रबन्धपत्रको दफा ६(ग) मा तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. ८ अरब भएकोमा सो कबुल गर्ने उपसमूह क२ का आधारभूत शेयरधनीहरुबाट शेयरबापतको रकम वर्षान्तसम्म पनि चुक्ता भएको देखिएन ।

१६. **स्थिर सम्पत्ति अभिलेख र व्यवस्थापन**– कम्पनीले पेश गरे अनुसार यो वर्ष रु. ५४ लाख ३२ हजार मूल्यको सम्पत्ति खरिद गरेको छ । खरिद गरेका सामानको विवरण, मूल्य, उपयोग गरेको सम्पत्ति, जडान गरेको वा प्रयोग गरेको स्थान खुलाई अभिलेख राखेको छैन । अभिलेखमा चढाएको सम्पत्तिको मूल्य पनि मूल्य अभिवृद्धि

कर समावेश नगरेको तथा जोडजम्मा गरी वित्तीय विवरणसँग मिलान नगरेकाले कम्पनीको स्थिर सम्पत्ति अभिलेखले यथार्थ अवस्था देखाएको छैन ।

नेपाल विद्युत प्राधिकरण

प्राधिकरणको २०६८।६९ मा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१७. **सञ्चालन नतिजा –** गत वर्ष रु.१ अर्ब ६७ करोड ७५ लाख ४६ हजार जगेडा तथा सञ्चित नाफा प्रस्तुत गरेकोमा यस वर्ष नोक्सान रु.९ अर्ब ९४ करोड ७८ लाख ७६ हजार लेखा नीतिमा भएको परिर्वतनबाट समायोजन भएको रु.८ करोड ९ लाख र उपभोक्ताको योगदानमा थप भएको रु.२ करोड ८५ लाख समायोजन गरी वर्षान्तमा सञ्चित नोक्सान रु.८ अर्ब १६ करोड ९ लाख देखाएको छ । गत वर्षको तुलनामा इक्वीटीमा १५.०१ प्रतिशतले घटेको छ । हरेक वर्ष नोक्सानी भएबाट प्राधिकरणको दीर्घकालीन वित्तीय स्थिरता देखाउदैन ।

गत वर्षको तुलनामा यो वर्ष अन्य आम्दानीसमेत कुल आम्दानीमा १२.७० प्रतिशत वृद्धि भई रु. २१ अर्ब ७८ करोड पुगेको छ । उत्पादन, प्रशारण र विद्युत खरिदमा गत वर्षभन्दा १४.५३ प्रतिशतले वृद्धि भई यो वर्ष रु.१४ अर्ब ४५ करोड ९० लाख ७५ हजार खर्च भएको छ । गत वर्षभन्दा वितरण खर्चमा २२.६७ प्रतिशतले र प्रशासनिक खर्चमा १०४.२२ प्रतिशतले वृद्धि भएको छ । ह्रास खर्च, ब्याज खर्च जस्ता प्रत्यक्ष तथा अप्रत्यक्ष खर्चमा भएको वृद्धिले यो वर्ष रु.९ अर्ब ९४ करोड ७८ लाख ७६ हजार नोक्सान भएको छ । यस वर्ष कार्य संचालन पूँजी रु.२७ अर्ब ५५ करोड १४ लाखले नकारात्मक देखिएबाट तरलता व्यवस्थापन हिसाबले स्थिति नाजुक देखिएको छ ।

१८. **शेयर हिसाब –** प्राधिकरणको गत वर्षको शेयर पूँजी रु.१३ अर्ब १४ करोड ४२ लाख ११ हजार र शेयर सस्पेन्स रु.१२ अर्ब ५५ करोड ६ लाखसमेत रु.२५ अर्ब ६९ करोड ४८ लाख ११ हजार प्रस्तुत गरेकोमा यो वर्ष शेयर पूँजीमा शेयर सस्पेन्स रु.१८ अर्ब २२ करोड ४१ लाखसमेत रु.३१ अर्ब ४२ करोड २४ लाख ३८ हजार प्रस्तुत गरेको छ । शेयर पूँजीको महालेखा नियन्त्रक कार्यालयबाट सर्मथन लिएको छैन ।

१९. **सञ्चित नोक्सान एवं सुधार –** यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

१९.१ नेपाल सरकार मन्त्रिपरिषद्को गत वर्षको निर्णय अनुसार शेयर पूँजीमा लेखाङ्कन गरेको रु.२७ अर्ब १८ करोड ८१ लाख ९१ हजार प्राधिकरणले सञ्चित नोक्सानीमा समायोजन गरी शेयर पूँजी कायम गरेकोमा उक्त शेयर पूँजी घटाउन नमिल्ने व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएकोमा स्थिति यथावत रहेको छ । शेयर पूँजी घटाउदा प्राधिकरणको ऐन बमोजिम गर्नुपर्नेमा गरेको छैन । उक्त नोक्सानी रकम पूँजी समायोजन गर्दा प्राधिकरणको कुनै निश्चित रणनीतिक योजना तर्जुमा नगरी विगत वर्षदेखिको नोक्सान रकमलाई अपलेखन गर्ने काममात्र गरेको छ । यही स्थितिमा सञ्चालन गर्दा नोक्सानी बढ्दैगई हरेक ३ वर्षमा पुन: पूँजीबाट नोक्सान अपलेखन गर्नुपर्ने स्थिति आउने देखिन्छ । यस अतिरिक्त प्राधिकरणले सम्पत्तिको क्षयको मूल्याङ्कन नगरेको हुँदा सो मूल्याङ्कन गरेको अवस्थामा नोक्सान रकम उल्लेखनीय रुपमा बढ्ने देखिन्छ ।

१९.२ गत वर्ष शेयर समायोजन गरी सञ्चित नाफा देखाए तापनि यो वर्ष पुन सञ्चित नोक्सानी देखिएको छ । प्राधिकरण वर्षेनी नोक्सानीमा सञ्चालन हुदै आएको छ । विगतको सबै सञ्चित नोक्सानी समायोजन गर्दैमा प्राधिकरणभित्रका कमी कमजोरीमा सुधार आउने स्थिति देखिदैन । गतवर्ष कुल नाफा २९.६६ प्रतिशत भएकोमा यो वर्ष २८.०२ प्रतिशत भएतापनि वितरण खर्चका साथै प्रशासनिक खर्च वृद्धिका कारण खुद नोक्सानी गत वर्षको तुलनामा ६३.३६ प्रतिशतले बढेको छ । नगद प्रवाह विवरणअनुसार यो वर्ष नगद कारोबार संचालनमा रु.१ अर्ब ९ करोड ३८ लाख नोक्सान देखिएको छ ।

प्राधिकरण नोक्सान हुदै जानुको प्रमुख कारणहरुमा प्राधिकरणको आयातित र स्थानीय निजी कम्पनीबाट खरिद गरिएको विद्युत्को लागि कुल आयको ६० प्रतिशत रकम भुक्तानी हुने गरेको तर सोबाट

प्राप्त आय ४४ प्रतिशतभन्दा कम देखिनु अर्थात खरिद लागत विक्री आयभन्दा बढी रहनु हो । साथै निजी क्षेत्र एवं आयातित विद्युत खरिद परिमाण बढनु, चुहावटमा नियन्त्रण हुन नसक्नु, स्थायी खर्चमा वृद्धि हुनु, व्यावसायिक दक्षता अनुरुप चल्न नसक्नु, विद्युत महसुलको दरमा विगत १५ वर्षदेखि समायोजन हुन नसक्नु आदि समेत रहेको देखिन्छ । विद्युत खरिद, उत्पादन तथा वितरण खर्च बढ्नु, वैदेशिक तथा आन्तरिक ऋणको व्ययभार वृद्धि हुनु, प्रशासनिक तथा कर्मचारी खर्च लगायत सञ्चालन लागत वर्षेनी वृद्धिहुँदै जानु तर सो अनुपातमा विक्रीबाट प्राप्त आय वृद्धि हुन नसक्नाले नोक्सानीमा थप भार परेको छ ।

१९.३ प्राधिकरणमा आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, खर्च तथा आयको लेखाङ्कन र प्रतिवेदन अपर्याप्त रहेको र वित्तीय सूचना विश्वसनीय नरहेको देखिन्छ । रणनीतिक सुधार नगरी विगत वर्षको नोक्सानी रकमको अपलेखन गर्नुले अप्रत्यक्षरुपले प्राधिकरणको बिगत वर्षदेखि सञ्चित आन्तरिक कमी कमजोरीको उन्मुक्ति हुने देखिएको छ । प्राधिकरणको आर्थिक अवस्थामा तत्काल सुधार गर्न रणनैतिक योजना, कार्यक्रम एवं व्यवस्थापकीय सुधार तयार गरी लागू गर्नु जरुरी देखिन्छ ।

२०. **पूँजीगत जगेडा –** उपभोक्ताको योगदान रु. १ अर्ब २६ करोड ३५ लाख ३२ हजार हुनुपर्नेमा रु. १ अर्ब २३ करोड ३४ लाख पूँजीगत जगेडामा देखाएको छ । प्राधिकरणले योगदान रकमलाई पूँजीगत जगेडामा लेखाङ्कन गरे पश्चात योगदान सम्पत्तिको ह्रासमा घटाउने गरेको पाइयो । उपभोक्ताबाट प्राप्त सम्पत्तिको विवरण उपलब्ध नभएबाट ह्रास खर्चसमेत यकिन गर्न सकिएन । त्यस्तै विगत वर्षदेखि पूँजीगत जगेडामा रु.२ करोड ४७ लाख ऋणात्मक (डेबिट) हिसाब देखाएको उपयुक्त देखिएन ।

२१. **अन्तर कार्यालय हिसाब –** यो वर्षको वित्तीय विवरणमा अन्तर कार्यालय हिसाबमा फरक परेको खुद रु.७४ करोड १९ लाख ६० हजारलाई वित्तीय विवरणमा दायित्वमा देखाएको छ । अन्तर कार्यालय हिसाबमा मिलान हुन नसकेको सबै हिसाब अनियमितता कारोबारमा समावेश गर्ने गरेको छ । अनियमित कारोबारको छानविन एवं विश्लेषण बेगर सहजरुपमा त्रुटि पत्ता लगाउन सक्ने अवस्था नरहने हुँदा नियमित भिडान गरी हिसाब मिलान गर्नु पर्दछ । यसै गरी प्राधिकरणभित्रै रहेको इन्जिनियरिङ्ग सेवा विभागले आन्तरिक रुपमा जनाएको आम्दानी तथा अन्य विभागको खर्च र सो बापतको फरक रकमलाई अन्तिम हिसाबमा पूर्णरुपमा मिलान गर्नुपर्नेमा गरेको छैन ।

२२. **स्थिर सम्पत्तिको अभिलेख –** स्थिर सम्पत्तिको लागत रु.१ खर्ब १७ अर्ब ९५ करोडमा सञ्चित ह्रास रु.३२ अर्ब १ करोड तथा नोक्सानी व्यवस्था रु.४८ करोड समायोजन गर्दा वर्षान्तमा खुद स्थिर सम्पत्ति रु.८५ अर्ब ४६ करोड रहेको छ । नेपाल लेखामान–६ मा स्थिर सम्पत्तिको खरिदमा लागत खर्च र प्रत्यक्ष खर्चका आधारमा स्थिर सम्पत्तिको लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ । यससम्बन्धी थप व्यहोरा निम्नानुसार छन्:

२२.१ प्राधिकरणले नेपाल लेखामान–६ तथा १८ बमोजिम सम्पत्तिको क्षयको हिसाब गरेको छैन । एक कार्यालयबाट अर्को कार्यालयमा सारेको सामानहरुमध्ये रु.८ करोड ४९ लाखका सामानहरु काम नलाग्ने देखिएकोमा लिलाम गरेको छैन । अधिकांश कार्यालय सामान तथा मेसिनरीको भौतिक परीक्षण गरी स्वामित्वमा रहेका सबै सम्पत्तिको कोडिङ, अवस्थितिको पहिचान, भौतिक अवस्था जस्ता विविध पक्ष समेटिने गरी सम्पत्ति रजिस्टर राखेको छैन । लेखापरीक्षणबाट भौतिक परीक्षण गर्दा रु. ३४ करोड ५८ लाख बराबरका सामानहरु सम्पत्तिमा प्रस्तुत गरेतापनि भौतिक रुपमा मौजुद रहेको देखिएन । यस स्थितिमा वित्तीय विवरणमा उल्लेख भएका सबै सम्पत्ति मौजुदा रहे नरहेको यकिन गर्न सकिने अवस्था छैन ।

२२.२ सम्पत्तिको वर्गीकरण उपयुक्त किसिमले गरेको छैन । हाइडल प्लाण्टहरुको अलग अलग वर्गीकरण गरी सो बमोजिम ह्रास कट्टी गर्नुपर्नेमा सो अनुसार छुट्याई गरेको छैन । यो वर्ष पूँजीगत खर्च भएको रु.७५ लाख २४ हजारलाई आयगत खर्चमा र आयगत खर्च रु. १५ लाख ८१ हजारलाई पूँजीगत खर्चमा लेखाङ्कन गरेको मिल्ने देखिएन ।

२२.३ जग्गाको कुल लागत रु.१ अर्ब ६४ करोड देखाएको छ । इकाई कार्यालय १७ ले प्राप्त गरेको जग्गाधनी प्रमाणपूर्जा लेखापरीक्षणमा पेश भएन । वित्तीय विवरणमा उल्लेख भएको जग्गा र त्यसका अन्य अभिलेख एक आपसमा भिडान गर्न सकिने अवस्थामा छैनन् ।

२२.४ विगतमा सम्पत्तिमा भएको क्षतिको लागि व्यवस्थापनले रु.४७ करोड ९० हजार नोक्सानीबापत खर्च व्यवस्था गरेको छ । प्राधिकरणमा काम नलाग्ने, क्षति भएको र भौतिक रुपमा मौजुद नरहेका रु.४३ करोड १७ लाख ७३ हजार बराबरको सम्पत्ति देखिएको छ । नोक्सानी व्यवस्था अपर्याप्त हुनुका साथै व्यवस्थाको आधारसमेत उपलब्ध भएन ।

२२.५ निर्माणाधीन सम्पत्तिको हालसम्मको ह्रास खर्च रु.११ करोड ४८ लाख लेखाङ्कन गरेको छ । लेखामान अनुसार निर्माणाधीन सम्पत्तिमा ह्रास खर्च लेख्न मिल्ने देखिदैन । ट्रान्समिशनमा गत वर्षको सुरु मौज्दातमा यो वर्षको खरिद थप गरी सोमा रु. २ करोड ८२ लाख घटाएको र ह्रास खर्च गणनामा समेत रु. ३ करोड ३ लाख घटाएको छ । उक्त रकमले स्थिर सम्पत्तिको यथार्थ स्थिति प्रस्तुत गरेको छैन ।

२३. **विद्युत खरिद सम्झौता –** प्राधिकरणले विद्युत खरिदका लागि विभिन्न कम्पनीहरुसंग सम्झौता गरेकोमा प्रमुख व्यहोरा निम्नानुसार छन्:

२३.१ विद्युत ऐन, २०४९ को दफा ११ बमोजिम विद्युत उत्पादन गर्ने कम्पनीले नेपाल सरकारलाई प्रति जडित किलोवाटको रु. १०० प्रति वर्ष र प्रतियुनिट औसत महसुलको २ प्रतिशतका दरले १५ वर्षसम्म रोयल्टी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । प्राधिकरणले विद्युत उत्पादन गर्ने एक कम्पनीसंग विद्युत खरिद सम्झौता गर्दा सम्झौताको दफा ७.१ मा विद्युत ऐन अनुसार तिर्नुपर्ने रोयल्टी रकम प्राधिकरणले सो कम्पनीलाई सोधभर्ना दिने गरी सम्झौता गरेबाट ऐन विपरीत प्राधिकरणको व्ययभार बढ्ने गरी खरिद सम्झौता गरेको छ । प्राधिकरणको लेखाअनुसार उक्त कम्पनीलाई रोयल्टीबापत रु.३४ करोड ६९ लाख सोधभर्ना दिन बाँकी देखिएको छ ।

प्राधिकरणले सोही कम्पनीसंग गरेको सम्झौतामा कम्पनीले सम्झौताबमोजिम विद्युत उत्पादन नगरेमा जरिवाना लिनु पर्ने प्रावधान गरेको छैन । विभिन्न विद्युत उत्पादक कम्पनीसँग गरेको विद्युत खरिद सम्झौता बमोजिम विद्युत उत्पादन नगरेमा जरिवाना लाग्ने व्यवस्था गरेकोमा सो कम्पनीसंग गरेको सम्झौतामा जरिवाना लाग्ने प्रावधान नराखी सहुलियत दिएको छ । सम्झौता बमोजिम सो कम्पनीले मासिक ४१ हजार २२० मेगाहर्ज पावर उत्पादन गर्नुपर्नेमा २०६९ जेष्ठमा २१ हजार ३५६ (४८.१९ प्रतिशत) मेगाहर्ज मात्र उत्पादन गरी प्राधिकरणलाई घटी विद्युत उपलब्ध गराएको छ ।

२३.२ प्राधिकरणले एक विद्युत उत्पादक कम्पनीलाई विद्युत खरिदबापत २०५८।५९ देखिको रु. ७ करोड १५ लाख दिनुपर्ने देखाएकोमा २०६७।६८ मा विनिमय दर फरक परेको भनी रु. ३३ लाख २८ हजार समायोजन गरी घटाएको देखिएतापनि बाँकी रु.६ करोड ८२ लाख सम्बन्धमा हालसम्म टुङ्गो लगाएको छैन । सोही कम्पनीसंग प्राधिकरणले गरेको सम्झौताको दफा ९ (२) मा विद्युत खरिदबापतको रकम भुक्तानी दिनुपर्ने दिनमा बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । प्राधिकरणले २०६८ चैत्रको रकम सम्झौता बमोजिम २०६९।१।३० मा भुक्तानी गर्नुपर्नेमा उक्त दिन बिदा परेकोले २०६९।१।३१ मा गर्नुपर्ने देखिन्छ । उक्त दिनको विनिमय दर अनुसार प्रति अमेरिकी डलर रु.८२।५७ का दरले रु. ६ करोड ६२ लाख १ हजार भुक्तानी गर्नुपर्नेमा प्राधिकरणले २०६९।१।२९ को विनिमय दर प्रतिअमेरिकी डलर रु. ८५।७६ का दरले रु. ६ करोड ८५ लाख ६१ हजार भुक्तानी गरेबाट रु.२३ लाख ६१ हजार बढी भुक्तानी गरेको छ । सो रकम असुल हुनु पर्दछ ।

२४. **ठेक्का रकम संशोधन –** कुलेखानी तेस्रो आयोजनाको सिभिल निर्माण कार्य डिसेम्बर ७, २०११ मा सम्पन्न गर्ने गरी एक विदेशी निर्माण कम्पनीसंग सम्झौता भएकोमा जून २७, २०१४ अर्थात् ३० महिना २० दिन अवधि थप गरी सम्पन्न गर्ने समय संशोधन गरेको छ । सिभिल कार्य गर्ने उक्त निर्माण कम्पनीले प्राधिकरणको विभिन्न कमजोरीको कारण देखाई सम्झौता खारेजीको लागि माग गरेकोमा मूल्य अभिवृद्धि करबाहेक २८ प्रतिशत थप रकम भुक्तानी दिने गरी दुई पक्षकोबीच सहमति गरेको देखिन्छ । आयोजना सम्पन्न गर्न थप अवधिको लागि रु. १५ करोड ४७ लाख थप भुक्तानी दिन प्राधिकरण सहमत भएको छ । सम्झौता खारेजीको माग फिर्ता लिएबापत प्राधिकरणले सो कम्पनीलाई रु. ११ करोड ३८ लाख २५ हजार

थप भुक्तानी गरेको छ । आयोजनाको निर्माण कार्य समयमा सम्पन्न नगरी प्राधिकरणलाई थप व्ययभार पारेको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

२५. **भेरिएसन तथा दाबी –** चमेलिया जल विद्युत आयोजनाको सिभिल निर्माण कार्य गर्न एक विदेशी कम्पनीसँग सम्झौता भएकोमा निम्न व्यहोरा देखियो ।

२५.१ सुरु सम्झौता रु.२ अर्ब ८८ करोड १३ लाख ४३ हजारको लागतमा कार्य गर्ने गरी भएको छ । निर्माण कम्पनीले २००७ जनवरी देखि कार्य सुरु गरेकोमा हालसम्म ३ पटक सम्झौता संशोधन गरी रु. ३ अर्ब ९७ करोड २१ लाख ६१ हजार (सुरु सम्झौताभन्दा ३७.८५ प्रतिशत बढी) पुऱ्याइएको छ । सम्झौताबमोजिम कार्य सम्पन्न गर्ने पर्ने अवधि ९ मे २०११ भएकोमा ३० जून २०१३ सम्म बढाएको छ । सम्झौताको दफा ५२.१ अनुसार भेरिएसन आदेश गर्दा बी.ओ.क्यू.को प्रति इकाई दरमा कुनै परिवर्तन नहुने व्यवस्था रहेको छ । तर सुरु सम्झौतामा उल्लिखित इकाई दरअनुसार जमिन खन्ने काममा रु.१२५।५३, ब्लाष्टिङ्गसहित ढुङ्गा खन्ने काममा रु.४२५।०३ तथा स्पोइल अफ सोइलमा रु.७२।२९ भएकोमा भेरिएसन आदेशबाट वृद्धि गरी क्रमशः रु. १७५।१०, ७४०।६१ र ३०७।४२ पुऱ्याएको देखियो । उक्त संशोधित दर सुरु सम्झौताको इकाई दर भन्दा क्रमशः ३९.४९ प्रतिशत, ७४.२५ प्रतिशत र ३२५.२६ प्रतिशतले बढी हुने गरी सम्झौताको शर्तविपरीत भेरिएसन आदेश जारी गरेको पाइयो ।

२५.२ आयोजनाको सिभिल निर्माण कार्यमा नेपाल राष्ट्र बैङ्कको समग्र उपभोक्ता मूल्यको सूचक प्रयोग गर्ने गरी मूल्यवृद्धि दिने सम्झौता भएबमोजिम यो बर्ष रु. ३० करोड ९७ लाख ३० हजार सहित हालसम्म रु. ८७ करोड ३१ हजार मूल्यवृद्धि समायोजन बापत भुक्तानी गरेको छ । समग्र उपभोक्ता मूल्य सूचकमा खाद्यान्न पनि समावेश हुने भएकोले निर्माण ठेक्कामा मूल्य सूचक प्रयोग गर्दा निर्माण सामग्रीको सूचकांङ्क प्रयोग गर्ने गरी ठेक्काको शर्त व्यवस्था हुनुपर्नेमा सो ठेक्कामा यस्तो व्यवस्था गरेको देखिएन ।

२५.३ सोही निर्माण कम्पनीले पावर हाउस, टनेल, एक्सेस रोडलगायतको काममा परिवर्तन भएको कारण देखाई रु. ६० करोड ५१ लाख ७२ हजार थप दाबी गरेकोमा सुपरिवेक्षण गर्ने परामर्शदाताले रु. ६७ हजार मात्र भुक्तानी दिन सिफारिश गरेको देखिन्छ । परामर्शदाताको सिफारिसमा व्यवसायीले चित्त नबुझाएकोले विवाद समाधान समितिमा पठाएकोमा सो समितिले रु.१३ करोड २२ लाख ८४ हजार (परामर्शदाताको सिफारिसको १९७।६१ प्रतिशत बढी) निर्धारण गरेको छ । समितिको निर्णयमा प्राधिकरणले चित्त नबुझाई मध्यस्थकर्ता कहाँ जान सो निर्माण व्यवसायीसंग पत्राचार गरेकोमा सो विषयमा आपसी सहमति गर्ने प्रस्ताव गरेकाले वार्ता भईरहेको प्रतिक्रिया दिएको छ । विभिन्न कारण देखाइ दाबीमार्फत थप रकम भुक्तानी गर्दै जानु उपयुक्त देखिदैन ।

२६. **दाबी –** चमेलिया जल विद्युत आयोजनाको हाइड्रोमेकानिकल इलेक्ट्रिकल कार्यमा ढिलाई भएको भनी २० महिना थप गर्दा अमेरिकी डलर ९३ लाख १ हजार र रु.१४ करोड ७४ लाख ३८ हजार दाबी गरेकोमा प्राधिकरणले अमेरिकी डलर ४५ लाख स्वीकृत गरी सकेको छ । बाँकी दाबी रकम सम्बन्धमा निर्माण व्यवसायी र परामर्शादाताबीच छलफल भइरहेको जानकारीमा आएको छ । निर्माण कार्यमा ढिलाई गरी ठेक्काको लागत बढाउदै जानु उपयुक्त भएन ।

२७. **परामर्श सेवा –** चमेलिया जल विद्युत आयोजनाको निर्माण कार्यको सुपरिवेक्षणको लागि परियोजना विकास विभागसंग कर रकम बाहेक रु.१९ करोड २२ लाख ८४ हजारमा सम्झौता गरेकोमा उक्त विभागले पुनः एक परामर्शदातालाई रु.१४ करोड ३९ लाख ५५ हजारमा सहायक सम्झौता (सब–कन्ट्र्याक्ट)मा दिएको पाइयो । प्राधिकरणले स्वयम् परामर्शदाता नियुक्त नगरी विभागमार्फत दुई तहमा सुपरिवेक्षणको कार्य लगाउदा रु.४ करोड ८३ लाख २९ हजारले सुपरिवेक्षण गर्ने खर्च बढेको छ । सम्झौताको सर्त बमोजिम परामर्शदाताले मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदनहरु उपलब्ध गराएको देखिएन ।

२८. **ट्रान्सफरमर खरिद** - प्राधिकरणले एक विदेशी कम्पनीसँग १ हजार ५६७ ट्रान्सफरमर अमेरिकी डलर १९ लाख ५७ हजार र रु.७८ लाख २८ हजारमा खरिद गरेकोमा स्पेसिफिकेसनमा तोकिएको भन्दा प्राप्त भएका ट्रान्सफरमरमा बढी लोड लस हुने तथा तोकिए भन्दा कम क्षमता भएको पाईयो । यस्तै अर्को एक

कम्पनीसंग १ हजार २६० ट्रान्सफरमर अमेरिकी डलर १६ लाख २ हजार र रु.४४ लाख ५१ हजारमा तथा तेस्रो एक कम्पनीसँग ४७४ ट्रान्सफरमर अमेरिकी डलर ४ लाख ५१ हजार र रु.७२ हजारमा दुई ठेक्का मार्फत ट्रान्सफमर खरिद गरिएकोमा ट्रान्सफरमरमा तामा प्रयोग गर्नुपर्नेमा अल्मुनियम प्रयोग गरेको तथा तोकिएको भन्दा बढी लोड लस रहेको पाईयो । तोकिएको स्पेसिफिकेशनबमोजिम सामान भए नभएको प्राविधिक जाँच नगरी सामान बुझिलिनु उचित भएन । तोकिएबमोजिम गुणस्तर नभएकोमा प्राधिकरणले क्षति व्यहोर्नु परेको छ । यस सम्बन्धमा अन्य निकायबाट छानबिन भईरहेको जवाफ प्राप्त भएको छ ।

२९. **दाबी समाधन –** यो वर्ष प्राधिकरणले कालीगण्डकी जलविद्युत आयोजनाको सिभिल निर्माण कार्यको एक विदेशी निर्माण कम्पनीसंगको विगत लामो समयदेखिको विवाद मध्यस्थकर्ताको माध्यमबाट समाधन गरेको छ । प्राधिकरणको सञ्चालक समितिको २०६८।१२।२५ को बैठकबाट उक्त कम्पनीलाई अमेरिकी डलर ८५ लाख (कर दायित्व बाहेक) भुक्तानी गर्न तालुक मन्त्रालयमार्फत अर्थ मन्त्रालयसँग अनुरोध गर्ने र सो भुक्तानीमा निर्माण कम्पनीले लिनुपर्ने कर दायित्व रकम समायोजन गर्न एवं निर्माण कम्पनीको विगतको अनुमानित कुल कर दायित्वबापतको रु.१ अर्ब ४ करोड १४ लाख ७४ हजारलाई नेपाल सरकारले शेयर पूँजीमा समायोजन गर्ने गरी तालुक मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरेको देखिन्छ । यस विषयको सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट निकाशा भई नसकेको र प्राधिकरणले पनि यस दायित्वलाई वित्तीय कारोबारमा लेखाङ्कनसमेत नगरेको अवस्था छ । ठूलो रकमको दाबी प्राधिकरणले व्यहोर्ने निर्णय गरेको छ ।

३०. **टी.ओ.डी. मिटर –** प्राधिकरणले बढी क्षमताको विद्युत खपतको राजस्व सङ्कलनलाई व्यवस्थित गर्न बिभिन्न वितरण ग्राहक सेवा कार्यालयबाट ५० केभिएभन्दा बढी लोड भएको र २०० केभिएको ट्रान्सफरमर सहितको विद्युत सेवा उपभोग गर्ने ग्राहकको लागि टाइम अफ डे मिटर उपलब्ध गराउने कार्य गरी आएको छ । विद्युत वितरण विनियमावली, २०५५ को व्यवस्थाबमोजिम १३ कार्यालयले ४०९ ग्राहकको सम्बन्धमा मिटर जडान गरेको देखिएन । प्राधिकरणले विभिन्न ४ प्रकारका टी.ओ.डी. मिटरहरु खरिद गरी उद्योग, कारखाना लगायतमा जडान गर्ने कार्य गरी आएको छ । यस्ता मिटरमा अङ्कित डाटालाई डाउनलोड गर्ने कार्य प्राविधिक जनशक्तिबाट समेत गराउनु पर्नेमा कार्यालयहरुले अप्राविधिक जनशक्तिबाट गराउने गरेको छ । डाटा डाउनलोड गर्ने कार्य त्रैमासिक रुपमा गर्नुपर्नेमा कार्यालयहरुले कतिपय ग्राहकको सम्बन्धमा १ वर्षसम्म पनि सो कार्य गरेको पाइएन । यसबाट प्राधिकरणले उक्त मिटर प्रयोग गराउनुको उद्देश्य हासिल नहुनको साथै राजस्व सङ्कलनमा हानी नोक्सानी भएको अवस्थातर्फ प्राधिकरणको ध्यान पुगेको छैन ।

३१. **निर्माणाधीन कार्य प्रगति –** निर्माणाधीन सम्पत्तिमा यो वर्ष रु.२९ अर्ब ९० करोड ५४ लाख ४८ हजार रहेकोमा निर्माणाधीन कामको समय खुलाई वर्गीकरण गरेको छैन । निर्माणाधीन सम्पत्तिको भौतिक परीक्षण गरेको छैन । लेखापरीक्षणको समयमा भौतिक परीक्षण गर्दा रु.१ करोड ८९ लाख ७२ हजार बराबरका सामानहरु निर्माणाधीन सम्पत्तिमा प्रस्तुत गरेतापनि भौतिक रुपमा मौजुद रहेको देखिएन भने रु.५९ करोड १७ लाख ७७ हजार बराबरको निर्माणाधीन सम्पत्तिको स्थिति नै खुल्दैन ।

आपूर्तिकर्तालाई दिइएको पेश्की रु.७८ करोड ३९ लाखलाई समेत निर्माणाधीन सम्पत्तिमा लेखाङ्कन गरेको छ । कार्य सम्पन्न नभएसम्म सम्पत्तिमा लेखाङ्कन गर्न नमिल्नेमा निर्माणाधीन कार्य रु.२९ अर्ब ९० करोड ५४ लाखको भएकोमा पेश्की खाताबाट रु.४ अर्ब ३५ करोड ८३ लाख निर्माणाधीन सम्पत्तिमा सारेको देखिएबाट निर्माणाधीन सम्पत्ति रु.५ अर्ब १४ करोड २२ लाखले बढी लेखाङ्कन गरेको छ । कार्य सम्पन्न भईसकेको रु.३४ करोड ४९ लाख ७१ हजारलाई पूँजिकरण गरेको छैन । निर्माणाधीन सम्पत्तिको नोक्सानीको लागि विस्तृत विवरणबेगर यो वर्ष रु.२८ करोड ७९ लाख व्यवस्था गरेको मिल्ने देखिएन ।

३२. **चालु सम्पत्ति –** चालु सम्पत्तिमा गत वर्ष रु १४ अर्ब ३६ करोड ७५ लाख रहेकोमा यो वर्ष रु. १६ अर्ब ६४ करोड ७१ लाख पुगेको छ । चालु सम्पत्तिमा २५.३६ प्रतिशत रहेको पेश्की तथा ऋण रकम गत वर्षको तुलनामा ४१.८५ प्रतिशतले वृद्धि देखिदा प्राधिकरणले कार्य संचालनमा उपयुक्त रुपले कोषको प्रयोग गरेको पाइएन ।

३३. **जिन्सी व्यवस्थापन –** यो वर्षको जिन्सी मौज्दात रु.३ अर्ब ३ करोड ३८ लाख रहेको छ । जिन्सीमा हुने सम्भावित नोक्सानी बापत बिगत वर्षमा गरेको व्यवस्था बापतको रु.३३ करोड १३ लाख ७६ हजारलाई यो वर्ष पनि जिम्मेवारी सारेको छ । प्राधिकरणको विभिन्न इकाई कार्यालयमा भएका सामानको अवस्था यकिन गरी गणना नगरेकोले सो व्यवस्थाको पर्याप्तता भए नभएको यकिन गर्न सकिएन । जिन्सी खातामा मौज्दात रकम र लेखाङ्कनमा प्रस्तुत गरेको रकममा रु. ६ करोड ३२ लाख ५२ हजार फरक परेकोमा छानविन गराएको छैन । वारेन्टी अवधिभित्र रहेका रु. ४९ लाख १९ हजार क्षतीग्रस्त मिटरको सम्बन्धित आपूर्तिकर्ताबाट प्रतिस्थापन नगराई मौज्दातमा देखाएको छ ।

३४. **महसुल बक्यौता –** वर्षान्तमा विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा २.५९ प्रतिशतले कमी भई रु.६ अर्ब ६९ करोड रहेको छ । लिन बाँकी रकममध्ये विगतमा शंकास्पद व्यवस्था गरेको रु.५६ करोड ७० लाखलाई यो वर्ष परिवर्तन नगरी देखाएकोमा विस्तृत विवरण पेश गरेको छैन । कालोसूचीमा परेका ग्राहकबाट रु.८० करोड ८० लाख र सडक बत्तीबापत रु.१ अर्ब १२ करोड १० लाख बक्यौता असुल हुन सकेको छैन ।

आय शाखाको हिसाबले देखाएको बक्यौता र लेखामा देखाएको बक्यौतामा यो वर्ष पनि हिसाब मिलान हुन सकेको छैन । दुई हिसाबबीच रु.२८ करोड ५४ लाख १३ हजार फरक देखिएको छ । प्राधिकरण अन्तर्गतका बिभिन्न कार्यालयले रिचार्जवेल कार्यमा बिगत वर्षदेखि सम्पन्न भई सकेका रु. १ करोड ४९ लाख र लामो समयदेखि पेण्डिङ रहेका रु.२ करोड ८५ लाख ६४ हजार देखाएको छ । सम्पन्न भईसकेका निकै पुराना कामहरु सम्बन्धित इकाई कार्यालयमा हस्तान्तरण गरी हिसाब राफसाफ गर्नुपर्नेमा उक्त शीर्षकमा रकम बाँकी देखाएको छ ।

३५. **बैङ्क तथा नगद –**बैङ्क तथा नगदमा रु.२ अर्ब ६९ करोड ७४ लाख बाँकी देखाएको छ । विगत वर्षदेखि नगद मौज्दात रु.१२ करोड ९५ लाख ३७ हजार जिम्मेवारी सार्दै ल्याएकोमा शंकास्पद व्यवस्था गरेको छैन र असुल गर्न सक्ने अवस्थासमेत नदेखिदा सो रकमले नगद मौज्दात बढी प्रस्तुत भएको छ । यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

बैङ्क हिसाबको मासिक रुपमा हिसाब मिलान गर्ने गरेको छैन । बैङ्क खाता र बैङ्क विवरणमा देखिएको मौज्दात रकममा भिडान गर्दा बैङ्क विवरणमा रु.२ करोड ३३ लाख घटी देखिएको छ । बैङ्क खातामा ऋणात्मक मौज्दात रु.३० लाख ११ हजारसमेत देखिएको छ । विगतदेखि हिसाब मिलान विवरणमा देखिएको पहिचान हुन नसकेको निक्षेप रु.१ करोड १९ लाख समायोजन नगरी भिडान नभएको देखाएको उपयुक्त भएन ।

३६. **पेश्की तथा लिन बाँकी –** वर्षान्तमा पेश्की तथा लिन बाँकी रु.४ अर्ब ५ करोड ११ लाख देखाएको छ । आधार बेगर विगत वर्ष लिन बाँकीको लागि रु.८ करोड ८६ लाख ५२ हजार व्यवस्था गरेकोमा यो वर्ष पनि सोही रकम यथावत देखिएको छ । लिन बाकी रकमको सम्बन्धित असामीबाट समर्थनपत्र लिएको छैन ।

३६.१ देवीघाट जलविद्युत केन्द्रले १ हजार ९२ रोपनी जग्गा ४० वर्षको लागि प्रतिरोपनी रु.२२८।४० का दरले वार्षिक ७ प्रतिशत वृद्धि गर्ने गरी एक प्राइभेट लिमिटेडलाई भाडामा दिएको छ । जग्गाको प्रयोग सम्बन्धमा विवादको कारणले रु.४७ लाख ८४ हजार असुल गर्न सकेको छैन । उक्त भाडा रकम २०६६।६७ देखि आयमा लेखाङ्कन समेत गरेको छैन ।

३६.२ महेन्द्रनगर वितरण केन्द्रले चोरी भएको रु.१ लाख ९५ हजार र राजविराज वितरण केन्द्रले अपचलन भएको नगद रु. १० लाख ५२ हजार असुली नगरी कर्मचारी पेश्कीमा देखाएको छ ।

३७. **उपभोक्ता ऋण –** एक दातृराष्ट्रको अनुदान सहायताबाट सञ्चालित कैलाली–कञ्चनपुर ग्रामीण विद्युतीकरण आयोजनामा खर्च भएको कुल रकममध्ये वितरण लाइन तथा ट्रान्सफर्मरको खर्च रु. १७ करोड १४ लाख ९० हजार सम्बन्धित उपभोक्ता समूहबाट मासिक विलमा किस्ता रकम समावेश गरी असुल गर्ने र ढिला

भएमा २ प्रतिशत ब्याजसमेत लगाउने सम्झौता भएको देखिन्छ । सो रकम २०६४/६५ पछि उपभोक्ता समूहबाट उठाएको छैन ।

३८. **कर दायित्व** – नेपाल लेखामान ९ बमोजिम कर दायित्व गणना नगरी २०६६।६७ देखि स्थगन कर दायित्व रु. ६९ करोड ३२ लाख जिम्मेवारी देखाउदै आएको छ । प्राधिकरणले वित्तीय विवरणअनुसार तिर्नुपर्ने स्थगन कर दायित्व यकिन गरेको छैन । वित्तीय विवरणअनुसार अग्रिम आयकर भुक्तानी देखाएको रकम र आय विवरणमा दाबी गरेको रकम प्रत्येक वर्ष फरक देखिएको छ । आय विवरण समयमा दाखिला नगरेबापत जरिबाना तिरेको रु.१ करोड ७१ हजार भुक्तानी प्राप्त गर्नुपर्नेमा देखाएको छ । उक्त रकम खर्चमा लेखाङ्कन गरेको छैन ।

३९. **ऋण लेखाङ्कन** – प्राधिकरण र नेपाल सरकारबीच इलेक्ट्रो मेकानिकल, हाइड्रो मेकानिकल तथा १३२ के.भी. प्रशारण लाइन निर्माण कार्यको लागि भएको सम्झौताको दफा २.०२ बमोजिम नेपाली रुपैयामा ऋण लेखाङ्कन गरी सोबमोजिम ब्याज खर्च गर्नुपर्ने व्यवस्था भएकोमा प्राधिकरणले स्थिर विनिमय दर प्रयोग गरी ऋण लेखाङ्कन गरेबाट रु. १० करोड ४९ लाख ऋण बढी प्रस्तुति भएको छ ।

४०. **तिर्न बाँकी** – प्राधिकरणले तिर्न बाँकी हिसाब रु.२९ अर्ब १३ करोड ७० लाख रहेको छ । कर्मचारीलाई भुक्तानी गर्नुपर्ने दायित्व लगायत तिर्न बाँकी रकमको आयु वर्गीकरण नगरेकोले हिसाब यकिन भएको छैन । पहिचान नभएका समेत १ वर्षभन्दा अगाडिदेखि भुक्तानी बाँकी रु.१२ करोड ७३ लाख ५७ हजार जिम्मेवारी सार्दै आएको पाइयो ।

४१. **आय व्यय हिसाब** – आय व्यय लेखाङ्कनमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४१.१ विद्युत बिक्रीमा लेखा शाखामा देखाएको खर्च विद्युत बिक्री अभिलेखमा भएको भन्दा रु.४३ करोड ७१ लाखले बढी छ । विद्युत खपत युनिटका आधारमा विद्युत बिक्री हुनुपर्ने भए तापनि विद्युत बिक्रीको प्रतिवेदनमा विद्युत नोक्सान प्रतिवेदनभन्दा १ लाख ९१ हजार ७५६ युनिट बढी बिक्री देखाएको । बढी आम्दानी लेखाङ्कन हुनुको कारण जाँचबुझ गरेको छैन ।

४१.२ ग्रामीण विद्युतीकरणमा जनसहभागिताको रकमलाई पूँजीगत जगेडामा लेखाङ्कन गरेको छ । उक्त जनसहभागिताबाट निर्मित सम्पत्तिको ह्रासको अनुपातमा जगेडा हिसाबबाट आय लेखाङ्कन गर्नुपर्नेमा अधिकांश कार्यालयले सो रकम आयमा समावेश गरेका छैनन् ।

४१.३ विगत लामो अवधिदेखि स्टोरमा नभएका रु.२ करोड ११ लाख ६१ हजारका विद्युत सामग्री, औजार, उपकरणको खोजबिन गरेको छैन । सम्पत्तिबापत व्यवस्था पनि गरेको छैन ।

४१.४ पर्याप्त आधार बेगर नै रु. ८८ लाख ८५ हजारको खर्च लेखाङ्कन गरेको छ । लेखा विभागले देखाएको कर्मचारी सम्बन्धी खर्च र तलब भुक्तानीको जम्मा रकममा रु. ५ करोड २५ लाख ८४ हजारले फरक रहेकोमा छानविन गरी हिसाब मिलान गरेको देखिएन ।

- **बेरुजू स्थिति** – मन्त्रालय र मातहतसमेत ५ निकायमा यो वर्ष रु.८२ करोड ६८ लाख २९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८० करोड ११ लाख ३९ हजार फछ्यौंट गरेकाले रु.२ करोड ५६ लाख ९० हजार बाँकी रहेको छ । सोमध्ये रु.२ करोड ३ लाख ८८ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

कृषि विकास मन्त्रालय

मन्त्रालय र मातहतसमेत ३४२ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१० अर्ब ६९ करोड ९२ लाख ३६ हजार, राजस्वतर्फ रु.४१ करोड ३५ लाख २ हजार, धरौटीतर्फ रु.९ करोड ३८ लाख ७२ हजार र अन्य कारोबारतर्फ रु.४ करोड ४१ लाख ७१ हजार गरी रु.११ अर्ब २५ करोड ७ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

मन्त्रालयमातहतका संगठित संस्था ४, अन्य संस्था ५, समिति १० समेतको रु ८ अर्ब १७ करोड ४९ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुदान –** यो वर्ष मन्त्रालयले कार्यक्रम सञ्चालन गर्न विभिन्न समिति, बोर्ड तथा संघसंस्था ९ लाई रु.४ अर्ब ३८ करोड ६८ लाख सशर्त अनुदान दिएको पाइयो । अनुदान सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१.१ कृषि अनुसन्धान परिषद्लाई कार्यक्रम सञ्चालन गर्न रु.१४ करोड उपलब्ध गराएको मध्ये रु.१३ करोड ६८ लाख ३२ हजार खर्च भएकोमा बाँकी रु.३१ लाख ६८ हजार फिर्ता गरेको छैन । अनुदानमध्ये पूँजीगत कार्यको प्रगति र खर्चको विवरण लिई निर्धारित शर्तबमोजिम काम भए नभएको अनुगमन मूल्याङ्कन गरेको छैन । बचत रकम असुल गरी सञ्चितकोष दाखिला गर्ने जवाफ प्राप्त भएको छ ।

१.२ मन्त्रालयले राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडलाई गहुँ खरिदबापत चालु अनुदान रु.५० लाख उपलब्ध गराएको छ । उक्त रकमबाट ५०० मेट्रिकटन गहुको बीउ खरिद गरी बिक्री गर्ने कार्यक्रम रहेकोमा खरिद गरी बिक्री गरेको विवरण पेश नभएबाट कार्यक्रम सञ्चालनको स्थिति यकिन गर्न सकिएन ।

२. **बिदाको अभिलेख –** दीर्घकालीन कृषि योजनाअन्तर्गत छात्रवृत्ति शीर्षकबाट रु.१ करोड खर्च भएको देखिन्छ । साथै अन्य सहयोगी संस्थाबाटसमेत स्वदेशका विभिन्न संस्थामा ९६ तथा वैदेशिक छात्रवृत्तिमा नेदरलैण्ड, अमेरिका लगायतका ५ देशमा ५ कर्मचारी विविध विषयमा अध्ययनरत रहेको देखिएको छ । मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार विभिन्न स्रोतबाट २०६५।६६ मा ४७, २०६६।६७ मा १२५ र २०६८।६९ मा ६९ कर्मचारी स्वदेश तथा विदेशमा अध्ययनार्थ मनोनयन भएको देखिन्छ । अध्ययनमा गएका कर्मचारीहरु अध्ययन पूरा गरी स्वदेश फर्की पदस्थापन भएको अभिलेख राखेको देखिएन । यससम्बन्धी व्यहोरा गत विगत वर्ष पनि औंल्याएकोमा सुधार भएको देखिएन । यसमा पी.आई.एस. सफ्टवेयर खरिद कार्य अन्तिम चरणमा पुगिसकेकोले तेस्रो चौमासिकदेखि अद्यावधिक गरी व्यवस्थित गरिने जवाफ प्राप्त भएको छ ।

३. **बीउ बिजन खरिद –** नेपाल सरकारको २०६८।६९ को बजेट तथा कार्यक्रममा कृषकहरुलाई उन्नत बीउ बिजन खरिद मूल्यमा अनुदान उपलब्ध गराउने उल्लेख थियो । सोअनुसार कृषकहरुलाई उन्नत बीउ बिजन खरिद मूल्यमा अनुदान उपलब्ध गराउने कार्यविधि, २०६८ तयार गरी कार्यान्वयनमा ल्याएको छ । कार्यविधिको दफा ३ अनुसार २०६९ वैशाखदेखि आषाढ मसान्तसम्म निजी तथा सरकारी स्रोतबाट ९४६.८४८ मेट्रिकटन धानको लागि रु.१ करोड १० लाख १७ हजार राष्ट्रिय बीउ बिजन कम्पनीमार्फत अनुदान दिई खर्च लेखेको देखिन्छ । धानको बीउमध्ये ५७९.७५३ मेट्रिकटन मात्र आपूर्ति गरेको र सोको अनुदान रकम रु.६५ लाख ३० हजारमात्र हुनेमा बाँकी रु.४४ लाख ८७ हजार राष्ट्रिय बीउ बिजन कम्पनीमार्फत फिर्ता गरी राजस्व दाखिला हुनुपर्ने देखिएकोमा उक्त रकम दाखिला भएको देखिएन । साथै राष्ट्रिय कृषि नीति २०६१ अनुसार

लागत सहभागिताको आधारमा लक्षित समूहका कृषकको नाम, परिमाण, तराई तथा पहाडको क्षेत्रफल गणना गरी अनुदान उपलब्ध गराउनुपर्नेमा सोअनुसार गराएको आधार प्रस्तुत भएन । मन्त्रालयले बाँकी रकम राजस्व दाखिला गर्ने र अन्य व्यहोरामा अनुदान वितरण समितिबाट छलफल गरी उचित निर्णय लिइने प्रतिक्रिया दिएको छ ।

३.१ कार्यविधिअनुसार धान, गहुँ, मकै, तोरीलगायत १२ जातका बालीमा जात एवं प्रकार हेरी २५ देखि ५० प्रतिशतसम्म बीउमा मूल्य अनुदान दिन सकिने उल्लेख भएकोमा धानबाहेक अन्य बीउमा अनुदान दिएको देखिएन ।

३.२ राष्ट्रिय बीउ बिजन कम्पनीले यो वर्ष विभिन्न ठाउँबाट खरिद गरी १ हजार २३०.४२ मेट्रिकटन थप धानको बीउ कृषकहरुलाई उपलब्ध गराएको देखिन्छ । नेपाल कृषि अनुसन्धान परिषद्ले रिसर्च फर्म स्टेशनहरुबाट उत्पादित बीउ बिजन बिक्री वितरण गर्दै आएकोमा परिषद्अन्तर्गत हर्दिनाथ धानबाली अनुसन्धान केन्द्र, धनुषामा ३१ मेट्रिकटन, बेलाचापी फर्ममा १८ मेट्रिकटन र तरहरा क्षेत्रीय अनुसन्धान केन्द्रमा १९ मेट्रिकटन धानको बीउ बिक्री हुन नसकी मौज्दातमा रहेको देखिन्छ । सरकारी निकायले उत्पादन गरेको गुणस्तरीय बीउ बिक्री नभई न्यून मूल्यमा खाद्य प्रयोजनमा बिक्री गरेको अवस्था छ । अन्तर निकायबीच समन्वय नहुँदा महंगोमा बीउ खरिद गर्नुपर्ने अवस्था सिर्जना भएको छ । उक्त निकायहरुबीच समन्वय गरी बीउ बिजन बिक्रीको व्यवस्था हुनुपर्दछ ।

४. **रासायनिक मल खरिद –** रासायनिक मल आपूर्ति सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४.१ मन्त्रिपरिषद्को २०६५।१२।१२ को निर्णयानुसार मल आपूर्तिको व्यवस्था गरी बिक्री मूल्य र लागत मूल्यमा हुने फरक रकम अनुदान उपलब्ध गराउने नेपाल सरकारको नीतिअन्तर्गत यो वर्ष २ लाख मेट्रिकटन मल अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेको देखिन्छ । मलको मूल्य बढेको कारण कार्यक्रम संशोधन गरी १ लाख ७० हजार मेट्रिकटन आपूर्ति गर्न रु.३ अर्ब ४३ करोड ८० लाख कृषि सामग्री कम्पनी लिमिटेडलाई निकासा दिएको देखियो । यो वर्ष १ लाख ४५ हजार मेट्रिकटन रासायनिक मल वितरण गरी रु.३ अर्ब १४ करोड ७९ लाख अनुदान वितरण गरेको छ । वार्षिक कार्यक्रमअनुसारको मल उपलब्ध गराउन नसकेकोले कृषि क्षेत्रको लक्ष्यमा सकारात्मक योगदान पुग्ने स्थिति देखिएन ।

४.२ रासायनिक मलमा अनुदान दिने मूल्य कायम गर्दा भारत बजारको खुद्रा मूल्य, हैण्डलिङ चार्ज, डिलर कमिसन जोडी सोमा २५ प्रतिशत थप गर्दा हुने मूल्यबीचको अन्तर अनुदान उपलब्ध गराउने गरेको छ । कृषकलाई राहत दिने गरी दिएको अनुदानको सञ्चालन कृषि सामग्री कम्पनीले गरेकोमा सोबापत नेपाल सरकारले हैण्डलिङ चार्जबापत युरियामा प्रतिमेट्रिकटन रु.१ हजार २२८ र डी.ए.पी.मा रु.२ हजार १७२ तथा डिलर कमिसन दुबैमा प्रतिमेट्रिकटन रु.२५० अनुदान उपलब्ध गराएको छ । अनुदान उपलब्ध गराउँदा मूल्य निर्धारण आधार स्पष्ट नगरी उच्चस्तरीय मल आपूर्ति व्यवस्थापन समितिको २०६७।२।२ को निर्णयानुसार अनुदान दिने गरेकोले त्यसमा पुनरावलोकन हुनुपर्ने देखिएको छ ।

वितरण प्रणालीलाई व्यवस्थित र विश्वसनीय बनाउन आवश्यकता पहिचान गरी मन्त्रालयमा विज्ञसहितको जनशक्तिको व्यवस्था हुनुपर्ने साथै विगतमा मल आपूर्ति सम्बन्धमा प्राप्त गुणस्तरलगायतका गुनासा सम्बोधन गर्न यथेष्ट संयन्त्र निर्माण गरी मन्त्रालयबाट अनुगमन हुनुपर्दछ । उच्चस्तरीय अनुदान वितरण व्यवस्थापन समितिमा छलफल गराई समसामयिक निर्णय गरिने जानकारी मन्त्रालयले दिएको छ ।

५. **हिसाब फरक –** कृषि सामग्री कम्पनीलाई दिने अनुदान हिसाब फरफारक गर्नको लागि मन्त्रालयले २०६९।४।३० मा ४ सदस्यीय फरफारक टोली गठन गरेको थियो । उक्त टोलीले २०६९।९।९ मा अनुदान वितरण समिति समक्ष प्रतिवेदन पेश गरेको छ । उक्त प्रतिवेदनको अध्ययन गर्दा निम्न व्यहोरा देखिएका छन्:

५.१ प्रतिवेदनमा कृषि सामग्री कम्पनीलाई लागत सहभागितामा उपलब्ध गराएको रासायनिक मल अनुदानतर्फ रु.३ अर्ब ४३ करोड ८० लाख र प्राङ्गारिक मल अनुदानतर्फ रु.५ करोड २७ लाख ४४ हजारसमेत रु.३ अर्ब ४९ करोड ७ लाखमा रु.३ अर्ब १८ करोड ७३ लाख खर्च भएको देखिन्छ । फरफारक हुन बाँकी रु.३० करोड

३४ लाख ७४ हजार फिर्ता प्राप्त गरी राजस्व दाखिला हुनुपर्दछ । फिर्ता प्राप्त गर्नुपर्ने रकम आगामी निकासामा मिलान गरिने जानकारी मन्त्रालयले दिएको छ ।

५.२ प्रतिवेदनमा २०६७।६८ र २०६८।६९ मा खरिद भएको ६० हजार मेट्रिकटन युरिया मलमध्ये ४६ हजार ५०० मेट्रिकटनको अन्तिम मूल्य प्राप्त भई आउँदा खुद मूल्य रु.९ करोड ५१ लाख १७ हजार बढेकोले उक्त रकम अनुदान खर्चमा समावेश गरेको छ । यसमा टोलीले सम्भौताको व्यवस्था, मूल्य बढ्नुको कारण, आर्थिक वर्षगत रकमको विवरण नखुलाई कम्पनीले देखाएकै मूल्यको आधारमा दाबी गरेको अनुदान रकमलाई खर्चमा समावेश गरेको छ । मन्त्रालयलेले आपूर्तक कम्पनीको अन्तिम मूल्यलाई नै आधार लिएको प्रतिक्रिया दिएको छ ।

५.३ युरिया मल गतवर्षको मौज्दात १२ हजार ८७७ मेट्रिकटन र मार्गस्थ ३२ हजार ३८५ समेत जम्मा मौज्दात ४५ हजार २६२ मेट्रिकटन भएकोमा २०६८।६९ को खरिद ९२ हजार ९१७ मेट्रिकटनसमेत १ लाख ३८ हजार १७९ मेट्रिकटन देखिन्छ । उक्त मलमध्ये यो वर्ष ९७ हजार ९५७ मेट्रिकटन बिक्री वितरण गरेको देखिन्छ । वितरण गरेको मल घटाउँदा कम्पनीसँग ४० हजार २२२ मेट्रिकटन मौज्दात मार्गस्थ हुनुपर्नेमा २१ हजार ७७ मौज्दात रहेबाट १९ हजार १४५ नपुग देखिन्छ । कम्पनीले पेश गरेको बिक्री विवरणअनुसार ९७ हजार ९५७ मेट्रिकटनको बिक्री मूल्य रु.१ अर्ब ८४ करोड ४९ लाखमा प्रतिमेट्रिकटन औसत रु.१८ हजार ८३४ ले मूल्य कायम गर्दा फरक परिमाण १९ हजार १४५ मेट्रिकटनको हुने रु.३६ करोड ५ लाख ८० हजार सम्बन्धमा प्रष्ट पार्नुपर्ने देखिन्छ ।

यो वर्ष डी.ए.पी. २७ हजार ५०० मेट्रिकटन खरिद भएकोमा बिक्री ४३ हजार १४६ मेट्रिकटन देखिन्छ । जिन्सी मौज्दात विवरणमा फरक परिमाण १५ हजार ६४६ मेट्रिकटनको हुने रु.५१ करोड १० लाख ४७ हजारको हिसाब स्पष्ट हुनुपर्छ ।

५.४ कृषि सामग्री कम्पनी लिमिटेडको अन्तिम लेखापरीक्षण प्रतिवेदनअनुसार पोटासमा यो वर्ष १ हजार ४३५.२०० मेट्रिकटन खरिद गरी ३ हजार ७११ मेट्रिकटन बिक्री देखिएकोमा गतवर्षको मौज्दात रहेको नदेखिएकोले कारण स्पष्ट गर्नुपर्दछ ।

६. **रकम फिर्ता –** मूल्य अभिवृद्धि गरी स्थानीय एवं निर्यात सम्भावित कृषि उपजको उत्पादन एवं व्यवसायीलाई लाभान्वित गर्दै स्थानीय समुदायको गरिबी निवारण गर्ने उद्देश्यले रामेछाप र सिन्धुलीलगायत २१ जिल्लामा एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन भएको छ । नेपाल सरकारबाट प्राप्त अनुदान नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको कृषि उद्यम केन्द्रमार्फत कार्यक्रम कार्यान्वयन हुने गरेको छ । यो वर्ष रु.३ करोड ३० लाख ६५ हजार निकासामध्ये रु.२ करोड ४५ लाख २८ हजार खर्च भएकोले बाँकी रु.८५ लाख ३७ हजार सञ्चितकोष दाखिला गर्नुपर्दछ । उक्त रकम फिर्ता दाखिला गरिने प्रतिक्रिया मन्त्रालयले दिएको छ ।

७. **जिन्सी दाखिला –** विभिन्न दर्जाका ८ सेवानिवृत्त पदाधिकारीले स्मार्ट कम्प्युटर, मोटरसाइकललगायत ४ प्रकारका सामानहरु मन्त्रालयमा फिर्ता नगरी सेवाबाट अवकाश लिएको देखियो । भण्डार शाखाको अभिलेखमा अवकाश वा सरुवा भएका कर्मचारीको नाम र सामानको मूल्य खुलेको छैन । साथै मूल्य खुलेको विवरणअनुसार रु.५ लाख ७ हजारको जिन्सी सामानहरु मन्त्रालयमा कार्यरत नरहेको कर्मचारीहरुले बुझिलिएको तर फिर्ता दाखिला भएको नदेखिएकोले छानबिन गरी सामानको मूल्य असुल गर्नुपर्दछ । सम्बन्धित कर्मचारीलाई प्रहरीमार्फत पत्राचार गर्ने कार्य सुरु गरिएको प्रतिक्रिया दिएको छ ।

कृषि विभाग

८. **जग्गा उपयोग र संरक्षण –** कृषि विभागमातहतका कार्यालयहरुको नाममा रहेका जग्गा कतिपय ठाउँमा अतिक्रमणमा र बाँझो अवस्थामा रहेको देखिन्छ ।

क्र.सं.	निकायको नाम	इकाई	क्षेत्रफल	उपयोग क्षेत्रफल	अनुपयोग क्षेत्रफल	जग्गाको अवस्था
१	अलैंची विकास केन्द्र, इलाम	रोपनी	३७३	१६९	२०४	बाँझो
२	क्षेत्रीय कृषि निर्देशनालय, विराटनगर	बिगाहा	३–७–१७	१–४–०	२–३–१७	१ बिगाहा अतिक्रमणसमेत
३	रेशम विकास कार्यक्रम, पोखरा	रोपनी	१४०	१२२	१८	बाँझो

सम्पत्तिको उचित संरक्षण गरी उपयोग गर्न ध्यान पुऱ्याउनुपर्दछ ।

९. **कार्यक्रम सञ्चालन –** बाली संरक्षण निर्देशनालयले १९ जिल्लाका २० अधिकृतस्तरका कर्मचारीको लागि २०६८।११।१५ देखि ८५ दिनसम्म इन्टिग्रेटेड प्रेष्ट मेनेजमेन्ट प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम सञ्चालन गरेको छ । उक्त तालिम धुलिखेलस्थित एक निजी तालिम केन्द्रमा गराई खाना र आवासबापत रु.१५ लाख ८४ हजार, हलभाडा ६० हजार, जेनेरेटर भाडा १७ हजार तथा मूल्य अभिवृद्धि कर रु.२ लाख १६ हजार भुक्तानी गरेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्थाबमोजिम प्रतिस्पर्धासमेत नगराई सो विभागको तालिम केन्द्रमा नगरी बाहिर कार्यक्रम सञ्चालन गर्नाको कारण स्पष्ट भएन ।

१०. **मल ढुवानी –** झापाको विर्तामोडबाट ताप्लेजुङका विभिन्न ५ सेवा केन्द्रमा एक व्यवसायीमार्फत रासायनिक मल ढुवानी गराई जिल्ला कृषि विकास कार्यालय, ताप्लेजुङले ४ हजार ५०० बोरा अर्थात २ लाख २५ हजार के.जी मल खरिद गरेको बिल संलग्न गरी रु.२७ लाख ६० हजार भुक्तानी दिएको देखियो । मल ढुवानी तथा वितरण गरेको कागजात आधिकारिक निकायबाट प्रमाणित गरेको देखिएन । त्यसैगरी जिल्ला कृषि विकास कार्यालय मुस्ताङले पनि निर्देशिकाअनुसारको प्रक्रिया तथा प्रमाण नपुऱ्याई एक मल ढुवानी व्यवसायीलाई ढुवानीबापत रु.४ लाख ४० हजार भुक्तानी दिएकोछ ।

पशुसेवा विभाग

११. **घुम्ती कोष –** तत्कालीन पशुस्वास्थ्य सेवा सुदृढीकरण आयोजनाअन्तर्गत सबै जिल्लास्थित पशुसेवा कार्यालयलाई उपलब्ध गराउन रु.३ करोड ५० लाखको घुम्ती कोष व्यवस्था भएको थियो । उक्त कोषबाट भएको निकासा, लगानी र उठ्न बाँकी रकमको विवरण लेखापरीक्षणको लागि पेश भएको छैन । यस वर्षसम्ममा जिल्ला पशुसेवा कार्यालय ७५ अर्न्तगत ३ हजार १७६ ग्रामीण पशुस्वास्थ्य कार्यकर्तालाई ऋणबापत रु.४ करोड २२ लाख ४८ हजार लगानी भएको छ । सोमध्ये रु.२ करोड ३० लाख ३६ हजार असुली भई १ हजार ५१६ ग्रामीण पशुस्वास्थ्य कार्यकर्ताबाट रु.१ करोड ८३ लाख २८ हजार असुल हुन बाँकी देखिन्छ । सोमध्ये रु.१ करोड २१ लाख १४ हजार म्याद नाघेको छ । त्यसैगरी गत बिगतदेखि जिल्ला पशुसेवा कार्यालय बैतडी, सिन्धुली, दोलखा तथा भोजपुरले कोषको कारोबारको लेखापरीक्षण गराएका छैनन् ।

१२. **उपकरण प्रयोग –** क्षेत्रीय पशुरोग अन्वेषण प्रयोगशाला, विराटनगरमा करिब रु.१० लाख पर्ने माइनस ४० को डिफ्रिज १ र करिब ५ लाख पर्ने माइनस ३० को डिफ्रिज १ प्रयोग विहीन अवस्थामा रहेको पाइयो । प्रयोगशालामा २ डिफ्रिज भए पुग्नेमा सो हुँदाहुँदै दुई वर्ष अगाडि बर्डफ्ल्यु आयोजना र जाइकाबाट हस्तान्तरण गरी पठाएकोले प्रयोग नगरी राख्नु परेको कार्यालयले २०६९।६।२१ को प्रतिक्रियामा जनाएको छ । उक्त सामान आवश्यकताअनुसार अन्यत्र प्रयोगको लागि व्यवस्था हुनुपर्ने देखिन्छ ।

इन्सिनेटर एक र बायोसेफ्टी क्याबिनेट एक ल्याब प्रयोजनमा जडान नगरी २ वर्ष अगाडिदेखि प्रयोगहीन अवस्थामा कम्पाउण्ड हातामा रहेको पाइयो । प्रयोगशालामा आवश्यक भए पनि जडान हुन नसक्दा प्रयोगमा ल्याउन नसकिएकोले काममा बाधा परेको २०६९।६।२१ को प्रतिक्रियामा जनाएको छ । अत: यस्ता उपकरणको सदुपयोग गर्ने व्यवस्था मिलाउनुपर्छ ।

कमर्सियल एग्रिकल्चर एलायन्स

१३. **आन्तरिक लेखापरीक्षण –** एलायन्सको यो वर्षको आन्तरिक लेखापरीक्षणको लागि नियुक्त एक चार्टर्ड एकाउन्टेन्ट कम्पनीले शाखा कार्यालयलगायत केन्द्रको लेखापरीक्षण गरी प्रतिवेदन सञ्चालक समिति समक्ष २०६९।६।२८ मा पेश गरेको छ । प्रतिवेदनमा औंल्याइएका व्यहोरामध्ये केही भुक्तानीको भरपाई नभएको, लेखाङ्कन त्रुटिहरु समायोजन नगरेको, भ्रमण बिलहरु स्वीकृत नभएको, स्वीकृत भ्रमण अवधि र भ्रमण खर्च भुक्तानीबीच तालमेल नदेखिएको, कार्यालयमा कर्मचारी अनुपस्थिति रहेको, कर कट्टी रकम ढिला दाखिला गरेको, पेश्कीमाथि पेश्की दिने गरेको, लेखापरीक्षणको सिलसिलामा सेस्ताहरु उपलब्ध नभएको लगायतका व्यहोराहरु औंल्याइएकोमा फछ्यौंट गरेको छैन । प्रतिवेदनमा उल्लेख भएअनुसार एलायन्समा आन्तरिक नियन्त्रणको कमी कमजोरी विद्यमान रहेकोले सुधार हुनु जरुरी छ ।

१४. **तलब वृद्धि –** चालु वर्षमा भएको मुद्रास्फितिसमेतको कारण जनाई सञ्चालक समितिको २०६८।८।२८ को निर्णयले कर्मचारीको तलबमानमा २०६८ श्रावणदेखि लागू हुने गरी ५.२२ देखि ५६.८६ प्रतिशतसम्म तलब वृद्धि गरी यो वर्ष रु.८ लाख ३७ हजार तलब वृद्धिबापत भुक्तानी गरेको छ । अर्थ मन्त्रालयको सहमतिबेगर महाप्रबन्धकको मासिक रु.१ लाख २१ हजार र सहयोगीको रु.८ हजारका दरले मासिक तलब खर्च लेखेको छ । तलब वृद्धि गर्दाको आधार एवं निर्णय पेश भएन ।

सप्तकोशी बाढी पीडित पुनर्स्थापना कार्यालय

सप्तकोशी पूर्वतर्फको तटबन्ध २०६५।५।२ मा भत्की सुनसरी जिल्लाको विभिन्न भूभागमा जनधनलगायत कृषि बाली, वस्तु तथा पशुपक्षीमा ठूलो क्षति पुग्न गएकोले सुनसरी जिल्लाको श्रीपुर, हरिपुर, पश्चिम कुशाह र लौकही गाउँ विकास समितिहरुमा प्रभावित घरपरिवारलाई पशुपक्षी तथा नगदेबाली र अन्य बाली कार्यक्रममार्फत पुन: स्थापना गर्ने उद्देश्यले यो कार्यालय स्थापना भई कार्य सञ्चालन हुदै आएको छ ।

१५. **कार्यक्रम कार्यान्वयन –** अर्थ मन्त्रालयबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित मन्त्रालयले मातहत कार्यालयलाई कार्यक्रमसहित बजेट खर्चको अख्तियारी प्रदान गर्नुपर्नेमा २०६८।११।२ मा रु.२ करोड तथा २०६९।३।१५ मा रु.७ करोड ७४ लाखको अख्तियारी पठाएको देखियो । कार्यालयको कुल खर्च रु.९ करोड ७१ लाख ६७ हजारमध्ये तेस्रो चौमासिकमा रु.९ करोड ३९ लाख २३ हजार खर्च गरेको र खर्चमध्ये रु.७ करोड ८५ लाख ६३ हजार आषाढ महिनामा खर्च गरेको देखिन्छ । यससम्बन्धी छलफल गर्दा २०६८।११।२ मा स्वीकृत कार्यक्रम प्राप्त भएको र सो कार्यक्रम अर्थ मन्त्रालयको सहमतिमा २०६८।९।८ मा राष्ट्रिय योजना आयोगबाट स्वीकृत भई सोअनुसार ठेक्का बन्दोबस्त गरी कार्य गराउदै आएकोमा २०६९।३।१५ मा थप अख्तियारी आएकोले आषाढमा बढी भुक्तानी देखिएको कार्यालयले जनाएको छ ।

१६. **जग्गा सुधार –** क्षतिको प्रकृतिअनुरुप जग्गाको वर्गीकरण माटोको प्रकृति र गहिराईअनुरुप सम्भाव्य बालीहरुको पहिचान तथा सिफारिस गरेको आधारमा जग्गा सुधार गर्नुपर्ने हुन्छ । बाढी प्रभावित क्षेत्र २ हजार ३४० हेक्टरमध्ये यस वर्ष मध्यम र अत्यधिक क्षतिग्रस्त क्षेत्रको ३५० हेक्टर सुधार गर्ने लक्ष्य रहेकोमा ४७०.३९ हेक्टर सुधार गरी रु.३ करोड ८ लाख ४३ हजार खर्च गरेको छ । लेखापरीक्षणको सिलसिलामा सुधार भएको जग्गाको २०६९।६।२६ मा स्थलगत निरीक्षण गर्दा प्रभावित क्षेत्रको वर्गीकरणअनुसार कम, मध्यम तथा अतिप्रभावितमा वर्गीकरण गरी प्लट नम्बर छुट्याई गरेको भनिए तापनि स्थलगत रुपमा त्यसरी वर्गीकरण गरी खुलाएको देखिएन ।

बाढी प्रभावित क्षेत्रको कुल २ हजार ३४० हेक्टरमध्ये यो वर्षसम्म १ हजार ७३४.१० हेक्टर मा सुधार कार्य सम्पन्न गरेको उल्लेख छ । क्षति प्रभावित क्षेत्रको अनुमान जी.पी.एस.नापको आधारमा गरेको र सतह सुधारको कार्यको विवरण वर्गिकृत क्षेत्रको आधारमा गरेको उल्लेख छ । प्रभावित क्षेत्रमध्ये सुधार गरेको र गर्न बाँकी देखिने गरी चेनेज नम्बर, बेन्चमार्क तथा ब्लक एरिया फिल्डमा छुट्टाएको देखिएन । उक्त

जग्गाको जियोग्राफिकल पोजिसनिङ सिस्टमबाट दूरी लिई क्षेत्रफल यकिन गरी जग्गा सुधारबापत भुक्तानी गरेको भने तापनि नापीको वैज्ञानिक आधार लेखापरीक्षणमा खुल्न आएन ।

१७. **कम्पोष्ट मल आपूर्ति –** उक्त क्षेत्रमा माटोको हैसियत बिग्रिएकोले कम्पोष्ट मल खरिद गरी ४७०.३९ हेक्टर क्षेत्रफल माटोको पुनर्स्थापना गर्ने कार्यक्रम तय गरेको छ । उक्त कार्यको लागि २०६८।११।११ मा पहिलो पटक बोलपत्र माग गर्दा ३ बोलपत्र परेकोमा २०६९।१।७ को बोलपत्र मूल्याङ्कन समितिले प्राविधिक मूल्याङ्कनमा छनौट हुन नसकेको कारण जनाई अस्वीकृत गरेको छ । दोस्रो पटक २०६९।१।११ मा बोलपत्र माग गर्दा एक मल उद्योगको मूल्य अभिवृद्धि करबाहेक रु.३ करोड ८८ लाख ५० हजार (प्रतिमेट्रिकटन रु.१८ हजार ५००।–) को बोलपत्र स्वीकृत गरी २ हजार २६४.९६ मेट्रिकटन मलको खरिद गरी रु.४ करोड १५ लाख १८ हजार भुक्तानी गरेको छ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

व्यावसायिक कृषि तथा व्यापार आयोजना

कृषि क्षेत्रको व्यबसायिकतामा केन्द्रित रही रणनैतिक उपायको अबलम्बन गरी कृषि उपजहरुको मूल्य श्रृङ्खलामा आबद्ध साना कृषक र कृषि व्यबसायको प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्नका लागि २०६६ कार्तिकबाट यो आयोजना २५ जिल्लामा कार्यान्वयनमा रहेको छ । आयोजनाबाट सञ्चालित कार्यक्रमहरुको कार्यदक्षता एवं प्रभावकारिताको आधारमा मूल्याङ्कन तथा बिश्लेषण गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

१८. **उपआयोजना छनौट तथा कार्यान्वयन** – कृषि तथा ग्रामिण व्यवसायको लागि प्रविधि सूचना तथा बजार पूर्वाधार सहयोगअर्न्तगत क्याटगोरी १ मा कुल लागतको ७० प्रतिशत आयोजनाले अनुदान दिने तथा ३० प्रतिशत आयोजनाका सहभागीले ब्यहोर्नुपर्ने र क्याटगोरी २ मा कृषि व्यवसाय सहयोगअर्न्तगत व्यवसायिक कृषि उद्यमहरु, कृषि उपज संघसंस्थाहरुका लागि कुल लागतको ५० प्रतिशत आयोजनाले अनुदान दिने तथा बाँकी ५० प्रतिशत लाभग्राहीले व्यहोर्ने ब्यवस्था छ ।

१८.१ प्रथम आह्वानअन्तर्गत छनौट भएका ५२ उपआयोजना ८७ विषयगत क्षेत्रअन्तर्गत ३० सहकारी, ११ कृषक समूह, ५ प्राइभेट फर्म तथा ६ एसोसिएशन छनौट भई सञ्चालनमा रहेका छन् । छनौटमध्ये सबैभन्दा बढी तरकारी खेतीमा २७ उपआयोजना (५१.९२ प्रतिशत) तथा सबैभन्दा न्यून आलुको बीउमा १ उपआयोजना (१.९२ प्रतिशत) रहेको छ ।

दोस्रो आह्वानअन्तर्गत कुल २५ विषयगत क्षेत्रअन्तर्गत ४५८ पूर्ण प्रस्ताव परेकोमा छनौट भएका २३४ उपआयोजनामध्ये २०२ उपआयोजनासँग सम्झौता भएको छ । छनौटमध्ये दूध प्रशोधनमा ५५ उपआयोजना रहेका छन् जसका ३१ सरकारी, ४ कृषक समूह र २० प्राइभेट फर्महरु छन् । त्यस्तै तरकारी खेतीमा ५१, कुखुरापालनमा १६ उपआयोजना रहेका छन् । सबैभन्दा न्यून कार्डमम, मेवा तथा रेन्वो ट्राउडमा १/१ रहेका छन् ।

प्रथम आह्वानअर्न्तगतका सबै उपआयोजनाले किस्ता लगेका, दोस्रो आह्वानअर्न्तगतका २०२ मध्ये ८७ उपआयोजनाले मात्र किस्ता लगेको तेस्रो आह्वानका १ हजार ४४७ अबधारणापत्र निर्णयको प्रक्रियामा रहेका छन् ।

१८.२ पूर्ण प्रस्तावबाट छनौट २३४ मध्ये अन्तिम चरणमा छनौट भएका कुल २१८ उपआयोजनामध्ये यो वर्षसम्म २०२ उपआयोजनासँग सम्झौता भएको छ तापनि बाँकी १६ उपआयोजनाको विषयमा निर्णय भएको पाइएन । यस्तै उपआयोजना छनौट चरण नै लामो भएको अवस्थामा सम्झौता भई सकेपछि पनि ६६ उपआयोजनाले किस्ता रकम भुक्तानी नलग्दा समयमानै उपआयोजनाहरु सम्पन्न हुन सक्ने स्थिति देखिदैन ।

१८.३ विश्व बैङ्कसँग भएको सम्झौताअनुसार ३५० उपआयोजना सञ्चालनमा ल्याउने कार्यक्रम रहेकोमा दोस्रो आह्वान अर्थात् २०६८।६९ को अन्तसम्म प्रथम आह्वानको ५२ तथा दोस्रो आह्वानको २०२ समेत कुल

२५४ उपआयोजनासँग सम्झौता भई कुल उपआयोजनाको लागत रु.१ अर्ब ३५ करोड ६ लाख ४१ हजारमध्ये लाभग्राहीले व्यहोर्ने रु.६८ करोड ९३ लाख १६ हजार अर्थात् (५१.०३ प्रतिशत) तथा आयोजनाबाट अनुदान उपलब्ध हुने रु.६६ करोड १३ लाख २५ हजार (४९.९७ प्रतिशत) रहेको छ ।

बारा जिल्लामा सबभन्दा कम ३ उपआयोजनामा रु.७३ लाख ९७ हजार अनुदान रहेको तथा कपिलवस्तु जिल्लामा सबभन्दा बढी २७ उपआयोजनाका लागि रु.५ करोड ६६ लाख ९६ हजार अनुदान उपलब्ध गराउने गरी सम्झौता भएको छ । त्यस्तै रकमगत रुपमा काठमाडौं जिल्लामा कुल २१ उपआयोजनाका लागि रु.५ करोड ९६ लाख २९ हजार अनुदान दिने गरी सम्झौता भएको छ । खुल्ला प्रस्ताव आह्वानबाट प्रतिस्पर्धात्मक रुपमा उपआयोजना छनौट गरिएकोले जिल्लागत रुपमा असन्तुलित रुपमा उपआयोजना सञ्चालनमा रहेको आयोजनाको जवाफ रहेको छ ।

उपआयोजनाहरु छनौट प्रक्रियालाई शीघ्र सम्पन्न गरी किस्ता भुक्तानी तथा कार्यान्वयनमा सक्रियता ल्याउनुपर्ने देखिन्छ । सम्झौता हुन बाँकी उपआयोजनाहरुको सम्बन्धमा आयोजनाको उद्देश्यबमोजिम योग्य मूल्य श्रृङ्खलाको विषयका उपआयोजना भए नभएको यकिन गरी समयमा नै सम्झौता हुने नहुने आवश्यक निर्णय हुनुपर्दछ । सम्झौताको कार्य तालिकाअनुसार कार्य गराउन क्षेत्रीय प्राविधिक सहयोग समूह तथा प्रविधिक सहयोग समूहलाई परिचालन गरी अनुगमन प्रक्रियालाई चुस्त बनाई कार्यसम्पादन गर्नुपर्ने देखियो ।

१९. **उपआयोजना सञ्चालन** – कृषि तथा ग्रामीण विकाससम्बन्धी क्रियाकलापका लागि तोकिएका शर्तहरुभित्र रही २०६६।१०।१६ मा प्रथम पटक दि राइजिङ्ग नेपालमा सूचना प्रकाशित भएबमोजिम प्राप्त प्रस्तावकहरुको आधारमा छनौट भई विभिन्न संस्था, सहकारी समूहसँग कुल लागत रु.२६ करोड ४६ लाख ५९ हजारमध्ये रु.१२ करोड ५८ लाख ३ हजार आयोजनाले अनुदान दिने गरी सम्झौता भएकोमा २०६८।६९ सम्म रु.६ करोड ८५ लाख ९६ हजार अनुदान वितरण भई ५४.५२ प्रतिशत वित्तिय प्रगति हासिल गरेको देखिन्छ । सञ्चालित उपआयोजनामध्ये १४ ले प्रथम किस्ताबाहेक अन्य किस्ता लिने गरी कार्य प्रगति भएको छैन ।

१९.१ प्रथम आह्वानका सञ्चालित ५२ उपआयोजनामध्ये सम्झौताको कार्यतालिकाअनुसार ११ उपआयोजना सम्पन्न भई सक्नुपर्नेमा सम्पन्न हुनसकेको छैन । सम्पन्न भई सक्नुपर्ने अवधिसम्म ३ उपआयोजनाहरुको मात्र ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ । अन्य ८ उपआयोजनाहरुको प्रगति न्यून छ । प्रगति न्यून हुनेमा स्याङ्जाको एक कृषि सहकारी संस्था १६ प्रतिशत, कपिलवस्तु र काठमाडौ दुई संस्थाको २०-२० प्रतिशत मात्र प्रगति भएको छ । सुरु सम्झौताअनुसार सम्पन्न हुन नसकेका उपआयोजनाहरुको म्याद थप गरीएको छ ।

सम्पन्न भई सक्नुपर्ने अवधिसम्म पनि न्यून प्रगति प्राप्त गरेको स्थितिमा उपआयोजनाहरु समयमानै सम्पन्न नहुँदा आयोजनाको लक्ष्यअनुरुपका कार्यहरु आयोजना अवधिभित्रै सम्पन्न हुने स्थिति छैन ।

१९.२ प्रथम आह्वानका ५२ उपआयोजनाको कार्यान्वयन तथा प्रगति सम्बन्धमा प्राविधिक सहयोग समूहको उपआयोजना कार्यसम्पादन स्थिति प्रतिबेदनमा उच्च सन्तोषजनक ५, सन्तोषजनक ३१, आंशिक सन्तोषजनक १४ तथा सन्तोषजनक नदेखिएका २ रहेको उल्लेख छ । प्रतिवेदनमा उल्लेख गरेअनुसार ५२ मध्ये ३६ (६९.२३ प्रतिशत) उपआयोजना मात्र सन्तोषजनक रुपमा सम्झौताअनुसार सञ्चालन भएका र १६ (३०.७६ प्रतिशत) उपआयोजना सन्तोषजनक रुपमा सञ्चालन भएका छैनन् । आंशिक रुपमा कार्यसम्पादन स्थिति सन्तोषजनक रहेका १४ उपआयोजनाहरुमा पूर्वाधार र पूँजीगत प्रकृतिका कार्य ढिला गरेको, प्रतिवेदन नियमित गर्ने नगरेको, प्रगति प्रतिबेदन दिने नगरेको जस्ता अवस्थाहरु रहेका छन् ।

१९.३ लुभु ललितपुरको एक नर्सरीको कुल लागत रु.३८ लाख ६ हजारमध्ये रु.१५ लाख ६५ हजारमात्र अनुदान लैजान सकेको छ । तेस्रो किस्ताबाट गर्नुपर्ने कलेक्सन सेन्टर भन्दा ट्रयाक्टर आवश्यक भएको भनी सुरु सम्झौतामा भएको शर्त परिवर्तन गर्न आयोजनामा निवेदन दिएकोमा कारबाही नभएको स्थानीयको भनाइ रहेको छ । उपयुक्त आवश्यकता पहिचान हुन नसक्दा कार्य सम्पन्न भई सक्नुपर्ने अवस्थामा कार्यसम्पादनमा अन्योल रहेको स्थिति स्थलगत निरीक्षणको क्रममा देखियो ।

२०. **उपआयोजनाको दिगोपना** – दोस्रो आह्वानसम्म २५ विषयगत क्षेत्रमा २५४ उपआयोजनाका लागि कुल लागत रु.१ अर्ब ३५ करोड ६ लाख ४१ हजारमध्ये सहभागीले व्यहोर्ने रु.६८ करोड ९३ लाख १६ हजार

तथा आयोजनाबाट रु.६६ करोड १३ लाख २५ हजार अनुदान उपलब्ध गराउने गरी सम्झौता भई उपआयोजनाहरु सञ्चालनमा रहेका छन् । प्रथम आह्वानका ५२ उपआयोजनाहरुमध्ये यो वर्षको अन्तसम्म ११ तथा हालसम्म सम्पूर्ण सम्पन्न भई सक्नुपर्नेमा सम्पन्न हुन नसकी म्याद थप गरिएको छ । दोस्रो आह्वानअन्तर्गत हाल सम्झौता भई अनुदान निकासा गएको स्थिति छ । उपआयोजनाहरु सम्झौताबमोजिम सम्पन्न भई सञ्चालनमा आएपछि सोको निरन्तरता र दिगोपनाको सम्बन्धमा स्पष्ट व्यवस्था भएको देखिएन । साथै उपआयोजनाहरुले सम्झौता बमोजिमको रकम लगानी हुने र गरिएका व्यवसायले निरन्तरता पाउने स्थिति देखिदैन । उपआयोजनाको दिगोपनाको लागि उपलब्ध गराइने अनुदानको ७० प्रतिशत पूँजीगत अनुदानमा लगाइने, अनुगमन प्रभावकारी बनाइएको तथा मूल्य श्रृङ्खला विज्ञहरु परिचालन गरिएको आयोजनाको भनाई रहेको छ ।

उपआयोजनाको दिगोपनाका लागि पूँजीगत खर्चको गुणस्तरीयता तथा गरिएको व्यवसायको निरन्तरताका लागि अनुगमन र प्राविधिक सहयोगमा निरन्तरताको व्यवस्था हुनुपर्दछ ।

२१. **प्रविधि सहयोग** –आयोजना कार्यान्वयन निर्देशिकाबमोजिम कृषि वस्तुको शुद्धता कायम गर्ने सुविधा एवं खाद्य वस्तु गुणस्तर व्यवस्थापन सहयोगका लागि खरीद भएका सवारीसाधनहरु सम्बन्धित प्रयोजनमा नै उपयोग हुनुपर्दछ ।

२१.१ उपआयोजनाहरुको अनुगमन तथा कृषि वस्तुको शुद्धता कायम गर्ने सुविधा एवं खाद्य गुणस्तर व्यवस्थापन सहयोगका लागि सवारीसाधनहरु खरिद गरी हस्तान्तरण गर्ने कार्यक्रमअनुरुप गत वर्ष ८ तथा यो वर्षमा ३ समेत ११ सवारीसाधनमध्ये ६ सवारीसाधन अन्यत्र हस्तान्तरण भई ५ आयोजनाको कार्यालय प्रयोजनमा उपयोग गरेको देखिन्छ । खाद्य वस्तुको शुद्धता र गुणस्तर कायम गर्ने प्रयोजनमा खरिद भएको सवारीसाधन जुन प्रयोजनको लागि खरिद भएको हो सोही प्रयोजनमा उपयोग हुनुपर्नेमा मन्त्रालयमा हस्तान्तरण भएकोले उद्देश्यविपरीत प्रयोजनमा रहेको छ । त्यस्तै भेटेनरी गुणस्तर तथा औषधि व्यवस्थापन कार्यालयका लागि निरीक्षण प्रयोजनमा हस्तान्तरण भएकोमा २०६९।८।१८ को स्थलगत निरीक्षणको क्रममा उक्त सवारीसाधन पशु सेवा विभागले प्रयोग गरेको देखियो । आयोजनाको उद्देश्यअनुरुप सवारीसाधन प्रयोगमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

२१.२ भेटेनरी औषधि तथा व्यवस्थापन कार्यालयलाई एचपीएलसी मेसिन रु.८४ लाख ७ हजारमा खरिद गरी हस्तान्तरण गरिएको तथा सोको सञ्चालनका लागि सोही कार्यालयमा कार्यरत २(दुई) वरिष्ठ पशु चिकित्सकलाई सिंगापुरमा रु.२२ लाख १९ हजार खर्च गरी तालिम दिएकोमा निजहरुको तालिम पश्चात् तत्काल सरुवा भएको पाइयो । त्यस्तै यस आर्थिक वर्षमा प्लाण्ट क्वारेन्टाइन सम्बन्धी उपकरणहरु रु.१२ लाख ६२ हजारमा खरिद गरी राष्ट्रिय प्लाण्ट क्वारेन्टाइन निर्देशनालयलाई हस्तान्तरण गरिएकोमा क्षेत्रीय प्रयोगशालाहरुमा पठाउन यातायातको समस्या बजेट तथा सुरक्षाको अभावसमेतका कारण पठाउन नसकिएको २०६९।८।१८ को निरीक्षणको क्रममा कार्यालयको भनाइ रहेको र उक्त उपकरणहरु कार्यालयकै स्टोरमा मौज्दात रहेको पाइयो ।



भण्डारमा रहेका औजारहरु

कार्यक्रम बजेटबाट खरिद भएका उक्त उपकरणहरु सम्बन्धित प्रयोजनमा उपयोग गर्न सम्बन्धित प्रयोगशालाहरुमा पठाउने आवश्यक व्यवस्था हुनुपर्ने देखियो साथै हस्तान्तरित इक्विप्मेन्टहरुको उपयोग गरी सोबाट लाभ प्राप्त हुने स्थितिको सुनिश्चितता हुनुपर्दछ ।

२२. **परामर्श सेवामा खर्च** - प्रविधि सहयोग बजार पूर्वाधार विकास कार्यक्रम र कृषि व्यवसायका लागि सहयोग कार्यक्रममा छनौट, अनुगमन मूल्याङ्कन सञ्चालन पारदर्शिता आदि कार्यमा सहयोगका लागि विभिन्न ५ परामर्शदातासँग रु.२६ करोड ४१ हजार बराबरको सम्झौता भएकोमा २०६८।६९ को अन्तसम्म रु.१० करोड २१ लाख ६६ हजार (सम्झौता रकमको ३९ प्रतिशत) खर्च भएको छ । परामर्श सेवाबाट गत आर्थिक वर्षसम्म ५२ उपआयोजना सञ्चालनको अनुगमन भएकोमा दोस्रो आह्वानका २०२ उपआयोजनाको छनौटमा सहयोग

भई सम्झौता तथा पहिलो किस्ता भुक्तानीसमेत भएको छ । उपआयोजनालाई भुक्तानी भएको किस्ता रकम रु.११ करोड ६१ लाख ९८ हजारसँग तुलना गर्दा परामर्श सेवामा भएको खर्च रु.१० करोड २१ लाख ६६ हजार (८७.९३ प्रतिशत) हुन आउँछ । यस्तै आयोजनाको हालसम्मको खर्च रु.४२ करोड ४३ लाख २७ हजारको तुलनामा २४.०७ प्रतिशत रहेको छ । उपआयोजना छनौट र सम्झौता प्रक्रियाबाहेक उपआयोजनाले लैजान सकेको किस्ताको आधारमा परामर्श सेवाको खर्च निकै बढी देखिन्छ । उपआयोजना छनौट र अनुगमन प्रक्रिया खर्च कार्यान्वयन लागतको हाराहारीमा रहेको छ ।

उपआयोजना कार्यान्वयनको लागि भएको खर्च बराबर नै परामर्श सेवा खर्च हुने स्थिति रहेको छ । उपआयोजनाका कार्यक्रम कार्यान्वयनमा ढिलाई हुँदा यस्तो खर्च थप हुँदै जाने हुँदा परामर्श खर्च र कार्यक्रम खर्च बिच सामन्जस्यता ल्याउन ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

२३. **अनुगमन तथा मूल्याङ्कन** – आयोजना सञ्चालन गर्दा कार्यान्वयन भएका कार्यहरुको निरन्तर अनुगमन र देखिएका कमजोरी एवं समस्याको पहिचान गरी उपयुक्त समाधानका उपायहरु अवलम्बन गर्दै कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ । यसका लागि उपयुक्त संयन्त्र र दक्ष जनशक्तिको आवश्यकता पर्दछ ।

अनुगमन तथा मूल्याङ्कन प्रणालीको नमुनाको रुपमा उपआयोजना संस्थाको १०–१५ प्रतिशतमा प्राविधिक, वातावरणीय र सामाजिक लेखापरीक्षण गरिने यो संयन्त्रलाई आयोजनाको कार्यान्वयन सबै तहमा ठीक दिशामा बढे नबढेको अनुगमन गर्न र सुरक्षा आवश्यकता पूरा गरे/नगरेको हेर्न उपयोग गरिने र यस्ता कार्यहरु सामुदायिक सहभागितामा मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरिने कार्यक्रम कार्यान्वयन निर्देशिकामा व्यवस्था भएकोमा यससम्बन्धी कार्य हुन सकेको छैन । प्रथम आह्वानका उपआयोजनाहरु सम्पन्न भइसक्ने अवस्थासम्म पनि प्राविधिक वातावरणीय र सामाजिक लेखापरीक्षण हुन नसक्दा समग्र आयोजनाकै कार्यान्वयन ठीक दिशामा बढे नबढेको यकिन गरी सोमा सुधार गर्ने स्थितिसमेत छैन ।

कार्यान्वयन प्रक्रियालाई गुणस्तरीय र प्रतिफलमुखी बनाउन अनुगमन, मूल्याङ्कन प्रक्रियालाई सुदृढ र सवल बनाउनुपर्दछ ।

सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना

विश्व बैङ्कको ऋण तथा अनुदान सहयोगमा सञ्चालित सिंचाइ तथा जलस्रोत व्यवस्थापन र खाद्य सङ्कट कार्यक्रम, कार्यसम्पादन तथा स्रोतसाधनको व्यवस्थापनमा मितव्ययिता एवं कार्यदक्षता तथा प्रभावकारिताको मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

२४. **समग्र प्रगति** – जलस्रोतको उपयोगमा प्रभावकारी अभिवृद्धि गर्न, सिंचित क्षेत्रको विस्तार गर्ने, बाली सघनतामा वृद्धि गर्ने, बाली विविधिकरणबाट उच्च मूल्यमा बालीहरुको उत्पादनमा वृद्धि गर्ने, सिंचाई मल तथा उन्नत बीउको प्रयोग एवं माटो सुधार कार्यक्रमबाट कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि, गरिबी घटाउने, उच्च मूल्याङ्कनमा वस्तुको बजारीकरण गर्ने लक्ष्य रहेकोमा आयोजनाले समग्रमा ९१.९२ प्रतिशत भारित प्रगति हासिल गरेको छ । तर मुख्य क्रियाकलापमध्ये राष्ट्रिय प्राविधिक परार्मश सेवाको कार्य सुरु भएको देखिदैन । जिल्ला प्राविधिक टोलीलाई ५० पटक तालिम दिने लक्ष्य रहेकोमा ९, सिजनल योजना तर्जुमा गोष्ठी ५ पटक गर्ने भनिएकोमा ४६७, कृषि पाठशाला सञ्चालन १९९ वटा गर्ने भनिएकोमा २२४ बाली लाभ लागत अध्ययन १९९ पटक गर्ने उल्लेख भएकोमा ४०३ गरी आयोजनाको समग्रभन्दा बढी प्रगति गरेको देखियो भने साना पोखरी निर्माण र प्रदर्शन ४ हजार ६०० वटा गर्ने भनिएकोमा हालसम्म ३६१ वटा मात्र सम्पन्न भएको देखिन्छ ।

आयोजनाको सञ्चालनको अवधि १ वर्षभन्दा पनि कम (३० जून २०१३) रहेकोमा हालसम्म ६२.५ प्रतिशत भारित प्रगति हांसिल गरी ६४ प्रतिशत खर्च गरेको छ । आयोजनाले अपेक्षित उपलब्धिलाई संस्थागत गर्दै तोकिएको अवधिभित्र कार्यसञ्चालन गर्न विशेष प्रयत्न गर्नुपर्ने देखिन्छ ।

२५. **अनुदान सहुलियत** – सञ्चालन कार्यविधि, २०६५ ले रासायनिक मल तथा बीउ विजन ढुवानीमा अनुदान सहुलियत दिने कार्यविधि व्यवस्थित गरेको छ । जिल्ला कृषि विकास कार्यलय, क्षेत्रीय कृषि निर्देशनालय, कृषि विभाग, मन्त्रालयले विभिन्न प्रक्रियाअनुसार मल तथा बीउ अनुदान तथा ढुवानी कार्य सम्पादन गर्नुपर्ने र सो कार्यको अनुगमन गर्न स्वतन्त्र अनुगमन संयन्त्रको स्थापना गरेको छ । यस वर्ष जिल्ला कृषि विकास कार्यलयकहरुबाट ३ हजार ५३५ मेट्रिकटन मल ढुवानी सहुलियत दिन रु.६ करोड ७५ लाख ६५ हजार विनियोजन भएकोमा ३ हजार ८०३ मेट्रिकटन मल ढुवानी सहुलियत दिई विनियोजित रकम खर्च गरेको छ । कृषकले माग गरे मुताविक समयमै मल बीउ पाउन नसकेको अवस्था विद्यमान रहेको छ । उत्पादन तथा उत्पादकत्व वृद्धि हुन नसकि खाद्यान्न न्यून भएको अवस्थामा यसलाई थप प्रभावकारी बनाई अनुदान वितरणलाई व्यवस्थित बनाउनुपर्दछ ।

२६. **नेपाल कृषि अनुसन्धान परिषद्लाई निकासा** – नेपाल कृषि अनुसन्धान परिषद्सँग २३ नोभेम्बर २०१० मा गरेको सम्झौता अनुसार सो अवधिदेखि ३ वर्षमा विभिन्न कार्य सञ्चालन गर्न रु.२४ करोड ५० लाख उपलब्ध गराउने व्यवस्था भएबमोजिम गत वर्ष रु.५ करोड २२ लाख र यो वर्ष रु.१२ करोड ६० लाख समेत रु.१७ करोड ८२ लाख भुक्तानी दिएको छ । उपरोक्त निकासामध्ये गत वर्ष खर्च हुन नसकेको रु.८० लाख तथा यस वर्षको रु.१ करोड ७३ लाख समेत रु.२ करोड ५३ लाख बजेट फ्रिज भएको छ । एकातर्फ आयोजनाले खर्च देखाउने तथा प्राप्त बजेट खर्च नभई फ्रिज हुने गर्नाले आयोजनाको समग्र उपलब्धिमा नै प्रभाव पर्ने देखिन्छ । यसरी विनियोजित रकम स्वीकृत कार्यक्रम सञ्चालन नगरी खर्च नहुँदा सो कार्यक्रम गर्दा प्राप्त हुने प्रतिफल समयमै प्राप्त नहुनुको साथै अर्को वर्ष पुनः वार्षिक कार्यक्रममा समावेश गर्नुपर्ने बाध्यता रहने भएकोले कृषि अनुसन्धान परिषद्ले खर्चमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२७. **सामान ढुवानी** – सम्झौताबमोजिम कार्य भएकोमा सम्झौताको शर्तमा उल्लिखित व्यवस्थाको पालना गरी प्राप्त कार्य सम्पादन गरिनुपर्दछ ।

यस आयोजनाले विभिन्न सामुदायिक बीज वृद्धि केन्द्रको लागि औजार खरिद तथा वितरण कार्य गर्न एक आपूर्तकसँग सम्झौता गरी रु.१ करोड ४८ लाख ३४ हजार खर्च गरेको छ । उक्त सम्झौता अनुसार बीउ सफागर्ने तथा केलाउने मेसिन ६८, बीउ उपचार गर्ने ६८, तौलिने मेसिन ६८, ट्रली १५०, डिजिटल क्यामरा ५ लगायतका सामान आपूर्ति गरेको छ । उक्त सामान ३८ सामुदायिक बीज वृद्धि केन्द्रमा पठाउनुपर्ने तथा सो सामान सञ्चालन गर्न आवश्यक तालिम दिएपछि मात्र प्रयोग गर्नुपर्ने अन्यथा निश्चित रकम रोक्का राख्नुपर्ने व्यवस्था छ । तर हालसम्म उक्त केन्द्रहरु निमार्ण नै नभएको र तालिम दिने कृषक छनौट नभए पनि सम्पूर्ण जिल्ला कृषि विकास कार्यालयहरुले बुझिलिएको उल्लेख गरेकोमा सो प्रमाण संलग्न छैन । सामुदायिक बीज वृद्धि केन्द्र निर्माण नै नभएको अवस्थाले सामान सम्बन्धित स्थानमा नपुऱ्याई कृषि कार्यालयमा पुऱ्याउँदा पछि सबै केन्द्रसम्म ढुवानीमा थप व्ययभार पर्ने, टुटफुट हुने देखिन्छ । उक्त सामान प्रयोगविहीन राख्दा त्यसमा खिया लाग्ने, पाटपुर्जा जाम हुने तथा सामान पछि सञ्चालनमा नआएको अवस्थामा आपूर्तकलाई जिम्मेवार बनाउन कठिन हुने हुँदा यसतर्फ सजग भई आपूर्ति भएका सामानको प्रयोगमा आवश्यक पहल गरी कार्य सञ्चालन गर्नुपर्दछ ।

संगठित संस्था तथा समितितर्फ

कृषि सामग्री कम्पनी लिमिटेड

यस कम्पनीको २०६८।६९ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२८. **सञ्चालन नतिजा** – गत वर्षसम्म सञ्चित नोक्सान रु.६ करोड ५५ लाख ८ हजार रहेकोमा यो वर्षको नाफा रु.७ करोड ४५ लाख ४५ हजार समायोजन गरी यो वर्षसम्म सञ्चित नाफा रु ९० लाख ३७ हजार पुगेको देखिन्छ ।

२९. **नोक्सान समायोजन –** विगतदेखिको रु. १६ करोड ६६ लाख ६४ हजार नोक्सानी रकममध्ये असुल हुन नसक्ने रकमलाई अपलेखन खर्च तथा तिर्नु नपर्ने रकमलाई अपलेखन खाताबाट आम्दानी बाँधी हिसाब गर्ने गरी यस वर्ष खुद रु.८ करोड ५९ लाख ३८ हजार समायोजन गरेको छ । सो समायोजनपछि उक्त साबिकको नोक्सानीलाई रु.८ करोड ७ लाख २६ हजार बाँकी देखाएको छ । नोक्सानी व्यवस्था रकम उपर कुनै खर्चसम्बन्धी दायित्व नरहेकोले सो रकमलाई आम्दानी बाँध्नुपर्नेमा आम्दानी नबाँधेकोले कम्पनीको आय विवरणमाथि सो हदसम्मको रकमले कम मुनाफा देखिएको छ ।

३०. **लेखामानको पालना -** कम्पनीको वित्तीय विवरणको प्रस्तुतीकरण गर्दा नेपाल लेखामान-१, ४, ६, ९, १२ तथा १८ को व्यवस्था क्रमश: वित्तीय विवरणको यथेष्ट खुलासासहितको उपयुक्त प्रस्तुतीकरण, जिन्सी मौज्दातको लागत परलमोलमा लेखाङ्कन तथा लागत परलमोल वा बिक्रीमोलमध्येको घटी मोलमा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था, प्रयोग हुन सक्ने अवधि तथा अवशेष मोलको अवधारणामा आधारित स्थिर सम्पत्तिको ह्रासकट्टी विधि र नीति, आयकरहरु, व्यवस्था, संभावित दायित्व तथा सम्भावित सम्पत्तिहरु तथा सम्पत्तिको मोलमा भएको ह्राससम्बन्धी प्रावधानहरुको पालना भएको नदेखिएकोले वित्तीय विवरणको यथार्थ प्रस्तुतीमा असर परेको छ ।

३०.१ कम्पनीले रु. ६५ करोड ६८ लाखका स्थिर सम्पत्ति देखाएकोमा भौतिक परीक्षण नगरेकोले सम्पत्तिको मूल्य र सोमा भएको ह्रासको यथार्थ स्थिति यकिन भएन ।

३०.२ वर्षको अन्तमा मौज्दात रहेको जिन्सी मौज्दात रु.६५ करोड २६ लाखको भौतिक परीक्षण नगरी जिन्सी मौज्दातको किताबी मूल्यमा ह्रास देखाएकोले यसको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

३०.३ घटी परिमाणमा प्राप्त मलखादको क्षतिपूर्ति स्वरुप प्राप्त रु.५ करोड ९६ लाख ८ हजारलाई खरिद लागत रकमबाट घटाउन पर्नेमा नघटाई अन्य आम्दानीमा देखाएको छ । खरिद लागतको लेखाङ्कन प्रचलित लेखामानअनुरुप गरेको देखिएन ।

३१. **कर दाखिला–** कर्मचारी अवकाश हुँदाका बखत उपदान भुक्तानी हुँदा कट्टी गरेको अग्रिम आयकर रु.२६ लाख कर कार्यालयमा दाखिला गरेको छैन ।

३२. **तिर्न बाँकी दायित्व** – कम्पनीको विगत वर्षदेखि घरजग्गा कर तिर्न बाँकी रहेकोमा यसबारे कम्पनीसँग प्रष्ट जानकारी रहेको छैन । यसबापत रु.२ करोड १३ लाख ८६ हजार अनुमानित सम्भाव्य खर्च व्यवस्था गरेको छ । विभिन्न बिक्रेता र अन्यलाई रिटेन्सन तथा अन्य नखुलेको दायित्वबापत रु.५८ करोड ३० लाख २४ हजार तिर्न बाँकी देखाएको छ । तिर्न बाँकी रकमको दायित्वको स्थितिबारे सम्बन्धितबाट समर्थनपत्र नलिएकोले सो प्रतिको दायित्वको स्थिति यकिन हुन सक्ने अवस्था छैन ।

३३. **खरिद** – खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३३.१ सार्वजनिक खरिद ऐन, २०६३ को प्रावधान तथा प्रक्रियाअनुरुप खरिद कार्य गर्नुपर्नेमा खरिद योजना र लागत अनुमानको स्वीकृतिबेगर बजारभाउको अध्ययन तथा प्रतिस्पर्धासमेत नगराई विभिन्न आपूर्तकबाट रु.५२ लाख ७१ हजारको तीन मोटरकार तथा तीन मोटरसाइकल पूर्वअध्यक्ष तथा सञ्चालकको निजी प्रयोगको लागि र रु.२ लाख ९७ हजारको ३ ल्यापटप कम्प्युटर तथा रु.३ लाख १५ हजारको अन्य उपकरण सोझै खरिद गरेको देखियो । सार्वजनिक खरिद ऐन २०६३ को प्रावधानअनुरुप खरिद योजना तथा लागत अनुमान स्वीकृत नगराई र अन्तर्राष्ट्रिय बोलपत्र आह्वानको प्रतिस्पर्धा नै नगराई तथा सोसम्बन्धी प्रक्रिया पूरा नगरी रु.५ अर्ब ६५ करोड ७० लाखको मलखाद सोझै खरिद गरेको छ । यससम्बन्धी सञ्चालक समितिको स्वीकृतिसमेत लेखापरीक्षणमा पेश हुन सकेन ।

३३.२ भर्मी कम्पोष्ट तथा झोल मलको खरिदको बीजकबाहेकको खरिदसम्बन्धी कागजात जस्तै स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर समावेश भएको सक्कल बीजक, उत्पत्तिको प्रमाणपत्र, गुणस्तर प्रमाणपत्र, प्याकिङ्ग

लिष्ट, बीमा पोलिसी, सर्भे रिपोर्ट, भण्डार दाखिला प्रतिवेदन, कार्यसम्पादन जमानतलगायतका कागजात लेखापरीक्षणमा पेश भएन । यी कागजातबेगर गरेको खरिद कार्य नियमित देखिएन ।

३४. **बोलपत्रद्वारा खरिद** – पहिलोपटकको बोलपत्र रद्द गर्नुको कारण व्यवस्थापनले खुलाएको छैन । दोस्रो पटक प्राप्त बोलपत्रहरुलाई बिनाकारण रद्द गरी सार्वजनिक खरिद ऐन २०६३ को प्रावधान तथा प्रक्रिया विपरीत क्लियरिङ्ग एण्ड फर्वाडिङ्गसम्बन्धी सेवाको खरिद कार्य गर्न ५-७ दिने म्याद दिई पुन: बोलपत्र आह्वान गरेको र प्राप्त बोलपत्रदाताहरुबाट पुन: सिलबन्दी दरभाउपत्रद्वारा घटाघटको दरभाउ प्राप्त गरी कम बोलकबोल गर्ने क्लियरिङ्ग एजेण्ट एवं ढुवानीकर्ताको बोलपत्र स्वीकृत गरेको देखिन्छ । उक्त क्लियरिङ्ग फर्वाडिङ्ग तथा आन्तरिक ढुवानीको लागि २०६८।६९ मा रु.१६ करोड १७ लाख २१ हजार भुक्तानी गरेको छ । उक्त भुक्तानी खर्चसम्बन्धी ढुवानीकर्ताको कार्यसम्पादन जमानत, पुन बोलपत्र वा दरभाउपत्र माग गर्नेसम्बन्धी सञ्चालक समितिको निर्णय तथा अन्य अभिलेखहरु लेखापरीक्षणमा पेश भएन ।

३५. **घटी मलखाद –** आई.पी.एल.बाट २०६७।६८ र २०६८।६९ मा १ हजार ३९.६० मेट्रिकटन रु.५ करोड ५६ लाखको घटी परिमाणको मलखाद प्राप्त भएकोमा सोको क्षतिपूर्ति दावीको आधार प्रमाण कागजातहरु तथा बिक्रेताको समर्थनपत्रबेगर बिक्रेताबाट असुल हुनुपर्ने देखाएको छ । बिक्रेताको समर्थनपत्र प्राप्त गर्न प्रयास गरेको देखिएन ।

दुग्ध विकास संस्थान

संस्थान ऐन, २०२१ अन्तर्गत २०२६।४।१ मा स्थापना भएको यस संस्थानको २०६८।६९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३६. **सञ्चालन नतिजा –** संस्थानको गतवर्षसम्मको सञ्चित नोक्सानी रु.२६ करोड ५७ लाख ६२ हजार रहेकोमा यो वर्ष रु.१६ करोड ४९ लाख ३३ हजार नोक्सान र २०६६।६७ को नपुग आयकर रु.१९ लाख १० हजार समायोजन गर्दा यो वर्षको अन्त्यमा सञ्चित नोक्सानी रु.४३ करोड २६ लाख ५ हजार पुगेको छ ।

३७. **उपदान –** संस्थानले उपदान व्यवस्था वापत रु.६२ करोड ४६ लाख ४ हजार छुट्याएको छ । तर २०६९ आषाढ मसान्तसम्म रु.१० करोड ७६ लाख ९ हजार नागरिक लगानी कोषमा जम्मा गरेको छ । संस्थानमा कार्यरत आधाभन्दा बढी कर्मचारीहरुको सेवा अवधि २० वर्ष पुगिसकेकोले भविष्यमा अवकाश पाउने कर्मचारीलाई उपदान भुक्तानी गर्न पुग्ने गरी रकम जम्मा गर्न सकेको छैन ।

२०६७।६८ को अन्तिम लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्नानुसार छन्:

३८. **नेपाल लेखामानको पालना –** नेपाल लेखामान–१० अनुसार सम्पत्तिसँग सम्बन्धित अनुदानलाई सम्पत्ति तथा स्थगन आम्दानीअर्न्तगत देखाई प्रत्येक वर्ष क्रमश: नाफा नोक्सान हिसाबमा खर्च देखाउने वा प्राप्त अनुदान रकम वा प्राप्त भएको वस्तुको लागतबाट घटाउनुपर्नेमा संस्थानले सो लेखामानको पालना गरी देखाएको छैन । संस्थानले विभिन्न मित्र राष्ट्रबाट प्राप्त जिन्सी अनुदान रु.३३ करोड १३ लाख ७१ हजार संस्थान कोषको रुपमा देखाइ उक्त सम्पत्तिको ह्रास कट्टी नाफा नोक्सान हिसाबमा खर्च लेखेको छ । जाइकाबाट प्राप्त अनुदान रु.५ लाख ४० हजारको सम्पत्ति २०५७।५८ मा प्राप्त भएकोमा सो रकम पनि संस्थान कोषमा साबिकदेखि देखाउदै आएको छ । यस सम्बन्धमा संस्थानले महालेखा नियन्त्रक कार्यालय र कृषि मन्त्रालयको निर्देशन बमोजिम लेखाङ्कन गरेको जवाफ दिए तापनि उक्त हिसाब लेखामान–१० ले व्यवस्था गरेअनुसार छैन ।

३९. **शंकास्पद व्यवस्था** – संस्थानले विगतका वर्षहरुदेखि शंकास्पद व्यवस्थाअन्तर्गत यस शीर्षकमा रु.१० करोड १ लाख ७७ हजार जिम्मेवारी सार्दै ल्याएकोमा यस वर्ष रु.३७ लाख ७ हजार थप गरेको छ । संस्थान उपर एक डेरीले रु.६० लाख ७६ हजार क्षतिपूर्तिको लागि मुद्दा गरेको छ । सो बराबरको रकम व्यवस्था गरेको छैन ।

४०. **खर्च व्यवस्था –** संस्थान अन्तर्गतको ४ आयोजनाबाट दूध सङ्कलन गर्ने कार्यमा लक्ष्यको तुलनामा कार्यप्रगति २० देखि ३६ प्रतिशतसम्म कम गरेको छन् । लक्ष्यअनुसार काम नभएको अवस्थामा बजेट खर्च सोही

अनुपातमा घटी हुनुपर्नेमा सो भएको देखिएन । काम कम गर्दा पनि अतिरिक्त समय भत्ता, भ्रमण खर्च, इन्धन जेनेरेटर, मेसिन मर्मत, मोटर मर्मत आदिमा बजेटको तुलनामा बढी खर्च गरेको छ । दुग्ध वितरण आयोजना लैनचौरले रु.६५ लाख ३ हजार, बालाजुले रु.७६ लाख ६५ हजार, विराटनगरले रु.१ करोड २७ लाख ८८ हजार र हेटौंडाले रु.६१ लाख ९२ हजार स्वीकृत बजेटभन्दा बढी खर्च लेखेका छन् । खर्च नियन्त्रण गर्न व्यवस्थापनले ध्यान दिन नसकेको स्थिति छ ।

पशु आहारा उत्पादन विकास समिति

समितिको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

४१. **सञ्चालन नतिजा –** समितिको बिक्री आम्दानी, नेपाल सरकारको अनुदान र विविध आम्दानीसमेत कुल आम्दानी रु.३ करोड ५८ लाख १७ हजारमा बिक्री लागत, बिक्री वितरण खर्च, प्रशासनिक खर्च, ह्रास खर्च र ब्याज खर्चसमेत रु.३ करोड ६७ लाख १५ हजार घटाउँदा समितिको यो वर्षको घाटा रु.८ लाख ९८ हजार भएको छ । गत वर्षसम्मको सञ्चित नोक्सानी रु.६६ लाख ७४ हजार समायोजन गर्दा यो वर्षसम्मको नोक्सानी रु.७५ लाख ७२ हजार पुगेको छ ।

४२. **कच्चा पदार्थ खरिद –** समितिले सार्वजनिक खरिद ऐन, २०६३ अनुरुप खरिद विनियमावली तर्जुमा गरी त्यसैको आधारमा खरिद कार्य गर्नुपर्नेमा विनियमावली तयार नगरी साबिकको आर्थिक प्रशासन नियमावली २०५० अनुसार खरिद कार्य गरेको देखियो । समितिको आर्थिक प्रशासन नियमावली, २०५० को नियम १२.३(क) अनुसार रु.१ लाखसम्मको कच्चा पदार्थ सीधै खरिद गर्न सकिने उल्लेख भए तापनि सञ्चालक समितिको १५६ औं बैठकले एक पटकमा रु.३ लाखसम्म सीधै बजारबाट खरिद गर्न सकिने निर्णय गरेको छ ।

यो वर्षको खरिद योजनाअनुसार मकै, डी.ओ.सी., तोरीपिना र खुदोलगायतका कच्चा पदार्थ बोलपत्रको माध्यमबाट खरिद गर्न पटकपटक सूचना प्रकाशन गर्दा बोलपत्र दाखिला नभएको जनाई सीधै खरिद गरेको पाइयो । समितिले सञ्चालक समितिको निर्णयको आधारमा जिल्ला उद्योग वाणिज्य संघ, मकवानपुरबाट १५/१५ दिनको मूल्यसूची लिई मूल्य निर्धारण उपसमितिले गरेको मूल्य निर्धारण अनुसार यो वर्ष एक पटकमा रु.३ लाख ननघाई रु.२ करोड ४४ लाख ४३ हजारको कच्चा पदार्थ पटक पटक सीधै खरिद गरेको छ । विगतका वर्षदेखि कच्चा पदार्थको बोलपत्र दाखिला नभई सीधै खरिद गर्दै आएकोमा बोलपत्र दाखिला नगर्नाको कारण पत्ता लगाई खरिद कार्यलाई प्रतिस्पर्धी बनाउनेतर्फ प्रयत्न गरेको देखिएन ।

४३. **मूल्य निर्धारण –** समितिले उत्पादन गर्ने दानाको मूल्य निर्धारण सञ्चालक समितिबाट हुने गरेको छ । खपत भएको कच्चा पदार्थ र प्रत्यक्ष एवं अप्रत्यक्ष खर्चहरु समावेश गरी मूल्य निर्धारण गर्नुपर्नेमा लागत खर्चलाई आधार नलिई मूल्य निर्धारण गरेको पाइयो । कच्चा पदार्थ पटकपटक फरक मूल्यमा खरिद गरे पनि बिक्री मूल्य सोअनुसार समायोजन नगरी २०६८।४।१ देखि २०६९।२।२६ सम्म एउटा बिक्री मूल्य र २०६९।२।२७ देखि सञ्चालक समितिबाट नयां मूल्य स्वीकृत गरेको छ । कच्चा पदार्थको मूल्य वृद्धिअनुसार दानाको मूल्य समायोजन समयमा नहुँदा कम्पनीलाई नोक्सान परेको देखिन्छ ।

४४. **सम्पत्तिको मूल्याङ्कन –** समितिको सम्पत्तिको मूल्याङ्कन गर्न २०६७ मा गठन भएको मूल्याङ्कन समितिले गत वर्ष रु.२९ करोड ६२ लाख ९३ हजारको सम्पत्ति मूल्याङ्कन गरेको देखिन्छ । यो वर्षको वासलातअनुसार कम्पनीको स्थिर सम्पत्तिको ह्रास कट्टीपछिको मूल्य वर्षान्तमा रु.१८ लाख ११ हजार देखाएको छ । समितिको नाममा रहेको जग्गाबाहेक भवन, मेसिनरी औजारलगायतका सम्पत्ति पुरानो भई व्यवसायिक रुपमा उपयोग गर्न सकिने अवस्था नदेखिए तापनि समितिले बजार मूल्यको आधारमा मूल्याङ्कन गरेको देखिन्छ ।

४५. **भुक्तानी दिन बाँकी –** समितिले विभिन्न पार्टीलाई भुक्तानी गर्न बाँकी गत वर्षबाट जिम्मेवारी सरेको रु.५४ लाख ७० हजार रहेकोमा यो वर्ष रु.९ लाख २६ हजार थप भई रु.६३ लाख ९६ हजार पुगेको छ । भुक्तानी गर्न बाँकीमध्ये धेरै जसो रकम विगतका वर्षदेखि जिम्मेवारीमात्र सर्दै आएको छ । यस्तो पुराना हिसाबको

पार्टीगत रुपमा यकिन गरी भुक्तानी बाँकी नरहेका वा दाबी गर्न नआएका हिसाब अपलेखन गरी राफसाफ गर्नुपर्नेमा सो कार्य गरेको छैन ।

४६. **विविध असामी** – यस हिसाबमा गत वर्षबाट जिम्मेवारी सरिआएको रु.३२ लाख ३३ हजारमा यो वर्ष रु.३ लाख ६० हजार थप भई विविध असामी रु.३५ लाख ९३ हजार पुगेको छ । असुल गर्न बाँकी पुराना असामीहरुमध्ये केहीको ठेगाना पत्ता नलाग्ने र केही अस्तित्वमा नै नरहेको अवस्था देखिएको छ । खराब तथा शंकास्पद असामीको लागि रकम व्यवस्था गरी उठ्न नसक्ने खराब असामीलाई अपलेखन गर्दै हिसाब राफसाफ गर्नुपर्नेमा सो अनुसारको कार्य गरेको पाइएन ।

राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड

कम्पनीको २०६८।६९ को लेखापरीक्षणको अन्तिम प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

४७. **सञ्चालन नतिजा** – कम्पनीको गत वर्ष रु.५० लाख ८० हजार सञ्चालन नोक्सानी भएकोमा यस वर्ष रु.१ करोड ३९ लाख ७४ हजार नोक्सानी रहेको छ । गत वर्षको तुलनामा नोक्सानी १७५ प्रतिशत प्रतिशतले बढेको छ ।

४८. **शेयर पूँजी** – कम्पनीको अधिकृत पूँजी रु.१५ करोड र जारी पूँजी रु.१२ करोड ६४ लाख रहेको छ । मन्त्रिपरिषद्को २०५९।१।१९ को निर्णयबमोजिम गठन भएको कार्यदलले गरेको मूल्याङ्कनको विवरणअनुसार रु.१० करोड ८५ लाख मूल्य बराबरको खुद सम्पत्ति तथा जायजेथा नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त नगद रु.१ करोडसमेत रु.११ करोड ८५ लाखलाई कम्पनीको चुक्ता शेयर पूँजी कायम गरेको छ । कम्पनीले उक्त शेयर पूँजीमध्ये कृषि तथा सहकारी मन्त्रालयबाट नगदै प्राप्त भएको रु.१ करोडको शेयर प्रमाणपत्र जारी गरेको पाइएन ।

४९. **प्रशोधित बीउ बिजन** – कम्पनीको नेपालगन्ज शाखामा ६२ मेट्रिकटन तथा जनकपुर शाखामा २६ मेट्रिकटन बीउ बिजनको माग भएअनुसार विषादीबाट प्रशोधन गरी वितरण गर्नुपर्नेमा मागभन्दा बढी बीउ बिजन प्रशोधन गरिएकोले प्रशोधित बीउ बिजन बिक्री नभई मौज्दात रहेको छ । सो प्रशोधित बीउ बिजनको उमार शक्ति परीक्षण गरी बिक्री योग्य रहेमा बिक्री गर्ने तथा बिक्री योग्य नरहेमा नष्ट गरी गाड्नुपर्ने देखिएको छ । कम्पनीले बीउ बिजनको मागको अभिलेख राखी सोबमोजिम आवश्यक बीउ बिजनलाई विषादीबाट प्रशोधन नगरेकोले यस्तो अवस्था उत्पन्न भएको देखिन्छ ।

५०. **गहुँ बिक्री** – गत आर्थिक वर्षमा बीउ बिजन उत्पादन गरी बिक्री गर्न खरिद गरेको गहुँ ३ हजार ८३६ मेट्रिकटनमध्ये १ हजार ३०० मेट्रिकटन बिक्री हुन नसकी लिलाम गर्नुपरेको देखियो । सो गहुँको औसत खरिद दर मूल्य रु.२१ हजार प्रतिमेट्रिकटन मात्र भएकोमा औसत लिलाम बिक्री दर रु.१८ हजार प्रतिमेट्रिकटनमात्र भएबाट कम्पनीलाई प्रतिमेट्रिकटनमा रु.३ हजारका दरले घाटा भई कुल रु.३९ लाख ४० हजार नोक्सानी भएको छ ।

५१. **असुल हुन बाँकी** – ब्याज, सेवा शुल्क तथा विलम्ब शुल्कबापत गतवर्षसम्म रु.१ करोड २७ लाख ६४ हजार असुल गर्न बाँकी भएकोमा यो वर्ष वृद्धि भई रु.१ करोड ४९ लाख १६ हजार पुगेको छ । राष्ट्रिय दुग्ध विकास बोर्डले दुग्ध विकास कोषबाट २०५६।५७ देखि २०६३।६४ सम्म विभिन्न ४३ दुग्ध उत्पादक संघ र सहकारी संस्थामा रु.२ करोड १५ लाख २५ हजार लगानी गरेकोमा साँवा, ब्याज, सेवा शुल्क र विलम्ब शुल्कसमेत रु.३ करोड ६४ लाख ४२ हजार असुल हुन बाँकी रहेको छ ।

कपास विकास समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत विभिन्न चरण तथा कार्यक्रमका रुपमा स्थापना भई हाल कपास विकास समिति गठन आदेश, २०३७ को अधीनमा रही सञ्चालनमा रहेको छ ।

५२. **ऋण लगानी –** समितिले नेपाल सरकारको लगानी रु.२ करोड ८६ लाख ५ हजार र एसियाली विकास बैङ्कको ऋण रु.१५ करोड ६४ लाख ७० हजार तिर्न बाँकी ऋण र उक्त रकमको ब्याज हिसाब गरी दायित्व सिर्जना गर्ने नगरेको सम्बन्धमा यो वर्ष पनि सुधार भएको छैन ।

५३. **मेसिन उपयोगको क्षमता –** समितिको प्रधान कार्यालयमा कपास प्रशोधन गर्ने ठूलो मेसिन १ को क्षमता ८ क्विन्टल प्रतिघण्टा र साना मेसिन ४ को क्षमता १ क्विन्टल प्रतिघण्टाको हिसाबले वार्षिक १ लाख ४ हजार १२० क्विन्टल कपास प्रशोधन हुन सक्ने रहेको देखिन्छ । यस आर्थिक वर्षमा समितिले कुल १ हजार ५५८. ५२ क्विन्टलमात्र कपास प्रशोधन गरेको उल्लेख छ । जुन क्षमताको १.४९ प्रतिशत मात्र हुन आउँछ । उत्पादनलगायत खर्चमा नियमित रुपमा वृद्धि भए तापनि उत्पादन क्षमता वृद्धि गरी समितिको अवस्था सुधार्ने प्रयास गर्नुपर्दछ ।

५४. **सम्पत्ति सुरक्षा –** समितिको तत्कालीन कार्यालय र कपास उत्पादन प्रयोजनमा रहेको बर्दिया कुम्भरस्थित करिब ५५० हेक्टर जमिनमा रहेको भवन तथा पूर्वाधार क्षतिग्रस्त रहेको जग्गा गत १० वर्षदेखि अतिक्रमणमा परेको छ । लेखापरीक्षण टोलीले उक्त जग्गाको अवलोकन गर्दा सबै जग्गा प्लटिङ गरी विभिन्न किसिमले व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको देखियो । यस सम्बन्धमा समितिको व्यवस्थापन पक्षसँग छलफल गर्दा अतिक्रमणमा परेको जग्गा मुक्त गराउने कार्य अगाडि बढाउने जानकारी गराए तापनि कार्यान्वयनमा आएको देखिएन ।

नेपाल कृषि अनुसन्धान परिषद्

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत गठन भएको यस परिषद्को यो वर्षको लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्नानुसार छन्:

५५. **पाउनुपर्ने हिसाब –** वर्षान्तमा पेश्की हिसाबमा रु.३२ लाख ९४ हजार तथा उधारो बिक्रीमा रु.५६ लाख ५९ हजार बाँकी छ । परिषद्को (आर्थिक प्रशासन) विनियमावली, २०४९ अनुसार फछ्यौंट गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

५६. **डेडिकेटेड फिडलर लाइन –** खुमलटारस्थित जिन बैङ्क सञ्चालनको लागि डेडिकेटेड फिडर लाइन जडान गर्न लाग्ने रकम नेपाल विद्युत प्राधिकरण लगनखेललाई गतवर्ष रु.९६ लाख भुक्तानी गरेको छ । परिषद्ले उक्त कामको लागि लागत अनुमानबेगर प्राधिकरणको मागबमोजिम पेश्की खर्चसमेत नजनाई गतवर्ष सीधै खर्च लेखेकोमा यो वर्ष पुनः रु.८९ लाख ७९ हजार उपलब्ध गराएको छ । उक्त कार्य हालसम्म सम्पन्न भएको प्रतिवेदन प्राप्त भएको छैन ।

कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति

विकास समिति ऐन, २०१३ अन्तर्गत कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८ अनुसार सञ्चालनमा रहेको छ । समितिको यो वर्षको लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्नानुसार छन्:

५७. **सञ्चालन नतिजा** – समितिले यस वर्ष भाडा, शुल्क तथा दस्तुर र ब्याजबाट रु.४ करोड ४९ लाख २८ हजार आम्दानी गरेकोमा बजार सञ्चालन, कर्मचारी पारिश्रमिक, प्रशासनिक अन्य खर्चलगायतमा रु.३ करोड ४८ लाख ७३ हजार खर्च गरी रु.१ करोड ५५ हजार बचत गरेको छ ।

५८. **सम्पत्ति खाता –** प्रस्तुत वासलातअनुसार समितिको खुद स्थिर सम्पत्ति रु.२७ करोड ८१ लाख २९ हजार देखिएको छ । सम्पत्तिको शीर्षकगत खाता खडा गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ ।

५९. **अनधिकृत प्रयोग –** समितिले फलफूल बजारको लागि आफ्नो हाताभित्र ३८ नयाँ स्टलहरु रु.१३ लाख ९० हजारको लागतमा २०६३।११।२५ मा निर्माण गरेकोमा उक्त स्टलहरु अतिक्रमण गरी व्यक्तिहरुले उपयोगमा

ल्याएको देखियो । ती स्टलहरुको निर्माण कार्य सम्पन्न भएदेखिको भाडा दर निर्धारण गरी भाडा असुल गर्नुपर्ने व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ । निर्मित स्टलहरु भाडामा लगाउन नसकेकोले समितिलाई लाखौं रकमको भाडा आम्दानी प्राप्त भएको छैन । प्रयोगमा आइरहेको प्रतिस्टलको मासिक भाडा औसत रु.४ हजारको दरले यो वर्षको मात्र रु.१८ लाख २४ हजार आम्दानी गर्न सकेको छैन ।

६०. **संरचना उपयोग –** समितिले उपलब्ध गराएको विवरण अनुसार यस बजार विकास समितिअन्तर्गत रहेका थोक, खुद्रा, सहकारी आदि गरी जम्मा ४४६ स्टल रहेकोमा कतिपय स्टल प्रयोगमा आएको नदेखिएकोले उक्त स्टलहरु प्रयोगमा ल्याई समितिको आय वृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्ने देखिएको छ । साथै गत वर्ष खरिद गरेको नौविसे, चोभार र धार्केका जग्गा र सोमा रहेका संरचनाहरुसमेत प्रयोगमा ल्याएको छैन ।

६१. **आगलागीबाट क्षति –** समितिको हाताभित्र २०६८।११।२० मा भएको आगलागीको सम्बन्धमा छानबिन उपसमितिको प्रतिवेदनमा घटना छानबिन सम्बन्धमा सहयोग पुग्ने प्रमाणहरु नष्ट भइसकेको, प्रमाणको अभावमा आगलागीको मुख्य कारणसम्म पुग्न नसकिएको र यति ठूलो र गम्भीर घटनालाई अनुमानका आधारमा मात्र विद्युत सर्किट सट भई आगालागी भएको हो वा अन्य कुनै कारणबाट हुन गएको हो पुष्ट्याई गर्ने आधार फेला पार्न नसकेकोले आगलागीको कारण यही हो भनी ठहर गर्न सकेनौ भनी उल्लेख गरेको पाइयो । उक्त आगालागीबाट व्यवसायी संघसंस्थासमेतको धनजनको ठूलो मात्रामा क्षति हुनका साथै समितिको रु.२ करोड ८९ लाख ७ हजार मूल्यको क्षति भएको भन्ने उल्लेख छ । संरचनाहरुको बीमा नगराएकोले क्षतिपूर्ति प्राप्त नहुने अवस्था छ । सम्पत्ति सुरक्षाको लागि बीमा गराउनुपर्छ भनी यस कार्यालयले गतवर्षसमेत सुझाव दिएकोमा बीमा नगरेको कारण यस वर्ष आगलागीबाट क्षति भएको रकम पूर्ति हुने देखिएन । क्षति भएको रकममध्ये स्थिर सम्पत्ति नोक्सानीलाई सम्पत्तिको मूल्यबाट घटाई लेखाङ्कन गर्नुपर्ने देखिएको छ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ ३१३ निकायमा रु.३२ करोड २ लाख ५१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.९६ लाख ७९ हजार फछ्यौंट गरेकोले रु.३१ करोड ५ लाख ७२ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ करोड ६२ लाख १५ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था, अन्य संस्था समिति ४ तर्फ रु.११ करोड १ लाख ६८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ करोड ८५ लाख ७० हजार फछ्यौंट गरेकोले रु.३ करोड १५ लाख ९८ हजार बाँकी रहेको छ । सोमध्ये रु.६ लाख ५१ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

गृह मन्त्रालय

मन्त्रालय र मातहतसमेत ८०९ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३० अर्ब ४ करोड ९३ लाख ८८ हजार, राजस्वतर्फ रु.२ अर्ब ८६ करोड १९ लाख ९६ हजार, धरौटीतर्फ रु.१ अर्ब ७१ करोड ५५ लाख ५६ हजार र अन्य कारोबारतर्फ रु.२ अर्ब ३८ करोड १२ लाख ९९ हजारसमेत रु.३७ अर्ब ८२ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा शान्ति मन्त्रालयको रु.२ अर्ब ५७ करोड ७४ लाख ६१ हजार र वाणिज्य तथा आपूर्ति मन्त्रालयको रु.११ लाख ४७ हजारसमेत समावेश छ ।

मन्त्रालयमातहतका अन्य संस्था २ र समिति ७५ को रु.४ अर्ब ३१ करोड १८ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखा परीक्षकको गत विगतका प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)(२) को व्यवस्थाअनुसार सम्पूर्ण कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलब खुवाउन नहुने उल्लेख छ । यो वर्ष मन्त्रालयमातहतका जिल्ला प्रशासन कार्यालय, कारागार कार्यालय, इलाका प्रशासन कार्यालयलगायतका २१ ले तलबी प्रतिवेदन पारित नगराई रु.१५ करोड ५३ लाख १२ हजार तलब खर्च लेखेका छन् । गतवर्षसमेत यस सम्बन्धमा औल्याइएकोमा स्थिति यथावत् छ ।

१.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९१(१) मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार गरी सम्बन्धित विभागमार्फत सम्बन्धित मन्त्रालयमा र एक प्रति सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयमातहतका सशस्त्र प्रहरी बल प्रधान कार्यालय, प्रहरी प्रधान कार्यालयसमेतले वार्षिक कार्य सम्पादन प्रतिवेदन बनाई सम्बन्धित निकायमा पेश नगरेको व्यहोरा गत विगतका प्रतिवेदनमा उल्लेख गरिएकोमा यो वर्ष पनि पेश गरेको देखिएन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **शान्ति सुरक्षा खर्च** – नेपाल सरकार मन्त्रिपरिषद्को २०५८।३।५ को निर्णयबमोजिम शान्ति सुरक्षा कायम राख्ने प्रयोजनको निमित्त एक पटकमा प्रमुख जिल्ला अधिकारीले रु.२ हजार, गृह सचिवले रु.२० हजार, गृह मन्त्रीले रु.५० हजारसम्म र सोभन्दा बढी खर्च गर्नु परेमा प्रधानमन्त्रीको स्वीकृतिमा गर्नसक्ने व्यवस्था छ । साथै प्रहरीतर्फ विभिन्न तहका कार्यालय प्रमुखले तहअनुसार एक पटकमा रु.५०० देखि अधिकतम रु.१५ हजारसम्म खर्च गर्नसक्ने नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०५३।१०।३ मा निर्णय भएको छ ।

मन्त्रालय र मातहत कार्यालयबाट यो वर्ष शान्ति सुरक्षासम्बन्धी कार्य सञ्चालन गर्न रु.१ करोड ५६ लाख १३ हजार खर्च भएको देखिन्छ । विगत ३ वर्षको शान्ति सुरक्षा (गोप्य काममा भएको समेत) खर्चको स्थिति देहायअनुसार छ:

(रु. हजारमा)

खर्चको आदेश दिने अधिकारी	२०६६/६७	२०६७/६८	२०६८/६९
प्रधानमन्त्री	१०,००	३,००	-
गृह मन्त्री	२४,४१	१४,३०	६८
गृह सचिव	२२,२४	१९,३३	११,१३
प्रहरी महानिरीक्षक	४८,६०	४५,५५	३९,९०
सशस्त्र प्रहरी महानिरीक्षक	३२,०१	३६,६३	१५,४२
राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक	७९,३८	६७,९२	७४,३०
राष्ट्रिय अनुसन्धान क्षेत्रीय र जिल्ला कार्यालय प्रमुखहरु	४०,३७	११,९७	१५,७०
जम्मा	**२,५७,०१**	**१,९८,७०**	**१,५७,१३**

२.१ शान्ति सुरक्षा (गोप्य खर्च) मा गरेको खर्चको अभिलेख तथा भरपाईको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गतका निकायहरुले विशेष सेवा नियमावली, २०४४ अनुसार खर्च गरेको उल्लेख गरे तापनि नियमावलीले खर्च गर्ने सीमा निर्धारण गरेको देखिदैन ।

२.२ सशस्त्र प्रहरी बल प्रधान कार्यालय २०५९ मा स्थापना भएकोमा शान्ति सुरक्षा कायम राख्ने प्रयोजनको निमित्त (गोप्य काममा समेत) मन्त्रिपरिषद्को २०५३।१०।२८ को निर्णयानुसार नेपाल प्रहरीका विभिन्न तहका पदाधिकारीको लागि तोकिएको खर्च सीमाको आधारमा खर्च लेख्ने गरेको पाइयो । सशस्त्र प्रहरी बल छुट्टै निकाय भएकोले उक्त निर्णयको आधार लिई खर्च लेख्न मिल्ने देखिएन । अत: यो वर्ष खर्च लेखेको रु.१५ लाख ४२ हजार खर्च समर्थन गराउनुपर्ने र आगामी दिनमा यस्तो खर्च गर्दा सीमा निर्धारण गरिनुपर्दछ ।

३. **इन्भर्टर खरिद –** मन्त्रालयले २०६७।६८ को स्वीकृत कार्यक्रमअनुसार ४७ जिल्ला प्रशासन कार्यालयका लागि यू.पी.एस. र ब्याट्री खरिद गर्न बोलपत्रको माध्यमद्वारा २०६७।१२।८ मा एक कम्पनीको रु.२ करोड ५२ लाख २७ हजारको ठेक्का स्वीकृत गरी २०६८।३।१६ मा सम्झौता गरेको थियो । बढ्दो लोडसेडिङ्गको कारण इन्भर्टर प्रयोग हुने गरेको र इन्भर्टरले अझ बढी विद्युत खपत बढाउने कारण जनाई इन्भर्टर पैठारीमा नेपाल सरकारले प्रतिबन्ध लगाएको थियो । उक्त कम्पनीसंग यो वर्षसमेत रु.४ करोड ६ लाख २० हजारको सामान खरिद गरी भुक्तानी दिएको देखियो । बोलपत्र गर्दाको अवस्थामा इन्भर्टर पैठारीमा प्रतिबन्ध लगाइसकेको र पैठारीको लागि अनुमति नदिए पनि बजारबाट सामान आपूर्ति गर्न एक आपूर्तकलाई अनुमति दिएको पाइयो ।

४. **सामान मौज्दात –** मन्त्रालयले यो वर्ष जिल्ला प्रशासन कार्यालयहरुका लागि यू.पी.एस. र ब्याट्री, ल्यापटप, डेस्कटप कम्प्युटर, प्रिन्टर, फ्याक्स, डिजिटल क्यामेरा, नेटवर्क इक्विपमेण्ट सेट, नेटवर्क सञ्जालजस्ता सामान खरिद गर्ने कार्यक्रम रहेको पाइयो । यी सामान खरिद गर्न जिल्ला प्रशासन कार्यालयहरुबाट माग सङ्कलन गरेको देखिएन । यो वर्ष रु.६ करोड ९२ लाख ५० हजारमा खरिद गरिएका र गतवर्ष खरिद गरी वितरण नगरी मौज्दात रहेको केही सामानको उदाहरण देहायअनुसार छ:

सामानको नाम	गत वर्षको मौज्दात	यो वर्ष खरिद	जिल्ला प्रशासन कार्यालय पठाएको	मौज्दात
फ्याक्स मेसिन	७०	४३	२०	९३
क्यामरा	७८	१२	७०	२०
कम्प्युटर	३१८	६०	१५५	१९३
प्रिन्टर	२९७	५३	१५८	१९२
ल्यापटप	२७	४५	४	६८
यू.पी.एस.	२७८	२	१३८	१४२
फोटोकपी मेसिन	५१	२०	३४	३७

मन्त्रालयले हस्तान्तरण गरेका सामानहरु सम्बन्धित कार्यालयमा जिन्सी खातामा दाखिला भएको प्रमाण पेश भएको छैन । यस्तो स्थितिमा सामान हिनामिना हुनसक्ने हुँदा ती सामान जिन्सी दाखिला भएको प्रमाण राख्नुपर्ने देखिन्छ । आवश्यकताको पहिचान नगरी मौज्दातमा सामान हुँदाहुँदै खरिद गर्ने परिपाटीमा नियन्त्रण गरिनुपर्दछ । यस सम्बन्धमा मन्त्रालयले जिल्लामा पठाएको सामान आम्दानी बाँधी हस्तान्तरण फाराम पठाउने क्रम जारी रहेको जवाफ दिएको छ ।

५. **कानूनी व्यवस्था** – प्रहरी किताबखानाले हाल नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्रमातहतमा रहेका कर्मचारीहरुको वैयक्तिक विवरण एवं निवृत्तिभरण, उपदान, पारिवारिक निवृत्तिभरण, असाधारण पारिवारिक वृत्ति, अशक्त वृत्ति, सन्तति वृत्तिलगायतको अभिलेख राखी विवरण उपलब्ध गराउँदै आएको छ ।

प्रहरी किताबखानाको कार्यविधि दिग्दर्शन, २०६८ को प्रकरण ४ मा किताबखानाले गर्ने कार्यहरुमा पद दर्ता, सिटरोल दर्ता, तलबी प्रतिवेदन पारित, अवकाश सूचना, उपदान अङ्क किटानी, निवृत्तिभरण र पारिवारीक निवृत्तिभरणको अधिकारपत्र, नोकरी जोड्ने, कर्मचारी विवरण अद्यावधिक गर्ने लगायतका कार्यहरु पर्दछन् । यी कार्यहरुका बारेमा सम्बद्ध निकायको ऐन तथा नियमावलीमा उल्लेख गरेको पाइदैन । यो वर्ष सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र मातहतका निकायले औषधि उपचारमा रु.५० करोड ४७ लाख ४ हजार र सञ्चित बिदाको रकम भुक्तानीमा रु.३० करोड ४३ लाख ९७ हजार खर्च लेख्दा केन्द्रीय निकायबाट उपलब्ध गराइएको विवरणका आधारमा खर्च लेखेको पाइयो । सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्रसँग सम्बन्धित निकायको सेवा सञ्चालनसम्बन्धी नियमावलीमा उक्त विषयका अतिरिक्त, औषधि उपचार र बिदाको अभिलेख राख्ने लगायतका विषय समावेश गरी ती निकायले आवश्यक सूचना एवं वैयक्तिक विवरण अनिवार्य रुपमा किताबखानालाई दिनुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६. **वायोमेट्रिक स्मार्ट कार्ड** – नागरिकतासम्बन्धी अभिलेखलाई राष्ट्रिय तथ्याङ्कसंग आबद्ध गर्न तथा विद्युतीय सुशासनको लागि सरकारी क्षमताको अभिवृद्धि गर्ने उद्देश्यले नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने फोटोसहितको बहुउपयोगी वायोमेट्रिक स्मार्टकार्ड उपलब्ध गराउने यो वर्षको बजेट तथा कार्यक्रममा उल्लेख थियो ।

बृद्ध भत्ता तथा अन्य सामाजिक भत्ताहरु वितरण गर्न, व्यक्तिगत घटना दर्ता, केन्द्रीय अभिलेख र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको लागि उक्त कार्ड उपयोग गर्ने उल्लेख भएको देखिन्छ । यो कार्यक्रम राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रबाट २०६६।६७ देखि सञ्चालनमा आई रु.१ करोड ४९ लाख ८७ हजार खर्च भएको थियो । गतवर्षको प्रतिवेदनमा घोषित नीति कार्यान्वयन गर्न आवश्यक ऐन नियम तथा कार्यविधि बनाई लागू नगरेको व्यहोरा औल्याइएको थियो । यो वर्ष ४ लाख राष्ट्रिय परिचयपत्र वितरण गर्न रु.८ करोड १२ लाखको कार्यक्रम तथा बजेट स्वीकृत भएकोमा रु.१ करोड ९१ लाख ४८ हजार कार्यालय सञ्चालनमा खर्च भएको छ । कार्यक्रमअनुसार परिचयपत्र वितरण गर्ने कार्य हुनसकेको देखिएन । विनियोजित बजेटमध्ये रु.५० लाख रकमान्तर गरेको र रु.६ करोड खर्च नभई बजेट निष्क्रिय रहेको पाइयो । आवश्यक ऐन नियम तर्जुमा गरी स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनुपर्दछ । मन्त्रालयले ऐनको प्रस्तावित मस्यौदा स्वीकृतिका लागि पेश गरेको जवाफ दिएको छ ।

७. **नापी किताब** – ठेक्का वा अमानतबाट गरिएको सार्वजनिक निर्माण कार्यको नाप जाँच गरी राखिने अभिलेख नापी किताबमा प्रत्येक निर्माण कार्यको छुट्टाछुट्टै प्रयोग गर्नुपर्दछ । यस्तो नापी किताबमा कार्य स्थल, ठेकेदारको नाम, ठेक्का सम्झौता मिति र ठेक्का नम्बर, ठेक्का सम्पन्न गर्नुपर्ने, कार्यादेश, कार्य सम्पन्न र नापी लिएको मिति खुलाउनुपर्ने तथा भएका कार्य र खर्च रकम नापी किताबमा प्रविष्टि गरी भुक्तानी विवरण समेत प्रमाणित गर्नुपर्दछ ।

मन्त्रालयमातहतका सशस्त्र प्रहरी बल, प्रहरी प्रधान कार्यालय र मातहत निकायले यो वर्ष कार्यालय भवन, ब्यारेक, शौचालय, कम्पाउण्डवाल, भवन निर्माण लगायतका कार्य ठेक्कापट्टा एवं अमानतबाट

गराएकोमा प्रत्येक बिलको अलगअलग कम्प्युटर प्रति नापी विवरण (किताब) राख्ने गरेको पाइयो । उक्त विवरणहरु खुलाई अद्यावधिक गरी नापी किताब राखेको देखिएन । अतः प्रत्येक निर्माण कार्यको नापजाँचको रीतपूर्वकको नापी किताब राख्ने व्यवस्था गर्नुपर्दछ ।

अध्यागमन विभाग

८. **अभिलेख** – नेपाल प्रवेश गर्ने प्रत्येक विदेशीले नेपालभित्र प्रवेश गर्दा अध्यागमन नियमावली, २०५१ को नियम १६ अनुसार अनुसूची ६ बमोजिम आगमन फाराम भर्नुपर्ने र सोही नियमावलीको नियम २९ मा व्यवस्था भएअनुसार अनुसूची ९ मा तोकिएको दस्तुर तिर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम १६ को उपनियम (२) मा कार्यालयले अनुसूची ७ र ७ (क) बमोजिम आगमन र प्रस्थान अभिलेख तयार गर्नुपर्ने व्यवस्था छ । अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरले नेपाल प्रवेश गर्ने विदेशीहरुसँग भिसा दस्तुर सीधै नलिई अनुमति आवेदन फारामसहित आफूले बस्न चाहेको अवधि खुलाई अनुमति शुल्क राष्ट्रिय वाणिज्य बैङ्कको काउण्टरमा बुझाई प्राप्त रसिदको आधारमा भिसा दिने गरेको देखिन्छ । बैङ्कले दैनिक प्राप्त रकम एकमुष्ट हिसाब गरी डलर तथा नेपाली रुपैयाँमा भएको आम्दानी खुलाई उक्त दिनको डलर सटही दरको आधारमा सञ्चितकोष दाखिला गरी दोस्रो प्रति बैङ्क भौचरसहित पठाउने र कार्यालयले उक्त बैङ्क भौचरको आधारमा राजस्व स्रेस्ता खडा गर्ने गरेको देखियो । यो वर्ष कार्यालयले रु.७२ करोड ४८ लाख १६ हजार भिसा शुल्क असुल गरेको देखिन्छ ।

कार्यालयले प्रत्येक दिन भिसा खर्चको एकीकृत हिसाब तयार गर्ने र नियमले तोकेको आगमन र प्रस्थान अभिलेख राख्ने गरेको पाइएन । कार्यालयले तोकिएको भिसा दस्तुर नगद प्राप्त गरी नगदी रसिद काट्ने, राजस्व आम्दानी गर्दा राख्नुपर्ने म.ले.प.फाराम नं.१०८ लगायतका अभिलेख राखेको छैन । बैङ्कले दाखिला गरेको राजस्व रकम र भिसा आम्दानी खर्चको हिसाबको अभिलेख राखी भिडान गर्ने नगरेबाट असुली राजस्वको यथार्थता यकिन गर्ने आधार भएन ।

दैनिक रुपमा भिसा खर्च र राजस्व आम्दानीको अभिलेख भिडान गर्ने र यसप्रकार राजस्व आम्दानी गर्ने परिपाटीमा सुधार गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो बनाउनुपर्दछ ।

कारागार व्यवस्थापन विभाग

९. **कारागारको क्षमता** – कारागारमा बस्न योग्य न्यूनतम आधारभूत सुविधाको व्यवस्था गरी क्षमताअनुरुप कैदी बन्दी राख्ने व्यवस्था गर्नुपर्दछ । विभागबाट प्राप्त विवरणअनुसार कारागार कार्यालयहरुमा २०६९ आषाढ महिनामा विभिन्न ७५ कारागारको क्षमता ७ हजार १८३ रहेकोमा कारागारमा रहेका बन्दीहरुको संख्या १३ हजार ७३५ रहेको देखिन्छ । यसरी आषाढ महिनामा क्षमताभन्दा ९१.२१ प्रतिशत कैदी बन्दी बढी रहेको देखिन्छ ।

क्षमताभन्दा अत्यधिक बढी संख्यामा कैदी बन्दी रहेको र महिला कैदी बन्दीहरुको संख्या उल्लेख्य रहेको पाइयो । उदाहरणको लागि क्षमताभन्दा बढी बन्दी रहेका र महिला बन्दीको स्थितिसहित ५ कारागार कार्यालयको विवरण देहायअनुसार छः

कारागार कार्यालय	कारागारको क्षमता	कुल संख्या २०६९ आषाढको	प्रतिशत (२०६९ आषाढको तुलनामा)	सोमध्ये महिला संख्या
काठमाडौं	१५००	२१६४	४४	२८२
मोरङ	२५०	५९२	१३७	५५
झापा	२००	५३८	१६९	३७
महोत्तरी	१३५	३८०	१८१	३६
चितवन	५५	४७३	७६०	५५

यसप्रकार कारागारको क्षमताभन्दा ४४ देखि ७६० प्रतिशत सम्म कैदी बन्दी बढी रहेको देखिन्छ । महिला कैदी बन्दीको संख्यामा वृद्धि हुदै गएको परिप्रेक्षमा महिला कारागारको छुट्टै व्यवस्था भएको अवस्था देखिदैन । कैदी बन्दीहरु राख्न अत्याधिक चाप भएका जिल्ला कारागारहरुको पहिचान गरी आवश्यक सुधारको साथै महिला कारागारको सम्बन्धमा छुट्टै व्यवस्था गर्नु जरुरी देखिन्छ ।

१०. **जग्गा स्वामित्व –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ (१) मा प्रत्येक कार्यालयले घर जग्गाको लगत तोकिएको ढाँचामा राख्नुपर्ने, त्यस्तो घरजग्गा आफ्नो वा जिल्ला प्रशासन वा अन्य कुनै कार्यालयको नाममा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाणपुर्जा प्राप्त भए नभएको बुझी प्राप्त नभएको भए कानूनबमोजिम कार्यालयको नाममा दर्ता गराउनुपर्ने उल्लेख छ । केन्द्रीय कारागार अस्पताल, त्रिपुरेश्वरले यस वर्ष केन्द्रीय कारागार अस्पताल ओ.पी.डी. भवन रु.४ करोड ५५ लाखको लागतमा निर्माण सम्पन्न गरेको छ । उक्त भवन निर्माण भएको जग्गा कार्यालयको नाममा दर्ता गरी स्वामित्व प्राप्त गरेको छैन । सम्बन्धित निकायबाट उक्त भवन निर्माणको नक्सा पास गराएको प्रमाण लेखापरीक्षणमा पेश भएन । उक्त जग्गा दर्तासम्बन्धी आवश्यक कारबाही गरी आफ्नो नाममा दर्ता स्वामित्व कायम गर्नुपर्दछ ।

११. **जग्गा अतिक्रमण** – मालपोत कार्यालय सप्तरीको २०५१।८।१८ को निर्णयानुसार कारागार कार्यालय सप्तरीको नाममा दर्ता कायम रहेको राजविराज नगरपालिका वडा नं.७ कित्ता नं.४१५ को २ बिगाहा १३ कठ्ठा १९ धुर क्षेत्रफलमध्ये हाल कारागार कार्यालय सप्तरीले १ बिगाहा ७ कठ्ठा ७ धुर उपभोग गरी १ बिगाहा ६ कठ्ठा १२ धुर जग्गा अनाधिकृत व्यक्तिहरुबाट अतिक्रमण भएको देखियो । पुनरावेदन अदालत राजविराजबाट अतिक्रमण भएको उक्त जग्गामा बनेका घर टहरा खाली गर्ने आदेशसमेत भई कारागार व्यवस्थापन विभागले जिल्ला प्रशासन कार्यालय सप्तरीलाई अतिक्रमण भएको जग्गामा बनेको घर टहरा हटाई जग्गा खाली गराउन अनुरोध गरेकोमा उक्त कार्य भएको देखिएन ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालय

१२. **आर्थिक विवरण –** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८५ को उपनियम (३) अनुसार प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र आर्थिक विवरण तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालय र तालुक कार्यालयमा पठाउनुपर्दछ । नियम ८६ अनुसार सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले पेश हुन आएको विवरणमा वार्षिक बजेट, रकमान्तर, निकासा, खर्च, बाँकी, बैङ्क हिसाब र फ्रिज विवरणसमेत भिडाइ महालेखा नियन्त्रकको कार्यालय र तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । सशस्त्र प्रहरी बल प्रधान कार्यालयले तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भिडान गरेको आर्थिक विवरणअनुसार सुरु बजेट, थप बजेट र खुद बजेट कायम भएकोमा सुरु बजेटभन्दा थप बजेट बढी रहेको छ । एउटै बजेट उपशीर्षकको थप बजेट पटकपटक गरी निकासा भएकोमा आर्थिक विवरणमा थप बजेट देखाउन मिल्दैन । कार्यालयले सुरुकै बजेटलाई पटकपटक निकासा भएकोमा थप बजेट उल्लेख गरी रीतपूर्वकको आर्थिक विवरण तयार गरेको पाइएन । यसमा सुधार हुनुपर्छ ।

१३. **बजेट अख्तियारी –** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२(१) र (२) अनुसार मन्त्रालय तथा विभागले मातहतका खर्च गर्ने निकायको नाममा स्वीकृत बजेटको खर्च गर्ने अख्तियारी अर्थ मन्त्रालयबाट प्राप्त भएको १५ दिनभित्र पठाउनुपर्ने व्यवस्था छ । सशस्त्र प्रहरी बल प्रधान कार्यालय र मद्दति सेवा निर्देशनालयसमेतको चालु र पूँजीगत खर्च बजेट उपशीर्षकको स्वीकृत बजेटको अख्तियारी एकमुष्ट नदिई सुरुमा आंशिक रकमको अख्तियारी दिने र अवण्डा राखी पटकपटक दिने गरेको पाइयो । सुरुको अख्तियारी अङ्क र पटकपटक थप गरी आर्थिक वर्षको अन्त्यमा कायम भएको विनियोजन अङ्क निम्नानुसार देखिन्छ । गत वर्षको बजेट खर्चलाई आधार मानी यो वर्ष स्वीकृत बजेट खर्च गर्ने अख्तियारी नियमको उक्त व्यवस्था अनुसार समयमा दिएको देखिएन । विगतका बजेट खर्चको आधारमा विनियोजत बजेट बाँडफाँड गरी समयमै खर्च गर्न अख्तियारी दिन पर्ने देखिन्छ ।

(रु.हजारमा)

विवरण	सुरु बजेट अख्तियारी	पटक पटक थप गरी कायम बजेट	वृद्धि प्रतिशत
सशस्त्र प्रहरी बल प्रधान कार्यालय चालु	१७,००	५२,००,८०	३०४९२.९४
सशस्त्र प्रहरी बल प्रधान कार्यालय पूँजीगत	५,५२,००	५९,९५,२७	९८६.१०
सशस्त्र प्रहरी बल मद्दति सेवा निर्देशनालय चालु	८,०६,००	१८,५३,४३	१२९.९५
सशस्त्र प्रहरी बल मद्दति सेवा निर्देशनालय पूँजीगत	२०	८६,२०	४३०००.००

१४. **खरिदको गुरुयोजना –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(१) मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस कार्यालयले खरिदको गुरुयोजना तयार नगरी पूँजीगत शीर्षकबाट रु.५२ करोड ८६ लाख ७२ हजारको खरिद कार्य गरेको छ । आवश्यकता पहिचान गरी कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरेर मात्र खरिद गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

१५. **आर्थिक सहायता –** आर्थिक सहायता उपलब्ध गराउँदा कानूनी व्यवस्थाका आधारमा प्रदान गर्नुपर्दछ । यो वर्ष स:शर्त चालु अनुदान खर्च शीर्षकबाट विभिन्न व्यक्तिहरुलाई निवेदनका आधारमा स्वास्थ्य उपचारबापत रु.२७ लाख आर्थिक सहायता वितरण गरेको देखिन्छ । आर्थिक सहायता उपलब्ध गराउने कानूनी आधार लेखापरीक्षणमा पेश भएन । यसप्रकार आर्थिक सहायता उपलब्ध गराउनुपर्ने भएमा नीतिगत व्यवस्था गरी सोही आधारमा उपलब्ध गराउनुपर्दछ ।

१६. **तयारी चुस्ता खरिद –** सशस्त्र प्रहरी बल प्रधान कार्यालय र मातहतमा समेतका सशस्त्र प्रहरी कर्मचारीहरुको लागि ३१ हजार ५०० क्यामोफ्ल्याग जिन तयारी चुस्ता खरिद गर्न प्रतिइकाई रु.२ हजार ५२१ ले (मूल्य अभिवृद्धि करसमेत) रु.७ करोड ९४ लाख १२ हजारको लागत अनुमान स्वीकृत गरेको थियो । उक्त सामान बोलपत्रद्वारा एक फर्मबाट प्रतिथान रु.२ हजार ११० का दरले ३६ हजार २०० थान खरिद गरी मूल्य अभिवृद्धि करसमेत रु.८ करोड ६३ लाख १२ हजार भुक्तानी भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

१६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा चालु आर्थिक वर्ष वा अघिल्ला आर्थिक वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दर भाउ, उद्योग बाणिज्य संघले जारी गरेको दर रेटलाई आधार मानी गर्नुपर्ने व्यवस्था रहेको छ । उद्योग वाणिज्य संघबाट दर रेट प्राप्त नभए पनि गत वर्षको खरिद दरलाई आधार लिनुपर्नेमा लिएको पाइएन । सोही सामान गतवर्ष एक इण्डष्ट्रिजबाट प्रतिथान रु.१ हजार ६७६ मा खरिद भएकोमा सो खरिद मूल्यलाई आधार नलिई यो वर्ष प्रतिथान रु.२ हजार ५२१ ले लागत अनुमान तयार गरी कुल रु.१ करोड ७७ लाख २ हजार बढी लागत अनुमान गरेको पाइयो ।

१६.२ स्पेसिफिकेशन तयार गर्दा ५० प्रतिशत नाइलन र ५० प्रतिशत (३ प्रतिशत थपघट हुन सक्ने) कटनको मिश्रणलाई आधार लिएको थियो । गुणस्तर नापतौल कार्यालयले २०६९।३।१५ मा गुणस्तर जाँच गरी जारी गरेको प्रतिवेदनअनुसार नाइलनको मात्रा ५१.५८ प्रतिशत र कटनको मात्रा ४८.४२ प्रतिशत रहेको उल्लेख छ । आपूर्तकले कार्यालयमा २०६९।३।६ मा ३ हजार ५०० र २०६९।३।१४ मा ३२ हजार ७०० थान आपूर्ति गरेको देखिन्छ । अत: स्पेसिफिकेशन तयार गरी तोकिएको गुणस्तरअनुरुपको सामान प्राप्त गर्न ध्यान दिनुपर्ने देखियो ।

१७. **सामान ढुवानी –** सशस्त्र प्रहरी प्रधान कार्यालय र मातहतमा समेतका सशस्त्र प्रहरी कर्मचारीहरुको लागि २०६८।६९ मा आवश्यक बन्दोबस्तीका सामान तथा अन्य सामान ढुवानी कार्य ठेक्काद्वारा गराई एक ट्रान्स्पोर्ट कम्पनीलाई रु.७७ लाख ७४ हजार खर्च लेखेको पाइयो ।

कार्यालयले विभिन्न जिल्लास्थित सशस्त्र प्रहरी बल बाहिनी, गण, गुल्म, तालिम महाविद्यालयको लागि पोशाक, कटन तथा बन्दोबस्ती एवं भीड नियन्त्रणका सामानहरु परिमाण र विवरण नखुलाई ढुवानी

गराई खर्च लेखेको छ । सामान ढुवानी गर्दा सुरक्षाको कारण देखाई परिमाण र मालसामानको विवरण नखुलाएबाट भाडा रकम यकिन गर्ने आधार भएन ।

प्रहरी प्रधान कार्यालय

१८. **बजेट अख्तियारी –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(१) र (२) ले ऐन जारी भएपछि अर्थ सचिवले सम्बन्धित सचिवलाई बजेट शीर्षक, उपशीर्षक र रकमसमेत खुलेको बजेट विवरण र बजेट खर्च गर्ने गराउने सम्बन्धी अख्तियारीपत्र पठाउनुपर्ने र सो प्राप्त भएको १५ दिनभित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम सञ्चालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने स्रोत खोली बजेट खर्च गर्ने अख्तियारीपत्र पठाउनुपर्ने व्यवस्था गरेको छ । प्रहरी प्रधान कार्यालय बजेट महाशाखाले मातहत विभाग तथा कार्यालयहरुलाई ढिलो गरी अख्तियारीपत्र पठाउने गरेको देखियो । यससम्बन्धी केही उदाहरण यसप्रकार छन्:

१८.१ (क) प्रहरी प्रधान कार्यालयले मातहतका डोटी, बाँके र काठमाडौंस्थित प्रहरी अस्पतालमा ढिलो गरी तथा पटकपटक अख्तियारीपत्र पठाएको स्थिति देहायअनुसार छ:

(रु. हजारमा)

क्र.सं.	बजेट अख्तियारी दिएको मिति	डोटी		बाँके		काठमाडौं	
		चालु	पूँजीगत	चालु	पूँजीगत	चालु	पूँजीगत
१	२०६८/५/१२	-	३,००	-	३,००	-	७,४६,००
२	२०६८/४/२३	८४,३६	-	९०,७४	-	११,९०,७४	-
३	२०६८/९/२५	१६,८०	-	१६,५०	-	२,४५,८५	-
५	२०६९/२/२९	-	-	-	-	-	६०,००
६	२०६९/३/७	-	-	-	-	-	२६,४६

(ख) **अन्य कार्यालयतर्फ:**

क्र.सं.	कार्यालय	अख्तियारी मिति	बजेट विवरण	रकम (पूँजीगत)
१	केन्द्रीय प्रहरी विशेष कार्यदल	२०६९/३/१७	सा.नि.,फर्निचर	११००
२	जिल्ला प्रहरी कार्यालय, तनहूँ	२०६८/१०/२३	भवन निर्माण	२००
३	म.न.प्र.अ.महाशाखा, हनुमानढोका	२०६९/३/१५	फर्निचर, मे.औ.	१६०
४	म.न.दं.नि.गण, कपन	२०६८/१२/२३	भवन निर्माण	३५००

१८.२ प्रहरी प्रधान कार्यालयले मातहत कार्यालयको लागि एउटै बजेट शीर्षकमा विनियोजित रकम सुरुमा बाँडफाँड गरि अख्तियारी पठाउँदा आंशिक रकम पठाई अबण्डा राखी पछि सुरु अख्तियारीभन्दा ४४५ प्रतिशतसम्म बढीको अख्तियारी दिने गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहायअनुसार छ:

(क) **चालुतर्फ:**

(रु. हजारमा)

क्र.सं.	कार्यालय	खर्च शिर्षक											
		खाद्यान्न		ईन्धन		कार्यालय सामान		भ्रमण खर्च		तलब		भाडा	
		सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट
१	प्रहरी प्रधान कार्यालय, कार्य विभाग	-	-	८,८०	४८,००	६,५०	६८८	२,५०	७,४२	-	-	-	-
२	महानगरिय प्रहरी परिसर हनुमानढोका	३५,२३	१४,८०	१,००	५६,६१	५,५०	७,००	६,००	२,५०	३,६६,७१	१,१२,९५	८,५१	१३,२६
३	राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान	९१,००	१०,००	२,००	१५,००	२,५०	१५,००	४,००	११,००	७,००,००	४०,००	-	-

क्र.सं.	कार्यालय	खर्च शिर्षक											
		खाद्यान्न		ईन्धन		कायांलय सामान		भ्रमण खर्च		तलब		भाडा	
		सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट
४	प्रहरी अपराध अनुसन्धान महाशाखा, हनुमानढोका	२,५४	१५,६९	५,२५	१८,११	१,५०	१,५०	२,००	१,५०	-	-	१,६५	२,३१
५	ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ	१६,३०	१२,५०	११,००	५१,७५	२,४०	२,७०	५,००	२२,४०	-	-	३,६५	१२,१५

(ख) पूँजीगततर्फ

(रु. हजारमा)

क्र.सं.	कार्यालय	खर्च शीर्षक									
		भवन निर्माण		फर्निचर		मे.औ.		सा.नि.		पू.सुधार	
		सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट	सुरु बजेट	थप बजेट
१	राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान	७,५०	१,०५,००	-	-	-	-	३०,००	४६,४९	-	-
२	ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ	१,८०	५५,००	५,५०	९,००	-	-	-	-	७५	४,००
३	महानगरिय प्रहरी दंगा नियन्त्रण प्रहरी गण, पन	१,५०	५४,४०	१,००	४,५०	५०	७५	२५०	८,५०	-	-
४	नेपाल प्रहरी अस्पताल, महाराजगंज	१,५०	१५,००	-	-	३,९०,००	२२,००	१२,००	२६,४६	-	-

यसप्रकार बजेट अख्तियारी दिँदा ढिलो दिनुको अतिरिक्त निश्चित खर्च हुने तलब, घर भाडा एवं पूँजीगत खर्चका शीर्षकको रकम अबण्डा राखी पटकपटक थप अख्तियारी दिने गरेको पाइयो । छलफलमा कार्यालयको आवश्यकता, उपलब्ध बजेट एवं परिस्थिति समेतलाई दृष्टिगत गरी आर्थिक मितव्ययिता कायम गर्न पटकपटक अख्तियारी दिएको भनाइ रहेको छ । ढिलो अख्तियारी दिँदा खरिद योजना एवं खरिद कारबाही समयमा सम्पन्न गर्न र कार्यसञ्चालनमा बाधा नपर्ने गरी बजेट अख्तियारी दिनेतर्फ ध्यान जानु जरुरी छ ।

१९. **काज –** प्रहरी नियमावली, २०४९ को नियम ३१(५) मा विशेष परिस्थितिमा बाहेक प्रहरी कर्मचारीलाई काजमा राखिने छैन भन्ने उल्लेख छ । प्रहरी प्रधान कार्यालयले विशेष कारण तथा अवधि नखुलाई प्रहरी कर्मचारीहरु काजमा राख्ने गरेको छ । यो वर्षको आषाढ महिनामा निम्न ५ कार्यालयमा काज रहेका प्रहरी कर्मचारीहरुको स्थिति देहाय अनुसार छ :

क्र.सं.	कार्यालयको नाम	अन्यत्रबाट काज आएको संख्या	अन्यत्र काज पठाएको संख्या
१.	प्रहरी पहरागण सामाखुसी	५९	१३५
२.	महानगरीय प्रहरी बृत्त, महाराजगन्ज	१७४	३२
३.	महानगरीय प्रहरी परिसर, काठमाडौ	२५१	५८
४.	महानगरीय दंगा नियन्त्रण गण, त्रिपुरेश्वर	२५	३५०
५.	प्रहरी प्रधान कार्यालय, विशेष कार्य दल	२०४	नखुलेको

यसप्रकार काजमा राख्दा अवधि नखुलेको एवं सरुवा भएकोमा रमाना नलिई काजमा रहेको अवस्था रहेकोमा कारण उल्लेख गरेको पाइएन । छलफलको क्रममा प्रहरी संगठनको धेरै वर्ष यता पुनरावलोकन नभएको र तत्कालीन अवस्थामा स्वीकृत संगठन एवं दरबन्दी र हालको परिस्थिति धेरै फरक भएकोले काजमा राखी कार्यसञ्चालन गर्नु परेको जानकारी प्राप्त भयो । अत: प्रहरी संगठनको पुनरावलोकन गर्नुपर्ने भएमा सोसमेत गरी यसप्रकार काज राख्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

२०. **इन्धन खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रीज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटी खातामा रकम जम्मा गर्न नहुने उल्लेख छ । कार्यालयले २०६७।६८ को बजेटबाट २०६८।३।२४ मा प्रहरी कल्याण कोष

पेट्रोलपम्पलाई रु.१ करोड १८ लाख ४२ हजार इन्धन पेश्की दिएकोमा २०६९ माघसम्म भएको इन्धन खर्चको बिल भरपाई राखी पेश्की फछ्यौट गरेको पाइयो ।

यो वर्षको इन्धन खर्च रु.२ करोड ७० लाखमध्ये रु.६७ लाख ७२ हजार २०६९।३।२१ मा उक्त पम्पलाई पेश्की खर्च लेखेको छ । सालबसालीरुपमा स्वीकृत बजेट सोही वर्ष खर्च नभएकोमा अर्को वर्षको लागि पेश्की खर्च लेख्न नमिल्ने हुँदा यस्तो परिपाटीमा नियन्त्रण गरिनुपर्दछ ।

२१. **सिलबन्दी दरभाउपत्र –** प्रहरी प्रधान कार्यालयले वार्षिक खरिद योजनामा परेको पोशाक शीर्षकअर्न्तगतका विभिन्न ५१ पोशाक आइटमको लागि २०६९।२।७ मा लागत अनुमान स्वीकृत गरी ४६ पोशाक आइटम ठेक्का प्रक्रियाद्वारा खरिद गरेको छ । कार्य सम्पन्न भएका ४६ मध्ये १० ठेक्का फाइलको परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये केहीको उदाहरण देहायअनुसार छ:

सामानको नाम	इकाई	लागत अनुमान		ठेक्कामा खरिद		सोझै खरिद		बढी
		परिमाण	लागत अनुमान	परिमाण	ठेक्का दर	परिमाण	दर	
रुकस्याक झोला	थान	३२५	२४००	३२५	२३९०७	१४ पटकमा १६१० थान	२३००	१००
उनी बाल क्याप	थान	७०००	१२६.२५	७०००	१२४	३ पटकमा ३४८० थान	११७	९.२५
ट्राफिक ज्याकेट	थान	२८५	३१००	२८५	३०००	११ पटकमा ८४८ थान	२९७५	१२५
रातो ब्यारेट क्याप	थान	५०००	१६०	५०००	१५८	९ पटकमा १४४३० थान	१५५	५
टोपि ब्याज	थान	५८५०	१५१	५८५०	१४८	१५ पटकमा ५३९० थान	११०	४१

उपर्युक्त फाइल परीक्षण गर्दा देखिएका व्यहोरा देहायअनुसार छन्:

२१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकाय/कार्यालयले खरिद गर्नुपर्ने सामानको स्पेसिफिकेशन बनाई तदनुरुप चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, बजारको प्रचलित दरभाउ आदिको आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा नियम बमोजिम लागत अनुमान तयार गरेको पाईएन । चालु वर्षमा कार्यालयले सोझै खरिद गरेको दररेट भन्दा महंगो दरमा लागत अनुमान गरेको छ । उदाहरणको लागि टोपी ब्याजको सीधै खरिद दर रु.११० भएकोमा लागत अनुमान रु.१५१ स्वीकृत गरी रु.१४८ मा खरिद गरेको छ । यसबाट सोझै खरिदभन्दा प्रतिथान रु.३८ ले ५ हजार ८५० थान खरिदमा रु.२ लाख २२ हजार बढी पर्न गएको छ । कार्यालयको लागत अनुमान गर्दा यथार्थपरक हुने गरी तयार गर्नुपर्ने देखियो ।

२१.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । कार्यालयले टोपीको ब्याज ५ हजार ३९० थान खरिद गर्ने कार्य १५ पटकमा गरी मूल्य अभिवृद्धि करसहित रु.६ लाख ७० हजार खर्च लेखेको र सिलबन्दी दरभाउपत्रद्वारा ५ हजार ८५० थान र कुल ११ हजार २४० थान खरिद गरेको छ । आवश्यक सामानको समयमै सिलबन्दी वा बोलपत्र नगरी आर्थिक वर्षको अन्तिममा सिलबन्दी दरभाउपत्रद्वारा र सोझै खरिद गर्नाको कारण स्पष्ट छैन । यसै गरी ट्राफिक ज्याकेट २८५ थान सिलबन्दी प्रक्रियाद्वारा र ८४८ थान सोझै, रातो ब्यारेट क्याप ५ हजार सिलबन्दी प्रक्रियाबाट गरेको र १४ हजार ४३० थान सोझै खरिद गरेको छ । यस्तो परिपाटी नियमसम्मत र मितव्ययी नदेखिएकोले यसप्रकार खरिद गर्ने प्रचलनमा नियन्त्रण गरिनुपर्दछ ।

२२. **बोलपत्रद्वारा खरिद –** प्रहरी प्रधान कार्यालयले वार्षिक खरिद योजनामा परेको पोशाक शीर्षकअर्न्तगतका विभिन्न १७ आइटमको लागि यो वर्ष ठेक्कापट्टा गरी खरिद गरेको मध्ये देहायका १० ठेक्का फाइल परीक्षण गरिएको छ:

सामानको विवरण	यस वर्ष खरिद भएको इकाई	ठेक्का सम्बन्धि विवरण						
		ल.ई.प्रति ईकाई	ठेक्का दर	टेण्डर दर्ता संख्या	साभूत/ पूर्ण नभएको संख्या	गुणस्तर नपुगेको संख्या	आर्थिक मूल्यांकनमा परेको संख्या	ठेक्का स्विकृत र सम्झौता मिति
क्यामोजिन कपडा	८०००० मि.	रु. ३१५	रु.२९९	२२	५	१५	२	२०६९।१।२६
कटन ट्राउजर	६५००० मि.	रु.५००	रु.४९६	२३	१३	९	१	२०६९।१।८
डि.एम.एस. बुट	२०००० जोर	रु.१२५०	रु.११७४	१०	५	४	१	२०६९।१।१०
कटन कमिज	१००००० मि	रु.२९०	रु.२८८	२२	१३	८	१	२०६९।१।८
उनि कम्मल	३०००० थान	रु.८८०	रु.७६५	१२	८	४	१	२०६८।१।१५
हिमाली ज्याकेट	५००० थान	रु.३५००	रु.३३६१	१६	१०	४	२	२०६९।१।१४
सेफ्टी गेयर	९५० सेट	$ ४८८	$ ४८६	१४	२	०	१२	२०६९।३।१८
उलन पाईन्ट कपडा	२०००० थान	रु. ९००	रु. ६८९.८	२१	१२	८	१	२०६९।१।१५
उलन सर्ट कपडा	४०००० मि.	$ ६.९९ रु.५९०	$ ७.३५	२१	१६	३	२	२०६९।२।३
बुलेट प्रुफ ज्याकेट	१४५० थान	$ २७२।४१	$ २६९।००	९	०	०	१	२०६९।३।२१

उक्त ठेक्का फाइल परीक्षणबाट देखिएका व्यहोरा देहायअनुसार छन्:

कार्यालयले यो वर्ष ८० हजार मिटर क्यामो जिन कपडा प्रतिमिटर रु.३१५ को लागत अनुमान गरी ठेक्काद्धारा प्रतिमिटर रु.२९९ का दरले मूल्य अभिवृद्धि करसहित रु.२ करोड ७० लाख ३० हजारको खरिद गरेको छ । उक्त क्यामो जिन कपडा खरिद गर्न लागत अनुमान तयार गर्ने प्रयोजनका लागि प्राप्त दररेट अनुसार नेपाली सेना तथा कार्यालयको गत वर्षको खरिद दर र ४ व्यापारिक फर्मबाट प्राप्त दररेटले औसत दर रु.२९७।६६ हुने देखिन्छ । सोमा सशस्त्र प्रहरी बलतर्फको रु.१ हजार ६७६ प्रति तयारी सेटको मूल्यले हुने रु.४१९ लाई समावेश गरी कायम औसत रु.३१५ को लागतअनुमान तयार गरेको पाइयो । यसरी तयार भएको लागत अनुमान प्रचलित औसत बजार दरभन्दा प्रतिसेट रु.१७।३४ बढी देखिएको छ । अत: सूचीकृत गरिएका बढीभन्दा बढी फर्महरुसँग दररेट लिई लागत अनुमानलाई यथार्थपरक बनाउनु जरुरी छ ।

२२.१ उक्त खरिद कार्यका लागि बिक्री भई दर्ता भएका बोलपत्रहरुमध्ये प्राय: सारभूत नभएको र गुणस्तर जाँचमा प्रभावग्राही नभएकोले प्रतिस्पर्धाबाट अलग गरी बाँकी एक वा दुईलाई आर्थिक मूल्याङ्कनमा समावेश गरेको देखिन्छ । खरिदका १० ठेक्कामा १७० बोलपत्र दर्ता भएको र सोमध्ये सारभूत नभएका ८४ र गुणस्तर मेल नखाएका ५५ समेत १३९ बोलपत्र प्रतिस्पर्धा बाहिर रहेको र २४ बोलपत्र आर्थिक मूल्याङ्कनमा समावेश भएकोमा एउटै प्याकेजमा १२ बोलपत्र रहेका र अन्यमा १ वा २ रहेको पाइयो ।

२२.२ दर्ता भएका मध्ये सारभूत भएका बोलपत्रहरुका सामानको नमुना परीक्षण गर्न नेपाल गुणस्तर तथा नापतौल विभाग पठाएकोमा विभागले स्याम्पलहरुको कोडिङ गरेको स्याम्पुल गुणस्तर जाँच गरी जाँच रिपोर्ट कार्यालयमा पठाएको छ । सो रिपोर्टको आधारमा कार्यालयले अधिकांश फर्मलाई प्रभावग्राही नभएको भनी आर्थिक मूल्याङ्कनमा समावेश गरेको छैन । उक्त रिपोर्टलाई डिकोडिङ गरी प्राप्त नतिजा स्पेसिफिकेशन अनुसार भए–नभएको रीतपूर्वक तुलना गरी सो आधारमा निर्णय गरेको देखिएन । डिकोडिङ नगरी कोडको आधारमा प्राप्त नतिजाको विवरण राखी निर्णय गरेकोले कुन बोलपत्रदाताको नमुना छनौटको आधार स्पष्ट छैन । खरिद गर्ने प्रक्रियामा बोलपत्र फारामसाथ बोलपत्रदातालाई स्पेसिफिकेशन उपलब्ध गराई गुणस्तरबारे पूर्वसुनिश्चित गराई बोलपत्र प्राप्त गर्नुपर्दछ ।

२२.३ कार्यालयले यो वर्ष ६५ हजार मिटर कटन ट्राउजर कपडाको प्रतिसेट रु.५०० को लागत अनुमान स्वीकृत गरी ठेक्काद्वारा रु.४९६ का दरले मूल्य अभिवृद्धि कर रु.३ करोड ६४ लाख ३१ हजारको खरिद गरेको छ । बिक्री भएका ३२ बोलपत्रमा दर्ता हुन आएका २३ मध्ये १३ सारभूत नभएको, ९ गुणस्तर जाँचमा प्रभावग्राही नभएकोले मूल्याङ्कनमा सामेल गरेको पाइएन । बाँकी एक टेक्सटाइल्स इण्डष्ट्रिज मात्र मूल्याङ्कनमा समावेश गरेको छ । त्यसैगरी यो वर्ष २० हजार जोर डी.एम.एस. बुटको प्रतिसेट रु.१ हजार २५० को लागत अनुमान स्वीकृत गरी ठेक्काद्वारा रु.१ हजार १७४ का दरले मूल्य अभिवृद्धि करसमेत रु.२ करोड ६५ लाख ३२ हजारको बुट खरिद गरेको छ । बिक्री भएका १८ बोलपत्रमा दर्ता हुन आएका १० मध्ये ५ सारभूत

नभएको ४ गुणस्तर जांचमा प्रभावग्राही नभएकोले मूल्यांङ्कनमा सामेल गरेको पाइएन । एक बुट इण्डष्ट्रिज प्रा.लि. को लागत अनुमानभन्दा ६.८ प्रतिशत घटी रु.१ हजार २५० लाई मात्र मूल्याङ्कनमा समावेश गरेको छ ।

बोलपत्र आह्वान गर्दा सामान्यतया बोलपत्र दर्ता भएतापनि परीक्षणका क्रममा प्रमाण संलग्न नहुने एवं नमुना सामान गुणस्तर जाँचमा स्पेशिफिकेसनसंग मेल नखाने कारण वास्तविक मूल्याङ्कनमा समावेश हुने बोलपत्र संख्या अत्यन्त कम वा एक मात्र रही ठेक्का प्रक्रियामा न्यून प्रतिस्पर्धा रहेको स्थिति देखिन्छ ।

२३. **कार्य सम्पादन जमानत–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) अनुसार स्वीकृत भएको बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गर्दा उक्त नियमावलीको नियम ११०(४) मा खरिद सम्झौतामा भएअनुसार अवधिको रहनुपर्ने व्यवस्था छ । कार्यालयले गरेका ठेक्का सम्झौताहरुमा प्राप्त मितिले सामानको वारेन्टी एक वर्ष रहने उल्लेख छ । प्रहरी प्रधान कार्यालयले खरिद सम्झौता गर्दा ठेक्कामा लिएका कार्य सम्पादन जमानतको स्थिति देहायअनुसार छ:

(रकम हजारमा)

क्र.सं.	खरिद कामको विवरण	ठेक्का रकम (मूल्य अभिवृद्धि करवाहेक)	ठेकका संझौता मिति	कार्यसम्पन्न गर्ने मिति	जमानतको म्याद सकिने मिति	जमानत रकम रु.
१.	क्यामो जिन कपडा	२३९२०	२०६९।१।२६	२०६९।३।२०	२०६९।७।७	१५,६०
२.	कटन ट्राउजर	३२२४०	२०६९।१।८	२०६९।३।२०	२०६९।७।३	२१,००
३.	डी.एम.एस.बुट	३३४८०	२०६९।१।१०	२०६९।३।२०	२०६९।७।६	१७,७५
४.	कटन कमिज	२८८००	२०६९।१।८	२०६९।३।२०	२०६९।६।३०	१९,००
५.	हिमाली ज्याकेट	१६८०५	२०६९।१।१४	२०६९।३।२०	२०६९।७।९	९,५०
६.	उलन पाइन्ट	$ १७२	२०६९।१।१५	२०६९।५।१४	२०६९।१०।१८	७,१५

प्राप्त कार्यसम्पादन जमानतले आपूर्ति भएको सामानको वारेन्टीको अवधिलाई खाम्न सक्ने देखिएन । सो अवधीमा सामान गुणस्तर नभई फर्काउनु वा सट्टा प्राप्त गर्नुपर्ने अवस्था आएमा आपूर्तकलाई जिम्मेवार गराई सुधार गर्नसकिने अवस्था देखिएन । अत: सम्झौता तथा नियममा तोकिए अनुसार कार्य सम्पादन जमानत लिने गर्नुपर्दछ ।

२४. **वर्षान्तमा पेश्की** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ बमोजिम आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नसकी बचत रहेको रकम केबल बजेट फ्रीज हुन नदिने उद्देश्यले पेश्की दिन नहुने उल्लेख छ । महानगरीय प्रहरी आयुक्तको कार्यालयले २०६९।३।२२ मा प्रहरी प्रधान कार्यालय बजेट शाखाको २०६९।३।२२ को पत्रका आधारमा प्रहरी कल्याण कोष पेट्रोल पम्प, नक्सालालाई इन्धनबापत रु.३० लाख ६७ हजार पेश्की दिएको छ । सालबसाली खर्चका लागि स्वीकृत बजेट अर्को आर्थिक वर्षमा खर्च गर्ने गरी पेश्की खर्च लेख्न नमिल्ने हुँदा यस्तो परिपाटीमा नियन्त्रण गरिनुपर्दछ ।

२५. **कर समायोजन –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति वा फर्मले तोकिएको ढाँचामा प्रापकलाई कर बीजक दिनुपर्ने व्यवस्था छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाले एक राशन आपूर्तकलाई २०६८ पौष महिनाको ३४ हजार ४० खेताला संख्याको राशन आपूर्तिबापत रु.२३ लाख ८ हजार मूल्य अभिवृद्धि करसहित भुक्तानी गरेको छ । आपूर्तकले उक्त भुक्तानीको २०६८।१०।१ को बीजक नं ७९९ को मूल्य अभिवृद्धि करसहित रु.२ लाख ३१ हजारको बीजक जारी गरेको छ । कुल भुक्तानीभन्दा रु.२० लाख ७७ हजार घटीको बीजक पेश भएको अवस्थामा मूल्य अभिवृद्धि कर रकम रु.२ लाख ६५ हजार भुक्तानी गरी रु.२ लाख ३९ हजार मूल्य अभिवृद्धि कर बीजकबेगर भुक्तानी गरेको पाइयो ।

सोही आपूर्तकलाई २०६८ मंसिर महिनाको ३२ हजार खेताला संख्याको राशन खर्चबापत रु.२१ लाख ८० हजार (मूल्य अभिवृद्धि करसमेत) भुक्तानी गरेको छ । राशन आर्पूतकले २०६८।९।२१ को नं. ६४५ को फोटोकपी बीजक पेश गरेकोमा रु.२ लाख ५१ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको देखिन्छ ।

भुक्तानी रकमभन्दा घटी एवं फोटोकपी कर बीजक पेश गरेको सम्बन्धमा आवश्यक छानबिन गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको सुनिश्चित गरिनुपर्दछ ।

२६. **राशन ठेक्का** – पूर्व क्षेत्रीय प्रहरी कार्यालय विराटनगरले मोरङ्ग जिल्लाअन्तर्गत कार्यरत २ हजार ११५ प्रहरी कर्मचारीलाई २०६८ माघदेखि २०६९ पौषसम्म राशन आपूर्ति गर्न एक आपूर्तकको रु.४ करोड ४७ लाख ६१ हजारको ठेक्का स्वीकृत गरी २०६८।९।६ मा ठेक्का सम्झौता गरेको थियो । निज आपूर्तकले पूर्व क्षेत्रीय प्रहरी तालिम केन्द्रमा आपूर्ति गरेको खाद्यान्न ठेक्का व्यवस्था हुँदा राखिएको नमुनाबमोजिम राशन आपूर्ति नगरेको,आंशिक आइटम मात्र आपूर्ति गरेको, जिल्ला प्रहरी कार्यालय मोरङ्ग र मातहतका कार्यालयहरुमा राशन नै आपूर्ति नगरेको कारण उल्लेख गरी २०६८।११।२ मा ठेक्का बदर गर्ने निर्णय गरेको पाइयो ।

कार्यालयले राशन आपूर्तिको ठेक्का बदर गरी पुनः बोलपत्रको प्रक्रियाबाट सबैभन्दा घटी कबोल गर्ने एक आपूर्तकको प्रति जवान प्रतिदिन रु.१०१।३५ ले ३०२ दिनका लागि रु.६ करोड ४९ लाख २८ हजारको एक आपूर्तकको कबोल अङ्क २०६८।१२।१६ मा स्वीकृत गरी २०६८।१२।१७ सम्म साबिक आपूर्तकको भन्दा रु.३ करोड ३६ लाख ८१ हजार बढीको ठेक्का स्वीकृत गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र नियमावली, २०६४ को नियम १२८ तथा ठेक्का सम्झौताबमोजिम साबिक ठेकेदारबाट थप व्ययभार परेको उक्त रकम असुलउपरको लागि कारबाही भएको देखिएन ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३(१) (ग) अनुसार खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा खरिद सम्झौताअनुसारको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य गुणस्तरको नभएकोमा सार्बजनिक खरिद तथा अनुगमन कार्यालयले १ वर्ष देखि ३ वर्षसम्म कालोसूचीमा राख्नसक्ने व्यवस्था रहेको छ । कार्यालयले कालोसूचीमा राख्न २०६८।११।२१ को पत्रानुसार अनुरोध गरे तापनि राशन आपूर्ति नगर्ने आपूर्तकलाई कारबाही गरी कालोसूचीमा राखेको देखिएन ।

२७. **ठेक्का रद्द** – अञ्चल प्रहरी कार्यालय, धरानले सुनसरी जिल्लास्थित प्रहरी निकायमा कार्यरत १ हजार ६५८ प्रहरी कर्मचारीका लागि एक वर्षसम्म राशन आपूर्ति गर्न प्रतिदिन प्रतिव्यक्ति रु.१४२।५१ को लागत अनुमान स्वीकृत गरेकोमा बोलपत्रद्वारा एक आपूर्तकसंग प्रतिव्यक्ति प्रतिदिन रु.६३।२० का दरले हुने रु.३ करोड ८२ लाख ८४ हजारमा २०६८।९।११ मा खरिद सम्झौता भएको थियो । सम्झौताबमोजिम आपूर्तिकर्ताले राशन आपूर्ति नगरेकोले २०६८।११।४ को निर्णयानुसार सम्झौता रद्द गरेकोमा राशन आपूर्ति नगरेपछि अन्य व्यवस्थाद्वारा राशन खुवाउने व्यवस्था गर्दा बढी व्ययभार परेको रकम साबिक ठेकेदारबाट भराउने निर्णयमा उल्लेख छ । उक्त निर्णयानुसार अमानतबाट २०६८।१०।१ देखि २०६८।१२।२३ सम्म प्रतिदिन प्रतिजवान रु.१०९।१७ ले राशन आपूर्ति गर्दा रु.१ करोड ५८ लाख ९४ हजार खर्च भएको छ । स्वीकृत ठेक्का दर रु.६३।२० का दरले रु.९१ लाख २४ हजार खर्च हुनेमा रु.६७ लाख ७० हजार बढी खर्च भएको देखिन्छ । जमानतबापत राखेको रु.२१ लाख ६४ हजार जफत गरी बढी खर्च भएको उक्त रकम र २०६८।१२।२३ देखि २०६९ पौष मसान्तसम्म खर्च भएको बढी रकमसमेत यकिन गरी असुल गर्नुपर्दछ ।

प्रहरी प्रधान कार्यालय, पुनःनिर्माण इकाई, नक्साल

द्वन्दकालमा आंशिक र पूर्णरुपमा ध्वस्त भएका नेपाल प्रहरीअन्तर्गतका विभिन्न तहका कार्यालय एवं ब्यारेक गरी ७६८ संरचना पुननिर्माण गर्न प्रहरी प्रधान कार्यालय र शान्ति कोष सचिवालयबीच चरणगत रुपमा सम्झौता भएको छ । उल्लिखित सम्झौता कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

२८. **प्रथम चरण**– सम्झौतामा शान्ति कोष सचिवालयले रु.८० करोड १३ लाख ७८ हजार, नेपाल प्रहरीले रु.११ करोड ५२ लाख २० हजार र जनसहभागिताबाट रु.११ करोड व्यहोर्ने उल्लेख छ । शान्ति कोषमा २०६९।४।७ मा पठाएको प्रगति विवरणमा २ योजना निर्माण हुन बाँकी रहेको उल्लेख छ । नेपाल प्रहरी र जनसहभागिताबाट व्यहोरिएको खर्चको योजनागत विवरण प्राप्त भएन । प्रथम चरणअन्तर्गत खर्च नभई बाँकी रहेको रु. ५ करोड ६ लाख ५५ हजार दोस्रो चरणका लागि ट्रान्सफर गरेको छ । सम्झौताअनुसार १५ महिना (२०६७।११।९) भित्र सम्पन्न गर्नुपर्ने १०० आयोजनामध्ये ९५ आयोजना २०६९ आषाढसम्म सम्पन्न भएको र बाँकी ५ आयोजनाको म्याद २०६९ मंसिरसम्म थप गरिएको जानकारी प्राप्त भएको छ ।

समयमा कार्य सम्पन्न नभएकोमा योजनागत रुपमा कारण खुलाएको छैन । प्रहरी चौकी नेचा, सोलुखुम्बु, प्रहरी चौकी आंखीसल्ला र खिजी फलांटे धनकुटाको भवन निर्माण कार्य २०६९ मंसिरसम्म सम्पन्न भएको छैन । यी आयोजनाहरु २०६६।६७ मा रु.२ करोड २० लाख ६० हजारमा ठेक्कापट्टा भएकोमा सम्झौतानुसार कार्य नगर्नेउपर कारबाही गरी कार्य सम्पन्न गर्नुपर्ने देखिएको छ ।

२९. **दोस्रो चरण –** दोस्रो चरणअन्तर्गत ८१ प्रहरी इकाई निर्माण गर्न शान्ति कोष सचिवालयबाट रु.१ अर्ब ११ करोड १२ लाख ५४ हजार विनियोजन भएको मध्ये चालुतर्फ रु.३ करोड ९४ लाख ५५ हजार र पूँजीगततर्फ रु.१० करोड १० लाख ५ हजार विनियोजन हुनुपर्नेमा चालुतर्फ रु.१० करोड १२ लाख निकासा भएकोले पूँजीगततर्फ घटी रु.६ करोड १७ लाख ४५ हजार निकासा भएको छ ।

यस चरणको लागि शान्ति कोष सचिवालयबाट प्रथम चरणबाट बचत ट्रान्सफर गरेको समेत रु.१ अर्ब १६ करोड १९ लाख ९ हजार निकासा भएकोमा चालुतर्फ रु.१ करोड १६ लाख ७१ हजार र पूँजीगततर्फ रु.१४ करोड ९७ लाख ७८ हजार गरी जम्मा रु.१६ करोड १४ लाख ४९ हजार खर्च भएको विवरण प्राप्त भएको छ । बाँकी रु.१ अर्ब ५ लाख ३० हजार फ्रिज नहुने ख–६ समूह खातामा राखेको पाइयो । उक्त निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छ:

२९.१ सम्झौतामा दोस्रो चरणका आयोजनाहरुको विस्तृत सर्भेक्षण, डिजाइन र लागत अनुमानसम्बन्धी कार्य पहिलो ५ महिना, बोलपत्रसम्बन्धी कार्य ७ महिना र निर्माण कार्य १५ महिनाभित्र सम्पन्न गर्ने उल्लेख छ । सम्झौताअनुसारको कार्य २०६९।११।२२ सम्ममा सम्पन्न हुनुपर्नेमा लेखापरीक्षण अवधि २०६९ माघसम्म कुनै पनि भवन निर्माण सम्पन्न नभएकोले समयमा काम हुने आधार देखिदैन ।

२९.२ कार्यालयले योजनागत लागत अनुमानमा जनसहभागिताबापतको रकम खुलाएको छैन । साथै आयोजनागत बजेट, निकासा, खर्च, बाँकी, ठेक्का सम्झौता मिति, काम सम्पन्न गनुपर्ने मिति, भुक्तानी दिन बाँकी रकम आदि खुलेको अभिलेख पनि राखेको छैन । सम्झौतामा उल्लेख भएभन्दा १२ आयोजना थप सञ्चालन गरेको प्रगति विवरणबाट देखिन्छ । ती आयोजनाको स्रोत खुलाएको छैन । सञ्चालित ९३ आयोजनामध्ये २२ मा ८० प्रतिशत, ३१ मा ५० र २७ आयोजनामा ५० प्रतिशतभन्दा कम प्रगति भएको उल्लेख गरेको छ । बाँकी १३ आयोजनाको विवरण प्राप्त भएन । योजनागत रुपमा तोकिएको ढाँचामा कार्य परिमाण भार र भारित प्रगति एवं बजेट खर्च उल्लेख गरी प्रगति विवरण तयार गरेको पाइएन ।

३०. **तेस्रो चरण –** यो चरणअन्तर्गत ७७ प्रहरी इकाई निर्माण गर्न प्रहरी प्रधान कार्यालय र शान्ति कोष सचिवालयबीच २०६९।३।२२ मा सम्झौता भएको छ । सम्झौता साथ पेश भएको कार्यतालिका अनुसार २ महिनाभित्र, विस्तृत सर्भे, डिजाइन तथा लागत अनुमान र ७ महिनाभित्र ठेक्का व्यवस्था गरी २२ महिनाभित्र निर्माण सम्पन्न गर्ने, २४ महिनाभित्र बाह्य प्राविधिक लेखापरीक्षण र सार्वजनिक लेखापरीक्षण गर्ने एवं निर्माण सम्पन्न प्रतिवेदन २५ महिनाभित्र तयार गर्ने उल्लेख छ । लेखापरीक्षण अवधि २०६९ माघसम्म भएको कार्य प्रगति विवरण प्राप्त भएन ।

तेस्रो चरणका आयोजनाका लागि यो वर्ष पूँजीगततर्फ रु.७३ करोड २१ लाख ६१ हजार र चालुतर्फ रु.२६ करोड ८७ लाख ९७ हजार निकासा भएको पाइयो । चालु खर्चतर्फ रु.२३ करोड ६१ लाख ७ हजार बढी निकासा भएकोले समायोजन गर्नुपर्ने देखिएको छ । सो रकम २०६९।३।२२ मा सम्झौता भई ढिलो निकासा भएकोले खर्च नभएबाट उक्त रकम ख–६ समूहको फ्रिज नहुने खातामा राखेको पाइयो ।

कार्यमूलक लेखापरीक्षण

सशस्त्र प्रहरी बल झापा, बारा र रुपन्देही जिल्लास्थित निकायहरुको कार्यसम्पादन स्थिति मूल्याङ्कन

देशको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष, सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि, आतंकवादी क्रियाकलाप नियन्त्रण, सीमा सुरक्षा तथा सार्वजनिक महत्त्वका भौतिक संरचना सुरक्षा गर्न स्थापना भएका झापा,

बारा र रुपन्देही जिल्लास्थित सशस्त्र प्रहरीका निकायहरुको कार्यसम्पादनको दक्षता र प्रभावकारिताका आधारमा मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

३१. **कार्यसम्पादन स्थिति –** सशस्त्र प्रहरी दिग्दर्शन २०६८ अनुसार मध्य क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय रुद्रबाहिनीले शान्ति सुरक्षा कायम गर्ने कार्यको लागि खवर सङ्कलन गर्न सुरक्षा सूचनाको आधारस्तम्भको रुपमा रहेको इन्टिलिजेन्स शाखामा कार्यरत ७ प्रहरी कर्मचारी परिचालन गरेको छ । ठूलो कमाण्ड क्षेत्रको सूचना सङ्कलन गर्न थोरै जनशक्तिबाट सम्भव नहुने भएकोले आवश्यक जनशक्ति उपलब्ध गराई इन्टिलिजेन्स शाखालाई सवलीकरण गर्नुपर्ने देखिन्छ ।

सशस्त्र प्रहरी बललाई शान्ति सुरक्षा कायम गर्न जिम्मेवारी दिए तापनि तत्काल पक्राउ गर्ने तथा घटनास्थल मुचुल्का उठाउने अधिकार दिएको छैन । यस्तै हातहतियार खरखजाना बरामद पछि तत्काल बरामदी मुचुल्का तयार गर्ने अधिकार पनि नभएकोले शान्ति सुरक्षा कार्यमा समन्वयात्मक भूमिका निर्वाह गर्न पनि समस्या परेको छ । तसर्थ उल्लेखित समस्या समाधान गर्न आवश्यक कानूनी वातावरण सिर्जना गर्नुपर्दछ ।

३२. **शान्ति सुरक्षा –** सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ अनुसार सशस्त्र विद्रोह वा अपराधिक क्रियाकलाप रोकी शान्ति सुरक्षा कायम गर्ने प्रमुख उद्देश्य सशस्त्र प्रहरी बलको हो । तराई र पूर्वी पहाडी क्षेत्रमा पृथकताबादी र सशस्त्र विद्रोह गर्ने वा अपराधिक गतिविधिमा संलग्न समूहको गतिविधि बढी भएको कारण गृह मन्त्रालयले राहत तथा सुधार कार्यक्रममा तराई र पूर्वी पहाडी जिल्लाको सुरक्षा सुदृढीकरण गर्ने कार्यलाई प्राथमिकतामा राखी तत्काल सुधार कार्यक्रम लागू गरेको छ । यिनै क्षेत्रमा कार्यरत सशस्त्र प्रहरी बलमध्ये सीमा सुरक्षा कार्यालय बाराले आफ्नो वार्षिक प्रतिवेदनमा भूमिगत समूहले २०६८।६९ मा मात्रै ७ घटना घटाएकोमा ४ स्थानमा निष्क्रिय पारेको विवरण दिएको भएपनि त्यसबाहेक अन्य कार्यालयबाट यस्ता कार्य भएको विवरण दिएको छैन । साथै सशस्त्र सघर्ष, विद्रोह वा क्षेत्रीयतावादी तथा आंतकबादी क्रियाकलाप नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्नका लागि ठोस कार्ययोजनासहित क्रियाकलाप सञ्चालन गर्ने गरेको पनि पाइएन । अत: सशस्त्र प्रहरी बलको स्थापना र ऐनले दिएको कार्यक्षेत्रमा योजनागत रुपमा तत्काल सक्रियता देखाउनुपर्ने देखिएको छ ।

३३. **राजमार्ग सुरक्षा –** राजमार्गको सुरक्षा सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था छैन । गृह मंन्त्रालयबाट राहत तथा सुधार कार्यक्रममा देशको लाइफलाइनको रुपमा रहेको राजमार्गलाई सुरक्षित र भरपर्दो बनाउन कम्तिमा प्रत्येक ५० कि.मि मा एउटा शीघ्र उद्धार टोली स्थापना गर्न जिम्मेवारी सशस्त्र प्रहरी बललाईसमेत दिएको छ । तदनुसार पथलैयाको जंगल इलाकामा पोष्ट खडा गरी ड्युटी गर्ने गरेको, तत्काल उद्धार टोली पनि परिचालन गरेको देखिन्छ । यसो हुँदाहुँदै पनि राजमार्गमा देहायनुसारको घटना घटेको विवरण प्राप्त भएको छ:

क्र.सं.	विवरण	घटना	घटना संख्या		
			२०६६/६७	२०६७/६८	२०६८/६९
१	रुपन्देही	सवारी दुर्घटना	२९६	३७१	४५७
२	झापा	सवारी दुर्घटना	११५	२०८	९१
३	बारा	सवारी दुर्घटना	३०५	२२५	२५९

उल्लिखित विवरणअनुसार झापाबाहेक बारा र रुपन्देहीमा सवारी दुर्घटना बढेको छ । राजमार्ग सुरक्षाका लागि अपनाएको यस्तो सजगताका बाबजुद पनि सवारी दुर्घटना वृद्धि हुनु उचित होइन । यसका अतिरिक्त राजमार्गमा गतवर्ष ४ लुटपाटका घटना भएको पाथिभरा गण झापाले उल्लेख गरेको छ । रुद्रबाहीनीले आपनो कमाण्ड क्षेत्रमा गतवर्ष ७ लुटपाटका घटना भएकोमा यो वर्ष ४० वटा भएको देखाएको छ । यसरी राजमार्ग लुटपाटका घटनासमेत औसतमा उल्लेखनीय रुपमा घटेको पाइएन । अत: राजमार्ग सुरक्षामा सजगता अपनाउनुपर्ने देखिन्छ ।

३४. **भौतिक संरचनाको सुरक्षा –** सशस्त्र प्रहरी ऐन २०५८ को दफा ६ मा नेपाल सरकारको निर्णयानुसार भौतिक संरचना तथा सम्पतिको सुरक्षा गर्ने कार्यमा सशस्त्र प्रहरी बललाई खटाउने गरेको छ । रुद्रबाहिनी

पथलैयाले नेपाल सरकारको निर्णयानुसार भौतिक संरचना सुरक्षाअन्तर्गत विद्युत परियोजना तामाकोशी र मेलम्ची परियोजना सिन्धुपाल्चोकमा प्रहरी बलको टोली सुरक्षार्थ खटाएको छ । ती संरचनाको सुरक्षा, गर्न आवश्यक पर्ने कार्यालय ब्यारेक लगायत भौतिक पूर्वाधारसमेत छैन । तसर्थ भौतिक संरचना सुरक्षामा आवश्यक भौतिक पूर्वाधारको बन्दोबस्ती हुनुपर्दछ ।

३५. **भी.आई.पी. र व्यक्तिगत सुरक्षा** – विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन निर्देशिका, २०६७ को दफा ८ मा बहालवाला अति विशिष्ट, विशिष्ट, मध्यमस्तर र अन्य तोकिएको पूर्वपदाधिकारीलाई सशस्त्र प्रहरीले सुरक्षा दिनुपर्ने व्यवस्था गरेको छ ।

सीमा सुरक्षा कार्यालय रुपन्देहीले मात्र भी.आई.पी. सुरक्षाको विवरण दिएको छ । प्राप्त तथ्याङ्कअनुसार गृह मन्त्रीलाई ७ दिनुपर्नेमा ९२, प्रधानमन्त्रीलाई ४६ दिनुपर्नेमा १०५, राष्ट्रपतिलाई ४६ दिनुपर्नेमा १३६ देखि १४२ सम्म सुरक्षाकर्मी खटाएको छ । मन्त्री र पूर्वउपप्रधानमन्त्रीलाई सुरक्षा दिनुपर्ने व्यवस्था नभए पनि १३।१३ सुरक्षाकर्मी खटाएको छ । यसरी नियमले नदिएको व्यक्ति र नियमले दिएकोभन्दा बढी जनशक्ति प्रयोग गरी सुरक्षा दिएको देखियो । यसर्थ निर्देशिकामा उल्लेख गरेकोभन्दा बढी प्रहरी परिचालन गर्नुपर्ने भएमा स्थितिको विश्लेषणगरी निर्णय गरेर मात्र परिचालन गर्नुपर्दछ ।

३६. **चोरी निकासी पैठारी नियन्त्रण –** सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार गस्ती सुरक्षा वेश निर्देशिका, २०६७ अनुसार चोरी निकासी पैठारी कार्यलाई नियन्त्रण गर्ने, राजस्व चुहावट नियन्त्रण गर्ने, राजस्व सङ्कलन कार्यलाई प्रभावकारी बनाउने, अवैध मालसामानको ओसार–पसार कार्यलाई निरुत्साहित गर्न नियमित रुपमा भंसार सीमा क्षेत्रमा गस्ती गर्ने, र भन्सार कर्मचारी र कार्यालयको आवश्यकतानुसार सुरक्षा प्रदान गर्ने उद्देश्य प्राप्त गर्न नेपाल सरकारको निर्णयानुसार १० भन्सार नाकामा २०६१।८।१ देखि सशस्त्र प्रहरी बल परिचालित हुदै आएको छ ।

रुद्रबाहिनी पथलैयाले उपलब्ध गराएको विवरणअुनसार २०६६।६७ मा लक्ष्यभन्दा राजस्व ३४.६० प्रतिशतले घटेको तथा २०६७।६८ मा ६०.२१ प्रतिशतले र २०६८।६९ मा ३२.९४ प्रतिशतले बढी राजस्व असुली देखाएको छ । चोरी निकासी पैठारी नियन्त्रण कार्यमा २०६१।८।१ देखि सशस्त्र प्रहरी बल परिचालित भए पश्चात् बढी राजस्व उठ्नुमा सशस्त्र प्रहरी बलको योगदान नखुलेकोले भन्सार प्रशासन र सशस्त्र प्रहरी बलको योगदान निक्यौंल गर्ने गरी तथ्याङ्क राख्नुका साथै यस बलको प्रष्ट योगदानको मूल्याङ्कन गर्ने व्यवस्था गरिनुपर्दछ ।

३७. **भौतिक पूर्वाधार –** संगठन स्थापनाको तयारी गर्दा नै भौतिक पूर्वाधार र त्यसका लागि आवश्यक फर्निचर एवं उपकरणको बन्दोबस्तसमेत हुनुपर्दछ ।

३७.१ सीमा सुरक्षा कार्यलय बाराको आफ्नो कार्यालय, ब्यारेकलगायतका भौतिक पूर्वाधार छैन । जिल्ला विकास समितिको भवनमा कार्यालय सञ्चालन गरेको छ । बारा जिल्लास्थित बोर्डर आउट पोष्टहरुको आफ्नो ब्यारेक भवन छैन । बोर्डर आउट पोष्ट बरैनी बाराले भवन भाडामा लिएकोमा वर्षाको समयमा पानी पर्दा पानी चुहुने स्थिति देखियो ।

३७.२ सीमा सुरक्षा कार्यालय झापाले ७ ब्यारेक भवन आवश्यक पर्नेमा ५ रहेको उल्लेख गरेको छ । पाथीभरा गणले २० ब्यारेक चाहिनेमा १६ मात्र भएको र सीमा सुरक्षा कार्यालय रुपन्देहीले पनि आवश्यकताअनुसार नभएको जनाएको छ ।

न्यूनतम भौतिक पूर्वाधारको मापदण्ड तय गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

नेपाल प्रहरीको झापा, बारा र रुपन्देही जिल्लास्थित निकायहरुको कार्यसम्पादन स्थिति मूल्याङ्कन

सर्वसाधारणको शान्ति, सुरक्षा र अमनचयन कायम गराउने नेपाल प्रहरीका झापा, बारा र रुपन्देही जिल्लास्थित निकायहरुको कार्यसम्पादन स्थिति दक्षतापूर्वक ढङ्गले सन्चालन गरे नगरेको परीक्षण, मूल्याङ्कन एवं विश्लेषण गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

३८. **.जनशक्ति व्यवस्थापन** – प्रहरी संगठनको उद्देश्य हासिल गर्नका लागि आवश्यकताअनुसार पर्याप्त जनशक्ति उपलब्ध हुनुपर्दछ । वर्तमान आवश्यकता एवं परिस्थितिअनुसार जनशक्तिको परिपूर्ति हुन नसकेमा संगठनले निर्धारित नीति कार्यान्वयन गरी लक्ष्य हासिल गर्न सक्दैन ।

३८.१ प्रहरी नियमावली, २०४९ को दफा ३१(५) मा विशेष परिस्थितिमा बाहेक प्रहरी कर्मचारीलाई काजमा राखिने छैन भन्ने व्यवस्था छ । प्रहरी कर्मचारीलाई काजमा खटाउँदा औचित्य, आवश्यकता र परिस्थिति खुलाउने गरेको छैन । उपलब्ध विवरणअनुसार २०६६।६७, २०६७।६८, २०६८।६९ मा जिल्ला प्रहरी कार्यालय बारामा क्रमश: २८५, ३१७ र ३२९ जना, झापामा क्रमश: ३१, ७७ र १०५ जना तथा रुपन्देहीमा क्रमश: १७१, ४३ र ४८ जना प्रहरी कर्मचारीहरु अन्यत्रबाट काजमा आएको देखिएको छ । बारामा ५६८ दरबन्दी रहेकोमा अन्यत्रबाट काजमा आउनेहरुको संख्या विगत ३ वर्षमा दरबन्दी संख्याको क्रमश: ५०, ५६ र ५८ प्रतिशत रहेको देखियो । प्रहरी कर्मचारीहरु काजमा राखिँदा प्रहरी कर्मचारीहरुले तलब समयमा पाउन नसक्ने, कार्यालयबाट राशन निकासामा समस्या सिर्जना हुने, काजमा रहने कर्मचारीहरुको काममा रुची नहुने जस्ता समस्या आई पर्ने गरेको, त्यस्तै कर्मचारीहरु काजमा पठाउँदा कार्यालय परिचालनका लागि जनशक्तिको अभाव हुने गरेको पाइयो ।

३८.२ जनसंख्याको चापअनुसार १:२०० को अनुपातमा प्रहरीको संख्या कायम राख्ने अन्तर्राष्ट्रिय मापदण्ड रहेको छ । अञ्चल प्रहरी कार्यालय मेचीमा १:२५०, अञ्चल प्रहरी कार्यालय, लुम्बिनीमा १:५०० तथा जिल्ला प्रहरी कार्यालय झापा, बारा र रुपन्देहीले १:२०० को अनुपातमा प्रहरी आवश्यक रहेको जानकारी दिएका छन् । राष्ट्रिय जनगणनाअनुसारको जनसंख्या चाप र प्रहरी पदपूर्तिको स्थिति झापा, बारा र रुपन्देहीमा क्रमश: ९५१, १२११, ८१५ रहेकोले ३ जिल्लाको औसत प्रतिप्रहरी चाप ९९८ जनसंख्या रहेको देखियो । जुन अन्तर्राष्ट्रिय मापदण्डको ५ गुणा बढी रहेको पाइयो । यसमा सुधार गरिनु आवश्यक देखियो ।

३९. **भौतिक सुविधा** – शान्ति सुरक्षाको काममा खटिनुपर्ने प्रहरी कर्मचारीहरुको आवास तथा भौतिक सुविधा उपयुक्त हुने गरी व्यवस्थापन गरिनुपर्दछ ।

३९.१ जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय झिलझिले, बिर्तामोड र कांकडभित्तामा महिला ब्यारेक नभएको तथा महिला प्रहरी कर्मचारी एवं थुनुवाहरुको लागि अलग्गै शौचालयको व्यवस्था भएको पाइएन ।

३९.२ इलाका प्रहरी कार्यालय दमकमातहत प्रहरी चौकी तोपगाछीले उपयोग गरेको ४ कठ्ठा जग्गामा रहेको कच्ची भवन द्वन्दकालमा ध्वस्त भएकोमा पुन: निर्माण हुन सकेको छैन । स्थलगत निरीक्षण गर्दा उक्त ४ कठ्ठा जग्गामध्ये २ कठ्ठाको जग्गाधनी प्रमाणपुर्जा भएको र बाँकी २ कठ्ठा जग्गा तत्कालीन चौकी इन्चार्ज एवं भूतपूर्व प्रहरी नायब निरीक्षकसंग जग्गा विवाद रहेको देखिएकोले जग्गा विवाद समाधान गरी संरक्षण गरिनुपर्दछ ।

३९.३ पश्चिम क्षेत्रीय दंगा नियन्त्रण प्रहरी गण, बुटवलमा ६०० को दरबन्दीमा सिनियर प्रहरी अधिकृत ८ को लागि १४ कोठा, जुनियर प्रहरी अधिकृत ५२ का लागि १३ कोठासमेत २७ कोठा आवश्यक परेकोमा ६ कोठा उपलब्ध रहेको, त्यस्तै हवलदार, जवान र परिचर ५४० का लागि ८ वटा ब्यारेक हल जरुरत रहेकोमा ३ वटामात्र उपलब्ध भई अपर्याप्त रहेको र महिला ब्यारेक, शौचालय, स्नानगार तथा कमाण्ड बदली गर्ने कोठाको व्यवस्था छैन । गणको लागि आफ्नै भवन नरहेकोले बुटवल धागो कारखानाको केही खण्ड भवन तथा कम्पाउण्ड प्रयोग गरेको देखियो ।

रुपन्देही जिल्ला, सालझण्डीको करिब २० विगाहा जंगल क्षेत्रमा गणका लागि ब्यारेक भवन निर्माण गर्न लागेको देखियो । सोही स्थान नजिकै पूर्व माओवादी लडाकुहरुको सैनामैना ब्यारेक रहेको र लडाकुहरुको समायोजन पश्चात खाली रहन गएकोले उक्त ब्यारेक स्थल गणका लागि उपयुक्त हुने देखिन्छ ।

३९.४ इलाका प्रहरी कार्यालय मर्चवारमा महिला ब्यारेक, महिला हिरासत कक्ष तथा शौचालय नभएकोले महिला प्रहरी कर्मचारीहरु प्रहरी तालिम केन्द्र तथा जिल्ला प्रहरी कार्यालयमा काजमा रहने गरेको तथा महिला

थुनुवा भएमा जिल्ला प्रहरी वा अन्य निकायबाट महिला प्रहरी काजमा झिकाई कार्यालयमा महिला प्रहरीका साथमा राख्ने गरेको जनाएको छ । थुनुवाहरुको लागि अलग अलग शौचालयको व्यवस्था छैन ।

३९.५ जिल्ला प्रहरी कार्यालय रुपन्देहीअन्तर्गत प्रहरी चौकी मैनीहवाको २ कठ्ठा १० धुर जग्गामा रहेको भवन द्वन्दकालमा ध्वत भएकोले हाल पोखरभिण्डी गा.वि.स. परिसरमा रहेको पशु सेवा कार्यालयको २ कोठे भवनमा थुनुवा कक्ष नरहेकोले रात बिताउने गरी थुनुवा राख्नुपर्ने भएमा ई.प्र.का. धकधईमा पठाउने गरेको पाइयो । साविकमा चौकी रहेको २ कठ्ठा १० धुर जग्गामा साना–साना अस्थायी प्रकृतिका पसल टहराहरु बनाएर अतिक्रमण गरेको र उक्त जग्गा नजिक साविक छोटी भन्सार कार्यालयको भवन समेत द्वन्दकालमा ध्वस्त भएकोले सो जग्गासमेत अतिक्रमित भएको पाइयो । उक्त क्षेत्रमा पीच बाटोसमेतको दशगजा र भारतीय बजार क्षेत्रसमेत पर्ने हुंदा चौकी पुन: स्थापित गरी प्रहरी चौकी तथा छोटी भन्सार कार्यालयको जग्गा सुरक्षित गरिनुपर्दछ ।

४०. **थुनुवा कोठा** – थुनामा राखिएका व्यक्तिहरुका लागि यथेष्ट बस्ने ठाउँ हुनुपर्दछ । खास गरी महिला, पुरुष, वृद्ध तथा अपाङ्गको लागि विशेष प्रकारको थुनुवा कोठाको व्यवस्था हुनुपर्दछ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही तथा मातहतका वडा प्रहरी कार्यालय बुटवल, सूर्यपूरा मर्चवार र लुम्बिनीमा महिला तथा थुनुवा प्रहरीहरुको लागि अलग अलग शौचालय तथा स्नानगारको व्यवस्था छैन । जिल्ला प्रहरी कार्यालय रुपन्देहीको एउटै कोठामा २०।२५ जनासम्म थुनुवा राखेको र २ थुनुवा कोठामा थुनुवा नअटाएर प्यासेजमा समेत राखेको देखियो । महिला तथा पुरुष एवं वृद्ध तथा अपाङ्ग थुनुवाहरुको लागि घाममा वस्नकालागि ३ वटै जिल्लाका प्रहरी निकायहरुमा खुल्ला स्थान रहेको छैन । जिल्ला स्तरमा महिला तथा पुरुषहरुको लागि अलग अलग हिरासत कक्ष रहे तापनि मातहत समेतका कार्यालयहरु ज्यादै जीर्ण एवं पूराना भएकोले महिला बन्दीका लागि हिरासत कक्ष, शौचालय, स्नानगार तथा वृद्ध र अपाङ्गका लागि यथेष्ट सुविधा पुग्न सकेको छैन । अत: थुनुवाहरुलाई मानवोचित व्यवहारका लागि आवश्यक भौतिक सुविधाहरुको व्यवस्था गरिनु जरुरी देखिन्छ ।

४१. **कार्यसम्पादन स्थिति** – विभिन्न प्रकृतिका अपराधिक घटनाहरुको अनुसन्धान तहकिकात गरी नियन्त्रण गर्ने, प्राकृतिक प्रकोप व्यवस्थापन, थुनुवा व्यवस्थापन, प्रहरी भर्ना एवं तालिम व्यवस्थापन, ट्राफिक व्यवस्थापन गरी समाजमा शान्ति, सुरक्षा एवं अमनचयन कायम राख्नु प्रहरी संगठनको मुख्य दायित्व हो ।

४१.१ झापा, बारा र रुपन्देहीसमेत ३ जिल्लामा आफ्नै पहलबाट ६९३ र अन्यत्रबाट आएको उजुरी ३११ समेत १००४ उजुरी दर्ता हुन आएकोमा झापाले छानबिनपछि ८२ छाडेको र बांकी ८५० उजुरी छानबिन गरी मुद्दा दायर गरेकोमा ३५६ मुद्दामा सफलता, ३ मुद्दामा असफलता भई बाँकी मुद्दा विचाराधीन एवं अनुसन्धानमा रहेका छन् । असफल भएका ३ मुद्दामध्ये झापाले २ मुद्दामा पुनरावेदन गरेको छ ।

४१.२ रुपन्देही, झापा र बारा ३ जिल्लाको मुद्दा दर्ता संख्या आर्थिक वर्ष २०६६।६७, २०६७।६८ र २०६८।६९ मा क्रमश: १५६३, १८८७ र १८९९ भई अपराधिक घटना औसत रुपमा बढ्दो देखियो । उल्लिखित घटनाहरुमध्ये क्रमश: ६६८, ७०१ र ७५७ अभियुक्त पक्राउ गर्न नसकेकोले निजहरुउपर मुद्दा दायर गर्न बाँकी रहेको देखियो ।

४१.३ जिल्ला प्रहरी कार्यालय झापाले १ हप्तामा ५००, २ हप्तामा ४३, एक महिनामा ३० र ६ महिनामा १० मुधाका अनुसन्धान प्रक्रिया टुंग्याएको देखियो । जिल्ला प्रहरी कार्यालय बाराले १ हप्तामा ३, २ हप्तामा ६, १ महिनामा ३८, ६ महिनामा १०२, १ वर्षमा ११२ र १ वर्षभन्दा बढी अवधिमा १५० मुद्दाको अनुसन्धान प्रक्रिया टुंग्याएकोमा ९५ मुद्दाको अनुसन्धान टुंग्याउन बाँकी रहेको देखियो । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले एक महिनामा ६७ र ६ महिनामा १९३ मुद्दाको अनुसन्धान प्रक्रिया टुंग्याएको छ र १४ को अनुसन्धान जारी रहेको जनाएको छ ।

ज्यानसम्बन्धी, अपहरण तथा शरीर बन्धक, मानव ओसार–पसार तथा बेचविखन, हातहतियार, खरखजाना, डांका, जबरजस्ती करणी जस्ता संवेदनशील मुद्दाहरुमा भौतिक सबुद प्रमाणहरु सङ्कलन गरी

अनुसन्धान तहकिकातको कार्य समयमै टुंग्याउनुपर्नेमा अनुसन्धान टुङ्गो लगाउन बाँकी रहेको देखियो । अनुसन्धान तहकिकातको कार्य समयमै टुंग्याउन नसक्दा सबुद प्रमाण नष्ट हुने एवं अपराधी उम्कन सक्ने हुंदा यथाशीघ्र कारबाही टुङ्गो लगाइनुपर्दछ ।

४१.४ झापा, बारा र रुपन्देही जिल्लाअन्तर्गत प्रहरी निकायबाट चेक जाँचको सिलसिलामा चोरी एवं भन्सार छलिको आरोपमा विगत ३ वर्षमा उल्लिखित ३ जिल्ला स्थित निकायमा ५८६ मोटरसाइकल र २६६ मोटर पक्राउ गरेकोमा १५९ मोरसाइकल तथा ३६ गाडी सवारी धनीलाई फिर्ता गरेको, मोटरसाइकल ३७३ र गाडी २२६ भन्सार दाखिला गरेको तथा अनुसन्धानको क्रममा ५४ मोटरसाइकल र ४ गाडी कार्यालयहरुमा नै रहेको विवरण प्राप्त भएको छ ।

पक्राउ परेका सवारीसाधनहरु भन्सार दाखिला नगरी जीर्ण बनाएर राखिनु उपयुक्त भएन । पक्राउ परी भन्सार दाखिला गर्न बाँकी देखाइएका सवारीसाधनहरु यथाशीघ्र अनुसन्धान सम्पन्न गरी भन्सार दाखिला गरिनुपर्दछ ।

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र

सशस्त्र प्रहरी बलका बहालवाला सशस्त्र प्रहरी कर्मचारी अवकास प्राप्त सशस्त्र कर्मचारी र कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त कर्मचारी तथा तिनीहरुको परिवारको शिक्षा, स्वास्थ्य एवं आर्थिक सामाजिकलगायतका क्षेत्रमा कल्याणकारी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले २०५९।१।२४ देखि सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि २०६६ अनुसार यो केन्द्र सञ्चालन हुदै आएको छ ।

४२. **आय व्यय लेखांङ्कन –** कल्याणकारी सेवा केन्द्रको सञ्चालनसम्बन्धी कार्यविधि, २०६६ को दफा १९ मा आर्थिक स्रोतको लेखाङ्कन गर्दा सदस्यता शुल्क, लगानी बचत, राष्ट्र संघबाट प्राप्त शोधभर्ना तथा भाडा रकम सिम्पोल यू.एन. सहभागिताको रकम आयमा देखाउनुपर्नेमा वासलातको पूँजी तथा दायित्वमा सोझै देखाएको छ । यसैगरी आय प्राप्त गर्ने कार्यमा भएका सञ्चालन खर्चहरु व्ययतर्फ उल्लेख गरेको छैन । कोषको मुख्य आयको रुपमा रहेको शोधभर्ना प्राप्त रकम रु.२३ करोड ९४ लाख ४५ हजार, यू.एन. सहभागिताबापत प्राप्त रकम रु.२० करोड १४ लाख १२ हजार आयमा र मिसन सञ्चालनमा भएको खर्च रु. २ करोड ९७ लाख २२ हजार एवं मिसनमा संलग्न कर्मचारीहरुको खर्च रु. १८ करोड ७५ लाख ९६ हजार व्ययतर्फ समावेश गर्नुपर्नेमा समावेश गरेको छैन । यसप्रकार मुख्य मुख्य आय–व्यय सोझै पूँजी कोषमा समावेश गरी आय व्ययमा नदेखाउँदा कोषको आय व्ययले यथार्थ अवस्थाको चित्रण गरेको छैन ।

४३. **पेट्रोल पम्प सञ्चालन –** कल्याणकारी सेवा केन्द्रले विगतमा ४ पेट्रोल पम्पमा रु. १६ करोड ३९ लाख ६४ हजार लगानी गरेको छ । उक्त लगानीमध्ये ३ पेट्रोल पम्प कर्मचारीको नाममा प्राइभेट फर्मको रुपमा दर्ता भएका छन् । एक पेट्रोल पम्प साझेदारीमा सञ्चालन गरेको छ । साझेदारीको रुपमा सञ्चालित चितवनस्थित पम्पमा रु. ५० लाख केन्द्रले लगानी गरेकोमा नाफाको ३० प्रतिशत साझेदारलाई दिने उल्लेख भएअनुसार यो वर्ष सेवा केन्द्रबाट रु.६ लाख ५८ हजार लाभांश प्राप्त गरेको देखिन्छ । उक्त पेट्रोल पम्पको लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले प्राप्त लाभांश रकम यकिन गर्ने आधार रहेन । साथै अन्य ३ पम्पको लेखापरीक्षण यस कार्यालयबाट भएको छैन ।

ती पेट्रोल पम्प सुरक्षागर्न तथा सञ्चालन कार्यमा संलग्न १२३ सशस्त्र प्रहरी कर्मचारीको लागि तलब, भत्ता, राशन लगायतको वार्षिक खर्च रु.२ करोड १२ लाख ५९ हजार नेपाल सरकारले व्यहोरेको देखिन्छ । प्रत्येक पेट्रोल पम्पले मासिक रु. १ लाख ५० हजार सुरक्षा खर्च बापत कल्याणकारी सेवा केन्द्रलाई उपलब्ध गराउने गरेको पाइयो । सो रकममध्ये रु.४ लाख कालिका पेट्रोल पम्प पोखराले उपलब्ध गराएको छैन ।

४४. **हाइटी मिसनमा लगानी –** संयुक्त, राष्ट्रसंघबाट अनुरोध भई आएअनुसार सशस्त्र प्रहरी बलले हाइटीमा फर्म्ड पुलिस युनिटको स्थापना गर्न आवश्यक पर्ने सामान खरिद तथा अन्य व्यवस्थापन कार्यमा रु.२३ करोड ६२

लाख ६३ हजार लगानी गरेको छ । यसरी लगानी गर्दा खरिद गरेका सामानको सम्पूर्ण बिल रकमलाई लगानीमा नदेखाई नगद भुक्तानीको रकम मात्र लगानीमा लेखांङ्कन गरेको छ । हाइटीमा विशेष परिस्थितिका कारण फर्म्ड पुलिस युनिट स्थापना हुन नसकेको कारण संयुक्त राष्ट्रसंघको अनुरोधमा उक्त मिसनको सामान फिर्ता गरी लाइबेरियामा स्थानान्तरण गरेकोमा लाइबेरिया पुगेका र फिर्ता प्राप्त सामानको विवरण प्राप्त नभएकोले ती सामानको अवस्था यकिन गर्ने आधार भएन । हाइटी मिसनको लागि पठाएका सामानबीच बाटोबाटै लाइबेरियातर्फ पठाउने सिलसिलामा लगानी गरी सकेको रकम संयुक्त राष्ट्रसंघबाट प्राप्त हुने नहुने स्पष्ट छैन । यो वर्ष अमेरिकी डलर १ लाख २६ हजार १८१ शोधभर्ना प्राप्त भएको देखिएतापनि प्राप्त हुनु पर्ने रकम शोधभर्ना लिन बाँकी रहे नरहेको स्पष्ट छैन ।

४५. **सहभागिता रकम** – यू.एन. सहभागिताबापत फर्म्ड पुलिस युनिटमा कार्यरत प्रहरी कर्मचारीलाई प्रतिव्यक्ति प्रति महिना १ हजार २८ अमेरिकी डलर दिने र तोकिएको कार्य सम्पन्न गरेबापत प्रति व्यक्ति प्रति महिना अमेरिकी डलर ३०३ थपसमेत जम्मा १ हजार ३ सय ३१ डलर प्राप्त हुने समझदारीपत्रमा उल्लेख छ । यो वर्ष रु. २० करोड १४ लाख १२ हजार प्राप्त गरी रु. १८ करोड ७५ लाख ९६ हजार कर्मचारीलाई भुक्तानी गरेको छ । उक्त रकम संयुक्त राष्ट्रसंघले पठाएको आधारमा आम्दानी बाँध्ने र निश्चित ७ प्रतिशत रकम कट्टा गरी निर्धारित दरमा भुक्तानी गर्ने गरेको छ । प्राप्त रकमको व्यक्तिगत एवं एकमुष्ट देखिने गरी अद्यावधिक अभिलेख नराखेकोले सहभागिताबाट प्राप्त रकम यकिन गर्न सकिने अवस्था भएन ।

४६. **मिसन व्यवस्थापन–** संयुक्त राष्ट्रसंघको अनुरोधमा सशस्त्र प्रहरी बलबाट फर्म्ड पुलिस युनिटको रुपमा लाइवेरियामा शान्ति स्थापनार्थ खटिएको टोलीको व्यवस्थापन खर्च शोधभर्ना हुने गरी केन्द्रबाट गर्ने गरेको छ । मिसन व्यवस्थापन बापत यो वर्ष रु २ करोड ६९ लाख ३८ हजार खर्च गरेको र एकमुष्ट रुपमा रु.२३ करोड ९४ लाख ४५ हजार शोधभर्ना प्राप्त गरेको छ । मिसन टोलीको अवधिअनुसार आय लेखांङ्कन नगरी नगद प्राप्त भएको आधारमा लेखाङ्कन गर्ने गरेकोले प्राप्त हुनुपर्ने र प्राप्त भएको रकम भिडाई पूरै प्राप्त भए नभएको यकिन गर्न सकिएन । शोधभर्ना रकम बढी देखिए तापनि विगत वर्षको शोधभर्ना बाँकी रकमसमेत समावेश हुने भएकोले समझदारीपत्रअनुसार छुट्टाछुट्टै मिसनको छुट्टै अभिलेख राखी शोधभर्ना रकम यकिन गरी मिसनको अवधि र दर अनुसारको शोधभर्ना लिनेतर्फ व्यवस्था गर्नुपर्दछ ।

नेपाल प्रहरी कल्याण कोष, नक्साल

यो कोष बहालवाला तथा अवकाश प्राप्त प्रहरी कर्मचारीहरु र तिनीहरुको परिवारको शिक्षा स्वास्थ्य आर्थिक तथा सामाजिक कार्यक्रम सञ्चालन गर्न उद्देश्यले संघसंस्था दर्ता ऐन, २०३४ अन्तर्गत २०४० सालमा स्थापना भई प्रहरी कल्याण कोष विधान, २०५२ बमोजिम सञ्चालन हुदै आएको छ ।

४७. **कानूनको तर्जुमा** – संस्थामा हुने सबै कृयाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेपाल सरकारका सेवामा रहेका प्रहरी कर्मचारीहरुको संलग्नता रहने र स्रोत र साधनहरु नेपाल सरकारको प्रयोग हुने गरेको देखिन्छ । तर यस कोषको विधान गैरसरकारी निकायको सरह जिल्ला प्रसाशन कार्यालयमा दर्ता भई सञ्चालित रहेको छ । कोषको क्रियाकलाप दिनानुदिन बढ्दै गएको सन्दर्भमा कोष सञ्चालनकालागी छुट्टै ऐन, नियमको तर्जुमा गरी कोषको सञ्चालन हुनुपर्ने देखिन्छ ।

४८. **कोषको अवस्था–** कोषको २०६९।३।३१ को वासलातअनुसार पूँजी कोष रु.१ अर्ब ३७ करोड ३३ लाख ४५ हजार छात्रबृत्ति कोष रु.६३ लाख र चालु दायित्व र व्यवस्था रु.३१ लाख ७० हजारसमेत जम्मा पूँजी दायित्व रु.१ अर्ब ३८ करोड २८ लाख १५ हजार रहेको छ ।

४९. **मुद्दती खाता –** कोषको विभिन्न बैङ्कहरुमा मुद्दती खातामा २०६८ आषाढ मसान्तमा रु.२६ करोड २१ लाख ९१ हजार रहेकोमा यो वर्ष १३५ प्रतिशतले वृद्धि भई केन्द्रमा ३२ मुद्धती खातामा रु.६१ करोड ३४ लाख ९२ हजार र क्षेत्रीयस्तरमा रु.६ करोड १५ लाखसमेत ६७ करोड ४९ लाख ९२ हजार रहेको छ । कोषको विधानअनुसार बैङ्कमा खाता खोल्न सञ्चालक समितिबाट निर्णय गरेको हुनुपर्दछ । कोष व्यवस्थापनले यो वर्ष

कोषको नगद मौज्दातलाई आय वृद्धि गर्ने लगानीअन्तर्गत विभिन्न बैङ्कहरुमा रहेको मुद्दती खातालाई ब्याज दर तथा बैङ्क नै परिवर्तन गरी नयाँ मुद्दती खाता खोली रकम जम्मा गरेको देखियो ।

यो वर्ष मुद्दती खाताबाट रु.३ करोड ५९ लाख १३ हजार ब्याज प्राप्त गरेको छ । कोष सञ्चालक समितिले कोषको रकम बैङ्कमा राख्ने सम्बन्धमा निर्णय गरेको देखिएन । बैङ्कले मुद्दतीमा प्राप्त गरेको ब्याज सोही बैङ्कमा अर्को खाता खोली ब्याज ट्रान्सफर गर्ने र कुनै बैङ्कले चेक उपलब्ध गराउने गरेको देखियो । मुद्दतीको म्याद समाप्त हुँदा मुद्दती रसिद फिर्ता हुने तर ब्याज दर उल्लेख भएको अभिलेख कार्यालयमा नहुने अवस्थाले कोषले आम्दानी गरेको ब्याज यकिन गर्ने आधार भएन ।

५०. **सपिङ कम्प्लेक्स भाडा –** कोषको लगानीमा विभिन्न प्रहरी युनिटमा सपिङ कम्प्लेक्स निर्माण गरेको र ती कम्प्लेक्सको विभिन्न दरमा भाडा रु.८६ लाख ६१ हजार असुल भएको देखियो । कोषअन्तर्गत सञ्चालित सपिङ कम्प्लेक्सहरुको विवरण, भाडा दर, प्राप्त हुनुपर्ने भाडा र प्राप्त एवं बाँकी खुल्ने गरी अभिलेख राखेको देखिएन ।

भृकुटी मण्डपमा सञ्चालित नेपाल पुलिस हेल्थ क्लबका सञ्चालकले हेल्थ क्लब सञ्चालन गर्दा तोकिएबमोजिमको भाडा भुक्तानी नगरेको कारण २०६९।६।८ बाट सम्झौता रद्द गरेको छ । सञ्चालकले पुनरावेदन अदालतमा मुद्दा दायर गरेकोमा मुद्दाको किनारा हुँदा प्रहरी कल्याण कोषको पक्षमा भएको पाइयो । मुद्दा फैसला भए तापनि सञ्चालकले तिर्न बाँकी भाडा रकम रु.३१ लाख ६ हजार एवं सम्झौताको दफा ३(ख) अनुसार ७ प्रतिशतले लाग्ने जरिबाना रु.२ लाख १७ हजार र विद्युत महसुल रु.९ लाख ७ हजारसमेत रु.४२ लाख ३० हजार असुल भएको देखिएन । उक्त रकम असुल गर्नुपर्दछ ।

५१. **पेश्की बाँकी** – कोषको प्रस्तुत स्रेस्ताअनुसार आर्थिक वर्षको अन्तमा रु.२४ करोड ३५ लाख ४९ हजार पेश्की फछ्यौंट गर्न बाँकी रहेको छ । सपिङ कम्प्लेक्स निर्माणको लागि गत विगतमा दिएको पेश्की रु.५ करोड ८१ लाख १९ हजार र प्रहरी स्कूललाई दिइएको पेश्की रु.१ करोड ७१ लाख ३७ हजार फछ्यौंट नभई बाँकी रहेको छ । वासलातमा गत विगत वर्षदेखि नै शंकास्पद पेश्की देखाइएको रु.१ करोड ५४ हजार मध्ये रु.४३ लाख ९ हजार प्रहरी प्रधान कार्यालय लेखा शाखाको नाममा देखिएकोमा स्वीकार गरेको पाइएन । यस्तै राष्ट्रिय प्रहरी प्रतिष्ठानलाई रु.१९ लाख ९ हजार र अञ्चल प्रहरी कार्यालय वाग्मतीका नाममा रु.७ लाख, प्रहरी अस्पतालको नाममा रु.९ लाख ३४ हजार २०५४।५५ देखि नै पेश्की बाँकी रहेको छ । यस सम्बन्धमा कारबाही गरी असुल गर्नुपर्दछ ।

५२. **शोधभर्ना** – फर्म्ड प्रहरी युनिट हाइटीबाट प्राप्त मुख्य उपकरणहरुको २०१२ जुलाईदेखि २०१२ सेप्टेम्बरसम्मको शोधभर्ना विवरणअनुसार हाइटी फर्मड पुलिस युनिटमा रहेका ५८ मुख्य उपकरणको तीन महिनामा १० हजार ६६३ अमेरिकी डलर शोधभर्ना पाउनुपर्नेमा ७५ हजार २२७ डलरमात्र शोधभर्ना प्राप्त भएको छ । तीन महिनाको हिसाबले यो वर्ष कुल अमेरिकी डलर १ लाख २५ हजार ६०५ को असार मसान्तको विनिमय दर रु.८८।६० ले रु.१ करोड ११ लाख २९ हजार शोधभर्ना प्राप्त गर्न नसकेको अवस्था छ ।

यस्तै फर्म प्रहरी युनिट डाफरको अप्रिल २०१२ सम्मको शोधभर्नाको विवरणअनुसार फर्म्ड पुलिस युनिटमा रहेका ८६ मुख्य उपकरणहरुको तीन महिनामा अमेरिकी डलर १ लाख २० हजार शोधभर्ना पाउनुपर्नेमा ४५ थान उपकरण चालु हालतमा नरहेको कारण देखाई अमेरिकी डलर ७० हजारमात्र शोधभर्ना प्राप्त गरेको छ ।

यस हिसाबले ड्राफर (सुडान) मिसनमा पठाइएका उपकरणहरुको उचित मर्मत सम्भार हुन नसकी चालु हालतमा नराखेको कारण वार्षिक अमेरिकी डलर १ लाख ९९ हजार ५५८ अर्थात् रु. १ करोड ७६ लाख ८० हजार (प्रति डलर रु.८८।६० का दरले) शोधभर्ना प्राप्त गर्न नसकेको अवस्था छ ।

केन्द्रीय हज कमिटी

५३. **हवाई टिकटको व्यवस्था– ने**पाल हज समिति कार्यविधि २०६७ को दफा १०(ग) अनुसार हजयात्रीहरुको हवाई टिकट बन्दोबस्त खुल्ला प्रतिस्पर्धाद्वारा गर्ने व्यवस्था रहेको छ । हज समितिले नेपाली हज यात्रीहरुको हवाई टिकट आपूर्तिका लागि २०६८।३।३ मा पहिलोपटक र २०६८।४।४मा दोस्रो पटक सूचना प्रकाशन

गरेकोमा दुई बोलपत्र दर्ता भएको देखिन्छ । ती बोलपत्रदाताले बैङ्क ग्यारेन्टी नराखेको र बोलपत्रको शर्त पालना नगरेको भनी बार्ताको माध्यमबाट हवाई टिकटको टुङ्गो लगाउने गरी २०६८।५।२०मा समितिको निर्णय भएको देखियो ।

सञ्चालक समितिको २०६८।५।३० को निर्णयले हवाई टिकटको सम्बन्धमा विभिन्न विकल्पहरु खोजी गरी सस्तो, भरपर्दो र सुविधाजनक हवाई यातायात सेवा उपलब्ध गराउन हवाई कंम्पनीहरुसँग वार्ता गर्न समितिका अध्यक्षको संयोजकत्वमा ५ सदस्य रहेको एक उपसमिति गठन गरेको थियो । उपसमितिको २०६८।६।३ को निर्णयअनुसार प्रतिव्यक्ति अमेरिकी डलर १ हजार ३० अर्थात् रु.७८ हजारमा एक एयर कम्पनीको भाडादर स्वीकृत गरी २०६८।६।३ मा अध्यक्षसंग सम्झौता गरेको देखियो । उक्त भाडा दर एवं सम्झौता सम्बन्धमा सहभागी ५ मध्ये ३ सदस्यले माइन्युटमा लिखित असहमति जनाएकोले सञ्चालक समितिको २०६८।६।८ को निर्णयअनुसार पूर्व सम्झौता रद्द गरी अमेरिकी डलर १ हजार २५ प्रस्ताव गर्ने एयर कम्पनीसँग सम्झौता गर्ने निर्णय भएबमोजिम २०६८।६।४ मा सम्झौता गरेको देखियो । टिकट आपूर्तक एयरवेजलाई ८६८ हवाई टिकट आपूर्तिबापत रु.६ करोड ७६ लाख १७ हजार भुक्तानी गरेको पाइयो । सम्झौताअनुसार बोलपत्र नपरेको अवस्थामा सम्भाव्य सबै एयर कम्पनीहरुसँग भाडादर लिई प्रतिस्पर्धा हुने गरी मितव्ययिता पूर्ण ढङ्गले टिकट खरिद भएको पुष्टि गर्ने आधार भएन ।

साथै ठेक्का वा करारबापत रु.५० हजारभन्दा बढीको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशतका दरले रु.१० लाख १४ हजार अग्रिम कर कट्टा गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्दछ ।

५४. **बढी खर्च** – यो वर्ष साउदी अरेवियाको मक्कामा हज गर्न जाने हजयात्रीहरुसंग समितिको निर्णयानुसार प्रति व्यक्ति रु.१ लाख ५० हजार रकम सङ्कलन गरेको देखियो । यो वर्ष अफिसियल ११ बाहेक ८५७ हज गर्न मक्का गएकोमा हवाई टिकट प्रतिव्यक्ति ७८ हजार, मोअल्लियम दस्तुर २२ हजार, साउदीमा आवास तथा बस भाडाबापत रु.५२ हजार गरी प्रतिव्यक्ति रु.१ लाख ५२ हजार खर्च भएको पाइयो । हजयात्रीबाट सङ्कलितभन्दा प्रति व्यक्ति रु.२ हजारले कुल रु.१८ लाख २१ हजार हजसम्बन्धी सूचना प्रकाशन र प्रशारणमा बढी खर्च भएको रु.४ लाख ६२ हजार समेत रु. २२ लाख ८३ हजार मौज्दातबाट खर्च लेखेको छ ।

५५. **पेश्की बाँकी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ९ दफा ७७ अनुसार कुनै कामको लागि दिइएको पेश्की सम्झौताअनुसार तोकिएको मितिमा फछ्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले साउदी अरबको मक्कामा हज गर्न जाने यात्रीहरुको आवास तथा यातायात खर्चबापत रु.४ करोड ४८ लाख ५४ हजार साउदी अरबस्थित नेपाली राजदूतावासको नाममा देखाएको पेश्की लेखापरीक्षण अवधि २०६९ माघसम्म फछ्यौंट गरेको छैन ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः
  - सरकारी कार्यालयतर्फ ३१७ निकायमा रु.१ अर्ब ४३ करोड २१ लाख ३१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड २२ लाख २२ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ४१ करोड ९९ लाख ९ हजार बाँकी रहेको छ । सोमध्ये रु.९१ करोड ४९ लाख ९३ हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - अन्य संस्था/समितितर्फ रु.११ करोड ३२ लाख ४४ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.१५ लाख ८८ हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १६ मा छ ।

परराष्ट्र मन्त्रालय

मन्त्रालय र मातहतका समेत ३८ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२ अर्ब २० करोड ४४ लाख ६ हजार, राजस्वतर्फ रु.२ अर्ब ८३ करोड ८६ लाख ४९ हजार, धरौटीतर्फ रु.७८ करोड ९२ लाख ४० हजार र अन्य कारोबारतर्फ रु.४४ करोड २ लाख १२ हजार समेत रु.६ अर्ब २७ करोड २५ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ व्यवस्थापिका–संसद, सार्वजनिक लेखा समितिले २०६३।९।२६ र २०६९।१।६ मा २०५४।५५ भन्दा अघिको ६ वर्षको राजस्वतर्फ रु.२५ करोड १७ लाख ८७ हजार र विनियोजनतर्फको रु.२८ लाख ७५ हजारको बक्यौता लेखापरीक्षण गराउन मन्त्रालयलाई निर्देशन दिएकोमा लेखापरीक्षण गराएको छैन ।

१.२ अध्यागमन विभागबाट प्राप्त भिसा स्टीकरको प्राप्ति, खर्च एवं नियोगहरुमा पठाएको अभिलेख मन्त्रालयले राखेको छैन । यो वर्ष स्थलगत निरीक्षण गरिएका १५ नियोगले भिसा स्टीकर एवं पासपोर्टको आम्दानी खर्चको अभिलेख तोकिएको ढाँचामा राखेको पाइएन । सार्वजनिक लेखा समितिले २०६३।९।२१ र २०६९।१।६ मा भिसा स्टीकरको अभिलेख राखी हिसाब पेश गरी सम्परीक्षण गराउन दिएको निर्देशन कार्यान्वयन गरिनुपर्दछ ।

१.३ सार्वजनिक खरिद नियमावली, २०६४ ले तोकेबमोजिमको रकमभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था गरेको छ । विदेशस्थित अधिकांश नियोगले खरिद गर्दा नियमावलीको प्रक्रियाबमोजिम खरिद कार्य गरेको देखिदैन । विदेशस्थित नियोगमा नियमावलीको व्यवस्था कार्यान्वयनमा कठिनाइ हुने नियोगहरुको जिकिर रहे तापनि खरिद प्रक्रियालाई व्यवस्थित गर्न अन्य व्यवस्थासमेत गरेको छैन । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०६९।१।५ मा खरिद ऐनलाई समेत ध्यान दिई आवश्यक निर्देशिका तयार गर्न दिएको निर्देशन कार्यान्वयन गरेको देखिदैन ।

कानूनसम्मत नदेखिएका मुख्य व्यहोरा	
राजस्व	नियोग तथा दूतावासबाट असुल भएको राजस्वमध्ये वर्षान्तसम्म रु.६२ करोड ५७ लाख सञ्चितकोष दाखिला भएको छैन ।
औषधि उपचार तथा बीमा खर्च	नियोग तथा दूतावासले औषधि उपचार तथा स्वास्थ्य बीमामा सम्बन्धित खर्च शीर्षकमा बजेट व्यवस्था नगरी रु.१० करोड ७९ लाख खर्च गरेका छन् ।
पारिवारिक भत्ता	नियोग तथा दूतावासले परिवार साथमा रहेको पुष्टि हुने प्रमाणबेगर पदाधिकारी तथा कर्मचारीलाई रु.७ करोड १९ लाख पारिवारिक भत्ता खर्च लेखेका छन् ।
पारिश्रमिक कर	आयकर ऐन, २०५८ बमोजिम नियोग तथा दूतावासका पदाधिकारी तथा कर्मचारीबाट रु.१ करोड ७९ लाख पारिश्रमिक कर कट्टी भएको छैन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **राजस्व –** आर्थिक कार्यविधि नियमावली, २०६४ ले तोकिएको ढाँचामा राजस्व लेखा अद्यावधिक राखी प्रतिवेदन एवं विवरण पेश गर्नुपर्ने र लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ । नियोगहरुले असुल गरेको राजस्व मन्त्रालयमार्फत सञ्चितकोष दाखिला गरी मन्त्रालयले एकमुष्टरुपमा आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराउँदै आएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२.१ मन्त्रालय मातहतका ३२ नियोगले राजस्वको गोश्वारा भौचर एवं तोकिएका ढाँचाका फारामहरु प्रयोग गरी लेखा राख्ने र आर्थिक विवरण तयार गर्ने गरेका छैनन् ।

मन्त्रालयले नेपाली राजदूतावास कतारको माघसम्म र अन्यको २०६९ आषाढ मसान्तसम्मको प्राप्त राजस्व फाँटवारीको आधारमा तयार गरेको विवरणअनुसार २०६९ आषाढ मसान्तसम्म रु.६२ करोड ५७ लाख १ हजार सञ्चित कोष दाखिला हुन बाँकी रहेको छ । सञ्चित कोष दाखिला गर्न बाँकी रकम आर्थिक विवरणमा समावेश गरेको छैन । उक्त रकममा २०६७।६८ सम्मको राजस्व रु.९ करोड ७३ लाख ३१ हजारसमेत समावेश छ । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

२.२ मन्त्रालयले तयार गरेको ३२ नियोगको राजस्वको आर्थिक विवरणमा रु.१ अर्ब २ करोड ३९ लाख १३ हजार राजस्व असुली तथा दाखिला देखाएको छ । उक्त रकममा गतवर्षसम्मको दाखिला गर्न बाँकी रकम समावेश भएको र यो वर्ष असुल भएको रकम दाखिला नभई बाँकी रहेको मन्त्रालयले तयार गरेको राजस्व फाँटवारीबाट देखिएकोले राजस्वको आर्थिक विवरणले यथार्थ स्थिति प्रस्तुत गरेको छैन ।

२.३ विभिन्न दूतावास तथा नियोगले २०६७।६८ मा असुल गरेको राजस्व २०६८।६९ को तेस्रो चौमासिकमा मात्र दाखिला गरेको देखिन्छ । उदाहरणको लागि नेपाली राजदूतावास मलेसिया, कतार, वाशिङ्गटन, पेरिस र बर्लिनको २०६७।६८ को राजस्वमध्ये रु.१२ करोड ९७ लाख ९१ हजार २०६९ वैशाख, जेष्ठ र आषाढमा सञ्चित कोष दाखिला भएको छ । त्यसैगरी नेपाली राजदूतावास मलेसियाको २०६७।६८ को निकासामध्ये बचत रहेको रु.९३ लाख ९१ हजार २०६८।६९ को निकासाबाट वर्षको सुरुमा नै कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा २०६९।३।१५ मा कट्टी गरेको देखियो ।

दूतावास तथा नियोगको राजस्व असुली तथा दाखिलासम्बन्धी विवरण परीक्षण गर्दा तोकिएबमोजिमको ढाँचामा अभिलेख नराख्ने एवं असुल गरेको राजस्व सम्बन्धित निकायमा नै निष्क्रिय रही सञ्चित कोष दाखिला गर्न वर्षौंसम्म ढिलो हुने गरेको देखिन्छ । राजस्व रकम सञ्चित कोष दाखिला नभएसम्म त्यसको उपयोग हुन नसक्ने तथा हिनामिना हुने जोखिम रहने हुँदा समयमै राजस्व दाखिला गर्न र तोकिएको ढाँचामा अभिलेख राख्न मन्त्रालयले अविलम्ब ध्यान दिनु जरुरी छ ।

३. **बढी खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(३) मा वार्षिक कार्यक्रम नघट्ने वा बाधा नपर्ने र स्रोत फरक नपर्ने गरी कुनै एक उपशीर्षकभित्रको एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्न सकिने व्यवस्था छ । यो वर्ष रकमान्तर स्वीकृतबेगर २५ नियोगले निकासाभन्दा रु.२ करोड ८८ लाख ५३ हजार बढी खर्च गरेका छन् । विगत ३ वर्षमा रकमान्तर स्वीकृत नगराई बढी खर्च गरेको स्थिति देहायअनुसार छ:

(रु. हजारमा)

आर्थिक वर्ष	खर्च शीर्षक संख्या	नियोग संख्या	बढी खर्च
२०६६।६७	१ देखि ९	२४	२,४८,९९
२०६७।६८	१ देखि ७	२३	२,३८,१९
२०६८।६९	१ देखि ७	२५	२,८८,५३

यो वर्ष नेपाली राजदूतावास बेलायतले ७ खर्च शीर्षकमा रु.८९ लाख २१ हजार, यांगुनले सञ्चार महसुल खर्च शीर्षकमा रु.१२ लाख ९५ हजार र जापानले कुल निकासाभन्दा रु.१२ लाख ८२ हजार बढी खर्च गरेको छ । रकमान्तर स्वीकृतबेगर निकासाभन्दा बढी खर्च गर्ने परिपाटी आर्थिक कार्यविधि नियमावली र बजेट सिद्धान्तविपरीत भएकोले यस्तो प्रवृत्ति तत्काल नियन्त्रण गरी आर्थिक अनुशासन पालना गर्न गराउन ध्यान दिनु जरुरी छ ।

४. **बजेटबेगर खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) ले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी भएमात्र खर्च गर्नसक्ने व्यवस्था गरेको छ । नेपाल सरकारको आर्थिक सङ्केत तथा वर्गीकरण, २०६७ ले खर्चको प्रकृतिअनुसार खर्च शीर्षक र सङ्केत नम्बरसमेत उल्लेख गरेको छ । मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयमा विदेशस्थित नियोगमा काम गर्ने पदाधिकारीको स्वास्थ्य बीमा तथा औषधि उपचार खर्च पूर्वस्वीकृति लिई गरेमा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने उल्लेख छ । नियोग तथा दूतावासको औषधि उपचार खर्च शीर्षकमा बजेट व्यवस्था नभएकोमा यो वर्ष ३२

नियोगले स्वास्थ्य बीमा तथा स्वास्थ्योपचारमा अन्य भत्ता शीर्षकबाट रु.१० करोड ७८ लाख ६९ हजार खर्च गरेको पाइयो । स्वास्थ्य बीमा गर्दा नियोगले पूर्वस्वीकृतिसमेत लिने गरेका छैनन् । कतिपय नियोगले स्वास्थ्य बीमा भएको अवस्थामा समेत बीमा कम्पनीले नव्यहोरेको कारण देखाई औषधि उपचार खर्च भुक्तानी गरेको पाइयो । औषधि उपचारमा अन्य भत्ता शीर्षकबाट खर्च लेख्दा आर्थिक विवरणले यथार्थ स्थिति चित्रण नगर्ने तथा आर्थिक कार्यविधि नियमावली र बजेट सिद्धान्तविपरीत देखिंदा सम्बन्धित खर्च शीर्षकमा बजेटको व्यवस्था नगरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्ने देखिएको छ ।

५. **लेखा व्यवस्था –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) मा कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । रियाद र मस्कोस्थित नेपाल राजदूतावासलगायत कतिपय दूतावासहरुले विनियोजनतर्फको लेखा राख्न प्रयोग गरेको बैङ्क नगदी किताबमा निर्दिष्ट महलहरुमा प्रविष्टि गर्ने गरेको पाइएन । स्वीकृत ढाँचामा बैङ्क नगदी किताब नराख्नाले प्राप्त निकासा, खर्च, पेश्की र मौज्दातको अवस्था भिडान गरी यकिन गर्ने आधार भएन ।

६. **वित्तीय कारोबार –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा आय–व्यय ठीकसँग भएको छ भन्ने कुरामा विश्वस्त हुन, सरकारी रकम निकासा र खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले स्वीकृत सीमाभित्र रही खर्च गर्नुपर्ने, आम्दानी खर्चका कलमको यथेष्ट प्रमाण पुग्नु पर्ने, तोकिएको ढाँचा अनुरुप लेखा राख्नुपर्नेलगायतका विषयहरुमा ध्यान दिई आन्तरिक जाँच समेत गराउनुपर्ने उल्लेख छ । दूतावास तथा नियोगहरुले निकासाभन्दा खर्च बढी गर्ने, निर्दिष्ट ढाँचामा स्रेस्ता नराख्ने, आर्थिक विवरण र खर्चको फाँटवारीमा फरक फरक निकासा खर्च देखाउने, शीर्षक फरक गरी खर्च गर्ने, अभिलेख व्यवस्थित गर्ने, पारिवारिक अभिलेख नराख्ने, कानूनबमोजिम कर कट्टी नगर्ने र राजस्व रकम समयमा दाखिला नगर्ने, वार्षिक प्रतिवेदन तयार नगर्नेलगायतका अवस्था देखिएकोले स्रेस्ता तथा अभिलेख व्यवस्था नियमसम्मत एवं भरपर्दो र पारदर्शी देखिदैन । यस किसिमको आर्थिक कारोबार गर्ने परिपाटीमा सुधार गरी अभिलेख व्यवस्था दुरुस्त गरी आर्थिक विवरणले आर्थिक कारोबारको यथार्थ चित्रण गरेको सुनिश्चित गर्न ऐन नियमले तोकेको ढाँचामा लेखा राखी आन्तरिक जाँचको व्यवस्था मिलाउनुपर्दछ ।

७. **बैङ्क मौज्दात –** कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित आर्थिक विवरणअनुसार नेपाली राजदूतावास, स्थायी नियोग र महावाणिज्यदूतावासमा यो वर्ष रु.१ अर्ब ५१ करोड १५ लाख ७ हजार निकासा एवं खर्च भएको देखिन्छ । मन्त्रालयबाट तयार गरेको आर्थिक विवरणमा यथार्थ खर्च रु.१ अर्ब ४१ करोड ७४ लाख ९२ हजार भई रु.९ करोड ४० लाख १५ हजार मौज्दात रहेको देखियो । मन्त्रालयले तयार गर्ने आर्थिक विवरण र कतिपय नियोगले तयार गर्ने खर्चको फाँटवारीमा समेत एकरुपता छैन । सबै नियोगले बैङ्क हिसाब मिलानको विवरण तयार नगरेकोले आर्थिक विवरणले देखाएको मौज्दात र यथार्थ बैङ्क मौज्दात यकिन गर्ने अवस्था देखिदैन । यस स्थितिमा तयार गरिएको केन्द्रीय आर्थिक विवरणले खर्चको यथार्थ स्थिति चित्रण गर्ने अवस्था छैन । विदेशी मुद्रामा हुने विनिमय दरको परिवर्तन तथा विगत वर्षदेखि नै हिसाब मिलान हुन नसकेको कारणबाट यथार्थ मौज्दात यकिन नभएको व्यहोरा औंल्याउदै आएकोमा सुधार भएको छैन ।

मन्त्रालयले विगत वर्षको आर्थिक विवरणले देखाएको मौज्दातलाई आधार मानी पछिल्लो वर्षको निकासामा समायोजन गर्दै आएकोमा यथार्थ बैङ्क मौज्दात र बैङ्क हिसाब मिलानको विवरण लिई अभिलेख राख्ने र सोको आधारमा निकासा रकम समायोजन गर्ने गरिएमा यथार्थ मौज्दात यकिन हुनेतर्फ ध्यान दिनुपर्ने देखियो ।

८. **नियोग पदाधिकारीको सुविधा –** मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले नियोग प्रमुखलगायत अन्य कर्मचारीका परिवारका आश्रित सदस्यहरु साथै वा पछि लगेमा नियोगमा बसुञ्जेल आश्रित सदस्यसमेतलाई पारिवारिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । त्यसैगरी उक्त निर्णयमा नियोग प्रमुखलगायत कर्मचारीका आश्रित ५ वर्षभन्दा बढी र १८ वर्षमुनिका अधिकतम २ छोराछोरीलाई बढीमा १२ कक्षासम्मका लागि नियोग रहेको देश हेरी तोकिएबमोजिम शैक्षिक भत्ता दिइने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

८.१ नियोगमा कार्यरत कर्मचारीमध्ये केहीले आफ्ना छोराछोरी स्कूल भर्ना भएको र शुल्क तिरेको रसिदलगायतका प्रमाण पेश नगरी शैक्षिक भत्ता भुक्तानी लिएकोले त्यस्तो रकम असुल गर्न विगतका प्रतिवेदनमा औंल्याइएकोमा त्यसतर्फ कारबाही नगरी यो वर्ष नेपाली राजदूतावास पेरिस र ब्रसेल्सले ३ कर्मचारीलाई उमेर खुलेको, छोराछोरी स्कूल भर्ना भएको एवं स्कूलमा शुल्क तिरेको प्रमाणबेगर मासिक तलबी प्रतिवेदनमा शैक्षिक भत्ता समावेश गरी रु.६ लाख ८२ हजार खर्च लेखेको छ । शैक्षिक शुल्क तिरेको प्रमाण पेश नगर्ने कर्मचारीलाई शैक्षिक भत्ता भुक्तानी दिने परिपाटी बन्द गरी प्रमाणबेगर खर्च लेखेको रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

८.२ मन्त्रिपरिषद्को निर्णयअनुसार कर्मचारीले आफू खटिएको मुलुकमा परिवार लगेबापत भ्रमण खर्च, दैनिक भत्ता, पारिवारिक भत्ता र शैक्षिक भत्ता खर्च लेखेको यकिन गर्न सम्बन्धित दूतावास/नियोगहरुले उमेर खुलेको पारिवारिक अभिलेख राख्नुपर्नेमा मन्त्रालय एवं नियोगहरुले उमेर खुलेको अद्यावधिक अभिलेख राख्ने गरेका छैनन् । अभिलेखको अभावमा कर्मचारीले छोराछोरीको भत्ता पाउन योग्य भए नभएको पुष्टि गर्ने आधार देखिदैन । उक्त व्यहोराका सम्बन्धमा सार्वजनिक लेखा समितिको २०६३।९।११ र २०६९।१।४ को निर्णयले अभिलेख व्यवस्थित गर्न निर्देशन दिएकोमा सोअनुरुप सुधार गरिनुपर्दछ ।

८.३ मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयको अतिरिक्त आर्थिक कारोबारसम्बन्धी निर्देशिका, २०६० को दफा १८ मा नियोगमा कार्यरत कर्मचारीहरुको साथमा रहेका परिवारका सदस्यहरु नियोगमा आएको र फर्केको अभिलेख नियोग प्रमुखबाट प्रमाणित गराई सोको विवरण अनिवार्य रुपमा मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ ।

विगत केही वर्षदेखि ल्हासा, कतार र यांगुनस्थित नियोगमा कार्यरत कर्मचारीका आश्रित परिवार साथमा नरहे पनि कर्मचारीलाई उपर्युक्त पारिवारिक भत्तालगायतका सुविधा प्रदान गर्दै आएकोमा सो पाउने आधार पेश भएन । यसैगरी मन्त्रीस्तरबाट २०५९।९।१६ मा रियाद, २०६४।२।२ मा बेइजिङ्ग तथा मस्को, २०६४।३।६ मा तेलअभिभ र २०६४।११।१७ मा सिओल, सचिवस्तरबाट २०६५।१२।१२ र २०६६।३।२ मा क्रमशः पेरिस र थाइल्याण्डस्थित नियोगमा कार्यरत कर्मचारीका परिवार साथमा नरहे पनि पारिवारिक भत्तालगायतका सुविधा दिने निर्णय गरी ती नियोगका कर्मचारीहरुलाई उक्त सुविधा दिदै आएको छ । यो वर्ष २९ नियोगहरुले कर्मचारीको तलब भत्ता मासिक रुपमा भुक्तानी गर्दा परिवार साथमा रहेको व्यहोरा पुष्ट्याई गर्ने प्रमाणबेगर रु.७ करोड १८ लाख ७५ हजार पारिवारिक भत्ता खर्च लेखेको देखिएको छ । सोमध्ये यो वर्ष १० दूतावास तथा नियोगले परिवार साथमा नलगे तापनि उक्त निर्णयका आधारमा पारिवारिक भत्ताबापत रु. २ करोड २४ लाख ९७ हजार भुक्तानी गरेको देखिन्छ । मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णय प्रतिकूल हुने गरी मन्त्री र सचिवस्तरको पटक पटकको निर्णयबाट परिवार साथमा नरहेको अवस्थामा पनि पारिवारिक भत्तालगायतका सुविधा प्रदान गर्नु मनासिब देखिएन । यस सम्बन्धमा २०६८।१०।९ मा सचिवलाई ध्यानाकर्षण गराइएकोमा परिवारसाथमा भएको प्रमाण संलग्न गरी भुक्तानी गर्न सम्बन्धित नियोगहरुलाई निर्देशन दिइएको जवाफ प्राप्त भएकोमा नेपाली राजदूतावास ब्राजिल, वाशिङ्गटन र स्थायी नियोग न्यूयोर्कले पारिवारिक अभिलेख राखेको देखियो । अन्य नियोगले अभिलेख राखेको देखिएन । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०६३।९।११ र पुनः २०६९।१।६ मा अभिलेख राख्ने निर्देशन दिएकोमा निर्देशनको पालना भएको छैन । आर्थिक कारोबारसम्बन्धी निर्देशिका एवं सार्वजनिक लेखा समिति र मन्त्रालयको निर्देशन पालना नगर्नु उचित देखिदैन ।

९. **घर भाडा –** विदेशस्थित नियोगहरुमा काम गर्ने कर्मचारीहरुको आवासको लागि ओहदा र ठाउँ सुहाउँदो साधारण रुपमा सुसज्जित निवासको घरभाडा र अन्य आवश्यक खर्च दिइने मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले व्यवस्था गरेको छ । यो वर्ष नियोग तथा दूतावासहरुले घर भाडा (कार्यालयसमेतको) मा रु.४० करोड १४ लाख ८८ हजार खर्च गरेका छन् । यो खर्च ती नियोगहरुले गरेको चालू खर्च रु.१ अर्ब ३६ करोड १२ लाख ४७ हजारको २९.४९ प्रतिशत रहेको छ । निर्णयमा नियोग प्रमुखको लागि साधारण रुपमा सुसज्जितको परिभाषा गरिए तापनि अन्य कर्मचारीको आवासको सम्बन्धमा परिभाषित गरिएको छैन । एउटै श्रेणीका कर्मचारी आवासको लागि भाडामा लिएको घरहरुमा उपलब्ध सुविधा र भाडा रकममा विविधता देखिएकोले दूतावास रहेको मुलुक, पदाधिकारी र कर्मचारी (श्रेणी र तहअनुसार) लाई उपलब्ध गराउने

आवासको समेत रकमसहितको मापदण्ड तय गर्नुपर्ने व्यहोरा विगत वर्षदेखि औंल्याउदै आएकोमा सार्वजनिक लेखा समितिले २०६९।१।५ मा स्पष्ट नीति बनाई कार्यान्वयन गर्न निर्देशन दिएकोमा मापदण्ड तथा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनुपर्दछ ।

१०. **कर –** आयकर ऐन, २०५८ को दफा २ (क.ङ)(१)(ग) मा नेपाल सरकारबाट आय वर्षको कुनै समयमा विदेशमा खटाइएको व्यक्तिलाई वासिन्दा व्यक्ति भनी परिभाषित गरेको छ । ऐनको दफा ८(१) मा कुनै व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नुपर्ने र ऐनको अनुसूची १ दफा १(६) मा विदेशस्थित नेपालका कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा करको गणना गरिने उल्लेख छ । विदेशस्थित नियोगमा कार्यरत कर्मचारीहरुलाई उपर्युक्तबमोजिम कर लाग्ने व्यहोरा यस कार्यालयले गत विगत वर्षहरुदेखि औंल्याउदै आएकोमा तदनुरुप सम्बन्धित व्यक्तिहरुबाट कर रकम असुल नगरी मन्त्रिपरिषद्ले २०६३।४।१ मा देहायअनुसार निर्णय गरेको छ ।

(१) "आयकर ऐन, २०५८ बाट विदेशस्थित नेपाली राजदूतावास तथा नियोगहरुमा कार्यरत कूटनीतिक कर्मचारीहरुलाई **जीवन निर्वाहका लागि** उपलब्ध गराइएको वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता तथा सबै प्रकारका वैदेशिक भत्ताहरु तथा औषधोपचार रकम समेतमा आर्थिक वर्ष २०५८।५९ देखि लागी आएको पारिश्रमिक कर छुट दिने" ।

(२) "अब उपरान्त वैदेशिक भत्ता, पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता तथा औषधोपचार लगायतका सुविधामा लाग्ने पारिश्रमिक कर बराबरको रकम वैदेशिक भत्ता लगायतका सुविधाहरुमा थप गरी भुक्तानी दिने । यसबापत लाग्ने थप रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयका नाममा निकासा दिने र अर्थ मन्त्रालयले प्रत्येक वर्षको आर्थिक अध्यादेशमा यस सम्बन्धी व्यवस्था समावेश गर्ने" ।

सार्वजनिक लेखा समितिले २०६८।५।२६ मा मन्त्रिपरिषद्को उक्त निर्णयअनुसार गर्न गराउन परराष्ट्र र अर्थ मन्त्रालयका सचिवलाई निर्देशन दिएको छ ।

मन्त्रिपरिषद्ले कर छुट दिन निर्णय गरेपछिका आर्थिक ऐनहरुमा भएको साविकको व्यवस्थामा परिवर्तन भएको छैन । आयकर ऐनको व्यवस्थाबमोजिम यो वर्ष ३२ नियोगका पदाधिकारीको तलब तथा वैदेशिक भत्ताको आयमा लाग्ने करमध्ये रु.१ करोड ७९ लाख ५ हजार कर कट्टी गर्नुपर्नेमा नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ । ऐनको व्यवस्थाभन्दा फरक किसिमले मन्त्रिपरिषद्ले निर्णय गरी सुविधा दिई वासिन्दा प्राकृतिक व्यक्तिको कर दायित्व सरकारी कोषबाट व्यहोरी व्यक्तिलाई कर दायित्वबाट उन्मुक्ति दिने काम कारबाही रोक्नुपर्दछ ।

११. **तलब खर्च –** विदेशस्थित नेपाली राजदूतावास तथा नियोगमा कार्यरत राजदूतहरुमध्ये निजामती सेवामा रही राजदूत नियुक्ति भएका पदाधिकारीलाई आफ्नो पदअनुरुप पाउने तलब, ग्रेड र सञ्चय कोषसहितको रकम र निजामती सेवामा कार्यरत नरहेका अन्य व्यक्ति नियुक्ति हुँदा सचिव र मुख्य सचिवले पाउने सरह तलब खर्च लेखेको देखिन्छ । मन्त्रालयका सहसचिव राजदूत पदमा रहँदाको अवस्थामा सहसचिव स्तरको तलब र निज राजदूत पदमा बहाल रहेकै अवस्थामा सहसचिवबाट अवकाश भएपछि राजपत्राङ्कित विशिष्ट श्रेणीको सरह तलब भत्ता भुक्तानी गर्ने गरेकोले राजदूतहरुको तलबमा विविधता देखिएको छ । राजदूतको तलब र अन्य सुविधा सम्बन्धमा भएको निर्णय उपलब्ध गराउन मन्त्रालयमा २०६८।१०।९ मा पत्राचार गरिएकोमा निर्णय पेश भएन । एकै पदको तलब भत्तासमेतमा विविधता देखिएकोले कानूनद्वारा स्पष्ट व्यवस्था गर्नुपर्ने देखिएको छ ।

१२. **पोशाक भत्ता –** विदेशस्थित नेपाली नियोग र अन्य कर्मचारीलाई उपलब्ध गराउँदै आएको पोशाक भत्ता सम्बन्धमा मन्त्रिपरिषद्को २०६८।६।१० को निर्णयले साबिकमा लुगा भत्ता सम्बन्धमा भएका सम्पूर्ण निर्णयहरु खारेज गरी रु.७ हजार पाँचसय वार्षिक पोशाक सुविधा उपलब्ध गराउने व्यवस्था गरेको हुँदा लुगा भत्तासम्बन्धी अन्य सुविधा कार्यान्वयन गर्न नमिल्ने व्यहोरा अर्थ मन्त्रालयले २०६९।२।३ मा परराष्ट्र

मन्त्रालयलाई जानकारी गराएको देखियो । परराष्ट्र मन्त्रालयले नियोगमा पदस्थापन भई जाने विभिन्न पदाधिकारीलाई साबिकबमोजिम मासिक वैदेशिक भत्ताको एक चौथाईको दरले रु.८ लाख ३१ हजार लुगा भत्ताबापत भुक्तानी गरेको देखिंदा मन्त्रिपरिषद्को निर्णयविपरीत भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ । यस सम्बन्धमा असुलउपर गर्ने कार्य भइरहेको जवाफ प्राप्त भएको छ ।

१३. **आर्थिक कूटनीति** – यो वर्ष आर्थिक कूटनीति कार्यक्रममा राजदूतावास, नियोग र महावाणिज्यदूतावासको लागि रु.३ करोड १५ लाख निकासा भएकोमा रु.२ करोड ३२ लाख ७९ हजार खर्च भएको देखियो । आर्थिक कूटनीति कार्यान्वयनका लागि पहिल्याएका वैदेशिक सहायता, वैदेशिक रोजगार, निकासी व्यापार, वैदेशिक लगानी र पर्यटन प्रवर्द्धनका क्षेत्रहरुमा सन्तुलन मिलाई सरकारको नीति तथा प्राथमिकताहरुसँग तादात्म्यता राख्ने, उच्चतम प्रतिफल प्राप्त हुने तथा परिणाममुखी कार्यक्रम सञ्चालन गर्न २०६८।७।२८ मा सचिव स्तरबाट कार्यक्रम स्वीकृत गरेको देखिन्छ । मन्त्रालयले दूतावास तथा नियोगको लागि प्राप्त रकम बाँडफाँड गरे तापनि कार्यक्रमको प्रकृति, सञ्चालन अवधि, खर्च निर्देशिका आदिको व्यवस्था गरेको छैन । दूतावास, नियोगको स्रेस्ता परीक्षण गर्दा सांस्कृतिक, पर्यटन प्रवर्द्धनलगायतका कार्यक्रम सञ्चालन भएकोमा प्रगति विवरण तयार गरेको देखिदैन । स्वीकृत कार्यक्रमको परराष्ट्र मन्त्रालय आर्थिक मामिला महाशाखाले अनुगमन गर्ने उल्लेख भए तापनि अनुगमन र प्रतिफलको विश्लेषण गरेको देखिएन । निर्दिष्ट उद्देश्य तथा नीतिअनुरुप कार्यक्रम तयार नभएमा सोको प्रतिफल मापन गर्न नसकिने भई यसप्रकारका खर्च केबल विविध खर्चमा सीमित हुन सक्ने जोखिम रहने हुँदा स्पष्ट नीति र कार्यक्रम तयार गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१४. **क्षतिपूर्ति व्यवस्था** – वैदेशिक रोजगारीमा गएका नेपाली नागरिकहरु विभिन्न घटनामा परी शारीरिक रुपमा क्षति पुगेमा एवं मृत्यु भएमा निज कार्यरत रहेको कम्पनीबाट निजका हकदारले पाउने गरी दूतावास मार्फत क्षतिपूर्ति पठाउने गरेको छ । क्षतिपूर्तिबापत प्राप्त रकममध्ये गतवर्षको मौज्दात रु.८ करोड १८ लाख २४ हजार र यो वर्ष विभिन्न दूतावासबाट प्राप्त रु.२३ करोड ६५ लाख ७२ हजारसमेत रु.३१ करोड ८३ लाख ९६ हजारमध्ये यो वर्ष सम्बन्धित हकदारलाई क्षतिपूर्ति बुझाउन मन्त्रालयले विभिन्न जिल्ला प्रशासन कार्यालयहरुलाई रु.२० करोड ३६ लाख ४० हजार पठाई रु.११ करोड ४७ लाख ५६ हजार मौज्दात रहेको छ । मन्त्रालयले मौज्दात रकम भिडान हुने गरी सम्बन्धित मृतक वा अंगभङ्ग भएका व्यक्तिहरुको नामनामेसीसमेत खुलाई व्यक्तिगत अभिलेख राखेको छैन ।

१५. **मेसिन रिडेबल पासपोर्ट** – एक विदेशी कम्पनीसँग ५ वर्षभित्र ४० लाख पासपोर्ट आपूर्ति गरी दैनिक ४ हजार प्रतिका दरले पासपोर्ट आवेदकहरुको व्यक्तिगत विवरण सो पासपोर्टमा छपाई गरी वितरणको लागि तयार गर्नसक्ने गरी कम्प्युटर, प्रिन्टरलगायतका उपकरण जडान गर्नुपर्ने र जनशक्तिको समेत व्यवस्था गर्ने गरी २०६७।५।११ मा प्रति मेसिन रिडेबल पासपोर्टको अमेरिकी डलर ३.५९ मा खरिद सम्झौता भएको छ । राहदानी विभागले २०६७।९।११ देखि मेसिन रिडेबल पासपोर्टमा आवेदकहरुको व्यक्तिगत विवरण छपाई गर्ने कार्य सुरु गरी २०६९ आषाढसम्म १२ लाख ६६ हजार ६६७ पासपोर्ट पर्सनलाइज्ड गरिसक्नुपर्नेमा ५ लाख ८५ हजार १३ पासपोर्टमात्र पर्सनलाइज्ड गरेको देखियो । काम सुरु भएको अवधिलाई हेर्दा ३१.६६ प्रतिशत अवधि समाप्त भइसके तापनि पासपोर्ट पर्सनलाइज्ड गर्ने कार्य १४.६२ प्रतिशतमात्र भएकोले सम्झौता अवधिभित्र तोकिएबमोजिमको कार्य सम्पन्न हुन सक्ने अवस्था देखिदैन । हाल मेसिन रिडेबल पासपोर्ट जारी भई प्राप्त गर्ने आवेदकहरुले पर्खनुपर्ने समयावधिलाई मध्यनजर गरी पासपोर्ट जारी गर्ने जडित क्षमताको अधिकतम उपयोग गर्न आवश्यक कार्ययोजना बनाई लागू गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा आवेदन सङ्कलन, डाटा प्रोसेसिङ आदि कार्यमा क्षमता अभिवृद्धि गर्न जनशक्ति व्यवस्था तथा प्रविधि विस्तारको कार्य प्रक्रियामा रहेकोले राहदानी जारी गर्न लाग्ने समयावधिमा समेत पुनरावलोकन हुने जवाफ प्राप्त भएको छ ।

- **बेरुजू स्थिति** – मन्त्रालय र मातहत ३७ निकायको यो वर्ष लेखापरीक्षणबाट रु.६६ करोड ५ लाख ७७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ८ निकायले रु.२१ लाख ५९ हजार फछ्यौंट गरेकाले रु.६५ करोड ८४ लाख १८ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.२६ करोड ९ लाख ४० हजार पेश्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

मन्त्रालय र मातहतसमेत २२५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२ अर्ब २ करोड ४९ लाख ७६ हजार, राजस्वतर्फ रु.४ अर्ब ३१ करोड ५८ लाख ४६ हजार, धरौटीतर्फ रु.४२ करोड २६ लाख ३१ हजार र अन्य करोबारतर्फ रु.३ अर्ब ९२ करोड २३ लाख ७४ हजारसमेत रु.१० अर्ब ६८ करोड ५८ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित सस्था एकको रु.४४ करोड ४८ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** महालेखापरीक्षकको विगतका प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्षपनि मन्त्रालयबाट सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहाया अनुसार छन्:

१.१ स्थानीय स्वायत्त शासन नियमावली, २०५६को नियम २११ सँग सम्बन्धित अनुसूची–२६ मा मालपोत कार्यालयहरुले असुल गरेको घर जग्गा रजिष्ट्रेशन दस्तुर फ्रिज नहुने ख–६ समूह खातामा जम्मा गर्ने र सो रकम बाँडफाँड गरी सम्बन्धित जिल्ला विकास समितिलाई पठाउने र बाँकी रकम सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ । विभागले यो वर्षपनि ख–६ खाताको जिल्लागत आर्थिक विवरण लिई सो आधारमा केन्द्रीय आर्थिक विवरण तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेमा कार्यालयहरुबाट आर्थिक विवरण प्राप्त गर्ने नगरेको कारण केन्द्रीय आर्थिक विवरण तयार गरेको छैन । अत: मन्त्रालयले केन्द्रीय आर्थिक विवरण तयार गरी हिसाब अद्यावधिक गर्न आवश्यक पहल गर्नुपर्दछ ।

१.२ नेपाल सरकारले २०५७ श्रावणमा कमैया मुक्तिको घोषणा गरे पश्चात् दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा रहेका मुक्त कमैया परिवारको पहिचान गरी पुनर्स्थापना गर्दै लैजाने नीतिअनुरुप जग्गाको स्वामित्व र बसोबासका आधारमा मुक्त कमैयालाई चार वर्गमा विभाजन गरी पुनर्स्थापना कार्य शीघ्र सम्पन्न गर्न २०६५।९।१७ को निर्णयबाट मुक्त कमैया पुनर्स्थापन समस्या समाधान आयोग गठन गरी केन्द्रीय र जिल्ला समितिहरुको व्यवस्था गरेको थियो । घर जग्गाविहिन २७ हजार ५७० मुक्त कमैयाका परिवारलाई पुनर्स्थापना गरी आर्थिक, सामाजिक अवस्थामा सुधार ल्याउन पुनर्स्थापना सम्बन्धी जीविकोपार्जनको लागि आय आर्जन वृद्धि कार्यक्रम सञ्चालन गर्ने, सीप तथा व्यावसायिक तालिम प्रदान गर्ने, रोजगारीको अवसरमा पहुँच पुऱ्याउने र स्थगित भूमि बैङ्क कार्यक्रमको रकम कमैया पुनर्स्थापन समस्या समाधानका लागि वैकल्पिक उपायको रुपमा सदुपयोग गर्ने जस्ता कार्य गर्ने लक्ष्य रहेकोमा प्राप्त विवरण अनुसार २०६९ आषाढसम्म २३ हजार ८५७ मुक्त कमैया परिवारको पुनर्स्थापन गरी ४ हजार ६१२ बिगाह ९ कठ्ठा १ धुर जग्गा वितरण गरेको छ । केन्द्रीय तथा जिल्ला समितिको पटक पटक म्याद थप गरेपनि ३ हजार ७१३ परिवारको पुनर्स्थापन गर्न बाँकी देखियो । मुक्त कमैया पुनर्स्थापना कार्यक्रमको लागि हालसम्म भएको आयोजनागत हिसाब तथा मुक्त कमैया पुनर्स्थापना तथा वृत्ति विकाससम्बन्धी अद्यावधिक प्रगति प्रतिवेदन मन्त्रालयबाट तयार नभएकोले आयोजनामा भएको खर्चको अध्ययन एवं विश्लेषण गर्न सकिएन ।

१.३ जग्गा प्रशासन निर्देशिका, २०५८ को निर्देशन नं.४१४ मा मालपोत कार्यालयहरुले नापीको समयमा दर्ता हुन बाँकी रहेका आफ्नो क्षेत्रभित्रका सरकारी र सार्वजनिक जग्गाको फिल्डबुकलगायत अन्य प्रमाणहरु बुझी अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता गरी अभिलेख अद्यावधिक राख्नुपर्ने र यसरी दर्ता गरिएको सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व सम्बन्धित मालपोत कार्यालयको हुने उल्लेख छ । विभागले उपलब्ध गराएको विवरणअनुसार यो वर्षसम्म ६३ मालपोत कार्यालयले मात्र सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख तयार गर्ने कार्य गरेको देखियो ।

१.४ मन्त्रिपरिषद्ले २०५७।७।१५ मा आयन्दा कानूनी व्यवस्था गर्ने गरी जग्गा नाप नक्सा, फिल्ड कार्यको लागि आवश्यक पर्ने नापी कामदारको पारिश्रमिक नर्म्स स्वीकृत गरेको थियो । स्वीकृत नर्म्सअनुसार फिल्डमा काम गर्दा कार्यको प्रकृति र परिमाणअनुसार प्रतिटोली चाहिने कामदार संख्या र अवधि जस्ता कुराहरु नखुलाई कित्तानापी महाशाखा, खगोल तथा भूमापन महाशाखा, स्थलरुप नापी महाशाखा, राष्ट्रिय भौगोलिक पूर्वाधार आयोजना, एस्ट्रोनोमिकल नापी शाखाले विगत वर्षमा झैं यो वर्ष पनि २७६ नापी कामदार राखी रु.१ करोड ७ लाख ९४ हजार खर्च लेखेको पाइयो । मन्त्रिपरिषद्को उपर्युक्त निर्णयअनुसार नापी कामदारको सम्बन्धमा अद्यापि कानूनी व्यवस्था गरेको छैन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **बजेट वक्तव्य –** बजेट वक्तव्य २०६८।६९ मा भूमिलाई उपयोगका आधारमा वर्गीकरण गर्नुको साथै उत्पादकत्व वृद्धिको लागि वैज्ञानिक भूमिसुधार कार्यक्रम कार्यान्वयन गर्ने, सम्पूर्ण नापी कार्यलाई योजनाबद्ध रुपमा अघि बढाउन नापी गुरुयोजना तयार गर्ने, नयाँ भूमिसुधार विधेयकको मस्यौदा तर्जुमा गर्ने, हाल कायम रहेको परम्परागत नापी प्रशासनलाई डिजिटाइज्ड प्रणालीमा रुपान्तरण गर्ने कार्य प्रारम्भ गर्ने तथा यस आर्थिक वर्षदेखि काठमाडौंको डिल्लीबजार र ललितपुरको नापी कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु कम्प्यूटर प्रणालीबाट उपलब्ध गराउने, घरजग्गा वा जग्गा खरिद बिक्रीसम्बन्धी सम्पूर्ण कार्य कम्पनीको रुपमा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएका दलाल व्यवसायीको माध्यमबाट गर्नपाउने व्यवस्था गर्ने र राष्ट्रिय स्वाभिमानको परिचायकको रुपमा रहेको सगरमाथाको उचाई निर्धारण गरी प्रमाणीकरण गर्ने जस्ता कार्यक्रम कार्यान्वयन गर्ने उल्लेख भएकोमा भू उपयोग नीति ल्याउनेबाहेक अन्य कामहरु हुनसकेको छैन ।

३. **जिन्सी व्यवस्थापन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सोही नियमावलीको नियम ४७ अनुसार निकायको सम्पतिको उचित व्यवस्थापन गर्न जिम्मेवार पदाधिकारीलाई तोकेको छ । जिन्सी निरीक्षण प्रतिवेदनअनुसार मन्त्रालयको जिन्सी खातामा १७ सवारीसाधन आम्दानी देखाएको छ । लेखापरीक्षणको क्रममा भौतिकपरीक्षण गर्दा ५ सवारीसाधन मन्त्रालयमा प्रयोगमा रहेको र बाँकी १२ सवारीसाधन अन्य कार्यालयमा प्रयोग भइरहेको छलफलको क्रममा जानकारी गराए तापनि सोको विवरण प्राप्त भएन । मन्त्रालयको लागि खरिद भएका सवारीसाधन अन्य कार्यालयमा पठाएको आधारसमेत पेश भएन । अतः ती सवारीसाधन फिर्ता लिनुपर्दछ ।

भूमिसुधार तथा व्यवस्थापन विभाग

४. **हदबन्दी** – भूमिसम्बन्धी ऐन,२०२१ को दफा २१ मा हदबन्दीभन्दा बढी प्राप्त भएको वा जफत भएको जग्गा प्राथमिकताको आधारमा साविक जग्गावाल, मोही वा अन्य कुनै व्यक्तिलाई कुनै शर्तमा दिनसक्ने व्यवस्था छ । भूमिसुधार तथा व्यवस्थापन विभागले ऊलब्ध गराएको विवरणअनुसार हदबन्दीभन्दा बढीको जफत भएको ३९ हजार ८८३ बिगाह र १३ हजार ३८२ रोपनी जग्गामध्ये ३० हजार ७८२ भूमिहीनलाई ८ हजार २१८ बिगाह र ३ हजार ६८९ रोपनी बिक्री वितरण गरेको, बाँकी ३१ हजार ६६५ बिगाह र ९ हजार ६९३ रोपनी जग्गा मौज्दात रहेको जानकारी दिएको छ । सोको कार्यालयगत जग्गा प्राप्ति र बाँकी जग्गाको अद्यावधिक विवरण उपलब्ध हुन नसकेकोले जग्गाको वास्तविक उपयोग स्थितिबारेमा यकिन गर्न सकिएन । विभागले उपर्युक्तानुसार प्राप्त जग्गाको बिक्री वितरण र बाँकीको विवरण अद्यावधिक गराई सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।

५. **निवेदन दर्ता र फछ्यौंट** – मालपोत ऐन, २०३४ को दफा ७ अनुसार कुनै जग्गाको नापी नक्सा छुट हुन गएमा मालपोत कार्यालयले तोकिएको समितिको सिफारिसमा आवश्यक प्रक्रिया अपनाई त्यस्तो जग्गा दर्ता गर्नसक्ने व्यवस्था छ । त्यस्तो दर्ता सम्बन्धमा मालपोत कार्यालयले निवेदन परेको मितिले २ वर्षभित्र अन्तिम

टुङ्गो लगाई सक्नुपर्नेमा विभागबाट प्राप्त २०६८।६९ सम्मको निवेदन दर्ता, फछ्यौंट र बाँकी विवरणअनुसार कुल निवेदनको ७७ प्रतिशतमात्र फछ्यौट भएको छ । निवेदनको अभिलेख अद्यावधिक गरी आफूमातहतका कार्यालयहरुबाट सम्पादित कार्यको अनुगमन गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउन आवश्यक निर्देशन दिने, फछ्यौंट गर्न बाँकी निवेदनमा समस्याको पहिचान गरी ऐनले तोकेको म्यादभित्र फछ्यौंट गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६. **अनिवार्य बचत –** भूमिसम्बन्धी ऐन, २०२१ को दफा ४२ मा बचत रकम जम्मा गरिएको मितिले क्रमश: ५/५ वर्षपछि सो बचत राख्ने समिति, संस्था वा अधिकारीलाई जम्मा रकम र ब्याज बाँकी भए सोसमेत नगदी, जिन्सी वा दुवै वा जिन्सीलाई नगदमा परिणत गरी फिर्ता गर्नुपर्ने उल्लेख छ । विभागले पेश गरेको विवरणअनुसार ४१ मालपोत कार्यालयमा अनिवार्य बचत रु.४ करोड १२ लाख ४६ हजार मौज्दात रहेको छ । उक्त बचत रकम गत विगत वर्षदेखि निष्क्रिय रहेको छ । फछ्यौंट गर्न बाँकी बचतको रकम ऐनअनुसार फरफारक गर्नेतर्फ पहल गरेको देखिएन ।

७. **कुत धरौटी** – भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३६ मा मोहीले कुत धरौटी राख्न ल्याएमा कार्यालयले कुत धरौटी खातामा आम्दानी बाँधी रकम बुझ्न आउन जग्गावाललालाई सो धरौटी राखेको ७ दिनभित्र सूचना दिनुपर्ने, जनाउ दिएको एक वर्षभित्र जग्गावाला कुत बुझन आएमा दुई प्रतिशतका दरले दस्तुर लिई कुत रकम फिर्ता दिनुपर्ने, एक वर्षभित्र धरौटी फिर्ता तथा भुक्तानी नलिएमा त्यस्तो रकम सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ । स्थलगत लेखापरीक्षणको क्रममा २०६८।६९ सम्मको कुत धरौटीसम्बन्धी विवरण उपलब्ध गराउन सम्बन्धित कार्यालयलाई अनुरोध गरिएकोमा २१ भूमिसुधार कार्यालयबाट कुतबापत प्राप्त, फिर्ता र बाँकीको अद्यावधिक विवरण प्राप्त नभएको व्यहोरा विभागलाई अनुरोध गर्दासमेत उक्त विवरण प्राप्त भएन । विभागले सोसम्बन्धी अभिलेख अद्यावधिक गर्न मातहत कार्यालयहरुलाई निर्देशन दिएको पाइएन ।

८. **भूमि व्यबस्थापन सुदृढीकरण कार्यक्रम –** भूमि व्यवस्थापन सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०६७ को बुँदा ३(१) मा मालपोत कार्यालयले असुल गरेको रजिष्ट्रेशन दस्तुरबापत जिल्ला विकास समितिमा पठाइने रकम कुल रकमको ५ प्रतिशतले एक आर्थिक वर्षमा ६ लाख रुपैयाँभन्दा बढी भएमा बढी रकम विभागमा रहेको संस्थागत सुदृढीकरण कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभागले यो वर्ष रु.२ करोड ३७ लाख ३३ हजार कोषमा दाखिला भएको र कोषबाट रु.४७ लाख ३५ हजार खर्च गरेको विवरण उपलब्ध गराएको छ । मालपोत कार्यालयहरुले यो वर्ष कोषमा पठाउनुपर्ने र पठाएको रकमको विवरण माग गरेकोमा विभागबाट उपलब्ध भएन । कोषको हिसाब कार्यालयगत रुपमा विभागमा राखेको समेत छैन । विभागले मालपोत कार्यालयहरुको कार्यालयगत असुलीको अद्यावधिक अभिलेख राखी सीमाभन्दा बढी प्राप्त रकम कोषमा दाखिला गर्न लगाउने, तथा निकासा खर्चका सूचकाङ्कसहितका आधार तोकी कोषबाट भएको खर्च पारदर्शी गराउने व्यवस्था गर्नुपर्दछ ।

९. **नगरपालिका घोषणा –** नेपाल सरकारको २०६८।६९ को बजेट वक्तव्यमार्फत ४१ नयाँ नगरपालिका घोषणा भएको र सो आधारमा मालपोत कार्यालयहरुले रजिष्ट्रेशन शुल्क उठाउँदै आएको लेखापरीक्षणको क्रममा देखिएको छ । उक्त घोषणा २०६९ माघसम्म पनि कार्यान्वयनमा आएको छैन । मालपोत कार्यालयहरुलाई नगरपालिका घोषणा हुनु पूर्वको स्थिति अर्थात् गाउँ विकास समितिको कायम दरअनुसार नै रजिष्ट्रेशन शुल्क उठाउने गरी २०६९।७।२ मा मन्त्रीस्तरीय निर्णय भएकोमा उक्त निर्णय कार्यान्वयन नभई मालपोत कार्यालय सिरहा, सप्तरी, बझाङ र उदयपुरले नगरपालिकाको स्वीकृत दरबन्दीमा रजिष्ट्रेशन शुल्क लगाई सोबमोजिम रु.१ करोड ६० लाख ९४ हजार असुल गरेको अवस्था छ । अत: कानून कार्यान्वयनमा नआएको अवस्थामा रजिष्ट्रेशनबापत नगरपालिकाको कायम दरमा राजस्व असुली गर्नु नियमसम्मत छैन ।

मालपोत कार्यालयहरु

१०. **रजिष्ट्रेशन दस्तुर –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ मा प्रत्येक जिल्लामा मालपोत कार्यालयले असुल गरेको रजिष्ट्रेशन दस्तुरमध्ये अनुसूचीमा तोकिएबमोजिमको रकम सम्बन्धित

जिल्ला विकास समितिमा पठाउनुपर्ने र बाँकी रकम सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय भद्रपुर, विराटनगर, सुनसरी कास्कीलगायत ३५ ले रजिष्ट्रेशन दस्तुरबापत असुल गरेको रकम सो नियमावलीको अनुसूचीमा उल्लेख गरेको दरभन्दा बढी सम्बन्धित जिल्ला विकास समितिमा पठाएको रु.२३ करोड ६० लाख ८३ हजार फिर्ता लिइ सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

११. **पूँजीगत लाभकर –** आयकर ऐन, २०५८ को दफा २ को देहायको खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सोभन्दा बढी मूल्यको घरजग्गाको कारोबार गर्दा भएको पूँजीगत लाभमा ऐनको दफा ९५(क) ३ मा तोकिएको दरअनुसार रजिष्ट्रेशन पारित गर्दाकै बखतमा पूँजीगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । पूँजीगत लाभकरबापत असुल गरेको रकम मालपोत कार्यालयहरुले सीधै आन्तरिक राजस्व कार्यालयको खातामा पठाउने गरेकाले विभागले पूँजीगत लाभकर असुलीको एकीकृत हिसाब तयार गरेको छैन । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन:

११.१ मालपोत कार्यालयहरुको नमुना छनौट गरी पूँजीगत लाभकर असुलीको लिखत परीक्षण गर्दा मालपोत कार्यालय डिल्लीबजार, भक्तपुर, कास्कीलगायत ३५ को ९३ लिखतका नि:सर्गकर्ताहरुबाट नि:सर्ग मूल्य रु.१ अर्ब १ करोड ८८ लाख ५९ हजारमा नियमअनुसार खर्च दाबी गर्नपाउने रकम कट्टी गरी कायम पूँजीगत लाभ रकममा २.५ प्रतिशत र ५ प्रतिशतका दरले असुल गर्नुपर्ने पूँजीगत लाभकर रु.४ करोड ६७ लाख ५ हजार असुल गरेको पाइएन । अत: असुल गर्न छुट उक्त लाभकर एवं बाँकी लिखतका सम्बन्धमा पनि छानबिन गरी असुल गर्नुपर्दछ ।

११.२ यो वर्ष मालपोत कार्यालय २७ ले ६० नि:सर्गकर्ताको सीमाभन्दा माथि थैली राखी रजिष्ट्रेशन लिखत पारित गर्दा नियमानुसार पूँजीगत लाभकर फारम भरेको छैन । ती नि:सर्गकर्ताको नि:सर्ग मूल्य रु.६४ करोड ८ लाखको कारोबारमा रु.३ करोड ७१ लाख ३६ हजार पूँजीगत लाभकर असुल गर्न छुट भएको छ । उक्त कारोबारको नि:सर्गबाट प्राप्त आम्दानीमा नियमानुसार कट्टा गर्न पाउने खर्च कट्टा गरी बाँकी पूँजीगत लाभमा ५ प्रतिशतले हुने लाभकर स्रोतमा कट्टा गर्नुपर्नेमा नगरी लिखत पारित गरेकोले उक्त लाभकर असुलीका सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

११.३ मालपोत कार्यालय, धादिङअर्न्तगत एक नि:सर्गकर्ताले १८ रोपनी ३ आना ३ पैसा २ दाम जग्गा २०६९।३।१४ मा १५ व्यक्तिलाई रु.१५ लाख २० हजारमा राजीनामा पारित गरी दिएको र ती व्यक्तिहरुले १४ दिनपछि २०६९।३।२७ मा एक सिमेन्ट उद्योगलाई प्रतिव्यक्ति रु.२९ लाख ५० हजार थैली राखी रु.४ करोड ३६ लाख ५० हजारमा राजीनामा पास गरी दिएको देखियो । उक्त कारोबारमा पूँजीगत लाभकर रु.२१ लाख ६ हजार छुट भएकोले उक्त कारोबारउपर छानबिन हुनुपर्दछ ।

११.४ मालपोत कार्यालय, नुवाकोटअर्न्तगत एक नि:सर्गकर्ताले ८ रोपनी १५ आना १ पैसा जग्गामध्ये कित्ता काट गरी ३ व्यक्तिलाई ६ रोपनी १५ आना १ पैसा जग्गा रु.१ लाख ५ हजारमा राजीनामा पारित गरी दिएको र ती व्यक्तिहरुले राजीनामा पारित मितिले १० औं दिनमा उक्त जग्गा रु.७६ लाख ४८ हजारमा र नि:सर्गकर्ताले आफुसँग बाँकी रहेको २ रोपनी जग्गा रु.२२ लाख समेत रु.९८ लाख ४८ हजारमा एक अनाथ आश्रमलाई राजीनामा पारित गरी दिएको देखियो । यस प्रकारले जग्गा खरिद बिक्री गर्नाले नेपाल सरकारलाई पूँजीगत लाभकर रु.४ लाख ९२ हजार छुट भएको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

११.५ मालपोत कार्यालय, परासीअन्तर्गत एक नि:सर्गकर्ताले ३ खरिदकर्तालाई १३ कारोबारबाट रु.११ करोड ७० लाखको जग्गा नि:सर्ग गरेकोमा नि:सर्गबाट प्राप्त गरेको रकमभन्दा बढी खर्च भएको देखाई रु.४ करोड ६४ लाख ७७ हजारको घाटा देखाएको छ । जग्गाको न्यूनतम मूल्याङ्कन अनुसार खरिदमा राखेको थैलीभन्दा घटी हुने गरी बिक्रीको थैली कायम गर्न नमिल्ने व्यवस्था विपरीत नि:सर्गकर्ताले १४ आना ६ पैसा ३ दाम जग्गा बाटोमा परेको जनाई घाटा देखाएको छ । बाटो बनाएर कारोबार गर्दा जग्गाको मूल्यमा अझ वृद्धि हुनुपर्नेमा घाटामा कारोबार देखाई पूँजीगत लाभ नकारात्मक देखाएको छ । अत: थैलीअनुसार सरकारी जरिबाना बाहेकको सरकारी कर, रजिष्ट्रेशन दस्तुर रु.३२ लाख घटाएर बाँकी हुने रु.११ करोड ३८ लाखमा न्यूनतम २.५ प्रतिशतले छुट पूँजीगत लाभकर रु २८ लाख ४५ हजारसम्बन्धमा छानबिन गरिनुपर्दछ ।

११.६ मालपोत कार्यालय, नुवाकोटले एक नि:सर्गकर्ता दम्पतीको नाममा रहेको ओखरपौवा वडा नं. १ पासाङ ल्हामु राजमार्गसँग जोडिएको ४० रोपनी जग्गा कार्यालयको मूल्याङ्कनअनुसार प्रतिरोपनी रु.२ लाख ६९ हजारका दरले न्यूनतम मूल्य रु.१ करोड ८ लाख कायम हुने देखिन्छ । नयाँ कित्ता कायम गरी श्रीमानको अंशवडाबाट कित्ता नं. १७७१ को १० रोपनी र श्रीमतिको कित्ता नं. १७७२ को ३० रोपनी जग्गा अंशवण्डा गरेको चार दिनपछि २०६९।३।१३ मा अन्य २ व्यक्तिलाई उक्त ४० रोपनी जग्गा रु.५८ लाख थैलीमा बिक्री गरेको देखियो । संयुक्त नाममा रहेको रु.१ करोड ८ लाख पर्ने उक्त जग्गा अंशवण्डा गरी प्रतिव्यक्ति २९ लाखको सीमा ननघाई लिखत रजिष्ट्रेशन पास गर्नाले पूँजीगत लाभकर रु.५ लाख ४० हजार छुट भएको छ । यस्ता कारोबारउपर नियन्त्रण गर्न यस सम्बन्धमा छानबिन गरिनुपर्दछ ।

१२. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का दिने सरकारी निकायले आफूले गरेको ठेक्का सम्झौता र भुक्तानीको जानकारी चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । मन्त्रालय, विभागसमेत २० कार्यालयले विभिन्न आपूर्तक, निर्माण व्यवसायी र परामर्शदातालाई भवन निर्माण, कार्यालय सामान खरिद तथा छपाई कार्य गराई थप भुक्तानी गरेको मूल्य अभिवृद्धि कर रु.४७ लाख ४ हजारको सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिएको छैन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

भू–सूचना तथा अभिलेख विभागको कार्यसम्पादन स्थिति मूल्याङ्कन

मालपोत तथा नापी कार्यालयहरुले सम्पादन गर्ने जग्गा प्रशासनका कार्यलाई सूचना तथा संचार प्रविधिबाट छिटो, छरितो, भरपर्दो एवं जनमुखी सेवाप्रवाह गर्ने उद्देश्यले यो विभागको स्थापना भएको हो । विभागको कार्यसम्पादन दक्षतापूर्वक एवं प्रभावकारी रुपमा भए नभएको मूल्याङ्कन एवं विश्लेषण गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

१३. **भौतिक सुविधा व्यवस्थापन** – मालपोत तथा नापी कार्यालयहरुमा रहेका जग्गाधनीको जग्गा राजीनामा पारितसम्बन्धी मोठ तथा रोक्काको अभिलेख, नापी नक्सा, प्लट रजिष्टर, फिल्ड बुक तथा नक्साको अभिलेख, डिजिटाइज गरी जग्गाधनी प्रमाणपुर्जा तथा नक्साको अभिलेख कम्प्युटरको माध्यमबाट यथाशीघ्र दिने तथा त्यस कार्यको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक वैज्ञानिक प्रविधि तथा उपकरण र भौतिक पूर्वाधार आवश्यक पर्दछ । त्यस प्रकारको प्रविधि तथा उपकरण पर्याप्तता रहे तापनि विभागको आफ्नै भवन नभई भाडामा बस्नु परेकोले व्यवस्थित गर्न कठिनाइ परेको छ । दीर्घकालसम्म केन्द्रीय भू–अभिलेखालयको रुपमा विकसित गर्नका लागि विभागको आफ्नै भवनको व्यवस्था गरिनु जरुरी देखिन्छ ।

१४. **कार्यसम्पादन स्थिति –** विभागको कार्य सम्पादन स्थिति देहायअनुसार देखिएको छ:

१४.१ मालपोत कार्यालयहरुमा रहेका दश लाख कित्ता मिसिलहरुको कम्प्युटरमा चढाउने कार्य, १० मालपोत कार्यालयहरुमा रहेको डाटालाई स्ट्याण्डर्ड कोडअनुसार सेन्टर डाटाबेसमा स्थान्तरण गर्ने कार्य, उपत्यका भित्रका मालपोत कार्यालयहरुमा रहेको भू–सूचना प्रणालीको स्तरोन्नति गर्ने, एस क्यू एल २००५ सफ्टवेयर खरिद गर्ने कार्यहरुमा शून्य प्रगति देखाएको छ । काठमाडौ उपत्यकास्थित ५ मालपोत कार्यालयहरुमा रहेका रजिष्ट्रेशनलगायत हक हस्तान्तरणसम्बन्धी फारामहरुको इमेज तयार गर्ने, नापी कार्यालयहरुमा रहेको प्लट रजिस्टरको इमेज तयार गरी प्रविष्ट तथा फिल्डबुकको इमेज तयार गर्ने, भू–सूचना प्रणालीसम्बन्धी ऐन मस्यौदा तयारी आदि कार्यक्रमहरुमा लक्ष्यबमोजिम प्रगति गरेको छैन । विभागले १० मालपोत कार्यालयहरुमा रहेको डाटाहरुलाई सी.एल.आई.एस.को स्ट्याण्डर्ड कोडअनुसार सेन्टर डाटाबेसमा माइग्रेट गर्ने कार्य परामर्शदाताबाट उपयुक्त प्रस्ताव नपरेको र एस.क्यू.एल. सर्भर खरिद गर्ने कार्य प्राविधिक कारणले सम्पन्न नगरेको जनाएता पनि वैकल्पिक व्यवस्था गरि सम्पन्न गराउन सकेको देखिएन । त्यस्तै अन्य कार्यक्रमहरु सम्पन्न गर्न नसक्नुको स्पष्ट कारण खुलाएको छैन । लक्ष्यअनुसार प्रगति हासिल गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१४.२ जग्गाधनीहरुको मोठ तथा रोक्काको अभिलेख, प्लट रजिष्टर, फिल्डबुक र नक्साको अभिलेख डिजाइन गराई कम्प्युटरको माध्यमबाट जग्गाधनी प्रमाणपुर्जा तथा नक्सा उपलब्ध गराउन विभागले मालपोत तथा नापी कार्यालयहरुलाई कम्प्युटर, प्रिन्टर, स्क्यानर, कम्प्युटर टेवल तथा फर्निचर, इन्भर्टरको लागि ब्याट्री तथा जेनेरेटर, आदि उपकरणहरु उपलब्ध गराउँदै आएको छ । मालपोत कार्यालय तनहुँलाई उपलब्ध गराएको उपकरणहरुमध्ये ३ थान ब्याट्री काम नलाग्ने भई थन्किएको, नापी कार्यालय तनहुँलाई उपलब्ध गराएको उपकरणहरु नेट वर्किङ्ग नगरिएकोले प्रयोगमा नल्याएको, मालपोत कार्यालय इलामलाई प्राप्त ६ थान इन्भर्टरको ब्याट्रीमध्ये ३ थान काम नलाग्ने अवस्थामा रहेको, मालपोत कार्यालय भक्तपुरलाई पठाएका १३ वटा कम्प्युटरमध्ये १० बिग्रिएको र २ को सी.पी.यू. मर्मतका लागि लगेकोले भण्डार कोठामा उपयोगहीन अवस्थामा रहेको, मालपोत कार्यालय ललितपुरमा पठाएको उपकरणहरुमध्ये २ ब्याट्री बिग्रिएको, ३ कम्प्युटरमर्मत गर्नुपर्ने जनाई सी.पी.यू. तथा मनिटर भण्डार कक्षमा राखेकोमा उपकरणहरुमा सङ्केत राखी अभिलेखीकरण गरेको देखिएन । गुणस्तरीय उपकरणहरु उपलब्ध गराई प्रभावकारी प्रयोग गरिनुपर्दछ ।

१४.३ मालपोत कार्यालयहरुमा मोठ तथा रोक्काको अभिलेख र नापी कार्यालयहरुमा प्लट रजिष्टर, फिल्डबुक र नक्सा डिजिटाइज गरी कम्प्युटरमार्फत नक्सा तथा जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने यो कार्यक्रम २०५७ सालबाट सुरु भई २०७०।७१ सम्ममा सम्पन्न गराउने कार्यक्रम रहेकोमा २०६८।६९ सम्ममा मालपोत कार्यालय ८२ र नापी कार्यालय ५१ मा कार्यक्रम सम्पन्न भइसकेको र नापी कार्यालय २ मा यो वर्ष कार्यक्रम चालु रहेको जनाएको छ । नापी तथा मालपोत कार्यालयहरु अछाममा द्वन्दका समयमा अभिलेख नष्ट भएकोले पुन: नापी पश्चात् डिजिटाइज गरिने उल्लेख छ । कार्यक्रम सम्पन्न भइसकेका मालपोत तथा नापी कार्यालयहरुले मालपोतको मोठ तथा रोक्काको अभिलेख र नापीको फिल्डबुक, प्लट रजिष्टर तथा कित्ता नापीको नक्सा डिजिटाइज गरी कम्प्युटरबाट नक्सा तथा जग्गाधनी प्रमाणपुर्जा कम्प्युटरमार्फत सेवाग्राहीलाई निरन्तर एवं अद्यावधिक रुपमा उपलब्ध गराएको हुनुपर्दछ ।

१४.४ मालपोत कार्यालय तनहुँको २०६६।६७ सम्मको मोठ तथा रोक्काको अभिलेखहरु डिजिटाइज गर्ने कार्य परामर्शदताबाट गराएकोमा २०६७।६८ देखिको अभिलेख, कम्प्युटरमा डिजिटाइज गरी अद्यावधिक गरेको देखिएन । नापी कार्यालय तनहुँमा नेट वर्किङ्ग नगरिएकोले विभागले उपलब्ध गराएको कम्प्युटरहरु सञ्चालनमा नआएको र ७ गाउँ विकास समितिको अभिलेख कम्प्युटरमा डिजिटाइज गर्न बाँकी रहेको, २०६९।५।१९ मा कम्प्युटर अपरेटर नियुक्त भएपनि कर्मचारीहरुलाई कम्प्युटरबाट कित्ताकाट गर्नेलगायतका कार्यको तालिम नदिएकोले सेवाग्राहीलाई कम्प्युटरबाट प्लट रजिष्टर, फिल्डबुक तथा नक्सा वितरण कार्य प्रारम्भ गर्न सकेको छैन ।

१४.५ मालपोत कार्यालय इलामको २०६४।६५ देखि २०६७।३।६ सम्मको मोठ तथा रोक्का स्रेस्ता कम्प्युटरमा डिजिटाइज गरी अद्यावधिक गरेको छैन । रोक्का राख्ने सन्दर्भमा स्रेस्ता प्राप्त भएपछि कम्प्युटरमा प्रविष्ट गरी रोक्का राख्ने गरेको पाइयो । नापी कार्यालय इलामका ५२ गाउँ विकास समितिमध्ये ३० गाउँ विकास समितिको कित्ताहरुको प्लट रजिष्टर कम्प्युटरमा चढाएको र बजेट अभावमा बाँकी २२ गाउँ विकास समितिको अभिलेख राख्न सकेको देखिएन । फिल्डबुकको अभिलेख कम्प्युटरबाट उतार गर्न सकिने अवस्था रहेतापनि कित्ता नापीको नक्सा सेवाग्राहीलाई वितरण गर्ने कार्य भएको पाइएन ।

१४.६ मालपोत कार्यालय भक्तपुरमा निरीक्षणको क्रममा कम्प्युटर शाखाको फाँटवालाका अनुसार मोठ र रोक्काको अभिलेख २०६४।६५ देखि हालसम्म नै अद्यावधिक नगरिएको, मोठ स्रेस्तापाना चढाउने काम २०५८।५९ देखि नै अद्यावधिक गर्न बाँकी रहेको भनाई छ । कम्प्युटरमा जग्गाधनी विवरण तथा भएका पाना नम्बरहरु हराएर जाने, मोहीको नाम र जग्गाको विरह (आवादी वा खर वा वन आदि) परिवर्तन भएर जाने समस्याहरु देखिएका छन् । नापी कार्यालय भक्तपुरलाई विभागले प्लट रजिष्टरको अभिलेख हस्तान्तरण नगरेको र फिल्डबुक उतार सबै सम्पन्न भई नसकेकोले प्लट रजिष्टर तथा फिल्डबुक उतार कम्प्युटरबाट दिने गरेको छैन । नक्सातर्फ २०६१ सालसम्मको कित्ता नापी नक्सा कम्प्युटराईज्ड भएको र तत्पश्चात कित्ताकाट भई

कायम भएका नापी नक्सा अद्यावधिक नगरिएकोले ट्रेस नक्सामात्र दिने गरिएको र नापी नक्सा दिने कार्य भएको देखिएन ।

१४.७ मालपोत कार्यालय ललितपुरमा २०६४।२।१५ देखि २०६४।८।१४ सम्मको मोठ स्रेस्ता कम्प्युटराइज गर्न छुट भएका ४० गाउँ विकास समिति र १ नगरपालिकामध्ये १६ गाउँ विकास समितिको अद्यावधिक गरिएको तथा रोक्का अभिलेख सबै कम्प्युटराइज भई कम्प्युटरको माध्यमबाट जग्गाधनी प्रमाणपुर्जा दिने गरेको पाइयो । नापी कार्यालय ललितपुरमा रहेको फिल्डबुकको इमेज बनाउँदा गुणस्तरीय इमेज तयार नगरेकोले कम्प्युटरबाट प्रिन्ट गर्दा इमेज स्पष्ट राम्रो नआएकोले कम्प्युटरबाट दिने कार्य कार्यान्वयन भएको छैन । त्यस्तै प्लट रजिष्टरको इमेज तयार गरेकोमा टेष्टिङ्गमा ल्याउँदा प्लट रजिष्टरको कित्ता नम्बरहरु क्रमागत रुपमा आउने नगरेकोले कम्प्युटरबाट प्लट रजिष्टरको इमेज दिने कार्य कार्यान्वयन भएको पाइएन ।

कार्यक्रम सम्पन्न भइसकेका मालपोत तथा नापी कार्यालयहरुले मोठ तथा रोक्काको अभिलेख र नापीको फिल्डबुक, प्लट रजिष्टर तथा कित्ता नापीको नक्सा डिजिटाइज गरी कम्प्युटरबाट नक्सा तथा जग्गाधनी प्रमाणपुर्जा कम्प्युटरमार्फत सेवाग्राहीलाई निरन्तर एवं अद्यावधिक रुपमा उपलब्ध गराईनुपर्दछ ।

मालपोत कार्यालय डिल्लीबजार, बेलवारी र विराटनगर

जग्गा प्रशासनको क्षेत्रमा कार्य गर्न ७५ जिल्लामा ८३ मालपोत कार्यालय स्थापना भएका छन् । जग्गा प्रशासन अन्तर्गत जग्गा दर्ता, जग्गा रजिष्ट्रेशन, नामसारी, दाखिला खारेज, लगत कट्टा गर्ने, नापी नक्सा अद्यावधिक गर्ने र घर जग्गा रोक्का वा फुकुवा गर्ने आदि मालपोत कार्यालयबाट सम्पादीत कार्यको दक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

१५. **जग्गाको न्यूनतम मूल्याङ्कन** – जग्गाको अवस्थिति, सडकको पहुँच, तथा अन्य सुविधा पुगेको आधारमा जग्गाको वर्गीकरण गर्ने नीतिअनुसार न्यूनतम मूल्याङ्कन पुस्तिका तयार गर्नुपर्दछ । नमूना छनौट गरी केही लिखतसंग जिल्लाको न्यूनतम मूल्याङ्कन पुस्तिकाको परीक्षण गरिएको थियो ।

१५.१ विभागले जारी गरेको न्यूनतम मूल्याङ्कन निर्धारण निर्देशिका, २०५९ को दफा ३.१ अनुसार ३ मालपोत कार्यालयले मूल्याङ्कन प्रयोजनको लागि शहरी र ग्रामीण क्षेत्रको नगरोन्मुख क्षेत्रहरु, मुख्य बजार विस्तार भएका स्थानहरुमा उपलब्ध सुविधाहरु जानकारी लिन मालपोत र नापी कार्यालयका कर्मचारीको टोली खटाउनुपर्ने उल्लेख छ । त्यसरी खटिएको टोलीले फिल्डबाट सङ्कलित सूचनाका आधारमा घडेरीको निमित्त प्रयोग हुने, शहरी क्षेत्र तथा बजार विस्तार भएका ग्रामीण क्षेत्रको जग्गाहरुको कित्ता विवरण तयार गर्ने, फिल्डबाट सङ्कलित जग्गाको मूल्य, बैङ्क तथा वित्तीय संस्थाहरुले धितोबापत गरेको मूल्याङ्कन कार्यालयमा पारित हुन आउने लिखतहरुमा उल्लेख भएका मूल्यहरु आदिको तुलनात्मक मूल्य विवरण तयार गरेको अभिलेख राखेको पाइएन ।

१५.२ तीन मालपोत कार्यालयले निर्देशिकाबमोजिम शहरी र ग्रामीण क्षेत्रका मुख्य मुख्य बजार विस्तार भएका क्षेत्रका जग्गाहरुको कित्ता नम्बर, प्लट नम्बर, नापीको सिट नम्बर, सडक पहुँच, घडेरी प्रयोजन र अन्य सुविधा पुगेको विवरण खुलाई जग्गाको न्यूनतम मूल्याङ्कन पुस्तिका तयार नगरेको तथा ग्रामीण क्षेत्रमा पर्ने जग्गाहरुको वडा नम्बर, कित्ता नम्बर, प्लट नम्बर, सडक पहुँच, घडेरी तथा कृषि प्रयोजन र अन्य सुविधा पुगेको आधारमा जग्गाको वर्गीकरण नगरी गोरेटो बाटो भएका र बाटो नभएका जग्गाहरु भनी न्यूनतम मूल्याङ्कन निर्धारण गरेको छ । स्थानीय निकायको सिफारिस आधारमा मूल्याङ्कन हुने र ती निकायले गरेको सिफारिसलाई आधार मान्ने भनी २०५८।५९ मा भएको निर्णयलाई आधार लिई रजिष्ट्रेशन पारित गर्दा मूल्याङ्कन गरिने व्यहोरा मालपोत कार्यालय डिल्लीबजारले जानकारी दिएको छ । मालपोत कार्यालय बेलबारीले बिघा कायम भएकोमा ३ कठ्ठा र रोपनी कायम भएकोमा २ रोपनी वा सोभन्दा कम किनबेच हुने जग्गालाई सामान्यतया घरबासका लागि मानि बाटो हुने वा प्लटिङ्गका जग्गाको मूल्याङ्कन हाल्नुपर्ने र यस प्रकारको जग्गाहरु र घरबास भएका जग्गाहरुमा घर बाटोको अनिवार्य रुपमा स्थानीय निकायको सिफारिस पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सो व्यवस्था विभागले २०५८।३।११ मा जारी गरेका जग्गा प्रशासन निर्देशिका विपरीत देखिन्छ । यस्तै मालपोत कार्यालय विराटनगरको ३५ गाउँ विकास समिति

कार्यक्षेत्रमध्ये १० गाउँ विकास समितिले घरबाटो सिफारिस लिनु नपर्ने गरी मूल्याङ्कन पुस्तिका तयार गरेको निर्देशिका विपरीत देखिन्छ ।

१५.३ न्यूनतम मूल्याङ्कन पुस्तिका (२०६८।६९) अनुसार शहरी क्षेत्रका जग्गाहरुको नापीको सिट नम्बर, नक्सा नम्बर, प्लट नम्बर, कित्ता नम्बर, प्रयोजन समेत खुलाई न्यूनतम मूल्याङ्कन तोक्ने व्यवस्था हुनुपर्नेमा मालपोत कार्यालय डिल्लीबजारले बाटोको अवस्थासम्म खुलाई जग्गाको लागि एकमुष्ट न्यूनतम मूल्याङ्कन तोक्ने गरेको छ । यसले गर्दा विकसित जग्गाको न्यूनतम मूल्याङ्कन सुविधा नपुगेको जग्गाको न्यूनतम मूल्याङ्कन सरह हुन जाने र सो आधारमा थैली कायम गरिंदा रजिष्ट्रेशन दस्तूर असूलीमा प्रत्यक्ष असर पर्ने हुंदा उपलब्ध सुविधाका आधारमा जग्गाको न्यूनतम मूल्याङ्कनलाई वस्तुपरक बनाइनु जरुरी छ ।

१५.४ मालपोत नियमावली, २०३६ को नियम ५(ख)१ अनुसार न्यूनतम मूल्याङ्कन समितिले कुनै जग्गाको न्यूनतम मूल्य निर्धारण गर्दा चालु वर्षकोभन्दा कम मूल्य निर्धारण गर्नुपर्ने भएमा त्यसको कारण खुलाई स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गरी भएको स्वीकृतिबमोजिम मात्र भई रहेका न्यूनतम मूल्याङ्कनमा कम गरी मूल्याङ्कन गर्न सक्ने व्यवस्था छ । तर मालपोत कार्यालय बेलवारीले २०६८।६९ को न्यूनतम मूल्याङ्कन पुस्तिका अनुसार मूल्याङ्कन कायम भइसकेको जग्गाहरु बाढी पहिरो, नदी कटान वा अन्य दैवी प्रकोपमा परी जग्गाको हैसियत बिग्रन गएकोमा स्थानीय निकायबाट सर्जमिन लिई नापी कार्यालय र मालपोत कार्यालयबाट फिल्ड निरीक्षण गरी प्राप्त निवेदनको आधारमा कायम भएको न्यूनतम मूल्याङ्कनको ५० प्रतिशत सम्म घटाई मालपोत कार्यालय प्रमुखले निर्णय लिन सक्ने जानकारी दिएको छ । साथै मालपोत कार्यालय डिल्लीबजारले २०६७६८ को न्यूनतम मूल्याङ्कन र २०६८।६९ को न्यूनतम मूल्याङ्कन गर्दा जग्गाको किसिममा फरक पारी गत वर्षकोभन्दा यस वर्ष न्यूनतम मूल्याङ्कन निर्धारण गरेको देखिन्छ ।

जग्गाको न्यूनतम मूल्याङ्कन तथ्याङ्कमा आधारित नहुनु, जग्गाको उपयोगिता, प्रयोजन र बाटोको अवस्थाको आधारमा वर्गीकरण नगरिनु, मूल्याङ्कन दर वृद्धि गरे पनि व्याख्यासहित नगर्नु, प्रचलित कारोबार मूल्यभन्दा सरकारी न्यूनतम मूल्याङ्कन तुलनात्मक रुपले धेरै घटी देखिनुले जग्गाको न्यूनतम मूल्याङ्कनलाई तथ्यपरक र बस्तुपरक बनाउन विशेष ध्यान दिनु आवश्यक छ ।

१६. **मालपोत अभिलेख व्यवस्थापन** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१६.१ जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा १८२(३) अनुसार जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण समितिले निर्धारण गरेको न्यनूतम मूल्याङ्कन नघटाई चलन चल्तिको मूल्यमा थैली कायम गरी हक हस्तान्तरणको लिखत पारीत गर्नुपर्नेमा अधिकांश लिखतमा सम्बन्धित स्थानीय निकायको घर बाटो सिफारिस र जिल्लाको न्यूनतम मूल्याङ्कन निर्धारण पुस्तिकाको सबैभन्दा घटी मूल्याङ्कन दरबन्दीका आधारमा हुने न्यूनतम मूल्य अनुसार थैली कायम गरी सोही आधारमा रजिट्रेशन दस्तुर असुल गरेको पाइयो । यसले गर्दा राजस्व असुलीमा प्रत्यक्ष असर पर्ने स्थिति देखियो । रजिष्ट्रेशन लिखत दर्ता किताबमा तोकिएबमोजिमको ढाँचामा जग्गाको विवरण, लिखतको किसिम, समेतका विवरणसहितको लिखतको दर्ता नम्बर कायम गर्दा क्रमबद्ध नराखी दोहोरो तेहेरो प्रबिष्टि गरेको समेत देखियो । यसरी लिखत रजिष्ट्रेशन दर्ता क्रमशः नराख्दा आइपर्ने समस्यालाई निराकरणका लागि अभिलेख अद्यावधिक राख्नुपर्ने देखिन्छ ।

१६.२ भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ मा अंश, अपुतालीबाहेक पारित हुने लिखतमा सम्बन्धित व्यक्तिले नेपाल भर आफ्नो स्वामित्वमा रहेको जग्गाको कुल क्षेत्रफल खोली कच्चाबारी पेश गरेपछी मात्र लिखत पारित गरी दिनुपर्ने व्यवस्था छ । तर तीनैवटा कार्यालयले पारित गरेका कुनै पनि लिखतमा उक्त जग्गावालाका नाममा रहेको कुल जग्गाको क्षेत्रफल खुल्ने कच्चावारी माग गरेको छैन । जग्गा प्रशासन कार्यविधि, २०६२ भाग ३ मा तोकेबमोजिम लिखतलाई रजिष्ट्रेशन लिखत दर्ता किताबमा तोकिएबमोजिमको ढाँचामा जग्गाको विवरण, लिखतको किसिम, दस्तुर प्रयोजनका लागि शहरी, ग्रामीण, लिने दिनेको तिनपुस्ते सहितको विवरण राख्नुपर्नेमा सो दर्ता किताब अद्यावधिक गरेको पाइएन ।

१६.३ जनताको सम्पत्तिसँग प्रत्यक्ष सरोकार राख्ने जग्गाको लेनदेनसम्बन्धी महत्वपूर्ण रजिष्ट्रेशन लिखतहरु, मिसिल सुरक्षित तवरले अभिलेख व्यवस्थापन गर्न तामेली शाखाले स्रेस्ता बाइन्डिङ्ग र मर्मत सुधार गर्नुपर्ने कार्य गरेको देखिएन ।

मालपोत कार्यालय	बाइण्डिङ्ग गर्नुपर्ने ठेली संख्या	मर्मत गर्नुपर्ने ठेली संख्या
बेलवारी	८५	१५१
विराटनगर	२७७	-
डिल्लीबजार	८४	५३

१७. **पूँजीगत लाभ कर –** आर्थिक अध्यादेश, २०६७ ले आयकर ऐन, २०५८ को दफा २ को उपदफा (द) को गैर व्यावसायिक करयोग्य सम्पत्तिअन्तर्गत खण्ड ४ मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सोभन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोबार गर्दा भएको पूँजीगत लाभमा ऐनको दफा ९५(क)३ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन गर्दाकै बखतमा कर असुली गर्ने व्यवस्था गरेको छ । मालपोत कार्यालय ३ ले यस बर्ष पूँजीगत लाभकर रु.१६ करोड ३५ लाख ६७ हजार असुल गरी आन्तरिक राजस्व कार्यालयमा पठाएका छन् ।

१७.१ पूँजीगत लाभकर स्वयम् निर्धारण गर्ने कर हो । नि:सर्गकर्ताले एक आर्थिक वर्षमा राज्यभर रु.३० लाखभन्दा बढीको घर जग्गा कारोबार गर्दा भएको लाभमा तोकिएको दरमा लाभकर असुल गर्नुपर्नेमा नमूना छनौटको आधारमा परीक्षण गर्दा ३ कार्यालयबाट रु.२२ लाख ६६ हजार लाभकर असुल गर्नुपर्ने देखिएको छ । पूँजीगत लाभकर परीक्षणमा लाभकर फाराम रीतपूर्वक नभर्ने, फारामसाथ नि:सर्गकर्ताले पेश गर्नुपर्ने खरिद मूल्य खुल्ने कागज संलग्न नरहने, घर जग्गाको प्रकरण फरक पारी खर्च दाबी गर्ने, विगतमा भएका न्यूनतम मूल्याङ्कन पुस्तिका र हालको मूल्याङ्कन पुस्तिकामा एकै ठाउँको जग्गाको मूल्याङ्कनका लागि न्यूनतम मूल्याङ्कनको प्रकरण फेरबदल हुने स्थितिले वास्तविक खर्च कट्टा गर्न असहज हुने, एकै निसर्गकर्ताले फरक फरक दिनमा कारोबार गर्दा रु.३० लाख नाघेमा उक्त निसर्गकर्ताबाट लाभकर फाराम भर्न लगाई लाभकर लिने व्यवस्थाको अभाव, लाभकर तिर्नुपर्ने सीमाभित्र नपर्न रजिष्ट्रेशन थैली नै कम राख्ने प्रवृत्ति आदि अवस्थाले गर्दा पूँजीगत लाभकर वास्तविक रुपमा उठ्नुपर्ने मात्रामा उठ्न नसकेको र यसले रजिष्ट्रेशन दस्तुर असुली समेतमा प्रभाव पार्ने देखिएकोले पूँजीगत लाभकर व्यवस्थाका उल्लेखित कमजोरीलाई हटाई प्रभावकारी व्यवस्थापनबाट पूँजीगत लाभकर र रजिष्ट्रेशन दस्तुर असुली वृद्धिमा ध्यान दिनुपर्दछ ।

१८. **जग्गा प्रशासन निर्देशिका –** जग्गा प्रशासन निर्देशिका, २०५८ अनुसार पारित हुने लिखतमा लिने दिनेको तीनपुस्ते विवरण, नागरिकतासम्बन्धी विवरण, जग्गाको क्षेत्रफल, लिखतको अचल सम्पत्तिको विवरणको महलमा प्रत्येक कित्ताको छुट्टाछुट्टै मूल्य शीर व्यहोरामा एकमुष्ट मूल्य, एकभन्दा बढी कित्ता बिक्री गरेकोमा जम्मा क्षेत्रफलको जोड जम्मा, प्रत्येक कित्ताको ४ कित्ता जग्गासँगको घर बाटोको स्थिति, शहरी क्षेत्र, शहरी मुख्य क्षेत्र, घनाबस्ती क्षेत्र वा सडक क्षेत्रको जग्गा लेनदेन हुँदा पारित हुने जग्गाको घडेरी वा खेतीयोग्य जमिनको प्रयोजन आदि सम्बन्धमा आंशिक व्यहोरामात्र भर्ने गरेको देखिन्छ । जसले गर्दा पारित भएका लिखतको वास्तविक अवस्था तथा मूल्य यकिन गर्न कठिन पर्ने देखिन्छ ।

१९. **भू–सूचना तथा अभिलेख व्यवस्थापन –** चालु त्रिवर्षीय योजना मा भू–सूचना तथा अभिलेख कार्यक्रमअन्तर्गत जमिनको बर्गीकरण गरी स्वमित्व प्रमाणपत्र जारी गर्ने कार्यको प्रगति माग गरिएकोमा लालपुर्जा वितरणमा कम्प्युटरको प्रयोग भएको तथा जग्गाको एकीकृत विवरण तयार गर्ने लगायतका उच्च प्राविधिक कार्य सुरु हुन नसकेको ३ मालपोत कार्यालयबाट जानकारी प्राप्त भएको छ । त्रि-वर्षीय योजना समाप्ति हुने चरणमा पुगिसकेको अवस्थामा आवधिक लक्ष्यअनुसार प्रगति हासिल गर्न प्रयास हुनुपर्दछ ।

संगठित संस्था तथा समितितर्फ

गुठी संस्थान

यस संस्थानको २०६७।६८ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनवाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२०. **लेखापरीक्षण स्थिति –** संस्थानको सञ्चालक समितिबाट २०५१।५२ देखि २०६७।६८ सम्मको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन उपरको जवाफ प्राप्त नभएकोले ती वर्षहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी हुन सकेको छैन । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको जवाफ पठाउने अधिकार कार्यकारी प्रमुखलाई दिने गरी सञ्चालक समितिको २०६९।६।२२ को निर्णयअनुसार यस वर्षको जवाफ र वित्तीय विवरणको प्रमाणिकरण प्रशासकबाट मात्र भएको छ । यस कार्यालयबाट २०६९।११।२ मा लेखापरीक्षण प्रतिवेदन कार्यकारीवाट भए गरेका कार्यको अनियमितता दर्शाउने प्रतिवेदन भएकोले प्रतिवेदनमा उल्लिखित व्यहोरा उपर आवश्यक छानबिन गरी नियन्त्रण, निर्देशन एवं कारबाहीसमेत गर्नुपर्ने अवस्था रहने हुँदा लेखापरीक्षण प्रतिवेदनको जवाफ र वित्तीय विवरण प्रमाणित गर्ने कार्य सञ्चालक समितिबाट गरिनुपर्ने व्यहोरा सञ्चालक समितिका अध्यक्षलाई अनुरोध गरेकोमा यसतर्फ कुनै कारबाही नगरेकोले अन्तिम प्रतिवेदन जारी हुन सकेको छैन ।

२१. **सञ्चालन नतिजा –** यो वर्षको आय रु.२६ करोड ३१ लाख ६८ हजार भएकोमा व्यय रु.१८ करोड १७ लाख १२ हजार भई रु.८ करोड १४ लाख ५६ हजार बचत भएको छ । संस्थानले यथार्थ आम्दानी खर्चको आधारमा लेखा तयार नगरी निकासा रकमलाई खर्च मानेर लेखा तयार गरेको, आय शीर्षक नछुट्याई अभिलेख राखेको, वास्तविक आम्दानी खर्चको विश्लेषण नगरी प्रविष्टि गरेको देखिएकोले उक्त बचत रकमलाई यथार्थ मान्न सकिने स्थिति छैन ।

२२. **सम्पत्ति तथा दायित्व –** संस्थानले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति तथा तिर्नुपर्ने दायित्व स्पष्टरुपमा खुल्ने गरी वासलात तथा आय व्यय विवरण तयार नगरेकोले संस्थानको भौतिक सम्पत्ति तथा दायित्वको यथार्थ स्थिति चित्रण हुन सकेको छैन । संस्थानले नेपाल सरकार तथा अन्य संस्थाहरुसँग लिनुपर्ने रु.१ अर्ब १७ करोड ८० लाख ५२ हजार देखाएको सम्बन्धमा विस्तृत विवरण लेखापरीक्षणको लागि उपलब्ध भएन । उक्त लिनुपर्ने हिसाब असुल गर्नेतर्फ कारबाही गरेको छैन । सो रकम संस्थानको आर्थिक विवरणमा नदेखिएकोले असुल हुने आधार यकिन गर्न सकिएन ।

गुठी अक्षय कोष खाताबाट संस्थान घरजग्गा सापटी कोषमा लगानी भनी वार्षिक रुपमा रकमान्तर हुने गरेकोमा उक्त लगानी रकमको गुठी अक्षय कोषमा लगानी तथा घरजग्गा सापटी कोषमा दायित्व लेखाङ्कन गरी सोबमोजिम हिसाब देखाउने गरेको पाइएन । यसरी २०६६।६७ सम्म रु.१ करोड ७७ लाख र यो वर्ष २९ लाख ८९ हजारसमेत रु.२ करोड ६ लाख ८९ हजारलाई दायित्व जिम्मेवारीको रुपमा गुठी घरजग्गा सापटी विवरणमा देखाएको छैन । उक्त रकम घर सापटी विवरणमा दायित्व कम देखिएको छ ।

२३. **आयकर छुट –** संस्थानले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९० मा उल्लेख भएबमोजिम गुठीका रकम सरकारी राजस्वमा नजाने जनाइ गुठीको रकम लगानी गरी प्राप्त ब्याजमा आयकर छुट हुने तथा सोहीबमोजिम अग्रिम आयकर फिर्ता हुनुपर्ने भनी गतवर्षसम्म रु १ करोड २८ लाख ७९ हजारमा यस वर्ष थपसमेत रु.२ करोड ६१ लाख ८३ हजार शोधभर्ना हुनुपर्ने हिसाबमा देखाएकोमा यस वर्ष पनि फिर्ता लिएको छैन ।

२४. **सरकारी मालपोत –** गुठी संस्थान ऐन, २०३३ को प्रावधानअनुसार गुठी नम्बरी जग्गामा संस्थानले जग्गावालाको हैसियतले नेपाल सरकारलाई मालपोत बुझाउनुपर्ने हुँदा गुठी नम्बरी जग्गाको मालपोत संस्थान आफैले असुल गर्दै आएको छ । सरकारलाई बुझाउनुपर्ने मालपोत यकिन गरी विवरण नराखेकोले सो बापतको दायित्वको यकिन नहुनुको साथै दिनुपर्ने हिसाबमा देखाएको पनि छैन । यसबापतको दायित्व व्यवस्था गरिएमा आय–व्यय विवरणमा सारभूत रुपमा प्रतिकूल असर पर्ने देखिन्छ ।

२५. **घरजग्गाको लगत –** संस्थानको स्वामित्वमा रहेको गुठी तैनाथी जग्गा, गुठी अधिनस्थ जग्गा, गुठी रैतानी जग्गा, गुठी नम्बरी जग्गा र गुठी ऐलानी जग्गाको विवरण लेखापरीक्षणमा प्राप्त भएन । साथै संस्थानले संरक्षण एवं संवर्द्धन गर्नुपर्ने मठमन्दिर तथा देवालयको विवरण पनि प्राप्त हुन सकेन । साथै मठमन्दिरका अमूल्य गरगहना तथा सम्पत्तिको गुठीगत स्रेस्ता तथा घरजग्गा आदिको स्वामित्वसम्बन्धी कागजात सङ्कलन गरी व्यवस्थित लगत राख्नुपर्नेमा सो अनुसार राखेको छैन ।

गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को १७ (१) अनुसार गुठी कार्यालयले आफ्नो जिल्लाभित्रको वा आफ्नो अधिकार क्षेत्रभित्र गुठीको के कति कस्तो जग्गा नेपाल सरकार वा अन्य तेस्रो पक्षबाट उपभोग भएको छ, त्यसको छुट्टै लगत बनाई स्रेस्ता राखी त्यसको समष्टिगत विवरण तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।

संस्थानले आफ्नो स्वामित्वमा रहेको घर, जग्गा, पोखरी, बगैचा आदिको ठेक्का तथा बहालसम्बन्धी लगत अद्यावधिक गर्ने नगरेकोले तथा लिन बाँकी बहाल र ठेक्काबापतको रकम यकिन गरी असुल गर्न कारबाही गर्ने नगरेकोले असुली हिसाब प्रभावकारी रहेको छैन । स्थिर सम्पत्तिको लेखा अद्यावधिक गरी भौतिक परीक्षण गर्नुपर्ने देखिन्छ ।

२६. **घर पसल बहाल –** संस्थानले घर पसल बहालबाट यो वर्ष रु.२ करोड १० लाख १३ हजार आम्दानी प्राप्त गरेको छ । घर पसलको बक्यौतातर्फ काठमाडौंले रु.१ करोड ८२ हजार, जनकपुरले रु.२८ लाख ७७ हजार, भक्तपुर शाखाले रु.४८ लाख ३१ हजार उठाउन बाँकी देखाएको छ । तर पशुपति, धुलिखेल, जलेश्वर, ललितपुर, वीरगन्ज शाखा र गुठी लगत तथा अभिलेख कार्यालय भद्रकालीबाट उक्त उठ्न बाँकी बक्यौताको विवरण प्राप्त भएन । शाखा कार्यालय तथा स्वयं केन्द्रीय कार्यालयको घर पसलतर्फको बक्यौता तथा चालु वर्षको बहाल लगत अद्यावधिक एवं भरपर्दो देखिएन । अधिकांश घर पसल बोलपत्र आह्वान गरी प्रतिस्पर्धात्मक प्रक्रियाबाट भाडा लगाएको पनि पाइएन । घर पसल बहाल दिँदा सम्झौता गर्ने गरेको छैन । बक्यौता रकम असुल गर्न प्रयास गरेको पनि देखिएन । सम्झौताबेगर उपलब्ध गराएको घर पसलको बक्यौता बहाल असुल नगरी निरन्तर प्रयोग गर्न दिने गरेको छ । यसतर्फ सुधार गर्नुपर्ने व्यहोरा विगत लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरे तापनि यसतर्फ ध्यान गएको देखिएन ।

२७. **गुठी अधिनस्थ जग्गा –** गुठी संस्थान ऐन, २०३३ को दफा ३६ अनुसार जग्गाको तोकिएको मूल्य मोहिले बुझाएमा गुठी अधिनस्थ जग्गा गुठी रैतान नम्बरीमा दर्ता गर्ने व्यवस्था छ । यस वर्ष मोहीको नाममा बढ जग्गा रैतानमा परिणत गरेबापत रु.८८ लाख ३५ हजार प्राप्त गरेको देखिन्छ । गुठी संस्थान (कार्य व्यवस्था) विनियम, २०४९ को १६ अनुसार गुठी जग्गा रैतान परिणत गर्दा प्राप्त रकम गुठी कार्यालयले गुठीअनुसार छुट्टै स्रेस्ता राखी त्यसको एक प्रति लगत र रकमसमेत खुलाई मासिक प्रगति संस्थानमा पठाउनुपर्ने एवं प्राप्त रकम संस्थाले गुठीअनुसार स्रेस्ता खडा गरी अक्षयकोषमा राख्नुपर्नेमा सो कार्य गरेको पाइएन ।

२८. **पुरानो ऋण लगानी –** संस्थानले देखाएको कुल लगानी रकम रु.१ अर्ब ७० करोड १७ लाख ७० हजारमध्ये बिर्ता जग्गा धितो लगानी रु.११ लाख ७६ हजार र परिवर्तन हुने ऋण रु.१३ लाख ७३ हजार गरी जम्मा रु.२५ लाख ४९ हजार जिम्मेवारी सार्दै आएको देखिन्छ । यसरी जिम्मेवारी सार्दै आएको उक्त लगानी असुल गर्न आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

- **बेरुजू स्थिति –** मन्त्रालय र मातहत १७६ निकायको २०६८।६९ को लेखापरीक्षणबाट रु.५८ करोड ३८ लाख २ हजार बेरुजू देखाइएकोमा प्रारम्भीक प्रतिवेदन उपलब्ध गराएपछि १२ निकायले रु.२४ लाख २५ हजार फछ्यौंट गरेकोले रु.५८ करोड १३ लाख ७७ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.७ करोड ५८ लाख ८४ हजार पेश्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

मन्त्रालय र मातहत समेत १२५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२५ अर्ब ६९ करोड ५ लाख १३ हजार, राजस्वतर्फ रु.६ अर्ब ६८ करोड ५९ लाख ८० हजार, धरौटी तर्फ रु.१ अर्ब ८० करोड ९१ लाख ५० हजार गरी रु.३४ अर्ब १८ करोड ५६ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा उद्योग मन्त्रालयको रु.२४ करोड ४२ लाख ३० हजार समेत समावेश छ ।

मन्त्रालयमातहतका संगठित संस्था, अन्य संस्था , समिति ३ को रु ४ अर्ब १ करोड ३७ लाख ४६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन –** महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यस सम्बन्धी केही उदाहरण देहायबमोजिम छन्:

१.१ डिभिजन सडक कार्यालय, लाहानले २०६५।६६ मा रु.७ करोड २२ लाखमा ठेक्कापट्टा गरेको तावाखोला पुल रु.३ करोड ३७ लाखको काम गरेपछि गलत डिजाइनका कारण एउटा पियर टिल्ट भई पुन: डिजाइन गरेर रु.८ करोड २५ लाखमा साबिककै निर्माण व्यवसायीलाई काम लगाएको छ । सार्वजनिक लेखा समितिबाट परामर्शदातालाई कारबाही गर्न निर्देशन दिएकोमा कारबाही भएको पाइएन ।

१.२ डिभिजन सडक कार्यालय, विराटनगरबाट ठेक्का बन्दोवस्त भई सुनसरी मोरङ्ग पुल आयोजनामा जिम्मेवारी सरी आएको सिंगिया पुल निर्माण गर्न एक निर्माण व्यवसायीको कबोल अङ्क रु.१ करोड ५१ लाखमा २०५८।३।२५ मा २०६०।३।३१ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेको थियो । उक्त ठेक्काको २०६४।९।२६ सम्म थप गरे तापनि काम सम्पन्न हुन नसकेको तथा म्याद थप नभएको हुंदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ अनुसार आवश्यक कारबाही गरी पुल निर्माण कार्य सम्पन्न गराउनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएकोमा स्थिति यथावत् रहेको छ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गरिनुपर्दछ ।

२. **निकासा खर्च –** एक मित्रराष्ट्रको ऋण सहायतामा अमेरिकी डलर १ करोडको लागतमा २०६३।६४ देखि २०६७।६८ सम्ममा करिब ५०० किलोमिटर सडक कालोपत्रे गरी स्तरोन्नति गर्न सञ्चालित सडक सुधार आयोजनामा पूँजीगत खर्चतर्फ नेपाल सरकारको स्रोतबाट रु.५४ करोड ९९ लाख र मित्रराष्ट्रको सोझै भुक्तानी ऋणतर्फ रु.४१ करोड २५ लाखसमेत रु.९६ करोड २४ लाख खर्च भएको विवरण मन्त्रालयबाट पेश हुन आएको छ ।

आर्थिक विवरणमा वैदेशिक स्रोततर्फ सोझै भुक्तानी रु.४१ करोड २५ लाख समावेश भई आए तापनि त्यसको लेखापरीक्षण भएको छैन । डिभिजन सडक कार्यालय, धनकुटाले सोझै भुक्तानीतर्फ रु.४ करोड १३ लाख निकासा खर्चको विवरण पेश गरेकोमा मन्त्रालयले रु.४ करोड ५७ लाख निकासा खर्च जनाएको छ । मन्त्रालयबाट रु.९६ करोड ६९ लाख निकासा खर्चको विवरण प्राप्त भएकोमा महालेखा नियन्त्रक कार्यालयले रु.७५ करोड १९ लाखमात्र निकासा खर्चको विवरण पेश गरेको छ ।

सडक विभाग

३. **ठेक्का व्यवस्थापन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा कार्यक्रम कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान तयार गर्ने, ठेक्का व्यवस्थापन गर्ने, स्थानीय निकायको सहयोग जुटाउने सम्बन्धी कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने उल्लेख छ ।

३.१ कार्यालयहरुमा समयमै अख्तियारी प्राप्त नभएको कारण उपर्युक्त कार्य निर्धारित समयमा सञ्चालन हुन सकेको छैन । उदाहरणको लागि डिभिजन सडक कार्यालय २२ मा यो वर्ष १ हजार ९०७ ठेक्का व्यवस्थापन भएकोमध्ये प्रथम र दोस्रो चौमासिकमा क्रमश: १६ र ४२ प्रतिशत मात्र ठेक्का व्यवस्थापन भएको देखिन्छ । जसमध्ये ९ कार्यालयमा प्रथम चौमासिक अवधिमा ठेक्का व्यवस्थापननै हुन सकेको पाइएन ।

सडक क्षेत्र विकास आयोजना कार्यक्रमअन्तर्गत सुर्खेत–जुम्ला र छिन्चु जाजरकोट सडक योजनाको लागि क्रमश: रु.१ अर्ब ५ करोड २४ लाख र रु.३८ करोड २० लाख बजेट व्यवस्था भएकोमा ती कार्यालयहरुमा तेस्रो चौमासिकमा ठेक्का व्यवस्था भएको कारण रु.२५ करोड ४९ लाख (२४.२२ प्रतिशत) र रु.८ करोड ६७ लाख (२२.७० प्रतिशत) खर्च गरेको पाइयो । सुर्खेत–जुम्ला सडक योजनामा खर्च भएकोमध्ये रु.२२ करोड ५० लाख (८८.२४) प्रतिशत पेश्की दिएको छ ।

३.२ पाँच डिभिजन सडक कार्यालय, मध्य पहाडी लोकमार्गका दुई योजना र हुलाकी राजमार्ग आयोजना बाँकेबाट सञ्चालित कुल १ हजार ८ ठेक्कामध्ये गत विगतको १५३ र यो वर्ष ठेक्का व्यवस्था भएको ३३६ ठेक्का अधुरो रहेको देखिन्छ । यसरी प्रत्येक वर्ष सञ्चालन हुने ठेक्काहरुको संख्या बढ्दै जाँदा कार्यान्वयनमा जटिलताको साथै थप ढिलाईको अवस्था सिर्जना हुने देखिएको छ ।

क्र.सं.	योजना र डिभिजन	ठेक्का संख्या	सम्पन्न ठेक्का	सम्पन्न नभएका ठेक्का	म्याद थप भएका ठेक्का	म्याद थप पटक	थप म्यादमा अधुरा ठेक्का	सुरु म्याद भन्दा वढि म्याद थपिएका ठेक्का	म्याद समाप्त भएर थप हुन वांकी ठेक्का	म्याद थपको कारबाही चलाएका ठेक्का	म्याद थपको कारबाही नचलाएका ठेक्का	२०६८।६९ मा सुरु र सम्पन्न ठेक्का
१.	डिभिजन सडक कार्यालय, बांके	६९	३७	३२	१३	१	४	१२	७	५	२	५९/२४
२.	हुलाकी राजमार्ग आयोजना, बांके	५	१	४	३	१	३	१	२	१	१	-
३.	मध्य पहाडी लोकमार्ग योजना, दाङ्ग	१०८	१८	९०	६०	१-३	३९	२६	३१	९	२२	३७/१
४.	मध्य पहाडी लोकमार्ग योजना, काठमाडौं	१५१	४४	१०७	७२	१-३	३७	२६	५	-	५	७८/७
५.	डिभिजन सडक कार्यालय, दाङ्ग	८५	४८	३७	४१	१-२	२	१९	१५	-	१५	४३/१३
६.	डिभिजन सडक कार्यालय, शिवपुर	९१	५३	३८	१२	१-२	४	१	२२	१८	४	७२/३२
७.	डिभिजन सडक कार्यालय, भरतपुर	१३३	८३	५०	३०	१	८	-	३७	-	३७	७२/३५
८.	डिभिजन सडक कार्यालय, हेटौंडा	३६६	२३५	१३१	६८	-	२२	-	७९	६८	११	१२५/३८
	जम्मा	**१००८**	**५१९**	**४८९**	**२९९**	**-**	**११९**	**८५**	**१९८**	**१०१**	**९७**	**४८६/१५०**

उपर्युक्त अधुरा ठेक्कामध्ये म्याद समाप्त भएका ठेक्का संख्या १९८ रहेकोमा ९७ ठेक्काको सम्बन्धमा म्याद थपको कारबाही चलाएको देखिएन । तसर्थ सम्झौताको शर्तबमोजिम ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

४. **खर्च स्थिति –** डिभिजन सडक कार्यालय २५ मध्ये २१ कार्यालयको कुल बजेट खर्च, अन्तिम चौमासिकको खर्च र आषाढ महिनाको खर्चको तुलना गर्दा अन्तिम चौमासिकको खर्च ५०.१ प्रतिशतदेखि ९७.७८ प्रतिशतसम्म र आषाढ महिनाको खर्च ८३.७ प्रतिशतसम्म भएको देखिन्छ । कुल खर्चमध्ये अधिकांश खर्च अन्तिम चौमासिक र आषाढ महिनामा हुंदा समय अभावको कारण गुणस्तरयुक्त निर्माण कार्य हुन नसक्ने, सम्झौता अवधि थप गर्नुपर्ने र मूल्य समायोजन थप गर्नुपर्ने अवस्था सिर्जना हुने भएकाले यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

५. **निर्देशन –** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २१ अनुसार तालुक कार्यालयले अर्थ मन्त्रालयबाट प्राप्त बजेट सीमाभित्र रहेर बजेट तयार गर्न मातहतका विभाग र कार्यालयलाई निर्देशन पठाउनु पर्ने व्यवस्था भएकोमा मन्त्रालयले मातहतका सबै निकायलाई निर्देशन पठाएको पाइए पनि सडक विभागले केही कार्यालयहरुलाई मात्र पठाएको देखियो । बढी बजेट माग हुने गरेको कारण विगतको प्रगतिको आधारमा मातहतका कार्यालयको बजेट अनुमान विभागले गर्ने गरेको जानकारी प्राप्त भयो । यही कारणले बजेट तर्जुमा प्रक्रिया विच्छेद भई बजेट यथार्थतामा आधारित हुन सकेको छैन । यसर्थ नियमानुसारको प्रक्रिया अवलम्बन गर्नु गराउनुपर्दछ ।

६. **निर्माणाधीन पुल** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ ले ठेक्का अन्त्य भएमा प्राप्त हुने उपचारको व्यवस्था गरेको छ । डिभिजन सडक कार्यालय, जनकपुरले महोत्तरी जिल्ला स्थित रातो पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०५८।४।२५ मा रु १ करोड ४८ लाख ३२ हजारमा ठेक्का सम्झौता गरेको पाइयो । उक्त कार्य दुई वर्षभित्र सम्पन्न गर्नुपर्नेमा रु.४१ लाख ९३ हजार भुक्तानी दिई २०६४।३।३१ सम्म म्याद थप गरेकोमा निर्माण व्यवसायीले ठेक्का छोडेको छ । निर्माण व्यवसायीले मोबिलाइजेसन पेश्की रु.२८ लाख फछ्यौंट गरेको छैन । कार्यालयले निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सडक विभाग पठाएकोमा फाइल कार्यालयमा फिर्ता आएको छ । सोही कार्यका लागि २०६९।३।२६ मा पुरानै डिजाइन अनुसार अर्को एक निर्माण व्यवसायीसँग रु.१ करोड २० लाख ३ हजारमा ठेक्का सम्झौता भएकोले पुरानो निर्माण व्यवसायीले काम नगरेको कारणबाट भएको निष्क्रिय खर्च रु.३० लाख ७० हजार तथा फछ्यौंट हुन बाँकी रहेको मोबिलाईजेशन पेश्की रु.२८ लाख समेत रु.५८ लाख ७० हजार उक्त व्यवस्थाअनुसार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ । रकम असुल गर्नेतर्फ आवश्यक कारबाही भइरहेको जवाफ कार्यालयले पेश गरेको छ ।

७. **कार्यक्रम संशोधन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यक्रम संशोधन गर्न आवश्यक देखिएमा तालुक मन्त्रालयको स्वीकृति लिई संशोधन गर्न सकिने उल्लेख छ । यससम्बन्धी व्यहोरा देहायअनुसार छन्:

७.१ सुर्खेत–जुम्ला सडक योजनाको पुल निर्माण कार्यक्रमअन्तर्गत बोटखोला, प्याक्सीखोला, कुमालेखोलामा ३ पुल निर्माण गर्न रु.२६ लाख र डिभिजन सडक कार्यालय, सुर्खेतको भेरी नदीको चिसापानीमा वेलीवृज निर्माण गर्न रु.२२ लाखको अख्तियारी तथा कार्यक्रम प्राप्त भएको देखिन्छ । पुलको डिजाइन तयार नभएकोले कार्यक्रम संशोधन गरी काम गरेको छैन । पुलको डिजाइन तथा लागत अनुमान तयार भई योजनालाई प्राप्त नभएको प्रतिक्रिया प्राप्त भएको छ ।

७.२ डिभिजन सडक कार्यालय, कञ्चनपुरको सती–भजनी–धनगढी हुलाकी सडक जोड्ने कान्द्रा नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६८।२।३१ मा सम्झौता मितिले ३० महिनामा काम सम्पन्न गर्ने गरी रु.३ करोड ९० लाख ८ हजारको सम्झौता भएको थियो । यो वर्ष सो कामको लागि रु.५० लाख बजेट विनियोजन भएकोमा २०६९।३।२५ मा फाउण्डेशनको डिजाइन पुनरावलोकन गर्नुपरेको कारण देखाई कार्यक्रम संशोधन गरी काम गरेको छैन । चालु वर्षमा फाउण्डेशन डिजाइन पुनरावलोकन कार्य सम्पन्न गरी निर्माण कार्य अघि बढाउने जवाफ कार्यालयबाट प्राप्त भएको छ ।

७.३ डिभिजन सडक कार्यालय, भक्तपुरको मनोहरा खोलामा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६६।९।२४ मा रु.४ करोड २९ लाख ८३ हजारमा सम्झौता भएको थियो । हालसम्म रु.४ लाख ५२ हजार भुक्तानी भई रु.३२ लाख ४४ हजार मोबिलाइजेसन पेश्की बाँकी रहेको छ । सम्झौता मितिले ३० महिनामा निर्माण सम्पन्न गर्नुपर्नेमा जग्गा विवादको कारण यो वर्ष विनियोजित रु.५० लाख खर्च हुन नसकी कार्यक्रम संशोधन गरेको छ । ठेक्का तोड्नेतर्फ कारबाही अगाडि बढाउने कार्यालयको प्रतिक्रिया रहेको छ ।

८. **निर्माणस्थलमा विवाद –** स्थानीय आवश्यकता र जनताको सहभागितामा पुल निर्माणस्थलको निर्णय गर्नुपर्दछ । दासढुङ्गा स्थित त्रिशुली नदीमा डिजाईन र निर्माण प्रक्रियाबाट ३९ महिनामा निर्माण पूरा गर्ने गरी २०६७।३।४ मा रु.१३ करोड ९९ लाख ८० हजारमा पुल निर्माण गर्ने सम्झौता भएको थियो । स्थानीयवासीद्वारा पुल निर्माण गर्न सहमति नदिएको कारण पुल निर्माणस्थल, डिजाइन र लागत अनुमान परिवर्तनको प्रक्रियामा रहेको छ । यसबाट निर्माण हुने पुलको लागत र समय वृद्धि हुने भएकोले प्राप्त हुने लाभमा ढिलाई हुने देखिन्छ ।

९. **पुलको डिजाइन परिवर्तन** – परामर्शदाताले पुलहरुको त्रुटिपूर्ण डिजाइन गरेको, पुलको लेन बढाएको वा अन्य कारणले डिजाइन परिवर्तन गरेका व्यहोराहरु देहायअनुसार छन्:

९.१ नेपालको सडक मापदण्ड, २०४५ मा २० वर्षपछिसम्मको मागलाई बिचार गरी पुलको डिजाइन गर्नुपर्ने व्यवस्था छ । चन्द्रनिगाहपुर गौर सडक योजना अन्तर्गत लालबकैया नदीमा पुल निर्माणको लागि २०६५।१।१२ मा संयुक्त उपक्रमका एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर समेत रु.१३ करोड ९० लाखमा २०६९।७।११ (थप म्याद समेत) सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । उक्त पुल निर्माणको वित्तीय प्रगति ५८ प्रतिशत रहेको छ । सुरुको डिजाइन अनुसार पुलको क्यारिज–वे को चौडाई ५.२ मीटर रहेकोमा डिजाइन परिवर्तन गरी ७.२ मीटर कायम गर्दा सोको लागतमा रु.१ करोड ४४ लाख भेरिएसनबाट थप हुन गएको छ । कार्यालयले भेरिएसन स्वीकृतिको लागि २०६८।१।१५ मा पठाएकोमा विभागीय प्रमुखबाट २०६८।९।१८ मा स्वीकृत भई निर्णय प्रक्रियामा ढिलाई भएकोले पुल निर्माणमा थप ढिलाई हुने देखिएको छ ।

९.२ हुलाकी राजमार्ग, हेटौंडाअन्तर्गत वीरगन्जको गुइयाँखोलामा पुल निर्माणका लागि २०६९।३।२६ सम्म सम्पन्न गर्ने गरी रु.१ करोड ८१ लाख २८ हजारमा २०६७।२।२७ मा सम्झौता भएकोमा हालसम्म रु.३२ लाख ९८ हजार भुक्तानी गरेको छ । निर्माण व्यवसायीको सल्लाहअनुसार डेब्रिस डिपोजिट भई पुल मुनिबाट बहाव हुने खोलाको बाटर वे कम नहोस् भन्नाका लागि योजनाले पियरको उचाई १ मिटर बढाउन डिजाइन परिवर्तन गर्न परामर्शदातालाई अनुरोध गरेकोमा डिजाइन संशोधन नभई पुल निर्माणमा ढिलाई भएको छ । उचाइ कम राखी पुलको त्रुटिपूर्ण डिजाइन गर्ने परामर्शदातालाई जिम्मेवार गराएको देखिएन ।

९.३ हुलाकी राजमार्ग, हेटौंडाअन्तर्गत बकरीखोलामा ७५ मिटर लम्बाईको पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ करोड ६० लाखमा २०६९।३।२७ सम्म काम सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । उक्त पुल निर्माणमा रु.५९ लाख ३७ हजार खर्च भएपश्चात साबिकको डिजाइन त्रुटिपूर्ण भएको कारण स्थानीय उपभोक्ताहरुको मागको आधारमा समेत डिजाइन संशोधन गरी पुलको लम्बाई र उचाई थप गरेको छ । सोही कारणबाट रु.३८ लाख ९१ हजार भेरिएसन भई लागत थप भएको छ । यसरी त्रुटिपूर्ण ड्रइङ्ग डिजाइन तयार गर्ने परामर्शदातालाई कानूनअनुसार जिम्मेवार बनाइनुपर्दछ ।

९.४ दमक डिभिजनअर्न्तगत कमल खोला पुलको डिजाइन त्रुटिपूर्ण भएको कारण ओपन फेब्रिकेसन गर्न र कंक्रिट गर्न गाह्रो भएको तथा कालीखोला स्टील ग्रडर पुलमा फेब्रिकेसन र इरेक्सनमा समस्या भएको तथा बुटवल डिभिजनअर्न्तगत दानब बेलबासको लम्बाई बढी भएकोले लागत बढेको, तिनाउ अमुवा र तिनाउ मणिग्रामको फाउण्डेसनमा टिल्ट भएकाले निर्माण कार्यमा ढिलाई भएको डिभिजनले जनाएको छ । पुलहरुको डिजाइन सडक विभागबाट परामर्शदाता मार्फत गराउने तथा सोको पुनरावलोकन विभागबाट हुने गरेकोमा

डिजाइन त्रुटिरहित छैन । डिजाइन सर्भे हुने अवस्थामा परामर्शदाताहरुले स्थलगत निरीक्षण नगरी प्राप्त भएका सूचनाको आधारमा डिजाइन गर्दा कार्यान्वयनमा समस्या आएको डिभिजनहरुको भनाई छ । पुलहरुको डिजाईन गदा ंनै विशेष सर्तकता अपनाई त्रुटिपुर्ण डिजाईन गर्ने परामर्शदातालाई समेत जिम्मेवार बनाइनु पर्दछ ।



आधा खोलामात्र ढाक्ने निर्माधीन टाङटिङ खोला पुल

९.५ दमक डिभिजन अर्न्तगत दानावारी स्थित शरणार्थी शिविर जाने बाटोको टागटिग खोलामा १४८ मिटर लम्बाई, ६.६ मिटर चौडाईको मल्टीसेल कल्भर्ट निर्माण गर्न रु.१ करोड ७२ लाख १५ हजारमा एक निमाण व्यवसायीसँग २०६७।१२।३० सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा कल्भर्ट उपयुक्त नहुने भनी डिजाइन परिवर्तन गराई लागत रु.१ करोड ९६ लाख ७७ हजार कायम गर्ने गरी सम्झौता भएको १३ महिना पश्चात् २०६७।२।४ मा विभागीय प्रमुखबाट भेरिएसन स्वीकृत भएकामा सवस्ट्रक्चरसमेत हालसम्म ३८.८ प्रतिशत भौतिक प्रगति भएको छ । डिजाइन परिवर्तन गर्दा खोलाको बहाब क्षेत्र ३५० मिटरमध्ये १२६ मिटरको १४ स्पानको स्ल्यावमात्र भएको एप्रोच सडक नभएको, बायाँतर्फ सो पुलसँग जोडी अर्को पुल बनाउनुपर्ने, आधा खोला पनि नढाक्ने र प्रतिफल नदिने संरचना निर्माण गरेको देखियो । निर्माण कार्य गर्नुभन्दा अगाडि उपयुक्त विस्तृत सर्भे, डिजाइन नहुँदा पुलमा भएको खर्चबाट समयमा नै प्रतिफल प्राप्त नहुने, स्थानीय बासिन्दाबाट जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ । त्रुटिपुर्ण डिजाइन गर्ने परामर्शदातालाई आवश्यक कारबाही गरेको छैन । निर्माण कार्य सुरु गर्नुभन्दा अगाडि विस्तृत सर्भे, डिजाइन गरी सोहीअनुरुप निर्माण कार्य गर्नुपर्ने देखिन्छ ।

९.६ डिभिजन सडक कार्यालय, काठमाडौंले पुरानो बानेश्वर र सिनामंगल जोड्ने बागमती नदीको आर.सी.सी. पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.४ करोड ४३ लाखमा २०६७।९।२१ सम्म सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेकोमा समयमा कार्यसम्पन्न नभएकोले ४ पटक गरी २०६९।८।३० सम्म म्याद थप गरेको छ । यस वर्षको अन्तसम्म रु.३ करोड ८८ लाख भुक्तानी भएको छ । निर्माणाधीन पुलमुनि बागमती कोरिडरको सडक क्रस गर्ने गरी पुलको डिजाइन गर्न छुट भएको कारणले सो कामको २०६९।७० मा छुट्टै लागत अनुमान तयार गरी ठेक्का सम्झौता गरेको जानकारी प्राप्त भयो । सुरुको ठेक्का सम्झौतामा सबै कार्य नसमेटेको र निर्माण व्यवसायीले काममा ढिलाई गरेको कारण पुल सञ्चालन हुन नसकी सेवाग्राहीले समयमा सेवा पाउन नसकेको र बर्षेनी डाइभर्सनमा खर्च गर्नुपर्ने अवस्था देखियो ।

९.७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले तयार भएको निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिकभन्दा एक तहमाथिको प्राविधिक वा प्राविधिकहरुको समूहलाई डिजाइन ड्रइङ्गसमेत जांच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउन लगाउनु पर्ने र त्यस्तो निकायमा माथिल्लो तहको प्राविधिक नभएमा विभागीय प्रमुखले त्यस्तो लागत अनुमान जांच्ने व्यवस्था मिलाई दिनुपर्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय, काठमाडौंले बुद्धनगरस्थित धोविखोलामा आर.सी.सी.पुल निर्माण गर्न सडक विभागले एक परामर्शदाता मार्फत ड्रइङ्ग डिजाइन तयार गरी मूल्य अभिवृद्धि कर र कन्टिन्जेन्सी बाहेक रु.१ करोड ६९ लाखको लागत अनुमान स्वीकृत गरेको थियो । उक्त निर्माण कार्य २०६८।३।२४ सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.१ करोड १६ लाखमा सम्झौता भएको र यो वर्षसम्म रु.७५ लाख (मूल्य अभिवृद्धि करबाहेक) भुक्तानी भएको छ ।

उक्त पुलको स्ल्याव ढलान गर्न तयार भएको अवस्थामा भौतिक योजना तथा निर्माण मन्त्रालयबाट लेभल फरक भएको कारण लेभल कायम गर्न स्टील गर्डरमा राखी उचाई घटाउने गरी डिजाइन परिवर्तन

गर्ने निर्णय गरेको देखियो । सोही निर्णयले निर्माण व्यवसायीलाई तत्काल निर्माण कार्य रोक्न जानकारी दिएकाले काम रोकी क्षतिपूर्ति माग गरेको र कार्यालयले २०६८।६।९ मा मूल्य अभिवृद्धि कर समेत रु.१५ लाख ७६ हजार क्षतिपूर्ति भुक्तानी दिएको छ ।



निर्माण कार्य रोकिएको बुद्धनगरको धोबिखोला पुल

सडक विभागले पुलको उचाइ घटाएर पुन: डिजाइन गरेपछि महानिर्देशकबाट २०६९।२।३१ मा रु.१ करोड ३३ लाख ११ हजारको भेरिएशन आदेश जारी गरेकोमा निर्माण कार्य सुरु भएको देखिदैन । निर्माण काम सुरु हुनुपूर्व नै ड्रइङ्ग, डिजाइन संशोधन गर्नुपर्नेमा आर.सि.सि.ढलान गर्न लागेको बेला निर्माण कार्य रोकी डिजाइन परिबर्तन गरेको कारण साबिकको सम्झौताभन्दा रु.१७ लाख २७ हजार निर्माण कार्यको लागत बढेको र रु.१५ लाख ७६ हजार थप क्षतिपूर्ति भुक्तानी दिएको कारण नेपाल सरकारलाई थप व्ययभार पर्नुका साथै निर्माण सम्पन्न गर्न बर्षौं ढिलाई भएको छ । निर्माण व्यवसायीलाई दिएको पेश्की रु.१८ लाख फछ्यौंट नभएको र सो को बैंक जमानतको म्याद समेत समाप्त भएकोमा अवधि थप भएको छैन ।

विभागले डिजाइन तयार गर्ने सम्बन्धित प्राबिधिकलाई कारबाही समेत नगरी काम रोकी डिजाइन परिबर्तन गरेको कारणले नेपाल सरकारलाई थप व्ययभार परेको छ । अत: डिजाइन तथा लागत अनुमान तयार गर्दा देखि स्थलगत निरीक्षण, चेकजांज गरी स्वीकृत गर्नुपर्ने र कार्यान्वयनको क्रममा कडाइकासाथ नियमको पालना गर्नु गराउनुपर्दछ ।

१०. **थप व्ययभार -** निर्माण व्यवसायीले आफुले लिएको ठेक्काको काम ठेक्का सम्झौता र कार्य तालिकाअनुसार सम्पन्न गर्नुपर्दछ । डिभिजन सडक कार्यालय, दाङ्गको घोराही सिमेन्ट उद्योग पहुँच मार्गको काभ्रे मोड र झिमरुक-लमही प्रसारण लाइनमा रिटेनिङ्गवाल लगाउन ठेक्का लिएका निर्माण व्यवसायीहरुले काम अधुरो छोडेको र पत्रिकामा सूचना प्रकाशन गर्दा पनि काम नगरेको कारण आकस्मिक रुपले अन्य निर्माण व्यवसायीबाट बढी दरमा गराउँदा रु.१० लाख ९१ हजार बढी व्ययभार पर्न गएको रकम असुल गर्नुपर्दछ ।

११. **बीमा -** ठेक्का सम्झौताअनुसार ठेक्काको सुरुदेखि त्रुटि सच्चाउने अवधिसम्मको मानिस, उपकरण र कामको बीमा गराउनुपर्ने व्यवस्था छ । सोही अनुरुप ठेक्कामा बीमाको लागि रकम व्यवस्था गरी मध्य पहाडी लोकमार्ग योजना, पूर्वी खण्ड र शिवपुर डिभिजनका १५ निर्माण व्यवसायीलाई रु.१ करोड ९१ लाख ७ हजार बीमाबापत रकम भुक्तानी दिएको छ । तर निर्माण व्यवसायीहरुले ढिलो बीमा गर्ने, त्रुटि सच्याउने अवधिसम्मको बीमा नगर्ने, बीमा पोलिसी र नगदी रसिद पेश नगर्ने गरेको पाइन्छ । बीमा नगर्दै मोबिलाइजेसन पेश्की भुक्तानी दिने र बीमाका कागजातहरु जाँच नगरी भुक्तानी दिएकोले यस्तो स्थिति उत्पन्न भएको हुँदा बीमा अवधि थप गर्न लगाउने र आवश्यक प्रमाण पेश गर्न लगाउनुपर्दछ । शिवुपर डिभिजनले निर्माण व्यवसायीलाई पत्राचार गरेको जवाफ पठाएको छ ।

१२. **पेश्की –** सार्वजनिक खरिद नियमावली, २०६४ तथा ठेक्का सम्झौतानुसार पेश्की कम कट्टा गरेको, बढी भुक्तानी दिएको, फछ्यौंट नभएको लगायतका व्यहोराहरु देहायअनुसार छन्:

१२.१ मध्य पहाडी लोकमार्ग योजना, पश्चिम खण्डले सम्झौतानुसार २० प्रतिशत मोबिलाइजेशन पेश्की भुक्तानी दिइसकेका ४ निर्माण व्यवसायीलाई साइटमा रहेको निर्माण सामग्रीलाई आधार देखाई रु.३६ लाख ३८ हजार थप पेश्की दिएको छ । सम्झौताभन्दा बढी पेश्की दिएको नियमित मान्न सकिएन ।

१२.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्तसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्की दिन नहुने उल्लेख छ । डिभिजन सडक कार्यालय, कञ्चनपुरले जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर र नेपाल विद्युत प्राधिकरणलाई मुआव्जा वितरण र विद्युत सम्बन्धी काम गर्न पहिलेको पेश्की फछ्यौंट नहुँदै आषाढमा रु.९ करोड २६ लाख ४८ हजार पेश्की दिएको छ । यस सम्बन्धमा स्रेस्ता, भरपाई तथा प्रमाण कागजात प्राप्त हुनासाथ पेश्की फछ्यौंट गर्ने व्यहोराको जवाफ प्राप्त भएको छ ।

यसैगरी हुलाकी लोकमार्ग आयोजना, जनकपुरले मुआव्जा वितरण गर्न प्राप्त रु.१२ करोड ९५ लाखमध्ये बाँकी रु.८ करोड ८६ लाख २६ हजार धरौटी खातामा राखी कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा पेश्की देखाएको छ ।

१२.३ रोड कनेक्टिभिटी सेक्टर प्रोजेक्ट सम्पन्न भइसके पनि सडक तथा पुलमा पर्ने जग्गाको मुआव्जा वितरण, क्षतिपूर्ति प्रदान तथा पुनर्स्थापनाको लागि विभिन्न जिल्ला प्रशासन कार्यालयलाई पेश्की रकम उपलब्ध गराएकोमा ३ कार्यालयको रु.१ करोड १९ लाख ३१ हजार हालसम्म फछ्यौंट भएको छैन । एसियाली विकास बैङ्क मिसनको १९ जनवरी २०१२ मा पेश गरेको एड मेमोरीमा परामर्शदाताले पेश गरेको पुनर्स्थापना योजना वास्तविक सडकको अवस्थितिसँग मेल नखाएको तथा पेश गरेको पुनर्स्थापना योजनाको गुणस्तर कमजोर रहेको औंल्याएको छ । यस सम्बन्धमा सडक विभागले १५ फेब्रुअरी २०१२ मा एक टोली गठन गरी समस्या सुल्झाउने प्रतिवद्धता व्यक्त गरे तापनि सोअनुसार काम गरेको छैन ।

१३. **गुणस्तर व्यवस्थापन** – सडक विभागको स्टाण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिजअनुसार निर्माण कार्यमा प्रयोग हुने सामग्रीको गुणस्तर नियन्त्रण तथा परीक्षणका लागि गुणस्तर आश्वस्तता योजनाअनुसार फ्रिक्वेन्सी पूरा गरी गुणस्तर परीक्षण हुनुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन:

आयोजनालाई गुणस्तर नियन्त्रणसम्बन्धी स्पष्ट जिम्मवारी तोकेको हुनुपर्दछ । सडक तथा पुलहरुको गुणस्तर कायम गर्न २०६८।६९ को बजेट बक्तव्यमा प्राविधिक परीक्षण गर्ने उल्लेख छ । यस निम्ति मन्त्रालयमा जिम्मेवारी सहितको संगठन संरचना स्थापना हुनुपर्दछ । तर सोअनुरुप उपयुक्त संरचना एवं प्रक्रियाको अभावमा कार्यान्वयन अवस्था कमजोर रहेको पाइयो । अत: योजनाको दिगोपना हासिल गर्न स्पष्ट नीति, निर्देशिका, मार्गदर्शन र जिम्मेवारी सहितको संगठन संरचनाको तर्जुमा तथा कार्यान्वयन गरी सडक विभाग तथा मन्त्रालयले गुणस्तर व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

१३.१ कार्यालयहरुले निर्माण व्यवसायीलाई गुणस्तर आश्वस्तता योजना उपलब्ध गराई बोलपत्र बिड गर्दा पेश गर्नुपर्नेमा सोअनुरुप गरेको छैन ।

१३.२ डिभिजन सडक कार्यालय, दाङको यो वर्ष सम्पन्न भएका राप्ती र च्याटी पुलको भारवहन क्षमता परीक्षण गरेको छैन । उपकरणको अभावमा सिमेन्ट मोर्टार परीक्षण गरेको पाइएन ।

१३.३ सम्झौतामा गुणस्तर नियन्त्रण गर्न निर्माण व्यवसायीलाई योजना प्रमुखले निर्देशन दिन सक्ने व्यवस्था भए पनि गुणस्तर नियन्त्रण कमजोर भइरहेकै अवस्थामा निर्देशन दिएको देखिदैंन ।

१३.४ आयोजना निर्देशनालय (ए.डी.बी.) का उपक्षेत्रीय यातायत अभिवृद्धि आयोजना अन्तर्गतका १२ ठेक्कामा गुणस्तर व्यवस्थापनका लागि एकमुष्ट रु.४ करोड ३७ लाख ३९ हजार व्यवस्था गरिएको छ । गुणस्तर नियन्त्रणको लागि उक्त रकम पर्याप्त हुँदाहुँदै ठेक्काको दर विश्लेषण गर्दा समेत वालको गुणस्तर परीक्षणको लागि रु.२३ लाख ९६ हजार राखेको पाइयो । दर विश्लेषण गरी तयार गरेको लागत अनुमान र खरिदका लागि तयार गरेको बिल अफ क्वान्टिटीबीच सामन्जस्यता नभई दोहोरो पर्ने गरी खरिद सम्झौता गर्नु नियमसम्मत देखिएन ।

१३.५ डिभिजन सडक कार्यालय, काठमाडौले नर्म्सअनुसार ग्याबियन बक्समा ढुङ्गा भर्ने कार्यको दर विश्लेषण गर्दा जी.आई.तारको गुणस्तर परीक्षणमा वायरको मूल्य र ज्यालाको १ प्रतिशत तथा ढुङ्गाको गुणस्तर परीक्षण गर्न ज्याला तथा ढुङ्गाको मूल्यको २ प्रतिशत रकम समावेश गरेको छ । त्यस्तै सिमेन्ट बालुवा जोडाई भएको ढुङ्गाको गाह्रोको लागि कुल मूल्यको १.५ प्रतिशतले हुने रकम गुणस्तर परीक्षणको लागि आइटम दरमा समावेश गरेको छ । यसरी सिमेन्ट बालुवा जोडाइ भएको ढुङ्गाको गाह्रो लगाउने र ग्याबियन बक्समा ढुङ्गा भर्ने कार्यको लागि आइटम दरमा नै गुणस्तर परीक्षणको लागि रकम समावेश गरे तापनि ढुङ्गाको गुणस्तर परीक्षण गरेको छैन । नमूना छनौट गरी परीक्षण गरिएको ९ कार्यमा १० हजार ९५०.३७ घन मिटर गाह्रोको लागि रु.१२ लाख १२ हजार र मूल्य अभिवृद्धि कर १३ प्रतिशतले रु.१ लाख ५८ हजार समेत रु.१३ लाख ७० हजार ढुङ्गाको गुणस्तर परीक्षण गर्न लागत अनुमानमा समावेश गरी निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । यसरी ढुङ्गाको लागि रकम आइटम दरमा नै समावेश गरे तापनि निर्माण व्यवसायीले ढुङ्गाको प्रयोगशाला परीक्षण गराएका छैनन् । कार्यालयले दर विश्लेषण गर्दा प्रयोगशाला परीक्षणको रकम आइटम रेटमा समावेश नगरी प्रयोगशाला परीक्षण गर्नुपर्ने कामको लागि छुट्टै आइटम तयार गरी लागत अनुमानमा समावेश गर्ने र गुणस्तर परीक्षणको वास्तविक खर्चको आधारमा भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।

१४. **कन्टिन्जेन्सी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र अनुसूची १ अनुसार कार्यालयले प्रत्येक योजनाको लागत अनुमानको २.५ प्रतिशत वर्कचार्ट स्टाफ र २.५ प्रतिशत अन्य खर्च गरी बढीमा ५ प्रतिशतसम्म योजनाको काममा कन्टिन्जेन्सी खर्च गर्न सक्ने प्रावधान रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१४.१ डिभिजन सडक कार्यालय, शिवपुरबाट प्राप्त कन्टिन्जेन्सी खर्चको विवरणअनुसार उक्त दरले रु.१ करोड १५ लाख १० हजार कन्टिन्जेन्सी खर्च गर्न पाउनेमा रु.१ करोड ६१ लाख ६६ हजार खर्च गर्दा रु.४६ लाख ५६ हजार बढी खर्च गरेको छ । साबिकको डिभिजन प्रमुखले १५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गरेको जवाफ दिएको छ ।

१४.२ अर्थ मन्त्रालयको २०६८।१२।२ को सहमतिअनुरुप ४८ कार्यालयले यन्त्र उपकरण र गाडी खरिद गर्न रु.१० करोड ७७ लाख ७७ हजार कन्टिन्जेन्सी रकम सडक विभागमा पठाएको पाइयो । विभागको प्रतिवेदन, २०६७ मा उल्लिखित सामान निर्माण कार्यको बिल अफ क्वान्टिटीमा समावेश गरी सम्झौता गर्दा शिरोभार खर्च समेतले लागत बढ्न गएको व्यहोरा उपर सार्वजनिक लेखा उपसमितिबाट २०६९।१।८ मा लागत वृद्धि नियन्त्रण गर्न एक नीति बनाउने र यसको जानकारी अन्य मन्त्रालयलाई समेत दिने निर्णय भएको छ । तसर्थ २०६९।९।२ को सचिवस्तरीय निर्णयबाट २०६८।६९ मा खरिद भएका ३१ गाडी मौजुदा रहेकोमा २०६९।७० मा गाडी भाडामा नलिने, गाडी भाडामा लिनुपर्ने अवस्था परेमा विभागबाट स्वीकृति लिने वा खरिद गर्ने व्यवस्था गर्ने, पुराना सवारीसाधनहरु लिलाम गर्ने, २०६८।६९ मा जस्तै प्रत्येक वर्ष अर्थ मन्त्रालयबाट बजेट माग गर्ने, प्राप्त नभएमा अर्थ मन्त्रालयको सहमति लिई कन्टिन्जेन्सी रकमबाट पाँच वर्षसम्म सवारीसाधन र इक्विपमेन्ट खरिद गर्ने र तत्पश्चात् गाडी भाडामा लिने कार्य नगर्ने आदि नीति तयार भएकोले सो नीतिको कडाइका साथ कार्यान्वयन हुनुपर्दछ ।

१४.३ उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) लोकमार्ग आयोजनाले रु.२९ लाख ६ हजार, ११ किलो छेपेटार भालुस्वारा वारपाक सडक योजनाले रु.१ करोड १२ लाख ७६ हजार, डिभिजन सडक कार्यालय, पाल्पाले रु. १ करोड १२ लाख १९ हजार एवं डिभिजन सडक कार्यालय, कास्कीले रु.१ करोड ७८ लाख ५३ हजार कन्टिन्जेन्सी खर्च गर्दा अन्य खर्च २.५ प्रतिशतको सीमा नाघेको छ । डिभिजन सडक कार्यालय, पाल्पा बाहेक अन्य कार्यालयले कन्टिन्जेन्सी खाता राखेका छैनन् । बहुवर्षीय योजनाहरुको विगतको कन्टिन्जेन्सी खर्चको अभिलेख अद्यावधिक नगरेकोले कुल कन्टिन्जेन्सी खर्च विश्लेषण गर्न सकिएन । तसर्थ वर्कचार्ट स्टाफ र अन्य खर्च बेग्लाबेग्लै खुल्ने गरी कन्टिन्जेन्सीको अभिलेख अनिवार्य रुपमा राख्नुपर्दछ ।

१५. **मूल्य समायोजन –** कार्यतालिकाअनुसार काममा ढिलाई गर्ने, अद्यावधिक कार्यतालिका पेश नगर्ने, मूल्यवृद्धिको पूर्व सूचना नदिने, सम्झौतामा आधार मूल्य उल्लेख नगर्ने, मोबिलाइजेसन पेश्की कट्टा नगरी निर्माण व्यवसायीलाई मूल्य वृद्धि भुक्तानी दिएको केही व्यहोरा निम्नानुसार छन्:

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ तथा नियमावली, २०६४ को नियम ११९(२) मा निर्माण व्यवसायीको कारणबाट सम्झौता अवधिमा काम सम्पन्न नभएमा मूल्य समायोजन नगर्ने, निर्माण व्यवसायीहरुले कार्यतालिकाअनुसार काम गरेको हुनुपर्ने उल्लेख गरिएको छ । सम्झौता तथा ऐन नियमसम्मत कारण बेगर एकै प्रकृतिका कारणहरु देखाई पटक पटक ७७ प्रतिशतसम्म म्याद थप गर्ने ११ निर्माण व्यवसायीलाई थपिएको म्यादको रु.१६ करोड ७३ लाख ९ हजार मूल्य वृद्धि भुक्तानी दिएको छ । सुरु म्यादको तुलनामा थपिएको म्यादको मूल्य वृद्धि दर बढी हुने भएकोले म्याद थपको कारणबाट मूल्यवृद्धि माथि थप व्ययभार पर्न गएको छ । चन्द्रनिगाहापुर–गौर सडक योजनाको निर्माण व्यवसायीले थपिएको म्यादमा काम नगरेको, तुल्सीपुर–सल्यान सडकमा भारतको लिड पार्टनर उपस्थित नरहेको, परामर्शदातामा निर्माण व्यवसायीलाई कारबाही गर्ने प्रवृत्तिको अभाव, निर्माण व्यवसायीहरुको साइटमा कमजोर मोबिलाइजेसन आदि कारणले म्याद थप भई सो अवधिको मूल्य वृद्धि भुक्तानी दिँदा योजनाको लागत वृद्धि भएको छ ।

१५.१ हुलाकी राजमार्ग आयोजना, योजना कार्यालय हेटौंडा र मध्य पहाडी लोकमार्गका दुई योजनाका ५ पुलका ठेक्का सम्झौताको दफा ४७.१, ४९.१ अनुसार मूल्य समायोजन गर्दा मोबिलाइजेसन पेश्की कट्टा नगरेको तथा नियमानुसार औसत मासिक मूल्यसूची प्रयोग नगरेकोले बढी भुक्तानी भएको मूल्य समायोजन रु.१ करोड ४९ लाख ९० हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने देखिन्छ । हुलाकी राजमार्ग आयोजना, योजना कार्यालय, हेटौंडाले रु.९८ लाख ३५ हजार निर्माण व्यवसायीको आगामी बिलबाट कट्टी गरी दाखिला गरिने प्रतिक्रिया दिएको छ ।

१५.२ राप्ती लोकमार्ग सडक योजनाअन्तर्गत निर्माण कार्य गर्ने एक निर्माण व्यवसायीको म्याद थप आर्थिक दायित्व नपर्ने गरी थप गरेको छ । सम्झौतामा निर्माण व्यवसायीको कारणबाट काममा ढिलाई भएमा मूल्य वृद्धि भुक्तानी दिन नमिल्ने व्यवस्था छ । तेह्रौदेखि पन्ध्रौ रनिङ्ग बिलबाट निर्माण व्यवसायीलाई यो वर्ष रु.१ करोड ३ लाख ६५ हजार मूल्यवृद्धि भुक्तानी दिएको छ । ५ पटकमा करिब सुरु ठेक्का अवधि जत्तिकै म्याद थप गरेको, निर्माण व्यवसायीकै कारण काममा ढिलाई हुन गएको, म्याद थप गर्दा समेत कार्यतालिका अद्यावधिक नगरेको अवस्था छ । गत वर्ष पनि यो व्यहोरा औंल्याइएकोमा सुधार भएको पाइएन ।

१५.३ मध्य पहाडी लोकमार्ग योजना पूर्वी खण्डले कार्यतालिका अनुसार काममा ढिलाई गर्ने, मूल्य वृद्धिको गणना पेश नगर्ने, सम्झौतामा आधार मूल्य पेश नगर्ने पुल निर्माणका दुई निर्माण व्यवसायीलाई रु.७९ लाख ५७ हजार मूल्य वृद्धि भुक्तानी दिएको छ ।

१५.४ डिभिजन सडक कार्यालय, शिवपुर अन्तर्गत पुल निर्माण गर्ने ठेक्का सम्झौतामा निर्माण व्यवसायीको कारणबाट काममा ढिलाई भएमा मूल्य वृद्धि नदिने, कार्यतालिका अद्यावधिक गर्नुपर्ने र लागत वृद्धि हुने घटनाको पूर्व सूचना दिनु पर्ने व्यवस्था गरेको देखिन्छ । यो वर्ष ५ पुलका निर्माण व्यवसायीलाई रु.९८ लाख ६० हजार मूल्यवृद्धि भुक्तानी दिएको छ । त्यसमध्ये दुई पुल र एक सडक निर्माण गर्ने निर्माण व्यवसायीलाई पटक पटक पत्राचार गर्दा पनि काम नगरेको कारण काम नगर्नेको सूचीमा समेत राखेकोले कारबाही गर्नुपर्नेमा रु.७५ लाख २९ हजार मूल्यवृद्धि भुक्तानी दिएको छ । एक निर्माण व्यवसायीको अतिरिक्त दायित्व नपर्ने गरी म्याद थप गरेकोमा पनि मूल्यवृद्धि दिएको छ ।

१५.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) अनुसार एकमुष्ट कार्यसम्पादन (लमसम) खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसक्ने व्यवस्था छ । तर पुल आयोजना बबरमहल, मध्य पहाडी लोकमार्ग योजना पूर्वी खण्ड तथा हुलाकी राजमार्ग आयोजना, हेटौंडा र नेपालगन्जअन्तर्गत डिजाइन र निर्माणको

अवधारणाबाट सञ्चालित ८ पुलको खरिद सम्झौताको शर्तमा मूल्य समायोजन समेत पाउने गरी ठेक्का सम्झौता गरी निर्माण व्यवसायीहरुलाई रु.९ करोड ८ लाख मूल्यवृद्धि भुक्तानी दिएको छ ।

१५.६ डिभिजन सडक कार्यालय, नेपालगन्जअन्तर्गत पुल निर्माणको कार्य ठेक्का सम्झौताको दफा २६ अनुसार कार्यतालिका अद्यावधिक गर्नुपर्ने, सुरुमा पेश गरेको कार्यतालिकाअनुसार २०६९ बैशाखदेखि सवस्ट्रक्चरको काम सुरु गर्नुपर्ने, दफा ३१ अनुसार लागत र समय वृद्धिको घटनाको पूर्व सूचना दिनुपर्ने, दफा ४९ अनुसार निर्माण व्यवसायीको ढिलासुस्ती भएमा मूल्यवृद्धि नदिने व्यवस्था छ । उल्लिखित शत पूरा नगरेको र २०६९ आषाढसम्म सवस्ट्क्चरको काम सुरु नगरेको अवस्थामा रु.२८ लाख ३३ हजार मूल्यवृद्धि भुक्तानी दिएको छ । सम्झौताका शर्त पूरा नगरी काममा ढिलाइं गर्ने निर्माण व्यवसायीलाई भुक्तानी दिएको मूल्यवृद्धि असुल गर्नुपर्दछ । निर्माण व्यवसायीलाई पत्राचार भएको व्यहोराको जवाफ पेश भएको छ ।

१५.७ सम्झौताको दफा ४६.५ अनुसार काममा ढिलाई गर्ने निर्माण व्यवसायीलाई मूल्यवृद्धि भुक्तानी दिन नमिल्नेमा हुलाकी राजमार्ग आयोजना, नेपालगन्ज अन्तर्गत पुल निर्माण गर्ने तीन निर्माण व्यवसायीले ठेक्काको पूरा अवधिमा ५० प्रतिशतभन्दा कम प्रगति गरेको देखिएकोले दफा २६.३ अनुसार कार्यतालिका अध्यावधिक नगरेको, दफा ३१.१ अनुसार समय र लागत वृद्धि हुने घटनाको पूर्व जानकारी नदिएकोले भुक्तानी गरेको रु.२१ लाख ८० हजार मूल्यवृद्धि असुल गर्नुपर्दछ । असुल गर्न पत्राचार भएको जवाफ प्राप्त भएको छ ।

१६. **असुली –** नियमानुसार पाउनेभन्दा बढी भुक्तानी गरी असुल गर्नुपर्ने देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१६.१ हुलाकी राजमार्ग आयोजना हेटौंडाको ठूटेखोला पुलको बिल अफ क्वान्टिटीमा प्रति महिना रु.९० हजारका दरले गाडी भाडा भुक्तानी दिने व्यवस्था अनुरुप निर्माण व्यवसायीले २०६८।६।२३ मा गाडी उपलब्ध गराई आयोजनाले २०६८।८।२२ मा फिर्ता गरेको छ । आयोजनाले प्रथम रनिङ्ग बिलबाट निर्माण व्यवसायीलाई १० महिना १५ दिनको रु.९ लाख ४५ हजार भाडा भुक्तानी दिएकोले बढी भुक्तानी गरेको ८ महिना १५ दिनको मूल्य अभिवृद्धि कर बाहेक रु.७ लाख ६५ हजार असुल गर्नुपर्दछ ।

१६.२ डिभिजन सडक कार्यालय, नुवाकोट, भक्तपुर र शिवपुरले निर्माण व्यवसायीहरुलाई सम्झौता अनुसार रिवेट कट्टा नगरी भुक्तानी दिएको रु.९ लाख ५८ हजार र डिभिजन सडक कार्यालय, भक्तपुर र पुल आयोजना, बबरमहलले नापी नगरेको कामको भुक्तानी दिएको रु.३ लाख ५९ हजार समेत रु १३ लाख १७ हजार असुल गर्नुपर्दछ ।

१६.३ आयोजना निर्देशनालय (ए.डी.बी.) को रोड कनेक्टिभिटी सेक्टर प्रोजेक्ट अन्तर्गत ढल्केवर–जनकपुर सडक र फिदिम ताप्लेजुङ्ग सडकका दुई निर्माण व्यवसायीसँग भएका खरिद सम्झौतामा निर्माण व्यवसायीलाई भुक्तानी दिइएको मोबिलाइजेसन पेश्की ३० देखि ९० प्रतिशत भुक्तानीबाट फछ्र्यौंट गरिसक्नुपर्ने उल्लेख छ । ठेक्का सम्पन्न भइसक्दा समेत रु.१९ लाख ७३ हजार पेश्की फछ्र्यौंट हुन बाँकी देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) अनुसार सम्बन्धित निर्माण व्यवसायीबाट ब्याज सहित असुल गर्नुपर्दछ ।

१७. **म्याद थप** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० ले म्याद थपको लागि काबु बाहिरको परिस्थिति उत्पन्न हुनुपर्ने, समयमा कार्य सम्पन्न गर्ने प्रयास गरेको हुनुपर्ने, एक हप्ता पहिले निवेदन दिनुपर्ने व्यवस्था गरेको छ । कार्यादेशमा उल्लिखित समयभित्र काम सुरु गरी निरन्तर रुपले काम गरेको हुनुपर्ने, भेरिएसन भएको हुनुपर्ने, समय वृद्धि गर्ने घटनाको अभिलेख राख्नुपर्ने र कार्यतालिका अद्यावधिक गर्नुपर्ने अन्य आधारहरु छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७.१ मध्य पहाडी लोकमार्ग योजना पश्चिम खण्डको २०६५।६६ र २०६६।६७ मा सुरु भएका रु.११ करोड ५२ लाख १५ हजारका १२ ठेक्कामा माथिका आधार बेगर १८० देखि ७४५ दिनसम्म म्याद थप गरेको छ । त्यस्तै डिभिजन सडक कार्यालय, शिवपुअन्तर्गतरका पुलका तीन ठेक्काको नियमको उक्त व्यवस्थाविपरीत

४४ देखि १२१ प्रतिशतसम्म म्याद थप गरेको छ । काम नगर्ने निर्माण व्यवसायीको सूचीमा परेका निर्माण व्यवसायीलाई कारबाही गर्नुको सट्टा पूर्व निर्धारित क्षतिपूर्तिसमेत नलिई म्याद थप गरेको छ । त्यसैगरी सोही योजनाको पूर्वी खण्डले ठेक्का अवधिमा काम सुरु नगर्ने ५ निर्माण व्यवसायीको निर्धारित क्षतिपूर्ति नलाग्ने गरी म्याद थप गरेको छ । अधिकांश म्याद थप निर्माण व्यवसायीहरुको ढिलाइबाट हुन गई मूल्यवृद्धिको कारण लागत र ठेक्का अवधि बढ्ने गरेको छ ।

१७.२ डिभिजन सडक कार्यालय, दाङ र शिवपुर तथा मध्य पहाडी लोकमार्ग पश्चिम खण्डका २०६७।६८ र २०६८।६९ मा ठेक्का भएका रु.९६ करोड ९६ लाखका ६५ ठेक्काका निर्माण व्यवसायीको ठेक्काको म्याद समाप्त भए पनि म्याद थपको निवेदन दिएको देखिएन । म्याद थप गर्न ती कार्यालयहरुले तदारुकता देखाएका छैनन् । सम्झौताको पालनामा दुबै पक्ष सजग हुनुपर्दछ ।

१७.३ सम्झौताको दफा ४९.१ अनुसार निर्माण व्यवसायीकै ढिलासुस्तीबाट म्याद थप भएमा निर्धारित क्षतिपूर्ति लगाउने व्यवस्था छ । राप्ती लोकमार्ग योजनाको एक निर्माण व्यवसायीसँग भएको सम्झौताअनुसार २०६७।७।१० सम्म दुई वर्षको अवधिमा कार्य सम्पन्न गर्नुपर्नेमा २०६९।२।२४ सम्म ५ पटकमा ४७९ दिन म्याद थप गरेको छ । तत्पश्चात् २०६९ भाद्रसम्म २०२ दिनको म्याद थप नभएको र कार्य सम्पन्न पनि नभएको अवस्था छ । यो समेत म्याद थप अवधि ९३ प्रतिशत हुन आउँछ । चौथो र पाँचौ पटक म्याद थपको सिफारिस गर्दा परामर्शदाताले संशोधित कार्यतालिका संलग्न गरेको छैन । कार्यतालिकामा तोकिएअनुसारको समयमा अद्यावधिक पनि गरेको छैन । प्रत्येक पटक म्याद थप गर्दा इन्धन अभाव, बन्द, हडताल, भेरिएसन आदि समान प्रकृतिका कारण देखाउनु र ती कारण पुष्टि गर्न डेली डायरी र म्याद थप हुने घटनाहरुको अभिलेख नराखेकोले रु.४ करोड ३४ लाख २७ हजार निर्धारित क्षतिपूर्ति लगाउनु पर्नेमा नलगाएकोले यसमा छानबिन गर्नुपर्दछ ।

१७.४ डिभिजन सडक कार्यालय, इलाम, विराटनगर, दमक तथा सुनसरी मोरङ्ग पुल आयोजनाबाट सञ्चालित सडक तथा सडक निर्माण कार्यका ७५ खरिद सम्झौताको अवधि समाप्त भएपछि म्याद थप हुने घटनाहरुको अभिलेख बेगर यस वर्ष निर्माण व्यवसायीले बन्द, हडताल, वर्षात, उपभोक्ता समितिको अवरोध, इन्धनको अभाव आदि कारण देखाई २२ ठेक्काको ५० प्रतिशत, ८ ठेक्काको शतप्रतिशत र ४५ खरिद सम्झौताको शतप्रतिशतभन्दा बढी म्याद थप गरी निर्माण कार्य गरेको देखिन्छ । यस सम्बन्धमा काबुबाहिरको परिस्थितिको कारण म्याद थप गरेको जवाफ प्राप्त भएको छ ।

१७.५ मध्य पहाडी लोकमार्ग योजना पूर्वी खण्डअन्तर्गत रु.१७ करोड १४ लाख २१ हजारमा २०६६।३।१६ मा सम्झौता भएको तमोर पुलको यस वर्षसम्म रु.१५ करोड ८ लाख ८० हजार भुक्तानी भएको छ । डिजाइन र बिल्डको आधारमा ठेक्का भएको सो पुलको विशेष सम्झौताको दफा ५.१ अनुसार निर्धारित क्षतिपूर्ति नलगाई म्याद थप गर्न नमिल्ने व्यवस्था भएपनि निर्धारित क्षतिपूर्ति नलाग्ने गरी संशोधित कार्यतालिका बेगर २०६९।४।१६ देखि ३४० दिन म्याद थप गरेको छ । पुल निर्माणमा भएको ढिलाइले समग्र निर्माणमा ढिलाई हुने देखिन्छ ।

१७.६ डिभिजन सडक काठमाडौको कार्यालय प्रमुखले यस वर्ष ६ महिना र सोभन्दा बढी अवधि विभागीय प्रमुखले क्षतिपूर्ति नलिई म्याद थप गरेको छ । आर्थिक वर्ष २०६६।६७ मा ठेक्का सम्झौता भएको ६ पुलको निर्माण कार्यमध्ये २ को म्याद थपको प्रमाण पेश नभएको र बांकी ४ को ३७ प्रतिशत देखि १९२ प्रतिशतसम्म म्याद थप गर्दा पनि ४० देखि ७७ प्रतिशतसम्म प्रगति भएको देखियो । ती निर्माण कार्यमध्ये ठेक्का सम्झौता गर्दा रु.४ करोड ४३ लाख १८ हजार लागत अनुमान भएको पुल निर्माणलाई १२ महिना र रु.९१ लाख लागत अनुमान भएको पुल निर्माणको लागि १५ महिना कार्य सम्पन्न गर्ने अवधि दिएको छ । आधारबेगर अवधि दिने र पटक पटक म्याद थप गर्दा पनि कार्यप्रगति सन्तोषजनक देखिएन ।

१७.७ यस वर्ष सम्पन्न गरेका कार्यहरुमध्ये कोटेश्वर महादेबस्थानस्थित बागमती पुलमा कार्य सम्पन्न गर्ने अवधि २४ महिना रहेकोमा १५ महिना थप गरेको, चमती पुल (बनस्थली नयांबजार) १८ महिनामा सम्पन्न गर्नु पर्नेमा १ वर्ष थप गरेको, धोबीखोला पुल संगमचोक १ वर्षमा सम्पन्न गर्नु पर्नेमा २१ महिना थप गरेको र सहभागिता मार्गको धोबीखोला पुल निर्माण कार्य १३ महिनामा सम्पन्न गर्नुपर्नेमा २१ महिना म्याद थप गरेको छ । त्यस्तै २ निर्माण कार्यमा १५ दिन अवधि दिएकोमा ६ महिना थप गरेको र अर्को २ निर्माण कार्यमा ३ महिना अवधि दिएकोमा २१ महिनासम्म म्याद थप गरेको छ । यसरी सुरु अवधिभन्दा १२ सय प्रतिशतसम्म बढी अवधि क्षतिपूर्ति नलिई थप गर्नु उपयुक्त भएन । समयमा काम सम्पन्न नहुंदा सेवाग्राहीले समयमा सेवा प्राप्त नगर्ने र यस वर्षको बजेटबाट खर्च गर्नु पर्ने भएकोले चालु वर्षको निर्माण कार्यमा असर परेको छ ।



निर्माण तथा मर्मत सुधारको ठेक्का सम्झौता अध्ययन गर्दा एउटै निर्माण व्यवसायीले एकभन्दा धेरै निर्माण कार्यमा लागत अनुमानभन्दा निकै घटेर ठेक्का सम्झौता गर्ने र समयमा काम सम्पन्न नगर्ने स्थिति देखिएको छ । एउटै निर्माण व्यवसायीले २२ सम्म ठेक्का सम्झौता गरेको देखिन्छ । कार्यालयले समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाही गरी ठेक्का तोड्नुको सट्टा पूर्वनिर्धारित क्षतिपूर्तिसमेत नलिई म्याद थप गर्ने गरेका कारण समयमा काम सम्पन्न गराउन कठिनाइ भएको देखिन्छ ।

ठेक्का सम्झौता गर्दा एक निर्माण व्यवसायीले क्षमता अनुसार प्रतिस्पर्धा गर्न पाउने ठेक्का संख्या किटान गर्ने नीति तयार गर्नुपर्दछ । सम्झौताको शर्त अनुसार क्षतिपूर्ति लिई समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कारबाही गरी कार्यसम्पन्न गरिनुपर्दछ ।

१८. **भेरिएसन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ तथा नियमावली, २०६४ को नियम ११८ अनुसार पूर्वानुमान गर्न नसकिने कामको लागि प्राविधिक पुष्ट्याई सहित अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिएर मात्र भेरिएसन गर्नुपर्ने व्यवस्था छ । मध्य पहाडी लोकमार्गका दुई योजना र डिभिजन सडक कार्यालय, कपिलवस्तुका १६ ठेक्कामा १४.९ प्रतिशतसम्म रु.८ करोड ३० लाख ६१ हजार भेरिएसन गरेको छ । डब्बल लेनको सडकमा एक लेनको पुल डिजाइन भई त्यसलाई संशोधन गर्न, ड्रेन कभर राख्न र डिजाइनभन्दा थप चौडा सडक बनाउन भेरिएसन गरेको देखिन्छ । त्यसैगरी डिजाइन र लागत अनुमान अनुसार घटी भएको परिमाण पूरा गर्न मध्य पहाडी लोकमार्ग योजना पूर्वी खण्डले दुई ठेक्कामा रु.५३ लाख भेरिएसन गरेको छ । कतिपय भेरिसनको कारण नखोलिएको र कतिपयमा साइटको अवस्था लगायतका अस्पष्ट कारण खोलेको देखिन्छ । पूर्व स्वीकृतिबेगर भेरिएसनको काम सुरु गरी काम सम्पन्न भएपछि स्वीकृति लिने गरेको पाइनुका साथै पूर्वानुमान गर्न सकिने कामकै लागि भेरिएसन भएकोले नियमको व्यवस्था पालना गरी भेरिएसन गर्नुपर्दछ । सडक विभागबाट भेरिएसनको स्वीकृति लिँदा बढी समय लाग्ने र जनताको मागअनुसार बजार क्षेत्र व्यवस्थित गर्न भेरिएसन गरेको जवाफ प्राप्त भएको छ ।

१९. **उपभोक्ता समिति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिले आफूले गरेको कामको बिल भरपाई पेश गर्नुपर्नेमा डिभिजन सडक कार्यालय, धनकुटाले ३५ योजनामा रु.३ करोड ३३ लाख ७७ हजार दाङ्गले २१ योजनामा रु.३ करोड २० लाख ८३ हजार र प्युठानले १६ योजनामा रु.५ करोड ५९ लाख ५९ हजारको काम उपभोक्ता समितिमार्फत गराएकोमा खर्चको बिल भरपाई पेश गरेका छैनन् ।

२०. **ठेक्का स्वीकृत –** त्रिशुली–स्याफ्रुबेसी–रसुवागढी सडक योजनाले सडक निर्माण गर्न मूल्य अभिवृद्धि कर बाहेक रु.४९ लाख २८ हजारको बोलपत्र आव्हान गरेकोमा दर्ता भएका ६ बोलपत्रमध्ये ५ बोलपत्रदाताले बोलपत्र फिर्ता लिएको र बाँकी एक बोलपत्रदाताले बोलपत्रमा उल्लेख गरेको दररेटमा ५२ प्रतिशत बढी एवं लागत अनुमानभन्दा १.०८ प्रतिशत घटीमा बोलपत्र मोडिफिकेशन गरेको आधारमा रु.४३ लाख १४ हजारको बोलपत्र स्वीकृत भएको पाइयो । यसबाट बोलपत्रदाताबीच मिलोमतो नभएको यकिन गर्न सकिएन ।

२१. **ठेक्का प्याकेजिङ्ग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिद योजना र खरिद गुरुयोजनामा उल्लेख गरी निर्माण व्यवसायीको स्तर, कामको प्रकृति, काम सम्पन्न गर्न लाग्ने समयावधि आदिको आधारमा ठेक्का प्याकेजिङ्ग गरी खरिद गर्नुपर्दछ । डिभिजन सडक कार्यालय, शिवपुर, बाँके र दाङ्ग एवं मध्य पहाडी लोकमार्गको दुबै खण्ड र हुलाकी राजमार्ग योजना, बाँकेले ठेक्का प्याकेजिङ्ग नगरी विभिन्न माध्यमबाट खरिद गरेका छन् । डिभिजन र योजनाबाट प्राप्त ठेक्का विवरणअनुसार रु.२ करोडसम्म लागत अनुमानका ७० र रु.२ करोडदेखि ३ करोडसम्म लागत अनुमानका ७४ ठेक्का गरेका छन । तीमध्ये मध्य पहाडी लोकमार्गका दुई योजनाले रु.३ करोडभन्दा कम लागत अनुमानका रु.२ अर्ब ४१ करोड ८७ लाखका ६९ ठेक्का गरेका छन् । त्यसभन्दा माथिको लागत अनुमान विभागीय प्रमुखबाट स्वीकृत गर्ने व्यवस्था छ । यसबाट ठेक्काको आकार सानो र संख्या बढी हुन गई ठेक्का व्यवस्थापन एवं कार्यान्वयन पक्ष जटिल भएको र विद्युतीय माध्यम बेगर कार्य गराउँदा कामको लागतसमेत बढ्न जाने देखिन्छ ।

२२. **अद्यावधिक कार्यतालिका –** ठेक्काको कामलाई तोकिएको समयभित्रै सम्पन्न गर्ने उद्देश्यले सम्झौताको दफा २८.३ मा प्रत्येक ६० देखि ९० दिनमा अद्यावधिक कार्यतालिका पेश गर्नुपर्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय, दाङ्ग, शिवपुर र नेपालगन्ज तथा मध्य पहाडी लोकमार्ग योजना, पश्चिम खण्ड र हुलाकी राजमार्ग आयोजना नेपालगन्जका २१ ठेक्काका निर्माण व्यवसायीले अद्यावधिक कार्यतालिका पेश गरेका छैनन् । यसबाट ठेक्काको लागत र समय बढ्न जाने देखिएकोले सोही दफाअनुसार रु.४१ लाख २५ हजार रनिङ्ग बिलबाट भुक्तानी रोक्का राखी कार्यतालिका पेश गर्न लगाउनु पर्दछ ।

२३. **निर्णयमा ढिलाई –** डिभिजन र योजनाहरुले काम छिटो छरितो सम्पन्न गर्न निर्णय कार्य तोकिएको समयभित्र गर्नुपर्दछ । मध्य पहाडी लोकमार्ग योजना, पश्चिम खण्डले लागत अनुमान स्वीकृति, म्याद थप र डिजाईन स्वीकृतिका लागि सडक विभाग पठाएका र योजनामै निर्णय गरिएका ४ फाइलको निर्णय हुन ७० देखि २०५ दिन लागेको देखिन्छ । डिभिजन सडक कार्यालय, शिवपुरको एक फाइल भेरिएसन स्वीकृतिको लागि पठाएकोमा निर्णय हुन १६५ दिन लागेको छ । यसबाट निर्माण कार्यमा ढिलाई हुन गएको छ । यसैगरी डिभिजन सडक कार्यालय, कञ्चनपुर अन्तर्गतको मोहना र धुराहा पुलको म्याद थप गर्ने निर्णय म्याद सकिएको १ वर्षपछि भएको पाइयो । अत: कानूनले तोकेको म्यादभित्रै निर्णय गर्नुपर्दछ ।

२४. **त्रुटि सच्याउने दायित्व –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) र सम्झौताअनुसार ठेक्काको काम पूरा भएपछि योजनाले सम्पन्न भएको कामको जिम्मा लिई एक वर्षसम्म त्रुटि सच्याउने अवधिभित्र राखी जिम्मा लिंदा बाँकी रहेका र त्यस अवधिमा बिग्रेका कामहरु सम्बन्धित निमाण व्यवसायी मार्फत पूरा गराउनुपर्ने र पूरा नगरेमा धरौटीबाट रकम कट्टा गरी काम गराउनुपर्ने व्यवस्था छ । खुर्कोट–घुर्मी सडक खण्डको एक ठेक्काको करिब १२० घनमिटर रिटेनिङ्गवाल भत्केकोमा पुन:निर्माण गर्न २०६८।८।९ मा पत्राचार गरेको भएपनि अवलोकनबाट सो काम भएको देखिएन । त्यसैगरी सोही योजनाको पूर्वी खण्डको मध्य तथा पूर्वी क्षेत्रका ३ निर्माण व्यवसायीलाई भत्केको क्रस ड्रेन ग्राभेल, वाल आदि पुन:निर्माण गर्न योजनाबाट निर्देशन दिएकोमा काम भएको देखिएन ।

२५. **एज बिल्ट नक्सा –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ तथा ठेक्का सम्झौतानुसार निर्माण सम्पन्न भएपछि उक्त नक्सा पेश गर्नुपर्ने व्यवस्था छ । दुई मध्य पहाडी लोकमार्ग योजना र शिवपुर डिभिजनका ४२ ठेक्काका निर्माण व्यवसायीले उक्त नक्सा पेश नगरेको हुंदा मर्मत संभार कार्य प्रभावित

भएकोले सम्झौताअनुसार एक योजना र एक डिभिजनतर्फ रु.१४ लाख ५० हजार असुल गर्नुपर्दछ । एक योजनाको हकमा सम्झौतामा रकम असुलीको व्यवस्था नभएको हुनाले सो निर्देशिका बनाई पेश गर्न लगाउनु पर्दछ । त्यसैगरी सुनसरी मोरङ र पुल आयोजनाका यसै वर्ष सम्पन्न भएको ७ पुलका निर्माण व्यवसायीबाट नक्सा पेश गर्न लगाउनु पर्दछ र पेश नभएमा सम्झौताअनुसारको रकम असुल गर्नुपर्दछ । कार्यालयले पत्राचार गरी पेश गर्न लगाइने जवाफ दिएको छ

२६. **कार्य सम्पन्न –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीले काम समयमै गर्न भरमग्दुर प्रयास गरे नगरेको, सम्बन्धित निकायले निर्माण व्यवसायीलाई उपलब्ध गराउनुपर्ने कुरा गराए नगराएको र काबु बाहिरको परिस्थिति रहे नरहेको जाँचबुझ गरी कारण मनासिब देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । डिभिजन सडक कार्यालय, मोरङ्गले शिविरहरुको पहुंच मार्ग निर्माण गर्न २०६५।३।३० सम्म ३ देखि १५ दिनमा सम्पन्न गर्ने गरी २०६५ आषाढमै रु.३ करोड ८४ लाख ६० हजारमा ८ ठेक्का गरेको देखियो । ती ठेक्काहरुको म्याद समाप्त भएको ३ वर्षपछि सबै ठेक्काको एउटै मितिमा माथिका आधार बेगर ८ महिनाका दरले म्याद थप गरी थपिएको मितिमा एकै दिन कार्य सम्पन्न भएको देखाई तपसिलअनुसार भुक्तानी हुन बाँकी रु.२ करोड ५ लाख ८२ हजार यो वर्ष भुक्तानी दिएको छ । ठेक्का सम्पन्न गर्न दिएको २ देखि १५ दिनको अवधि अपर्याप्त छ । ढिलो म्याद थप गर्नुको कारण उल्लेख गरेको छैन । सम्बन्धित निकायबाट यसको छानबिन गर्नुपर्दछ । विभागीय प्रमुखबाट म्याद थप ढिलो भएको जवाफ प्राप्त भएको छ ।

क्र.सं..	खरिद सम्झौता नम्बर	खरिद सम्झौता मिति	खरिद सम्झौता अवधि	म्याद थप	म्याद थप निर्णय मिति	कार्य सम्पन्न मिति	ठेक्का अङ्क (रु.हजारमा)	यस वर्षको भुक्तानी (रु.हजारमा)
१	५९.०६४.६५	२०६५/३/१५	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	३३,६८	२३,७८
	६३.०६४.६५	२०६५/३/१५	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	४५,१५	२१,८७
२	६०.०६४.६५	२०६५/३/२४	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	४२,९९	१८,०१
	६२.०६४.६५	२०६५/३/२६	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	३४,७७	९,८२
३	५८.०६४.६५	२०६५/३/२७	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	५७,०१	२३,४१
४	५५.०६४.६५	२०६५/३/२९	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	४६,१८	२८,५१
५	६४.०६४.६५	२०६५/३/२९	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	९,८४	७,१८
६	६१.०६४.६५	२०६५/३/२९	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	४६,४८	३४,४०
७	६.०६४.६५	२०६५/३/२९	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	३२,१५	८,५३
८	५७.०६४.६५	२०६५/३/२९	२०६५/३/३०	२०६५/११/२९	२०६८/३/३१	२०६५/११/२९	३६,३५	३०,३१
							३,८४,६०	**२,०५,८२**

२७. **काम नगर्ने निर्माण व्यवसायी** – निर्माण व्यवसायीहरुले ठेक्का सम्झौता साथ पेश गरेको कार्यतालिका र अवधिभित्र ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा सम्झौता अवधिभित्र कार्यसम्पादन नगरेको कारणले पेश्की फछ्यौंट हुन नसकेकोमा बैङ्क जमानत जफत गरी १० प्रतिशत ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ । नियमको उपर्युक्त प्रावधानअनुरुप नभएको व्यहोरा देहायमा छन्:

२७.१ निम्नानुसार सडक तथा पुल निर्माण कार्यका निर्माण व्यवसायीले मोबिलाईजेशन पेश्की लिने, खरिद सम्झौता गर्दा नियमानुसार कार्यसम्पादन तालिका पेश नगर्ने तथा खरिद सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि समाप्त भइसक्दा पनि कार्य प्रारम्भ नगर्ने एवं कार्यतालिकाअनुसार निर्माण कार्य सुरु गरेर पनि २५ प्रतिशत्भन्दा न्यून प्रगति गरेको देखियो । सम्पन्न गर्नुपर्ने अवधि समाप्त भईसक्दा पनि निर्माण कार्य प्रारम्भ नगर्ने निर्माण व्यवसायीको म्याद थप सम्बन्धी कारबाही भएको देखिएन ।

(रु.हजारमा)

काम	कार्यालय	सम्झौता मिति	सम्पन्न गर्नु पर्ने अवधि	सम्झौता रकम	पेश्की बाँकी	प्रगति प्रतिशत
धमना पुल	सुनसरी मोरङ्ग पुल आयोजना	२०६७/३/३१	२०६९/३/३०	१५६५१	१९७०	कार्य सुरु नभएको
थलहा पुल	सुनसरी मोरङ्ग पुल आयोजना	२०६७/३/३१	२०६९/३/३०	१०२००	१३५४	कार्य सुरु नभएको
चुरेघाटी राँके सर्फेस डेसिङ्ग	पुर्वाञ्चल क्षेत्रीय निर्देशनालय	२०६८/२/१९	२०६९/७/२२	३४१७२	३०३४	कार्य सुरु नभएको
ठूटे खोला पुल	हुलाकी लोकमार्ग आयोजना, हेटौंडा	२०६७/२/४	२०६९/८/४	६९७२१	१२३४०	कार्य सुरु नभएको
चतरा पुल	कोशी पुल (चतरा) योजना	२०६८/७/२८	२०७१/१/२७	७०१३७०	२०७५३	कार्य सुरु नभएको
माईखोला पुल	डिभिजन सडक, इलाम	२०६८/३/२९	२०७०/३/२८	३७९४९	५५३५	१८
टिमाईखोला पुल	डिभिजन सडक, इलाम	२०६८/३/३०	२०७०/३/२९	३०२५१	२२००	कार्य सुरु नभएको
सिद्धिखोला पुल	डिभिजन सडक, इलाम	२०६८/३/२९	२०६९/६/२८	११६९६	१९००	कार्य सुरु नभएक
गरुवाखोला पुल	डिभिजन सडक, इलाम	२०६८/३/२९	२०७०/३/२८	१८६६३	१९००	कार्य सुरु नभएक
देउमाइ खोला पुल	डिभिजन सडक, इलाम	२०६६/३/३०	२०६८/९/३०	२६५००	३१००	१९

ती व्यवसायीबाट नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गरी कार्य सम्पन्न गर्न लगाउनुपर्दछ ।

२७.२ डिभिजन सडक कार्यालय, हेटौंडा अन्तर्गतको हाँडीखोला पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर समेत रु.१ करोड ५४ लाख ८५ हजारमा २०७०।४।२७ सम्म निर्माण सम्पन्न गर्ने गरी २०६८।५।६ मा सम्झौता भएको थियो । पुलको निर्माण कार्य सुरु हुन लाग्दा विवाद भई सरोकारवालाको पहलमा २०६९।३।४ को सचिवस्तरीय निर्णयबाट ठेक्का तोड्ने र करारअनुसारको दायित्व फरफारक गर्ने निर्णय भएको छ । निर्माण व्यवसायीले निर्माण सामग्री, कामदार तथा उपकरणको रु.४५ लाख ५७ हजार क्षतिपूर्ति दाबी गरेकोमा सोही स्तरको निर्णयबाट उक्त क्षतिपूर्ति दिने निर्णयसमेत भएकोले सरकारलाई व्ययभार पर्न गएको छ ।

२७.३ उदयपुरको घुर्मी र ओखलढुङ्गाको हर्कपुरलाई जोड्न मध्य पहाडी लोकमार्गमा पर्ने सुनकोशी पुल निर्माण गर्न नेपाल सरकारको स्रोतबाट भेरिएसन थपसमेत रु.१४ करोड ९४ लाख ७९ हजारमा २०५८।५९ मा एक निर्माण व्यवसायीसँग सम्झौता भएको थियो । सो पुल निर्माणमा हालसम्म ९ करोड २२ लाख ४३ हजार खर्च भएको छ । दुई पियर र दुई एबुटमेन्टको काम जमीनको सतहसम्म भएको पाइयो । फाउण्डेशनमा कडा चट्टान फेला परी डिजाइन परिवर्तन गरेर काम भएकोमा डिजाईन परिवर्तन गर्न लामो समय लागेको कारण रणनैतिक सडक सञ्जालमा पर्ने सो पुलको निर्माण नहुंदा वर्षमा करिब ६ महिना यातायात बन्द भई त्यस नदीदेखि पूर्वतर्फ निर्माण हुने सोही आयोजनाको सडक र हर्कपुर-ओखलढुङ्गा सडकको निर्माणमा समेत अवरोध आएको छ । सोही कारणले सुनकोशी नदीमा बेलिब्रिज जडान र फेरि निर्माण, मर्मत र सञ्चालनमा प्रत्येक वर्ष खर्च गर्नु परेको स्थिति छ । सुपर स्ट्रक्चर बनाउन प्रयोग गरिने स्टीलको लागि २०६६।६७ मा रु.४ करोड ३९ लाख ७१ हजार भुक्तानी भएपनि सवस्ट्रक्चरको काम अहिलेसम्म सम्पन्न नभएकोले सुपर स्ट्रक्चरको कार्य पनि हुन नसकेको अवस्था छ ।

२७.४ साँफेवगर–मंगलसेन–मार्तडी सडक योजनाअन्तर्गत ५ मिटर लामो आर्तोलागाड स्टिलट्रस पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६५।८।२ मा रु.५ करोड १७ लाख ६९ हजारमा सम्झौता भएकोमा यस वर्षसम्म रु.५ करोड ७२ लाख २३ हजार भुक्तानी भएको छ । सम्झौता मितिले २ वर्षभित्र पुल निर्माण सम्पन्न गर्ने म्याद तोकिएकोमा निर्माण सम्पन्न भएको छैन । सुरु लागत अनुमान तयार गर्दा छूट हुन गएको १४६.२२ टन स्टीलको काम गर्नु परेको कारण जनाई १४.७८ प्रतिशतले रु.७६ लाख ५१ हजार भेरिएसन भएको पाइयो । यसबाट पुल निर्माण तोकिएको समयमा सम्पन्न हुन सक्ने देखिदैन । यस विषयमा आगामी दिनमा योजना सजग रहने प्रतिक्रिया पेश भएको छ ।

२७.५ सुनसरी मोरङ्ग पुल आयोजनाको रु.३ करोड १२ लाल ४४ हजार ठेक्का अङ्कको सेउतीखोला र हटीयाखोला पुल निर्माणमा रु.४३ लाख ५१ हजार पेश्की दिएकोमा २०६९ भाद्रमा साइट निरीक्षण गर्दा निर्माण सुरु भएको पाइएन ।

२७.६ मध्य पहाडी लोकमार्ग योजनाको दुबै खण्डमा रु.१ अर्ब ७१ करोड २१ लाखका ७२ ठेक्काका निर्माण व्यवसायीहरुले सम्झौता गरेको मितिले ८ देखि २८ महिनासम्म काम सुरु गरेका छैनन् । केही ठेक्काहरु पहुंच मार्गको अभाव र डाइभर्सनको समस्याले सुरु नभएको जानकारी गराइए पनि अधिकांश ठेक्काहरुको काम निर्माण व्यवसायीकै कारणले सुरु भएको छैन । काम सुरु नगर्दै म्याद समाप्त भएका ठेक्काहरु धेरै छन् । उदाहरणको रुपमा पूर्वी खण्डका रु.१४ करोड २८ लाख ४ हजारका १८ ठेक्काहरुको म्याद समाप्त भईसकेको छ । काम सुरु नगर्ने निर्माण व्यवसायीहरुलाई सूचना प्रकाशन बाहेक कुनै कारबाही गरेको छैन । परिणामस्वरुप निर्माण कार्यमा ढिलाई हुन गएको र मोबिलाइजेशन पेश्की रु.५ करोड ४१ लाख १२ हजार प्रतिफल विहिन भई पुल निर्माणमा अवरोध पुगेको छ । मोबिलाइजेशन पेश्की लिई काम सुरु नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार आवश्यक कारबाही गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

यसै वर्षदेखि योजनाको पूर्वी खण्ड घुर्मी-चतरा सडकको ट्र्याक खोल्न एक निर्माण व्यवसायीसँग रु.८२ लाख ५१ हजारमा २०६८।९।१२ मा सम्झौता भएको थियो । निर्माण व्यवसायीले रु.१८ लाख ७ हजारको काम गरी बाँकी काम छाडेको र अवलोकन गर्दा साइटमा अनुपस्थित रहेको समेत पाइयो । परिणामस्वरुप पहुँच मार्गको निर्माण नहुंदा त्यसअघि पर्ने ठेक्काहरुको समेत काम हुन सकेको छैन । यसैगरी सो सडक पिच गर्ने ठेक्काको एक निर्माण व्यवसायी अदालती प्रक्रियामा गएको कारण काम सुरु हुन नसकेकोमा हाल सो प्रक्रियाको टुङ्गो लागि योजनाले काम सुरु गर्न २०६९।९।१७ मा पत्राचार गरेको अवस्थामा समेत सुरु गरेको देखिएन । साइटमा निर्माण व्यवसायी परिचालित नभएकोले सम्झौतानुसार कारबाही गर्नुपर्ने देखिन्छ ।

२७.७ मध्य पहाडी लोकमार्ग पूर्वी खण्डको खुर्कोट-घुर्मी सडक खण्डमा पर्ने पुल निर्माणका १० ठेक्काहरुको साइट अवलोकन गर्दा २०६९ मंसीर र पौषमा म्याद समाप्त भएका तीन ठेक्काहरुको सम्झौता भएको मितिले १ वर्ष अर्थात् २०६९ आषाढसम्म काम सुरु भएको छैन । त्यसैगरी योजनाको पश्चिम खण्डको बाग्लुङ्गदेखि झिवाखोला खण्डको साइट अवलोकन गर्दा ६ पुल र २ सडकको ठेक्काको काम बन्द रहेको तथा दुई सडक र तीन पुलका ठेक्काहरुको कार्य सम्पन्न गर्ने म्याद समाप्त भइसके पनि एक वर्षभन्दा बढी अवधिसम्म निर्माण सुरु गरेको छैन । सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायी उपर कारबाही हुनुपर्दछ ।

यसैगरी खरवाङ्ग–वुर्तिवाङ्ग खण्डमा रु.८२ लाख ३१ हजारको ग्राभेल समेत गर्ने ठेक्का २०६९।७० मा पुरा भएपनि स्पेसिफिकेसनअनुसार कम्प्याक्सन नभएको र ग्राभेल सामग्रीहरु सडकमा यत्रतत्र छरिएको अवलोकनबाट देखिएकोले सम्बन्धित निर्माण व्यवसायीमार्फत त्यसको सुधार गर्नुपर्दछ ।

२७.८ डिभिजन सडक कार्यालय, सुर्खेतको छिन्चु–जाजरकोट सडक खण्डको एक पुलको फाउण्डेशन र सवस्ट्रक्चर निर्माण गर्न मूल्य अभिवृद्धि कर बाहेक रु.२ करोड ७० लाख ८ हजारमा ठेक्का भई हालसम्म रु.२ करोड ३१ लाख ६० हजार भुक्तानी भएको छ । उक्त पुल निर्माण २०६५।३।२८ मा सम्पन्न गर्नुपर्नेमा २०६८ असोजसम्म म्याद थप भई तत्पश्चात म्याद थप भएको छैन । २०६४।५।२९ मा स्थलगत अवलोकन गर्दा १४ मिटर धसाउनुपर्ने २ वेल क्रमशः १० मिटर र ९ मिटर मात्र धसाई सवस्ट्रक्चर निर्माण गर्न बाँकी छदै सुपरस्ट्रक्चर निर्माण गर्न २०६८।३।२४ मा रु.७ करोड ५७ लाख ६६ हजारमा अर्को सम्झौता गरी स्टीलट्रसको काम गर्न रु.२ करोड १५ लाख २० हजार भुक्तानी दिएको छ । सवस्ट्रक्चरको काम नहुदै सुपर स्ट्रक्चरको ठेक्का गरेकोले दुबै ठेक्का अधुरा रहेका छन् । सवस्ट्रक्चर अधुरो राख्ने निर्माण व्यवसायीलाई कारबाही गरेको छैन । लेखापरीक्षणबाट प्राप्त सुझावअनुसार गरिने जवाफ प्राप्त भएको छ ।



१० मिटर धसिएको भनिएको वेल *९ मिटर धसिएको भनिएको वेल* *निर्मित वेल*





निष्क्रिय सुपर स्ट्रक्चरका सामग्री

२७.९ डिभिजन सडक कार्यालय, काठमाडौंले तिलगंगा–ताम्रगंगा सडक खण्ड हाल २.५ कि.मी. रहेकोमा ६१० मिटर टनेल निर्माण गर्नको लागि एक निर्माण व्यवसायीसँग रु.१६ करोड ८३ लाख ६५ हजार लागतमा २०६९।९।२९ सम्म सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई रु.६५ लाख मोविलाइजेशन पेश्की दिएको छ । पशुपति क्षेत्र विश्व सम्पदा सूचीमा रहेको र उक्त सडक निर्माण गरेमा सो सूचीबाट हटाउन सक्ने चेतावनी युनेस्कोले दिएकोले निर्माण स्थल उपलब्ध गराउन नसकी निर्माण कार्य सुरु गर्न सकेको देखिएन । सम्बन्धित निकायको सहमती लिनुपर्ने भएमा लिएर मात्र सम्झौता गर्नुपर्नेमा कार्यालयले हाल उक्त निर्माण कार्य सुरु गराउन पनि नसकेको र ठेक्का रद्द पनि गर्न सकेको छैन ।

२७.१० डिभिजन सडक कार्यालय, हेटौंडा अन्तर्गत बाराको छाता पिपरा स्थित सिर्सिया खोलाको एक पुलको बीचको एक पियर केही धसिन गई क्षति भएकोमा त्यसको मर्मत सम्भारतर्फ ध्यान नदिई सोही पुलको करिब २० मिटर नजिक अर्को एक लेनको नयाँ पुल निर्माणाधीन अवस्थामा रहेको छ ।



धसिएको पियर

डिभिजन सडक कार्यालय, नुवाकोटबाट संञ्चालित गंगटे–लब्धु–समुन्द्रटार–गोल्फु भन्ज्याङ्ग सडक आयोजना रु. २९ करोड ६८ लाख २० हजारको लागतमा २०४८।४९ देखि सुरु भई २०६८।६९ सम्म रु.३२ करोड १८ लाख ६३ हजार खर्च गरी ५० प्रतिशत प्रगति भएको देखिन्छ । संशोधित लागत अनुमान रु.६२ करोड ६२ लाख ८५ हजार देखाइएको छ । २०६८।६९ मा ३ कि.मि. ओटासिल गर्ने लक्ष्य रहेकोमा ग्राभेलिङ्गको कार्य मात्र भएको देखियो । २०६९।६।५ मा स्थलगत अवलोकन गर्दा विगत वर्षमा गरिएको २५ कि.मि.को ओटासिल कार्य पनि ठाँउठाँउमा उप्किएको एवं पहिरोले बाटो बिगारेको देखियो । पर्याप्त बजेट विनियोजन नहुँदा २० वर्षसम्म सडक निर्माण कार्य अधुरो रहन गएको छ । लेखापरीक्षणबाट प्राप्त सुझावअनुसार आगामी दिनमा सुधार गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

२७.११ डिभिजन सडक कार्यालय, बुटवल र दमकले पुल निर्माण कार्यको सम्झौता र कार्य तालिका बमोजिम निर्माणाधीन ४५ पुलमध्ये यसवर्ष ७ पुल सम्पन्न गर्ने लक्ष्य रहेकोमा १ पुल मात्र सम्पन्न भएको स्थिति छ ।

बुटवल अन्तर्गत निर्माणाधीन विष्णुपूरा बधेला पुल सम्पन्न हुन नसकी दुई पटक म्याद थप हुंदा समेत कार्य हुन सकेको छैन । सुपर स्ट्क्चरको समेत कार्य भई सकेकोमा नदी नियन्त्रण र एप्रोच सडकको काम बांकी रहेको छ । नवलपरासीको खजुरा पुल ३६ महिना अर्थात् १२० प्रतिशत समय व्यतीत भइसक्दा २१ प्रतिशत मात्र काम भएको छ ।

सम्झौताअनुसार कार्यसम्पन्न हुन नसक्दा प्राप्त हुने प्रतिफल गुम्ने स्थिति छ भने आगामी वर्षमा जिम्मेवारी सर्दा कार्यबोझ बढ्ने, बजेट व्यवस्थापनमा कठिनाई हुने, निर्माण कार्यको लागत बढ्ने हुंदा खरिद नियमावली र सम्झौताको शर्तबमोजिम आवश्यक कारबाही गरी कार्य सम्पन्न गराउनुपर्दछ ।



एप्रोच सडक नभएको अधुरो बघेला पुल

२८. **मोबिलाइजेसन पेश्की –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) अनुसार ठेक्का अवधिमा मोबिलाइजेसन पेश्की फछ्यौंट नभएमा बैङ्क जमानीबाट पेश्की र १० प्रतिशतका दरले ब्याज असुल गर्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय, हेटौडा र भरतपुर अन्तर्गत १३ ठेक्काको बैङ्क जमानी कम अवधिको लिएको कारण पेश्की फछ्यौंट नहुदै त्यसको म्याद समाप्त भएकोले रु.३ करोड ५६ लाख ४९ हजार मोबिलाइजेसन पेश्की जोखिममा परेको छ । आवश्यक कारबाही गरी उक्त पेश्की तथा ब्याज असुल गरिनुपर्दछ ।

२९. **धरौटी खातामा दाखिला –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६५ अनुसार निर्माण व्यवसायीबाट जफत गरेको रकम राजस्व दाखिला गर्नुपर्ने र धरौटी खातामा धरौटी कारोबारको रकम मात्र राख्नुपर्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय, जनकपुरको एक पुल निर्माणको अन्तिम बिलको रु.२२ लाख १८ हजार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निर्णय भई आएपछि भुक्तानी दिने गरी धरौटीमा राखेको पाइयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कुनै निर्देशन प्राप्त नभएको र फ्रिज हुने अवस्थामा धरौटी खातामा राखिएको जवाफ पेश भएको छ ।

३०. **लेखापरीक्षण –** डिभिजन सडक कार्यालय, हेटौडा अन्तर्गत २०६७६८ र २०६८६९ मा खरिद सम्झौता भएका पुलहरुको निर्माण कार्यका लागि एउटै निर्माण व्यवसायी छनौट भएको सन्दर्भमा आवश्यक छानबिन तथा अनुसन्धान गर्ने प्रयोजनार्थ ७ पुल निर्माण सम्बन्धी बोलपत्र मूल्याङ्कन तथा स्वीकृति सम्बन्धी सक्कल कागजात अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको देखिन्छ । छानबिन तथा अनुसन्धानको क्रममा रहेका ती निर्माण कार्यमा यो वर्ष रु.९ करोड ३३ लाख ७७ हजार खर्च भएकोमा आंशिक स्रेस्ताको आधारमा मात्र लेखापरीक्षण गरिएको छ ।

डिभिजन सडक कार्यालय, जनकपुरले मराहा खोला पुल निर्माण कार्य बापत संयुक्त उपक्रमका एक निर्माण व्यवसायीको नाममा यस वर्ष नवौंदेखि बाह्रौं रनिङ्ग बिलसम्मको रु.२ करोड ३३ लाख ५१ हजार र जंघा नदी पुल निर्माण कार्य बापत संयुक्त उपक्रमका अर्को एक निर्माण व्यवसायीको नाममा पाचौं र छैठौं रनिङ्ग बिलको रु.१ करोड ९९ लाख ६६ हजार खर्च लेखेको छ । सोको ठेक्का फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानबिनको क्रममा रहेकोले ठेक्का बिलमा उल्लिखित दररेट, भुक्तानी प्रक्रिया, ठेक्का रकम तथा नापी किताबको परीक्षण गर्न सकिएन । फाइल फिर्ता प्राप्त भएपछि लेखापरीक्षणका लागि पेश गरिने जवाफ प्राप्त भएको छ ।

३१. **प्रक्रिया बेगरको भुक्तानी** – सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, नक्सा, डिजाइन, लागत अनुमान तयार गरी निर्माण कार्य गराउनको लागि नियमावलीको अनुसूची ४ बमोजिमका सम्झौतामध्ये कुनै एक सम्झौता गर्न सक्ने व्यवस्था छ । सडक विभागले डिभिजन सडक कार्यालय, विराटनगरको छानबिन गर्नको लागि गठित समितिले पेश गरेको प्रतिवेदनमा माओबादी सहायक शिविर याङ्गशिलामा तत्कालीन डिभिजन प्रमुखको मौखिक आदेशमा एक निर्माण व्यवसायीले मूल्य अभिवृद्धि कर समेत रु.१ करोड ८ लाख २२ हजारको ग्राभेलिङ्ग र ह्यूम पाइप सम्बन्धी निर्माण कार्यको भुक्तानी भएको छ । यस सम्बन्धमा राष्ट्रिय योजना आयोगले स्वीकृत गरेको कार्यक्रम र छानबिन समितिले सिफारिस गरेको आधारमा कार्य सम्पन्न लिई

भुक्तानी दिने गरी मन्त्रिपरिषद्बाट २०६९।३।२८ मा निर्णय भएको देखिन्छ । खरिद प्रक्रिया पूरा नगरी भएका कामको मन्त्रिपरिषद्बाट निर्णय गरी भुक्तानी दिने प्रक्रिया मनासिब मान्न सकिएन ।

३२. **अवधि समाप्त भएको जमानी –** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार त्रुटि सच्याउने अवधिसम्मको कार्यसम्पादन जमानी र सम्झौतामा तोकिएअनुसार करिब ठेक्का अवधिको मोबिलाइजेशन पेश्की जमानी लिई म्याद समाप्त भएपछि थप गर्नुपर्ने व्यवस्था छ । ९ कार्यालयले रु.६ करोड ८९ लाख ८९ हजारको कार्यसम्पादन जमानीको म्याद समाप्त भएकोमा थप गरेका छैनन् । त्यसैगरी ५ कार्यालयले रु.१६ करोड ५४ लाख २२ हजार म्याद समाप्त भएको मोबिलाईजेशन पेश्की जमानीको म्याद थप गरेका छैनन् । यसबाट जमानी रकम जोखिममा पर्न गएको छ । यसप्रकारको प्रवृत्तिमा नियन्त्रण गरी बैङ्क जमानीको म्याद थप गर्न लगाउनुपर्दछ ।

३३. **परामर्शदातालाई भुक्तानी –** पुल आयोजना, बबरमहलअन्तर्गत पुलहरुको सर्भेक्षण तथा डिजाइन गर्न परामर्शदाताहरु छनौट भई कार्य गर्दै आइरहेका छन् । आयोजनाको कार्यक्रमअनुसार २०६५।६६ का २४९, २०६६।६७ का २१०, २०६७।६८ का २२४ समेत ६८३ परामर्शदातालाई भुक्तानी दिन बाँकी राखेको मध्ये २०६६।६७ को रु.२ करोड ३७ लाख ११ हजार बिलको आधारमा भुक्तानी भएको देखिन्छ । परामर्शदातासँग भएका सम्झौता, भुक्तानी दिन बाँकीको विवरण र बाँकी रहनुका कारण खुल्ने कागजातबेगर भुक्तानी गर्न मिल्ने देखिदैन । परामर्शदातासँग भएका सम्झौता एवं भुक्तानी लगायतको विवरण पेश गर्नुपर्दछ ।

३४. **नर्म्स –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम २ मा निर्माण कार्यको स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पुल आयोजना, बबरमहलबाट यस वर्ष खरिद भएका ४ र हुलाकी राजमार्गअन्तर्गत खरिद सम्झौता भएका २ गरी ६ पुलहरुको निर्माण कार्य डिजाइन तथा निर्माण प्रक्रिया मार्फत हुने गरी सम्झौता भएको पाइयो । डिजाइन तथा निर्माण प्रक्रियाबाट निर्माण गरिने पुलहरुको लागत अनुमान तयार गर्न सडक विभागले हालसम्म नर्म्स तयार नगरेको हुंदा विगतमा निर्माण भएका पुलहरुको दरको औसत लिई लागत अनुमान तयार गरेको पाइयो । अत: नियमानुसार नर्म्स तयार गरी कार्य गर्नुपर्ने देखिन्छ ।

३५. **असम्बन्धित खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने खर्च गर्न सक्ने व्यवस्था छ । १८ कार्यालयहरुले सडक तथा पुलहरुको खरिद सम्झौता गर्दा बिल अफ क्वान्टिटीमा निर्माण व्यवसायीबाट कार्यालय मर्मत सम्भार, भिडियो क्यामेरा, मोटरसाइकल, गाडी भाडा आदि आपूर्ति हुने गरी रु.१५ करोड २६ लाख २१ हजारका सामानहरु प्राप्त गर्ने व्यवस्था गरेका छन् । जसमध्ये १५ कार्यालयले गाडी भाडाबापत मात्र रु.११ करोड ५० लाख ७८ हजार छुट्याएका छन् । यसप्रकारको खर्च सम्बन्धित बजेट शीर्षकमा बजेट व्यवस्था गरी खर्च गर्नुपर्दछ । सडक विभागले मध्य पहाडी लोकमार्गका २ योजनाको कन्टिन्जेन्सीबाट २०६७।६८ मा गाडी खरिद गरी सकेको अवस्थामा २०६८।६९ मा ठेक्कामार्फत गाडी भाडामा लिने कार्य जारी राखेका छन् । सडक विभागको नीतिअनुसार गरेको, सुपरभिजन गर्ने गाडी अभाव भएको, साईट लामो भएकोले गाडी भाडामा लिनु परेको जवाफ प्राप्त भएको छ ।

मध्य पहाडी लोकमार्ग योजना, (पूर्वी र पश्चिम खण्ड)

३६. **कर विवरण** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम करदाताले आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र मूल्य अभिवृद्धि कर विवरण बुझाउनुपर्ने व्यवस्था छ । योजनाको पूर्वी खण्डका ठेक्का अवधिमा मूल्य अभिवृद्धि कर भुक्तानी लिएका १८ निर्माण व्यवसायीहरुले कर विवरण पेश गरे नगरेको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु मार्फत

प्राप्त जानकारीअनुसार ६ निर्माण व्यवसायीले रु.५२ लाख ७ हजारको कर विवरण घटी बुझाएको देखिएकोले प्रचलित नियमानुसार असुल गर्नुपर्दछ ।

३७. **परामर्श सेवा-** सार्वजनिक खरिद ऐन २०६६को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायको आफ्नै जनशक्तिबाट नहुने कामको लागि मात्र परामर्शसेवा लिनुपर्ने व्यवस्था छ । विभिन्न सडक खण्डहरुको सर्भे, डिजाइन तथा लागत अनमान तयार गर्ने परामर्शदाता फर्महरुसँग १७ टुक्रामा सम्झौता गरी रु.१ करोड ६० लाख ६३ हजार भुक्तानी दिएको छ । जसमध्ये चियो भन्ज्याङ-गणेशचौक, जोरसाल-सक्रान्ती बजार र घुर्मी-खुर्कोट सडक खण्डहरुको वातावरणीय प्रभाव अध्ययन गर्ने एक परामर्शदातासँग रु १९ लाख १५ हजारमा २०६७/३/२२ मा सम्पन्न गर्ने गरी सम्झौता भई हालसम्म रु.१२ लाख ७१ हजार भुक्तानी भएको र २०६९/९/२९ सम्म म्याद थप गरेको देखियो । १७ महिनामा सम्पन्न गर्नु पर्ने काम ३६ महिनासम्म अधुरो रहन गएको छ ।

३८. **वातावरण संरक्षण -** आर्थिक, प्राविधिक, सामाजिक अध्ययन तथा विश्लेषणको अतिरिक्त वातावरणीय पक्षको पनि विश्लेषण गरी त्यसको संरक्षण गर्न पर्याप्त व्यवस्था गर्नुपर्ने विषयमा वन ऐन तथा वतावरण र्सरक्षण ऐनमा उल्लेख छ । यस सम्वन्धमा देखिएको प्रमुख व्यहोरा निम्न छन्:

३८.१ सडक तथा पुलहरु निर्माण गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिने उद्देश्यले सानातिना संरचना निर्माण गर्ने, घाँस र रुख रोप्ने र ग्रास लेयर राख्ने कार्य गर्नुपर्नेमा गरेको छैन । खुर्कोट–घुर्मी खण्डको अवलोकन गर्दा अक्करे भीर र देउरालीटारको एक भीरको सडकदेखि माथिल्लो भागबाट ढुङ्गा निकाली तल्लो भागमा रिटेनिङ्गवाल लगाउने गरेको अवलोकनबाट देखियो । स्लोपको सट्टा ठाडो कटिङ्ग गरी ट्रयाक खोलिएका ती स्थानबाट पुन: ढुङ्गा निकाल्दा पहिरो गई सडक क्षति हुने जोखिम देखिन्छ । अन्य सडक खण्डहरुमा पनि यही रुपले कटिङ्ग गरेको कारण उक्त जोखिम बढी रहेको पाइयो ।

३९. **त्रुटिपूर्ण लागत अनुमान –** परामर्शदाता र योजनाले तयार गरेको लागत अनुमान सामान्यतया मिल्नुपर्दछ । तर मध्य पहाडी लोकमार्ग योजना पश्चिम खण्डबाट २०६७।६८ र २०६८।६९ मा निर्माण सुरु भएका ४ पुलको लागत अनुमान सुरुमा परामर्शदाताले तयार गरी बोलपत्र गर्नु अघि आयोजनाले संशोधन गर्दा एक पुलमा रु.२ करोड ६१ लाख २७ हजार लागत अनुमान बढ्न गएको र ३ पुलमा रु.९ करोड ८७ लाख ३२ हजार घट्न गएको छ । योजनाबाट प्राप्त विवरणमा परामर्शदाताले लिड र दर विश्लेषण फरक पारेको, परिमाण थपघट भएको कारणहरु देखाइएको छ । परामर्शदाताको गल्तीले योजनाले पुन: सोही काम गर्नु पर्दा ठेक्का गर्ने समय पर सर्ने र लागत अनुमान संशोधन गर्दा थप खर्च हुने गरेकोले लागत अनुमान संशोधन गर्न परामर्शदातालाई नै जिम्मेवार बनाउनुपर्दछ । साथै लिड र दर विश्लेषण फरक पार्ने परामर्शदातालाई कारबाही पनि हुनुपर्दछ ।

आयोजना निर्देशनालय (एसियाली विकास बैङ्क)

४०. **सम्झौता –** नेपाल र एसियाली विकास बैङ्कबीच रोड कनेक्टिभिटी सेक्टर प्रोजेक्टबाट ३० डिसेम्वर २०१२ सम्म कार्यान्वयन गर्न २३ ठेक्का सम्झौता भएकोमा बन्द हडताल, प्रतिकूल मौसम, जगमा ढुङ्गा आएको आदि कारण देखाई तीन पटकमा ४५५ दिन म्याद थप हुँदा रु.१६ करोड २९ लाख ३२ हजारको सुनकोशी पुलको निर्माण सम्पन्न नभएकोले ३० जुन २०१३ सम्म सहायता सम्झौता अवधि थप गरेको देखिन्छ । हालसम्मको प्रगति ५८ प्रतिशत रहेकोले थप अवधिमा पनि कार्य पूरा हुने सम्भावना देखिदैन । ठेक्का अवधि ७०० दिन रहेकोमा ५० प्रतिशत म्याद थप गर्दा पनि प्रगति सन्तोषजनक पाइएन ।

४१. **प्रोभिजनल सम –** आयोजना निर्देशनालय (ए.डी.बी.) को कनेक्टिभिटी सेक्टर प्रोजेक्ट अन्तर्गतका चार ठेक्काहरुको विभिन्न ठेक्का बिलहरु भुक्तानी गर्दा बिल अफ क्वान्टिटीमा राखेको प्रोभिजनल सम आइटमको रु.१० लाख ४१ हजारसमेत भुक्तानी भएको छ । भुक्तानी दिँदा निर्माण व्यवसायीबाट ठेक्का बिलसँग रकम

खर्च गर्ने आदेश, खर्चका बिल भरपाई संलग्न गर्नुपर्नेमा संलग्न गरेको पाइएन । खर्च प्रमाणित हुने कागजातहरु पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

४२. **सम्झौता संशोधन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम ३ अनुसार म्याद थप गर्दा सम्वन्धित निर्माण व्यवसायीले सम्झौता अवधिमा कार्यसम्पन्न गर्न भरमग्दुर प्रयास गरेको हुनुपर्ने र काबु बाहिरको परिस्थितिको कारणबाट ढिलाई भएको हुनुपर्ने उल्लेख छ । फिदिम–ताप्लेजुङ्ग सडकको ठेक्का नं. ४ र ११ का दुई निर्माण व्यवसायीसँग रु.२३ करोड १ लाख ५७ हजारमा खरिद सम्झौता भएकोमा निर्माण व्यवसायीलाई पटक पटक साइटमा उपस्थित हुन पत्राचार गरेको तथा परामर्शदाता समेतको उपस्थितिमा भएका बैठकमा पनि सोही व्यहोरा उल्लेख भएको देखिएपनि पूर्व निर्धारित क्षतिपूर्ति लगाउंदा निर्माण व्यवसायीलाई वित्तीय संकट पर्ने कारण देखाई सम्झौतामा दफा संशोधन गरी पूरै रकम भुक्तानी दिएको छ । निर्माण व्यवसायीकै कारणले ढिलाई भएको पुष्टि हुँदाहुँदै पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने गत वर्षको लेखापरीक्षण प्रतिवेदनलाई समेत बिचार नगरी पूर्व निर्धारित क्षतिपूर्ति नलगाई निर्माण कार्य सम्पन्न भए पश्चात म्याद थप गरेकोले जिम्मेवार व्यक्ति उपर आवश्यक कारबाही हुनुपर्दछ ।

४३. **भन्सार छुट –** आयोजना निर्देशनालय (ए.डी.बी.) को उपक्षेत्रीय यातायात अभिवृद्धि आयोजनाअन्तर्गत खरिद सम्झौताको दफा २१.४, २१.५, ७१ र ७२.१ मा निर्माण कार्यको लागि आवश्यक हेभी इक्विपमेन्ट र सवारीसाधनहरु भन्सार सुविधामा आयात गर्न पाउने व्यवस्था छ । आयोजनाका ८ ठेक्काका लागि १३१ हेभी इक्वीपमेन्ट तथा सवारीसाधन खरिदको लागि परामर्शदाताको सिफारिसमा निर्देशनालयमार्फत अर्थ मन्त्रालयको स्वीकृति लिएको पाइयो । यसमध्ये ओखलढुङ्गा सल्लेरी सडक अन्तर्गतका ५ ठेक्का लिने एकै निर्माण व्यवसायीलाई १०२ हेभी इक्वीपमेन्ट तथा सवारीसाधन आयातको लागि स्वीकृति दिएको छ । बोलपत्र मूल्याङ्कन गर्दा ५ ठेक्काको लागि ५५ उपकरण तथा सवारीसाधन आवश्यक पर्नेमा ९ नपुग भएको देखिएकोले सोही संख्यामा आयात गर्न स्वीकृति दिनुपर्नेमा १०२ आयात गर्ने स्वीकृति दिएकोले आवश्यकताभन्दा बढीको स्वीकृति दिएको देखियो । यसबाट राजस्व सङ्कलनमा प्रतिकूल प्रभाव पर्न गएकोले स्वीकृति दिने जिम्मेवार अधिकारीलाई कारबाही गर्नुपर्दछ ।

४४. **प्रगति –** ओखलढुङ्गा सल्लेरी सडक निर्माणको लागि तयार गरिएका ५ ठेक्कामा बोलपत्र साथ पेश गरेका यन्त्र उपकरण कम हुँदाहुँदै पनि एकै निर्माण व्यवसायी छनौट भएको छ । दुई वर्षमा सम्पन्न गर्ने गरी १६ डिसेम्बर २०११ मा खरिद सम्झौता भएकोमा ३१ डिसेम्बर २०१२ सम्म सम्पूर्ण प्याकेजको प्रगति ३६ प्रतिशत हुनुपर्नेमा ५ देखि २१ प्रतिशत मात्र प्रगति भएको छ । परामर्शदाताको प्रगति प्रतिवेदनमा निर्माण व्यवसायीले पर्याप्त जनशक्ति उपकरण तथा निर्माण सामग्री उपलब्ध नगराएको उल्लेख छ । तथापी परामर्शदाता तथा निर्देशनालयले निर्माण व्यवसायीलाई समयमा निर्माण कार्य सम्पन्न गराउन पत्राचार तथा ताकेता गरेको छैन । यसरी नै प्रगति भएमा तोकिएको अवधिमा निर्माण सम्पन्न हुने अवस्था देखिदैन ।

यातायात व्यवस्था विभाग

४५. **कार्य सम्पन्न नहुदै भुक्तानी –**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (१) मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख छ । यातायात व्यवस्था विभागले सवारीसाधनहरुको अवस्था परीक्षण गर्न भेइकल फिटनेस टेष्ट सेन्टर निर्माण गर्ने कार्य २०६६।९।३० भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर बाहेक रु.१ करोड ६९ लाख ८५ हजारमा २०६६।२।११ मा खरिद सम्झौता भएकोमा पटक पटक गरी २०६९।३।३१ सम्म म्याद थप गरी सोही दिन (२०६९।३।३१) मा अन्तिम बिल भुक्तानी दिने सचिवस्तरीय सैद्धान्तिक सहमति प्राप्त भएको आधारमा रु.२३ लाख २१ हजारको जडान, परीक्षण र तालिम सञ्चालन कार्य नगरी पूरै रकम भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

४६. **नगदी रसिद –** यातायात व्यवस्था विभागद्वारा स्वीकृत भई कार्यान्वयनमा रहेको कार्यविधि निर्देशिका, २०६० को बुँदा ११.१६(२) मा सवारीसाधन कर दाखिलाको नगदी रसिदमा सवारीको मोडेल वर्ष, सी.सी. र अघिल्लो वर्ष कर तिरेको नगदी रसिद नम्बर, रकम र मिति अनिवार्य रुपले उल्लेख गर्नुपर्ने व्यवस्था छ । यातायात व्यवस्था कार्यालय, नारायणीले विभिन्न शीर्षक अन्तर्गत राजस्व आम्दानी गर्ने क्रममा प्रत्येक सवारीसाधनको लागि छुट्टाछुट्टै नगदी रसिद प्रयोग गरी प्रत्येक सवारीको फाइलमा सक्कल नगदी रसिद राख्नुपर्ने भन्सार विन्दूबाट एउटै प्रज्ञापनपत्रबाट आएका तथा विभिन्न प्रज्ञापन पत्रबाट आयात भएका धेरै सवारीहरुको एउटै नगदी रसिद प्रयोग गर्ने गरेको पाइयो । रसिदको छाँयाप्रति छुट्टै फाइलमा राख्ने गरेको छ । यसबाट प्रत्येक सवारीसाधनबाट असुल गर्नुपर्ने र असुल गरेको विभिन्न कर यकिन गर्न सक्ने अवस्था छैन । उदाहरणको रुपमा विभिन्न मितिमा आयात गरिएको दर्ता नं. ४ ख ६४४ देखी ७१६ सम्मको ७३ सवारीसाधनको सवारीसाधन कर र आयकरबापत क्रमशः रु ३४ हजार र रु.१ लाख ९ हजार रसिद नं. ६६९२६३ बाट आम्दानी गरेको देखियो ।

सडक बोर्ड

४७. **हिसाब मिलान** – यो वर्ष बोर्डले सडक विभागअन्तर्गतका कार्यालयहरुमा रु.२ अर्ब ३ करोड ९४ लाख ९० हजार निकासा दिएको देखाएकोमा कार्यालयहरुले रु.१ अर्ब ८७ करोड २८ लाख ५२ हजार निकासा प्राप्त भएको देखाएबाट रु.१६ करोड ६६ लाख ३८ हजार फरक परेको छ । निकासा रकममा फरक पर्नाको कारण यकिन गरी हिसाब यथार्थ परक बनाउनुपर्दछ ।

४८. **सडक दस्तुर –** सडक बोर्ड ऐन, २०५८ को दफा ४२ ले दिएको अधिकार बमोजिम नेपाल सरकारबाट स्वीकृत सडक दस्तुर उठाउने कार्यविधि सम्बन्धी नियमावली, २०६० को परिच्छेद ३ को नियम (८) बमोजिम सडक उपभोग दस्तुर उठाउन चाहेमा त्यस्तो व्यक्ति वा संस्थाको छनौट बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने प्रावधान रहेको छ । बोर्डले यो वर्ष निम्न सडक खण्डमा निम्न अवधिको सडक उपभोग दस्तुर सम्बन्धित क्षेत्रका सडक डिभिजन कार्यालय मार्फत असुल गरेको छ । यसरी सडक डिभिजन कार्यालय मार्फत सोझै असुल गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिएको देखिदैंन ।

(रु हजारमा)

संकलन केन्द्र	अवधि	कार्यालयबाट मासिक असुली		ठेक्का लगाउदाको असुली	
		घटिमा	बढीमा	अवधि	मासिक
टिकौली	२०६८श्रावण– २०६९वैशाख	४९८	६४५	२०६९ जेष्ठ	
हेटौंडा	२०६८।४।१–२०६९।१।३१	५३२	६८०	आषाढ	२२,४५,
मझिमटार	२०६८आश्विन–२०६९आषाढ	७७४	११६४	२०६८	
नौबिसे	२०६८।६।१–२०६९।३।३१	७७९	११४४	श्रावण–भाद्र	३९०३

उक्त सडकमा सवारीसाधनहरुको चाप दिन प्रतिदिन बढ्दै गएको प्रशासनिक खर्च कार्यालयबाट थप व्यहोर्नु परेको एवं कार्यालयलाई १५ प्रतिशत ओभरहेड दिनुपर्ने अवस्था नरहेको आदि कारणबाट कार्यालयबाट असुल हुने रकम बढी हुनुपर्नेमा निर्माण व्यवसायीबाट असुल गरेकोभन्दा औसतमा आधाभन्दा पनि कम असुल गरेको देखिन्छ । यस सम्बन्धमा सम्बन्धित निकायहरुबाट छानबिन गरी आवश्यक कारबाही गरिनुपर्दछ ।

४९. **हर्जाना –** बोर्डले सडक दस्तुर उठाउन तोकिएको समयमा मासिक किस्ता बुझाउने गरी सम्झौता गरेको छ । सम्झौताबमोजिम हरेक महिनाको किस्ता रकम महिना पूरा भएको ७ दिनभित्र अग्रिम रुपमा बुझाउनुपर्ने र तोकिएको अवधिमा किस्ता नबुझाएमा ढिला बुझाएको अवधिको प्रतिदिन ०.५ प्रतिशतका दरले हर्जाना समेत लाग्ने व्यवस्था छ । यो वर्ष बुटवल नारायणगढ खण्ड र नौबिसे मुग्लिङ्ग खण्डका निर्माण व्यवसायीले २०६८ भाद्रदेखि आषाढसम्मको र नौबिसे मुग्लिङ्ग खण्डका निर्माण व्यवसायीले २०६८ आषाढदेखि

भाद्रसम्मको मासिक किस्ता क्रमश: रु.१६ लाख ५९ हजार र रु.३४ लाख ५४ हजार तोकिएको अवधिमा नवुझाई क्रमश: ४८ र १४४ दिनसम्म ढिला गरी बुझाएकोमा सम्झौताअनुसार हर्जानाबापत क्रमश रु.१२ लाख ८५ हजार र रु.३७ लाख ९४ हजारसमेत रु.५० लाख ७९ हजार घटी हर्जाना असुल गरेको देखिएकोले असुल गर्नुपर्दछ ।

५०. **सडक उपयोग दस्तुर** – नेपाल सरकारले सडकमा सञ्चालन हुने सवारीसाधनबाट सडक उपभोग दस्तुर ऐन बमोजिम सडक दस्तुर उठाउने प्रयोजनका लागि २०५६।६।३ को राजपत्रबाट ९ र २०६७।३।१४ को राजपत्रबाट २ गरी ११ खण्डमा सङ्कलन गर्न तोकेको पाइन्छ । उक्त ११ खण्डमध्ये हाल ४ खण्डबाट मात्र सडक दस्तुर सङ्कलन गर्दै आएकोमा अन्य ७ खण्डमा समेत सडक उपयोग दस्तुर सङ्कलन गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

५१. **निर्माण तथा सम्भार दस्तुर** – सडक बोर्ड ऐन, २०५८ को दफा ७ तथा सडक दस्तुर उठाउने कार्यविधि, २०६० को नियम ३ देखि ७ सम्मको व्यवस्थाअनुसार सबै दस्तुर उठाउने अधिकार बोर्डमा रहेको छ । यातायात व्यवस्था विभाग र नेपाल आयल निगमबाट प्राप्त विवरणअनुसार यो वर्षमा सवारीसाधन दस्तुर एवं सवारी इन्धन दस्तुर बापत क्रमश: रु.१ अर्ब ४३ करोड ९७ लाख ८४ हजार र रु.२ अर्ब ९ करोड ७८ लाख ६० लाख समेत रु. ३ अर्ब ५३ करोड ७६ लाख ४४ हजार असुल भएको देखिएकोमा यो वर्ष बोर्डलाई रु.२ अर्ब ७६ करोड ८० लाख मात्र उपलब्ध गराइएको पाइयो । उपरोक्त दुबै निकायबाट असुल भएको रकम चौमासिक अवधि समाप्त भएको मितिले १५ दिनभित्र बोर्डको खातामा सोझै जम्मा गर्ने व्यवस्था मिलाउनेतर्फ बोर्ड सञ्चालक समितिको ध्यान पुग्नुपर्ने देखिन्छ ।

५२. **मर्मत संभार –** निर्माण व्यवसायीहरुले ठेक्का अनुसारको काम तोकिएको समयभित्र सम्पन्न गर्नुपर्दछ । डिभिजन सडक कार्यालय, शिवपुरबाट सडक मर्मत सम्भार गर्न रु.६० लाख १६ हजारमा ठेक्का लिएका ८ निर्माण व्यवसायीले कार्य सम्पन्न गर्न करिब १० दिन मात्र बाँकी रहेको अवस्थामा २०६९।६।२० सम्म काम सुरु गरेका छैनन् । त्यसैगरी रु.२ करोड ७ लाख ३० हजारका ८ निर्माण व्यवसायीले सडक पिच गर्ने, सडक प्वाल टाल्ने र नाली बनाउने काम नगरी ठेक्का अधुरो छाडेका छन् । यसबाट राजमार्गलाई प्वाल मुक्त राख्ने सरकारी नीति कार्यान्वयन नभएको, सवारी आवागमनमा कठिनाई भएको र प्वालहरुको आकार बढ्न गई लागत बढ्न गएको छ । म्याद समाप्त भइसकेका ५ निर्माण व्यवसायीबाट हर्जाना र फछ्यौंट हुन बाँकी मोबिलाइजेशन पेश्की रु.१२ लाख २४ हजार असुल गर्नु र अन्य ११ ठेक्काका सम्बन्धमा सम्झौतानुसार कारबाही गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

डिभिजन सडक कार्यालय, काठमाडौंको कार्यसम्पादन स्थितिको मूल्याङ्कन

काठमाडौं जिल्लाभित्रका सडक तथा पुल निर्माण गर्ने, संरक्षण्, संवर्द्धन तथा मर्मत सम्भार गरी यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले डिभिजन सडक कार्यालय, काठमाडौंबाट सञ्चालित कार्यक्रमको दक्षता र प्रभावकारिता मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

५३. **समन्वयको अभाव** – राष्ट्रिय यातायात नीति, २०५८ मा केन्द्रीय सडक प्रणालीअन्तर्गत रहेका राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग, सवारी चाप भएको शहरी सडक, सामरिक र महत्वपूर्ण स्थानमा जोडिने सडक बाहेक नगर र गाउं क्षेत्रको सडक निर्माण तथा मर्मत सुधारको काम सम्बन्धित स्थानीय निकायबाट जनसहभागिता जुटाई सञ्चालन गरिने उल्लेख छ ।

५३.१ सडक डिभिजन कार्यालयले शहरी तथा ग्रामीण क्षेत्रका स्थानीय निकायले सञ्चालन गर्नु पर्ने भित्री सडकहरु समेत बर्षेनी कार्यक्रम स्वीकृत गरी मर्मत सुधार गर्दै आएको छ । यो वर्ष काठमाडौं उपत्यका सडक निर्माण

तथा सुधार कार्यक्रम अन्तर्गत काठमाडौं जिल्लामा ३१७ सडक निर्माण तथा मर्मत सुधारको कार्यक्रम सञ्चालन गर्ने गरी स्वीकृत भएको छ । ती कार्यक्रमहरुमध्ये ६ देखि १२ सडकको मर्मत सुधार गर्न एकमुष्ट रुपमा वजेट बिनियोजन भएको छ । जिल्ला विकास समितिबाट सञ्चालन गर्ने गरी काठमाडौं जिल्लामा २२९ सडकको निर्माण तथा मर्मत सुधार गर्ने कार्यक्रम स्वीकृत भएको छ । स्वीकृत कार्यक्रममा सोल्टीदोबाटो–रामकोट–भीमढुङ्गा सडक मर्मतमा केन्द्रीयस्तरको कार्यक्रम अन्तर्गत डिभिजन कार्यालयमा रु.७ लाख बिनियोजन गरेको छ भने सोही सडक जिल्लास्तरीय कार्यक्रम अन्तर्गत जिल्ला विकास समितिबाट सञ्चालन गर्ने गरी स्वीकृत गरेको देखियो । त्यस्तै इक्षुमती नमूना मार्ग लगायत बिभिन्न स्थानको सडकहरुमा मर्मत सुधार गर्न कार्यालय र जिल्ला विकास समिति दुबै को बार्षिक कार्यक्रममा समावेश गरेको छ । काठमाडौ महानगरपालिकाले नगरभित्रका सडक, ढल निर्माण तथा मर्मत गर्न १७१ भन्दा बढी योजना स्वीकृत गरेको देखिन्छ । कार्यक्रम स्वीकृत गर्दा सडकको चेनेज र पहिचान हुने बिन्दु वा स्थान नखुलाएको र साना साना सडक मर्मतको लागि एकमुष्ट बजेट बिनियोजन गर्ने गरेको हुंदा कार्यक्रम सञ्चालनमा दोहोरोपना भएको अवस्था छ ।

५३.२ ताहाचल क्याम्पस छाउनी बहिटी सडक सुधार कार्य एक निर्माण सेवासँग २०६९।३।१५ मा सम्पन्न गर्ने गरी रु. ५३ लाख ७ हजारमा सम्झौता भई कालोपत्रे गर्ने कार्य (राष्ट्रिय संग्रहालय र सैनिक व्यारेक अगाडि) सम्पन्न भएकोमा उक्त सडक काठमाडौं उपत्यका सडक विस्तार आयोजनाबाट २०६९।७० मा सडक विस्तार का लागि ठेक्का सम्झौता भई कार्य सुरु भएको कार्यालयबाट जानकारी हुन आयो । सडक विस्तार तथा सुधार कार्य सुरु भइसकेको र विस्तार कार्य गर्दा कालोपत्रे बिग्रने अवस्था रहेको छ । यसरी सडक विभाग अनतर्गतकै दुई कार्यालयको बीचमा समन्वय नभएको कारण कार्यक्रम प्रस्ताव र स्वीकृतिमा दोहोरोपना देखिएको र एउटै स्थानमा दोहोरो खर्च हुने स्थिति रहेको देखियो ।



कार्यालयले पिच गरेको छाउनीस्थित बहिटी सडक

अन्य निकायबाट सञ्चालन गरिने कार्यक्रम कार्यालयलाई जानकारी नहुने, एउटै बजेट उपशीर्षकमा धेरै स–साना कार्यक्रम राखिएकोले लागत अनुमान तयार गरी मर्मत कार्य सञ्चालन गर्दा प्रशासनिक झंझट बढी हुने, नियमित अनुगमन गर्न नसकिने र कार्यालयले नियमित सम्पन्न गर्नुपर्ने कार्यमा समेत बाधा हुने, कार्यालयले जानकारी दिएको छ । यसका लागि डिभिजन सडक कार्यालयको जिम्मेवारीमा रहने र स्थानीय निकायको जिम्मेवारीमा रहने सडकहरुको स्पष्ट रुपमा कार्य बिभाजन र समन्वय भई काममा हुनसक्ने दाहोरोपनालाई नियन्त्रण गरिनुपर्दछ ।

५४. **निर्माण कार्यको प्रगति** – सम्झौता अनुसार निर्माण व्यवसायीले तोकिएको समयमा कार्यतालिका अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । तोकिएको अवधिमा काम सम्पन्न गर्न नसकेमा मनासिब कारण भए म्याद थप गर्न सकिने र कारण मनासिब नभए वा निर्माण व्यवसायीको ढिलाईको कारण काम समयमा सम्पन्न नभएमा क्षतिपूर्ति लिई म्याद थप गर्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ ले गरेको छ । कार्यालय अन्तर्गत सञ्चालित अधिकांश निर्माण कार्य समयमा सम्पन्न नभएको र क्षतिपूर्ति नलिई म्याद थप गर्ने गरेको छ ।

यस वर्ष १७२ मध्ये ७३ निर्माण कार्य २०६८ कार्तिकदेखि २०६९ आषाढसम्म सम्पन्न गर्ने गरी ३२ निर्माण व्यवसायीसँग ठेक्का सम्झौता भएकोमा यो वर्ष कुनै पनि निर्माण कार्य भएको देखिएन । ती निर्माण कार्यमध्ये ५ ठेक्काको म्याद थप भएको छ भने बाँकीको म्याद थप भएको छैन । कार्यालयले ६ निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की रु.४३ लाख ८२ हजार फछ्र्यौट नभएको र कार्य सुरुसमेत नभएको अवस्था छ ।

सम्झौताअनुसार म्याद सकिए पनि निर्माण कार्य नगर्ने निर्माण व्यवसायीहरुलाई सम्झौताअनुसार कारबाही गरी कार्यसम्पन्न गर्ने र पेश्की रकम असुल गर्नेतर्फ कारबाही हुनुपर्दछ ।

५५. **खरिद व्यवस्थापन –** सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा खरिद योजना तयार गर्नुपर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ मा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक भित्र सम्पन्न गर्ने गरी वार्षिक कार्यक्रम तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गरेको ठेक्का सम्झौतासम्बन्धी व्यहोरा देहाय अनुसार छन्:

५५.१ विगत ३ वर्षमा कार्यालयले रु. २ अर्ब ६ करोड ७७ लाख लागत अनुमान भएको ६०२ निर्माण, मर्मत एवं मालसामान आपूर्ति कार्यको लागि बोलपत्र तथा सिलबन्दी दरभाउपत्र माग गरी रु. १ अर्ब ३४ करोड ८१ लाखमा ठेक्का सम्झौता गरेको छ । आर्थिक वर्ष २०६६।६७ मा १५३, २०६७।६८ मा २७७ र २०६८।६९ मा १७२ ठेक्का सम्झौता भएकोमा लागत अनुमानको तुलनामा क्रमश: ३२.९० प्रतिशत, ३९.४८ प्रतिशत र ३८.७० प्रतिशत घटीमा सम्झौता भएको छ । कुल ठेक्का सम्झौतामध्ये सम्बन्धित आर्थिक वर्षमा सम्पन्न गरेका ठेक्का २०६६।६७ मा ४५.७५ प्रतिशत, २०६७।६८ मा २३.४७ प्रतिशत र २०६८।६९ मा ३०.८१ प्रतिशत सम्पन्न गरेको देखिन्छ । कुल ठेक्का सम्झौतामध्ये सोही आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी सम्झौता भएको ठेक्का संख्या २०६६।६७ मा १४५ रहेकोमा ७० वटा(४८.२८ प्रतिशत), २०६७।६८ मा २४६ रहेकोमा ६५ वटा (२६.४२ प्रतिशत) र २०६८।६९ मा १६८ रहेकोमा ५३ वटा (३१.५५ प्रतिशत) सोही वर्ष सम्पन्न गरेका छन् । यसरी खरिद योजना तथा ठेक्का सम्झौतामा उल्लेख गरिएको म्यादभित्र समयमा सम्पन्न नहुने अवस्था विगत वर्षदेखि देखिए पनि सुधार भएको छैन । नियमावली र खरिद योजनामा उल्लिखित समयभित्र ठेक्का व्यवस्थापन गर्नुपर्ने, सम्झौतामा उल्लेख गरेको अवधिभित्र कार्य सम्पन्न गर्न नियमित अनुगमनको साथै समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई कारबाही गरिनुपर्दछ ।



५६. **पुरानो निर्माण सामग्री प्रयोग** – सडक निर्माण, विस्तार तथा मर्मत सम्भारको क्रममा निस्केका पुरानो निर्माण समग्रीहरुमध्ये पुन: प्रयोग गर्न सकिने सामग्रीहरु प्रयोग गर्ने गरी लागत अनुमान तयार गरिनुपर्दछ । लागत अनुमानमा पुरानो ढुङ्गाको पर्खाल भत्काउने आइटम समावेश गरेको तर सो पर्खाल भत्काउँदा निस्कने ढुङ्गा पुन: प्रयोग गरिएको छैन । कार्यालयले ढुङ्गाको सोलिङ्ग, पिचिङ्ग र गाह्रो लगाउँदा नर्म्सअनुसार प्रति घ.मि. कार्यमा १.१५ घ.मि. ढुङ्गा लाग्ने गरी दर विश्लेषण गरेको छ । पुरानो पर्खालबाट निस्कने ढुङ्गा पुन: प्रयोग गर्न सकिनेमा नयां गाह्रो लगाउंने कार्यको लागत अनुमान तयार नयाँ ढुङ्गाको लागत समावेश गर्न मिल्दैन । नमूना स्वरुप परीक्षण गरिएका ३ निर्माण कार्यमा पुरानो ढुङ्गाको गाह्रो भत्काउंदा निस्केको २ हजार ९४४ घ.मि. ढुङ्गा नयां पर्खाल निर्माण कार्यमा पुन: प्रयोग नगरेको कारण लागत अनुमान तयार गर्दाको मूल्य प्रति घ.मि. ढुवानीसमेत रु.१ हजार ३८८।९२ का दरले रु.४० लाख ८९ हजार र सो मूल्यमा १५ प्रतिशत ओभरहेड रु.६ लाख १३ हजार र मूल्य अभिवृद्धि कर रु.६ लाख १२ हजार समेत रु.५३ लाख १४ हजार लागत बृद्धि भएको छ । कार्यालयले पुरानो संरचना भत्काउँदा निस्केका निर्माण सामग्रीहरुमध्ये पुन: प्रयोग गर्न सकिने सामग्रीको प्रयोग हुने गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

५७. **निर्माण कार्यको नर्म्स** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२)मा निर्माण कार्यको लागत अनुमान नेपाल सरकार (मन्त्रिपरिषद्बाट) बाट स्वीकृत गरेको निर्माणसम्बन्धी नर्म्सअनुसार तयार गर्नुपर्ने र खास कामको लागि खास प्रकारको नर्म्स आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायले तयार गरी विभागीय प्रमुखबाट स्वीकृत गराउन सक्ने व्यवस्था छ । विशेष प्रकारको नर्म्सबाहेक निर्माणसम्बन्धी नर्म्स नेपाल सरकारका सबै निकायमा एउटै हुनुपर्ने मा सडक विभागले प्रयोग गरेको र भवन विभाग, सिंचाई विभाग, स्थानीय विकास मन्त्रालयअन्तर्गतका निकायले प्रयोग गरेको निर्माणसम्बन्धी नर्म्समा फलामे डण्डी र ढुङ्गाको प्रयोग, गुणस्तर परीक्षण, उपकरणको प्रयोग जस्ता कार्यमा एकरुपता देखिएन । नर्म्समा एकरुपता नहुंदा निर्माण कार्यको लागतमा समेत फरक पर्ने गरेको छ । यसरी एकरुपता नभएका केही व्यहोरा देहाय अनुसार छन् ।

५७.१ सडक विभागको नर्म्स पुस्तिकामा फलामे डण्डी काट्ने, बाँध्ने, फिक्स गर्ने आदिको लागि प्रति कि.ग्रा. डण्डीको काममा १.१५ कि.ग्रा. लाग्ने व्यवस्था छ । अन्य निकायको नर्म्समा १.०५ कि.ग्रा.डण्डी लाग्ने व्यवस्था छ । फलामे डण्डीको कटिङ्ग, वेन्डिङ्ग तथा फिक्सिङ्गको कार्यमा नर्म्समा एकरुपता देखिएन । डण्डीको काम गर्दा ल्यापिङ्ग, हुकिङ्ग, लेण्टल, कटपिसलगायत सबै काममा डण्डीको लम्बाई हिसाब गरिन्छ । दर विश्लेषण गर्दा डण्डी काट्दा खेर जाने वा जर्तिको भागको लागि अन्य निकायमा ५ प्रतिशत भए पुग्ने र सडक विभागअन्तर्गतका निकायलाई १५ प्रतिशत लाग्ने व्यवस्था यथार्थपरक देखिदैन । कार्यालयले प्रयोग गरेको नर्म्स अन्य निकायको नर्म्सको तुलनामा १० प्रतिशत बढी डण्डीको परिमाण लाग्ने गरी नर्म्स प्रयोग गरेको कारण ८ पुल निर्माण कार्यमा मात्र ५४ हजार ४६ के.जी. डण्डी बढ्न गई रु.३७ लाख १८ हजार लागत बढेको छ । सो मूल्यमा १५ प्रतिशत ओभरहेड र १३ प्रतिशत मूल्य अभिवृद्धि करसमेत रु.४८ लाख ३१ हजार लागत अनुमान बढ्न गएको छ ।

५७.२ सडक विभागको नर्म्समा सिमेन्ट बालुवाको जोडाई भएको ढुङ्गाको गाह्रो लगाउँदा प्रतिघनमिटर गाह्रोमा १. १५ घ.मि. ढुङ्गा लाग्ने व्यवस्था छ । अन्य निकायको नर्म्समा प्रति घ.मि. गाह्रो लगाउँदा १.१० घ.मि. ढुङ्गा लाग्ने व्यवस्था छ । समान प्रकारको कार्यमा समान नर्म्स हुनुपर्नेमा सडक विभागको नर्म्सअनुसार यो वर्ष कार्यालयले निर्माण कार्य गरेको मध्ये नमूना छनौट गरी केही कार्यको विश्लेषण गर्दा ९ कार्यहरुमा ५५८.०२ घ.मि. ढुङ्गा बढी प्रयोग भई प्रति घ.मि. रु.१ हजार ३८८।९२ ले रु.७ लाख ५६ हजार मूल्यमा १५ प्रतिशत ओभरहेड र १३ प्रतिशत मूल्य अभिवृद्धि करसमेत रु.९ लाख ८२ हजार लागत बढ्न गएको देखियो ।

निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा समान खालको काममा सबै निकायमा एउटै नर्म्स लागु हुनुपर्दछ । नर्म्समा द्विविधा भएमा मितव्ययी हुने खालको नर्म्स लाई आधार लिनुपर्दछ । विगत वर्षदेखिको ठेक्का सम्झौताको बिश्लेषण गर्दा सडक डिभिजनले प्रयोग गर्दै आएको नर्म्स अन्य निकायको तुलनामा बढी लागत देखिएको छ । अत: निर्माण कार्यमा लागतलाई मितव्ययी बनाउन नर्म्समा सुधार गरिनुपर्दछ ।

५८. **बोलपत्रदाताको योग्यता** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम १(च) अनुसार निर्माण कार्यको लागि आवश्यक उपकरणहरु आफ्नै स्वामित्वमा रहेको वा खरिद सम्झौतामा उल्लिखित अवधिभर निर्वाध रुपमा उपयोग गर्न सक्ने गरी भाडा, लिजमा लिन सक्ने गरी बोलपत्रदाताको योग्यता निर्धारण गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान रु.३ करोड ९४ लाख ८२ हजार भएको बालाजु वाइपास सडक विस्तार तथा सुधार कार्यको लागि २५६ घ.मि. असफाल्ट कार्य गरेको अनुभव र असफाल्ट प्लाण्ट आफ्नै स्वामित्वमा हुनुपर्ने गरी बोलपत्रदाताको योग्यता निर्धारण गरेको कारण लागत अनुमानभन्दा ३२.४३ प्रतिशत घटी कबोल गर्ने र २४.९८ प्रतिशत घटी कबोल गर्ने दुई बोलपत्रदाताको बोलपत्र मूल्याङ्कन समितिको सिफारिसमा अस्वीकृत गरी लागत अनुमानभन्दा ०.२४ प्रतिशत घटी कबोल गर्ने तेस्रो घटीवाला बोलपत्रदाताको रु.३ करोड ९३ लाख ८७ हजारको बोलपत्र स्वीकृत गरी २ महिनाभित्र सम्पन्न गर्ने गरी

२०६९।१।६ मा सम्झौता गरेको थियो । निर्माण कार्य सुरु गरेपछि क्षेत्रीय निर्देशकबाट सुरु सम्झौताभन्दा ९.९७ प्रतिशत बढी रु.४ करोड ३३ लाख १५ हजारको भेरिएसन आदेश स्वीकृत गरी सम्झौतामा उल्लिखित २५६ घनमिटर असफाल्टको कार्य पूरै हटाई ढुङ्गाको गाह्रो लगाउने कार्य वृद्धि गरेको र सोहीअनुसार कार्य सम्पन्न गरेको छ । पहिले योग्यता निर्धारण आवश्यक कामको परिमाण भेरिएशन आदेश जारी गर्दा हटाएकाले बोलपत्रदाताको योग्यता निर्धारण र मूल्याङ्कनको औचित्यता देखिएन । यस सम्बन्धमा कार्यालयले नेपाल सरकारले सडक विस्तार कार्य छोटो अवधिमा सम्पन्न गर्न निर्देशन दिएकोले आर्थिक वर्षभित्रै कार्य सम्पन्न गर्ने गरी पीचसँग सम्बन्धित उपकरण असफाल्ट प्लान्ट आफ्नै स्वामित्वमा हुनुपर्ने योग्यता निर्धारण गरेको जानकारी दिएको छ । निर्माण कार्य गर्ने बोलपत्रदाताको योग्यता निर्धारण गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी नियममा भएको व्यवस्थाअनुसार योग्यता निर्धारण गर्नुपर्ने र वास्तविक रुपमा सम्पन्न गर्नुपर्ने कार्यको लागि मात्र सम्झौता गरिनुपर्दछ ।

५९. **सडक पुनः मर्मत शुल्क** – सार्वजनिक सडक ऐन, २०३१ को दफा २० मा सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा सडक विभागले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने सार्वजनिक सडक वा सडक सीमालाई मर्मत गरी पूर्वअवस्था कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सी ५ प्रतिशत र मूल्य अभिवृद्धि कर जोडी प्रति वर्गमिटर दरमा सडक पुनः मर्मतको लागि असुल गरेको दस्तुर धरौटी खातामा राखी मर्मतमा खर्च गर्ने गरेको छ । कार्यालयले मर्मत दस्तुर मुल्य अभिवृद्धि कर समेत २०६६।६७ मा रु. ३८ लाख ३२ हजार, २०६७।६८ मा रु. ६० लाख ७७ हजार र २०६८।६९ मा रु. ८८ लाख ७३ हजार आम्दानी गरेको छ । यसरी बर्षेनी सडक भत्काई पुनःमर्मतको लागि बुझाउने रकम बढ्दै गएको अवस्थामा सो रकमको आम्दानी तथा खर्चको लागि छुट्टै खाताको व्यवस्था नगरी धरौटी खातामा राख्ने गरेकोले सो रकमको कार्यगत आम्दानी, खर्च र बांकीको अभिलेख अद्यावधिक रुपमा राखेको देखिएन । कार्यालयले धरौटी बांकीको कच्चावारी पेश गर्दा १५ वटा संस्था र बिभिन्न उपभोक्ताहरुबाट प्राप्त रकममध्ये रु.१ करोड २८ लाख २१ हजार मौज्दात रहेको देखाएको छ ।

निर्माण सामग्री र ज्यालाको दर हरेक वर्ष बढ्दै गएको देखिन्छ । कार्यालयले प्रत्येक वर्ष जिल्ला दररेट निर्धारण समितिले कायम गरेको सामग्री र ज्यालाको दरलाई आधार लिई निर्माण कार्यको आइटम दर निर्धारण गर्ने गरे तापनि सो अनुरुप मर्मत दस्तुरमा सुधार गरेको छैन । समयानुकूल पुनः मर्मतको शुल्क अद्यावधिक गरी उपभोक्ताबाट असुल भएको मर्मत बापतको रकमको कार्यगत आम्दानी, खर्च र बाँकी देखिने गरी छुट्टै अभिलेख राख्नुपर्छ । साथै कार्यालयले असुल गरेको मर्मत शुल्क सम्बन्धित कार्यमा खर्च भई बचत भएको रकम राजस्वमा दाखिला गर्ने वा सेवाग्राहीलाई फिर्ता गर्ने व्यवस्था गरिनुपर्दछ ।

डिभिजन सडक कार्यालय, बुटवल र दमकको पुल निर्माणको योजना छनौट र कार्यान्वयन स्थितिको मूल्याङ्कन

सडक तथा पुलहरुको मर्मत सम्भार गरी यातायात सञ्चालन गराउने उद्देश्यले डिभिजन सडक कार्यालय, दमक र बुटवलबाट सम्पादित योजना छनौट तथा कार्यान्वयन स्थितिको कार्यदक्षता एवं प्रभावकारिताको मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

६०. **योजना छनौट तथा कार्यान्वयन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार योजनाको छनौट स्थानीय जनताको माग र प्राविधिक रुपमा सम्भाव्य देखिएका रणनैतिक सडक सञ्जालमा परेका पुलहरुको डिजाइन गराई वार्षिक कार्यक्रम स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ । दमक डिभिजनअन्तर्गत निर्माणाधीन २२ मध्ये १८ पुल र बुटवल डिभिजनअन्तर्गत २३ पुल सडक सञ्जालमा परेका छैनन् । दमक डिभिजनअर्न्तगत ६ पुल मात्र रणनैतिक सडक सञ्जालमा परेका पुलहरु देखियो भने

अन्य ३९ पुल चलन चल्तीका सडकमा पर्दैनन् । बुटवल डिभिजनअन्तर्गत २ पुल प्रस्तावित सडक सञ्जालमा रहेको भए पनि स्वीकृत नभएको डिभिजनले जनाएको छ ।



फाउण्डेसनको काम पनि सम्पन्न नभएको गेउरीया पुल

६१. **निर्माण कार्य व्यवस्थापन** – स्वीकृत वार्षिक कार्यक्रम डुइङ्ग डिजाइन स्पेशिफिकेशन, लागत अनुमान तथा ठेक्का सम्झौता अनुसार निर्माण कार्य व्यवस्थापन गरिनुपर्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीका कारणले सम्झौता बमोजिमको काम सम्पन्न नगरेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था रहेको छ ।

हुलाकी सडक गौरीगञ्ज गेउरीया खोला पुल रु.१ करोड ६८ लाख २८ हजारमा २०६८।१।२० भित्र सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा रु.२५ लाख ७२ हजार भुक्तानी भई १५ प्रतिशत भौतिक प्रगति गरेको छ । म्याद थप नभएकोले यो वर्ष रु.५ लाख विनियोजन भएकोमा खर्च गरेको छैन ।

त्यस्तै सोही निर्माण व्यवसायीसँग मेची राजमार्गमा रहेको अंगुरभट्टा पुल रु.१ करोड ३५ लाख ७३ हजारमा २०६८।१।२ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । २०६७।६८ को अन्तसम्म ४१.७६ प्रतिशत काम गरी रु.५६ लाख ६८ हजार भुक्तानी भएको र यो वर्ष कुनै काम गरेको छैन । म्याद समाप्त भएकोमा म्याद थप समेत भएको छैन ।

निर्माण व्यवसायीले सम्झौता गरी २०६५।६६ मा दुबै पुलको मोविलाइजेशन पेश्की रु.४० लाख ८४ हजार लिएकोमा सो बैङ्क जमानत म्याद जुलाई २, २०१२ मा गुज्रेको अवस्थामा उक्त पेश्की फिर्ता लिएको छैन ।

दुबै पुलको निर्माण व्यवसायी एउटै भएको, निजले कार्य गर्ने चासो नदेखाएको,सम्झौता बमोजिम समयमा निर्माण कार्य नगरेको, म्याद थपसमेत नभएकोले जोखिममा रहेको पेश्की रकम ब्याजसहित फिर्ता लिनुपर्दछ । सम्झौताको शर्तबमोजिम निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई कार्यसम्पन्न गराउनेतर्फ कारबाही हुनुपर्दछ ।



महेन्द्र राजमार्गअर्न्तगत जीर्ण कन्काई नदी पुल

६२. **पुलमर्मत** – निर्माण सम्पन्न भएका पुलहरुको नियमित मर्मत सम्भार गरी सवारी सुचारु गर्नुपर्दछ ।

डिभिजन सडक कार्यालय दमकअन्तर्गत महेन्द्र राजमार्गमा पर्ने २० पुलको बियरिङ र एक्पान्सन ज्वाईन्ट मर्मत गर्नुपर्ने अवस्थामा रहेको डिभिजनले जनाएको छ । साथै पुलको फाउण्डेशनहरु खोलाले खियाउदै लगेको, ढुङ्गा, गिट्टी, बालुवा खोलाबाट झिक्दा खोलाको सतह घट्नाले फाउण्डेशन मर्मत गर्नुपर्ने अवस्था रहेको छ ।

त्यस्तै डिभिजन सडक कार्यालय बुटवल अन्तर्गत पूर्व पश्चिम राजमार्गको क्षतिग्रस्त पुलको समयमा न्यून लागतमा मर्मत सम्भार गर्न सकिनेमा संम्भावित जोखिमलाई ध्यान नदिंदा आकस्मिक रुपमा कार्य गर्ने अवस्था सिर्जना हुने हुँदा बढी लागत व्यहोर्नुपर्ने अवस्था छ । मर्मत सम्भार गर्नुपर्ने अवस्थाका पुलहरुको पहिचान गरी आवश्यक बजेट व्यवस्था गरी समयमा नै मर्मत सम्भार गरी जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६३. **अनुगमन निरीक्षण** – निर्माण कार्यको निरन्तर अनुगमनद्वारा देखिएका कमी कमजोरी एवं समस्याहरुको पहिचान गरी उपयुक्त समाधानका उपायहरु अवलम्बन गर्दै कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ । यसका लागि उपयुक्त संयन्त्र र दक्ष जनशक्तिको आवश्यकता पर्दछ । निर्माणाधीन पुलहरुमा निर्माणसम्बन्धी विभिन्न समस्याहरु विद्यमान रहेकोले त्यस्तो समस्याहरु समाधानका लागि पहल गर्ने संयन्त्रको व्यवस्था छैन । डिजाईन, रि डिजाइन, रिभ्यु तथा निर्माण कार्यको सुपरभिजनका लागि आवश्यक जनशक्तिको अभावमा गुणस्तर सुनिश्चिता गर्न कठिनाई पर्ने तथा निर्माण कार्य अवधि लम्विनाले उपभोक्ताहरु अपेक्षित लाभबाट वञ्चित रहनुपर्ने अवस्था छ । पुल निर्माणको कार्य प्रगति अनुसार अनुगमन तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाई समयमा नै गुणस्तरीय निर्माण कार्य हुने व्यवस्था मिलाउनुपर्छ ।

सूचना प्रविधि लेखापरीक्षण

गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय, कास्कीमा सञ्चालनमा रहेको सवारीसाधन दर्ता सफ्टवेयर

यातायात व्यवस्था विभागले सवारीसाधनको दर्ता, यातायात अनुमति पत्र र भेहिकल फिटनेश टेष्ट सेन्टरवाट प्राप्तहुने कर, शुल्क र फीको सङ्कलन तथा व्यवस्थापन गर्न २०६६ भाद्र देखि सवारीसाधनको दर्ता, नवीकरण, वीमा, सवारीसाधन कर, नामसारी जस्ता अभिलेख व्यवस्थापनमा विद्युतीय अभिलेख प्रणाली अन्तर्गत साना ठूला सवारीसाधन दर्ता अभिलेख सफ्टवेयर सञ्चालनमा ल्याएको छ । सफ्टवेयरको पर्याप्तता, नियन्त्रण पद्धति, उपलब्ध हुने सूचनाको विश्वसनीयता, सुरक्षा तथा क्षमता जस्ता पक्षको मूल्याङ्कन गर्नु सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेको थियो । सफ्टवेयरको संचालन, व्यवस्थापन, सुरक्षा तथा उपयोगका विषयलाई लेखापरीक्षणमा समावेश गरिएको छ ।

६४. **सर्भरको क्षमता –** सफ्टवेयरलाई पूर्ण रुपले प्रयोग गर्न पर्याप्त क्षमताको सर्भर प्रणालीको व्यवस्था हुनुपर्दछ । सवारीसाधन दर्ता प्रणाली वेभमा आधारित रहेको छ । यसमा आबद्ध हुनका लागि कम क्षमताको सर्भरले वढ्दो भारलाई थेग्न कठिन पर्दछ । लेखापरीक्षणबाट समयमा नेट नचल्ने, सिष्टम ह्याङ हुने, सिष्टमभित्र छिर्न नसकिने तथा चाहिएका प्रतिवेदनहरु निकाल्न नसकिने, पिकआवरमा सर्भरले काम नगर्ने जस्ता समस्या देखिएकोले सर्भरको क्षमता विस्तार गर्नु जरुरी छ ।

६५. **सुरक्षा तथा डाटा ब्याकअप –** डाटावेसको उचित सुरक्षाको लागि पासवर्ड, डाटा ब्याकअप, पावर ब्याकअप जस्ता सुरक्षाको प्रबन्ध हुनुपर्दछ । कार्यालयले पासवर्ड नीतिअनुसार पासवर्ड सुरक्षा दिएको देखिएन । कार्यालयले कार्यसंचालन स्तर र नियन्त्रण स्तरबाट सफ्टवेरको पहुँच दिएको छ । तथ्याङ्क सुरक्षा (डाटा ब्याकअप) कार्यालयमा र केन्द्रमा रहने व्यवस्था छ । जिल्लास्थित कार्यालयमा डाटा डम्प नहुने र पावर ब्याकअपको लागि युपिएस जेनेरेटर रहे तापनि कार्यालयको आवश्यकता पूरा नहुने देखिएकोले यसमा ध्यान पुऱ्याउनुपर्दछ ।

६६. **बैङ्क हिसाब –** कारोबारको शुद्धताको प्रर्वद्धन गर्न तथा समय, श्रम, लागत कटौती गर्न बैङ्कसँग प्राप्ति र भुक्तानीको मिलान गर्न यान्त्रिक प्रणाली व्यवस्थित हुनुपर्दछ । बैङ्क हिसाब विवरण सफ्टवेयरले तयार गर्ने गरेको देखिएन । यसको कारण श्रम, समय र लागत बढाउने मात्र नभई तथ्याङ्कको शुद्धतामा समेत कमी आउने जोखिम देखियो । कार्यालयले सरकारी बैकिङ्ग कारोबार गर्न स्वीकृत प्राप्त बैङ्कहरुको बैङ्क हिसाब विवरणको विद्युतीय कपि प्राप्त गरी बैङ्क हिसाब तयार गर्ने व्यवस्था हुनुपर्दछ ।

६७. **सफ्टवेयर उपयोगको अवस्था –** सफ्टवेयरमा सवै कारोबारको अभिलेख रहनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

६७.१ सफ्टवेयरले कार्यालयगत, शीर्षकगत, दैनिक, मासिक र वार्षिक एकमुष्ट आय विवरण देखांउदैन । प्रयोगकर्ता अनुसार आय हेर्नुपर्ने स्थितिमा रहेको देखियो । जसको कारण आर्थिक विवरण तयार गर्न र आर्थिक विवरण भिडान गर्न सकिने स्थिति रहेन ।

६७.२ सफ्टवेयर व्यवस्थामा प्रतिवेदनको स्तर विकास नभई सकेको कारण वित्तीय तथा अन्य प्रतिवेदन निकाल्न सकिने स्थिति देखिएन ।

६७.३ डाटावेस प्रणालीबाट २०६६।११।१ देखि कार्य सञ्चालन गर्ने भएपछि पुनः दर्ता र सरुवा दर्ताको स्थिति सफ्टवेयरमा राखेको देखिएन ।

६७.४ कारोबारको हिसाबले पटके अनुमतिपत्र प्रदान गर्ने कारोबार हालसम्म हाते बिल प्रयोग भएकोमा उक्त कारोबारलाई समेत सफ्टवेयरमा ल्याउनुपर्ने देखियो ।

६७.५ नामसारी नवीकरण रुटपरमिट प्रदूषण जाँच, जाँचपास र रुटपरमिट नवीकरणजस्ता कारोबारको व्यवस्था सफ्वेयरमा भए पनि सो प्रणालीबाट कारोबार गरेको देखिएन ।

६७.६ कार्यालयले बाटो इजाजतपत्र दस्तुरको कम्प्युटरबाट नगदी रसिद काटी सेवाग्रहीलाई उपलब्ध गराउने गरेको छ । तर इजाजतपत्रको विवरण सफ्टवेयरमा समावेश गरी कम्प्युटरमा नराखिएको कारण सवारीसाधनले प्राप्त गरेको कुन बाटोको लागि इजाजतपत्र जारी गरिएको हो त्यस सम्बन्धी विस्तृत विवरण सफ्टवेयरवाट देखिने स्थिति रहेन । तसर्थ सवै कारोबार तथा सूचनालाई एकीकृत रुपमा देखिने गरी राखिनुपर्दछ ।

६८. **तथ्याङ्कको विश्वसनीयता –** सवारीसाधन दर्ता प्रणालीमा प्रविष्ट भएका तथ्याङ्कहरु एक आपसमा भिडान हुने गरी विश्वसनीय हुनुपर्दछ । सफ्टवेयरले दैनिक आम्दानीको जम्मा, मासिक आम्दानीको जम्मा र वार्षिक आम्दानीको जम्मा देखाउनुपर्नेमा सोअनुसार नदेखाई प्रयोग कर्ताअनुसार तथ्याङ्क देखाउने गरेको देखियो । प्रयोगकर्ता अनुसारको तथ्याङ्कमा जोडजम्मा समेत रहेको नदेखिएकोले तथ्याङ्कले यथार्थता देखाउदैन । तथ्याङ्क हेर्न ज्यादै समयलाग्ने र सञ्जालबीचको समस्यासमेत रहेको देखियो । जसको कारण लेखापरीक्षण अवधिमा तथ्याङ्क भिडान गर्न समेत सकिएन । बिलिङ गरिएका सवारीसाधनहरुको लगतसमेत सफ्टवेयरमा नदेखिएको कारण बिलिंङ र सवारीसाधनको सम्बन्ध हेर्न सकिने स्थिति रहेन । कार्यालयले संपूर्ण सवारीसाधनको लगत कम्प्युटरमा प्रविष्ट गरेको समेत देखिएन । सम्पूर्ण सवारीसाधनहरुको लगत प्रविष्ट गरी तथ्यांक अध्यावधिक गर्नुपर्ने समेत देखियो । एकीकृत रुपमामा तथ्याङ्क आउने अवस्थामा मात्र मासिक तथ्याङ्क सहज हुने हुँदा सफ्टवेयरमा सोको व्यवस्था गर्नुपर्दछ ।

६९. **सुरक्षा नियन्त्रण व्यवस्था –** सवारीसाधन दर्ता प्रणालीमा तथ्याङ्कको विश्वसनीयता कायम गर्न सुरक्षा नियन्त्रण व्यवस्था भरपर्दो हुनुपर्दछ ।

६९.१ विलिंग गलत भएमा सच्याउने र सवारीसाधन गलत भएमा सच्याउने व्यवस्था छ । उक्त व्यवस्थाको प्रकृया निर्धारण हुनुपर्ने देखियो । डाटा सञ्चालन गर्नेलाई सो अधिकार दिँदा तथ्याङ्क सुरक्षा कमजोर हुने हुँदा यस्तो कार्यमा सुधार हुनुपर्ने देखियो ।

६९.२ डाटावेस प्रणालीमा स्वनम्बर प्रणाली नदिई छापिएको बिल बिलिङ गर्ने गरिएको छ । जसको कारण बिल नियन्त्रण खाता राखी नियन्त्रण गर्नु कठिन हुने हुँदा स्वनम्वर प्रणाली अवलम्बन गर्न जरुरी देखिएको छ ।

६९.३ प्रयोगकर्ता अनुसारको तथ्याङ्कअनुसार बक्यौता, बापत, जरिबाना, अन्य र जम्मा शीर्षकमा राजस्व आम्दानी देखिएको छ । कार्यालयले बक्यौता राजस्वको तथ्याङ्क उपलब्ध गराउन सकेको छैन । आर्थिक विवरणमा देखाएको राजस्व सबै हसवलीमा रहेको छ । डाटावेसको तथ्याङ्क र आर्थिक विवरणको तथ्याङ्क भिडान हुनसक्ने अवस्था देखिएन ।

६९.४ सवारीसाधन र सवारीधनीको विवरण अपरेटरले प्रविष्ट गर्ने, अधिकृतले जाँच गर्ने र स्वीकृत दिनेले स्वीकृत गर्नुपर्ने व्यवस्था सफ्टवेयरमा छ । उक्त डकुमेन्ट स्वीकृत नभएमा फाइल डाटावेसमा नरहने व्यवस्था रहेको छ । सफ्टवेयर परीक्षण गर्दा विवरण भर्ने र स्वीकृत गर्ने एकै व्यक्ति रहेको हुँदा सफ्टवेयरको नियन्त्रण प्रभावकारी देखिएन । अत:सफ्टवेयरका व्यवस्थाहरुको सहि परिचालन गर्न सफ्टवेयर सञ्चालन मार्गदर्शन तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

७०. **सूचनाको पूर्णता –** सफ्टवेयरले कार्यालयका सबै कारोबारको पूर्ण सूचना दिनुपर्दछ । लेखापरीक्षणको क्रममा सवारीसाधन अनुसार, नवीकरण, जरिवाना, राजस्व वर्गीकरणअनुसारको प्रतिवेदन, जाँचपास, बाटो इजजात, राजस्वको आर्थिक विवरण र बैङ्क हिसाब विवरण सफ्टवेयरबाट प्राप्त हुन सकेन । यसरी नै सवारीसाधन नवीकरण र पटके इजजातको आर्थिक कारोबार सफ्टवेयरमा समावेश गरेको देखिएन । प्राप्त सूचनाको पूर्णताका लागि आवश्यक व्यवस्था सफ्टवेयरमा समावेश गरिनुपर्दछ ।

७१. **सूचना प्रविधि तालिम –** कर्मचारीलाई सूचना प्रविधि र हार्डवेयर, सफ्टवेयरसँग सम्बन्धित तालिमको पर्याप्त व्यवस्था हुनुपर्नेमा सूचना प्रविधिसम्बन्धी कर्मचारीको व्यवस्था तथा कार्यरत कर्मचारीलाई सूचना प्रविधि र सफ्टवेयरसम्बन्धी आवश्यक तालिम दिएको पाइएन । तालिमको माध्यमवाट क्षमता विकास गरिनुपर्दछ ।

७२. **सफ्टवेयर अपडेटिङ प्रणाली –** सूचना प्रविधिसँग सम्बन्धित प्रविधि एवं प्रणालीमा परिवर्तन भइरहने हुँदा सो अनुरुप मौजुदा सफ्टवेयरमा अपडेट र अपग्रेड गर्ने व्यवस्था मिलाउनु जरुरी हुन्छ । कार्यालयमा सञ्चालित सफ्टवेयरमा अपडेट गर्ने व्यवस्था भए तापनि सोको निरन्तर रुपमा अपडेट गरेको देखिएन । यसमा ध्यान दिनुपर्दछ ।

७३. **अनधिकृत पहुँच –** सफ्टवेयरको व्यवस्थापनकालागि सफ्टवेयरमा अनधिकृत पहुँच नियन्त्रणको पर्याप्त व्यवस्था हुनुपर्दछ । कार्यालयसँग अनधिकृत पहुँच नियन्त्रण नीति, सफ्टवेयर प्रयोगकर्ताको दर्ता र खारेजी गर्ने कार्यविधि, निकाय तथा कार्यालयले समय समयमा प्रयोगकर्ताको पुनरावलोकन, पासवर्डको न्यूनतम अङ्क र अक्षर तोक्ने, पासवर्ड निर्माणमा विशेष तरिका अवलम्बन गर्ने र पासवर्ड परिवर्तनको समयावधि तोकिएको देखिएन । अनधिकृत पहुँच नियन्त्रणको प्रभावकारी व्यवस्था गरिनुपर्दछ ।

७४. **हार्डवेयरसम्बन्धी –** सफ्टवेयर सञ्चालनको मुख्य आधार हार्डवेयर भएकोले कार्यालयमा हार्डवेयर व्यवस्थापन व्यवस्था हुनुपर्दछ । प्रविधि परिवर्तनसँगै हार्डवेयर स्तरोन्नति गर्ने संगठनात्मक नीति, संगठनमा सूचना प्रविधिसम्बन्धी अनावश्यक उपकरणहरु र त्यसको उचित व्यवस्थापन गर्ने जिम्मेवारी किटानीसाथ तोकेको देखिएन । हार्डवेयरको समयानुकूल स्तरोन्नति गर्न ध्यान दिनुपर्दछ ।

संगठित संस्थातर्फ

नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड

कम्पनीको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्न छन्:

७५. **सञ्चालन नतिजा** – यो वर्षको बिक्री आम्दानी रु.२८ लाख ४० हजार र गैरव्यावसायिक आम्दानी रु.४६ लाख ७९ हजारसमेत रु.७५ लाख १९ हजार आम्दानी भएकोमा प्रशासनिक खर्च, ह्रास खर्च, उपदान व्यवस्था समेत रु.१ करोड ९३ लाख ४ हजार व्यय भई रु.१ करोड १७ लाख ८५ हजार खुद नोक्सान भएको छ ।

७६. **स्थिर सम्पत्ति –** कम्पनीको स्थिर सम्पत्ति रु.४० लाख २० हजार देखाएकोमा स्थिर सम्पत्तिको वास्तविक अवस्था र मूल्य रहेको स्थान देखिने अभिलेख प्रस्तुत नगरेकोले सम्पत्तिको यथार्थता पहिचान हुन सकेन । स्थिर सम्पत्तिको भौतिक परीक्षण पनि गरेको छैन ।

७७. **लिन बाँकी असामी –** कम्पनीको विगतदेखि लिन बाँकी असामी रु.१३ करोड ७५ लाख ५४ हजार रहेकोमा यो वर्ष रु.२ करोड ३६ लाख ७१ हजार थप भई रु. १६ करोड १२ लाख २५ हजार पुगेको छ । असामीको समर्थनपत्र लिएको छैन । यो वर्ष सडक विभागबाट प्राप्त गर्नुपर्ने मध्ये रु.२ करोड ३२ लाख ९० हजार आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.३ ले कम्पनीको नामबाट सिधै भुक्तानी लिएको पाईयो । आन्तरिक राजस्व कार्यालयलाई बक्यौता भुक्तानी गरेको हिसाब मिलान गरी खर्चमा लेखाङ्कन गर्नुपर्नेमा सो नगरेकोले कम्पनीको वित्तीय विवरणले सही चित्रण गरेको छैन ।

७८. **चालू दायित्व –** कम्पनीको चालू दायित्व गत वर्ष रु.७ करोड ३० लाख ५२ हजार रहेकोमा यो वर्ष रु.४ करोड ३६ लाख २६ हजारले बृद्धि भई रु.११ करोड ६६ लाख ७८ हजार पुगेको छ । दायित्व रकम कुन अवधिदेखिको तिर्नुपर्ने हो खुलाएको छैन भने वास्तविक रुपमा तिर्नुपर्ने हो होइन यकिन छैन ।

नेपाल रेल्वे कम्पनी

आर्थिक वर्ष २०६५।६६ को अन्तिम प्रतिवेदनबाट देखिएका व्यहोरा यसप्रकार छन्:

७९. **सञ्चालन नतिजा –** गत वर्षसम्मको सञ्चित नोक्सानी रु. ५ करोड ३९ लाख ८९ हजार भएकोमा यो वर्ष रु. ४६ लाख २९ हजार नोक्सान थप भई यो वर्षसम्मको सञ्चित नोक्सानी रु.५ करोड ८६ लाख १८ हजार पुगेको छ । कम्पनीको २०६५।६६ को अन्त्यमा ऋणात्मक नेटवर्थ रु.४ करोड ८६ लाख ४१ हजार रहेबाट कम्पनीले आफ्नो दायित्व भुक्तानी गर्न सक्ने स्थिति देखिएन ।

८०. **वित्तीय विवरण प्रमाणिकरण –** कम्पनीले २०६६ आषाढ मसान्तमा सम्पन्न वित्तीय विवरण २०६९।५।२१ को सञ्चालक समितिको बैठकबाट प्रमाणिकरण गरी पेश गरेको छ । सञ्चालक समितिले आफ्नो वित्तीय जिम्मेवारीअनुसार वित्तीय जवाफदेही कायम गराउनका लागि लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन अध्ययन गरी जवाफ पेश गर्नुपर्नेमा सो कार्य नगरी व्यवस्थापनलाई जवाफ पेश गर्न निर्देशन दिएको छ । व्यवस्थापनले पनि उक्त व्यहोराहरु अध्ययन गरी वित्तीय विवरणमा खुलाएको छैन ।

८१. **संस्थागत अष्पटता –** नेपाल यातायात संस्थान, जनकपुर रेल्वेको रुपमा रहेको रेल्वे सेवा २०५८।९।१ देखि नेपाल यातायात संस्थान विघटन भइ नरहेको अवस्थामा विघटित संस्थानको शाखाको रुपमा जनकपुर रेल्वे २०६१।२।१७ सम्म सञ्चालनमा रही २०६१।२।१८ देखि नेपाल रेल्वे कम्पनीको रुपमा व्यवसाय सञ्चालन गरेको देखिन्छ । सो कम्पनीलाई नेपाल राजपत्रको २०६८।८।९ को सूचनाअनुसार रेल विभागमा स्थानान्तरण गरेकाले संस्थाको हालको अवस्था नै यकिन गर्न सकिएन । संस्थागत तथा संरचनागत रुपमा कम्पनीको निरन्तरताको लागि ऐतिहासिक महत्व भएको रेल्वे सेवालाई व्यवस्थित गरी सञ्चालन गर्न संस्थागत स्पष्टता आवश्यक देखिएको छ ।

८२. **लेखापरीक्षण –** २०६५।६६ को लेखा समयमा तयार नगरेको, वित्तीय विवरण प्रस्तुत गर्न ढिलाई गरेको र लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनउपर प्रतिक्रिया सहितको संशोधित वित्तीय विवरण २०६८।९।३ मा पेश गरेको कारणबाट २०६९।२।१० मा मात्र लेखापरीक्षण सम्पन्न भएको छ । तत् पश्चातको आर्थिक वर्षको लेखापरीक्षण गराएको छैन । लेखापरीक्षण समयमा गराउन कम्पनी व्यवस्थापन सक्रिय नभएकोले लेखापरीक्षण कार्य समयमा हुन सकेको छैन । आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य लेखापरीक्षण सम्पन्न गर्न गराउन आवश्यक व्यवस्था मिलाउनेतर्फ ध्यान दिएको देखिएन ।

८३. **विपरीत राय –** विघटित नेपाल यातायात संस्थानअन्तर्गतको जनकपुर रेल्वेको २०५८।९।१ देखि २०६१।२।१७ सम्म अवधिको (नेपाल रेल्वे कम्पनीमा परिणत हुनु अघिको) र नेपाल रेल्वे कम्पनीको २०६१।२।१८ देखि २०६३ आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भएअनुसार यो वर्ष लेखापरीक्षणको अन्तिम प्रतिवेदन जारी गरिएको छ । संस्थानको वित्तीय विवरणको प्रमाणीकरण सञ्चालक समितिबाट नभएको, तुलनात्मक

विवरणको अवधि र अङ्क फरक परेको, सम्पत्ति अभिलेख र सोको ह्रास कट्टी सही तरिकाबाट नभएको, बैङ्क मौज्दात यकिन नगरेको, शाखा हिसाब मिलान नगरेको, ऋणदायित्व र चालु दायित्व यकिन नगरेको आदि सारभूत विषयहरु देखिएकोले लेखापरीक्षणको विपरीत राय उपलब्ध गराएको छ ।

८४. **थप दायित्व –** विहार स्टेट ईलेक्ट्रिसिटी बोर्डले जनकपुर रेल्वेको नाममा भारतीय रुपैयाँ ४९ लाख ९१ हजारको बिजुली बापतको रकमको बिल पठाएको छ । उक्त खर्चलाई कम्पनीको खातामा लेखाङ्कन गरेको छैन । उक्त खर्च लेखाङ्कन गर्दा सोही रकम बराबरले कम्पनीको आर्थिक व्ययभार वृद्धि हुने देखिन्छ ।

८५. **स्थिर सम्पत्ति** – कम्पनीको वित्तीय विवरणमा देखाएको रु.१ करोड ३ लाख १५ हजार स्थिर सम्पत्तिको अभिलेख तयार नगरेको र सम्पत्तिको अवस्था यकिन नगरेकोले उक्त स्थिर सम्पत्ति बारे यकिन हुन सक्ने स्थिति छैन । स्थिर सम्पत्तिको बीमा नगरेको, कोडिङ नगरेको तथा भौतिक परीक्षण समयमा नगरेकोले किताबमा अभिलेख गरेको स्थिर सम्पत्तिको यथार्थ अवस्था यकिन गर्न सकिएन । कतिपय स्थिर सम्पत्तिहरु जस्तै– जग्गा, सवारीसाधन, भवन आदि कम्पनीको भोगचलनमा रहेको तर स्वामित्वमा नरहेकोले वित्तीय विवरणमा समावेश गरेको देखिएन ।

८६. **पेश्की –** चालु दायित्व तथा व्यवस्थाअन्तर्गत लेखाङ्कन भएको सप्लायर्सलाई भुक्तानी बाँकी रु.१ करोड २९ लाख ५ हजार र पेश्की तथा धरौटीअन्तर्गत लेखाङ्कन भएको सप्लायर्स पेश्की रु.१ करोड ३४ लाख १४ हजारको मौज्दातको समर्थनपत्र प्राप्त नगरेकोले उक्त दायित्व तथा सम्पत्तिको यथार्थताबारे यकिन हुन सकेको छैन । कर्मचारी तथा सप्लायर्सलाई पेश्की उपलब्ध गराउँदा पहिला दिएको पेश्की फछ्यौंट नगरी पुन: थप पेश्की दिने गरेको तथा विगतमा दिएको पेश्की हालसम्म पनि असुल फछ्यौंट नगरी जिम्मेवारी सार्दै ल्याएकोले पेश्की फछ्यौट प्रभावकारी रुपमा हुन सकेको छैन ।

८७. **बैङ्क हिसाब –** बैङ्क हिसाबअन्तर्गत नेपाल राष्ट्र बैङ्कमा रहेको ००९ र ००८ को हिसाब मिलान विवरणमा कतिपय धेरै पुराना रकमहरु समायोजन हुन बाँकी रहेको छ । नेपाल राष्ट्र बैङ्कमा रहेको खाता नं. ६१५३६० को हिसाब भिडान नभई रु.२ लाख २३ हजार फरक परेको छ । सो को हिसाब समायोजन गर्दा प्रस्तुत बैङ्क मौज्दात तथा अन्य शीर्षकको मौज्दातसमेत फरक पर्ने देखिन्छ ।

८८. **जिन्सी मौज्दात –** जिन्सी मौज्दात रु.७ करोड २६ लाख ८६ हजारले ऋणात्मक लेखाङ्कन गरेको छ । जसले गर्दा कम्पनीको आर्थिक वर्षको अन्त्यमा रहेको वास्तविक जिन्सी मौज्दात मेल खाएको देखिएन ।

८९. **शाखा हिसाब –** कतिपय शाखाहरु सञ्चालनमा नरहेका र सञ्चालनमा रहेको वीरगन्ज शाखामा पनि रु.३ लाख ५० हजारले मिलान नभएकोले शाखा हिसाबअन्तर्गत लेखाङ्कन गरेको रु.३ करोड ९७ लाख ८३ हजार यकिन हुन सकेको छैन ।

९०. **ऋण दायित्व –** यस आर्थिक वर्षको अन्त्यमा अर्थ मन्त्रालयबाट प्राप्त ऋण रु.३ करोड ५ लाखको साँवा र ब्याजबापत सिर्जित दायित्व रु.३९ लाख ४२ हजारको व्यवस्था गरेको छैन । कम्पनीले वित्तीय संस्थाहरुबाट लिएको ऋण रु.४ करोड २४ लाख ७३ हजार वित्तीय विवरणमा देखाएकोमा पुष्ट्यांई गर्ने कागजात उपलब्ध हुन सकेन । कम्पनीले मन्त्रालय र वित्तीय संस्थाहरुबाट लिएको ऋणमा ब्याज खर्चको लागि व्यवस्था गरेमा सोही रकम बराबर नोक्सानी वृद्धि हुने देखिन्छ ।

९१. **अग्रिम आयकर दाखिला–** कम्पनीले कतिपय रकमको भुक्तानीमा आयकर ऐन, २०५८ बमोजिम अग्रिमकर कट्टा गरेको छैन । अग्रिम आयकर रकमलाई कट्टा गरेको अर्को महिनाको १५ गते भित्रमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गर्नुपर्नेमा गरेको पाइएन । यसवाट कम्पनीलाई सो ऐनबमोजिम लाग्ने थप शुल्क तथा ब्याजको भार पर्नसक्ने देखिएको छ ।

९२. **विनियमावली तथा नीति तर्जुमा –** कम्पनीले आर्थिक विनियमावली, कर्मचारी विनियमावली, लगानी नीति, लेखा नीति तथा सञ्चालनसम्बन्धी नीति तर्जुमा गरी लागू गरेको छैन ।

९३. **लेखा परीक्षण समिति –** कम्पनी ऐन २०६३ को दफा १६४ बमोजिम कम्तीमा ३ जना सञ्चालक रहेको लेखा परीक्षण समिति गठन गरी दफा १६५ मा भएको व्यवस्थाबमोजिम काम, कर्तव्य र अधिकारको व्यवस्था गर्नुपर्नेमा सोअनुसार लेखापरीक्षण समिति गठन गरेको पाईएन ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालय ९१ तर्फ रु ५ अर्व ४२ करोड १३ लाख १८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २६ निकायले रु.६ करोड ५३ लाख ८३ हजार फछ्यौंट गरेकोले रु.५ अर्ब ३५ करोड ५९ लाख ३५ हजार बाँकी रहेको छ । सोमध्ये रु ४ अर्व ५६ करोड ९० लाख ४० हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था, अन्य संस्था समिति १ तर्फ यो वर्ष रु ३० करोड ९४ लाख १७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलबध गराएपछि रु २० लाख ३३ हजार फछ्यौंट गरेकोले रु ३० करोड ७३ लाख ८४ हजार बांकी रहेको छ । सोमध्ये रु.२३ करोड १२ लाख १५ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

मन्त्रालय र मातहतसमेत ८६ कार्यालयको यो वर्ष बिनियोजनतर्फ रु.१ अर्ब १३ करोड ३२ लाख २ हजार, राजस्वतर्फ रु.३९लाख ९८ हजार, धरौटीतर्फ रु.८८ लाख ५९ हजार र अन्य कारोबारतर्फ रु.१८ करोड ७३ लाख ९५ हजार गरी रु.१ अर्ब ३३ करोड ३४ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा शान्ति तथा पुननिर्माण मन्त्रालयको रु. ७ करोड ९६ लाख ५६ हजारसमेत समावेश छ ।

मन्त्रालयमातहतका समिति १ तथा अन्य संस्था ४ को रु.२८ करोड ३६ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** महालेखापरीक्षकको विगतका प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ अचल सम्पत्ति विवरणअनुसार समाज कल्याण परिषद्, लैनचौरको २८ रोपनी १४ आना, भृकुटीमण्डपको २१४ रोपनी १४ आना २ पैसा, दुवाकोट, भक्तपुरको ४१३ रोपनी २ आना, बुढानीलकण्ठ, नयाँबानेश्वर र बाल्मीकी क्याम्पसको पूर्वपट्टि रहेको जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको देखिएन । भक्तपुर दुवाकोटको जग्गा दंगा प्रहरी र परोपकार बाल ग्रामलाई केही वर्षको लागि भोगचलनमा दिएकोमा सोसम्बन्धी सम्झौता पेश नभएको व्यहोरा औल्याउदै आएकोमा स्थिति यथावत् छ ।

१.२ तत्कालीन काठमाडौं नगरपालिकाको अनुरोधमा २०४९ मा ३ महिनाको लागि खुलामञ्चबाट सारिएका व्यापारीलाई भृकुटीमण्डपभित्रको जग्गा प्रयोग गर्न उपलब्ध गराएकोमा हालसम्म अन्यत्र सार्ने व्यवस्था भएको छैन । सो जग्गा समयानुकूल दरमा भाडा लगाइनुपर्दछ ।

विगतका लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **चालु कोष (बीउपूँजी) –** बीउपूँजी परिचालन निर्देशिका, २०६० अनुसार महिला सशक्तिकरणको निम्ति संगठित महिलाहरुको आय आर्जन क्रियाकलापका निम्ति आधार स्रोतका रुपमा आवश्यक पर्ने कर्जा मागलाई टेवा पुऱ्याउने उद्देश्यले चालु कोष स्थापना गरेको छ । निर्देशिकाको ३.२ मा बीउपूँजी प्रदान गर्दा सुरुमा ३ वर्षे अवधि कायम गर्ने र प्रभावकारी ढङ्गबाट बीउपूँजी परिचालन गरी वार्षिक ब्याज महिला तथा बालबालिका कार्यालयमा बुझाएमा पुन: थप २ वर्षको लागि बीउपूँजी परिचालन गर्न दिन सक्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार २८ महिला तथा बालबालिका कार्यालयले प्रदान गरेको बीउपूँजीको साँवा रकममध्ये रु.८६ लाख ६८ हजार फिर्ता गर्नुपर्ने अवधि सकिए पनि फिर्ता गरेको छैन । त्यस्तै निर्देशिकाको ३.१(ज) अनुसार बीउपूँजीको २ प्रतिशत ब्याज कार्यालयको चालुकोष खातामा जम्मा गर्नुपर्ने भएपनि २२ कार्यालयबाट उपलब्ध गराइएको बीउपूँजीमा लाग्ने ब्याज रु.४ लाख ६९ हजार चालु कोष खातामा जम्मा गरेको छैन ।

निर्देशिकाको ५.२ मा बीउपूँजी परिचालनको यथार्थ स्थिति झल्किने गरी महिला संस्थाले अनुसूची–६, महिला तथा बालबालिका कार्यालयले अनुसूची–८ बमोजिम तयार गरी महिला तथा बालबालिका विभागमा चौमासिक/वार्षिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । सोको आधारमा विभागले अनुसूची–९ बमोजिमको अभिलेख राख्नुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त विवरणअनुसार ७५ जिल्लालाई रु.११ करोड ६५ लाख २७ हजार बीउपूँजी उपलब्ध गराएकोमा रु.९ करोड ६९ लाख २ हजार

लगानी भई बाँकी बैङ्कमा रहेको देखिन्छ । केन्द्रीय आर्थिक विवरण र ५ कार्यालयबाट प्राप्त आर्थिक विवरण भिडान गर्दा विभागले देखाएको भन्दा गोरखा, उदयपुर, स्याङ्जाले रु.४ लाख २१ हजार घटी र लमजुङ तथा खोटाङ ले रु.२ लाख ७५ हजार बढी मौज्दात देखाएको छ । बीउपूँजी पठाएका जिल्लामध्ये ताप्लेजुङ र पर्साले लेखापरीक्षण गराएका छैनन् । विभाग र मातहत कार्यालयले तोकिएको ढाँचामा हिसाव राखी भिडान गर्नुपर्दछ ।

३. **अनुदान** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालबसाली प्रकृतिको बाहेक विशेष प्रकारको पटके कार्यक्रम सञ्चालनार्थ निकासा दिएको रकमबाट भएका कार्यको आय–व्ययको प्रगति विवरण लिई लक्ष्यअनुसार खर्च गरे वा नगरेको, लेखापरीक्षण भए नभएको अध्ययन, अनुगमन मूल्याङ्कन गरी मन्त्रालयले वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय योजना आयोगबाट २०६८।७।२४ मा निर्णय गरी पठाएको स्वीकृत कार्यक्रमअनुसार अब उप्रान्त कुनै पनि सेक्टरका संघसंस्थालाई सरकारी अनुदान वितरण गर्दा निश्चित मापदण्ड र स्पष्ट अनुगमन सूचकहरुसहितको कार्यविधिको आधारमा मात्र कारबाही अघि बढाउने निर्देशन दिएको देखियो । यो वर्ष मन्त्रालयले समाज कल्याण कार्यक्रमबाट मन्त्रीस्तरीय निर्णयअनुसार २३ संस्था छनौट गरी एक संस्थालाई रु.२० लाख र मातहत कार्यालय २० बाट विभिन्न संस्थालाई रु.८९ लाख १४ हजारसमेत रु.१ करोड ९ लाख १४ हजार, राष्ट्रिय अपाँङ्ग महासंघ समेत ११ गैरसरकारी संस्थालाई रु.१ करोड १७ लाख, समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक उपचार कार्यक्रम समेत)बाट ८ संस्थालाई रु.३१ लाख ७७ हजार, नेपाल कुष्ठरोग निवारण संघ कार्यक्रमबाट सो संघलाई रु.६० लाख, बालकल्याण कार्यक्रमबाट एक संस्थालाई रु.१८ लाख, यौनिक तथा लैङ्गिक अल्पसंख्यक सहयोग कार्यक्रमबाट एक संस्थालाई रु.३० लाखसमेत जम्मा रु.३ करोड ६५ लाख ९१ हजार अनुदान दिएको छ । सम्झौताअनुसार कार्यक्रम सञ्चालन भए नभएको सम्बन्धमा मन्त्रालयबाट प्रगति विवरण लिने र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा अनुगमन मूल्यांङ्कन गरी वार्षिक विवरण तयार गरेको छैन । त्यस्तै राष्ट्रिय योजना आयोगको निर्देशनानुसार अनुदान वितरणको मापदण्ड र अनुगमन सूचक बनाएको छैन ।

४. **लैङ्गिक बजेट –** आर्थिक वर्ष २०६८।६९ को व्यय अनुमानको विवरणअनुसार लैङ्गिक उत्तरदायी बजेट कार्यक्रमका लागि संवैधानिक अंगहरु र मन्त्रालयहरुबाट महिलालाई ५० प्रतिशतभन्दा बढी प्रत्यक्ष लाभ हुने क्रियाकलापमा बजेट विनियोजन गरेको छ । लाभको प्रतिशत गणना गर्दा महिलाहरुको क्षमता अभिवृद्धि, योजना तर्जुमा र कार्यान्वयन सहभागिता, लाभको बाँडफाँड महिलाहरुको हिस्सा, महिलाहरुको रोजगार/आय अभिवृद्धि सहयोग र महिलाहरुको समयको प्रयोगमा गुणात्मक सुधार र कार्यबोझमा ल्याउने कमीमा २०/२० प्रतिशत वर्गीकरण गरी सूचक निर्धारण गरेको छ ।

नेपाल सरकार कार्य विभाजन नियमावली, २०६४ अनुसार मन्त्रालयले महिलाहरुलाई लाभ पुग्ने क्रियाकलापमा अनुगमन मूल्याङ्कनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । लैङ्गिक उत्तरदायी बजेट पनि महिलालाई बढी लाभ पुऱ्याउने उद्देश्यबाट ल्याइएको हुँदा प्रत्यक्ष लाभ हुने गरी विनियोजित रकमको प्रयोग तथा त्यसबाट महिलावर्गलाई प्राप्त हुने सुविधाका सन्दर्भमा अनुगमन मूल्याङ्कन गर्नुपर्ने थियो । रकम विनियोजन विभिन्न मन्त्रालय तथा निकायमा हुने र त्यसबाट महिलाको सुविधाका लागि भएको खर्च, कार्य र उपलब्धिको समष्टिगत अभिलेख तथा लेखाङ्कन रहने नगरेबाट बजेटको उद्देश्य परिपूर्ति भए नभएको निश्चित गर्न सक्ने अवस्था छैन ।

यसका अतिरिक्त महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको महिला विकास तथा सुविधाका लागि यो वर्ष प्रत्यक्ष लाभका लागि विनियोजित रकम रु. ८६ करोड ९९ लाख ७ हजारको मूल्याङ्कनार्थ निर्धारित सूचक अनुसार मन्त्रालयले अनुगमन मूल्याङ्कन पनि गरेको छैन । स्वीकृत कार्यक्रमअनुसार कार्य सञ्चालन भए नभएको एवं भएका खर्चका उपलब्धि सम्बन्धमा तोकिएअनुसार अनुगमन मूल्याङ्कन गरिनुपर्दछ ।

अन्य संस्थातर्फ

समाज कल्याण परिषद्

समाज कल्याण ऐन,२०४९ अन्तर्गत सञ्चालित यस परिषदको यो वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

५. **वासलात** – समाज कल्याण परिषद्को आर्थिक प्रशासन नियमावली, २०५० को नियम २५(२) अनुसार परिषद्ले तोकिएबमोजिम सम्पत्ति र दायित्वको विवरण तयार गरी वासलात तयार गर्नुपर्नेमा तयार नगरेकोले परिषद्को वास्तविक सम्पत्ति र दायित्व यकिन हुन सकेन ।

६. **एकद्वार प्रणाली** – वैदेशिक सहायता नीति, २०५९ को कार्यान्वयनसँगै एकद्वार प्रणालीअन्तर्गत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको छाता संगठनको रुपमा परिषद् रहने र सम्झौता पनि परिषद्सँग हुने प्रावधान अनुसार परिषद्ले दर्ता भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग कार्यक्रम र साधारण सम्झौता गर्ने गरेको छ । सुरु सम्झौता समाज कल्याण परिषद्सँग हुने प्रावधान रहे तापनि अर्थ मन्त्रालय, पररा्ष्ट्र मन्त्रालय, गृह मन्त्रालय तथा सम्बन्धित मन्त्रालयमार्फत कार्यान्वयनस्तरमा सम्झौता गरी सहयोग प्राप्त हुने व्यवस्थाले वास्तविक सहयोगको स्थिति यकिन नहुने अवस्था रहेको छ । ऐन नियममा स्पष्ट व्यवस्था गरी एकद्वार प्रणालीअन्तर्गत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सहायता प्राप्त गर्नुपर्दछ ।

७. **क्षेत्रीय कार्यालय** – परिषद्को २०६८।६९ को अनुमानित बजेटअनुसार क्षेत्रीय सम्पर्क कार्यालय स्थापनाको लागि रु.१ करोड बजेट स्वीकृत भएको छ । सो बजेटबाट क्षेत्रीय कार्यालय स्थापना गर्ने स्थान र खर्च शीर्षकगत रकम स्वीकृत नगरी तलब, भाडा, कार्यालय सञ्चालन, फर्निचर तथा दैनिक भ्रमण भत्ता आदिमा यो वर्ष रु.१९ लाख ४१ हजार खर्च गरेकोमा परिषद्बाट खर्च अनुमोदन भएको छैन । त्यस्तै कार्यालय स्थापना गरी सञ्चालनमा आएपछि एक वर्ष नहुँदै कार्यसञ्चालन समितिको २०६९।१।१२ को निर्णयले ४ क्षेत्रीय कार्यालय खारेज गरेको छ । विस्तृत अध्ययनबेगर कार्यालयहरु स्थापना र खारेज गर्दा खर्च उपयोगविहीन देखिएको छ ।

८. **नि:शुल्क तथा छुट** – समाज कल्याण परिषद्को कार्यसञ्चालन समितिको २०६६।१२।१६ को निर्णयअनुसार उक्त मिति पूर्वका निर्णयबाट नि:शुल्क र छुटमा उपलब्ध गराइएका स्टल, पक्की भवन, घर, टहरा, जग्गा आदि नि:शुल्क वा छुटमा नदिने निर्णय भएको देखिन्छ । परिषद्बाट उपलब्ध विवरणअनुसार भृकुटीमण्डपस्थित घरजग्गा एक खोजतलास समन्वय केन्द्रलाई नि:शुल्क र ६ संस्थालाई परिषद्ले तोकेको भाडामा ७५ प्रतिशत छुट गरी भाडामा दिएको देखिन्छ । यसरी भाडा छुटमा उपलब्ध गराउँदा परिषद्लाई यो वर्ष रु.१० लाख ३ हजार घटी आय प्राप्त भएको छ । अत: छुटमा उपलब्ध गराउने व्यवस्था अन्त्य गरी प्रतिस्पर्धाको माध्यमबाट भाडामा दिने व्यवस्था गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:
  - सरकारी कार्यालयतर्फ ८४ निकायमा रु.६ करोड ८५ लाख ११ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २० निकायले रु.५२ लाख ८९ हजार फछ्यौंट गरेकोले रु.६ करोड ३२ लाख २२ हजार बाँकी रहेको छ । सोमध्ये रु.२ करोड २६ लाख ८२ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था अन्य संस्था समिति ४ तर्फ रु.२ करोड ९२ लाख २८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ समितिले रु.१६ हजार फछ्यौंट गरेकोले रु.२ करोड ९२ लाख १२ हजार बाँकी रहेको छ । सोमध्ये रु.२१ लाख ९३ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

युवा तथा खेलकूद मन्त्रालय

मन्त्रालयको यो वर्ष विनियोजनतर्फ रु.८६ करोड ९८ लाख २८ हजार, राजस्वतर्फ रु.३ करोड ५५ लाख ३५ हजार, धरौटीतर्फ रु.७ लाख २८ हजार गरी रु.९० करोड ६० लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतको अन्य संस्था एकको बक्यौतासमेत रु.१ अर्ब ३ करोड ९० लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन –** यो वर्ष १८ क्षेत्रमा युवा साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक विभिन्न संघसस्थालाई जिल्ला विकास समितिमार्फत रु.२ करोड ३५ लाख निकासा दिएको छ । निकासा रकमको प्रगति विवरण तथा खर्चसम्बन्धी विवरण पेश गर्नुपर्ने व्यवस्था भएकोमा २२ जिल्लाबाट विवरण प्राप्त भएको छैन । यसबाट कार्यक्रम सञ्चालन, प्रगति र खर्चको यथार्थता यकिन हुन सकेन । अनुदानबाट भएको कामको कार्य प्रगति तथा खर्च सम्बन्धमा मन्त्रालयबाट अनुगमन गर्न रु.१० लाख खर्च भएकोमा अनुगमन प्रतिवेदन व्यवस्थित गरेको छैन । अनुदान रकमको सम्बन्धमा संस्थाबाट लेखापरीक्षण प्रतिवेदन लिई सम्पादित कार्यको अनुगमन गरी सम्बन्धित कार्यक्रममा खर्च हुन बाँकी रकम यकिन गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

अन्य संस्थातर्फ

राष्ट्रिय खेलकूद परिषद्

खेलकूदसम्बन्धी तालिम सञ्चालन गरी सबै किसिमको खेलकूद आयोजना गर्न तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगिता गराउने उद्देश्यले खेलकूद विकास ऐन, २०४८ अन्तर्गत यो परिषद् स्थापना भएको हो ।

२. **आय व्यय –** यो वर्ष परिषद्को आय रु.७६ करोड ६२ लाख २१ हजार र व्यय रु.६२ करोड ४१ लाख ६० हजार भई रु १४ करोड २० लाख ६१ हजार बचत रहेको भए तापनि परिषद्को केन्द्रीय कार्यालयलगायत ५ क्षेत्रीय तथा ७५ जिल्ला खेलकूद विकास समितिको समेत आय–व्यय समावेश गरी एकीकृत विवरण तयार नगरेकोले परिषद्को वित्तीय विवरण यथार्थपरक छैन ।

३. **सम्पत्ति –** फर्निचर रु २५ लाख १६ हजार, सवारीसाधन रु.१ करोड १७ लाख ३८ हजार र उपकरण रु.४१ लाख ५ हजारलगायतका रु.५ करोड ८३ लाख ९३ हजारको स्थिर सम्पत्ति देखाएको छ । स्थिर सम्पत्तिको विवरण खुलाई अभिलेख अद्यावधिक नराखेको तथा भौतिक परीक्षणसमेत नगरेकोले स्थिर सम्पत्तिको यथार्थ स्थिति यकिन गर्ने आधार भएन ।

४. **दायित्व –** गतवर्षसम्मको चालु दायित्व रु.३ करोड ५३ लाख ७ हजार रहेकोमा यो वर्ष रु.७७ लाख ६७ हजार थप भई रु.४ करोड ३० लाख ७४ हजार देखाएको छ । तर सोको विस्तृत विवरण उपलब्ध भएन । विगत वर्षदेखि भुक्तानी दिनुपर्ने रकमको विवरण यकिन गरी हिसाव टुङ्गो लगाउने काम भएको छैन । परिषद्ले २०६८।६९ मा ४ क्षेत्रीय खेलकूद विकास समितिको रु.२९ लाख ८३ हजार दायित्व देखाएकोमा त्यसको पुष्ट्याई पेश गरेको छैन ।

५. **पेश्की** – गतवर्षसम्मको पेश्की बाँकी रु २९ करोड ३९ लाख ९५ हजारसमेत यो वर्षसम्म कर्मचारी तथा अन्य पेश्की रु.५१ करोड ८ लाख ६२ हजार पुगेको छ । लामो समयसम्मको पेश्कीमध्ये एक संघको नाममा रु.३ करोड ८५ लाख ४२ हजार, एक प्रशिक्षकको नाममा रु.४७ लाख ४ हजार र परिषद्को पूर्वसदस्य सचिवको नाममा रु.१ लाख ५० हजार रहेको छ ।

६. **ठेक्का व्यवस्था** – सातदोबाटोस्थित पौडी पोखरी तथा चमेनागृह २०६५।६६ देखि २०६७।६८ सम्म सञ्चालन गर्न वार्षिक रु.२२ लाखका दरले रु.६६ लाख भाडा बुझाउने गरी २०६५।३।२० मा एक व्यवसायीसँग संझौता गरेको छ । संझौतामा प्रत्येक महिनाको भाडा रु.१ लाख ८३ हजार पहिलो हप्ताभित्र बुझाई सक्नुपर्ने र सो म्यादभित्र नबुझाएमा सो महिनाको मसान्तभित्र १० प्रतिशत जरिबानासहित भाडा असुल गर्ने व्यवस्था छ । सो महिना नघाई अर्को महिनाको पहिलो हप्ताभित्र जरिबानासहित बुझाउनुपर्ने भाडा नबुझाएमा धरौटी जफत गरी करार भङ्ग गर्नसक्ने उल्लेख छ । विगत ३ वर्षको रु.६६ लाख प्राप्त गर्नुपर्नेमध्ये रु.१४ लाख ६७ हजारमात्र असुल गरी रु ५१ लाख ३३ हजार असुल गर्न बाँकी रहेको छ । यो वर्ष परिषद्ले नै पौडी पोखरी सञ्चालन गरी रु.७१ लाख ४७ हजार आम्दानी देखाएको छ । बाँकी भाडा रकम असुल गर्नुपर्दछ ।

७. **अनुदान** – खेलकूद विकास ऐन, २०४८ को दफा १४ मा राष्ट्रिय खेलकूद परिषद्मा दर्ता हुन सम्बन्धित संघ, संस्था वा क्लबले आफ्नो विधानको १ प्रति परिषद्मा पेश गर्नुपर्ने र राष्ट्रिय खेलकूद नियमावली, २०४९ को नियम ३८ मा प्रत्येक वर्षको श्रावण मसान्तभित्र नवीकरण गर्नुपर्ने व्यवस्था छ । तीन वर्ष वा सोभन्दा बढी अवधिसम्म नवीकरण नगराएमा त्यस्तो संघ, संस्था वा क्लबलाई परिषद्ले सिफारिस वा अन्य सहयोग उपलब्ध नगराउने व्यवस्था छ । परिषद्मा विगतमा दर्ता भएका १३० राष्ट्रिय संघमध्ये २५ ले नवीकरण गराएका छन् । नवीकरण नगराएको अवस्थामा ३३ राष्ट्रिय संघलाई रु.७५ लाख पेश्की दिएको छ । सो रकमबाट संघहरुले गरेको कार्य प्रगति, खर्चको अनुगमन गरी पेश्की फछ्यौंट गरेको छैन ।

८. **प्रतिवेदन** – परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६२ को नियम १० अनुसार स्वीकृत बजेटको परिधिभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । परिषद्को बोर्डबाट बजेट तथा कार्यक्रम स्वीकृत गरेको छैन । सोही नियमावलीको नियम १८ मा परिषद्को आन्तरिक लेखापरीक्षण गर्न परिषद्को केन्द्रीय कार्यालयमा एक आन्तरिक लेखापरीक्षण इकाई रहने र कार्यालयको आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था भएकोमा परिषद्ले आन्तरिक लेखापरीक्षण गराए पनि आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश गर्ने नगरेकोले पेश गराउने व्यवस्था हुनुपर्दछ ।

९. **स्रेस्ता पेश नभएको** – धनगढीस्थित क्षेत्रीय रंगशालाको प्याराफिट र ट्र्याक एण्ड फिल्ड निर्माणको लागि एक निर्माण सेवालाई रु.४ करोड ४६ लाख ९३ हजार भुक्तानी दिएको छ । उक्त भुक्तानीसँग सम्बन्धित बोलपत्र तथा संझौता फाइल लेखापरीक्षणको लागि पेश भएको भएन ।

१०. **हवाई टिकट** – आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । धनगढीमा २०६८।१०।१४ देखि २१ गतेसम्म सञ्चालन भएको छैठौं राष्ट्रिय खेलकूदमा हवाई भाडाबापत रु.२० लाख ६२ हजार खर्च लेखेकोमा हवाई टिकट र नामनामेसी विवरण पेश भएको छैन ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:
  - मन्त्रालयको रु.१ करोड ५९ लाख ४५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु १ करोड ४९ लाख २० हजार फछ्यौंट गरेकोले रु १० लाख २५ हजार बाँकी रहेको छ । । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - अन्य संस्था १ को रु.१८ करोड ९६ लाख १९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ६६ लाख ९६ हजार फछ्यौंट गरेकोले रु.१४ करोड २९ लाख २३ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

रक्षा मन्त्रालय

मन्त्रालय र मातहतसमेत २६० कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२८ अर्ब ३१ करोड ३४ लाख ११ हजार, राजस्वतर्फ रु.८ करोड २७ लाख २२ हजार, धरौटीतर्फ रु.५४ करोड ५० लाख ७८ हजार गरी रु.२८ अर्ब ९४ करोड १२ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो रकममा वन तथा भू–संरक्षणको रु.१ अर्ब ३२ करोड १२ लाख ६२ हजार, उद्योगको रु.२९ करोड २८ लाख ३४ हजार, भौतिक पूर्वाधार तथा यातायातको रु.६० करोड ४७ लाख ४४ हजार, शान्ति तथा पुनर्निर्माणको रु.३२ लाख ९९ हजार र गृह मन्त्रालयको रु.११ लाख ३५ हजारसमेत समावेश छ । यस अतिरिक्त भौतिक पूर्वाधारतर्फको बक्यौता रु.३२ करोड ४४ लाख १० हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय र मातहत अन्य संस्था ७ को रु.२३ अर्ब २९ करोड ९३ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ मन्त्रालयले २०६२।६३ मा हवाई जहाज खरिद गर्न एक विदेशी कम्पनीलाई दिएको पेश्की रु.३९ करोड ५३ लाख ३७ हजार फछ्यौंट भएको छैन । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ मा कुनै सरकारी कार्यालयले सामान खरिद गर्न कुनै कम्पनीलाई पेश्की दिँदा बैङ्क ग्यारेन्टी लिनुपर्ने व्यवस्था छ । पेश्की दिंदा बैङ्क ग्यारेन्टी लिएको प्रमाण पेश भएन । उक्त पेश्की सम्बन्धमा फछ्यौंटका लागि आवश्यक कारबाही भइरहेको र फछ्यौंट भएपछि सम्परीक्षणको लागि पत्राचार गरिने मन्त्रालयको भनाई छ । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०६७।३।७ मा ३ महिनाभित्र असुल फछ्यौंट गरी सम्परीक्षण गराउने निर्णय गरे तापनि निर्णय कार्यान्वयन गरेको छैन ।

१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैंयाँभन्दा बढी रकमको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ । सम्भाररथी विभागले प्रत्येक वर्ष रु १० करोडभन्दा बढीको सामान गुरुयोजना तयार नगरी खरिद गर्दै आएको छ ।

१.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा खरिद कारबाही सुरु गर्नु अघि माग प्राप्त गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । सम्भाररथी विभागले सामान खरिद गर्दा आवश्यक संख्या, उपलब्ध गराउनुपर्ने सामान, गतवर्षसम्म उपलब्ध गराएको सामान, उपलब्ध गराउने अवधि, सामानको मौज्दात र यो वर्ष खरिद गर्नुपर्ने सामानको परिमाण यकिन गरी सोही आधारमा खरिद गर्नुपर्नेमा सो नगरी यो वर्ष रु.३७ करोड १ लाख ८४ हजारको विभिन्न पोशाकको सामान खरिद गरेको छ ।

१.४ सम्भाररथी विभागले उपलब्ध गराएको विवरणअनुसार विगतमा भएका सम्झौताबमोजिमका सामान ७ वर्ष व्यतीत हुँदासमेत प्राप्त भएको देखिदैन । विभागले एक विदेशी कम्पनीसँग ६ महिनाभित्र सामान प्राप्त हुने गरी २०६२।१२।२१ मा अमेरिकी डलर २ लाख ३६ हजार ८२० को सम्झौता गरेको थियो । टी.टी.मार्फत २०६३।३।२७ मा रु.१ करोड ७६ लाख ५३ हजार भुक्तानी गरेको देखिन्छ । यो वर्ष पनि सामान प्राप्त नभएकोमा आवश्यक कारबाही गरी हिसाब फरफारक गर्नुपर्दछ ।

विभागले स्पेसियल इक्विपमेन्ट खरिद गर्न विदेशस्थित एक कम्पनीसँग ६ महिनाभित्र सामान प्राप्त हुने गरी २०६४ चैत्रमा अमेरिकी डलर २९ हजार २४० को सम्झौता गरेको थियो । सम्झौतामा उल्लेख भएका मध्ये आंशिक सामान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा प्राप्त भई रु.११ लाख ४६ हजार भुक्तानी गरे तापनि सामान प्राप्त गरेको छैन । यस ठेक्काको अमेरिकी डलर २ हजार ९२४ को बैङ्क जमानतको म्याद २०६५।१२।२० मा समाप्त भइसकेको छ । सम्झौताबमोजिमका सामान प्राप्त नभएकोले सम्झौताको शर्त बमोजिम आवश्यक कारबाही गरी सामान आपूर्ति गर्न लगाई प्रतितपत्र बन्द गर्नुपर्दछ ।

विगतका लेखापरीक्षणबाट औल्याइएका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नु पर्दछ ।

सम्भाररथी विभाग (प्राप्ति)

२. **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेसनको अधिनमा रही चालु वा अघिल्लो वर्षहरुमा अन्य निकायले सोही प्रकृतिको सामग्री खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय एवं अन्य बजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारी गरेको दररेट र उक्त मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च आदिलाई आधार लिनुपर्ने उल्लेख छ । विभागले लागत अनुमान तयार गर्दा विभिन्न ३ कम्पनी वा फर्मबाट दर माग गरी र सवारीसाधनको पार्टस खरिद गर्दा नेपालस्थित अधिकृत बिक्रेताबाट दररेट नलिई अन्य पार्टीबाट दररेट लिई सोमध्ये घटी दरलाई नै लागत अनुमान कायम गरी स्वीकृत गर्ने गरेको छ । लागत अनुमान गर्दा विभागले स्वीकृत गरेको लागत अनुमानभन्दा पन्चु, फेब्रिक फर टाई, टेरिकटन फेब्रिक र रेनसुट जस्ता सामान खरिद गर्दा ७३.४२ प्रतिशतसम्म घटी भएकोले लागत अनुमान यथार्थपरक देखिएन ।

कानूनसम्मत नदेखिएका केही व्यहोरा	
कार्यालय	**देखिएका व्यहोरा**
सम्भाररथी विभाग (प्राप्ति)	**बिल बीजकबेगर एक ढुवानी कर्तालाई रु.२ करोड ३० लाख भुक्तानी दिएको छ ।**
	प्रतितपत्र पेश्की रु.६१ करोड ७९ लाख फछ्यौंट भएको छैन ।
नेपाली सैनिक कल्याणकारी कोष	**संयुक्त राष्ट्रसंघबाट रु.६ अर्ब ३८ करोड आम्दानी देखाएकोमा मिसनगत खर्च, सोधभर्ना र बाँकीको अद्यावधिक अभिलेख राखेको छैन ।**
	कोषले रु.२ अर्ब १२ करोड र अमेरिकी डलर २ करोड ४४ लाख पेश्की फछ्यौंट गरेको छैन ।
	राष्ट्र बैङ्कले तोकेअनुसार न्यूनतम पूँजीकोष नभएका ३ वित्तीय संस्थामा गरेको निक्षेप रु.२५ करोड ३२ लाख जोखिममा परेको छ ।
विकास निर्माण तथा स्थपति महानिर्देशनालय	**एक्साभेटर प्रयोग गरी रु.८ करोड २३ लाख खर्च गरेकोमा नर्म्स स्वीकृत भएको छैन ।**
सैनिक हवाई महानिर्देशनालय	**नेपाली सेनाले निर्माण गर्दै आएको सडक निरीक्षण गर्दा लागेको ड्राईभाडा रु.१ करोड ८५ लाख आधिकारिक निर्णयबेगर छुट दिएको छ ।**
	चार्टर उडानबापत विभिन्न निकायबाट २०३४।३५ देखि २०६८।६९ सम्म रु.६ करोड ४७ लाख ४९ हजार उठ्न बाँकी रहेको छ ।

३. **प्रतितपत्र पेश्की** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा बजेट तथा कार्यक्रम तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था छ । यो वर्ष ४७ ठेक्काका रु.६१ करोड ७८ लाख ५७ हजारको वैदेशिक सामान खरिदसम्बन्धी प्रतितपत्र पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्यौंट नभई बाँकी रहेको देखियो । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढीको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । खरिद योजना तयार गर्दा खरिदको प्रकारसम्बन्धी विवरण, प्याकेज, खरिद कारबाहीको समय तालिका, विधि लगायतका विषय खरिद योजनामा समावेश गर्नुपर्नेसमेत सोही नियममा उल्लेख छ । वार्षिक खरिद योजनाअनुसार प्रथम चौमासिकमा खरिद गर्नुपर्ने उल्लेख भएका सामानको बोलपत्र दोस्रो तथा तेस्रो चौमासिकमा स्वीकृत भएको र प्रतितपत्र खोल्ने कार्य तेस्रो चौमासिकमा मात्र गरेको

तथा प्रतितपत्र नखोलेको स्थितिसमेत रहेकोले वार्षिक खरिद योजनाअनुसार खरिद कार्य भएको देखिएन । अत: नियममा भएको व्यवस्थाअनुसार पेश्की नरहने र समयमै सामान प्राप्त हुने गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **खरिद प्रक्रिया** – विभागले अपेक्षित वार्षिक लक्ष्य हासिल गर्न वार्षिक कार्यक्रमसमेत तोकिएको समयमा नै सम्पादन गर्नुपर्दछ । प्रतितपत्रको माध्यमबाट भुक्तानी हुने बोलपत्र स्वीकृत पश्चात् तोकिएको प्रक्रिया पूरा गरी प्रतितपत्र खोल्नुपर्नेमा बोलपत्र स्वीकृत भएको मितिले १३३ दिनसम्म लगाई प्रतितपत्र खोलेको देखियो । उदाहरणको रुपमा डी.एम.एस.बुट्स खरिद गर्न २०६८।१०।३ मा बोलपत्र स्वीकृत भएकोमा २०६९।२।१६ मा १३३ दिन पश्चात् प्रतितपत्र खोलेको त्यस्तै स्लीपिङ्ग ब्याग खरिद गर्न २०६८।९।११ मा बोलपत्र स्वीकृत भएकोमा २०६८।१२।६ मा ६९ दिन पश्चात् मात्र प्रतितपत्र खोलेको देखियो ।

बोलपत्र स्वीकृत पश्चात् सामान प्राप्त हुने अवधिसम्म प्रतितपत्र खोल्नमा नै समय व्यतीत भएको प्राप्त विवरणबाट देखिएको छ । समयमै प्रतितपत्र खोली सामान प्राप्त भएमा कार्यालयको कार्यसञ्चालन सरल र छिटो छरितो हुने देखिन्छ ।

५. **स्वीकृतिमा ढिलाई** – सुरक्षा सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ को नियम २० ले सुरक्षा, सामरिक वा प्रतिरक्षासम्बन्धी सामान खरिद गर्ने सार्वजनिक निकायले विदेशबाट मालसामान खरिदको लागि प्रतितपत्र खोल्न मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छ । विभागले बोलपत्र स्वीकृत गरी प्रतितपत्र खोल्ने स्वीकृतिको लागि मन्त्रालयमा पठाएकोमा ९३ दिनसम्म लगाई स्वीकृति दिएको पाइयो । उदाहरणको रुपमा डी.एम.एस.बुट्स खरिद गर्न २०६८।१०।५ मा मन्त्रालय पठाएकोमा २०६९।१।३ मा (८८ दिन), त्यस्तै जी.पी.एस.खरिद गर्न २०६८।११।२२ मा पठाएकोमा २०६९।२।२५ (९३ दिन) पश्चात् मन्त्रालयले स्वीकृत दिएको छ । मन्त्रालयबाट स्वीकृति प्राप्त पश्चात् नेपाल राष्ट्र बैङ्कमा एल.सी.खोल्न विभागले ८८ दिनसम्म लगाएको देखिन्छ । उदाहरणको रुपमा रेन सुट खरिद गर्न २०६८।८।२८ मा मन्त्रालयले स्वीकृति दिएकोमा २०६८।११।१६ (७८ दिन) मा, त्यस्तै प्यारासुट एण्ड ऐसोसेरिज खरिद गर्न २०६८।११।२३ मा स्वीकृत दिएकोमा २०६९।२।२१ (८८ दिन) मा प्रतितपत्र खोलेको पाइयो ।

समयमै प्रतितपत्र खोल्न स्वीकृति दिने र तत्पश्चात् आवश्यक प्रक्रिया पूरा गरी प्रतितपत्र खोल्ने कार्य भएमा समयमा सामान प्राप्त हुने र लक्षित कार्य समयमा सम्पन्न गर्नसमेत सहयोग पुग्ने देखिन्छ ।

६. **भन्सार तथा मूल्य अभिवृद्धि कर** – आर्थिक ऐन, २०६८ ले नेपाली सेना, सशस्त्र प्रहरीबल र नेपाल प्रहरीको नाममा पैठारी हुने विभिन्न उपकरण र अभ्यास तथा तालिममा प्रयोग हुने सामानमा सम्बन्धित मन्त्रालयको सिफारिसमा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था गरेको छ । भन्सार महसूल पूर्ण छुट हुनेमा विभिन्न उपकरण तथा पार्टपुर्जा उल्लेख गरेको देखिन्छ । विभागले जुत्ता, कपडा लगाएतका सामान विदेशबाट पैठारी गर्दा मूल्य अभिवृद्धि कर तथा भन्सार छुट दिने व्यवस्था आर्थिक ऐनमा नभएकोमा बोलपत्रका शर्तहरुमा भन्सार तथा मूल्य अभिवृद्धि कर बाहेकको अङ्क कबोल गर्नुपर्ने उल्लेख गरी सोही बमोजिम सम्झौता गरेको देखिन्छ ।

७. **खरिद** – नेपाली सेनालाई आवश्यक पर्ने मण्डी, उलन भेष्ट, ट्राउजर तथा झुललगायतका सामग्री उत्पादन गर्न नेपाली सेनाअन्तर्गत रहने गरी बहुव्यवसाय उद्योग २०३६ मा स्थापना भई सोही प्रकृतिका सामानहरु उत्पादन गर्दै आएको छ । उक्त उद्योगले उपलब्ध गराएको विवरणमा वार्षिक उत्पादन क्षमता अन्य उत्पादनको अलावा झुल ५० हजार र उलन भेष्ट ट्राउजर ३० हजार जोर उत्पादन गर्नसक्ने र नेपाली सेनालाई थप सामानहरु आवश्यक भएमा अतिरिक्त समय काममा लगाई थप उत्पादन गर्न सक्ने उल्लेख गरेको छ । विभागले यो वर्ष अन्य आपूर्तकबाट झुल २४ हजार खरिद गर्न रु.१ करोड १८ लाख २४ हजार र उलन भेष्ट ट्राउजर २० हजार १२७ जोर खरिद गर्न रु.१ करोड ८६ लाख ६८ हजारको प्रतितपत्र खोलेको देखियो । उद्योगबाट उत्पादन हुन सक्ने सामान उत्पादन गर्न दिएमा नेपाली सेनाद्वारा सञ्चालित उक्त उद्योगको सञ्चालन नतिजामा सकरात्मक सघाउ पुग्ने र वैदेशिक मुद्रासमेत बचत हुने देखिन्छ ।

आगामी वर्षहरुमा उद्योगको उत्पादन स्तरमा वृद्धि गराई भुल तथा उलन भेष्ट ट्राउजरसमेत बनाउन लगाउने योजना रहेको जवाफ गत वर्ष दिए तापनि कुनै सुधार नभई स्थिति यथावत् छ ।

८. **सामानको नमुना –** विभागले सामान खरिद गर्दा बोलपत्रसम्बन्धी शर्तहरुमा बोलपत्र फारामसाथ संलग्न स्पेसिफिकेशनअनुसार नमुनासमेत संलग्न गरी रीतपूर्वकको आर्थिक तथा प्राविधिक प्रस्तावसहितको बोलपत्र पेश गर्नुपर्ने उल्लेख गरेको छ । त्यसैगरी अन्य शर्तमा सामानको प्रकृतिअनुसार आई.एस.ओ. प्रमाणपत्र, गुणस्तर निर्धारण प्रमाणपत्र र स्पेसिफिकेशन खुलेको कागजातसमेत अनिवार्य रुपमा संलग्न गर्नुपर्ने उल्लेख गरेको छ । सम्झौताका शर्तमा सिपमेन्ट गर्नु अगाबै प्रि–डेलिभरी इन्सपेक्सन गराउनुपर्ने, उत्पादन नमुना पेश गर्नुपर्ने र स्वीकृति पश्चात् सिपमेन्ट गर्ने तथा ती सामग्रीको जांचपास गर्दा स्पेसिफिकेशनसँग मेल नखाएमा फिर्ता लगी सम्झौताअनुसारको सामान आपूर्ति गर्नुपर्ने उल्लेख गरेको छ ।

बोलपत्रको मूल्याङ्कन गर्दा विभागको नमुनाबमोजिमको नमुना बोलपत्रदाताले पेश नगरेको कारण प्राविधिक पक्ष अस्वीकार गरेको उल्लेख गरी आर्थिक पक्षको मूल्याङ्कनमा समावेश गरेको देखिएन । बोलपत्रदाताबाट नमुना माग गरी विभागको नमुनासँग नमिलेको कारणले आर्थिक पक्षको मूल्याङ्कन गर्दा समावेश नगर्ने स्थितिले प्रतिस्पर्धा सीमित हुने स्थिति रहेको छ । अत: विभागबाट तयार गरिएको स्पेसिफिकेशनबमोजिम बोलपत्रदाताबाट पेश भएको स्पेसिफिकेशन भिडान गरी प्राविधिक पक्षको मूल्याङ्कन पश्चात् आर्थिक प्रतिस्पर्धा गराउनुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्ष पनि स्थिति यथावत् छ ।

९. **बोलपत्र मूल्याङ्कन** – सार्वजनिक खरिद नियमावली, २०६४ को ६१ (६) ले बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित क्षेत्र, गुणस्तर, विशेषता, शर्त, कार्यसम्पादन वा अन्य कुनै आवश्यकतामा तात्विक फरक र गम्भीर असर नपर्ने सानातिना फरक भएका बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही बोलपत्र मान्नुपर्ने व्यवस्था गरेको छ । खरिदसम्बन्धी केही बोलपत्रको परीक्षण गर्दा व्यवसाय दर्ताको प्रमाण नभएको, ध्वजापतका/ सिलिङ्ग/ भुल/ हुड जस्ता नमुनाबमोजिमको स्पेशिफिकेसन नमिलेको कारण देखाई घटी कबोल गर्ने बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही मानेको पाइएन ।

१०. **टायर ट्युब खरिद –** नेपाली सेनाको लागि आवश्यक पर्ने विभिन्न साइजका टायर ट्युब खरिद गर्न घटी कबोल गर्ने एक आपूर्तकको रु.१ करोड २३ लाख ८० हजारको बोलपत्र स्वीकृत गरे तापनि बजेटको अभाव देखाई उक्त आपूर्तकसँग रु.६२ लाख २७ हजारको खरिद गर्ने सम्झौता गरेको देखियो । अर्को एक आपूर्तकको कबोल अङ्क रु.१ करोड २८ लाख २२ हजार बोल अङ्क बढी भएको कारण देखाई हटाएकोमा सम्झौता गरेको आईटमहरु तुलना गर्दा खरिद गरिएका विभिन्न १५ आइटममा प्रतिस्पर्धाबाट हटाएको आपूर्तकको बोल अङ्क घटी देखिन आयो ।

विभागले आवश्यक सामानहरु मात्र समावेश गरी सम्झौता गरिने परिमाणअनुसार बोलपत्र गरी मूल्याङ्कन गरेको भए रु.४ लाख १२ हजार कममा सामान खरिद गर्न सकिनेमा सोअनुसार नगरी बढी व्ययभार पारेको छ ।

११. **भुल खरिद** – नेपाली सेनाको लागि आवश्यक भुल २५ हजार थान खरिद गर्न प्रति थान रु.४२९ ले रु.१ करोड ७ लाख २५ हजारको लागत अनुमान तयार गरी तेस्रो पटकमा पर्न आएको १३ बोलपत्रमध्ये एक आपूर्तकको स्वदेशमा कपडा उत्पादन गर्न नसक्ने कारण जनाई प्रति थान रु.४०२।४२ को दरले रु.९६ लाख ५८ हजारको बोलपत्र अस्वीकृत गरेको पाइयो । स्वेदशी उत्पादन १५ प्रतिशतसम्म महंगो भएपनि खरिद गर्न सकिने कारण जनाई तेस्रो घटी कबोल गर्नेको प्रति थान रु.४३६ को दरले २४ हजार थानको रु.१ करोड ४ लाख ६४ हजार (मूल्य अभिवृद्धि करबाहेक) को बोलपत्र स्वीकृत गरेको देखियो । एउटै स्पेसिफिकेशनमा सोही आपूर्तिकर्ताले प्रथम पटक २०६८।६।१७ मा बोलपत्र आह्वान गर्दा रु.२७८ को दरले रु.६६ लाख ७२ हजार कबोल गरेकोमा ३ महिनाको अन्तरालमा रु.१ करोड ४ लाख ६४ हजार (५६.८३ प्रतिशत) बढी मूल्यको बोलपत्र पेश गर्दा मूल्य र प्रतिस्पर्धामा ध्यान नदिई थप व्ययभार पर्ने गरी बोलपत्र स्वीकृत गरेको छ । यसप्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **सामान ढुवानी** – सार्वजनिक खरिद नियमावली, २०६८ को नियम ३१ मा सार्वजनिक निकायले दशलाख रुपैयाभन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट गराउनुपर्ने व्यवस्था छ । चीन सरकारबाट सहयोग प्राप्त विभिन्न इन्जिनियरिङ इक्विपमेन्टसहरु ढुवानी गर्दा विभागले लागत अनुमान समेत तयार नगरी ३ फर्मसँग खुल्ला दरभाउपत्र माग गरी कम दर पेश गर्ने ढुवानीकर्तासँग २०६८।१०।२ मा सम्झौता गरी अमेरिकी डलर २ लाख ७७ हजार ३०८ को २०६८।९।२८ को विनिमय दरले हुने रु.२ करोड ३० लाख ३ हजार पेश्की दिई फछ्यौंट गरेको छ । सेवा प्रदायकले सो कार्यको बिल बीजक जारी गरेको देखिएन । ढुवानी कार्यको लागि समय अत्यन्त कम भएको र बन्दरगाहमा सामानहरु रहेमा विलम्ब शुल्क स्वरुप ठूलो लागत लाग्ने भएकोले विशेष परिस्थितिको रुपमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ अनुरुप सोझै ढुवानी गर्ने निर्णय गरेको देखिन्छ । ती उपकरणहरु २०६७।१२।८ मा सहयोग स्वरुप प्राप्त गर्न स्वीकृति भएको अवस्थामा १० महिना पछि विशेष परिस्थिति जनाई बोलपत्र नगरी सोझै खरिद गर्नु नियमसम्मत देखिएन ।

१३. **मेसिन खरिद** – सुन्दरीजल आर्सनल कार्यालयको लागि एक मेसिन खरिद गर्न अमेरीकी डलर ११ लाख १० हजारको लागत अनुमान स्वीकृत गरेको छ । उक्त मेसिन खरिद गर्न सुरक्षा सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि २०६४ अनुसार विभिन्न सूचिकृत कम्पनीहरुसँग बोलपत्र माग गरेकोमा घटी कबोल गर्ने एक विदेशी कम्पनीको अमेरीकी डलर ११ लाख ७६ हजार ४०२ को बोलपत्र स्वीकृत गरेको पाइयो । उक्त कम्पनीसँग २०६९।३।२१ मा भएको सम्झौताअनुसार बैङ्क मार्जिनसमेत रु.१० करोड २७ लाख ५९ हजार प्रतितपत्र मार्फत पेश्की दिएकोमा निम्नानुसार देखिएको छ:

१३.१ सम्झौताअनुसार प्रतितपत्र खोलिसकेपछि सो मोडेल अवसोलेट भएको, सो मोडलको अपग्रेडेड मोडल थप विशेषतासहितको भएको र पुरानो स्पेशिफिकेसनसँग मेल खाएकोले नयाँ मोडेलको मेसिन सम्झौता मूल्यमा उपलब्ध गराउन निर्माता कम्पनीमार्फत पत्र प्राप्त भएको देखिन्छ । निर्माता कम्पनीले सम्झौता भएको मोडलको मेसिनसँग प्रस्तावित नयां मोडलको मेसिन पूर्ण रुपमा मेल खाएको दाबी गरे तापनि टेक्निकल स्पेसिफिकेशन पूर्ण कम्पाटेवल नभएको, एडिसनल फिचर्स नभएको, केही प्यारामिटरहरुको टेक्निकल डाटा फरक देखिएको र मुख्य प्यारामिटर १४ स्टेशन र वर्किङ्ग क्यापासिटी मिलेकोले अमेरिकामा निर्मित सो अपग्रेडेड मेसिन खरिद गर्न उपयुक्त र मान्य हुने सैनिक सामग्री उत्पादन निर्देशनालयबाट राय प्राप्त भएको आधारमा उक्त आपूर्तक कम्पनीसँग सम्झौता गरेको देखियो । आपूर्तक तथा उत्पादकले प्रस्ताव गरेको मोडलको मेसिन अवसोलेट भएको जनाई आपूर्तकको प्रस्ताव अनुसारको नयाँ मोडलको मेसिन स्वीकार गरेको देखिंदा कार्यालयले तयार गरेको स्पेशिफिकेसन भरपर्दो नभई मूल्य र प्रतिस्पर्धामा पर्ने असर तर्फ विचार गरेको देखिएन ।

१३.२ नयाँ मोडलको मेसिन खरिद गर्ने निर्णय गर्दा अघिल्लो मोडलको मेसिन खरिद गर्न प्रतितपत्रमा उत्पादक देश चाइना भएकोमा सोलाई परिवर्तन गरी उत्पादक देश अमेरिका हुने गरी प्रतितपत्र संशोधन गर्नु पर्नेमा सो समेत गरेको देखिएन । साथै सम्झौताअनुसार प्रतितपत्र खोलेको मितिले १८० दिन (२०६९।८।२७) सम्ममा सामान प्राप्त हुनुपर्नेमा लेखापरीक्षण अवधि २०६९।११।२१ सम्म मेसिन प्राप्त भएको छैन ।

सैनिक हवाई महानिर्देशनालय तथा भी.भी.आई.पि.उडान सेवा

१४. **उडानको उद्देश्य र खर्च** – कार्यालयले यो वर्ष भी.भी.आई.पी., रेस्क्यू, सैनिक, टेस्ट र ट्रेनिङ्ग फ्लाइट गरी १७४ घण्टा उडान गरेको (चार्टर उडानबाहेक) देखिन्छ । अति विशिष्ट व्यक्ति तथा मन्त्रीहरुबाट विभिन्न जिल्लामा भएका कार्यक्रमहरुको समुद्घाटन भ्रमण, निरीक्षण आदि कार्य गर्न २ हेलिकोप्टर ४४ घण्टा प्रयोग गरी रु.१ करोड २४ लाख ४६ हजार अनुमानित ड्राई भाडा र रु.२४ लाख ९२ हजार हवाई इन्धनबापत खर्च भएको छ ।

अधिकांश उडानको उद्देश्य विद्यालय समुद्घाटन, महोत्सव, निरीक्षण भ्रमण, धार्मिक स्थल दर्शनको लागि रहेको देखियो । सेनाको नियमित कार्यबाहेक यस्तो उडान सुविधा नि:शुल्क रुपमा उपलब्ध गराउने सम्बन्धमा मापदण्ड स्वीकृत भएको छैन । उडान गर्दा हवाई भाडाको खर्च व्यहोर्ने निकाय लगायतका

विभिन्न विषय समेट्ने गरी उडानसम्बन्धी निश्चित मापदण्ड तयार गरी हवाई साधनको प्रयोग हुन सकेमा उपलब्ध स्रोत र साधनको उचित उपयोग भई दिगो रुपमा सञ्चालन हुन सक्ने देखिँदा नि:शुल्क रुपमा हवाई उडान नगरी सम्बन्धित संस्थाको आयोजना, कार्यक्रमबाटै खर्च व्यहोर्ने व्यवस्था मिलाउनुपर्दछ । त्यसैगरी अति विशिष्ट व्यक्तिको लागि राष्ट्रिय महत्त्वको विषयमा उपयोग गरिने हवाई साधन नि:शुल्क गर्ने सम्बन्धमा समेत निश्चित मापदण्ड तयार गरेर मात्र खर्च गर्ने व्यवस्था थालनी गरिनुपर्दछ ।

१५. **ड्राई भाडा छुट** – नेपाली सैनिक विमान सेवा व्यापारिक उडान समितिको २०६७।१।६ को निर्णयले सरकारी कार्यालय र नेपाल राष्ट्र बैङ्कलाई १० प्रतिशत र दर्तावाला संघसंस्थालाई ७ प्रतिशत ड्राइभाडामा छुट दिने निर्णय गरेको छ । सो समितिको गठन आदेशमा विकास निर्माणसँग सम्बन्धित उडानलाई व्यापारिक उडान मानेको छ । नेपाली सेनाले निर्माण गर्दै आएको सडक निरीक्षण गर्दा लागेको ड्राई भाडा मध्य एयरवेशतर्फको रु.१ करोड ६० लाख ३४ हजार र भी.भी.आई.पी. उडान सेवातर्फ रु.३ लाख २६ हजार समेत रु.१ करोड ६३ लाख ६० हजार र अन्य ३ कार्यालयलाई रु.२१ लाख ६६ हजार समेत रु.१ करोड ८५ लाख २६ हजार छुट दिएको छ । पूर्ण रुपमा ड्राई भाडा छुट दिने कार्य व्यापारिक उडान समितिको निर्णयअनुरुप देखिएन । यस्तो छुट दिएको रकम सम्बन्धमा छानबिन गरिनुपर्दछ

१६. **बक्यौता असुली** – भी.भी.आई.पी. उडान सेवातर्फ हेलिकोप्टर चार्टर भाडाबापत विभिन्न निकायबाट २०४२।४३ देखि २०६८।६९ सम्मको रु.१ करोड २ लाख १० हजार उठ्न बाँकी देखिन्छ । मध्य एयरवेश कार्यालयतर्फ २०३४।३५ देखि २०६८।६९ सम्म ६० निकायबाट रु.५ करोड ४५ लाख ३९ हजार उठ्न बाँकी रहेको छ । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०६३।९।२१ मा २०६३ चैत्रभित्र बक्यौता भाडा असुल फछ्यौंट गरी सम्परीक्षण गराउने निर्णय गरे तापनि स्थितिमा कुनै सुधार हुन सकेको छैन ।

१७. **बैङ्क ग्यारेन्टी** – मध्य एयरवेस कार्यालयले जहाज र हेलिकोप्टरका लागि आवश्यक एभोनिक आईटमहरु खरिद र रिपेरिङ्ग एवं ओभरहल गर्न अमेरिकी डलर २ लाख ६८ हजारको लागत अनुमान तयार गरी एक वैदेशिक प्रा.लि.को नाममा रु.१ करोड ९१ लाख ४५ हजार प्रतितपत्र खोलेको देखिन्छ । सो प्रा.लि.सँग गरिएको सम्झौताको म्याद २०६९।७।१० मा समाप्त भई २०७०।७।९ सम्म थप गरे तापनि बैङ्क ग्यारन्टीको म्याद थप भएको छैन ।

विकास निर्माण तथा स्थपति महानिर्देशनालय

१८. निर्माण कार्यमा नेपाली सेनालाई संलग्न गराई अति दुर्गम, अविकसित तथा विकट क्षेत्रहरुमा सडक निर्माण हुदै आएको छ । यो वर्ष ८ सडक निर्माण आयोजनामा भएको खर्च रु.७२ करोड २ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रु. हजारमा)

सडक आयोजनाको नाम	आयोजना सुरु मिति	सम्पन्न गर्नु पर्ने मिति	लम्बाई कि.मी.	सम्पन्न कि.मि.	लागत अनुमान	गत वर्ष सम्मको खर्च	यो वर्षको खर्च	जम्मा खर्च
१. मूसिकोट वुर्तिवाङ	२०५७/५८	नखुलेको	१४५	३५	नखुलेको	२५७४७५	२००००	२७७४७५
२. डोल्पा– दुनै	२०६४/६५	नखुलेको	११२	३७	१४८५३५६	२५५५००	१२००००	३७५५००
३. नाम्मा –गमगढी	२०६४/६५	नखुलेको	८८.५१४	८०	१५८२५६२	४०२४००	११००००	५१२४००
४. जाजरकोट– दुनै	२०६४/६५	नखुलेको	११६	४८	नखुलेको	२१५५००	१२००००	३३५५००
५. देवस्थल –कैनडाडा	२०५४/५५	नखुलेको	४२	४२	१९५४६६	२४५२९४	२००००	२६५२९४
६. वेशीशहर– चामे	२०५१/५२	२०६५/६६	६५	-	१०५१७३७	६५९८६२	६००००	७१९८६२
७. वेनी –जोमसोम सडक	२०५१/५२	२०६५/६६	९१	-	५६४४४७	६१४८४७	२५००	६१७३४७
८.काठमाडौं–तराई द्रुत मार्ग	२०६६/६७	नखुलेको	८०	-	६७००००००	२६२५२५	२६७७४४	५३०२६९
					जम्मा	**२९१३४०३**	**७२०२४४**	**३६३३६४७**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा गत विगत वर्षहरुमा खरिद भएको सोही सामान वा सोही प्रकृतिको सामानको यथार्थ लागत र स्थानीय बजारमा प्रचलित दरभाउ र ढुवानी खर्च समेतलाई विचार गरी लागत अनुमान गर्नुपर्ने

व्यवस्था छ । राष्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम र बजेटलाई नै लागत अनुमान मानी यो वर्ष ८ सडक आयोजना र भवन निर्माणको लागि रु.२८ करोड ६७ लाख ५३ हजारको निर्माण सामग्री बोलपत्र माध्यमबाट खरिद गरी अमानतबाट निर्माण कार्य गराएको छ । नियमावलीको उक्त व्यवस्थाबमोजिम लागत अनुमान तयार गर्नुपर्छ ।

१८.२ देवस्थल-कनैडाँडा सडक आयोजनामा गतवर्षसम्म रु.२४ करोड ५२ लाख ९४ हजार खर्च भएकोमा यो वर्ष स्तरोन्नती कार्यको लागि रु.२ करोड थप भई विभिन्न चेनेजहरुमा संरचना निर्माण, स्तरोन्नति तथा रिटेनिङ्ग स्टक्चरको काम गरी.रु २६ करोड ५२ लाख ९४ हजार खर्च गरेको छ । सडक स्तरोन्नति तथा रिटेनिङ्ग स्ट्रक्चरको काम भइरहेको हुँदा सुरु लागत अनुमानभन्दा रु.६ करोड ९८ लाख २८ हजार बढी खर्च भएको देखिन्छ । यसरी सुरु लागत अनुमानभन्दा थप कार्य गर्नु पर्दा प्राविधिक पुष्ट्याईबेगर भुक्तानी दिन मिल्ने आधार देखिएन ।

१८.३ मुसीकोट-बुर्तिबाङ्ग सडक आयोजनाको कुल लम्बाई १४५ कि.मि. (अनुमानित) रहेको र २०५७।५८ बाट नेपाली सेनाले निमांण गर्दै आएको छ । गतवर्षसम्म २८ कि.मि. पाइलट ट्रयाक निर्माण कार्य गरेकोमा यो वर्ष थप ७ कि.मि..(रुकुमकोट) पाइलट ट्रयाक खुलेको छ । आयोजनाको लागि हालसम्म रु.२७ करोड ७४ लाख ७५ हजार खर्च भएको छ । यस सडकको निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि र कुल लागत अनुमान उल्लेख नभएको र सडक नक्सा, डिजाइन, सर्भे विवरण तथा लागत अनुमान लेखापरीक्षणमा उपलब्ध हुन सकेन ।

१८.४ सार्वजनिक लेखा समितिको २०६८।११।१८ को निर्णय अनुसार काठमाडौ तराई (मधेश) द्रुतमार्ग निर्माण सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलले २०६९ वैशाखमा प्रतिवेदन पेश गरेको थियो । उक्त प्रतिवेदनमा जग्गा अधिग्रहण समयमै हुनुपर्ने, विद्यमान ऐन तथा नियमहरुलाई आधार मानी निर्माण कार्यको मार्गदर्शन तयार गरी लागू गर्नुपर्ने, वातावरणीय क्षति न्यूनीकरण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको प्रावधानहरु पालना गर्नुपर्ने, आयोजनालाई आवस्यक पर्ने निर्माण उपकरणहरु वृद्धि गर्नुपर्ने, नेपाल सरकारबाट मेसिनरीद्वारा गर्ने कामको नर्म्स तयार गर्नुपर्ने लगायत सार्वजनिक निजी साझेदारीअन्तर्गत समयमै बोलपत्र प्रक्रियामा गई आयोजना सम्पन्न गर्नुपर्ने सुझाउहरु दिएको देखियो ।

१८.५ काठमाडौं–तराई द्रुत मार्गलाई कुल निकासामध्ये रु.८ करोड २२ लाख ९१ हजार एक्साभेटर प्रयोगबापत निर्माण व्यवसायीलाई भुक्तानी गरेको पाइयो । सार्वजनिक लेखा समितिबाट गठित उपसमितिको प्रतिवेदन अनुसार ढुङ्गा माटो काटी ट्रयाक खोल्ने कार्यमा भएको जम्मा परिमाणलाई मेसिनबाट गरेको र विस्फोटक पदार्थको प्रयोग गरी खर्च गरेको परिमाणलाई हेर्दा प्रति घनमिटर औसतमा रु.१६३ खर्च भएको तथा सो खर्च लागत अनुमानभन्दा कम रहेकोले अझ कम गर्नेतर्फ प्रयास गर्नुपर्ने उल्लेख गरेको पाइयो । महानिर्देशनालयले पेश गरेको स्रेस्ताबाट नापी किताब भिडान गर्दा विस्फोटक पदार्थको प्रयोग र एक्साभेटरबाट भएको कामको विवरणअनुसार प्रति घनमिटर रु.१७२।६७ खर्च भएको छ ।

महानिर्देशनालय र निर्माण व्यवसायीसँग प्रतिघण्टा रु.५ हजारका दरले एक्साभेटर प्रयोगबापत भुक्तानी गर्ने सम्झौताअनुसार निर्माण कार्यको लागि यो वर्ष रु.८ करोड २२ लाख ९१ हजार खर्च गरेको छ । मेसिनबाट हुने कार्य सम्बन्धमा नर्म्स तयार गरी लागू गर्न उपसमितिले दिएको निर्देशनअनुसार सडक विभागले बनाएको नर्म्सलाई आधार मानेर महानिर्देशनालयबाट नर्म्स तयार गरेको र सोहीअनुसार खर्च जनाएकोमा सो नर्म्स स्वीकृत भएको छैन । नर्म्स स्वीकृत गराई निर्माण कार्य गराउनुपर्दछ ।

१९. **बोलपत्र स्वीकृत –** रक्षा मन्त्रालयको २०६८।४।५ को बजेट खर्च गर्ने आधार एवं कार्यविधि, बजेट निकासा तथा कार्यान्वयन व्यवस्थाको बुँदां नं.६ मा स्वीकृत कार्यक्रमको ठेक्कापट्टा सम्झौता गर्ने कार्य २०६८ कार्तिकभित्र सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ । महानिर्देशनालयको वार्षिक कार्यक्रममा २०६८।४।२५ सम्ममा बोलपत्र मूल्याङ्कन सम्पन्न गर्ने उल्लेख छ । महानिर्देशनालयले हेभी इक्युपमेन्ट तथा भेहिकल एसोसेरिज, ग्याबियन तार र विभिन्न निर्माण सामग्रीहरु आपूर्ति गर्ने कार्यबाहेक सबै ठेक्कापट्टाको सम्झौता उल्लिखित समय भित्र सम्पन्न गरेको छैन । महानिर्देशनालयले २०६८।४।२ मा २०६८।६९ को कार्यक्रम स्वीकृत हुने क्रममा रहेकोले अत्यावश्यक सामग्रीहरु २०६७।६८ को स्वीकृत बोलपत्रको दररेटमा नबढ्ने गरी सम्बन्धित

स्वीकृत बोलपत्रदाता फर्महरुसँग खरिद गर्न कार्यालय प्रमुखबाट स्वीकृति भएको देखियो । आयोजनाहरुको वार्षिक बजेट तथा कार्यक्रम २०६८।४।२५ मा प्राप्त भएको देखिन्छ । आर्थिक वर्ष सुरु भएको महिना दिन नबित्दै वार्षिक बजेट स्वीकृत भई आएको अवस्थामा समेत कार्यविधिले तोकेको समयमा ठेक्का सम्झौता गर्ने कार्य भएको देखिएन । समयमै ठेक्कापट्टा कार्य गर्न ध्यान दिनुपर्दछ ।

२०. **प्रेसिङ्ग मेसिन खरिद** – रक्षा मन्त्रालयको स्वीकृति लिई सैनिक सामग्री निर्देशनालयले सुन्दरीजल आर्सनल कार्यालयलाई एम्युनिशन उत्पादनको लागि केश कप वनाउने मेसिन खरिद गर्न सुरक्षा सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ को दफा १६ अनुसार सीधै खरिद गर्ने निर्णय गरेको पाइयो । उक्त मेसिन उत्पादन गर्ने सूचीकृत कम्पनीमध्ये एक विदेशी कम्पनीको मेसिन र डाईको अफर मूल्य प्राप्त गरी सोही मूल्यमा खरिद गर्ने निर्णय गरेको देखियो । उक्त मेसिन र त्यसमा प्रयोग हुने डाई दुबैलाई एउटै प्याकेज बनाई खरिद सम्झौता गर्दा सो मेसिनलाई युद्ध सामग्री मानिने र कम्पनीले निर्यात अनुमतिपत्र नपाउने हुँदा मेसिन र डाईलाई छुट्याई दुई प्याकेज बनाई पहिले मेसिन खरिद गर्ने निर्णय गरी खरिद आदेश दिएको देखियो । मेसिन प्राप्त भई मूल्यको ९० प्रतिशतले हुने रु.५ करोड ७० लाख ५८ हजार आपूर्तकलाई प्रतितपत्रमार्फत भुक्तानीसमेत गरेको छ । तत्पश्चात् सोही आपूर्तकलाई डाईको खरिद आदेश दिई युरो ४ लाख २० हजार ४४५ को प्रतितपत्र खोलेकोमा आपूर्तक कम्पनीले निर्यात अनुमतिपत्र नपाएकोले उक्त प्रतितपत्र वन्द गरेको पाइयो । विदेशी कम्पनीबाट डाई प्राप्त हुन नसकेपछि उक्त डाईलाई टुल्स तथा एसोसेरिज अन्तर्गत २ प्याकेज बनाई पहिलो प्याकेजको लागि सोही मुलुकको अर्को एक विदेशी कम्पनीसँग रु.३ करोड ८९ लाख १६ हजार र दोस्रो प्याकेजको लागि एक अर्को विदेशी कम्पनीसँग रु.४६ लाख २४ हजारमा सम्झौता गरी प्रतितपत्र खोलेको देखियो ।

यसप्रकार मेसिन खरिद गर्दा प्रतिस्पर्धा नहुनुको साथै डाई र टुल्सको अभावमा प्राप्त मेसिन उत्पादनविहीन अवस्थामा रहेको छ ।

अन्य संस्थातर्फ

नेपाली सैनिक कल्याणकारी कोष

२१. **लेखा ढाँचा एवं वित्तीय विवरण –** कल्याणकारी कोष नियमावली, २०६५ को नियम १५ मा कोषको दैनिक आय–व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिने र समितिले नेपाल सरकारको प्रचलित आर्थिक ऐन, नियमलाई मार्ग निर्देशन मानी लेखा प्रणालीको ढाँचा तयार गर्ने व्यवस्था छ । कोषको कार्य प्रकृतिअनुसार सम्पत्ति एवं दायित्वसहितको वासलात एवं नाफा–नोक्सान (सञ्चालन नतिजा) हिसाब अक्रुयल बेसिसमा तयार गरी लागू गर्नुपर्ने देखिन्छ । कोषले आफ्नो लेखा नगद प्राप्ति र खर्चको आधारमा तयार गर्ने गरेको छ । जसबाट कोषको सबै हिसाब वित्तीय विवरणमा समावेश हुन सक्ने देखिदैन । यस सम्बन्धमा कार्यदल गठन गरी लेखा ढाँचा तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको र सो ढाँचा समितिबाट स्वीकृति गराई लागू गरिने कार्यालयको भनाइ रहेको छ । उक्त ढाँचा स्वीकृत गराई कोषको हिसाब व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

कोषको वासलात एवं आय–व्यय विवरणमा कोष अन्तर्गतको सबै जग्गा जमिन, भवन, मेसिनरी औजार, फर्निचर, धरौटी, पेश्की, भुक्तानी दिन बाँकी रकमलगायतको सम्पत्ति एवं दायित्व समावेश हुन सकेको देखिएन । यसबाट प्रस्तुत वित्तीय विवरणले कोषको वास्तविक कारोबारको यथार्थ चित्रण गरेको देखिदैन । यस सम्बन्धमा कोषको स्वामित्व स्थापित हुने स्वास्थ्य विज्ञान संस्थान, भेन्ट्रान्स होम र चितवन महाविद्यालयको जग्गा एवं भवनमा गरेको लगानी समावेश गरिएको र बाँकी मूल्याङ्कन पश्चात् यकिन भएपछि समावेश गर्दै जाने कोषको भनाइ छ । अत: सबै कारोबार समावेश गरी वित्तीय विवरण प्रस्तुत गर्नेतर्फ कोषले ध्यान दिनुपर्ने देखिन्छ ।

२२. **लगानी प्रतिफल** – कल्याणकारी कोष नियमावली २०६५ को नियम ८(क) मा कल्याणकारी कोषको रकम कानूनबमोजिम अनुमति प्राप्त संस्थामा लगानी गरी आय आर्जन गर्नसक्ने व्यवस्था छ । समितिले विगतमा

सुनाचरी इमल्सन प्लाण्टमा रु.२४ करोड २५ लाख ९२ हजार लगानी गरेको छ । उक्त संस्थाले सो लगानीबाट २०६४।६५ देखि व्यावसायिक उत्पादन सुरु गरेको देखिए तापनि आम्दानी रकम कोषमा पठाएको देखिएन । आय आर्जन गर्ने उद्देश्यले लगानी गरेको रकमबाट प्रतिफल प्राप्त नभएको व्यहोरा लेखापरीक्षणबाट गत विगतदेखि औल्याउदै आए तापनि ५ वर्षदेखि प्रतिफल प्राप्त भएको देखिएन । यस सम्बन्धमा निश्चित रकमको सञ्चालन कोष खडा गरी सोभन्दा बढी भएको रकम कल्याणकारी कोषलाई फिर्ता गर्ने प्रक्रिया अगाडि बढाइएको कोषको भनाइ रहेको छ ।

२३. **शोधभर्ना –** सैनिक कल्याणकारी कोष नियमावली, २०६५ को नियम १९ मा शान्ति सेना सञ्चालन निर्देशनालयले संयुक्त राष्ट्रसंघको आव्हानमा शान्ति स्थापना कार्यमा खटिई जाने टोलीले लैजाने औजार, दैनिक भत्ता एवं अन्य मालसामानको हिसाब र संयुक्त राष्ट्रसंघबाट शोधभर्ना प्राप्त रकमको अभिलेख राख्नुपर्ने व्यवस्था छ । यो वर्ष मिसनको लागि रु.३ अर्ब ३८ करोड ७८ लाख खर्च भएको छ । गत विगत वर्षमा भएको खर्चको शोधभर्ना स्वरुप बैङ्क दाखिला भौचरका आधारमा कोषले रु.६ अर्ब ३७ करोड ६१ लाख (अमेरिकी डलर ७ करोड ६५ लाख ३ हजार) संयुक्त राष्ट्र संघबाट शोधभर्ना प्राप्त गरी आम्दानी देखाएको छ । मिसनगत खर्च र त्यस बापत प्राप्त, र प्राप्त हुन बाँकीको अभिलेख अद्यावधिक नगरेको एवं संयुक्त राष्ट्रसंघले पठाएको विस्तृत विवरण प्राप्त नभएकाले शोधभर्ना प्राप्त रकम भिडान गर्ने आधार भएन । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले ६ महिना भित्र आम्दानी, खर्च र शोधभर्नाको विवरण तयार गरी पेश गर्ने निर्णय गरेकोमा शान्ति सेना सञ्चालन निर्देशनालय र कल्याणकारी योजना निर्देशनालयवीच समन्वय गरी लेखा अध्यावधिक गरिने प्रतिक्रिया प्राप्त भएकोमा स्थिति यथावत् छ ।

२४. **ब्याज असुली –** कोषले आफ्नो बचत रकम विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरुमा मुद्दती एवं बचत खाता खोली निक्षेप लगानीमार्फत ब्याज आर्जन गर्ने गरेको छ । यसरी निक्षेप गरेका विभिन्न बैङ्क तथा वित्तीय संस्थामध्ये एक विकास बैङ्क र एक वित्तीय संस्थाबाट २०६९ आषाढ मसान्तसम्म दिनुपर्ने मुद्दती एवं बचत खाताको ब्याज रु.७७ लाख २७ हजार प्राप्त भएको देखिएन । उक्त ब्याज असुल गर्नुपर्दछ ।

२५. **निक्षेप नीति** – कल्याणकारी कोष नियमावली, २०६५ को नियम ९ (१) मा कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त बैङ्क तथा वित्तीय संस्थामा खाता खोली निक्षेप गर्दा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कबाट समय समयमा जारी गरिएका निक्षेपसम्बन्धी नीति, निर्देशनबमोजिम गर्नुपर्ने व्यवस्था छ । कोषले यो वर्ष निक्षेप गर्दा नेपाल राष्ट्र बैङ्कको निर्देशन बमोजिम बैङ्क तथा वित्तीय संस्थाको पूँजीकोषको स्थिति र सम्बन्धित बैङ्कको कुल निक्षेपको २० प्रतिशतमा नबढ्ने गरी निक्षेप गर्नुपर्ने नीति अवलम्बन गरेको छ । कोषको २०६९ आषाढ मसान्तको विवरणअनुसार ३६ बैङ्क तथा ५ वित्तीय संस्थामा नेपाली रुपैयाँतर्फ रु.१२ अर्ब ४७ करोड ४ लाख रहेको छ । विदेशी मुद्रातर्फ १८ बैङ्कमा अमेरिकी डलर ८ करोड ४ लाख २५ हजार र एक बैङ्कमा स्टर्लिङ्ग पौण्ड ५४ लाख ७ हजार र अर्को एक बैङ्कमा युरो ४९ लाख ३९ हजार रहेको छ । सो रकमको २०६९ आषाढ मसान्तको विनिमय दरअनुसार हुने रु.८ अर्ब ३८ करोड ४३ लाखसमेत जम्मा रु.२० अर्ब ८५ करोड ४७ लाख निक्षेप राखेको छ ।

उक्त बैङ्क तथा वित्तीय संस्थामध्ये केहीको आर्थिक अवस्था दिन प्रतिदिन नाजुक हुदै गएकोले निक्षेप असुल गर्नुपर्ने व्यहोरा गत विगतमा औल्याइएकोमा उक्त निक्षेप असुल गर्ने कार्य भइरहेको जानकारी प्राप्त भएको छ । कोषले निक्षेप लगानीलाई थप सुरक्षित गर्न यस वर्ष एक स्वतन्त्र परामर्शदाताबाट अध्ययन गरी थप केही वित्तीय संस्थाको निक्षेप सुरक्षित गर्न सुझाउ दिएको छ । जस अनुसार ३ वित्तीय संस्थाको रु.२५ करोड ३१ लाख ९४ हजार रहेको छ । आर्थिक अवस्था नाजुक रहेका यस्ता वित्तीय संस्थाको निक्षेप फिर्ता लिनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस सम्बन्धमा ती संस्थाहरुको चल अचल सम्पत्ति रोक्का राखी निक्षेप रकम असुल गर्ने कार्य अगाडी बढाइएको कोषको प्रतिक्रिया प्राप्त भएको छ ।

२६. **खरिद योजना** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक रु.१० लाखभन्दा बढी रकमको सेवा खरिद गर्नुपर्ने भए वा निर्माण कार्य गर्नुपर्ने भएमा खरिदको प्रकार, प्याकेज, समय तालिका, खरिद विधि र सम्झौताको किसिम समेत उल्लेख गरी वार्षिक खरिद योजना तयार

गर्नुपर्ने व्यवस्था छ । कल्याणकारी कोषअन्तर्गत तीन इकाईबाट यो वर्ष पेश्कीसमेत निर्माण कार्यमा रु.७० करोड, औषधि खरिदमा रु.२७ करोड र मेसिनरी सामान खरिदमा रु.४० करोड खर्च गरे तापनि नियमावलीको व्यवस्थाअनुसार खरिद योजना तयार गरेको देखिएन । नियममा व्यवस्था भएअनुसार खरिद योजना तयार गर्नुपर्दछ ।

२७. **अनुगमन –** सैनिक ऐन, २०६३ को दफा ३१ (क) मा समितिले कल्याणकारी एवं आयमूलक कार्यको अनुगमन गर्ने र नियमावली २०६५ को नियम ५(ख) मा उक्त कार्यको समीक्षा गर्ने व्यवस्था छ । उक्त व्यवस्थाबमोजिम मातहत इकाईबाट भएको सैनिक मेडिकल कलेज, भेट्रान्स होम एवं विद्यालय भवन लगायतको निर्माण कार्य, शान्ति मिसनको लागि खरिद भएका सवारीसाधन तथा यन्त्र उपकरण, कल्याणकारी कार्यक्रमअन्तर्गत वितरण हुने निवृत्तिभरण, छात्रवृत्ति एवं अनुदान रकम र बैङ्कहरुमा भएको निक्षेप लगानीसमेतको अनुगमन सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेमा समितिले बैङ्कहरुमा भएको निक्षेप लगानीको सुरक्षा स्थिति अध्ययन गरी प्रतिवेदन पेश गर्न एक स्वतन्त्र परामर्शदाता नियुक्त गरी प्रतिवेदन लिएको देखिए तापनि अन्य कार्यको अनुगमन एवं सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्ने र सोको समीक्षा गर्ने गरेको देखिएन । अनुगमन तथा सुपरिवेक्षण नभएकोले कोषबाट भएको निर्माण कार्यको गुणस्तर, खरिद भएका सामानहरुको स्थिति, कल्याणकारी कार्यको उपलब्धि एवं अनुदान लगानीबाट प्राप्त प्रतिफल सम्बन्धमा यकिन गर्न सकिएन ।

२८. **पेश्की फछ्यौंट** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ मा सरकारी रकम पेश्की लिई फछ्यौंट नगर्ने वा फछ्यौंट गर्न अटेर गर्नेलाई फछ्यौंट गर्न बाँकी पेश्की रकममा वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत असुल गर्ने र त्यति गर्दा पनि पेश्की फछ्यौंट नगरेमा तलव रोक्का राखी कानूनबमोजिम विभागीय कारबाही गर्न सकिने व्यवस्था छ । प्राप्त विवरणअनुसार २०६९ आषाढसम्म कल्याकारी कोष अन्तर्गत विभिन्न ५ इकाइमा रु.२ अर्ब १२ करोड १० लाख र एक इकाईमा अमेरिकी डलर २ करोड ४३ लाख ५९ हजार पेश्की फछ्यौंट गर्न बाँकी रहेको छ । सो पेश्कीमध्ये ३ संस्थाबाट विगत ५ वर्षदेखि शान्ति मिसनको लागि आवश्यक मेजर इक्विपमेन्ट, बन्दोबस्तीका सामान, जेनेरेटर, स्वास्थ्यसम्बन्धी उपकरण लगायतका विभिन्न सामान खरिद गर्न सम्भाररथि विभाग (प्राप्ति) लाई रु.१ अर्ब ४ करोड ८२ लाख र अमेरिकी डलर २ करोड ८ लाख ४१ हजार पेश्की दिएकोमा फछ्यौंट भएको छैन । यसरी लामो समयसम्म पेश्की फछ्यौंट नगर्दा पेश्की खर्चको लेखापरीक्षण नहुने स्थिति सिर्जना भएकोले नियमानुसार कारबाही गरी पेश्की फछ्यौंट गर्न गराउनुपर्दछ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ ८२ निकायमा रु.१ अर्ब ३० करोड ४५ लाख ४३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ८३ लाख ९० हजार फछ्यौंट गरेकोले रु.१ अर्ब २५ करोड ६१ लाख ५३ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब २२ करोड २३ लाख पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - अन्य संस्था ७ तर्फ रु.११ करोड १० लाख ८३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड १५ हजार फछ्यौंट गरेकोले रु.१० करोड १० लाख ६८ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ८ लाख ४३ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

वन तथा भू–संरक्षण मन्त्रालय

मन्त्रालय र मातहतसमेत १८७ कार्यालयको विनियोजनतर्फ रु.३ अर्ब ७६ करोड ६६ लाख ७५ हजार, राजस्वतर्फ रु.१ अर्ब १२ करोड ६९ लाख २० हजार, धरौटीतर्फ रु.९४ करोड २६ लाख १० हजार, अन्य कारोबारतर्फ रु.१७ करोड ६ लाख ८ हजारसमेत रु.६ अर्ब ६८ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा सहकारी तथा गरिबी निवारणको रु.३ करोड ७५ लाख १९ हजार र वाणिज्य तथा आपूर्ति मन्त्रालयकोको रु.४५ लाख ४८ हजारसमेत समावेश छ ।

मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समिति ५ को रु.६ अर्ब ९५ करोड ६३ लाख ४९ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ मन्त्रिपरिषद्को २०५५।८।२ को निर्णय अनुसार फिल्डमा कार्यरत राजपत्र अनङ्कित वन प्राविधिकलाई राशन सुविधा उपलब्ध गराउने व्यवस्था भएको देखिन्छ । उक्त निर्णयअनुसार निजामती सेवा ऐन, २०४९ को दफा २४(घ) १ बमोजिम सहायक वन अधिकृतमा बढुवा भएका कर्मचारीलाई राशन सुविधा खुवाउन नमिल्नेमा यो वर्ष पनि जिल्ला वन कार्यालय, कैलाली, काठमाडौं र ललितपुर एवं वृक्ष सुधार तथा संबर्द्धन इकाइले रु.१२ लाख ५४ हजार राशन खर्च लेखेका छन् । महालेखा नियन्त्रक कार्यालयले यसरी भुक्तानी भएको रकम असुल गर्न २०६७।९।२८ मा निर्णय गरे तापनि उक्त रकम असुल गरेको छैन ।

१.२ सरकारलाई प्राप्त हुने जुनसुकै प्रकारको रकम सञ्चितकोषमा दाखिला गरी स्वीकृत बजेट तथा कार्यक्रमबमोजिम खर्च गर्नुपर्दछ । चितवन राष्ट्रिय निकुञ्जभित्र होटल, लज, रिसोर्ट सञ्चालन गरेबापतको संरक्षण शुल्क सञ्चितकोषमा दाखिला नगरी राष्ट्रिय प्रकृति संरक्षण कोषमा जम्मा गरेको छ । सो रकमबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सिफारिस तथा मागका आधारमा भौतिक पूर्वाधार निर्माण, वैदेशिक भ्रमण भत्ता, वर्कशपलगायतमा यो वर्ष रु.१ करोड ६७ लाख ४२ हजार खर्च गरेको छ । असुल भएको संरक्षण शुल्क सञ्चितकोष दाखिला गरी स्वीकृत बजेट र कार्यक्रमको अधीनमा रही खर्च गर्नुपर्दछ ।

१.३ बाघ संरक्षण कार्यक्रमको लागि गत वर्ष विनियोजित बजेटबाट अर्थ मन्त्रालय (सचिबस्तर) को निर्णयबमोजिम राष्ट्रिय प्रकृति संरक्षण कोषमा जम्मा भई वर्षको अन्त्यमा बाँकी रहेको रु.५ करोड ३ लाख १५ हजार सञ्चितकोषमा दाखिला गर्न गतवर्षको प्रतिवेदनमा औल्याएकोमा सोको कार्यान्वयन नगरी उक्त रकम यो वर्ष सवारीसाधन खरिद तथा मर्मत, बाटो ग्राभेललगायतमा खर्च गरेको देखिन्छ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ ।

२. **लागत अनुमान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्शसेवाको नर्म्स, सेवाको कार्यक्षेत्रगत सर्त मुख्य जनशक्ति र अन्य जनशक्तिको पारिश्रमिक, भ्रमण, बसोबास, कार्यालय उपकरण, भाडा, प्रतिवेदन अन्य कागजातको छपाई अनुवाद खर्चजस्ता विषयगत खर्च छुट्याई लागत अनुमान

तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयअन्तर्गतको रेड इकाईले लागत अनुमान तयार नगरी आशयपत्र माग गरी आशयदाताहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव लिई रु.६० लाख ४३ हजार खर्च गरेको छ ।

३. **वन अतिक्रमण –** वन क्षेत्रको समुचित संरक्षण र प्रभावकारी व्यवस्थापनका लागि वनमा भएको अतिक्रमण हटाउने वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ लागू गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत यो वर्ष १ हजार हेक्टर अतिक्रमण हटाई सो क्षेत्रमा पुनर्स्थापना, वृक्षारोपण व्यवस्थापन तथा संरक्षण गर्ने लक्ष्य रहेकोमा ८४१ हेक्टरमा सो कार्य भएको प्रगति विवरण प्राप्त भएको छ । उक्त प्रगति विवरणमा अछाम ५, रोल्पा १०, डोटी ११, सिरहा २० र रुपन्देही २० हेक्टरसमेत ६६ हेक्टरमा कार्य नभएको उल्लेख छ । कैलालीले १६० हेक्टर अतिक्रमण हटाएको प्रगति विवरण तयार गरेकोमा लेखापरीक्षणको क्रममा सो कार्यको लागि रु.४० लाख बजेट व्यवस्था भएकोमा कार्ययोजनालगायतका कार्यमा रु.८६ हजार खर्च भई अतिक्रमण हटाउने कार्य हुन नसकी बजेट रकम फ्रिज भएको देखिएको छ । यसप्रकार कार्य नभएकोमा भौतिक प्रगति देखाएबाट समग्र प्रगतिको तथ्याङ्क भरपर्दो देखिएन ।

३.२ वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा राजमार्ग आसपास वा वनक्षेत्रमा धेरै वर्ष अगाडि बस्ती बसेको वा भौतिक पूर्वाधार निर्माण भएकालाई अतिक्रमणको प्रकृति र हटाउन लाग्ने समयलाई ख्याल गरी जिल्ला वन कार्यालयबाट बढीमा दुई वर्षको समय दिएर त्यस्तो अतिक्रमित क्षेत्र खाली गर्नुपर्ने व्यवस्था उल्लेख छ । प्राप्त विवरणअनुसार ३३ जिल्लामा ८२ हजार ९३४ हेक्टर वन क्षेत्र अतिक्रमण देखिन्छ । यो वर्ष राष्ट्रिय वन तथा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमतर्फ १ हजार १२० हेक्टर अतिक्रमण हटाउने कार्यक्रम रहेकोमा ७३६.५ हेक्टरमा हटाउने कार्य भएको पाइयो । विभागको अभिलेखमा समावेश नभएका पाल्पा, अर्घाखाँची, डोटी लगायत ११ जिल्लामा १०८ हेक्टर अतिक्रमण हटाउन रु.२७ लाख बजेट व्यवस्था भई ५७ हेक्टर कार्य भएको देखिन्छ । यसप्रकार रणनीति कार्यान्वयन गर्ने हिसाबले कार्यक्रम नआएको र प्राप्त कार्यक्रमअनुसारका कार्य हुन नसकेको एवं अतिक्रमणसम्बन्धी वन विभागको अभिलेख समेत अद्यावधिक रहेको पाइएन ।

अतिक्रमणको कारण वन क्षेत्रमा ह्रास भई वातावरणमा समेत असर पर्ने देखिएकोले विभागले अतिक्रमणको यथार्थ लगत तयार गरी अतिक्रमण रणनीतिबमोजिम क्षेत्र खाली गराउन कार्ययोजनासहितको कार्यक्रम सुरु गर्नुपर्ने देखिन्छ ।

वन विभाग

४. **काठ मौज्दात र गुणस्तर –** वन विभागबाट प्राप्त विवरणबमोजिम काठ दाउराको बढी कारोबार हुने तराई तथा भित्री मधेशका २५ जिल्ला वन कार्यालय, जिल्ला वन पैदावार आपूर्ति समिति र दि टिम्बर कर्पोरेशन अफ नेपालसंग रहेको विगत तीन वर्षको काठको मौज्दात र सो वर्षको न्यूनतम रोयल्टीको आधारमा हुने मूल्य देहायको तालिकामा उल्लेख छ:

(काठ घनफिटमा)

आर्थिक वर्ष	गत वर्षको जिम्मेवारी	यो वर्षको सङ्कलन	जम्मा	यो वर्षको बिक्री	बाँकी मौज्दात	अनुमानित मूल्य (रु. हजारमा)
२०६८/६९	२४,५३	३,४७	२८,००	६,७२	२१,२८	६३,८४,००
२०६७/६८	२२,३०	२,७८	२५,०८	५५	२४,५३	६१,३२,५०
२०६६/६७	२०,३९	११,६९	३२,०८	११,७१	२०,३७	५०,९२,५०

यससम्बन्धी प्रमुख व्यहोरा निम्नानुसार छन्:

४.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२(२) अनुसार राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । जिल्ला वन कार्यालयहरुले लिलाम बिक्री गर्ने गरी सङ्कलन गरेको काठमध्ये वर्षको अन्तमा मौज्दात रहेको काठको मूल्याङ्कन गरी कायम हुन आएको रकम राजस्वको आर्थिक विवरणको लगत बाँकी महलमा उल्लेख गर्नुपर्नेमा सोअनुसार गरेका छैनन् । लेखापरीक्षणको क्रममा केही कार्यालयहरुले लगत कायम नगरेको एवं केहीले आंशिक रुपमा लगत कायम गरेको देखिएको छ । जिल्ला वन कार्यालय कैलालीले ४ लाख २१ हजार र बाराले १ लाख ८९ हजार घनफिट काठ मूल्याङ्कन नगरेको, सिन्धुलीले टिम्बर कर्पोरेशन अफ नेपालतर्फ मौज्दात रहेको ५४ हजार घनफिट काठको मात्र आंशिक लगत कायम गरेको र खोटाङले गत वर्ष बरामद भएको ५०९ घनफिट काठको मूल्य राजस्वको आर्थिक विवरणमा लगत कायम नगरेको देखिएको छ ।

यो वर्षदेखि काठको ग्रेडिङ गरी मूल्याङ्कन गर्नुपर्ने भएकोले ग्रेडिङसम्बन्धी आवश्यक प्रक्रिया पूरा गरी कार्यालयले कायम गरेको मूल्याङ्कन रकमलाई राजस्वको आर्थिक विवरणमा समावेश गर्नुपर्ने देखिन्छ ।

४.२ हरेक वर्ष काठ मौज्दातको तुलनामा बिक्री कम भएको कारण मौज्दात जिम्मेवारी सार्ने काम मात्र भएको देखिन्छ । सङ्कलन गरिएका काठहरु समयमै बिक्री हुन नसकेको अवस्थामा काठको हैसियतमा ह्रास आई राजस्व प्राप्तिमा समेत कमी आउने देखिन्छ । उदाहरणको लागि जिल्ला वन कार्यालय, सिन्धुली, मकवानपुर, पर्सा र दाङले यो वर्षको लेखापरीक्षणको क्रममा: ५२ हजार ४३५ घन फिट काठ र ८३ चट्टा दाउराको हैसियतमा ह्रास आएको जनाएकोमा वन विभागबाट प्राप्त विवरणमा उक्त काठको हैसियतमा ह्रास आएको उल्लेख भएको छैन । यस सम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ ।

४.३ तालिकामा उल्लेख भएको काठ मौज्दातमध्ये २०६६।६७ को अन्त्यमा ९४ हजार घनफिट र पछिल्लो दुई वर्षको अन्त्यमा ४४ हजार ५५६ घनफिट काठको हैसियत कमसल रहेको उल्लेख छ । अघिल्लो वर्षको तुलनामा २०६७।६८ मा हैसियतमा ह्रास आएको काठको परिमाण ४९ हजार ४४४ घनफिट कमी आएको र सो वर्ष ५५ घनफिट काठ बिक्री भएको कारण काठको वर्गीकरण भरपर्दो देखिएन ।

काठको मूल्याङ्कन गरी सोको मूल्य राजस्वको आर्थिक विवरणमा लगत कायम नगरिएको, सङ्कलित काठ समयमै बिक्री हुन नसकेको, हैसियतमा ह्रास आएको काठको परिमाण सम्बन्धमा कार्यालयहरु र विभागबाट फरक फरक जानकारी प्राप्त भएको कारण काठ बिक्रीबाट प्राप्त हुने राजस्वमा असर पर्न जाने देखिएको छ । यस सम्बन्धमा विभागको ध्यान जानुपर्दछ ।

५. **बिरुवा उत्पादन –** राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू भएका २३ जिल्लामा ६० लाख बिरुवा उत्पादन गर्न प्रति बिरुवा रु.८।१६ का दरले रु.४ करोड ८९ लाख ६० हजारको बिरुवा उत्पादन कार्य भएको देखिन्छ । सामुदायिक वन विकास कार्यक्रम लागू भएका ७४ जिल्लामा ४० लाख ६० हजार बिरुवा उत्पादन गर्न प्रति बिरुवा रु.७– का दरले कार्यक्रम स्वीकृत भई बिरुवा उत्पादन कार्य भएको छ । यसरी समान नर्म्स र दर विश्लेषणको आधारमा बिरुवा उत्पादन गर्ने एकै जिल्लामा कार्यक्रमैपिच्छे फरक फरक दर स्वीकृत गरेको कारण राष्ट्रपति चुरे संरक्षण कार्यक्रमतर्फ बिरुवा उत्पादनमा रु.६९ लाख ६० हजार बढी खर्च भएको देखिन्छ ।

६. **क्षतिपूर्ति वृक्षारोपण –** वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०६३ को बुँदा ५ मा वन क्षेत्रमा आयोजना निर्माण र सञ्चालन गर्न रुखहरु कटान गर्नु परेमा कटान हुने रुख संख्यालाई २५ ले गुणा गर्दा हुने संख्या बराबरका बिरुवाहरु सम्बन्धित जिल्ला वन कार्यालयले तोकेको स्थानमा वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार र संरक्षण गरी हस्तान्तरण गर्ने र आयोजना आफैंले वृक्षारोपण गर्न नसकेमा वृक्षारोपण गर्न र पाँच वर्षसम्म संरक्षण र स्याहार सम्भार गर्न लाग्ने लागत अनुसारको रकम जिल्ला वन कार्यालयहरुलाई उपलब्ध गराउनुपर्ने व्यहोरा उल्लेख छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्नानुसार छन्:

६.१ वन विभागबाट प्राप्त विवरण अनुसार विभिन्न ७५ संस्थालाई १ हजार ६१२ हेक्टर राष्ट्रिय वन क्षेत्र व्यावसायिक प्रयोजनको लागि उपलब्ध गराएको देखिन्छ । यसरी उपलब्ध गराएको जग्गामा कुल ५० लाख ७५ हजार वृक्षारोपण गरी हुर्काउनु पर्ने उल्लेख भएकोमा ती संस्थाले वृक्षारोपण गरेको स्थान र संख्या खुल्ने अभिलेख विभागमा रहेको पाइएन । अभिलेखको अभावमा सम्झौताबमोजिम वृक्षारोपण भए नभएकोमा यकीन गर्न सक्ने स्थिति छैन ।

६.२ काठमाडौं–तराई मधेश फाष्ट ट्र्याकअन्तर्गत मकवानपुर जिल्लाभित्र कटान भएका रुखको आधारमा १ लाख १८ हजार २७५ वृक्षारोपण गर्नुपर्ने देखिन्छ । जिल्ला वन कार्यालयले प्रतिहेक्टर १ हजार ६०० वृक्षारोपण गर्ने नर्म्सअनुसार उक्त संख्यामा वृक्षारोपण गर्दा ७३.९२ हेक्टर क्षेत्रमा वृक्षारोपण हुने देखिएकोमा हर्नामाडी र छतिवनमा ११.२९ हेक्टर क्षेत्रमा वृक्षारोपण भएको उल्लेख छ । उक्त वृक्षारोपण पश्चात् सोको संरक्षणको लागि शर्तअनुसार आयोजनाले कार्य नगरेको र ६२.६३ हेक्टर वृक्षारोपण गर्ने कार्य बाँकी रहेको देखिन्छ । तोकिएको संख्यामा वृक्षारोपण गराउने र शर्तअनुसार संरक्षणको कार्य गर्ने व्यवस्था गर्नुपर्दछ ।

६.३ खिम्ती ढल्केबार २२० के भि प्रसारण आयोजना र वन विभाग बीच २०६६।१।५ मा भएको सम्झौता अनुसार सिन्धुली जिल्लाबाट कटान भएका रुखहरुको सट्टा ४ लाख ६ हजार ६३४ वृक्षारोपण गर्नुपर्नेमा बिरुवा रोप्ने कार्य भए नभएको सम्बन्धमा कार्यालय अनभिज्ञ रहेको पाइयो ।

शर्तअनुसार वृक्षारोपण कार्य नभएबाट वन क्षेत्रको क्षय हुन गई वातावरणमा समेत असर पर्ने देखिएकोले सम्झौताअनुसार वृक्षारोपण गर्न लगाई वन क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

७. **धरौटी सदरस्याहा –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ बमोजिम जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानूनबमोजिम वा करारको शर्तनामाबमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा सम्वन्धित अधिकारीले प्रचलित कानून वा करारको शर्तनामाबमोजिम कारवाही गरी त्यस्तो धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । अछामका खोटो सङ्कलन गर्ने एक कम्पनीसँगको सम्झौताबमोजिम वृक्षारोपण कार्यको लागि उक्त कम्पनीबाट प्राप्त रु.२३ लाख ५० हजार धरौटी रकमबाट राष्ट्रिय वनमा वृक्षारोपण गर्न रु.८ लाख ३८ हजारको प्रस्ताव स्वीकृत भएकोमा बाँकी रु.१५ लाख १२ हजार सदरस्याहा गरी सञ्चितकोष दाखिला गरेको पाइएन । यसैगरी महोत्तरीले काठ बिक्रीबापत सङ्कलन गरेको मूल्य अभिवृद्धि कर र रोयल्टीबापतको रु.८ लाख ६५ हजार र बाराले बेवारिसे गोरु र पाडाको पञ्चकृत मूल्यबापत प्राप्त रु.३ लाख ४४ हजार सञ्चितकोषमा जम्मा नगरी धरौटी खातामै राखेका छन् । राजस्व रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

८. **बिड बण्ड रकम –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(५) अनुसार कार्यसम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सोभन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८.१ जिल्ला वन कार्यालय, सर्लाहीले आह्वान गरेको राशन ठेक्कामा पहिलो र दोस्रो घटी अङ्क कबोल गर्ने बोलपत्रदाताहरु ठेक्का सम्झौता गर्न आएको देखिएन । पहिलो घटीवालाले नेपाल बंगलादेश बैङ्क, जनकपुरबाट २०६८।९।५ मा जारी भएको रु.१ लाख २० हजारको बिड बण्डको रकम उपलब्ध गराई दिन कार्यालयले २०६८।११।२६ मा बैङ्कलाई पत्र पठाएकोमा बैङ्कले उक्त रकम पठाएको देखिएन । दोस्रो हुने बोलपत्रदाताले सोही बैङ्कबाट २०६८।९।१ मा जारी गरेको रु.१ लाख १० हजारको बिड बण्ड रकम उपलब्ध गराउन बैङ्कलाई पत्राचार नै गरेको देखिएन । यसबाट कार्यालयलाई प्राप्त हुनुपर्ने रु.२ लाख ३० हजार प्राप्त हुनसकेको छैन । उक्त जमानत रकम आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ ।

८.२ सोही कार्यालयले सशस्त्र वन रक्षकहरुको लागि राशन व्यवस्था गर्ने ठेक्कामा दोस्रो घटी अङ्क कबोल गर्ने एक आपूर्तकले राष्ट्रिय वाणिज्य बैङ्क, जनकपुरबाट २०६८।८।२८ मा जारी भएको रु.१ लाख १६ हजार बिड बण्ड आधिकारिक नभएको उक्त बैङ्कको २०६८।११।१५ को पत्रबाट जानकारी प्राप्त भएकोले उक्त

व्यवसायीको दरभाउपत्र बदर गरी सोभन्दा बढी कबोल गर्नेको दरभाउपत्र स्वीकृत गरेको छ । तर नक्कली बिड बण्ड पेश गर्ने व्यवसायीलाई कालोसूचीमा राख्ने कारबाही प्रक्रिया अघि बढाएको देखिएन ।

९. **सञ्चितकोष दाखिला –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालय, चितवनले आपूर्ति समितिबाट काठ बिक्री भई प्राप्त भएको राजस्व रु.२ करोड ९४ लाख ९३ हजार राजस्व दाखिला नगरी आपूर्ति समितिको खातामा राखेको पाइयो । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१०. **सामुदायिक वन** – वन विभागबाट प्राप्त विवरणअनुसार २०६९ असारसम्म १७ हजार ७३१ सामुदायिक वन उपभोक्ता समितिलाई १६ लाख ५३ हजार हेक्टर वन क्षेत्र हस्तान्तरण भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

१०.१ सामुदायिक वन विकास कार्यक्रम लागू भएका ७४ जिल्लामा ३९ लाख ५८ हजार बिरुवा उत्पादन भई रु.२ करोड ७० लाख ६ हजार खर्च भएको छ । कार्यक्रमबमोजिम यो वर्ष वृक्षारोपण गरेका १२१ हेक्टर क्षेत्रमा विभागको नर्म्सअनुसार १ लाख ९४ हजार बिरुवा आवश्यक पर्ने देखिन्छ । जसअनुसार उत्पादित बिरुवामध्ये रु.२ करोड ६३ लाख ४८ हजार लागतको ३७ लाख ६४ हजार बिरुवा वितरण गरेको देखिन्छ । हरेक वर्ष यसरी बिरुवा वितरण गर्दा वितरणको आधार र वितरित बिरुवाको प्रयोग स्थिति सम्बन्धमा मूल्याङ्कन र विश्लेषण नगरेबाट वितरित बिरुवाको सदुपयोग सम्बन्धमा सुनिश्चित हुन सकिएन ।

१०.२ स्वीकृत कार्य योजनामा सामुदायिक वनले वर्षभरिमा सङ्कलन गर्न सक्ने काठ र दाउराको परिमाण उल्लेख गरेको हुन्छ । वन विभागले २०६९ असारसम्म हस्तान्तरण भएका सामुदायिक वनको वार्षिक स्वीकृत कटान परिमाण र वर्षभरिमा आन्तरिक खपत र बिक्रीको लागि वास्तबिक रुपमा कटान भएको काठ दाउराको परिमाणको केन्द्रीय अभिलेख नराखेको कारण यो वर्ष देशभरका सामुदायिक वनले सङ्कलन र बिक्री वितरण गरेको काठ दाउरा परिमाण सम्बन्धमा जानकारी प्राप्त भएन । वन विभागले सामुदायिक वनको प्राविधिक अध्ययन तथा तथ्याङ्क व्यवस्थापनमा यो वर्ष रु.१२ लाख खर्च गरेकोमा उल्लिखित तथ्याङ्क लिने गरेको देखिएन ।

१०.३ सामुदायिक वनको क्रियाकलापहरुलाई नियमित र व्यवस्थित गराई अनुगमनलाई प्रभावकारी बनाउन वन ऐन, २०४९ र नियमावली, २०५१ मा विभिन्न प्रावधान रहेको देखिन्छ । जिल्ला वन कार्यालय मोरङ, सुनसरी, उदयपुरलगायत सामुदायिक वन हस्तान्तरण भएका जिल्लाका अधिकांश सामुदायिक वन उपभोक्ता समूहले ऐनको दफा ४४ बमोजिम सामुदायिक वनको स्थितिसम्बन्धी वार्षिक प्रतिवेदन, नियमावलीको नियम ३६(३) अनुसार समूहको आम्दानी खर्चको वार्षिक लेखपरीक्षण प्रतिवेदन समयमै जिल्ला वन कार्यालयमा उपलब्ध गराएका छैनन् । समयमै लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्यक्रमसहितको प्रगति विवरण कार्यालयलाई उपलब्ध नभएको कारण सामुदायिक वनले आफ्नो आयको कम्तीमा २५ प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापनमा खर्च गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन हुन सकेको पाइएन ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

११. **जिन्सी आम्दानी –** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी वा कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । राष्ट्रिय प्रकृति संरक्षण कोषले संरक्षण शुल्कबाट खरिद गरी २०६७।१२।९ देखि २०६९।३।१८ सम्म विभागलाई हस्तान्तरण गरेको निजी नम्बर प्लेटको आई २० हुण्डाई कार १, मोटरसाइकल १, क्यानन क्यामरा १, एप्पल र लेनेभो ब्राण्डको ल्यापटप ३ समेत रु.२९ लाख ६९ हजार मूल्यको सामान विभागले जिन्सी खातामा आम्दानी बाँधेको छैन । ती सामान लेखापरीक्षणको क्रममा कार्यालयमा मौज्दात रहेको पनि देखिएन । यस सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

१२. **राजस्व असुली –** लामटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र सञ्चालित होटल, लज तथा चिया पसलको म्याद थप गर्ने क्रममा विभागबाट २०६५ असार मसान्तमा लिएको राजस्व दस्तुरलाई आधार मानी २०६६ असार मसान्तसम्मको लागि सत प्रतिशत र तत्पश्चात २०६९ असार मसान्तसम्मको लागि प्रत्येक वर्ष २०६६ असार मसान्तमा लिएको राजस्वको १० प्रतिशतका दरले वृद्धि गरी राजस्व असुल गर्ने निर्णय भएको छ । उक्त निर्णयअनुसार त्यस क्षेत्रमा सञ्चालित ५३ होटल, लज तथा चिया पसलबाट रु.२८ लाख ६८ हजार असुल गरेको छैन ।

१३. **वातावरण क्षेत्र –** वातावरण संरक्षण ऐन, २०५३ को दफा १० मा वातावरण संरक्षणका दृष्टिले अति महत्त्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पति, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरु भएको नेपालभित्रको कुनै ठाउँलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण क्षेत्र कायम गर्न सक्ने व्यवस्था छ । ऐनको व्यवस्थाअनुसार वातावरण क्षेत्र कायम गर्न सकेको पाइएन । वातावरण मन्त्रालयअन्तर्गत विभाग र जिल्लास्तरीय कार्यालयहरु नभएको एवं मन्त्रालय र अन्य सरोकारवाला संस्थाहरुबीच समन्वय र समझदारी कायम हुन नसकेको कारण वातावरणीय क्षेत्र कायम गर्न नसकेको व्यहोरा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको २०६९।३।२१ को पत्रबाट जानकारी हुन आएको छ ।

१४. **ऐन कार्यान्वयन –** बाढी, पहिरो, भू–क्षयजस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने उद्देश्यले भू तथा जलाधार ऐन, २०३९ जारी भएको छ । उक्त ऐनमा संरक्षित जलाधार क्षेत्र घोषणा गर्ने, भू उपयोगिता प्रणाली अपनाई खेती गर्ने, क्षतिपूर्ति दिने, प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा निषेधित कार्यहरुलगायतका व्यवस्थाहरु वातावरण संरक्षणसंग प्रत्यक्ष रुपमा सम्बन्धित रहेको देखिन्छ । ऐन जारी भएको ३० वर्ष पुगिसक्दा पनि संरक्षित जलाधार क्षेत्र घोषणा भई भू तथा जलाधार क्षेत्रको संरक्षणको कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन ।

ऐनको दफा ३ बमोजिम संरक्षित जलाधार क्षेत्र घोषणा भएपछि मात्र ऐन आकर्षित हुने र हालसम्म यस्तो क्षेत्र घोषणा नभएको एवं ऐनको दफा ८ मा रहेको क्षतिपूर्तिसम्बन्धी व्यवस्था लागू गर्न कठिनाइ रहेको कारण उक्त ऐन कार्यान्वयनमा आउन नसकेको व्यहोरा भू तथा जलाधार संरक्षण विभागले जनाएको छ ।

१५. **वातावरणीय प्रभाव मूल्याङ्कन –** वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ को अनुसूची २ मा वन, उद्योग, जलस्रोतलगायतका क्षेत्रमा उक्त अनुसूचीमा भएका प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने, नियम १३ मा प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको अनुगमन तथा मूल्याङ्कन गरी तोकिएको शर्तमा उल्लेख गरिएको प्रभावभन्दा बढी प्रभाव परेको देखिएमा सम्बन्धित निकायले त्यस्ता प्रभावहरु हटाउन प्रस्तावकलाई आवश्यक निर्देशन दिने उल्लेख छ । त्यसैगरी नियम १४ मा मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रस्ताव कार्यान्वयन भई सेवा, वितरण वा उत्पादन सुरु भएको दुई वर्षपछि त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न गएको प्रभाव, त्यस्तो प्रभावलाई कम गर्न अपनाइएका उपाय आदिको वातावरणीय परीक्षण गरी अद्यावधिक रुपमा राख्नुपर्ने उल्लेख छ ।

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०६५।६६ देखि २०६७।६८ सम्मको अवधिमा वन, उद्योग, खानी, सडक, जलस्रोतलगायतका क्षेत्रका ३५ प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन भएको, वन क्षेत्रको ४ प्रस्तावको अनुगमन र मूल्याङ्कन भएको एवं २ प्रस्तावको वातावरणीय परीक्षण भएको उल्लेख छ । वातावरणीय प्रभाव मूल्याङ्कन भई कार्यान्वयनमा आएका प्रस्तावहरुको अनुगमन मूल्याङ्कन एवं वातावरणीय परीक्षण कार्य कम मात्रामा भएकोले वातावरणीय प्रभाव मूल्याङ्कनमा उल्लिखित क्रियाकलापको सही कार्यान्वयन भई वातावरण संरक्षणमा सहयोग पुगेको सम्बन्धमा पूर्ण रुपले सुनिश्चित हुन सक्ने स्थिति रहेको देखिएन ।

वातावरणीय प्रभाव मूल्याङ्कन भएका प्रस्ताव कार्यान्वयन गर्ने निकायलाई आवश्यक स्रोतसाधन र जनशक्तिको व्यवस्था गरी नियमित रुपमा अनुगमन, मूल्याङ्कन एवं वातावरणीय परीक्षण कार्य अनिवार्य रुपमा गराउने व्यवस्था गर्नुपर्दछ ।

१६. **संरक्षित क्षेत्रमा होटल तथा लज –** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ मा उल्लेख भएअनुसार राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र होटल, लज, रिसोर्ट, सफारी, शिक्षण संस्था, अस्पताल, उद्योग, सार्वजनिक यातायात वा अन्य सेवा सञ्चालनको स्वीकृति दिने व्यवस्था रहेको छ । सोअनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले चितवन, सगरमाथा, लामटाङ, शे–फोक्सुण्डो, खप्तड र मकालु बरुणसमेत ६ राष्ट्रिय निकुञ्ज क्षेत्रमा ७७ होटल, लज एवं रिसोर्ट सञ्चालन गर्न स्वीकृति दिएको विवरण प्राप्त भएको छ । यसरी होटल तथा लज सञ्चालन अनुमति दिँदा वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गरे नगरेको अभिलेख विभागमा रहेको छैन ।

निकुञ्ज क्षेत्रभित्र सञ्चालन गर्न दिएका होटल तथा लजहरुमा हुने आवत जावत र व्यापारिक क्रियाकलापले निकुञ्जभित्रको वातावरणमा असर पर्ने अवस्था रहेको छ । बिस्तृत क्षेत्रमा फैलिएका निकुञ्ज क्षेत्रमा सञ्चालित होटल तथा लजका क्रियाकलापको नियमित अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन गर्ने प्रणालीलाई संस्थागत गर्न नसकेका कारण वातावरण संरक्षणमा बाधा परेकोले यसको निराकरणको लागि आवश्यक कानूनी तथा प्रशासकीय प्रक्रियाहरुको कार्यान्वयन गर्नु गराउनुपर्ने देखियो ।

कार्यमूलक लेखापरीक्षणतर्फ

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम वातावरणीय कार्यमूलक लेखापरीक्षण
(जिल्ला वन तथा भू–संरक्षण कार्यालय इलाम, धनुषा, बारा, रुपन्देही, दाङ र कैलाली)

चुरे क्षेत्रको प्राकृतिक जैविक विविधता, भौगोलिक, सामाजिक र आर्थिक संवेदनशीलतालाई ध्यानमा राखी यस क्षेत्रको वन विनाश तथा भू–क्षय रोकथाम गर्न एवं संरक्षण तथा दिगो व्यवस्थापन गर्ने उद्देश्येले २०६७।६८ देखि सञ्चालित राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको वातावरणीय पक्षबाट समेत मूल्याङ्कन गरी देखिएका कमी कमजोरी सुधारको लागि उपयुक्त सुझावसहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

१७. **योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन –** राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८ मा जिल्लास्थित कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले सरोकारवालाहरुसँग समन्वय गरी आवश्यकताअनुसार निश्चित भौगोलिक क्षेत्रमा वा नदी प्रणाली वा पारिस्थितिकीय क्षेत्रमा एकीकृत कार्यक्रम बनाउनुपर्ने उल्लेख छ । लेखापरीक्षण क्षेत्रमा समावेश भएका जिल्ला वन तथा भू–संरक्षण कार्यालयहरुले आ–आफ्नै प्रकारले बेग्लाबेग्लै कार्ययोजना बनाई कार्यान्वयनमा ल्याएका छन् । यसैगरी सोही निर्देशिकाअनुसार सालबसाली रुपमा कार्यक्रम छरिएर सञ्चालन नगरी चुरे विनाशको संवेदनशीलतालाई प्राथमिकता दिई एउटै ल्याण्डस्केपलाई तल्लो तटीय र उपल्लो तटीय अवधारणा र सम्बन्धलाई ध्यानमा राखी एकीकृत कार्यक्रम बनाउनुपर्ने उल्लेख भएकोमा जिल्ला वन तथा भू–संरक्षण कार्यालयहरुले २०६७।६८ र २०६८।६९ मा बेग्लाबेग्लै कार्यक्रम स्वीकृत गराई कार्य गराएको देखिन्छ । राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन गर्ने जिल्लास्थित कार्यालयहरुले एकीकृत योजना तथा कार्यक्रम तयार नगरेको कारण कार्यक्रम कार्यान्वयनमा समेत समन्वय हुने अवस्था रहेको देखिएन ।

यस कार्यक्रमलाई समन्वय गर्न वन तथा भू–संरक्षण मन्त्रालयमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम समन्वय इकाई रहेकोमा सो इकाईले समेत एकीकृत रुपमा कार्ययोजना तयार गर्न समन्वय कायम गराउन नसकेको एकीकृत कार्ययोजनाबेगर लेखापरीक्षण क्षेत्रमा परेका जिल्ला वन तथा भू–संरक्षण कार्यालयहरुले विगत दुई वर्षमा रु.११ करोड ३७ लाख ३८ हजार खर्च गरेर आ–आफ्नै प्रकारले कार्यक्रमहरु सञ्चालन गरेका छन् । एकीकृत कार्ययोजना तर्जुमा गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन नगरेकोले कार्यक्रमको प्रभावकारिता हासिल गर्न कठिन हुने देखिन्छ । कार्यक्रम सञ्चालन हुने जिल्लाको चुरे क्षेत्रमा रहेको वातावरणीय लगायतका समस्याहरुको पहिचान गरी विभिन्न कार्यालयमार्फत सञ्चालन गर्ने कार्यक्रमको लागि एकीकृत कार्ययोजना तयार गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

१८. **संरक्षणमुखी कार्ययोजना –** वन विभागमार्फत सञ्चालन गरिने राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६८ मा चुरे क्षेत्रमा रहेका सामुदायिक वनको कार्ययोजना परिमार्जन गरी संरक्षणमुखी (हरित वार्षिक स्वीकृत कटान हटाउने) कार्ययोजना तयार गरिने उल्लेख भएअनुसार विगत दुई वर्षदेखि उक्त कार्यक्रमको लागि बजेट व्यवस्था गरिएको छ ।

कार्यक्रम सुरु भएको पहिलो वर्षमै संरक्षणमुखी कार्ययोजना बनाई सक्नुपर्नेमा इलाम, धनुषा, रुपन्देही र दाङले चुरे क्षेत्रमा रहेका ५९८ सामुदायिक वनमध्ये ७० अर्थात् १.१७ प्रतिशत कार्य गर्नसकेको देखिन्छ । कैलालीले विगत दुई वर्षमा यस्तो कार्य गर्नसकेको छैन । सामुदायिक वन उपभोक्ता समूहले कार्यक्रम लागू हुनुभन्दा अघि स्वीकृत कार्ययोजनामा उल्लेख भएको वार्षिक स्वीकृत कटान परिमाण घटाउन नचाहेको र कार्यालयले समेत यसमा सक्रियता देखाउन नसकेकोले संरक्षणमुखी कार्ययोजना बन्न नसकेको देखिन्छ । जसले गर्दा चुरे क्षेत्रका सामुदायिक वनलाई पूर्व कार्ययोजनाबमोजिमको हरित कटान परिमाण नियन्त्रण गर्ने उद्देश्य प्राप्त हुनसकेको पाइएन । वैध र अवैध रुपमा हुने गरेको हरियो रुख कटान यो क्षेत्रको प्रमुख वातावरणीय समस्या रहेको र सो समस्याको निराकरणको लागि स्वीकृत कार्ययोजनाबमोजिम हुने गरेको वैध कटान परिमाणमा समेत नियन्त्रण गर्ने गरी कार्ययोजना पुनरावलोकनमार्फत हरित कटान परिमाण पूर्ण रुपमा हटाउने कार्यको कार्यान्वयन स्थिति ज्यादै न्यून रहेबाट त्यस क्षेत्रको वन तथा वातावरण संरक्षण गर्ने लक्ष्यमा योगदान पुग्न सकेको छैन ।

संरक्षणमुखी कार्ययोजना बनेको मध्ये विवरण उपलब्ध भएको रुपन्देहीको ५ र इलामको २१ समेत २६ सामुदायिक वनमा साबिकको वार्षिक स्वीकृत कटान परिमाण १ लाख ६५ हजार ६२९ घनफिटबाट ८३.५९ प्रतिशतले कमी आई २७ हजार १२९ घनफिट कायम भएको पाइयो । यसबाट कार्यक्रम लागू भएका जिल्लाहरुले चुरे क्षेत्रमा रहेको सम्पूर्ण सामुदायिक वनहरुको संरक्षणमुखी कार्ययोजना बनाई कार्यान्वयन गर्न सकिएको अवस्थामा चुरे क्षेत्रको वनबाट बैधानिक रुपमा हुने गरेको रुख कटानमा उल्लेखनीय रुपमा कमी आई वन संरक्षणमा सहयोग पुग्ने र यसबाट त्यस क्षेत्रको समग्र वातावरणमा समेत गुणात्मक सुधार हुने देखिन्छ । सामुदायिक वन समूहलाई संरक्षणमुखी वन कार्ययोजनाको उद्देश्य र महत्वको बारेमा जानकारी गराई यस प्रकारको कार्ययोजना समयमै पुनरावलोकन गरी हरित कटान पूर्ण रुपले बन्द गरिनुपर्दछ ।

१९. **बृहत् वृक्षारोपण** – वन विभागमार्फत सञ्चालन गरिने राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६८ मा चुरेमा चाप कम गर्न तराईका वन नभएका दक्षिणी भेगमा निजी जग्गा, चुरे तथा यसको नजिकको प्रभावित क्षेत्र र चुरेमा आश्रित परिवारलाई रुख तथा गैह्रकाष्ठ वन पैदावारको खेतीका लागि नि:शुल्क बिरुवा र ढुवानी सहयोग पुऱ्याई बृहत् वृक्षारोपण गर्ने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

१९.१ कार्यविधिअनुसार चुरेमा चाप कम गर्न तराईका वन नभएका दक्षिणी भेगमा निजी जग्गामा वृक्षारोपण एवं चुरेमा आश्रित गरीब तथा विपन्न वर्ग केन्द्रित हरित रोजगारमुखी वृक्षारोपणको लागि जिल्लाको चुरे इकाइले चालु आर्थिक वर्षको लागि छनौट भएको नदी प्रणाली/ल्याण्डस्केपको सिमानाभित्र पर्ने तराईको सबैभन्दा दक्षिणतर्फको गाउँ विकास समितिबाट सुरु गरी बढीमा ३ गाउँ विकास समितिसम्म नमूना स्वरुप निजी जग्गामा वृक्षारोपणका लागि क्षेत्र छनौट गर्नुपर्ने उल्लेख छ । उक्त क्षेत्रमा एकजना कृषकले कम्तीमा पनि ५०० वटा र प्रतिपरिवारलाई १ हजार ५०० का दरले बिरुवा रोपण गर्नुपर्ने एवं बिरुवा रोपण पश्चात् यसको संरक्षण र सफलताको सुनिश्चित गर्नका लागि वृक्षारोपण ग्यारेन्टीबापत पछि फिर्ता हुनेगरी प्रति बिरुवा रु.१।– का दरले जिल्ला वन पैदावार आपूर्ति समितिको खातामा जम्मा गर्नुपर्नेसमेत उल्लेख छ । लेखापरीक्षण क्षेत्रमा परेका जिल्ला वन कार्यालयहरुले उक्त कार्य सम्पन्न भएको प्रगति विवरण तयार गरेको भए तापनि उक्त कार्यक्रम सञ्चालन गर्दा माथि उल्लिखित प्रक्रियाअनुसार गाउँ विकास समिति छनौट नगरेको, एक व्यक्तिले घटीमा ५०० बिरुवा रोपण गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन नभएको एवं बिरुवा वितरण गर्दा ग्यारेन्टीबापतको (जिल्ला वन कार्यालय, कैलालीबाहेक) रकम लिएको समेत देखिएन । कार्यक्रम सञ्चालन गर्दा अबलम्वन गर्नुपर्ने कुनै प्रक्रिया पालना नगरिएको अवस्थामा सोबाट अपेक्षित उपलब्धि प्राप्त हुने अवस्था देखिएन ।

१९.२ चुरेमा चाप कम गर्न तराईका वन नभएका दक्षिणी भेगमा निजी जग्गामा वृक्षारोपण गरी वन विस्तार गर्ने कार्यक्रमअनुसार २०६८।६९ मा लेखापरीक्षण क्षेत्रमा परेका जिल्ला वन कार्यालयहरुले ६ लाख २० वृक्षारोपण गरी रु.१८ लाख ७५ हजार खर्च गरेको प्रगति विवरण तयार गरेका छन् । तर वितरित बिरुवा निजी जग्गामै वृक्षारोपण भएको सुनिश्चित गर्ने आधार कार्यालयहरुमा रहेको छैन । रुपन्देहीले निजी जग्गा उपलब्ध नभएकोले सार्वजनिक जग्गामै वृक्षारोपण गरेको जनाएको छ । कार्यबिधिबमोजिम प्रतिव्यक्ति कम्तीमा ५०० बटा बिरुवा रोप्न वन विभागको वृक्षारोपण गर्ने नर्म्सअनुसार अनुमानित ९ कठ्ठा जमिन आवश्यक पर्ने देखिन्छ । तराईको खेतीयोग्य जमिनमा वृक्षारोपण गर्न कृषकहरु आकर्षित नभएको कारण निजी जग्गामा वृक्षारोपण गरी वन बिस्तार गर्ने कार्यक्रम प्रभावकारी हुन सकेको देखिएन ।

१९.३ इलामले चुरे आसपासको वन नभएको क्षेत्रमा ५० हजार वृक्षारोपण गर्ने कार्यक्रम भएकोमा १४ हजार मात्र र चुरेमा आश्रित गरीब तथा विपन्न ३० परिवारलाई प्रतिपरिवार १ हजार ५०० बटा बिरुवा र ढुवानी सहयोग उपलब्ध गराउने कार्यक्रम प्राप्त भएकोमा ६ परिवारलाई मात्र बिरुवा र ढुवानी सहयोग उपलब्ध गराएको प्रगति प्रतिवेदनबाट देखिएको छ । कार्यक्रमअनुसार यस कार्यालयले कुल ९५ हजार वृक्षारोपण गर्नुपर्नेमा प्राप्त प्रगति विवरणअनुसार २३ हजारमात्र वृक्षारोपणको कार्य भएको देखिन्छ । इलामले यस कार्यक्रमअन्तर्गत रु.१२ लाख २५ हजारमा १ लाख ५० हजार बिरुवा उत्पादन गरेकोमा निकै कम मात्र वृक्षारोपण गरेको कारण उत्पादन भएका बिरुवा लेखापरीक्षण अवधिसम्म वितरण हुन बाँकी रहेको देखिन्छ ।

१९.४ कैलालीले यस कार्यक्रम अन्तर्गत १ लाख ७५ हजार वृक्षारोपण गर्नुपर्नेमा कार्यालयको अभिलेखअनुसार उक्त कार्यको लागि बलचौर इलाका वन कार्यालयबाट १८ हजार ४५० र जिल्ला वन कार्यालयबाट २१ हजार बिरुवासमेत कुल ३९ हजार ४५० मात्र बिरुवा वितरण भएको देखिन्छ । लक्ष्यअनुसार २३ प्रतिशत मात्र कार्य भएकोमा शतप्रतिशत प्रगति भएको विवरण प्राप्त भएको छ । यस कार्यक्रमअन्तर्गत रु.१६ लाख ३४ हजारमा २ लाख बिरुवा उत्पादन गरेकोमा निकै कम मात्र वृक्षारोपण गरिएको कारण उत्पादित बिरुवा सही रुपमा प्रयोग हुनसकेको देखिएन ।

१९.५ वृक्षारोपणको लागि कार्यविधिअनुसार क्षेत्र छनौट नगरिएको, तराईको निजी जग्गामा वृक्षारोपण गरी वन विस्तार गर्ने कार्यक्रम लक्ष्यअनुसार सञ्चालन हुन नसकेको, बिरुवा वितरण गर्दा लिनुपर्ने ग्यारेन्टीबापतको रकम नलिएको एवं लक्ष्यअनुसारको वृक्षारोपण हुन नसकी उत्पादित बिरुवा नर्सरीमै मौज्दात रहेको लगायतको कारणले बृहत वृक्षारोपण कार्यक्रम कार्यविधिअनुसार प्रभावकारी रुपमा सञ्चालन हुनसकेको देखिएन । जसले गर्दा त्यस क्षेत्रको वातावरणमा समेत असर पर्ने स्थिति रहेको छ । कार्यविधिको पालना गरी लक्ष्यअनुसारको वृक्षारोण कार्य सम्पन्न गर्न कार्यक्रम प्राप्त हुनासाथ कार्य योजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

२०. **माथिल्लो र तल्लो तटीय सम्बन्ध –** चुरे र तराईबीच माथिल्लो र तल्लो तटीय सम्बन्ध रहेको छ । चुरे क्षेत्रको वन विनाश, बाढी, पैहिरो, भू–क्षयलगायतका वातावरणीय समस्याको प्रत्यक्ष असर तराई क्षेत्रमा पर्ने गरेको देखिन्छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

२०.१ चुरेमा घटित वन विनाश, बाढी, पहिरो, भू–क्षयलगायतका घटनाले तराई क्षेत्रमा नदी कटान, उत्पादकत्वमा ह्रास, कृषि–भूमीको ह्रास, भूमिगत जलस्रोतको कमी, वन, वनस्पति र वन्यजन्तुको कमी एवं मरुभूमीकरण लगायतका वातावरणीय समस्या देखिएको छ । कैलालीको फूलबारी, हसुलिया, पवेरा, रतनपुर, भजनी, रामशिखरझुला, पहलमानपुर, खैलाड, मसुरिया, उदासीपुर, दाङको दाङ र देउखुरी उपत्यका, रुपन्देहीको मर्चवार, बोदवार र वसन्तपुर, बाराको डुमरबाना, मनहर्वा र भतौडा, हरैया, करैया, महेशपुर क्षेत्र एवं धनुषाको भरतपुर, वरमभिया, गोदार, लवटोली, भूचक्रपुर, महेन्द्रनगर, हरिहरपुर, दिगम्बरपुर, सपहि, सखुवामरानलगायतका क्षेत्रमा उल्लिखित वातावरणीय समस्या देखिएको व्यहोरा उल्लेख गरेका छन् । इलामले यस क्षेत्रमा घटित घटनाले झापा जिल्लामा प्रभाव पर्ने गरेको जनाएको छ । यसै सम्बन्धलाई मध्यनजर गर्दै जिल्ला भू–संरक्षण कार्यालयहरुले संरक्षण अभियानअन्तर्गत चुरेदेखि दशगजासम्म कार्यक्रम सञ्चालन गरेका छन् । विगत दुई वर्षमा सो कार्यमा रु.३ करोड ३५ लाख ३६ हजार खर्च गरी बाँध, चेक ड्याम्प, वृक्षारोपण, खोला किनारा संरक्षण एवं बायो इन्जिनियरिङ प्रविधिद्वारा छेकबाधलगायतका कार्य गरेका छन् ।

चुरे संरक्षणमा ती कार्यालयहरुले विगत दुई वर्षमा गरेको खर्चका तुलनामा यस्तो खर्च करिब ४० प्रतिशत रहेको देखिन्छ । यसरी कार्यक्रम सञ्चालन गर्दा कुनै निश्चित जलाधार क्षेत्रमा चुरे पहाडको टुप्पोदेखि दशगजासम्म गर्नुपर्ने कार्यहरु निश्चित गरी प्राथमिकताको आधारमा कार्यान्वयन नगरी प्राप्त माग निवेदनको आधारमा मात्र कार्यक्रम सञ्चालन गरेको देखिन्छ । बाराले यस कार्यक्रमअन्तर्गत सञ्चालित अधिकांश कार्यहरु कार्यालयमा दर्तासमेत नभएका व्यक्तिगत माग निवेदनको आधारमा गराएको पाइयो । सम्बन्धित उपभोक्ता समूहको निर्णय एवं गाउँ विकास समितिको सिफारिसबेगर व्यक्तिगत निवेदनको आधारमा गराएको यस्ता कार्यहरु आवश्यक स्थानमै केन्द्रित भएको मान्न सकिने देखिएन ।

२०.२ जिल्ला वन कार्यालयहरुसंग समन्वय गरी समस्याग्रस्त स्थानको पहिचान नगरिएको, व्यक्ति वा केही व्यक्तिहरुको माग निवेदनको आधारमा कार्यक्रम सञ्चालन गरिएको एवं माथिल्लो र तल्लो तटीय सम्बन्ध र अन्तर्निभरतालाई प्रवर्द्धन गर्ने गरी एक क्षेत्रमा सञ्चालित कार्यक्रममा अर्को क्षेत्रका मानिसहरुलाई संलग्न नगराइएको कारण कार्यक्रमको प्रभावकारिता न्यून हुन जाने देखिन्छ । जिल्लामा कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु र प्रभावित क्षेत्रका बासिन्दाहरुबीच समन्वय र सहकार्यको विकास गरी माथिल्लो र तल्लो तटीय सम्बन्ध सुदृढीकरण मार्फत त्यस क्षेत्रको वातावरण संरक्षणमा थप टेवा पुऱ्याउनुपर्दछ ।

२१. **फरक लागत –** वन, वनस्पति, वन्यजन्तु तथा भू–संरक्षणसम्बन्धी विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण नर्म्स २०६० को आइटम १ मा माटोको कामको नर्म्स उल्लेख छ । जिल्ला भू–संरक्षण कार्यालय, धनुषामा यो वर्ष सोही नर्म्सबमोजिम दरविश्लेषण गरी चारनाथ खोलामा ६२० मिटर बाँध बाँध्ने कार्य गरेको छ । विभिन्न तीन खण्डमा निर्माण गरिएको माटोको ड्याममध्ये ३०० मिटर लम्बाई (४ हजार ६८७.५० घनमिटर) खण्डको लगत इष्टिमेटमा ड्यामको लागि माटो खन्ने, पुर्ने र ढुवानी गर्ने कार्यको लागि प्रतिघनमिटर रु.२६४।– का दरले रु.१२ लाख ३७ हजार को लागत अनुमान गरी रु.११ लाख १४ हजार उपभोक्ता समितिलाई भुक्तानी गरिएको छ । सोही स्थानमा ३२० मिटर लम्बाई (१ हजार ९२० घन मिटर) को दुई खण्ड ड्याम निर्माण कार्यमा माटो खन्ने, पुर्ने र ढुवानी गर्ने कार्यको लागि प्रतिघनमिटर रु.६४०।२० का दरले रु.१२ लाख २९ हजारको लागत अनुमान तयार गरी रु.१० लाख ८५ हजार खर्च गरेको छ । यसरी एउटै बाँधको विभिन्न खण्ड फरक दररेटको आधारमा निर्माण गरिएको कारण ३२० मिटर बाँध निर्माणमा कार्यालयलाई रु.७ लाख ५ हजार बढी लागत पर्न गएको देखिन्छ ।

यस सम्बन्धमा छलफल गर्दा पहिलो ३०० मिटर बाँध निर्माण नर्म्स नं. १.२ अनुसार प्रतिघनमिटर रु.२६४।– र बाँकी ३२० मिटर बाँधमा नर्म्स नं. १.२ र नर्म्स नं. २.४ (बाँध निर्माणमा ग्राभेल ढुवानी १०५ मिटर टाढाबाट भएको) अनुसार प्रतिघनमिटर रु.६४०।२० भएको व्यहोरा कार्यालयले जनाएको छ । खोला छेउमा बाँधिएको बाँधमा १०५ मिटर टाढा दूरीबाट ग्राभेल ढुवानी गराई कार्यालयलाई अतिरिक्त व्ययभार पारेको देखिन्छ । लेखापरीक्षणको क्रममा २०६९।०६।१५ मा गरिएको स्थलगत अवलोकनको क्रममा प्रतिघनमिटर रु.२६४।– मा गराएको ३०० मिटर कार्यभन्दा प्रतिघनमिटर रु.६४०।२० का दरले गराएको ३२० मिटरको कार्यको निर्माण कार्यको स्तरसमेत न्यून रहेको पाइयो । उक्त बाँध निर्माण कार्यको गुणस्तर र लागत सम्बन्धमा तालुक निकायले छानबिन गर्नुपर्ने देखिन्छ ।

सार्वजनिक संस्थातर्फ

जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड

कम्पनीको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

२२. **लेखापरीक्षण स्थिति –** कम्पनीको २०६४।६५ देखि २०६८।६९ सम्मको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन २०६५।११।३० देखि २०६९।१०।११ सम्ममा वर्षेनी उपलब्ध गराई सञ्चालक समितिको जवाफको लागि अनुरोध गरिए तापनि लेखापरीक्षणको प्रतिक्रिया र वित्तीय विवरण कम्पनीको सञ्चालक समितिबाट

प्रमाणित गरी उपलब्ध नगराएको कारण २०६४।६५ देखिका लेखापरीक्षणको प्रतिवेदन अन्तिम हुनसकेको छैन ।

२३. **सञ्चालन नतिजा** – गत वर्षसम्म रु. १३ करोड ८१ लाख ८८ हजार नोक्सानी भएकोमा यो वर्ष रु.३ करोड ९३ लाख ३८ हजार थप भई रु.१७ करोड ७५ लाख २६ हजार सञ्चित नोक्सानी पुगेको छ ।

२४. **निरन्तरता** – कम्पनीले वित्तीय विवरण निरन्तरताको सिद्धान्तमा आधारित भई तयार गरेको छ । कम्पनीको वित्तीय अवस्था, सञ्चालन अवस्था र नगद प्रवाहको अवस्था अध्ययन गर्दा कम्पनीको आर्थिक अवस्था अनुकुल देखिदैन । कर्मचारी अवकास दायित्वमा रु.२ करोड ९८ लाख ९५ हजारले वृद्धि भएको छ । नगद प्रवाहले कर्मचारीको यो वर्षको कर्मचारी अवकास दायित्व वृद्धिलाई पूरा गर्नसक्ने अवस्था छैन । कर्मचारी अवकास हुंदा व्यहोर्नुपर्ने रकम कोषमा राखेको पनि छैन । भाखा नाघेको कर्जा र व्याज रु.११ करोड ९० लाख १५ हजार पुगेको छ । एसियाली विकास बैङ्क र नेपाल सरकारसँग लिएको उक्त कर्जाको ब्याज व्यवस्था रु.५ करोड ८१ लाख २१ हजार लेखाङ्कन गरे तापनि नगद अभावका कारण फिर्ता गर्न सकेको छैन ।

२५. **स्थिर सम्पत्ति** – वर्षान्तमा रु.२ करोड ७ लाखको स्थिर सम्पत्ति देखाएको छ । काम नलाग्ने सामानको किताबी मोल पनि समावेश गरेको र कम्पनीले प्रयोगमा ल्याएको कतिपय जग्गा नेपाल सरकारको स्वामित्वमा रहेकोमा कम्पनीले आफ्नो नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्न सकेको छैन ।

२६. **जिन्सी** – गत वर्ष रु.५ करोड ७५ लाख २२ हजार जिन्सी मौज्दात देखाएकोमा यो वर्ष रु.६ करोड ९४ लाख ३० हजार देखाएको छ । उक्त मौज्दातमा शून्य मूल्य भएका सामानहरु काम नलाग्ने वर्गीकरण गरी देखाएको छ । कम्पनीको काममा नआउने त्यस्ता सामान लिलाम गर्नुपर्नेमा गरेको छैन । साथै जिन्सी सामानको हरेक वर्ष भौतिक परीक्षण गरी मौज्दात यकिन गर्नुपर्नेमा गरेको छैन ।

२७. **जर्ती** – एक शाखाबाट अर्को शाखामा कच्चा पदार्थ स्थानान्तरण गर्दा हुने अधिकतम जर्ती मिनाहा दिने व्यवस्था गर्नुपर्नेमा नर्म्स तयार नगरी प्राप्त भएको परिमाण र शाखाले पठाएको परिमाणको फरकलाई जर्ती देखाउने गरेको छ । स्थानान्तरण गरेको वा उत्पादन गरेको व्याचपिच्छे जर्तीको दर फरक रहेको छ । हरेक सामानको उत्पादन, स्थानान्तरण तथा भण्डार आदिको चुहावटको तहगत नर्म्स तयार गर्न ध्यानाकर्षण गराउँदै आए तापनि यो वर्ष पनि सुधार भएको पाइएन ।

२८. **कर बीजक** – कम्पनीले २ सप्लायर्सबाट खरिद गरेका तेलबापत रु.२८ लाख २८ हजार खर्च लेख्दा आपूर्तकको स्थायी लेखा नम्बर नभएको सादा बिलमात्र राखी खर्च लेखेको छ ।

२९. **साहु हिसाब** – यो वर्षसम्म भुक्तानी गर्न बाँकी साहु रु.२४ लाख ३३ हजार रहेको छ । यसमध्ये केन्द्रीय कार्यालयको १० वर्ष पुरानो साहु बाँकी रु.१ लाख ३३ हजार र ५ वर्ष पुरानो रु.३ लाख ८० हजार रहेको देखिन्छ । पुरानो हिसाब यकिन गरी टुङ्गो लगाउनुपर्दछ ।

३०. **साधारण सभा** – यो वर्ष कम्पनीले साधारणसभा गरेको छैन । साधारणसभा नभएकोले कम्पनी रजिष्ट्रारका कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिम बुझाउनुपर्ने विवरण सो कार्यालयमा पेश गरेको छैन ।

वन पैदावार विकास समिति

समितिको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

३१. **सञ्चालन नतिजा** – यो वर्ष वन पैदावार बिक्री र विविधसमेत रु.१७ करोड १७ हजार कुल आम्दानी गरेकोमा रोयल्टी र मूल्य अभिवृद्धि करसमेतको दाखिला रु.५ करोड ८६ लाख ४४ हजार कटाउँदा रु.११ करोड १३ लाख ७३ हजार खुद बिक्री आम्दानी गरेको छ । सोबाट कार्यक्रम सञ्चालन तथा प्रशासनिक काममा भएको खर्च रु.९ करोड ७८ लाख २८ हजार कटाउँदा यो वर्ष रु.१ करोड ३५ लाख ४५ हजार नाफा गरेको छ ।

३२. **खराब काठको मौज्दात –** रतुवामाई वृक्षारोपण आयोजनामा विभिन्न आर्थिक वर्षमा उत्पादन भएका विभिन्न जातका १३ हजार ९५२ घनफिट खराब काठ मौज्दात रहेको छ । उक्त खराब काठ वन पैदावारको मूल्य निर्धारण तथा बिक्री नियमावलीको नियम १४ को प्रक्रिया पुऱ्याइ हटाउनुपर्नेमा सो कार्य गरेको छैन ।

३३. **बिक्री आय** – सागरनाथ वन विकास परियोजनाअन्तर्गत बिक्री शाखाबाट प्राप्त विवरणमा विभिन्न जातका गोलिया काठ, दाउरा, काठका पोलहरु रु.१४ करोड ६१ लाख ३७ हजारको बिक्री देखाएकोमा लेखा शाखाबाट प्राप्त विवरणअनुसार रु.१४ करोड ५३ लाख २७ हजारको देखिएकोले रु.८ लाख १० हजारको बिक्री फरक परेको छ । एक शाखाको अभिलेखसँग अर्को शाखाको अभिलेख नभिडेको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

३४. **जग्गा अतिक्रमण –** सागरनाथ वन विकास परियोजनाको मूर्तिया क्षेत्रमा करिब २ हजार ७०० हेक्टर जमिन स्थानीय व्यक्तिहरुबाट अतिक्रमण गरेको देखिन्छ । समयमै अतिक्रमण रोक्ने प्रयास नगरेमा अन्य क्षेत्रहरुमा पनि अतिक्रमण बढ्दै जाने सम्भावना देखिन्छ ।

३५. **धरौटी –** गत वर्षको मौज्दात रु.१ करोड ९ लाख ३३ हजारमा यो वर्षको आम्दानी रु.२ करोड ६ लाख २३ हजारसमेत रु.३ करोड १५ लाख ५६ हजारमा यो वर्षको फिर्ता खर्च रु.१ करोड ६३ लाख ८९ हजार र धरौटी सापटी रु.४० लाख ७२ हजार कटाउँदा रु.१ करोड १० लाख ९५ हजार अन्तिम मौज्दात रहनुपर्नेमा रु.७३ लाख ९५ हजार बाँकी देखाएकोले घटी देखाएको रु.३७ लाखको सम्बन्धमा छानबिनसमेत गरी बैङ्क हिसाब मिलान गर्नुपर्ने देखिन्छ । धरौटी खाताबाट रतुवामाई वृक्षारोपण आयोजनालाई विनियोजन सापटी अन्तर्गत उपलब्ध गराएको रु.४० लाख ७२ हजार शोधभर्ना लिएको पनि छैन । यस्तै सागरनाथ वन विकास परियोजनाले केन्द्रबाट स्वीकृति नलिई धरौटी सापटी खर्च लेखेको यो वर्षको रु.९२ लाख ८० हजार र गत विगतको रु.९२ लाख २७ हजारसमेत रु.१ करोड ८५ लाख ७ हजार शोधभर्ना लिएको छैन । उक्त रकम यथाशीघ्र शोधभर्ना लिनुपर्दछ ।

समितिको २०६७/६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३६. **वन कोष –** यो वर्ष वन कोषबापत आम्दानी भएको रु.१६ लाख ५६ हजारमध्ये रु.२ लाख ७४ हजारमात्र वन कोषमा दाखिला गरेको छ । कोषमा दाखिला गर्नुपर्ने बाँकी रु.१३ लाख ८२ हजार दाखिला नगरी समितिमै मौज्दात राखेको छ ।

३७. **बिक्री फरक –** सागरनाथ वन विकास परियोजनाको बिक्री आम्दानी रु.११ करोड ७३ लाख ९२ हजार देखाएकोमा सोही परियोजनाको सदुपयोग शाखाले रु.१० करोड ५९ लाख १९ हजारमात्र देखाएको छ । बिक्री फरक परेको रु.१ करोड १४ लाख ७३ हजार सम्बन्धमा छानबिन गरी स्पष्ट गर्नुपर्ने देखियो ।

३८. **नापी किताब –** सञ्चालक समितिको ३९९ औं बैठकबाट वन पैदावार कटान गर्दाको अवस्थामा अनिवार्य रुपमा नापी किताब राख्नुपर्ने प्रावधान गरिएको थियो । कटानकै अवस्थामा नापी किताब नराख्दा कटान भएको परिमाण र बिक्री परिमाण भिडान गर्नसक्ने अवस्था हुँदैन । समिति अन्तर्गतको रतुवामाई वृक्षारोपण आयोजना र सागरनाथ वन विकास परियोजनाले नापी किताब नराखेको हुँदा सञ्चालक समितिको निर्णय कार्यान्वयन नहुनुको साथै कटानी काठ हिनामिना हुनसक्ने देखियो ।

द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड

यस कर्पोरेशनको २०६१।६२ देखि २०६८।६९ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन यस वर्ष जारी गरिएको छ । कर्पोरेशनको २०६८।६९ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३९. **सञ्चालन नतिजा** – कर्पोरेशनको २०६३ आषाढ मसान्तसम्म रु.२९ करोड १४ लाख २९ हजार सञ्चित नोक्सानी रहेकोमा सो वर्ष पछाडीका वित्तीय विवरणहरुमा भएका आम्दानी तथा नोक्सानी समायोजन गर्दा सञ्चित नोक्सानी रु.४५ करोड ९ लाख ६२ हजार पुगेको छ । यो सञ्चित नोक्सानी चुक्ता पूँजीको २,८०४

प्रतिशत रहेको हुनाले कर्पोरेशनको वित्तीय अवस्था नाजुक रहेको छ । उक्त संचित नोक्सानमा उपदानकोष, कर्मचारी अबकाश व्यबस्था, शंकास्पद आसामी आदिको लागि खर्च व्यवस्था गर्दा नोक्सानी अझ बढ्न जाने देखिन्छ ।

४०. **असामी –** कर्पोरेशनले सुरक्षित असामीको रुपमा देखाएको रु.२२ लाख ५७ हजारमध्ये रु.१८ लाख ८० हजार विगत आर्थिक वर्षदेखि जिम्मेवारी सार्दै ल्याएकोमा सम्बन्धित पक्षको समर्थनपत्र प्राप्त नगरेकोले असुल हुनसक्ने नसक्ने यकिन छैन । असामीको सुरक्षण विवरणसमेत उपलब्ध नभएकोले असामी सुरक्षित रहेको यकिन गर्ने अवस्था छैन । लिनुपर्ने हिसाबअन्तर्गत कुल रु.७२ लाख १ हजार विगत वर्षहरुदेखि जिम्मेवारी सार्दै ल्याएकोमा ती रकमसँग सम्बन्धित विवरण एवं अभिलेख उपलब्ध हुन सकेको छैन ।

४१. **बैङ्क हिसाब –** केन्द्रीय कार्यालयतर्फ रहेको बैङ्क मौज्दातमध्ये रु.२ लाख १५ हजार बैङ्क हिसाबमा देखिएपनि विगतदेखि नै हिसाब मिलान हुनसकेको छैन । कर्पोरेशनको नाममा विभिन्न ४ वाणिज्य बैङ्कको ८ खातामा रहेको रु.२२ लाख १ हजार र सञ्चयकोषको रु.४५ हजारसमेत रु.२२ लाख ४६ हजार मौज्दात रहेको बैङ्क हिसाब सम्बन्धित बहिखातामा देखिएपनि बैङ्क खाता पेश नभएकोले उक्त खातामा रकम मौज्दात रहे नरहेको यकिन हुन सकेन । यी मौज्दातसंग सम्बन्धित बैङ्कको मौज्दात समर्थनपत्र र बैङ्क स्टेटमेन्टसमेत उपलब्ध हुन सकेन ।

४२. **हिसाब मिलान –** शाखा कार्यालय अन्तरहिसाव मिलान खातामा यस वर्षको अन्त्यमा लिनुपर्ने रु.४७ लाख ४९ हजारमध्ये रु.१९ लाख १७ हजार मौज्दात २०४६।४७ देखि नै समायोजन गरेको छैन । शाखा कार्यालय, काठमाडौको हिसाब मिलान हुन बाँकी रु.१६ लाख पनि लामो समयदेखि समायोजन हुन सकेको छैन । उक्त रकम वास्तवमा सम्पत्ति हो होइन भन्नेबारेमा यकिन हुन सक्ने अभिलेख तथा विवरण लेखापरीक्षणमा उपलब्ध हुन सकेको छैन ।

४३. **चालु दायित्व एवं विविध साहु –** चालु दायित्व शीर्षकमा रहेको रु.४३ लाख ४६ हजार विगत वर्षदेखि नै जिम्मेवारी सार्दै ल्याएकोमा उक्त रकम भुक्तान गर्नुपर्ने नपर्नेबारे यकिन आधार उपलब्ध हुन नसक्नुको साथै सम्बन्धितबाट आवश्यक समर्थनपत्र प्राप्त गरेको छैन । विविध साहुअन्तर्गत विगतदेखि जिम्मेवारी सार्दै ल्याएको मौज्दात रु.५३ लाख ६१ हजार भुक्तान गर्नुपर्ने व्यक्ति तथा निकायहरुको विवरण एवं अभिलेख लेखापरीक्षणमा उपलब्ध हुन सकेन । सम्बन्धित व्यक्ति तथा निकायले सप्रमाण दाबी गर्नसमेत नआएको हुनाले उक्त रकम भुक्तानी गर्नुपर्ने सम्बन्धमा यकिन गरी हिसाब राफसाफ गर्नेतर्फ ध्यान दिएको छैन ।

४४. **अन्य प्राप्ति हिसाब –** कारोबारको सिलसिलामा विभिन्न पार्टीसंग लिनुपर्ने हिसाब रु.४७ लाख ७७ हजार विगत वर्षहरुदेखि नै देखाई आएकोमा उक्त रकमहरुको असुलीतर्फ यस वर्ष पनि कुनै प्रगति भएको पाइएन । विभिन्न व्यक्ति/संस्था/निकायलाई आर्थिक कारोबारको सिलसिलामा उपलब्ध गराएको पेश्की लेखाङ्कन गरेको मध्ये कतिपय संस्थाहरु हाल अस्तित्वमा रहेका छैनन् । तोकिएको कार्य पूरा गरिसकेको अवस्थामा पनि व्यक्ति, ठेकेदार तथा पार्टीसँगको रकम असुल गर्न बाँकी देखाएको छ । उक्त रकम असुल वा आवश्यक हिसाब मिलान गर्न ध्यान दिएको पाइएन ।

४५. **धरौटी हिसाब–** धरौटी हिसाब अन्तर्गत रहेको फिर्ता लिनुपर्ने मध्ये रु.२ लाख ८४ हजार र दिनुपर्ने मध्ये रु. २ करोड ६३ लाख ३२ हजार विगत वर्षहरु देखि नै जिम्मेवारी सार्दै ल्याएको छ । उक्त धरौटी रकम लिनुपर्ने वा दिनुपर्ने यकिन गरी तत्काल हिसाब राफसाफ गर्नुपर्नेमा सो कार्य गरेको छैन । विभिन्न पार्टीहरुले कामको सिलसिलामा जम्मा गरेको अग्रिम धरौटी रकम र कार्य समाप्ति पश्चात धरौटी फिर्ताको लागि दाबी नभएका रकमको आयु बर्गीकरण गरी विवरण अद्यावधिक गरेको छैन ।

४६. **बिदा र उपचार खर्च –** कर्पोरेशनको कर्मचारी सेवा शर्त नियमावली, २०५२ (संसोधित २०६६) को नियम ७८(८) अनुसार कर्मचारीको सञ्चित बिदा तथा औषधि उपचार व्यवस्थाबापत रु.१ करोड १ लाख ८४ हजार छुट्याएको छ । स्थायी कर्मचारीको संख्या र सेवा अबधिअनुसार सो रकम व्यवस्था गर्नुपर्नेमा सो अनुसार गरेको छैन ।

कर्पोरेशनको २०६७६८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

४७. **मूल्याङ्कन प्रणाली–** कर्पोरेशनले आर्थिक वर्षमा जम्मा गरेको काठ दाउरा बिक्री नभई मौज्दात रहेमा काठ दाउराको अन्तिम मौज्दातको रुपमा वित्तीय विवरणमा देखाउने गरेको छ । उक्त काठ दाउराको अन्तिम मूल्य निर्धारणका लागि मौज्दातको परिमाणलाई प्रतिघनफिट उत्पादन लागत मूल्यले (रोयल्टी र कटान मुछानको खर्च) गुणान गर्नुपर्ने हुन्छ । कर्पोरेशनले सामान्य औसत लागत दर निर्धारण गरी त्यसैका आधारमा सम्पूर्ण शाखाहरुमा रहेको काठ दाउराको मौज्दात मूल्य कायम गर्ने गरेको पाइयो । तर उक्त लागत दर निर्धारण गर्ने निश्चित बिधि अपनाएको छैन ।

४८. **विघटित इन्धन संस्थानको हिसाब -** विविध आम्दानीअन्तर्गत देखाइएको रु.१ करोड ३३ लाख ८५ हजार मध्ये रु.६५ लाख १२ हजार विघटित इन्धन संस्थानको लिनुपर्ने दिनुपर्ने हिसाब आपसी समायोजनबाट बाँकी हुन आएको लिनुपर्ने मौज्दातलाई आम्दानीको रुपमा देखाएको रकम हो । उक्त रकमको हिसाब समायोजनका लागि यस वर्षसम्म पनि नीतिगत निर्णय गराएको छैन ।

४९. **अन्य व्यवस्था –** अन्य व्यवस्थाअन्तर्गत रु.६२ लाख ३४ हजार २०३९।४० देखि नै जिम्मेवारी सार्दै ल्याएको सम्बन्धमा आवश्यक छानबिन गरी हिसाब राफसाफ गर्नुपर्नेमा गरेको छैन ।

५०. **जिन्सी मौज्दात-** जिन्सी मौज्दातमध्ये मेसिनरी स्पेयर पार्टस तथा फ्यूलको रु.१ लाख ४९ हजार, फ्यूल तथा लुब्रिकेण्टको रु.६ लाख ५६ हजार र अन्य मौजुद आइटममध्येको रु.११ लाख ९१ हजारसमेत रु.१९ लाख ९६ हजारको सामान भौतिक रुपमा मौजुद रहेको पाइएन । यस सम्बन्धमा छानबिन हुनुपर्दछ ।

५१. **उपदान कोष -** कर्पोरेशनको कर्मचारी सेवा शर्त नियमावली, २०५२ (संशोधित २०६६)को नियम ११३ अनुसार उपदानको व्यवस्था भई यस वर्षसम्ममा उपदान कोष व्यवस्थाबापत रु.१२ करोड ७८ लाख ३२ हजार रकम छुट्याएको छ । स्थायी कर्मचारीको संख्या र सेवा अबधिलाई ध्यान दिई कोष रकम व्यवस्था गर्नुपर्नेमा सोअनुसार गरेको छैन । यस वर्षमा उपदान कोषका लागि थप व्यवस्था गरेको छैन ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतका समेत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:
  - सरकारी कार्यालयतर्फ १६६ निकायमा रु.३६ करोड २६ लाख ४३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ८ निकायले रु.१८ लाख ६४ हजार फछ्यौंट गरेकोले रु.३६ करोड ७ लाख ७९ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड १२ लाख ८८ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था समिति २ तर्फ रु.१३ करोड ९८ लाख ४३ हजार बेरुजू देखिएकोमा सो रकम फछ्यौंट गरेको छैन । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

वाणिज्य तथा आपूर्ति मन्त्रालय

मन्त्रालय र मातहतसमेत ७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु. ८८ करोड ६८ लाख १० हजार, राजस्वतर्फ रु.१० करोड ३ लाख ३२ हजार, धरौटीतर्फ रु.१ करोड २४ लाख ६५ हजारसमेत रु.९९ करोड ९६ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका संगठित संस्था, समिति ५ को रु.४ अर्ब ८१ करोड ४९ लाख ५१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणवाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालवसाली प्रकृतिकावाहेक विशेष प्रकारका पटके कार्यक्रममा निकासा दिएको अनुदानबाट भएका कार्यको प्रगति विवरण लिई लक्ष्यअनुसार कार्य गरे नगरेको, लेखापरीक्षण भए नभएको अध्ययन अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल खाद्य संस्थानलाई खाद्यान्न संकट रहेका ३० दुर्गम जिल्लामा १५ हजार मेट्रिकटन खाद्यान्न ढुवानी गर्न रु.४२ करोड, सार्क खाद्य सुरक्षा बैङ्कमा थप मौज्दातको लागि खाद्यान्न खरिद र सञ्चालन गर्न रु.११ करोड ८५ लाख ११ हजार र राष्ट्रिय खाद्य सुरक्षा भण्डारको ब्याज खर्चको लागि रु.११ करोड ७४ लाख ८० हजारसमेत रु.६५ करोड ५९ लाख ९१ हजार र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई कण्ठरोग नियन्त्रण कार्यक्रमको लागि रु.९ करोड ८० लाख अनुदान दिएको छ । अनुदान रकम स्वीकृत कार्यक्रमअनुसार खर्च भए नभएको सम्बन्धमा मन्त्रालयबाट सो कार्यको लेखापरीक्षण प्रतिवेदनसमेत लिई अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी वार्षिक प्रतिवेदन तयार गर्ने गरेको देखिएन । अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने नगरेबाट अनुदान रकम तोकिएको कार्यमा खर्च भए नभएको यकिन गर्न सकिने अवस्था देखिदैन ।

संगठित संस्था, समितितर्फ

नेपाल खाद्य संस्थान

संस्थानको २०६७/६८ को प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोराहरु निम्नानुसार छन् :

२. **सञ्चालन नतिजा –** नेपाल सरकारबाट प्राप्त अनुदान समेत समावेश गरी गत वर्षको खुद मुनाफा रु.१ करोड ४९ लाख ९२ हजार रहेकोमा यो वर्ष रु.९ लाख ९६ हजार खुद मुनाफा रहेको छ । गत वर्षको तुलनामा यो वर्षको मुनाफा ९३.३६ प्रतिशतले घटी देखिन्छ । संस्थानमा नेपाल सरकारको शेयर लगानी रु.९९ करोड ४ लाख ९५ हजार रहेको छ । संस्थानको यस वर्षसम्मको सञ्चित नोक्सानी रु.१ अर्ब १० करोड ७ लाख ३२ हजार रहेको छ । संस्थानको नेटवर्थ यस वर्ष रु.११ करोड २ लाख ३७ हजारले ऋणात्मक रहेकोमा सम्पत्तिको नोक्सानीबापत व्यवस्था र अनिवार्य दायित्वबापतको व्यवस्था गर्ने हो भने रकम अझै बढ्ने देखिन्छ ।

३. **वैदेशिक सहयोग –** संस्थानले प्राप्त गरेको खाद्यान्नअन्तर्गतको वैदेशिक सहयोगबापतको नेपाल सरकारलाई भुक्तानी गर्न बाँकी रकम वर्षान्तसम्ममा रु.५६ करोड ७७ लाख ५ हजार रहेको छ । सो रकममा २०३४।३५ को बाँकी रु.१४ करोड ३ लाख ५१ हजार र २०६५।६६ देखि २०६७।६८ सम्मको दुई दातृराष्ट्रको

काउण्टरपार्ट फण्डअन्तर्गतको क्रमश: रु.३१ करोड १६ लाख ३६ हजार र रु.११ करोड ५७ लाख १८ हजार समावेश छ । खाद्यान्न अनुदानअन्तर्गत यो वर्ष प्राप्त रु.४० करोड ३० लाख ५५ हजारको एक तिहाईले हुने ह्याण्डलिङ्ग चार्जबापतको रकम आम्दानी देखाएको छैन । नेपाल सरकार तथा दातृराष्ट्रको सम्झौताअनुसार यस वर्षको आषाढ मसान्तसम्ममा रु.४२ करोड ७३ लाख ५४ हजार विभिन्न काउण्टरपार्ट फण्डमा जम्मा गर्नुपर्नेमा गरेको छैन । त्यसैगरी २०३४।३५ को भुक्तानी गर्नुपर्ने देखाएको रु.१४ करोड ३ लाख ५१ हजारको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नेतर्फ कारबाही गरेको पनि छैन ।

४. **पार्टी हिसाब –** संस्थानले तिर्नुपर्ने पार्टी हिसाबमा यस वर्ष रु.६ करोड ४५ लाख १७ हजार रहेको छ । सोमध्ये रु. ५० हजारभन्दा माथिका ४९ पार्टीको हिसाब रु.१ करोड ५६ लाख ८२ हजार छ । उपर्युक्त रकममध्ये कतिपय पार्टीहरुसंग लिनुपर्ने पनि देखिएकोले सोको हिसाब मिलान गरी बाँकी रकम भुक्तानी गर्नुपर्नेमा गरेको छैन । पार्टी हिसाबबारे यकिन गरी हिसाब मिलान गर्नेतर्फ आवश्यक कारबाही गर्नुपर्दछ ।

५. **धरौटी** – संस्थानमा धरौटीअन्तर्गत गतवर्ष रु.४ करोड ४४ लाख ६७ हजार रहेकोमा यो वर्ष रु.५ करोड ८ लाख ३२ हजारले वृद्धि भई रु.९ करोड ५२ लाख ९९ हजार रहेको छ । धरौटीमा रहेको रकम निकै वर्ष पुरानो र पार्टीहरु सम्पर्कमा नै नरहेको अवस्थामा यकिन गरी आम्दानी बाँध्ने वा हिसाब मिलान गर्नेतर्फ कारबाही बढाएको छैन । यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

६. **व्यवस्था हिसाब –** यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

६.१ कर्मचारी कल्याण कोष व्यवस्थामा रु.३ करोड ९३ लाख ५२ हजार रहेकोमा नागरिक लगानी कोष तथा अन्य बैङ्क खातामा लगानी गरी प्राप्त ब्याजसमेत रु.४ करोड ७३ लाख ७ हजार बैङ्क मौज्दात रहेको छ । संस्थानको नियमअनुसार कर्मचारीहरुलाई दिनुपर्ने रकम हिसाब गरी कर्मचारी कल्याणबापतको व्यवस्था गर्नुपर्नेमा सोअनुसार गरेको पाइएन ।

उपदान कोष व्यवस्थामा रु.१४ करोड ५८ लाख ६२ हजार रहे तापनि नागरिक लगानी कोष र राष्ट्रिय वाणिज्य बैङ्कमा गरी रु.८ करोड ६२ लाख ३९ हजार बैङ्क मौज्दातमा देखाएको छ । कर्मचारीहरुलाई उपदानबापत दिनुपर्ने रकम हिसाब गरी सोबापत रकम व्यवस्था गरेको पाइएन । कर्मचारीहरु अवकाश हुँदा उपदानबापत भुक्तानी गर्नुपर्ने दायित्व अनुमानित रु.६५ करोड ७४ लाख रहेकोले व्यवस्था हिसाब यथार्थ देखिएन ।

६.२ अवकाश प्राप्त कर्मचारीहरुलाई भुक्तानी गर्दा अघिल्लो वर्षको व्यवस्था रकमबाट नपुग रकममात्र खर्च लेख्नुपर्नेमा यो वर्ष सञ्चित बिदा तथा उपदानबापतको रु.२ करोड ६० लाख ६४ हजार तथा कर्मचारी कल्याण कोषबापतको रु.२४ लाख ६७ हजारलाई सीधै प्रशासनिक खर्चअन्तर्गत लेखेको छ ।

६.३ संस्थानले १५ वर्षभन्दा अगाडिदेखिको शंकास्पद असामी व्यवस्थाबापतको रु.१ करोड १६ लाख १७ हजार जिम्मेवारीमात्र सार्दै आएको छ । असुल गर्नुपर्ने रु.१६ करोड ८१ लाख ४९ हजार सम्बन्धमा प्राप्त हुन सक्ने नसक्नेबारे विश्लेषण गरी हरेक वर्ष शंकास्पद असामीको व्यवस्था गर्नुपर्नेमा पूरै रकमलाई सुरक्षित असामीको रुपमा देखाएको छ ।

७. **लगानी –** संस्थानले १५ वर्षभन्दा अगाडिदेखिको लगानीको लागि सम्भावित नोक्सानीबापत रु.५२ लाख ७९ हजार व्यवस्था गरेकोमा लगानी गरिएका संस्थाहरुबारे विश्लेषण गरेको छैन । विभिन्न ७ धानचामल निर्यात कम्पनीमा लगानी गरेको उक्त रकम कम्पनी विघटन भइसकेको वा लगानी फिर्ता हुने सम्भावना नरहेकोमा सम्भावित नोक्सानीको व्यवस्था र लगानीको समायोजन गरी आवश्यक हिसाब मिलान गर्नुपर्नेमा सो गरेको पाइएन ।

८. **स्थिर सम्पत्ति –** गत वर्ष स्थिर सम्पत्ति रु.१७ करोड १९ लाख १५ हजार रहेकोमा यस वर्षको थप तथा बिक्री, अपलेखन, ह्रास कट्टी घटाई वर्षान्तको सम्पत्ति मौज्दात रु.१८ करोड ४७ लाख २६ हजार रहेको छ । कतिपय अञ्चल तथा शाखा कार्यालयहरुको सम्पत्ति विवरणमा ती कार्यालयहरुको स्वामित्वमा रहेको

जग्गाको मूल्य समावेश गरिएको छैन । उदाहरणको लागि अनारमनी–३ झापा, भद्रपुर–१०, गौरीगन्ज, इलाम नगरपालिका २(ख), फिदिम १(ख), आरुबोटे तथा प्राङवुङ, धनकुटा नगरपालिका वार्ड ३ तथा सल्लेरीस्थित संस्थानको जग्गाहरुको मूल्य सम्पत्ति रजिष्टरमा अङ्कित गरेको पाइएन । संस्थानले आफ्नो मातहतमा रहेको ३३–०–३–० रोपनी जग्गा राष्ट्रिय बीमा संस्थान, राष्ट्रिय वाणिज्य बैङ्क र नेपाल टेलिभिजनलाई बिगत वर्षहरुमा बिक्री गरिसकेको भए तापनि हस्तान्तरण हुन बाँकी रहेको देखिएको छ ।

९. **मार्गस्थ मौज्दात –** यस हिसाबमा गत आर्थिक वर्षको रु.३ करोड ३७ लाख ११ हजार रहेकोमा रु ६६ लाख १ हजारले वृद्धि भई वर्षान्तमा रु.४ करोड ३ लाख १२ हजार बाँकी रहेको छ । विभिन्न व्यवसायीसँग खाद्यान्न ढुवानी गराउन संस्थानले सम्झौता गरेकोमा तोकिएको समय र शर्तअनुसार खाद्यान्न ढुवानी नगरी विगत २०३७।३८ देखि व्यवसायी पत्ता नलागेको र मुद्दा मामिला परेको उल्लेख गरी हर्जाना असुल नभएकोले हरेक वर्ष जिम्मेवारी सार्दै आएको छ । सञ्चालक समितिबाट अदालतमा मुद्दा चलेका बाहेक अन्य असुल हुनसक्ने असुल र नहुने रकम अपलेखन गर्ने कारबाही गरेको पाइएन ।

१०. **व्यापारिक तथा अन्य प्राप्य** – विभिन्न निकायहरुसंग व्यापारिक तथा अन्य प्राप्य असामी हिसाब वर्षान्तमा रु.१६ करोड ८१ लाख ४९ हजार रहेको छ । सरकारी कार्यालयसंग रु.१३ करोड २५ लाख २५ हजार, संघसंस्थासंग रु.१ करोड २१ लाख ८३ हजार र विभिन्न पार्टीहरुसँग रु.२ करोड ३४ लाख ४१ हजार लिन बाँकी रहेकोमा असुल गर्न प्रयास भएको पाइएन । यी रकमहरु सम्बन्धमा सम्बन्धित पक्षबाट समर्थन लिएको नपाइएकोले उक्त रकमको असुली स्थिति शंकास्पद देखिएको छ ।

११. **नगद तथा बैङ्क मौज्दात –** संस्थानको खातामा २०३४।३५ देखिको आम्दानी देखाइएको तर बैङ्कमा आम्दानी नदेखिएको रु.२१ लाख ८७ हजारको कारण स्पष्ट हुन आएन । मार्गस्थ मौज्दातमा देखाएको रु.१९ लाख २९ हजारको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

१२. **ढुवानी अनुदान –** यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१२.१ वार्षिक कार्यक्रम बमोजिम यस वर्ष नेपाल सरकारको अनुदान सहयोगमा खाद्यान्न अभाव रहेका ३० दुर्गम जिल्लाहरुमा १६ हजार ५०४ मेट्रिकटन चामल ढुवानीको लागि रु.५३ करोड ५० लाख बजेट स्वीकृत भएको देखिन्छ । खाद्यान्न ढुवानी गर्दा केही जिल्लामा बढी र केहीमा घटी माग भएकोले बढी माग भएको जिल्लामा थप खाद्यान्न ढुवानी गर्दा यो वर्ष १८ हजार ३४ मेट्रिकटन ढुवानी हुन गई स्वीकृत कोटाभन्दा १ हजार ५३० मेट्रिकटन चामल बढी ढुवानी गरी विनियोजित बजेटभन्दा रु.१ करोड ७९ लाख ५१ हजार बढी ढुवानी खर्च दाबी गरेको छ । स्वीकृत परिमाणभन्दा बढी ढुवानी गरी खर्च दाबी गरेको सम्बन्धमा सम्बन्धित निकायबाट पुष्टि हुनसकेको छैन ।

ढुवानीमा संस्थानको वास्तविक खर्च रु.५४ करोड ८० लाख ५४ हजार भए तापनि नेपाल सरकारलाई फाँटवारी पेश गर्दा रु.५५ करोड २९ लाख ५१ हजारको दाबी गरेकोले रु.४८ लाख ९७ हजार बढी दाबी गरेको पाइयो । दुर्गम क्षेत्रमा ढुवानी गर्नुपर्दा प्रायः खाद्यान्न एक निश्चित स्थानमा राखी सो स्थानबाट पुनः लक्षित स्थानसम्म लैजाने गरेको पाइन्छ । कुनै खास स्थानसम्मको ढुवानी खर्च गणना गर्दा प्रस्थान विन्दुदेखि बीचको स्थान स्थानान्तरण गरेको ढुवानी खर्चसमेत जोड्ने गरेकोले रु.४८ लाख ९७ हजार ढुवानी खर्चमा दोहोरो समावेश भएको देखिन्छ ।

१२.२ ढुवानी गर्दा किफायती मार्गको छनौट गरी लागतमा मितव्ययिता अपनाउनुपर्नेमा ठेक्काको बोलपत्र र दरभाउपत्रको कागजातमा ढुवानी सेक्टर र ढुवानी मार्गमात्र उल्लेख गरी ठेक्का व्यवस्था गरेको पाइयो । धनगढीदेखि बाजुराको कोल्टीसम्म स्थलमार्गबाट ढुवानी दर रु.२ हजार १२८।७० प्रति क्विन्टल निर्धारण भएको अवस्थामा सुर्खेतदेखि हवाईमार्गबाट २ हजार १९४.४० क्विन्टल चामल (रु.४ हजार २४।१० बढी दरले) ढुवानी गरेकोले रु.८८ लाख ३० हजार तथा नेपालगन्जदेखि हवाईमार्गबाट २ हजार २७३.७२

क्विन्टल चामल (रु.४ हजार ३६५ बढी दरले) ढुवानी गरेकोले रु.९९ लाख २५ हजार बढी व्ययभार पारेको पाइयो । यसरी बढी व्ययभार पार्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

१३. **कर्मचारी पेश्की –** यो वर्षसम्म कर्मचारी पेश्की रु.१ करोड १६ लाख ५९ हजार रहेको छ । सो रकममध्ये सेवामा नरहेका १९५ कर्मचारीसँग असुल गर्नुपर्ने रु. ६० लाख ३ हजार रहेको छ । बाँकी रकम १२ वर्षभन्दा अगाडिको रहेको छ । सम्बन्धित व्यक्तिहरुसँग सम्पर्क गरी असुल हुन सक्ने सम्भावना नभएको अवस्थामा यी रकमहरु अपलेखन गर्नुपर्दछ ।

नेशनल ट्रेडिङ लिमिटेड

निगमको २०६७६८ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१४. **सञ्चालन नतिजा** – निगमको गत वर्षसम्मको नोक्सान रु.४२ करोड ७६ लाख २८ हजार रहेकोमा यस वर्ष रु.१२ करोड ८४ लाख ८६ हजार नोक्सान थप भई सञ्चित नोक्सानी रु.५५ करोड ६१ लाख १४ हजार पुगेको छ । यस वर्षसम्म निगमको चुक्ता पूँजी रु.१६ करोड ९३ लाख ३५ हजार सम्पूर्ण क्षय भइसकेको र सो अतिरिक्त नेट वर्थ रु.३० करोड ८४ लाख ८१ हजारले ऋणात्मक भइसकेको छ । पूँजी वृद्धि वा अन्य वैकल्पिक उपायहरु अलम्बन नगरेको अवस्थामा निगम अनवरत रुपमा सञ्चालन हुन कठिनाइ उत्पन्न भइसकेको देखिन्छ ।

१५. **शेयर लगानी** – निगमले शेयर लगानी गरेको ९ संस्थामध्ये ७ बाट यो वर्ष प्राप्त भएको वोनस शेयर १ लाख १३ हजार ५५ कित्ताको मूल्य रु.१ करोड १३ लाख ६ हजार लगानीमा लेखाङ्कन गरेको छैन । लगानी गरेको मध्ये नागरिक लगानी कोषलाई दिनुपर्ने रु.१ करोड ३३ लाख ६८ हजारलाई शेयर लगानी रकमबाट न्यून गरेको छ । वासलातमा शेयर लगानी हिसाब सही अङ्कित हुन सकेको छैन । हिमाल सिमेन्ट कम्पनीको कारोबार बन्द भएको तथा गोरखकाली रबर उद्योग, नेपाल आयल निगम लिमिटेड र साझा भण्डार लिमिटेडको सम्पूर्ण चुक्ता पूँजी क्षय भई नेट वर्थ ऋणात्मक भइसकेको हुँदा निगमको उक्त कम्पनीहरुमा भएको शेयर लगानी रु.८४ लाख ३४ हजार खराब लगानी भइसकेको छ । यस अवस्थामा पनि निगमले नोक्सानी व्यवस्था गरेको छैन ।

१६. **अल्पकालीन कर्जा** – व्यापारिक कारोबार र परिवहन सुविधाको लागि निगमले विभिन्न ६ वाणिज्य बैङ्कसँग रु.६६ करोड ७३ लाख ५७ हजार अल्पकालीन कर्जा लिएको छ । कर्जाको अद्यावधिक अभिलेख नराखेकोले निगमको मुख्य लेजर र बैङ्क स्टेटमेन्टअनुसार साँवा रु.२ करोड २६ लाख ५० हजार फरक परेको छ । मुख्य लेजर तथा बैङ्कको समर्थन पत्रहरुबाट बैङ्क कर्जा एक आपसमा भिडान गरी फरक देखिएको कर्जा हिसाब मिलान गर्नुपर्दछ ।

१७. **अवकाश कोष व्यवस्था** – निगमले उपदान कोष व्यवस्था हिसाबमा यो वर्ष रु.१३ करोड ५९ लाख १० हजार व्यवस्था गर्नुपर्नेमा रु.३ करोड १३ लाख ३० हजारमात्र व्यवस्था गरेकोले रु.१० करोड ४५ लाख ८० हजार न्यून भएको छ । सञ्चित घर तथा बिरामी बिदाबापत यस वर्ष रु.३ करोड १५ लाख ५१ हजार दायित्व रहेको हुँदा तदनुसार घर तथा बिरामी बिदा व्यवस्था हिसाबमा सञ्चिती हुनुपर्नेमा रु.८२ लाख ४२ हजारमात्र सञ्चित हुनाले रु.२ करोड ३३ लाख ९ हजार न्यून भएको छ । न्यून रकम नाफा नोक्सान हिसाबबाट व्यवस्था गर्नुपर्नेमा गरेको छैन ।

१८. **बिक्रेता हिसाब –** विगत वर्षदेखि निगमले बिक्रेता हिसाबअन्तर्गत जिम्मेवारी सार्दै ल्याएको रु.३ करोड ३८ लाखको सम्बन्धमा जानकारी माग गर्दा दुई मित्रराष्ट्रबाट सहयोग प्राप्त जिन्सी मालसामान निगममा प्राप्त भएको र उक्त मालसामान बिक्री गरी प्राप्त आम्दानी नेपाल सरकारलाई दिनुपर्ने हुँदा मौज्दात राखेको जानकारी प्राप्त भएको छ । उक्त रकमलाई नेपाल सरकारको निगममा रहेको शेयर पूँजी वा ऋणमा परिणत गरी हिसाब राफसाफ गर्नुपर्नेमा गरेको छैन ।

१९. **ड्युटी फ्री सामान** – बण्डेड वेयर हाउस तथा ड्यूटी फ्री सपअन्तर्गतको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको कर मुक्त बिक्री काउण्टर २०६४।६५ मा नेपाल सरकारले आकस्मिक रुपमा निर्णय गरी बन्द गरेको देखियो । सो काण्टरबाट बिक्री गर्ने उद्देश्यले आयात गरिएका वाइन तथा लिकरलगायतका सामान बिक्री नभई अमेरिकी डलर १८ लाख ३३ हजार ५९३ मूल्य बराबरको मौज्दात रहेको छ । मौज्दात रहेको मध्ये अमेरिकी डलर १ लाख २० हजार ५५१ मूल्य बराबरको सामान नास्नुपर्ने देखिन्छ । केही सामान सिंहदरबारको करमुक्त काउण्टरबाट बिक्री गरे तापनि न्यून परिमाणमा मात्र बिक्री भई मौज्दात रहन गएको छ । सामान बिक्री व्यवस्थापन गर्न ध्यान नदिने हो भने यसबाट अझै नोक्सान हुने देखिन्छ ।

२०. **घरजग्गा कर** – बीरगन्ज उपमहानगरपालिकाले निगमको बीरगन्ज शाखाको घरजग्गा कर तथा जरिवाना समेत रु.१ करोड १५ लाख ८९ हजार निर्धारण गरी २०६८।६।६ मा पत्र पठाएको देखियो । कर निर्धारण अनुसार सो रकम २०६६।६७ र २०६७।६८ को कर तथा जरिबाना रु.७८ लाख ८५ हजार र २०६८।६९ को कर रु.३७ लाख ४ हजारसमेतको घरजग्गा कर उल्लेख गरेको छ । निगमले रु.७८ लाख ८५ हजारमध्ये २०६६।६७ को लागि रु.२३ लाख ८३ हजार लेखाङ्कन गरी दिनुपर्ने खातामा देखाएको छ । बाँकी रु.५५ लाख २ हजार लेखाङ्कनसमेत गरेको छैन ।

२१. **मालसामानको मूल्याङ्कन** – वर्षान्तमा लागत मूल्यमा बेचल्तीका मालसामान रु.५ करोड ६ लाख ५२ हजार, लिलामीयोग्य रु.३ करोड ६९ लाख ३१ हजार र नास्नुपर्ने रु.१ करोड ६ लाख १६ हजार मूल्य बराबरका मालसामान जिन्सीमा रहेको देखिए तापनि निगमको प्रचलनअनुसार क्रमश: रु.३ करोड ५४ लाख ५६ हजार, रु.३ लाख ६९ हजार र शून्य गणना गरी वित्तीय विवरण तयार गरेको पाइयो । यसरी अपनाएको जिन्सी मूल्याङ्कन नेपाल लेखामानअनुरुप नभएकोले यसबाट पर्ने असर यकिन गर्न सकिएन ।

२२. **पेश्की तथा सापटी** – कर्मचारी पेश्की तथा सापटी हिसाबमा यो वर्ष रु.३ करोड ८५ लाख १४ हजार रहेको छ । उक्त हिसाबको आयु वर्गीकृत विवरण उपलब्ध नभएको कारण सोको स्थिति यकिन गर्न सकिएन । सेवा निवृत्त कर्मचारीहरुको हिसाब तथा अन्य बक्यौता रकम असुल फछ्यौंट गर्नेतर्फ यथेष्ट प्रयास भएको छैन । निगमको आर्थिक नियमावलीअनुरुप कार्य सम्पन्न भएको २१ दिनभित्र पेश्की हिसाब फछ्यौंट नगरेमा १० प्रतिशत ब्याज लगाउने व्यवस्था भए तापनि तदनुरुप असुली कार्य भएको छैन ।

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

कम्पनीको २०६७।६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२३. **सञ्चालन नतिजा** – गत वर्षसम्म सञ्चित बचत रु.७ करोड १७ लाख ९० हजारमा यस वर्षको रु.२ करोड ३७ लाख ४२ हजार समावेश गर्दा यो वर्षसम्म रु.९ करोड ५५ लाख ३२ हजार बचत पुगेको छ । घरेलु शिल्पकला बिक्री भण्डार, नेपाल यातायात संस्थान, नेपाल ल्यूब आयल, बीरगन्ज चिनी कारखाना र हिमाल सिमेन्ट कारखाना हाल सञ्चालनमा नरहेकाले असामीबापतको रु.१ करोड १ लाख २० हजार शंकास्पद व्यवस्था गर्ने हो भने यस वर्षसम्मको सञ्चित नाफा रु.८ करोड ५४ लाख १२ हजार रहने देखिन्छ । यसका अतिरिक्त प्रमाणीकरण गर्न नसकिएको आयकर, शंकास्पद असामी, उपदान व्यवस्था आदिसमेत समायोजन गर्ने हो भने सञ्चालन बचत अझ घट्ने देखिन्छ ।

२४. **स्थिर सम्पत्ति** – कम्पनीको वित्तीय विवरणअनुसार यो वर्षको खरिदसमेत रु.३ करोड ३४ लाख ३५ हजारमा ह्रास कट्टी रु.२ करोड ७१ लाख ८० हजार र सम्पत्ति बिक्री रु.१ लाख ६० हजारसमेत घटाई वर्षान्तमा रु.६० लाख ९५ हजार मूल्यको स्थिर सम्पत्ति रहेको देखिन्छ । स्थिर सम्पत्तिको भौतिक परीक्षण एवं अभिलेख अद्यावधिक नगरेकोले स्थिर सम्पत्तिको यथार्थता यकिन गर्न सकिएन । साथै सम्पत्तिको सम्भावित हानी नोक्सानीबाट संरक्षण गर्न वीरगन्ज र काकडभिट्टाको गोदामबाहेक अन्य सम्पत्तिको बीमा पनि गरेको छैन ।

२५. **असामी** – गत वर्षसम्मको असामी रु.३ करोड ६१ लाख ५० हजार रहेकोमा यो वर्ष रु.४ करोड २९ लाख ६ हजार पुगेको छ । सोमध्ये घरेलु शिल्पकला बिक्री भण्डार र नेपाल यातायात संस्थान विघटन भएको,

नेपाल ल्युब आयल निजीकरणमा गइसकेको तथा वीरगन्ज चिनी कारखाना, हिमाल सिमेन्ट कम्पनी सञ्चालनमा नरहेकोले ती संस्थाहरुबाट लिनुपर्ने क्रमश: रु.५० लाख ६६ हजार, रु.२५ लाख ५७ हजार, रु.१८ लाख ८८ हजार, रु.१ लाख ११ हजार र रु.४ लाख ९८ हजार असुल गर्न कम्पनीबाट ठोस प्रयास गरेको छैन । तर कम्पनीले शंकास्पद असामी व्यवस्था बापत रु.१९ लाख ७५ हजार कुल असामी रकमको ४.६० प्रतिशतमात्र व्यवस्था गरेकोले रकम पर्याप्त रहेको देखिदैन ।

२६. **पेश्की र धरौटी –** विगत वर्षको अग्रिम आयकरको धरौटी रु.५ करोड १७ लाख ८१ हजारमध्ये २०४१।४२ देखि २०५४।५५ सम्मको रु.४ करोड ६ लाख ३९ हजार समायोजन गरी बाँकी रहेको धरौटी रु.१ करोड ११ लाख ४२ हजारमा २०६३।६४ देखि २०६५।६६ सम्मको थप रु.२२ लाख ४९ हजार र यो बर्षको रु.४० लाख समावेश गरी रु.१ करोड ७३ लाख ९१ हजार बाँकी रहेको छ । पेश्की तथा धरौटीअन्तर्गतको सो रकममा मुद्धती खातामा अग्रिम आयकर कट्टी गरेको रु.४२ लाख ४१ हजार पनि समावेश गरेको देखियो । कर्मचारी बोनसबापत पेश्कीको रुपमा वितरण गरेको रु.४२ लाख ४२ हजार समायोजन गर्नुपर्ने सम्बन्धमा विगतका प्रतिवेदनमा औल्याइए तापनि स्थिति यथावत् छ ।

२७. **पेश्की प्राप्ति –** कम्पनीले क्लियरिङ्ग सेवा प्रदान गर्न ग्राहकहरुबाट प्राप्त पेश्की समयमै समायोजन नगरी वर्षौंदेखि जिम्मेवारी सार्दै ल्याएको छ । प्राप्त पेश्की विवरणअनुसार लुम्बिनी चिनी कारखानाको रु.२ लाख ७८ हजार, कृषि औजार कारखानाको रु.३ लाख १५ हजार, वन पैदावार विकास समितिको रु.२ लाख २८ हजार, एक कम्पनीको रु.९ लाख ९८ हजारसमेत बाँकी देखिएको छ । अन्य पार्टीहरुको पेश्की पनि फछ्यौंट नगरी बाँकी राखेको छ । यस्ता पेश्कीको आयु वर्गीकरण गरी विवरण तयार नगरेकोले यसको यथार्थताबारे यकिन गर्न सकिएन ।

२८. **आयकर व्यवस्था –** बिगत वर्षको आयकर व्यवस्था रु.३ करोड २८ लाख २३ हजारमध्ये २०४१।४२ देखि २०५४।५५ सम्मको रु.२ करोड ३८ लाख ७१ हजार समायोजन गरी रु.८९ लाख ५२ हजार बाँकी रहेको छ । उक्त रकममा २०६६।६७ को रु.१७ लाख १२ हजार र यो वर्षको रु.९१ लाख ३२ हजार थपसमेत रु.१ करोड ९७ लाख ९६ हजार बाँकी रहेको छ । करदाता सेवा केन्द्र, पुतलीसडकले २०५६।५७ र २०५७।५८ को बक्यौता आयकर रु.८८ लाख ३८ हजार माग गरे तापनि कम्पनीले आयकर पुन: निर्धारण गर्न अनुरोध गरेको पाइयो । विगत वर्षदेखिको कर लेखापरीक्षण र कर निर्धारण गर्ने कार्य बाँकी रहेकोले कम्पनीको आयकर दायित्व यकिन हुन सकेको छैन ।

२९. **पूर्वाधार निर्माण** – कोलकाता, हल्दियास्थित आवासीय भवन तथा कार्यालयको लागि पोर्ट अथोरिटीले उपलब्ध गराएको २ हजार वर्गमिटर जग्गामा बनेको भवन आवास तथा कार्यालय प्रयोजनको लागि प्रयोग गर्दै आएको छ । पोर्टको इन्टेरियर क्षेत्रभित्र उपलब्ध गराएको ६ हजार ९८५ वर्गमिटर जग्गामा कम्पाउण्ड वाल लगाई हल्दिया पोर्ट भई आउने सामान राख्ने गरे तापनि केही खण्डमा पार्किङ यार्डबाहेक जमिनको विकास नगरेको हुँदा कन्टेनर राख्न मिल्ने अवस्था देखिदैन । कम्पनीले सो जग्गामा गोदाम तथा सेडको समेत निर्माण नगरेकोले सामान खुल्ला स्थानमा राख्नुपर्ने भई सुरक्षाको दृष्टिकोणले उपयुक्त नहुँदा आय प्राप्तिमा असर परेको देखिन्छ ।

नेपाल इन्टर मोडल यातायात विकास समिति

नेपालवाट निकासी पैठारी गरिने व्यापारिक माल वा वस्तुको व्यवस्थापन सरल सुगम रुपमा सञ्चालन गर्न टर्मिनलको विकास गर्ने उद्देश्यले नेपाल इन्टर मोडल यातायात विकास समिति गठन आदेश, २०५४ अनुसार यो समितिको गठन भएको छ ।

३०. **लगानी –** नेपाल इन्टरमोडल यातायात विकास समिति (गठन) आदेश, २०५४ को दफा ७ को उपदफा (५) मा नेपाल सरकारवाट लगानीको रुपमा प्राप्त रकम र त्यसको ब्याज समितिले सम्झौताबमोजिम नेपाल

सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । नेपाल सरकारले मल्टिमोडल ट्रान्जिट एण्ड ट्रेड फेसिलिटेशन आयोजनाअन्तर्गत वीरगन्ज, भैरहवा, विराटनगर र काँकडभिट्टा सुख्खा बन्दरगाह समितिलाई हस्तान्तरण भई सञ्चालनमा आएको छ । गठन आदेशमा व्यवस्था भएअनुसार नेपाल सरकारले लगानी गरेको रकम यकिन गरी त्यसको ब्याजको सम्बन्धमा नेपाल सरकार र समितिबीच सम्झौता भएको देखिएन । यसवाट सुख्खा बन्दरगाह सञ्चालनबाट प्राप्त आम्दानी व्यवस्थापन तथा नेपाल सरकारको ऋण मोचन हुन सकेको छैन । साँवा ब्याज रकमको व्यवस्थापनको लागि गठन आदेशबमोजिम समितिसँग सम्झौता गर्नुपर्ने व्यहोरा विगतको प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन ।

३१. **करार** – समितिले विराटनगर र भैरहवा सुख्खा बन्दरगाह सञ्चालन तथा व्यवस्थापन गर्न एक निजी कम्पनीसँग २०५८।१२।७ मा १० वर्षको लागि सम्झौता गरेकोमा २०६८।१२।६ मा म्याद समाप्त भएको छ । सम्झौताको दफा ३.३ को व्यवस्थाअनुसार दुबै पक्षलाई मान्य हुने शर्तबमोजिम २०६८।१२।२३ मा पुनः १० वर्षको लागि सम्झौता नवीकरण गरेको देखियो । सुरु सम्झौताबमोजिम अन्तिम वर्षमा विराटनगरबाट रु.१ करोड ६८ लाख र भैरहवाबाट रु.१ करोड ४७ लाख भाडा रकम प्राप्त भएकोमा पहिलो वर्षमा विराटनगरबाट रु.९० लाख र भैरहवावाट रु.८२ लाख बुझाउने गरी सम्झौता नवीकरण गरेको देखियो । प्राप्त भइरहेको आम्दानीभन्दा आधा कम हुने गरी प्रतिस्पर्धासमेत नगराई सम्झौता नवीकरण गर्दा समितिलाई पहिलो वर्ष रु.१ करोड ४३ लाख आम्दानी घट्न गएको देखियो । अन्तिम वर्षमा प्राप्त भएको आम्दानीभन्दा पहिलो वर्ष आधाभन्दा कम हुने गरी गरेको सम्झौता नवीकरण समितिको अनुकूल देखिएन ।

३२. **भाडा** – वीरगन्ज सुख्खा बन्दरगाह सञ्चालन गर्ने कम्पनीसँग भएको सम्झौतामा प्रत्येक महिनाको भाडा रु.५४ लाख १७ हजार समितिलाई बुझाउनुपर्ने व्यवस्था छ । उक्त सञ्चालकले २०६८ फाल्गुन महिनाको भाडा रु.२७ लाख ६५ हजार र अग्रिम कर रु.५ लाख ४२ हजारमात्र दाखिला गरी रु.२१ लाख १० हजार घटी दाखिला गरेको छ । घटी दाखिला गरेको रु.२१ लाख १० हजारमा पूरक करार सम्झौताको दफा ४.४ मा उल्लेख भएअनुसार १५ प्रतिशत जरिबानासमेत असुल गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ६ निकायमा रु.६६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु.३ हजार फछ्यौंट गरेकोले रु.६३ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - समिति २ तर्फ रु.६२ लाख ५१ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.२६ लाख ५५ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

मन्त्रालय र मातहतसमेत १२ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.२ अर्ब ६९ करोड १४ लाख ९६ हजार, राजस्वतर्फ रु.४२ करोड २६ लाख ३० हजार, धरौटीतर्फ रु.३ करोड ६४ लाख ५२ हजार र अन्य कारोबारतर्फ रु.१ अरब १२ करोड रु.७५ लाख ५३ हजारसमेत रु.४ अर्ब २७ करोड ८१ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका समिति १, संगठित संस्था १ र अन्य संस्था १ समेत रु.४२ करोड ५८ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **ऐन, नियम कार्यान्वयन –** नेपाल सरकारले आर्थिक विकास र वातावरण संरक्षणको बीचको अन्योन्याश्रित सम्बन्धबाट दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुनसक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्ने र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने उद्देश्यले वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ लागू गरेको छ । उक्त ऐन नियम लागू भएको १५ वर्ष व्यतीत भइसक्दा पनि उक्त ऐन नियमका निम्न व्यवस्था हालसम्म कार्यान्वयन भएको पाइएन ।

१.१ ऐनको दफा ८ अनुसार वातावरण संरक्षण र प्रवर्द्धनको लागि कारखाना, उद्योग, सवारीसाधन, औद्योगिक संयन्त्र, औजार, मेसिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझका लागि वातावरण निरीक्षकहरु नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्नसक्ने व्यवस्था छ । मन्त्रीस्तरको २०६९।१।१४ को निर्णयले मन्त्रालय र मातहतका १५ र अन्य मन्त्रालयका ७ सहित २२ वातावरण निरीक्षक नियुक्त गरे पनि तोकिएका निरीक्षकले वातावरणको निरीक्षण, परीक्षण वा जाँचबुझ गरी प्रतिवेदन दिएको पाइएन ।

१.२ वातावरण संरक्षण नियमावली, २०५४ को नियम १६ मा उक्त नियमावलीको अनुसूची–७ मा सम्बन्धित उद्योगको विस्तृत विवरण उल्लेख गरी अस्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र लिन सम्बन्धित निकायमा निवेदन दिएमा जाँचबुझ पश्चात् एक वर्षको निमित्त दिइने व्यवस्था छ । त्यस्तै सोही नियमको उपनियम (३) मा तोकिएको वातावरणीय मापदण्डभित्र भए नभएको सम्बन्धमा वातावरण संरक्षण ऐन, २०५३ को दफा ११ बमोजिम मन्त्रालयबाट स्थापना गरिएका वा तोकिएका प्रयोगशालाबाट परीक्षण गरी तीन वर्षको लागि स्थायी प्रदूषण नियन्त्रण प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ । मन्त्रालयले प्रयोगशाला स्थापना गरेको वा तोकिदिएको र प्रदूषण नियन्त्रण प्रमाण दिने गरेको छैन । यस सम्बन्धमा छलफल हुँदा उद्योगहरु दर्ता भएका निकायबाटै वातावरण प्रदूषण नियन्त्रणको अनुगमन मूल्याङ्कन गराइने भएकाले मन्त्रालयबाट कारबाही नभएको जवाफ प्राप्त भएको छ । वातावरण संरक्षणको मुख्य उद्देश्य रहेको मन्त्रालयले कानूनको पालना भए नभएको अनुगमन मूल्याङ्कन गर्नुपर्नेमा दर्ता भएका निकायबाटै वातावरणीय मापदण्डभित्र पर्ने गरी काम भएको भनी दिएको जवाफ मिल्दो देखिएन ।

१.३ उक्त ऐनको दफा १०(१) अनुसार वातावरण संरक्षणका दृष्टिले अति महत्त्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पति ऐतिहासिक तथा साँस्कृतिक महत्त्वका स्थलहरु भएको नेपालभित्रको कुनै ठाउँलाई वातावरण संरक्षण र संवर्द्धन गर्न गराउन राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्ने व्यवस्था भए पनि हालसम्म यस्तो क्षेत्र कायम गरेको पाइएन ।

नियमावलीको नियम ५० अनुसार वातावरणको सम्बन्धमा ज्ञान तथा अनुभव भएका व्यक्तिहरुको नामावली अद्यावधिक गरी राख्नुपर्ने उल्लेख गरेकोमा यस्ता व्यक्तिहरुको नामावली अद्यावधिक गरी राखेको छैन ।

२. **प्रदूषण नियन्त्रण शुल्क –** आर्थिक ऐन, २०६४ को दफा १२(१) मा काठमाडौं उपत्यकाभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर पचास पैसा प्रदूषण नियन्त्रण शुल्क लगाई असुलउपर गरिने, उपदफा (२) बमोजिम उल्लिखित व्यहोराअनुसार असुल गरेको शुल्क छुट्टै कोष खडा गरी जम्मा गरिने र सो रकम वातावरण संरक्षण गर्ने प्रयोजनको निमित्त प्रदूषण नियन्त्रण गर्ने कार्यमा खर्च गरिने उल्लेख छ । सुरुमा उक्त शुल्क उपत्यकाभित्रको बिक्रीमा मात्र असुल गर्ने व्यवस्था भएकोमा आर्थिक ऐन, २०६६ बाट नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर पचास पैसाका दरले प्रदूषण नियन्त्रण शुल्क लगाएको छ । उक्त व्यवस्थाअनुसार २०६५।६६ देखि २०६८।६९ सम्म रु.१ अर्ब २५ करोड ६३ लाख असुल भई सञ्चितकोष दाखिला भएको छ ।

असुल भएको शुल्क रकम मध्येबाट प्रदूषण नियन्त्रण गर्ने कार्यमा खर्च गर्न कार्यक्रमहरु तयार गरी रकम निकासाको लागि अर्थ मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरे पनि सोअनुसार काम भएको पाइएन ।

३. **मर्मत –** काठमाडौं उपत्यकामा रहेका ७ वायु गुणस्तर मापन केन्द्र बिग्री सञ्चालनमा नआएकोले मर्मत सम्भार गरी सञ्चालन गर्न रु.३४ लाख ९० हजारको बोलपत्र स्वीकृत गरी २०६७।११।८ सम्ममा काम सम्पन्न गर्ने गरी २०६७।८।८ मा सम्झौता भएको देखिन्छ । उक्त काम २०६८।१०।९ मा सम्पन्न भएको र स्टेशनहरु सुचारु भइसकेको व्यहोरा २०६८।११।९ मा गठित अनुगमन टोलीको प्रतिवेदन उल्लेख गरेको देखियो । मर्मत कार्यमा गतवर्ष रु.२३ लाख ६९ हजार र यो वर्ष रु.११ लाख २१ हजार भुक्तानी दिएको छ । लेखापरीक्षणको सिलसिलामा कीर्तिपुर, ठमेल र लगनखेलका वायु गुणस्तर मापन केन्द्रको सम्बन्धित प्राविधिकसमेतको टोलीबाट भौतिक अवलोकन गर्दा चालु रहेको पाइएन ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

४. **हर्जाना –** केन्द्रले गर्ने विभिन्न कार्यको सम्झौता गर्दा सम्झौतामा तोकिएको समयमा कार्य सम्पन्न नगरेमा प्रतिहप्ता कबोल रकमको २ प्रतिशतले ३ हप्तासम्मको हर्जाना लिने र सो अवधिभित्र कार्यसम्पन्न नगरेमा सम्झौता नै रद्द गर्ने गरी सम्झौता गरेको छ । उक्त व्यवस्थाअनुसार केन्द्रले यो वर्ष सञ्चालन गरेका कार्यक्रम, संझौतामा तोकिएको समयमा सम्पन्न नभएको चालु कार्यक्रमअन्तर्गत ११ फर्मबाट रु.६ लाख ८५ हजार, नवीकरणीय ऊर्जा विकास कार्यक्रमअन्तर्गत १४ फर्मबाट रु.१ लाख ८४ हजार, लघु जलविद्युत् तथा वैकल्पिक ऊर्जा कार्यक्रमअन्तर्गत ५ फर्मबाट रु.६० हजार, ग्रामीण ऊर्जाकोषबाट सञ्चालित कार्यक्रम अन्तर्गत २७ फर्म बाट रु.२ करोड ४७ लाख ३७ हजारसमेत रु.२ करोड ५६ लाख ६६ हजार हर्जाना असुल हुन बाँकी देखिन्छ । सम्झौताअनुसार लाग्ने हर्जाना रकम असुल हुनुपर्छ ।

५. **सडक बत्ती –** वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्वीकृत कार्यक्रमअनुसार एक नगरपालिकामा सडक बत्तीको लागि सौर्य ऊर्जा जडान गर्न रु.६० लाखको बजेट व्यवस्था भएको थियो । उक्त कार्यका लागि प्रस्ताव माग गर्दा दुई प्रस्ताव प्राप्त भएकोमा बुटवल नगरपालिका छनौट भई उक्त कार्य गर्न रु.४५ लाख ९ हजार अनुदान खर्च लेखेको छ । अनुदान उपलब्ध गराउँदा नियमानुसार खर्च गरी आन्तरिक र अन्तिम लेखापरीक्षण गराई केन्द्रमा उपलब्ध गराउन उल्लेख गरेकोमा लेखापरीक्षण अवधि २०६९ माघसम्म उक्त कार्य सम्पन्न गरी प्रतिवेदन पठाएको छैन ।

६. **विद्युतीय हस्ताक्षर** – विद्युतीय तथ्याङ्क आदान–प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई विद्युतीय अभिलेखको सिर्जना एवं प्रमाणीकरण तथा नियमित गर्ने र विद्युतीय अभिलेखलाई अनधिकृत तवरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैरकानूनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्नका लागि उपकरण खरिद गर्न रु.८ करोड ५२ लाख १६ हजार खर्च गरेको छ । विद्युतीय हस्ताक्षर ऐन, २०६३ अनुसार स्थापित प्रमाणीकरण नियन्त्रकको कार्यालयले विद्युतीय हस्ताक्षरको

लागि आवश्यक पर्ने काम सम्पन्न भइसकेको व्यहोरा गतवर्षको लेखापरीक्षण क्रममा जानकारी दिएता पनि हालसम्म विद्युतीय हस्ताक्षरको काम सुरु गरेको छैन ।

अन्य संस्था, समितितर्फ

बी.पी.कोइराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति

७. **कोषको सञ्चालन –** समितिको (गठन) आदेश, २०४८ को दफा ६ मा समितिको एउटा कोष रहने व्यवस्था भएकोमा कोष स्थापना गरेको छैन ।

८. **संग्रहालय निर्माण –** किर्तिपुरस्थित १५० रोपनी जग्गामा विज्ञान संग्रहालयको दोस्रो चरणको निर्माण काम गर्न एक निर्माण व्यवसायीसँग २०६९।३।१७ सम्ममा काम सम्पन्न गर्ने गरी रु.६४ करोड ५२ लाख ८० हजारको सम्झौतामा दुई पटक गरी २०७०।३।१६ सम्मको लागि म्याद थप भएको छ । यो वर्ष रु.१३ करोड ९९ लाख ९१ हजार खर्च लेखेको समेत २०६९ माघसम्ममा (आठौं रनिङ बिलसम्म) रु.४३ करोड ५० लाख ५० हजारको काम सम्पन्न गरी रु.३३ करोड ४० लाख ५६ हजार भुक्तानी गरेको छ । निर्माण व्यवसायीको आठौं रनिङ बिलको भुक्तानी गर्दासम्म रु.६ करोड ६४ लाख ९४ हजार मोबिलाइजेसन पेश्की फछ्यौंट हुन बाँकी रहेको छ । निर्माण व्यवसायीले रु.१ करोड ३७ लाख १२ हजार मूल्य वृद्धिबापत रकम माग दाबी गरेको छ । म्याद थपको निर्णय गर्दा मूल्यवृद्धि सम्बन्धमा निर्णय गरेको छैन । पूर्वनिर्धारित क्षतिपूर्ति कट्टी गर्नुपर्नेमा निर्माण व्यवसायीको मूल्यवृद्धि दाबी सम्बन्धमा निर्णय नगरी म्याद थप्ने निर्णय गरेको छ ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्द्धन गर्न २०३९ मा स्थापना भई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ बमोजिम सञ्चालित छ । यस प्रतिष्ठानको २०६८।६९ को लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

९. **वासलात –** प्रतिष्ठानले वासलात तयार नगरेकोले सम्पति तथा दायित्वको अवस्था यकिन हुन सकेन । वासलात तयार गरी सम्पत्ति र दायित्व यकिन गर्नुपर्ने देखिन्छ ।

१०. **धरौटी –** प्रतिष्ठानको आय–व्यय विवरणअनुसार गत वर्ष कार्यक्रम सञ्चालन नगरी बजेट खर्चमात्र जनाई धरौटीमा राखेको रु.४ करोड ६ लाख ३३ हजार यसै वर्षको बजेट तथा कार्यक्रममा समावेश नगरी धरौटीबाटै खर्च गरेको छ । गत वर्षको विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम गतवर्ष नै खर्च नगरी धरौटीमा राखी यो वर्ष खर्च गर्नु बजेट सिद्धान्तविपरीत देखिन्छ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छ:
  - सरकारी कार्यालयतर्फ १२ निकायमा रु.१५ करोड ५७ लाख १८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु. १४ लाख २९ हजार फछ्यौंट गरेकोले रु. १५ करोड ४२ लाख ८९ हजार बाँकी रहेको छ । सोमध्ये रु. १२ करोड ३५ लाख १६ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था १ र अन्य संस्था १ तर्फ रु.३१ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.५ लाख २१ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

मन्त्रालय र मातहतसमेत १६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.८ अर्ब ५५ करोड ७२ लाख, राजस्वतर्फ रु.१३ करोड १९ लाख, धरौटीतर्फ रु.१ करोड ९३ लाख र अन्य कारावारको रु.१ अर्ब १५ करोड ४२ लाखसमेत रु.९ अर्ब ८६ करोड २६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् :

१. **अनुगमन –** महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ यस मन्त्रालयलाई प्राप्त बजेट अख्तियारीमध्ये मातहतका कार्यालयले समेत अन्य मन्त्रालयमातहतका कार्यालयलाई बजेट खर्च गर्ने अख्तियारी दिने गरेको पाइयो । गतवर्ष ४ निकायलाई रु.३ अर्ब ६७ करोड ७१ लाख निकासा भएकोमा यो वर्ष पनि गृह, रक्षा, भौतिक योजना तथा निर्माण, संघीय मामिला तथा स्थानीय विकास, स्वास्थ्य तथा जनसंस्था, महिला तथा बालबालिका, सञ्चार, उद्योग, कानून न्याय तथा संसदीय व्यवस्था र कृषि मन्त्रालयअन्तर्गका कार्यालयलाई रु.३ अर्ब १८ करोड १६ लाखको अख्तियारी र निकासा भएको देखियो । मन्त्रालयको नाममा विनियोजित बजेट मातहतबाटै अख्तियारी दिई अन्य मन्त्रालयमार्फत खर्च गर्दा आन्तरिक नियन्त्रण, उत्तरदायित्व, जवाफदेहिता र अनुगमनसमेत प्रभावकारी हुने अवस्था देखिएन ।

१.२ विस्तृत शान्ति सम्झौता २०६३ पश्चात् शान्ति प्रवर्द्धन, पुनः निर्माण, राहत, पुनः स्थापना, संक्रमणकालीन न्याय, लडाकुको रेखदेख तथा समायोजनजस्ता विषयको व्यवस्थापन गर्न मन्त्रालयलाई विनियोजित बजेटबाट २०६३।६४ देखि २०६७।६८ सम्म रु.२२ अर्ब ८६ करोड ४२ लाख खर्च भएकोमा यो वर्ष थप रु.११ अर्ब ७३ करोड ८८ लाखसमेत कुल रु.३४ अर्ब ६० करोड ३० लाख खर्च भएको छ । यो खर्चमा नेपाल सरकारको अन्य निकाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरुले गरेको खर्च समावेश छैन । सबै क्षेत्रको खर्चलाई एकीकृत गर्ने हो भने शान्ति व्यवस्थापनमा मुलुकले उल्लेख्य खर्च व्यहोर्नु परेको र शान्ति बहालीको कार्य जारी नै रहेकोले खर्च बढ्ने अवस्था विद्यमान छ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **खर्चको मापदण्ड –** माओवादी सेनाका लडाकुहरु २०६७।१०।८ देखि सेना समायोजन विशेष समितिमातहत आएको घोषणा सभामा खर्च भएको उल्लेख गरी मन्त्रिपरिषद्को २०६८।४।४ को निर्णयअनुसार रु.३० लाख ८ हजार, शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन र तोकिएको समयभित्र संविधान निर्माण गर्ने सन्दर्भमा वार्ताका लागि रिसोर्ट तथा होटलमा खाना र बासबापत रु.१४ लाख ४ हजार, तथा द्वन्द्वको क्रममा कब्जा गरिएको घरजग्गा फिर्तासम्बन्धी कार्यक्रममा २०६८।८।४ मा तीन ठूला राजनैतिक दलका नेताहरुसहितको उच्चस्तरीय टोली बर्दिया जांदा काठमाडौं–नेपालगन्जको हेलिकप्टर भाडामा रु.८ लाख २० हजारसमेत रु.५२ लाख ३२ हजार यो वर्ष खर्च लेखेको पाइयो । यसप्रकारको खर्च गर्नु पूर्व स्पष्ट नीति, मापदण्ड तथा प्रक्रिया तोकी बजेट व्यवस्था गरेर खर्च गर्नुपर्दछ

शान्ति प्रक्रिया सहयोग आयोजना

३. **न्यून प्रगति –** द्वन्द प्रभावित व्यक्तिको क्षमता वृद्धि गरी रोजगारी सिर्जना, द्वन्दको क्रममा मृत्यु भएका व्यक्तिको हकदार र एकल महिलालाई आर्थिक सहयोग र शान्ति प्रक्रियामा सहयोगी निकायको क्षमता अभिवृद्धि गर्न विश्व बैङ्क समूहको रु.४ अर्ब २५ करोड (५ करोड अमेरिकी डलर) अनुदान सहायतामा २०६५ देखि यो आयोजना सञ्चालनमा रहेको छ । पाँच वर्षका लागि सञ्चालित यस आयोजनाले यो वर्षसम्म रु.१ अर्ब ९८ करोड ५५ लाख खर्च गरी ४६.७१ प्रतिशत वित्तीय प्रगति देखाएको छ । आयोजनाको अद्यावधिक प्रगति विवरणअनुसार २५ हजार द्वन्द प्रभावित व्यक्तिको क्षमता वृद्धि गरी रोजगारी सिर्जना गर्ने कार्यक्रममा

२ हजार ९८४ लाई र २ हजार ९०० द्वन्दको क्रममा मृत्यु भएका व्यक्तिको हकदारलाई एक पटकमा रु.२ लाख सहायता वितरण गर्ने कार्यअन्तर्गत १ हजार ३४४ लाई, द्वन्दको क्रममा मृत्यु भएका ९ हजार व्यक्तिको एकल महिलालाई एक पटकमा रु.२५ हजार सहायता वितरण गर्ने कार्यक्रममा ४ हजार ४४४ लाई सहायता वितरण गरी ती कार्यक्रममा ११.९३ देखि ७८.३३ प्रतिशत प्रगति भएको उल्लेख छ । बाँकी अवधिमा अनुदान रकमको उपयोग गरी तोकिएको लक्ष्य हासिल गर्न पहल गर्नुपर्दछ ।

४. **विशेष समिति** – मन्त्रिपरिषदबाट २०६८।७।२२ मा नगद रकम लिई अवकाशमा जाने माओवादी लडाकुहरुका लागि तह निर्धारण गरि माथिल्लो तहका लडाकुलाई रु.८ लाख एवं त्यस पछिका तहमा रहेका लडाकुलाई क्रमश:रु. ७ लाख, रु.६ लाख र रु.५ लाखका दरले दुई आर्थिक वर्षमा दुई किस्तामा रकम उपलब्ध गराउने निर्णय भएको थियो । माओवादी सेनाका लडाकुहरुको रेखदेख, समायोजन र पुनर्स्थापनसम्बन्धी विशेष समितिको सचिवालयले उक्त निर्णयअनुसार यो वर्ष १४ हजार १५ लडाकुको नाममा रु.३ अर्ब ५६ करोड ३ लाख खर्च लेखेको छ । उक्त खर्च मध्ये विभिन्न कारणबाट १४ जनाले बुझेको चेकको बैङ्कबाट भुक्तानी नभएको रु.३५ लाख, १३ जनाको नाममा चेक काटेको तर बुझ्न नआएको रु.३३ लाख र खर्चमा समावेश भएको तर चेक काट्न बाँकी रहेको रु.१२ लाखसमेत रु.८० लाख बैङ्कमा फ्रिज भएको विवरण प्राप्त भएकोले यस वर्ष कुल रु.३ अर्ब ५५ करोड २३ लाख खर्च भएको देखिएको छ ।

मन्त्रिपरिषदबाट २०६८।१२।२३ मा स्वेच्छिक अवकासमा जाने लडाकुलाई बिदाई गर्दा बाटो खर्चबापत प्रतिव्यक्ति हिमाली जिल्लाका लागि रु.८ हजार, पहाडी जिल्लाका लागि रु.५ हजार र तराई जिल्लाका लागि २ हजार प्रदान गर्ने निर्णय भएको थियो । उक्त निर्णयानुसार स्वेच्छिक अवकाश लिएका १३ हजार ९१६ लाई बाटो खर्चबापत रु.६ करोड ८२ लाख २७ हजार भुक्तानी भएको छ ।

५. **विद्युत महसुल** – शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालयले माओवादी लडाकु रहेका मुख्य तथा सहायक शिविर गरी २८ शिविरको २०६८ बैशाखसम्मको विद्युत महसुलबापत रु.८ करोड ८६ लाख ३३ हजार र २०६९ मार्गसम्मको तिर्न बाँकी विद्युत महसुल रु.४ करोड ७५ लाख १९ हजारसमेत रु.१३ करोड ६१ लाख ५२ हजार इकाइगत विद्युत खपत विवरण तथा नगदी रसिदबेगर नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको छ ।

मुख्य शिविर तथा सहायक शिविरमा वसेका माओवादी सेनाका लडाकुहरु स्वैच्छिक अवकाशमा समायोजन र पुनर्स्थापनामा गएपछि निजहरु बस्दै आएका मुख्य तथा सहायक शिविरहरु नेपाली सेना तथा शसस्त्र प्रहरीको जिम्मा दिएको देखिन्छ । शिविरहरुको नाममा रहेको विद्युत जडान मिटरको नामसारी गर्ने वा अन्य विकल्प सम्वन्धमा आवश्यक निर्णय हुनुपर्दछ ।

राहत तथा पुनर्स्थापन इकाई

६. **आर्थिक सहायता** – विभिन्न किसिमका आर्थिक सहायता वितरण गर्न ४३ जिल्ला प्रशासन कार्यालयको नाममा रु.५ करोड ७८ लाख ९२ हजार पेश्की उपलब्ध गराएको अधारमा कार्यालयले वार्षिक प्रगति विवरण तयार गरेको छ । उक्त रकम सम्बन्धितले प्राप्त गरेको अभिलेख तयार गरेको छैन । कार्यालयबाट प्राप्त पेश्कि बाँकीको विवरणमा गत आर्थिक वर्षसम्म ७३ जिल्ला प्रशासन कार्यालयको नाममा रु.१७ करोड ७५ लाखसमेत रु.२३ करोड ५३ लाख ९२ हजार पेश्की बाँकी रहेकोमा लेखापरीक्षणको क्रममा गतवर्ष सम्मको रु.३ करोड ९ लाख ७८ हजार फछ्यौंट गरे तापनि रु.२० करोड ४४ लाख १४ हजार बाँकी रहेको छ । उक्त रकम लक्षित वर्गले प्राप्त गरे नगरेको यकिन हुन सकेन ।

७. **लगत सङ्कलन** – द्वन्दबाट प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन, वर्गीकरण एवं विश्लेषण र संरचना पुन: निर्माणको प्राथमिकता निर्धारण गरी ६ महिनाभित्र प्रतिवेदन पेश गर्न नेपाल सरकार २०६४।२।१२ को निर्णयले कार्यदल गठन गरेको थियो । कार्यदल गठन भएको ५ वर्ष ९ महिना व्यतीत हुँदा पनि सो कार्य सम्पन्न गरेको देखिदैन । यो वर्ष कार्यदलको लागि रु.४२ लाख ५० हजार खर्च भएको समेत

रु.२ करोड ८८ लाख ८५ हजार खर्च भएको छ । तोकिएको कार्य समयमा सम्पन्न नहुंदा समयमै द्वन्दबाट प्रभावित पक्षको सम्बोधन नहुने र आर्थिक व्ययभारसमेत बढ्दै जाने स्थिति देखिएको छ । तसर्थ लगत सङ्कलन कार्यलाई समयमै सम्पन्न गनुपर्दछ ।

शान्ति कोष सचिवालय

८. **फ्रिज –** आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ ले प्रत्येक सरकारी निकायले बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यक्रम स्वीकृत गर्ने, बजेट निकासा दिने र निकासा दिएको बजेट रकम सालतमाममा बाँकी भए फिर्ता दाखिला गर्ने स्पष्ट व्यवस्था गरको छ । शान्ति कोष सचिवालयले दातृ निकाय र नेपाल सरकारबाट प्राप्त गरेको रकम शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मंत्रालय, प्रहरी प्रधान कार्यालयलगायत विभिन्न विभाग, प्रतिष्ठान, कोष गरी २० निकायलाई २०६८।६९ सम्ममा सम्झौताबमोजिम विभिन्न कार्यका लागि रु.१२ अर्ब ५२ करोड ७२ लाख उपलब्ध गराएकोमा रु.८ अर्ब ५५ करोड ८५ लाख तथा रु.४० करोड ४७ लाख फिर्ता प्राप्त गरेको देखियो । साल तमाम भएपछि खर्च नभई बाँकी रहेको रु.३ अर्ब ५६ करोड ४० लाख फ्रिज नहुने खातामा ट्रान्सफर गरेको पाइयो ।

सचिवालयले विभिन्न मन्त्रालय तथा निकायबाट प्राप्त प्रस्ताव स्वीकार गरी अख्तियारी दिएपछि स्वीकृत कार्यक्रमअनुरुप निकासा दिने, सञ्चालित कार्यक्रमको अनुगमन गर्ने, तोकिएको लक्ष्यअनुसार प्रगति समीक्षा गर्ने एवं कार्य सम्पादनको आधारमा बजेट व्यवस्थापन नगरी सम्झौता भएको रकम नै एकमुष्ट निकासा दिएको छ । उक्त रकममध्ये कतिपय निकायमा आषाढको अन्तमा मात्र निकासा भएको र कार्यक्रम सञ्चालन नगरी खर्च नभएको अवस्थामा निकासा लिई फ्रिज नहुने खातामा जम्मा गरेको देखियो । यस प्रकारको कारोबारको आधारमा तयार गरिएको आर्थिक विवरणले खर्चको यथार्थ स्थिति चित्रण गर्दैन । वास्तविक खर्चको आधारमा मात्र खर्च लेखाङ्कन गर्ने एवं बजेट अनुशासन कायम गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

९. **बेरुजू सम्परीक्षण –** तत्कालीन एक माननीयलाई २०६३।६४ मा रु.५५ करोड ३६ लाख २३ हजार पेश्की उपलब्ध गराएको मध्ये रु.९ करोड २५ लाख ५६ हजारको लडाकुलाई भत्ता वितरण गरेको भरपाई पेश भई यस कार्यालयबाट सम्परीक्षण भई बाँकी रु.४६ करोड १० लाख ६७ हजार पेश्की बेरुजू कायम रहेको थियो । उक्त पेश्कीलाई नेपाल सरकारको २०६६।१।२१ को निर्णयले अनुदानमा परिणत गरी फछ्यौंटको लागि लेखेकोमा सार्वजनिक लेखा समितिमा छलफल हुँदा खर्चको बिल भरपाई पेश गर्न नसक्ने अवस्थामा पेश्की फछ्यौंट, समर्थन एवं मिनाहा गर्नुपर्नेमा अनुदानमा परिणत गर्ने व्यहोरा नमिलेकोले आयन्दा यस्तो गल्ती नदोहोरिने गरी विशिष्ट परिस्थितिमा भएको खर्चको फाँटवारी एवं विवरणको आधारमा खर्च समर्थन, फछ्यौंट एवं मिनाहाको लागि शान्ति तथा पुन निर्माण मन्त्रालय र नेपाल सरकारलाई निर्देशन दिने निर्णय भए अनुसार नेपाल सरकार मन्त्रिपरिषद्को २०६९।१।२१ को निर्णयबाट खर्च समर्थन फछ्यौंट र मिनाहा गरी मन्त्रालयबाट लेखी आएको आधारमा उक्त बेरुजू सम्परीक्षण गरिएको छ ।

- **बेरुजू स्थिति –** मन्त्रालय र मातहत १६ निकायमा यो वर्ष रु.११ करोड ११ लाख ५७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु.४२ हजार फछ्यौंट गरेकोले रु.११ करोड ११ लाख १५ हजार बाँकी रहेको छ । सोमध्ये रु.९ करोड ५८ लाख ५ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५ मा छ ।

शिक्षा मन्त्रालय

मन्त्रालय र मातहतसमेत १४१ कार्यालयको विनियोजनतर्फ रु.६२ अर्ब १ करोड ३३ लाख ६५ हजार, राजस्वतर्फ रु.९१ करोड १७ लाख २५ हजार, धरौटीतर्फ रु.५ करोड ६३ लाख ६ हजार गरी कुल रु.६२ अर्ब ९८ करोड १३ लाख ९६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका संगठित संस्था अन्य समिति २८४ को रु.२६ अर्ब ९० करोड २ लाख ८ हजार कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन –** महालेखापरीक्षकको गत विगतका प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१ शिक्षा ऐन, २०२८ को दफा १२ख. र शिक्षा नियमावली, २०५९ को नियम १८० अनुसार संस्थागत विद्यालयहरुबाट प्रत्येक वर्ष समाप्त भएको एक महिनाभित्र अघिल्लो शैक्षिक सत्रमा विद्यालयको वार्षिक कुल आम्दानीको १.५ प्रतिशतले हुने रकम ग्रामीण शिक्षा विकास कोषमा जम्मा गर्न लगाएको छैन ।

१.२ शिक्षा नियमावली,२०५९ को नियम १६(भ) अनुसार जिल्ला शिक्षा अधिकारीले शिक्षकको तलबी प्रतिवेदन पारित गराउनुपर्नेमा गत वर्ष ६ जिल्लाको र यो वर्ष झापा, काभ्रे, चितवन, कास्की, पर्वत, नवलपरासी, मनाङ, मुस्ताङ, बाँके, सुर्खेत, अछाम, दार्चुला, कञ्चनपुर, जिल्लामा कार्यरत स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन पारित गरेको छ । वाँकी जिल्लाका स्थायी शिक्षकहरुको समेत तलबी प्रतिवेदन पारित गर्नुपर्दछ ।

१.३ शिक्षा विभागबाट जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६८।६९ को बुँदा नं. ३.४.३ बमोजिम जिल्ला शिक्षा कार्यालयले तोकिएको सामुदायिक अध्ययन केन्द्रको जिम्मेवारीमा प्रत्येक समूहले पाउने गरी समूहका सदस्यहरुको आय आर्जन कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालित यस कार्यक्रमबाट सामुदायिक अध्ययन केन्द्रको वा समूहको बैङ्क खातामा सिडमनी जम्मा गर्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, भोजपुरले विभिन्न समूहलाई रु ३ लाख, सुनसरीले ५१ समूहलाई रु ९ लाख, सर्लाहीले ५१ समूहलाई रु.८ लाख, सुर्खेतले ३० समूहलाई रु ६ लाख सिडमनी उपलब्ध गराएको छ । यसरी उपलब्ध गराएको रकमको उपयोग खुल्ने विवरण पेश नभएबाट उक्त रकमको स्थिति यकिन गर्न सकिएन ।

१.४ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६८/६९ को बुँदा नं. ८ मा प्रोत्साहन तथा सहयोग कार्यक्रमअन्तर्गत छात्रा, दलित, अपाङ्ग, द्वन्दपीडित, शहीदका छोराछोरी, लक्षितवर्ग र लोपोन्मुख तथा अति सीमान्तकृत वर्गलाइं छात्रवृत्ति दिने व्यवस्था छ । छात्रवृत्ति वितरण गरेको अनुगमन तथा छात्रवृत्ति बुझेको प्रमाणबेगर जिल्ला शिक्षा कार्यालय सर्लाहीले रु.५ करोड ७५ लाख, बर्दियाले रु.४ करोड ९ लाख, सुर्खेतले रु.३ करोड ३८ लाख, र हुम्लाले रु.७५ लाख ४४ हजार खर्च लेखेको छ । छात्रवृत्ति लक्षित वर्गले पाए नपाएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८।६९ को परिच्छेद ५ मा साक्षरताको तथ्याङ्क सङ्कलन गर्ने, सो तथ्याङ्क स्थानीय निरीक्षकबाट प्रमाणित गरी नाम उमेर, ठेगानासहित राख्नुपर्ने, जिल्ला साक्षरता अभियान समन्वय समिति गठन गरी त्यसबाट तथ्याङ्क विश्लेषण अनुगमन र कार्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय बाँकेले यो बर्ष १४ गाउँ विकास समिति र नगरपालिकाको ५ वडामा साक्षरता अभियान कार्यक्रम सञ्चालन गर्न रु.६५ लाख ७ हजार, स्वयंसेवक पारिश्रमिक भुक्तानी गर्न झापाले रु ७४ लाख ९१ हजार, मोरङ्गले रु ५५ लाख ८० हजार र ताप्लेजुङ्गले रु ९ लाख ९६ हजार, खर्च लेखेकोमा कार्यक्रम सञ्चालन सम्बन्धमा अनुगमन गरेको छैन ।

सरकारी कार्यालयतर्फ

२. **अनुदान निकासा –** शिक्षा मन्त्रालयको स्वीकृत कार्यक्रममा सर्शत अनुदान अन्तर्गत द्वन्दपीडित परिवार शिक्षा कार्यक्रमको लागि छात्रावास भवन निर्माण, विद्यालय र कार्यालयको लागि फर्निचर र सजावट, सफाई, मसलन्द र शिक्षकको तलबमा खर्च गर्ने गरी सशर्त चालु अनुदान शीर्षकमा रु.७ करोड १० लाख विनियोजन भएकोमा मन्त्रालयले सो कार्यक्रमबाट शहीद प्रतिष्ठान बालाजुलाई पूरै निकासा दिएको छ । गत वर्ष पनि सोही प्रतिष्ठानलाई रु.७ करोड १० लाख अनुदान निकासा दिएको थियो । प्रतिष्ठानमा उक्त अनुदान रकम र सांसदले दिएको रकम मात्र समावेश भएकोले प्रतिष्ठानको स्वामित्व र द्वन्द पीडितलाई उपलब्ध गराउने मापदण्डको अनुगमन व्यवस्था मिलाएको देखिएन । यस सम्बन्धमा मन्त्रालयबाट अनुदानसम्बन्धी नीति तर्जुमा भएपछि अनुदान व्यवस्था प्रभावकारी हुने जवाफ प्राप्त भएको छ ।

३. **अन्य निकायको खर्च –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने र तोकिएको काममा बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट सो खर्च रकम असुलउपर गरी विभागीय कारबाहीसमेत गर्न सकिने उल्लेख छ । यो वर्ष ऐनको व्यवस्था प्रतिकूल हुने गरी शिक्षा मन्त्रालय मातहतका शिक्षा विभागले मन्त्रालय तथा अन्तर्गत अन्य कार्यालयसमेतका कर्मचारीलाई दैनिक तथा भ्रमण भत्ता खर्चबापत रु.२ लाख ६३ हजार र पूर्व सहसचिव, उपसचिव, जिल्ला शिक्षा अधिकारी, शाखा अधिकृत तथा पूर्वशिक्षकलाई सम्झौता नगरी मूल्याङ्कन सम्बन्धी कार्यमा खटाई दैनिक तथा भ्रमण खर्चबापत रु.९ लाख ३२ हजार खर्च लेखेको छ । त्यस्तै उच्च माध्यमिक शिक्षा परिषद्ले शिक्षा मन्त्रालयका पूर्व सहसचिवलाई रु.२२ हजार र प्राविधिक शिक्षा व्यवसायिक तालिम परिषद्ले शिक्षा मन्त्रालयका सहसचिवलगायतका कर्मचारीलाई दैनिक भ्रमण खर्चबापत रु.३ लाख २३ हजार खर्च लेखेको छ ।

शिक्षा विभाग

४. **कार्यक्रम सञ्चालन** – विद्यालय क्षेत्र सुधार कार्यक्रमअन्तर्गत शिक्षा विभाग र केन्द्रीय निकायबाट सञ्चालन गरिने कार्यहरु कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६८।६९ मा उल्लेख छ । यो वर्ष सो पुस्तिकामा उल्लेख नभएका समाहित शिक्षा, साक्षरता शिक्षा, शैक्षिक गुणस्तर अभिवृद्धिको लागि अनुसन्धान, सञ्चार माध्यमको उपयोग र सचेतता जस्ता कार्य सञ्चालन गरी रु.१ करोड ९५ लाख २७ हजार खर्च गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएको विद्यार्थी उपलब्धि परीक्षण कार्यक्रम र २५ जिल्ला शिक्षा कार्यालयलाई अभिमुखीकरण कार्यक्रम कार्यान्वयन गरेको पाइएन । स्वीकृत कार्यक्रम सञ्चालन नगर्नु र कार्यक्रम संशोधन नगरी कार्यक्रममा नभएका कार्यहरु सञ्चालन गर्नु उपयुक्त देखिएन ।

५. **रकम फिर्ता –** विभागले २०६६।६७ को लेखापरीक्षणबाट औंल्याएको बेरुजूमध्ये असुल गरी दातालाई फिर्ता गर्नुपर्नेमा यो वर्षको कार्यक्रम खर्च हिसाब नम्बर २२७२२ बाट खर्च लेखी युरोपियन युनियनलाई रु.८ लाख ७५ हजार र एसियाली विकास बैङ्कलाई रु.४० लाख ७४ हजारसमेत रु.४९ लाख ४९ हजार फिर्ता गरेको छ । बेरुजू असुल भएको रकम दाताको योगदान हिस्साबमोजिम फिर्ता गरी बाँकी रकम सञ्चितकोष दाखिला गरी असुलीको विस्तृत विवरण पेश हुनुपर्दछ ।

६. **जिन्सीको स्थिति –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) मा नियम ४६, ४७ र ४८ बमोजिम लगत राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले वा अन्य कर्मचारीद्वारा निरीक्षण गर्न लगाई सोको लिखित प्रतिवेदनलिई मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पाठ्यक्रम विकास केन्द्रको लेखापरीक्षण क्रममा स्थलगत निरीक्षण गर्दा कक्षा १ देखि ४ सम्मका लिम्बु भाषाका १६ हजार २८०, मैथली भाषाका १३ हजार २२१, मुगाली भाषाका २ हजार ७४९, शेर्पा भाषाका २ हजार १५५, गुरुङ्ग भाषाका ९०० र गुरुकुलसम्बन्धी पुस्तक ४ हजारसमेत ३९ हजार ३०५ पुस्तक व्यवस्थित रुपमा नराखी भण्डारमा यत्रतत्र अवस्थामा रहेको पाईयो । ती पुस्तकहरु पानीले भिजेको, मुसा र किरा लागेर काम नलाग्ने स्थितिमा रहेको देखियो । यसरी राखिएका पुस्तकहरु समयमा

वितरण नगर्दा उपयोगविहीन भई हानि नोक्सानीको अवस्थामा पुगेकोले सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ ।



पाठ्यक्रम विकास केन्द्रले भण्डारण गरेका पुस्तक

७. **शोधभर्ना** – शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना, संयुक्त राष्ट्र संघीय विश्व खाद्य कार्यक्रमको सहयोगमा विभिन्न १४ जिल्लामा कार्यान्वयन भईरहेको छ । यो परियोजना ती जिल्लामा तोकिएका प्राथमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई पौष्टिक आहार (तेल र पिठो) वितरण गरी पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउने, विद्यार्थी भर्ना दर वृद्धि गर्ने, दैनिक हाजिरीको प्रतिशतमा सुधार ल्याउने, विद्यालय छोड्ने दरलाई कम गर्ने जस्ता लक्ष्य राखी सञ्चालित छ । कार्यक्रमअन्तर्गत यो वर्ष १ लाख ९४ हजार विद्यार्थीलाई पौष्टिक आहार वितरण गर्ने लक्ष्य रहेकोमा १ लाख ३२ हजार (६८.०४ प्रतिशत) अर्थात् गतवर्षको भन्दा ३.६ प्रतिशत घटी र खाद्यान्न ७ हजार ६४९ मेट्रिकटन वितरण गर्ने लक्ष्य रहेकोमा ४ हजार ६५१ मेट्रिकटन (६०.८१ प्रतिशत) अर्थात् गतको भन्दा ९.९५ प्रतिशत बढी वितरण गरेको छ । पौष्टिक आहार वितरण गरेको रु.१ करोड १३ लाख ९० हजार विश्व खाद्य कार्यक्रमबाट शोधभर्ना माग गरेको छैन । प्राप्त गर्नुपर्ने रकम शोधभर्ना माग गर्नुपर्दछ ।

८. **छात्रवृत्ति** – व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको कार्यक्रम सञ्चालन मार्गदर्शनको बुँदा नं ५.२.३ मा पिछडिएका वर्ग, दलित, सीमान्तकृत जनजाति, पिछडिएका क्षेत्रका विद्यार्थी, अपाङ्ग, गरीब र महिला वर्गलाई छात्रवृत्ति वितरण गर्न तोकिएको प्रक्रियाअनुसार सूचना प्रकाशित गरी प्राप्त भएको निवेदनको आधारमा विद्यार्थी छनौट गरी १५ तथा २९ महिने प्राविधिक प्रवेशिकाको डिप्लोमा तहमा अध्ययन गराउने कार्यक्रम रहेको छ । यो वर्ष रु.३ करोड १७ लाख छात्रवृत्ति रकम निकासा गरेको छ । छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको अध्ययनको निरन्तरता, खर्च तथा अपेक्षित नतिजा हासिल गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ ।

दोहोरो एवं बढी निकासा

- **जिल्ला शिक्षा कार्यालय २८ ले अन्तर्गतका विद्यालयहरुलाई सेवाबाट अवकाश भएका शिक्षकहरुको तलब भत्तामा रु.८४ लाख ४२ हजार बढी दोहोरो निकासा दिएको छ ।**
- **जिल्ला शिक्षा कार्यालय ८ ले विद्यालय तथा शिक्षकको नाममा रु.२८ लाख ९१ हजार दोहोरो निकासा दिएको छ ।**
- **जिल्ला शिक्षा कार्यालय ३९ ले विद्यालयको लागि विनियोजित बजेटभन्दा रु.२ करोड १५ लाख २७ हजार बढी निकासा दिएको ।**

जिल्ला शिक्षा कार्यालय

९. **बढी निकासा** – शिक्षा विभागबाट जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६८।६९ को खण्ड ३ को ५(३) अनुसार जिल्ला शिक्षा कार्यालयहरुले शिक्षकको तलब भत्ता र ग्रेडसमेत यकिन गरेर मात्र तलब भत्ता निकासा गर्नुपर्ने, सम्बन्धित विद्यालयहरुले तहसमेत खुलेको स्वीकृत दरबन्दी र हाजिरीका आधारमा चौमासिक रुपमा शिक्षकको तलब भत्ता माग गर्नुपर्ने र जिल्ला शिक्षा

कार्यालयले जाँची निकासा दिनुपर्ने व्यवस्था छ । समग्रमा यो वर्ष ४८ कार्यालयले ४८७ विद्यालयलाई रु.३ करोड २८ लाख ६० हजार बढी व्ययभार पर्ने गरी निकासा दिएको छ । गत विगतदेखि नै जिल्ला शिक्षा कार्यालयहरुले यस्तो कार्य गर्दै आएकोले सुधार गर्न लेखापरीक्षणबाट औंल्याउदै आएकोमा स्थिति देहायअनुसार छः

क्र.सं.	आर्थिक वर्ष	शिक्षा कार्यालय	बढी निकासा रकम (रु हजारमा)	गतवर्षको तुलनामा वृद्धि/घटी प्रतिशत
१	२०६४/६५	३१	१,५७,४०	-
२	२०६५/६६	१५	३,४२,२२	११७.४२
३	२०६६/६७	४६	२,४९,५९	(२७.०७)
४	२०६७/६८	३९	३,२९,५५	३२.०४
५	२०६८/६९	४८	३,२८,६०	(०.२९)

तालिकाबाट यसप्रकारको कार्य गर्ने कार्यालय संख्यामा नियन्त्रण हुनको सट्टा झन् वृद्धि भएको देखिन्छ । दोहोरो तथा बढी निकासा दिनेलाई आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च –** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६८।६९ को बुँदा नं.२.३.४(ट) अनुसूचि ३(ङ) अनुसार भवन निर्माणलगायत भौतिक सुविधा विस्तारको कन्टिन्जेन्सीसमेत सम्पूर्ण बजेट विद्यालयलाई सोझै रकम निकासा दिई विद्यालयबाटै काम गराउनुपर्ने व्यवस्था छ । यसरी निकासा दिएको रकमबाट प्राविधिकलाई आवश्यक पर्ने मेजरिङ टेप, नापी किताब, क्यालकुलेटर, लागत अनुमान फाराम, रजिष्टर, इन्धनलगायत सानातिना खर्चको लागि कुल लागत अनुमानको २ प्रतिशतमा नबढ्ने गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराएर खर्च गर्न सकिने उल्लेख छ । भौतिक निर्माणको रकम निकासाका आधारमा विभिन्न दर निर्धारण गरी जिल्ला शिक्षा कार्यालय ईलामले रु.१ लाख ३९ हजार, धनकुटाले रु.२ लाख, सल्यानले रु.९ लाख ९३ हजार, बाजुराले रु.२ लाख ३३ हजार कट्टा गरी समितिको खाता तथा अन्य प्रशासनिक कार्यमा खर्च गरेको बिल भरपाई राखेको छ । निर्देशिकामा उल्लिखित प्रक्रियाअनुसार खर्च गर्नुपर्दछ ।

११. **भौतिक सुधार** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६८।६९ को बुँदा नं.२.३.४(ख) बमोजिम जिल्ला शिक्षा कार्यालयले भौतिक सुधारमा समावेश हुने विद्यालयहरुको प्राथमिकताक्रम निर्धारण गरी सम्पूर्ण विद्यालय पहुँच (होल स्कूल एप्रोच) को अवधारणाअनुसार कार्यक्रम स्वीकृत गर्ने, सञ्चालन गर्ने, कार्यालयले व्यहोर्ने र विद्यालयको लागि समुदायबाट प्राप्त श्रमदान र कार्यसमेत खुलाई लागत अनुमान तयार गरी व्यवस्थापन समितिसंग सम्झौता गरी कार्य गर्ने गराउने व्यवस्था छ । पहिलो प्राथमिकतामा छनौट भएका विद्यालयले सम्झौता भएको १५ दिनमा कार्य सुरु नगरे दोस्रो प्राथमिकतामा रहेका विद्यालयलाई रकम उपलब्ध गराउनु पर्ने, सम्झौताअनुसार सम्पूर्ण रकम विद्यालयलाई निकासा दिनुपर्ने, कार्य प्रगतिका आधारमा खर्च गर्ने र नापी किताबअनुसार जन श्रमदानबापतको रकम कट्टा गरी प्राविधिकको सिफारिशमा ४ किस्ताभन्दा बढी नहुने गरी किस्तावन्दीमा रकम निकाल्न अनुमति दिनु पर्ने उल्लेख छ । जिल्ला शिक्षा कार्यालयले निर्माण कार्यको लागत अनुमान सम्झौता, नापी, मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन २।२ प्रति प्राविधिकबाट तयार गर्न लगाई १ प्रति जिल्ला शिक्षा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ ।

यो वर्ष जिल्ला शिक्षा कार्यालय ७३ ले भौतिक निर्माण र मर्मत सम्भार कार्यको लागि विद्यालयलाई निकासा दिएको रु.१ अर्ब ७५ करोडको नापी किताब, कार्यसम्पन्न प्रतिवेदन लेखापरीक्षणमा पेश गरेका छैनन् । कार्यक्रमअनुसार विद्यालय भवन निर्माण र मर्मत कार्य समयमा सम्पन्न भएको अनुगमन गरी निर्माण कार्य नगर्ने विद्यालयको रकम फिर्ता गरी अन्य विद्यालयलाई उपलब्ध गराउने तर्फ कारबाही नभएको व्यहोरा प्रारम्भिक प्रतिवेदनमा औल्याएपछि १२ कार्यालयले आंशिक रुपमा रु.१६ करोड २३ लाखको प्रमाण पेश गरेकोले रु.१ अर्ब ५८ करोड ७७ लाखको प्रमाण पेश हुन बाँकी रहेको छ । सो सम्बन्धमा देखिएका केही थप व्यहोरा देहायअनुसार छः

११.१ जिल्ला शिक्षा कार्यालय धनुषाले उपलब्ध गराएको विवरण अनुसार २० विद्यालयलाई विभिन्न आर्थिक वर्षमा भौतिक निर्माण कार्यको लागि रु.१ करोड ६२ लाख निकासा दिएकोमा सम्झौताअनुसार काम गरेको देखिएन । निर्देशिकामा जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकमको हिनामिना वा दुरुपयोग वा विद्यालय निर्माण वा मर्मत सम्भार नगरी अन्य प्रयोजनको लागि खर्च गर्ने वा खर्च नगरी विद्यालयको खातामा रकम जम्मा गरी राख्ने विद्यालयबाट असुल गर्ने र रकम फिर्ता गर्न आनाकानी गर्ने विद्यालयका प्रधानाध्यापकको तलब भत्ता रोक्का गरेर कारबाही अगाडि बढाउनुपर्ने व्यवस्था भए तापनि सो प्रक्रिया अवलम्बन गरेको छैन ।

स्थलगत लेखापरीक्षणको क्रममा जिल्ला शिक्षा कार्यालयअन्तर्गत विभिन्न आर्थिक वर्षमा निर्माण कार्यको लागि रकम निकासा भएका केही विद्यालयको अवलोकन गर्दा भवन निर्माण कार्य अधुरो अवस्थामा रहेको देखियो ।



राष्ट्रिय प्राविधिक विद्यालय पौडेश्वर, धनुषा



शंकर जनता उच्च माध्यमिक विद्यालय चक्कर, धनुषा

११.२ जिल्ला शिक्षा कार्यालय, सिरहाले विद्यालय भवन र शौचालय निर्माणको लागि २०६३।६४ देखि २०६६।६७ सम्म निकासा दिएका विद्यालयहरुमध्ये लेखापरीक्षणका क्रममा स्थलगत परीक्षणका लागि छनौट गरिएका ९ विद्यालयलाई रु २३ लाख ७५ हजार निकासा दिएको मध्ये उक्त विद्यालयको खातामा हाल रु २ लाख २१ हजार मौज्दात रहेको देखिन्छ । तर ती विद्यालयको भवन तथा शौचालय निर्माण सम्बन्धी कार्य भएको देखिएन ।

११.३ जिल्ला शिक्षा कार्यालय, ओखलढुंगाले २०६९।३।२४ को निर्णयबाट ६३ विद्यालयलाई प्रति विद्यालय रु.५० हजार देखि रु.१४ लाखसम्मका दरले रु.८९ लाख ९० हजार भौतिक निर्माणको अन्तिम किस्ता स्वरुप निकासा गरी सम्बन्धित विद्यालयको नाममा पेश्की जनाएको छ ।

कार्यालयले सोही मितिमा बैङ्क खातामा दाखिला भइसकेको रकम रोक्का राख्न बैङ्कलाई आदेश दिएको देखियो । बजेट फ्रिज हुन नदिने उद्देश्यले वर्षान्तमा निकासा दिने, खाता रोक्का राख्ने, पेश्की जनाउने समेतका कार्य स्वच्छ र नियमित नदेखिएकोले यस्तो कारोबार हुन नदिन तालुक विभाग, मन्त्रालयबाट निगरानी बढाउन आवश्यक व्यवस्था हुनुपर्दछ ।

११.४ जिल्ला शिक्षा कार्यालय, जुम्लाले २०६९।३।१९ मा विभिन्न ७७ विद्यालयको खातामा विद्यालय भवन निर्माण, मर्मत, बाह्य वातावरण सुधार कार्यको लागि रु.१ करोड ५४ लाख १८ हजार निकासा दिएको छ । निर्माण कार्य २०६९।३।२० देखि २४ गते सम्ममा सम्पन्न भएको प्रतिवेदन पेश गरी फछ्यौंट गरेको देखियो । भवन निर्माण कार्य ५ दिनको छोटो समयमा सम्पन्न भएको जनाई मूल्याङ्कन भई आउँदा सो को यथार्थता यकिन गर्न निर्माण स्थल निरीक्षण गरेको पाइएन ।

११.५ जिल्ला शिक्षा कार्यालय, डोल्पाले २०६८।११।३० मा प्रथम किस्ता रु.१ करोड १ लाख ७५ हजार र २०६९।३।२७ मा दोस्रो किस्ता रु.१ करोड १ लाख ७५ हजार निकासा पठाएको छ । कार्यालयले २०६९।१।३० देखि २०६९।३।२० सम्ममा सबै कार्यसम्पन्न भएको देखाएको र हुम्लाले ६१ विद्यालयलाई निकासा दिएको रु.२ करोड १ लाख ४० हजारको कार्य २०६९ आषाढ मसान्तभित्रै सम्पन्न भएको जनाई फछ्यौंट गरेको छ । कार्यसम्पन्न प्रतिवेदनमा सम्पन्न मिति उल्लेख नभएको, गर्नुपर्ने सबैकाम सम्पन्न भएको उल्लेख भए तापनि विद्यालयसंग भएको सम्झौतामा काम सुरु गर्ने र सम्पन्न गर्नुपर्ने मिति उल्लेख भएको छैन । विद्यालयको

भौतिक निर्माण कार्यको अवस्था सम्बन्धमा मन्त्रालय, विभागले निश्चित मापदण्ड बनाई छानबिन तथा अनुगमन गर्नुपर्दछ ।

११.६ जिल्ला शिक्षा कार्यालय, अछामले एक प्राथमिक विद्यालयको २ कोठे भवन निर्माण गर्न रु.६ लाख ५० हजार विद्यालयको खातामा निकासा दिएकोमध्ये विद्यालय व्यवस्थापन समितिका अध्यक्षले रु.३ लाख आफ्नो व्यक्तिगत खातामा जम्मा गरेको जानकारी विद्यालयले गराएको देखिन्छ । सो रकम विद्यालयको खातामा जम्मा गर्न कार्यालयले पत्राचार गरे पनि रकम फिर्ता दाखिला नगरेकोले आवश्यक कारबाही हुनुपर्दछ ।

१२. **गतवर्षको भुक्तानी –** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४० को उपनियम (८) बमोजिम स्वीकृत दरबन्दी अनुसारको तलब भत्ता चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा अगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई प्रमाणित गराई आर्थिक विवरणका साथ संलग्न गर्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, धनुषाले रु.२ करोड ४५ लाख ७० हजार, सर्लाहीले रु.५६ लाख ९७ हजार, पर्साले रु.२१ लाख ८४ हजार, महोत्तरीले रु.२ लाख ९७ हजार, मकवानपुरले रु.२ लाख ७६ हजार र वाराले रु.७२ हजार चालुवर्षको बजेटबाट विद्यालयलाई गतवर्षको निकासा गर्न बाँकीको प्रमाणबेगर शिक्षकको तलब भत्ता यो वर्ष खर्च लेखेको छ । भुक्तानी दिन बाँकीको अभिलेख प्रमाणित गराएको छैन । यस्तो खर्च आर्थिक कार्यविधि ऐन नियमविपरीत छ ।

जिल्ला शिक्षा कार्यालय, धनुषाका २७१ विद्यालयमा स्वीकृत १ हजार ३०६ दरबन्दीमध्ये २१२ शिक्षक अस्थायी रहेकोले १ हजार ८५ जना मात्रै दरबन्दी शिक्षक स्थायी पूर्ति रहेको देखियो । उक्त कार्यालयले प्राथमिक तहका शिक्षकलाई पोशाक भत्ता रकम नपुगेको भनि २०६९।६।८ मा रु.९६ लाख २२ हजार ५०० भुक्तानी दिन बाँकीको विवरण म.ले.प.फा.नं.१८ आफैले प्रमाणित गरी राखेको पाइयो । उक्त विवरणअनुसार १ हजार ८५ शिक्षकको रु.७ हजार ५०० का दरले रु.८१ लाख ३७ हजार ५०० हुनुपर्नेमा रु.१४ लाख ८५ हजार बढी लेखाङ्कन भएको छ । बढी देखिएको उक्त रकम सम्बन्धमा छानबिन गर्नुपर्ने देखिएको छ ।

१३. **अनुदान** – आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५ मा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्ष भित्र लागू गरी सक्नुपर्ने उल्लेख छ । त्यस्तै तालुक निकायले मातहतका कार्यालयले गर्नुपर्ने कार्यवारेमा अनुगमन गर्नको लागि जिम्मेवार अधिकारी तोक्नुपर्ने उल्लेख छ । शिक्षा विभागको कार्यक्रम कार्यान्वयन निर्देशिका २०६८।६९ मा कार्यालयले कार्यक्रम अनुगमन योजना बनाई माथिल्लो निकायमा पेश गर्नुपर्ने र योजनाअनुरुप अनुगमन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १५ जिल्ला शिक्षा कार्यालयले आफ्ना मातहतका उच्च माध्यमिक विद्यालयलाई भवन निर्माण, विज्ञान प्रयोगशाला स्थापना, सामग्री व्यवस्था र जोड कोषको लागि रु.२ करोड २९ लाख ५६ हजार सशर्त अनुदान निकासा दिएको छ । निकासा रकमको शर्तअनुरुप कार्य भए नभएको सम्बन्धमा अनुगमन गरी सम्पन्न भएका कार्यको कार्य सम्पन्न जनाई फरफारक गर्नुपर्नेमा सो गरेको छैन । ती विद्यालयको लेखापरीक्षण प्रतिवेदन लिई तोकिएको काममा खर्च नभएको बाँकी रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१४. **दिवा खाजा –** कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८।६९ को बुँदा नं. ४.१.६ को व्यवस्था र वार्षिक कार्यक्रम अनुसार प्राथमिक तहका विद्यार्थीको लागि दिवा खाजाबापत प्रतिविद्यार्थी दैनिक रु.१२।– का दरले विद्यालय खुल्ने दिन गणना गरी २०० दिनसम्मको खाजाको व्यवस्था गर्न विद्यालयलाई रकम निकासा दिने व्यवस्था छ । नमुना परीक्षणमा परेका जिल्ला शिक्षा कार्यालय कैलालीले २५ हजार २२० विद्यार्थीको लागि कार्यालयको अभिलेख अनुसार विद्यालय खुलेको दिन २०७ को रु ६ करोड २६ लाख ४६ हजार निकासा दिएकोमा बढी निकासा दिएको रु.२१ लाख १८ हजार, जुम्लाले फ्लास रिपोर्टमा उल्लेख भएको विद्यार्थी संख्याभन्दा बढीलाई रु.२ लाख ५९ हजार खर्च देखाएको र हुम्लाले निकासा विवरणको जोड जम्मामा फरक परी रु.६ लाख २६ हजार बढी निकासा दिएकोले असुल गर्नुपर्दछ ।

१५. **पाठ्यपुस्तक–** कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८।६९ को बुँदा नं.४.२, ४.३ र ४.४ मा नि:शुल्क पाठ्यपुस्तकका लागि विद्यालयलाई अनुदान दिँदा प्रतिविद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म

अध्ययनरत विद्यार्थीको तथ्याङ्क, विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिसमेतको संयुक्त बैठकमा विश्लेषण गरी विद्यार्थी संख्या टुङ्गो लगाई दोस्रो चौमासिकमा तहगत रुपमा तोकिएको दररेटमा निकासा दिनुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय सप्तरी, सर्लाही, सिन्धुली, चितवन, रुपन्देही, कपिलवस्तु, काभ्रे, दोलखासमेत ८ जिल्लाले तोकेको दररेटभन्दा बढी रु.१ करोड ९३ लाख ८९ हजार निकासा दिएको छ । उक्त बढी रकम असुल गर्नुपर्नेमा गरेको छैन ।

अनियमित एवं बढी निकासा भएका व्यहोरा

कार्यक्रम	विवरण
सबैको लागि शिक्षा कार्यक्रम	शिक्षा कार्यालय ४८ ले विद्यालयको लागि आवश्यक पर्ने बजेटभन्दा रु.३ करोड २८ लाख ६० हजार बढी निकासा दिएको छ ।
विद्यालय क्षेत्र सुधार कार्यक्रम	शिक्षा कार्यालय सप्तरी, सर्लाही, सिन्धुली, चितवन, रुपन्देही, कपिलवस्तु, काभ्रे, दोलखाले नि:शुल्क पाठ्यपुस्तकका लागि अनुदान दिँदा रु.१ करोड ९४ लाख बढी निकासा दिएको छ ।
विद्यालय क्षेत्र सुधार कार्यक्रम	शिक्षा कार्यालय ७३ ले विद्यालयको भौतिक निर्माण र मर्मत सम्भार कार्यको लागि रु.१ अर्ब ५८ करोड ७७ लाख निकासा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन ।
विद्यालय क्षेत्र सुधार कार्यक्रम	शिक्षा कार्यालय सर्लाही, बर्दिया, हुम्ला र सुर्खेतले छात्रा, दलित, अपाङ्ग, द्वन्दपीडित, शहीदका छोराछोरी, लक्षितवर्ग र लोपोन्मुख तथा अति सिमान्तकृत वर्ग एवं माध्यमिक शिक्षा छात्रवृत्ति वितरण गर्न रु.१३ करोड ९७ लाख विद्यालयलाई निकासा दिएकोमा विद्यार्थीहरुलाई वितरण भएको अनुगमन गरेको छैन ।
सबैको लागि शिक्षा कार्यक्रम	शिक्षा कार्यालय धनुषा, सर्लाही, पर्सा, महोत्तरी, मकवानपुर र बाराले गतवर्षको निकासा गर्न बाँकीको प्रमाणबेगर विद्यालयका शिक्षकको तलब भत्तामा रु.३ करोड ३१ लाख खर्च लेखेको छ ।
उच्च माध्यमिक विद्यालयलाई अनुदान	जिल्ला शिक्षा कार्यालय १५ ले उच्च माध्यमिक विद्यालयलाई भवन निर्माण, विज्ञान प्रयोगशाला स्थापनालगायतका कार्यका लागि रु.२ करोड ३० लाख सशर्त अनुदान निकासा दिएकोमा अनुगमन गरेको छैन ।
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	केन्द्रीय कार्यालयको खाताअनुसार रु.५ करोड १७ लाख बैङ्क मौज्दात हुनुपर्नेमा रु.१ करोड ४९ लाख घटी हुँदा पनि आवश्यक कारवाही भएको छैन ।
विश्व विद्यालय अनुदान आयोग	आयोगले विभिन्न ६ विश्वविद्यालयलाई चालू र पूँजीगत खर्चसमेत रु.५ अर्ब १६ करोड अनुदान दिएकोमा तोकिएको कार्य भए नभएको निश्चित गरेको छैन ।
त्रिभुवन विश्वविद्यालय	विश्वविद्यालय अन्तर्गतका १२२ निकायको ४४५ इकाईको लेखापरीक्षण ३ महिनाभित्र गराउन सार्वजनिक लेखा समितिले २०६९ वैशाखमा निर्देशन दिए तापनि ३७७ इकाईको लेखापरीक्षण गराएको छैन ।

१६. **विद्यार्थी मूल्याङ्कन** – कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८।६९ को बुँदा नं.४.१७ मा जिल्ला अन्तर्गतका प्राथमिक तहका कक्षा १ मा नयाँ भर्ना भएका प्रत्येक विद्यार्थीका लागि रु.५० का दरले निरन्तर विद्यार्थी मूल्याङ्कन सुदृढीकरणका लागि विद्यालयलाई उपलब्ध गराउने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय, महोत्तरीले कक्षा १ मा अध्ययनरत विद्यार्थीलाई निरन्तर विद्यार्थी मूल्याङ्कनको लागि भुक्तानी दिनुपर्नेमा कक्षा २ का विद्यार्थीसमेत जोडी रु.६ लाख ३६ हजार बढी निकासा दिएको छ ।

१७. **प्रौढ शिक्षा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० मा १० लाख रुपैंयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गरी परामर्श सेवा लिन सकिने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय सप्तरीले सोझै एक गैरसरकारी संस्थासंग सम्झौता गरी बिल भरपाई, अनुगमन प्रतिवेदन अभिलेख तथा तालिम सञ्चालन गरेको पुष्ट्याइँबेगर रु.१६ लाख ११ हजार र सुनसरीले रु १० लाख ९४ हजार भुक्तानी गरेको छ । यस्ता कारोबारउपर छानबिन हुनुपर्दछ ।

१८. **परामर्श सेवा** – सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ अनुसार सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय कैलालीले छात्रवृत्तिलगायतका सुविधा उपलब्ध गराउन शारीरिक तथा मानसिक अपांगको नामावलीसहितको विवरण तयार गर्ने कार्य एक संस्थामार्फत गराएकोमा कार्य सम्पन्न भएको प्रमाणबेगर रु.९ लाख ९९ हजार खर्च लेखेको छ ।

शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६६ अनुसार वार्षिक स्वीकृत कार्यक्रम अनुसार शिक्षकलाई टिचर प्रोफेशनल डेभलपमेण्ट (टि.पी.डी) तालिम ८ दिन दिएपछि सो तालिम प्राप्त व्यक्ति सम्बन्धित विद्यालयमा गई थप २ दिन कक्षा कोठामा सो शिक्षण अभ्यासमा रहेको समयमा जिल्ला शिक्षा कार्यालयले तोकेको प्रशिक्षकले परामर्श उपलब्ध गराउनुपर्ने व्यवस्था छ । कार्यालयले परामर्श दिएको

विद्यालयको नाम, स्थान, तालिममा उपस्थित विवरणसमेत प्रमाणित गरी परामर्श खर्च लेख्नुपर्नेमा जिल्ला शिक्षा कार्यालय सुनसरी, सप्तरी, कपिलवस्तु, रुपन्देही र बर्दियाले सो प्रमाणबेगर रु.३५ लाख २० हजार खर्च लेखेका छन् । खर्चको पुष्ट्याई एवं प्रमाण राखी अभिलेख राख्नुपर्दछ ।

१९. **बिलबेगर भुक्तानी –** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालय सप्तरीले प्रवेशिका परीक्षाको उत्तरपुस्तिका परीक्षण तथा संपरीक्षण गराउँदा खर्चको आव श्यक बिल भरपाईलगायत खर्चका प्रमाण सङ्कलन नगरी रु.१२ लाख ७३ हजार खर्च लेखेको छ । बाराले प्रवेशिका परीक्षासम्बन्धी कार्यमा रु.११ लाख ६६ हजारको बिल बेगर खर्च गरेको छ । रौतहटले साक्षरता अभियान, आधारभूत प्रौढ तथा महिला शिक्षा आय आर्जन र सामुदायिक अध्ययन केन्द्रसम्बन्धी व्यवस्थापन तालिम सञ्चालन गर्न एक संस्थासँग २०६७।१।२८ मा सम्झौता गरी बिल भरपाईबेगर रु.४७ लाख ३६ हजार, भोजपुरले प्रयोगशाला र पुस्तकालय स्थापना आदि कार्यमा खर्चको बिल भरपाई एवं फाँटवारीबेगर रु.५ लाख, सर्लाहीले तालिम, सामग्री खरिद, गोष्ठी सञ्चालन गरेको भनी रु.१३ लाख १० हजार र प्रवेशिका परीक्षामा खर्च गरेको भनी रु.१३ लाख ८३ हजार बिल भरपाई बेगर खर्च लेखेकोमा छानबिन गरी असुल गर्नुपर्दछ ।

जिल्ला शिक्षा कार्यालय पर्साले जिल्ला शिक्षा समितितर्फ रु ४७ लाख ६१ हजार आम्दानी खर्च देखाएकोमा सो कारोबार पुष्टि गर्ने बिल भरपाई बैङ्क भौचर, बैङ्क नगदी किताब, बैङ्क स्टेटमेन्टलगायतका कारोबारको स्रेस्ता पेश नगरेकोले उक्त रकम छानबिन गरी यकिन गर्नुपर्दछ ।

२०. **प्रति विद्यार्थी कोष –** अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका २०६६ को बुँदा ६.२ मा हिमाल, पहाड र तराईमा क्रमश: ४०,४५ र ५० विद्यार्थी बराबर एक शिक्षक हुनुपर्ने सोभन्दा घटी शिक्षक भएमा प्रति मौजुदा विद्यार्थी (पी.सी.एफ.) लाई नपुग रकम प्रति विद्यार्थीका आधारमा थप रकम निकासा दिन सकिने व्यवस्था छ । तर निर्देशिकाको नर्म्सविपरीत जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोकले रु.३३ लाख ९६ हजार, रौतहटले ३१ विद्यालयलाई रु.३३ लाख, वाँकेले २० विद्यालयलाई रु.१८ लाख ७५ हजार, मकवानपुरले रु.३ लाख ६८ हजार र सर्लाहीले रु.२ लाख २७ हजार बढी निकासा दिएको छ ।

२१. **राहत कोटा –** जिल्ला शिक्षा कार्यालय धनुषाले ४६७ राहत शिक्षकको कोटामा विगत वर्षदेखि ५२९ शिक्षक नियुक्ति गरेको छ । कोटाभन्दा बढी राहत शिक्षक नियुक्ति गरेको सम्बन्धमा जिल्ला शिक्षा समिति धनुषाबाट २०६८।७।२८ मा गठित राहत छानबिन समितिको प्रतिवेदनमा पनि शिक्षा विभागबाट प्राप्त कोटाभन्दा बढी वितरण भएका राहत शिक्षकको सम्बन्धमा यकिन गरेको पाइएन । जिल्ला शिक्षा समितिको बैठकले छानबिन समितिको प्रतिवेदन अनुमोदन गरेको पनि छैन । विभिन्न ६२ विद्यालयलाई राहत छानबिन समितिले बदर गरेको भए तापनि यो वर्ष ती विद्यालयहरुका लागि पुन: रु.५३ लाख ५५ हजार तलब खर्च लेखेको छ । यस्तो निकासा तथा खर्चको विस्तृत छानबिन हुनुपर्दछ ।

२२. **राजस्व** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० (२) मा कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । दफा १३ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैङ्क दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १५ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम १० बमोजिम राजस्वको लगत रहे नरहेको यकिन गर्नुपर्नेछ । यसरी निरीक्षण भए वा नभएको कुरा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण गर्दा हेर्नुपर्ने उल्लेख छ । नियम १८ मा राजस्व रकम बैङ्क दाखिला गर्ने, गराउने र लेखा राख्ने, राख्न लगाउने उत्तरदायित्व कार्यालय प्रमुखमार्फत लेखा प्रमुखको हुने व्यवस्था छ । शिक्षा मन्त्रालय र मातहतका विभाग कार्यालयमा राजस्वसम्बन्धी उल्लिखित व्यवस्था पालना नभएका केही उदाहरण देहायअनुसार छ:

२२.१ जिल्ला शिक्षा कार्यालय सप्तरीले कानूनले तोकेका म.ले.प.फारामहरु प्रयोगमा नल्याई टिपोटको आधारमा राजस्व आम्दानी तथा दाखिला गरेको पाइयो । नगदी रसिद काट्ने जिम्मेवारी कसैलाई नतोकेकोले जोसुकै

कर्मचारीले नगदी रसिद काट्ने गरेको देखियो । आम्दानीअनुसार राजस्व दाखिला गरेको भिडाउने आधार भेटिएन । राजस्व आम्दानी गर्दा बैङ्क भौचरको छायाँप्रतिबाट समेत आम्दानी बाँधेको देखिन्छ । बैङ्क स्टेटमेन्ट अनुसार रु.१ करोड ४१ लाख ५३ हजार आम्दानी भएकोमा कार्यालयले रु.१ करोड १५ लाख ६६ हजारको मात्र हिसाब राखेको छ । राजस्व कारोबारमा नियमितता नदेखिएकोले छानबिन गर्नुपर्ने देखिएको छ ।

२२.२ जिल्ला शिक्षा कार्यालय सर्लाहीले रु ७७ लाख ९० हजार राजस्व आम्दानी देखाएको आर्थिक विवरण र बैङ्क भौचर मात्र लेखापरीक्षणमा पेश गरेको छ । आम्दानी गर्न प्रयोग गरेको नगदी रसिद, रसिद नियन्त्रण खाता, म.ले.प.ढाँचाका खाताहरु राखेको देखिएन । आवश्यक कारबाही गरी स्रेस्ता पेश गर्नुपर्दछ ।

२२.३ जिल्ला शिक्षा कार्यालय रौतहटले नगदी रसिद नियन्त्रण खाता, रसिदबाट उठेको रकम दाखिलाको शीर्षक अनुसार लेखांकन गरेको प्रमाण, भौचर, नगदी रसिद र रु. ४६ लाख २३ हजारको बैङ्क दाखिला भौचर समेत लेखापरीक्षणमा पेश गरेको छैन । यस सम्बन्धमा आवश्यक कारबाही गरी राजस्व आम्दानी यकिन गर्नुपर्दछ ।

२२.४ जिल्ला शिक्षा कार्यालय बाराले कानूनबमोजिम राख्नुपर्ने कुनै पनि राजस्व खाता नराखी नगदी रसिद नियन्त्रण खाताबेगर विभिन्न फाँटबाट नगदी रसिद काटी राजस्व आम्दानी गरेको छ । सो आयको लेखाङ्कन नगरी बैङ्क स्टेटमेन्टको आधारमा रु.६७ लाख ५४ हजार आय देखाएको छ । आवश्यक कारबाही गरी स्रेस्ता पेश गर्नुपर्दछ ।

२२.५ जिल्ला शिक्षा कार्यालय पर्साले कानूनबमोजिम राख्नुपर्ने रसिद नियन्त्रण खातालगायत म.ले.प.फाराम अनुसारका खाताहरु नराखी रु ५१ लाख ९० हजार आम्दानी जनाएको छ । यस्तो खर्चको छानबिन गर्नुपर्दछ ।

२२.६ जिल्ला शिक्षा कार्यालय काभ्रेपलाञ्चोक, तनहुँ र गोरखाले स्वीकृत म.ले.प.फारामअनुसारको खाता नराखेकोले उठेको रकम यथार्थ भएको र समयमा दाखिला गरेको यकिन गर्न सकिएन । कानूनको पालना गराउन आवश्यक कारबाही गर्नुपर्दछ ।

२३. **पेश्की –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा सरकारी कामकाजको निम्ति पेश्की लिनु पर्दा कामको निमित्त चाहिने रकमको विवरण पेश गर्नुपर्ने, कार्यालय प्रमुखले सम्बन्धित कामको निमित्त आवश्यक पर्नेभन्दा बढी नहुने गरी प्रयोजन खुलाइ पेश्की दिनुपर्ने व्यवस्था छ । तर जिल्ला शिक्षा कार्यालय, सर्लाहीले प्रयोजन नखुलाई एक स्रोतव्यक्तिलाई रु.२८ लाख ५३ हजार र ४ प्राविधिक सहायकलाई रु.३८ लाख ७ हजार पेश्की दिएको छ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

अनौपचारिक शिक्षा केन्द्र कार्यक्रम कार्यान्वयन एवं व्यवस्थापन

साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र विद्यालय शिक्षा एवं समकक्षताको वैकल्पिक एवं खुला विद्यालय जस्ता अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रमहरुको विकास, व्यवस्थापन, प्रवर्द्धन, समन्वय र कार्यान्वयन गर्न स्थापित यस केन्द्रको कार्यक्रम सञ्चालन सम्बन्धमा कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्नु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहेको छ ।

२४. **अनौपचारिक शिक्षा** – साक्षरता तथा अनौपचारिक शिक्षा सम्बन्धी निर्धारित गुणात्मक र परिमाणात्मक लक्ष्य प्राप्तिका लागि विद्यालय क्षेत्र सुधार कार्यक्रमले तय गरे अनुरुप सन् २०१५ सम्म विद्यमान प्रौढ साक्षरता दरमा वृद्धि गरी ९२ प्रतिशतसम्म पुऱ्याउने, साक्षरता, अनौपचारिक शिक्षा र खुला शिक्षा तथा दूर सिकाई पद्धतिबाट मुलुकको सामाजिक, आर्थिक एवं मानव विकासका लक्ष्य हासिल गर्न स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रगति गरेको हुनुपर्दछ ।

२४.१ स्वीकृत वार्षिक लक्ष्यअनुसार २०६६।६७ मा १२ लाख १० हजार ५६० लाई साक्षर बनाउनु पर्नेमा १० लाख ३ हजार ९३९ जना, २०६७।६८ मा ६ लाख १२ हजार ९२० मा ३ लाख ४९ हजार ९६३ र २०६८।६९ मा

१० लाख ३५ हजार १५० मा ७ लाख ६९ हजार ३६७ अर्थात् क्रमश: ८२.९३ प्रतिशत, ५७.१० प्रतिशत र ७४ प्रतिशतमात्र साक्षर भएका छन् ।

विगत ३ वर्षमा लक्ष्य घट्दै गएको, बजेट घट्दै गएको अवस्थामा सन् २०१५ सम्मको लक्ष्य हासिल हुन कठिन देखिएको छ ।

२४.२ अनौपचारिक शिक्षा प्रदान गर्न विगत ३ वर्षमा १ हजार ९८१ सामुदायिक अध्ययन केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा १ हजार ८०६ मात्र स्थापना भएको विवरण प्राप्त भएको छ । लक्ष्य अनुरुप सामुदायिक केन्द्रहरु स्थापना हुन नसकेका, सामुदायिक केन्द्रहरुको संस्थागत सुदृढीकरण तथा केन्द्रसँग औपचारिक सम्बन्ध कायम हुन नसकेको आदि कारणबाट अनौपचारिक शिक्षाको लक्ष्य हासिल हुन सकेको देखिएन ।

अत: लक्ष्य हासिल गर्न अनौपचारिक शिक्षाका विभिन्न सिकाई विधिको अभ्यास, पाठ्यपुस्तक निर्माण, परिमार्जन तथा छपाई विभिन्न अनौपचारिक शिक्षा सम्बन्धी अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्दै विद्यमान संरचनामा सुधार गरी ग्रामीण क्षेत्रको अशिक्षालाई निवारण गर्न अल्पकालीन र दीर्घकालीन नीति तथा योजना बनाई अनौपचारिक शिक्षाको प्रभावकारिता बढाउनुपर्ने देखिन्छ ।

२५. **सिकाईका विधि** – अनौपचारिक शिक्षा बहुविधा र तरिकाबाट साक्षर बनाउने विधि हो । अनौपचारिक शिक्षाका विश्वव्यापी विधिहरु मध्ये कि बोर्ड एप्रोच विधिमात्र प्रयोग गरी अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्दै आएको छ । विश्वव्यापी रुपमा प्रयोगमा रहेका होल ल्याङ्वेज, लर्नर जेनेरेटेड मेटेरियल, ल्याङ्वेज एक्पिरीयन्स, लिटेरेसी थ्रो आई.सी.टी विधिहरु प्रयोग गरेको छैन । बहुविधाबाट गरिने कार्यबाट निश्चित रुपमा एकल विधाबाट भन्दा बढी लाभ प्राप्त गर्न सकिन्छ । निरक्षरको उमेर, स्तर, बुझ्ने क्षमता आदिको आधारमा एकभन्दा बहु विधि बढी प्रभावकारी महत्त्वपूर्ण र उपयोगी हुने निश्चित छ । यसरी आवश्यकतानुसार बहु विधाबाट गरिने सिकाइले पार्ने असर तथा प्रभाव विश्लेषण गरी स्रोत र साधनको समुचित प्रयोगबाट बढी लाभ लिनु प्रविधि र स्रोतको हिसाबले पनि महत्त्वपूर्ण रहन्छ । केन्द्रलाई यस्ता विधिहरुमा दक्षता विकास गर्न दक्ष जनशक्ति र स्रोत साधनयुक्त बनाई परम्परागत र एक विधाबाट बहु सिकाई विधामा अग्रसर गराई निरक्षरता उन्मूलनमा अग्रसर गराउनुपर्ने देखिन्छ ।

२६. **औपचारिक शिक्षासँग सम्बन्ध** – अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको एकल उद्देश्य शिक्षाको माध्यमबाट दक्ष र सीपयुक्त जनशक्ति तयार गर्ने नै हो । अनौपचारिक शिक्षाबाट आर्जित ज्ञान, सीपलाई निश्चित प्रक्रियाबाट औपचारिक शिक्षाको लागि आधार बनाउन सके यसको उपयोगिता र महत्त्व अझ वृद्धि हुँदै जान्छ ।

अनौपचारिक प्राविधिक शिक्षाको तेस्रो तह उत्तीर्ण गरेपछि ५ कक्षा सरह र पहिलो र दोस्रो तह पूरा गरी सकेपछि ८ कक्षाको जिल्ला स्तरीय परीक्षामा सामेल हुन पाउने व्यवस्था रहेको जानकारी प्राप्त भएको छ । अन्य अनौपचारिक शिक्षा अन्तर्गत साक्षरता सीप प्रमाणीकरण ढाँचाको विकास र साक्षरता कार्यक्रम पूरा गरी सकेपछि औपचारिक विद्यालयमा भर्ना हुनका लागि समकक्षता निर्धारण पद्धतिको विकास नभएकोले औपचारिक शिक्षासँगको सहसम्बन्ध स्थापित हुन सकेको छैन । अनौपचारिक शिक्षालाई बढी जीवनोपयोगी, फलदायी र प्रभावकारी बनाउन औपचारिक शिक्षासँग आबद्ध गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२७. **अन्य निकायसँग समन्वय –** औपचारिक शिक्षा प्राप्त गर्न वञ्चित व्यक्ति तथा समुदायलाई साक्षर बनाउने कार्य सफल बनाउनका लागि अन्य निकायसँग समन्वय र सहकार्य हुनुपर्दछ । केन्द्र बाहेक सरकारका अन्य निकाय स्थानीय निकाय, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाबाट पनि यस्ता अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन हुदै आएका छन् । स्थानीय निकायलाई अनौपचारिक शिक्षाको लागि थप जिम्मेवारी दिन ठोस नीति तथा कार्ययोजना निर्माण गरिनुपर्दछ भने अन्य स्थानीय तहसम्म कार्य सञ्चालन हुने सरकारी निकायलाई पनि यस कार्यमा संलग्न गराई अनौपचारिक शिक्षालाई प्रभावकारी र भूमिकायुक्त बनाउन पहल हुनुपर्दछ ।

२८. **अनुमगन व्यवस्था** – केन्द्रबाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्दछ । व्यवस्थापनद्वारा कार्यक्रम कार्यान्वयनको हरेक तहमा निरन्तर निरीक्षण र जाँचबुझ गरी प्रभावकारी कार्य सम्पादन गर्न कार्यतालिका अनुसारको कार्य र परिलक्षित प्रतिफल हासिल गर्नको निमित्त कार्य सञ्चालन भइरहेको छ छैन भन्ने कुरामा सुनिश्चित हुनुपर्दछ । अनुगमनको लागि कार्यक्रम, मार्गनिर्देशन र व्यवस्था सम्बन्धमा प्रतिदश कक्षा अनुगमन निरीक्षणका लागि एक स्थानीय निरीक्षक रहने व्यवस्था, जिल्ला शिक्षा कार्यालय तहबाट अनुगमन गराउने व्यवस्था र अनुगमन साधन उपलब्ध गराउने व्यवस्था गरेको जानकारी प्राप्त भएको छ । तर यसरी भएको अनुगमन र सोको व्यवस्थित अभिलेख रहेको देखिदैन । केन्द्रमा जनशक्ति र बजेटको अपर्याप्ततासे गर्दा पर्याप्त अनुगमन हुन नसकेको तथा अनुगमनबाट देखिएका कमजोरी हटाई सुधारात्मक कदम चाल्न समेत नसकिएको जानकारी दिएको छ ।

२९. **अन्य** – अनौपचारिक शिक्षा कार्यक्रमका लागि विगत ३ वर्षमा बजेट तथा खर्च घट्दै गएको, जिल्ला तथा स्थानीय निकायसम्म संस्थागत संरचना नभएको, सामग्री तथा प्रकाशन, छपाईको गुणस्तर घट्दै गएको तथा परामर्शदातामा निर्भर रहनु परेको, कार्यसञ्चालन प्रक्रिया स्पष्ट नभएको आदि समस्या देखिएको छ । उक्त समस्या समाधान गरी कार्य प्रभावकारिता बढाउनुपर्ने देखिन्छ ।

जिल्ला शिक्षा कार्यालय (मोरङ्ग, बारा, स्याङ्जा, बाँके र कञ्चनपुर)
शैक्षिक प्रभावकारिता मूल्याङ्कन

नयाँ शिक्षा पद्धतिको योजना लागू भएपश्चात शैक्षिक व्यवस्थापनको जिम्मा सरकारले लिएको थियो । समुदायलाई विद्यालय स्थापना र व्यवस्थापनमा सहभागी गराइए तापनि सरकारले नै स्रोत, साधन उपलब्ध गराउँदै आएकोमा सन् २०१५ सम्ममा सबैका लागि शिक्षा प्रदान गर्ने सहस्राब्दी लक्ष्य अनुसार **"सबैका लागि शिक्षा"** प्रदान गर्ने उद्देश्यले स्थानीय निकाय, विश्व बैङ्क, यूरोपियन यूनियन डेनमार्क, फिनल्याण्ड, नर्वे, अष्ट्रेलिया समेतको संलग्नतामा विद्यालय सञ्चालन र भौतिक पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन हुँदै आएको छ । उक्त कार्यक्रम अन्तर्गत जिल्ला शिक्षा कार्यालय मोरङ्ग, बारा, स्याङ्जा, बाँके र कञ्चनपुरको शैक्षिक प्रभावकारिता मूल्याङ्कन गरी प्रतिवेदन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ । उक्त उद्देश्य पूरा गर्न ५ जिल्लाका ७५ विद्यालय र ४५० सरोकारवालासँग अन्तरक्रिया, छलफल गरिएको थियो ।

३०. **शिक्षामा पहुँच विस्तार** – शिक्षामा पहुँच वृद्धि गर्न शिक्षा ऐन, २०२८ को दफा १६ घ अनुसार सामुदायिक विद्यालयहरुमा प्राथमिक तह नि:शुल्क हुने व्यवस्था छ । यसैगरी २०६६।५।१६ मा संशोधित शिक्षा नियमावली २०५९ को नियम १४६ बमोजिम सामुदायिक विद्यालयमा प्राथमिक र निम्नमाध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीबाट शुल्क लिन नपाइने व्यवस्था छ ।

३०.१ विद्यालयमा कक्षा १ देखि ८ सम्म पढ्ने विद्यार्थीसँग शुल्क लिने गरेको छ भनी ४५० जनालाई सोधनी गर्दा १३ जनाले मासिक शुल्क लिइन्छ, १९ जनाले भर्ना शुल्क लिने गरेको र २२५ जनाले परीक्षा शुल्क लिने गरेको जनाएका छन् । सबैलाई नपुग्ने गरी छात्रवृत्ति रकम प्राप्त भएको अवस्थामा के आधारमा बाँडिन्छ भन्ने प्रश्नमा ११ जनाले अनुशासित भएको आधारमा, ५ जनाले पढाई राम्रो भएको आधारमा, १७९ जनाले गरीब र विपन्न भएको आधारमा बाँड्ने जनाएका छन् भने ६२ जनाले जानकारी नभएको र १४७ जनाले उत्तर नै दिएका छैनन् ।

३०.२ मोरङ्ग जिल्लाका ७ विद्यालयले रु.१०।– देखि रु.५००।– सम्म र बारा जिल्लाका १० विद्यालयले रु.५०।– देखि रु.१ हजार १५० सम्म भर्ना, परीक्षा, कोचिङ्ग कक्षा शुल्क लिने गरेको छ । स्याङ्जा जिल्लामा ३ विद्यालयले रु.५।– देखि रु.३०।– सम्म परीक्षा शुल्क लिने गरेको पाइयो । त्यस्तै बाँके जिल्लाका सबै विद्यालयले परीक्षा शुल्क लिने गरेको पाइयो ।

विद्यालयको पूर्वाधार कमजोर रहेको, थप कक्षा सञ्चालन गरेको, परीक्षा सञ्चालन खर्च आदिका लागि स्रोत अपुग हुन गएकोले विभिन्न शुल्क लिने गरेको पाइन्छ । यसबाट शिक्षा ऐन तथा नियमावली,

सहस्राब्दी विकास लक्ष्यअनुसार आधारभूत शिक्षामा पहुँच विस्तार हुन नसक्ने भएकोले नि:शुल्क गुणस्तरीय शिक्षाका माध्यमबाट पहुँच विस्तार गर्नुपर्दछ ।

३१. **शैक्षिक गुणस्तर** – शिक्षकलाई अध्यापनमा सजग गराई शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षा नियमावली, २०५९ को नियम ९४(म) बमोजिम कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार ३ वर्षसम्म १५ प्रतिशतभन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरबाही वा अनुशासनहिन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्मको तलब वृद्धि रोक्का गर्ने अधिकार प्रधानाध्यापकलाई रहेको छ । छनौटमा परेका विद्यालयमध्ये विगत ३ वर्षको एस.एल.सी.को परीणाम विश्लेषण गर्दा मोरङ्गमा ३ विद्यालय, बाँकेमा ११ विद्यालय, कञ्चनपुरमा ४ विद्यालयको एस.एल.सी.को परीणाम १५ प्रतिशतभन्दा घटी आएकोमा विषयगत उत्तीर्ण नतिजा कम भएका शीषकहरुलाई कारबाही गरेको देखिएन ।

अत: विषयगत शिक्षकको नतिजा अभिलेख व्यवस्थित गरी न्यून नतिजा रहने विषयगत शिक्षकको शिक्षण विधि, शैक्षिक सामग्रीको नियमित अनुगमन गरी शैक्षिक गुणस्तर कायम गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३२. **शिक्षक विद्यार्थी अनुपात** – शिक्षाको गुणस्तर कायम राख्न विद्यार्थी शिक्षक अनुपात हिमालमा ४०:१, पहाडमा ४५:१, तराईमा ५०:१ हुनुपर्दछ । अध्ययनका लागि छनौट गरिएका ५ जिल्लाका ७५ विद्यालयहरु मध्ये विद्यार्थी संख्याको आधारमा ५९ विद्यालयमा बढी र १६ विद्यालयमा घटी शिक्षक रहेको पाइयो । उक्त अनुपातको आधारमा दरबन्दी पुनरावलोकन गरी विद्यार्थी शिक्षक अनुपात मिलाइनु पर्दछ ।

३३. **क्षमता विकास** – विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत विकेन्द्रीत शैक्षिक योजना तथा व्यवस्थापन, क्षमता विकास, तालिमको अवसर प्रदान गरी प्रभावकारी कार्यान्वयनका लागि क्षमता अभिवृद्धि गर्ने, समुदायबाट विद्यालय व्यवस्थापन गर्न सरोकारवाला र गैर सरकारी संस्थाको लागि विभिन्न तालिम तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था छ । मोरङ्ग, बारा, स्याङ्जा, बाँके र कञ्चनपुर जिल्लामा जिल्ला शिक्षा अधिकारी तथा स्रोत व्यक्तिहरुको निरन्तर सहयोगका अतिरिक्त प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति र गाउँ शिक्षा समितिका सदस्यहरुलाई तालिमको अवसर प्रदान गर्ने, शैक्षिक योजना सम्बन्धी क्षमता अभिवृद्धि गर्ने रणनीति अवलम्बन गरिए तापनि विद्यालय व्यवस्थापन समितिले तालिमको अवसर कम प्राप्त गरेको र स्थानीय निकायमा पदाधिकारीहरु नभएको र गाउँ शिक्षा समिति नै गठन नभएको पाइयो भने समुदायबाट व्यवस्थापन भएका विद्यालय अन्तर्गत प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समितिका सदस्यहरु तथा गैर सरकारी संस्था एवं अन्य सरोकारवालालाई तालिम तथा अभिमुखीकरणको अवसर प्राप्त भएको देखिएन । अत: स्वीकृत कार्यक्रमबमोजिम सरोकारवालाहरुलाई तालिमको अवसर जुटाई शैक्षिक योजना कार्यान्वयन गर्नका लागि क्षमता विकास गर्नुपर्दछ ।

३४. **भौतिक शैक्षिक पूर्वाधार** – विद्यालय समुदायद्वारा व्यवस्थापन जिम्मेवारी लिएपश्चात् आन्तरिक आयस्रोतको पहिचान एवं उपयोगबाट रचनात्मक कार्यहरु जस्तै: कक्षाकोठा, भवन निर्माण, फर्निचर व्यवस्था, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था मिलाइएको हुनुपर्दछ ।

३४.१ विद्यालय समुदायमा हस्तान्तरण पश्चात अभिभावकको नियमित सम्पर्कमा रही अभिभावकको चासोलाई ध्यानमा राखी कार्य गरेको छ भनी सोधनी गर्दा २६९ जनाले अभिभावक भेलामा मात्र सम्पर्क हुन्छ, ४४ जनाले व्यवस्थापन समितिले आफ्नै ढङ्गले निर्णय गर्दछ, ७७ जनाले नियमित सम्पर्क हुँदैन भनी उत्तर दिएका छन् ।

३४.२ मोरङ्गमा १५ मध्ये ८ विद्यालयको कक्षा कोठा मर्मत गर्नुपर्ने, बारामा २ विद्यालयको कक्षा कोठा मर्मत गर्नुपर्ने, एक विद्यालयमा शिशु कक्षा र एक कक्षा एउटै कोठामा राखेको, अनुदान उपलब्ध गराएका सबै विद्यालय भवन निर्माणको कार्य सम्पन्न भएको पाइएन ।

३४.३ स्याङ्जा जिल्लामा समुदायमा हस्तान्तरण भएका ६ विद्यालयमध्ये ३ विद्यालयमा विज्ञान प्रयोगशाला नभएको र २ मा नगण्य उपकरण सहित विज्ञान प्रयोगशाला भएको, ३ विद्यालयमा कम्प्युटर ल्याव नभएको, ३ विद्यालयमा पुस्तकालय नभएको स्थिति छ ।

३४.४ बाँके जिल्लाको १ विद्यालयमा उच्च शिक्षा अनुमति दिएको तर विद्यालयमा कक्षा कोठाको अभाव भएको, छात्रा शौचालय नभएको, जिल्ला शिक्षा कार्यालयबाट छात्रा शौचालयको लागि निकासा भएको रु.२ लाख धरौटीमा राखेको, २०६५।६६ मा जिल्ला शिक्षा कार्यालयको रु.५ लाख ५० हजार र जिल्ला विकास समितिको रु.१२ लाख लगानीमा हाल विद्यालय भवन रहेको स्थानभन्दा करिब २ कि.मी. टाढा भवन निर्माण गरे पनि सो स्थानमा विद्यालय स्थानान्तरण नगरेकोले उक्त विद्यालयको भ्याल, ढोका चोरी भई भवन नै अलपत्र परेको छ । एक माध्यमिक विद्यालयमा गत वर्ष ४ कोठे भवन निर्माण गर्न लागत रु.२४ लाखमध्ये प्रथम किस्ता रु.१० लाख विद्यालयलाई निकासा दिएकोमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई रु.९ लाख पेश्की दिएको र स्थलगत निरीक्षणको अवधिमा पिलर मात्र उठाएको देखियो । लक्ष्यबमोजिम काम नगरेकोले दोस्रो किस्ता निकासा दिएको छैन । त्यस्तै १ प्राथमिक विद्यालयमा अनुमित बेगर कक्षा ६ र ७ सञ्चालन गरेको र कक्षा कोठाको अभावले दुबै कक्षालाई एउटै कोठामा राखी सञ्चालन गरेको पाइयो ।

शैक्षिक व्यवस्थापनका लागि आवश्यक न्यूनतम पूर्वाधारको मापदण्ड बनाई सोअनुरुप कार्यान्वयन गरिनुपर्दछ ।

३५. **नि:शुल्क पाठ्यपुस्तक** – विद्यालयले विद्यार्थीलाई वितरण गर्ने निशुल्क पाठयपुस्तक शैक्षिक सत्रको शुरुकै दिनमा उपलब्ध गराउनुपर्दछ । समयमा पाठयपुस्तक उपलब्ध हुन नसकेमा शिक्षाको गुणस्तर सुधार हुन नसक्ने भएकोले अनुगमन प्रभावकारी बनाइनु पर्दछ ।

३५.१ मोरङ्ग जिल्लामा १० हजार ९१३ विद्यार्थीमध्ये दोस्रो हप्तासम्म ४ हजार ३०२, दुईदेखि चार हप्ताभित्र २ हजार ४५८, तेस्रो हप्ता पश्चात ७७३ जनाले नि:शुल्क पाठ्यपुस्तक पाएको, वर्षभरमा २८५ ले पाठ्यपुस्तक नपाएको र ७६ जनाले वर्षभरमा आंशिक पाठ्यपुस्तक पाएको देखिन्छ ।

३५.२ बारा जिल्लामा ९ हजार ९०६ विद्यार्थीमध्ये दोस्रो हप्तासम्म ४ हजार ५५१, दुईदेखि चार हप्तासम्म ३ हजार २८८ जनाले, त्यसपछि १ हजार २६४ पाठ्यपुस्तक पाएको र वर्षभरमा ४६५ जनाले पाठ्यपुस्तक नपाएको अवस्था छ ।

३५.३ स्याङ्जा जिल्लामा अध्ययन गरिएका १५ विद्यालयले तोकिएको समयमा पाठ्यपुस्तक वितरण गरेको छैन । अधिकांश विद्यालयले बैशाखको दोस्रो सातादेखि मात्र पाठ्यपुस्तक वितरण गरेको स्थिति छ भने केही विद्यालयले जेष्ठमा मात्र पाठ्यपुस्तक वितरण गरेको स्थिति छ । उदाहरणका लागि सिद्धार्थ उच्च मा.वि फेदी खोलाले २०६९।२।२५ मा प्रदुम्न पनेरु उच्च मा.वि.ले २०६९।२।२४ मा, सवेभक्ति प्रा.वि.ले २०६८।२।१८ मा भुम्रे मा.वि. वालिङले २०६९।२।२५ सम्ममा ध्रुवज्योती मा.वि.ले २०६८।२।२८ सम्ममा र कालिका उच्च मा. वि.ले २०६९।२।१५ मा मात्र पाठ्यपुस्तक वितरण गरेको छ ।

३५.४ बाँके जिल्लाको १५ विद्यालयमा कुल विद्यार्थी संख्या ७ हजार २११ मधये शैक्षिकसत्र शुरु भएको दोस्रो हप्तासम्म २ हजार ६४८ ले, चौथो हप्ताभित्र १ हजार ७६४ ले, दुई महिनाभित्र १ हजार ९५६ ले, तेस्रो महिना पछि ३६४ ले पुस्तक प्राप्त गरेको छ भने ४०८ ले आंशिक पुस्तक प्राप्त गरेको देखिन्छ भने ७१ ले पुस्तक नै प्राप्त गरेको देखिएन ।

३५.५ कञ्चनपुर जिल्लाको १५ विद्यालयका ७ हजार २७५ विद्यार्थीमध्ये दोस्रो हप्तासम्म २ हजार ९०५ ले, चौथो हप्ताभित्र ३ हजार ३१३ ले, दुई महिनाभित्र ८१९ ले, तेस्रो महिनापछि १७५ ले पुस्तक पाएको देखिन्छ भने १७ ले आंशिक पाएको र कक्षा दोहोऱ्याउने ४६ ले पुस्तक प्राप्त गरेका छैनन् ।

विद्यालयले नि:शुल्क पाठ्यपुस्तक वितरण गर्न अवलम्बन गरेको प्रक्रिया अध्ययन गर्ने, पुस्तक शैक्षिक सत्र शुरु हुनु अगावै वा शैक्षिक सत्र शुरु हुनासाथ वितरण गरे नगरेको पाठ्यपुस्तक प्राप्त गर्नुपर्ने सबै विद्यार्थीले समयमा नै सबै पाठयपुस्तक प्राप्त गरे नगरेको परीक्षण तथा अध्ययन गर्दा सबै जिल्लामा अर्थशास्त्र, अंग्रेजी, अनिवार्य गणित, विज्ञान, ऐच्छिक गणित, लेखा, स्वास्थ्य, नेपाली जस्ता विषयहरु केन्द्रबाट

ढिलो छपाई गरी वितरण हुने गरेको, आवश्यक संख्याभन्दा घटी प्राप्त हुने गरेको, वितरण प्रणाली प्रभावकारी नभएको, पढाई शुरु भएको धेरै पछी मात्र प्राप्त हुने गरेको आदि कारणबाट पठन पाठनमा समस्या देखिएकोले अनिवार्य तथा इच्छाधीन विषयका पाठ्यपुस्तकहरु समयमै छपाई गरी वितरण प्रणालीको विकास गर्नुपर्ने देखिन्छ ।

३६. **छात्रवृत्ति** – शिक्षामा पहुँच वृद्धि गर्न नेपाल सरकारले नि:शुल्क शिक्षाको साथसाथै लक्षित समूहलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरेको छ ।

३६.१ मोरङ्ग जिल्लाअन्तर्गत अध्ययन गरिएका १५ विद्यालयमध्ये १ विद्यालयले रु.५६ हजार छात्रवृत्ति वितरण गरेको देखिएन । २ विद्यालयले छात्रवृत्ति वितरणको अभिलेख तथा भरपाई राख्ने गरेको देखिएन ।

३६.२ बारा जिल्लामा १ विद्यालयले छात्रवृत्तिको रु.७३ हजार तलबमा खर्च गरेको, १ विद्यालयले रु.१९ हजार वितरण नगरेको र ५ विद्यालयले छात्रवृत्ति रकम आम्दानी नबाँधेको तथा छात्रवृत्ति वितरण गरेको भरपाई तथा अभिलेख राख्ने गरेको देखिएन ।

३६.३ स्याङजा जिल्लाका ४ विद्यालयले रु.२७ हजार छात्रवृत्तिका लागि प्राप्त निकासा रकम लक्षित विद्यार्थीलाई वितरण गरेको छैन ।

३६.४ बाँके जिल्लाको १ प्राथमिक विद्यालयले र कञ्चनपुरको १ नि.मा.वि.ले छात्रवृत्ति बापत प्राप्त रकम शिक्षक तलबमा खर्च लेखेकोले छात्रवृत्ति वितरण गरेको देखिएन ।

अत: छात्रवृत्तिका लागि निकासा भएको रकम लक्षित वर्गलाई वितरण गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ र साथै छात्रवृत्ति वितरणबाट शैक्षिक सुधारमा आएको परिवर्तनको आवधिक प्रभाव मूल्याङ्कन गर्नुपर्दछ ।

३७. **बाल विकास केन्द्र** – प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक कक्षा सम्बन्धी मापदण्ड बमोजिम ३–४ बर्षका बालबालिकालाई भर्ना लिई बाल विकास केन्द्रको विकास गर्ने सम्बन्धमा स्वास्थ्यलाई अनुकूल तापक्रम भएको, बस्न चल्न खेल्न सुत्न पुग्ने र शैक्षिक सामग्री सहितको कक्षा कोठाको व्यवस्था मिलाइएको हुनुपर्दछ । मोरङ्ग, बारा, स्याङ्जा, बाँके र कञ्चनपुर जिल्लामा बच्चाहरुको व्यक्तिगत सामान राख्ने छुट्टै च्याकको व्यवस्था, चिप्लेटी, ढिकिच्याउँ, पिङ्ग तथा शिक्षण सामग्री तथा बालबालिकाहरुलाई सुत्न पुग्ने कोठाहरुको व्यवस्था नगरेको, शैक्षिक तथा खेलकुद सामानको अभाव आदि कारणबाट २ वटा कक्षा एउटै कोठामा सञ्चालन गर्ने गरेको, चिसो भूँईमा चकटी बेगर बच्चाहरुलाई राख्ने गरेको समेत पाइयो । अत: उत्प्रेरणात्मक शिक्षण विधि अपनाई बाल मैत्री वातावरणमा कक्षा सञ्चालन गर्नुपर्दछ ।

३८. **घरदैलो कार्यक्रम** – विद्यालयले शिक्षाको पहुँच वृद्धि गर्न भर्ना दर वृद्धि गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान, विद्यालय भर्ना गराउनका लागि शैक्षिक सत्रको शुरुमा नै घरदैलो कार्यक्रम सञ्चालन साथै बीचैमा छाडने बालबालिकालाई पुन: प्रवेश गराउन शैक्षिक उत्प्रेरकको नियुक्त गर्ने र सो सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३८.१ अध्ययन गरिएका अधिकांश विद्यालयहरुले घरदैलो कार्यक्रम सञ्चालन गरेको भए तापनि शैक्षिक उत्प्रेरक नियुक्ति गरेको देखिएन । विद्यालयहरुले आफ्नो सेवा क्षेत्रका विद्यालय नआएका विद्यार्थीको नाम नामेसी उल्लेख गरी अभिलेख राख्ने गरेको पनि देखिएन । जसले गर्दा अझैपनि कति बालबालिका विद्यालय बाहिर रही विद्यालय भर्ना नभएको अवस्था छ भनी यकिन गर्ने आधार देखिएन । अत: प्रत्येक विद्यालयले आफ्नो सेवा क्षेत्रका बालबालिकाको अभिलेख राखी शैक्षिक उत्प्रेरकका माध्यमबाट विद्यालय जान प्रोत्साहन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

३८.२ बसोवास गरेको टोलवस्तीमा पढने उमेर भइसकेका बालबालिका कति छन् र उनीहरु पढ्न नआउनुको कारण के होला भनी ४५० जना विद्यार्थीलाई अन्तरवार्ताको माध्यमबाट सोधनी गर्दा १८३ बालबालिका पढ्न नजाने विवरण प्राप्त भएको र पढ्न नजाने कारणमा ६४ जनाले घरको काम गर्नुपर्ने भएकाले, ८० जनाले बच्चा पढ्न मन गर्दैनन् र विद्यालय जान मान्दैनन्, ४० जनाले अभिभावकले नपठाएर, ३ जनाले

विद्यालय टाढा भएर, ५२ जनाले यस सम्बन्धमा केही उत्तर दिएनन् । अत: उद्देश्य अनुरुप नियमित घरदैलो कार्यक्रम सञ्चालन गरी विद्यालय जान प्रोत्साहन गर्नुपर्ने देखिन्छ भने शैक्षिक उत्प्रेरकको भूमिका प्रभावकारी बनाइनुपर्दछ ।

३९. **सम्पत्ति संरक्षण** – विद्यालयको सम्पत्ति संरक्षण गर्न शिक्षा नियमावली, २०५९ को नियम १५८ बमोजिम गठित विद्यालय सम्पत्ति संरक्षण समितिले विद्यालयलाई प्राप्त जग्गा दर्ता गर्ने, विद्यालयको सम्पत्ति अधिकतम फाइदा हुने काममा प्रयोग गर्ने, विद्यालयको नाममा जग्गाको आयस्ता असुल उपर गर्ने व्यवस्था मिलाउने र शिक्षा ऐन, २०२८ को दफा १२ बमोजिम अचल सम्पत्तिको लगत राख्नुपर्ने व्यवस्था भए तापनि छनौटमा परेका जिल्लाका विद्यालयहरुमा सम्पत्ति संरक्षण समिति गठन भएको छैन । जग्गाधनी पूर्जा नभएको, विद्यालयको नाममा दर्ता नभएको, जग्गा अतिक्रमणमा परेको, मोही लागेको अवस्था समेत देखिएकोले सामुदायिक विद्यालयको नाममा रहेको सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४०. **गाउँ शिक्षा समिति** – शिक्षा ऐन, २०२८ को दफा ११(ट) बमोजिम गाउँ विकास समिति क्षेत्रभित्र सञ्चालन हुने विद्यालयहरुको रेखदेख, व्यवस्थापन र समन्वय गर्ने उद्देश्यले एक गाउँ शिक्षा समिति रहने व्यवस्था भए तापनि ५ जिल्लाका अधिकांश विद्यालय अन्तर्गत गाउँ शिक्षा समिति गठन भएको देखिएन ।

तपाईको गाउँमा गाउँ शिक्षा समिति गठन भएको छ भनी ४५० जना अभिभावकलाई अन्तरवार्ताको क्रममा सोधनी गर्दा १२० जनाले जानकारी नभएको, ७ जनाले पहिले थियो अहिले छैन भनी उत्तर दिएको र १७३ जनाले गठन भएको छैन भनी जवाफ दिएका छन् । गाउँ शिक्षा समितिले तथ्याङ्क सङ्कलन, विद्यालयको सुपरीवेक्षण र गाउँ शिक्षा योजना बनाउने जस्ता कार्यमा ६६ जनाले सक्रियता साथ काम गरेको, १०६ जना, आफूलाई थाहा नभएको, २३० जनाले उत्तर नदिएको, १५ जनाले कहिलेकाँही बैठक मात्र बस्ने गरेको र ३३ जनाले खासै काम गरेको छैन, निष्क्रिय रहेको छ भनी जवाफ दिएका छन् । गाउँ विकास समितिमा पदाधिकारीहरु नरहेको विद्यमान अवस्थाले पनि समिति गठन हुन नसकेको सरोकारवालाहरुले बताएका छन् । सबै विद्यालय अवस्थित गाउँ विकास समितिमा गाउँ शिक्षा समिति गठन गरी तोकिएबमोजिमका कार्यसम्पादन गरी शैक्षिक व्यवस्थापनको नियमित अनुगमन तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

४१. **शिक्षक अभिभावक संघ** – शिक्षा नियमावली, २०५९ को नियम ३० बमोजिम सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहने व्यवस्था छ । सो समितिले विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी लिने, अन्तरक्रिया गर्ने, शिक्षकको गुणस्तर कायम राख्न आवश्यक काम गर्ने व्यवस्था छ ।

अध्ययन गरिएका ७५ विद्यालयमध्ये ३५ विद्यालयमा शिक्षक अभिभावक संघ गठन भएको छैन । नियममा व्यवस्था भएअनुसार प्रत्येक विद्यालय र शिक्षक अभिभावक संघ गठन गरिनुपर्दछ र नियमित बैठक र कार्य विभाजन गरी विद्यालयको सुधार एवं शैक्षिक गुणस्तर सुधारका कार्यमा सहयोग पुऱ्याउने वातावरण सृजना गरिनुपर्दछ ।

४२. **अनुगमन मूल्याङ्कन** – शिक्षा नियमावली, २०५९ को नियम १६(ग३) र (च) अनुसार विद्यालयको अन्तिम परिक्षाको अभिलेख, प्रश्नपत्र र उत्तरपुस्तिका झिकाई जाँच गर्ने, शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने अभिलेख राख्नुपर्दछ । समुदायद्वारा सञ्चालित विद्यालयहरुको जिम्मेवारी, सञ्चालन, रेखदेख, अनुगमन गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने मनसायबाट समुदायमा विद्यालय हस्तान्तरण भएपछि नियमित रुपले निरीक्षण सुपरीवेक्षण गरी सम्बन्धित निकायहरुमा प्रतिवेदन पठाउने व्यवस्था तथा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राखेको देखिएन । अत: नियमावलीले व्यवस्था गरेबमोजिम नियमित अनुगमन र मूल्याङ्कन गरी अभिलेख व्यवस्थालाई चुस्त र दुरुस्त राख्नुपर्ने देखिन्छ ।

संगठित तथा अन्य संस्थातर्फ

विश्व विद्यालय अनुदान आयोग

४३. **अनुदान व्यवस्था –** विश्वविद्यालय अनुदान आयोग कार्य व्यवस्था नियमावली,२०६० को परिच्छेद ६ को नियम ६.१ मा विश्वविद्यालयलाई अनुदान वितरण सम्बन्धी आधारमा आयोगले विभिन्न क्याम्पस तथा शैक्षिक संस्थालाई अनुदान रकम पद्धति एवं परम्परा, विश्वविद्यालयको पठनपाठन क्षेत्र, शिक्षण संस्था, विद्यार्थी संख्या, विश्वविद्यालयको स्वरुप र विस्तार, आय स्रोत पठन पाठनमा कायम गरेको जेष्ठताको स्तर जस्ता आधारमा अनुदान दिन सकिने व्यवस्था छ । यो वर्ष आयोगबाट ६ विश्वविद्यालयलाई चालू खर्चतर्फ रु. ४ अर्ब २४ करोड ७८ लाख, पूँजीगत खर्च तर्फ रु.५१ करोड र सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसलाई रु.३९ करोड ८७ लाख समेत रु.५ अर्ब १५ करोड ६५ लाख अनुदान दिएको छ ।

अनुदान उपलब्ध गराएको संस्था	रकम (रु हजारमा)	कुल निकासाको प्रतिशत
त्रिभुवन विश्वविद्यालय	३,५६,४१,००	६९.१२
नेपाल संस्कृत विश्वविद्यालय	३२,५३,००	६.३१
पूर्वाञ्चल विश्वविद्यालय	६,०८,००	१.१८
पोखरा विश्वविद्यालय	६,२८,००	१.२२
मध्य पश्चिमाञ्चल विकास क्षेत्र विश्वविद्यालय	६,००,००	१.१६
सुदूर पश्चिमाञ्चल विकास क्षेत्र विश्वविद्यालय	६,००,००	१.१६
कृषि तथा वन विकास क्षेत्र विश्वविद्यालय	६,००,००	१.१६
काठमाडौं विश्वविद्यालय	९०,००	०.१७
खुल्ला विश्वविद्यालय तथा अन्य निकाय	९५,४५,००	१८.५२
जम्मा	**५,१५,६५,००**	**१००**

आयोगले विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्थालाई उपलब्ध गराएको अनुदान रकमको समग्र स्थिति यकीन नगरी ठोस आधार तथा मापदण्डबेगर अनुदान उपलब्ध गराएको देखिन्छ ।

४४. **खर्च अनुमोदन –** गुणस्तर सुधार कार्यक्रमअन्तर्गत विद्यावारिधि, एम फिल, अपाङ्ग, विद्यार्थी सहयोग आदि फेलोसिफ कार्यको लागि रु.६० लाख बजेट व्यवस्था भएकोमा रु.७५ लाख ७० हजार खर्च गरी बजेट व्यवस्था भएको भन्दा रु.१५ लाख ७० हजार बढी खर्च लेखेको छ । उक्त खर्च आयोगबाट अनुमोदनसमेत भएको देखिएन । यसरी बजेट व्यवस्थापन र खर्चको सम्बन्धमा प्रभावकारी एवं व्यवहारिक विश्लेषण हुन नसकेको अवस्था रहेकोले यसमा सुधार हुनुपर्ने देखिन्छ ।

४५. **संस्थागत अनुसन्धान –** अनुसन्धान कार्यको निर्देशिका, २०६९ को दफा ४.२ र ४.३ अनुसार संस्थागत अनुसन्धान कार्य सम्झौता भएको २ वर्ष (२०६८।८।१) भित्र प्रतिवेदन बुझाइसक्नुपर्ने गरी २०६६।९।१ मा १७ संस्थासँग सम्झौता भएको थियो । ती संस्थाहरुलाई प्रति संस्था रु.५ लाख देखि रु.१० लाखसम्म गरी रु.१ करोड १० लाख तथा अन्य ६७ अनुसन्धानकर्तालाई फेकल्टी अनुसन्धान गर्न रु.९२ लाख भुक्तानी दिएकोमा हालसम्म ती संस्था तथा व्यक्तिबाट कार्य सम्पन्न भएको प्रमाण पेश भएको देखिएन । सम्झौता अनुसार समयमा कार्य सम्पन्न गराउन अनुगमन एवं अन्य आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

४६. **निर्माण कार्यान्वयन -** विश्वविद्यालय अनुदान आयोगको स्वीकृत कार्यक्रम नं.२.१.२ अनुसार विभिन्न क्याम्पसको पूर्वाधार निर्माण तथा भवन निर्माणका लागि पहिलो किस्ताबापत रु २ करोड ९५ लाख भुक्तानी दिएकोमा सम्झौताअनुसार पहिलो किस्ता रकमबाट भए गरेका कार्यहरुको संक्षिप्त विवरण, क्याम्पसको लक्ष्य र प्रगतिमा अनुदान रकमले पारेको प्रभाव र स्रोतगत आम्दानी एवं खर्च खुल्ने प्रमाण पेश भएपछि दोस्रो किस्ता रकम भुक्तानी दिनुपर्नेमा सो प्रमाणबेगर विभिन्न २४ क्याम्पसलाई पुनः रु.२ करोड ९५ लाख भुक्तानी गरेको छ । निकासा दिएको रकमको उपलब्धि यकीन गर्नुपर्दछ ।

४७. **लघु अनुसन्धान -** विश्वविद्यालय अनुदान आयोग कर्मचारी नियमावली, २०६० को नियम ७.४ बमोजिम त्रिभुवन विश्वविद्यालय तथा विश्वविद्यालय अनुदान आयोग वा अन्तर्गत शिक्षकहरुले निर्धारित समयभित्र परियोजना सम्पन्न गरी प्रस्तुत नगरेमा परियोजना रद्द गरी अनुसन्धानको लागि दिएको आर्थिक सहयोग सम्बन्धित व्यक्तिबाट असुल उपर गर्नुपर्ने प्रावधान छ । आयोगबाट लघु अनुसन्धानबापत रु.१० लाख १९ हजार अनुदान दिएका ३३ शिक्षकहरुबाट कार्य सम्पन्न गरेको प्रमाण पेश गरेको देखिदैन । उक्त रकम आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ ।

४८. **स्वायत्तता-** त्रिभुवन विश्वविद्यालय दोस्रो उच्च शिक्षा परियोजना कार्यान्वयन कार्यक्रम इकाईको वार्षिक स्वीकृत कार्यक्रम अनुसार ३ क्याम्पसलाई स्वायत्ततामा लैजाने लक्ष्य रहेकोमा २ क्याम्पसको समयमै रणनितिक योजना मुल्याङ्कन भई स्वायत्ततामा गएर थप रु.३ करोड २६ लाख उपलब्ध गराएको छ । आयुर्वेद क्याम्पस कीर्तिपुरले तोकेको अवधिभित्र रणनीतिक योजना मूल्याङ्कन नभएको कारणले स्वायत्ततामा जान सकेको देखिएन ।

उच्च माध्यमिक शिक्षा परिषद्

४९. **प्रश्नपत्र छपाई–** यो वर्ष कक्षा ११ र १२ को परीक्षाका लागि जनक शिक्षा सामग्री केन्द्रसंग ५० लाख सेट प्रश्नपत्र छपाई गर्न २०६८।१०।३० मा सम्झौता भई रु.१ करोड २२ लाख ४८ हजार खर्च लेखेको छ । सम्झौता अनुसार ५० लाख सेट प्रश्न पत्र छपाई गर्नुपर्नेमा ४८ लाख ८४ हजार ६०० सेट मात्र छपाई गरेकोले प्रति सेट मूल्य रु.२।११ का दरले हुने रकममा मूल्य अभिवृद्धि करसमेत रु.६ लाख २ हजार बढी भुक्तानी दिएको छ ।

५०. **हिसाब मिलान –** उच्च माध्यमिक शिक्षा परिषद् काठमाडौंले विगत वर्षदेखि नै बैङ्क हिसाब विवरण तयार गर्ने नगरेबाट बैङ्क र स्रेस्ता मौज्दात भिडान भएको छैन । बैङ्कले रु.१ करोड २४ लाख ९८ हजार मौज्दात देखाए तापनि र स्रेस्ता अनुसार रु.९७ लाख ८१ हजारमात्र मौज्दात रहेको देखाएको छ । बैङ्क बाँकी र स्रेस्तामा फरक परेको रु.२७ लाख १७ हजार हिसाब मिलान भएको छैन ।

५१. **बैङ्क मौज्दात –** उच्च माध्यमिक शिक्षा परिषद्को कार्यालय बाँकेको स्रेस्ताअनुसार बैङ्क मौज्दात रु.१३ करोड ४१ लाख २५ हजार देखाएकोमा बैङ्क विवरणअनुसार रु.१३ करोड ७८ लाख ८ हजार मौज्दात देखिएकोले रु.३६ लाख ८३ हजार वैकमा बढी रहेको छ । नन् अपरेटिङ खाताको वैंक हिसाब समेत समावेश गरी विवरण तयार गरेको कारण खातामा रकम बढी देखिएको छ । यसमा छानबिन गरी हिसाब यकिन गर्नुपर्दछ ।

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्

५२. **अनुदान –** परिषद्ले विभिन्न एनेक्स विद्यालयलाई आवश्यक पर्ने रु.१ करोड ४३ लाख ७३ हजार बराबरको सामग्री खरिद गरी उपलब्ध गराएको देखिन्छ । यस अतिरिक्त प्राविधिक शिक्षा सञ्चालन भएका ४४ एनेक्स विद्यालयलाई पूँजीगत खर्चबापत रु.१ करोड १४ लाख २९ हजार निकासा दिएको छ । उक्त खर्चबाट गर्ने पूँजीगत कार्यको विवरण खुलाएको छैन । परिषद्ले पूँजीगत निकासाबाट भएका कार्यको प्रगति विवरण नलिनुको अलावा विद्यालयको लेखापरीक्षण प्रतिवेदनसमेत लिएको छैन ।

५३. **बैङ्क मौज्दात –** प्राविधिक शिक्षालय उत्तरपानी धनकुटाको स्रेस्ताअनुसार आर्थिक वर्षको अन्त्यमा रु.४३ लाख ५२ हजार बैङ्क मौज्दात देखिएकोमा बैङ्क विवरणअनुसार रु.३३ लाख २१ हजारमात्र मौज्दात रहेको छ । बैङ्कमा घटी मौज्दात देखिएको रु.१० लाख २९ हजारको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

५४. **पूर्व निर्धारित क्षतिपूर्ति –** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौताबमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शून्य दशमलब शून्य पाँच प्रतिशत (०.०५ प्रतिशत) ले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । मदन आश्रित स्मृति प्राविधिक शिक्षालय, गोठाटारको भवन निर्माण गर्न बोलपत्र आव्हान गरी घटी कबोल

गर्ने निर्माण व्यवसायीमार्फत निर्माण कार्य गरेकोमा सम्झौताअनुसार २०६७।१२।२५ सम्ममा निर्माण कार्य सम्पन्न गर्नु पर्नेमा ठेक्काको अन्तिम बिल २०६८।९।१ मा पेश भएको आधारमा ठेक्का सम्झौतामा उल्लेख भएको भन्दा ९ महिना ५ दिन ढिलो भएको देखिन्छ । निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगरेको र ठेक्काको म्याद थप पनि नभएकोले ढिलाई भएको दिन २७५ को सम्झौता अनुसार रु ३ करोड १३ लाख ८६ हजारको दैनिक ०.०५ प्रतिशतका दरले गणना गरी १० प्रतिशतमा नबढ्ने गरी रु.३१ लाख ३८ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

त्रिभुवन विश्वविद्यालय

विश्वविद्यालयअन्तर्गत केन्द्रीय कार्यालय, केन्द्रीय विभाग ३६, अनुसन्धान केन्द्र ७, आंगिक क्याम्पस ६० र अन्य कार्यालय १८ लगायत १२२ निकाय सञ्चालनमा रहेका छन् ।

५५. **आर्थिक विवरण** – विश्वविद्यालयले लेखापरीक्षणको वार्षिक कार्यतालिकामा तोकेको समयमा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ दफा २५(२) बमोजिम केन्द्रीय कार्यालय र मातहतका आङ्गिक क्याम्पस तथा निकायसमेतको एकीकृत वासलातलगायतको आर्थिक विवरण तयार गरी लेखापरीक्षणको लागि पेश गर्नुपर्दछ ।

विश्वविद्यालयवाट २०६९। १२। २० मा प्राप्त हुन आएको एकीकृत वासलातलगायतको आर्थिक विवरणमा १२२ मध्ये १० निकायको हिसाब समावेश छैन । बाँकी ११२ निकायमध्ये क्याम्पस विकास कोष तथा अन्य आन्तरिक आयस्रोत भएका निकायहरुको समेत हिसाब समावेश छैन । सम्पत्ति, पेश्की तथा धरौटी लगायत केन्द्रीय कोषका खाताहरुसमेत अद्यावधिक गरी राखेको देखिदैन । अत: विश्वविद्यालयको एकीकृत वासलात र आय–व्यय विवरणले सम्पत्ति दायित्व र आय–व्ययको समग्र अवस्थाको यथार्थ चित्रण गर्दैन ।

५६. **लेखापरीक्षण बक्यौता –** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा सञ्चयकोषसम्बन्धी नियम, २०५० को नियम ४२ मा प्रत्येक आर्थिक वर्षको आय–व्यय लेखापरीक्षणको निमित्त आर्थिक विवरण तयार गरी लेखा अद्यावधिक राख्नुपर्ने कर्तव्य सम्बन्धित संगठन प्रमुखको हुने, लेखापरीक्षणको सिलसिलामा स्पष्टीकरण वा जवाफ र लेखासंग सम्बन्धित मागेका प्रमाणहरु उपलब्ध गराउने कर्तव्य लेखा प्रमुखको हुने, म्यादभित्र प्रमाण कागजात तथा माग भएको जवाफ पेश नगरेमा सम्बन्धित कर्मचारीलाई सेवा–शर्त सम्बन्धी नियम अन्तर्गत विभागीय कारबाही गर्न सकिने व्यवस्था छ । यो वर्ष सञ्चालनमा रहेका १२२ मध्ये ३० निकायको आर्थिक विवरण पेश नगरेकोले लेखापरीक्षण सम्पन्न हुन सकेन । निर्धारित समयभित्र अन्तिम लेखापरीक्षणको लागि स्रेस्ता तथा कागजात पेश नगरेको कारण वर्षेनी ठूलो मात्रामा लेखापरीक्षण बक्यौता बढ्दै गएको छ ।

विश्वविद्यालय अन्तर्गतका कतिपय निकायहरुले २०३३।३४ देखिको लेखापरीक्षण गराएका छैनन् । गत वर्षसम्म विश्वविद्यालय अन्तर्गत १२२ निकायको ४४५ इकाईको लेखापरीक्षण बक्यौता रहेकोमा व्यवस्थापिका संसद, सार्वजनिक लेखा समितिले २०६९ वैशाखमा तीन महिनाभित्र बक्यौता लेखापरीक्षण गराउन निर्देशन दिए तापनि सो मध्ये ६८ इकाईको मात्र आर्थिक विवरण पेश गरी लेखापरीक्षण गराएको छ । कानूनले तोकेको म्यादभित्र लेखापरीक्षण नगराई वर्षेनी बक्यौता राख्ने प्रवृत्ति बढ्नाले आर्थिक अनुशासनको स्थिति नाजुक बन्न गएको छ । तोकिएअनुसार लेखापरीक्षण नगराउने जिम्मेवार पदाधिकारीलाई आवश्यक कारबाही गर्नुपर्दछ ।

५७. **आन्तरिक लेखापरीक्षण –** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० को नियम ४२ मा प्रत्येक आर्थिक वर्षको आय–व्यय लेखापरीक्षणको निमित्त आर्थिक विवरण तयार गरी लेखा अद्यावधिक राखी सो को आन्तरिक लेखापरीक्षण गराई राख्नुपर्ने कर्तव्य सम्बन्धित संगठन प्रमुखको हुने व्यवस्था छ । विश्वविद्यालय र अन्तर्गतका निकायहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गराई २०६९ पुष मसान्तभित्र अन्तिम लेखापरीक्षणको लागि आर्थिक विवरण पेश गर्न पटक पटक अनुरोध गरिए तापनि निर्धारित समयमा आर्थिक विवरण पेश नगरेकोले यो वर्ष सञ्चालनमा रहेका १२२ निकायमध्ये ३० निकायको लेखापरीक्षण सम्पन्न हुन सकेन । प्रचलित कानुन अनुसार यथासमयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी तोकिएको समयभित्र आर्थिक विवरण पेश गर्ने गराउने व्यवस्था हुनुपर्दछ ।

५८. **खरिद नियम –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ मा सार्वजनिक निकायले सो ऐनबमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्ने र यसको प्रतिकूल हुने गरी गरिएको खरिद अमान्य हुने उल्लेख छ । विश्वविद्यालयले सो व्यवस्था अवलम्वन गरेको छैन । ऐनको दफा ७४ उपदफा (२) अनुसार विश्वविद्यालय जस्तो सार्वजनिक निकायले निकायसँग सम्बन्धित ऐनअन्तर्गत रही आवश्यक नियम बनाउन सक्ने व्यवस्था पनि गरेको छ । त्रिभुवन विश्वविद्यालयले आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० अन्तर्गत आर्थिक क्रियाकलाप सञ्चालन गरिरहेको भए तापनि सार्वजनिक खरिदसम्बन्धी व्यवस्था अद्यावधिक नगरेकोले कार्यान्वयनमा विविधता देखिएको छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीको पूर्ण पालना नभएको स्थिति छ ।

५९. **पूँजीगत सम्पत्ति–** सवै निकाय वा इकाईले वासलातको अनुसूची १ मा उल्लिखित पूँजीगत सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी सम्पत्ति खाता राख्ने गरेको छैन । यसैले पूँजीगत सम्पत्ति अभिलेखसंग वासलातको अङ्क भिडान गर्न सकिने अवस्था छैन । पूँजीगत सम्पत्ति खाता राख्ने व्यवस्था नियममा नभएकोले नीतिगत व्यवस्था गरी तत्काल सुधार गर्ने व्यवस्था हुनुपर्दछ ।

६०. **पेश्की –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० को नियम २६(१) मा विश्वविद्यालयको भैपरी आउने कार्य सञ्चालन गर्न बाधा पुग्ने भएमा बाहेक सामान्यतया पेश्की नदिने व्यवस्था छ । सोही नियमको उपनियम (३) मा पेश्की दिनुपर्ने पर्याप्त कारण भएमा समयमै फछ्यौंट गर्न सकिनेतर्फ विचार गरी दिनुपर्ने र पहिलो पेश्की फछ्यौंट नभए सम्म पुनः पेश्की नदिइने उल्लेख छ । नियम ३४ मा विश्वविद्यालयका शिक्षक वा कर्मचारीले यस नियममा तोकिएको म्यादभित्र पेश्की फछ्यौंट नगरेमा म्याद नाघेको मितिले वार्षिक १२ प्रतिशतका दरले व्याज समेत लगाई लिने र त्यस्तो शिक्षक, कर्मचारी उपर सेवा शर्त सम्बन्धी नियम बमोजिम आवश्यक कारबाही गरिने उल्लेख छ । विश्वविद्यालय र अन्तर्गत ९० इकाईले नियमको व्यवस्था प्रतिकूल हुने गरी यो वर्ष रु २९ करोड ९७ लाख ८४ हजार पेश्की दिएको छ । सो पेश्कीमध्ये कर्मचारी पेश्की रु ५ करोड २६ लाख ५६ हजार र अन्य पेश्की रु २४ करोड ७१ लाख २८ हजार रहेको छ । अनुसूचीमा पेश्की दिएको मिति खुलाई आयुगत विवरण तयार गर्ने गरेको देखिदैन ।

६१. **बैङ्क हिसाब –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० को नियम २४(११) बमोजिम संगठन वा निकाय प्रमुखले हिसाब किताब रीतपूर्वक राखी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त भएपछि कार्यालयले बैङ्क हिसाब विवरण तयार पारी हिसाब मिलान गर्नुपर्नेमा लेखापरीक्षण सम्पन्न भएकामध्ये ५३ इकाईले बैङ्क हिसाब विवरण तयार गरेको छैन ।

पोखरा नर्सिङ्ग क्याम्पसलाई आर्थिक कारोबारको हिसाब किताब दुरुस्त राख्न बैङ्क हिसाब मिलान गर्नु पर्ने व्यहोरा विगत वर्ष देखिनै औंल्याएकोमा यो वर्ष पनि बैङ्क मौज्दात मिलान गरेको छैन । कार्यालयको स्रेस्ता अनुसार रु.३ करोड ११ लाख ३९ हजार मौज्दात हुनुपर्नेमा रु.२ करोड ७५ लाख ८८ हजार बैङ्क मौज्दात रहेको छ । स्रेस्तामा भन्दा बैङ्कमा रु.३५ लाख ५१ हजार घटी देखिएको छ । यस सम्बन्धमा कार्यालयबाट २ बैङ्क खाताको रकम आन्तरिक लेखापरीक्षणको समयमा दोहोरो प्रविष्टि गराएकोले बैङ्क मौज्दात घटी देखिएको भन्ने प्रतिक्रिया प्राप्त भएको छ । बैङ्क हिसाब विवरण तयार गरी मौज्दात यकिन गर्नुपर्दछ ।

६२. **धरौटी तथा दायित्व** – विश्वविद्यालय र अन्तर्गत कार्यालयमा रहेको धरौटी बाँकीमध्ये कतिपय धरौटी विगत वर्षदेखिको रहेको छ । पुरानो धरौटीको प्रयोजन खुलाई सोको आयुगत विवरण तयार गर्ने गरेको छैन । फिर्ता गर्नु नपर्ने किसिमका धरौटी रकम यकिन गरी आम्दानी वांधी धरौटी स्रेस्तालाई अद्यावधिक गर्न विगत वर्षको प्रतिवेदनमा उल्लेख गरे तापनि स्थिति यथावत् छ ।

६३. **केन्द्रीय कोष** – विश्वविद्यालय अनुदान आयोगबाट २०६८/६९ मा चालूतर्फ रु.३ अर्ब २८ करोड ९१ लाख र पूँजीगततर्फ रु.२७ करोड ५० लाखसमेत रु.३ अर्ब ५६ करोड ४१ लाख अनुदान प्राप्त भएको देखियो ।

अन्य निकायबाट प्राप्त भएको आम्दानीको लेखापरीक्षण नगराएकोले कोषको आम्दानी खर्चको यथार्थ स्थिति यकिन हुन सकेको छैन ।

त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० को नियम ४(२) र नियम ६ मा त्रिभुवन विश्वविद्यालयको नियमित शीर्षकदेखि बाहेक अन्य कुनै किसिमबाट आम्दानी गरेमा उक्त रकमबाट ९० प्रतिशतसम्म खर्च गरी बांकी रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै त्रिभुवन विश्वविद्यालय विकेन्द्रीकरण नियम, २०५५ को नियम ४(२) (झ) मा अनुसन्धान वा परामर्श वा तालिम वा अन्य सेवासम्बन्धी परियोजनाका सन्दर्भमा ओभरहेड शीर्षक अन्तर्गत प्राप्त रकमको ३० प्रतिशत रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्षको र बक्यौता समेत लेखापरीक्षण गरिएका महेन्द्र बहुमुखी क्याम्पस बाँके, वन विज्ञान अध्ययन संस्थान पोखरा, सिद्धनाथ विज्ञान क्याम्पस कञ्चनपुरलगायत ३७ निकायले रु.९१ लाख ७४ हजार विश्वविद्यालय कोषमा जम्मा गरेका छैनन् ।

६४. **अग्रिम कर** – आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम पारिश्रमिक आय, सेवा शुल्क, भाडा र ठेक्काको रकम भुक्तानीमा अग्रिम आयकर लाग्ने व्यवस्था छ । यस वर्ष लेखापरीक्षण गरिएका ५९ निकायले रकम भुक्तानी गर्दा रु.१५ लाख ८४ हजार अग्रिम कर कट्टा गरेका छैनन् । उक्त रकम असुल हुनुपर्दछ ।

कट्टी गरेको अग्रिम कर ऐनको दफा ९० अनुसार प्रत्येक महिना सकिएको १५ दिनभित्र राजस्व दाखिला गर्नुपर्ने व्यवस्था छ । रत्नराज्यलक्ष्मी क्याम्पसले रु.७ लाख ९६ हजार र अमृत साइन्स क्याम्पसले रु.७ लाख ४३ हजार अग्रिम कर कट्टी गरे तापनि राजस्व दाखिला नगरी धरौटी खातामा नै राखेको देखिएकोले सो रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

६५. **बढी खर्च** – यो वर्ष बक्यौतासमेत लेखापरीक्षण गरिएका पश्चिमाञ्चल इन्जिनियरिङ्ग क्याम्पस कास्की, शिक्षा क्याम्पस सुर्खेत, पृथ्वी नारायण क्याम्पस कास्की लगायत ४० निकायले आम्दानीभन्दा रु ३२ करोड ३ लाख १९ हजार बढी खर्च गरेको देखियो । सो रकम धरौटी तथा अन्य कार्यको बजेट मौज्दातबाट खर्च गरेको देखिन्छ । फिर्ता दिनुपर्ने धरौटी तथा विशेष कार्यका लागि व्यवस्था गरेको कोष समेतबाट केन्द्रको स्वीकृति बेगर खर्च गर्नु विधिसम्मत देखिदैन । यस्तो खर्च गर्ने परिपाटी नियन्त्रण गर्न विगत वर्षदेखि औंल्याउदै आए तापनि नियन्त्रण हुन सकेको छैन ।

६६. **संघ संगठनलाई भुक्तानी** – क्याम्पसहरुले विद्यार्थी संघ, संगठनहरुले सञ्चालन गरेका अन्तरक्रिया, खेलकूद, स्वागत समारोह, शुभकामना आदान प्रदान आदि कार्यक्रमहरुको बिल भरपाईको आधारमा भुक्तानी दिने गरेका छन् । यस्ता कार्यक्रम सञ्चालन गर्न वार्षिक रुपमा बजेट विनियोजन गरी तोकिएको कार्यक्रममा विद्यार्थी कल्याणकारी कोषबाट केही रकम खर्च गर्न सक्ने व्यवस्था छ । नेपाल कमर्स क्याम्पसले २०६७/६८ मा रु ३८ लाख ४१ हजार र २०६८/६९ मा रु ३३ लाख ७८ हजार र सरस्वती क्याम्पसले २०६८/६९ मा रु ७ लाख २ हजार भुक्तानी गरेको छ । यस्तो खर्चको नर्म्स बनाई सुधार गर्न गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औंल्याउदा समेत कुनै सुधार भएको पाइएन ।

६७. **जिन्सी** – त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० को नियम ८२ अनुसार वर्षमा कम्तिमा एक पटक निकाय प्रमुख स्वयं वा अन्य कर्मचारी वा प्राविधिज्ञहरुद्वारा जिन्सी सामानको निरीक्षण गरी वा गर्न लगाई सोही नियमको उप नियम (२) बमोजिमको लिखित प्रतिवेदन लिनु पर्ने व्यवस्था छ । विश्वविद्यालय र अन्तर्गत ८० निकायको जिन्सी सामानको निरीक्षण भएको छैन । यसबाट जिन्सी सम्पत्तिको उचित सम्भार तथा संरक्षण भएको यकिन गर्न सकिने स्थिति रहेन ।

केन्द्रीय कार्यालयमा रहेका भौतिक सम्पत्ति निरीक्षणको लागि ८ सदस्यीय समिति गठन गरेकोमा २०६८।२।३१ सम्मको पूंजीगत सम्पत्तिको निरीक्षण गरी मौज्दात सामानको परिमाण खुलाई प्रतिवेदन तयार गरेको देखिन्छ । निरीक्षण प्रतिवेदनमा नियम ८२(२) अनुसारका व्यहोरा उल्लेख गरेको छैन । त्यस पछिको निरीक्षण पनि गरेको छैन । पूंजीगत सम्पत्तिको जिन्सी खातामा २०५८।५९ देखिको जिन्सी सामानको मात्र

अभिलेख रहेको देखिन्छ । त्यस अघिको जिन्सी मौज्दात जिम्मेवारी सारेको छैन । स्टील दराज, क्यामेरा, ब्रिफकेश, रेफ्रिजेरेटर, सवारी साधन आदि शाखा महाशाखा वा पदाधिकारीको जिम्मामा प्रयोग गर्न दिई खर्च जनाएको पाइएकोले जिन्सी खाता सही र यथार्थ रहेको देखिदैन । जिन्सी खाता अभिलेखन अद्यावधिक नहुनु, निरीक्षण टोलीको कार्य अपूरो हुनु, नियमद्वारा निर्दिष्ट अवधिको निरीक्षण नहुनु जस्ता कारणले जिन्सी सामान हिनामिना हुन सक्ने स्थितिमा रहेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसार जिन्सी सामानको उचित संरक्षण, मर्मत तथा सम्भार गरी जिन्सी व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिएको छ ।

६८. **विद्यार्थी–शिक्षक अनुपात** – विश्वविद्यालयअन्तर्गतका विभाग/संकाय तथा क्याम्पसहरुमा कार्यरत शिक्षकहरुको दरबन्दी तथा अध्ययन गरिरहेका विद्यार्थीहरुको अनुपात कुनै विभागमा शिक्षक तथा विद्यार्थीहरुको संख्या बराबरी र कुनै विभागमा विद्यार्थी संख्याभन्दा पनि शिक्षक संख्या बढी कार्यरत रहेको देखिन्छ । विश्वविद्यालयले तोकेको मासिक स्नातक तहमा १५ कक्षा र स्नातकोत्तर तहमा १२ कक्षा लिए नलिएको यकिन नगरी तथा मासिक तथा वार्षिक कार्य तालिका पेश नगरी आंशिक तथा करारमा शिक्षक नियुक्ति गरी पारिश्रमिक भुक्तानी गर्ने गरेको छ । विश्वविद्यालय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागले रु.३ लाख १५ हजार, अमृत साइन्स क्याम्पसले रु ४२ लाख ६ हजार, सरस्वती क्याम्पसले रु ६ लाख ८ हजार र नेपाल कमर्स क्याम्पसले रु.६ लाख २९ हजार करार र आंशिक शिक्षकलाई भुक्तानी गरेको छ । विद्यार्थीको तुलनामा शिक्षक संख्या बढी हुने गरी आंशिक र करारमा शिक्षक नियुक्ति गर्न मिल्ने देखिएन ।

केन्द्रीय कार्यालय, काठमाडौं

६९. **क्षतिपूर्ति** – पुस्तकालय भवन विस्तार कार्यको लागत अनुमान (मूल्य अभिवृद्धि कर समेत) रु.४ करोड १० लाख ३४ हजार भएकोमा ठेक्का सम्झौता अनुसार (थप कार्य सहित) रु.३ करोड ५२ लाख ३१ हजार एक निर्माण व्यवसायीलाई भुक्तानी खर्च लेखेको छ । निर्माण व्यवसायीसंग २०६६।५।२५ मा भएको सम्झौता अनुसार म्याद थपसहित २०६८।७।३० सम्म कार्य सम्पन्न गरिसक्नु पर्नेमा निर्माण व्यवसायीले २०६८।११।२१ मा अन्तिम बिल पेश गरेको छ । विश्वविद्यालयले २०६९।६।१० मा बुझेको सो भवनको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिदैन । निर्माण कार्यको नापी किताबमा सम्पन्न मिति उल्लेख छैन । ठेक्का सम्झौता अनुसार ढिलो कार्य सम्पन्न गरे बापत सुरु ठेक्का रकमको दैनिक ०.०५ प्रतिशतले हुने रकम निर्माण व्यवसायीले हर्जाना तिर्नु पर्ने उल्लेख छ । अन्तिम बिल पेश गरेको मितिले ढिलो सम्पन्न गरेको दिन गणना गरी सुरु सम्झौता रु.३ करोड १९ लाख ४९ हजारको प्रति दिन ०.०५ प्रतिशतले ३.५ महिनाको हर्जाना रु.१६ लाख ७७ हजार असुल गर्नुपर्ने देखिन्छ ।

७०. **जग्गा** – मेन्टिनेन्स नापीशाखा कलंकीको फिल्ड बुक उतारअनुसार त्रिभुवन विश्वविद्यालयको नाममा तत्कालीन कीर्तिपुर गाउँ विकास समिति वडा नं.२ मा कुल ३ हजार ७५८ रोपनी जग्गा र सो को जग्गाधनी प्रमाणपूर्जा रहेको देखिन्छ । उक्त जग्गामध्ये कित्ता नं. ३४ को १०८–१४–२–३ रोपनी जग्गा लेवोरेटरी स्कूलले प्रयोग गरिरहेको देखिन्छ । उक्त जग्गा विश्वविद्यालयको स्वामित्वको भएकोले जग्गाको नाप नक्सा विश्वविद्यालयकै सीमानाभित्र पार्नु पर्नेमा त्यस्तो नाप नक्साभित्र नपर्ने गरी नापी नक्सा तयार गरी राखेको छ । लेखापरीक्षणको समयमा लेवोरेटरी स्कूललाई जग्गा प्रयोग गर्न दिने सम्बन्धी विश्वविद्यालयको निर्णय र उक्त स्कूलसंगको सम्झौता पेश भएन । स्कूलबाट भाडाबापत कुनै रकम प्राप्त गरेको पनि छैन ।

७१. **लिज** – विश्वविद्यालयको काठमाडौं महानगरपालिका वडा नं. ११ त्रिपुरेश्वरस्थित कित्ता नं. ४०२ को १०–१३–०–३ रोपनी जग्गा युनाइटेड वर्ल्ड ट्रेड सेन्टरलाई २०५९ साल माघ २ देखि ३२ वर्षको लागि लिजमा दिएको देखिन्छ । लिजको करारनामाअनुसार प्रत्येक ३/३ महिनाको बहाल अग्रिम रुपमा बुझाउनुपर्ने र नबुझाएमा बिलम्ब शुल्क लाग्ने व्यवस्था छ । विश्वविद्यालयले २०६४ वैशाखदेखि आश्विनसम्मको रु.२१ लाख र २०६८ माघदेखि २०६९ आषाढसम्मको रु.२४ लाख बहाल प्राप्त गरेको छैन । सम्झौताअनुसार २०६९ आषाढसम्मको विलम्ब शुल्क रु.२८ लाख ४० हजार पनि प्राप्त हुनुपर्ने देखिन्छ । साथै २०६१।६२ देखिकै विलम्ब शुल्क पनि असुली नगरेको र समयमा भाडा नबुझाएमा करार भङ्ग हुने व्यवस्थासमेत

करारनामामा उल्लेख भएकोले करारनामाअनुसार कारबाही गरी २०६९ आषाढसम्मको बहाल रकम र विलम्ब शुल्क गरी रु ७३ लाख ४० हजार असुल गर्नुपर्नेमा गरेको छैन ।

७२. **रंगशाला बहाल** – विश्वविद्यालयको कीर्तिपुरस्थित रंगशाला २०८३ वैशाख मसान्तसम्मको लागि नेपाल क्रिकेट संघलाई लिजमा दिएको छ । सम्झौताअनुसार २०६७।६८ को बहाल रकम प्राप्त गरेको छ तर २०६६।६७ को रु ८ लाख र २०६८।६९ को रु.९ लाखसमेत रु.१७ लाख बहाल रकम प्राप्त गरेको छैन । सम्झौतामा सम्झौता भंग गर्न सक्ने प्रावधान भए तापनि समयमा बहाल नबुझाएमा जरिबाना असुल गर्ने प्रावधान छैन । क्रिकेट संघले २०६७।६८ को बहाल रकममा अग्रिम आयकरबापत रु.९० हजार कट्टी गरे तापनि विश्वविद्यालयको नाममा करकट्टी गरेको रकम दाखिला गरेको प्रमाण लिएको छैन । अत: हालसम्मको करकट्टी रकम दाखिला भएको प्रमाण सहित २०६८।६९ सम्मको बक्यौता बहाल रु.१७ लाख असुल गर्नुपर्दछ ।

पाटन संयुक्त क्याम्पस, ललितपुर

७३. **थेसिस गाइड** – थेसिस गाइड बापत विभिन्न विभागका शिक्षकहरुलाई प्रति विद्यार्थी रु.१ हजार ८०० का दरले यस वर्ष रु.२ लाख १४ हजार र २०६७।६८ मा रु.४ लाख ९ हजार भुक्तानी गरेको देखिन्छ । यस बाहेक विभागहरुले थेसिस गाइडबापत विद्यार्थीहरुबाट प्राप्त रकम आम्दानी रसिद नकाटी उठेको रकम सोही विभागमा खर्च गर्ने गरेको छ । यसबाट थेसिस गाइड गर्ने शिक्षकले दोहोरो सुविधा पाउने स्थिति रहेको र आम्दानी रसिदनै नकाटी रकम उठाउने कार्यबाट क्याम्पस प्रशासनको आन्तरिक नियन्त्रण प्रणालीमा खुकुलोपना देखिएकोले यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ ।

७४. **भवन बहाल** – सोसियोलोजी भवनको पहिलो तला २०६०/६/९ मा एक फर्निचर उद्योगसंग १० वर्षको लागि सम्झौता गरी बहालमा दिएको देखिन्छ । सम्झौतामा बहाल रकम पहिलो वर्ष रु.१ लाख ७६ हजार हुने, त्यसपछि प्रत्येक वर्ष अघिल्लो वर्षको तुलनामा ५ प्रतिशत थप हुने र प्रत्येक वर्षको बहाल रकम ३ किस्तामा बहाल अवधि सुरु हुनुभन्दा १ महिना अघि बुझाउनुपर्ने उल्लेख छ । समयमा बहाल नबुझाएमा १५ दिनसम्म अतिरिक्त रकम नलाग्ने त्यसपछिको १५ दिनसम्म १० प्रतिशत अतिरिक्त रकम (जरिबाना) लाग्ने, त्यसपछि पहिलो, दोस्रो र तेस्रो महिनापछि क्रमश: २५, ५० र १०० प्रतिशत अतिरिक्त रकम (जरिबाना) लाग्ने सम्झौतामा उल्लेख छ । क्याम्पसले यो वर्ष २०६७ श्रावणदेखि २०६८ फाल्गुनसम्मको बहाल रु ४ लाख १६ हजार उठाउनुपर्नेमा रु.२ लाख ४८ हजार असुल गरेको छ । जरिबाना समेत जोड्दा सम्झौता अनुसारको उठाउनुपर्ने रकम अझ बढी हुने देखिन्छ । त्यसपछि बहाल आम्दानी भएको देखिएन । प्राप्त हुनुपर्ने बहाल तथा जरिबानाको लगत अभिलेख राखी बाँकी रकम असुल गर्नुपर्दछ ।

७५. **लिजको कर** – क्याम्पसको जग्गामा एक कम्पनीले भवन बनाएकोमा यो वर्ष लिज बहाल बापत रु ४१ लाख ३० हजार क्याम्पस विकास कोषतर्फ आम्दानी जनाएको देखियो । आयकर ऐन, २०५८ को दफा ८८ अनुसार १० प्रतिशत अग्रिम करबापत रु ४ लाख १३ हजार राजस्व दाखिला गर्नुपर्नेमा रु १ लाख कर कट्टीको प्रमाण र रु ४० लाख ३० हजार रकम प्राप्त गरेको देखिएकोले आयकर ऐनको प्रावधान अनुकूल देखिएन । आयकर रकम राजस्व दाखिला गर्नुपर्दछ ।

७६. **जग्गा बहाल** – क्याम्पसको पुल्चोक स्थित १०–०९–०२ रोपनी जग्गा २ वर्ष निर्माणाधीन अवधिसहित ३२ वर्षको लागि लिजमा दिन एक कम्पनीसँग २०५७ चैत्र ३ मा सम्झौता भएको देखिन्छ । प्रत्येक वर्षको बहाल रकम ३/३ महिनामा अग्रिम रुपमा बुझाउनुपर्ने, समयमा नबुझाएमा पहिलो वर्ष १५ प्रतिशत, दोश्रो वर्ष २० प्रतिशत विलम्ब शुल्क थप बुझाउनुपर्ने र सो वर्ष नबुझाए करार भंग भएको मानिने सम्झौतामा उल्लेख छ । लिजमा लिने कम्पनीको नाममा खाता नराखेकोले प्राप्त हुनुपर्ने बहाल, विलम्ब शुल्क र प्राप्त हुन बांकीको हिसाब स्पष्ट खुल्दैन । यो वर्ष २०६७ पौषसम्मको लिज बहाल र विलम्ब शुल्क प्राप्त भएको भनी रु.४१ लाख ३० हजार आम्दानी बांधेको छ । क्याम्पसले २०६७ माघदेखि २०६८ पौषसम्मको बहालबापत रु २५

लाख ८८ हजार प्राप्त गरेको देखिन्छ । त्यसपछिको बहाल रकम र सुरुदेखिकै विलम्ब शुल्क प्राप्त गरेको नदेखिएकोले असुल गर्नुपर्ने देखिन्छ ।

पाटन संयुक्त क्याम्पस, ललितपुर (आर्थिक वर्ष २०६७।६८)

७७. **रकम हिनामिना –** पुस्तक खरिद गर्न रु.२७ हजार र मल्टिमिडिया, प्रोजेक्टर र ल्यापटप खरिद गरी हस्तान्तरण गर्न सहायक क्याम्पस प्रमुखलाई रु १ लाख २४ हजार भुक्तानी दिइ खर्च लेखेको देखियो । उल्लिखित सामानहरुको बिल पेश नगरेको तथा स्टोरमा जिन्सी आम्दानी समेत नगरेको सम्बन्धमा छुलफल हुँदा सामान खरिद नै नभएको अवस्था देखिन आयो । त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्वन्धि नियम, २०५० को नियम ८१ बमोजिम आवश्यक कारबाही गरी उक्त हिनामिना भएको रकम अविलम्ब असुल हुनुपर्ने देखिन्छ ।

७८. **सापटी कोष –** त्रिभवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० को नियम ३९ अनुसार लेखा र तत्सम्बन्धी विवरणहरु वा फांटवारी सम्बन्धित संगठन वा निकायमा तोकिएको म्याद भित्र दाखिला हुने गरी पठाउनु वा पठाउन लगाउनु प्रत्येक संगठन वा निकाय प्रमुख, लेखा प्रमुखको कर्तव्य र जिम्मेवारी हुने व्यवस्था छ । क्याम्पसले २०६७।६८ मा विभिन्न शिक्षक तथा कर्मचारीहरुको तलवबाट सञ्चयकोष सापटी, ऋण सापटी र नागरिक लगानी कोष जम्मा बापत कट्टा गरेको रु ५ लाख ५२ हजार धरौटी खातामा राखी लेखापरीक्षण अवधिसम्म पनि सम्बन्धित खातामा दाखिला नगरेकोले अविलम्ब दाखिला गराउने व्यवस्था हुनुपर्दछ ।

अन्य क्याम्पस तथा निकाय

७९. **नगद मौज्दात –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० को नियम २५(१) मा संगठन वा निकाय प्रमुखले तोके बमोजिम सानो नगदी कोष स्थापना गरी सञ्चालन गर्न सक्ने उल्लेख छ । विश्वविद्यालय क्याम्पस प्रिन्सिपलको कार्यालयले २०६४।६५ देखि २०६७।६८ सम्मको वासलातको सम्पत्ति विवरणमा रु ११ लाख नगद मौज्दात देखाएको छ । वासलातमा नगद देखाएको रकम कुन व्यक्ति वा खातामा रहेको छ भनी २०६९।३।२८ मा लिखित जानकारी माग गरेकोमा उक्त रकम धेरै समय अगाडिदेखि वासलातमा देखिदै आएकोले यकिन गर्न केही समय लाग्ने २०६९।३।२९ मा लिखित जानकारी दिएको छ ।

८०. **सम्बन्धन शुल्क** – विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३८० मा कार्यकारी परिषद्ले अनुसूची–५ मा उल्लिखित शर्तका अतिरिक्त आवश्यक ठानेमा अन्य शर्तसमेत तोकी बढीमा २ वर्षका लागि अस्थायी सम्बन्धन प्रदान गर्न सक्ने व्यवस्था छ । चिकित्साशास्त्र अध्ययन संस्थान, डीनको कार्यालयले कलेजहरुलाई विभिन्न कार्यक्रम सञ्चालन गर्न सम्बन्धन प्रदान गरेबापत ६ कलेजबाट प्राप्त गर्नुपर्ने सम्बन्धन शुल्क २०६९ पौषसम्म पनि प्राप्त गरेको छैन । नियमानुसार वार्षिक १० प्रतिशतका दरले सुदसहित रु ७० लाख ४० हजार असुल गर्नुपर्ने देखियो ।

८१. **दर संशोधन –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० मा मूल्यवृद्धि दिने व्यवस्था छैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार पनि खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकेको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले १५ प्रतिशतसम्मको भेरियसनको हकमा तोकिए बमोजिम भेरियसन आदेश जारी गर्न सक्ने र सो भन्दा बढीको भेरियसनको हकमा तोकिएबमोजिमको कार्यविधि अपनाई सर्बोच्च कार्यकारी निकायबाट निर्णय भएबमोजिम भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । महाराजगन्ज चिकित्सा क्याम्पसले २०६७।६८ मा त्रिभुवन विश्वविद्यालय कार्यकारिणी परिषदबाट स्वीकृत नगराई स्नातकोत्तर होस्टेलका निर्माण व्यवसायीलाई निर्माण कार्यको विभिन्न आइटममा सम्झौता मूल्य (खरिद मूल्य) को २३ प्रतिशतदेखि १६६२ प्रतिशतसम्म वृद्धि गरी सम्झौता मूल्यमा उल्लेख गरेको भन्दा रु ३९ लाख १५ हजार बढी भुक्तानी दिएको छ ।

८२. **लागत अनुमान –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार रु २५ हजारभन्दा माथिको कुनै खरिद कार्य गर्दा लागत अनुमान तयार गरी दफा ८ बमोजिम खरिद मूल्यको आधारमा खरिद विधि छनौट गरी कार्य गराउनु पर्ने व्यवस्था छ । नर्सिङ क्याम्पस, महाराजगंजले लागत अनुमान, तयार नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सिलबन्दी दरभाउपत्रसमेत आह्वान नगरी नापी किताब र निर्माण व्यवसायीको बिलबेगर एउटै व्यवसायीबाट पटक पटक रंगरोगन गर्ने कार्य गरेको देखाई रु.९ लाख ५७ हजार भुक्तानी दिएको छ ।

८३. **व्ययभार –** महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराजले २०६७।६८ को लेखापरीक्षणको क्रममा शिक्षक तथा कर्मचारीबाट आयकर ऐन, २०५८ तथा आर्थिक ऐन, २०६७ बमोजिम कट्टा गर्नुपर्ने सामाजिक सुरक्षा कर कट्टा तथा दाखिला नगरेको कारण कायम भएको बेरुजू रु.४ लाख ३४ हजार क्याम्पसको आयबाट खर्च लेखी दाखिला गरेको पाइयो । कर तिर्ने दायित्व भएका कर्मचारी, शिक्षकबाट असुल गरी जम्मा गर्नुपर्ने कर क्याम्पसले सम्बन्धितबाट दाखिला नगराई खर्च लेख्न मिल्ने देखिदैन । उक्त रकम सम्बन्धित कर्मचारी, शिक्षकबाट असुल गरी अविलम्ब क्याम्पस कोषमा दाखिला गर्नुपर्दछ ।

पोखरा विश्वविद्यालय, कास्की

विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, तीन संकाय र एक कार्यालय गरी पाँच निकाय रहेका छन् ।

८४. **वित्तीय विवरण** – विश्वविद्यालयले केन्द्रीय कार्यालयको बक्यौतासहित ६ इकाईको कार्य सञ्चालनस्तरको वासलात तथा आय–व्यय विवरण प्रस्तुत गरी लेखापरीक्षण गराएको छ । तर एकीकृत वासलात तथा आय–व्यय विवरण तयार गरेको छैन ।

८५. **पेश्की –** विश्वविद्यालय अन्तर्गतका पाँच कार्यालयले २०६७/६८ को बक्यौता सहित यो वर्ष गरेको खर्च रु २४ करोड ९० लाख ३८ हजारमध्ये पेश्की रु.२ करोड २५ लाख ६९ हजार (खर्चको तुलनामा ९.०६ प्रतिशत) रहेको छ । पेश्की खर्चमा नियन्त्रण पर्याप्त देखिएन ।

८६. **बैङ्क मौज्दात –** विश्वविद्यालय आर्थिक नियमावली, २०५५ को नियम ११क(१) मा हिसाब किताब रितपूर्वक राखी आर्थिक विवरणसाथ पेश गर्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ३६(४) मा लेखा तथा आर्थिक कारोबारको अभिलेख कागजात सुरक्षित र अद्यावधिक रुपमा छ छैन नियमित वा छड्के जाँच वा निरीक्षण रजिष्ट्रारले गर्न गराउन सक्ने व्यवस्था छ । यसरी निरीक्षण गर्दा अनियमितता देखिएमा यथाशीघ्र नियमित गराउन रजिष्ट्रारले आवश्यक निर्देशन दिन सक्ने वा त्यसमाथि आवश्यक कारबाही गराउन सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

८६.१ केन्द्रीय कार्यालयले गत विगत वर्षदेखि नै बैङ्क हिसाब विवरण तयार गरेको छैन । कार्यालयले तयार गरेको वासलात अनुसार बैङ्क मौज्दात रु.१५ करोड ९७ लाख ४४ हजार देखाएको छ । प्राप्त कार्यालयको लेखा अनुसार २५ बैङ्क खाताको मौज्दात रु.१७ करोड ३ लाख १६ हजार भएकोमा अन्य बैङ्क खाताको ऋणात्मक मौज्दात रु.१ करोड ५ लाख ७२ हजार घटाई कुल बैङ्क मौज्दात कायम गरेकोले अविलम्ब बैङ्क हिसाब विवरण तयार गरी मौज्दात रकम यकिन गर्नुपर्दछ ।

८६.२ यो वर्ष विज्ञान प्रविधि तथा चिकित्साशास्त्र संकायको खाताअनुसार बैङ्क मौज्दात रु.४२ लाख ३५ हजार ऋणात्मक देखाएकोमा ४ बैङ्कको प्रमाणअनुसार रु १ करोड ७ लाख मौज्दात देखिएको छ । सो संकायले बैङ्क हिसाब विवरण तयार नगरेकोले वास्तविक बैङ्क मौज्दात यकिन गर्न सकिएन ।

८७. **खरिद** – पोखरा विश्वविद्यालय आर्थिक नियमावली, २०५५ को नियम १३ (१) को खण्ड (ग) मा सामान खरिद गर्दा रु १० लाख भन्दा बढी जतिसुकै रकमको भएपनि बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने उल्लेख छ । विज्ञान प्रविधि तथा चिकित्साशास्त्र संकाय डीनको कार्यालयले शैक्षिक उपकरण खरिद गर्न बोलपत्र नगरी प्रतित पत्र मार्फत सोझै भारतको एक कम्पनीलाई रु २९ लाख ३१ हजार भुक्तानी गरेको छ । शैक्षिक

उपकरण कहिले प्राप्त हुनुपर्ने हो सम्झौता नगरेको र बैङ्क जमानी पत्र समेत लिएको छैन । आवश्यक प्रमाण कागजात बेगर खर्च लेखेको रकमको सामान २०६९।६।१५ सम्म प्राप्त नभएको जवाफ प्राप्त भएको छ ।

८८. **ठेक्कापट्टा** – पोखरा विश्वविद्यालय आर्थिक नियमावली, २०५५ को नियम २७ मा कवुलियत बमोजिम कामको प्रगति नगरेमा ठेक्का दिने अधिकारीले ठेक्का तोड्न सक्ने व्यवस्था छ । यसरी बीचमा ठेक्का तोडिएमा व्यवसायीको जमानत वा अन्य कामको लागि राखेको जमानत जफत हुने उल्लेख छ । यो वर्ष विज्ञान प्रविधि तथा चिकित्साशास्त्र डीनको कार्यालयले ४५ दिनभित्र रु ८३ लाख २७ हजारको शैक्षिक सामग्री प्राप्त गर्ने गरी ३ आपूर्तकसँग सम्झौता गरेकोमा सम्झौता अवधिमा आपूर्तकले सामान उपलब्ध गराउन नसकी कार्यालयको तर्फबाट ३० दिनको म्याद थप गरेको देखियो । थप म्यादभित्र समेत सामान प्राप्त नभएको २०६९।६।१५ मा जवाफ प्राप्त भएको छ । सम्झौताअनुसार कार्य नगरेकोमा कार्यालयले आवश्यक कारबाही गरी सामान प्राप्त गर्नुपर्ने देखिन्छ ।

८९. **जग्गाधनी प्रमाण** – पोखरा विश्वविद्यालय आर्थिक नियमावली, २०५५ को नियम २९(५) मा विश्वविद्यालय अन्तर्गतका निकाय वा संगठनहरुको सम्पतिको केन्द्रीय लगत राख्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ । विश्वविद्यालयको नाममा रहेको २ हजार ७४० रोपनी जग्गामध्ये १ हजार ३७३ रोपनीको मात्र जग्गाधनी प्रमाणपुर्जा प्राप्त भई १ हजार ३६७ रोपनीको जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएको देखिएन । सोही नियमावलीको नियम २९(६) मा विश्वविद्यालयको स्वामित्व वा जिम्मामा रहेको सम्पत्ति निजी काममा लगाउन दिन नहुने उल्लेख छ । विश्वविद्यालयले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेको १ हजार ३७३ रोपनी जग्गामध्ये १ हजार १२ रोपनी जग्गामा विभिन्न व्यक्तिले अतिक्रमण गरेको र जग्गाधनी प्रमाणपुर्जा नै प्राप्त नभएको १ हजार ३६७ रोपनी जग्गा पनि वन तथा विभिन्न व्यक्तिको अतिक्रमणमा परेको छ । विश्वविद्यालयले सम्पत्तिको संरक्षण र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

नेपाल संस्कृत विश्वविद्यालय, दाङ

विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्र, विद्यापीठ १२, संस्कृत माध्यमिक विद्यालय २ र अन्य कार्यालय ३ गरी २० निकाय रहेका छन् ।

९०. **वित्तीय स्थिति**– विश्वविद्यालयले २०६८।६९ मा रु.६६ करोड ३८ लाख ७८ हजार आम्दानी गरेकोमा रु.६८ करोड ६८ लाख ६४ हजार खर्च गरेको छ । विश्वविद्यालयको २०६७।६८ को २ इकाई बक्यौता सहित २०६८।६९ को वित्तीय विवरणको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छन्:

९१. **पूँजीगत सम्पत्ति** – विश्वविद्यालय अन्तर्गतका कुनै पनि निकायले वासलातको अनुसूची १ मा उल्लिखित पूँजीगत सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी सम्पत्ति खाता राख्ने गरेको छैन । यसैले पूँजीगत सम्पत्ति अभिलेखसँग वासलातको अंक भिडान गर्न सकिने अवस्था छैन । पूँजीगत सम्पत्ति खाता राख्ने व्यवस्था नियममा नभएकोले नीतिगत व्यवस्था गरी तत्काल सुधार हुनुपर्दछ ।

९२. **पेश्की फछ्यौंट** – नेपाल संस्कृत विश्वविद्यालय आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ को नियम ३३ मा विश्वविद्यालयका पदाधिकारी शिक्षक वा कर्मचारीले यस नियममा तोकिएको म्याद भित्र पेश्की फछ्यौंट नगरेमा म्याद नाघेका मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई लिने र त्यस्तो शिक्षक कर्मचारी उपर सेवा शर्त सम्बन्धी नियम बमोजिम आवश्यक कारबाही गरिने व्यहोरा उल्लेख छ । विश्वविद्यालय र अन्तर्गत कार्यालयमा गत विगत वर्षसम्म पेश्की फछ्यौंट गर्न बाँकी रु.९३ लाख ८ हजार भएकोमा यस वर्षसम्मको पेश्की वांकी रु.८९ लाख ९० हजार रहेको छ । पुरानो पेश्कीको अवधि खुल्ने आयुगत विवरण तयार गर्ने र फछ्यौंट गर्ने गराउनेतर्फ कारबाही गर्नुपर्दछ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

केन्द्रले २०६८।६९ को लेखापरीक्षण गराएको छैन । केन्द्रको २०६७।६८ को लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

९३. **सञ्चालन नतिजा** – गत वर्षसम्मको सञ्चित नोक्सानी रु. ३० करोड ८५ लाख ९ हजार रहेकोमा यस वर्षको नोक्सानी रु.१५ करोड ८२ लाख ८८ हजार थप भई यस वर्षसम्मको सञ्चित नोक्सानी रु.४६ करोड ६७ लाख ९७ हजार पुगेको छ । उपदान, स्थगन कर, शंकास्पद आसामी र शंकास्पद पेश्कीको व्यवस्था गरेमा उक्त नोक्सानी अझै वृद्धि हुने देखिन्छ । केन्द्र निरन्तर नोक्सानमा जानुको कारणमा जनशक्ति तथा भौतिक स्रोतसाधनको कुशल व्यवस्थापन नहुनु, प्रतिस्पर्धात्मक रुपमा कागज खरिद एवं आपूर्ति नहुनु, वाह्य प्रेसलाई कार्यादेश दिनु आदि रहेका छन् । पाठ्यपुस्तक छपाई कार्य बाह्य प्रेसबाट गराई सोबाट प्राप्त आयको १५ प्रतिशत व्यवस्थापनले बोनस सरह कर्मचारी राहत भनी वितरण गर्नाले पनि केन्द्र घाटामा गएको देखिन्छ ।

९४. **पाठ्यपुस्तक छपाई –** केन्द्रबाट प्रकाशित हुने पाठ्यपुस्तकको नियमित आपूर्तिको सुनिश्चित गर्न सञ्चालक समितिको २०६४/१०/१० को निर्णयबाट आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्याङ्कनको आधारमा बाहिरी प्रेसहरुको पूर्वयोग्यता निर्धारण र छपाई तथा बाइण्डिङको दररेट निर्धारण गरी बाह्य छपाई कार्य गराउने गरेको छ । केन्द्रले २०६४।६५ मा प्रेसवालासँग गरेको कवुलियतनामालाई नै यस वर्षसम्म निरन्तरता दिई थप कार्यादेश दिएको पाइयो । केन्द्रको उत्पादन क्षमताले भ्याएसम्म आन्तरिक छपाई गरी क्षमताले नभ्याएको अवस्थामा मात्र वाहिरी प्रेसबाट छपाई गराउनुपर्नेमा सोबारे विश्लेषण नगरी वाहिरबाट छपाई गराएको छ । केन्द्रले प्रिन्टिङ मेशीनको वार्षिक खुद उत्पादन क्षमता १ करोड ८८ लाख २१ हजार थानमध्ये यो वर्ष ८५ लाख २९ हजार थान (४५.३१ प्रतिशत) मात्र उपयोग गरेको छ । केन्द्रमा रहेका मेशीन र जनशक्तिको अधिकतम उपयोग नगरी बाह्य प्रेसबाट छपाई गराउनु मनासिब देखिएन ।

९५. **बैङ्क मौज्दात–** केन्द्रीय कार्यालयको खाताअनुसार रु.५ करोड १६ लाख ९२ हजार मौज्दात रहेकोमा बैङ्क विवरण अनुसार रु.३ करोड ६७ लाख ६१ हजार मात्र मौज्दात देखिएकोले खाताभन्दा बैङ्क मौज्दात प्रमाणपत्र रु.१ करोड ४९ लाख ३१ हजारले कम देखिन्छ । त्यसैगरी एक वाणिज्य बैङ्कको बैङ्क हिसाब मिलान विवरण अनुसार खातामा भन्दा बैङ्क मौज्दात प्रमाणपत्रमा रु.१८ लाख १९ हजारले कम रहेको पाइएको र अर्को एक बैङ्कको खातामा रु.५० लाख आम्दानी देखाएकोमा बैङ्क बिवरणमा उक्त रकम जम्मा भएको नदेखिए तापनि छानबिन गरी हिसाब समायोजन गरेको छैन । विभिन्न मितिमा खाताबाट भुक्तानी भएको तर बैङ्क बिवरणबाट भने भुक्तानी भएको नदेखिएको, बैङ्क बिवरणमा जम्मा भएको तर खातामा आम्दानी नजनाएको, बैङ्क बिवरणअनुसार भुक्तानी भइसकेको तर खाताबाट भुक्तानी नदेखिएको र खातामा आम्दानी जनाएको तर बैङ्क बिवरणमा जम्मा भएको नदेखिएको रकम रु.४ करोड ९५ लाख ५३ हजार हालसम्म पनि छानबिन नगरी यथावत् देखाउदै आएको छ । अधिकांश बैङ्क मौज्दातको मासिक हिसाब भिडान गर्ने नगरेको र बैङ्क मौज्दातको समर्थनपत्रसमेत प्राप्त नगरेको अबस्था देखिएको छ ।

- **बेरुजू –** यो वर्ष मन्त्रालय र मातहतका समेत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ रु.१० अर्ब ८६ करोड ८८ लाख २ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ अर्ब ५९ करोड ६० लाख ५९ हजार फछ्यौंट गरेकोले रु.३ अर्ब २७ करोड २७ लाख ४३ हजार बाँकी रहेको छ । सोमध्ये रु.६ करोड १२ लाख ६६ हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था अन्य संस्था समिति १० तर्फ यो वर्ष रु.२ अर्ब २३ करोड २० लाख ३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ करोड १२ लाख ८९ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब १७ करोड ६७ लाख १४ हजार बाँकी रहेको छ । सोमध्ये रु.५ करोड ४४ लाख २५ हजार पेश्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १६ मा छ ।

श्रम तथा रोजगार मन्त्रालय

मन्त्रालय र मातहतसमेत ३७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.४३ करोड ३२ लाख ३९ हजार, राजस्वतर्फ रु.३ करोड ७० लाख ६२ हजार, धरौटीतर्फ रु.६७ करोड ५० लाख ७९ हजार र अन्य कारोबारतर्फ ७ इकाईको रु.५ अर्ब ५९ करोड ७८ लाख ७६ हजारसमेत रु.६ अर्ब ७४ करोड ३२ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतको प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन ।

१.१ बोनस ऐन, २०३० को दफा १३ अनुसार प्रतिष्ठानको कर्मचारीको हकहितको व्यवस्था गर्न २०५६ मा स्थापित राष्ट्रिय स्तरको कल्याणकारी कोषमा २०६७।६८ सम्म रु.२ अर्ब २९ करोड ४७ लाख ६९ हजार र २०६८।६९ को थप रु.९१ करोड ३३ लाखसमेत रु.३ अर्ब २० करोड ८० लाख ६९ हजार आम्दानी भएकोमा यो वर्ष कार्यालय सञ्चालनमा रु.२३ लाख खर्च भई रु.३ अर्ब २० करोड ५७ लाख ६९ हजार बैङ्क मौज्दात रहेको छ । ऐनको दफा ४.१ अनुसार प्रत्येक प्रतिष्ठानले वासलात तथा नाफा–नोक्सानको विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र श्रम कार्यालयमा पठाउनुपर्ने, ऐनको दफा १४ अनुसार बोनस वितरण भएको ७ दिनभित्र बोनस वितरणको विवरण पठाउनुपर्ने, बोनस नियमावली, २०३९ बमोजिम बोनस वितरण गरी बाँकीमध्ये ७० प्रतिशत कल्याणकारी कोषमा र बाँकी ३० प्रतिशत रकम राष्ट्रियस्तको कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले उल्लिखित कार्य गरे नगरेको सम्बन्धमा श्रम कार्यालयहरुले यो वर्ष पनि अनुगमन गरेको छैन ।

वोनस नियमावली, २०३९ अनुसार कल्याणकारी कोषमा जम्मा भएको रकम दैवीप्रकोप वा दुर्घटनाबाट पीडित कर्मचारी वा निजका परिवारका सदस्यहरुलाई आर्थिक सहयोग प्रदान गर्ने, कर्मचारीका बालबच्चाको शैक्षिक विकास गर्न विद्यालयको स्थापना र सञ्चालन गर्ने, कर्मचारीका जेहेन्दार बालबच्चालाई छात्रवृत्ति प्रदान गर्ने, शिशुस्याहार केन्द्रकोस्थापना र सञ्चालन गर्ने, कर्मचारीको लागि आवास क्षेत्रविकास गर्ने कार्यमा उपयोग गर्नुपर्ने व्यवस्था छ । कोषले उपर्युक्तबमोजिमका कार्यहरु सञ्चालन नगरी बैङ्क ब्याज आर्जन कार्यमा मात्र सीमित रहेकोले हालसम्म उक्त कोष निष्क्रिय रहेको छ ।

१.२ नेपाली युवाहरुलाई विकल्पको रुपमा वैदेशिक रोजगारमा जान चाहेमा बिनाधितो वैदेशिक रोजगार ऋण उपलब्ध गराउने उद्देश्यले २०५८।५९ देखि वैदेशिक रोजगार ऋण कार्यक्रम सञ्चालित छ । वैदेशिक रोजगार ऋण कार्यक्रम कार्यान्वयन निर्देशिका, (संशोधनसहित) २०५९, तथा द्वन्दपीडित व्यक्तिहरुलाई सरल प्रक्रियाबाट ऋण प्रदान गरी वैदेशिक रोजगारीमा पठाउने कार्यविधि, २०६१ मा भएको व्यवस्थाअनुसार नेपाल सरकारले ऋणको प्रत्याभूतिको लागि २०६२।६३ सम्म रु.३ करोड ५० लाख बजेट उपलब्ध गराई प्रत्याभूति कोषमा राखेको देखिन्छ ।

ऋण लगानी गर्ने २ वाणिज्य बैङ्कको दाबीअनुसार खराब कर्जाबापत २०६५।६६ सम्म रु.२ करोड १६ लाख उक्त कोषबाट भुक्तानी गरेको छ । खराव कर्जाको क्षतिपूर्ति नेपाल सरकारले दिए पश्चात् बैङ्कले ऋणीबाट असुल गरेको ऋण सरकारी कोषमा दाखिला गरेको छैन । ऋण लगानीको काम २०६२।६३ बाट स्थगित भए तापनि निर्देशिका र सम्झौता अनुसार बैङ्कले लगानी गरेको ऋण असुली गर्ने कार्यमा मन्त्रालयबाट पहल हुनसकेको छैन । ऋण प्रदान गर्न उपलब्ध गराएको रकम मध्ये २०६८।६९ सम्म विभिन्न बैङ्कमा रु १ करोड ९० लाख निष्क्रिय रुपमा मौज्दात रहेको छ । अत: निर्देशिकाको व्यवस्था तथा मन्त्रालय र बैङ्कहरुबीच भएको सम्झौता एवं प्रचलित कानूनअनुरुप मन्त्रालयले ऋण असुलीलगायत हिसाब राफसाफ गर्ने र कोषमा रहेको निष्क्रिय रकम सञ्चितकोषमा दाखिला गर्नेतर्फ पहल हुनसकेको छैन ।

सरकारी कार्यालयतर्फ

२. **सामाजिक सुरक्षाकोष** – कोषले सामाजिक सुरक्षासम्बन्धी नीति निर्धारण गर्ने, सुरक्षा योजना सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव गर्ने, कोषमा जम्माभएको रकम उत्पादनशील क्षेत्रमा लगानी गर्ने, सामाजिक सुरक्षाअन्तर्गत आवद्ध गरिने जोखिम क्षतिपूर्तिका लागि बीमा योजनाहरुको विकास तथा प्राथमिकता क्रमको निर्धारण गर्ने, योगदानकर्ताहरु तथा योगदानको अभिलेख व्यवस्थापन गरी योगदानकर्तालाई परिचयपत्र वितरण गर्ने गराउनेलगायतका कार्यहरुको जिम्मेवारी सामाजिक सुरक्षा कोष व्यवस्थापन तथा सञ्चालन, नियमावली, २०६७ ले तोकेको छ ।

सामाजिक सुरक्षा कार्यक्रम लागू गर्ने अभिप्रायले पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिबाट २०६६।६७ देखि एक प्रतिशत सामाजिक सुरक्षा कर सङ्कलन गर्दै आएको छ । अर्थ मन्त्रालयबाट २०६७।६८ मा कोषलाई रु.१० करोड तथा २०६८।६९ मा रु.१० करोड विनियोजन भई कोषको खातामा रु.२० करोड आम्दानी बाँधेको छ ।

उक्त कोष सञ्चालन नियमावलीको नियम १७ अनुसार कोषले आफ्नो वासलात, आय–व्यय हिसाब र सोसँग सम्बन्धित विवरणसमेत खुलाई वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त प्रतिवेदन तयार गरेको छैन । कोषले कुल असुल गरेको करको अभिलेख राखेको छैन । महालेखानियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०६८।६९ सम्म यो कर रु.२ अर्ब ९४ करोड असुल गरेको देखिन्छ । अतः उक्त रकममध्ये कोषको खातामा विनियोजन भएको रु.२० करोड घटाई रु.२ अर्ब ७४ करोड कोषले निकासा लिई आम्दानी बाँध्नुपर्ने देखिन्छ ।

३. **रोजगार अनुमति प्रणाली** – रोजगार अनुमति प्रणालीमार्फत गणतन्त्र कोरिया जाने नेपाली कामदारलाई व्यावसायिक तथा सीप विकास प्रशिक्षण केन्द्रले रोजगारमुखी प्रारम्भिक तालिम दिने सम्बन्धमा केन्द्र र रोजगार शाखाबीच २०६५।३।८ मा सम्झौता भएको छ । उक्त सम्झौताअनुसार केन्द्रले प्रतिव्यक्ति अमेरिकी डलर ७० का दरले यो वर्ष आम्दानी गरेको रु.३ करोड ११ लाख २५ हजारमध्ये रु.१ करोड १५ लाख ७७ हजार बाँकी देखिन्छ । तालिम सञ्चालन गर्दा लाग्ने प्रशिक्षण तथा व्यवस्थापकीय खर्च स्वीकृत मापदण्डको आधारमा गर्नुपर्नेमा प्रशिक्षार्थीको खाना तथा खाजा खर्चबापत एक सेवा प्रदायकलाई, रु.६७ लाख ६५ हजार भुक्तानी दिएकोमा नर्म्स तथा कार्यविधिबेगर खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को ३१(१) बमोजिम बोलपत्रको प्रक्रियाबाट प्रतिस्पर्धा गराई यस्तो सेवा लिनुपर्नेमा सो नगरी सोझै कार्य गराएको नियमसम्मत देखिएन ।

४. **वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड** – वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्ने, सो व्यवसायलाई सुरक्षित व्यवस्थित एर्व मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्न वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ अनुसार श्रम तथा रोजगार मन्त्रीको अध्यक्षतामा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको गठन भएको छ । सोही ऐनको दफा २८ अनुसार वैदेशिक रोजगार कल्याणकारी कोषको व्यवस्थापनसमेत बोर्डबाट हुँदै आएको छ ।

वैदेशिक रोजगारमा जाने कामदारको लागि सीमूलक तालिम प्रदान गर्ने, कामदार वा निजको परिवारलाई क्षतीपूर्ति, आर्थिक सहायता दिने, वैदेशिक रोजगारबाट फर्केका कामदारलाई रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने, वैदेशिक रोजगारमा गई मृत्यु भएका, अङ्गभङ्ग भई फर्किएका कामदारका बालबच्चाको लागि छात्रवृत्तिको व्यवस्था गर्ने, रोजगारमा गई समस्यामा परेका नेपाली कामदारहरुका लागि मुलुकभित्र र बाहिर सुरक्षित गृह सञ्चालन गर्ने, यस व्यवसायमा हुने ठगी नियन्त्रण र कानूनी कारबाही गर्ने श्रम सम्झौता गर्ने, न्यूनतम ज्याला निर्धारण तथा सोको अनुगमन गर्ने कार्यहरु वैदेशिक रोजगार ऐन तथा नियमावली, २०६४ ले तोकेकोमा आर्थिक सहायता एवं क्षतिपूर्ति दिने कामबाहेक अन्य कार्यहरु सम्पादन गरेको छैन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगार प्रबर्द्धन र व्यवस्थापन गर्न २०६५ मा विभागको स्थापना गरी विशेष कार्यक्रमको रुपमा सरकारी स्तरबाट कामदार विदेश पठाउने तथा निजीस्तरका संस्थाहरुको अनुगमन गर्ने कार्य गर्दै आएको छ ।

५. **भौतिक पूर्वाधार** – विभागको दैनिक प्रशासन प्रभावकारी बनाउन भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्दछ । विभागको आफ्नै भवन नभएको र मौजुदा भाडाको भवन पनि अपर्याप्त रही सेवाग्राहीको चाप थेग्न कठिनाइ भइरहेको अवस्था छ । एकद्वार सेवा तथा स्थायी रुपमा जडान गर्नुपर्ने यान्त्रिकीकरण कार्यमा कठिनाइ रहेको देखिन्छ । विभागको कार्य कुशलतापूर्वक सम्पादन गर्न भौतिक पूर्वाधार सहितको भवन निर्माण गरी स्थानान्तरण हुने व्यवस्था गर्नुपर्दछ ।

६. **संगठन संरचना र जनशक्ति** – प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न उपयुक्त संगठन संरचना तथा जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । साथै कर्मचारीलाई सक्षम बनाउन निरन्तर क्षमता अभिबृद्धि आवश्यक पर्दछ । विभागको मौजुदा संरचना अनुसार ९३ दरवन्दी सहित केन्द्रमा मात्र कार्यालय भएको तर वैदेशिक रोजगारमा जानेको संख्या देशभर व्यापक बृद्धि हुदै गएकोले आवश्यकतानुसार यसको रोजगार अनुमति प्रणाली शाखा लगायतको कार्य क्षेत्रीय तहमा विस्तार हुन नसकेको, कर्मचारीहरुका लागि तालीम अपर्याप्त रहेको, सूचना प्रविधि तथा भौतिक पूर्वाधारको कमी रहेको, अनुगमन प्रणाली कमजोर रहेकोले संस्थागत सूधार योजना तर्जुमा गरी संगठन संरचना पुनरावलोकन, क्षमता विकास तथा सूचना प्रविधिको प्रयोग गरी अनुगमन निरीक्षण गर्ने र सेवा प्रवाहमा सूधार ल्याउनुपर्ने देखिन्छ ।

७. **श्रम स्वीकृति** – वैदेशिक रोजगार ऐन, २०६४ को परिच्छेद –४ अनुसार वैदेशिक रोजगारमा खुल्ला गरिएका १०८ मुलुकमा जाने नेपाली कामदारका लागि विभागबाट श्रम स्वीकृति लिनुपर्दछ । वैदेशिक रोजगार व्यवसायीले कामदारको माग विदेशबाट प्राप्त भएपछि सेवा सुविधा र शर्तअनुसार विभागबाट मान्य अवधि तोकिएबमोजिम वा बढीमा ३ वर्ष हुने गरी पूर्व स्वीकृति प्राप्त भएपछि मात्र व्यवसायी संस्थाले स्वीकृत नम्बरसमेत राखी राष्ट्रिय दैनिक पत्रिकामा कामदार आवश्यकता प्रकाशन गर्ने गर्नुपर्दछ ।

७.१ विगत ३ वर्षमा विभागले ११ लाख ५५ हजार १३८ लाई पूर्व श्रम स्वीकृति प्रदान गरेकोमा अन्तिम स्वीकृति ८ लाख ५६ हजार ४९२ लाई दिएको छ । गन्तव्य बजारको मागमा आएको परिवर्तन, सम्बद्ध देशमा न्यूनतम पारिश्रमिक बढ्ने आशंकामा पहिलानै माग ल्याएर स्वीकृत गराई होल्ड गर्ने प्रवृत्ति, केही मुलुकमा वार्षिक रुपमा मागको स्वीकृति हुने तर भिसा जारी हुन समय लाग्ने भएकाले माग प्राप्त हुनासाथ पूर्व स्वीकृति लिएर राख्ने र भिसा आउने सुनिश्चित भएपछि मात्र अन्तिम स्वीकृतिको प्रक्रियामा जाने कारणले पूर्व स्वीकृति र अंतिम स्वीकृतिमा समय अन्तराल रहने गरेको छ ।

७.२ जापान तथा इजरायल जस्ता आकर्षक गन्तव्यका लागि समेत ठूलो संख्यामा पूर्व स्वीकृति लिई न्यून संख्यामा अन्तिम स्वीकृति लिएको देखिन्छ । जापान र इजरायलको निमित्त २०६८।६९ मा पूर्वस्वीकृति र अंन्तिम स्वीकृति लिएको विवरण निम्नानुसार छ:

देश	पूर्व स्वीकृति			अंन्तिम स्वीकृति		
	पूरुष	महिला	जम्मा	पूरुष	महिला	जम्मा
जापान	३५२	३३३	६८५	८३	८५	१६८
इजरायल	७१	२००	२७१	४	३	७

रोजगार व्यवसायीले विज्ञापन गरी कामदारहरुबाट रकम असुल गरेर अन्तिम स्वीकृति लिन नसक्दा कामदारको रकम लामो समयसम्म होल्ड भई मर्का पर्ने हुन्छ । विभागमा उजूरी प्राप्त भएको अवस्थामा विभागले रकम लिएको ३ महिना सम्म पनि कामदार नपठाउने एजेन्सीलाई वैदेशिक रोजगार ऐनको दफा २० तथा ३६ बमोजिम व्याज हर्जाना सहित रकम फिर्ता गराउने जनाएको छ । अन्तिम स्वीकृति नपाउनाले

प्रतिक्षारत कामदारको रकम लामो समयसम्म होल्ड हुने तथा फिर्तामा समस्या रहने गरेको पाईन्छ । यसबाट मुक्त हुन विभागले पूर्व स्वीकृति लिई समयमै अंन्तिम स्वीकृति नलिएकाहरु उपर विशेष अनुगमन गर्नुपर्ने र यस्तो प्रवृतिलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

८. **श्रम सम्झौता –** नेपाल सरकार तथा रोजगारदाता मुलुकबीच भएको श्रम सम्झौताअनुसार कामदारको सेवा, शर्त, सुविधा, उद्धार, कानूनी उपचारमा पहुँच एवम् सहजता हुने कानूनी आधार रहेको छ ।

हालसम्म श्रम सम्झौता भएका मुलुकहरु संयुक्त अरब इमिरेटस्, कोरिया (श्रम अनुमती प्रणाली) कतार, बहराइन र जापान (अभ्यासार्थी कामदार) छन् । रोजगारीको चाप भएर पनि सम्झौता नभएका मुलुकहरु मलेसिया, साउदी अरेबिया, कुवेत, ओमन, इजरायल, आदि रहेका छन् । यी मुलुकमा २०६८।६९ मा गएका कामदारहरुको संख्या निम्नानुसार छ :

देश	व्यक्तिगत			संस्थागत			जम्मा	
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला
मलेसिया	२३७८	१७	२३९५	९३७७९	२१९३	९५९७२	९६१५७	२२१०
साउदी	१२५१४	५१	१२५६५	६७७०४	१८६	६७८९०	८०२१८	२३७
कुवेत	३२८०	१२१५९	१५४३९	८८००	३३६	९१३६	१२०८०	१२४९५
ओमन	१०२६	२६३	१२८९	१८४२	३२	१८७४	२८६८	२९५
इजराइल	९८	४६९	५६७	४	३	७	१०२	४७२

हाल मन्त्रालयबाट पहल भई साउदी अरब, मलेसिया, लेवनान र कुवेत सरकार समक्ष श्रम सम्झौताको मस्यौदा पठाई सकिएको व्यहोरा विभागले जानकारी दिएको छ । श्रम सम्झौता नभएका देशमा कामदार पठाउँदा हुने सम्भावित जोखिमको विश्लेषण गरी पूर्व सावधानीका उपायहरु अपनाउनुपर्ने देखिन्छ ।

९. **वैधानिक मार्ग उपयोग –** वैदेशिक रोजगार ऐन, २०६४ को दफा २२ अनुसार इजाजत पत्रवालाले कामदार पठाउँदा स्वदेशी विमानस्थल प्रयोग गरी पठाउनुपर्ने र त्यसरी पठाउन जहाजको टिकट उपलब्ध नभई विदेशी विमानस्थल प्रयोग गर्नुपर्दा विभागको स्वीकृति लिनु पर्दछ ।

विभागसँग अनुमति लिई विगत ५ वर्षमा मात्र १५ लाख १ हजार ४९१ कामदारहरु विदेश गएको अवस्था छ । विदेशी धावनमार्गको प्रयोग गरी विदेश जानेको अभिलेख पेश भएको छैन । केन्द्रीय तथ्याङ्क विभागको २०६८ को जनगणना अनुसार १९ लाख २१ हजार जना अनुपस्थित अर्थात् विदेशमा रहेको देखिन्छ । त्यस्तै आर्थिक सर्वेक्षण २०६८।६९ ले खुल्ला सिमानाको कारण भारतको बाटो हुदै विदेश जानेको संख्या पनि निकै ठूलो रहेको अनुमान गरेको छ । गैरकानूनी बाटोको प्रयोग गर्न निरुत्साहन गर्ने र गैरकानूनी बसाईलाई व्यवस्थित नगर्दासम्म वैदेशिक रोजगारमा हुने ठगी र अपराधका घटनाहरुमा समेत कमी नआउने हुँदा सरकारी माध्यम प्रयोग गरी नेपाली कामदार विदेश जाने वातावरण तयार गर्ने, सम्बद्ध देशहरुमा रहेका नेपालीहरुको विवरण लिई कानूनी दायरामा ल्याउने कार्य प्रभावकारी रुपमा सञ्चालन हुनुपर्ने देखिन्छ ।

१०. **उजुरी व्यवस्थापन –** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१(१) तथा नियमावली २०६४ अनुसार वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीसम्बन्धी उजुरीको अनुसन्धान तथा अभियोजन र निरुपण गरी कामदारको हित संरक्षण गर्ने व्यवस्था छ । विभागबाट प्राप्त विगत तीन वर्षको विवरणअनुसार उजुरी र कारबाहीको अवस्था निम्नानुसार रहेको छ ।

विवरण	२०६६/६७	२०६७/६८	२०६८/६९
उजुरी संख्या व्यक्तिगत	३२३	७२१	१३७०
संस्थागत	३३२	४८३	८०२
जम्मा:	**६५५**	१२०४	२१७२
दावी रकम (रु.हजारमा)	३४,८२,०८	६४,१३,९३	१,२३,५५,४९
फरफारक रकम (रु.हजारमा)	११,३१,१७	२१,९६,८७	२४,४०,४९
जाहेरी फरफारक संख्या	२३०	६५७	४५९
अदालतमा मुद्दा दायर संख्या	७७	९७	१९६
अदालतमा बिगो दाबी रकम (रु.हजारमा)	२३,५८,९४	२१,१६,६७	४६,१५,३४

१०.१ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको चाप संगै यस क्षेत्रमा ठगीका प्रशस्त घटनाहरु हुने गरेको उजुरी प्राप्त हुने गरेको छ । यस्तो उजुरीमा पैसा लिई विदेश नपठाएको, बढी रकम लिएको, विदेशमा सेवा शर्त फरक पर्ने गरेको, करार अवधि पछि पनि फर्कन नदिएको, बस्ने खाने सुविधा नदिएको, यातना दिएको आदि विषय रहने गरेका छन् ।

१०.२ ठगीसम्बन्धी विभागमा पर्न आएका उजुरीमध्ये कारबाहीको सिलसिलामा धरौटी लिई तारीखमा राखेको संख्या, दुई पक्षबीच आपसी सहमतीबाट विवाद समाधान गरी रकम दिलाइएको विवरण उपलब्ध हुन सकेन ।

१०.३ रोजगार व्यवसायीसंग संस्था दर्ता गर्दा रु.७ लाख नगद र रु.२३ लाख बैंक ग्यारेन्टी समेत रु.३० लाख धरौटी लिने गरेको छ । धरौटी रकमले उजुरी कर्ताहरुको वास्तविक क्षतिपूर्ति दिन नपुगेको र उजुरी दावीको शतप्रतिशत क्षतिपूर्ति नपाएको अवस्था छ । धरौटी रकमभन्दा बढी क्षतिपूर्ति दिनुपर्ने भएमा निजको अन्य जायजेथा समेत रोक्का गरी न्यायाधिकरणमा प्रस्तुत गरिएको जवाफ प्राप्त भएको छ ।

मागदाबीअनुसारको क्षतिपूर्ति दिन नसक्नुका कारणहरुमा रकम बुझाएको कागजात नहुनु, नेपालसँग सुपुर्दगी सन्धी भएका मुलुकभन्दा बाहिरका मुलुकमा ठगी भएको, मौखिक र कागजातमा लेखेको कुरा फरक पर्नाले निस्सा कागजात रहन नसक्ने आदि रहेको अवस्था छ । व्यक्ति विदेश जाँदा कुनै पनि उपाय अपनाएर जाने तर आफ्नो इच्छा अनुसार नभएको भए पछिमात्र उजुरी दिने एवम् पीडित र पिडक नजिकका नाताभित्रकाबाट पर्न आएका उजुरी फरफारक गर्न विभागलाई कठिनाइ परेको जानकारी प्राप्त भएको छ ।

अत: उजुरी र क्षतिपूर्ति दाबी रकमको छानविन गरी समयमा कारबाही टुंग्याउनुपर्ने तथा ठगीका घटना हुन नपाउनेगरी सावधानी अपनाउनुपर्ने देखिन्छ ।

११. **कामदार उद्धार** – वैदेशिक रोजगारीमा हुन सक्ने ठगी नियन्त्रणसम्बन्धी कार्य नेपाल सरकारका विभिन्न निकाय समेतको सहयोगमा गर्ने व्यवस्था रहेको छ । विदेशमा शर्त अनुसारको सुविधा नपाएका, गैरकानूनी भएका, अलपत्र परेका, थुनामा परेका, विदेशमै मुद्दा खेपी रहेका, अङ्ग भङ्ग भएका, मृत्यु भएका कामदारहरुको उद्धार गरिने कार्य परराष्ट्र मन्त्रालय, सम्बद्ध नेपाली राजदूतावास, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, कुटनैतिक नियोग तथा वैदेशिक रोजगार विभागको संयुक्त प्रयत्नबाट हुने गरेको पाइन्छ । विदेशमा मृत्यु भएका कामदारहरुको शव झिकाउने मुख्य निकाय परराष्ट्र मन्त्रालयको कन्सुलर शाखा हो । यसमा वैदेशिक रोजगार प्रबर्द्धन बोर्डले आवश्यक प्रक्रियागत सहयोग गर्दछ भने वैदेशिक रोजगार विभागले नियोगहरुसंग समन्वय र सहजीकरणको कार्य गर्दछ । विदेशमा मृत्यु भएका कामदारको अभिलेख वैदेशिक रोजगार विभागले राख्ने नगरेकोले शवको संख्या, अवस्था आदिको बारेमा स्पष्ट हुन सकिएन । कामदारको मृत्यु भएको वर्षौं बित्दासमेत लाश प्राप्त नहुने, अत्यन्त ठूलो रकम लाग्ने, गैर कानुनी भएका कामदार मर्दा वेवारिश हुने, लाश लिन जान भिषा प्रणाली कडा भएका मुलुकमा समस्या हुने, कतिपय मुलुकमा मृत्युको कारण पत्ता लगाउन अनुसन्धान आदि गर्ने समय तथा शव पठाउने सम्बन्धी आफ्नै कानूनी झन्झट आदिले मृत नेपाली कामदारको शव सहजता साथ आउन नसकेको अवस्था छ । यस स्थितिलाई सरल, सहज बनाउन

सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै सम्बद्ध मुलुकहरुसँग सम्वाद, सहकार्य र सरकारका निकायहरुवीच समन्वय हुनुपर्दछ ।

१२. **दक्ष कामदार आपूर्ति –** जनशक्ति माग गर्ने नेपालीहरुका प्रमुख गन्तव्य मुलुकहरुमा उच्च दक्ष, दक्ष, अर्धदक्ष र अदक्ष कामदारको माग भएको जनशक्ति आपूर्तिको अवस्थाको व्यवस्थित अभिलेख छैन । नेपालीहरुको सीप क्षमता अभिबृद्धि गर्ने क्रियाकलाप विभागबाट वैदेशिक रोजगार तालीम सञ्चालन गर्न इजाजत प्राप्त संस्थाहरुको अलावा वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, श्रम कार्यालयहरु, घरेलु उद्योगका कार्यालयहरु, शीप विकास तालीम केन्द्र, आदिमार्फत हुने गरेको भएता पनि तालीम उपलब्ध गराएको अभिलेख पेश भएन ।

विभिन्न निकायको समन्वयमा माग अनुसारको दक्ष जनशक्ति उत्पादन गरी मात्र वैदेशिक रोजगारीमा पठाउने निश्चित संयन्त्रको विकास हुनुपर्ने देखिन्छ । विदेश जानु अघि उपयुक्त तालिम लिई सीप सिकेको सुनिश्चितता हुने व्यवस्था विभागले मिलाउनुपर्दछ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेत सरकारी कार्यालयतर्फ ३३ निकायमा रु.२ करोड १६ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ६ निकायले रु.९ लाख ३८ हजार फछ्यौंट गरेकोले रु.२ करोड ६ लाख ६२ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ५१ लाख ९३ हजार पेश्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मन्त्रालय र मातहतसमेत २८ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१ अर्ब ७५ करोड ९४ लाख ५८ हजार, राजस्वतर्फ रु.३८ करोड १० लाख ६ हजार, धरौटीतर्फ रु.११ करोड १२ लाख ६३ हजार र अन्य कारोबारतर्फ रु.२ करोड ३५ लाख ८ हजार गरी रु.२ अर्ब २७ करोड ५२ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका सार्वजनिक संस्थान र अन्य संस्था समितितर्फ ३१ निकायको रु.२६ अर्ब ९३ करोड ४१ लाख ५७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको गत विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहाएबमोजिम छन्:

१.१. विशेषप्रकारको पटके कार्यक्रम सञ्चालनको लागि रकम निकासा दिएपछि सोको प्रगति विवरण लिई लक्ष्यअनुसार काम भए नभएको अध्ययन अनुगमन गरी मन्त्रालयले वार्षिक विवरण तयार गर्नुपर्ने व्यहोरा विगतका प्रतिवेदनमा औँल्याइएको थियो । यो वर्ष पनि विभिन्न २२० संस्थालाई रु.२८ करोड ३० लाख ९५ हजार अनुदान उपलब्ध गराएकोमा अनुगमन गरी आवधिक प्रतिवेदन तयार गरेको छैन ।

१.२. नेपाल सरकारको २०६५।४।३० को निर्णयमा सरकारी कार्यालयहरुले कुनै प्रकारको कोष खडा गरी सञ्चालन गर्न नपाइने तथा अर्थ मन्त्रालयको २०६५।५।३ को परिपत्रानुसार त्यस्ता कोषहरुमा जम्मा भएको रकम राजस्व खातामा दाखिला गरी विनियोजन ऐन अनुसारमात्र खर्च गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले पर्वतारोहण रोयल्टीबापत प्राप्त रकम मध्येबाट तोकिएबमोजिमको रकम बेग्लै कार्यसञ्चालन कोषमा जम्मा गरी कारोबार सञ्चालन गर्दै आएको छ । गत वर्षनै यसप्रकारको कोष सञ्चालन नगरी मौज्दात रकम राजस्व दाखिला गर्नुपर्ने उल्लेख गरेकोमा यो वर्ष गत वर्षको मौज्दातसमेत रु.२ करोड ३५ लाख ८ हजार आम्दानीमध्ये रु.९ लाख ३४ हजार खर्च गरी रु.२ करोड २५ लाख ७४ हजार मौज्दात देखाएको छ ।

१.३. पर्यटन ऐन, २०३५ मन्त्रालयको आन्तरिक कार्यविधि निर्देशिका, २०६४ र सार्वजनिक लेखा समितिको २०६७।९।१३ को निर्देशन समेतमा पर्यटनस्तरका होटल दर्ता गरेर सञ्चालन गर्नुपर्ने, त्यस्तो होटलमा प्रयोग हुने खाने, पिउने, बस्ने व्यवस्था तोकिएबमोजिम भए नभएको अनुगमन मूल्याङ्कन सशक्त एवं प्रभावकारी निरीक्षण तथा परीक्षण गर्ने, होटलहरुले आफ्नो दर वा मूल्यको सूचना नेपाल सरकारमार्फत प्रकाशित गर्नुपर्ने उल्लेख छ । मन्त्रालयबाट पर्यटकीयस्तरका होटलहरुको दर्ता, नवीकरणको अभिलेख अद्यावधिक गर्ने, नियमित निरीक्षण र अनुगमन कार्यलाई सशक्त एवं प्रभावकारी बनाउने ठोस कार्य अद्यापि हुनसकेको छैन । यसबाट पर्यटन प्रवर्द्धनसमेत प्रभावित हुने देखिएकोले सुधारतर्फ आवश्यक पहल गर्न जरुरी देखिएको छ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **गुरुयोजना** – पर्यटन नीति, २०६५ मा पर्यटन उद्योगको विकास एवं विस्तारको लागि क्षेत्रगत अवधारणा सहित गुरुयोजना तर्जुमा गरी त्यसलाई आवधिक तथा वार्षिक कार्यक्रममा समावेश गरी पर्यटन प्रवर्द्धन गरिने उल्लेख छ । नीति निर्माण भएको चौथो वर्ष व्यतीत भइसकेको अवस्थामा पनि गुरुयोजना तयार भएको छैन । पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना एवं अर्थतन्त्रको भरपर्दो आधार क्षेत्र पर्यटन व्यवसायको दिगो विकासको लागि पर्यटन नीतिबमोजिम गुरुयोजना तयार गरी कार्यान्वयन गर्न जरुरी देखिएको छ ।

३. **क्यासिनो सञ्चालन** – सार्वजनिक लेखा समितिको २०६९।१।६ को निर्देशनमा मन्त्रालयले एक महिनाभित्र क्यासिनो सञ्चालनसम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्ने उल्लेख छ । नियमावली मस्यौदा समितिले "क्यासिनो नियमावली, २०६९" को मस्यौदा तयार गरी २०६९।४।३२ मा मन्त्रालयमा पेश गरेको जानकारी प्राप्त भएको छ । उपयुक्त कार्यविधिको अभावमा विद्यमान क्यासिनो सञ्चालन स्थितिको प्रभावकारी नियमन नभै राजस्व असुलीसमेत प्रभावित हुने देखिएकोले आवश्यक कार्यविधि बनाई लागू गर्न जरुरी देखिएको छ ।

४. **संग्रहालय गुरुयोजना** – नेपाल सरकार (मन्त्रिस्तर) २०६८।८।१ कोसमेत ३ निर्णयमा नारायणहिटी दरबार संग्रहालयको गुरुयोजना तयार गर्ने कार्य २ महिनाभित्र सम्पादन गर्ने र दरबार परिसरभित्र रहेको सम्पूर्ण सम्पदालाई ऐतिहासिक संग्रहालय लगायत राष्ट्रिय हितमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख छ । नारायणहिटी दरबार परिसरमा रहेको ७५३ रोपनी जग्गा र त्यसमा निर्मित ऐतिहासिक महत्वका भौतिक संरचनाको महत्व र गरिमाको संरक्षण हुनेगरी उक्त निर्णयानुसार जग्गा तथा भौतिक संरचनाको उपयोग हुनुपर्ने देखिन्छ ।

संगठित संस्था, अन्य संस्था, समितिर्फ

लुम्बिनी विकास कोष

५. **वासलात** – लुम्बिनी विकास कोष आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५८ को विनियम १६(१) मा आम्दानी खर्चको विवरण र वासलात तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नेपाल सरकारबाट अनुदान प्राप्त रु.११ करोड ९० लाखसमेत रु.४१ करोड १८ लाख २० हजार आम्दानीमध्ये रु.२३ करोड ७३ लाख ३२ हजार खर्च गरेको छ । गत वर्ष जस्तै यो वर्षपनि कोषले वासलात तयार नगरेकोले सम्पत्ति र दायित्व यकिन हुने अवस्था छैन ।

६. **बहाल** – लुम्बिनी विकास कोष विहार क्षेत्र विनियमावली, २०५८ को विनियम ९.२ मा कोषलाई बुझाउनुपर्ने भू–शुल्क प्रत्येक वर्षको अन्त्यसम्ममा बुझाई सक्नुपर्ने र विनियम ९.३ मा म्यादभित्र भू–शुल्क नबुझाएमा ५० प्रतिशतसम्म जरिबाना गरी सम्झौतासमेत रद्द गर्नसकिने व्यवस्था छ । यो वर्षसम्म ८ होटल तथा पसल भाडाबापत रु.४० लाख ५२ हजार र ३६ विहारको भू–बहाल रु.२५ लाख ६९ हजार गरी जम्मा रु.६६ लाख २१ हजार असुल गर्न बाँकी देखिएकोमा रु.५ लाख २० हजार असुल भएको प्रमाण लेखापरीक्षणको जवाफ साथ प्राप्त भई रु.६१ लाख १ हजार असुल गर्न बाँकी रहेको छ ।

७. **प्रोत्साहन भत्ता –** नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान कर्मचारी सेवा शर्त नियमावली, २०६१ को नियम ६५(क)१ मा कार्यसम्पादनको आधारमा कर्मचारीलाई प्रोत्साहन गर्न कार्यसम्पादन प्रोत्साहनसम्बन्धी कोषको व्यवस्था गरी आन्तरिक स्रोत आयको ४ प्रतिशत रकम जम्मा गर्ने उल्लेख छ । नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले सोही नियमावलीको नियम ६५ उप–नियम (२) मा व्यवस्था भएबमोजिम प्रतिष्ठानको वार्षिकोत्सवको अवसरमा खाइपाइ आएको १ महिनाको तलब बराबरको रकम प्रोत्साहन स्वरुप प्रत्येक वर्ष भुक्तानी गर्दै आएको छ । यसको अतिरिक्त नेपाल पर्यटन तथा होटल व्यवस्थापन समितिको २०६८।८।१ को २३८ औँ बैठकको निर्णयानुसार थप कार्यक्रम सञ्चालनमा व्यावसायिक दक्षता अभिवृद्धि गर्न उत्प्रेरणा स्वरुप शुरु तलबको १५ प्रतिशत बराबरको रकम प्रोत्साहनबापत २०६८ मार्गदेखि २०६९ असारसम्मको रु.१५ लाख ५४ हजार उपलब्ध गराएको छ । यसरी सुविधाबापत थप दायित्व श्रृजना हुँदा मन्त्रालयको स्वीकृति लिनुपर्नेमा लिएको छैन साथै नियमानुसारको कोषसमेत खडा भएको छैन ।

वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्

८. **लिनुपर्ने रकम** – परिषद्ले गेष्टहाउस सञ्चालनका सञ्चालकबाट २०६४।६५ देखि २०६७।६८ सम्मको रु.२४ लाख १७ हजार र परिषद स्वयंले गेष्टहाउस सञ्चालन गर्दा कर्मचारीहरुले नबुझाएको रु.५१

हजारसमेत रु.२४ लाख ६८ हजार असुल गर्न बाँकी रहेको छ । उक्त रकम प्रचलित कानूनबमोजिम कारबाही गरी शीघ्र असुल गर्नुपर्दछ ।

९. **व्ययभार** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७६ मा सार्वजनिक निकायका खरिदसम्बन्धी ऐन, नियम वा गठन आदेशको व्यवस्थाबमोजिम भए गरेका खरिदसम्बन्धी सबै काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिने उल्लेख छ ।

परिषदद्वारा विदेशी सहयोग कार्यक्रमअन्तर्गत निर्माण भएका रणभूमि मैदान, जनकपुरमा कम्पाउण्डवाल निर्माण गर्ने, गङ्गासागर र धनुषसागरमा सिँढी निर्माण गर्ने, पी.सी.सी.सडक निर्माण गर्ने, शौचालय निर्माण गर्ने जस्ता ८ प्याकेजका कार्य गर्न रु.६ करोड ३५ लाख ७९ हजार (मूल्य अभिवृद्धि कर बाहेक) को लागत अनुमान स्वीकृत गरेको छ । ती कार्य गर्न बोलपत्र आह्वान गर्दा सबैभन्दा घटी रु.३ करोड ७४ लाख ९३ हजार (मूल्य अभिवृद्धि कर बाहेक) को बोलपत्र पेश भएकोमा बोलपत्र मूल्याङ्कन समितिले वृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नियमावली, २०५८ को नियम १९(९)(४) बमोजिम लागत अनुमानको ३० प्रतिशतभन्दा बढी कबोल गरेको जनाई घटी कबोल गर्नेको बोलपत्र स्वीकृत नगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६६ बमोजिम भनी चौँथो, आठौँ, बाह्रौँ र तीसौँ घटी कबोल र सबैभन्दा बढी कबोल गर्नेको रु.५ करोड १५ लाख ६३ हजार कबोलका बोलपत्रहरु स्वीकृत गर्न सिफारिस गरे अनुसार परिषदका अध्यक्षबाट ती बोलपत्रहरु स्वीकृत गरी रु.१ करोड ४० लाख ३० हजार बढी व्ययभार बनाएको पाइयो । एक बोलपत्र मूल्याङ्कनमा दुई छुट्टै नियमावलीमा भएको प्रावधानको व्यवस्था गरी बढी व्ययभार बनाएकोसम्बन्धमा आवश्यक कारबाही गरिनुपर्दछ ।

हनुमानढोका दरबार संग्रहालय विकास समिति

१०. **भाडा रकम** – हनुमानढोका दरवार परिसरभित्र समितिको क्षेत्रभित्र पर्ने २२ पसल कवलको भाडाबापत गत वर्षसम्म रु.१० लाख ५० हजार र यस वर्षको रु.३१ लाख २८ हजारसमेत रु.४१ लाख ७८ हजार असुल गर्न बाँकी रहेको देखिन्छ । ठेक्का सम्झौताको शर्त अनुसार उक्त रकम असुल हुनुपर्दछ ।

११. **पर्यटक शुल्क** – समितिले २०६८।४।१ देखि २०६८।९।१६ सम्म संग्रहालय प्रवेश गर्ने नेपाली तथा विदेशी नागरिकबाट प्रवेश शुल्कबापत रु.४२ लाख ६८ हजार प्राप्त गरेको छ । तत्पश्चात् काठमाडौं महानगरपालिकासँग सम्झौता गरी विदेशी पर्यटकहरुलाई काठमाडौ महानगरपालिका क्षेत्रमा भ्रमण गर्दा निश्चित रकम बुझाउनुपर्ने र सो रकमबाट निश्चित रकम संग्रहालय विकास समितिलाई बुझाउनुपर्ने सम्झौताअनुसार २०६८।९।१७ देखि २०६९ बैशाखसम्मको विदेशी नागरिकको मात्र प्रवेश शुल्कबापत रु.१ करोड ५३ लाख ३८ हजार प्राप्त गरेको देखिन्छ । सोमध्ये पौष र माघको पर्यटक संख्या हिसाब गरेर महानगरपालिकाले उपलब्ध गराएको छ भने फाल्गुण, चैत्र र बैशाखको संख्या उल्लेख नगरी उपलब्ध गराएको पाईयो । समितिलाई २०६९ जेठ र असारमा टिकट बिक्री संख्या तथा रकमसमेत उपलब्ध गराएको पाईएन । अतः टिकट बिक्री संख्याको अभिलेख अनुसार फागुन, चैत्र र बैशाखको प्राप्त गर्न बाँकी भए सो र जेष्ठ र असारको समेत टिकट बिक्री अभिलेखको आधारमा महानगरपालिकाबाट रकम प्राप्त गर्नुपर्ने देखियो ।

पशुपति क्षेत्र विकास कोष

१२. **आम्दानी** – नेपाल सरकारको २०६८।१२।८ को निर्णयले स्वीकृत मन्दिर तथा पूजा व्यवस्था नियमावली, २०६८, चैत्र २६, २०६८ देखि लागू भएपश्चात् सो मितिदेखि २०६९ आषाढ मसान्तसम्म भेटी आम्दानीतर्फ पशुपतिनाथ मन्दिरबाट रु.१ करोड ४८ लाख ९६ हजार, बासुकिनागतर्फ रु.५ लाख ५९ हजार र हनुमान नवग्रहबाट रु.९ लाख ३७ हजारसमेत रु.१ करोड ६३ लाख ९२ हजार, हुण्डी आम्दानी रु.११ लाख ११ हजार, विशेष पूजा आम्दानी रु.१ करोड ५ लाख ३६ हजार, ब्याज आम्दानी रु.२ लाख ३ हजार र अन्य आम्दानी रु.२० हजारसमेत रु.२ करोड ८२ लाख ६२ हजार आम्दानी गरेको छ । यस्तो रकम गत वर्षसम्म कोषले प्राप्त गर्ने गरेको थिएन ।

१३. **बहाल आम्दानी** – गत वर्ष रु.५२ लाख ४ हजार बहाल आम्दानी भएकोमा यो वर्ष रु.९४ लाख ६४ हजार प्राप्त भएको छ । अनुसूची १५ मा पसल, विद्युत, शौचालय र पार्किङ्ग बहालबापत प्राप्त भएकोमा सोको नामनामेसी विवरणमा ८१ संघ संस्था तथा व्यक्तितर्फ यो वर्षसम्म प्राप्त गर्नुपर्ने बहालबापतको रकम रु.४९ लाख ७६ हजार रहेकोमा यो वर्ष रु.८ लाख १६ हजारमात्र प्राप्त भई रु.४१ लाख ६० हजार उठ्न बाँकी रहेको देखाइएको छ । आम्दानी देखाइएको रकम र आम्दानी विवरणमा रु.८६ लाख ४८ हजार फरक देखिएको छ । यससम्बन्धमा छलफल गर्दा सो रकम पशुपति क्षेत्रभित्र विभिन्न कार्य गर्दाको भू–बहाल रकम भएको जवाफ प्राप्त भयो । आम्दानी शीर्षक र अनुसूचीले देखाएको रकम भिडान हुनुपर्दछ र उठ्न बाँकी रकम ८१ संघसंस्था र व्यक्तिका नाउँमा रहेको र सोमध्ये पार्किङ्ग बहालको ५ व्यक्तिसँग रहेको रु.१० लाख ५५ हजार असुल गर्नेतर्फ कोषले पहल गर्नुपर्दछ ।

१४. **कुतबाली आम्दानी** – यो शीर्षकमा गत वर्ष रु.१ करोड ५१ लाख ४६ हजार आम्दानी भएकोमा यो वर्ष रु.१ करोड ४६ लाख ८६ हजार आम्दानी भएको छ । आम्दानीमध्ये एक साला कुतमामात्र रु.५० लाख १८ हजार प्राप्त भएको र अन्य आम्दानीमा लिखत पारित, धितो स्वीकृति, नामसारी, दाखिला खारेज, नक्सा पास आदिको आम्दानी रहेको विवरणमा उल्लेख छ । कुतबाली आम्दानीसम्बन्धमा व्यक्ति तथा संस्थाको नामनामेसी विवरण कोषले संलग्न गरेको छैन । अमालकोट कार्यालयबाट प्राप्त विवरणमा काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट, लमजुङ र काभ्रे जिल्लामा पशुपतिनाथको गुठी जग्गा ४ हजार ६७३ रोपनी ७ आना २ पैसा रहेको र मोहीको संख्या ६ हजार ५८३ रही उठ्न बाँकी जम्मा रु.१ करोड ५९ लाख ११ हजार रहेको छ । यो रकम कोषको वासलातमा समावेश भएको छैन । कोष अन्तर्गतका सम्पूर्ण सम्पत्ति र दायित्व वासलातमा समावेश गरिनुपर्दछ र उठ्न बाँकी रकम शीघ्र असुल गरिनुपर्दछ ।

१५. **कुत निर्धारण** – पशुपतिनाथको गुठी जग्गा भूमिसम्बन्धी ऐनबमोजिम अबल, दोयम, सीम, चाहार गरी ४ वर्गमा विभाजन गरी प्रतिरोपनी आधा मकै, कोदो, गहुँ, तेल आदि बुझाउने गरी जग्गाको किसिम अनुसार कुत निर्धारण गरेको पाइयो । तत्काल पर्ति जग्गा रहेको र कृषिको प्रयोजनमा हुँदा अन्न बालीमा कुत निर्धारण गरेकोमा हाल काठमाडौं, ललितपुर र भक्तपुरमा रहेको जग्गामा कोषका जग्गा आवासीय तथा व्यापारिक प्रयोजनमा रहेका र विभिन्न संघसंस्थाले भवन निर्माण गरी व्यापारिक उद्देश्य अनुरुप समेत प्रयोग गरेको अवस्था रहेको प्राप्त विवरणमा उल्लेख छ । जग्गा प्रयोजनसम्बन्धी केही उदाहरण देहाय अनुसार छ:

मोहीको नाम	स्थान	जग्गाको क्षेत्रफल	जग्गा प्रयोजनको स्थिति	वार्षिक कुत रकम
एक च्यारिटी	काठमाडौं–७	२ रोपनी १ पैसा २ दाम	व्यापारिक	रु.१,७६८।–
एक फाइनान्स लि.	काठमाडौं ७	१ रोपनी ५ आना ३ दाम	व्यवसाय	रु.१,१५७।–
एक व्यक्ति	काठमाडौं ९	११ आना १ पैसा २ दाम	होटल व्यवसाय	धान १२ पाथी

कोषको स्वामित्वमा रहेका जग्गाहरु कृषि प्रयोजनमा प्रयोग नभै वित्तीय संस्था, संस्थान, होटल व्यवसाय लगायत अन्य प्रयोजनमा प्रयोग हुँदै आए तापनि सो जग्गाबापत कोषले न्यूनतम रुपमा नगद वा जिन्सी कुतको रुपमा प्राप्त गरेको देखिन्छ ।

१६. **सार्वजनिक लेखा समितिको निर्देशनको कार्यान्वयन –** सार्वजनिक लेखा समितिको तेह्रौं प्रतिवेदन, २०६३ मा पशुपतिनाथ मन्दिर र पशुपति क्षेत्र विकास कोषका विविध समस्यासम्बन्धी अध्ययन प्रतिवेदन, २०६३ प्रस्तुत गरेको र अध्ययन प्रतिवदेनले विभिन्न सुझाउ र निर्देशन दिएको देखियो । पशुपति गुठीको जग्गाबाट उपयुक्त प्रतिफल लिने नीति कार्यान्वयन गर्नुपर्ने, पशुपति र गुह्येश्वरी लगायत राष्ट्रका अमूल्य स्मारकहरुको संरक्षणका लागि फोटोग्राफी सहितको डकुमेन्टेशन तयार गराई सुरक्षित राख्ने, वागमतीको शुद्धता संरक्षण र सुधार गर्ने र पशुपतिनाथको मुल ढुकुटी खोली त्यसमा भएका बहुमूल्य वस्तुहरुको यथार्थ लगत तयार गर्नुपर्ने लगायतका सुझाउ र निर्देशनहरु कार्यान्वयन भएको पाइएन ।

सूचना प्रविधि लेखापरीक्षणतर्फ

देशको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र सम्वर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार एवं प्रवर्द्धन गरी अन्तर्राष्ट्रिय रुपमा नेपाललाई एक आकर्षक र भरपर्दो पर्यटन स्थलको रुपमा विकसित गरी राष्ट्रिय उत्पादन, विदेशी मुद्रा आर्जन र रोजगारीका अवसरको सिर्जनामा अधिकतम वृद्धि गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्डको स्थापना २०५५।९।१६ मा भएको हो ।

पर्यटन व्यवसायको अभिवृद्धिको निमित्त गरिने आर्थिक क्रियाकलापलाई सुव्यवस्थित, विश्वसनीय र भरपर्दो बनाउने उद्देश्यले बोर्डले २०५८ सालदेखि ट्रयाल्ली एकाउण्टिङ्ग लगायतका सफ्टवयर, प्रयोगमा ल्याइएको छ । सबै वित्तीय, लेखा र प्रतिवेदन प्रणाली रोमन लिपिमा तयार गरिएको छ । लेखापरीक्षणको निमित्त ट्रयाल्ली एकाउण्टिङ्ग सफ्टवयरको छनौट गरिएको छ ।

सफ्टवयरको पर्याप्तता, नियन्त्रण पद्धति, उपलब्ध हुने सूचनाको विश्वसनीयता, सुरक्षा तथा क्षमता जस्ता पक्षको मूल्याङ्कन गर्नु सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेको थियो । सफ्टवयरको सञ्चालन, व्यवस्थापन, सुरक्षा तथा उपयोगका विषयलाई लेखापरीक्षणमा समावेश गरिएको छ ।

१७. **सूचना प्रविधि योजना** – आर्थिक कारोबार सञ्चालनको निमित्त नेपाल पर्यटन बोर्डसँग सूचना प्रविधिको स्वीकृत रणनैतिक योजना तथा व्यवसायिक योजना हुनुपर्दछ । रणनैतिक योजनामा सूचना प्रविधिको उपयोग र कर्मचारीको भूमिका, जिम्मेवारी र उत्तरदायित्व स्पष्ट हुनुपर्ने र माथिल्लो तहसम्म प्रतिवेदन प्रणाली सुनिश्चित गरिएको हुनुपर्दछ । लेखापरीक्षणबाट अवलोकनको क्रममा तथ्याङ्क व्यवस्थापन, मानव स्रोत व्यवस्थापन र सूचना प्रविधिको उपयोग सम्बन्धमा रणनैतिक योजना तथा व्यवसायिक योजना, सूचना प्रविधिसम्बन्धी कर्मचारीको भूमिका, जिम्मेवारी र माथिल्लो तहसम्म प्रतिवेदन प्रणाली कार्यान्वयनमा ल्याएको देखिएन । यी विषयहरुलाई व्यवस्थित गर्न सूचना प्रविधि योजना बनाउनुपर्दछ ।

१८. **कनेक्टीभिटी** – सफ्टवयर व्यवस्थित तरिकाबाट सञ्चालनको निमित्त क्लाइन्टवेस सर्भर सिष्टमको व्यवस्था गरी बोर्डको केन्द्रीय सर्भरमा सम्पूर्ण तथ्याङ्क जाने र व्याकअप हुनेसम्मको व्यवस्था हुन उपयुक्त हुन्छ । सफ्टवयर सञ्चालन गर्ने निकाय र सर्भर रहने स्थानबीच उच्च व्याण्डविड्थ र भरपर्दो इन्टरनेट सेवाको आवश्यकता पर्नेमा लेखापरीक्षणको क्रममा सफ्टवयरले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सङ्कलन गरिने पर्यटन सेवा शुल्क, पोखरा क्षेत्रीय कार्यालयमा गरिने कारोबार केन्द्रीय सर्भरमा आउने व्यवस्था गरेको देखिएन । यी कार्यालयको आय व्यय, सि.डी. र पेनड्राइभ जस्ता विद्युतीय माध्यमबाट स्थानान्तरण गरेको देखियो । तथ्याङ्कको स्थानान्तरण, सुरक्षा, व्यवस्था र सफ्टवयर सञ्चालनको निमित्त उच्च व्याण्डविड्थको कनेक्टिभिटी र भरपर्दो इन्टरनेट सेवाको व्यवस्था गरिनु आवश्यक देखिएको छ ।

१९. **सूचना सुरक्षा** – वित्तीय कारोबारसम्बन्धी सूचना व्यवस्थापन तथा सुरक्षा व्यवस्थालाई पर्याप्त ध्यान दिएको हुनुपर्दछ । लेखापरीक्षणबाट अवलोकनको क्रममा सम्पत्तिको संरक्षण र सुरक्षाको परिभाषा र अभिलेख राख्ने, सूचना सम्पत्तिको स्वामित्वको परिभाषित गरेको, बोर्डमा सूचना प्रविधि सुरक्षाका लागि जिम्मेवारी तोकेको, नेटवकिङ्गमा तेस्रो पक्षको पहुँच र प्रत्येक तेस्रो पक्षको उतरदायित्व परिभाषित गरेको देखिएन । अत: सूचना व्यवस्थापन तथा सुरक्षाको प्रणाली कार्यान्वयन गर्नुपर्दछ ।

२०. **कर्मचारी कार्यविवरण** – सूचना प्रविधिसँग सम्बन्धित कर्मचारीहरुको कार्य विवरण र उत्तरदायित्व स्पष्ट गर्नुपदर्छ । लेखापरीक्षणबाट अवलोकनको क्रममा कम्प्युटर प्रयोगकर्ताले सूचना प्रविधि सुरक्षाको महत्वप्रति सचेतता सुनिश्चित गर्ने, सूचना प्रविधि सुरक्षा दुर्घटनाको प्रतिवेदन गर्ने औपचारिक विधि, दुर्घटनाको प्रकार, त्यसबाट भएको क्षती र दुर्घटनाको लागत परिमाणित गर्ने र अनुगमन गर्ने व्यवस्था, निकाय तथा कार्यालयका कर्मचारीले सुरक्षा नीति उल्लङ्घन गरेमा त्यसको समाधान गर्ने प्रक्रिया, व्यवस्थापनले सूचना प्रविधि शाखाको निमित कर्मचारीको न्यूनतम योग्यता तोक्ने र सूचना प्रविधि शाखामा कामगर्ने कर्मचारीको कार्यविवरण निश्चित गर्ने व्यवस्था भएको देखिएन । सूचना प्रविधिमा जिम्मेवार कर्मचारीको कार्य विवरण तयार गरी लागु गरिनुपर्दछ ।

२१. **पहुँच नियन्त्रण** – सफ्टवयरमा पहुँच नियन्त्रण विधि स्पष्ट गरिनुपर्छ । सफ्टवयर परीक्षणको क्रममा बोर्डसँग पहुँच नियन्त्रण नीति, सफ्टवयर प्रयोगकर्ताको दर्ता र खारेजी गर्ने कार्यविधि, समय समयमा प्रयोगकर्ताको पुनरावलोकन, पासवर्ड इन्क्रिप्टेड गर्ने व्यवस्था, पासवर्डको न्यूनतम अङ्क र अक्षर तोक्ने, पासवर्ड निर्माणमा विशेष तरिका अवलम्बन गर्ने, पासवर्ड परिवर्तनको समयावधि तोक्ने व्यवस्था रहेको देखिएन ।

सूचना प्रणालीको सुरक्षाको निमित्त अभिलेखको अभिलेखीकरण तथा सफ्टवयरको सुरक्षा नियन्त्रण व्यवस्था रहेको हुनुपर्दछ । लेखापरीक्षणको क्रममा सूचना प्रणालीको सुरक्षाको निमित्त केन्द्रीय तहबाट दिइने निर्देशन र नियन्त्रणको रणनैतिक सुरक्षा योजना, तोकिएको व्यक्तिको मात्र पहुँच हुने कुरा सुनिश्चित गर्न प्रयोगकर्ता सुरक्षा प्रोफाइल प्रणाली, सुरक्षा चेतना, सतर्कता, स्वामित्वको जिम्मेवारी र भाइरसबाट सुरक्षाको निमित्त कर्मचारीलाई आवश्यक तालिम र अभिलेखको अभिलेखीकरण गर्ने र सफ्टवयरको सुरक्षा परिवर्तन नियन्त्रण व्यवस्था सुनिश्चित हुने आधार आधार तयार गर्नुपर्दछ ।

२२. **सफ्टवयर** – बोर्डले प्रयोगमा ल्याएको सफ्टवयरको लाइसेन्स, सफ्टवयर सञ्चालन विधि र उपयोगसम्बन्धी मार्गदर्शन अद्यावधिक गर्ने व्यवस्था रहेको हुनुपर्दछ । सफ्टवयरको परीक्षण गरिएको नतिजा सफ्टवयर कार्यान्वयनमा ल्याउनु अगाडि अभिलेखीकरण गरिएको, प्रयोगकर्ताहरुबाट पृष्ठपोषण लिने व्यवस्था सफ्टवयरमा रहेको, सफ्टवयर सञ्चालन विधिको अभिलेख, अपवाद सञ्चालन गर्ने विधि रहेको, उपयोग पद्धति परिवर्तन हुँदा अभिलेख अद्यावधिक गर्ने व्यवस्था देखिएन । यसबाट सफ्टवयर सञ्चालनको प्रभावकारिता बारेमा आश्वस्त हुने स्थिति नरहेकोले मार्गदर्शन तयार गरी कार्यान्वयन गरिनुपर्दछ ।

२३. **वित्तीय विवरण** – बोर्डले पेश गरेको आय–व्यय विवरण र सो विवरणलाई पुष्ट्याँई गर्ने अन्य कागजात सफ्टवयरबाट प्राप्त हुनुपर्दछ । लेखापरीक्षणमा प्रस्तुत वासलात, आय–व्यय विवरण, नगद प्रवाह विवरण, अन्य अनुसूचीहरु समेत सफ्टवयरबाट प्राप्त हुनसक्ने नभई म्यानुअल रुपमा तयार गर्नुपर्ने स्थिति रहेको देखियो ।

लेखापरीक्षणलाई वित्तीय विवरणहरु पेश गर्न पटक पटक अनुरोध गरिएकोमा बोर्डले २०६९।११।२० मा वित्तीय विवरण संशोधन गरी पेश गरेको छ । वित्तीय विवरण तयारीको समय सीमा तोकिनुपर्दछ । वित्तीय विवरण तयारी समयमै हुन नसकेको बारेमासमेत अध्ययन विश्लेषण गरिनुपर्दछ ।

नेपाल पर्यटन बोर्ड

बोर्डको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२४. **सञ्चालन नतिजा** – बोर्डले प्राप्त गरेको सबै पर्यटन शुल्कमध्ये खर्च गर्ने अधिकार रहेको रकमलाईमात्र आम्दानी लेखाङ्कन गरेको छ । बाँकी पर्यटन विकास शुल्कलाई शर्तयुक्त अनुदानमा लेखाङ्कन गरिए अनुसार बोर्डको गत वर्षसम्ममा सञ्चित नोक्सानी रु.१ करोड ३० लाख ५८ हजार भएकोमा यो वर्षको आय रु.४७ करोड १६ लाख ५४ हजारमध्ये खर्च रु.४३ करोड ७८ लाख ३७ हजार भई बचत रहेको रु.३ करोड ३८ लाख १७ हजारमा गत वर्षसम्मको नोक्सानी समायोजनपछि रु.२ करोड ७ लाख ५९ हजार बचत रहेको देखिन्छ ।

२५. **कार्यविधि परिमार्जन –** बोर्डले आर्थिक कारोबार सञ्चालन गर्न नेपाल पर्यटन बोर्ड आर्थिक विनियम तथा कार्यविधिहरु, २०५५ तयार गरी सोहीअनुसार कारोबार सञ्चालन गर्दै आएकोमा सार्वजनिक निकाय एवं संस्थाले पालना गर्नुपर्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ जारी भएपछि बोर्डको आफ्नो आर्थिक विनियम तथा कार्यविधिहरु, २०५५ लाई सो अनुरुप समयानुकूल परिमार्जन गरेको छैन । विनियम तथा कार्यविधि अद्यावधिक गरिनुपर्दछ ।

२६. **पर्यटन सेवा शुल्क –** आर्थिक ऐन, २०६५ को दफा १६ अनुसार नेपालबाट हवाईमार्ग भई बाहिर प्रस्थान गर्ने प्रत्येक विदेशी नागरिकबाट नेपाल पर्यटन बोर्डले प्रति व्यक्ति पाँचसय रुपैयाँ पर्यटन सेवा शुल्क असुल गर्ने व्यवस्था छ । सो सेवा शुल्क बोर्डले आफ्नो कोषमा जम्मा गरी नेपाल पर्यटन बोर्ड ऐन, २०५३ र सो

अन्तर्गत बनेका नियम एवं विनियमको अधिनमा रही पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यमा खर्च गर्नपाउने व्यवस्था छ । बोर्डले आफ्नो नियम र विनियममा यस बारे आवश्यक व्यवस्था नै नगरी प्राप्त भएको रकमको दश प्रतिशत रकम विमानस्थलको यात्रु सुविधासम्बन्धी कार्यमा र पन्ध्र प्रतिशतसम्म रकम आफ्नो प्रशासनिक कार्यमा खर्च गरेको छ ।

२७. **कार्यविधि** – बोर्ड र टान (ट्रेकिङ एजेन्सीज एसोशिएसन अफ नेपाल) बीच २०६६/१२/०५ मा भएको पदयात्री पर्यटक सूचना व्यवस्थापन प्रणाली (टिम्स) को समझदारीअनुसार प्राप्त टिम्स आम्दानीमध्ये एक तिहाइ रकम बोर्डले व्यवसायको बजारीकरण प्रचार प्रसार र प्रवर्द्धनको लागि खर्च गर्ने, एकतिहाई रकम टानले पदयात्रा पर्यटनको क्षेत्रमा आवद्ध कम्पनीमा कार्यरत मजदुरको सामाजिक सुरक्षा तथा टिम्स व्यवस्थापनको प्रशासनिक कार्यमा खर्च गर्ने र बाँकी एकतिहाई रकम बोर्डले पदयात्रा मार्ग पूर्वाधार विकास, विस्तार, संरक्षण, मर्मत सम्भार र नयाँ पदयात्रा मार्गको विकासमा खर्च गर्ने गरी बाँडफाँड गर्ने व्यवस्था छ ।

समझदारीअनुसार बोर्डले टानलाई गत वर्षको बाँकी रु.२६ लाख ३ हजार र यो वर्षको रु.३ करोड ७२ लाख ९२ हजार गरी कुल रु.३ करोड ९८ लाख ९५ हजार उपलब्ध गराउनुपर्नेमा रु.३ करोड ३४ लाख ६२ हजारमात्र उपलब्ध गराई बाँकी रु.६४ लाख ३३ हजार बोर्डको खातामा राखेको छ । समझदारीबमोजिम टानले गरेको कार्य विवरण पेश नगरेको र बोर्डले पनि खर्चको अनुगमनसमेत नगरेकोले उपलब्ध रकम निर्धारित कार्यमा खर्च भएको भनी यकिन हुनसकेन । यसै प्रकारले समझदारीअनुसार बोर्डले पदयात्रा मार्ग, पूर्वाधार विकास, विस्तार, संरक्षण, मर्मत सम्भार र नयाँ पदयात्रा मार्गको विकासमा खर्च गर्ने गरी बाँडफाँड भएअनुसारको एकतिहाई रकमको गत वर्षसम्मको मौज्दात रु.३ करोड ६१ लाख १८ हजार रहेकोमा यस वर्षसम्मको बाँकी रु.७ करोड ३४ लाख ९२ हजारलाई दुई वाणिज्य बैङ्कको चालुखातामा राखेको छ । कोष सञ्चालन गर्न ३ सदस्यीय समिति गठन गरे तापनि समझदारीअनुसार कार्यविधि तयार गरी कार्यक्रम तय गरेको देखिएन ।

तारा गाउँ विकास समिति

समितिको २०६८/६९ को प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा देहाय निम्नानुसार छन्:

२८. **सञ्चालन नतिजा –** समितिको गत आर्थिक वर्षसम्मको सञ्चालन नोक्सानी रु.२ करोड १ लाख ३१ हजार रहेकोमा यो वर्ष रु.१ करोड १२ लाख ७९ हजार नोक्सानी थप भई यो वर्षसम्मको नोक्सानी रु.३ करोड १४ लाख १० हजार पुगेको छ । बिक्री हुन नसकेका सामान, कर्मचारीको उपदान, विदा र लगानी नोक्सानी आदिको लागि थप व्यवस्था गर्ने हो भने उक्त नोक्सानी अझै बढ्ने देखिन्छ ।

२९. **शेयर लगानी** – बौद्ध स्थित अधिग्रहणबाट प्राप्त ३०४ रोपनी जग्गामध्ये १५० रोपनी जग्गा समितिले तारा गाउँ रिजेन्सी होटल लिमिटेडको साधारण शेयरमा रु.१७ करोड लगानी गरेकोमा हालसम्म लगानीबापत कुनै प्रतिफल प्राप्त नहुनको साथै उक्त शेयरबापतको लगानीको बजार मूल्य ऋणात्मकसमेत भएकोमा नोक्सानी व्यवस्था गरेको छैन । समितिको बाँकी १५४ रोपनी जग्गापनि सोही होटल सञ्चालन भएको ५ वर्ष भित्र होटलबाट निष्कासित १७ प्रतिशत सञ्चययोग्य अग्राधिकार शेयर वा साधारण शेयरमा लगानी रहने गरी सम्झौता गरी उपलब्ध गराएकोमा प्रतिनिधि सभा सार्वजनिक लेखा समितिको २०५०/९/२१ र २०५०/१२/१८ को निर्देशन अनुसार जग्गाको पुन:मूल्याङ्कन गरी उपयोग गर्न भनिएको छ । तर समितिले यस वर्षसम्म पनि सो अनुसारको काम गरी लगानी हिसाब कायम गरेको देखिएन ।

३०. **अवकास व्यवस्था –** समितिले कर्मचारीको सेवाका शर्त र सुविधासम्बन्धी नियमावली, २०६६ को नियम १०२ अनुसार यो वर्ष उपदानबापतको रकम यकिन नगरी रु.२ करोड ९ लाख ९४ हजार व्यवस्था गरेको पाईयो । गत वर्ष अवकास पाएका ३ कर्मचारीको उपदानबापतको रु.२७ लाख ८ हजार यो वर्षसम्म पनि भुक्तानी गरेको देखिएन । यो वर्ष थप २ जना कर्मचारीले अवकास लिएको भए तापनि कागजातको अभाव

देखाई दिनुपर्ने उपदान यकिन गरेको छैन । साथै समितिले सञ्चित विदाबापतको अनिवार्य दायित्वको लागि यो वर्ष पनि रकम व्यवस्था गरेको छैन ।

३१. **कवल भाडा –** समितिको नयाँ सडकस्थित व्यापारिक क्षेत्रको भवन रमागृहमा लामो समयदेखि विभिन्न व्यक्ति तथा संस्थाहरुलाई भाडामा लगाएको भए तापनि सम्झौता अनुरुप लिनुपर्ने धरौटी, तीन महिनाको अग्रिम भाडा तथा २०६६/६७ देखिको पुरानो भाडा रु.९ लाख ६४ हजार लिन बाँकी देखिएकोमा असुल गरेको छैन । विभिन्न व्यक्ति, संस्थासँग सम्झौताको म्याद सकिएको अवस्थामा नवीकरण नगरी सञ्चालन गर्न दिएको पाइयो ।

३२. **आयकर व्यवस्था –** आयकर ऐन, २०५८ अनुसार आय वर्ष समाप्त भएको ३ महिनाभित्र आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा समितिले २०६३/६४ सम्मको मात्र आय विवरण आन्तरिक राजस्व कार्यालयमा बुझाएको देखिन्छ । समयमा आय विवरण नबुझाउँदा ब्याज, शुल्क तथा जरिबानाको भार पर्ने भए तापनि यसतर्फ समितिको ध्यान पुगेको छैन ।

समितिको २०६७/६८ को लेखापरीक्षणको अन्तिम प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३३. **भाडा असुली –** समिति र तारा गाउँ रिजेन्सी होटल लिमिटेडबीच समितिको बौद्धस्थित १४८ रोपनी जग्गा भाडामा उपलब्ध गराउने सम्बन्धमा भएको लिज सम्झौताको दफा १.२ अनुसार उक्त होटलले प्रत्येक वर्षको लिजबापतको रकम समितिलाई अग्रिम रुपमा बुझाउनुपर्ने प्रावधान भएकोमा सोअनुसार होटलबाट लिज रकम अग्रिम रुपमा भुक्तानी प्राप्त गरेको देखिएन ।

३४. **सम्पत्तिको व्यवस्थापन** – समितिको स्वामित्व तथा मातहतमा रहेका स्थिर सम्पत्तिहरुको अभिलेख राख्ने प्रयोजनको लागि केन्द्र तथा शाखाहरुमा स्थिर सम्पत्ति रजिष्टर नभई स्टक रजिष्टरको प्रयोग गरेको छ । उक्त स्टक रजिष्टरमा स्थिर सम्पत्तिहरुको इकाई संख्या बाहेक अन्य विवरणहरु जस्तै ऐतिहासिक लागत मूल्य, खरिद मिति, ह्रास कट्टी रकम, सम्पत्ति रहेको स्थान र सङ्केतनम्बर आदि खुल्ने गरी अभिलेख नराखेकोले वासलातमा देखाएको स्थिर सम्पत्तिको यथार्थ स्थिति यकिन गर्ने अवस्था छैन ।

नेपाल नागरिक उड्डयन प्राधिकरण

प्राधिकरणको २०६८।६९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३५. **सञ्चालन नतिजा** – यो वर्ष रु.१ अर्ब ४५ करोड ८७ लाख ७८ हजार नाफा देखाएकोमा आयकरबापतको व्यवस्थापछि रु.१ अर्ब ९ करोड ७ लाख ७४ हजार खुद मुनाफा देखिएको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.४० करोड ७१ लाख २७ हजार भएकोमा यस वर्षको नाफा तथा गत वर्षको आम्दानी समायोजन गर्दा वर्षान्तमा सञ्चित नाफा रु.६८ करोड ३६ लाख ४७ हजार पुगेको छ । उक्त नाफामा आय विवरण समयमा नबुझाएवापतको शुल्क, कर्मचारी अवकास व्यवस्था समायोजन गर्दा नाफा घट्ने देखिन्छ ।

३६. **वित्तीय विवरण प्रस्तुति –** नेपाल लेखामान र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अनुरुप प्राधिकरणको वित्तीय विवरण तयारी एवं समुचित प्रस्तुतिकरण गर्ने जिम्मेवारी प्राधिकरण व्यवस्थापनको रहे तापनि प्राधिकरण स्थापना भएदेखि यो वर्षसम्मको वित्तीय विवरण तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई लेखापरीक्षणमा पेश नगरेकाले प्राधिकरणको लेखापरीक्षण अन्तिम प्रतिवेदन तयारी गर्न सकिएको छैन । प्राधिकरणको बोर्डबाट वित्तीय विवरण प्रमाणित गराई पेश गर्ने प्राधिकरणका जिम्मेवार पदाधिकारीहरुबाट पटक पटक प्रतिवद्धता व्यक्त भए तापनि सो कार्य हुनसकेको छैन ।

विगत आर्थिक वर्षको लेखापरीक्षणबाट वित्तीय प्रतिवेदन उपर विपरीत राय हुने अवस्था सहितको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन वर्षैपिच्छे उपलब्ध गराएकोमा प्राधिकरणको सञ्चालक समितिले वित्तीय विवरण उपर लेखापरीक्षणबाट औँलिएका कैफियत सुधार गरी पेश गर्न नसकेको र प्रतिक्रिया समेत उपलब्ध नगराएको देखिन्छ । प्राधिकरणको वित्तीय विवरण तयारी र प्रस्तुतिकरण प्रोदभावी लेखा सिद्धान्त अनुसार गर्ने नीति तय भए तापनि प्रचलित नेपाल लेखामानको अधिकांश: प्रावधान पालना भएको छैन । यो वर्ष पेश

गरेको वित्तीय विवरणको तुलनात्मक कारोबार अङ्कमा विगतको कैफियतसमेत सुधार नभएकोले प्राधिकरणको वित्तीय अवस्था तथा कारोबारको सही र यथार्थ अवस्था चित्रण गरेको यकिन गर्ने अवस्था छैन ।

३७. **शेयर लगानी –** सरकारकोतर्फबाट प्राधिकरणलाई विभिन्न क्षेत्रमा विमानस्थल विस्तार एवं सुधारको लागि प्राप्त रकम प्राधिकरणले शेयर लगानीको रुपमा लेखाङ्कन गर्दै आएको छ । यो वर्षपनि प्राधिकरणले सरकारबाट विभिन्न विमानस्थल निर्माणका लागि रु.२८ करोड प्राप्त गरी शेयर पूँजीमा लेखाङ्कन गरेको पाईयो । प्राधिकरणले नेपाल सरकारको शेयर पूँजीलाई अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजीको रुपमा वर्गीकरण नगरी यो वर्षसम्म रु.१२ अर्ब ११ करोड ५४ लाख रहेको देखाएको छ । सरकारले विमानस्थल विस्तारका नाममा दिने यस्तो सम्पूर्ण रकम शेयर पूँजीमा परिणत गर्दा प्राधिकरणको शेयर पूँजी अस्वभाविक रुपमा बढ्न गई नेपाल सरकारलाई दीर्घकालीन रुपमा असर पर्ने देखिन्छ । तसर्थ सरकारकोतर्फबाट दिइने यस्तो रकमलाई ऋण लगानीको रुपमा देखाउँदा नेपाल सरकारलाई ब्याजसमेत प्राप्त हुने र प्राधिकरणलाई पनि सेवा प्रवाह एवं लाभहानीको विश्लेषण गरी व्यावसायिक बनाउनेतर्फ उन्मुख हुन अभिप्रेरित हुनसक्ने देखिन्छ ।

३८. **ऋण हिसाब** – प्राधिकरणले वित्तीय विवरणमा देखाएको मध्यम तथा दीर्घकालीन ऋण रु.१ अर्ब ५५ करोड ८६ लाख ४६ हजारमा आगामी वर्ष भुक्तानी गर्नुपर्ने अल्पकालीन ऋण रु.६४ करोड ८६ लाख १८ हजार र दीर्घकालीन ऋण रु.९१ करोड २८ हजार समावेश गरी देखाएको छ । नेपाल सरकारले प्रदान गरेको ऋण रकममा महालेखा नियन्त्रक कार्यालय र प्राधिकरणबीच रु.५५ करोड २५ लाख १२ हजार खुद फरक परेको छ । प्राधिकरणले अल्पकालीन ऋण रु.६४ करोड ८६ लाख १८ हजार देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले भाका नाघेको ऋणको रुपमा रु.३६ करोड ६४ लाख १३ हजार देखाएको छ । लिन, दिन बाँकी ऋण रकमको हिसाब मिलान नगरेको र सम्बन्धितबाट समर्थनपत्र लिएको नदेखिएकोले सो रकमको यथार्थता यकिन गर्न सकिएन ।

३९. **स्थिर सम्पत्ति** – स्थिर सम्पत्ति अन्तर्गत यस वर्षसम्मको खुद बाँकी रु.१० अर्ब ६० करोड २३ लाख ६ हजार देखाएको छ । प्राधिकरणले सम्पत्ति व्यवस्थापनसम्बन्धी छुट्टै इकाई गठन गरेको पनि छैन । मातहतका कार्यालयहरुले स्थिर सम्पत्ति खाता नराखी जिन्सी अभिलेख खातामात्र राखेका छन् । वित्तीय विवरणमा स्थिर सम्पतिको शुरु मौज्दातमा यस बर्षको इकाई कार्यालयहरुले खरिद गरेको थप गरी विवरणमा देखाएको छ । स्थिर सम्पत्तिको नाम नामेसीको परिमाण सहितको विवरण र गत वर्षसम्मको बाँकी यो वर्ष थप, ह्रास कट्टी र वर्षान्तको बाँकी सम्पत्तिको मूल्य, रहेको स्थान, खरिद तथा प्राप्ति मिति खुल्ने गरी खाता नराखेको र सम्पत्तिको भौतिक परीक्षण गरी आधावधिक मूल्याङ्कन गर्ने कार्य नभएबाट सम्पत्तिको यथार्थ अवस्था यकिन हुनसकेको छैन ।

प्राधिकरण अन्तर्गतको जग्गाको समग्र विवरण पेश भएन । नेपाल सरकारको नियमानुसार प्राधिकरणले भोगाधिकारमात्र प्राप्त गरेको तर स्वामित्व दर्ता नभएको जग्गा र प्राधिकरणको नाममा स्वामित्व आई नसकेका सवारीसाधनहरुलाई सम्पत्तिमा लेखाङ्कन गरी सोबापतको रकम सरकारको शेयर एवं ऋण लगानी हिसाबमा देखाउनु उपयुक्त भएन ।

४०. **निर्माणाधीन विमानस्थल –** निर्माणाधीन अवस्थामा रहेका विमानस्थल तथा अन्य निर्माणाधीन सम्पत्तिहरुलाई कार्य प्रगति अन्तर्गत देखाएको रकम गत वर्ष रु.१ अर्ब ६० करोड ३९ लाख ३९ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब ९३ करोड ६८ लाख ४८ हजार पुगेको छ । सम्बन्धित कार्यालयले लेखाङ्कन गर्दा खर्च लेखाङ्कन गरेको हिसाबलाई वित्तीय विवरण तयार गर्दा विस्तृत विवरण तयार नगरी निर्माणाधीन सम्पत्तिमा रुपान्तर गरेकोले निर्माणाधीन आयोजना बारे स्पष्ट हुनसकेन ।

४१. **बक्यौता रकम –** प्राधिकरणले नेपाल सरकारका निकायसँग लामो समयदेखिको रु.५३ करोड २ लाख ४० हजार असुल गर्नसकेको देखिँदैन । अर्कोतर्फ नेपाल सरकारबाटै ब्याजमा लिएको ऋण रकममध्येको रु.५२ करोड ९४ लाख ९६ हजार त्रिभुवन विमानस्थल भन्सार कार्यालयसँग लिन बाँकी रहेको देखाई रकम प्राप्त

हुनासाथ भुक्तानी गरिने उल्लेख गरेको छ । लामो समयदेखि बाँकी रहेको सो बक्यौता असुल एवं फछ्यौंट गरेको देखिएन ।

४२. **शंकास्पद असामी –** यस शीर्षकमा रु.१ अर्ब १ करोड २१ लाख रहेकोमध्ये त्रिभुवन विमानस्थल भन्सार कार्यालयसँग रु.५२ करोड ९४ लाख ९६ हजार, नेपाल वायुसेवा निगमसँग रु.२८ करोड ३ लाख १८ हजार, नेकोन एअरसँग रु.४ करोड ६३ लाख ८२ हजार, इण्डियन एअरलाइन्ससँग रु.३ करोड ५९ लाख ९४ हजार असुल गर्न बाँकी देखिन्छ । उठ्न बाँकी रकमको सम्बन्धमा प्रमाणित अभिलेख तथा सम्बन्धित पक्षको स्वीकारोक्तिपत्र लिएको छैन । सबै असामी रकमको आयू वर्गीकरण गरेको पनि छैन । कुन निकाय वा कम्पनीलाई शंकास्पद असामीको रुपमा गणना गरिएको यकिन हुनसकेन ।

४३. **मार्गस्थ मौज्दात** – वासलातमा मार्गस्थ मौज्दात रु.१ करोड २४ लाख ६२ हजार मौज्दातमध्येको कतिपय ऋणात्मक देखाएको पाइयो । मार्गस्थमा रहनुपर्नाको कारण, सोको आधार र प्रमाणित अभिलेख बेगर ट्रान्सफरमा फरक परेको करोडौँ रकम विगत वर्षदेखि मार्गस्थमा रहेको देखाई तयार गरेकोले वित्तीय विवरणको प्रस्तुति फरक परेकोसम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ ।

४४. **बैङ्क मौज्दात –** वासलात अनुसार वर्षान्तमा रु.३ अर्ब ९९ करोड ९५ लाख ५२ हजार बैङ्क मौज्दात देखाएकोमा सम्बन्धित बैङ्कबाट मौज्दात प्रमाणपत्र लिएको छैन र कतिपयको बैङ्क हिसाब विवरणसमेत नबनाएकोले बैङ्क मौज्दातको सही अवस्था यकिन गर्नसकिएन ।

४५. **पेश्की सापटी –** कर्मचारी भ्रमण पेश्की, खर्चको लागि कर्मचारी पेश्की, विभिन्न संस्थालाई सापटी र प्रतितपत्र पेश्की गरी रु.१ अर्ब २८ करोड ६२ लाख ५ हजार बाँकी रहेको देखियो । लेखापरीक्षणका क्रममा कर्मचारीले लामो समयदेखि पेश्की फछ्यौंट नगरेको, विभिन्न संस्थाले लगेको पेश्कीको प्रयोजन नखुलेको तथा कारबाही नभएको प्रतितपत्र पेश्की यस वर्षसम्म पनि फछ्यौंट हुन बाँकी देखियो । कतिपय पेश्की सेवा निबृत्त तथा मृत्यु भईसकेका कर्मचारीको नाममा समेत बाँकी रहेको पाईयो । यस्ता पेश्की फछ्यौंट गर्नेतर्फ कारबाही अगाडी बढाउनुपर्नेमा सो गरेको छैन । प्रतितपत्र पेश्की रु.१५ करोड ८० लाख ५३ हजार २०५४ देखि नै फछ्यौंट नगरी जिम्मेवारी सार्दै आईरहेको देखिन्छ ।

४६. **चालु दायित्व –** चालु दायित्वमा यो वर्ष रु.३ अर्ब ६६ करोड ६ लाख ५३ हजार व्यापारी तथा अन्यलाई तिर्न बाँकी देखाएको छ । लेखापरीक्षणको लागि पेश भएको वासलातमा विस्तृत विवरण, प्रमाण तथा लेखामान १ बमोजिम गर्नुपर्ने खुलासा बेगर अन्य धरौटी, विविध साहू, भुक्तानी दिनुपर्ने बिल, अग्रिम भुक्तानी प्राप्त र समाप्त नभएको छुट शीर्षकमा रु.३ करोड ८८ लाख ९४ हजार देखाएको छ । हवाई विभागतर्फको असुली रु.१ करोड १८ लाख ९९ हजार दायित्वमा देखाएको र लेखा टिप्पणीमा उक्त रकम पुरानो बेरुजूमध्ये राजस्व खातामा जम्मा गरी बाँकी भएको रकम उल्लेख गरे तापनि सम्बन्धित राजस्व खातामा जम्मा गरेको छैन ।

४७. **ऋण दायित्व –** नेपाल सरकारमार्फत प्राप्त भएका विभिन्न ऋणहरुको भुक्तानी गर्न बाँकी ब्याज रु.३ अर्ब २४ करोड ६९ लाख ७८ हजार देखाएकोमा महालेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गरी भुक्तानी गरेको छैन । गत वर्ष महालेखा नियन्त्रक कार्यालयले देखाएको भाका नाघेको ब्याज र प्राधिकरणले भुक्तानी बाँकी देखाएको रकममा रु.१ अर्ब ५ करोड ४ लाख ९८ हजार फरक देखिएको छ । नेपाल सरकारलाई विगत वर्षदेखि तिर्नुपर्ने पेश्की रु.४ करोड ६० लाख ६९ हजारमा यो वर्ष थप भई वर्षान्तमा रु.४ करोड ६३ लाख ३८ हजार पुगेको छ । तिर्नुपर्ने ब्याज र अन्य रकम सम्बन्धितको अभिलेखसँग भिडान नगरेकोले प्राधिकरणले उल्लेख गरेको दायित्व रकमले सही र यथार्थ चित्रण गरेको देखिँदैन ।

४८. **अन्तरशाखा हिसाब –** यस शीर्षकको डेविटतर्फ रु.३३ करोड ५९ लाख १ हजार देखाएको छ । यो रकम अघिल्लो वर्षको रु.७१ लाख ७५ हजारको तुलनामा रु.३२ करोड ८७ लाख २६ हजारले बढी हो । प्राधिकरणले २०५५/५६ देखि २०६७/६८ सम्म कार्यालयहरुले विभिन्न शीर्षकहरुको मौज्दात जिम्मेवारी

नसारेको, सन्तुलन परीक्षण फरक परेको, अन्तर कार्यालय हिसाबमा फरक परेको रकमहरु यस शीर्षकमा समावेश गरेको उल्लेख छ । तर हिसाबको विवरण खुलासा नगरेकोले उक्त रकम यकिन गर्ने अवस्था छैन ।

४९. **राजस्व असुली** – प्राधिकरणको अर्थ विभागले प्राप्त गर्ने कुल आम्दानी रु.३ करोड ४६ लाख २५ हजारमध्ये उडान स्वीकृत दस्तुरबापत रु.८ लाख ४९ हजार र ए.टि.सि.बापत रु.१ करोड ३८ लाख ८१ हजार यो वर्ष राजश्व लेखाङ्कन गरेको छ । कुल उडान स्वीकृति दिएको संख्या, ए.ओ.सि.दिएको संख्या, नवीकरण गरिएको संख्या र नवीकरण हुन बाँकी संख्याको विवरण उपलब्ध हुन नसकेकोले सङ्कलित राजस्व यथार्थ भएको यकिन गर्न सकिएन ।

५०. **म्याद थप** – विभिन्न जिल्लाका विमानस्थलहरुमा भएका खानेपानी आपूर्ति तथा शौचालय, डिपार्चर हल निर्माण, ढल निर्माण, फेन्सिङ्ग निर्माण कार्य लगायतका २८ निर्माणसम्बन्धी अधिकांश कार्यको थालनी फागुनपछिमात्र भई रु.११ करोड २१ लाख ९६ हजार भुक्तानी गरेको छ । सिभिल ईन्जिनियरिङ्ग विभाग अन्तर्गतका ८ आयोजनाको रु.२८ करोड २ लाख २५ हजारको म्याद थपको कारबाही भएको देखिन्छ । सार्वजनिक खरिद नियमावलीको नियम १२० बमोजिम निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन दिनसक्ने व्यवस्थाबमोजिम धेरैजसो कामहरु असार मसान्तसम्म सक्ने कार्यादेश भएपनि प्राय: सबै ठेक्काको म्याद थप गरेकोमा अधिकार प्राप्त अधिकारीले म्याद थप दिँदा सम्बन्धित निर्माण व्यवसायीबाट समयमै कामसक्ने प्रयास गरे नगरेको र काबु बाहिरको परिस्थितिको कारणबाट ढिलाई भएको हो होईन जाँच गरेको पाईएन । म्याद थप पछिपनि काम सम्पन्न गरेको छैन । काम नसक्ने निर्माण व्यवसायीलाई हर्जना असुल गर्नुपर्ने व्यवस्था भएपनि सो असुल गरेको पाईएन ।

५१. **लागत अनुमान** – सार्वजनिक खरिद ऐनमा सार्वजनिक निकायले कुनै पनि खरिदका लागि रु.२५ हजारभन्दा बढीको लागत अनुमान तयार गरी कार्य प्रारम्भ गर्नुपर्नेमा धनगढी विमानस्थलको टर्मिनल भवन बनाउन परामर्शदाताले रु.७ करोड ७४ लाख ३० हजार लागत अनुमानको आधारमा बोलपत्र गरी एक संयुक्त उपक्रमका निर्माण व्यवसायीलाई रु.७ करोड ५७ लाख ९८ हजारको ठेक्का स्वीकृत गरी कार्यादेश दिएकोमा ब्रिक्स वर्कस परिमाण छुट भएको कारण देखाउँदै रु.८९ लाख ३३ हजारको थप लागत अनुमान स्वीकृत गरी कुल रु.८ करोड ४७ लाख ३१ हजारको संशोधित लागत कायम गरेको छ । यस्तै रारा विमानस्थलको रन–वे विस्तार तथा पार्किङ्ग निर्माण कार्यका लागि रु.१० करोड ६९ लाख २८ हजार लागत अनुमानअनुसार बोलपत्र आह्वान गरी एक संयुक्त निर्माण सेवाले रु.१० करोड २२ लाख ४३ हजारमा ठेक्का प्राप्त गरेकोमा २ पटकसम्म लागत अनुमान संशोधन गरी कुल लागत रु.११ करोड ५५ लाख ५७ हजार पुऱ्याएको छ । पटक पटक लागत अनुमान संशोधन गरी थप काम दिएकोले लागत अनुमान नै भरपर्दो नभएको कुरा पुष्टी हुन्छ । साथै यसबाट समयमै काम सम्पन्न नहुने, निर्माण कार्य गुणस्तरीय नहुने र लागतसमेत वृद्धि हुने भएकोले यस्ता कार्य बन्द हुनुपर्ने देखिन्छ ।

५२. **भेरिएसन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले १५ प्रतिशतसम्मको भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । खरिद नियमावलीको नियम ११८(१) मा खरिद सम्झौताबमोजिम कार्य सुरु भईसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप गर्न वा नयाँ आइटम थप्न वा सट्टा गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो थप घट वा नयाँ आइटमको लागत अनुमान तयार गरी भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । प्राधिकरण मातहतका ७ आयोजनाको पुन:र्निमाण कार्यमा कार्य सुरुभइसकेपछि रु.३ करोड ८७ लाख ४२ हजारको भेरिएसन आदेश जारी भएकोमा उपरोक्त प्रावधान अनुरुप पूर्वानुमान गर्न नसकिएको बारे स्पष्ट कारण खुलाई भेरिएसन स्वीकृत भएको प्रमाण पेश भएको छैन ।

५३. **ज्यालादारी कर्मचारी –** प्राधिकरणमा करिब ८ सय ५० स्थायी कर्मचारीको साथै ६ सय ५० भन्दा बढी ज्यालादारीका कामदार रहेको देखिन्छ । प्राधिकरणको सञ्चालक समितिको बैठकले अर्थ मन्त्रालयको स्वीकृति नलिई ज्यालादारीका कर्मचारीलाई मासिक रु.२ हजार पारिश्रमिक वृद्धि गर्ने, दशैँ भत्ता उपलब्ध गराउने, औषधि उपचार खर्च दिने र रु.२ लाख रुपैँयासम्मको बीमा गराउने निर्णय गरको देखिन्छ । सञ्चालक समितिको यस्तो निर्णयले प्राधिकरणलाई वर्षेनी करोडौँ थप व्ययभार पर्ने देखिएको छ ।

५४. **लेखापरीक्षण समिति –** सार्वजनिक संस्थाहरुमा आम्दानी र खर्चको सम्बन्धमा आन्तरिक तथा वाह्य लेखापरीक्षकले औँल्याएका कमी कमजोरी सुधार एवं त्यसको कार्यान्वयनका लागि व्यवस्थापन एवं सञ्चालक समितिलाई सुझाव दिन स्वतन्त्र लेखापरीक्षण समिति गठन गर्नुपर्ने हुन्छ । कम्पनी ऐन, २०६३ लेसमेत ३० करोड रुपैँयाभन्दा बढी पूँजी भएका सार्वजनिक कम्पनीले अनिवार्य रुपमा स्वतन्त्र व्यक्ति एवं विज्ञ सम्मिलित लेखापरीक्षण समिति गठन गर्नुपर्ने वाध्यकारी व्यवस्था गरेको छ । तर प्राधिकरणले अहिलेसम्म यस्तो समिति गठन गरेको छैन ।

वायुयान सञ्चालन कोष

कोषको २०६८/६९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

५५. **सञ्चालन नतिजा –** गत वर्षसम्मको रु.१५ करोड ९१ लाख २७ हजार बचत रहेकोमा यस वर्षको कार्य सञ्चालनबाट रु.८ करोड ३६ लाख ३५ हजार बचत गरी वर्षान्तमा रु.२४ करोड २७ लाख ६२ हजार सञ्चित बचत रहेको छ ।

५६. **कोषको उपयोग –** कोषको सञ्चालनसम्बन्धी व्यवस्थापनको जिम्मा प्राधिकरणकै सञ्चालक समितिलाई दिए पनि सञ्चालक समितिले प्रभावकारी नीति र कार्यक्रम ल्याउन नसकेकोले विभिन्न १२ बैङ्कमा रहेको रु.४१ करोड ३६ लाख ५७ हजार निष्क्रिय पूँजीको रुपमा रहेको छ । कोषले ब्याज नआउने गरी २ बैङ्कमा अमेरिकी डलर ३ लाख १५ हजार र ३ बैङ्कमा रु.३ करोड ९ लाख ४२ हजार निक्षेप राखेको छ । कोषको रकम उचित रुपमा उपयोग हुनसकेको देखिएन ।

५७. **राजस्व दाखिला** – विगत वर्षदेखिको तिर्न बाँकी सरकारी राजस्व रु.२१ लाख ६० हजार र मूल्य अभिवृद्धि कर रु.५ लाख २० हजार सञ्चितकोष दाखिला गर्नुपर्ने व्यहोरा विगत वर्षदेखि औँल्याइए तापनि स्थिति यथावत छ ।

५८. **लिन बाँकी** – विभिन्न पार्टीसँग विगत वर्षदेखिको रु.१ करोड ५१ लाख ८६ हजार लिन बाँकी छ । गत वर्षको मौज्दातलाई आधारमानी वित्तीय विवरण तयार गरेको छ । उक्त लिन बाँकी रकमको वर्षानुगतको विवरण कोषसँग रहेको देखिएन । उक्त रकम उठाउन प्रभावकारी पहल भएको पनि देखिएन ।

५९. **हिसाब मिलान** – हवाई उड्डयन सुरक्षा विभागसँग तथा नेपाल नागरिक उड्डयन प्राधिकरणसँग लिनुपर्ने देखाएको क्रमश: रु.१३ लाख ७१ हजार र रु.१३ लाख ८८ हजार असुल वा हिसाब मिलान गर्नुपर्ने व्यहोरा गत वर्ष औँल्याईएकोमा स्थिति यथावत छ ।

६०. **ब्याज तथा बहाल आय –** यस वर्ष मुद्धती तथा अन्य खाताबाट रु.१ करोड ९४ लाख ६८ हजार ब्याज प्राप्त भएकोमा बैङ्कगत आय हिसाब नराखेकाले प्राप्त हुनुपर्ने ब्याज रकम यकिन गर्ने अवस्था छैन । घर बहाल आयबापत रु.११ लाख ३३ हजार आय देखाएकोमा पार्टीगत रुपमा प्राप्त हुनुपर्ने रकम, प्राप्ति र बाँकी बहालको हिसाब देखिने गरी लेखा राखी असुल गर्नुपर्नेमा गरेको छैन । प्राप्तिका आधारमा मात्र लेखाङ्कन गर्नु प्रचलित नेपाल लेखामान अनुरुप भएन ।

नेपाल वायुसेवा निगम

निगमको २०६८।६९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

६१. **सञ्चालन नतिजा** – गत वर्ष निगमको सञ्चित नोक्सान रु.१ अर्ब ६२ करोड १२ लाख १८ हजार देखाएकोमा विगतको सञ्चित नोक्सान समायोजनबाट कायम गरेको आय रु.१ अर्ब १४ करोड २९ लाख ६९ हजार र यो वर्षको नोक्सानी रु.२ करोड ३९ हजार सहित वर्षान्तको सञ्चित नोक्सान रु.४९ करोड ८२ लाख ८८ हजार पुगेको छ । लेखापरीक्षण प्रतिवेदनमा वर्षैपिच्छे कैफियत सहितको राय उपलब्ध गराए तापनि वित्तीय विवरण सोअनुसार समायोजन गरेको छैन । पछिल्ला वर्षको आयकर खर्च र आय विवरण समयमा नबुझाएबापतको शुल्क तथा तिर्न बाँकी आयकर, विदेशी विनिमय समायोजन, शंकाष्पद रकमबापतको व्यवस्था लगायतका खर्च समावेश गरी समायोजन गर्दा सञ्चित नोक्सान अझै बढ्ने देखिन्छ ।

६२. **वित्तीय विवरण प्रस्तुतीकरण –** निगमले विगत ४ वर्षदेखिको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश गरेको छैन । विगतको वर्षमा विपरीत राय दिने गरी जारी भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर आवश्यक कारबाही गरी सुधार गरेको नदेखिँदा यो वर्षको वित्तीय विवरणको तुलनात्मक अङ्कमा सोहीबमोजिमको समान असर पर्ने देखिन्छ । सो वर्षको कारोबारहरुको सम्बन्धमा लेखापरीक्षण समय पश्चात पनि हिसाब फरक परेको भनी वित्तीय विवरणमा रु.१ अर्ब १४ करोड ३० लाख सञ्चित नोक्सानमा समायोजन गरी लेखा पेश गरेकोमा समायोजनको विवरण दिएको छैन । कर्जाको ब्याज, शंकाष्पद आसामी, पुराना प्रतितपत्र, यथार्थ मौज्दात नरहेका नाममात्रका बैङ्कखाताहरु, जिम्मेवार व्यक्ति स्पष्ट नभएका नगद हिसाबहरु, खर्च भैसकेको भन्सार महशुलालाई सम्पत्तिमा देखाएको जस्ता शीर्षकमा नेपाल लेखामानबमोजिम खर्च व्यवस्था गर्दा रु.१ अर्ब ७४ करोड ६६ लाख थप नोक्सानी हुने देखिन्छ । विगत लेखापरीक्षणको सुझाउ अनुसार सबैप्रकारको व्यवस्था र दायित्वको रकम खर्चमा समावेश गरी हिसाब पेश नगरेकोले निगमको वित्तीय विवरणले सही र यथार्थ आर्थिक अवस्था चित्रण गरेको छैन ।

६३. **लेखामान पालना –** निगमले वित्तीय विवरण तयार गर्दा नेपाल लेखामानबमोजिम न्यूनतम विषयहरु खुलासा गरी तयार गर्नुपर्नेमा सो अनुसार गरेको छैन । नेपाल लेखामान–१ बमोजिम वित्तीय विवरण तयार गर्दा समग्र वित्तीय अवस्था सही र दुरुस्त देखिने गरी प्रस्तुत गर्नुपर्नेमा अवकाश कोषमा एकमुष्ट पठाएको रकमलाई कर्मचारी दायित्वबाट घटाएको, अवकाश कोषबाट आर्जित आयलाई वित्तीय विवरणमा समावेश नगरेको र लिन दिन बाँकी रकमहरु स्पष्ट नदेखाई एक आपसमा मिलान गरी वित्तीय विवरण तयार गरेकाले वित्तीय विवरणले यथार्थ अवस्था प्रस्तुत गरेको छैन । नेपाल लेखामान–४ अनुसार स्टोरको मूल्याङ्कन गर्दा भौतिक परीक्षण गरिएको परिमाणको आधारमा बजार मूल्य र लागतमध्ये घटी रकममा गर्नुपर्नेमा कतिपय सामानको संख्या वा रकम ऋणात्मक रहेको र स्टोरबाट खर्च भईसकेको स्पेयर पार्टसलाई समेत सम्पत्तिमा देखाएको छ ।

नेपाल लेखामान–७ अनुसार आय लेखाङ्कन, खासगरी अनार्जित आयबाट बिक्री लेखाङ्कनलाई उडानसँग मिल्ने गरी राख्न नसकेको र अनार्जित आयमा बाँकी देखाएको रकमको विवरण उपलब्ध नहुनाले उड्न बाँकी रहेका यात्रुको टिकटको रकम नै बाँकी देखाएको हो भनी यकिन गर्नसकिने अवस्था छैन । नेपाल लेखामान–९ अनुसार आयकर खर्चमध्ये आयकर ऐन, २०५८ बमोजिम गणना गरेको कर रकम यकिन गर्नसकेको छैन । नेपाल लेखामान–११ अनुसार स्वदेश तथा विदेश स्थित विदेशी मुद्रामा रहेको बैङ्क खाताहरु, विदेशी स्टेशनमा नगद एवं पेश्की बाँकी, विदेशी एजेन्ट तथा पार्टीहरुसँग लिन बाँकी तथा विदेशी पार्टीहरुलाई तिर्न बाँकी रकमको आय तथा नोक्सानी गणना गरेको छैन । नेपाल लेखामानको प्रावधानअनुसार कारोबारको लेखा राखी वित्तीय विवरण तयार गर्नपर्ने कुरा औँल्याइए तापनि सो अनुसार सुधार गरेको छैन ।

६४. **सञ्चालक समिति –** निगमको सञ्चालक समितिबाट लेखापरीक्षणको प्रतिवेदनलाई संस्थाको वित्तीय जवाफदेही तथा आर्थिक सुधारका सुझाउको हिसाबले उपयोग गरेको छैन । लेखा पेश गरी लेखापरीक्षण गराउने कार्यमा केही सुधार भए तापनि २०६५/६६ देखिको लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया उपलब्ध गराउन बाँकी छ । निगमको आर्थिक कारोबारको जवाफदेहिता, पारदर्शीता अभिवृद्धि गर्न लेखापरीक्षणको सुझाउ कार्यान्वयन गरी वित्तीय विवरण सही र यथार्थ बनाई पेश गर्न सञ्चालक समितिले कार्य योजना सहित लेखा समिति गठन गरेको देखिएन ।

६५. **ऋण हिसाब –** निगमको वित्तीय विवरण अनुसार मध्यम तथा दीर्घकालीन ऋण रु.९४ करोड ९३ लाख २७ हजार र अल्पकालीन ऋण रु.५९ करोड ६१ लाख ६४ हजार छ । नेपाल सरकारको ऋण रु.३४ करोड ९३ लाख २७ हजार देखाएकोमा महालेखा नियन्त्रक कार्यालयसँग हिसाब भिडान गरेको छैन ।

६६. **तिर्न बाँकी हिसाब** – निगमले पेश गरेको वित्तीय विवरणअनुसार विभिन्न पार्टीलाई रु.१ अर्ब ३३ करोड २३ लाख भुक्तानी बाँकी छ । तीमध्ये सन् २००५ वा सोभन्दा अगाबैदेखि कारोबार नभएका ३०२ पार्टी छन् । दिनुपर्ने हिसाबमा देखाएको भए तापनि हाल कारोबार नभएकोमा ती रकमको समर्थन लिएको छैन । तिर्न बाँकी देखाएकोमध्ये नामनामेसी नखुलाई नियन्त्रण खातामामात्र देखाएको रु.७५ करोड ५० लाख २३ हजार बाँकी देखिन्छ । विदेशी मुद्रामा भुक्तानी गर्नुपर्ने पार्टीहरुको हिसाब विनिमय दरले समायोजन नगरेकोले केही पार्टीको विदेशी मुद्रातर्फ लिन बाँकी रकमलाई लेखामा तिर्न बाँकी रकमको रुपमा देखाएको छ । पुराना पार्टीहरुलाई तिर्न बाँकी रहनाको कारण खुलाई विवरण तयार नगरेको, प्रतितपत्रतर्फ राफसाफ भैसकेकालाई तिर्न बाँकी देखाएको, सामान वा सेवा प्राप्त भई रकम तिरिसकेको भए तापनि हिसाब राफसाफ नभएको आदि अवस्था देखिएकोले तिर्न बाँकी देखाएको रकम यथार्थ छैन ।

६७. **लिनबाँकी हिसाब –** निगमको विगत वर्षदेखि लिन बाँकी रकममध्ये ८३२ पार्टीबाट रु.१ अर्ब ३ करोड ६५ लाख भए तापनि असुल गर्नसकेको छैन । तीमध्ये ७ वर्षभन्दा अगाबैदेखि निरन्तर लिन बाँकी देखाएका ४८६ पार्टीको रु.२९ करोड ५२ लाख, विगत ६ वर्षदेखि निरन्तर लिन बाँकी देखिने ५६ पार्टीको रु.१ करोड ६६ लाख, ५ वर्षदेखि निरन्तर बाँकी देखिने ७५ पार्टीको रु.३ करोड ३९ लाखसमेत रहेको छ । लिनबाँकी देखाएका शीर्षकमा नाम नामेसी खुलाई नियन्त्रण खातामा मात्र देखाएको रु.५५ करोड ६३ लाख ७३ हजार बाँकी देखिन्छ । विदेशी मुद्रामा लिन बाँकी विदेशी विनिमय अनुसारको रकमभन्दा लेखाले लिन बाँकी देखाएको रकम फरक छ । कतिपय अवस्थामा लेखाले लिन बाँकी देखाएको पार्टीलाई विदेशी मुद्रातर्फ तिर्न बाँकी भएको वा हिसाब नै राफसाफ भैसकेको छ । उदाहरणका लागि एक एक्प्रेससँग लेखामा रु.३ लाख ९ हजार लिनबाँकी छ तर उक्त पार्टीसँग सन् २००९ मै विदेशी मुद्रा लिनुदिनु राफसाफ भैसकेको छ । एक ओरियन्टको लेखाअनुसार लिन बाँकी रु.३१ लाख ५९ हजार देखाएकोमा विदेशी मुद्रातर्फ लिन बाँकी रु.२८ हजारमात्र देखिन्छ । अर्को एक पार्टीसँग लिन बाँकी रु.१३ लाख ९२ हजार देखाएकोमा विदेशी मुद्रातर्फ रु. २८ हजार तिर्न बाँकी देखिन्छ । एक ट्राभल्ससँग लिन बाँकी रु.२५ लाख २५ हजार देखाएकोमा विदेशी मुद्रातर्फ रु.५८ हजार तिर्न बाँकी देखिन्छ । विदेशी मुद्रामा लिन बाँकी रकम भएका हिसाबको विनिमय समायोजन नगरेकाले वास्तविक लिन बाँकी रकम यकिन गर्नसकिने अवस्था छैन । सम्बन्धित पार्टीसँग असुलीको कारबाही गरेको पनि देखिएन ।

६८. **कर व्यवस्था** – यो वर्ष कर गणना गरेको छैन । विगत वर्षको कर व्यवस्था रु.२ करोड १४ लाख ८९ हजारलाई मात्र यो वर्ष देखाएको छ । सोही रकम पुन: तिरेको करमा समायोजन गरी सम्पत्तिको रुपमा अग्रिम कर रु.३७ करोड ४४ लाख ६८ हजार देखाएकोले फरक पर्ने रकमलाई वित्तीय विवरणमा मुनाफा देखाइ हिसाब मिलान गरेको छ । यो वर्षको कारोबारको वर्तमान कर तथा नेपाल लेखामान–९ बमोजिम डेफर्ड आयकर गणना गरी समावेश गरेको छ । तर दायित्व वा सम्पत्तिको रुपमा लेखाङ्कन गरेको पाइएन । उक्त अग्रिम कर रकम निगमले तिरेको करमात्र नभई भुक्तानीमा कट्टा गरेको कर रु.२६ करोड ५९ लाख ४७ हजार पनि समावेश गरेकोले अग्रिम करको रकम यथार्थ देखिँदैन ।

समयमा आय विवरण नबुझाएबापत लागेको शुल्क, ब्याज, भुक्तानीमा कर नकाटेबापत संशोधित कर निर्धारण गर्दा कर प्रशासनले लगाएको कर र ब्याजलगायतको भुक्तानीमा कर काटेको भएपनि अर्कै शीर्षकमा लेखाङ्कन गरेको, लेखाङ्कन भए तापनि राजस्व दाखिला नगरेको लगायतका विभिन्न प्रकारका कर भुक्तानी गरी हालसम्मको रु.२६ करोड ६१ लाख ४७ हजारलाई ठूला करदाता कार्यालयबाट फिर्ता लिनुपर्ने सम्पत्तिको रुपमा लेखाङ्कन गरेको छ । पार्टीलाई भुक्तानी गर्दा स्रोतमा कर कट्टा नगरी त्यस्ता पार्टीको नाममा लाग्ने कर रकम निगमबाट तिरी यो शीर्षकमा ठूला करदाता कार्यालयसँग लिन बाँकी देखाएको उपयुक्त भएन ।

६९. **कर्मचारी अवकाश व्यवस्था** – कर्मचारी अवकाश खर्च तथा व्यवस्थाको रकम निश्चित आधारमा गणना गरी लेखाङ्कन नगरेकोले दायित्व रकम यकिन गर्न सकिने अवस्था छैन । उपदान व्यवस्थामा खर्च लेखी अवकाश कोषमा यस वर्षसम्म रु.१ अर्ब ४ करोड ७९ लाख कर्मचारीको व्यक्तिगत नाममा जम्मा नगरी एकमुष्ठ स्थानान्तरण गरेको छ । कर्मचारीको व्यक्तिगत नाममा व्यवस्था नगरेकाले सो अवकाश कोष योगदान बाहेकको अवकाश कोष सरहमात्र देखिन्छ । तर अवकास भुक्तानी गर्दा योगदान सहितको कोष सरह कर गणना गरेको बुझिएको छ । कर्मचारी अवकाश दायित्व निगममा रहने अवस्था भए तापनि निगमको दायित्वबाट हटाएको छ । सो कोषमा जम्मा गरेको रकम र सोबाट आर्जित रकमलाई सम्पत्ति तथा आयमा देखाएको छैन । यसबाट कर्मचारी अवकाश दायित्वबापतको व्यवस्था नपुग हुने देखिएको छ ।

७०. **पदपूर्ति –** निगमले उपलब्ध गराएको विवरणअनुसार यो वर्षको अन्त्यमा स्वीकृत कर्मचारी दरवन्दी १ हजार ८८० रहेकोमध्ये स्थायीबाट १ हजार १२७, करारबाट २१९ पदपूर्ति भई ५३४ दरवन्दी रिक्त रहेको देखिन्छ । कर्मचारीको स्थायी पूर्ति नगरी करारको कर्मचारीको वर्षैपिच्छे करार अवधि थप गर्ने तथा नयाँ कर्मचारी करारमा भर्ना गर्ने गरेको देखिन्छ । विगत ३ वर्षमा क्रमशः ३८, ५७ र ८० कर्मचारी करारबाट थप गरेको छ । स्वीकृत दरवन्दीअनुसार स्थायी पदपूर्ति नगरी वार्षिक रुपमा करारबाट कर्मचारी थप गर्नु उपयुक्त देखिँदैन ।

७१. **अनार्जित आय –** निगमले यात्रु वा ढुवानीको टिकट जारी गरेको तर उडान भैनसकेका हिसाबहरु अनार्जित आयमा देखाउने गरेको हिसाब यो वर्ष रु.५३ करोड ५१ लाख बाँकी देखाएको छ । टिकट बिक्रीको हिसाब लेखाङ्कन गर्ने निगमको सफ्टवयरबाट उड्न बाँकी रहेका टिकटबापतको दायित्व वा कुल बाँकी रकम दायित्व स्पष्ट हुनसकेको छैन । सफ्टवयरको हिसाब तथा लेखा हिसाब भिडान गरेको पनि छैन । पेश भएको लेखाअनुसार यो वर्ष बिक्री गरेका टिकट रु.२ अर्ब ९९ करोड ६५ लाखमध्ये रु.३ अर्ब २३ करोड ६३ लाख बराबरको टिकट खरिद गरेका व्यक्तिहरु विमान यात्रा गरेको र अघिल्लो वर्ष टिकट लिएका तर नउडेका वा उड्न बाँकी देखाएको शीर्षकमा रु.४ अर्ब २० करोड ३४ लाखले ऋणात्मक देखिन्छ । यसबाट टिकट लिएकाभन्दा बढी यात्रु उडाएको अर्थ लाग्ने हिसाब देखिन्छ । टिकट बिक्रीको हिसाब राखिने सफ्टवयर तथा लेखामा तादम्यता नमिलेका कारण यस्तो हिसाब देखिएको हो । यात्रु उडान, टिकट बिक्री र उड्न बाँकी टिकटको अद्यावधिक विवरण उपलब्ध हुन नसकेकोले अनार्जित आय हिसाब यथार्थ देखिएन ।

७२. **भन्सार धरौटी** – भन्सार नियमावली, २०६४ को नियम ७ मा हवाइजहाज वा हेलिकोप्टर वा तिनका पार्टपूर्जा भएमा मूल्यको शून्य दशमलव पाँच प्रतिशत रकम भन्सार कार्यालयमा धरौटी राखी मर्मतका लागि पठाउन सकिने र यसरी पठाएको सामान तीन महिनाभित्र फर्काउनुपर्ने, सो अवधिमा ल्याउन नसकिने भए निवेदन दिई म्याद थप गर्नुपर्ने व्यवस्था छ । पार्टपूर्जा विदेश पठाएबापत निगमले राखेको धरौटी यस वर्षसम्म भन्सारसँग लिन बाँकी हिसाब रु.६ करोड ४ लाख ९० हजार देखाएको छ । सोमध्ये एक वर्षभन्दा पुरानो रु.६ करोड ४ लाख ८१ हजार भन्सारसँग लिन बाँकीको हिसाबमा विस्तृत विवरण खुलाएको छैन । निगमले तीन महिनाभित्र मर्मत गरी फिर्ता ल्याउने शर्तमा धरौटी राखी विभिन्न पार्टपूर्जा मर्मतका लागि पठाएकोमा तीन महिनाको अवधि नाघे तापनि म्याद थपका लागि प्रयास भएको देखिएन । भन्सारमा धरौटी राखेको रकम फिर्ता पाउने अवधि नाघिसकेको र मर्मत गरी ल्याउँदा भुक्तान गर्नुपर्ने भन्सार महशुलमा मिलान गर्नपाउने समय पनि गुजारी सकेको अवस्थामा धरौटी रहेको देखियो ।

७३. **जिन्सी मौज्दात** – यो वर्ष रु.१ अर्ब ३१ करोड ७८ लाखको जिन्सी मौज्दात बाँकी रहेकोमा मौज्दातको भौतिक परीक्षण नगरेको तथा खर्च लेखाङ्कन स्टोर अभिलेखका आधारमा नगरी अनुमानित तरिकाले गरेकाले बाँकी मौज्दात यथार्थता बारे यकिन गर्न सकिएन । जिन्सीको भौतिक मौज्दात र भण्डार अभिलेखले देखाएको जिन्सी मौज्दात लेखामा देखिने हिसाबमा यो वर्ष रु.१ करोड ५७ लाख ६५ हजार ऋणात्मक मौज्दात देखाएको छ । लेखामा धनात्मक जिन्सी हिसाब देखिए तापनि जिन्सी अभिलेख ऋणात्मक रकम रहेको १४ आइटम एयरक्राफ्ट मौज्दातको रु.५१ लाख २३ हजार सम्बन्धमा ऋणात्मक मौज्दात रहनाको कारण पत्ता लगाउन छानबिन गरेको छैन । जिन्सी लेखाअनुसारको रकम र वित्तीय लेखाअनुसारको रकम फरक परेको,

स्टोर हिसाब लेखामा समायोजन नै नगरेको तथा लेखामा रहेको ऋणात्मक मौज्दात पहिचान नगरी प्रस्तुत भएकोले जिन्सी हिसाब यथार्थ देखिदैन ।

७४. **बैङ्क तथा नगद** – नगद तथा बैङ्क मौज्दात हिसाब यथार्थ रुपमा पेश नभएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७४.१. लेखामा नगद जनाइएको ७ वर्ष भन्दा अगाडिको ५ हिसाबको रु.१ करोड १८ लाख ८४ हजार, ५ वर्षभन्दा अगाडिको २ हिसाबको रु.१ लाख ६ हजार र ३ वर्षदेखि अगाडिको २ हिसाबको रु.१ लाख ६३ हजार नगद जिम्मेवारी भएको व्यक्ति सम्बन्धमा छानबिन गरी टुङ्गो लगाएको छैन ।

७४.२. नगद मौज्दात अन्तर्गत सिंगापुर, ओशाका, याङ्गुन, मुम्बई, फ्र्याङ्कफर्ट लगायत विगत धेरै वर्ष अघि बन्द भएका निगमको स्टेशनहरुको १४ खातामा नगद मौज्दात देखाएको रु.१ करोड २६ लाख ९४ हजारको नगद राख्ने जिम्मेवारी भएको व्यक्ति निर्धारण हुनुपर्ने व्यहोरा औँल्याउँदै आए तापनि अझैपनि सो जिम्मा बारे स्पष्ट गरेको छैन ।

७४.३. निरन्तर जिम्मेवारी सारी ल्याएका बैङ्क हिसाबमा बैङ्क विवरण पेश नभएको, बैङ्कमा रकम भए नभएको यकिन हुन नसकेको तथा खाता सञ्चालकको नामसमेत पेश नभएका बैङ्क हिसाबहरु देखिएका छन् । बैङ्क हिसाबमा ७ वर्ष वा सोभन्दा पुराना ७ बैङ्क हिसाबको रु.२४ लाख ५३ हजार, ५ वर्षदेखिको ६ बैङ्कको रु.२४ लाख २२ हजार, ४ वर्षदेखिको २ बैङ्कको रु.८ लाख ९८ हजार, ३ वर्षदेखिको २ बैङ्कको रु.१७ लाख ११ हजार रहेका छन् । तीन वर्षदेखिका ३ बैङ्कको रु.१६ लाख ८ हजार तिर्नुपर्ने (ऋणात्मक) हिसाबमा देखिएको छ । निगमका ३१ बैङ्कमध्ये ६ बैङ्कको ऋणात्मक मौज्दात रु.६ करोड ६१ लाख ८९ हजार तथा २५ बैङ्कको धनात्मक मौज्दात रु.५ करोड ४८ लाख ६३ हजारको खाता सञ्चालकसमेत तोकिएको देखिएन । यी बैङ्कको बैङ्क विवरण लगायतका कागजात लेखापरीक्षणमा पेश भएको छैन ।

७४.४. निगमका नाममा रहेका ६६ बैङ्क हिसाबमध्ये ४२ बैङ्क हिसाबको भिडान गरेको छैन । वित्तीय विवरणमा ऋणात्मक मौज्दात प्रस्तुत भएका २१ बैङ्कको खातामा रु.१३ करोड ४४ लाख ५८ हजार रहेको छ । यी बैङ्क खाताको बैङ्क विवरण र समर्थनपत्रसमेत लेखापरीक्षणमा पेश भएन । बैङ्क हिसाब भिडान नभएको तथा बैङ्क विवरण एवं बैङ्क समर्थनपत्र पनि पेश गर्न नसकेकाले बैङ्क मौज्दात बारे यकिन हुनसकेन ।

७५. **स्थिर सम्पत्ति** – स्थिर सम्पत्तिमा यो वर्ष रु.४४ करोड ५२ लाख ९ हजार किताबी मूल्य भएका सम्पत्ति भएको विवरण दिएको छ । निगमको स्थिर सम्पत्तिको ६५ प्रतिशत भूमिगत उपकरण रहेको छ । निगमको केन्द्रीय कार्यालय रहेको १४ रोपनी ७ आना १ पैसा जग्गा र सोनपुर बाँकेमा रहेको ३ विगाहा ७ कट्ठा ३ धुर तथा मार्फा जोमसोममा रहेको १ रोपनी १२ आना ३ पैसाको जग्गाको मूल्य सम्पत्तिमा समावेश छैन । निगमले वित्तीय विवरणमा स्थिर सम्पत्तिमा देखाएको सम्पत्तिहरुको विस्तृत विवरण खुल्ने अभिलेख राखेको छैन । सम्पत्तिको भौतिक परीक्षण गरेको पनि छैन । कुनै सम्पत्ति लिलाम हुँदा सो सम्पत्ति तथा त्यसमा निहित ह्रास रकम समायोजन गरी हटाउनुपर्नेमा सो गरेको छैन । विगत बर्षैदेखि लेखापरीक्षणबाट यससम्बन्धी व्यहोरा औँल्याउँदै आए तापनि अवस्था यथावत छ ।

७६. **आर्थिक विनियमावली –** निगमले सार्वजनिक खरिद ऐन, २०६३ का व्यवस्थाहरु आर्थिक विनियमावली, २०६५ मा समावेश गरेको देखिए तापनि विनियमका कतिपय व्यवस्थाहरु सो ऐनसँग बाझिएको पाइएको छ । ऐनमा खरिदका लागि वार्ता गर्ने व्यवस्था नभए तापनि विनियमावलीमा दरभाउपत्र पेश गरेको आपूर्तकसँग पेश गरेको दररेटमा नबढ्ने गरी घटाघट गर्नसकिने व्यवस्था गरेको छ । ऐनबमोजिम नमुना बोलपत्र कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयको कार्यक्षेत्रको कार्यमा रहे तापनि निगमको विनियममा नमूना बोलपत्र कागजात कार्यकारी प्रमुखले तयार गर्ने व्यवस्था गरेको छ, तर तयार नगरेको अवस्था छ । विनियममा फ्याक्स/इमेल/ कुरिएरमार्फत न्यूनतम ३ पार्टीसँग दरभाउपत्र वा बोलपत्र माग गरी खरिद गर्नसक्ने व्यवस्था छ । निगमले बोलपत्र तथा सिलबन्दी दरभाउपत्र खरिदमा प्रयोग गरेको शर्त र बोलपत्र साथ रहने परिमाणसूची

फाराम खरिद ऐन अनुरुपको देखिँदैन । खरिद ऐनमा भएको व्यवस्थामा प्रतिकूल नहुने गरी विनियममा व्यवस्था गर्नुपर्ने सुझाव लेखापरीक्षणबाट औँल्याउँदै आए तापनि निगमले सोअनुसार सुधार गरेको छैन ।

७७. **एउटै पार्टीबाट खरिद** – सार्वजनिक खरिद ऐनको दफा ४१ र निगमको आर्थिक विनियमावलीको विनियम १३६क(१) मा एक पटकमा रु.१ लाख ५० हजारसम्मको खरिद सोझै खरिद प्रक्रियामा गर्नसक्ने व्यवस्था छ । विनियमको प्रतिवन्धात्मक व्यवस्थाबमोजिम निर्माण कार्य सोझै खरिद प्रक्रियाबाट गराउँदा एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक आर्थिक वर्षमा एक पटकभन्दा बढी गराउन नपाइने व्यवस्था भएकोमा सो व्यवस्थाको पालना गरेको छैन । तुलनात्मक अध्ययनको लागि छनौट गरिएका ८ पार्टीबाट २०६६।६७ मा ८२ पटकमा रु.५६ लाख ५३ हजारको २०६७।६८ मा ७९ पटकमा रु.६५ लाख ७१ हजारको तथा यो वर्ष ६१ पटकमा रु.४४ लाख २५ हजारको सामान र सेवा खरिद गरेको देखियो ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालय १४ निकायमा यो वर्ष रु.८ करोड ४१ लाख ८७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ लाख २७ हजार फछ्यौंट गरेकोले रु.८ करोड ३८ लाख ६० हजार बाँकी रहेको छ । सोमध्ये रु.३ करोड २३ लाख २४ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था अन्य संस्था समिति २१ तर्फ रु.१६ करोड ३७ लाख २० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड ६२ लाख फछ्यौंट गरेकोले रु.१३ करोड ७५ लाख २० हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

मन्त्रालय र मातहत समेत २१५ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३४ अर्ब ७५ करोड ९५ लाख ५१ हजार, राजस्वतर्फ रु.१५ करोड २ लाख ९३ हजार, धरौटीतर्फ रु.२९ करोड ८७ लाख ३७ हजार गरी कुल रु.३५ अर्ब २० करोड ८५ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो रकममा स्वास्थ्य, युवा खेलकुद, शान्ति तथा पुनर्निर्माण, पर्यटन, भौतिक पूर्वाधार तथा यातायात एवं ऊर्जा मन्त्रालय र राष्ट्रिय योजना अयोगसमेतको रु.१ अर्ब ७१ करोड ८१ लाख ४१ हजार र मन्त्रालयमातहत १ निकायको रु.२ करोड ३१ लाख ३० हजार बक्यौतासमेत समावेश छ ।

मन्त्रालय मातहतका अन्य संस्था २ र समिति १४६ को रु.७० अर्ब ७२ करोड ५३ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायअनुसार छन्:

१ **अनुगमन परीक्षण –** महालेखा परीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यस सम्बन्धी केही उदाहरण देहायअनुसार छ:

१.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) मा फ्रिज नहुने बजेट उपशीर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोकी दिने र त्यसरी फ्रिज नहुने भनी तोकेको उपशीर्षकहरुको हकमा बाहेक साल तमाम हुनुभन्दा कम्तीमा ७ दिन अगाडि आर्थिक कारोबार बन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । विद्युत रोयल्टीबापतको २०६७।६८ को रु.१० करोड ५६ लाख ४४ हजार खर्च नभई मौज्दात रहेको रकम सञ्चितकोष दाखिला गर्न औंल्याएकोमा स्थिति यथावत छ । साथै यो वर्षसमेत जिल्ला विकास समितिको कार्यालय २४ ले खर्च भई बाँकी रहेको रु.१० करोड ६४ लाख १४ हजार फ्रिज नगरी आन्तरिक कोषमा सारेको छ । यस सम्बन्धमा २०६८।१२।१ मा सार्वजनिक लेखा समितिले खर्च गरी बाँकी रकम सञ्चितकोष दाखिला गर्ने निर्णय गरे तापनि निर्णय कार्यान्वयन भएको पाइएन ।

यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (५) अनुसार केन्द्रीय बजेट मार्फत प्राप्त भएको रकम खर्च हुन नसकी वर्षान्तमा बाँकी भएमा त्यस्तो बाँकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्दछ । जिल्ला विकास समितिको कार्यालय ६ ले रु.३१ लाख ३ हजार वर्षान्तमा फ्रिज नहुने आन्तरिक कोष खातामा ट्रान्सफर गरी खर्च लेखेको छ । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्ने देखिन्छ ।

१.२ आर्थिक वर्ष २०६५।६६ को बजेट वक्तव्यको दफा १३९ मा स्थानीय विकास शुल्कलाई बजेटको परिधिभित्र ल्याउन उक्त कोषमा रहेको रकम राजस्व दाखिला गर्ने र बजेटमार्फत कोषमा विनियोजन गर्ने व्यवस्था मिलाउने उल्लेख भएको थियो । स्थानीय विकास शुल्क कोषको २०६६।०६७ मा लेखापरीक्षण गर्दा आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको रु.२५ करोड २० लाख १८ हजार सञ्चित कोष दाखिला गर्नुपर्ने औंल्याइएकोमा सोही कोषबाट खर्च गरी २०६७।०६८ को अन्त्यमा रु.१४ करोड ८३ लाख १३ हजार बाँकी रहेकोले पुन: सञ्चितकोष दाखिला हुनुपर्ने भनी औंल्याइएकोमा दाखिला भएन । यो वर्ष उक्त कोषबाट रु.३ करोड ९९ लाख ८७ हजार खर्च गरी रु. १० करोड ८६ लाख ८६ हजार मौज्दात रहेकोले सञ्चित कोष दाखिला गर्नुपर्ने व्यहोरा पुन: औंल्याइएको छ । कोषमा मौज्दात रकम सञ्चितकोष दाखिला गर्नुपर्ने व्यहोरा लेखापरीक्षणबाट औंल्याउदै जाने तर सम्बन्धित निकायले सुधार नगर्ने हो भने आर्थिक अनुशासन कायम हुन सक्दैन ।

१.३ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ (२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय–व्ययको तोकिए बमोजिमको लेखा आर्थिक विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण

गराउनुपर्ने व्यवस्था छ । संयुक्त राष्ट्रसंघीय एजेन्सीसँग २०६५।१२।१६ मा भएको सम्झौताअनुसार स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमको खर्चको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था छ । यो वर्ष रु.१९ करोड ६५ लाख ५८ हजार खर्च भएकोमा लेखापरीक्षण गराएको छैन । उक्त रकमको स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनुपर्दछ ।

१.४ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ उपदफा ३ मा मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायतालाई बजेटमा समावेश गर्नुपर्ने व्यवस्था छ । गत वर्ष स्थानीय विकास मन्त्रालयले विद्यालय भवन, सडक आदि निर्माण गर्न विभिन्न दातृराष्ट्र निकायसँगको सीधै सम्झौतामार्फत सञ्चितकोषमा समावेश नगरी ४२ जिल्ला विकास समितिले रु.४० करोड ७२ लाख ५१ हजार खर्च गरेको व्यहोरा प्रतिवेदनमा औंल्याएको थियो । उक्त स्थितिमा सुधार नभई यस वर्ष समेत ४२ जिल्ला विकास समितिले रु.३७ करोड ३ लाख १ हजार खर्च गरेको पाइयो । सञ्चित कोषमा समावेश नगरी सोझै जिल्ला विकास समितिहरुलाई वैदेशिक सहायता रकम निकासा दिने प्रणालीको अन्त्य हुनुपर्दछ ।

१.५ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ मा पेश्की दिने र फछ्यौंट गर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सुर्खेतले २०६८।११।९ मा सम्पन्न जिल्ला परिषद्को निर्णय अनुसार सडक, विद्यालय भवन, खानेपानी योजना लगायतको कार्यका लागि दिएको गत विगतको पेश्की रु.२४ लाख ९८ हजार अनुदानमा परिणत गरी फछ्यौंट गरेको छ । निश्चित कार्यसम्पादन गर्न उपलब्ध गराएको पेश्की उक्त कार्य भए नभएको सुनिश्चित गरी फछ्यौंट गर्नुपर्नेमा अनुदानमा परिणत गरी फछ्यौंट गर्नु कानूनसम्मत देखिएन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था हुनुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२ **लेखापरीक्षण** – यो वर्ष नेपाल सरकारबाट विभिन्न गाउँ विकास समितिहरुलाई रु.८ अर्ब ३२ करोड र विभिन्न नगरपालिकाहरुलाई रु.१ अर्ब १८ करोड ९२ लाख गरी कुल रु.९ अर्ब ५० करोड ९२ लाख तथा स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमबाट रु.१ अर्ब २५ करोड ५९ लाख अनुदान स्वरुप उपलब्ध गराएको छ । उक्त रकमको लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार दर्तावाला लेखापरीक्षक नियुक्ति गरी गर्ने व्यवस्था रहेकोले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भएको छैन ।

जिल्ला विकास समितिको कार्यालय, सिरहाले स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमतर्फको रु.१ करोड ९८ लाख ५८ हजारको स्रेस्ता अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको उल्लेख गरी लेखापरीक्षणको लागि पेश गरेको छैन । जिल्ला विकास समितिको कार्यालय बारा र धनुषाले आन्तरिक लेखापरीक्षण सम्पन्न गरी आर्थिक विवरण र स्रेस्ता पेश नगरेको कारण लेखापरीक्षण हुन सकेन । जिल्ला विकास समितिको कार्यालय रामेछापको भू–व्यवस्थापन कार्यक्रमतर्फको रु.८७ लाख ८१ हजार आम्दानीको श्रेस्ता पेश नभएकोले लेखापरीक्षण गरिएको छैन ।

३ **स्थलगत अवलोकन** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३१ मा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा निर्माण कार्यको भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस वर्ष केही योजनाको निर्माण कार्यको भौतिक स्थिति स्थलगत अवलोकन गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१ एक मित्रराष्ट्रको सहयोगमा जिल्ला विकास समितिको कार्यालय, झापाले निर्माण गरिरहेको एक उच्च माध्यमिक विद्यालय भवनको कुल रु.२५ लाख १५ हजार मूल्याङ्कन मध्ये भ्यालमा ग्रील राखे बापत रु.१ लाख ७२ हजार र खापा निर्माण बापत रु.३ लाख ६८ हजार समेत रु.५ लाख ४० हजार भुक्तानी दिएकोमा उक्त कार्य सम्पन्न गरेको देखिएन । जिल्ला विकास समिति कञ्चनपुरले निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत श्रीपुर गाउँ विकास समितिमा एक संग्राहलय निर्माण गर्न रु.५ लाखको कार्य मूल्याङ्कन गरी रकम भुक्तानी दिएकोमा डि.पि.सि.लेवलसम्मको मात्र कार्य भएको तर मूल्याङ्कनमा समावेश भएको रु.९३ हजार

लागतको गाह्रो तथा भ्याल ढोकाको चौकोस राख्ने कार्य भएको देखिएन । यसैगरी जिल्ला विकास समितिको कार्यालय, गोरखाले एक माध्यमिक विद्यालयमा पुस्तकालय भवन निर्माण भएको स्रेस्ता तयार गरी रु.१ लाख ९७ हजार भुक्तानी दिएकोमा सो निर्माण कार्य भएको देखिएन । काम नै नभई मूल्याङ्कन गर्ने प्राविधिक एवं जिम्मेवार पदाधिकारीलाई कारबाही गरी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।


लक्ष्मी उच्च माध्यमिक विद्यालयभवन

३.२ जिल्ला विकास समितिको कार्यालय, मकवानपुरले निर्बाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत एक उच्च माध्यमिक विद्यालयको भवन निर्माणको लागि ४ सभासदको सिफारिशमा छनौट भएका कार्यक्रम कार्यान्वयन गर्दा रु.३ लाख बराबरको भ्याल, ढोका र प्लाष्टरको काम नै नभएको स्रेस्ता खडा गरी रकम भुक्तानी गरेको छ । यस सम्बन्धमा २०६९।८।१८ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवलाई प्रचलित कानून बमोजिम कारबाहीका लागि ध्यानाकर्षण गराइएको छ ।

हुँदै नभएको कामलाई सम्पन्न देखाई प्रमाणित गर्ने प्राविधिक एवं जिम्मेवार पदाधिकारीलाई प्रचलित कानूनबमोजिम कारबाही गर्नुपर्ने देखिएको छ ।

३.३ जिल्ला विकास समितिको कार्यालय, महोत्तरीले जनसहभागितामा आधारित विकास कार्यक्रमबाट रु.२२ लाख ५३ हजार लागत अनुमान रहेको पूर्व–पश्चिम राजमार्गअन्तर्गतको बर्दिवास खण्डमा भप्सी पुलदेखि रातुखोला पुलसम्म सडकको दुबैतर्फ ग्राभेलिङ गर्ने काममा रु.२२ लाख ४० हजार खर्च गरेको छ । उक्त कार्यको नापी किताब अनुसार ०.३६ मिटरदेखि २.३ मिटरसम्म बाक्लो ग्राभेल फिलिङ्ग गर्ने कार्य गरेको छ । एकै स्थानमा लुज अवस्थामा २.३ मिटरसम्म बाक्लो ग्राभेल हाल्ने कार्य प्राविधिक रुपमा मनासिब देखिएन । साथै नापी किताबमा उल्लेख भएअनुसार बाक्लो ग्राभेल हालेको स्थलगत अवलोकनबाट देखिएन । सडक विभागको कार्यक्षेत्रमा पर्ने राजमार्ग क्षेत्रमा बाटो विस्तार गर्ने कार्य जिल्ला विकास समितिबाट हुनु मनासिब देखिँदैन । कामको परिमाण यकिन गर्ने सम्बन्धमा सम्बन्धित निकायले छानबिन गरी आबश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।


भवानी उच्च माध्यमिक विद्यालय भवन, मकवानपुर

४ **पेश्की** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ बमोजिम आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्की दिन नहुने प्रावधान छ । त्यसैगरी अर्थ मन्त्रालयको अख्तियारीको बुँदा २ (ग) को प्रकरण ४ अनुसार स्थानीय विकास मन्त्रालयले २०६८।३।३ मा गरेको परिपत्रमा स्वीकृत कार्यक्रम बमोजिम जेष्ठ मसान्तभित्र सम्झौता भइसकेको ठेक्काको मोविलाइजेशन पेश्की बाहेक अन्य पेश्की दिन नपाइने र आर्थिक वर्षभित्रै फछ्यौंट नहुने कार्यमा पेश्की उपलब्ध गराउन नमिल्ने निर्देशन गरेको थियो । पेश्कीसम्बन्धी देखिएका अन्य व्यहोरा निम्नानुसार छन् :

४.१ जिल्ला विकास समितिको कार्यालय बझाङ्गका एक लेखापालको नाममा गोश्वारा भौचरमा पेश्की जनाई २०६८।६।१ मा रु.१ लाख ८१ हजार २०६८।६।३० मा रु.३ लाख र २०६८।८।२५ मा रु.१ लाख ५० हजार समेत कुल रु.६ लाख ३१ हजार कार्यालय सामान खरिद लगायतका लागि खर्च लेखेको देखियो । कार्यालयको बैङ्क नगदी किताबको पेश्की पाएको महल र आषाढ महिनाको फछ्यौंट गर्न बाँकी पेश्कीको मास्केवारीमा

उक्त पेश्की उल्लेख गरेको पाइएन । स्रेस्तामा नदेखाई पेश्की खर्च लेखेको उक्त रकम सम्बन्धमा जिम्मेवार कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही गरी असुल गर्नुपर्ने देखिएको छ ।

४.२ जिल्ला विकास समितिको कार्यालय, महोत्तरीले करार सेवामा नियुक्त एक जिल्ला सहजकर्तालाई बजेट फ्रिज नगराउने उद्देश्यले आर्थिक वर्षको अन्त्यमा पटक पटक गरी रु.१४ लाख ९७ हजार पेश्की दिएकोमा फछ्यौंट गरेको देखिएन । नियम विपरीत बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्की उपलब्ध गराउने पदाधिकारीलाई कारबाही गरी पेश्की फछ्यौंट गर्नुपर्दछ ।

४.३ कार्यालयले पेश्की खाता राखी पेश्की गएको र फछ्यौंट भएको हिसाब व्यवस्थित गर्नुपर्दछ । जिल्ला विकास समितिको कार्यालय, ताप्लेजुङ्गले पेश्की कारोबार खातामा प्रविष्ट गरेको छैन । जिल्ला विकास कोष पूँजीगतबाट गएको पेश्की र फर्छ्यौएको पेश्की घटाउँदा बाँकी रु.९ लाख १८ हजार हुनेमा फछ्यौंट गर्न बाँकी पेश्कीमा रु.१ लाख ८ हजार देखाई रु.८ लाख १० हजार पेश्की घटी देखाएको छ । घटी देखाएको पेश्कीको सम्बन्धमा छानबिन गरिनुपर्दछ ।

आर्थिक वर्षको अन्त्यमा बचत रहेको रकम फ्रिज गराउनुभन्दा पेश्की प्रदान गर्नेतर्फ कार्यालयहरु उन्मुख हुने तथा आषाढ महिनामा अत्यधिक पेश्की प्रदान गर्ने तर फछ्यौंट नगर्ने परिपाटी विद्यमान छ । ऐन नियमको प्रावधान, खर्च गर्ने अख्तियारी र वार्षिक कार्यतालिका मुताविक कार्यसञ्चालन गर्नेतर्फ ध्यान जानु जरुरी छ ।

५ **अबण्डा –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ६ (२) मा अर्थ मन्त्रालयबाट कार्यालयगत बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त हुनासाथ सम्बन्धित मन्त्रालयले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहतका कार्यालय प्रमुखलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यो वर्ष विनियोजन भएको विभिन्न ७४ बजेट उपशीर्षकमध्ये २२ बजेट उपशीर्षकमा रु.३ अर्ब ३५ करोड ४५ लाख सम्बन्धित कार्यालयहरुलाई खर्च गर्ने अख्तियारी नदिई मन्त्रालयले अबण्डा राखेको र उक्त रकम खर्च नभई फ्रिज भएको देखियो । अबण्डा रकम राख्ने कार्य कानूनत: मिल्दैन । ऐनको व्यवस्थाअनुसार अख्तियारी दिने व्यवस्था गरिनुपर्दछ ।

६ **मर्मत सम्भार कोष –** स्थानीय यातायात पूर्वधार क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६३ को दफा १० मा कृषि तथा स्थानीयस्तरका सडक आयोजनाका लागि प्रति वर्ष उपलब्ध बजेटको कम्तीमा ५ प्रतिशत रकम सडक मर्मत कार्यको लागि कट्टा गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, झापा, मोरङ्ग, सिन्धुपाल्चोक, पर्वत, काठमाडौं, पर्सा लगायत २३ ले कृषि तथा स्थानीयस्तरका सडक कार्यक्रमको लागि विनियोजित रु.३३ करोड २७ लाख १० हजारको ५ प्रतिशतले हुने रु.१ करोड ६६ लाख ३६ हजार मर्मत सम्भार कोषको लागि छुट्याएको छैन । यसले गर्दा सालबसाली रुपमा मर्मत गर्नुपर्ने सडक मर्मतको लागि रकमको अभाव हुने स्थिति छ । निर्देशिकामा भएको व्यवस्थाअनुसार मर्मत सम्भार कोषमा रकम जम्मा गर्नुपर्दछ ।

७ **कन्टिन्जेन्सी –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा १४ (१) मा जिल्ला विकास समितिको आफ्नो स्रोतबाट सञ्चालित वा अन्य निकायको कार्यक्रमलाई पूँजीगत लगानीको समष्टिगत रकमबाट अनुसूची–११ बमोजिम "क" "ख" र "ग" वर्गका जिल्लामा क्रमश ५,४ र ३ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने तथा जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन निर्देशिका अनुसार कार्यक्रम कार्यान्वयन गर्दा स्वीकृत रकमको १ प्रतिशत रकम प्राविधिक तथा भैपरी खर्चमा छुट्याउन सकिने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय, महोत्तरी, सिन्धुपाल्चोक, बझाङ्ग, गोरखा, काठमाडौं लगायत १० ले विभिन्न बजेट शीर्षकहरुमा नियमले पाउनेभन्दा रु.६० लाख १३ हजार बढी खर्च लेखेको पाइयो । कार्यविधिले तोकेकोभन्दा बढी कन्टिजेन्सी राखी खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनुपर्दछ ।

८ **जिन्सी दाखिला –** कार्यालयले खरिद सम्झौता बमोजिम प्राप्त गरेको सेवा वा मालसामान कार्यालयमा प्राप्त भएपछि जाँचबुझ गरी जिन्सी दाखिला गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय अछामले ग्रामीण पहुँच सुधार कार्यक्रमबाट ६ झोलुङ्गेपुलको फेब्रिकेशन स्टील पार्टस खरिदको लागी रु.४६ लाख ५५ हजारको लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्न एक इन्जिनियरिङ्ग वर्क्ससँग २०६९ असोज मसान्तभित्र काम सम्पन्न गर्नेगरी २०६९।३।१ मा सम्झौता गरेको छ । झोलुङ्गेपुलको

फेब्रिकेशन सामान तयार भएको र ग्याल्वनाइज गर्ने कार्य बाँकी रहेकोले फ्याक्ट्रीमै रहेको उल्लेख गरी सो फर्मले जारी गरेको रु.३८ लाख ३८ हजार को कर बीजक र एभरेष्ट बैङ्क धनगढीको रु.३८ लाखको कार्यसम्पादन जमानत लिई रकम भुक्तानी गरेको पाइयो । कार्यालयले सामान उपलब्ध गराउन बाँकी भएको अवस्थामा बजेट फ्रिज नगराउने उद्देश्यले भुक्तानी दिन मिल्ने देखिँदैन ।

जिल्ला विकास समितिको कार्यालय गुल्मीले झोलुङ्गेपुलका सामान आपूर्ति गरेबापत एक प्राइभेट लिमिटेडलाई रु.३५ लाख ३१ हजार भुक्तानी गरेकोमा सो प्राइभेट लिमिटेडको २०६९।३।२५ को पत्रानुसार उक्त सामानहरु कम्पनीमा नै रहेको देखियो । आपूर्तक फर्मबाट सामान आपूर्ति कार्य सम्पन्न नभई भुक्तानी गर्ने जिम्मेवार पदाधिकारीलाई कारबाही गर्नुपर्ने देखिन्छ ।

९ **बजेट तर्जुमा र कार्यान्वयन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २१ अनुसार सम्बन्धित तालुक कार्यालयले आफू अन्तर्गत रहेका विभाग वा कार्यालयलाई अर्थ मन्त्रालयबाट बजेट तर्जुमा सम्बन्धी परिपत्र प्राप्त भएको ७ दिनभित्र बजेट तयार गर्ने निर्देशन पठाउनुपर्ने र सो अनुसार मातहत कार्यालयबाट तर्जुमा गरी पठाएको बजेट उपर तालुक कार्यालयले अध्ययन एवं छलफल गरी अर्थ मन्त्रालयमा पठाउने र अर्थ मन्त्रालयले त्यसलाई अन्तिम रुप दिने व्यवस्था छ । यसैगरी नियमावलीको नियम ३१ मा मन्त्रालय तथा अन्तर्गत कार्यालयलाई निकासा भएको बजेट रकम, खर्च, लक्ष्य र प्रगति प्रत्येक सालको चैत्र महिनाभित्र अर्थ मन्त्रालयमा पेश गर्नुपर्ने मन्त्रालयको उत्तरदायित्व हुने उल्लेख छ । अर्थ मन्त्रालयबाट २०६९।७० को बजेट तर्जुमा सम्बन्धी परिपत्र जिल्लास्तरतर्फको २०६८।७।२५ मा र केन्द्रीयस्तरतर्फको २०६८।१०।१९ मा प्राप्त भएको देखिन्छ । परिपत्र प्राप्त भएको मितिले ७ दिनभित्र मातहत कार्यालयलाई बजेट तयार गर्ने निर्देशन पठाउनुपर्नेमा जिल्लास्तरतर्फको २०६८।८।६ र केन्द्रीयस्तरतर्फको २०६८।११।१८ मा पठाएको देखियो । यसैगरी मन्त्रालय अन्तर्गत कार्यालयलाई २०६८।६९ मा निकासा भएको बजेट रकम, खर्च तथा खर्च अनुसारको लक्ष्य र प्रगति २०६८ चैत्र महिनाभित्र अर्थ मन्त्रालयमा पठाउनुपर्नेमा २०६९।१।२७ मा पठाएको देखियो । मन्त्रालयबाट प्राप्त विवरण अनुसार २०६८ चैत्रसम्ममा चालूतर्फ रु.१९ अर्ब ३५ करोड १८ लाख (विनियोजित बजेटको ५२.२२ प्रतिशत) पूँजीगततर्फ रु.१ अर्ब ८५ करोड ८२ लाख (विनियोजित बजेटको २४.९४ प्रतिशत) खर्च भएको देखियो । आर्थिक वर्षको तीन चौथाई अवधि समाप्त भइसक्दा पूँजीगततर्फ विनियोजित बजेटको एकचौथाई रकम मात्र खर्च हुँदा पूर्व स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन पक्ष फितलो देखिन आएको छ ।

जनसहभागितामा आधारित विकास कार्यक्रम

१० **योजना स्वीकृति –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९७ मा जिल्ला विकास समितिले जिल्ला विकास योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नुपर्ने, जिल्ला विकास समितिबाट प्राप्त आयोजना तथा कार्यक्रमहरुलाई मूल आधार मान्नुपर्ने, सेवा केन्द्र, विषयगत योजना तर्जुमा समिति, एकीकृत योजना तर्जुमा समिति, जिल्ला विकास समिति र जिल्ला परिषद्मा आवश्यक छलफल गरी योजना तर्जुमाको काम पूरा गर्नुपर्ने व्यवस्था छ ।

जनसहभागितामा आधारित विकास कार्यक्रमको लागि सुरु विनियोजन रु.२० करोड र रकमान्तरबाट थप रु.३० करोड समेत रु.५० करोड बजेट व्यवस्था भएकोमा जिल्ला विकास समितिले उक्त कार्यक्रम सञ्चालन गर्न योजना माग गरेको र जिल्ला परिषद्बाट योजना स्वीकृत भएको देखिएन । जिल्ला विकास समितिहरुलाई रकम खर्च गर्ने अख्तियारी दिँदा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले योजना तथा रकम समेत तोकिदिएको देखियो । यसबाट मागमा आधारित योजना तथा कार्यक्रम तर्जुमा नगरी केन्द्रबाट बजेट निकासा गरेको देखियो । मन्त्रालयले स्थानीय उपभोक्ताबाट माग भई जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रममा मात्र बजेट विनियोजन गर्ने प्रणालीको अनुशरण तथा परिपालना गर्नुपर्ने देखिन्छ ।

११ **साना योजनामा लगानी –** जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ को बुँदा नं.५.१ मा यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने प्रत्येक आयोजनाका लागि कम्तीमा रु.५ लाख रकम

विनियोजन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै बुँदा नं.६ मा जिल्ला विकास समिति र नगरपालिकाले माग गर्ने योजनाहरु २०६८।८।१५ भित्र मन्त्रालय समक्ष प्रस्ताव पेश गरी सक्नुपर्ने, मन्त्रालयबाट योजना छनौट कार्य २०६८ मार्ग मसान्तभित्र भइसक्नुपर्ने र माघ १५ गतेभन्दा पछि कार्यान्वयन सुरु गर्नेगरी प्रस्ताव गरिएको आयोजना प्रस्ताव स्वीकृत नहुने व्यवस्था छ ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका माननीय सदस्य, अर्थ मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव समेत ४ पदाधिकारीको २०६८।११।९ मा बैठक बसी ७५ जिल्लाका लागि ५२१ योजना स्वीकृत गरी रु.३० करोड थप बजेट विनियोजन गरेको देखियो । उक्त रु.३० करोडको कार्यक्रम स्वीकृत गर्दा रु.५ लाखभन्दा घटी रकम विनियोजन गरेका ३२ जिल्लाका १२६ योजनाको लागि रु.३ करोड ४८ लाख निकासा दिएको पाइयो । यस सम्बन्धमा राजनैतिक व्यक्तित्व र पदाधिकारीको प्रत्यक्ष मागलाई कार्यक्रमले समेट्ने गरेकोले योजना छनौट विधि र प्रक्रिया हुबहु लागू हुन नसक्ने मन्त्रालयको भनाई रहेको छ ।

निर्वाचन क्षेत्र विकास कार्यक्रम

१२ **कार्यक्रम सञ्चालन** – निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट यो वर्ष रु.५७ करोड ७१ लाख ९ हजार जिल्ला विकास समितिहरु मार्फत खर्च गर्नेगरी निकासा पठाएको देखियो । यस कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्:

१२.१ निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०६५ को नियम ८ (५) मा कार्यक्रममा प्राविधिक सहयोग पुऱ्याउन हिमाली क्षेत्रबाहेक अन्य जिल्लामा एक दशमलव पाँच प्रतिशतसम्म रकम कट्टा गर्नसक्ने र सो रकम निर्माण कार्यको सुपरिवेक्षण एवं अनुगमन र मसलन्द खरिद सम्बन्धी काममा खर्च गर्न सकिने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यलय, महोत्तरीले यस कार्यक्रमका लागि निकासा भएको रु.१ करोड ३९ लाख ८१ हजारको एक दशमलव पाँच प्रतिशतले हुने रु.२ लाख १० हजार कन्टिन्जेन्सी बापत कट्टा गरी खर्च गर्न सकिनेमा रु.५ लाख ९४ खर्च गरेको छ । सीमाभन्दा बढी खर्च गरेको रु.३ लाख ८४ हजार असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

१२.२ निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०६५ को नियम ४ (१क) (घ) मा कार्यक्रम बापतको रकम शिक्षा मन्त्रालयबाट निर्धारित मापदण्ड विपरीत कुनै विद्यालयको शिक्षकको पारिश्रमिक दिन सकिने छैन भन्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालयबाट स्वीकृति नलिई शिक्षकको तलब वितरण गर्न जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तुले रु.६ लाख ५० हजार, नुवाकोटले रु.१३ लाख ४ हजार, गोरखाले रु.१२ लाख र नवलपरासीले रु.५५ हजार खर्च लेखेको देखियो । यसैगरी जिल्ला विकास समितिको कार्यालय गोरखाले सहिद परिवारसहित अन्तरक्रियात्मक कार्यक्रमको लागि पेश भएको कार्यक्रमअनुसार ४ सभासदको रु.७ लाख भुक्तानी गरेको पाइयो । नियमावलीले बन्देज लगाएको शीर्षकमा खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१२.३ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) (त) मा आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताबाट उपभोक्ता समिति गठन हुनुपर्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, महोत्तरीले एक सभासदद्वारा छनौट भएका विभिन्न स्थानमा सञ्चालन हुने ५ योजनाको लागि एउटै उपभोक्ता समिति गठन गरेको छ । उपभोक्ता समितिले २ योजना सञ्चालन गरी रु.९ लाख २९ हजार र ३ योजनाका लागि खानेपानी पाइप खरिद गरी रु.४ लाख ५३ हजार भुक्तानी लिएको पाइयो । नियमावलीको व्यवस्था विपरीत एकै उपभोक्ता समितिबाट काम गराउने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२.४ निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन नियमावली, २०६५ को नियम ३ को उपनियम ३ मा कार्यक्रम छनौट गर्दा १ वर्षभित्र कार्यान्वयन गर्न सकिने रु.५० हजारभन्दा बढी लागत भएका कार्यक्रम छनौट गर्नुपर्ने उल्लेख छ । यस कार्यक्रम अर्न्तगत नुवाकोट, सिन्धुपाल्चोक र नवलपरासीका १२ सभासदद्धारा ५० हजार भन्दा कम लागत भएका १७५ योजना छनौट तथा सञ्चालन गरी रु.५७ लाख ७९ हजार भुक्तानी गरेको देखिएको छ । तोकिएको सीमाभन्दा कम रकमका योजना तथा कार्यक्रम छनौट एवं सञ्चालन गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सामाजिक सुरक्षा कार्यक्रम

१३ **भत्ता वितरण** – नागरिकको सामाजिक सुरक्षाको हक अधिकारको संरक्षण गराउनुका साथै जेष्ठ नागरिकलाई सम्मान गर्ने अभिप्रायले २०५१।५२ देखि आरम्भ भएको सामाजिक सुरक्षा कार्यक्रममा यो वर्ष रु.८ अर्ब २९ करोड ९७ लाख खर्च भएको देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ अनुसार तोकिएको समयमा पेश्की फछ्यौंट नगर्ने, अनुगमनको व्यवस्था नमिलाई भत्ता वितरण गर्ने, अभिलेख अद्यावधिक नगर्ने तथा अन्य क्षेत्रमा खर्च गर्न नपाइने जस्ता व्यवस्थाहरुको परिपालना गर्ने गरेको पाइएन । भत्ता वितरण सम्बन्धी देखिएका केही व्यहोरा निम्न अनुसार छन्:

१३.१ कार्यक्रम सञ्चालन कार्यविधि अनुसार प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको ७ दिनभित्र पेश्की फछ्यौंटको लागि जिल्ला विकास समितिमा पठाउनुपर्ने र समितिले दोश्रो र तेश्रो किस्ता रकम निकासा दिँदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बाँकी रहेको रकम कटाएर निकासा दिनुपर्ने उल्लेख छ । जिल्ला विकास समिति ६१ ले गाउँ विकास समितिलाई यो वर्ष दिएको रु.१ अर्ब ८९ करोड ७ लाख पेश्की फछ्यौंट हुन बाँकी देखिएको छ । कार्यविधिको व्यवस्था विपरीत पेश्की दिएको, गाउँ विकास समितिले फाँटवारी समयमा पेश नगरेको, आंशिक फाँटवारी पेश गरी बाँकी रकम फिर्ता नगरेको जस्ता कारणले भत्ता वितरण व्यवस्था प्रभावकारी हुन सकेको देखिएन ।

१३.२ कार्यक्रम सञ्चालन कार्यविधिअनुसार परिचयपत्र नपाएका र नविकरण नगरेका व्यक्तिहरुलाई भत्ता उपलब्ध गराउने व्यवस्था छैन । साथै नागरिकता नभएको व्यक्तिले परिचयपत्र प्राप्त गर्न नसक्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय धनकुटाले नागरिकता नम्बर र जारी जिल्ला उल्लेख नगरी ४ गाउँ विकास समिति र १ नगरपालिकामा रु.६ लाख ६६ हजार भत्ता वितरण गरेको छ । उक्त रकम असुल हुनुपर्दछ ।

१३.३ जिल्ला विकास समितिको कार्यालय, धनकुटाले नयाँ परिचय पत्र वितरण संख्या, नवीकरण गरेको संख्या, लगत कट्टा, मृत्यु, बसाईसराई र खूद कायम भएको संख्या खुल्ने विवरण (अनुसुची ११) कूल ३६ गाउँ विकास समितिमध्ये १६ गाउँ विकास समितिको मात्र तयार गरी २० गाउँ विकास समितिको विवरण समेत अद्यावधिक नगरी कुल रु.६ करोड १ लाख ८९ हजार भुक्तानी गरेको छ । विवरण अद्यावधिक नगरी भुक्तानी गरेको रकम छानबिन गरी यकिन गर्नुपर्दछ ।

१३.४ कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा ८(ङ) अनुसार सामाजिक सुरक्षा कार्यक्रममा निकासा भएको बजेट रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाइने व्यवस्था छ । स्थानीय विकास मन्त्रालयको २०६९।२।३२ को पत्रबाट अनुदानतर्फका कर्मचारीहरुको तलब जिल्ला विकास समितिकै मिल्दो खर्च शीर्षकबाट व्यवस्थापन गर्ने गरी दिएको निर्देशन विपरीत जिल्ला विकास समितिको कार्यालय, बाग्लुङ्गले सामाजिक सुरक्षा शीर्षकबाट रु.११ लाख ७१ हजार कर्मचारीको तलब भत्ता भुक्तानी गरेको छ । सामाजिक सुरक्षा शीर्षकबाट तलब भत्ता भुक्तानी गर्न मिल्ने देखिएन ।

१३.५ जिल्ला विकास समितिको कार्यालय प्युठानले प्राप्त अख्तियारी अनुसार बाल संरक्षण अनुदानतर्फ रु.८८ लाख ५६ हजार बजेट व्यवस्था भएकोमा रु.१ करोड १७ लाख ११ हजार खर्च गरी रु.२८ लाख ५५ हजार बढी खर्च गरेको देखियो । अख्तियारी प्राप्त भएकोभन्दा थप संख्यालाई वितरण गनुपर्ने पुष्ट्याई र सम्बन्धित मन्त्रालयको सहमति बेगर बढी खर्च लेखेको देखिन्छ । यसरी अख्तियारीभन्दा बढी खर्च लेख्ने परिपाटीउपर नियन्त्रण गर्नुपर्दछ ।

१३.६ कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा ११.१ (क) बमोजिम अनूसुची ९ मा तोकिएको ढाँचामा गाउँ विकास समिति तथा नगरपालिकाहरुले भत्ता वा वृत्ति पाउनेहरुको मुल अभिलेख तयार गरी राख्नु पर्दछ र सोही अभिलेखको आधारमा भत्ता वितरण गर्नुपर्दछ । जिल्ला विकास समितिको कार्यालय, मोरङ अन्तर्गतका ९ गाउँ विकास समितिले अनुसूची–९ मा उल्लिखित संख्याभन्दा बढी ४५५ लाई भत्ता वितरण गरी रु.१२ लाख २९ हजार खर्च लेखेको देखियो । उक्त रकम असुल गर्नुपर्दछ ।

१३.७ कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ को बुँदा ८ (ख) अनुसार जिल्ला विकास समितिले प्राप्त अनुदान रकम सम्बन्धित गाउँ विकास समिति र नगरपालिकाको लगतको आधारमा उपलब्ध गराउने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, महोत्तरीले ६० वर्ष मुनिका एकल महिलाको संख्या खुल्ने विवरण अद्यावधिक

नगरी प्राप्त रकम ७६ गाउँ विकास समिति र १ नगरपालिकालाई प्रति निकाय ४२ जनाको दरले औसतमा रु.४८ लाख ५१ हजार दामासाहीले वितरण गरेको छ । विवरण अद्यावधिक नगरी दामासाहीले रकम उपलब्ध गराउन मिल्ने देखिँदैन ।

१३.८ कार्यक्रम सञ्चालन कार्यविधि अनुसार जिल्लाका विभिन्न गाउँ विकास समिति र नगरपालिकाका जेष्ठ नागरिक, एकल महिला, पूर्ण अपाङ्ग, आंशिक अपाङ्गहरुको संख्यात्मक विवरण खुलाई मन्त्रालयमा पठाएको विवरणमा उल्लिखित संख्याभन्दा बढी संख्यालाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न नमिल्ने उल्लेख छ । सप्तरी जिल्लास्थित ११४ गाउँ विकास समितिमध्ये नमूना छनौट गरी लेखापरीक्षण गरिएका बसबलपुर, वैरवा, मानराजा र भुतही गाउँ विकास समितिले मन्त्रालयमा पठाएको विवरणमा उल्लिखित संख्याभन्दा १९२ बढीलाई रु.३ लाख ८८ हजार भत्ता वितरण गरेको देखियो । कार्यविधिमा तोकिएको व्यवस्था विपरीत रकम वितरण गर्न मिल्ने देखिँदैन । उक्त रकम असुल गर्नुपर्दछ ।

कार्यक्रम सञ्चालन कार्यविधि अनुसार जिल्ला विकास समितिको कार्यालय, स्थानीय विकास मन्त्रालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, अर्थ मन्त्रालय, गाउँ विकास समिति तथा नगरपालिकाका पदाधिकारी तथा कर्मचारीबाट भत्ता वितरण खर्चको अनुगमन गरी सोको प्रतिवेदन समेत तयार गरी आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र स्थानीय विकास मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ । सबै जिल्ला विकास समितिको कार्यालयले यो वर्ष जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग र दलित बालिबालिकातर्फ भत्ता वितरण गरी खर्च लेखेकोमा कार्यविधिमा भएको व्यवस्था अनुसार अनुगमन गरी प्रतिवेदन तयार गर्ने गरेको देखिएन । निर्देशिका बमोजिम अनुगमन तथा निरीक्षण व्यवस्था प्रभावकारी बनाउनुपर्दछ ।

१४ **आन्तरिक लेखापरीक्षण –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५७ अनुसूची ८० मा उल्लेख भएका जिल्लामा आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने र नियम ५८ अनुसार आय–व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने, गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण गर्ने र स्थानीय निकायका कर्मचारीको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने काम आन्तरिक लेखापरीक्षण शाखाले गर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, झापाबाहेक जिल्ला विकास समितिमा नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगरी वर्षको अन्त्यमा लेखापरीक्षण गरेको छ । जिल्ला विकास समितिको कार्यालय अन्तर्गत विषयगत कार्यालय र गाउँ विकास समितिको मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । साथै गाउँ विकास समितिहरुको बेरुजू लगत राखी सम्परीक्षण गर्ने गरेको पनि पाइएन ।

१५ **उपभोक्ता समिति –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु.६० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट गराउने, उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, डोजर, एस्काभेटर, ग्रेडर, विटुमिन डिष्टिव्यूटर, विटुमिन व्वाइलर जस्ता हेभी मेसिनहरु प्रयोग गर्न नसकिने र जटिल प्राविधिक पक्ष समावेश भएका कार्य गराउन नहुने व्यवस्था छ । अधिकांश जिल्ला विकास समितिहरुले हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्राविधिक पक्ष समेत समावेश भएका कार्य उपभोक्ता समितिमार्फत गराएको देखिन्छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु निम्नानुसार छन्:

१५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्था विपरीत सो वर्ष निम्नानुसार ५ कार्यालयले रु.६० लाखभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिसँग सम्झौता गरी गराएको पाइयो ।

(रु.हजारमा)

क्र.सं.	कार्यालय	कार्य	लागत अनुमान
१	जिल्ला प्राविधिक कार्यालय, इलाम	शान्ति सहीद स्मृति पार्क निर्माण	२,८२,३४
२	जिल्ला प्राविधिक कार्यालय, कैलाली	जोशीपुर नमून बस्ती विकास कार्यक्रम	२,३७,५०
३	जिल्ला विकास समितिको कार्यालय, काठमाडौं	साँखु पालुवारी–नगरकोट सडक निर्माण	६३,५८
४	जिल्ला विकास समितिको कार्यालय, काठमाडौं	फर्पिङ्ग हुमाने भञ्ज्याङ्ग मोटर बाटो निर्माण	६२,०८
५	जिल्ला विकास समितिको कार्यालय, काठमाडौं	बालाजु–मनमैजु –गुर्जे भञ्ज्याङ्ग सडक निर्माण	६२,७८
६	जिल्ला प्राविधिक कार्यालय, जुम्ला	गुठीचौर बहुउद्देश्यीय भवन निर्माण	६५,१०
७	जिल्ला विकास समितिको कार्यालय महोत्तरी	विद्युतीकरण	७४,००

नियम विपरीत रु.६० लाख रुपैयाँभन्दा बढी लागतको कार्य उपभोक्ता समितिबाट गराउने प्रवृत्ति नियन्त्रण गर्नुपर्दछ ।

१५.२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) च मा उपभोक्ता समितिले लिएको काम निर्माण व्यवसायीबाट गराउन नहुने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, चितवनले पदमपुर गाउँ विकास समिति वडा नं.८ मा लागत अनुमान रु.९ लाख ६४ हजार भएको खानेपानी सिंचाई बोरिङ्ग कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता गरेकोमा सो उपभोक्ता समितिले एक कम्पनीसँग रु.५ लाख ९७ हजारमा सामान खरिद गरेको र रु.४ लाख ५७ हजारमा बोरिङ्गको काम गर्न सम्झौता गरेको देखियो । उपभोक्ता समितिले निर्माण व्यवसायीमार्फत कार्य गराउने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

१५.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७.९ विपरीत जिल्ला विकास समितिहरुले विभिन्न भवन निर्माण, सडक कालोपत्रे तथा आर.सी.सी.ढलान जस्ता जटिल प्राविधिक पक्ष समावेसी भएका कार्य समेत उपभोक्ता समिति मार्फत गराएको देखिन्छ । उपभोक्ता समितिबाट जटिल प्राविधिक पक्ष समावेश भएका निर्माण कार्य गराएका केही उदाहरणहरु निम्नानुसार रहेका छन्:

(रु.हजारमा)

क्र.सं.	जिल्ला विकास समिति	कामको प्रकृति	आयोजना संख्या	रकम
१.	झापा	सडक कालोपत्रे	५	५१,००
२.	मोरङ्ग	सडक कालोपत्रे	१	१७,४६
३.	सुनसरी	सडक कालोपत्रे	५	८०,१५
४.	महोत्तरी	विद्युतीकरण	१	७४,३६
५.	सर्लाही	सडक निर्माण	२	९,७०
६.	सिन्धुली	भवन निर्माण	१	१५,००
७.	रौतहट	सडक कालोपत्रे	६	१,९२,१०
८.	मकवानपुर	सडक कालोपत्रे	१	२७,००
९.	ललितपुर	सडक निर्माण	४	४०,००

उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा कार्यको गुणस्तर, स्पेसिफिकेशन, त्रुटि सच्याउने तथा अन्य दायित्वहरु सम्झौतामा उल्लेख गर्ने गरेको छैन । यसबाट निर्माण कार्य र निर्माण समाग्रीको गुणस्तर परीक्षण नहुने तथा निर्माण सम्पन्न पश्चात त्रुटि सच्याउने अवधि नतोकिने भई निर्मित संरचनाको दिगोपनामा प्रभाव पर्न जाने देखिन्छ । तसर्थ श्रम प्रधान प्रविधिको प्रयोग हुने योजनाहरु मात्र उपभोक्ता समिति मार्फत सञ्चालन गर्नुपर्ने देखिन्छ ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम

१६ **समपूरक कोष –** स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६३ (पहिलो संशोधन २०६६) को बुँदा ७.२ अनुसार वार्षिक आवधिक योजनाको वित्तीय व्यवस्थापन गर्दा आवश्यक पर्ने कुल बजेटको ७० प्रतिशत केन्द्रीय अनुदान, न्यूनतम २० प्रतिशत उपभोक्ता समितिको सहभागिता, १० प्रतिशत जिल्ला विकास समिति वा नगरपालिका वा गाउँ विकास समिति वा अन्य स्थानीय निकायको समपूरक कोष तथा अन्य गैरसरकारी संस्था आदिबाट प्राप्त हुने साधन स्रोतलाई समावेश गरी तयार गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय सुनसरीले सडक योजनाहरुमा केन्द्रीय सरकारको अनुदान रु.८८ लाख ७५ हजार र जनसहभागिताको अंश रु.१२ लाख ७ हजार मात्र राखी योजना सञ्चालन गरेको पाइयो । स्थानीय निकाय वा अन्य गैरसरकारी संस्थाको स्रोत समावेश गरेको पाइएन । निर्देशिका अनुरुप योजना कार्यान्वयन गराउनेतर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ ।

१७ **भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल बीजकको भुक्तानी करारका सर्त बमोजिम गर्नुपर्ने र उपनियम (२) मा रनिङ्ग विल वा अन्य कुनै विल बीजकको भुक्तानी लिनका लागी आपूर्तिकर्ता, निर्माण व्यवसायी सेवा प्रदायक वा परामर्शदाताले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने व्यवस्था छ ।

आयोजना कार्यालय, दोलखाले विभिन्न निर्माण व्यवसायीहरुलाई प्रोभिजनल सममा मूल्य अभिवृद्धि कर समावेश गरेकोमा ठेक्का बिलमा पनि पुन: मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गरेको रु.२ लाख ३८ हजार दोहोरो परेको र बिल बीजक पेश नगरी रु.३६ लाख ६ हजार समेत रु.३८ लाख ४४ हजार भुक्तानी गरेको छ । यसरी दोहोरो तथा बिल बीजक बेगर भुक्तानी गर्न मिल्ने देखिएन । बढी भुक्तानी असुल गरी मूल्य अभिवृद्धि कर दाखिला यकिन गर्नुपर्दछ ।

पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम

१८ **लगानीको उपयोग** - शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट जिल्ला प्राविधिक कार्यालय मार्फत निर्माण कार्य अगाडि बढाउने गरी द्वन्दकालमा प्रभावित भएका भौतिक संरचनाहरुको पुन: निर्माण कार्य गर्ने व्यवस्था छ । जिल्ला प्राविधिक कार्यालय, भक्तपुरले झौखेलस्थित एक सामाजिक संस्थाले सञ्चालन गर्ने गरी ४ रोपनी ८ आना जग्गामा यो वर्ष ४ कोठाको एक भवन र गत वर्ष निर्मित भवनमा १ कोठा थप गरी रु.२८ लाख ५० हजारमा शान्ति तथा पुनर्निर्माणसँग असम्बन्धित बृद्धाश्रम निर्माणमा खर्च गरेको छ । साथै वृद्धवृद्धा राख्न गत विगतमा सार्वजनिक लगानीबाटै निर्माण भएका २ र यो वर्ष निर्मित १ समेत ३ भवन उपयोगमा ल्याएको देखिदैन । कार्यक्रमको उद्देश्य अनुसारका योजनामा लगानी गर्नुपर्दछ ।



भक्तपुर, झौखेलस्थित वृद्धाश्रम भवन

१९ **कार्यक्रम छनौट** – स्थानीय विकास मन्त्रालयबाट बजेट बाँडफाँड र रकम खर्च गर्ने आख्तियारी दिँदा कर्णाली वरिपरी विशेष कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा सम्बन्धित जिल्ला विकास समितिको समन्वय र जिम्मेवारीमा गरिवी निवारणमा प्रत्यक्ष सहयोग गर्ने किसिमका न्यूनतम रु. २० लाखसम्मका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय अछामले मार्गदर्शन विपरीत २० लाखभन्दा घटीका ३० कार्यक्रम छनौट गरी रु.१ करोड ३० लाख बजेट बाँडफाँड गरी १४ योजनाको लागि उपभोक्ता समितिलाई रु.३४ लाख १७ हजार पेश्की दिएको छ । ती योजना सञ्चालन हुन नसकेको र पेश्की दिएको रकम समेत फिर्ता नगरेको अवस्था छ । कार्यसञ्चालन नगरेकोमा बाँकी रहेको पेश्की ब्याजसहित असुल गर्ने र मार्गदर्शन अनुसार योजना छनौट नगर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

कानूनसम्मत नदेखिएका केही व्यहोरा

कार्यक्रम	देखिएका व्यहोराहरू
जनसहभागितामा आधारित विकास कार्यक्रम	जनसहभागितामा आधारित विकास कार्यक्रममा रकमान्तरबाट थप समेत रु.५० करोड बजेट व्यवस्था भएकोमा जिल्ला विकास समितिले उक्त कार्यक्रम सञ्चालन गर्न योजना माग गरेको र जिल्ला परिषद्बाट योजना स्वीकृत भएको देखिएन । मागमा आधारित योजना तथा कार्यक्रम तर्जुमा नगरी केन्द्रबाट बजेट भागबण्डा गरी स्थानीय स्वायत्त शासन ऐन उल्लंघन भएको ।
४२ जि.वि.स.	सञ्चितकोषा समाबेश नगरी ४२ जि.वि.स.लाई रु.३७ करोड एक मित्रराष्ट्रबाट भवन निर्माणका लागि सिधै प्राप्त भएको ।
कृषि सडक	जि.वि.स.काठमाडौं, नुवाकोट, बर्दिया, गोरखा, कञ्चनपुर, नवलपरासी र झापाले जिल्ला यातायात गुरुयोजनामा नपरेका विभिन्न ८५ योजनामा रु.४ करोड २३ लाख खर्च गरेको ।
मर्मत सम्भार कोष लगायत	रौतहट जिल्लामा जिल्ला परिषद्ले गरेका निर्णय विपरीत दलीय संयन्त्रबाट निर्णय गरी विभिन्न ३९ योजनामा रु.२ करोड ७८ लाख खर्च भएको ।
निर्वाचन क्षेत्र विकास कार्यक्रम	रु.५० हजारभन्दा बढी लागत भएका कार्यक्रम छनौट गर्नुपर्नेमा नुवाकोट, सिन्धुपाल्चोक र नवलपरासीका १२ सभासदहरुद्वारा ५० हजार भन्दा कम लागत भएका १७५ योजना छनौट तथा सञ्चालन गरी रु.५८ लाख भुक्तानी गरेको ।
	मापदण्ड विपरीत शिक्षकको तलब वितरण गर्न नमिल्नेमा जि.वि.स.कपिलवस्तुले रु.६ लाख ५० हजार, नुवाकोटले रु.१३ लाख, गोरखाले रु.१२ लाख समेत रु.३१ लाख ५० हजार खर्च लेखेको ।
	मकवानपुरले निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत एक विद्यालयको भवन निर्माणको लागि ४ सभासदको सिफारिशमा कार्य बेगर रु.३ लाख भुक्तानी गरेको ।
जिल्ला विकास कोष	सुर्खेतले २०६८।११।९ मा सम्पन्न जिल्ला परिषद्को निर्णय अनुसार गत विगतको पेश्की रु.२५ लाख प्रक्रिया नपुऱ्याई अनुदानमा परिणत गरी फछ्यौंट गरेको ।
	गोरखाले मापदण्ड विपरीत सहिद परिवार तथा अन्तर्क्रियात्मक कार्यक्रमको लागि पेश भएको कार्यक्रम अनुसार ४ सभासदको रु.७ लाख भुक्तानी गरेको ।
शान्ति कोष	मकवानपुरले राजनैतिक पार्टीको नाममा जग्गा धनी दर्ता पूर्जा भएको एक शहिद स्मृति प्रतिष्ठानलाई शौचालय, पानी ट्यांकी लगायतको निर्माणको लागि रु.७ लाख खर्च गरेको ।
	सिन्धुलीले गुठीमा दर्ता देखिएको निजी प्रकृतिको एक माध्यमिक विद्यालय भवनको तल्ला थप गर्न रु.५ लाख खर्च गरेको ।
	सिन्धुली जिल्लामा नभएको "महेन्द्र माध्यामिक विद्यालय" नामक विद्यालय भवन निर्माणका लागि रु.३ लाख विनियोजन गरी "महेन्द्र स्मृति भवन" नामक एक भवन निर्माणका लागि खर्च गरेको देखियो ।

जिल्ला विकास समितिको कार्यालयहरु

२० **कर दस्तुर** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को भाग ४ परिच्छेद (६) अनुसार समितिले कर, दस्तुर, सेवा शुल्क, भाडा आदि उठाउन सक्ने र ऐनको दफा २६० बमोजिम यस्तो रकम असुल नभएमा सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय ४२ ले विभिन्न निर्माण व्यवसायीहरुबाट गत वर्षसम्मको रु.४६ करोड २९ लाख १० हजार र यो वर्षको रु.७ करोड २२ लाख ५५ हजार समेत रु.५३ करोड ५१ लाख ६५ हजार कर दस्तुर असुल गरेका छैनन् । यस सम्बन्धमा ४८ औं वार्षिक प्रतिवेदन उपर छलफलका क्रममा सार्वजनिक लेखा समितिले यथाशीघ्र असुल गर्ने निर्णय गरेकोमा बक्यौता असुल गर्नेतर्फ तदारुकता अपनाएको पाइएन ।

२१ **प्रशासनिक खर्च** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२२ को उपदफा ७ को प्रयोजनको लागि जिल्ला विकास समितिले स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर शुल्क, सेवा शुल्क, दस्तुर र भाडा बापत उठाएको कुल रकमको आधारमा तोकिए अनुसार प्रशासनिक खर्च गर्नसक्ने व्यवस्था भए तापनि सो परिधिभित्र नरही तोकिएभन्दा बढी प्रशासनिक खर्च गर्ने गरेको देखियो । यसरी बढी खर्च सम्बन्धमा तीन वर्षको तुलनात्मक स्थिति निम्नानुसार रहेको छ:

(रु.हजारमा)

आर्थिक वर्ष	जिल्ला विकास समिति संख्या	बढी खर्च
२०६६/६७	५२	२४,०७,०७
२०६७/६८	५९	२८,४६,०८
२०६८/६९	५७	२७,६६,५६



यस सम्बन्धमा २०६८।१२।१ मा सार्वजनिक लेखा समितिबाट बढी खर्च गर्नेलाई विभागीय कारबाही गर्ने निर्णय भएकोमा प्रशासनिक खर्चमा नियन्त्रण हुनसकेको छैन । प्रशासनिक कार्यमा अत्यधिक खर्च गरेपछि स्थानीय विकास निर्माणमा प्रत्यक्ष असर पुग्ने हुँदा यस्तो परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२२ **राजस्व बाँडफाँड** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूची २६ को द्रष्टव्यमा जिल्ला विकास समितिलाई प्राप्त हुने राजस्व बाँडफाँड बापतको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ । जिल्ला विकास समिति काठमाडौं, महोत्तरी, झापा र अछामले यो वर्ष रु.१ करोड २० लाख ७४ हजार राजस्व बाँडफाँड रजिष्ट्रेशन शुल्क खाताबाट चालू खर्च खातामा ट्रान्सफर गरेको देखिएको छ । कार्यालयले राजस्व बाँडफाँडको रकमबाट चालू खर्चमा ट्रान्सफर गर्नु नियमसम्मत देखिँदैन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२३ **संघसंस्था अनुदान** – जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा १२ (च) मा कुनै पनि प्रकारका राजनैतिक दल तथा तिनका भातृ/भगिनी संगठनलाई कुनै पनि किसिमको आर्थिक सहायता प्रदान गर्न निषेध गरेको छ । जिल्ला विकास समितिको कार्यालय सुनसरी, सिन्धुपाल्चोक, महोत्तरी र धादिङ्गले राजनैतिक दल एवं तिनका भातृ संगठन एवं अन्य संघ संस्था तथा व्यक्तिलाई रु.४४ लाख ७३ हजार अनुदान उपलब्ध गराएको छ । संघसंस्था एवं राजनितिक दललाई अनुदान वितरण गर्ने प्रणालीमा नियन्त्रण हुनुपर्दछ ।

२४ **साना योजना** – जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा ११.१ मा कुल विनियोजित पूँजीगत रकमबाट उपदफा (३) बमोजिम लक्षित समूहको लागि र दफा १३ बमोजिम समपुरक कोषको लागि आवश्यक पर्ने रकम छुट्याई बाँकी रहेको रकमलाई शतप्रतिशत मानी योजनाहरुको लागि कम्तीमा रु.५ लाख विनियोजन गर्नुपर्ने व्यवस्था छ । देहायका जिल्ला विकास समितिको कार्यालयले यो वर्ष जिल्ला विकास समिति कोष पूँजीगत लगायत केन्द्रीय शीर्षकको अनुदान रकम विनियोजन गर्दा कार्यविधि विपरीत रु.५ लाखभन्दा कमका योजनाहरुलाई निम्नानुसार बजेट विनियोजन गरेको पाइयो ।

(रु.हजारमा)

क्र.सं.	जिल्ला विकास समितिको नाम	योजना संख्या	रकम
१	काठमाडौं	७१	१,८०,७५
२	नुवाकोट	२४४	३,१५,६७
३	सिन्धुपाल्चोक	२४	५४,००
४	गोरखा	३७	७९,३६
५	नवलपरासी	४०१	५,१५,१४
६.	अछाम	२८	८०,८५
७	झापा	४४९	८,३०,१८
८	ललितपुर	७४५	९,४८,९८
	जम्मा	**१९९९**	**३०,०४,९३**

कार्यविधिले तोके बमोजिमका योजना सञ्चालनमा ध्यान पुऱ्याउनुपर्दछ ।

२५ **अबण्डा –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८८ अनुसार जिल्ला विकास समितिको वार्षिक बजेट, योजना तथा कार्यक्रमहरु जिल्ला परिषद्बाट पारित गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, नुवाकोट, भक्तपुर, कास्की, चितवन, काठमाडौ, लमजुङलगायत १७ ले २०६८।६९ को लागि बसेका जिल्ला परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृत गर्दा कार्यक्रमगत रुपमा बजेट बाँडफाँड नगरी एकमुष्ट रुपमा रु.१९ करोड ३३ लाख १९ हजार अबण्डा राखेको देखिएको छ । अबण्डा शीर्षकमा बजेट एकमुष्ट राख्ने प्रणालीको अन्त्य हुनुपर्दछ ।

२६ **योजना सम्झौता –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा ४३ वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्थाको बुँदा ८ मा प्रत्येक आर्थिक वर्षको बैशाख मसान्त पछि नयाँ योजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन नपाइने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोकले कार्यविधि विपरीत रु.३९ लाख ७० हजार लागत अनुमान रहेका ७ योजनाको सम्झौता बैशाख र सो पछि गरेको पाइयो । त्यसैगरी जिल्ला विकास समितिको कार्यालय, सर्लाहीले यो वर्ष सञ्चालित २५१ योजनामध्ये २३८ (८७.८२ प्रतिशत) योजना आर्थिक वर्षको अन्त्य (जेष्ठ, आषाढ महिना) मा सञ्चालन गरेको छ । कार्यविधि अनुसार सम्झौता गरी कार्य सम्पन्न गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२७ **भैपरी आउने खर्च –** स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम ५६ मा स्वीकृत बजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको वार्षिक अधिकतम एक प्रतिशतसम्म भैपरी आउने विकास निर्माण कार्यको लागि खर्च गर्न पाउने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, डडेल्धुरा, जुम्ला, सर्लाही, नुवाकोट, सल्यान, बर्दिया लगायत १२ ले तोकिएको सीमा नघाई रु.२९ लाख २० हजार खर्च गरेका छन् । नियमावलीमा तोकिएको सीमाभन्दा बढी भैपरी आउने खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२८ **आन्तरिक आय –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१८ मा जिल्ला विकास समितिले आफ्नो क्षेत्रभित्रका नदी नालाको बालुवा, ढुङ्गा, गिट्टी, स्लेट, दहत्तर बहत्तर आदि तोकिए बमोजिम बिक्री गर्नसक्ने व्यवस्था छ । जिल्ला विकास समितिहरुको आन्तरिक आय व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्:

२८.१ व्यवस्थापिका संसदको प्राकृतिक स्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ ले कुनै पनि क्षेत्रबाट ढुङ्गा, गिट्टी, ग्राभेल सङ्कलन गरी तोकिएको स्थानमा घाटगद्दी गरी सम्बन्धित निकायले नापजाँच गरी सो बस्तु लैजान पाउने व्यवस्था गर्ने र ठेक्का लगाउँदा निश्चित परिमाण र क्षेत्र समेत तोक्ने निर्देशन दिएको छ । प्राकृतिक स्रोतको उपयोगका सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट ढुङ्गा, रोडा, बालुवा झिक्न दिँदा वातावरणीय सन्तुलन नविग्रने हदसम्म मात्र झिक्न दिने एवं रोडा, ढुङ्गा, बालुवा ओभरलोड गरी चलाउने कार्य बन्द गर्न नेपाल सरकारलाई आदेश भएको छ । प्राकृतिक स्रोतसाधन उपयोगको सम्बन्धमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनबाट निकाल्न सक्ने परिमाण यकिन गरी सो अनुसार ठेक्का व्यवस्था गर्दा परिमाण सम्झौतामा खुलाए तापनि सो परिमाणबमोजिम नै प्राकृतिक स्रोतको बिक्री वितरण भएको

यकिन गर्न ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि सङ्कलन गरी घाटगद्दी गर्ने स्थान नतोकेको र नाप जाँच गरी उठाउन पाउने परिमाण यकिन गरी अनुगमन समेतको व्यवस्था नमिलाई यो वर्ष जिल्ला विकास समितिको कार्यालय, भक्तपुर, कास्की, स्याङ्जा, पर्वत, अर्घाखाँची लगायत ३७ ले रु.५२ करोड ७६ लाख ८६ हजारको ठेक्का सम्झौता गरेको पाइयो । निर्दिष्ट क्षेत्र तथा अवधिभित्र ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्न पाइने स्थल, उठाउन पाउने परिमाणको हद सम्बन्धमा व्यवस्थापन हुनुपर्दछ ।

२८.२ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७८ (१) मा रु.१० लाखभन्दा बढीको निर्माण कार्य वा मालसामान खरिद वा अन्य सेवा खरिद गर्दा बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०६६।१२।१७ को निर्णय अनुसार जिल्ला विकास समितिहरुले वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम प्रारम्भिक वातावरण परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गराएर मात्र नदी तथा खानीजन्य वस्तुहरु उत्खनन् तथा निकासी गर्न पाउने व्यवस्था छ । यो वर्ष विभिन्न जिल्ला विकास समितिहरुले प्रारम्भिक वातावरणीय परीक्षण कार्य सम्पन्न गर्न नसकी ठेक्कापट्टाबाट कार्य गराउन नसकेको तथा कतिपय जिल्ला विकास समितिहरुले प्रारम्भिक वातावरणीय परीक्षण गरी बोलपत्र आह्वान गरे तापनि आय ठेक्का व्यवस्था गर्नसकेको देखिएन । कतिपय जिल्ला विकास समितिहरुले सो अध्ययन पूरा गरी बोलपत्र सूचना प्रकाशन गरे तापनि कुनै पनि बोलपत्रदाताको बोलपत्र नपरेकोले अमानतबाट राजस्व सङ्कलन गरेको देखिएको छ । यसरी ठेक्का व्यवस्था गर्न नसक्दा जिल्ला विकास समितिहरुको आय कम हुँदै गएको देखिन्छ । यससम्बन्धी केही उदाहरण निम्नानुसार छ ।

(रु.हजारमा)

क्र.सं.	जिल्ला	आय			२०६७६८ भन्दा २०६८।६९ मा घटी	घटी प्रतिशत
		२०६६/६७	२०६७६८	२०६८।६९		
१	कपिलवस्तु	१७,५२,९५	६०२७८	३३८१७	२६४६१	४४
२	काभ्रेपलाञ्चोक	९१,९५	५५८४८	३६०००	१९८४८	३६
३	कास्की	२,४२,५७	३०३०७	१९५०१	१०८०६	३६
४	सप्तरी	२,३५,५१	१०११९	६१५६	३९६३	३९
५	सुर्खेत	६१,३७	४९१८	४४०७	५११	१०

वातावरणीय प्रभाव मूल्याङ्कन नगर्नु, उत्खनन् हुने परिमाण यकीन गरी राजस्व अनुमान गर्नुपर्नेमा सो बेगर राजस्व पूर्वानुमान गर्नु, बोलपत्र नपर्नुको कारण पहिचान नगर्नु नै ठेक्का नलाग्नुको प्रमुख कारण रहेको देखिन्छ । अमानतबाट काम गराउँदा अनुमानित आयभन्दा कम आय प्राप्त हुन जाने अवस्था सिर्जना भएको देखिन्छ ।

प्राकृतिक स्रोत साधनबाट प्राप्त हुने आय व्यवस्थापन गर्नु पूर्व प्रारम्भिक वातावरण परीक्षण र बातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा सम्भावित आयको पूर्वानुमान गरी ठेक्का नपर्नुको कारण समेत विश्लेषण गरी ठेक्का व्यवस्थापन गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

२८.३ जिल्ला विकास समितिको कार्यालय, मोरङ्ग र बाँकेले बोलपत्रको सूचनामा सम्झौताका बखत एकमुष्ट रकम बुझाएमा १० प्रतिशत छुट दिने उल्लेख गरेकोमा पटक पटक गरी रकम बुझाएकोमा पनि ६ ठेक्कामा १० प्रतिशतले रु.७५ लाख ५९ हजार छुट दिएको छ । सम्झौता विपरीत छुट दिनेलाई कारबाही गरी रकम असुल गर्नुपर्दछ ।

२८.४ मूल्य अभिवृद्धि कर (संशोधनसहित) ऐन, २०५२ को दफा १५ (३) मा स्थानीय निकायले कर लाग्ने बस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने र कर लाग्ने मूल्यमा अन्य कर समेत समावेश हुने व्यवस्था छ । यो वर्ष ४१ जिल्ला विकास समितिले बालुवा, गिट्टी, ढुगा, स्लेट, दहत्तर, बहत्तर आदिका लागि कर दस्तुर वा शुल्क असुल गर्न रु.५३ करोड ७६ लाख ७६ हजारको ठेक्का लगाएकोमा सोमा लाग्ने मूल्य अभिवृद्धि कर रु.६ करोड ९८ लाख ९८ हजार असुल नगरी ठेकेदारले नै आन्तरिक राजस्व कार्यालयमा बुझाउने गरी सम्झौता गरेको पाइयो । कानूनबमोजिम मूल्य अभिवृद्धि कर असुल गर्ने दायित्व जिल्ला विकास समितिको भएको हुँदा असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

२९ **मौज्दात रकम –** गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा ३८ (क) मा गाउँ विकास समितिमा अनुदान गएको रकममध्ये भुक्तानी गर्नुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र बचत रकम आर्थिक वर्ष समाप्त भएको कम्तीमा ७ दिन अगाडि कोष तथा नियन्त्रक कार्यालयमा फिर्ता गरी जिल्ला विकास समितिलाई जानकारी दिनुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय नवलपरासी र गोरखाले गाउँ विकास समितिहरुले प्राप्त गरेको अनुदान रकममध्ये खर्च भई बाँकी रहेको रु.३ करोड १३ लाख ५३ हजार फ्रिज गरेको देखिएन । अन्य जिल्ला विकास समितिले गाउँ विकास समितिमा खर्च भई बाँकी रहेको रकमको विवरणसम्म पनि लिएको देखिएन । गाउँ विकास समितिमा गएको अनुदानमध्ये खर्च भई बाँकी रकम यकिन गरी फ्रिज गराउन मन्त्रालयको समेत ध्यान जानुपर्ने देखिएको छ ।

३० **बिल भरपाई –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) मा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्चका बिल भरपाईसहितको लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु, कास्की, सप्तरी, रुपन्देही, संखुवासभा, कैलाली लगायत २१ ले केन्द्रीय बजेट र जिल्ला विकास समिति कोषतर्फको बजेटबाट आफैले कार्यक्रम कार्यान्वयन गरी बिल भरपाईसहित स्रेस्ता राख्नुपर्नेमा गाउँ विकास समिति र अन्य विभिन्न संघ संस्थालाई अनुदानको रुपमा रु.९ करोड ९८ लाख ८३ हजार उपलब्ध गराएको पाइयो । बजेट विनियोजन तथा खर्च गर्ने अख्तियारी विपरीत अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३१ **चालू प्रकृतिका खर्च –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा १२ मा जिल्ला विकास कोषको पूँजीगत रकमबाट कुनै पनि प्रकारको चालू प्रकृतिका सबै खर्च, आर्थिक सहायता, चन्दा एवं पुरस्कार सम्बन्धी खर्च, सापटी ल्याई वा रकमान्तर गरी चालु शीर्षकमा खर्च गर्न नपाइने उल्लेख छ । पूँजीगततर्फको कार्यक्रमबाट जिल्ला विकास समितिको कार्यालय महोत्तरीले रु.५४ लाख १२ हजार, काठमाडौंले रु.१६ लाख ८९ हजार, सिन्धुपाल्चोकले रु.१० लाख ७ हजार, कञ्चनपुरले रु.६ लाख ३० हजार मोरङ्गले रु.१५ लाख ४२ हजार र गोरखाले रु.८ लाख ४९ हजारसमेत रु.१ करोड ११ लाख २९ हजार चालू प्रकृतिका कार्यमा खर्च लेखेको पाइयो । कार्यविधिको व्यवस्था विपरीत खर्च लेख्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

३२ **योजनाको स्थिति –** जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को बुँदा नं.२६ (२) मा आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भइसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगो रुपमा सञ्चालन हुने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । उपभोक्ता समिति मार्फत जिल्ला विकास समिति ४५ ले सञ्चालन गरेका १८ हजार ९२५ योजनामध्ये १ हजार ९७० योजना निर्माणाधीन रहेको र १६ हजार ९५५ योजना सम्पन्न गरेको विवरण प्राप्त भएको छ । सम्पन्नमध्ये ३ हजार ७५४ योजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको र १३ हजार २०१ योजना हस्तान्तरण गरेको पाइएन । सम्पन्न योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण नगर्नाले योजनाको मर्मत सम्भार र रेखदेख जिल्ला विकास समिति र लाभग्राही पक्ष दुवैले नगर्ने वा मर्मत गर्नुपर्ने भएमा जिल्ला विकास समितिबाट गर्नुपर्ने स्थिति देखिएको छ । सम्पन्न आयोजनाहरु निर्धारित समयमै हस्तान्तरण गरी लाभग्राही समूहबाट मर्मत, रेखदेख र सम्भार गर्ने प्रबन्ध मिलाउनुपर्दछ ।

३३ **गत वर्षको भुक्तानी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० को उपनियम १ को (ध) मा जिल्ला विकास समितिले गत वर्ष भुक्तानी हुन नसकेको खर्चको विवरण भुक्तानी दिन बाँकीको विवरण अनुसूची–२४ भरी प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ । उक्त विवरण बेगर जिल्ला विकास समितिको कार्यालय पर्सा, सिरहा, मुगु र बाँकेले गत वर्ष भुक्तानी गर्न बाँकी ३६ योजनाको रु.५९ लाख ९७ हजार भुक्तानी दिएको छ । नियमले तोकेबमोजिमको स्रेस्ता नराखी खर्च लेख्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३४ **घटी जिम्मेवारी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (१) अनुसार जिल्ला विकास समितिको नाममा प्राप्त हुने सबै प्रकारको आम्दानी जिल्ला विकास कोषमा जम्मा गर्नुपर्ने र

उपनियम (५) अनुसार नेपाल सरकारबाट प्राप्त फ्रिज गर्नु नपर्ने रकम र जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय बाजुरा, भोजपुर, कैलाली समेत ९ ले रु.३७ करोड ७९ लाख ६० हजार जिम्मेवारी सार्नुपर्नेमा रु.३१ करोड ७५ लाख ९ हजार मात्र सारेकोले रु.६ करोड ४ लाख ५१ हजार घटी जिम्मेवारी सारेको देखियो । यसैगरी नियम १९१ (१) अनुसार फछ्यौंट हुन बाँकी रहेको पेश्की रकमको नामनामेसीसहित खुलाई जिम्मेवारी सारी प्रमाणित गर्नुपर्नेमा जिल्ला विकास समितिको कार्यालय झापा, तेह्रथुम, भोजपुर, जाजरकोट, वैतडी लगायत १३ ले रु.३० करोड ३९ लाख २२ हजार पेश्की जिम्मेवारी सार्नुपर्नेमा रु.२१ करोड ८२ लाख १४ हजार पेश्की जिम्मेवारी सारेकोले रु.८ करोड ५७ लाख ८ हजार घटी जिम्मेवारी सारेको देखियो । मौज्दात रकम यकिन गरी जिम्मेवारी सार्नुपर्दछ ।

३५ **उपभोक्ता समिति** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (१) मा जिल्ला विकास समितिद्धारा सञ्चालित रु.६० लाखसम्मको कार्य उपभोक्ता समितिद्धारा गराउन सक्ने प्रावधान छ । नियमावलीको नियम १५५(२) मा काम गराउने प्रयोजनका लागि स्थानीय निकायले उपभोक्ता समितिहरुलाई विषयगत रुपमा वर्गीकरण र सूचीकृत गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरले २०६८।६९ मा विभिन्न कार्यक्रम अन्तर्गत सञ्चालित विभिन्न योजनामा खर्च गरी उपभोक्ता समितिमार्फत सञ्चालन गराएकोमा उपभोक्ता समिति विषयगत रुपमा बर्गीकरण र सूचीकृत नगरी केवल उपभोक्ता समितिको निवेदनको भरमा योजना कार्यान्वयन गराएको छ ।

उपभोक्ता समितिहरुको दर्ता तथा बिषयगत रुपमा बर्गीकरण नगरिँदा अनुगमनमा कठिनाई हुने, एउटा उपभोक्ता समितिमा रहेका पदाधिकारीहरु अन्य उपभोक्ता समितिमा रहनसक्ने, योजना समाप्त हुने बित्तिकै उपभोक्ता समितिको नाममा रहेको बैङ्क खाता बन्द हुने, उपभोक्ता समितिहरुलाई समय समयमा निर्देशन र अभिमुखीकरण तालिम दिन बाधा पर्ने, जुनसुकै प्रकृतिका कार्य एउटै उपभोक्ता समितिमार्फत हुनसक्ने, सम्पन्न योजना गुणस्तरीय नहुने, मर्मत सम्भार एवं सम्पादित कार्यमा जिम्मेवार बनाउन नसकिने अवस्था रहन्छ । अतः नियमावलीअनुसार उपभोक्ता समितिहरुको विषयगत रुपमा बर्गीकरण र सूचीकृत गरी व्यवस्थित गर्नु जरुरी छ ।

३६ **स्वीकृतिबेगर खर्च** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (१) मा जिल्ला परिषद्वाट स्वीकृत कार्यक्रम र बजेटको सिमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, मोरङ्गले पूँजीगत अनुदानमा प्राप्त रकममध्ये रु.२० लाख ९८ हजार जिल्ला विकास समिति कोष खातामा सारेको देखियो । उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

३७ **कर्मचारी सुविधा** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ (१) मा स्थानीय निकायले सो निकायका कर्मचारीको पारिश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलब भत्ता तथा सुविधालाई आधार मानि आफ्नो आम्दानी तथा खर्चको सीमाभित्र रही निर्धारण गर्नुपर्ने उल्लेख छ । जिल्ला विकास समिति, मोरङ्गले नोकरी अवधि २० वर्ष र उमेर ५० वर्ष नाघेका कर्मचारीहरुले स्वैच्छिक अवकाश लिएमा बढीमा ७ वर्षको तलब बराबरको रकम थप सुविधा दिने निर्णय गरी कर्मचारीहरुलाई वार्षिक २.५ महिना बराबरको तलबको दरले उपदान, सञ्चित बिदा, औषधि उपचार खर्चका अतिरिक्त थप तलब सुविधाबापत २ कर्मचारीलाई कर्मचारी कल्याण कोषबाट रु.२१ लाख २७ हजार उपलब्ध गराएको छ । नियमसँग बाझिने गरी विनियम बनाई भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

३८ **कार्यक्षेत्र** – नेपाल सरकारका विभिन्न निकायहरुलाई तोकेको कार्यक्षेत्रमध्ये रणनीतिक सडकहरु डिभिजन सडक कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने र जिल्लास्तरीय सडकहरु जिल्ला विकास समितिको कार्यक्षेत्रभित्र रहेको देखिएको छ । जिल्ला विकास समितिको कार्यालय, सर्लाहीले डिभिजन सडक कार्यालयको कार्यक्षेत्रभित्र पर्ने २ हुलाकी सडकका विभिन्न खण्डमा उपभोक्ता समितिमार्फत मर्मत कार्य गरी रु.९ लाख ७० हजार खर्च लेखेको देखियो । एक मित्रराष्ट्रको सहयोगमा डिभिजन सडक कार्यालयले निर्माण गरिरहेका हुलाकी

सडकमा जिल्ला विकास समितिबाट मर्मत गर्नु उचित देखिँदैन । यस्ता योजनाहरुमा दोहोरो लगानी हुनबाट नियन्त्रण गर्नुपर्दछ ।

३९ **अवैध निकासी –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अनुसूची–२५ को क्र.सं.२ मा गिट्टी, बालुवा विदेश निकासीको लागि सिफारिस दस्तुर प्रतिट्रिपर १ हजारका दरले उठाउन पाउने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सर्लाहीले विभिन्न १० फर्मलाई विदेश निकासी सिफारिस दिए बापत कुल १ लाख ४२ हजार घनमिटर, गिट्टी, बालुवाको रु.१ करोड ९३ लाख ५० हजार निकासी सिफारिस दस्तुर असुल गरेको पाइयो । सर्लाही भन्सार कार्यालयबाट प्राप्त विवरणअनुसार जिल्ला विकास समितिबाट निकासी सिफारिस लिएका १० फर्मबाट २ लाख ७६ हजार घनमिटर निकासी भएको देखिएको छ । दस्तुर नबुझाई निकासी गरेको १ लाख ३६ हजार घनमिटरको सिफारिश दस्तुर रु.३१ लाख ८६ हजार र मूल्य अभिवृद्धि कर रु.४ लाख १४ हजार समेत रु.३६ लाख असुल गरी निकासी दस्तुर छली गर्ने संलग्न व्यक्तिहरु पहिचान गरी कारबाही गर्नुपर्दछ ।

४० **मालपोत रकम असुली –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० (१) को अनुसूची–५ को सि.नं.१.८ मा गाउँ विकास समिति र नगरपालिकाले मालपोत सङ्कलन गरी सङ्कलित रकमको २५ प्रतिशतले हुने रकम जिल्ला विकास समितिलाई बुझाउनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय काठमाडौंबाट पेश भएको विवरणअनुसार काठमाडौं महानगरपालिका र कीर्तिपुर नगरपालिकाबाट मालपोत रकम असुल भएको पाइएन । साथै ५७ गाउँ विकास समितिबाट प्राप्त हुनुपर्ने रु.७० लाख ७३ हजार असुल गर्न बाँकी रहेको देखिएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

४१ **कल्याण कोष .** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६५ (१) मा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलब बराबरको रकम कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, काठमाडौंले एकमहिनाको तलब रु.६ लाख कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्नेमा यो वर्ष रु.४५ लाख जम्मा गरेको देखियो । नियममा व्यवस्था भएको सीमाभन्दा बढी जम्मा गरेको रु.३९ लाख आन्तरिक कोषमा फिर्ता गर्नुपर्दछ ।

४२ **त्रुटिपूर्ण डिजाइन –** जिल्ला विकास समितिको कार्यालय, पर्साले बेल्वा प्रसौनीको बौगी खोलामा पक्कीपुल निर्माणको लागि २०६९।६।४ भित्र कार्यसम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.१ करोड ३३ लाख ८९ हजारमा ठेक्का सम्झौता गरेको छ । माटो परीक्षण गराई अन्तिम फाउण्डेसन डिजाइन गर्ने सम्झौतामा उल्लेख भएअनुसार माटो परीक्षण गराउँदा पुलको फाउण्डेशनको पुन: डिजाइन गर्नुपर्ने र सो गर्दा ३० प्रतिशतभन्दा बढी लागत पर्न जाने उल्लेख गरी काम अघि बढाउन आवश्यक निर्देशनका लागि मन्त्रालय र विभागमा पत्राचार गरेकोमा काम सुरु नै नभएको अवस्थामा रिभाइज्ड गर्न नमिल्ने राय प्राप्त भएकोले काम अघि बढेको छैन । निर्माण व्यवसायीले निर्माण समग्री, बालुवा, गिट्टी बोल्डर, सिमेन्ट एवं निर्माण औजार तथा जनशक्ति आइडल रहेको उल्लेख गरी २०६९।६।१ सम्म रु.१ करोड ३१ लाख ४ हजार क्षतिपूर्तिको माग गरेको देखिन्छ । माटो परीक्षण रिपोर्टअनुसार पुलको डिजाइन हुनुपर्नेमा नभएको र पुलको लागत अनुमान तयार गर्दा माटो परीक्षण प्रतिवेदनअनुसार गर्ने गरी शर्त राखी सम्झौता गर्दा माटो परीक्षणको रिपोर्ट फरक परेमा गर्नुपर्ने विषय उल्लेख हुनुपर्नेमा सो नभएकोले सम्झौता त्रुटिपूर्ण देखिएको छ ।




बौगीखोलाको निर्माणाधीन पुल

४३ **योजना कार्यान्वयन –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (१) अनुसार जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा खर्च गर्नुपर्दछ । जिल्ला विकास समितिको कार्यालय, रौतहटको १९ औं जिल्ला परिषद्ले २०६८।६९ मा सञ्चालन गर्ने गरी प्रस्ताव गरेका योजनाहरुको सट्टामा दलीय संयन्त्रसहितको बैठकबाट निर्णय गरी जिल्ला विकास समिति अनुदानका ८, मर्मत सम्भार कोषका १६, रोयल्टी व्यवस्थापन तथा वितरणका ३, स्थानीय पूर्वाधार विकास तथा साना सिंचाईका ८ र स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमका ४ समेत ३९ योजनामा रु.२ करोड ७८ लाख ४३ हजार खर्च गरेको देखिएको छ । जिल्ला परिषद्ले छनौट गरेका योजनाहरु परिवर्तन गरी अन्य योजनाहरु कार्यान्वयन गर्न मिल्ने देखिएन ।

४४ **एकल बोर्ड –** जिल्ला विकास समितिले आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने योजनाहरु जिल्ला परिषद्बाट पारित गराउनुपर्दछ । जिल्ला विकास समितिको कार्यालय, सिन्धुलीलाई रोयल्टी व्यवस्थापन तथा वितरण कार्यक्रमअन्तर्गत विद्युत विकास विभागले रु.१ करोड १ लाख बजेट पठाएकोमा जिल्ला परिषद्ले बजेट बाँडफाँड गरेको देखिएन । स्थानीय विकास अधिकारीको एकल बोर्ड बैठकबाट २०६९।१।२८ मा निर्णय गरी विद्युत विस्तार सम्बन्धी विभिन्न २१ योजनामा रु.२३ लाख ७४ हजार, साना लघु जलविद्युतमा रु.५३ लाख ५३ हजार र कन्टिजेन्सीमा रु.४ लाख समेत रु.८१ लाख २७ हजार छुट्याई खर्च गरेको देखियो । जिल्ला परिषद्मा योजना प्रस्ताव नगरी पछि योजना छनौट गर्न मिल्ने देखिँदैन ।

४५ **शोधभर्ना भुक्तानी –** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको लागि २०६८।५।२६ को अख्तियारी पत्रसाथ संलग्न निर्देशनमा गत आर्थिक वर्षमा जिल्ला विकास समितिको आन्तरिक स्रोत, राजस्व बाँडफाँड, विकास अनुदान वा अन्य कुनै स्रोतबाट भुक्तानी भइसकेको आयोजना तथा कार्यक्रमका लागि यो वर्ष प्राप्त अख्तियारीबाट खर्च लेख्न वा शोधभर्ना गर्न नमिल्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, रुपन्देहीले यस कार्यक्रम अन्तर्गत रु.२ करोड २० लाख १० हजार विनियोजन भएको मध्ये गतवर्ष जिल्ला विकास समिति कोषबाट विभिन्न आयोजनाहरुको लागि खर्च भइसकेको रकम शोधभर्ना स्वरुप यस वर्ष रु. ७८ लाख १० हजार खर्च गरेको पाइयो । अख्तियारी विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४६ **खाता रोक्का –** निर्माण कार्यको भुक्तानी गर्दा परिमाण र रकम नापी किताबमा चढाई जिम्मेवार व्यक्ति र उपभोक्ता समितिबाट समेत नापी किताबमा हस्ताक्षर गरी सम्पन्न कामको बिल भरपाईसमेत लिई भुक्तानी दिनुपर्दछ । जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बुले विभिन्न योजनाहरुमा आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज नगराउने उद्देश्यले ७ उपभोक्ता समितिको खातामा रु.६३ लाख ९५ हजार जम्मा गरी खाता रोक्का राख्न राष्ट्रिय वाणिज्य बैङ्क सल्लेरीलाई २०६९।३।२५ मा पत्र पठाएको छ । खाता रोक्का राखिएका उपभोक्ता समितिको काम सम्पन्न गर्ने अवधि २०६९ असारमा सकिएको छ । कार्य सम्पन्न नभएका योजनाको रकम भुक्तानी दिई खाता रोक्का राख्ने कार्य गर्न मिल्ने देखिएन ।

४७ **चलन पूर्जी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११७ मा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित शर्तहरु ठेक्का सम्झौताको शर्तमा समावेश हुनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, बाँकेले यो वर्ष गरेको आय ठेक्कामध्ये ढुङ्गा, गिट्टी, बालुवा र कृषि जन्यवस्तु निकासी ठेक्काको लागी तयार गरेको बोलपत्र कागजातको दफा नं.६ मा अस्थायी ठेक्का चलन पूर्जी दिइने छैन भन्ने व्यवस्था र दफा ८ मा एकमुष्ट ठेक्का रकम बुझाउनेलाई ठेक्का रकममा १० प्रतिशत छुट दिइने उल्लेख छ । कार्यालयमा २०६८।४।१६ मा रु.५६ लाख ६० हजार रकम बुझाई २०६८।४।३२ भित्र बाँकी रकम बुझाउने भनी अस्थायी चलन पूर्जी दिई २०६८।४।२६ मा व्यवसायीले कबोल गरेको रु.१ करोड १९ लाख १२ हजारको १० प्रतिशतले हुने रु.११ लाख ९१ हजार छुट दिई रु.१ करोड ७ लाख २१ हजारको सम्झौता गरेको छ । वोलपत्रको शर्त विपरीत अस्थायी चलन पूर्जी दिई कामको जिम्मा लगाई त्यसपछि मात्र सम्झौता गरेको देखिएको छ । तसर्थ सम्झौता विपरीत छुट दिएको रु.११ लाख ९१ हजार असुल गर्नुपर्दछ ।

४८ **नर्म्स –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६४ (२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी स्वीकृत नर्म्स अनुसार तयार गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, मुगुले विभिन्न ३ बजेट शीर्षकबाट सञ्चालन भएका ६ कृषि तथा ग्रामीण सडकको लागत अनुमान

तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको स्वीकृत नर्म्स र मुगु जिल्लाको लागि २०६८।६९ को स्वीकृत जिल्ला दररेट अनुसार रु.२३ लाख ३ हजारको लागत अनुमान तयार गर्नुपर्नेमा रु.२८ लाख ६१ हजारको लागत अनुमान तयार गरी भुक्तानी गर्दा रु.५ लाख ५८ हजार बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

४९ **दररेट –** स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अनुसूची २३ मा आफ्नो जिल्लाभित्र उत्पादन भई निकासी हुने ढुङ्गा, बालुवा, गिट्टी, स्लेट, ग्राभेल र रोडामा जिल्ला परिषद्ले तोके बमोजिम प्रति घनफिट न्यूनतम रु.१।५० देखि अधिकतम रु.२ सम्म कर लगाउन पाइने र अनुसूची–२५ मा गिट्टी र बालुवा विदेश निकासी हुँदा प्रतिट्रिप रु.१ हजार दस्तुर लिन पाउने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, कैलालीले यस बमोजिम एक घनमिटरमा ३५.२८ क्यू.फिट हुने र न्यूनतम कर रकम रु.१।५० ले प्रति घनमिटर रु.५२।९२ हुनेमा राजस्व परामर्श समितिको २०६७।११।८ को निर्णयबाट प्रति घनमिटर रु.५० को दर राखी ढुङ्गा, गिट्टी, बालुवा बिक्री वितरण गर्ने सिफारिस गरेको छ । प्रति घनमिटरमा रु.२।९२ घटी दरले राजस्व उठाएकोले यो वर्ष ३ लाख ६२ हजार घनमिटरको रु.१० लाख ५७ हजार घटी आम्दानी भएको देखिन्छ । नियममा तोकिएको सीमाभन्दा कम दरमा राजस्व उठाउने गरी निर्णय गर्न मिल्ने देखिँदैन ।

५० **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (३) मा भाडामा लिनुपर्ने सवारीसाधन, मेशीनरी औजार, उपकरण वा मालसामनको विवरण, स्पेसिफकेशन, अवस्था र आयु, प्रचलित बजार दर, भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत आदि कुराहरुलाई विचार गरी भाडाको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, सिन्धुपाल्चोकले उपभोक्ता समिति मार्फत ३ सडकको निर्माण कार्य गराई रु.२० लाख ४५ हजारमा कार्य सम्पन्न गरेको छ । यो वर्ष २१ हजार ८१७ घनमिटर माटो काट्ने तथा खन्ने कार्यको लागि डोजर तथा एक्साभेटर प्रयोग गरी इन्धन बापत रु.८ लाख ८१ हजार खर्च देखाएकोमा नर्म्स् अनुसार रु.२ लाख ८८ हजार लाग्ने देखिएको हुँदा रु.५ लाख ९३ हजार बढी भुक्तानी भएको देखिन्छ ।

(रु.हजारमा)

योजनाको नाम	लागत अनुमान	कार्य सम्पन्न रकम	काटिएको माटो (घ.मी.)	तेल बापत गरेको भुक्तानी रकम	नर्मस अनुसार हुने तेलको रकम	नर्मस भन्दा बढी भुक्तानी रकम
नौविसे देविडांडा कामीडांडा सडक	६५२	७६३	११३७३	४०३	१४९	२५४
चौतारा च्यानडांडा सिम्पाल कदम्बास बलेफि सडक	६५१	६५५	५२४७	२७८	६५	२१३
पौवा मार्सेखोला पाचमुरे सामोसिरुवारी ९ ठूलोसिरुवारी मो.वा	६२५	६२७	५१९७	२००	७४	१२६
जम्मा:	**१९२८**	**२०४५**	**२१८१७**	**८८१**	**२८८**	**५९३**

आगामी दिनमा लेखापरीक्षणको सुझाउ अनुसार गरिने र भुक्तानी गर्दा समेत नर्म्सका आधारमा गरिने जवाफ कार्यालयले दिएको छ तापनि बढी भुक्तानी भएको रकम असुल गरेको छैन ।

५१ **कार्यसम्पादन जमानत –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९(५) मा बोलपत्र वा डांक स्वीकृत भएपछी नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कको कम्तीमा ६ महिना म्याद भएको कार्यसम्पादन जमानत वण्ड वा नगदै रकम प्राप्त भएपछि आपूर्तकसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सुनसरीले ढुङ्गा, गिट्टी, वालुवा बिक्री गर्न ३ पटक सूचना प्रकाशित गरेकोमा ठेक्का नलागेकोले २०६८।५।५ को राजस्व परामर्श समितिको सिफारिसमा बाँकी अवधिको लागि सुरु न्यूनतम अङ्कमा २० प्रतिशत घटाई रु.७२ लाख ३२ हजार न्यूनतम अङ्क राखी एक आपूर्तकसँग कार्यसम्पादन जमानत समेत नलिई सम्झौता गरेको पाइयो । उक्त आपूर्तकले रु.१५ लाख ९६ हजार मात्र दाखिला गरी रु.५६ लाख ३६ हजार बुझाउन बाँकी रहेको देखियो । कार्यसम्पादन जमानत नलिई सम्झौता गर्नेलाई कारबाही गरी बाँकी रकम असुल गर्नुपर्दछ । लेखापरीक्षणको सुझाउलाई आगामी दिनमा पालना गर्ने प्रतिवद्धता जनाई प्रतिक्रिया प्राप्त भएको छ ।

५२ **असम्बन्धित कर बीजक** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ (६) बमोजिम कुनै संयुक्त उपक्रम खरिद सम्झौताका लागि छनौट भएमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो संयुक्त उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता गर्न लगाउनुपर्ने व्यवस्था छ । जिल्ला

विकास समितिको कार्यालय, बर्दियाले एक संयुक्त उपक्रमको निर्माण व्यवसायी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दर्ता नभएकोले साझेदार निर्माण सेवाको बीजकका आधारमा रु.४७ लाख ८४ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गरेको छ । संयुक्त उपक्रम मूल्य अभिवृद्धि करमा दर्ता नगरी सम्झौता गर्नु तथा मूल्य अभिवृद्धि कर भुक्तानी दिनु नियमसम्मत देखिएन ।

कानूनसम्मत नभएका केही उदाहरण

शीर्षक	देखिएका व्यहोरा
मन्त्रालय	विनियोजन भएको विभिन्न ७४ बजेट उपशीर्षकमध्ये २२ बजेट उपशीर्षकमा रु.३ अर्ब ३५ करोड ४५ लाख सम्बन्धित कार्यालयहरुलाई खर्च गर्ने अख्तियारी नदिई मन्त्रालयले अवण्डा राखेको ।
जि.बि.स.४२	विभिन्न निर्माण व्यवसायीहरुबाट गत वर्षसम्मको रु.५६ करोड २९ लाख १० हजार र यो वर्षको रु.७ करोड २२ लाख ५५ हजार समेत रु.५३ करोड ५१ लाख ६५ हजार कर दस्तुर असुल नगरेको ।
जि.बि.स.५७	स्थानीय निकाय आ.प्र. नियमावलीमा तोकिएभन्दा बढी रु.२७ करोड ६६ लाख ५७ हजार प्रशासनिक खर्च गर्ने गरेको ।
जि.बि.स.४१	बालुवा, गिट्टी, ढुगा, स्लेट, दहत्तर, बहत्तर आदिका लागि कर दस्तुर वा शुल्क असुल गर्न रु.५३ करोड ७६ लाख ७६ हजारको ठेक्का लगाएकोमा सोमा लाग्ने मूल्य अभिवृद्धि कर रु.६ करोड ९८ लाख ९४ हजार असुल नगरेको ।
शुल्क कोष	२०६६।०६७ मा लेखापरीक्षण गर्दा आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको रु.२५ करोड २० लाख १८ हजार सञ्चित कोष दाखिला गर्नुपर्ने औल्याइएकोमा सो रकम बाट २०६७०६८ र २०६८।६९ मा खर्च गरी रु.१० करोड ८६ लाख ८६ हजार मौज्दात राखेकोमा अझै पनि उक्त रकम सञ्चित कोष दाखिला नभएको ।
जि.बि.स.८	कोष पूँजीगत लगायत केन्द्रीय शीर्षकको अनुदान रकम विनियोजन गर्दा कार्यविधि विपरीत रु.५ लाखभन्दा कमका १ हजार ९९९योजनाहरुलाई रु. २० करोड ४ लाख ९३ हजार बजेट विनियोजन गरी खर्च गरेको ।

५३ **ठेक्का रकम असुली** – बैङ्क तथा वित्तिय कसुर ऐन, २०६४ को दफा (३) (ग) मा आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानीजानी चेक काटी भुक्तानी लिन वा दिन नहुने व्यवस्था गरेको छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९ (५) मा बोलपत्र वा डाँक स्वीकृत भएपछि नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कको कम्तीमा ६ महिना म्याद भएको सर्तरहितको कार्यसम्पादन जमानत वा नगदै रकम प्राप्त भएपछि पट्टा दिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समिति नुवाकोटले ढुङ्गा गिट्टी, बालुवा उत्खनन् तथा निकासीका लागि गरेको २ ठेक्कामा क्रमश: रु.१ करोड ३३ लाख ३३ हजार र रु.३१ लाख ६ हजार ठेक्का रकम कबोल गर्ने एक निर्माण व्यवसायीले एक फाइनान्स कम्पनीको कार्यसम्पादन जमानत पेश गरेको आधारमा सम्झौता गरेको छ । उक्त कम्पनीले बुझाउन बाँकी किस्ता रु.३० लाख ६९ हजार नबुझाएकोले परफरमेन्स बण्ड जफत गर्न कार्यालयले फाइनान्स कम्पनीसँग पत्राचार गरेकोमा फाइनान्स कम्पनीले अस्वीकार गरेको छ । निर्माण व्यवसायीले उक्त रकम भुक्तानीका लागि २०६९।४।१५ मा एक बैङ्कको चेक उपलब्ध गराएकोमा उक्त बैङ्कले खातामा भुक्तानी दिन खाम्ने रकम नभएको जनाई चेक फिर्ता गरेको पाइयो । नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कको शर्तरहितको कार्यसम्पादन जमानत नलिई फाइनान्स कम्पनीको शर्तसहितको कार्यसम्पादन जमानत लिएको तथा व्यवसायीले खातामा रकम नभएको चेक दिएको कारण रकम प्राप्त हुन नसकेकोले उक्त कारोबार सम्बन्धमा छानबिन गरी नोक्सानी भएको रु.३० लाख ६९ हजार असुल गर्नुपर्दछ । यस सम्बन्धमा बैङ्क तथा वित्तीय कसूर ऐन, २०६४ तथा सार्वजनिक खरिद ऐन, २०६३ अनुसार कारबाही गरी असुल गर्नेतर्फ कारबाही अगाडि बढाएको कार्यालयको जवाफ प्राप्त भएको छ ।

५४ **नगदी रसिद –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ अनुसार आफ्नो जिम्मामा रहेको सरकारी नगदी १५ दिनभन्दा ढिलो गरी दाखिला गरेको भए पच्चिस प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न लगाउने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु अन्तर्गत महेन्द्रकोट गाउँ विकास समितिका एक सचिवले कार्यालयबाट १२० प्याड नगदी रसिद बुझी लगेकोमा १०५ प्याडबाट असुल भएको रु.२० लाख ११ हजारमध्ये रु.२ लाख ४१ हजार मात्र दाखिला गरी बाँकी रु.१७ लाख ७० हजार र सोको व्याज समेत असुल गरेको छैन । बाँकी १५ प्याडबाट असुल भएको रकम समेत यकिन गरी ऐन अनुसार लाग्ने रकम असुल उपर गरी विभागीय कारबाही समेत गरिनुपर्दछ ।

५५ **लागत सहभागिता –** जगेडा कोष सञ्चालन कार्यविधि, २०६६ (प्रथम संशोधन) को बुँदा ५.१ (ख) (५) मा राजमार्ग बाहेकका सडकहरुमा ढल निर्माणमा चालिस प्रतिशत नगरपालिकाको लागत सहभागिता र ६० प्रतिशत स्थानीय विकास शुल्क कोष (जगेडा कोष) बाट अनुदान दिई योजना सञ्चालन गर्नुपर्ने व्यवस्था छ । स्थानीय विकास शुल्क कोषले सिरहा नगरपालिकाभित्र ढल निर्माण कार्य गर्न निर्माण व्यवसायीले कबोल गरेको रु.१ करोड ५ लाखको ६० प्रतिशतले हुने रु.६३ लाख निकासा दिनुपर्नेमा रु.७३ लाख ६७ हजार निकासा दिएकोले रु.१० लाख ६७ हजार बढी निकासा दिएको रकम फिर्ता गर्नुपर्दछ ।

यसैगरी कार्यविधिको बुँदा ५.१ (ख) (९) मा भवन निर्माण र व्यवस्थापनको लागि लागत अनुमानको पचास प्रतिशत लागत सहभागिता गर्नुपर्ने व्यवस्था छ । भक्तपुर नगरपालिकाको एक बहुउद्देश्यीय भवनको तल्ला थप गर्ने कार्यको लागत अनुमानबापत रु.५९ लाख ३० हजारको ५० प्रतिशतले हुने रु.२९ लाख ६५ हजार लागत सहभागिता हुने गरी प्रथम किस्ता बापत ७० प्रतिशतले हुने रु.२० लाख ७५ हजार उपलब्ध गराउनुपर्नेमा रु.२९ लाख ५ हजार उपलब्ध गराएको छ । बढी रु.८ लाख ३० हजार फिर्ता हुनुपर्दछ ।

स्थानीय निकाय वित्तीय आयोग

५६ **कार्यसम्पादन मापन –** जिल्ला विकास समितिहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६५ मा न्यूनतम शर्त पूरा नगरेका समितिको न्यूनतम अनुदानबाहेक सबै नि:शर्त पूँजीगत अनुदान रद्द गरिने व्यवस्था छ । आयोगले सञ्चालन गरेको २०६७।६८ को न्यूनतम शर्त र कार्यसम्पादन मापनको परिणाममा ११ जिल्ला विकास समिति र ५ नगरपालिका सफल हुनसकेको देखिएन । साथै ५०९ गाउँ विकास समितिहरुले न्यूनतम शर्त पूरा गरेको देखिएन । जिल्ला विकास समितिको कार्यालय र नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा निम्नानुसार देखिएको छ ।

क्र.सं.	संख्या	अनुदान थप प्रतिशत	निकाय
१	२	३०	जिल्ला विकास समिति
२	२२	२५	जिल्ला विकास समिति
३	२७	२०	जिल्ला विकास समिति
४	१	न्यूनतम मात्र	जिल्ला विकास समिति
५	१२	(२०)	जिल्ला विकास समिति
६	११	०	जिल्ला विकास समिति
७	१४	२५	नगरपालिका
८	१३	१०	नगरपालिका
९	१४	(१०)	नगरपालिका
१०	१३	(२५)	नगरपालिका
११	४	०	नगरपालिका

आर्थिक वर्ष २०६७।६८ मा जिल्ला विकास समितिहरुले कार्यसम्पादन मूल्याङ्कन परिणामको आधारमा असफल भई २०६८।६९ मा रु.३५ करोड ७५ लाख ६५ हजार, नगरपालिका ४ ले रु.४२ करोड ४१ लाख ३ हजार र काठमाडौं महानगरपालिकाले रु.२४ करोड १२ लाख ८२ हजार गरी रु.१ अर्ब २ करोड २९ लाख ५० हजार अनुदान गुमाएको देखिन्छ । त्यसैगरी २०६८।६९ को कार्यसम्पादन मूल्याङ्कनको आधारमा २०६९।७० मा जिल्ला विकास समितिले रु.३८ करोड ४८ लाख २७ हजार र नगरपालिकाले रु.४९ करोड ४९ लाख ६१ हजारसमेत रु.८७ करोड ९७ लाख ८८ हजार अनुदान नपाउने स्थिति रहेको छ । तोकिएको अनुदान प्राप्त गर्न नसक्दा जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको कार्यक्रम सञ्चालन प्रभावित हुने अवस्था देखिन्छ । अत: न्यूनतम शर्त र कार्यसम्पादन मापनमा असफल हुने जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको कार्यसम्पादन असफल हुनुमा जिम्मेवार व्यक्ति तथा पदाधिकारी समेत पहिचान गरी जवाफदेही तुल्याउने प्रणालीको विकास गर्नु आवश्यक छ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (२०६७।६८)

स्थानीय निकायमा सहभागितात्मक योजना प्रक्रिया अवलम्बन गर्दै समाजमा आर्थिक, सामाजिक रुपले पिछडिएका एवं मूलप्रवाहिकरण हुन नसकेका महिला, बालबालिका, दलित, आदिवासी/जनजातिलाई सशक्तिकरण र मूलप्रवाहिकरण गर्न स्थानीय निकायमा स्रोत साधनको उपलब्धता वृद्धि गर्न, स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्न, लैङ्गीक तथा सामाजिक समावेशीकरण गर्नका लागि एसियाली विकास बैङ्क, डी.एफ.आई.डी., यू.एन. एजेन्सी, सिडा, डानिडा, नर्वेजियन सरकार, स्वीस विकास नियोग र नेपाल सरकारको सहयोगमा ४ वर्षको अवधिमा ४६६.१०५ मिलियन अमेरिकी डलर (रु.३१ अर्ब ७० करोड) खर्च गर्ने गरी स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सन् २००८ देखि कार्यान्वयन हुँदै आएको छ । कार्यक्रमबाट जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई एकमुष्ट अनुदान, थप अनुदान, क्षमता अभिवृद्धि र सामाजिक परिचालन अनुदान प्रदान गर्ने गरिएको छ । योजना छनौट तथा तर्जुमा, क्षमता विकास, समावेशी सहभागिता पक्षको कार्यदक्षता र प्रभावकारीता मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

५७ **गाउँ परिषद्** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६(१)(क) तथा नियमावलीको ६६(१) बमोजिम वार्षिक योजना तथा कार्यक्रम गाउँ परिषद्बाट पौष मसान्तभित्र स्वीकृत गरिसक्नुपर्दछ ।

५७.१ रुपन्देही जिल्लाअन्तर्गत दयानगर गाउँ विकास समितिले २०६६।१२।२९ मा २०६६।६७ र २०६७।६८ को कार्यक्रम स्वीकृत गरेको छ भने बोदबार गाउँ विकास समितिले २०६७।१२।२९ मा २०६७।६८ को कार्यक्रम स्वीकृत गरेको छ । शंकरनगरले २०६७।५।३१ मा र अन्य ६ गा.वि.सले पौष मसान्तभित्र २०६७।६८ को परिषद् सम्पन्न गरेका छन् ।

५७.२ धनुषा जिल्लाअन्तर्गतका ९ गाउँ विकास समिति र १ नगरपालिकामध्ये बरमझिया गाउँ विकास समितिले २०६७।६८ को परिषद् पौष मसान्तभित्र सम्पन्न गरेको पाइयो । डडेल्धुराको ८ गाउँ विकास समितिले तोकिएको समयमा परिषद् सम्पन्न गरेकोमा मणिलेक गाउँ विकास समिति र अमरगढी नगरपालिकाले क्रमश: २०६७ माघ र फागुनमा परिषद् सम्पन्न गरेको पाइयो । बर्दियाको गुलरिया नगरपालिका तथा मगरागडी गाउँ विकास समितिले २०६७ को फागुनमा परिषद् संम्पन्न गरेका छन् ।

पछिल्लो वर्षको अनुमानित बजेट तथा योजना अघिल्लो आर्थिक वर्ष पारित गर्नुपर्नेमा खर्च गर्ने बर्षमै बजेट तथा योजना पारित गरेको र सो वर्षमा समेत तोकिएको समय भन्दा ढिलो परिषद् सम्पन्न गरेको देखिएकोले त्यसमा सुधार हुनु पर्दछ ।

५८ **पूँजीगत बजेट** – गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा १२ मा पूँजीगत बजेटबाट दामासाहीले रकम बाँडफाँड गर्न, राजनैतिक दल तथा भातृ संघ संगठन, संघ, संस्था र व्यक्तिलाई आर्थिक सहायतामा खर्च गर्न, तलब, भत्ता, लगायतका प्रशासनिक कार्यमा खर्च गर्न, सवारी सधान मर्मत सम्भार इन्धनको लागि खर्च गर्न, दश जोड दुई तह वा सोभन्दा माथिल्लो तहको विद्यालय वा क्याम्पस खोल्नका लागि धरौटी राख्न र शिक्षकको पारिश्रमिकको लागि खर्च गर्न नमिल्ने उल्लेख छ ।

५८.१ झापा जिल्लाअन्तर्गत सतासिधाम गाउँ विकास समितिले २०६७।६८ मा एक बहुमूखी क्याम्पसलाई २ लाख एक उच्च माध्यमिक विद्यालयलाई २० हजार अनुदान दिएको छ । लक्षित बर्गलाई छुट्याउनुपर्ने रकम नछुटयाई कुल पूँजीगत बजेटको ६० प्रतिशतले हुने रकम गाउँ विकास समितिको संयन्त्रको निर्णय अनुसार र ४० प्रतिशत रकम वडा स्तरीय संयन्त्रको निर्णयको आधारमा सबै बडामा ७ देखि १३ प्रतिशतसम्म दामासाहीले बाँडफाँड गरेको छ । गोलधाप गाउँ विकास समितिले १ उपस्वास्थ्य चौकी, ४ विद्यालय, १ उच्च माध्यमिक विद्यालय, प्रहरी चौकी र मन्दिरलाई कार्यक्रमबेगर रु.४ लाख ११ हजार अनुदान दिएको छ । पाठामारी गाउँ विकास समितिले शिक्षकको पारिश्रमिकमा रु.७९ हजार मदरसा, मन्दिर, मस्जीद,प्रहरी चौकीलाई रु.२ लाख १५ हजार अनुदान दिएको छ ।

धनुषा जिल्ला अन्तर्गत ढल्केवर गाउँ विकास समितिले २०६५।६६ मा विद्यालय तथा संघ संस्थाहरुलाई रु.२ लाख १५ हजार अनुदान दिन बजेट स्वीकृत गरेकोमा एक माध्यमिक विद्यालय लगायत विभिन्न संघ संस्थालाई रु.४ लाख ४० हजार अनुदान दिएको छ । त्यस्तै आर्थिक सहायतामा रु.७५ हजार बजेट व्यवस्था गरेकोमा रु.१ लाख ३७ हजार खर्च गरेको छ । त्यसैगरी २०६६।६७ मा सडक मर्मत तथा ग्राभेलको लागि रु.५ लाख बजेट स्वीकृत गरेकोमा रु.६ लाख ३५ हजार खर्च गरेको छ । गाउँ परिषद्को निर्णय बेगर सामुदायिक मध्यस्थता कार्यक्रमका संयोजकलाई रु.७५ हजार भत्ता उपलब्ध गराएको छ ।

५८.२ रुपन्देही जिल्ला अन्तर्गत हाटिबनगाईले २०६७।६८ मा ४ विद्यालयलाई कामको विवरण बेगर ४ लाख ३६ हजार, ५ मन्दीरलाई रु.१ लाख ४२ हजार, २ क्लबलाई रु.२० हजार र मस्जीदलाई रु १५ हजार अनुदान दिएको छ । त्यस्तै बोदबारले २०६६।६७ मा १ प्रहरी चौकीलाई २० हजार, १ मदरसालाई २० हजार र २ यज्ञको लागि रु.३० हजार अनुदान दिएको छ ।

५८.३ बर्दिया जिल्लाअन्तर्गत पातभार र पशुपतिनगर गाउँ विकास समितिबाट इलाका प्रहरी कार्यालय पाताभारको गाडी मर्मत गर्न क्रमश: रु.१५ हजार र रु.२५ हजार खर्च गरेको पाइयो । वगनाह गाउँ विकास समितिले चुरे क्याम्पस वगनाहको क्याम्पस पूर्वाधार निर्माण उल्लेख गरी कम्प्युटर र पुस्तक खरिदमा २०६७।६८ मा रु.३ लाख, २०६६।६७ मा पर्खाल निर्माणमा रु.७ लाख, २०६५।६६ मा भवन निर्माणमा रु.१० लाख खर्च गरेको पाइयो । तर चुरे क्याम्पसले आफ्नै भवन निर्माण गरेको देखिएन । यस सम्बन्धमा सरोकारवालासँग छलफल गर्दा उच्च माध्यमिक विद्यालयको पूर्वाधारमा खर्च गरेको भनाइ रहेको छ ।

अध्ययन गरिएका गाउँ विकास समितिले पूँजीगत बजेटबाट कर्मचारीको पारिश्रमिक भुक्तानी गर्ने स्थानीय स्तरका अन्य कार्यालयको प्रशासनिक कार्यमा खर्च गर्ने, संघ संस्थालाई कार्यक्रमबेगर अनुदान तथा आर्थिक सहायता वितरण गर्ने गरेकोले यसमा नियन्त्रण हुनुपर्दछ ।

५९ **लक्षित वर्गको बजेट** – गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा ११ मा गाउँ विकास समितिको कुल बजेटबाट लक्षित समूहको लागि ३५ प्रतिशत छुट्याउनुपर्ने र यसरी छुट्याएको रकममध्ये सबै जात जातिका विपन्न वर्गका महिलालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमको लागि १० प्रतिशत, सबै जातजातिका विपन्न वर्गका बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजना तथा कार्यक्रमको लागि न्यूनतम १० प्रतिशत र सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग जेष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडा वर्ग एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम तथा आयोजनाको लागि न्यूनतम १५ प्रतिशत खर्च गर्नुपर्ने उल्लेख छ ।

५९.१ झापा जिल्लाअर्न्तगत गोलधाप गाउँ विकास समितिले २०६७।६८ मा कार्यक्रम र आयोजना नतोकी महिला तथा बालबालिका लक्षित कार्यक्रममा ५।५ प्रतिशत र आदिवासी, जनजाति, दलित, कार्यक्रममा १० प्रतिशत विनियोजन गरेको छ । पाठामारीले रु.१७ लाख ९७ हजारमध्ये महिला, बालबालिका, आदिवासी, पिछडावर्गको कार्यक्रमका लागि प्रतिशत नतोकी विभिन्न ७ कार्यक्रममा रु.१ लाख ७० हजार (कुल विकास बजेटको ९.४३ प्रतिशत) विनियोजन गरेको पाइयो । बालुवाडीले रु.११ लाख २५ हजारमध्ये लक्षित वर्गलाई छुट्टाउनुपर्ने ३५ प्रतिशत रकम गणना नगरी महिला बालबालिका, दलित, पिछडा वर्ग, मुस्लिमको विकासको लागि ११ कार्यक्रमका लागि रु.२ लाख ३० हजार (२०.४४ प्रतिशत) विनियोजन गरेको छ । विनियोजन गर्दा कार्यक्रम योजनाको नाम तोकेको छैन । धरमपुरले प्रतिशत निर्धारण नगरी विपन्न, महिलातर्फ रु.१ लाख ६४ हजार, बालवालिकाको लागि रु.१ लाख ६४ हजार र अपाङ्ग, दलित, पिछडा वर्ग आदिवासी मुस्लिम वर्गका लागि रु.२ लाख ४६ हजार विनियोजन गरेको छ । सतासीधामले रु.२१ लाख ६५ हजारमध्ये २ लाख क्याम्पसलाई अनुदान छुट्टाइ बाँकी रु.१९ लाख ६५ हजारको ६० प्रतिशत रु.११ लाख ७९ हजार गाउँ विकास समितिले छनौट गरेको वडागत योजनामा र ४० प्रतिशत रु.७ लाख ८६ हजार वडा स्तरीय संयन्त्रले छनौट गरेको योजनाको लागि खर्च गरेको छ ।

५९.२ रुपन्देही जिल्लाअन्तर्गत बोधबार गाउँ विकास समितिले महिलाको बजेटबाट शौचालय निर्माणका लागि रिङ्ग र सिट खरिद गर्न रु.१ लाख ३५ हजार, बालबालिकाको बजेटबाट विभिन्न वडामा शौचालय निर्माणका लागि रिङ्ग र सिट खरिद गर्न रु.१ लाख ५५ हजार, दलित आदिवासी वर्गको विपन्न वर्ग परिवारलाई हेन्ड पाइप खरिद गरी जडान गर्न रु.९३ हजार, जेष्ठ नागरिकलाई नगद पुरस्कार र सम्मान गर्न रु.४७ हजार, अपाङ्गतर्फको विपन्न अपाङ्गलाई शौचालयको रिङ्ग र सिट खरिद तथा मधेशी मुस्लिमलाई हेन्ड पाइप खरिद गर्न रु.४७ हजारका दरले बजेट विनियोजन गरेको छ । शंकरनगर गाउँ विकास समितिले २०६७।६८ मा कार्यक्रम र आयोजना नतोकी विपन्न वर्गका महिलालाई र बालबालिकालाई रु.३ लाख ५० हजार विनियोजन गरेको छ । यो रकम पूँजीगत बजेटको २० प्रतिशत रहेको छ ।

५९.३ बर्दिया जिल्लाअन्तर्गत वगनाहले १ र शिवपुरले २.८१ प्रतिशत मात्र लक्षित बर्गलाई बजेट छुट्याएका छन् । मोतिपुर गाउँ विकास समितिमा महिलाको लागि छुट्याएको रु.२ लाख ८२ हजार खर्च हुन सकेको छैन । अन्य लक्षित वर्गलाई छुट्याएको रु.९ लाख ८५ हजारमध्ये रु.४५ हजार लक्षित वर्ग कार्यक्रम निर्माण तथा सञ्चालन मूल समिति संयोजकको नाउँमा पेश्की बाँकी रहेको र मगरागडी गाउँ विकास समितिमा महिलाको लागि छुट्याएको रु.१ लाख २ हजार महिला सञ्जाल कोषाध्यक्षको नाममा पेश्की रहेको छ । पाताभार र शिवपुर गाउँ विकास समितिमा कुनै अभिलेख नरहेको, बेलवा, बोधवार र पशुपतिनगर गाउँ विकास समितिमा आंशिक लाभान्वित समूहको संख्या खुलेको छ भने बाँकी ४ गाउँ विकास समितिमा लक्षित समूहको लाभान्वित जनसंख्या खुलाएको छैन ।

५९.४ डडेलधुरा जिल्लाका ५ गाउँ विकास समितिले ३५ प्रतिशतकै हाराहारीमा लक्षित समूहका लागि बजेट छुट्याए तापनि मष्टमाण्डौले २६.७७, बगरकोटले ३१.८२, आलितालले १०.३४ र गणेशपुर गाउँ विकास समितिले २२.३२ प्रतिशत मात्र छुट्याएका छन् ।

अध्ययन गरिएका गाउँ विकास समितिमा लक्षित समूहलाई रकम छुट्याउने गरेको भए तापनि तोकिएबमोजिमको प्रतिशतमा नछुट्याउने, कतिपय गाउँ विकास समितिमा लक्षित समूहको रकम सो समूहको उत्थानमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गर्ने र बालबालिकाको रकम स्थानीय विद्यालयलाई उपलब्ध गराएकोमा कामको जानकारी लिने गरेको पाइएन । तोकिएबमोजिमको प्रतिशत नछुट्याउँदा वा रकम छुट्याएको भए पनि लक्षित वर्गको प्रत्यक्ष रुपमा उत्थान हुने कार्यमा खर्च नगर्दा अनुदानको उद्देश्य हासिल नहुने र लक्षित वर्गको कार्यक्रममा खर्च गर्न संस्थालाई दिएको रकमको खर्च भएको प्रयोजनको जानकारी नलिँदा रकम दुरुपयोग हुन सक्ने भएकोले तोकिएको विधिअनुसार खर्च हुनुपर्दछ ।

६० **आन्तरिक स्रोत** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५५ तथा नियमावली, २०५६ को नियम ६६ अनुसार गाउँ विकास समितिले प्रत्येक वर्ष मार्ग मसान्तभित्र आफ्नो स्रोतबाट प्राप्त हुने कर राजस्वको रकम लगायत साधन स्रोतको अनुमान गर्नुपर्दछ । यस्तो रकममा घर जग्गा कर, मालपोत कर, हाटबजार, पसल कर, सवारीसाधन कर, मनोरन्जन कर, बहाल कर, व्यवसाय कर, प्राकृतिक स्रोत उपयोग कर, सेवा शुल्क पर्दछन् । यी स्रोतबाट प्राप्त हुने राजस्व सङ्कलनमा सुधार ल्याउने लक्ष्य स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले लिएको छ ।

६०.१ झापा जिल्ला विकास समितिले २०६५।६६ मा रु.७ करोड ३९ लाख ७८ हजार आन्तरिक आम्दानी गरेकोमा २०६६।६७ मा रु.७ करोड ८७ लाख १९ हजार र २०६७।६८ मा रु.७ करोड ३४ लाख ३९ हजार आन्तरिक आय भएको देखियो । रुपन्देही जिल्ला विकास समितिको २०६५।६६ मा रु.१७ करोड ५९ लाख ११ हजार, २०६६।६७ मा रु.१७ करोड २४ लाख ५३ हजार र २०६७।६८ मा रु.१७ करोड ३४ लाख ११ हजार आय भएको देखियो । धनुषा जिल्ला विकास समितिले २०६५।६६ मा रु.१ करोड ८१ लाख ८५ हजार आम्दानी गरेकोमा २०६६।६७ मा रु.१ करोड ५५ लाख ३३ हजार र यस वर्ष ठेक्का नलागेको कारण कर्मचारीमार्फत कर सङ्कलन गरेकोमा जम्मा रु.६१ लाख २९ हजार मात्र आम्दानी गरेको छ । बर्दिया जिल्ला विकास समितिको २०६५।६६ मा रु.३५ लाख ५५ हजार आन्तरिक आय रहेकोमा २०६६।६७ मा वृद्धि भई रु.५५ लाख ८८ हजार पुगेकोमा २०६७।६८ मा घटेर रु.४५ लाख ६० हजारमा सीमित भएको पाइयो । डडेल्धुरा

जिल्ला विकास समितिले २०६५।६६ मा रु.८ लाख ३३ हजार, २०६६।६७ मा रु.२३ लाख १६ हजार र २०६७।६८ मा रु.२० लाख ४१ हजार आन्तरिक आय सङ्कलन गरेको पाइयो ।

६०.२ धनुषा जिल्लाअन्तर्गतका धनुषा गोविन्दपुर, रघुनाथपुर, बरमझिया र भरतपुर गाउँ विकास समितिले विगत ३ वर्षमा मालपोत र सिफारिस दस्तुरबाहेक अन्य आम्दानी गरेको देखिएन । भरतपुरले आन्तरिक स्रोतबाट २०६५।६६ मा रु.५४ हजार, २०६६।६७ मा रु.३० हजार र २०६७।६८ मा रु.१३ हजार आम्दानी गरेको छ । बरमझियाले सिफारिस दस्तुरको मात्र आम्दानी गरेको छ । आन्तरिक स्रोतबाट देवपूरा रुपैठाले २०६६।६७ मा रु.४ लाख ८ हजार फुलगामाले रु.९ लाख १३ हजार यज्ञभूमिले रु.१ लाख ३७ हजार र ढल्केवरले रु.३ लाख ४२ हजार आम्दानी गरेकोमा २०६७।६८ मा क्रमशः रु.२ लाख ४ हजार, रु.३ लाख ५६ हजार, रु.१ लाख २८ हजार र रु.४ लाख ८३ हजार आम्दानी गरेको पाइयो ।

६०.३ रुपन्देही जिल्लाअन्तर्गत आमा गाउँ विकास समितिले २०६७।६८ मा हाटबजार पसल कर, व्यवसाय कर रु.५०।५० हजार र बहाल कर रु.२० हजार आय हुने अनुमान गरेकोमा असुली शून्य रहेको छ । पोखरी ठेक्काबाट रु.३ लाख आम्दानी हुने अनुमान गरेकोमा रु.३६ हजार (१२ प्रतिशत) मात्र आम्दानी गरेको छ । बोदबार गाउँ विकास समितिले २०६७।६८ मा मालपोत, व्यावसाय कर र सिफारिस दस्तुरबाट मात्र आम्दानी गरेको छ । त्यसैगरी संकौनपकडी गाउँ विकास समितिले बहालकर रु.१२८ (अनुमानको ०.८५ प्रतिशत), घरधुरी कर र मालपोत कर अनुमानको क्रमशः ६.३३ र ६१.९९ प्रतिशत आम्दानी गरेको पाइयो । घरजग्गा कर हाटबजार पसल कर, सवारीसाधन कर, मनोरञ्जन कर, बहाल कर, प्राकृतिक स्रोत उपयोग कर जस्ता क्षेत्रबाट आम्दानी बढाउनु पर्ने देखिन्छ ।

६०.४ डडेलधुरा जिल्लाका ९ गाउँ विकास समितिले विभिन्न स्रोतबाट उठ्ने राजस्व सङ्कलनको पूर्वानुमान गरेको देखिएन । परम्परागत रुपमा उठ्ने गरेको राजस्व पनि न्यून रुपमा रहको देखियो । २०६५।६६ र २०६६।६७ मा उठेको राजस्वको अभिलेख राखेको पाइएन । बेलापुर, भद्रपुर, भागेश्वर र शीर्ष गाउँ विकास समितिहरुको राजस्व २०६५।६६ को तुलनामा २०६७।६८ मा वृद्धि भए तापनि गणेशपुर र आलिताल गाउँ विकास समितिहरुको राजस्व क्रमशः ३३.४३ र ६३.५९ प्रतिशतले घटेको पाइयो ।

६१ **सामाजिक परीक्षण** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१(१) बमोजिम स्थानीय निकाय (गाउँ विकास समिति/नगरपालिका/जिल्ला विकास समिति) ले एक आर्थिक वर्षभित्र सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र सामाजिक परीक्षण गराउनुपर्दछ । रुपन्देही, झापा, बर्दिया र धनुषा अन्तर्गतका गाउँ विकास समितिले नियमावलीले तोकेबमोजिम सामाजिक लेखापरीक्षण गराउने नगरेको स्थलगत अध्ययनबाट देखिन आयो । सामाजिक परीक्षण नगराउँदा कारोबार पारदर्शी नहुने र अनियमितता समेत हुन सक्ने भएकोले नियममा व्यवस्था भएबमोजिम सामाजिक लेखापरीक्षण गराउनुपर्दछ ।

६२ **सम्पत्तिको संरक्षण र उपयोग**–गाउँ विकास समितिले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८ (ट) (९) तथा ३२(छ) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१३ बमोजिम चल अचल (जग्गा, जमिन भवन तथा सार्वजनिक सम्पत्ति आदि) तथा जिन्सी सम्पत्तिको लगत राख्ने तथा संरक्षण उपयोगको व्यवस्था मिलाउनु पर्दछ । छनौटमा परेका गाउँ विकास समितिमा अध्ययन गर्दा गाउँ विकास समितिले आफूले खरिद गरेको स्थायी जिन्सी सामान जस्तै फर्निचर, मेशिनरी औजारको जिन्सी खातामा अभिलेख राख्ने गरेको भए तापनि भवन, गाउँ विकास समितिभित्र रहेका सार्वजनिक जग्गा, सामुदायिक भवन आदिको लगत राख्ने गरेको पाइएन । सार्वजवनिक जग्गा भवन आदिको लगत राखी अनुगमन नगर्दा अतिक्रमण हुने र गाउँ विकास समितिको स्वीकृतिबेगर अन्य निकायले प्रयोग गर्ने गरेको देखियो ।

गाउँ विकास समितिको क्षेत्रभित्र रहेका सबै सार्वजनिक जग्गा, भवन लगायतका अचल सम्पत्तिको संरक्षण गर्ने गराउने जिम्मेवारी गाउँ विकास समितिको भएकोले सबै सम्पत्तिको अभिलेख राखी संरक्षण तथा उपयोग गर्नु पर्दछ ।

६३ **अनुगमन –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१० तथा नियमावली, २०५६ को नियम २०२ अनुसार जिल्लास्तरीय आयोजना तथा कार्यक्रमको नियमित सुपरिवेक्षण अनुगमन गर्न जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ को दफा २८ मा उल्लेख भएबमोजिम एक सुपरिवेक्षण अनुगमन उपसमिति गठन गरिने उल्लख छ ।

झापा जिल्ला विकास समितिले सुपरिवेक्षण टोली गठन गरी इलाका स्तरमा केहि योजना छनौट गरी अनुगमन गरेको पाइयो । धनुषा जिल्ला विकास समितिले अनुगमन सुपरिवेक्षण उपसमिति गठन गरेको देखिए तापनि नियमित बैठक र आयोजना तथा कार्यक्रमहरुको नियमित सुपरिवेक्षण र अनुमगन गरेको छैन । रुपन्देही जिल्ला विकास समितिमा जिल्ला विकास समितिका कर्मचारीहरुबाट योजना अनुगमन गरेको पाइयो । योजना अनुगमन गर्दा नियमावलीले तोकेबमोजिम कार्यतालिका अनुसार काम गरे नगरेको, प्राविधिकले नियमित सुपरिवेक्षण गरे नगरेको, गुणस्तर अनुसार काम गरे नगरेको, उपभोक्ताले बिल भरपाई र हिसाब किताब राखे नराखेको आदि सुपरिवेक्षण गरेको पाइएन । बर्दिया जिल्ला विकास समिति बर्दियामा अनुगमन सुपरिवेक्षण उपसमिति गठन गरी अनुगमन तथा सुपरिवेक्षण भएको भनिए तापनि नियमित बैठक बसेको अभिलेख छैन । यसै गरी जिल्ला विकास समितिबाट कार्यान्वयन भएका २९५ योजनामध्ये २५२ सम्पन्न भएका, सम्पन्नमध्ये १९५ योजनाको अनुगमन तथा सुपरिवेक्षण भएको विवरण प्राप्त भए तापनि प्रतिवेदन प्राप्त भएन । डडेल्धुराका जिल्लास्तरीय आयोजना तथा कार्यक्रमको नियमित सुपरिवेक्षण अनुगमन गर्न सर्वदलिय उपसमिति गठन गरी तोकिएका योजनाहरुको मात्र अनुगमन गर्ने गरेको पाइयो । समितिले प्रतिवेदन दिने नगरेको र नियमित रुपमा बैठकसमेत बस्ने गरेको देखिएन ।

जिल्ला विकास समितिले उपभोक्तालाई हस्तान्तरण गरेका योजनाको कार्यान्वयन स्थिति, गाउँ विकास समिति, संघ संस्था तथा निक्षेपित कार्यालयलाई दिएको अख्तियारी अनुसार सम्पादित कामको नियमित अनुगमन गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

सूचना प्रविधि लेखापरीक्षण

जिल्ला विकास समितिको कार्यालय, धादिङ र दोलखा

जिल्ला विकास समिति वित्तीय तथा व्यवस्थापन प्याकेज विकेन्द्रित स्थानीय स्वायत शासन कार्यक्रम (डि.एल. जी.एस.पी) बाट २०६१।६२ मा निर्माण गरी स्थानीय विकास मन्त्रालय मातहत कार्यान्वयन भएको छ । यो सफ्टवेयर ओराकल डाटावेश प्रणालीमा निर्माण गरेको छ । सबै वित्तीय, लेखा र प्रतिवेदन प्रणाली देवनागरी लिपिमा तयार गरेको छ । हाल यो सफ्टवेयर ६७ जिल्ला विकास समितिमा लागू भएको छ ।

सफ्टवेयरको पर्याप्तता, नियन्त्रण पद्धति, उपलब्ध हुने सूचनाको विश्वसनीयता, सुरक्षा तथा क्षमता जस्ता पक्षको मूल्याङ्कन गर्नु सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेको थियो । सफ्टवेयरको सञ्चालन, व्यवस्थापन, सुरक्षा तथा उपयोगका विषयलाई लेखापरीक्षणमा समावेश गरिएको छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय धादिङ र दोलखाको सूचना प्रविधि लेखापरीक्षण गरिएकोमा देखिएका व्यहोरा देहायअनुसार छन्:

६४ **सूचना प्रविधि योजना –** सूचना प्रविधि सञ्चालन र उपयोगको निमित्त संगठनले सूचना प्रविधिको रणनैतिक योजना तथा व्यवसायिक योजना बनाएको हुनुपर्दछ । जसमा कर्मचारीको भूमिका, जिम्मेवारी र उत्तरदायित्व स्पष्ट तोकिएको र उच्च व्यवस्थापन तथा माथिल्लो निकायसम्म प्रतिवेदन प्रणाली सूनिश्चित गरिएको हुनुपर्दछ । तथ्याङ्क व्यवस्थापन, मानव श्रोत व्यवस्थापन र सूचना प्रविधिको उपयोग सम्बन्धमा रणनैतिक योजना तथा व्यवसायिक योजना तयार गरेको देखिएन । सूचना प्रविधिलाई व्यवस्थित रुपमा कार्यान्वयनका लागि रणनैतिक योजना तयार गरी कार्यान्वयन गरिनुपर्दछ ।

६५ **कर्नेक्टिभिटी –** सफ्टवेयरको व्यवस्थित सञ्चालनको निमित्त वेभमा आधारित वा क्लाइन्टवेस सर्भर सिस्टमको व्यवस्था हुनु जरुरी छ । तथ्याङ्क सम्बन्धित मन्त्रालयको सर्भरमा जाने र व्याकअप हुनेसम्मको व्यवस्था गरिनु उपयुक्त हुन्छ । सफ्टवेयर सञ्चालन गर्ने निकाय र सर्भर रहने मन्त्रालयबीच उच्च

व्याण्डविड्थ र भरभर्दो इन्टरनेट सेवाको आवश्यकता पर्दछ । जिल्ला विकास समिति र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबीचमा कुनै पनि किसिमको तथ्याङ्क सञ्चालन व्यवस्थापन गर्ने संयन्त्र देखिएन । जिल्ला विकास समितिहरुले सिडी र पेनड्राइभ जस्ता उपकरणबाट तथ्याङ्क स्थानान्तरण गरेको देखियो । तथ्याङ्कको स्थानान्तरण, सुरक्षा, व्यवस्थापन र सफ्टवेयर सञ्चालनको निमित्त उच्च व्याण्डविथको कनेक्टीभिटी र भरपर्दो इन्टरनेट सेवा हुनुपर्दछ ।

६६ **सुरक्षा व्यवस्था –** तथ्याङ्क अभिलेख गर्ने, स्थानान्तरण गर्ने, प्रयोग गर्ने र भण्डारणको उपयुक्त व्यवस्था मिलाइएको हुनुपर्दछ । यसको निमित्त तथ्याङ्क चोरी, विथोल्ने (ह्याकिङ्ग), तोडमोड गर्ने र आगजनी जस्ता क्रियाकलापबाट तथ्याङ्कको सुरक्षा गर्न सुरक्षा नीति तयार गरी लागू गरिएको हुनुपर्दछ । जिल्ला विकास समितिहरुले पासवर्ड सुरक्षा नीतिको व्यवस्थापन गरेको देखिएन । सुरक्षा नीतिको व्यवस्थापन, तथ्याङ्क विथोल्ने (ह्याकिङ्ग), चोरी, आगजनी जस्तो अवस्थाबाट बचाउन सुरक्षा नीति तर्जुमा गरिनु आवश्यक रहेको छ ।

६७ **सफ्टवेयरको पर्याप्तता –** जिल्ला विकास समितिहरुले सबै वित्तीय तथा अन्य आवश्यक तथ्याङ्कहरु सफ्वेयरमा आवद्ध गरी तथ्याङ्कको उपलब्धता सहज तथा सरल रुपमा हुनुपर्दछ । जिल्ला विकास समतिहरुले सञ्चालन गर्ने स्थानीय निकाय कोष, उर्जा विकास कोष, जिल्ला प्राविधिक कार्यालयको कारोबार, आन्तरिक आय, धरौटी कारोबार, माथिल्लो निकायबाट प्राप्त हुने अन्य आय, कर कट्टी, मूल्य अभिवृद्धि कर आदि कारोबार सफ्टवेयरमा आवद्ध गरेको छैन । अत: तथ्याङ्कको पर्याप्तता, पूर्णता र नियमितता वित्तीय विवरणले दिन नसकेको कारण सफ्टवेयरको पूर्ण सञ्चालन नभएको अवस्थातर्फ ध्यान जानुपर्ने देखिन्छ ।

६८ **सफ्टवेयरको पूर्णता –** सफ्टवेयरमा वित्तीय विवरणको मुख्य आधार सहायक खाताहरु हुने भएको हुँदा सबै पेश्की र पेश्की फछ्यौंट सहायक खातामा प्रविष्टि हुन आवश्यक हुन्छ । सफ्टवेयरले पेश्की खाता, नयाँ बजेट उपशीर्षक र खर्च शीर्षक नलिएको कारणबाट प्राप्त हुने नतिजामा भरपर्न सकिने स्थिति देखिएन ।

यसरी नै आर्थिक कारोबारमा भइरहेका परिवर्तनहरुलाई दृष्टिगत गरी त्यस्ता परिवर्तित कारोबारहरुलाई समेट्ने गरी सफ्टवेयर स्तरोन्नति गर्न जरुरी हन्छ । लेखापरीक्षणको क्रममा वित्तीय विवरणको मुख्य लेजरखातालाई सहायक खाताहरुले सहयोग गरेको देखिएन । यसरी नै परिवर्तित बजेट शीर्षकहरु एवं खर्च शीर्षकहरु सफ्टवेयरमा समावेश छैनन् । यसबाट तयार हुने वित्तीय विवरणहरुमा विश्वसनीयता नहुने भएकोले सबै कारोबार समेट्ने गरी सफ्टवेयरको स्तरोन्नति हुनुपर्दछ ।

६९ **सूचना प्रविधि पूर्वाधार –** सफ्टवेयर सञ्चालनको लागि कम्प्युटर, प्रिन्टर, फ्याक्स, टेलिफोन, इन्टरनेट, फोटोकपी, पावर जेनेरेटर, डाटावेस सर्भर, नेटवर्किङ्ग जस्ता सूचना प्रविधिसम्बन्धी पूर्वाधारको आवश्यकता पर्दछ । यस्ता पूर्वाधारको उच्चतम उपयोगको लागि सूचना प्रविधिसँग सम्बन्धित जनशक्तिको आवश्यकता हुन्छ । लेखापरीक्षणबाट डाटावेसको लागि स्थानीय सर्भर, आन्तरिक र बाह्य नेटवर्किङ्ग व्यवस्था गरेको देखिएन । सफ्टवेयर र सूचना प्रविधि स्रोतहरुको दिगो उपयोग गर्न सूचना प्रविधि पूर्वाधार, नीति, नर्म्स र स्ट्याण्डर्स तयार गर्नुपर्दछ ।

७० **तालिम र क्षमता विकास –** सूचना प्रविधिसम्बन्धी जनशक्ति तालिम प्राप्त हुनुपर्ने र सफ्टवेयरको पूर्ण ज्ञान भएको हुनुपर्दछ । जनशक्तिको क्षमता अभिवृद्धि अन्तर्गत सघन तालिम आवश्यक हुन्छ । डीडीसीएफएएमपी सफ्टवेयर सञ्चालन गर्न मन्त्रालयले छोटो अवधिको तालिम सञ्चालन गरे तापनि सफ्टवेयरमा काम गर्ने जनशक्तिलाई नियमित रुपमा सूचना प्रविधिसम्बन्धी तालिम दिनुपर्दछ ।

७१ **नियन्त्रण प्रणाली –** जिल्ला विकास समितिहरुले प्रयोगमा ल्याएको आर्थिक कारोबार सञ्चालन सफ्टवेयरबाट प्राप्त हुने विवरणको शुद्धता, स्पष्टता, पूर्णता र निरन्तरता सफ्टवेयरको पहुँचको नियन्त्रण उपर भरपर्ने हुँदा पहुँच नियन्त्रण सुरक्षित हुनु आवश्यक हुन्छ । लेखापरीक्षणमा सफ्टवेयर एवं पासवर्ड व्यवस्था सफ्टवेयर प्रयोगकर्ताहरुको पहुँचमा रहेको देखियो । तथ्याङ्क प्रविष्ट गरिसकेपछि त्यसलाई संशोधन गर्ने, सच्याउने र मेट्ने प्रक्रिया र विधि रहेको देखिएन । जसलाई नियन्त्रण वा सुधार गर्न नसकिएमा तथ्याङ्कको शुद्धता,

स्पष्टता र यथार्थता आउन नसक्ने हुँदा यसमा सुधार हुनपर्ने देखियो । कार्यालयसँग पहुँच नियन्त्रण नीति, सफ्टवेयर प्रयोगकर्ताको दर्ता र खारेजी गर्ने कार्यविधि, निकाय तथा कार्यालयले समय समयमा प्रयोगकर्ताको पुनरावलोकन, पासवर्डको न्यूनतम अङ्क र अक्षर तोक्ने, पासवर्ड निर्माणमा विशेष तरिका अवलम्बन गर्ने आदि व्यवस्था नगरिएको साथै पासवर्ड परिवर्तनको समयावधि समेत तोकेको देखिएन । यी कार्यको उचित व्यवस्था गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७२ **तथ्याङ्क व्याकअप प्रणाली** – आर्थिक कारोबारको शुद्धता, स्पष्टता र सुरक्षाका लागि कारोबारको दैनिक समापन गर्ने परिपाटीलाई प्रचलनमा ल्याउनुपर्दछ । सफ्टवेयरमा दैनिक प्रविष्ट गरेका तथ्याङ्कहरुको भरपर्दो सुरक्षाका लागि छुट्टै तथ्याङ्क भण्डारण गर्ने प्रणालीको आवश्यकता पर्दछ । लेखापरीक्षणको क्रममा अवलोकन गर्दा आर्थिक कारोबारको दैनिक समापन गर्ने कार्य भए गरेको देखिएन । सफ्टवेयरमा दैनिक प्रविष्ट गरेका तथ्याङ्कहरुको भरपर्दो सुरक्षाका लागि छुट्टै तथ्याङ्क भण्डारण गर्ने प्रणाली रहेको पनि देखिएन । अत: कारोबारको दैनिक समापन गर्ने कार्यलाई प्रयोगमा ल्याउने र तथ्याङ्क भण्डारणको छुट्टै व्यवस्था गर्नुपर्ने देखिन्छ ।

७३ **हार्डवेयर –** सफ्टवेयर सञ्चालनको मुख्य आधार हार्डवेयर भएकोले कार्यालयमा हार्डवेयर व्यवस्थापन आवश्यक हुन्छ । प्रविधि परिवर्तनसँगै हार्डवेयर स्तरोन्नति गर्ने संगठनात्मक नीति, संगठनमा सूचना प्रविधि सम्बन्धी आवश्यक उपकरणहरु र त्यसको उचित व्यवस्थापन गर्ने कार्यमा जिम्मेवारी तोकेको देखिएन । हार्डवेयरको व्यवस्थापनमा ध्यान पुऱ्याउनुपर्ने देखियो ।

७४ **सफ्टवेयर व्यवस्था** – कार्यालयले प्रयोगमा ल्याएको सफ्टवेयरको लाइसेन्स कार्यालयमा नरहेको, सफ्टवेयरको सोर्सकोर्ड कार्यालयमा उपलब्ध नभएको, सफ्टवेयरको सञ्चालन मार्गदर्शनमा संकटकालमा परिवर्तन गर्ने विधि उल्लेख नगरेको र सफ्टवेयर प्रयोगकर्ताहरुबाट फिडव्याक लिने व्यवस्था सफ्टवेयरमा रहेको देखिएन । यो स्थितिमा सुधार हुन जरुरी रहेको देखियो ।

७५ **सफ्टवेयरको उपयोग** – सफ्टवेयर पूर्णरुपमा सञ्चालन हुनुपर्नेमा अवलोकन गर्दा मुख्य ३ मोडुअलमध्ये दैनिक कार्यमा प्रयोग हुने ४ सव मोडुअल प्रयोगमा आएको देखियो । प्रयोगमा नआएका सफ्टवेयरका सव मोडुलहरुमा बेरुजू, नगदी कारोबार, निकासा तथा रकम ट्रान्सफर आदेश रहेका छन् । यसरी नै लेखा प्रतिवेदन मेनुमा रहेका १७ मोडुअलमध्ये प्रयोगमा नआएका राजस्व प्रतिवेदन, आम्दानी खर्चको तुलनात्मक विवरण, तलबी भरपाई, नगदी प्रतिवेदन, बेरुजू प्रतिवेदन रहेका छन् । ती मेनुहरु सञ्चालनमा ल्याउन जरुरी छ ।

- **बेरुजू स्थिति –** यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:
  - सरकारी कार्यालयतर्फ २१५ निकायमा यो वर्ष रु.३ अर्ब ७९ करोड ३१ लाख ५९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२५ करोड १९ लाख ४८ हजार फछ्यौंट गरेकोले रु.३ अर्ब ५४ करोड १२ लाख ११ हजार बाँकी रहेको छ । सोमध्ये रु.२ अर्ब ६९ करोड ६ लाख २५ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था/अन्य संस्था, समितितर्फ १४८ निकायमा रु.१ अर्ब ५६ करोड ७३ लाख ३९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ करोड ३ लाख ६३ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ४८ करोड ६९ लाख ७६ हजार बाँकी रहेको छ । सोमध्ये रु.३४ करोड ५१ लाख ८२ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

सहकारी तथा गरिबी निवारण मन्त्रालय

मन्त्रालय र मातहतसमेत ५२ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.४३ करोड ८८ लाख ८३ हजार, राजस्वतर्फ रु.४३ लाख २० हजार, धरौटीतर्फ रु.५० लाख ८५ हजार र अन्य कारोबारतर्फ रु.९ लाख ९१ हजारसमेत रु.४४ करोड ९२ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

मन्त्रालयमातहतका अन्य संस्था १ को रु.२५ करोड ५७ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायअनुसार छन्:

सरकारी कार्यालयतर्फ

सहकारी विभाग

१. **दर्ता तथा कारबाही –** सहकारी ऐन २०४८ को दफा ४१ (३) बमोजिम कुनै संस्था वा संघ लगातार २ वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय अवस्थामा रहेको पाइएमा रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारीले त्यस्ता निष्क्रिय संस्था वा संघलाई खारेज गर्न सक्ने व्यवस्था छ । दर्ता भएका २६ हजार ५०० सहकारी संस्थामध्ये यो वर्ष २ हजार सहकारी संघसंस्था सञ्चालनमा नआई निष्क्रिय रहेका छन् ।

सहकारी ऐन २०४८ ले प्रत्येक संस्था वा संघले प्रत्येक वर्ष भएको कारोबारको बार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको साथै तोकिएको विवरण आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नुपर्ने र विवरण पेश नगर्ने प्रत्येक संघसंस्थाबाट एक हजार पाँच सय रुपैयाँसम्म जरिबाना असुल गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्थाबमोजिमको विवरण पेश नगर्ने ३ हजार २०० सहकारी संस्थालाई जरिबाना गरी रु.३९ लाख असुल गरेको छ । त्यसैगरी दर्ता भएकामध्ये २ हजार सहकारी संस्थाले लेखापरीक्षण प्रतिवेदन पेश गरेका छैनन् । तोकिएको समयमा विवरण पेश नगर्ने, लेखापरीक्षण नगराउने तथा सहकारीको उद्देश्य र अवधारणअनुरुप सञ्चालन नगरी निष्क्रिय रहेका संस्थाहरुको सम्बन्धमा सहकारी विभागबाट अनुगमन गरी आवश्यक कारबाही गर्नपर्ने देखिन्छ । बजेट र जनशक्तिको व्यवस्थापन गर्दै यसमा सुधार गर्ने प्रतिक्रिया विभागले दिएको छ ।

संगठित संस्थातर्फ

राष्ट्रिय सहकारी विकास बोर्ड

बोर्डको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२. **सञ्चालन नतिजा** – गत वर्षसम्म रु.३ करोड ६५ लाख ५३ हजार सञ्चित नाफा रहेकोमा यो वर्ष रु.५० लाख २ हजार थप भई सञ्चित नाफा रु.४ करोड १५ लाख ५५ हजार पुगेको छ । सहकारी प्रवर्द्धन कार्यक्रमअनुसार लगानी गरी असुली नभएको पुरानो कर्जाको अपलेखन, कर्जा नोक्सानी व्यवस्था र उपदान खर्च व्यवस्थाबापतको रकम समायोजन गर्दा खुद नाफा घट्ने देखिन्छ ।

३. **कर्जा** – बोर्डले विभिन्न मितिमा सहकारी प्रवर्द्धन कार्यक्रमअनुसार ११ सहकारी संस्थालाई रु.३३ लाख ५१ हजार कर्जा लगानी गरेकोमा साँवा ब्याजबापतको रकम असुल गरेको पाइएन । त्यस्ता सहकारी संस्थाको कर्जा सुरक्षण गरेको पनि छैन । कर्जा प्रवाह गरेको रु.३३ लाख ५१ हजारमा ब्याज तथा हर्जानाबापतको रु.३३ लाख ८२ हजार समावेश गर्दा हुने रु.६७ लाख ३३ हजार असुल वा अपलेखन गर्नुपर्नेमा गरेको छैन ।

४. **शेयर बाँडफाँड** – बोर्ड र भरतपुर नगरपालिकाबीच बसपार्क सञ्चालनसम्बन्धी सम्झौताअनुसार बोर्डले भरतपुर नगरपालिकालाई जग्गा उपलब्ध गराउने र नगरपालिकाले बसपार्क निर्माण कार्य सम्पन्न भई सकेपछि कम्पनी ऐनअनुसार नयाँ कम्पनी गठन गरी दुबैतर्फको हक अधिकार सुनिश्चित हुने गरी शेयर बाँडफाँड गरेर सञ्चालन गर्ने व्यवस्था छ । सम्झौताअनुसार बसपार्क समयमै निर्माण भई भाडामा लगाई सकेको अवस्था भएपनि बोर्डले आफ्नो हिस्साबापतको शेयर प्राप्त गर्नेतर्फ कारबाही अघि बढाएको छैन ।

५. **ऋण लगानी** – गतवर्षको ऋण लगानी रु.५ करोड ५३ लाख ३८ हजार रहेकोमा यो वर्ष रु.२० लाख ४२ हजार (३.६९ प्रतिशत) ले बृद्धि भई वर्षान्तमा रु.५ करोड ७३ लाख ८० हजार पुगेको छ । सो कर्जा लगानीबापत जोखिम व्यवस्था गरेको देखिएन । उपलब्ध गराएका कर्जाहरुमा साँवा तथा ब्याज भुक्तानीको लागि ग्रेस अवधि प्रदान गरिने भएकाले बोर्डबाट ग्रेस अवधिको ब्याज गणना गरी आम्दानी लेखाङ्कन गर्नुपर्दछ ।

६. **भवन भाडा** – बोर्ड र साझा भण्डारबीच २०५९।६।४ मा भोटाहिटीस्थित ४ तले व्यापारिक भवन २५ वर्षको लागि भाडामा दिने सम्झौताअनुसार सम्झौता अवधिको ५ वर्ष पश्चात् सुरु सम्झौता रु.२६ लाखमा वार्षिक २.५ प्रतिशतका दरले वृद्धि गर्ने व्यवस्था रहेको छ । सो क्षेत्रको प्रचलित भाडादर अध्ययन गर्दा भवनको भाडा रकम रु.२६ लाख र सोको वृद्धि प्रतिशत अत्यन्त न्यून रहेको छ । भाडामा रहेको भवनको पसल तथा तलाको क्षेत्रफल (वर्गफिट) सम्बन्धमा कुनै पनि आधिकारिक विवरण वोर्ड कार्यालयसँग रहेको छैन । बोर्डले प्रचलित कानूनका आधारमा भाडा निर्देशिकासमेत तयार गरी भाडा रकम र सम्झौता पुनरावलोकन गर्नुपर्ने देखियो ।

७. **प्रयोगविहीन जग्गा** – बोर्डको घरजग्गामध्ये ललितपुर उपमहानगरपालिकाको १५ रोपनी, पोखरा उपमहानगरपालिकाको १ रोपनी, भरतपुर नगरपालिकाको २ बिगाहा, बाँकेको २ कठ्ठा १७ धुर र सुर्खेतको १ कठ्ठा १७ धुर जग्गा प्रयोगविहीन अवस्थामा रहेको पाइयो ।

बोर्डको २०६७।६८ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

८. **गौशाला सञ्चालन**– राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को दफा ६ मा मूलत: सहकारीको प्रवर्धन र विकास गर्न बोर्ड स्थापना गरिएको कुरा उल्लेख छ । गृह मन्त्रालयबाट सञ्चालित निगौल गाई गौशालाको स्वामित्व तत्कालीन कृषि तथा सहकारी मन्त्रालयलाई हस्तान्तरण गरी सञ्चालन तथा व्यवस्थापन गर्ने कार्य बोर्डलाई दिने २०६७।२।१८ मा निर्णय भएको छ । उक्त निर्णय बोर्डको उद्देश्यअनुरुप देखिएन । गौशालामा बाच्छाबाच्छीसहित ९२ भन्दा बढी गाई रहे तापनि बोर्डले दूध बिक्रीबापतको आम्दानी देखाएको छैन ।

९. **खर्चको लेखाङ्कन** – यस वर्ष भौतिक पूर्वाधार कार्यक्रम खर्च रु.४५ लाख देखाएकोमा एक निर्माण व्यवसायीलाई रु.३८ लाख ७० हजारलाई खर्च लेखी भुक्तानी दिन बाँकीमा देखाएको छ । नेपाल लेखामान अनुसार निर्माण कार्यको मूल्य अभिवृद्धि कर बिल तथा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछिमात्र खर्च लेख्नुपर्नेमा बोलपत्र स्वीकृतिको प्रक्रियाको आधारमा बोर्डले खर्च प्रविष्टि गरेकोले नेपाल लेखामान र सिद्धान्त विपरीत देखिएको छ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतका समेत ४९ कार्यालयमा रु.६२ लाख १२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ५० हजार फछ्यौंट गरेकोले रु.६० लाख ६२ हजार बाँकी रहेको छ । सोमध्ये रु.५७ लाख ६२ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

शहरी विकास मन्त्रालय

मन्त्रालय र मातहतसमेत ११७ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.१० अर्ब ३४ करोड ७३ लाख ५१ हजार, राजस्वतर्फ रु.८ करोड ७७ लाख ६० हजार र धरौटीतर्फ रु.७६ करोड ८२ लाख ६ हजार र अन्य कारोबारतर्फ रु.६२ करोड ६ लाख ५० हजारसमेत रु.११ अर्ब ८२ करोड ३९ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । यो रकममा अन्य ८ मन्त्रालय र एक संवैधानिक निकायसमेतको रु.३ अर्ब २१ करोड १८ लाख ५२ हजारसमेत समावेश छ ।

मन्त्रालयमातहतका सार्वजनिक संस्थान, अन्य संस्था, समिति ५१ को रु.२२ अर्ब ६६ करोड ६१ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

शहरी विकास तथा भवन निर्माण विभाग

१. **परामर्श सेवा खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँग भएको सम्झौताबमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा मात्र सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था छ । परामर्श सेवा खरिद सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

१.१ विभागले परम्परागत भवनहरुको विपद् जोखिमसम्बन्धी स्ट्रक्चरल डिजाइन अध्ययन, नगरपालिका र नगर विकास समितिहरुको विस्तृत योजना तथा भौतिक विकास योजनाको तयारी, नेपालका साना शहरहरुको प्रोफाइल तथा सूची तयारी, नगरपालिकाहरुको शहरी नक्साङ्कन तथा गुरुयोजना तयार गर्ने लगायतका क्षेत्रमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्यको परामर्श सेवासम्बन्धी विगत ३ वर्षको स्थिति निम्नानुसार छ:

आर्थिक वर्ष	परामर्शको विषय संख्या	खर्च (रु.हजारमा)
२०६६/६७	१०८	२,३०,५७
२०६७/६८	८५	४,१३,२१
२०६८/६९	५१	२,९४,१८

विभाग र अन्तर्गतका कार्यालयहरुमा ३२२ प्राविधिक कर्मचारी कार्यरत रहेको अवस्थामा ती जनशक्तिबाट गराउनुपर्ने कार्य वाह्य परामर्शदाताबाट गराउनु परेको सम्बन्धमा पर्याप्त विश्लेषण नगरी परामर्श सेवा खरिद गरेको पाइयो । यससम्बन्धी व्यहोरा गत विगतदेखि औंल्याउँदै आएकोमा तदनुरुप बाह्य परामर्शदाताबाट कार्य गराउनुपर्नाको कारणका सम्बन्धमा विभागले जवाफ दिएको छैन ।

• शहरी विकास विभाग र अन्तर्गतका कार्यालयहरुमा ३२२ प्राविधिक जनशक्ति रहेको अवस्थामा उपलब्ध जनशक्तिबाट कार्य हुन नसक्ने मनासिब कारण बेगर विगत वर्षहरु झैं यो वर्षपनि ५१ वाह्य परामर्शदाताबाट डिजाइन तथा योजना तयार गर्ने लगायतका कार्य गरी रु.२ करोड ९४ लाख १८ हजार खर्च गरेको छ ।

• शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय ६ ले भेरिएशन आदेश स्वीकृत नगराई रु.२ करोड ५३ लाख १४ हजारको थप कार्य गराएका छन् ।

• शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय ७ ले यो वर्ष भवन निर्माण कार्य गराउँदा रु.४८ लाख ४५ हजार बढी भुक्तानी गरेका छन् ।

१.२ विभागले प्रत्येक वर्ष विभिन्न विषय र क्षेत्रमा परामर्श सेवासम्बन्धी कार्य गराई खर्च लेख्दै आएकोमा अध्ययन गराएको वर्ष, क्षेत्र र परामर्शदातागत अभिलेख राखेको छैन । वर्षेनी ठूलो रकम खर्च गरी

तयार गरिएका ती प्रतिवेदनको अद्यावधिक अभिलेख नराखेको कारण एउटै विषय र क्षेत्रमा दोहोरो अध्ययन हुनसक्ने अवस्था छ । साथै गत विगतमा परामर्श सेवामार्फत गराएका अध्ययनको कार्यान्वयन स्थितिको विवरणसमेत परीक्षणको लागि माग गरिएकोमा प्राप्त नभएकोले खर्चको उपलब्धी स्थिति यकिन गर्नसकिने अवस्था छैन । यससम्बन्धी व्यहोरा विगतका प्रतिवेदनमा औँल्याइए तापनि स्थिति यथावत छ । अत: परामर्शदाताबाट प्राप्त प्रतिवेदनहरुको अभिलेख राखी कार्यान्वयनमा ल्याउने सम्बन्धमा विभागको ध्यान जानु जरुरी देखिएको छ ।

डिभिजन कार्यालयहरु

२. **बढी भुक्तानी –** ठेक्काबाट कार्य गराउँदा सम्झौतामा उल्लेख भएअनुसारको कामको परिमाण र स्वीकृत दरअनुसार गरेको कामको नापी गरी नापी किताबअनुसार भुक्तानी गर्नुपर्दछ । देहायका डिभिजन कार्यालयहरुले भवन निर्माण कार्यको खर्च लेख्दा निम्नानुसार रु.४८ लाख ४५ हजार बढी भुक्तानी गरेका छन्:

डिभिजन कार्यालय	भवन निर्माण कार्य	बढी भुक्तानीको कारण	बढी भुक्तानी रकम (रु.हजारमा)
चितवन	विभिन्न स्वास्थ्य चौकी भवन	नापी किताबभन्दा बढी परिमाण भुक्तानी	१६,३३
सप्तरी	जिल्ला अस्पताल, स्वास्थ्य चौकी, यातायात व्यवस्था कार्यालय, लाहान	दोहोरो भुक्तानी	१२,९६
धनुषा	विभिन्न स्वास्थ्य चौकी भवन	नापी किताबभन्दा बढी परिमाण भुक्तानी	६,७६
गोरखा	डिभिजन कार्यालय जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, वन कार्यालय र स्वास्थ्य चौकी भवन	नापी किताबभन्दा बढी तथा छुट कट्टा नगरेको	६,१३
बारलुङ्ग	जिल्ला स्वास्थ्य कार्यालय अञ्चल अस्पताल र स्वास्थ्य चौकी भवन	नापी परिमाणभन्दा बढी भुक्तानी	२,५१
बाँके	परिवार क्वार्टर	छुट कट्टा नगरी भुक्तानी	२,२१
इलाम	प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण	नापी किताबभन्दा बढी परिमाण भुक्तानी	१,५५

बढी भुक्तानी भएको रकम कारबाही गरी असुल हुनुपर्दछ ।

३. **उपभोक्ता समिति** – डिभिजन कार्यालयहरुले उपभोक्ता समितिमार्फत गराइएका केही निर्माण कार्यको स्थिति निम्न अनुसार छ:

३.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा उपभोक्ता समितिबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, ग्रेडर, डिष्ट्रीव्यूटर, विटुमीन व्वाइलर जस्ता हेभी मेसिन सामानहरु प्रयोग गरी कार्य गर्न नपाइने व्यवस्था छ । डिभिजन कार्यालय, चितवनले हेभी मेसिनहरु प्रयोग हुने सडक पिच गर्ने २ कार्य उपभोक्ताबाट गराई रु.४७ लाख ५० हजार खर्च लेखेको पाइयो ।

३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मतसम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्ने उल्लेख छ । डिभिजन कार्यालय, मोरङले ५ आयोजनामा रु.२५ लाख २ हजार, चितवनले ६ आयोजनामा रु.८३ लाख ८८ हजार, पर्साले २१ आयोजनामा रु.१ करोड ६० लाख ८२ हजार र धनकुटाले १० आयोजनामा रु.१ करोड ३७ लाख ३५ हजारमा सम्पन्न ४२ आयोजना सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

३.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) बमोजिम रु.६० लाखसम्मको लागत अनुमान भएको निर्माण कार्यमात्र उपभोक्ता समितिबाट गराउनुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, जुम्लाले नमुना एकीकृत वस्ती विकास कार्यक्रम अन्तर्गत कालिकोट जिल्लाको विजयनगर स्यूना वस्ती पूर्वाधार विकासको कार्य गर्न सुरुमा रु.४९ लाख ४० हजारको लागत अनुमान तयार गरेकोमा सो योजनाको लागि थप बजेट निकासा भएको आधारमा रु.७९ लाख ८० हजारको संशोधित लागत अनुमान

तयार गरी एक उपभोक्ता समितिबाट कार्य गराई रु.१ करोड २ लाख खर्च लेखेको छ । नियमावलीले तोकेकोभन्दा बढी लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराउन मिल्दैन ।

४. **भेरिएसन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) को (ख) अनुसार निर्माण कार्यको ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेसन आदि बदल्नुपर्ने अवस्था भई वा नभई सम्झौता मूल्यको पन्ध्र प्रतिशतसम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याँई गरी विभागीय प्रमुखले स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सम्झौता मूल्यको दश प्रतिशतभन्दा बढीको कार्य गराई डिभिजन कार्यालय, मोरङले एक सडक निर्माण कार्यमा रु.१२ लाख ४१ हजार, चितवनले एक प्रसुतिगृह निर्माण कार्यमा रु.७ लाख ७२ हजार, पर्साले ५ स्वास्थ्य चौकी निर्माणमा रु.९७ लाख २१ हजार, काठमाडौंले एक अस्पताल भवन निर्माणमा रु.१२ लाख ९८ हजार, बाग्लुङले अस्पताल तथा स्वास्थ्य चौकी निर्माणमा रु.८७ लाख २४ हजार र धनकुटाले २ भवन निर्माणमा रु.३५ लाख ५८ हजारको कार्य बढी परिमाणमा गराएको पाइयो । सोको उपर्युक्त नियमावलीअनुसार भेरिएसन आदेश स्वीकृत गरेको छैन । भेरिएसन आदेश स्वीकृत नगराई भएको उक्त कार्य नियमसम्मत देखिएन ।

५. **बढी खर्च** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ २(क) अनुसार अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने त्यस्तो रकमका सम्बन्धमा खर्च गर्न र खर्च गर्ने निकासा दिनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, जुम्लाले अन्य खर्च शीर्षकबाट विभिन्न २७ कार्यक्रममा रु.२ करोड ५ लाख ९५ हजार तोकिएको कार्यक्रमको स्वीकृत बजेटभन्दा बढी खर्च लेखेको छ । कार्यक्रमगत स्वीकृत बजेटभन्दा बढी खर्च लेखेको सम्बन्धमा कार्यालयले एक बजेट उपशीर्षकअन्तर्गतको कार्यक्रम भएकोले बढी खर्च भएको जनाएपनि सो भनाइ मनासिब देखिएन ।

यसैगरी डिभिजन कार्यालय, सुर्खेतले ५ विभिन्न कार्यक्रममा रु.७९ लाख ३१ हजार, बाँकेले २ कार्यक्रममा रु.२ लाख र नुवाकोटले ५ कार्यक्रममा रु.५९ लाख ७ हजार बढी खर्च लेखेका छ । तोकिएको कार्यक्रममा विनियोजित रकमभन्दा बढी खर्च लेख्ने कार्य नियमविपरीत छ ।

६. **पूर्व निर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) बमोजिम सम्झौतामा तोकिएको अवधिभित्र कार्य सम्पन्न नभएमा सम्झौता रकमको प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । ठेक्का सम्झौतामा उल्लिखित अवधिमा कार्य सम्पन्न नभएको एवं म्याद थपसमेत नभएकोमा डिभिजन कार्यालय, इलामले २ निर्माण कार्यमा रु.३ लाख ५६ हजार, रोल्पाले ८ निर्माण कार्यमा रु.९ लाख, रुपन्देहीले २ निर्माण कार्यमा रु.२ लाख ८२ हजार र कैलालीले २ निर्माण कार्यमा रु.१ लाख ८३ हजार सम्बन्धित निर्माण व्यवसायीसँग क्षतिपूर्ति असुल गरेको छैन । सोमध्ये डिभिजन कार्यालय, रोल्पाले रु.५ लाख २७ हजार क्षतिपूर्ति रकम असुल गरेको र बाँकीले असुल गरेका छैनन् । अत: नियमानुसार लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नुपर्दछ ।

७. **बीमा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु.१० लाखभन्दा बढी मूल्यको निर्माण कार्य गर्दा बीमा गराउनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, इलामले २, सप्तरीले १३, रुपन्देहीले ७, बैतडीले १०, बाग्लुङले ८ र कैलालीले १ निर्माण कार्यको ठेक्काको बीमा गराएको छैन । डिभिजन कार्यालय, रोल्पाले ५, बाँकेले ४, चितवनले ६, पर्साले ९, काठमाडौंले ५, सप्तरीले ३, रुपन्देहीले ६ ठेक्काको म्याद थप गरे तापनि बीमाको अवधि थप गरेका छैनन् । म्याद थप अवधिको बीमा पोलिसी म्याद थप नहुँदा त्यस अवधिमा आइपर्ने जोखिम वहन हुन नसक्ने भई नोक्सान पर्नसक्ने हुँदा निर्माण कार्यको अवधि समेट्ने गरी बीमा अवधि थप गर्नेतर्फ ध्यान दिनु जरुरी छ ।

कार्यालयले बीमाबापत रकम भुक्तानी गर्दा सम्बन्धित निर्माण व्यवसायीले बीमा गरेको पोलिसी र भुक्तानीका लागि बीमा प्रिमियम तिरेको रसिदका आधारमा खर्च लेख्नुपर्दछ । डिभिजन कार्यालय, धनकुटाले

यो वर्ष निर्माण व्यवसायीलाई बीमाबापत रु.३५ लाख ५२ हजार खर्च लेखेकोमा प्रिमियम तिरेको रसिद बेगर भुक्तानी गरेको छ । अत: प्रिमियम तिरेको रसिद बिना भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

८. **लेखापरीक्षण** – डिभिजन कार्यालय, सुर्खेतले एक स्वास्थ्य चौकी भवन निर्माण कार्यमा रु.४३ लाख ६ हजार खर्च गरेकोमा सोको ठेक्कापट्टा लगायतका कागजात २०६७।८।९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको उल्लेख गरी स्रेस्ता पेश नभएबाट लेखापरीक्षण गरिएको छैन ।

भवन निर्माण, सम्भार डिभिजन, कार्यालय

९. **विशिष्ट व्यक्तिको सुविधासम्बन्धी मापदण्ड** – डिभिजनले विशिष्ट व्यक्तिहरुको लागि सेवा सुविधा उपलब्ध गराउँदा त्यस्ता व्यक्तिहरुले पाउने सेवा सुविधा एवं सामानहरुको सम्बन्धमा आवश्यक मापदण्ड तोकी सोही अनुरुप सामानहरु उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । डिभिजन कार्यालयबाट विशिष्ट व्यक्तिहरुका लागि निजका स्वकीय सचिवले माग गरेअनुसार फर्निचर, ट्वाइलेटरी, किचेन, धारा विजुलीका सामान, सिरक डस्ना, तन्ना, पर्दा आदि जस्ता सामानहरु उपलब्ध गराउने गरेको पाइयो । सामान उपलब्ध गराउँदा आवश्यकताको पहिचान गरी विशिष्ट व्यक्तिको तह एवं स्तर अनुसार दिइने सामानको गुणस्तरसमेत निश्चित गरी मापदण्ड बनाई उपलब्ध गराउने नगरेको कारण उपलब्ध गराउने सामानमा एकरुपता नहुनका साथै खर्चमा पनि विविधता रहेको स्थिति छ । विशिष्ट व्यक्तिलाई उपलब्ध गराउने सेवा सुविधामा एकरुपता कायम गर्न मापदण्ड तयार गर्नुपर्दछ । डिभिजनले विशिष्ट व्यक्तिलाई उपलब्ध गराइने सेवा सुविधाका सम्बन्धमा मापदण्ड तयार गर्ने कार्य भइरहेको जनाए तापनि मापदण्ड स्वीकृत गरी लागू गरेको छैन ।

१०. **बाहिरी चक्रपथ** – व्यवस्थित जग्गा एकीकरणका आधारमा काठमाडौं उपत्यकाका ३ जिल्लामा योजनाबद्ध नयाँ व्यवस्थित शहरी विकास गरी ७२ किलोमिटर बाहिरी चक्रपथ निर्माण गर्ने कार्य २०६१।६२ मा सुरु गरिएको थियो । यो वर्षसम्म आयोजनाले ५२ किलोमिटर सडकको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको, १० किलोमिटरको प्रतिवेदन तयार हुँदै गरेको प्रगति विवरणमा उल्लेख छ । बाहिरी चक्रपथको वातावरणीय सामाजिक प्रभाव मूल्याङ्कन गर्ने कार्यको सिलसिलामा बाहिरी चक्रपथले छुने सबै गाउँ विकास समिति तथा नगरपालिकाहरुमा स्थानीय जग्गाधनी/मोही, पार्टी प्रतिनिधिहरुसँग अन्तरक्रिया गरी क्षेत्र निर्धारण तथा कार्यसूचीसम्बन्धी प्रतिवेदन तयार गरी वातावरण मन्त्रालयमा पठाएको जनाएको छ ।

यो वर्षसम्म रु.५ करोड ४१ लाख ७ हजार खर्च भैसकेको यस अवधिमा पूरै सडक खण्डको विस्तृत आयोजना प्रतिवेदन, जग्गा एकीकरण आयोजना र वातावरणीय प्रभाव मूल्याङ्कन तयार हुनसकेको छैन । अत: उक्त आयोजना सम्पन्न गराउनेतर्फ सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु जरुरी छ ।

११. **स्थलगत निरीक्षण –** लेखापरीक्षणको क्रममा स्थलगत अवालोकनबाट देखिएका व्यहोराहरु देहायअनुसार छन्:

११.१ जिल्ला अस्पताल, सर्लाहीको भवन निर्माण कार्य २०६८।३।२९ मा सम्पन्न गर्ने गरी रु.४ करोड ४९ लाख ७९ हजारमा सम्झौता भएकोमा लेखापरीक्षण अवधि २०६९ माघसम्म सो भवन निर्माण कार्य हुनसकेको छैन । सुरुको ड्रइङ डिजाइनमा त्रुटि भएका कारण २ पटक माटो परीक्षण गराउन परेकोले समयमा कार्य गर्न नसकेको कार्यालयको भनाई रहेको छ । सुरुमा नै निर्माणस्थलको माटो परीक्षण कार्य सम्पन्न गरेरमात्र ठेक्का व्यवस्था गर्नुपर्नेमा सो नगरेबाट निर्माण कार्यमा ढिलाई भएको सम्बन्धमा त्रुटिपूर्ण ड्रइङ डिजाइन गर्ने जिम्मेवार पदाधिकारीलाई कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

११.२ डिभिजन कार्यालय, जुम्लाले कृषि अनुसन्धान केन्द्र, जुम्ला अन्तर्गत बागवानी फार्म, गैरागाउँमा कोल्डस्टोर निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.४९ लाख ८३ हजारमा २०६७।३।२५ मा सम्झौता भएको थियो । सो कार्यमा यो वर्षसम्म रु.३९ लाख २८ हजार खर्च भएको छ । उक्त कोल्डस्टोर सञ्चालन तथा सिंचाईका लागि आवश्यक पानी नजिकैको मुहानबाट ल्याउने गरी डिजाइन एवं लागत अनुमान भएअनुसार कोल्डस्टोर

नजिकै पोखरी निर्माण गरी संरचना तयार गरेको छ । सो कार्यको स्थलगत निरीक्षण गर्दा निर्मित पोखरी चुहिने भई पानी सङ्कलन नहुने अवस्था रहेको पाइयो । पोखरी उपयोग गर्न नसकिने अवस्थाका कारण कृषि अनुसन्धान केन्द्रलाई हस्तान्तरण हुनसकेको छैन । अत: त्रुटिपूर्ण निर्माण कार्य गरी भए गरेको कार्य उपयोग नभएको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई कारबाही गरी निर्माण कार्य पूरा गर्नुपर्दछ ।

११.३ डिभिजन कार्यालय, मोरङले रु.२ करोड ५७ लाख २५ हजार लागत अनुमान भएको रजनी स्वास्थ्य चौकी भवन निर्माण कार्य २०६९ भाद्रमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको छ । स्थलगत निरीक्षणबाट सो भवनको प्लीन्थ लेभलमा पिलरमात्र ढलानसम्म भएको देखियो । निर्माण सम्पन्न गर्ने अवधि पूरा भईसकेको अवस्थामा भौतिक कार्य करिब २५ प्रतिशतमात्र भएबाट तोकिएको अवधिमा भवन निर्माण सम्पन्न हुने र सेवाग्राहीले समयमा सेवा प्राप्त हुने अवस्था देखिएन । सम्झौताअनुसार कार्य नभएकोमा आवश्यक कारबाही गरी कार्यसम्पन्न गराउनुपर्दछ ।

११.४ सार्वजनिक खरिद ऐन, २०६४ को नियम १२३(१) (ख) मा वास्तविक भए गरेको कार्यको नापजाँच गरी रकम भुक्तानी दिनुपर्ने उल्लेख छ । डिभिजन कार्यालय, पर्साले हरपतगंज स्वास्थ्य चौकी भवन निर्माणमा ग्रिल, छाना छाउने, मोजाइक फ्लोरिङ्ग, टायल आदि कार्य, लिपनी विर्ता स्वास्थ्य चौकी भवन निर्माणमा ग्रिल, छाना छाउने, ट्रस र मोजाइकको कार्य, परिवार स्टाफ क्वार्टर कलैयाको भवन निर्माणमा आर.सी.सी, डण्डी बिछाउने कार्य र इटा जोडाईसमेत रु.२३ लाख ३४ हजारको कार्य नभएकोमा भुक्तानी गरेको स्थलगत निरीक्षणका क्रममा देखियो । कार्य नै नभएकोमा रकम भुक्तानी गर्ने सम्बन्धित कर्मचारीलाई कारबाही गरी सो रकम असुल गर्ने र यस्तो कार्य उपर नियन्त्रण गर्नुपर्दछ ।

खानेपानी तथा ढल निकास विभाग

१२. **निर्णय कार्यान्वयन स्थिति** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गराई मालसामानको उपयोग हानी नोक्सानी नहुने गरी गर्नुपर्ने, वास्तविक रुपमा प्रयोग/उपयोग हुने सामान खरिद गर्नुपर्ने, आवश्यकताभन्दा बढी सामान खरिद नगर्ने, गरेमा कानूनबमोजिम कारबाही समेत गर्ने व्यवस्था छ । खानेपानी योजनामा चाहिने पाइप लगायतका निर्माण सामग्री जथाभावी खरिद नगरी चालु वर्षकै स्वीकृत कार्यक्रमअनुसार निकासा गर्ने, नापी किताबमा चढाएर प्रमाणित गरेपछि मात्र खर्च मान्ने, त्यसो नभएसम्म पेश्कीकै रुपमा जनाउने भनी मौज्दात पाइपहरुको उपयोग व्यवस्थित गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयले २०६२।११।८ मा निर्णय गरी परिपत्र गरेको देखिन्छ । सार्वजनिक लेखा समितिले यस विषयमा पाइप प्रयोगलाई व्यवस्थित गर्ने, आवश्यक भएमात्र खरिद गर्ने र अनुगमनसमेत गर्ने गरी निर्देशन दिएको छ ।

- **मेलम्ची खानेपानी आयोजनामा यो वर्षसम्म रु.८ अर्ब ५६ करोड १३ लाख खर्च भएको र आयोजनाको पहिलोचरणको अवधि ८३ प्रतिशत व्यतीत भइसकेकोमा आयोजना अन्तर्गतका मुख्य कार्य सुरुङ निर्माण कार्य २१.०४ प्रतिशतमात्र भई ठेक्का तोडिएको अवस्थामा रहेको तथा पानी प्रशोधन केन्द्र निर्माणको बोलपत्र प्रक्रिया गत वर्ष रद्द गरी यो वर्ष पुन: सुरु गर्दा रु.२१ करोड २५ लाख ४६ हजार थप व्ययभार परेको छ ।**
- **सुरुङ निर्माण व्यवसायीले ठेक्का तोडेको अवस्थामा नियमानुसार राखेको कार्यसम्पादन जमानत र पेस्की जमानतबापतको रकम रु.८० करोड ६४ लाख सम्बन्धित बैङ्कबाट असुल गरेको छैन ।**
- **सोही आयोजनाअन्तर्गत सडक, सुरुङ तथा भवन निर्माणसम्बन्धी कार्यको भेरिएशन स्वीकृति बेगर रु.१० करोड ५१ लाख ७४ हजार थप भुक्तानी गरेको छ ।**
- **खानेपानी डिभिजन/सवडिभिजन १४ ले योजनाको मुल लागत अनुमान स्वीकृत बेगर रु.३ अर्ब २४ करोड ४ लाख लागत अनुमान रहेका ८० योजनामा कार्य गराई यो वर्ष रु.३२ करोड ३२ लाख ९९ हजार खर्च गरेका छन् ।**
- **डिभिजन/सवडिभिजन २९ ले रु.४ करोड ४४ लाख ७० हजार मूल्यका ३ लाख १८ हजार मिटर पाइप सम्बन्धित योजनाका नापी किताबमा प्रमाणित नगराई खर्च जनाएका छन् ।**
- **दोस्रो साना शहरी खानेपानी योजना अन्तर्गतका ५ नगर खानेपानी योजनाको लागत अनुमानमा सवारी साधन समेत राखी रु.१ करोड ५२ लाख ९ हजार खर्च गरेको छ ।**
- **माओवादी सेनाका लडाकुहरुको ४ अस्थायी शिविरमा कार्यक्रम बेगर यो वर्ष रु.४२ लाख २१ हजार खर्च गरेको छ ।**

१२.१ यो वर्ष लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा उल्लिखित निर्णयको प्रतिकूल हुने गरी सिरहा, कपिलवस्तु, मकवानपुर, चितवन र सप्तरीलगायत २९ डिभिजन/सवडिभिजन कार्यालयले रु.४ करोड ४४ लाख ७० हजार मूल्यका ३ लाख १८ हजार मिटर पाइप सम्बन्धित योजनाका नापी किताबमा प्रमाणित नगराई मौज्दात पूरै घटाएको पाइयो । कानूनको व्यवस्था र तालुक निकायबाट भएको निर्णय आदेशअनुरुप नगरी वर्षौसम्म पटक पटक तोकिएका पद्धति र व्यवस्थालाई पालना नगर्नु मनासिब देखिएन । वास्तविक कार्य भएपछिमात्र यथार्थ खर्च जनाउनुपर्ने पद्धतिलाई तालुक निकायले पूर्णरुपमा लागू गराउनुपर्दछ ।

१२.२ खानेपानी तथा ढल निकास विभाग अन्तर्गतका डिभिजन/सवडिभिजन कार्यालयहरुले खानेपानी योजनाकोलागि उल्लेख गरी पटक पटक पाइप तथा फिटिङ्गस् र मेसिनरी औजार खरिद गरेकोमा वर्षौदेखि ती सामान खपत नभई मौज्दात नै रहेको अवस्थामा नयाँ नयाँ योजनामा थप कार्यक्रम स्वीकृत गरी पाइप फिटिङ्गस तथा मेसिनरी औजार खरिद गर्दै मौज्दात राख्ने गरेका छन् । लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गरिएका ६४ कार्यालयले रु.२० करोड ९४ लाख ९० हजार मूल्यका पाइप खरिद गरी सम्बन्धित योजनामा खपत समेत नगरी मौज्दात राखेको छ ।

यो वर्ष रु.३० लाखभन्दा बढीको पाइप मौज्दात राख्ने कार्यालय निम्नानुसार छन्:

डिभिजन/सवडिभिजन कार्यालयको नाम	पाइपको		डिभिजन/सवडिभिजन कार्यालयको नाम	पाइपको	
	परिमाण (मिटरमा)	मूल्य (रु.हजारमा)		परिमाण (मिटरमा)	मूल्य (रु.हजारमा)
सिरहा	४०९६९	२,०६,९४	बाँके	८६६७	५३,०२
बारा	१६८८४	१,२६,२०	रुपन्देही	नखुलेको	५४,६५
अर्घाखाँची	१०१८३९	१,१३,९५	पर्सा	२५१९७	५६,०७
कपिलवस्तु	२९५७७	९५,६५	नुवाकोट	४४९४०	४६,०३
स्याङ्गजा	३५६७०	९३,४६	मकवानपुर	१२३९०	४४,२८
गुल्मी	६०५८९	९३,०६	गोरखा	४८२८७	४२,७१
ओखलढुङ्गा	५८८५६	८३,३३	अछाम	७३९४२	४६,९१
कास्की	२२३५०	७७,०४	उदयपुर	२८६३९	३६,४४
सप्तरी	२९६७७	७३,९०	डोटी	३८४१०	३५,९४
झापा	१९८५३	७२,१४	भक्तपुर	१४८८२	३३,९३
सिन्धुपाल्चोक	२२४९८	६७,२५	प्यूठान	२१९४४	३०,५९
काभ्रेपलान्चोक	५२९९६	६५,९२	चितवन	४०६९४	३०,०९
तनहुँ	२४५२०	६१,६१			

१२.३ डिभिजन कार्यालय, सिरहाले ५ योजनामा यो वर्ष स्वीकृत कार्यक्रम अनुरुप रु.७३ लाख ६० हजारमा विभिन्न साइजको ८ हजार ८५ मिटर पाइप खरिद गर्ने कार्यक्रम रहेकोमा उक्त कार्यक्रम संशोधन नै नगराई सबै योजनामा ५५ मिटरदेखि ९६१ मिटरसम्म बढी पाइप खरिद गरेको र ३ योजनामा पाइप खरिद कार्यका लागि छुट्याइएको कार्यक्रम बजेट नघाई रु.२३ लाख १४ हजार र ६ योजनामा फिटिङ्गसको लागि छुट्याइएको रकमभन्दा रु.१६ लाख ४ हजार बढी खर्च गरेको छ ।

१२.४ क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, डोटीले सिलगढी नगरपालिकाभित्र खानेपानी सञ्चालन गर्न स्वीकृत भएको एक योजनाको लागि यो वर्ष रु.१६ लाख ७६ हजार मूल्यका विभिन्न साइजका पाइप खरिद गरी मौज्दात राखेको छ । सो योजना २०६९।७० सम्ममा पूरा गर्ने लक्ष्य रहेकोमा मुहान विवादको कारण गत वर्षदेखिनै कुनै कार्य नभएकोमा यो वर्षसमेत पाइप खरिद गरी मौज्दात राखेको छ । योजनामा खपत हुने नहुने निश्चित नभएको अवस्थामा मालसामान खरिद गरी खर्च गर्नु उपयुक्त देखिएन ।

१२.५ डिभिजन कार्यालय, सिन्धुपाल्चोकले यो वर्ष ८ योजनामा रु.२८ लाख १४ हजारबाट २२ हजार ११० मिटर पाइप खरिद गर्ने कार्यक्रम रहेकोमा योजनाहरुको लागि तोकिएको परिमाणमा घटबढ गरी स्वीकृत परिमाणभन्दा ३२ हजार ६६० मिटर पाइप बढी खरिद गरेको छ ।

१३. **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम रनिङ्ग वा अन्य बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, महोत्तरीले एक खानेपानी योजनाका पानी टैङ्की निर्माण कार्यको रनिङ्ग बिल भुक्तानी गर्दा नापी किताबअनुसार वास्तविक कार्य १२.७२ घनमिटर भएकोमा ४७.९२ घनमिटर देखाई नापी परिमाणभन्दा ३२.२० घनमिटर बढीको परिमाण रनिङ्ग बिलमा समावेश गरी रु.६ लाख ३३ हजार भुक्तानी दिएको छ । वास्तविक कार्य भएकोभन्दा बढीको भुक्तानी दिएकोमा यसरी भुक्तानी सिफारिस गर्ने उपर कारबाही गरी रकम असुल गर्नुपर्दछ ।

१४. **सीमित प्रतिस्पर्धा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(३) ले मालसामान आपूर्तिसम्बन्धी खरिदमा भाग लिने बोलपत्रदाताको योग्यताको आधार निर्धारण गरेअनुसार आपूर्ति गरिने मालसामान बोलपत्रदाता वा पूर्व योग्यताको प्रस्तावदाता आफैले नबनाउने वा उत्पादन नगर्ने भएमा त्यस्तो मालसामानको उत्पादकले बोलपत्र पेश गर्ने, मालसामान आपूर्ति गर्ने र जडान गर्नेसम्बन्धी अधिकार आफुलाई एकलौटी रुपमा रितपूर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात बोलपत्रदाताले पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

खानेपानी तथा ढल निकास विभाग अन्तर्गतका योजनाहरुमा खरिद गरिने पाइपको बोलपत्र आह्वान गर्दा नियमको सोही व्यवस्थाको आधार समेतबाट हुने गरेको छ । उक्त आधारका कारण पाइप उत्पादकहरुका बीचमा प्रतिस्पर्धा सीमित भई लागत अनुमानकै हाराहारीमा उत्पादक कम्पनीहरुले बोलपत्र पेश गर्ने गरेका छन् । नियमको उक्त व्यवस्थाको कारण उत्पादक कम्पनी र अन्य आपूर्तिकर्ताहरु बीच प्रतिस्पर्धा हुन नसकेको स्थिति रहेको छ । यो वर्ष छनौट गरी परीक्षण गरिएका सिरहा, स्याङ्जा, तनहुँ, चितवन, भक्तपुर लगायत ९ कार्यालयले पाइप खरिद गर्दा लागत अनुमानको ०.००१ देखि ०.००७५ सम्मको हाराहारी मै खरिद सम्झौता गरेकोसमेत देखियो । पाइप खरिद सम्बन्धमा पाइपको गुणस्तर र स्पेशिफिकेशनसमेत प्रमाणित गरी पेश गर्नुपर्ने गरी बोलपत्र आह्वान हुने भएकोले यस्तो खरिदमा नियमावलीको उक्त व्यवस्था कै कारण प्रतिस्पर्धा सीमित हुने गरी व्यवस्था गर्नु उपयुक्त देखिएन ।

१५. **फाँटवारीबेगरको खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च गर्न खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । डिभिजन कार्यालय, तनहुँले जिल्ला विकास समितिबाट कार्यक्रम स्वीकृत गरी सम्बन्धित गाउँ विकास समिति अन्तर्गत चर्पी नभएका घरधुरीले चर्पी निर्माण गरेमा रकम उपलब्ध गराउने गरी १६ गाउँ विकास समितिलाई पेश्की दिई सञ्चालन गरेको कार्यक्रममा रकम नपुग भएको भन्ने जिल्ला विकास समिति, तनहुँको पत्रको आधारमा २०६९।३।२८ मा १६ गाउँ विकास समितिको खातामा जम्मा हुने गरी रु.५० लाख ६२ हजार निकासा दिई खर्च गरेको छ । अन्य निकायबाट सञ्चालित कार्यक्रममा रकम थप गरी खर्च गर्दा खर्चलाई पुष्टि गर्ने बिल भरपाई र खर्चको आधार बेगर पेश्कीसमेत नजनाई सोझै गाउँ विकास समितिको खातामा रकम जम्मा गरेको देखिँदा यसरी खर्च गर्न मिल्ने देखिएन ।

कार्यालयले जिल्लालाई खुल्ला दिसामुक्त बनाउने अभियान अन्तर्गत थप रु.५० लाख कार्यक्रम संशोधन भई विभागबाट रकम प्राप्त भएको र जिल्ला विकास समितिको बास्केटमा रकम अभाव भएकोले जिल्ला विकास समितिको पेश्की कटाई बाँकी रकम भुक्तानी गरिएको जवाफ दिएको छ । जिल्ला विकास समिति र कार्यालयबीच चर्पी निर्माण गर्ने संख्या र रकम छुट्टाई कार्यक्रम सञ्चालन गर्न सहमति नभएको अवस्थामा खर्चको फाँटवारी र बिल भरपाईबेगर सोझै गाउँ विकास समितिको खातामा रकम जम्मा गरेकोले उक्त जवाफ मिल्ने देखिएन ।

१६. **मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) ले राष्ट्रियस्तरको बोलपत्र आह्वान भई पन्ध्र महिनाभन्दा बढी अवधिको खरिद सम्झौता भएको अवस्थामा निर्माण सामग्रीको मूल्य साविक मूल्यको दश प्रतिशतभन्दा बढी घटबढ भएमा र मूल्य समायोजन गर्न आवश्यक देखिएमा तोकिएबमोजिम मूल्य समायोजन गरिने व्यवस्था छ । सोही ऐनको दफा ५५(२) मा दफा (१) मा जुनसुकै कुरा लेखिएको भए

तापनि खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्नसकिने छैन भन्ने व्यवस्था गरेको छ । डिभिजन कार्यालय, बारालें निर्माण व्यवसायीले तोकिएको म्यादभित्र कार्यसम्पन्न नगरी कार्यालयले पटक पटक काम पूरा गर्न सचेत गराउँदापनि तोकिएको म्यादमा कार्यसम्पन्न नगरेका निर्माण व्यवसायीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयको प्राविधिक मार्गदर्शनको आधार देखाई सो मार्गदर्शनले तोकेको हालको मूल्य कायम गरिने अवधिसमेत स्पष्ट नगरी ६ वर्षपछि म्याद थप गराई २ ओभरहेड ट्याङ्की निर्माण कार्यको लागि यस वर्षसम्म रु.३३ लाख २४ हजार मूल्य समायोजनबापत भुक्तानी गरेको पाइयो ।

सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौंले खरिद सम्झौतामा उल्लेख भएको मूल्य समायोजन गर्ने सूत्रको आधारमा निर्माण सामग्रीको साविक मूल्य इन्डेक्सको दर घटी देखाई पछिल्लो अवधिमा मूल्य वृद्धि इन्डेक्स बढेको आधारबाट गणना गरी यो वर्ष रु.४ लाख ९८ हजार बढी मूल्य वृद्धि भुक्तानी गरेको छ ।

कानूनमा भएका व्यवस्थाको पालना नगरी तथा सम्झौतामा व्यवस्था भएको आधारहरु पूरा नभएको अवस्थामा मूल्य समायोजन भुक्तानी गर्ने र तोकिएको पद्धतिअनुसार नगरी भुक्तानी भएको उल्लिखित खर्च असुल हुनुपर्दछ ।

१७. **मोबिलाइजेशन पेश्की** – सार्वजनिक खरिद नियमावलीको नियम ११३ ले निर्माण व्यवसायीलाई खरिद सम्झौतामा व्यवस्था भएबमोजिम पेश्की दिनसकिने तथा नियम ११३(६) ले निर्माण व्यवसायीले सम्झौताबमोजिमको काम सम्झौतामा उल्लिखित अवधिभित्र सम्पादन नगरेको कारणले पेश्की फछ्यौंट हुन नसकेकोमा बैङ्क जमानतको रकम प्राप्त गरी पेश्की फछ्यौंट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था गरेको छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

१७.१ डिभिजन कार्यालय, सिरहाले एक ड्रिलिङ्ग कम्पनीसँग २ बोरिङ्ग निर्माणको कार्य गराउन २०६८ श्रावणभित्रै कार्यसम्पन्न गर्ने गरी २०६८ वैशाखमा सम्झौता गरी रु.४ लाख ४७ हजार पेश्की दिएकोमा सम्झौताबमोजिम ७ दिनभित्र काम प्रारम्भ गर्नुपर्नेमा २०६९/८/१५ सम्म कार्य प्रारम्भ गरेको पाइएन । उक्त ठेक्को म्याद थप माग गरिएकोसमेत नदेखिएकोले निर्माण व्यवसायीले लिएको पेश्की ब्याज सहित असुल गरी नियमबमोजिम कारबाही हुनुपर्ने देखियो ।

१७.२ डिभिजन कार्यालय, महोत्तरीले २०६५/१२/१८ मा एक आयोजनाको ओभरहेड ट्याङ्की निर्माण गर्ने निर्माण व्यवसायीसँग रु.१ करोड २१ लाख ९९ हजारमा खरिद सम्झौता गर्दा तीस प्रतिशत कार्य प्रगति भएपछि रनिङ्ग बिलको भुक्तानी गर्दा क्रमश: मोबिलाइजेशन पेश्की कट्टा गरी असी प्रतिशत कार्य प्रगति हुनु अगावै पेश्की फछ्यौंट गरिसक्ने शर्त रहेको छ । निर्माण व्यवसायीलाई तेस्रो रनिङ्ग बिलसम्म रु.७४ लाख ३६ हजार सम्झौता रकमको ६०.९६ प्रतिशत भुक्तानी भइसक्दा पनि मोबिलाइजेशनबापत दिएको रु.१७ लाख ५० हजार कट्टा गरेको पाइएन । सम्झौताको शर्तअनुसार कार्य नगर्नु उचित देखिएन ।

१७.३ डिभिजन कार्यालय, सिन्धुलीले उपभोक्ता समितिमार्फत कार्य गराउने गरी गरेको खरिद सम्झौताको शर्तमा समितिहरुलाई कुनै पनि किसिमको पेश्की उपलब्ध नगराउने व्यवस्था गरेको छ । सम्झौताको उक्त शर्त विपरीत यो वर्ष ७ उपभोक्ता समितिलाई रु.७० हजार देखि ५ लाखसम्म पेश्की दिएकोले सम्झौता विपरीत पेश्की दिने कार्य उपयुक्त देखिएन ।

१८. **कार्यक्रम संशोधन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ ले कार्यालयको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई ध्यानमा राखी मन्त्रालयको स्वीकृत लिई लागत नबढ्ने गरी कार्यक्रममा संशोधन गर्नसक्ने व्यवस्था गरेको छ । यो वर्ष नमूना छनौट गरी परीक्षण गरिएका काभ्रे, काठमाडौं, ललितपुर, रौतहट, मकवानपुर लगायत ९ डिभिजन/सव डिभिजन कार्यालयले नियमको उक्त व्यवस्था विपरीत वार्षिक कार्यक्रम संशोधन नै नगराई एक योजनाका लागि स्वीकृत रकम अन्य योजनामा समावेश गरी रु.९६ लाख २३ हजार खर्च गरेका छन् । कार्यक्रम स्वीकृतिबेगर खर्च गरेको व्यहोरा सम्बन्धमा २०५८।५९ मा औंल्याउँदा सार्वजनिक लेखा समितिबाट स्वीकृत बजेट बेगर खर्च गर्ने सम्बन्धित प्रमुखलाई

सचेत गराई समितिलाईसमेत जानकारी गराउन निर्देशन भए तापनि यस्तो परिपाटीमा सुधार भएको छैन । स्वीकृत बजेट रकमभन्दा बढी खर्च गरेको योजनाहरुसमेत सम्पन्न भएको पाइएन ।

१९. **लागत अनुमान** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ ले सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र नियम १५ मा लागत अनुमानलाई प्रत्येक वर्ष तोकिएको प्रक्रिया पुऱ्याई अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।

खानेपानी तथा ढल निकास विभाग अन्तर्गत सञ्चालन गरिने विभिन्न खानेपानी योजनाहरु वहुवर्षीय कार्यक्रम अन्तर्गत समावेश गरी एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने गरेका छन् । विभाग अन्तर्गतका डिभिजन/सव डिभिजन कार्यालयबाट सञ्चालन हुने यस्ता योजनाहरु अद्यावधिक गर्न वार्षिक कार्यक्रम मै रकम व्यवस्था गर्ने गरेको छ । खरिद ऐन तथा नियमावलीको व्यवस्थाबमोजिम तोकिएको सीमाभित्रको मूल लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत नै नगराई वार्षिक कार्यक्रममा समावेश गर्ने र वार्षिक कार्यक्रममा भएको बजेट रकम बराबरको लागत अनुमान स्वीकृत गरी कार्य गराउनाले योजनाको सम्पूर्ण कार्य परिमाण सहितको लागत अनुमान स्वीकृत नभई खर्च गरेको देखिएको छ ।

डिभिजन/सवडिभिजन कार्यालय १४ ले रु.३ अर्ब २४ करोड ४ लाख लागत अनुमान भएका ८० योजनाको मूल लागत अनुमान स्वीकृति नगराई रु.३२ करोड ३२ लाख ९९ हजार खर्च गरेका छन् । लागत अनुमान स्वीकृति बेगर काम गराएको सम्बन्धमा २०६०।६१ मा समेत व्यहोरा औँल्याएको र सार्वजनिक लेखा समितिबाट आईन्दा योजनाको पूरा लागत अनुमान स्वीकृत नगरी कार्य नगर्ने, कार्यक्रम स्वीकृत नगरी कार्य गर्ने सम्बन्धित पदाधिकारीलाई विभागले कारबाही गर्ने निर्देशन भए तापनि सोबमोजिम नगरी लागत अनुमान स्वीकृत नगराई कार्य गराएको पाइयो ।

२०. **निर्माण कार्य** – सार्वजनिक खरिद ऐन तथा नियमावली, २०६४ को नियम १० ले निर्माण कार्यको लागत अनुमान तयार गर्ने र स्वीकृत गर्ने सम्बन्धमा व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२०.१ नियमावलीको नियम १४(१) अनुसार एक करोडभन्दा बढीको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको अधिकारीबाट स्वीकृत गराउनुपर्नेमा डिभिजन कार्यालय, महोत्तरीले रु.१ करोड ८ लाख २३ हजार (मू.अ.कर बाहेक) को एक खानेपानी आयोजनाको लागत अनुमान रा.प.द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत गरी यस वर्षसम्म रु.७४ लाख ३६ हजार खर्च गरेको छ । आफ्नो अधिकार क्षेत्रभन्दा बढीको लागत अनुमान स्वीकृत गरी खर्च गर्न मिल्ने देखिएन ।

२०.२ डिभिजन कार्यालय, तनहुँले खानेपानी पुन:र्स्थापना कार्यक्रमअन्तर्गतका ५ आयोजनामा रु.३९ लाख ९२ हजारको मर्मतसम्भारको कार्य गर्न उपभोक्ता समितिसँग २०६८ फागुन, २०६९ बैशाख र जेष्ठ महिनामा खरिद सम्झौता गरेको छ । ती योजनाहरुको लागि पाइप तथा फिटिङ्गस खरिद गरिसकेपछि क्रमश: २०६९ वैशाख र आषाढमा रु.६८ लाख ८२ हजारको लागत अनुमान स्वीकृत गरेको पाइयो । लागत अनुमान स्वीकृत नै नगरी खरिद सम्झौता गरी मालसामान खरिद गर्ने कार्य गर्न मिल्ने देखिएन ।

२१. **सोझै खरिद** – सार्वजनिक खरिद ऐन तथा नियमावलीको नियम ८५(१) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी तोकिएको सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म वा कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्नसकिने छैन भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था विपरीत यो वर्ष डिभिजन कार्यालय, रौतहटले २ फर्मबाट ४ पटकमा रु.१७ लाख ९३ हजार, डिभिजन कार्यालय, बाराले २ फर्मबाट २ पटकमा रु.८ लाख ५७ हजार तथा डिभिजन कार्यालय, जुम्लाले १ फर्मबाट २ पटकमा रु.४ लाख ९४ हजारसमेत रु.२७ लाख ९४ हजार कानूनको व्यवस्था विपरीत सोझै खरिद गरेका छन् ।

२१.१ डिभिजन कार्यालय, गोरखाले २ आयोजनाको खानेपानी पोखरी, इन्टेक तथा ट्याङ्की निर्माणसम्बन्धी कार्य गराउन ठेक्का बन्दोवस्त गरी कार्य गराएको छ । ठेक्का बन्दोबस्त हुँदा एक आयोजनाको लागत अनुमानभन्दा ६४.११ प्रतिशत र अर्को आयोजनामा ३७.६६ प्रतिशत घटीमा कार्य गर्न सम्झौता भई कार्य

गराएको छ । उक्त दुबै योजनामा रकम बचत भएको देखाई प्रतिस्पर्धाबेगर सम्बन्धित निर्माण व्यवसायीबाट लागत अनुमान कै दरमा इन्टेक, भल्वच्याम्बर र ट्याङ्की निर्माणसम्बन्धी कार्य गराई रु.९ लाख ८१ हजार भुक्तानी गरेको पाइयो ।

एकै प्रकृतिको काम गर्न घटी दरमा स्वीकार गरी कार्य भइरहेकोमा निर्माण व्यवसायीलाई निजको स्वीकार दरबाट कार्य नगराई सोझै लागत अनुमानको दरबाट कार्य गराउनाले रु.५ लाख १ हजार बढी व्ययभार पारेको छ । कार्यालयले प्रतिस्पर्धाबाट काम गराउँदा रकम बचत भएको र सार्वजनिक खरिद नियमावलीको नियम ८५(१) बमोजिम कार्य गराइएको जवाफ दिएको छ । रकम बचत भएकै आधारमा साविक ठेकेदारको कबोल दरभन्दा बढीमा सोही कार्य गराउन मिल्ने देखिएन ।

२१.२ डिभिजन कार्यालय, बाराले एक खानेपानी योजनाको मर्मत सुधारसम्बन्धी कार्य गर्न स्वीकृत कार्यक्रमअनुसार कार्यालयको रु.१३ लाख र जनसहभागिता रु.७ लाखसमेत रु.२० लाख बजेट व्यवस्था भएकोमा उक्त कार्य सोझै ठेकेदारबाट गराई रु.१९ लाख ९४ हजार भुक्तानी गरेको छ । जनसहभागिताको कार्य नापी किताबमा चढाउन छुट भएको र कार्यक्रम तथा अख्तियारी ढिला प्राप्त भएकोले सोझै काम गराउन बाध्य भएको अन्यथा बजेट फ्रिज हुने भन्ने जवाफ दिएको छ ।

२१.३ डिभिजन कार्यालय, बाजुराले वातावरणीय सरसफाई कार्यक्रम सञ्चालन गर्न रु.१५ लाख ४५ हजारको प्यान तथा पाइप खरिद कार्य नेपालगन्जका आपूर्तकबाट ७ पटक र सर्लाहीका एक निर्माण कम्पनीबाट एक पटक खरिद कार्य गरेको देखियो ।

२२. **उपभोक्ता समिति** – सार्वजनिक खरिद ऐन तथा नियमावली, २०६४ को नियम ९७(१०) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरबाट गराउन नपाउने व्यवस्था रहेको छ । डिभिजन कार्यालय, झापाले उपभोक्ता समितिलाई दिएको तीन खानेपानी योजनाका विभिन्न निर्माण कार्य उपभोक्ता समितिहरुले एक निर्माण व्यवसायीबाट गराई रु.१७ लाख २७ हजारको बिल समावेश गरी मूल्य अभिवृद्धि करबापत रु.२ लाख ९७ हजार शोधभर्ना माग गरेको आधारमा कार्यालयले मूल्य अभिवृद्धि कर रकम शोधभर्ना गरेको छ । कानूनले गरेको व्यवस्था विपरीत कार्य गराई मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्ने देखिएन ।

सोही डिभिजन कार्यालयले खानेपानी योजनामा हाइटेन्सन लाइन जडान कार्यलगायत विद्युतीकरणको कार्य गर्न एक उपभोक्ता समितिसँग रु.१० लाख ६३ हजारको सम्झौता गरी ट्रान्सफरमरसमेत खरिद गर्ने कार्य गराएको छ । ट्रान्सफरमर खरिद गर्दा गर्नुपर्ने गुणस्तर परीक्षण बेगर रु.२ लाख ८२ हजार भुक्तानी दिएको र समितिले पेश गरेको मूल्य अभिवृद्धि कर बीजकका आधारमा रु.७६ हजार मूल्य अभिवृद्धि करसमेत भुक्तानी गरेकोले खरिद नियमावलीको नियम ९७ को व्यवस्था विपरीतका कार्य उपभोक्ता समितिबाट गराउने र मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गर्नु उपयुक्त देखिएन ।

२३. **नर्म्स्को पालना** – विभाग र अन्तर्गत कार्यालयबाट सञ्चालित पूर्ण सरसफाई कार्यक्रम सञ्चालनको लागि मार्ग निर्देशिका तयार गरी लागू गरेको छ । उक्त कार्यक्रम सञ्चालन गर्दा जिल्ला खानेपानी तथा सरसफाई समन्वय समितिको समन्वयमा गर्ने गरी तोकेको पाइयो । निर्देशिकाको २.६ अन्तर्गत सम्मान कदर/चक्रकोष सहयोगसम्बन्धी आधार स्वीकृत गर्दा शौचालय नभएका घरधुरीको आधारमा पक्की चर्पी निर्माणका लागि एकमुष्ट सहयोग परिचालन गर्ने, प्रतिपक्की चर्पी क्रमशः तराई जिल्लामा रु.१ हजार, पहाडका जिल्लामा रु.१ हजार २०० र हिमालका जिल्लामा रु.१ हजार ५०० का दरले खर्च गर्ने गरी निर्देशिकामा व्यवस्था भएको छ ।

अधिकांश खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन कार्यालयहरुले यो कार्यक्रम सञ्चालन गर्दा विभिन्न प्रकारका प्यान तथा पाइप खरिद गरी कार्यक्रम सञ्चालन गरेका र केही कार्यालयहरुले नगदै रकम वितरण गर्ने र केहीले विभिन्न गाउँ विकास समिति वा गैरसरकारी संस्थाको नाममा पेश्की दिने गरेको पाइयो । यो वर्ष मुस्ताङ्ग, लम्जुङ्ग, सुनसरी, धनकुटा, काठमाडौं लगायत ६ डिभिजन/सवडिभिजन

कार्यालयले रु.३३ लाख १० हजार मूल्यका सामान मौज्दात नै राखेको पाइयो । सालवसाली कार्यक्रमको लागि लक्ष्य तथा नर्म्स् सहित निकासा लिएको रकमबाट नर्म्स्बमोजिम नगरी मालसामान मात्र खरिद गरी राख्न मिल्ने देखिएन ।

२४. **सम्झौताविपरीत भुक्तानी** – सार्वजनिक खरिद ऐन तथा नियमावलीको नियम १२३(१) बमोजिम खरिद सम्झौताअनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बीजकको भुक्तानी गर्दा करारको शर्तबमोजिमका आधारमा हुनुपर्ने व्यवस्था गरेको र १२३(१)(ख) बमोजिम खरिद सम्झौतामा सम्पन्न कार्यमापन गर्ने सूचाङ्क तोकिएकोमा त्यस्तो सूचकाङ्क प्राप्त भएपछि भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । विभिन्न खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन कार्यालयहरुले डीप बोरिङ्गसम्बन्धी कार्य गराउँदा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताभन्दा फरक गरी भुक्तानी गरेको सम्बन्धमा यो वर्ष छनौट गरी परीक्षण गरिएका ४ डिभिजन कार्यालयले कार्यसम्पन्न नहुँदै तथा बोरिङ्ग खन्ने स्थानसमेत निश्चित नगराई निर्माण व्यवसायीलाई रु.४५ लाख ७३ हजार पाइप खरिदबापत पाइपको मूल्य भुक्तानी गरेका छन् । डिभिजन कार्यालय, सप्तरीले ५ डीप ट्यूबवेल योजनाको लागि गत वर्ष र यो वर्ष विभिन्न साइजका एम.एस.पाइप ३४२ मिटर खरिद गरी रु.२३ लाख ३३ हजार भुक्तानी गरेकोमा योजनाहरुमा पानीको सतह फेला नपरेको जनाई हालसम्म ती पाइप खपत गरेको छैन । सोही कार्यालयले ३ डीप ट्युबवेल निर्माणको लागि आवश्यक परिमाणभन्दा रु.९ लाख ४४ हजार बढीका एम.एस.हाउजिङ्ग र एम.एस.एस.पाइप खपत नभई योजनास्थलमा नै राखेको छ । सम्झौताको शर्तविपरीत भुक्तानी गर्नु उचित भएन ।

२५. **जनसहभागिताको अंश** – सार्वजनिक खरिद ऐन तथा नियमावली, २०६४ को नियम ९७(३)(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउँदा निर्माण कार्य वा सेवाको प्रकृतिअनुसार उपभोक्ता समिति वा सेवाग्राही समुदायले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधिसमेत खुलाई सम्झौता गरी कार्य गराउनुपर्ने व्यवस्था रहेको छ । खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन कार्यालयहरुबाट सञ्चालन गरिने खानेपानी योजनाहरुमा निर्माणसम्बन्धी कार्यको लागत अनुमान तयार गरी खरिद सम्झौता गर्दा उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम उल्लेख गर्ने गरेको भएतापनि मर्मतसम्बन्धी कार्य गराउँदा अधिकांश कार्यालयहरुले नेपाल सरकारको मात्र खर्च गर्ने गरेका छन् । यो वर्ष छनौट गरी परीक्षण गरिएका १० कार्यालयले मर्मत सम्भारतर्फको कार्यमा लिनुपर्ने सहभागिताबापत रु.१ करोड १ लाख ६५ हजार नलिई खर्च गरेका छन् । त्यसैगरी ५ कार्यालयले खानेपानी निर्माण कार्यमा उपभोक्ता समितिसँग भएको सम्झौताबमोजिम लिनुपर्ने रु.५४ लाख ९१ हजार जनसहभागिताको अंश नलिई कार्यक्रमको प्रगति शतप्रतिशत देखाएका छन् । उपभोक्ता परिचालनको लागि नीतिगत व्यवस्था भई स्वीकृत गरिएका कार्यक्रमहरुमा लिनुपर्ने जनसहभागिता नलिने प्रवृत्तिले विभागीय अनुगमन, नियन्त्रण पक्ष कमजोर देखिएको साथै उपभोक्ता स्वामित्वको आधारसमेत प्रष्ट नहुने हुँदा यसतर्फ सुधार हुनुपर्दछ ।

२६. **उपभोक्ता समितिको काम** – सार्वजनिक खरिद ऐन तथा नियमावली, २०६४ को नियम ९७(१) मा रु.साठी लाख रुपैँयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सेवा उपभोक्ता समुदायबाट गराउन सकिने व्यवस्था छ । खानेपानी तथा ढल निकास विभाग अन्तर्गतका अधिकांश कार्यालयहरुले नियममा उल्लिखित व्यवस्थाभन्दा बढी लागत अनुमान भएका कार्यहरुसमेत योजनामा सालवसाली छुट्याएको रकमबाट गराउने गरेका छन् । यो वर्ष छनौट गरी परीक्षण गरिएका चितवन, सिन्धुली, डडलेधुरा र तनहुँ लगायतका कार्यालयले रु.६२ करोड ८ लाख ६६ हजार लागत अनुमान भएका २३ आयोजनाको कार्य नियमको प्रावधानविपरीत भुक्तानी गरेको पाइयो ।

२७. **कार्यक्रम कार्यान्वयन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा मातहत कार्यालयबाट चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक कार्यालयले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने र नियम २६(२) बमोजिम प्रगति समीक्षामा प्रगति कम हुनका कारणहरु, सोको निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान, सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही पनि उल्लेख

हुनुपर्ने व्यवस्था रहेको छ । खानेपानी तथा ढल निकास विभाग अन्तर्गतका कार्यालयहरुले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक प्रगति तयार गरी तालुक निकायमा पठाउँदा कार्य प्रगति शतप्रतिशत देखाएका कार्यहरुकोसमेत लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा उल्लेख भएबमोजिम प्रगति नभएको, निर्मित संरचनाहरुबाट उपभोक्ताहरुले सुविधा पाउन नसकेका र योजनामा गरिएको लगानीसमेत जोखिममा पर्ने सम्भावना रहेको एवं स्वीकृत ड्रइङ्ग डिजाइनभन्दा फरक गरी कार्य भएकोमा सुधार नभएका र खानेपानी सम्बन्धी संरचनाहरु प्रभावकारी रुपले सञ्चालनमा नरहेको निम्न व्यहोराबाट देखिएको छ:

२७.१ कोशी नदीमा आएको बाढीबाट विस्थापित जनतालाई तत्काल पुर्नस्थापनासम्बन्धी कार्य गर्न बाढीग्रस्त क्षति निर्माण आयोजनाबाट डिभिजन कार्यालय, सुनसरीमार्फत जिल्लाका लौकही, भण्टावारी र हरिपुर गाउँ विकास समितिमा खानेपानी तथा सरसफाई कार्य सञ्चालन गर्ने कार्यक्रम स्वीकृत भई यो वर्षसम्म रु.१५ करोड २३ लाख ७० हजार लगानी भएको छ । कार्यक्रमअनुसार ३ स्थानमा ओभरहेड ट्याङ्की निर्माण गरी वितरण प्रणाली चालु गराउने, स्यालो ट्युबवेल जडान गर्ने, सरसफाईसम्बन्धी कार्यक्रमसमेतका कार्यक्रम रहेकोमा कार्यालयले निर्माण व्यवसायीबाट कार्य प्रारम्भ गरेकोमा पटक पटक म्याद थप गर्दै यो वर्षसम्म भण्टावारी र हरिपुरको ओभरहेड ट्याङ्कीको संरचना तयार भएपनि लौकहीको ट्याङ्की हालसम्म तयार नभएको, तयारी भएका ट्याङ्कीमा लिकेज प्रूफ कार्य बाँकी रहेको, दुबै स्थानमा पानी प्रशोधन उपकरणहरु जडान कार्य अधुरो रहेको, वितरण प्रणालीमा उपभोक्तालाई धारासमेत जडान गर्ने कार्यक्रम स्वीकृत भएकोमा यो वर्ष रु.९ लाख ९१ हजार मूल्यमा मिटर खरिद गरेपनि जडान नगरी मौज्दात राखेको छ । योजनाको अवधि २०६६/६७ - २०६८/६९ पूरा भइसकेकोमा योजनाको ओभरहेड ट्याङ्कीको वितरण प्रणाली सञ्चालनमा आउन नसकी हालसम्म जनताले सेवा प्राप्त गर्नसकेको पाइएन । कार्यालयले पटक पटक म्याद थप हुने र विभागबाट थप भएको म्यादमा पनि कार्य अगाडी नबढेकोले यस्तो अवस्था श्रृजना भएको तथा योजनामा केही त्रुटि सच्चाउन आवश्यक कारबाही भइरहेको जवाफ दिएको छ ।

२७.२ डिभिजन कार्यालय, कैलाली अन्तर्गत २०६४/६५ देखि निर्माण कार्य प्रारम्भ गरी यस वर्षसम्म रु.२ करोड ८ लाख लगानी भइसकेका दुई योजनामा हालसम्म पाइप खरिद नभएको अवस्था देखाई ती योजनामा निर्मित डिप ट्युबवेल तथा ओभरहेड ट्याङ्कीबाट उपभोक्ताहरुलाई सेवा उपलब्ध गराएको पाइएन ।

२७.३ डिभिजन कार्यालय, बारा अन्तर्गतको डुमरवाना खानेपानी योजनामा खानेपानी ट्याङ्की निर्माणको लागि हालसम्म रु.९८ लाख ५५ हजार भुक्तानी भइसकेको छ । योजनामा २२५ घनमिटरको ओभरहेड ट्याङ्की निर्माण गरी पानी वितरण गरिने कार्यक्रम रही २०६४।१२।७ मा एक निर्माण व्यवसायीसँग २०६६।३।२० सम्म निर्माण कार्यसम्पन्न गर्ने गरी ठेक्का बन्दोबस्त भएकोमा निर्माण गरिएको ट्याङ्कीको ४ वटै पिलर साइडबाट लगातार पानी लिकेज भइरहेको, योजनास्थलमा इलेक्ट्रिफिकेशनको कार्य नभएको, १ डिप बोरिङ्ग निर्माण गरेकोमा सो परीक्षण नगरेको र पम्पहाउस तयार नभएको साथै निर्माण गरिएको चौकिदार क्वार्टरसमेत भत्केको अवस्थामा रहेको स्थलगत निरीक्षणबाट देखियो ।

२७.४ डिभिजन कार्यालय, महोत्तरीअन्तर्गत मटिहानी खानेपानी योजनामा २२५ घनमिटरको ओभरहेड ट्याङ्की निर्माण २०६५।१२।२८ मा रु.५७ लाख ३५ हजारमा २०६७।३।१७ मा कार्य पूरा गर्ने गरी सम्झौता भई कार्य प्रारम्भ भएकोमा २०६७।६८ सम्म रु.४८ लाख २६ हजार भुक्तानी भइसकेको छ । उक्त निर्माणस्थलको स्थलगत निरीक्षण गर्दा ट्याङ्कीको ३ कोलम दोस्रो ब्रेसिङ्गदेखि डोमसम्म बाङ्गिएको र टेढो रहेको देखियो । निरीक्षणको क्रममा कार्यालय प्रमुखसँग जानकारी लिँदा स्वीकृत डिजाइनअनुसार निर्माण कार्य नभएको र निर्माण अवधिमा सुपरीवेक्षण नभई उक्त अवस्था भएको जानकारी प्राप्त भएको । निर्माण व्यवसायीको दोस्रो पटक म्याद थप गरी २०६८।३।३० पुऱ्याएकोमा २०६९ माघसम्म पनि साइटमा कार्य चालु भएको देखिएन ।



कोलमहरु बाँगिएको र टेढो रहेको ट्याङ्की

अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति

२८. **सवारीसाधन** – सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम १० ले निर्माण कार्यको लागत अनुमान तयार गर्दा अपनाउनुपर्ने प्रक्रियाका सम्बन्धमा व्यवस्था गरेको छ । सवारीसाधन खरिद गर्दा सम्बन्धित बजेट रकममा व्यवस्था गरी कानूनमा भएको व्यवस्था अनुसारको प्रक्रिया पुऱ्याई प्राप्त अख्तियारीबमोजिममात्र खरिद गर्नुपर्ने व्यवस्था छ । समितिले ढल निर्माणसम्बन्धी कार्यको बोलपत्र परिमाण सूचीको आइटमवाइज कार्य परिमाणमा ४ पिकअप गाडी र १० मोटरसाइकलसमेत समावेश गरी ४ निर्माण व्यवसायीसँग रु.१ करोड ६ लाख २५ हजारमा खरिद सम्झौता गरेको पाइयो । निर्माण कार्यको लागत अनुमानमा थप सवारीसाधन समावेश गरी खरिद गर्नाले कार्यालयलाई अख्तियारी प्राप्त नभएको कार्यमा खर्च गरेको तथा आयोजना लागतसमेत वृद्धि गराएको देखियो ।

२९. **सम्झौता विपरीत भुक्तानी** – निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताबमोजिम एक डवल पिकअप गाडी खरिदको लागि निर्माण व्यवसायीले रु.१९ लाख ६० हजार कबोल गरेकोमा उक्त आइटम अन्तर्गत सवारीसाधन आपूर्ति गराएको पाइएन । सो आइटममा निर्माण व्यवसायीले कबोल गरेको रकमलाई पन्ध्र महिना समान दरबाट कायम गरी २०६९ आषाढसम्म रु.१४ लाख ३६ हजार र मूल्य अभिवृद्धि कर रु.१ लाख ८६ हजारसमेत रु.१६ लाख २३ हजार भाडा भुक्तानी सरह निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । खरिद सम्झौताको आइटममा खरिद गर्ने गरी राखिएको सवारीसाधन आपूर्ति नगराई भाडा सरह भुक्तानी गर्ने कार्य सम्झौता विपरीत देखिएकोले उक्त रकम असुल गरी लागत अनुमानमा तोकिएको स्पेशिफिकेशन बमोजिमको सवारीसाधन लिनुपर्दछ ।

३०. **मूल्य समायोजन** – सार्वजनिक खरिद नियमावलीको नियम ११९ मा मूल्य समायोजन र ११९(२)(झ) ले मूल्य समायोजनसम्बन्धी प्रावधान लागू हुन पूरा हुनुपर्ने अन्य शर्त तथा बन्देज समेतलाई खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने गरी तोकेको छ । समितिले २०६६/६७ देखि प्रारम्भ गरेका रु.३८ करोड ७ लाख ३४ हजार मूल्यका ३ खरिद सम्झौतामा मूल्य समायोजनको अवस्था रहेको आधार देखाई यस वर्षसम्म रु.२ करोड २२ लाख ४३ हजार मूल्य समायोजनबापत भुक्तानी गरेको छ ।

खरिद सम्झौताको शर्तअनुसार १५ महिनापछि मात्र मूल्य समायोजनको व्यवस्था कार्यान्वयन हुने, मूल्य समायोजन गणना गर्दा पेश्की रकम घटाएर मात्र गणना गर्ने, निर्माण व्यवसायीले अद्यावधिक कार्यतालिका पेश गर्नुपर्ने, समायोजन हुने रकम सम्झौता रकमको २५ प्रतिशतसम्म हुने शर्त रहेका छन् । खरिद सम्झौतामा मूल्य समायोजन भुक्तानी पाउन १५ महिनापछिको अवधिबाट लागू हुने शर्त रहेकोमा खरिद सम्झौताको म्याद पटक पटक थप गरी बढाएको कारण निर्माण कार्यको प्रथम रनिङ्ग बिलबाटै मूल्य समायोजनको स्थिति श्रृजना भएको पाइयो । निर्माण व्यवसायीले कार्यतालिका पेश नभएकोमासमेत म्याद थप दिने गरेको छ । साइट उपलब्ध गराउन नसकेको कारणबाट सबै ठेक्काहरुमा मूल्य समायोजन भुक्तानी गरेकोपनि देखियो । एक खरिद सम्झौताका निर्माण व्यवसायीको तेस्रो रनिङ्ग बिल भुक्तानी गर्न सिफारिस गर्दा २५ प्रतिशतमात्र मूल्य समायोजन भुक्तानी गर्ने गरी स्वीकृत गरेकोमा पछिल्लो बिलमा सोअनुसार नगरेको र मोबिलाइजेशन पेश्की कट्टा गर्नुपर्ने शर्त भए तापनि सम्झौताको शर्तअनुसार निर्माण व्यवसायीको बिल कुल सम्झौता रकमको ३० प्रतिशतसम्म नआएको उल्लेख गरी पेश्कीको रकम कट्टा नगरी मूल्य समायोजन भुक्तानी गरेको छ । कार्यस्थलको सुनिश्चिता र काम हुने अवस्था नहुँदै ठेक्का बन्दोवस्त गर्दै पटक पटक म्याद थप गरी नेपाल सरकारलाई बढी दायित्व पारेको अवस्था छ ।

दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना

३१. **थप लगानी** – आयोजना अन्तर्गत सञ्चालन हुने नगर खानेपानी योजनाहरुको कार्य प्रारम्भ गर्नु अगावै नेपाल सरकार, नगर विकास कोष, स्थानीय निकाय र उपभोक्ता समितिबीच लगानी सम्झौता हुनुपर्नेमा गत वर्ष छनौट भएका ३ योजनामा हालसम्म लगानीसम्बन्धी सम्झौता भएको पाइएन । यी योजनाहरुको ड्रइङ्ग,

डिजाइन र निर्माण कार्यको सुपरभिजन गर्न नियुक्त परामर्शदातालाई यो वर्ष रु.२९ लाख ८० हजार तथा गैरसरकारी संस्थालाई गरेको भुक्तानी र कार्यालय सञ्चालनमा भएको खर्च रु.४० लाख ६५ हजारसमेत जम्मा रु.७० लाख ४५ हजार उपयोगको स्थिति अन्यौलपूर्ण देखियो । गत वर्षसमेत यी योजनाहरुमा यस्तो रकम रु.१ करोड ६८ लाख ६६ हजार रहेको थियो । योजना सञ्चालनको लागि तोकिएका प्रक्रिया पूरा नहुँदै लगानी बढाउनु उपयुक्त देखिएन ।

३२. **दोहोरो सुविधा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(२) मा खरिद सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्दा उल्लेख गर्नुपर्ने कुराहरु व्यवस्था गरी ११९(२) (ख) बमोजिम मूल्य समायोजनको सूत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सूत्र निर्धारण गर्नुपर्ने व्यवस्था छ ।

विभिन्न साना शहरी खानेपानी आयोजनाका निर्माण व्यवसायीहरुसँग भएको खरिद सम्झौताको शर्तमा मूल्य समायोजन गर्ने सूत्रको व्यवस्था गर्दा निर्माण व्यवसायीले लिएको पेश्की रकम कट्टा नगरी गणना गर्ने गरी सम्झौता गरेको पाइयो । साथै ती सम्झौताहरुमा निर्माण व्यवसायीले लिएको पेश्की रकम कट्टा गर्ने सम्बन्धमासमेत सम्झौता मूल्यको ३० प्रतिशतसम्मको कार्य परिमाण मूल्य भएको रनिङ्ग बिल पेश भएपछि मात्र कट्टा गर्न सुरु गरिने व्यवस्था गरेको छ । सम्झौतामा निर्माण व्यवसायीलाई डि.आई.पाइप खरिद गर्दा थप पेश्की दिने व्यवस्थासमेत गरी सम्झौता गरेको देखियो ।

३२.१ यो वर्ष शिवनगर खानेपानी योजना, कैलालीका निर्माण व्यवसायीले रु.१ करोड ३२ लाख ५५ हजार पेश्की लिएको अवस्था हुँदाहुँदै रु.१ करोड १९ लाख ९७ हजारको बिल रकम भुक्तानी गर्दा रु.५ लाख ८४ हजार मूल्य वृद्धिसमेत भुक्तानी गरेको देखियो । कानूनले खपत भएको परिमाणमा मात्र मूल्य वृद्धि दिने व्यवस्था गर्नुपर्ने गरी तोकेको अवस्थामा नियमावली विपरीत सम्झौता गर्नु मनासिब देखिएन । उक्त व्यवस्थातर्फ विचारै नगरी दाहोरो सुविधा उपलब्ध गराउने गरी सम्झौता गराई कार्य गराउने यस्तो परिपाटीको नियन्त्रण हुनुपर्दछ ।

३२.२ डिभिजन कार्यालय, दाङ्ग र रुपन्देहीले निर्माणस्थलमा सामग्री ल्याएको आधार देखाई निर्माण व्यवसायीलाई रु.३१ लाख ४६ हजार थप भुक्तानी गरको छ । सम्झौताबमोजिम डि.आई.पाइपबापतको सामग्री खरिदको रकम भुक्तानी दिने र सामग्री प्रयोग भएपछि कट्टा गरिने व्यवस्था भएकोमा यो वर्ष तेस्रो रनिङ्ग बिलसम्मको भुक्तानी भइसकेकोमा पाइपको मूल्य कट्टी नगरेको र पाइप खरिदको बिलसमेत समावेश नगरी भुक्तानी दिएको पाइयो ।

३३. **सवारीसाधन** – एसियाली विकास बैङ्कको अनुदान सहायताबाट सञ्चालित यस योजनाका स्वीकृत क्याटेगोरीवाइज खर्च बाँडफाँड बमोजिम निर्माण कार्यको लागतमा ६२ प्रतिशत बैङ्कले र बाँकी नेपाल सरकार तथा उपभोक्ता समितिले व्यहोर्ने व्यवस्था छ । आयोजना अन्तर्गत निर्माणाधीन नगर खानेपानी योजनाहरुको कार्य गर्न स्वीकृत लागत अनुमान आइटममा सवारीसाधन समावेश गरी ठेक्का बन्दोबस्त गरी खरिद सम्झौता गरेको पाइयो । यो वर्ष ५ नगर आयोजनाका निर्माण व्यवसायीलाई रु.१ करोड ५२ लाख ९ हजार मूल्यका सवारीसाधन आपूर्तिबापत भुक्तानी गरेको छ । आपूर्ति गरिएका सवारीसाधन निर्माण व्यवसायीको नाममा रहेका र उक्त सवारीसाधनको मर्मत र सञ्चालनको लागि निर्माण व्यवसायीकै बिल अफ क्वान्टिटीमा थप रकमसमेत व्यवस्था गरेको पाइयो । कार्यालयलाई प्राप्त खर्चको अख्तियारीबमोजिमको रकम निकासा लिई खर्च गरेकोमध्ये निर्माण कार्यमा भएको भुक्तानीको ६२ प्रतिशत बैङ्कले व्यहोर्ने हुँदा सवारीसाधन खरिदको रकम स्वीकृत नहुँदा निर्माण कार्यको रकमबाट नेपाल सरकारतर्फको रकम खर्च भएको देखियो ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

३४. **योजना स्वीकृति** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ ले आयोजना स्वीकृत गराउने व्यवस्था गरेको छ । समितिको कार्यसञ्चालन सम्बन्धमा स्वीकृत निर्देशिकाको २.२ मा बजेट तयारी र

स्वीकृतिको व्यवस्था छ । समितिको वार्षिक कार्यक्रम योजना आयोगबाट स्वीकृत हुँदा विकास चरणका योजना र कार्यान्वयन चरणका योजना उल्लेख गरी कार्यक्रम स्वीकृत भई नेपाल सरकारको रातो किताबमा समिति अन्तर्गत सञ्चालन हुने योजनाको नाम र जिल्लासमेत छुट्टाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । समितिले यो वर्ष रातो किताबमा समावेश नभएका १२ जिल्लाका ३० योजनामा रु.३ करोड ९१ लाख ६९ हजार खर्च गरेको छ । समितिले आगामी वर्षदेखि योजनाहरु अनिवार्य रुपमा कार्यक्रममा समावेश गरिने जवाफ दिएको छ ।

३५. **योजना छनौट** – आर्थिक कार्यविधि नियमावली, २०६४ का नियम २२ मा आयोजना स्वीकृत गर्ने आधार अनुसूची ३ बमोजिम हुने व्यवस्था गरी आयोजनाको छनौट गर्दा उद्देश्य, क्षेत्र, निर्माण लागत, आर्थिक, सामाजिक प्रतिफल र लागतलाभको अनुपात लगायत विषयसमेत लिनुपर्ने गरी तोकेको छ । समिति अन्तर्गतका योजनाहरुमा लगानी गर्नु पूर्वसमेत उक्त आधारहरु पूरा गरी योजना स्वीकृत हुनुपर्ने र लगानी सम्बन्धी सम्झौता हुनुपर्नेमा २०६१।६२ देखि २०६६।६७ सम्म समितिले स्वीकृत गरेका र लगानी गर्न सुरु गरेका विकास चरणका ३७ योजना तथा कार्यान्वयन चरणमा थप लगानी गरिएका १२ योजनामा सम्झौता रकमको २१.०९ प्रतिशतदेखि ८८.३२ प्रतिशतसम्म खर्च भइसकेपछि अधिकांश योजनाको खानेपानीको मूलमा विवाद रहेको देखाई योजना नै रद्द गरेको पाइयो । समितिले २०६४।६५ र २०६६।६७ को अवधिमा सञ्चालन सुरु गरेकामध्ये १०९ योजनामा हालसम्म काम पूरा नभएकोले रद्दको स्थिति स्पष्ट नदेखिए तापनि बाँकी रद्द भएका योजनामा हालसम्म गरिएको लगानी रु.८३ लाख ८२ हजारबाट प्रतिफल प्राप्त हुनसकेन । योजना छनौट सम्बन्धमा गरिएका व्यवस्थाहरुको पूर्ण पालना गरेरमात्र लगानी गर्ने व्यवस्था हुनुपर्दछ ।

३६. **लेखापरीक्षण** – समितिको कार्यसम्पादन निर्देशिकाको ९.२ बमोजिम समितिले लगानी गरेका संस्था र योजनाहरुमा कार्यकारी निर्देशकले लेखापरीक्षक नियुक्ति गरी सहयोगी संस्था र खानेपानी संस्थाहरुको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । दोस्रोचरण अन्तर्गत २०६१।६२ देखि २०६६।६७ सम्म विभिन्न सहयोगी संस्था तथा आयोजनामा समितिले लगानी गरेकोमध्ये ४२० सहयोगी संस्था र ७८४ खानेपानी आयोजनाहरुको रु.१ अर्ब ३२ करोड ९ लाखको खर्च र कारोबार सम्बन्धमा लेखापरीक्षण गराउन लेखापरीक्षक नियुक्ति गरी सम्झौता गरेको भए तापनि सम्झौताबमोजिमको कार्य पूरा गरेको पाइएन । यस सम्बन्धमा नेपाल सरकारसँग समन्वय गरी कार्य गराउने जवाफ दिएको छ । तोकिएको प्रक्रियाबमोजिम कार्य गराई खर्चको पारदर्शीता स्पष्ट हुनुपर्दछ ।

३७. **रकम फिर्ता** – आर्थिक कार्यविधि ऐन तथा नियमावली, २०६४ को नियम ३३ बमोजिम आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहन आएको रकम फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । समितिले यो वर्ष निकासा लिएकोमध्ये खर्च नभई बाँकी रहेको रु.३ करोड ५७ लाख १७ हजार २०६९ फाल्गुणसम्म नेपाल सरकारलाई फिर्ता गरेको पाइएन । बाँकी रकममध्ये रु.३ करोड ५६ लाख २८ हजार शोधभर्ना हुने अनुदान रकम भएको र अनुदान सम्झौताको म्यादसमेत समाप्त भइसकेकोमा खर्च गरी शोधभर्ना नगराउने र रकम मौज्दात राख्ने दुबै कार्य कानूनसम्मत देखिएन ।

मेलम्ची खानेपानी विकास समिति

३८. **आयोजनाको अवस्था** – तीन चरणमा सम्पन्न गर्ने गरी २०५५।५६ मा सुरु भएको यो आयोजनाको पहिलो चरणमा सिन्धुपाल्चोक जिल्लाको मेलम्ची खोलाको रिबर्मा भन्ने स्थानमा हेडवर्क्स निर्माण गरी सो स्थानदेखि सुन्दरीजलसम्म २६.२१ किलोमिटर सुरुङ्ग मार्फत दैनिक १७ करोड २८ लाख लिटर पानी काठमाडौं उपत्यकाभित्र ल्याउने उद्देश्य रहेको छ । त्यसैगरी दोस्रो र तेस्रोचरणमा याङ्ग्री र लार्के खोलाबाट दैनिक १७/१७ करोड लिटर पानी थप्दै लाने लक्ष्य लिइएको छ । आयोजना अन्तर्गत मेलम्ची डाइभर्सन स्कीम, पानी प्रशोधन केन्द्र, थोक वितरण प्रणाली, खानेपानी वितरण प्रणाली (पुन:निर्माण सुधार) र ढल निकास तथा प्रशोधन केन्द्रहरुको पुन:निर्माण र विस्तार गर्ने कार्यमा ३१७.३ मिलियन अमेरिकी डलर अर्थात रु.१७ अर्ब ४३ करोड ७३ लाख लागत अनुमान रहेको छ ।

३९. **लागत तथा आर्थिक स्रोत** – आयोजनाको कुल लागतमध्ये नेपाल सरकारको अमेरिकी डलर ९ करोड ६ लाख, एसियाली विकास बैङ्कको ऋण सहायता अमेरिकी डलर १३ करोड ७० लाख, जापान बैङ्क फर इन्टरनेशनल कोअपरेसनको ऋण सहायता अमेरिकी डलर ४ करोड ७५ लाख, जापान सरकारको अनुदान १ करोड ८० लाख, नर्डिक विकास कोषको ऋण अमेरिकी डलर १ करोड ५ लाख र ओपेक कोषको ऋण अमेरिकी डलर १ करोड ३७ लाख स्रोत रहने उल्लेख छ । आयोजनाको कुल लागतमध्ये मेलम्ची खानेपानी उपआयोजना–१ को लागि अमेरिकी डलर २४ करोड ९४ लाख र काठमाडौं उपत्यका खानेपानी लिमिटेड उपआयोजना–२ को लागि ६ करोड ७९ लाख अमेरिकी डलर छुट्याइएको छ । मेलम्ची खानेपानी आयोजना (उपआयोजना–१) मा सुरुङ्ग तथा हेडवर्क्स, प्रवेशमार्ग, पानी प्रशोधन केन्द्र र आयोजना व्यवस्थापन सहयोग लगायतका काममा यस वर्षसम्म निम्नानुसार रु.८ अर्ब ५६ करोड १२ लाख ९९ हजार खर्च भएको छ । खर्चको स्रोत एवं क्षेत्रगत लगानी निम्नानुसार रहेको छ:

(रु.हजारमा)

स्रोत तथा खर्च विवरण	रकम	खर्च उपयोग क्षेत्र	यस वर्षको खर्च	यस वर्ष सम्मको खर्च	खर्च प्रतिशत
नेपाल सरकार	३,२०,०२,५६	मुआव्जा तथा क्षतिपूर्ति	२८,८१	८,९४१,९७	१०.४४२
जापान	१७,५५,७०	सामाजिक उत्थान/आयोजना सञ्चालन	४,५५,९८	३६,९६,०४	४.३१७
एसियाली विकास बैङ्क	२,८४,८३,५२	भौतिक संरचना निर्माण	५२,२०,६०	४,२८,७७,५७	५०.२८३
नोराड	७२,२३,७०	सवारी साधन/उपकरण खरिद	११.१४	३,४६,२१	०.४०४
सिडा	७,४१,६९	परामर्श सेवा	१६,२०,६२	२,७६,१९,६५	३२.२६१
एन.डी.एफ.	४६,४९,५२	सुरक्षा खर्च	०	१२,३८,३६	१.४४६
एसियाली विकास बैङ्क	८,८७,५९	भवन निर्माण	२,१५,७२	८,९३,१९	१.०४४
ओपेक ऋण	९८,६८,७१				
जम्मा:	**८,५६,१२,९९**	**जम्मा:**	**७५,५२,८७**	**८,५६,१२,९९**	**१००**

४०. **उपआयोजनाहरुको कार्यान्वयन** – मेलम्ची खानेपानी आयोजनाअन्तर्गत उपआयोजना–१ र २ अन्तर्गत संरचना निर्माण लगायतका कार्यहरु एक अर्कासँग अन्तरसम्बन्धित भएकोले तिनीहरुको कार्यान्वयनको समय तालिका एवं कार्य प्रारम्भ तथा समाप्तिसमेत तोकिएका अवधिभित्र सम्पन्न गरेको अवस्थामा मात्र लक्षित उद्देश्य बमोजिम उपलब्धी हुनसक्ने तथा परियोजनामा गरिएको लगानीबाट बढीभन्दा बढी सेवा सुविधा प्राप्त हुने अवस्था रहन्छ । दुबै उपआयोजनाको संरचना निर्माण कार्यको हालसम्मको स्थितिले तोकिएको अवधिभित्र लक्षित उद्देश्य हासिल गर्नसक्ने अवस्था देखिएन । उपत्यकाको हालको खानेपानी क्षेत्रमा थप सेवा सुविधासमेत पुऱ्याउने लक्ष्य लिई प्रारम्भ गरिएका यी आयोजनाहरुको कार्य स्थिति निम्नानुसार लक्ष्यअनुरुप नभएको अवस्था छ:

उपआयोजना – १			**उपआयोजना – २**		
मूख्य कार्यहरु	**२०६९ मसान्तसम्मको खर्च**	**निर्माण कार्यको अवस्था**	**मूख्य कार्यहरु**	**२०६९ मसान्तसम्मको खर्च**	**निर्माण कार्यको अवस्था**
सुरुङ्ग निर्माण कार्य	११८४२०१	ठेक्का तोडिएको अवस्था	थोक वितरण प्रणाली	१६३७७५	ठेक्कापट्टा स्वीकृत भई कार्य प्रारम्भ
प्रवेशमार्ग निर्माण	२४८२९१६	सम्पन्न हुने अवस्था	वितरण प्रणाली सुधार	४१७५९८	करिव ९४% सम्पन्न
क्याम्प साइट तथा भवन निर्माण	१२०९११	चालु अवस्था	उत्पादन वृद्धि/सुधार	३३२९१	करिव ७४% सम्पन्न
पानी प्रशोधन केन्द्र	१७९६०० (परामर्श सेवा)	एक पटक बोलपत्र रद्द गरी पुन: बोलपत्र माग भएको	ढल प्रणाली सुधार	५२६१३	करिव ९१% सम्पन्न
सामाजिक उत्थान कार्यक्रम	४३७७२६	चालु अवस्था	गुणस्तर सुधार	५९७२८	करिव ७०% सम्पन्न
मुआव्जा/क्षतिपूर्ति	८९५३३३	चालु अवस्था	परामर्श सेवा	१७२६२१	चालु अवस्था
परामर्श सेवा	२६३६३९९	चालु अवस्था			

उपर्युक्त स्थितिको विश्लेषणबाट यस आयोजनाको पहिलोचरणको अवधि ८३ प्रतिशत व्यतीत भइसकेको अवस्थामा उपआयोजनाहरुले तयार गर्नुपर्ने मुख्य संरचनाहरुको निर्माण लगायत तयारीका कार्यहरु

केही सुरु नै नभएका र न्यून गतिमा मात्र कार्य भइरहेको देखियो । आयोजनाले तयार गरेको पहिलो चरणको अवधि एक वर्षमात्र बाँकी रहेको अवस्थामा यस चरणको लागि तोकिएको कार्य पूरा नहुने स्थिति रहेको छ । यस अवस्थामा थप सुधार नहुने हो भने आयोजनाका अन्य दुई चरणका कार्यहरुसमेत प्रभावित हुने र सुरुङ्ग निर्माण, पानी प्रशोधन केन्द्र, सडक स्तरोन्नति, सामाजिक उत्थान, थोक वितरण प्रणाली, अन्य संरचना निर्माण कार्यको ड्रइङ्ग, डिजाइन तथा सुपरभिजन कार्यमा नियुक्त गरिएका परामर्शदाताहरुको लागत थप वृद्धि हुँदै जाने देखियो ।

समिति तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा आयोजनासम्बन्धी काम गर्न विगत ८ वर्षदेखि विभिन्न चरणमा सम्झौता गर्दै कार्य गराउन ७ परामर्शदाता/फर्म निरन्तर रुपमा राखी हालसम्म रु. २ अर्ब ८० करोड ९० लाख परामर्श सेवाबापत भुक्तानी भइसकेको छ । परामर्श सेवा खरिद गर्दा मूल्य समायोजनको शर्तसमेत रहेकोले समयमै निर्माण कार्य पूरा नगरेको कारण परामर्शदाताको समयावधिसमेत वृद्धि हुदैं गएको कारण यस्तो कार्यको लागतमा अझै वृद्धि हुने देखियो ।

४१. **ठेक्का कार्य** – सुरुङ्ग निर्माण कार्य गर्न एक विदेशी निर्माण व्यवसायीसँग ५४ महिनाको अवधि स्वीकृत गरी २१ अप्रिल २००९ बाट साइटमा परिचालित भएकोमा २०६९ आषाढसम्म ५.९२ किलोमिटर सुरुङ्ग खनिएको अवस्था रहेको छ । निर्माण व्यवसायीलाई सुरुङ्ग निर्माण कार्य गर्न दिइएको समयावधि यो वर्षसम्म ९६ प्रतिशत अवधि व्यतीत भइसकेको अवस्थामा सुरुङ्ग निर्माणमा २१.०४ प्रतिशत मात्र प्रगति भएको छ । यसैबीच विभिन्न कारणहरु उल्लेख गरी १२ सेप्टेम्बर २०१२ मा निर्माण व्यवसायीले एकतर्फी रुपमा ठेक्का तोडेकोलाई आयोजनाले निष्प्रभावी मानी २५ सेप्टेम्बर २०१२ मा आयोजनाकै तर्फबाट निज निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा १५.२ बमोजिम ठेक्का तोडेको जानकारी गराएको छ । निर्माणस्थलमा व्यवसायीले छाडेका निर्माण सामग्री तथा उपकरणहरु अलपत्र अवस्थामा रहेकोले आयोजनाले तिनको उचित संरक्षण गर्नुपर्ने देखिन्छ । ठेक्का तोडिए पश्चात् बाँकी कार्य पूरा गर्न पुन: बोलपत्र आह्वान गरी प्राप्त ४ बोलपत्रको मूल्याङ्कनको चरणमा रहेको र सन् २०१६ को मार्चभित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य तय गरिएको आयोजनाबाट छलफलका क्रममा जानकारी प्राप्त भएको छ ।



निर्माणधीन सुरुङ्ग

४२. **बोलपत्र रद्द** – आयोजनाको सुन्दरीजलमा निर्माण गरिने पानी प्रशोधन केन्द्रको डिजाइन तथा बोलपत्रसम्बन्धी कागजात र लागत अनुमान परामर्शदाताबाट तयार गरी समितिले उक्त कार्य अन्तर्राष्ट्रिय बोलपत्रमार्फत कार्य गराउन गत वर्ष नै आह्वान गरेको र बोलपत्रसम्बन्धी प्रक्रिया पूरा गरी ऋण लगानीकर्ता जाइकामा पठाएकोमा सो निकायबाट सहमति प्राप्त नभएको अवस्था देखाई समितिले बोलपत्रसम्बन्धी सम्पूर्ण कार्य रद्द गरेको थियो । यो वर्ष सोही परामर्शदाताबाट पुन: डिजाइन र बोलपत्रसम्बन्धी कागजात तयारीसमेतको कार्य गराई बोलपत्र आह्वानको लागि कार्य गराउँदा गत वर्ष भइसकेको कार्यमा परामर्शदातालाई (पारिश्रमिक) बापत रु.४ करोड १३ लाख ८३ हजार र निर्माण कार्यको लागत अनुमानमा गत वर्षभन्दा रु.१७ करोड ११ लाख ६४ हजार थप गरेको छ । दातृ निकायको सहमति प्राप्त नभएको कारणबाट उक्त कार्यमा एकै वर्षमा रु.२१ करोड २५ लाख ४६ हजार थप व्ययभार परेको छ । यो वर्षसमेत दातृ निकायबाट सहमति प्राप्त भएको देखिएन ।

४३. **भेरिएसन आदेश** – सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम ११८ बमोजिम खरिद सम्झौताबमोजिम कार्य सुरु गरिसकेपछि प्राविधिक कारणबाट त्यस्तो कामको परिमाण र नयाँ आइटम थपघट गर्न वा सट्टा गर्न आवश्यक देखिएमा थप आइटम सहितको लागत अनुमान तयार गरी प्राविधिक पुष्ट्याँई

सहित तोकिएको पदाधिकारीले भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था रहेको छ । ऐन तथा नियमावलीको व्यवस्था विपरीत थप कार्यको भेरिएसन आदेश स्वीकृत नै नगरी निम्नानुसार भुक्तानी गरेको छ:

४३.१ आयोजनाले लामिडाँडा – मेलम्ची पुल बजार सडक निर्माण कार्यको निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौताबमोजिम यो वर्ष रु.७ करोड ६५ लाख १३ हजार थप भुक्तानी गरेको छ । सुरु सम्झौताको कार्य परिमाणको आइटमवाइज कार्यमध्ये ५२ आइटममा १ हजार २७९ देखि ४ हजार ९३७ प्रतिशतसम्म कार्य परिमाण वृद्धि भएको तथा सुरु खरिद सम्झौता रु.४३ करोड ५२ लाख ५० हजार रहेकोमा हालसम्म रु.६२ करोड ३२ लाख ३७ हजार भुक्तानी भइसकेको अवस्था देखियो ।

४३.२ मेलम्ची पुल बजार क्याम्प साइट (प्याकेज बी) का निर्माण व्यवसायीलाई समितिले २०६७।६।५ मा रु.३८ लाख ९९ हजारको पहिलो भेरिएसन आदेश जारी गरेको छ । सोही निर्माण व्यवसायीको बाउण्ड्रीवालसम्बन्धी काममा परिमाण थप गर्नुपर्ने अवस्था देखाई पुन: रु.४८ लाख ६८ हजार उक्त भेरिएसन गर्नुपर्ने नपर्ने सम्बन्धमा अध्ययन गरी सिफारिस गर्न एक कार्यदल गठन गरेको छ । कार्यदलले २०५८।८।१३ मा निर्माण व्यवसायीको काममा सुस्तता रहेकोले प्रस्तावित भेरिएसनको कार्य छुट्टै ठेक्काबाट गराउन उपयुक्त हुने सुझाव दिएकोमा सो सम्बन्धमा आवश्यक निर्णय नै नगरी तथा भेरिएसन आदेशसमेत स्वीकृत नगरी रु.२७ लाख ६४ हजार भुक्तानी दिएको छ ।

४३.३ समितिले हेडवर्क्स तथा डाइभर्सन टनेल कार्यको (आई.पी.सी.-१६ सम्मको) भुक्तानी गर्दा अडिट टनेलहरुको लम्बाई सम्झौतामा समावेश कार्य परिमाणमा उल्लिखितभन्दा निम्नानुसार बढी हुने गरी रु.२ करोड ५८ लाख ९७ हजार भेरिएसन आदेश जारी गरेको पाइयो ।

(रु.हजारमा)

क्र.सं.	अडिट टनेल	इकाई	परिमाणसूची अनुसारको		अन्तरिम बिल १६ सम्मको		फरक	
			परिमाण	रकम	परिमाण	रकम	परिमाण	रकम
१	सिन्धु	मिटर	३२७	१४,४९९	७५३.६४	२८,९६४	४२६.६४	१४,४६५
२	ग्याल्थुम	,,	१९१	८,४४२	३१०.५४	१३,६७४	११९.५४	५,२३२
३	अम्बाथान	,,	१७१	७,४९७	३६६.५८	१३,६९७	१९५.५८	६,२००
		जम्मा:	**६८९**	**३०,४३७**	**१४३०.७६**	**५६,३३५**	**७४१.७६**	**२५,८९७**

तालिकाअनुसार अडिट टनेलहरुको लम्बाई ६२.५९ देखि १३०.४७ प्रतिशतसम्म बढी देखाएको, फरक परिमाणमध्ये केही परिमाणको लागि नयाँ दर (प्रोभिजनल दर) समेत कायम गरेकोमा परिमाण तथा दर विश्लेषण एवं प्राविधिक पुष्ट्याई सहितको भेरिएसनको निर्णय पेश हुन आएन । साथै उक्त अडिट सुरुङ्गहरुको लम्बाई वृद्धिबाट मुख्य सुरुङ्गमार्गको पूर्व निर्धारित डिजाइन, लम्बाई तथा लागतमा पर्नसक्ने प्रभाव सम्बन्धमासमेत छानविन हुनुपर्ने देखिन्छ ।

४४. **ग्राउण्ड सपोर्ट कार्य** – एक्साभेटेड टनेल लेन्थ अनुसार नै ग्राउण्ड सपोर्टको कार्य परिमाण (लेन्थ) हुनुपर्नेमा समितिबाट स्वीकृत लागत अनुमान तथा निर्माण व्यवसायीसँग भएको सम्झौताको कार्य परिमाणमा ग्राउण्ड सपोर्टको परिमाण निम्नानुसार १.२९ प्रतिशत देखि ३०.९४ प्रतिशतसम्म बढी हुने गरी राखेको पाइयो । ग्राउण्ड सपोर्टको कार्यलाई विभिन्न ६ प्रकारमा विभाजन गरी कार्य परिमाणमा राखेकोमा सोको कुल योग एक्साभेसन गरिने टनेलको लम्बाईभन्दा बढी देखिएको छ । एक्साभेसन तथा ग्राउण्ड सपोर्टको परिमाणको फरकको अनुपातमा समेत समानता नरही भिन्नता देखिएको छ । छैठौं प्रकारको ग्राउण्ड सपोर्टको कार्यको लागि निर्माण व्यवसायीले कबोल गरेको दरलाई आधार लिँदा देहायअनुसार रु.३५ करोड ३२ लाख ८४ हजार थप व्ययभार पर्न गएको देखिएकोले यस सम्बन्धमा छानविन गरी यकिन हुनुपर्दछ ।

(रु.हजारमा)

क्र.सं.	विवरण	टनेलको लम्बाई (मि.)	६ प्रकारको ग्राउण्ड सपोर्टको योगफल (मि.)	फरक परिमाण (मि.)	ग्राउण्ड सपोर्ट कार्यको कबोल दर	थप लागत
१.	हेडवर्क्स डाइभर्सन	२१०	२५९.५	४९.५	५,१९	२,५६,९१
२.	अम्बाथान अडिट	१९१	२४६	५५	५,१९	२,८५,४५
३.	अम्बाथान अडिट (अपस्ट्रिम)	७२७	७९६	६९	५,१९	३,५८,११
४.	अम्बाथान अडिट (डाउन स्ट्रिम)	४४४३	४४४५	१०२	५,१९	५,२९,३८
५.	ग्याल्थुम अडिट	१७१	२२३.९०	५२.९०	५,१९	२,७४,५५
६.	ग्याल्थुम अडिट (अपस्ट्रिम/डाउनस्ट्रिम)	७७७०	७८७०	१००	५,१९	५,१९,००
७.	सिन्धु अडिट	३२७	३७९.३	५२.३०	५,१९	२,७१,४४
८.	सिन्धु अडिट(अपस्ट्रिम/डाउनस्ट्रिम)	७४४०	७५४०	१००	५,१९	५,१९,००
९.	सुन्दरीजल अडिट (अपस्ट्रिम)	५९०४	६००४	१००	५,१९	५,१९,००
	जम्मा	**२७१८३**	**२७७६३.७**	**५८०.७०**	**५,१९**	**३५,३२,८४७४५**

४५. **रकम शोधभर्ना** – आयोजना निर्माणको कार्य एसियाली विकास बैङ्कको ऋण सहायतासमेतबाट सञ्चालन भइरहेकोमा सो बैङ्कसँग भएको ऋण सम्झौता अनुसार शोधभर्ना प्रक्रियाबाट रकम खर्च गर्ने व्यवस्था रहेको छ । समितिको इम्प्रेस्ट खाताबाट खर्च गरी शोधभर्नाको लागि बैङ्क समक्ष १३ माग पत्रबाट पेश गरेको अमेरिकी डलर १८ लाख ३६ हजारको रु.१६ करोड ८६ लाख ६४ हजार हालसम्म शोधभर्ना नभई रोक्का रहेको छ । गत वर्ष यस्तो रकम रु.५ करोड ९२ लाख ३० हजार रहेकोमा यस वर्ष पुनः थप भई शोधभर्ना नभएको उक्त रकममा वृद्धि भएको पाइयो । यसैगरी एसियाली विकास बैङ्कले लामिडाँडा–पुल बजार सडक खण्डको भेरिएसन आदेश स्वीकृत नभएको कारण देखाई रु.३ करोड २८ लाख ३० हजार हालसम्म शोधभर्ना गरेको पाइएन । समितिले यस वर्ष पुनः इम्प्रेष्ट खाताबाट पछिल्लो बिलको रु.६ करोड १ लाख ३१ हजार समेत भुक्तानी गरेको छ ।

सम्झौताबमोजिमका प्रक्रिया पूरा नगरी खर्च गर्ने र शोधभर्ना नहुने स्थितिले सहायता परिचालनको प्रभावकारिता नहुने तथा प्रक्रिया पूरा नगरी खर्च गर्ने परिपाटीमा वृद्धि हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी बाँकी रकम शोधभर्ना लिनुपर्दछ ।

४६. **दोहोरो भुक्तानी** – सामाजिक उत्थान कार्यक्रम सञ्चालन अन्तर्गत नियुक्त परामर्शदातासँग २२ नोभेम्बर २००९ मा पारिश्रमिक, आउट अफ पकेट एक्सपेन्सेस समेतको रकम छुट्याई सो शीर्षकमा रु.३ करोड ९४ लाख ३० हजार रहने, प्रोभिजनल सम र कन्टिन्जेन्सीबापत थप रु.२ करोड ३४ लाख ६९ लाख राखी सम्झौता भएको पाइयो । सम्झौतामा प्रोभिजनल सम तथा कन्टिन्जेन्सीबापतको रकम वास्तविक र यथार्थ खर्चको आधारमा समितिको स्वीकृतिमा मात्र खर्च गर्न सकिने व्यवस्था रहेको छ । सम्झौताको शर्तभन्दा फरक गरी १ डिसेम्बर २००९ मा पुनः कन्टिन्जेन्सी र प्रोभिजनल समको पूरै रकम खर्च गर्ने गरी परामर्शदाता र समितिबीच छुट्टै समझदारी गरी सोअन्तर्गतका रकमसमेत परामर्शदाताले दाबी गरी भुक्तानी गरेको छ । एकै अवधिमा मूल सम्झौता र सहायक सम्झौताबाट खर्च दाबी गर्नाले सम्झौताको शर्त विपरीत यो वर्षसम्म पारिश्रमिकतर्फ रु.५२ लाख ३१ हजार र सञ्चार एवं मसलन्दतर्फ थप रु.३ लाख २३ हजार समेत रु.५५ लाख ५४ हजार दोहोरो भुक्तानी गरेको छ ।

४७. **प्रोभिजनल दर** – समितिले सुरुङ्ग निर्माण कार्यका निर्माण व्यवसायीसँग भएको खरिद सम्झौतामा मूल्य वृद्धिको व्यवस्था गरेको छ । मूल्य वृद्धि भुक्तानी गर्न लिइने आधारहरुमा कामदारको हकमा नेपाली भए सिन्धुपाल्चोक जिल्लाको दर, विदेशी कामदारका लागि निर्माण व्यवसायीको देशको दररेट, इन्धनको लागि नेपाल आयल निगमले तोकेको मूल्यदर, सिमेण्टको लागि नेशनल ट्रेडिङ्ग लिमिटेडले तोकेको दर र विस्फोटक

पदार्थमा मूल्य वृद्धि गणना गर्दा भारतीय आर्थिक सल्लाहकार कार्यालयले तोकेको दरलाई आधार लिने गरी सम्झौतामा व्यवस्था गरेको छ । निर्माण व्यवसायीले नेपाली कामदारको ज्याला दरमात्र समावेश गरी अन्य कुनै मूल्य सूचकाङ्क पेश नगरेको अवस्थामा यो वर्ष ८ रनिङ्ग बिलबाट निर्माण व्यवसायीलाई रु.५ करोड १३ लाख ७७ हजार मूल्य समायोजनको रकम भुक्तानी दिएको छ । सम्झौताका शर्त पूरा नगरी गरिएको यस्तो भुक्तानीमा यथार्थ र वास्तविक आधार दरसमेत पेश गर्न लगाई समायोजन गर्नुपर्दछ ।

४८. **म्याद थप** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौताबमोजिमको कार्य तोकिएको म्यादभित्र पूरा गर्न नसकिएमा निर्माण व्यवसायीले सोको कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु ७ दिन अगावै म्याद थपको निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । मेलम्ची पुलबजार क्याम्प साइट (प्याकेज बी) को निर्माण व्यवसायीको सम्झौताबमोजिमको म्याद २०६७।११।१३ सम्म रहेकोमा २०६७।३।२८ मा (१ महिना २२ दिनपछि) म्याद थपको निवेदन दिएकोमा समितिले २०६७।३।२४ मा म्याद थपसम्बन्धी कारबाही गरी ६ महिना म्याद थप गरेको पाइयो । निर्माण व्यवसायीलाई खरिद सम्झौताको शर्तबमोजिम सुरु अवधि ३६५ दिन रहेकोमा पटक पटक गरी ५७० दिन म्याद थप गरेको छ । सम्झौता तथा कानूनमा तोकेको म्यादभित्र म्याद थप माग नगरेकोमा सम्झौताबमोजिम लिनुपर्ने क्षतिपूर्तिबापत रु.१७ लाख १४ हजार नलिई निर्माण व्यवसायीलाई उन्मुक्ति दिएकोले यसरी भुक्तानी दिने पदाधिकारीउपर आवश्यक कारबाही गरिनुपर्दछ ।

४९. **काउण्टर ग्यारेन्टी लागत** – सुरुङ्ग निर्माण कार्यका निर्माण व्यवसायीले सम्झौता गर्दा राखेको कार्य सम्पादन जमानत तथा सम्झौताअन्तर्गत पेश्की लिँदा पेश गरेको विदेशी बैङ्कका बैङ्क ग्यारेन्टीहरुलाई नेपाल स्थित बैङ्कहरुले काउण्टर ग्यारेन्टीको इण्डोर्स गरेको आधारमा लाग्ने ब्याज (चार्ज) समेत व्यवसायीलाई भुक्तानी दिने गरेको छ । गत वर्ष र यो वर्षसमेत व्यवसायीले सम्झौतामा उल्लेख भएको रु.१ करोड ६९ लाख १३ हजार यस्तो रकम भुक्तानी लिएको छ । गत वर्ष कार्य सम्पादन जमानतको लागि काउण्टर ग्यारेन्टीबापत तिरेको रु.३ करोड ६१ लाख ७० हजार कानूनी आधार बेगर भुक्तानी गरेको व्यहोरा औँल्याइएकोमा सोमा सुधार नभई यो वर्ष थप रकमसमेत भुक्तानी दिने कार्य उपयुक्त देखिएन ।

५०. **थप लगानी** – जोरपाटी–सुन्दरीजल सडक खण्ड मर्मत सम्भार कार्यको लागि उल्लेख गरी २०६९।३।१७ मा कार्यकारी निर्देशकबाट रु.२ करोड १५ लाख ८ हजारको भेरिएसन आदेश स्वीकृत गरी कार्य गराउन सुरुङ्ग निर्माण व्यवसायीलाई थप कार्यादेश दिएको छ । सुरुङ्ग निर्माण कार्यका निर्माण व्यवसायीसँग कार्य परिमाण सम्झौता अनुसार जोरपाटी–सुन्दरीजल सडक खण्ड मर्मत सम्भारको लागि रु.५६ लाख ५४ हजार समावेश गरी सम्झौता भइसकेकोमा सोही स्थानको लागि थप कार्यको भेरिएसन आदेश जारी गर्दा पहिले सम्झौतामा समावेश भएको परिमाणलाई घटाएको पाइएन । निर्माण व्यवसायीले भेरिएसनबाट थप भएको कार्य सवकन्ट्र्याक्टरबाट गराउन स्वीकृति माग गरेकोमा सो कार्य एक सवकन्ट्र्याक्टरबाट गराउने गरी सम्झौता गरेको पाइयो । हाल मुख्य ठेकेदारले सम्झौता तोडेको अवस्थामा उक्त सवकन्ट्र्याटिङ्गबाट हुने कामको जिम्मेवारीसमेत स्पष्ट गरेको छैन । सार्वजनिक खरिद नियमावलीबमोजिम भेरिएसन आदेश जारी गर्दा पूरा गरेको काम, गर्न बाँकी कामसमेत छुट्याई प्राविधिक पुष्ट्याँई सहित लागत अनुमान तयार गर्नुपर्ने भए तापनि पहिलेको परिमाण र लागततर्फ विश्लेषण नगरी एकै स्थानमा थप कार्यादेश गर्न मिल्ने देखिएन ।

५१. **बैङ्क जमानत रकम** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा खरिद सम्झौता गर्दा बैङ्क जमानत पेश गर्नुपर्ने र त्यस्तो जमानत विदेशी बैङ्कको रहेको खण्डमा नेपालको कुनै वाणिज्य बैङ्कले प्रत्याभूति गर्ने व्यवस्था छ । यसैगरी नियमावलीको नियम ११३ मा सम्झौतामा उल्लिखित समयावधिभित्र काम सम्पादन नगरेका कारणले पेश्की फछ्र्यौट हुन नसकेमा बैङ्क जमानतबापतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । सुरुङ्ग निर्माण कार्यका निर्माण व्यवसायीले ठेक्का अन्त्य गरेको अवस्थामा २ वाणिज्य बैङ्कमा कार्यसम्पादन जमानतबापत राखेको अमेरिकी डलर ६६ लाख ५५ हजार तथा पेश्की जमानतबापत राखेको युरो १४ लाख ११ हजार ४५३ र अमेरिकी डलर ६६ लाख २५ हजार १०

समेतको हुने निम्नानुसारको रु.८० करोड ६३ लाख ८४ हजार सम्बन्धित जमानत दिने बैङ्कबाट आवश्यक कारबाही गरी रकम असुल हुनुपर्दछ ।

जमानत रकम		२०६९ आषाढ मसान्तको दरले हुने (रु.हजारमा)	कैफियत
अमेरिकी डलर	६६५५०००	५९,३६,२६	कार्य सम्पादन जमानत
यूरो	१४११४५३	१५,३४,३९	पेश्की जमानत
अमेरिकी डलर	६६२५०१०	५,९३,१९	पेश्की जमानत

काठमाडौं उपत्यका खानेपानी लिमिटेड

५२. **स्रोत परिचालन** – एसियाली विकास बैङ्कको ऋण नं.१८२० मेलम्ची खानेपानी आयोजना अन्तर्गतको संशोधित (विशेष सञ्चालन) ऋण सम्झौताको उपआयोजना–२ अन्तर्गतका आकस्मिक सुधार, ट्युबवेल प्रणाली सुधार, इन्टेक तथा रिजर्भ्वायर, थोक वितरण प्रणाली लगायतका कार्यहरु सञ्चालन गर्न आयोजना कार्यान्वयन निर्देशनालय खडा गरी ती कार्यमा २०७०।७१ सम्मको लागि एसियाली विकास बैङ्कबाट २९.९ मिलियन अमेरिकी डलर तथा नेपाल सरकारबाट १८.७० मिलियन अमेरिकी डलर व्यहोर्ने स्रोतगत बाँडफाँड भई २०६५।६६ देखि कार्य सञ्चालन भइरहेको छ । यस वर्षसम्म आयोजनामा रु.१ अर्ब ४० करोड २२ लाख खर्च भएको छ । यस उपआयोजनाको कार्यका लागि एसियाली विकास बैङ्क ऋण नं.२७६५ र जाइका तथा नेपाल सरकारसमेतको जम्मा रु.३० करोड सहायतामध्येबाट यो वर्षको लागि रु.१८ करोड निकासा भएको भए तापनि काठमाडौं उपत्यका खानेपानी लिमिटेडको साधारण सभा सम्पन्न नभएको कारण देखाई कार्यक्रम कार्यान्वयन गरेको पाइएन ।

५३. **लागत अनुमान** – सार्वजनिक खरिद ऐन तथा नियमावलीको नियम १० ले लागत अनुमान तयार गर्दा अपनाउनु पर्ने कुराहरुका सम्बन्धमा व्यवस्था गरेको छ । नियम १०(६) मा लागत अनुमान तयार भइसकेपछि लागत अनुमान तयार गर्ने प्राविधिकभन्दा एकतह माथिको प्राविधिक वा प्राविधिकको समुहबाट जाँच गर्ने व्यवस्था गर्नुपर्ने, कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्याउन लगाउनुपर्ने उल्लेख छ । आयोजना निर्देशनालयले सुन्दरीजलदेखि महाँकालचौर क्षेत्रमा थोक वितरण प्रणाली निर्माण कार्यको पाइप आपूर्ति र जडान गर्ने कार्यको लागत अनुमान परामर्शदाताबाट तयार गरी रु.१ अर्ब ४१ करोड १३ लाखको स्वीकृत गरी अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट कार्य गर्न बोलपत्रको सूचना प्रकाशित भएको १ महिनापछि पाइपको भन्सार महसुल दर घटी राखिएको, पाइप/फिटिङ्गस् सामग्रीको लागत रकममा ठेकेदारको नाफा समावेश गर्न छुट भएको कारण जनाई लागत अनुमानको १८.९७ प्रतिशत थप गर्ने आयोजना प्रमुखबाट भएको निर्णयको आधारमा रु.२२ करोड ५० लाख ३४ हजार थप गरी लागत अनुमान संशोधन गरेको छ । यसरी लागत रकम अत्यधिक किसिमले बढाई यथेष्ठ प्राविधिक पुष्ट्याईबेगर कामकारबाही गरिनु नियमसम्मत देखिएन ।

५४. **बढी मूल्य** – सोही कार्यको लागत अनुमान तयार गर्दा १४०० एम.एम. डाय साइजको डि.आई. पाइपको मूल्य कायम गर्न विभिन्न १२ विदेशी कम्पनीको दररेट लिएको पाइयो । दररेट लिएका कम्पनीमध्ये घटी दर भएको एक कम्पनीको एफ.ओ.बी.मूल्य ५३२.२० अमेरिकी डलर प्रतिमिटर रहेकोमा सो मूल्यको आधार नलिई अर्को कम्पनीको एफ.ओ.बी. मूल्य ५५३.४१ अमेरिकी डलर प्रतिमिटरको दरबाट लागत अनुमान स्वीकृत गर्नाले लागत अनुमान स्वीकृत गरेको अवधिको विनिमय दर अनुसार प्रतिमिटर रु.१ हजार ५०५ बढी कायम भई ९ हजार ६३६ मिटर पाइपको लागत मूल्यमा रु.१ करोड ४५ लाख २ हजार थप लागत पर्ने गरी स्वीकृत गरेको छ । दुबै कम्पनीको पाइपको निर्धारित गुणस्तर र क्षमता समान रहेकोसमेत देखिएको छ ।

५५. **निर्माण डिजाइन** – सोही निर्माण कार्यको आइटम नं.२.२ मा समावेश गरिएका विभिन्न कंक्रिट एङ्कोर ब्लक्सको स्वीकृत डिजाइनमा उल्लिखित उचाई ३० डिग्री स्लोपको ०.४ मिटर र ४०० डिग्री स्लोपको १ मिटर उचाई रहेकोमा कार्य परिमाण गणना गर्दा क्रमशः ३.५९ मिटर र ४.४८ मिटर उचाई राखी कार्य

परिमाण गणना गर्नाले कुल लागत अनुमानमा रु.५१ लाख ७० हजार बढी लागत समावेश गरी स्वीकृत गरेको देखियो । यसरी त्रुटिपूर्ण लागत अनुमान तयार गर्ने, सोको पर्याप्त अध्ययन तथा विश्लेषण र जाँच नगराई लागत अनुमान स्वीकृत गर्ने र खरिद कार्य गराउने पद्धतिलाई निरुत्साहित गर्नुपर्दछ ।

५६. **पेश्कीको जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) र (४) मा निर्माण व्यवसायीलाई खरिद सम्झौताबमोजिम पेश्की दिँदा बैङ्क जमानत लिनुपर्ने र जमानतको म्याद अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था रहेको छ । थोक वितरण प्रणालीको निर्माण कार्य गर्न छनौट भएका निर्माण व्यवसायीलाई २०६८।९।१३ र २०६८।९।१४ मा क्रमश: अमेरिकी डलर १२ लाख १९ हजार तथा स्थानीय मुद्रा रु.५ करोड ९६ लाख पेश्की उपलब्ध गराएको छ ।

खरिद सम्झौताबमोजिम फछ्यौंट गर्ने अवधि सम्झौता रकमको ८० प्रतिशत रकम भुक्तानी हुने बखतसम्म कायम गरेको पाइयो । तर निर्माण व्यवसायीले वैदशिक मुद्रातर्फको लागि २१ अगष्ट २०१२ देखि २१ मार्च २०१३ सम्म पटक पटक अवधि रहेका ८ बैङ्क ग्यारेन्टी समावेश गरेको छ । सम्झौताको शर्तबमोजिम कार्यसम्पन्न हुने अवधि २२ अगष्ट २०१३ रहेको र कामको भुक्तानी ८० प्रतिशतसम्म हुने अवधि निश्चित नभएको अवस्थामा निर्माण व्यवसायीले पेश गरेको पेश्की बैङ्क ग्यारेन्टीहरुको मान्य अवधि सम्झौता अवधिभन्दा एक महिना बढीका रहेको पाइएन । शर्तविपरीत पेश्की उपलब्ध गराउन मिल्ने देखिएन ।

५७. **कार्यक्षेत्र परिवर्तनको लागत** – आयोजनाले भक्तपुर, बालकुमारी तथा कुलेश्वर क्षेत्रमा खानेपानी उत्पादन सुधार वृद्धि कार्यक्रम सञ्चालन गर्ने कार्यको लागत अनुमान रु.६ करोड ६३ लाख ९३ हजार स्वीकृत गरी बोलपत्रको माध्यमबाट गर्न एक निर्माण व्यवसायीसँग रु.६ करोड ९१ लाख ८० हजारमा २७० दिनभित्र कार्य सम्पन्न गर्ने गरी कार्य प्रारम्भ गरेको पाइयो । यस वर्षसम्म २ पटक भेरिएसनबाट काम थप गरी रु.६ करोड ३६ लाख ३७ हजार भुक्तानी गरेको छ । सुरु कार्य अवधि २७० दिन रहेकोमा छैठौँ पटकसम्ममा ७०८ दिन थप म्याद दिएको देखियो । स्वीकृत कार्यक्षेत्रमध्ये महादेबखोलादेखि बाँसबारी प्रशोधन केन्द्रसम्मको पाइप बिच्छ्याउने काममा स्थानीय अवरोध भएको कारण देखाई सोक्षेत्रको काम रद्द गरी बालाजु प्रशोधन केन्द्रमा पानी लैजाने गरी कार्यक्षेत्र परिवर्तन गरेको छ ।

कार्यक्षेत्र परिवर्तनको कारण २०६८।५।२६ मा रु.६१ लाख ६१ हजारको प्रथम भेरिएसन र २०६९।३।१९ को निर्णयबाट रु.३९ लाख ७४ हजार थप भेरिएसन आदेश जारी गरी रु.१ करोड १ लाख ३५ हजार (१२.९७ प्रतिशत) वृद्धि गरेको छ । दोस्रो भेरिएसन जारी गर्दा विभिन्न साइजका डि.आई.पाइप लेइङ्ग कार्यको परिमाण घटाएकोमा पाइपको परिमाण नघटाएकोले निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार ५ हजार ४६५ मिटर पाइप आपूर्ति गर्ने व्यवस्था गरी सातौँ रनिङ्ग बिलसम्म ३ हजार ४६६ मिटरको भुक्तानी र २ हजार २८ मिटरको ६० प्रतिशत भुक्तानी गरी हालसम्म रु.१ करोड ९८ लाख २३ हजार भुक्तानी भइसकेको छ । योजनामा पाइप लेइङ्ग कार्य ४ हजार मिटरमात्र गर्ने गरी कार्यक्षेत्र परिवर्तन र भेरिएसन आदेश गरेकोले रु.६२ लाख ४० हजार बराबरको बढी पाइप आपूर्ति लिएको छ ।

यो कार्यमा भेरिएसन आदेशबाट केही साइजका पाइपको लेइङ्ग र ज्वाइटिङ्ग घटाएको तथा अन्य पाइपको लेइङ्ग र ज्वाइटिङ्ग यथावत रहेकोमा ४ प्रकारका फिटिङ्गस् सामग्रीमा रु.५ लाख १५ हजारसमेत थप दिएको कारण स्पष्ट देखिएन ।

५८. **वैदशिक मुद्रा भुक्तानी** – निर्देशनालय र एक निर्माण व्यवसायीबीच भएको सम्झौताको शर्त ४३.१ तथा सोसँग सम्बन्धित ठेकका शर्तमा ठेक्का कार्यको सम्पूर्ण भुक्तानी स्थानीय मुद्रामा हुने व्यवस्था रहेको छ । बोलपत्र पेश गर्दा बोलपत्र फाराममा ठेक्का कार्यको ५० प्रतिशत वैदेशिक मुद्रा प्राप्त हुनुपर्ने उल्लेख गरेकोमा सम्झौतामा उक्त शर्त राख्न छुट भएको उल्लेख गरी निर्माण व्यवसायीले सम्झौता भएको ८ महिना ११ दिनपछि (२८ नोभेम्बर २०११ मा) एवं सात रनिङ्ग बिलको भुक्तानी लिइसकेपछि आफुले

बोलपत्रमा उल्लेख गरेअनुसार वैदेशिक मुद्रा (अमेरिकी डलर) मा भुक्तानी गर्न परामर्शदाता मार्फत निर्देशनालयलाई अनुरोध गरेको देखियो ।

निर्देशनालयले निर्माण व्यवसायीको मागअनुसार २०६८।११।५ को निर्णयबाट भुक्तानीको शर्तमा संशोधन गरेको छ । सम्झौतामा त्यस्ता शर्तहरु संशोधन गर्नसकिने प्रावधान रहेको देखिँदैन । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५३ ले कामको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन नहुने गरी दुबै पक्षको लिखित सहमतिबाट खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक खरिद सम्झौतामा संशोधन गर्नसकिने व्यवस्था भए तापनि सुरु सम्झौतामा स्थानीय मुद्रामा भुक्तानीको शर्त रहेकोमा भुक्तानी गर्ने मुद्रा विधि नै संशोधन गरी अमेरिकी डलर १ लाख २८ हजारको भुक्तानी गर्दा विनिमय नोक्सानबापत रु.१७ लाख ४० हजार थप व्ययभार पर्न गएको छ । सम्झौताको शर्त परिवर्तन गरी थप व्ययभार सिर्जना गर्न मिल्ने देखिदैंन ।

काठमाडौं उपत्यका खानेपानी सेवा क्षेत्र विकास आयोजना

५९. **कार्य प्रगति** – काठमाडौं उपत्यका खानेपानी लिमिटेड कम्पनीमा परिणत गरी सञ्चालन गर्न सुरुको अवधिमा क्षमता अभिवृद्धि, सामुदायिक–निजी साझेदारी–सर्पोट टिमका रुपमा कम्पनीको काम व्यवस्थापन गर्न ४ वर्षको लागि परामर्शसेवाबाट कार्य गर्ने गरी यूरो २६ लाख ३७ हजार अमेरिकी डलर १२ लाख २८ हजार र रु.७ करोड ३४ लाख ४५ हजार भुक्तानी गर्ने गरी एक परामर्शदातासँग सम्झौता भएको छ । परामर्शदातासँग भएको सेवा प्राप्त गर्ने तालिकामा उल्लिखित विभिन्न अध्ययन अनुसन्धानसम्बन्धी प्रतिवेदनहरु तालिकामा तोकिएको अवधिभित्र पेश नगरेकोमासमेत समितिले परामर्शदातालाई ताकेता गरेकोसमेत पाइएन । प्राप्त भएका प्रतिवेदन उपर व्यवस्थापनले उपलब्ध गराउनुपर्ने राय प्रतिक्रियासमेत उपलब्ध नगराएको स्थिति छ । निश्चित कार्यक्षेत्र र अवधि तोकि सेवा लिने शर्त रहेको परामर्शदात्री फर्मलाई सम्झौताबमोजिम कार्य गराउनुपर्दछ ।

६०. **बीमा** – परामर्शदात्री फर्मसँग भएको सम्झौताबमोजिम बीमा शीर्षकमा १ लाख यूरो रकम व्यवस्था गरेका आधारमा परामर्शदाताले गत वर्ष २५ हजार तथा यो वर्ष थप २५ हजार यूरोसमेत ५० हजार यूरोको हुने रु.५४ लाख १० हजार सम्बन्धित महिनाको बिलबाट दाबी गरेको आधारमा भुक्तानी दिएको छ । बीमा रकमको शोधभर्ना भुक्तानी गर्न सम्झौताको दफा ३.५ बमोजिमको आवश्यक प्रिमियमको रसिद र पोलिसीसमेत संलग्न नभएकोले उक्त खर्चको भुक्तानीको यथार्थता पुष्टि हुनसकेन ।

६१. **कम्प्युटर बिलिङ्ग** – आयोजनाले खानेपानी महसुल गणना तथा सङ्कलन प्रयोजनको लागि कम्प्युटर बिलिङ्ग प्रणालीको कार्य गराउन एक सेवा प्रदायकसँग रु.५ करोड १२ लाख ६२ हजारमा २४ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी सन् २०१० नोभेम्बर १५ मा सम्झौता गरेको छ । सम्झौता शर्तअनुसार गत वर्षसम्म रु.५१ लाख २६ हजार भुक्तानी गरेकोमा सम्झौताअनुसार प्रथमचरणका कार्य अन्तर्गत ग्याप एनालाइसिसको कार्य २ महिनामा पूरा गर्नुपर्नेमा सोबमोजिम हुनसकेको छैन । यस चरणको अवधि व्यतीत भइसके तापनि तोकिएको कार्य पूरा भएको छैन ।

६२. **ऋण लगानी** – काठमाडौं उपत्यका विकास प्राधिकरणले यो वर्ष ३ जग्गा एकीकरण आयोजनालाई रु.२ करोड ३८ लाख ऋण लगानी गरेको छ । यो वर्षको समेत वर्षान्तसम्म साँवा रु.४ करोड ७३ लाख ८९ हजार लगानी गरेको रकम उठ्न बाँकी नै देखिन्छ । गत विगत देखिको लगानीबाट १५ आयोजनासँग असुल हुन बाँकी ब्याज रु.४ करोड ५९ लाख ९६ हजार रहेको छ । विभिन्न आयोजना र नगर विकास समितिलाई गएको ऋण फिर्ता र ब्याजसम्म प्राप्त नगरी पुन:ऋण लगानी गर्दै जाँदा असुल हुन बाँकी साँवा ब्याजको रकम वृद्धि हुँदै गएको छ । अत: साँवा तथा ब्याज रु.९ करोड ३३ लाख ८५ हजार असुल गर्नेतर्फ प्राधिकरणले ध्यान दिनुपर्दछ ।

काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय

६३. **उपयोग परिवर्तन** – नगर विकास ऐन, २०४५ को दफा ९ मा समितिले जग्गा उपयोग सम्बन्धमा स्वीकृति दिँदा आवश्यक निर्देशन वा शर्त वा मापदण्ड तोकी सार्वजनिक सूचना प्रकाशित गरी नगर योजना क्षेत्रभित्र आवश्यकता अनुसार नियमित, नियन्त्रण वा निषेध गर्नसक्ने व्यवस्था छ ।

स्वीकृत प्राप्त व्यक्ति वा संस्थाहरुले जुन प्रयोजनको लागि बनाइएको संरचना हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने र उपयोग परिवर्तन गरिने भएमा जिल्ला आयुक्त कार्यालयको स्वीकृति लिएरमात्र प्रयोग गराउनुपर्नेमा त्यसतर्फ सम्बन्धित निकायले ध्यान दिएको पाइएन । समितिले विद्यालय, कलेज, अस्पताल, सिनेमाहल, अपार्टमेन्ट, आवासीय घर, व्यापारिक प्रयोजनको लागि बनाइएका संरचनाको अलग अलग मापदण्ड तोकेको छैन । यसबाट ती स्थलहरुमा जनसाधारणको ओहोरो दोहोरो बढी हुने, सडक तथा ढल निकास, विद्युत तथा पानी जस्ता अत्यावश्यक सेवाको आपूर्ति गर्नुपर्ने, प्राकृतिक बिपद्को लागि तत्काल उद्धार गर्नुपर्ने जस्ता पक्षहरु ध्यान दिनुपर्ने हुन्छ । आपत्कालीन परिस्थितिमा सुरक्षित रहन खाली जमिन राखे नराखेको बारेमा आयुक्त कार्यालयमा प्लानिङ्ग परमिट लिनुपर्ने व्यवस्था कानूनमा उल्लेख भएको देखिएन । सम्बन्धित निकायहरुले सञ्चालनको स्वीकृति दिँदा आपत्कालीन परिस्थितिहरुमा सुरक्षित स्थानको व्यवस्था गर्नुपर्ने र सञ्चालन भएका संस्थाहरुको भवन भू–कम्प प्रतिरोधात्मक क्षमता भए नभएको मूल्याङ्कन गरी स्वीकृति दिने एकद्वार संयन्त्रको व्यवस्था गर्न सम्बद्ध पक्षको ध्यान जानुपर्दछ ।

६४. **उपभोक्ता समितिको कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.६० लाखसम्मको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउनसक्ने व्यवस्था छ । आयुक्त कार्यालयले धोवीखोला कोरीडोर सुधार आयोजना अन्तर्गत १६ उपभोक्ता समितिबाट रु.१७ करोड ३७ लाख ६१ हजार, निर्देशित जग्गा विकास कार्यक्रम अन्तर्गत १ उपभोक्ता समितिबाट रु.३ करोड २३ लाख ४७ हजार र वागमती नगर जग्गा एकीकरण आयोजना अन्तर्गत १ उपभोक्ता समितिबाट रु.८९ लाख २३ हजारको विभिन्न निर्माण कार्य गराएको पाइयो । एक उपभोक्ता समितिबाट एउटै कामको लागि एकभन्दा बढी लागत अनुमान तयार गरी रु.६० लाखभन्दा बढीको कार्य गराएको नियमसम्मत देखिएन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजरजस्ता हेभी मेसिनहरु प्रयोग गर्न नपाइने उल्लेख छ । उपर्युक्तानुसार निर्माण कार्यमा लोडर एक्साभेटर जस्ता हेभी मेसिनहरु प्रयोग गरी कार्य गराएको स्थलगत अवलोकनबाट देखियो । योजनालाई छिटो छरितो ढङ्गबाट सम्पन्न गर्नुपर्ने एवं व्यक्तिको जग्गा नि:शुल्क रुपमा लिई काम गर्नुपर्ने बाध्यताका कारणले उपभोक्ता समितिबाट काम गराएको प्राधिकरणको भनाई रहे तापनि नियमावलीको व्यवस्थाविपरीत गराउनु नियमसम्मत देखिँदैन ।

६५. **उठ्न बाँकी रकम** – आयोजनाले विभिन्न मितिमा ७ पटक बोलपत्र आह्वान गरी जग्गा बिक्री गर्दा ६८ व्यक्तिले रु.१९ करोड २९ लाख ९२ हजार कबोल गरेकोमा असुलीको अभिलेख राखेको छैन । प्राप्त हुनुपर्ने र लिन बाँकीको जग्गा खरिदकर्ताको नाम नामेसीसहितको अभिलेख नराखेको कारणबाट उठ्न बाँकी रकम यकिन हुनसकेन । उठ्न बाँकी रकम प्राप्त नभएमा निजहरुले राखेको धरौटी रकम जफत गरी पुन: बोलपत्रको माध्यमबाट जग्गा बिक्री गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, भक्तपुर

६६. **जनसहभागिता** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१)(क), ९७(२), ९७(४), ९७(११) मा उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा कार्यालयले रकम व्यहोर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष उपभोक्ता समितिबाट गराइएको रु.१ करोड ११ लाख १६ हजार लागत अनुमान भएको विभिन्न ३ निर्माण कार्यमा

जनसहभागिताको अंशदान व्यहोरेको छैन । यसरी जनसहभागिता नहुँदा उपभोक्ताको स्वामित्वभाव बहन नहुने भएकोले नियमअनुसार हुने गरी जनसहभागिता निश्चित गरी कार्य गराउनुपर्ने देखिन्छ ।

६७. **कन्टिन्जेन्सी खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची–१ मा निर्माण कार्यको कुल खर्च रकमको ५ प्रतिशतसम्म मात्र कन्टिन्जेन्सी खर्च गर्नपाउने उल्लेख छ । एक जग्गा एकीकरण आयोजनामा कुल खर्च रु.१ करोड ११ लाख १४ हजार भएकोमा सोअनुसार रु.५ लाख ५६ हजार कन्टिन्जेन्सी खर्च लेख्नुपर्नेमा रु.१२ लाख ८५ हजार खर्च लेखी रु.७ लाख २९ हजार बढी खर्च गरेको छ । अत: प्रचलित नियमको पालना गरी आयोजनाले निर्माण कार्यको वर्कचार्ज तथा अन्य खर्चको छुट्टै अभिलेख राखी कन्टिन्जेन्सी रकम सीमाभित्र रही खर्च गर्नुपर्दछ ।

६८. **लेखापरीक्षण –** नगर विकास समिति ऐन, २०४५ अनुसार २०६९ असारसम्म १८३ नगर विकास समिति गठन भएका छन् । गठन भएका नगर विकास समितिहरुले ऐनको दफा १५ अनुसार प्रत्येक वर्षको आय–व्यय विवरण पेश गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । गठित समितिहरुमध्ये यो वर्ष ३३ समितिले लेखापरीक्षण गराएका छन् । बाँकीमध्ये १०३ समितिले आर्थिक कारोबार नभएको उल्लेख गरेका छन् । अन्य समितिहरुको आय–व्यय लेखापरीक्षणको लागि पेश भएन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, सप्तरी र रुपन्देहीअन्तर्गत जनता आवास कार्यक्रम कार्यान्वयन अवस्था

नेपाल सरकारले २०६६।६७ को बजेट तथा कार्यक्रम मार्फत जनता आवास कार्यक्रम सिरहा, सप्तरी र कपिलवस्तु जिल्लाका दलित तथा विपन्न मुसलमान परिवारका लागि न्यून लागतमा आधुनिक आवास निर्माण गरी बसोबासको व्यवस्था गर्ने उद्देश्यले कार्यक्रम लागू भएको छ ।

६९. **बजेट र खर्च** – स्वीकृत कार्यक्रम बमोजिम विनियोजित बजेट कार्यक्रम कार्यान्वयनमा सदुपयोग गर्नुपर्नेमा कपिलवस्तुमा डिभिजन कार्यालय, रुपन्देही अन्तर्गत २०६७६८ मा रु.७ करोड ८ लाख ७६ हजार बजेट व्यवस्था भएकोमा रु.१ करोड ११ लाख ८४ हजार खर्च र २०६८।६९ मा रु.४ करोड ३४ लाख ३३ हजार बजेट व्यवस्था भएकोमा रु.२ करोड ३२ लाख १७ हजार खर्च भई बजेटको तुलनामा खर्च क्रमश: १५.७८ र ५३.४५ प्रतिशत रहेको छ । स्वीकृत कार्यक्रम अनुसारको आवास निर्माणका लागि विनियोजित बजेट खर्च नहुँदा आवास निर्माणको प्रगति प्रभावकारी छैन । स्वीकृत कार्यक्रमबमोजिम आवास निर्माण गरी लाभग्राहीलाई हस्तान्तरण गर्नका लागि विनियोजित बजेट उपयोग गरिनुपर्दछ ।

७०. **पूर्वाधार निर्माण** – केन्द्रीय समन्वय समितिको २०६७।१२।७ को निर्णयानुसार जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६६ को दफा ८(१) अनुसार लाभग्राहीले कुल लागतमा व्यहोर्नुपर्ने रु.१० हजारबाट सोही दफाको (२) मा व्यवस्था भएअनुसार प्रत्येक लाभग्राहीका लागि छुट्टाछुट्टै अथवा जग्गाको उपलब्धता वा कुनै कारणवस सो सम्भव नभए लाभग्राहीको समुह बनाई सामुदायिक शौचालय निर्माण गर्न निर्देशन भएको छ ।

७०.१ इकाई कार्यान्वयन कार्यालय, सिरहाले कुल १ हजार २७१ लाभग्राहीको रु.१० हजारका दरले रु.१ करोड २७ लाख १० हजार र सप्तरीले १ हजार ३४७ लाभग्राहीको सोही दरले रु.१ करोड ३४ लाख ७० हजार गरी रु.२ करोड ६१ लाख ८० हजार विभिन्न ८० निर्माण समितिको खातामा जम्मा गरेको छ । स्थलगत अवलोकनमा वरही विरपुर–२ मा शौचालय नभएको, वरही विरपुर–५ मा शौचालय तयारी अवस्थामा भए तापनि प्रयोगमा नरहेको, वेतौना–८ मा शौचालय नभएको, गोविन्दपुर–५ र ३ मा शौचालय निर्माण गर्न खुला मैदानमा असुरक्षित तवरले सिमेन्टको रिङ्ग सङ्कलन गरिराखेको देखियो । यसबाट पूर्वाधार विकासका

लागि निकासा भएको स्रोत साधन लाभग्राहीको चेतनाको कमी र निमार्ण समितिको निष्क्रियताको कारण प्रयोग नभएको अवस्था छ । पूर्वाधार विकासको लागि निकासा भएको रकम निष्क्रिय रहेकोले यसको सदुपयोग गर्नेतर्फ कारबाही हुनुपर्दछ ।

७०.२ डिभिजन कार्यालय, रुपन्देहीले इकाई कार्यान्वयन कार्यालय कपिलवस्तु अन्तर्गतका लाभग्राहीको शौचालय निर्माणका लागि रु.१० लाख ५६ हजार बजेट विनियोजन भएकोमा खर्च गरेको छैन । पूर्वाधार विकासका लागि विनियोजित बजेट निष्क्रिय हुँदा लाभग्राहीले पाउने सुविधाबाट बञ्चित हुनुपरेको अवस्था छ । यस सम्बन्धमा लाभग्राहीको चेतनाको कमी, जग्गा नहुनु आदि कारणले लाभग्राहीले शौचालय निर्माणका लागि अग्रसर नभएको कार्यालयले जनाएको छ । यसबाट लाभग्राहीको वातावरण स्वच्छ नभई स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुँदा यसतर्फ ध्यान पुऱ्याउनु आवश्यक देखिएको छ ।

आवास योजनाका लाभग्राही छनौट गर्दा समुहमा छनौट गर्ने नीति भए तापनि विपन्न लक्षित वर्ग छरिएर रहेको स्थिति हुँदा आवास बाहेक अन्य आधारभूत पूर्वाधार कार्यक्रम समावेश गर्न कठिन हुने स्थिति रहेको छ । आगामी लाभग्राही छनौट गर्दा समुहमा छनौट गरी आवासका साथै अत्यावश्यक आधारभूत सुविधासमेत उपलब्ध गराइनुपर्दछ ।

७१. **वातावरणमैत्री किफायती आवास** – चालु त्रिवर्षीय योजना (२०६७–२०६९) मा समाजका कमजोर वर्गलाई आवास सुविधा पुऱ्याउने वातावरणमैत्री तथा किफायती आवास सेवा विस्तार गर्ने नीति रहेको छ ।

कपिलवस्तुमा हाल निर्माण भइरहेको आवासको बरण्डाको किचन भागको बाहिरी गाह्रोको उचाई २ फिट ६ इन्च मात्र रहेकोमा हावा हुरी तथा वर्षाले बाधा गरी लाभग्राहीहरुले आफ्नै पहलमा पूरा उचाईको गाह्रो निर्माण गरेकोले वातावरणमैत्री बनाउन नक्सामा सुधार गर्नुपर्ने र बरण्डाको इटाको पिलर १४ इन्च×१४ इन्चको राखिनुपर्ने डिभिजन कार्यालय, रुपन्देहीको सुझावको प्राविधिक मूल्याङ्कन गरी नक्सामा संशोधन गर्नुपर्ने देखिन्छ । यस्तै अर्घाखाँचीमा गन्धर्वका निर्मित आवासमा सिरानी तला (एटिक फ्लोर) को प्रावधान नरहेको तर भौगोलिक स्थिति तथा वातावरणअनुसार पहाडको घरमा प्रायस: सो रहने गरेको र छनौटमा परेका लाभग्राहीले समेत आफ्नै पहलमा सो तला बनाउने गरेकोले नक्सामा उक्त तलाको व्यवस्था गर्ने सम्बन्धमा प्राविधिक मूल्याङ्कन गरिनुपर्दछ ।

७२. **निर्माण समिति** – जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०६८ को दफा १५ मा न्यूनतम १० लाभग्राही परिवार भएको प्रत्येक वस्तीमा २ महिला प्रतिनिधि सहित ५ सदस्य, १ संयोजक र १ कार्यान्वयन ईकाइबाट खटाएको कर्मचारी सदस्य सचिव रहने गरी एक निर्माण समिति गठन गर्ने व्यवस्था छ । सो निर्माण समितिले निर्माण कार्यसञ्चालन गर्ने आर्थिक अनुदान प्राप्त गर्ने लाभग्राही र कार्यान्वयन इकाईबीच समन्वय गर्ने कार्य तोकिएको छ ।

७२.१ डिभिजन कार्यालय सप्तरी र रुपन्देही अन्तर्गत यस कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका लाभग्राही संख्या र निर्माण समिति र निर्माण कार्यको प्रगति विवरण निम्नानुसार छ:

जिल्ला	लाभग्राही संख्या	निर्माण समिति संख्या	कार्य सम्पन्न	प्रतिशत	आंशिक कार्य	प्रतिशत	कार्य सुरु नभएको
सिरहा	१२९२	४०	७३१	५६.५८	५४१	४१.८७	२०
सप्तरी	१३४७	४१	१२२६	९१.००	१२१	८.९८	-
कपिलवस्तु	९००	८३	३०९	३४.३३	४१८	४६.४४	१७३
	३५३९	१६४	२२६६	६४.८९	१०८०	३०.५१	१९३

७२.२ निर्माण कार्य प्रगति विश्लेषण गर्दा कार्यक्रम कार्यान्वयन भएको तेस्रो वर्षसम्ममा सप्तरी जिल्लाको निर्माण कार्य प्रगति ९१ प्रतिशत रहेकोले सन्तोषजनक छ । सिरहा र कपिलवस्तुको कार्य प्रगति क्रमश: ५६.५८ प्रतिशत र ३४.३३ प्रतिशत मात्र रहेको छ । उक्त ३ जिल्लाको कार्य प्रगति समग्रमा सम्पन्न भएका

आवासतर्फ ६४.८९ प्रतिशत र निर्माणाधीनतर्फ ३०.५१ प्रतिशत रहेको छ । सिरहामा २० र कपिलवस्तुमा १७३ लाभग्राहीको जग्गा विवादका कारण निर्माण कार्य सुरु नै भएको छैन । निर्माण समिति गठनमा गुटबन्दी तथा विवादको कारणले ढिलाई एवं पुनर्गठन भइरहने हुँदा कार्यसम्पादनमा त्यसको असर परी निर्माण कार्य ढिला हुन गएबाट लाभग्राहीहरुले आवास उपभोग गर्न विलम्ब हुन गएको छ । कार्यक्रम कार्यान्वयन निर्देशिकामा निर्माण समितिलाई कारबाही गर्ने प्रावधान नरहेकोले निर्माण समितिको भूमिका प्रभावकारी देखिएन ।

७३. **हस्तान्तरण –** सिरहाको पूर्ण निर्माण ७३१ र निर्माणाधीन ५४१ गरी १ हजार २७२ आवासमध्ये ९६० आवास लाभग्राहीलाई हस्तान्तरण भएको र ३१२ आवास हस्तान्तरण हुन बाँकी छ । कपिलवस्तुमा ३०९ आवासको पूरा निर्माण र ४१८ निर्माणाधीन रहेकोमा कुनै पनि आवास लाभग्राहीलाई हस्तान्तरण गरेको छैन । सप्तरीको १ हजार २२६ आवास सम्पन्न भएकोमा हस्तान्तरण भएको प्रमाण कार्यालयमा रहेको छैन । यसबाट डिभिजन कार्यालय, कार्यक्रम कार्यान्वयन इकाई कार्यालय र निर्माण समितिको कार्यसम्पादन प्रभावकारी देखिएन । लाभग्राहीलाई सम्पूर्ण निर्माण कार्य समयमा पूरा गरी आवास हस्तान्तरण गरिनुपर्दछ ।

७४. **दर विश्लेषण –** जनता आवास कार्यक्रम अन्तर्गत निर्माण हुने आवासको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६६ बमोजिम केन्द्रीय निर्देशक समितिले आवासको ड्रइङ्ग डिजाइन तथा लागत अनुमान स्वीकृत गर्ने व्यवस्था रहेको छ ।

७४.१ विभागबाट प्रतिघर कन्टिन्जेन्सी बाहेक रु.१ लाख ४९ हजार २८० को स्वीकृत लागत अनुमानमा प्रयोग गरिएको दर विश्लेषणमा सिरहा र सप्तरी दुबै जिल्लाका लागि २ नम्बरको इटाको १:७ अनुपातमा सिमेण्ट बालुवाको जोडाईमा प्रतिघनमिटर गारो निर्माण गर्न ५६० इटा लाग्ने उल्लेख गरी प्रतिआवास गृहका लागि ८ हजार ९०० इटा लाग्ने गरी लागत अनुमान स्वीकृत गरेको र सोहीलाई आधार लिई यस जनता आवास कार्यक्रममा आवास निर्माण गर्न ४ किस्तामा निर्माण समितिलाई रकम निकासा गर्ने गरेको छ ।

७४.२ डिभिजन कार्यालय, सप्तरीले यो वर्ष आफ्नो कार्यक्षेत्र सिरहा र सप्तरीमा सरकारी भवन निर्माण गर्न तयार गरेको लागत अनुमानको दर विश्लेषणमा १ घनमिटर इँटाको गारो लगाउन सप्तरीका लागि ४४० र सिरहाका लागि ४८० इटा लाग्ने उल्लेख छ । यस वर्षको लेखापरीक्षण दौरानमा सप्तरीको बरही वीरपुर गा.वि.स.र कल्याणपुर गा.वि.स.को चार घरमा प्रयोग भएको इटाको औसत साइजका आधारमा प्रति घनमिटर ३७८ र सिरहाको गोविन्दपुर गा.वि.स. र बेतौना गा.वि.स.को ४ घरमा प्रयोग भएको इटाको औसत साइजका आधारमा प्रति घनमिटर ४१९ इटा लाग्ने देखिएको छ । यसबाट विभागको दर विश्लेषणको इटाको साइज (२३०X११०X५५) एम.एम.का इटा हाल आवास निर्माण गर्न प्रयोग नहुने र सोभन्दा ठूलो साइजको इटाको प्रयोग भएबाट प्रति घनमिटर लागत कम हुनुपर्नेमा सो नभई गत वर्ष निर्माण भएको सप्तरीको २१२ र सिरहाको ८१२ आवासको लागत सप्तरी जिल्लामा कार्यालयको लागत अनुमान अनुसार रु.२८ लाख २५ हजार ५३६ र लेखापरीक्षण टोलीबाट आङ्कलन गरिएको लागत अनुमान अनुसार रु.४२ लाख ८८ हजार ७६० एवं सिरहा जिल्लामा कार्यालयको लागतअनुमान अनुसार रु.७२ लाख ७ हजार ३१२ र लेखापरीक्षण टोलीबाट आङ्कलन गरिएको लागत अनुमानअनुसार रु.१ करोड २७ लाख २० हजार ७९२ कम पर्न जाने देखिन्छ । यसरी कार्यक्रम सुरु भएको वर्ष २०६६।६७ देखि हालसम्मको निर्माण कार्यमा सोहीबमोजिम इँटाको लागत बढी समावेश भई निर्माण लागत बढ्न गएको छ ।

यस कार्यालयको ४८ औँ वार्षिक प्रतिवेदन उपर सार्वजनिक लेखा समितिको बैठकमा भएको छलफलबाट जनता आवास कार्यक्रम सञ्चालन हुने स्थानअनुसार आवास निर्माणको यथार्थपरक नर्म्स् बनाई लागत अनुमान तयार गर्ने र सो निर्माण कार्यको अनुगमन प्रभावकारी बनाउने निर्देशन भएकोमा दुबै डिभिजन कार्यालयबाट सोअनुसार कार्यसम्पादन भएको छैन । सार्वजनिक लेखा समितिको निर्देशनअनुसार आवास निर्माण कार्यको स्थानअनुसार यथार्थपरक नर्म्स बनाई सोको आधारमा लागत अनुमान स्वीकृत गरी निर्माण कार्य गरिनुपर्दछ ।

शहरी विकास मन्त्रालयअन्तर्गतका बोर्ड, कोष तथा समितिहरु गठन तथा कार्य स्थिति सम्बन्धी अध्ययन

यस मन्त्रालयअन्तर्गत १८३ नगर विकास समिति, ६ अन्य समिति, १ कोष, १ बोर्ड, १ संस्थान, २ केन्द्र १ प्राधिकरण, २ लिमिटेड कम्पनी र १ आयोग सहित १९८ संस्थामध्ये सिंहदरबार सचिवालय पुन: निर्माण समिति, नगर विकास कोष, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको कार्यसञ्चालन स्थितिको कार्यदक्षता तथा प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

सिंहदरबार सचिवालय पुन:निर्माण समिति

७५. **गुरुयोजना –** सिंहदरबार परिसरको २०३७।२।२९ मा स्वीकृत गुरुयोजनाअनुसार कुल ४५ हेक्टर क्षेत्रफलमध्ये ५.५८ हेक्टर (१०९.७ रोपनी) मा १५ मन्त्रालय, १ विभाग साथै बैङ्क, हुलाक, पुस्तकालय र चमेनागृहसमेत निर्माण कार्य गर्ने उल्लेख भए तापनि गुरुयोजनामा पटक पटक फेरबदल गरी निर्माण कार्यहरु हुँदै आएको छ । बबरमहल, वैद्यखाना क्षेत्रसहितको करिब ४५ हेक्टर क्षेत्रमा बनेको पहिलो योजनामा १५ मन्त्रालय राख्ने योजना भएकोमा बबरमहल, वैद्यखाना क्षेत्र अलग्गिँदा पनि करिब ४१ हेक्टरमा २६ मन्त्रालय राख्ने निर्णय भएको छ । चौँथो संशोधनमा नेपाल टेलिभिजनलाई उपलब्ध गराएको पुतली बगैँचाको ३९.८७ रोपनी जग्गा पुतली बगैँचाको संरक्षण गर्नका लागि नदिने उल्लेख गरेपनि सातौँ संशोधनमा संसद सचिवालयलाई उपलब्ध गराएको देखिन्छ ।

गुरुयोजनाको सोच र मर्मलाईभन्दा तत्कालको आवश्यकतालाई प्राथमिकता दिई पटक पटक फेरबदल भइरहनु, गुरुयोजनामा परिसरको क्षमताको आङ्कलन नगरी मन्त्रालयहरुको थप भवनहरु निर्माण गर्दै जानु आदि कारणबाट गुरुयोजना कार्यान्वयन प्रभावकारी हुनसकेको छैन । अत: गुरुयोजनामा दीर्घकालीन रणनीति अनुसार सामयिक परिवर्तन गरी राज्यका प्रमुख अङ्गहरु रहेको आधुनिक सुविधायुक्त, स्वच्छ, सफा र सुरक्षित केन्द्रीय प्रशासनिक परिसरको रुपमा व्यवस्थित गर्न र राष्ट्रिय पहिचान दिने वास्तुकला र संस्कृति झल्किने ल्याण्डस्केप र भवनहरु निर्माणमा प्राथमिकता दिनुपर्दछ ।

७६. **निर्माण कार्यको गुणस्तर –** निर्माण कार्यमा गुणस्तरको सुनिश्चितताका लागि भवन निर्माण निर्देशिका, राष्ट्रिय भवन संहिता, सम्झौतामा उल्लिखित निर्माण स्पेशिफिकेशन तथा गुणस्तर आश्वस्तता योजना बनाई पालना गर्नुपर्नेमा भवन निर्माणको नक्सा बाहेक डिटेल इष्टिमेट तथा निर्माण सामग्री तथा निर्माण अवस्थामा गर्नुपर्ने ल्याब परीक्षणको प्रतिवेदन माग गरेकोमा उपलब्ध भएन । गुणस्तरीयताको सुनिश्चितताको लागि प्रयोगशाला परीक्षण र अन्य कार्यहरुको सूचना पाउनसक्ने गरी अभिलेख व्यवस्थित र सुरक्षित राख्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

७७. **मापदण्डको परिपालना –** स्थानीय स्वायत्त शासन ऐन, २०५५, भाग ३ को दफा १५० (१) र १५०.२.१ तथा नगर विकास ऐन, २०४५ को दफा ३.१ अनुसार काठमाडौं महानगरपालिका र नगर विकास प्राधिकरणलाई निर्माणसम्बन्धी जानकारी गराएको छैन । सरकारी तथा अर्धसरकारी उपक्षेत्रमा भवनको अधिकतम् ग्राउण्ड कभरेज ५० प्रतिशत, फार (FAR) २.५० र न्यूनतम पार्किङ्ग स्थल जम्मा जग्गाको २० प्रतिशत आवासीय प्रयोजनका लागि ८ आनाभन्दा कमलाई ग्राउण्ड कभरेज ८० प्रतिशत, फार २.५ र ८ आनाभन्दा बढीमा ग्राउण्ड कभरेज ६० प्रतिशत, फार २.५ राखे तापनि अन्य प्रयोजनका लागि कामको प्रकृति हेरेर ग्राउण्ड कभरेज ४०-५० प्रतिशत र फार ३ कायम गर्नुपर्ने व्यवस्थाको अनुगमन भएको छैन ।

उक्त मापदण्डको पालना नहुँदा सिंहदरबार परिसर अव्यबस्थित र असुरक्षित हुँदै जाने, ल्याण्डस्केप, आकर्षणमा नराम्रो प्रभाव पर्ने, वातावरणीय तथा सौन्दर्यतामा कमी आउने, आपत्कालीन व्यवस्थापनमा व्यवधान आउने, आधुनिक सुविधायुक्त, स्वच्छ, सफा र सुरक्षित केन्द्रीय प्रशासनिक परिसरको सोच पूरा नहुने भएकोले गुरुयोजनाको मुल मर्मलाई ध्यान दिएर निर्माण गरी स्वीकृत मापदण्डको पालना गर्नुपर्दछ ।

नगर विकास कोष

७८. **व्यवसायीक कार्ययोजना –** कोषको १२४ औं बोर्ड बैठकले कोषको व्यावसायिक पुन: संरचना कार्य योजना तथा व्यावसायिक योजनाले सैद्धान्तिक सहमति दिएअनुसार २०६८।६९ मा तयार गरेको व्यावसायिक योजना (२०११।१२–२०१५।१६) ले कोषलाई आगामी १० वर्षमा शहरी पूर्वाधार विकास बैङ्कमा परिणत गर्न आवश्यक पूँजी तथा लगानीका लागि एकरुपता ल्याउने उल्लेख छ । व्यावसायिक पुन: संरचना कार्य योजना लागू हुन नसकेकोले आगामी १० वर्षमा शहरी पूर्वाधार विकास बैङ्कमा परिणत गर्न असहज हुने देखिन्छ । अत: कोषको व्यवसायिक पुन: संरचना कार्ययोजना तथा व्यावसायिक योजनालाई प्रभावकारी रुपमामा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

७९. **लगानी नीति –** कोषले २०६८।६९ मा विभिन्न कार्यक्रम तथा आयोजनाहरुमा ऋण र अनुदानसमेत रु.१ अर्ब २१ करोड ६४ लाख लगानी गर्ने लक्ष्य रहेकोमा रु.२२ करोड ४८ लाखमात्र लगानी गरेको छ । कोषको प्रभावकारी रुपले सञ्चालन नहुनुमा सरकारी पूँजी तथा विदेशी दातृ संस्थाको ऋण अनुदानमा बढी निर्भर रहनु परेको, पहुँचको आधारमा लगानी गर्ने, राष्ट्रिय शहरी नीतिको प्रभावकारी कार्यान्वयन नहुन, शहरी पूर्वाधार विकासमा एकरुपता ल्याउन शहरी पूर्वाधार नीतिको अभाव रहनु आदि रहेको पाइन्छ । अत: भविष्यमा शहरी पूर्वाधार विकास बैङ्कमा रुपान्तरण गरी सरकार तथा विदेशी दातृ संस्थाको ऋण व्यवस्थापनको लागि जोखिम भारीत व्यवस्था प्रभावकारी रुपमा लागू गर्नुपर्ने देखिन्छ ।

८०. **योजना छनौट प्रक्रिया –** कोषको स्थापनादेखि २०६८।६९ सम्ममा स्वीकृत १५८ आयोजनामध्ये १०७ आयोजना सम्पन्न भएका छन् । योजना पहिचानदेखि कार्यान्वयन चरणसम्मका लागि नगर विकास कोषको कार्यसञ्चालन निर्देशिका, २०६९ मा उल्लेख भएका विभिन्न चरणहरुमा अध्ययन गरेपछि मात्र योजना छनौट प्रक्रिया सम्पन्न गरिने व्यवस्था भएपनि स्थानीय स्तरमा पहिचान गरिएका योजनाहरुको दीगोपना र सामाजिक उपादेयतालाई ध्यान नदिई विगतमा भएको लगानी असुलीमा रहेका समस्या र स्थानीय निकायमा ऋणको सदुपयोगसम्बन्धी स्पष्ट नीति तय नभएको तथा ऋणको अभावले आगामी १० बर्षमा शहरी पूर्वाधार विकास बैङ्कमा परिणत गर्न असहज हुने साथै शहरी पूर्वाधार विकासमा लगानीको अवसर घट्न जानाले अव्यवस्थित शहरीकरण बढ्ने देखिन्छ ।

८१. **सार्वजनिक निजी साझेदारी –** कोषले लगानी गरेका योजनाहरुको दीगोपनका लागि सरकारी क्षेत्र र निजी क्षेत्रबीच सहकार्य हुनुपर्दछ । शहरी पूर्वाधार विकासको लागि आवधिक योजनाहरुमा प्रक्षेपित लागतहरुको आधारमा वार्षिक रु.४५ अर्ब लाग्ने देखिन्छ । हाल रु.४ अर्ब ५ करोडमात्र लगानी गर्न सकिरहेको अवस्थामा करिब रु.४० अर्ब ५ करोडको लगानीका लागि निजी क्षेत्रलाई पूर्वाधार निर्माणमा आकर्षित गर्नुपर्छ ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

८२. **बोर्डको गठन –** काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको तर्फबाट सम्पादन गर्नुपर्ने सम्पूर्ण काम कारबाही सुचारुरुपले सम्पादन गर्न गठित कार्यकारी समितिमा जिल्ला विकास समितिहरुबाट, खानेपानी तथा सरसफाई सेवा क्षेत्रका विज्ञ, उद्योग वाणिज्य महासंघको तर्फबाट प्रतिनिधि तोकेको पाइएन । समितिमा प्रतिनिधित्व गराउँदा उपलब्ध भएसम्म महिलालाई प्रतिनिधित्व गर्न प्राथमिकता दिनपर्ने व्यवस्था भएपनि महिलाको प्रतिनिधित्व भएको छैन । तोकिएका निकायहरुबाट प्रतिनिधित्व नभएको हुँदा बोर्डले गति लिन नसक्ने, निजी साझेदारीको अवधारणामा सञ्चालन गर्न कठिनाई हुने, सरोकारवालाका भावना प्रतिविम्बित नहुने, अनुगमन गर्न कठिनाई हुने देखिन्छ । बोर्डलाई पूर्णता दिन यथासक्य चाँडो समावेशी आधारमा सदस्यहरु मनोनयन गर्नुपर्दछ ।

८३. **खानेपानी आपूर्ति –** खानेपानी बोर्ड ऐनको दफा ६ मा गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाउने, खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदुषित हुन नदिने काम गर्नुपर्ने उल्लेख छ ।

८३.१ काठमाडौं उपत्यकामा खानेपानीको माग दैनिक ४५ करोड लिटर रहेको अनुमान छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेडले आफुले पानीको सेवा प्रवाह गरेको शहरी क्षेत्रको मागमात्र पनि दैनिक ३५ करोड लिटर रहेकोमा हिउँदमा ८.६ र वर्षामा १४.८ करोड लिटर पानी दैनिक आपूर्ति गर्नसक्ने क्षमता रहेकोले पानीको आपूर्ति अपर्याप्त छ ।

८३.२ काठमाडौं उपत्यकामा भूमिगत पानीको परिमाण १५ अर्ब घनमिटर रहेको र त्यसमध्ये ३ अर्ब घनमिटर मात्र दोहन गर्न सकिने अनुमान वाटर अप्टिमाइजेसन पाइलट प्रोजेक्ट, २००१ को प्रतिवेदनमा उल्लेख छ । उपत्यकामा अहिले दैनिक ५ करोडदेखि ५.५० करोड लिटर भूमिगत पानी प्रयोग भइरहेको छ । करिब ६०० नीजि ट्याङ्करबाट दैनिक १ करोड लिटर तथा ६७ बोटलिङ्ग कम्पनी एवं व्यक्तिगत कुवा, इनार, स्यालो ट्युबवेल, परम्परागत ढुङ्गे धारा आदिबाट समेत पानी आपूर्ति हुँदै आएको छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेडले उपत्यकामा ३५ सतह र ५९ डीप ट्युबवेलबाट पानी ल्याई ४७ पानीपोखरीमा ४ करोड १० लाख लिटर क्षमताका टेङ्कीमा जम्मा गरी १ लाख ८० हजार निजी, १ हजार १९६ सार्वजनिक र १ हजार ९ सरकारी धारामार्फत पानी वितरण गरी रहेको छ । उपलब्ध पानीमध्ये ३५ देखि ४० प्रतिशत चुहावट हुनु र स्रोतको कमीका कारण माग अनुसार पानी आपूर्ति गर्नसकेको छैन । पानीको आपूर्ति बढाउनलाई स्रोतहरुको संरक्षण र उपयोग गर्ने तथा नौमुले, सिस्नेरी आदि स्रोत पहिचान गरी प्रणालीमा जोड्ने योजना रहेको बोर्डले जनाएको छ । अत: माग अनुसार खानेपानी आपूर्तिको व्यवस्था गर्न चुहावट नियन्त्रण, पानीको स्रोत खोजी गर्ने र पानी वितरण प्रणालीमा सुधार जस्ता कार्य अगाडि बढाउनुपर्दछ ।

८४. **भूमिगत जलस्रोत उपयोग –** काठमाडौं उपत्यकाको वातावरणलाई स्वच्छ स्वस्थ र प्राकृतिक हिसाबले पनि सुरक्षित राख्न जमिनभित्रको पानीको सतहलाई एउटा निश्चित मापमा राख्नु नितान्त आवश्यक छ । सन् २००० मा गरेको एक अध्ययन प्रतिवेदनअनुसार असिमित र अनियन्त्रित रुपले पानी निकालेको कारण पानीको सतह ९ मिटरबाट ६८ मिटर तल झरेको उल्लेख गरेको छ । अत्यधिक पानी दोहन गर्ने, जङ्गलको कटान, अव्यवस्थित र अनियन्त्रित बसोवासका कारण पानी नियमित रुपमा पुनर्भरण नभएको कारणले पानीको सतह दिनानुदिन घट्दै गई कतिपय इनार, कुवा सुक्दै जानुले उपत्यकाको बसोबास असुरक्षित हुँदै गइरहेको छ । उपत्यकाबाट दैनिक ४ करोड लिटरमात्र पानी निकाल्न सकिने २०४९ मा गरिएको एक अध्ययनले देखाएकोमा २०६६ मा दैनिक करिब ६ करोड लिटर पानी दोहन भइरहेको देखाएको थियो । भौतिक योजना तथा निर्माण मन्त्रालयले सन् २००२ मा गरेको सर्भेले प्राकतिक रुपले रिचार्ज हुनेभन्दा प्रतिवर्ष ६ गुणा बढीले पानी निकाल्ने गरेकोले प्रतिवर्ष पानीको सतह २.५ मिटरले घट्दै गएको देखाएको छ । फलस्वरुप काठमाडौं, भक्तपुर र ललितपुरका ३१३ परम्परागत ढुङ्गे धारामध्ये ५९ धारा सुकिसकेको र अरुपनि सुक्दै जाने अवस्थामा पुगिसकेको जनाएको छ ।

बोर्डको प्रवर्द्धनात्मक कार्यसञ्चालन गर्न पर्याप्त बजेट नहुनु तथा पीआईडीसँगको सम्बन्ध समन्वयात्मक नहुनु, जनशक्ति व्यवस्थापन एवं आवश्यक नीति निर्देशिका तयार नभएकोले बोर्डले आफ्नो कार्य प्रभावकारी बनाउनसकेको छैन । अत: भूमिगत जलस्रोतको अवस्था यकिन गरी तदनुरुप बोरिङ्ग इजाजत पत्र दिनुपर्ने, भूमिगत पानी उपयोगको आधारमा दस्तुर लिने व्यवस्था मिलाउनुपर्ने, भूमिगत जलभण्डारको विवेकपूर्ण, लाभदायी एवं दीगो उपयोग गर्न पुनर्भरणको उपयुक्त व्यवस्था गर्नुपर्दछ ।

८५. **अनुमतिपत्र –** भूमिगत पानी निकाल्ने तथा उपयोग गर्न बोर्डबाट तोकिएको प्रक्रिया पूरा गरी अनुमतिपत्र प्राप्त गर्नुपर्दछ । काठमाडौं उपत्यका खानेपानी लिमिटेड सहित २९२ ले मात्र बोर्डबाट अनुमतिपत्र प्राप्त गरेको भए तापनि अन्य निकायहरुले अनुमतिपत्र लिएका छैनन् र बोर्डले पनि तिनीहरुलाई आफ्नो दायरामा ल्याउनसकेको पाइएन । त्यसै गरी होटल, आवास क्षेत्र, अपार्टमेन्ट, व्यापारिक भवन, सरकारी र अर्ध–सरकारी निकाय, राजदुतावास, नर्सिङ्ग होम, विद्यालय आदिले भूमिगत पानी नै दोहन गरिरहेका छन् । अत: इजाजतपत्र वितरणको शर्तनामामा नै फ्ल्यो मिटर राख्नुपर्ने व्यवस्था गरी नियमित अनुगमन गर्ने र

मिटर बिगार्ने वा नराख्ने व्यक्ति वा संघ संस्थालाई अधिकतम जरिबाना तोकी कारबाही गरी इजाजतपत्र खारेज गर्ने, इजाजत पत्र दिँदा बोरिङ्ग गर्ने स्थानको जग्गाको मापदण्ड तयार गर्नुपर्ने देखिन्छ ।

८६. **पानीको गुणस्तर –** गुणस्तरीय सेवा दिन सतह तथा भूमिगत पानीलाई प्रशोधन गरी वितरण प्रणालीमा पठाइने व्यवस्था अनुसार काठमाडौं उपत्यकामा महाँकालचौर, बाँसवारी, सुन्दरीजल, बोडे, बालाजु गरी ५ ठूला र १६ साना प्रशोधन केन्द्रबाट दैनिक १११ करोड ८० लाख लिटर पानी प्रशोधन गर्ने क्षमता रहेको छ । पानी वितरण गर्दा प्रशोधन गरेर पठाउने गरे तापनि वितरण प्रणालीका पाइपहरु धेरै पूरानो भएको, ठाउँ ठाउँबाट चुहावट भएको, ढल व्यवस्था ज्यादै पूरानो र सडक लगायत अन्य निर्माण कार्यमा जथाभावी खन्ने, समयमा खाडलहरु नपुर्ने, ढल र खानेपानीको पाइप सँगसगै राखिनुले समयसमयमा पानी प्रदुषित हुने गरेको छ । बोर्डले २०६६।६७ मा वितरित पानीको गुणस्तरको ६ महिनाको २ हजार ६७५ स्याम्पल टेष्ट गर्दा १ हजार १४६ अर्थात ४३ प्रतिशतमा क्लोरिनको मात्रा बढी भएको प्रतिवेदनले देखाएको छ । त्योभन्दा पछि टेष्ट गरेको प्रतिवेदन पाइएन । गुणस्तरीय पानी वितरण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८७. **शुल्क असुली –** बोर्ड नियमावलीको नियम २५ बमोजिम काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन जिम्मा दिँदा लाइसेन्स फी वार्षिक रु.१ करोड (हरेक वर्ष काठमाडौं उपत्यकाको मुद्रास्फितिको दर अनुसार समायोजन हुने) र कुल महसुल सङ्कलनको ४ प्रतिशत र कुल सर्भिस एसेटको बढीमा ६ प्रतिशत प्रतिवर्ष बुझाउनपर्ने व्यवस्था छ । तीस वर्षको लिज सम्झौताबमोजिम काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट अहिलेसम्म लाइसेन्स फी तथा महसुल रु.४८ करोड प्राप्त हुनुपर्नेमा रु.१ करोड ५ लाखमात्र प्राप्त भएको छ । बाँकी रकम प्राप्त गर्न बोर्डले पहल गर्नुपर्ने देखियो । अत: सम्झौताअनुसार समयमा नै शुल्क लिने र समयमा नबुझाएमा जरिबाना लिने व्यवस्थालाई कडाईका साथ पालना गराउनुपर्दछ ।

८८. **ढल निकास –** खानेपानी तथा सरसफाई सेवाभित्र आम जनताले प्रयोग गरेको पानीबाट उत्सर्जन हुने प्रदुषित पानी तथा आकासे पानीको व्यवस्थापनसम्बन्धी कार्य बोर्डको कार्यक्षेत्रमा पर्दछ । काठमाडौं उपत्यका खानेपानी लिमिटेड ढल शाखाले दिएको जानकारीअनुसार ललितपुर र भक्तपुरमा १९.१ एम.एल.डी.क्षमताका ४ फोहोर पानी प्रशोधन प्लान्ट भए तापनि उपत्यकाको वातावरण स्वस्थ र स्वच्छ राखी उपत्यकावासीको जीवन स्वस्थकर बनाईराख्न तथा राजधानीको सुन्दरतालाई आकर्षक बनाउन सरसफाई तथा फोहोर पानी प्रशोधन पश्चातमात्र नदीमा मिसाउने व्यवस्था तथा ढल निर्माण योजनाबद्धरुपमा कार्यान्वयनमा आउनसकेको छैन ।

अत: खानेपानी तथा ढल निकास विभाग, वागमती सभ्यता परियोजना, फोहोर मैला व्यवस्थापन समिति, नगरपालिका एवं अन्य निकायसँग साझेदारी तथा समन्वय गरी उपत्यकाको ढल व्यवस्था चुस्त पार्नुपर्ने, ढल प्रशोधन, रिसाइक्लिन गरी खानेपानी बाहेक अन्य प्रयोजनमा प्रयोग गर्ने व्यवस्था मिलाउन सकेमा उपत्यकाको पानीको समस्या समाधानमा सहयोग पुग्न जाने देखिन्छ ।

खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन कार्यालय (मोरङ्ग, रामेछाप, पाल्पा, बर्दिया र डडेल्धुरा) आयोजना छनौट र कार्यान्वयन मूल्याङ्कन

खानेपानी तथा सरसफाईसम्बन्धी आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार र हस्तान्तरण गर्ने, खानेपानीको सेवा सुधार तथा गुणस्तर अभिवृद्धि गर्ने, सबै क्षेत्रमा आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यले स्थापित कार्यालयहरुको मितव्ययिता र कार्यदक्षताको आधारमा मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ ।

८९. **योजना छनौट –** उपभोक्ताको मागको आधारमा निश्चित मापदण्डबमोजिम सम्भाव्यता अध्ययन भइसकेका आयोजनाको प्राथमिकता निर्धारणको आधारमा छनौट गरी उपभोक्ताको सहभागिताका आधारमा आयोजना छनौट र कार्यान्वयन गरिएको हुनुपर्दछ ।

८९.१ विगत ३ वर्षमा यी कार्यालयहरुबाट २१ आयोजनाको सम्भाव्यता र २८ आयोजनाको विस्तृत अध्ययन गरेकोमा आयोजना स्वीकृत भई कार्यान्वयनमा आउनसकेको देखिएन । कार्यान्वयनमा नआएको आयोजनाको कार्यान्वयनको लागि प्रयास भइरहेको र बजेट विनियोजन गर्ने समयमा मात्र आयोजना स्वीकृत हुने व्यहोरा कार्यालयबाट प्राप्त भएको छ ।

८९.२ डिभिजन कार्यालयहरुबाट सञ्चालित आयोजनाहरुमा पर्याप्त मात्रामा बजेट प्राप्त नहुँदा त्यस्ता निर्माण सञ्चालनमा लामो समय लाग्ने, ढिलो निर्माण सञ्चालन हुँदा आयोजनाको प्रभावकारिता, गुणस्तर, लागत लगायतका क्षेत्रमा असर पर्ने देखिन्छ ।

उल्लिखित आयोजनामध्ये डिभिजन कार्यालय मोरङ्गबाट २०५६।५७ देखि सञ्चालित २४ आयोजना, डिभिजन कार्यालय रामेछापबाट २०६३।६४ देखि सञ्चालित २५ आयोजना, डिभिजन पाल्पाबाट २०५७।५८ देखि सञ्चालित ३१ आयोजना, सव–डिभिजन कार्यालय बर्दियाबाट २०६०।६१ देखि सञ्चालित ९ आयोजना र डिभिजन कार्यालय डडेल्धुराबाट २०६४।६५ देखि सञ्चालित १४ आयोजना निर्माणाधीन रहेका छन् । यसरी सञ्चालित आयोजना लामो समयसम्म सम्पन्न नहुनुमा पर्याप्त बजेट विनियोजन नहुनु प्रमुख कारण रहेको कार्यालयबाट जवाफ प्राप्त भएको छ । जनताबाट माग सङ्कलन गरी सम्भाव्यता र विस्तृत अध्ययन गरी सम्भाव्य आयोजनाहरुको समयमै प्राथमिकता क्रमानुसार सञ्चालन गर्नुपर्दछ । प्रभावकारी र दिगो रुपमा आयोजना सञ्चालन हुन निश्चित संख्यामा आयोजना सञ्चालन गरी पर्याप्त बजेट व्यवस्थापन हुनुपर्दछ ।

९०. **जनसहभागिता** – खानेपानी कार्यालयबाट सञ्चालित योजनामा घटीमा २० प्रतिशत जनसहभागिता हुनुपर्दछ । उपभोक्ता समितिबाट पाइप विच्छ्याउने लगायतका कार्य गर्ने गरेको र संरचना तथा पाइप उपलब्धी कार्य ठेक्काबाट हुने गरेको देखियो । मोरङ जिल्लाका २४ योजनामध्ये २२ योजनामा पाइप विच्छ्याउने समेतको कार्य जनश्रमदानबापत २० प्रतिशतभन्दा कम जनसहभागिता रहेको छ ।

कार्यालयहरुबाट सञ्चालित अधिकांश आयोजनाहरुमा उपभोक्ताको श्रमदान अंश नापी किताबमा प्रविष्ट नहुने अवस्था केही कार्यालयहरुमा देखियो । सम्झौतानुसार स्वीकृत कार्यादेश अनुसार काम गर्दा भुक्तानी हुने र नहुने दुबै कार्यको परिणाम यकिन गरी सोको आधारमा श्रमदानको अंश कट्टा हुने व्यवस्था हुनुपर्दछ ।

९१. **पाइप तथा फिटिङ्ग** – खरिद भएका पाइप तथा फिटिङ्सको उद्देश्यमूलक उपयोग गरिनुपर्दछ । डिभिजन कार्यालय, रामेछापमा ११ हजार ६६० मिटर, पाल्पामा ७१ हजार ३४५ मिटर, बर्दियामा १४ हजार ६१० मिटर, डडेल्धुरामा ३ हजार १६६ मिटर मौज्दात रहेको छ ।

९१.१ स्थलगत निरीक्षणको क्रममा कार्यालयहाता तथा साइट कार्यालयमा पुराना तथा नयाँ पाइप खुल्ला आकासमुनी राखिएको, पुराना सामान प्रयोग नभई नयाँ सामान खरिद गर्ने र सोको पर्याप्त प्रयोग नहुने स्थितिले पाइप तथा फिटिङ्गको समुचति व्यवस्थापन भएको देखिएन । यसरी पुरानो मौज्दात प्रयोग नहुने, घाम, पानी लगायत अन्य प्राकृतिक तथा सामानजन्य विशेषता (खिया लाग्ने, गल्ने) आदि कारणले सामानको गुणस्तरमा ह्रास आउने अवस्था देखिन्छ ।

पाइप खरिदको लागिमात्र कार्यक्रम हुने, पाइप खरिद पश्चात आयोजनाको निर्माणमा विविध कारणले सञ्चालन हुन नसक्ने र आकस्मिक मर्मत कार्यको लागि तत्काल मौज्दात राख्नुपर्ने कारणले बढी मौज्दात देखिएको कार्यालयले जानकारी दिएका छन् । अतः गुणस्तरमा ह्रास नआउने गरी उचित तवरले मौज्दात व्यवस्थापन गर्नुपर्दछ । साथै मौज्दात पाइप तथा फिटिङ्सको आधार लिई आगामी वर्षको खरिद योजना तय गरिनु पर्दछ ।

९१.२ डडेल्धुरामा कार्यालयबाट पाइप तथा फिटिङ्स हस्तान्तरण भएपछि उक्त सामग्री सम्बन्धित आयोजनामा उपयोग हुनुपर्नेमा ५ आयोजनामा कार्यालयबाट हस्तान्तरण तथा जिन्सी खर्च भएको रु.५ लाख ७८ हजारका विभिन्न साइजको ८ हजार ९ सय मिटर पाइप सम्बन्धित कार्यमा उपयोग भएको देखिएन । सम्बन्धित

योजनाहरुको योजनागत साइट रजिष्टर समेत नराखेकोले उक्त पाइप फिटिङ्स योजनाहरुमा मौज्दातसमेत रहे नरहेको यकिन गर्नसक्ने अवस्था छैन ।

योजनामा उपयोग नभएको तर कार्यालयबाट खर्च भईसकेकोले उक्त पाइपको उपयोगको अवस्था यकिन गर्नुपर्दछ ।

९१.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार वार्षिक स्वीकृत कार्यक्रम अनुसारका क्रियाकलाप सञ्चालन गर्न खरिद भएका पाइप तथा फिटिङ्गसहरु सम्बन्धित योजनामा उपयोग हुनुपर्नेमा डडेल्धुरामा कार्यक्रम विपरीत निम्नानुसारका निकायलाई वितरण गरेको छ:

(रु.हजारमा)

क्र.सं.	पाईप लैजाने निकाय	पाईप लगेको मिति	विभिन्न साइजको एचडीपी पाइप	रकम
१	जिल्ला विकास समिति डडेल्धुरा	२०६६।१।२७ देखि २०६६।४।२५ सम्म	३७०० मि.	२,८६
२	अमरगढी नगरपालिका डडेलधुरा	२०६७।१।६ देखि २०६८।१।१७ सम्म	२२०० मि.	२,०६
		जम्मा:	**५९०० मि.**	**४,९२**

स्वीकृत कार्यक्रम अनुसार खनेपानी योजनाहरुमा प्रयोग गर्न खरीद गरिएका पाइप अन्यत्र प्रयोग गर्न दिँदा सम्बन्धित आयोजना निर्माण गर्न आवश्यक हुँदा कहाँबाट आपूर्ति गर्ने हो सोको अनिश्चितता रहेको छ । उक्त पाइप कुन कुन योजनाको हो सोको अभिलेखसमेत राखेको पाइएन । पाइप अभावका कारण आयोजना कार्यान्वयनमा ढिलाई तथा अवरोध हुने स्थिति रहेकोले उक्त परिमाणको पाइप फिर्ता लिनुपर्दछ । साथै योजनाको पाइप अन्यत्रै वितरण गर्ने कार्यमा नियन्त्रण तथा सुधार हुनुपर्छ ।

९२. **लागत विश्लेषण** – आयोजना स्वीकृत गर्दा आर्थिक कार्यविधि नियमावाली, २०६४ को नियम २२ को उपनियम (१) सँग सम्बन्धित आयोजना स्वीकृत गर्ने गराउने प्रक्रियामा उल्लेख भए अनुसार आयोजनाको कामको लागि प्रस्ताव गरिएको खर्चका आधारहरु प्रचलित मूल्य, लाभ लागत खर्चको विश्लेषण गर्नुपर्ने व्यवस्था छ । विभिन्न डिभिजन कार्यालयबाट सञ्चालित आयोजनाहरुले प्रतिउपभोक्ता लागत अनुमान तुलना गर्दा बर्दियामा न्यूनतम रु.६३१।– देखि मोरङ्गमा अधिकतम रु.३१ हजार १२० सम्म रहेको पाइन्छ । अत: लागत लाभ विश्लेषण गरी बढी प्रतिफल दिने आयोजना छनौटमा जोड दिनुपर्दछ ।

९३. **गुणस्तर नियन्त्रण –** विभिन्न डिभिजनहरुमा एच.डी.पी पाइप खरिदसम्बन्धी आपूर्तिकर्तासँग भएको सम्झौता तथा टेक्निकल स्पेसिफिकेसनअनुसार आपूर्तिकर्ताले हरेक लटपिच्छे गुणस्तर परीक्षण गरेको प्रमाणपत्र उपलब्ध गराउनुपर्ने प्रावधान रहेकोमा आपूर्ति भएका पाइपको फिटिङ्गको गुणस्तर परीक्षण प्रमाणपत्र पेश गरेको छैन । गुणस्तर आश्वस्तताका लागि कार्यालयले स्वतन्त्र परीक्षणसमेत गराएको छैन । डडेल्धुराले उपभोक्ताबाट सञ्चालित आयोजनाको गुणस्तरीय सामान प्रयोग गरिने र सोको परीक्षण नगर्ने गरेको जनाएको छ । त्यस्तै मोरङ्ग, रामेछाप पाल्पा र बर्दियाले ठेक्का पट्टाद्वारा निर्माण गरिने संरचनाको गुणस्तर परीक्षण हुने जनाए पनि डिभिजनहरुको आफ्नै प्रयोगशाला र प्राविधिक जनशक्ति नरहेकोले गुणस्तर नियन्त्रण पक्ष कमजोर रहेकोले दीर्घकालीन रुपमा रहने उपभोक्ताको प्रत्यक्ष सरोकार भएको निर्माण कार्यमा सम्बन्धित विषयको विज्ञसमेतको सेवा लिई निर्माण कार्यको गुणस्तर कायम गर्नुपर्दछ ।

अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति कार्यसम्पादन स्थिति मूल्याङ्कन

पशुपतिक्षेत्र लगायत वागमती नदीको वातावरणलाई सुधार गर्ने उद्देश्यले तत्कालीन मन्त्रिपरिषद्को निर्णय अनुसार २०५१ मा पशुपतिक्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समिति, २०५२ मा अधिकार सम्पन्न वागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति हुँदै २०६५ बाट अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति बनेको छ ।

९४. **आयोजनाका लागत** – आर्थिक कार्यविधि नियमावली, २०६४को नियम २२(१) अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने उल्लेख छ । यसरी स्वीकृत गर्दा अनुसूचीमा अन्य कुराका अतिरिक्त प्रमुख कार्य र परिमाण उल्लेख हुनुपर्ने उल्लेख छ । विस्तृत सर्भे तथा डिजाइन तयार गरी आयोजना अन्तर्गतका विभिन्न स्थानहरुमा गर्नुपर्ने कामको परिमाण र लागत किटान गरेको छैन । काम गर्दै जाने क्रममा मात्र चरणवद्धरुपमा विस्तृत अध्ययन गरी डिजाइन गर्दै कार्य परिमाण तय गरी ठेक्का बन्दोवस्त गर्दै जाने गरेको पाइयो ।

नेपाल सरकारको स्रोतबाट व्यहोर्ने गरी रु.१४ अर्ब ९८ करोड ९१ लाखको लागतमा २०७०।७१ मा आयोजना सम्पन्न गर्ने वार्षिक योजनामा उल्लेख छ । आयोजनाका सम्पूर्ण कार्यमध्ये यस वर्षसम्मको भारित प्रगति २२.०२ प्रतिशत रहेको अवस्था छ । १६ वर्षको अवधि वित्दासमेत प्रगति स्थिति २५ प्रतिशत पनि नपुग्नुले समयमा आयोजना सम्पन्न हुन नसक्ने र बाँकी कार्य पूरा गर्न हालको प्रगतिको अनुपातमा थप ५० वर्ष लाग्ने अवस्था छ ।

आयोजनाको कुल कार्य लक्ष्य, हालसम्मको प्रगति एवं वास्तविक खर्चको अभिलेख अद्यावधिक गरी निर्धारित समयमा कार्य सञ्चालन गर्ने कार्यतालिका सहित कार्यसम्पादनमा तिब्रता दिनुपर्ने देखिन्छ ।

९५. **वागमती नदीको बहाव** – सुन्दरीजल–गोकर्णमा १८ देखि ३० मिटर, गोकर्ण–जोरपाटीमा ३५ मिटर, जोरपाटी–गुह्येश्वरीमा ४० मिटर, गुह्येश्वरी–शंखमुलमा ३० मिटर, शंखमुल–टेकु ६० मिटर र टेकु–चोभार ८० मिटर रहने गरी समितिले नदीको बहाव क्षेत्र तोकेको छ । गोकर्णदेखि चोभारसम्म वागमती नदीको दुबैतर्फ १२।१२ मिटरको हरियाली क्षेत्र र ८।८ मिटरको बाटो रहने व्यवस्था छ ।

तिलगङ्गादेखि शंखमुलसम्म नदीको बहाव नपुग हुने, तिलगङ्गादेखि चोभारसम्म ग्रीनवेल्ट नपुग हुने र गोकर्णदेखि गुह्येश्वरीबीचको क्षेत्र बाहेक अन्यत्र मापदण्डअनुसार बाटो नपुग्ने अवस्था रहेको जानकारी समितिले दिएको छ । नदीको बहाव, ग्रिनबेल्ट, सडकको निमित्त आवश्यक जमीनको समयमै व्यवस्था गर्नसकेमा मात्र निर्धारित मापदण्ड अनुसारको संरचना तयार हुने हुँदा यसमा समितिले पहल गर्नुपर्दछ ।

९६. **निर्माण कार्यको अवस्था** – समितिले सुन्दरीजलदेखि गोकर्णसम्मको वागमती नदीलाई २०२१ को नापी नक्सा अनुसार कायम गरी नदी संरक्षणका कार्य नेपाल सरकारको निर्णयले नेपाली सेनालाई दिएको छ । सोको लागि रु.४० करोडको लागत अनुमान भई हालसम्म रु.२९ करोड ६६ लाख ३० हजार खर्च भएको छ ।

गोकर्णदेखि शंखमुलसम्म रु.९९ करोड ८२ लाख ४० हजारमा ४ ठेक्का सम्झौता भई रु.९ करोड ५० लाख पेश्कीसमेत हालसम्म रु.२८ करोड ६४ लाख ८५ हजार खर्च भएको छ । शंखमुलदेखि बल्खुसम्मका विभिन्न कामहरुको निमित्त विस्तृत अध्ययन र डिजाइन कार्य भइरहेको छ । यस क्षेत्रभित्र नदी अतिक्रमण हटाउने मुहान संरक्षण गर्ने, विद्यमान नापी नक्सा अनुसार नदीको बहाव कायम गरी नदी नियन्त्रण गर्ने, नदी किनारामा भौतिक पूर्वाधार निर्माण कार्यका उक्त ठेक्काहरुमध्ये ३ वटा १५ महिनाभित्र सम्पन्न गर्ने गरी २०६६।३।१० मा सम्झौता भएको र ठेक्का नं.४ को ३० महिनाको समयावधी तोकी २०६९।३।१५ मा सम्झौता भएको छ । गत विगतमै तय भएका उपर्युक्त ३ वटै ठेक्का हालसम्म सम्पन्न नभएका र विभिन्न कारण देखाई म्याद थप माग गर्दै कार्य गरिरहेको अवस्था छ ।

वागमती नदीको बहाव नपुग हुने बहाव पुऱ्याउन र दायाँ बायाँका नदी किनारमा हरियाली र बाटो निर्माण गर्न आवश्यक पर्ने जग्गा अधिग्रहण गर्ने, अतिक्रमित जग्गा खाली गराउने र तोकिएअनुसारको निर्माण कार्य समयमै सम्पन्न गर्न बजेट लगायत आवश्यक प्रबन्ध गरी सम्झौता भएका ठेक्कामा पर्ने मूल्य वृद्धि लगायतका आर्थिक दायित्व तथा निर्माण सम्पन्न नहुँदा सोबाट पर्ने वातावरणीय, सामाजिक, आर्थिक प्रभावलाई न्यून बनाउन ध्यान पुऱ्याउनुपर्दछ ।

९७. **अधुरो निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही सुरु गर्नु नहुने उल्लेख छ । तर जोरपाटी देखि गुह्येश्वरी खण्डमा निर्माण हुन बाँकी वागमती नदीको बायाँ किनारको सडक निर्माणसम्बन्धी कार्यसमेत गर्न समितिले रु. ५० करोड २४ लाख २४ हजार (मूल्य अभिवृद्धि कर बाहेक)मा ठेक्का नं.४ का एक निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । उक्त बाटो बन्ने स्थानमा ढल निर्माण गर्न सोही स्थानमा यस अघि नै अर्का एक निर्माण व्यवसायीलाई जिम्मा दिएको थियो । जग्गा विवाद नमिलेको, मुआब्जा नपाएको कारणबाट स्थानीय व्यक्तिहरुको अवरोध भई ढल निर्माण कार्य सम्पन्न गर्न नसकी निर्माण सामाग्री निर्माण स्थलमा अलपत्र रहेको अवस्था छ ।



जोरपाटी–गुह्येश्वरी खण्डको अधुरो सडक

आयोजनाको उद्देश्यअनुसार निर्धारित लक्ष्य पूरा गर्न सम्बन्धित निकायबीच समन्वय गरी खरिद कारबाहीका बाँकी कार्य सम्पन्न गर्न सक्रियता अपनाउनुपर्दछ ।

९८. **जग्गा अधिग्रहण** – जग्गा प्राप्ति ऐन, २०३४ अनुसार जग्गाधनीबाट जग्गाको स्वामित्व समितिले लिई समितिको कार्य सञ्चालन गर्न प्रारम्भिक कारबाहीदेखि अन्तिम कारबाहीसम्मको अधिकार छ । यसको लागि समग्र आयोजना कार्यन्वयनमा कुल २ हजार २०० रोपनी जग्गा आवश्यक पर्ने र जग्गा अधिग्रहणको लागि रु.३८ अर्ब ७६ करोड लाग्ने अनुमान समितिले गरेको छ ।

हालसम्म जम्मा ५८५ रोपनी ४ आना जग्गा अधिग्रहण गरेमध्ये १५८ रोपनी ८ आनाको मात्र मुआब्जा वितरण भएको छ । समितिले अधिग्रहण गरेकोमध्ये रकम भुक्तानी गरी प्राप्त गरेको जग्गा, सट्टाभर्ना गरी प्राप्त गरेको र रकम भुक्तानी दिन बाँकी जग्गाको अभिलेख अद्यावधिक गरिराखेको छैन । समितिमा नदी किनाराका परापूर्वकालदेखि नै सार्वजनिक रहेका जग्गा, तीमध्ये हालको संरचना निर्माण गर्दा प्रयोग भई बाँकी रहेका क्षेत्रफलको विवरण छैन । हालसम्म अधिग्रहणबापत रु.३८ करोड ५९ लाख ८५ हजार खर्च भएको छ । समयमा मुआब्जा दर निर्धारण नहुने, जग्गाधनी र मोहीबीच विवाद रहनु, जग्गाको मूल्यवृद्धि हुनु, समितिको नाममा जग्गाधनी प्रमाणपूर्जा प्राप्त हुन कठिनाई हुनु तथा पर्याप्त बजेट व्यवस्था नहुनु समस्याको रुपमा रहेको समितिले उल्लेख गरेको छ ।

अधिग्रहण गर्ने निर्णय हुनासाथ समयमा आवश्यक रकम निकासा नहुने कारणबाट जग्गाधनीहरुलाई भुक्तानी दिन नसकेकोले आयोजनाको निर्माण कार्य प्रभावित भएको, समय थप गर्नुपरेको र समग्र आयोजना ढिलो हुने अवस्था रहेको छ । तसर्थ अधिग्रहण भई क्षतिपूर्ति दिने निर्णय भएपछि तत्काल रकम निकासा भएमा समय अन्तरालको कारणले मूल्यमा पर्ने असरहरुमा कमी आउने र आयोजना सम्पन्न गर्न सहयोग हुनेतर्फ ध्यान दिनुपर्दछ ।

९९. **ढल प्रशोधन केन्द्र** – सुन्दरीजलदेखि गोकर्णसम्मको गोकर्णमा, गोकर्ण–गुह्येश्वरी खण्डको गुह्येश्वरीमा, तिलगङ्गा–शंखमुल खण्डको बालकुमारीमा, शंखमुल–बल्खु खण्डको सुन्दरीघाटमा ढल प्रशोधन केन्द्रहरु राख्ने कार्यक्रम रहेको छ । गुह्येश्वरी बाहेक अन्यत्रको लागत अनुमान तथा डिजाइन स्पेसिफिकेशन तयार हुन बाँकी रहेको र प्रस्तावितमात्र भएको समितिले जनाएको छ ।

९९.१ गोकर्णदेखि पशुपति खण्डको वागमती नदीको दायाँ किनाराको करिब १७ किलोमिटर मुख्य र शाखा ढल लाइनबाट बहने गार्हस्थ फोहोर तथा ढल नदीमा सोझै मिसिन नदिन गुह्येश्वरी मन्दिर नजिक १ करोड ६४ लाख लिटर प्रतिदिन प्रशोधन क्षमता भएको ढल प्रशोधन केन्द्र स्थापना गरिएको छ । दुईचरणमा निर्माण हुने गरी २५ वर्षको लागि डिजाइन भएको ढल प्रशोधन केन्द्रको क्षमतामध्ये प्रथमचरणको क्षमता १९० लिटर प्रतिसेकेण्ड र दोस्रोचरणमा ३०० लिटर प्रतिसेकेण्ड रहेको छ । प्रशोधन केन्द्र विद्युतीय तथा डिजेल

प्लाण्टबाट सञ्चालन हुने गरेको छ । सम्पूर्ण ढल यही प्रशोधन केन्द्रमा आउने र प्रशोधन केन्द्रको क्षमता अनुसार केन्द्र सञ्चालन भएका समयमा प्रशोधन केन्द्रको अक्सिडेशन डिच, सेकेण्डरी क्लेरिफायर हुँदै प्रशोधित पानी र प्रशोधन केन्द्रमा विद्युत सञ्चार नहुँदाको सबै र क्षमताभन्दा बढीको सोझै प्रवाहित ढल मिसिएर टनेल हुँदै तिलगङ्गा क्षेत्रमा खस्ने व्यवस्था मिलाएको छ ।

उक्त प्रशोधन प्लाण्टको सञ्चालन र मर्मत खर्च विगत ३ वर्षमा क्रमशः रु.५१ लाख १८ हजार, रु.८२ लाख १५ हजार र रु.१ करोड ५४ लाख ७२ हजार रहेको देखिन्छ । वर्षेनी बढ्दो सञ्चालन खर्चको दीगोपनाको सम्बन्धमा थप व्यवस्था गरिनुपर्ने देखिन्छ ।

९९.२ हिउँदमा ढलमा चाप कम हुने समयमा लोडसेडिङ्ग बढी हुने भई प्रशोधन कार्यमा बाधा हुने र वर्षात्को समयमा ढलमा फोहोर पानीको चाप बढी र प्रशोधन केन्द्रले पूरै प्रशोधन नगर्ने हुँदा हिउँद वर्षा नै पूर्ण प्रशोधन हुने अवस्था देखिँदैन । वागमती नदीमा मिसिनसक्ने सम्पूर्ण फोहोर उक्त ढल प्रशोधन केन्द्रबाट प्रशोधन गरी प्रशोधित पानीमात्र टनेल हुँदै तिलगङ्गास्थित वागमतीमा मिसाउने उद्देश्य पूरा नहुँदा प्रशोधन केन्द्र सञ्चालन र मर्मत खर्चको औचित्य एवं प्रभावकारिता देखिँदैन ।

९९.३ गोकर्ण मन्दिरदेखि उत्तरतर्फको फोहोर गोकर्ण मन्दिर नजिक ट्रिटमेन्ट प्लाण्ट बनाई प्रशोधन गर्ने भनी २०६० चैत्रमा २५ रोपनी जग्गा अधिग्रहण गरेकोमा हालसम्म ट्रिटमेन्ट प्लाण्ट बनेको छैन । गोकर्णक्षेत्रको गार्हस्थ फोहरलाई प्रशोधन गर्न रीड बेड (नरकट काँढटा प्रशोधन विधि) सञ्चालन गर्न ७५० मिटर ढल लाइन निर्माणका साथै १ यूनिट रीड वेड निर्माण गरी उपभोक्तालाई हस्तान्तरण गर्ने समितिको नीति रहेको जनाएको छ । सो स्थानमा ढल प्रशोधन केन्द्र निर्माण गर्न आवश्यक व्यवस्थापन सुरु भएको छैन । हाल फोहोर ढलको पानी अधिग्रहण भएको जग्गाको घाँस, झाडी हुँदै वागमतीमा खस्ने गरेको अवस्था छ । यसबाट पशुपतिक्षेत्रसम्म वागमती नदीमा सोझै फोहर पस्न नदिने र नदी पवित्र राख्ने उदेश्य पूरा भएको छैन ।

ढल निर्माणको क्रमसंगै ढल प्रशोधन केन्द्रको निमित्त आवश्यक पर्ने स्थल किटान गरी कार्यआरम्भ नगरेमा ढल निर्माणपछि पनि नदी प्रदुषित नै रहने हुँदा यसतर्फ समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

१००. **प्रयोगशाला** –समितिअन्तर्गत रहेको ढल प्रशोधन केन्द्रको कार्य क्षमता अनुगमनको लागि एक प्रयोगशाला रहेको छ । ढल प्रशोधन केन्द्रका विभिन्न ठाउँहरुबाट नमूना सङ्कलन गरी नियमित परीक्षण गर्ने एवम बेलाबेलामा वागमती नदीका विभिन्न स्थानको नमूना सङ्कलन गरी नदीको गुणस्तरसमेत परीक्षण गर्दै आएको छ ।

वागमती पूर्णरुपमा प्रदूषणरहित बन्नसक्ने अवस्था हाल निर्मित संरचनाबाट नरहेको र आर्यघाटसम्मकै वागमतीसमेत प्रदूषणबाट मुक्त रहन नसकेको तथ्य पुष्टि हुन आएको छ । व्यवस्थित रुपमा ढलबाट बहने फोहोर ढल प्रशोधन केन्द्रमार्फत प्रशोधित भई मात्र बहने अवस्था रहेमा नदी प्रदूषण नियन्त्रण गर्नसकिने अवस्था रहने हुँदा आवश्यक संरचनागत सुधारका कार्य गर्नुपर्ने देखिन्छ ।

संगठित संस्थातर्फ

नेपाल खानेपानी संस्थान

२०६७।६८ को अन्तिम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१०१. **सञ्चालन नतिजा –** संस्थानको गत वर्ष रु.११ करोड ८२ लाख ३७ हजार खुद नोक्सानी रहेकोमा यो वर्ष रु.४ करोड ३० लाख ४ हजार खुद नाक्सानी रहेको छ ।

१०२. **लेखापरीक्षण –** संस्थानले २०६८।६९ को लेखापरीक्षण गराएको छैन । लेखापरीक्षणमा पेश भएको २०६७।६८ को वित्तीय विवरणमा २०५६ श्रावणमा संस्थानलाई नेपाल सरकार खानेपानी तथा ढल निकास विभागबाट हस्तान्तरित १२ शहरका खानेपानी संरचना तथा सम्पत्तिहरुको मूल्य पूँजीकरण नगरेबाट संस्थानको स्वामित्वमा रहेको सम्पत्तिको ठुलो अंश लेखाङ्कन भएको छैन । यसरी स्वामित्वमा रहेका सबै सम्पत्ति पूँजीकरण भई नसकेको र संस्थानको कोषमा सो बराबरको रकम न्यून हुन गएको विषय गम्भीर भएकोले संस्थाको वित्तीय विवरण उपर लेखापरीक्षण राय व्यक्त गरिएको छैन ।

१०३. **सम्पत्ति –** सम्पत्तिको आयु वर्गीकरण नगरेको, वैज्ञानिक तरिकाले ह्रासकट्टी नगरेको, सम्पन्न परियोजनाहरुको मूल्य पूँजीकरण नगरेको, बिग्रेका र बेचल्तीका सामान सम्पत्तिको अपलेखन नगरेको, वास्तविक मौज्दात र हिसाब किताबमा देखाएको मौज्दात मिलान नगरेको, परियोजना निर्माणाधीन सामानको मौज्दातलाई पूँजीगत सम्पत्तिमा वर्गीकरण नगरेको जस्ता सारभूत व्यहोराहरु देखिएका छन् । निर्माणाधीन सम्पत्ति रु.३० करोड ४५ लाख ३२ हजारमध्येबाट कार्यसम्पन्न भएका तर प्रमाणपत्र प्राप्त नभएका रु.१ करोड ९६ लाख ४१ हजार बराबरका ४ परियोजना र निसर्ग भइसकेका तर निर्माणाधीन सम्पत्तिमा देखाएको रु.३९ लाख १७ हजार बराबरका २ परियोजना पूँजीकरण गरेको छैन । संस्थानको विभिन्न सम्पत्ति यथार्थ लेखाङ्कन नभएको कारणले खुद सम्पत्तिको मूल्यको यथार्थ हुनसकेको छैन ।

१०४. **ऋण हिसाब** – संस्थानले विभिन्न मितिमा गरेको सम्झौताअनुसार नेपाल सरकारबाट प्राप्त गरेको दीर्घकालीन ऋण रु.९६ करोड ४२ लाख ५२ हजार र अल्पकालीन ऋण रु.१४ करोड २७ लाख २९ हजार रहेकोमा महालेखा नियन्त्रक कार्यालयको समर्थनपत्र र प्रमाणीकरण अभिलेख नभएकोले उक्त ऋण रकमको यथार्थता यकिन हुने अवस्था छैन ।

१०५. **आसामी** – आसामी हिसाबको मुल खाता र सहायक खाता भिडान भएको छैन । छड्के जाँचको क्रममा पोखरा बिन्दावासिनी शाखाको मुल र सहायक खातामा रु.१७ लाख ९८ हजार फरक रहेको पाइयो । नेपाल लेखामान–१ को प्रावधानसँग मेल नखाने गरी प्राप्त गर्नुपर्ने मौज्दातलाई ग्राहकको प्राप्त अग्रिम भुक्तानी हिसाबमा समायोजन गरेर प्रस्तुत गरेको छ ।

१०६. **न्यून धरौटी** – यस वर्षको मसान्तमा नयाँ धारा धरौटीबापत रु.५ करोड ९१ लाख ५८ हजार मौज्दात देखाएकोमा बैङ्क खातामा रु.५ करोड २७ लाख ५५ हजारमात्र रहेकोले न्यून रहेको रु.६४ लाख ३ हजार सम्बन्धमा छानबिन हुनुपर्दछ ।

१०७. **बैङ्क खाता** – बैङ्क हिसाब मिलानमा देखाएको रकम विगत लामो समयदेखि समायोजन गर्न बाँकी राखेको पाइयो । उक्त हिसाब समायोजन गरिएको भए नेपाल राष्ट्र बैङ्कमा रहेको संस्थानको २ खाताको मौज्दात रु.७ लाख ५७ हजारले घट्न जाने अवस्था देखियो ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

बोर्डको स्थापना काल २०६४।६५ देखि २०६६।६७ सम्मको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छ । २०६६।६७ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१०८. **सञ्चालन नतिजा** – बोर्डको २०६३।६४ मा रु.११ लाख २४ हजार नोक्सानी रहेकोमा २०६४।६५ मा रु.६४ करोड ७७ लाख ९३ हजार, २०६५।६६ मा रु.१९ करोड ९९ लाख ७९ हजार, २०६६।६७ मा रु.५ करोड ५३ लाख ८१ हजार थप भई २०६६।६७ को अन्त्यसम्ममा रु.९० करोड ४२ लाख ७७ हजार सञ्चित नोक्सानी पुगेको छ । उक्त सञ्चित नोक्सानमा अवकाश कोष, जीवनबीमा कोष, शंकास्पद आसामी व्यवस्था गर्दा नोक्सानी अझ बढ्न जाने देखिन्छ ।

१०९. **वित्तीय विवरण –** बोर्डको वित्तीय विवरणमा नेपाल खानेपानी संस्थानबाट हस्तान्तरण भई आएको २०६४ माघ मसान्तको कोष तथा दायित्व र सम्पत्ति हिसाब संस्थानको लेखापरीक्षण भएको वित्तीय विवरण अनुरुप

समायोजन गरेको देखिएन । कोष तथा दायित्वतर्फ बोर्डको हिसाबमा रु.८ करोड ७१ लाख ९८ हजार देखिएकोमा संस्थानको लेखापरीक्षण प्रतिवेदनबमोजिमको रकम रु.७ करोड ४४ लाख ७३ हजार रहेकोले समायोजन गर्नुपर्ने रु.१ करोड २७ लाख २५ हजार देखिन्छ । सम्पत्तितर्फ बोर्डको हिसाबमा किताबी मौज्दात रु.१ अर्ब ४० करोड ७६ लाख देखिएकोमा संस्थानको लेखापरीक्षण प्रतिवेदनबमोजिम रु.१ अर्ब ३९ करोड ४९ लाख रहेकोले समायोजन गर्नुपर्ने रु.१ करोड २७ लाख बाँकी देखिन्छ । व्यवस्थापनबाट उपलब्ध गराएको वित्तीय विवरणमा गत वर्षको नाफा नोक्सान हिसाबमा देखिएको खुद नोक्सानी रकम वासलातमा सारेको खुद नोक्सानी रकम रु.७५ हजारले कम छ । लेखासम्बन्धी नीति तथा टिप्पणीहरु वित्तीय विवरणको अभिन्न अङ्ग भए तापनि बोर्डले वित्तीय विवरण तयार गर्दा लेखा नीति तथा टिप्पणीहरु समेत खुलाएको पाइएन । यस्ले गर्दा वित्तीय विवरणको सही प्रस्तुति भएको छैन ।

११०. **दीर्घकालीन ऋण–** विश्व बैङ्कबाट प्राप्त ऋण रु.१४ करोड ५४ लाख ९८ हजार र नेपाल सरकारबाट प्राप्त ऋण रु.९५ करोड ६३ लाख ५३ हजार नेपाल खानेपानी संस्थानबाट हस्तान्तरण भई आएको दायित्व रकम हो भने रु.६४ करोड ९९ लाख विगत वर्षहरुमा र रु.८२ करोड ९० लाख यो वर्ष नेपाल सरकारबाट निकासा भएको रकम हो । ऋणसम्बन्धी शर्त तथा सो ऋण रकमलाई पुष्ट्याँई गर्ने कागजातहरु लेखापरीक्षणका क्रममा पेश भएन । यसले गर्दा ऋणको शर्त बन्देजको अधीनमा रही बोर्डले कार्य गरे नगरेको बारेमा परीक्षण गर्न सकिएन ।

१११. **कागजात पेश नभएको –** कोष खाता उपत्यका बाहिरको हिसाब रु.१ करोड ३० लाख ५१ हजार, विगत वर्षबाट जिम्मेवारी सार्दै आएको यूनिसेफबाट प्राप्त रु.८२ लाख १३ हजार र नेपाल खानेपानी संस्थानबाट बोर्डमा हस्तान्तरण भई विगत वर्षहरुबाट नै जिम्मेवारी सार्दै आएको भुक्तानी दिन बाँकी रु.२१ करोड ४० लाख ९३ हजारलाई दीर्घकालीन ऋणमा प्रस्तुत गर्नुपर्नेमा चालू दायित्व अन्तर्गत राखी वित्तीय विवरणहरु तयार गरेको देखियो । यी दायित्वलाई पुष्ट्याँई गर्ने कागजातहरु लेखापरीक्षणमा पेश भएन । साहुँ हिसाब विवरणमा समावेश गरेको डिपोजिट हिसाब रु.५० लाख र पिआईडि रु.५७ लाखको दायित्व विवरण लेखापरीक्षणमा पेश नभएकोले यस हिसाब सम्बन्धमा यकिन गर्न सकिएन ।

बोर्डले भुक्तानी दिन बाँकी ब्याज हिसाबमा गत वर्षको रु.४३ करोड ८० लाख ६६ हजारमा यो वर्ष रु.७ करोड ३५ लाख ११ हजार थप व्यवस्था गरी अन्तिम मौज्दात रु.५१ करोड १५ लाख ७७ हजार कायम रहेकोमा सो ब्याज व्यवस्थाको विस्तृत गणना विवरण लेखापरीक्षणको क्रममा उपलब्ध हुन नसकेकोले वास्तविक ब्याज दायित्व यकिन गर्न सकिएन । नेपाल सरकारबाट अनिवार्य अवकाशका लागि यो वर्ष प्राप्त गरेको रु.४ करोड १ लाख ६३ हजार सम्बन्धमा खर्च पुष्टि गर्ने कागजातहरु लेखापरीक्षणका क्रममा पेश भएन ।

११२. **प्राप्त गर्नुपर्ने आम्दानी –** गतवर्षको वित्तीय विवरणअनुसार बोर्डले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन कम्पनीसँग पाउनुपर्ने रु.२६ करोड ९९ लाख १० हजार देखाएकोमा कम्पनीले गत वर्षको अपरिस्कृत वित्तीय विवरणमा बोर्डसँग पाउनुपर्ने रु.२६ करोड ८८ लाख ८९ हजार देखाएकोले एक अर्कासँग लिनुदिनु पर्ने हिसाब रु.५३ करोड ८७ लाख ९९ हजारले फरक पाइएको छ । यो वर्ष एक अर्कासँग पाउनुपर्ने हिसाबको विवरण पेश नभएकोले फरक रकम यकिन गर्न सकिएन । बोर्डले कम्पनीबाट नियमित रुपमा कारोबारको हिसाब तथा अभिलेख प्राप्त गरी सोसँग आफ्नो हिसाबको भिडान गर्ने तथा समर्थन गराउने गरेको छैन ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन कम्पनीसँगको २०६४।१०।२९ को सम्पति लिज सम्झौताबमोजिम कम्पनीले बिलिङ्ग रकमको ४ प्रतिशत रकम त्रैमासिक रुपले बोर्डलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस शीर्षक अन्तर्गत प्रस्तुत वर्षमा रु.१ करोड ९० लाख ८८ हजार आम्दानी जनाई बोर्डले सो रकमलाई कम्पनीसँग पाउनुपर्ने हिसाबमा प्रविष्ट गरेको देखिन्छ । लिज शुल्कबापतको उक्त रकमलाई पुष्ट्याँई गर्ने कागजातहरु लेखापरीक्षणको क्रममा उपलब्ध हुन नसकेकोले प्राप्त गर्नुपर्ने रकम असुली भए नभएको यकिन गर्न सकिएन ।

११३. **दायित्व हस्तान्तरण –** भौतिक योजना तथा निर्माण मन्त्रालयको सम्पति तथा दायित्व हस्तान्तरणसम्बन्धी स्वीकृतिपत्र अनुसार अदालतमा विचाराधीन रहेको मुद्दा तथा मामिलाहरु पछि किनारा लागेको बखत सिर्जना हुने नाफा, नोक्सान तथा सम्पत्ति, दायित्वहरु बोर्डमा सर्ने व्यहोरा उल्लेख छ । बोर्डको यस्तो विचारधीन मुद्दा मामिलाहरुको स्थितिको विस्तृत अध्ययन गरी आफ्नो हिसाबमा सम्भावित दायित्वको लेखाङ्कन गर्नुपर्नेमा सो यकिन गर्ने गरेको पाइएन । नेपाल खानेपानी संस्थानले तारा गाउँ विकास समितिसँग ९९ वर्षका लागि गरेको लिज भाडा सम्झौताबमोजिम २०५९ देखिको व्यहोर्नुपर्ने लिज भाडाको दायित्व उल्लेख गरेको भए तापनि बोर्डको हिसाबमा सो लिज भाडाबमोजिमको दायित्वको लेखाङ्कन गरेको पाइएन ।

दायित्व हस्तान्तरणसम्बन्धी स्वीकृति पत्र अनुसार त्रिभुवन विश्वविद्यालय र नेपाल खानेपानी संस्थानबीच भएको सहमतिअनुसार संस्थानको केन्द्रीय स्टोर र मेकानिकल शाखा तथा केन्द्रीय प्रयोगशाला रहेको सुन्दरीघाटस्थित त्रिभुवन विश्वविद्यालयले चर्चेको करिब २५ देखि ३० रोपनी जग्गाबापत त्रिभुवन विश्वविद्यालयले संस्थानलाई करिब रु.१ करोडभन्दा बढी रकम भुक्तानी नगरेकोले बोर्डले त्रिभुवन विश्वविद्यालयसँग समन्वय गरी रकम असुल गर्नुपर्ने कुरा उल्लेख छ । तर बोर्डले उक्त रकम असुलीका लागि पहल गरेको जानकारीमा आएन ।

११४. **ऋणको उपयोग –** बोर्डले नेपाल सरकार तथा एशियन विकास बैङ्कबाट पूँजीगत खर्चका लागि २०६४।६५ र २०६५।६६ मा प्राप्त ऋण रकममा भएको बचत रु.४६ करोड १९ लाख र २०६६।६७ मा रु.८१ करोड ९० लाख प्राप्त भएअनुसार बोर्डसँग पूँजीगत खर्चका लागि रु.१ अर्ब २८ करोड ९ लाख उपलब्ध भएको देखिन्छ । सो रकममध्ये यो वर्ष बोर्डले आयोजना कार्यान्वयन निर्देशनालयतर्फ रु.४८ करोड ९२ लाख र कम्पनीतर्फ रु.१४ करोड १५ लाख गरी रु.६३ करोड ७ लाख कुल उपलब्ध रकमको ४९.२४ प्रतिशत अग्रिम रुपमा निकासा दिएको पाइयो । सोबापतको रकम के कस्ता कार्यहरुमा लगानी गरियो सोको विवरण लेखापरीक्षणका लागि उपलब्ध नभएकोले ऋणको उपयोग सम्बन्धमा यकिन गर्न सकिएन ।

११५. **असामी –** बोर्डको वित्तीय विवरणमा २०६५।६६ सम्म १२ शाखा कार्यालयको रु.८९ करोड ३० लाख १० हजार असामी रहेकोमा २०६६।६७ को असुली, मिनाहा र अपलेखनबापत रु.३ करोड ३ लाख ६० हजारलाई समायोजन गरे पश्चात मौज्दात रु.८६ करोड २६ लाख ५० हजार देखिएको छ । त्रिपुरेश्वर शाखा बाहेक बाँकी शाखा कार्यालयहरुबाट बक्यौता रकम असुल गरेको छैन । शाखा कार्यालयहरुबाट उठाउनुपर्ने बक्यौताको रकम रु.७६ करोड ३७ लाख १७ हजार रहेको छ । मौज्दात रकमको असुलीको सम्भावना न्यून देखिएकोले सम्भावित नोक्सानीबापत व्यवस्था गरेको रु.८ करोड ६२ लाख ६५ हजार अपर्याप्त देखिन्छ ।

११६. **जीवन बीमा कोष –** कोषमा विगत वर्षदेखि जिम्मेवारी सार्दै आएको रु.३ करोड ९४ लाख ५३ हजार रहेको छ । नेपाल खानेपानी संस्थानको २०६४ माघ मसान्तमा काठमाडौं उपत्यकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु बोर्डमार्फत काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन कम्पनीमा हस्तान्तरण गरिएको भए तापनि उनीहरुको जीवन बीमा कोषबापतको रकम हस्तान्तरण भएको छैन । जीवन बीमाबापतको दायित्व बोर्डकै हिसाबमा रहेको छ । कोष व्यवस्था रकमसमेत कम्पनीलाई हस्तान्तरण गर्न पहल भएको छैन ।

११७. **शंकास्पद आसामी व्यवस्था –** उठ्न बाँकी आसामी रकमको १० प्रतिशत शंकास्पद असामी व्यवस्था गर्ने प्रचलन अनुरुप यस शीर्षकको सुरु मौज्दात रु.८ करोड ९३ लाख १ हजारको १० प्रतिशतले हुने रकम व्यवस्था गरिएकोमा नामनामेशी सहितको विवरण पेश भएन । उक्त असामी रकम विगत वर्षहरुदेखिको बाँकी रहेकोले असुलीको सम्भावना न्यून रहेकोले आसामीको १० प्रतिशतका दरले एकमुष्ट शंकास्पद व्यवस्था गरेको रकम पर्याप्त हुने देखिँदैन । असामीको विवरण अद्यावधिक गरी असुलीको सम्भावना अनुसार आवश्यक रकमको व्यवस्था गर्नुपर्दछ ।

राष्ट्रिय आवास कम्पनी लिमिटेड

कम्पनीको २०६८/६९ को प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:

११८. **सञ्चालन नतिजा –** गत वर्षको कम्पनीको खुद नाफा रु.२ करोड ७ लाख ८६ हजार भएकोमा यो वर्ष रु.२७ लाख १४ हजार खुद नाफा भएको छ । यस वर्षको खुद नाफा गत वर्षकोभन्दा ८६.९४ प्रतिशतले कम रहेको छ ।

११९. **शेयर पूँजी –** कम्पनीको जारी पूँजी जम्मा रु.१० करोडमध्ये नेपाल सरकारको लागि ५२ प्रतिशत र बाँकी ४८ प्रतिशत सर्वसाधारणको लागि छुट्याए तापनि हालसम्म पनि सर्वसाधारणको लागि शेयर निष्काशन गरी कम्पनी ऐन, २०६३ को दफा ३३ बमोजिम शेयर प्रमाणपत्र जारी गरेको छैन ।

१२०. **स्थिर सम्पत्ति –** गत वर्ष स्थिर सम्पत्तिको परल मोल रु.२ करोड ३५ लाख ४९ हजार रहेकोमा यो वर्ष रु.२४ लाख २० हजारले थप र रु.७ लाख २० हजार बिक्री तथा अपलेखन भई जम्मा रु.२ करोड ५२ लाख ५० हजार परलमोल बराबरको स्थिर सम्पत्ति रहेको छ । कम्पनीको केन्द्रीय कार्यालय भवनको जग्गा नेपाल सरकारको नाममा रहेको छ । उक्त भवनको जग्गाधनी प्रमाणपुर्जा कम्पनीको नाममा नभए तापनि भोगाधिकार गरेको आधारमा केन्द्रीय कार्यालयको भवनको मूल्य रु.२९ लाख २२ हजारमा हालसम्म रु.२७ लाख ३८ हजार ह्रासकट्टी गरिएकोले रु.१ लाख ८४ हजारमात्र बाँकी देखिन्छ । केन्द्रीय एवं योजना कार्यालयहरुमा रहेको सम्पत्तिको मूल्याङ्कन २०४७ सालमा भएको र उक्त मूल्याङ्कनपछि कम्पनीले हालसम्म पुन: मूल्याङ्कन नगरेकोले कम्पनीको वित्तिय विवरणले सम्पत्तिको यथार्थ अवस्थाको चित्रण गरेको छैन ।

१२१. **आयकर –** २०६५/०६६ तथा २०६६/६७ को विवरणमा सञ्चित घाटा रहेको आधारमा व्यवस्थापनले यस वर्षपनि आयकरको व्यवस्था गरेको देखिँदैन । तथापि कम्पनीले २०५२/५३ देखि हालसम्म पटक पटक गरी रु.३ करोड १२ लाख ८८ हजार करबापत रकम दाखिला गरेको र कम्पनीको २०४६/०४७ देखि २०५२/५३ सम्मको मात्र कर निर्धारण भएको देखिन्छ । सम्बन्धित वर्षको खर्च तथा व्यवस्थाहरु सम्बन्धित आर्थिक वर्षमा लेखाङ्कन गरी सो अवधिको कारोबारको नाफा नोक्सान हिसाब यकिन गर्नुपर्ने भए तापनि २०५३/५४ देखि हालसम्मको कर दायित्व लेखाङ्कन गरेको छैन ।

१२२. **जरिबाना असुली –** कम्पनीको काभ्रेपलाञ्चोक जिल्ला पनौती क्षेत्रको जग्गा खरिद गर्दा भ्रष्टाचार भएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मुद्दा दायर भएकोमा सर्वोच्च अदालतबाट २०६१/१/१५ को फैसलाबाट उपरोक्त जग्गा खरिदमा प्रचलित बजार मूल्यभन्दा बढी भुक्तानी गरी खरिद गर्ने कार्यमा संलग्न विभिन्न ६ व्यक्तिलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिम कसुर गरेकोले सोही ऐनको दफा २९(२) को प्रतिबन्धात्मक वाक्याँशबमोजिम निजहरुबाट जम्मा रु.१ करोड २ लाख ३८ हजार असुलउपर गर्ने फैसला भएको र कम्पनीको सञ्चालक समितिको २०६२/१२/१७ को बैठकको निर्णयअनुसार सम्बन्धित अदालतमा सम्पर्क राखी कारबाही अघि बढाउने निर्णय भएबमोजिम कसुरदारहरुलाई रकम दाखिला गर्नको लागि २०६३/४/३ मा कम्पनीले पत्र लेखी बोधार्थ सम्बन्धित मन्त्रालयलाई दिएको देखिन्छ । असुलीको लागि उल्लिखितपत्रबाहेक हालसम्म अन्य कुनै कारबाही गरेको देखिँदैन । यस सम्बन्धमा सार्वजनिक सूचना जारी गरेर असुलीमा सक्रियता देखाउनुपर्ने व्यहोरा गत वर्ष लेखापरीक्षणबाटसमेत सुझाव दिईएकोमा यसतर्फ कुनै पहल गरेको छैन ।

१२३. **व्यवस्था –** कम्पनीले कर्मचारी उपदान, उपचार र बीमा व्यवस्थाबापत रु.९३ लाख ८१ हजार विगत वर्षहरुदेखि जिम्मेवारी सार्दै आएको छ । उपदान कोष, औषधि उपचार, जीवन बीमाको व्यवस्था प्रत्येक वर्षको सिर्जित दायित्व अन्तर्गत व्यवस्था गर्नुपर्नेमा सोअनुसार नगरी अवकास हुँदाको वर्षमा गणना गरी भुक्तानी गरेको पाईयो ।

१२४. **पेश्की –** कम्पनीले कर्मचारी पेश्कीतर्फको रु.४ लाख ६३ हजार तथा अन्य पेश्कीतर्फको विगत २०५०/५१ देखिको रु.५८ लाख ३४ हजार हालसम्म फछ्यौंट गर्ने गराउने कार्य गरेको छैन ।

१२५. **उठ्न बाँकी किस्ता –** योजना कार्यालय, झापाको गत वर्षदेखि विभिन्न व्यक्तिहरुबाट उठ्न बाँकी विभिन्न प्लट जग्गाहरुको किस्ता रकम रु.२४ लाख २३ हजार यस वर्षसम्म पनि असुल गरेको छैन । योजना कार्यालयलाई रकम उठाउनेतर्फ कुनै ताकेता गरेको पनि देखिएन ।

कम्पनीको २०६७/६८ को लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन्:

१२६. **सरकारबाट प्राप्त जग्गा –** नेपाल सरकार र कम्पनीबीच सम्झौता भएअनुरुप जग्गा वितरण गर्दा मालपोत कार्यालयमा रजिष्ट्रेसन प्रयोजनको लागि कायम न्यूनतम मूल्यको २० प्रतिशत रकम अतिरिक्त शुल्क लिई जग्गाधनी प्रमाणपुर्जा दिने व्यवस्था गरिएको र यसरी अतिरिक्त शुल्कबाट उपलब्ध हुने रकमको ५० प्रतिशत राजश्वमा दाखिला गर्न २०५०/९/२२ मा मन्त्रिपरिषद्को निर्णय भए तापनि कम्पनीले नेपाल सरकारलाई बुझाउनुपर्ने रु.५६ लाख ६३ हजार बुझाएको छैन ।

१२७. **जग्गाको लेखाङ्कन –** वासलात तयार गर्दा नेपाल लेखामान–४ अनुसार जग्गाको मौज्दातको बजार मूल्य वा परलमूल्यमध्ये जुन कम हुन्छ सोमा देखाउनुपर्नेमा जग्गाहरुको मूल्याङ्कन बजार मूल्य यकिन नगरी परलमूल्यमा गरेको छ । साथै नेपाल सरकारबाट नि:शुल्क प्राप्त भएको जग्गाहरु र कम्पनी स्वयंले खरिद गरेको जग्गा बिक्री भई विभिन्न ठाउँमा बाँकी रहेको टुक्रा–टाक्री जग्गाको कम्पनीसँग यकिन विवरण नभएकाले वित्तीय विवरणमा लेखाङ्कन गरिएको जग्गाको मौज्दात रु.३ करोड ३१ लाख ३५ हजारले कम्पनीको यथार्थ स्थिति चित्रण गरेको छैन ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेत निकायको लेखापरीषणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:
  - सरकारी कार्यालयतर्फ १०५ निकायमा यो वर्ष रु.२ अर्ब २ करोड ३८ लाख २० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड ३१ लाख १ हजार फछ्यौंट गरेकाले रु.१ अर्ब ९८ करोड ७ लाख १९ हजार बाँकी रहेको छ । सोमध्ये रु.९५ करोड ७४ लाख ३० हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था, समिति ४६ तर्फ यो वर्ष रु.१६ करोड १३ लाख ५३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ७८ लाख ९० हजार फछ्यौंट गरेकाले रु.१४ करोड ३४ लाख ६३ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ करोड ८२ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

सामान्य प्रशासन मन्त्रालय

मन्त्रालय र मातहतसमेत २ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.३० करोड ९८ लाख ४२ हजार, राजस्वतर्फ रु.४८ लाख ६५ हजार, धरौटीतर्फ रु.१२ लाख ३६ हजार र अन्य कारोबारतर्फ रु.१५ करोड ४० लाख ३३ हजारसमेत रु.४६ करोड ९९ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालयमातहतका समिति तथा अन्य संस्था ३ को रु.८१ करोड ४० लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **दोहोरो सुविधा –** मन्त्रीहरुको सेवा सुविधासम्बन्धी ऐन, २०४९ मा माननीय मन्त्री र राज्यमन्त्रीहरुको लागि आवश्यक हुने सवारीसाधन र इन्धन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उपलब्ध गराउने व्यवस्था छ । सो व्यवस्थाबमोजिम उक्त कार्यालयबाट सबै सुविधा उपलब्ध गराएको देखिन्छ । यस मन्त्रालयवाट मन्त्री र राज्यमन्त्रीसमेत २ को लागि मासिक ४०० लिटरका दरले २०६८ चैत्रसम्म ३ हजार ६०० लिटर इन्धन सुविधाबापत प्रतिलिटर सरदर रु.७५ को दरले रु.२ लाख ७० हजार खर्च गरेको देखिन्छ । यसरी एउटै सुविधा दुई निकायबाट उपलब्ध गराउनाले दोहोरो पर्न गएको देखियो ।

२. **अनुगमन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार अनुदान निकासा दिने निकायले अनुदान प्राप्त गर्ने संघ संस्थाको आय–व्यय एवं प्रगतिको विवरण लिनुपर्ने, जुन कामको लागि रकम दिएको हो सो काममा खर्च गरे नगरेको, लक्ष्यअनुसार प्रगति गरे नगरेको र प्रचलित कानूनबमोजिम लेखापरीक्षण गराए नगराएको बारेमा अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पूर्वकर्मचारीको एक संस्थालाई रु.७ लाख, व्यवस्थापन सम्बन्धी सेवा प्रदान गर्ने एक संस्थालाई रु.५ लाख र एक कर्मचारी युनियनलाई रु.५ लाख समेत रु.१७ लाख अनुदान दिएको देखियो । उक्त अनुदान खर्चको अनुगमन गरेको र विभिन्न संघसंस्थालाई अनुदान दिने सम्वन्धमा निति, निर्देशिका तथा मापदण्ड तयार गरेको देखिएन ।

३. **प्रशासनिक खर्च –** यो वर्ष निजामती कर्मचारी तथा तिनीहरुका छोराछोरीलाई छात्रवृत्ति दिने प्रयोजनको लागी रु. ८ करोड १० लाख खर्च लेखेको छ । उक्त खर्च मध्ये कार्यालय सामान, खाजा/खाना, वैठक भत्ता, दैनिक भ्रमण भत्ता जस्ता कार्यमा रु. १० लाख ५७ हजार खर्च गरेको देखिन्छ । छात्रवृत्तिको रकमवाट प्रशासनिक काममा खर्च गर्न मिल्ने देखिदैन ।

निजामती कर्मचारी अस्पताल विकास समिति

४. **औषधिको अभिलेख –** गत वर्षबाट जिम्मेवारी सारेको र यो वर्ष खरिद भएको समेत जम्मा औषधिमध्ये चालु वर्ष बिक्री तथा खर्च भई वर्षान्तमा बाँकी रहेको औषधिको मूल्य खुल्ने विवरण तयार गर्नुपर्दछ । अस्पतालले उक्त विवरण तयार गरी आय-व्यय विवरणमा समावेश गर्ने गरेको पाइएन । अस्पतालको मुख्य स्टोर र डिस्पेन्सरीबाट प्राप्त अभिलेख अनुसार गतवर्षको मौज्दात रु.८७ लाख ५२ हजार र यो वर्ष खरिद भएको रु.२ करोड २ लाख १२ हजारसमेत जम्मा रु.२ करोड ८९ लाख ६४ हजार मूल्यको औषधिमध्ये बिक्रीको लागि रु.१ करोड ६९ लाख ३९ हजार र विभिन्न वार्डमा खर्च गर्ने प्रयोजनको लागि रु.१६ लाख ८४ हजार समेत रु.१ करोड ८६ लाख २३ हजारको औषधि खर्च भएको देखिन्छ । उक्त विवरणअनुसार रु.१ करोड ३ लाख ४१ हजारको औषधि मौज्दात रहनुपर्नेमा रु.१ करोड ११ लाख ३३ हजार देखाएबाट रु.७ लाख ९२ हजारका मौज्दात फरक परेको देखिन्छ ।

यस्तै डिस्पेन्सरी फाँटबाट प्राप्त विवरण अनुसार गत वर्षको मौज्दात रु.२० लाख ६७ हजार र यो वर्ष मुख्य स्टोरबाट प्राप्त रु.१ करोड ६५ लाख ६ हजारसमेत रु.१ करोड ८५ लाख ७३ हजारमध्ये रु.१ करोड

५३ लाख ३४ हजारको औषधि बिक्री भई रु ३२ लाख ३९ हजारको औषधि मौज्दात रहनुपर्नेमा रु.२० लाख ६३ हजारको औषधि मात्र २०६९।७० को लागि जिम्मेवारी सारेको देखियो । घटी मौज्दात सम्बन्धमा छानबिन हुनुपर्दछ ।

५. **खरिद प्रक्रिया –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा रु.१० लाखभन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रु.१ करोड ८८ लाख ७६ हजारको औषधि खरिद गरेको छ । सोमध्ये बोलपत्रको माध्यमबाट रु. ८२ लाख ३२ हजार र पटकपटक सीधै खरिद गरी रु.१ करोड ६ लाख ४५ हजार (कूल खरिदको ५६.३९ प्रतिशत) खर्च लेखेको छ ।

६. **अध्ययन बिदा –** समिति (गठन) आदेश, २०६४ को बुँदा नं. ७ को उपदफा (८) मा अस्पतालमा रहने नेपाल सरकारका कर्मचारीहरुलाई अध्ययन बिदा र असाधारण बिदाबाहेक अन्य नियमानुसार पाउने बिदा समितिले प्रचलित कानूनको अधीनमा रही स्वीकृत गर्नसक्ने व्यवस्था छ । अस्पतालमा करारमा कार्यरत कर्मचारीले यसप्रकारको सुविधा पाउने सम्बन्धमा उल्लेख छैन । करारमा कार्यरत ४ चिकित्सक र एक सहायक कर्मचारीलाई तलबी अध्ययन बिदामा पठाई रु.१८ लाख ४३ हजार तलब भत्ता खर्च लेखेको देखियो । गठन आदेशमा नभएको सुविधा सञ्चालक समितिको निर्णयवाट उपलब्ध गराउन मिल्ने देखिएन ।

७. **दोहोरो भत्ता –** कोरियन भाषा प्रशिक्षणसम्बन्धी कार्यमा खटिएका ११४ कर्मचारीलाई २०६८।५।११ देखि २०६८।५।२३ सम्म अतिरिक्त समय काम गरेको भत्ता रु.६ लाख ८७ हजार भुक्तानी भएको देखियो । सोही अवधिमा ति कर्मचारीहरुले अस्पतालमा अतिरिक्त समय काम गरेको उल्लेख गरी रु.११ लाख ३० हजार भत्ता भुक्तानी दिएकोले दोहोरो भत्ता भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

- **बेरुजू –** मन्त्रालय र मातहतका निकायसमेतको यो वर्षको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ २ निकायमा रु.२६ लाख ९१ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.१० लाख पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था/समिति/अन्य संस्था ३ तर्फ रु.२ करोड २ लाख ३० हजार बेरुजू देखिएको छ । सोमध्ये रु.३३ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

सिंचाइ मन्त्रालय

मन्त्रालय र मातहतसमेत ११६ कार्यालयको विनियोजनतर्फ रु.९ अर्ब ३० करोड ५३ लाख ९७ हजार, राजस्वतर्फ रु.५ करोड ४८ लाख ५४ हजार र धरौटीतर्फ रु.८० करोड २६ लाख ५७ हजारसमेत रु.१० अर्ब १६ करोड २९ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो रकममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको रु.१४ करोड ९० लाख ८९ हजार समेत समावेश छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन परीक्षण –** महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्षपनि सुधार भएको पाइएन ।

१.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौता अवधिभित्र कार्यसम्पन्न नभई बढी समय लागेमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ । बागमती सिंचाइ आयोजनाले सम्झौतामा उल्लिखित अवधिमा कार्य सम्पन्न नगरेकामा गत वर्ष ३ निर्माण व्यवसायीलाई रु.५४ लाख ३४ हजार र यो वर्ष २ निर्माण व्यवसायीलाई रु.१८ लाख ५० हजार मूल्य समायोजन गरी भुक्तानी गरेको छ । निर्माण व्यवसायीले पेश गरेको कार्य तालिका अनुरुप कार्यसम्पन्न नगरी ढिलो गरेको अवस्थामा म्याद थप गरी मूल्य समायोजन भुक्तानी दिनु नियमसम्मत देखिएन ।

१.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने र नियम २४ मा काम नगरी नहुने अवस्थामा कार्यक्रम संशोधन गर्दा लागत नबढ्ने गरी आवश्यक बजेट व्यवस्था गरेर कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ । बागमती सिंचाइ आयोजनाले यो वर्ष विभिन्न जल उपभोक्ता समिति समेतलाई रु.३ करोड ११ लाख ६४ हजार आगामी वर्ष भुक्तानी दिन बाँकी राखी दायित्व सृजना गरेको छ ।

१.३ महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर समितिको विभिन्न बैठकमा छलफल हुँदा सिंचाइ शुल्क असुल गरी दुई महिनाभित्र सम्परीक्षण गराउने, कन्टिजेन्सी रकम खर्च गर्न पाउने सीमाभन्दा बढी खर्च गरेकोमा आइन्दा कन्टिजेन्सीको नर्म्स्भित्र रहेर कार्य गर्ने, कन्टिजेन्सी दायराभित्र काम गर्नेलाई पुरस्कारको व्यवस्था र बढी गर्नेलाई सजाय गर्ने, कार्यक्रम बेगर खर्च गरेकोमा आइन्दादेखि कार्यक्रम स्वीकृत नगरी यस्तो प्रकृतिका खर्च नगर्ने, बागमती सिंचाइ आयोजनाको अधुरो निर्माण कार्यसम्बन्धमा छानबिन गरी सम्बन्धित आयोजना प्रमुखलाई विभागीय कारबाही गर्ने र दुई महिनाभित्र प्रचलित कानूनबमोजिम असुलउपर गर्ने र समितिलाई जानकारी गराउने व्यहोरा समितिको सत्रौं प्रतिवेदन, २०६८ मा उल्लेख भए तापनि निर्णय कार्यान्वयन गरेको जानकारी प्राप्त भएन ।

१.४ मन्त्रालय र अन्तर्गतका १३४ इकाईको २०३८।३९ देखि २०६१।६२ सम्म विनियोजन, राजस्व र धरौटीतर्फको रु.१० करोड १० लाख ७३ हजार लेखापरीक्षण बक्यौता रहेको छ । यो वर्ष वक्यौता रहेका ती इकाईको स्रेस्ता पेश गरी लेखापरीक्षण गराएको छैन ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **नीतिगत व्यवस्था –** सिंचाइ नीति, २०६० ले विद्यमान जलस्रोतको प्रभावकारी उपयोग गरी सिंचाइयोग्य जमिनमा बाह्रै महिना सिंचाइ सुविधा विस्तार, प्रणालीमा दिगो व्यवस्थापनको लागि उपभोक्ता संस्थाको विकास गर्ने र सिंचाइसँग सम्बन्धित प्राविधिक जनशक्ति, उपभोक्ता र गैर सरकारी संघ संस्थाको सीप र संस्थागत कार्यदक्षतामा अभिवृद्धि गर्ने उद्देश्य राखेको छ ।

उल्लिखित उद्देश्य प्राप्तिको लागि सिञ्चित क्षेत्र घोषणा गर्ने, सिंचाइ प्रणालीहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराइने र सिंचाइ विकास कोषको स्थापना गरिने भनिए तापनि ती कार्य भएको देखिएन । त्यस्तै, सरकारद्वारा निर्मित सिंचाइ प्रणालीहरु कार्य योजनाको आधारमा उपभोक्ताहरुलाई हस्तान्तरण गरिने सम्बन्धमा सक्रियता देखिएन । वर्षैभरि सिंचाइ सुविधा उपलब्ध गराउन समपूरकको रुपमा आयोजनाको विकास गरिने, ठूला नदीबाट जलस्थान्तरण गरी सुख्खाग्रस्त जलाधारक्षेत्रमा लान गुरुयोजना तर्जुमा गरिने उल्लेख भएकोमा २०६८।६९ सम्म गुरुयोजना तयार गरेको छैन ।

३. **बजेट वक्तव्य कार्यान्वयन –** नदी नियन्त्रण, संरक्षण र उपयोगको तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना सहितका गुरुयोजना तर्जुमा र प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गर्न जोखिम व्यवस्थापन सम्बन्धी ऐन तर्जुमा गरिने २०६८।६९ को बजेट वक्तव्यमा उल्लेख गरेकोमा ती काम भएको पाइएन ।

४. **राष्ट्रिय गौरवका आयोजनाहरु –** नेपाल सरकारले यो वर्ष पूर्वाधार निर्माणसँग सम्बन्धित १७ ठूला आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा निर्माण प्राथमिकतामा राखेकोमध्ये मन्त्रालय अन्तर्गत ३ राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन भइरहेकोमा हालसम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

क्र.सं.	आयोजनाको नाम र क्षेत्रफल	अनुमानित लागत	२०६८।६९ सम्मको खर्च	सम्पन्न हुनुपर्ने वर्ष	भौतिक प्रगति (प्रतिशतमा)
१.	सिक्टा सिंचाइ आयोजना (३५,५५६ हेक्टर)	१२,८०,००,००	६,३४,४८,०७	२०७०/७१	४४.९९
२.	रानी–जमरा कुलरिया सिंचाइ आयोजना (१४,३०० हेक्टर)	१२,३७,००,००	८०,६३,३२	२०७४/७५	६.०५
३.	बवई सिंचाइ आयोजना (३८,२४० हेक्टर)	२,८७,००,००	२,४२,३८,६८	२०७०/७१	५१.२९

उल्लिखित आयोजनाहरुको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु सम्बन्धित खण्डमा उल्लेख गरिएको छ ।

५. **सिंचाइ सेवा शुल्क –** सिंचाइ नियमावली, २०५६ को नियम २९(१) ले सेवा उपभोग गर्ने उपभोक्ताले सेवा शुल्क उपभोक्ता संस्थालाई बुझाउने व्यवस्था गरेको छ । संयुक्त व्यवस्थापनमा सञ्चालित ३२ सिंचाइ प्रणालिका ३ लाख २८ हजार हेक्टर कमाण्ड क्षेत्रबाट सिंचाइ सेवा शुल्क उठ्नुपर्नेमा डण्डुवा, बबई, राजापुर, बागमती सिंचाइ प्रणालीको ७३ हजार हेक्टरसमेत १२ सिंचाइ प्रणालीबाट सिंचाइ सेवा शुल्क उठाएको देखिएन । सिंचाइ सेवा शुल्क उठेका, नउठेका दुवै प्रणालीमा मर्मत सम्भार लगायतका कार्यमा डिभिजन कार्यालयबाट थप लगानी भइरहेको छ । उपभोक्ता संस्थाले उपलब्ध गराएको सेवा उपभोग गरेबापत तिर्नु बुझाउनपर्ने सेवा शुल्क सङ्कलन लगायत मर्मत संभारमा भएको खर्चसमेत देखिने गरी अभिलेख अद्यावधिक राख्नुपर्नेमा राखेको पाइएन ।

६. **गत वर्षको भुक्तानी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) मा चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने र नियम २४ मा काम नगरी नहुने अवस्थामा कार्यक्रम संशोधन गरी लागत नबढ्ने गरी आवश्यक बजेट व्यवस्था गरेर कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ । देहायका कार्यालयहरुले चालू वर्षको कार्यक्रममा समावेश नगरी गत वर्षको दायित्व यो वर्ष भुक्तानी गरेको पाइयो ।

(रु.हजारमा)

क्र.सं.	कार्यालयको नाम	प्रमाणित म.ले.प.फा.नं.१८		आगामी वर्षलाई दायित्व सारेको
		भएको	नभएको	
१.	पश्चिमाञ्चल सिंचाइ विकास डिभिजन नं. ७, नवलपरासी	-	२२,४१	-
२.	जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं.२, धनुषा	६,८१,९७	५४,७२	-
३.	जनताको तटवन्ध कार्यक्रम फिल्ड कार्यालय, सर्लाही	४४,४५	-	११,४५
४.	जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं.३, बारा	७,४७,६८	४,८४,७०	-

उपर्युक्त भुक्तानीमध्ये जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं ३, बाराले रु.३० लाख ८५ हजार र रु.२० लाख ३१ हजारसमेत रु.५१ लाख १६ हजारको २ रनिङ्ग बिल क्रमश: २०६७।१०।१४ र २०६८।३।१६

मा प्राप्त भएकोमा क्रमश: २०६८।१२।३० र २०६९।२।१४मा भुक्तानी गरेको छ । सोमध्ये रु.४ करोड ८४ लाख ७० हजारको भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गराई राखेको पाइएन ।

७. **कन्टिन्जेन्सी खर्च** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची–१ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ र साना तिना अन्य खर्चको लागि ५ प्रतिशत कन्टिन्जेन्सी समावेश गर्नसकिने व्यवस्था छ । कार्यालयहरुले तोकिएको सीमाभन्दा बढी खर्च गरेको केही उदाहरण निम्नानुसार छन्:

(रु.हजारमा)

क्र.सं.	कामको विवरण	लागत अनुमान	५ प्रतिशन कण्टिन्जेन्सी	खर्च रकम	बढी खर्च
१.	रानी–जमरा कुलरियाको इन्टेक निर्माण	४२,९१,१५	२,१४,५६	३,३१,३१	१,१६,७५
२.	महाकाली सिंचाइ नहर निर्माण	३,३२,००	१६,६०	४९,५०	३२,९०
३.	बेती सिंचाइ योजना, कपिलवस्तु	१,११,५९	५,५६	१३,३९	७,८३
४.	जलउत्पन्न प्रकोप नियन्त्रण, बारा	२९,९५,७५	१,४९,७९	२,२९,००	७९,२१

उल्लिखित कार्यक्रमहरुमा विगत वर्षदेखि गरेको कन्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेखसमेत राखेको देखिएन ।

सिक्टा सिंचाइ आयोजनाले यो वर्ष कन्टिन्जेन्सीबाट खर्च भएको रु.२ करोड १५ लाख ८९ हजारमध्ये मासिक ज्यालादारी कर्मचारीको लागि रु.१ करोड ३६ लाख २६ हजार खर्च गरेको छ । ती कर्मचारीमध्ये जिल्ला प्रशासन कार्यालय, बाँकेमा ४, बाँके राष्ट्रिय निकुञ्ज कार्यालयमा ३, आयोजनाको यूनिट कार्यालय, काठमाडौंमा ४६ देखि ५२ सम्म र सामान्य प्रशासन मन्त्रालयमा १ कार्यरत रहेको पाइयो ।

आयोजनासँग असम्बन्धित कार्यमा कन्टिन्जेन्सी खर्च लेख्नाले आयोजनाको लागत वृद्धि हुने, खर्च मितव्ययी नहुने हुँदा तोकिएको सीमाभित्र रही खर्च गर्ने र अद्यावधिक अभिलेख राख्ने र यस्ता खर्च उपर नियन्त्रण गरिनुपर्दछ । आयोजनाले आगामी दिनमा खर्च कम गर्ने कार्यमा निरन्तर लागिरहने व्यहोराको प्रतिक्रिया दिएको छ ।

सिक्टा सिंचाइ आयोजना

८. **लागत** – बाँके जिल्लस्थित राप्ती नदीमा ३१७ मिटर बाँध, ५० किलोमिटर मूलनहर, २३३ किलोमिटर शाखा नहर निर्माण गरी ४२ हजार ७६६ हेक्टरमा २०७०।७१ सम्म सिंचाइ सेवा उपलब्ध गराउन ३ चरणमा कार्यसम्पन्न गर्ने गरी सञ्चालन हुँदै आएको छ । आयाजनाको सुरु लागत रु.७ अर्ब ४४ करोड ७६ लाख रहेकोमा संशोधित लागत रु.१२ अर्ब ८० करोड रहेको छ । आयोजनामा २०६८।६९ सम्म रु ६ अर्ब ३४ करोड ४८ लाख (लागतको तुलनामा ४९.५७ प्रतिशत) खर्च भएको छ ।

९. **मूल्य समायोजन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(३) मा मूल्य समायोजनको अधिकतम रकम सामान्यतया सुरु सम्झौता मूल्यको २५ प्रतिशतभन्दा बढी नहुने, मूल्य समायोजनको रकम सो मूल्य भन्दाबढी हुने भएमा सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्नसक्ने, समायोजन मूल्यलाई स्वीकृत बजेटभित्र पार्नको लागि निर्माण व्यवसायी, आपूर्तिकर्तासँग वार्ता गर्न वा खर्च घटाउन अन्य उपाय अवलम्बन गर्नसक्ने वा थप बजेट व्यवस्था गरी खरिद सम्झौता गर्नसकिने उल्लेख छ । निर्माण व्यवसायीसँग भएको सम्झौतापत्रको सव–क्लज ७०.१ मा २५ प्रतिशतभन्दा बढी भएमा निर्माण व्यवसायीसँग वार्ता गरी थप बजेट व्यवस्था गर्न वा अन्य उपाय अवलम्बन गर्न सकिने उल्लेख छ ।

आयोजनाबाट एक ठेक्काको स्वदेशी र विदेशीको संयुक्त उपक्रमसँग रु.१ अर्ब ६७ करोड ५ लाखमा सम्झौता गरी हाल १६ औँ रनिङ्ग बिलसम्म भेरिएसन भएको रकमसमेत रु.१ अर्ब ७८ करोड ५४ लाख भुक्तानी भई मूल्य समायोजनबापत हालसम्म रु.४५ करोड ८६ लाख ६२ हजार(२७.४६ प्रतिशत) भुक्तानी भएको छ । सुरु सम्झौता अनुसार सम्झौता रकमको २५ प्रतिशतले रु.४१ करोड ७६ लाख २४ हजारसम्म

मूल्य समायोजनबापत भुक्तानी गर्नुपर्नेमा थप रु.४ करोड १० लाख ३८ हजार भुक्तानी भई अतिरिक्त व्ययभार पर्न गएको देखिएको छ । ठेक्का सम्झौताको तुलनामा २७.४६ प्रतिशत भुक्तानी भएको अवस्थामा नियमावलीमा उल्लेख भएअनुसारको सम्झौता अन्त्य गर्नसकिने तथा निर्माण व्यवसायीसँग वार्ता गरी खर्च घटाउने वा अन्य उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा वार्ता गर्दा निर्माण व्यवसायी समायोजन गरी रकम घटाउन असहमत भएको, ठेक्का अन्त्य गर्न तर्कपूर्ण र योजनाको हितमा नहुने भएकोले अन्तिम विकल्पको रुपमा बजेट व्यवस्था गरी समायोजन रकम भुक्तानी गरिएको आयोजनाले प्रतिक्रिया दिएको छ ।

- **वागमती सिंचाइ आयोजनाले विभिन्न जलउपभोक्ता समितिलाई चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च गरी रु.३ करोड ११ लाख अर्को वर्षलाई दायित्व सारेको छ ।**
- **सिक्टा सिंचाइ आयोजनाले मूल्य समायोजनबापत सम्झौता रकमको २५ प्रतिशतसम्म भुक्तानी गर्न मिल्नेमा तोकिएको सीमा नघाई रु.४ करोड १० लाख अतिरिक्त व्ययभार पारेको छ ।**
- **रानी–जमरा–कुलरिया सिंचाइ आयोजनाले विदेशी विनिमय नोक्सानीबापत रु.८६ लाख ५४ हजार सम्झौताभन्दा बढी भुक्तानी गरेको छ ।**
- **जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन, रुपन्देहीमा मूल्य नखुलाइएको प्रचलित बजार मूल्यअनुसार करिब रु.१ करोड ६५ लाख पर्ने २ लाख ५५ हजार के.जी.छड बेवारिसे अवस्थामा रहेको छ ।**

१०. **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(१) मा सार्वजनिक निकायले मूल्य समायोजन गर्नसकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने, मूल्य समायोजन गर्ने सूत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरुको मूल्य समायोजन गरी सूत्र निर्धारण गर्नुपर्ने, सुत्र निर्धारण गर्दा मूल्य संरचनामा श्रम, उपकरण, सामग्री, इन्धनको मूल्य राख्न सकिने उल्लेख छ । आयोजनाले नहर निर्माण कार्यको एक खरिद सम्झौता (एस.आई.पी/एम.सी./आई.सी.बी./०१/२०६७६८)मा मूल्य समायोजन गर्दा मोविलाईजेशन पेश्की जनरल आइटम, प्रोभिजनसम, नयाँ आइटम, डे वर्क र ओभरहेड तथा निर्माण व्यवसायीको नाफा कट्टी गरी बाँकी मूल्यमा मात्र समायोजन सूत्र अनुसारको मूल्य वृद्धि गर्नसकिने उल्लेख छ । तर सोही प्रकृतिको अर्को खरिद सम्झौता (एस.आई.पी/एम.सी./आई.सी.बी./०१) मा उल्लिखित व्यहोरा समावेश नगरी मूल्यमा नयाँ आइटममात्र कट्टी गरी समायोजन सूत्र प्रयोग गरिने उल्लेख भएबाट बिमाबापतको रु.२८ लाख ५ हजार, निर्माण व्यवसायीको भवन, आवास र भण्डार निर्माणबापतको खर्च रु. ३२ लाख, प्रयोगात्मक औजार खरिदको रु.१६ लाख, १५ प्रतिशत ओभरहेड रु.३ करोड १८ लाख ८२ हजारसमेत रु.३ करोड ९४ लाख ८७ हजार कट्टी नगरी पूर्व निर्धारित सूत्रको आधारमा समायोजन गर्दा रु.१ करोड ९ लाख ८५ हजारले आयोजनाको लागत बढ्न गएको देखिन्छ । आयोजनाले सबै ठेक्काका शर्तहरुमा समानता नराखेको कारणबाट थप व्ययभार परेको अवस्था छ ।

रानी–जमरा कुलरिया सिंचाइ आयोजना

११. **सम्झौता** – कैलाली जिल्लास्थित रानी–जमरा र कुलरिया कुलोबाट सञ्चालित ११ हजार हेक्टर कमाण्ड क्षेत्र रहेको सिंचाइ प्रणालीलाई आधुनिकीकरण, सुदृढीकरण र विस्तार गरी १४ हजार ३ सय हेक्टरमा सिंचाइ सुविधा पुऱ्याउने र विद्यमान सिंचाइ तथा पानी वितरणमा विस्तार र व्यवस्थापन गर्ने उद्देश्यले यो आयोजना सञ्चालन हुँदै आएको छ । नेपाल सरकार र अन्तर्राष्ट्रिय विकास संस्थाबीच एस.डि.आर. १ करोड २३ लाख (अमेरिकी डलर १ करोड ९४ लाख) अनुदान र एस.डि.आर.१ करोड ४९ लाख (अमेरिकी डलर २ करोड ३६ लाख) ऋण सहायताको लागि २०६८।७१ मा वित्तीय सम्झौता भई प्रथमचरणको कार्य सञ्चालनमा आइरहेको छ ।

१२. **इन्टेक निर्माण** – कर्णाली नदी चिसापानी पुलदेखि करिब १२० मिटर तल नेपाल सरकारको स्रोतबाट निर्माण गरिने इन्टेक र यस्को संरक्षण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०६७।१०।२० मा रु.१ अर्ब ४ करोड ९० लाख ३० हजार को ठेक्का सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:



रानी–जमरा कुलरिया सिंचाइको निर्माणाधीन इण्टेक

१२.१ आयोजनाको कार्यमा सुपरभिजनको लागि गाडी ५ र मोटरसाइकल ४ को सञ्चालन लगायतका सबै खर्च निर्माण व्यवसायीले व्यहोर्ने गरी सम्झौताको जनरल आइटममा रु.१ करोड २५ लाखको लमसम प्रोभिजनअन्तर्गत व्यवस्था गरेको देखियो । आयोजनाको लागि आवश्यक सवारीसाधन छुट्टै बजेट व्यवस्था गरी खरिद गर्नुपर्नेमा ठेक्कामा समावेश गरी सञ्चालनको आधारमा प्रतिमहिना भुक्तानी गर्ने गरी भएको सम्झौताका कारण शिरोभार खर्चसमेतले आयोजनाको लागतमा वृद्धि हुने देखिन्छ । यस्तो खरिद प्रक्रियासम्बन्धमा सम्बन्धित निकायबाट नियन्त्रण गरी स्पष्ट रुपमा नीति बनाउन सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्देशन दिएकोमा निर्देशनको पालना गरी खर्च नियन्त्रणमा ध्यान दिनुपर्ने देखिन्छ ।

१२.२ कम्प्लेक्स भवन एवं इन्स्पेक्सन हाउससमेत ३ भवन निर्माण तथा मर्मत सम्भारको लागि जनरल आईटमको प्रोभिजनलसम अन्तर्गत रु.७४ लाखको व्यवस्था गरेको छ । निर्माण व्यवसायीसँग भएको उल्लिखित सम्झौतामा उक्त भवनहरु निर्माणका लागि दिएको ड्रइङ्ग डिजाइन अनुसार निर्माण गर्नुपर्ने र भुक्तानी प्रोभिजनलसम व्यवस्था गरेअनुसार दिने उल्लेख छ । निर्माण गर्नुपर्ने भवन संरचनाको स्थान, ड्रइङ्ग र डिजाइन तथा लागत अनुमान तयार नगरी एकमुष्ट रकम राखी ठेक्का सम्झौता गरेको उचित देखिएन ।

१३. **बैङ्क जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ४(३)बमोजिम मोविलाइजेशन पेश्की लिन राखेको बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नुपर्ने अवधिभन्दा एकमहिना बढी हुनुपर्ने उल्लेख छ । इन्टेक निर्माणको लागि सम्झौता गर्ने एक संयुक्त उपक्रमलाई वाणिज्य बैङ्कबाट जारी अमेरिकी डलर २१ लाख ५० हजारको मान्य अवधि २०७०।४।२९ रहेको बैङ्क जमानतको आधारमा मोविलाइजेशन पेश्की दिएको छ । सम्झौता अवधि २०७०।४।३० सम्म रहेकोले उक्त मान्य अवधि नियमको व्यवस्थाअनुसार पर्याप्त देखिएन । म्याद बढाउनका लागि ठेकेदारलाई लेखी पठाउने प्रतिक्रिया आयोजनाबाट प्राप्त भएको छ ।

एक परामर्शदातालाई सम्झौताअनुसार एक वाणिज्य बैङ्कको २०६८।१०।२७ देखि २०६९।१०।२६ सम्मको बैङ्क जमानतको आधारमा रु.४० लाख ६ हजार पेश्की दिएको पाइयो । परामर्शदातासँग २०६८।१०।७ मा भएको सम्झौताअनुसार परामर्शको अवधि तीन वर्ष रहेकोले जमानतको मान्य अवधि २०७१।११।२४ सम्म थप हुनुपर्ने देखियो ।

१४. **परामर्शसेवा** – इन्टेक निर्माण कार्यको रेखदेखको लागि एक परामर्शदातासँग २०६८।१०।२४ मा रु.२ करोड २६ लाख ३५ हजारको २०७०।५।३० सम्मका लागि सम्झौता भएको छ । सम्झौतामा विशेषज्ञ कर्मचारीको पारिश्रमिकबापत रु.१ करोड १० लाख २० हजार व्यवस्थाको अतिरिक्त अवण्डा अंश अन्तर्गत विशेषज्ञ सेवाको लागि रु.२८ लाख ५० हजार अर्थात कुल पारिश्रमिक रकम रु.१ करोड ५० लाख ३१ हजारको १८.९६ प्रतिशतले राखेको पाइयो । परामर्श सेवा लिने कार्यमा लाग्ने विशेषज्ञ र कर्मचारी व्यवस्था स्पष्ट उल्लेख भएको अवस्थामा पुन: अवण्डा राखी सम्झौता गर्नु मनासिव देखिएन । कामको सिलसिलामा अनुमान नगरिएको विशेषज्ञ सेवा लिनुपर्दा गर्नुपर्ने भुक्तानीका लागि व्यवस्था गरिएको प्रतिक्रिया आयोजनाबाट प्राप्त भएको छ ।

१५. **मूल्य समायोजन** – इन्टेक निर्माण कार्यका निर्माण व्यवसायीको दोस्रो रनिङ्ग बिलमध्ये नेपाली मुद्रातर्फको मूल्य समायोजन गर्दा उपभोक्ता मूल्यसूची १७०.३ प्रयोग गरी समायोजन गरेको पाइयो । नेपाल राष्ट्र बैङ्कबाट प्रकाशित मूल्यसूचीको टेवल–२८(एन.सी., इन्डेक्स मिड जनवरी २०१२) अनुसार सो अवधिको

मूल्यसूची १४८.८ रहेकोले निर्धारित सूत्रबमोजिम मूल्य समायोजन गर्दा दोस्रो अन्तरिम भुक्तानी बिलमा रु. १५ लाख ११ हजार मूल्य समायोजन हुनपर्नेमा रु.२३ लाख ८६ हजार भएकोले रु.८ लाख ७५ हजार मूल्यवृद्धिबापत बढी भुक्तानी भएको छ । आगामी ठेक्का बिलबाट मूल्यसूचीबमोजिम सोको हिसाब मिलान हुँदै जाने हुँदा बढी भुक्तानी नहुने र सो हिसाब मिलान भएपछि प्रमाण पेश गरी फछ्यौंटका लागि अनुरोध गर्ने प्रतिक्रिया प्राप्त भएको छ ।

१६. **सटही घटबढ** – इन्टेक निर्माण कार्यको लागि आयोजना र निर्माण व्यवसायीबीच २०६७।१०।२० मा भएको सम्झौतामा एक अमेरिकी मुद्राको विनिमय दर रु.७२।७६ कायम हुने र भुक्तानी गर्दाको विनिमय नाफा नोक्सानी हिसाब गरी नोक्सानी रकम भुक्तानी गर्नसकिने उल्लेख छ । अन्तरिम भुक्तानी नं.१ र २ अन्तर्गत अमेरिकी डलर ४ लाख ३५ हजार ६५१ को २०६८।१२।१५ को विनिमय दर रु.८१।४० र सम्झौतामा उल्लिखित विनिमय दरबीच रु.८।६४ ले फरक हुन गई विनिमय नोक्सानीबापत रु.३७ लाख ६४ हजारमात्र भुक्तानी दिनुपर्नेमा आयोजनाले रु.१ करोड २४ लाख १८ हजार भुक्तानी गरेकोले रु.८६ लाख ५४ हजार बढी भुक्तानी भएको देखाएकोले बढी भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक कारबाही गरिनुपर्दछ ।

साथै, ठेक्का सम्झौतामा भएको व्यवस्थाबमोजिम मोविलाइजेसन पेश्कीबापतको रकमसमेत अमेरीकी मुद्रामा भुक्तानी गर्नुपर्ने भएकोले सटही घटबढ भुक्तानी भएको प्रतिक्रिया प्राप्त हुन आए तापनि विनिमय दरमा वृद्धि हुनुपूर्व भुक्तानी भएको मोविलाइजेशन पेश्की रकममा सटही दर घट/बढको सुविधा दिने सम्झौतामा उल्लेख नभएकोले बढी भुक्तानी भएको रु.८६ लाख ५४ हजार असुल गर्नुपर्ने देखियो ।

महाकाली सिंचाइ आयोजना, तेस्रो चरण, कञ्चनपुर

१७. **कार्यारम्भ** – मूल नहरमा स्ट्रक्चर निर्माण कार्यको लागि २ निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम बैङ्क जमानतको आधारमा खरिद सम्झौताको बीस प्रतिशतले रु.१ करोड ९४ लाख ८० हजार र रु.३९ लाख ९० हजारसमेत रु.२ करोड ३४ लाख ७० हजार मोविलाइजेशन पेश्की दिएको छ । दुवै निर्माण कार्यको सम्झौता अवधि २०७१।१२।२५ सम्म रहेको र निर्माण व्यवसायीले पेश गरेको कार्यतालिकामा २०६९ बैशाखदेखि काम सुरु गर्ने उल्लेख भएकोमा लेखापरीक्षणको अवधि २०६९।५।२९ सम्म काम सुरु गरेको देखिएन । पेश्की लिने तर कार्यतालिका अनुसार कार्यारम्भ नै नगरी बस्ने निर्माण व्यवसायीलाई कारबाही गरी कार्य गराउनुपर्दछ ।

१८. **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । आयोजनाले यस वर्ष सर्वेक्षण अध्ययन कार्यको ५ र मूल नहरको निर्माण कार्यको १० अलग अलग लागत अनुमान तयार गरी क्रमशः रु.१० लाख २१ हजार र रु.३७ लाख ६५ हजारसमेत रु.४७ लाख ८६ हजारको कार्य सोझै वार्ताबाट गराई खर्च लेखेको देखियो ।

खरिद योजनामा बोलपत्रबाट गराउने भनिएको र स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएका काम प्रतिस्पर्धा बेगर सोझै गराएको देखियो ।

सिंचाइ विकास डिभिजन/सव–डिभिजन

१९. **उपभोक्ता समिति** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउनसकिने उल्लेख छ । त्यस्तै, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.६० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउनसकिने उल्लेख छ । पश्चिमाञ्चल सिंचाइ विकास डिभिजन नं.२, स्याङ्जाले यो वर्ष ६० लाखभन्दा बढी लागत अनुमान भएका विभिन्न ७ सिंचाइ योजनाको लागत अनुमान रु.८ करोड ९७ लाख ५३ हजारमा जनसहभागिताको अंश र कार्यालयले भुक्तानी दिने कार्यको अलग अलग २३ प्याकेज बनाई उपभोक्ता समितिसँग रु.६० लाखभन्दा

कमको सम्झौता गरी १० प्याकेजमा रु.३ करोड १३ लाख ३४ हजार खर्च गरेको पाइयो । अलग अलग प्याकेज बनाइए तापनि प्रत्येक योजनामा एक एक उपभोक्ता समिति गठन भई सम्झौतामात्र फरक गरेको पाइएकोले उक्त सम्झौता नियमसम्मत देखिएन ।

भूमिगत जलस्रोत विकास समिति, शाखा कार्यालय, पर्साले विभिन्न ५ उपभोक्ता समितिसँग श्रमिक र सामग्री पुरै रकम समावेश भएको निर्माण सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिको निर्णयको आधारमा निर्माण सामग्री आपूर्ति गर्ने बारा, पर्सा र रौतहट जिल्लाका ५ आपूर्तकलाई कार्यालयले बिलबमोजमको रु.२ करोड ४८ लाख ६ हजार सिधै भुक्तानी गरिदिएको छ । प्रतिस्पर्धा छल्ने उद्देश्यले उपभोक्ता समितिलाई माध्यम बनाई भएको उक्त भुक्तानी कानूनसम्मत देखिदैन ।

२०. **भारी उपकरणको अवस्था** – आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ५१ मा लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालू अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । लेखापरीक्षणको सिलसिलामा भैरहवा लुम्बिनी भूमिगत सिंचाइ व्यवस्थापन डिभिजन नं.६, रुपन्देहीको भण्डार निरीक्षण गर्दा गत विगत वर्षदेखि मौज्दात रहेका विभिन्न भारी उपकरण लगायतका सामानहरु खुल्ला चउरमा रहेको देखियो । तत्कालीन भैरहवा–लुम्बिनी भूमिगत जलस्रोत विकास परियोजना (२०३५–२०५९) को लागि खरिद तथा हस्तान्तरण भई आएका ती उपकरणहरु आयोजना समाप्त भएपछि प्रयोगविहीन अवस्थामा रहेको कारण घाम, पानी, आदिबाट क्षति हुने क्रम जारी रहेको प्रस्तुत फोटोबाट स्पष्ट हुन्छ ।



कम्प्रेशर मेसिनमाथि लहरा उम्रिएर झाडी बनेको



रिग मेसिन

यी मेसिनहरु उपयोग गर्न सकिने नसकिनेसम्बन्धमा छानबिन गरी उचित व्यवस्थापन गरिनुपर्दछ ।

जलउत्पन्न प्रकोप नियन्त्रण विभाग

२१. **गुरुयोजना** – जनताको तटबन्ध कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६ मा निर्माण कार्य गुरुयोजनाको आधारमा सञ्चालन गरिने उल्लेख छ । यो वर्ष जलउत्पन्न प्रकोप नियन्त्रण विभागमातहतका आयोजना, कार्यालय, डिभिजन तथा सव डिभिजनहरु मार्फत कमला, बागमती, लालबकैया, पश्चिम राप्ती, तिनाउ, दानव लागायतका नदी नियन्त्रण सम्बन्धी कार्यमा गुरुयोजना बेगर ३ बजेट उपशीर्षकबाट रु.१ अर्ब ९३ करोड २४ लाख खर्च गरेको छ । यसप्रकारका कार्यमा विगत वर्षदेखि खर्च हुँदै आएको भए तापनि सोको प्रभाव अध्ययन भएको छैन । गुरुयोजनाको आधारमा प्राथमिकता निर्धारण एवं अन्तर निकाय समन्वय गरी साधन स्रोतको उपयोगलाई प्रभावकारी बनाउनुपर्ने देखियो ।

२२. **निर्माण सामग्री मौज्दात** – आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ५०(५)मा कुनै कार्यालयको प्रयोगमा नआएका वा नआउने तर अर्को कार्यालयको लागि उपयोगी हुने मालसामानहरु त्यस्तो कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने र नियम ५१ मा लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने र राम्रो सम्भार गरी वा चालू अवस्थामा राख्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं.५, रुपन्देहीको जिन्सी अवलोकन गर्दा देहायबमोजिम फलामे छड र पाइप कम्पाउण्डमा रहेको पाइयो ।

(रु. हजारमा)

क्र.सं.	सामानको नाम	परिमाण	जिल्ला दर	मूल्य
१	१६ मि.मि. फलामे छड	१,९९,१९२ केजी	६५	१,२९,४७
२	१२ मि.मि. फलामे छड	५५,७३२ केजी	६५	३६,२३
३	४० मि.मि. फलामे पाइप	७,४०० रनिङ्गमिटर	२४३	१७,९८
	जम्मा:			**१,८३,६८**

जिन्सी अभिलेखमा मूल्य उल्लेख नगरिएको ती सामानको २०६८।६९ को स्वीकृत जिल्ला दर अनुसार मूल्य रु.१ करोड ८३ लाख ६८ हजार हुने देखिन्छ । उल्लिखित मौज्दातमध्येको छड प्रयोग गर्ने जनताको तटबन्ध कार्यक्रम, फिल्ड कार्यालय, बुटवलले छडहरु कम्पाउण्डमा यत्रतत्र छरिएर रहेको कारण वर्षामा खिया लागी बिचबिचमा काटेर फाल्नुपर्ने भएकोले ५ प्रतिशत बढी परिमाणमा छड खर्च हुने २०६९।५।२४ मा जवाफ पठाएको छ । फलामका सामान खुला स्थानमा वर्षौसम्म रहँदा खिया लागी बिग्रने अवस्थामा समेत पुगेको छ । उक्त फलामे छडको उचित व्यवस्थापन गरी उपयोग गरिनुपर्दछ ।



छरिएर रहेका छडहरु

२३. **जग्गा अतिक्रमण** – आर्थिक कार्यविधि ऐन, २०५५को दफा २७ मा कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुने उल्लेख छ । लेखापरीक्षणको सिलसिलामा स्थलगत निरीक्षण गर्दा डिभिजनको नाममा रहेको बुटवल न.पा. वडा नं.१० स्थित १० कठ्ठा जग्गामध्ये ५ कठ्ठामा मात्र कम्पाउण्डवाल लगाएको र ५ कठ्ठा विभिन्न व्यक्तिहरुबाट अतिक्रमण भएको पाइयो । जग्गाको उचित संरक्षण नभएकोले अतिक्रमण भएको देखिएकोले संरक्षण गर्नु अत्यावश्यक देखियो ।

२४. **गैरसरकारी संस्थाबाट खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गरी कम्तीमा १५ दिनको म्याद दिई प्रस्ताव माग गरी न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावकसँग सम्झौता गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त प्रक्रिया पुरा नगरी जलउत्पन्न प्रकोप नियन्त्रण विभागले एक गैरसरकारी संस्थाबाट मुग्लिन नारायणघाट खण्डको नदी नियन्त्रणको काम गराई रु.६६ लाख २ हजार र जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं.३, बाराले १३ गैर सरकारी सस्थासँग १७ सम्झौता गरी बागमती, लालबकैया, कर्रा, चौरा, पौराहीलगायत ११ नदी नियन्त्रण कार्य गराई रु.१ करोड ८७ लाख १० हजार भुक्तानी गरेको पाइयो ।

नदी नियन्त्रण कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को प्रक्रिया पूरा नगरी सोझै गैर सरकारी संस्थामार्फत गराइएको सम्बन्धमा मन्त्रालयको ध्यानाकर्षण हुनुपर्ने देखियो ।

२५. **कार्यसम्पादन जमानत** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(२) मा न्यूनतम कबोल अङ्क उल्लेख गरेको अवस्थामा मूल्याङ्कन समितिले त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नुपर्ने उल्लेख छ । नियमावलीको नियम ६५(३) मा स्पष्टीकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको ८ प्रतिशतले हुने रकम बराबरको थप कार्यसम्पादन जमानत लिई बोलपत्रसमेत स्वीकृत गर्न सिफारिस गर्नसक्ने उल्लेख छ । जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं ३ बाराले २९.६७ देखि ७०.५३ प्रतिशतसम्म घटी कबोल भएको १९ ठेक्का दर विश्लेषण सहितको स्पष्टीकरण तथा कुल कबोल अङ्क रु.२५ करोड २९ लाख १६ हजारको ८ प्रतिशतले हुने रु.२ करोड २ लाख ३३ हजार बराबरको थप

कार्यसम्पादन जमानत माग नगरी सम्झौता गरेको पाइयो । यसबाट बोलपत्रदाताबाट तोकिएको समयमा निर्धारित परिमाण र गुणस्तरमा कार्यसम्पन्न गर्ने सुनिश्चित हुन कार्यालयले ध्यान दिएको पाइएन ।

कार्यमूलक लेखापरीक्षणतर्फ

नदी नियन्त्रण योजना छनौट तथा कार्यसम्पादन स्थिति

नदी नियन्त्रणसम्बन्धी आपत्कालीन कार्यको लागि नियन्त्रण सामग्रीको व्यवस्थापन, गुरुयोजना तर्जुमा गर्दा सीमा क्षेत्रमा डुवानसम्बन्धी अध्ययन लगायतका उद्देश्यले योजना स्थापना भई कार्य सञ्चालन गर्दै आएको छ ।

२६. **योजनाको छनौट तथा कार्यान्वयन** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) अनुसार आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान तथा सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था भए तापनि आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको विश्लेषण नभएको, माग सङ्कलन, आवश्यकता पहिचान, प्राथमिकता निर्धारण, स्थानीय समुदायको संलग्नता आदि विषयमा निश्चित कार्यविधि तर्जुमा नभएको, नदीको प्रकोपबाट क्षति हुन नदिन आपत्कालीन रोकथाम र उद्धारसम्बन्धी नीति तय नभएको, कार्यक्रममा निरन्तरता नभएको तथा अभिलेख व्यवस्थित नभएकोले कार्यक्रमको छनौटमा पारदर्शीता हुनुपर्ने, भौगोलिक क्षेत्रअनुसार सामञ्जस्यता कायम गर्नुपर्ने र क्रमागत योजनाको गुरुयोजना तयार गरी सञ्चालनमा ल्याउनु पर्ने, छनौट भएका योजना कार्यक्रमको आर्थिक, प्राविधिक, वातावरणीय, प्रशासकीय उपयुक्तताको विश्लेषण गरी जनसहभागितासम्बन्धी कार्यविधि तयार गरी कार्यक्रम सञ्चालनमा निरन्तरता हुनुपर्ने देखिन्छ ।

२७. **उपभोक्तामार्फत निर्माण कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) अनुसार सार्वजनिक कार्य गर्ने प्रस्ताव वा निवेदन उपभोक्ता समिति वा लाभग्राही समूहबाट प्राप्त भएपछि आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवा सम्बन्धमा खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ । नियम ९७(९) मा निर्माण कार्यमा लोडर, एक्साभेटर, डोजरजस्ता हेभी मेसिनहरु प्रयोग गर्न सकिने छैन भनी उल्लेख छ ।

२७.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य गैह्र सरकारी संस्थाबाट गराउनुपर्ने व्यवस्था भए तापनि २०६६।६७ मा ६ गैर सरकारी संस्थाले रु.८३ लाख ९५ हजार, २०६७।६८ मा १० गैरसरकारी संस्थाले रु.१ करोड ५७ लाख ५४ हजार र २०६८।६९ मा १० गैर सरकारी संस्थाले रु.१ करोड १ लाख ९३ हजारको निर्माण कार्य गरेको देखियो । स्थानीय जनश्रमदान परिचालन गरी उपभोक्ताले गर्ने निर्माण ठेक्काको कार्य गैरसरकारी संस्थाले गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । उपभोक्ता समितिबाट कार्य गराउने विभागीय निर्देशिका तयार भएपछि सोहीअनुसार गराइने व्यहोरा कार्यालयले दर्शाएको छ ।

२८. **ग्याबियन कार्य** – उपभोक्तामार्फत गरेको निर्माण कार्य गुणस्तरीय हुनुपर्दछ । उपभोक्ता समिति मार्फत निर्माण भएको नख्खुखोला नियन्त्रण कार्यमा रु.१२ लाख १५ हजार भुक्तानी भएको छ । उक्त निर्माण कार्यको २०६९।८।६ मा स्थलगत निरीक्षण गर्दा नख्खुखोलाको दायाँ किनाराको तल्लो क्षेत्रको करिब १२ मिटर खण्डको ग्याबियन निर्माण कार्य लच्किएको अवस्थामा देखियो । बायाँ किनाराको माथिल्लो खण्डमासमेत केही भागमा क्षति पुग्नुका साथै ब्याक फिलिङ्ग कार्य अपूर्ण अवस्थामा रहेको स्थिति देखिएको सम्बन्धमा लच्चिङ्गको साइज कम रहेको कारण जनाए पनि मर्मत



नख्खुखोला नियन्त्रण कार्यमा क्षतिग्रस्त ग्याबियनवालको स्थिति

सम्भार अवधिभित्रै क्षतिग्रस्त भएको र समयमै मर्मत सम्भार नभएमा थप नोक्सानी हुन गई सो कार्यमा भएको लगानीको सहि उपयोग नहुने भएकोले उक्त निर्माण कार्यको सम्बन्धित निर्माण उपभोक्ता समितिबाट मर्मत सुधार गराउनुपर्ने देखिन्छ । यस सम्बन्धमा मर्मत सम्भारको लागि प्राविधिक खटाई उपभोक्ता समितिलाई मर्मत तथा सम्भार गर्न पत्राचार गरिएको व्यहोरा योजनाले जनाएको छ ।

२९. **नियमावली** – जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ तथा जलस्रोत ऐन, २०४९ बमोजिम जलउत्पन्न प्रकोप व्यवस्थापन नियमावली तर्जुमा गर्ने सम्बन्धमा जलउत्पन्न प्रकोप नियन्त्रण विभागबाट विगत वर्षदेखि मस्यौदा तयारी भइरहेको जनाए पनि टुङ्गो लागिनसकेको स्थिति छ । फलस्वरुप जलउत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी कार्यमा जनसहभागिता जुटाउने, सम्पन्न योजनाको हस्तान्तरण तथा मर्मत सम्भारसम्बन्धी व्यवस्था लगायतका कार्यमा स्पष्टता हुनसकेको छैन । जलउत्पन्न प्रकोप विभाग अन्तर्गतका कार्यालयहरुबाट गरिने कार्यमा एकरुपताका लागि नियमावली तर्जुमा गरी लागू गर्न सम्बन्धित निकायले ध्यान दिनु जरुरी छ ।

बबई सिंचाइ आयोजना, कार्यसम्पादन स्थिति मूल्याङ्कन

बर्दिया जिल्लाको ३८ हजार २४० हेक्टर जमिनमा सिंचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन बढाउने र रोजगारी एवं गरिबी निवारण गरी स्थानीय जनताको आर्थिक स्थितिमा सुधार ल्याउने उद्देश्यले २०४५।४६ देखि आयोजना सञ्चालन गरिएको छ । आयोजनाको कार्यक्षेत्र बर्दिया जिल्लाका गुलरिया नगरपालिका तथा विभिन्न गाउँ विकास समितिहरुमा केन्द्रित रहेको छ ।

३०. **सिंचाइ प्रणाली** – हेडवर्क्सको संरचनागत व्यवस्था अनुसार ३१२ मिटरको पुल सहितको बाँध, ५३ क्यूमेक्स क्षमताको अण्डर स्लुइस, इन्टेक हेडरेगुलेटर, ९८० मिटर लामो, ६३ क्यूमेक्सको सेटलिङ्ग बेसिन तयार गरेको छ । सिंचाइको लागि ५३ क्यूमेक्स पानी आवश्यकता हुनेमा हिउँदमा ८ क्यूमेक्स, गृष्ममा ५ क्यूमेक्स, वर्षामा औषतमा १८ क्यूमेक्स र शरदमा औषतमा ११ क्यूमेक्स मात्र पानी उपलब्ध भएको आयोजनाले उल्लेख गरेको छ । दीगो रुपमा पानी पर्याप्त उपलब्ध गराउन भेरी–बबई डाइभर्सनको कार्य अगाडि बढेपनि त्यसको स्थिति खुलेको छैन । जसबाट हेडवर्क्समा भएको संरचनाको पूर्ण सदुपयोग हुने स्थिति छैन भने आयोजना प्रतिवेदनमा उल्लेख भएको क्षेत्रमा सिंचाइ सुविधा पुग्ने स्थितिसमेत छैन ।

३१. **लागत सहभागिता –** सिंचाइ नीति, २०६० को खण्ड २.५.४ मा उपभोक्ताले व्यहोर्ने लागत अंश गणना गरी आयोजना दस्तावेजमा उल्लेख गर्नुपर्ने र सिंचाइ नियमावली, २०५६ को नियम ४२(१) मा उपभोक्ताले व्यहोर्नुपर्ने लगानी अंश परियोजना लागतको १५ प्रतिशतभन्दा बढी र ३ प्रतिशतभन्दा कम हुने छैन भन्ने उल्लेख छ । पूर्वी नहरको प्रणाली विकास गर्न मात्र रु.२ अर्ब ८७ करोड ३९ लाखको परिमार्जित कार्यक्रम स्वीकृत गरी २०६८।६९ सम्म रु.२ अर्ब ४२ करोड ३९ लाख बजेट खर्च भएकोमा न्यूनतम ३ प्रतिशतले पनि रु.७ करोड २७ लाख १६ हजार जनसहभागिताबाट व्यहोर्नुपर्ने हुन्छ । आयोजनाले अभिलेख (परिमाणात्मक मापन) बेगर रु.९८ लाख ३० हजारको कार्य उपभोक्ता समितिबाट भएको जानकारी दिएपनि उक्त सहभागिता रकम नियमको व्यवस्थाभन्दा रु.६ करोड २८ लाख ८६ हजार न्यून भएको स्थिति छ । उपभोक्ताले व्यहोर्नुपर्ने रकम आयोजना प्रतिवेदनमा उल्लेख नगरेको, उपभोक्ताबाट भएको कार्यको अभिलेख अद्यावधिक नभएको, नियममा उल्लिखित प्रतिशतभन्दा कममात्र लागत सहभागिता भएको कारण उपभोक्ता लागत सहभागिता प्रभावकारी भएको देखिएन । नियममा भएको व्यवस्थाको पालना गरी उपभोक्ता लागत सहभागिता बढाउन ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

३२. **हस्तान्तरण** – निर्माण सम्पन्न भएका संरचनाहरु उपभोक्तालाई हस्तान्तरण गरिनुपर्दछ । हालसम्म १३ हजार ६८० हेक्टरमा सिंचाइको लागि जग्गा विकास भइसकेपछि पनि ती सिंचाइ संरचनाको मर्मत सम्भारमा विगत ३ वर्षमा पनि रु.३ करोड ८९ लाख ७० हजार खर्च भएको छ । निर्माण सम्पन्न भइसकेका सिंचाइ आयोजना सञ्चालन गर्न उपभोक्तालाई अभिमुख गराउनुपर्दछ ।

३३. **जग्गा अधिग्रहण तथा मुआब्जा** – आयोजनाले नहर संरचना निर्माण गरी नहर नहरी सञ्चालन गर्न अधिग्रहण भएको जग्गाको स्वामित्व तथा अभिलेख आयोजनाको नाममा अद्यावधिक राख्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४ मा रहेको छ । तर यस आयोजनाले २०५८।५९ भन्दा अगाडि सट्टाभर्नाबाट अधिग्रहण भएका जग्गाको सम्बन्धमा योजना स्थलमा नै नापी तथा मालपोत कार्यालय बसी मूल नहरलाई आवश्यक पर्ने जग्गाको सट्टाभर्ना दिई सम्पूर्ण कागजात सोही कार्यालयहरुले नै लिएको जवाफ दिएको छ । आयोजनाले २०५८।५९ पछि २०६९ आषाढ मसान्तसम्म अधिग्रहण भएको १७७.७५ हेक्टर जमिनमध्ये १२४.७१ हेक्टरको मुआब्जाबापत रु.१५ करोड १० लाख २६ हजार वितरण गरेको छ । मुआब्जा वितरण गरेकोमध्ये आयोजनाको स्वामित्वमा १११.१७ हेक्टरको जग्गाधनी पूर्जा प्राप्त गरेको र बाँकी ६६.५८ हेक्टरको जग्गाधनी पूर्जा लिन बाँकी देखिएको छ । आफ्नो स्वामित्वको जग्गाको जग्गाधनी पूर्जा लिने कार्यमा सक्रियता देखाउनुपर्ने देखिन्छ ।

३४. **ठेक्का व्यवस्थापन** – गुरुयोजना अनुसार २०६९।७० सम्म कार्यसम्पन्न गर्न कार्यान्वयन योजना पेश गरेकोमा आयोजनाले प्रथम फेजको दोस्रोचरणको ५ हजार ५०० हेक्टरमा सिंचाइ गर्न मूल शाखा, प्रशाखा नहर तथा संरचना निर्माण तथा जग्गा खरिद गर्न रु.९५ करोड लागत अनुमान गरेकोमा नहर नहरी निर्माण गर्न ५ प्याकेज तयार गरी २०७२।७३ सम्ममा कार्यसम्पन्न गर्ने गरी रु.६५ करोड ४२ लाख १५ हजारमा ठेक्का बन्दोवस्त गरेको छ । यसबाट गुरुयोजना र ठेक्का बन्दोबस्तमा तालमेल देखिएन । यसका अतिरिक्त नहर नहरी र संरचना निर्माण गर्न सर्वप्रथम जग्गा अधिग्रहण गर्नुपर्नेमा सो सुरुवात नै गरेको देखिदैन । सम्झौताअनुसार ५ प्याकेज निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई रु.११ करोड ५४ लाख ७९ हजार मोविलाइजेसन पेश्की उपलब्ध गराएको भए तापनि जग्गा अधिग्रहण नभएको, आर्थिक वर्षको अन्त्यतिरमात्र ठेक्का बन्दोबस्त गरेका कारण निर्माण कार्य सुरु गरेको पाइएन ।

समयमा बजेट कार्यक्रम उपलब्ध नहुने, निकुञ्ज क्षेत्रभित्र सञ्चालन गर्नुपर्ने कार्यका लागि अनुमति प्राप्त गर्न थप समय लाग्ने, आयोजनामा कार्यरत कर्मचारीहरुको सरुवामा अनिश्चितताका कारणले पनि कार्यक्रम सञ्चालनमा कठिनाई सिर्जना हुने भएकोले समयका साथ साथै लागत बढ्ने पनि देखिन्छ । अत: आयोजनाले गुरुयोजना तथा ठेक्का सम्झौताअनुसार निर्धारित कार्यतालिकाबमोजिम निर्माण कार्यसम्पन्न गर्न विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

३५. **सिंचाइ सेवा शुल्क** – सिंचाइ नियमावली, २०५६ को नियम २९(१) ले सेवा उपभोग गर्ने उपभोक्ताले सेवा शुल्क उपभोक्ता संस्थालाई बुझाउने व्यवस्था गरेको छ । सोही नियमको उपनियम (२) ले संयुक्त व्यवस्थापनमा सञ्चालित सिंचाइ प्रणालीमा सेवा शुल्क उठाउने दायित्व उपभोक्ता संस्थाको हुने र उपभोक्ता संस्थाले सरकारले घोषित गरेको सिंचित क्षेत्रमा सेवा उपयोग नभएको अवस्थामा पनि नियम २६ बमोजिमको समितिले निर्धारण गरी दिए अनुरुपको न्यूनतम सेवा शुल्क प्रत्येक उपभोक्ताबाट उठाउनुपर्ने व्यवस्था गरेको छ । यस्तै नियम २९(३) मा उपभोक्ताबाट उठाएको रकम मध्येबाट उपभोक्ता संस्थाले २० देखि ९५ प्रतिशतसम्म उपभोक्ता समितिको खातामा जम्मा गरी बाँकी रकम मर्मत सम्भार कोषमा ० देखि ४० प्रतिशतसम्म र राजस्वमा ५ देखि ४० प्रतिशतसम्म बुझाउनुपर्ने व्यवस्था गरेको छ । तर योजनाले १३ हजार ६८० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध गराएपनि तदनुसार सिंचाइ शुल्क उठाएको छैन । यसबाट सिंचाइ योजना मर्मत सम्भार तथा व्यवस्थापन गर्न आवश्यक पर्ने रकम सरकारबाट खर्च गरिरहनुपर्ने देखिन्छ । विगत ३ वर्षमा आयोजनाले रु.३ करोड ८९ लाख ७० हजार मर्मत सुधारमा खर्च गरेको छ । तसर्थ स्थानीय उपभोक्तालाई स्वामित्व बोध गराउन सिंचाइ सेवा शुल्क उठाउन आयोजनाले सक्रियता देखाउनुपर्दछ ।

भूमिगत जलस्रोत विकास समितिको कार्यालय बुटवल र दाङ्ग, कार्यसम्पादन स्थिति मूल्याङ्कन

जलस्रोतको अन्वेषणको साथै सिंचाइ, खानेपानी वा अन्य उपयोगको लागि नलकुप निर्माण गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०३१ सालमा स्थापना भएको यस समितिको बुटवल र दाङ्ग शाखा कार्यालयको मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

३६. **मागको प्राथमिकीकरण** – भूमिगत स्यालो ट्युववेल सिंचाइ, दीर्घकालीन कृषि योजना (विशेष कार्यक्रम) स्यालो ट्युबवेल सिंचाइ अभियान कार्यान्वयन कार्यविधि, २०६७ को बुँदा नं ४(ख) अनुसार ट्युबवेल माग गर्ने कृषकको निवेदनलाई प्राथमिकताक्रमअनुसार कार्यान्वयन गर्नुपर्नेमा ट्युबवेलको मागको तुलनामा थोरै संख्या निर्माणको लागि कार्यक्रम बजेट स्वीकृत भई आउने गरेको कारण कार्यालयमा प्राप्त धेरै वर्ष अघिका निवेदन कार्यान्वयन हुन बाँकी रहेको विवरण निम्नानुसार देखिएको छ:

डीप ट्युबवेल ***स्यालो ट्युबवेल***





उल्लिखित स्तम्भ चित्रअनुसार २०६८।६९ सम्म कपिलवस्तु, नवलपरासी तथा रुपन्देही जिल्लामा १८२ डीप ट्युबवेलको माग भएकोमा ३० मात्र (१६ प्रतिशत) कार्यान्वयन भएका छन् भने स्यालो ट्युबवेलतर्फ ७ हजार उपभोक्ताको माग कार्यान्वयन गर्न धेरै लामो समय लाग्दा निरासा उत्पन्न भई कार्यालयको विश्वसनीयता ह्रास हुने भएकोले कृषकको मागबमोजिम ट्युबवेल निर्माण हुनुपर्दछ ।

३७. **ठेक्का प्रतिस्पर्धाको स्थिति** – सार्वजनिक खरिद ऐनको दफा २६(६)मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्रहरु रद्द हुने उल्लेख छ । शाखा कार्यालय, बुटवलले सम्झौता गरेका ठेक्काको अध्ययन गर्दा कार्यालयले यो वर्ष २४ ठेक्काको लागि बोलपत्रको माध्यमबाट खरिद प्रस्ताव आह्वान गरेकोमा २७६ बोलपत्र फारम बिक्री भएकोमध्ये १५५ बोलपत्र फारम (५६.१६ प्रतिशत) दर्ता भएको देखियो । जसमध्ये ११ ठेक्कामा ९५ फारम बिक्री गरेकोमा १९ फारममात्र दाखिला भएको छ । एक ठेक्कामा ११ फारम बिक्री भएकोमा १ फारममात्र दाखिला भएको छ । रकमगत प्रतिस्पर्धातर्फ १४ ठेक्काको प्रतिस्पर्धा अनुमानित लागतको एक प्रतिशतभन्दा कम रहेको छ भने ६ ठेक्कामा लागत अनुमानभन्दा २३ देखि २९ प्रतिशतसम्म घटी प्रस्ताव स्वीकृत भएको छ । लागत अनुमानको तुलनामा १० देखि २० प्रतिशत घटीमा प्रस्ताव स्वीकृत भएका ठेक्का संख्या ४ छ । केही ठेक्कामा लागत अनुमानको तुलनामा अधिक र धेरै ठेक्कामा न्यून प्रतिस्पर्धा भएको र औषत प्रतिस्पर्धा भएका ठेक्का नगन्य भएकोले मिलेमतोमा प्रस्ताव पेश भएको हुनसक्ने तथा अत्यधिक घटीमा प्रस्ताव पेश भएकोमा कामको गुणस्तरमा कमी आउनसक्नेतर्फ कार्यालयले ध्यान दिई स्वच्छ प्रतिस्पर्धा गराउनेतर्फ आवश्यक पहल गर्नुपर्ने देखियो ।

३८. **ठेक्का कार्यान्वयन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायीले सम्झौताको अवधिभित्र काम पुरा गर्न नसक्ने भएमा कारण खुलाई खरिद सम्झौताको म्याद सकिन कम्तीमा ७ दिन अगावै सम्बन्धित निकायमा म्याद थपको लागि निवेदन दिनुपर्ने र निवेदनमा उल्लिखित कारण मनासिव देखिएमा ६ महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढी अवधिको एकतह माथिको अधिकारीले थप गर्नसक्ने व्यवस्था छ । शाखा कार्यालय बुटवलले विगत तीन वर्षमा कार्यान्वयन गरेको ठेक्काको अध्ययन गर्दा २०६६/६७ मा ४३ प्रतिशत, २०६७/६८ मा २१ प्रतिशत र २०६८/०६९ मा ५ प्रतिशत ठेक्कामात्र सुरु म्यादभित्र सम्पन्न भएको पाइयो । सम्झौतामा म्याद राख्दा थोरै रकमका ठेक्का सम्पन्न गर्न लामो म्याद दिएको र सो म्यादमा समेत सम्पन्न हुन नसकी पुन: म्याद थप गरेको छ । यस सम्बन्धमा २०६६/६७ मा वेल डेभलपमेन्ट र डिष्ट्रिव्यूसनको कामको एकै पटक ठेक्का भएको, वेल डेभलपमेन्टको काम नसकी डिष्ट्रिव्यूसनको काम गर्न नमिल्ने भएकोले लामो समय म्याद दिनुपरेको

कार्यालयको भनाई रहेको छ । तर कतिपय वेल डेभलपमेन्टका ठेक्कासमेत समयमा सम्पन्न भएको पाइएन । एउटै योजनामा धेरै प्रकृतिका कार्य गर्नुपर्ने, कामको प्रकृतिअनुसार अलग अलग प्याकेज तयार गरी ठेक्का व्यवस्था गर्नुपर्ने र एक प्रकृतिको कार्य नसकी अर्को कार्य गर्न नमिल्ने भएमा कार्यालयले सोही अनुसार कार्य प्रक्रिया मिलाई अघि गर्नुपर्ने काम र सो काम सम्पन्न गर्न लाग्ने समयसमेत विचार गरी ठेक्का व्यवस्था गर्नुपर्दछ ।



शाखा कार्यालय दाङ्गमा रहेका पुराना मेसिनरी पार्टस्

३९. **जनसहभागिता –** सिंचाइ नीति २०६० तथा सिंचाइ नियमावली, २०५६ को नियम ४२(२) अनुसार परीयोजना निर्माण लागतमा उपभोक्ता लगानी अंश ३ प्रतिशतदेखि १५ प्रतिशतसम्म हुनुपर्ने उल्लेख छ । निर्माण सम्पन्न भएका ट्युबवेलमा उपभोक्ताको श्रम तथा नगद खुल्ने गरी अभिलेख राखेको पाइएन । शाखा कार्यालय, बुटवलबाट प्राप्त विवरण अनुसार सम्झौताअनुसार कुल लागतको उपभोक्ता समुदायले व्यहोर्नुपर्ने रु.१ करोड ५७ लाखमध्ये श्रमदानतर्फ रु.८१ लाख ८ हजार र नगदतर्फ रु.७५ लाख ९२ हजार व्यहोर्नुपर्नेमा हालसम्म श्रमदानतर्फ रु.१ करोड १० लाख ८२ हजार र नगदतर्फ रु.३१ लाख २२ हजार दाखिला भई रु.१४ लाख ९६ हजार प्राप्त हुन बाँकी छ । शाखा कार्यलय दाङ्गबाट प्राप्त विवरण अनुसार निर्माणाधीन ३ डीप ट्युबवेलको जनसहभागिताबापतको रकम यकिन भएको पाइएन । यस सम्बन्धमा ट्युबवेलको डेभलपमेन्टको कार्यमात्र सकिएको तर डिस्ट्रिव्यूसन तथा विद्युतिकरणको कार्य बाँकी रही सोको लागत अनुमान तयार गर्ने कार्य भई रहेकोले जनसहभागिताको रकम यकिन भई नसकेको कार्यालयको भनाई रहेको छ ।

४०. **हस्तान्तरण तथा फरफारक –** दीर्घकालीन कृषि योजना (विशेष कार्यक्रम) स्यालो ट्युबवेल सिंचाइ अभियान कार्यान्वयन कार्यविधि, २०६७ को बुँदा ११ अनुसार स्यालो ट्युबवेलहरुको निर्माण सम्पन्न भएपश्चात् कार्यालय तथा सम्बन्धित उपभोक्ता संस्थाले संयुक्त रुपमा निरीक्षण गरी उप–आयोजना सम्पन्न प्रतिवेदन तयार गरी उप आयोजना सम्पन्न प्रमाण पत्रमा दस्तखत गरी एक अर्कालाई उपलब्ध गराई स्वत: हस्तान्तरण भएको मानिने व्यवस्था छ । शाखा कार्यालय बुटवलले २ हजार २८९ र दाङ्गले ३ हजार ९९७ स्यालो ट्युबवेल निर्माण गरेकोमा तोकिएको प्रक्रियाअनुसार संयुक्त निरीक्षण तथा हस्तान्तरण गरेको पाइएन ।

संयुक्त निरीक्षण तथा औपचारिक हस्तान्तरण बेगर ट्युबवेल प्रयोग गर्दा योजनाको स्वामित्व, मर्मत सम्भारमा लाग्ने खर्च तथा निर्माण भएका संरचनाको गुणस्तर तथा पूर्णतामा विवाद हुन सक्ने भएकोले योजनाको स्वामित्व, योजना सञ्चालनमा उपभोक्ताको भूमिका तथा कार्यालयको दायित्व जस्ता व्यहोरा उल्लेख गरी निर्देशिकामा तोकिएबमोजिमको प्रक्रिया अपनाई योजना हस्तान्तरण हुनुपर्दछ ।

४१. **ट्युबवेल सञ्चालन** – कार्यालयले २०६८।६९ को स्वीकृत कार्यक्रमअनुसार स्यालो ट्युबवेल निर्माण गर्ने र सोको लागि आवश्यक विद्युत लाईन निर्माणको काम उपभोक्ताले गर्ने गरी उपभोक्तासँग सम्झौता गरेको थियो । यस कार्यक्रम अन्तर्गत शाखा कार्यालय बुटवलबाट नवलपरासीमा र दाङ्गबाट सतवरिया क्षेत्रमा निर्माण भएका स्यालो ट्युबवेलको अवलोकन गर्दा ट्युबवेल जडान भएको क्षेत्रमा विद्युतिकरण भएको पाइएन ।

४२. **जिन्सी व्यवस्थापन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि कार्यालय प्रमुखले विभागीय निर्देशन भएमा सोसमेत विचार गरी लिलाम बिक्री गर्नुपर्ने मालसामान छ महिनाभित्र र मर्मत सम्भार गर्नुपर्ने भए तीन महिनाभित्र गरिसक्नु पर्ने उल्लेख छ । शाखा कार्यालय बुटवलबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनअनुसार मेसिनरी औजार, सवारीसाधन, भारी सवारीसाधन, सवारीसाधनका पार्ट्स टेवुल, कुर्चिसमेत २७ आइटमको ५८ सामान मर्मत सम्भार गर्नुपर्ने र

२७३ आइटमको ३ हजार ३७३ थान लिलाम गर्नुपर्ने भनी जिन्सी निरीक्षण प्रतिवेदमा औँल्याएको छ । त्यस्तै शाखा कार्यालय, दाङ्गबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा मेसिनरी औजार, सवारीसाधन, भारी सवारीसाधन, सवारीसाधनका पार्ट्ससमेत १६ आइटमको २९ सामान मर्मत सम्भार गर्नुपर्ने, १३३ आइटमको ६६२ सामान लिलाम गर्नुपर्ने र ३ आईटमको २० सामान मिनाहा गर्नुपर्ने भनी औँल्याएकोमा लिलाम बिक्री गरेको छैन । प्रयोगमा नआउने जिन्सी सामान समयमा लिलाम नहुँदा त्यसबाट प्राप्त हुनुपर्ने मूल्य प्राप्त नहुने र जिन्सी व्यवस्थापनमा कठिनाई हुने भएकोले काम नलाग्ने सामान समयमै लिलाम बिक्री गर्नुपर्दछ ।

४३. **पाइप तथा फिटिङ्गको मौज्दात –** शाखा कार्यालय, बुटवलको विवरण अनुसार विगत वर्ष खरिद गरेको तथा जापानी अनुदानबाट २०४२ सालमा प्राप्त भएकोसमेत परल मूल्य रु.५२ लाख ३० हजार मूल्यको विभिन्न साईजको ३ हजार २५७ मिटर केसिङ्ग पाइप मौज्दातमा रहेको छ । त्यस्तै शाखा कार्यालय दाङ्गबाट प्राप्त विवरण अनुसार विगत वर्षमा खरिद गरेको तथा अन्य कार्यालयबाट प्राप्त विभिन्न साईजको पाइप तथा जाली, सम्बरसिवल पम्प, विद्युत ट्रान्सफरमर विद्युतका सामान, लगायतका विभिन्न सामान मौज्दातमा रहेको पाइयो ।




बुटवल र दाङ्गमा मौज्दात पुराना पाइपहरु

लामो समयसम्म सामान प्रयोग नगर्दा गुणस्तरमा ह्रास आउने भएकोले खरिद गरिएका तथा अनुदानमा प्राप्त भएका सामान समयमै प्रयोगको व्यवस्था मिलाउनु पर्दछ ।

४४. **अनुगमन तथा मूल्याङ्कन** – स्यालो ट्युबवेल सिंचाइ अभियान कार्यान्वयन कार्यविधि २०६७ को बुंदा नं.१४ मा भूमिगत जलस्रोत विकास समिति, सिंचाइ विभाग र भूमिगत जल सिंचाइ आयोजनाबाट नियमित अनुगमन मूल्याङ्कन गर्नसकिने उल्लेख छ । अनुगमन मूल्याङ्कन सम्बन्धमा शाखा कार्यालय बुटवल तथा दाङ्गसँग सोधनी गरिएकोमा कार्यालयबाट नियमित रुपमा अनुगमन गर्ने जवाफ प्राप्त भएपनि प्रतिवेदन तयार नगरेकोले अनुगमन प्रतिवेदन उपलब्ध भएको छैन । योजनाको लक्ष्य अनुसार प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा प्रभाव अध्ययन समेत गरेको देखिँदैन । प्रभाव अध्ययन बेगर योजनाले लिएको लक्ष्य हासिल भए नभएको यकिन गर्न नसकिने भएकोले अनुगमन गरी प्रभाव अध्ययन हुनुपर्दछ ।

४५. **कर्मचारी सुविधा** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२३ मा कुनै कार्यालयले थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा गराउँदा वा कुनै कार्य गर्नुपर्दा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । विकास समिति ऐन अन्तर्गत स्थापना भएका समितिले आन्तरिक आम्दानीबाट उपलब्ध गराउँदा सञ्चालक समितिबाट निर्णय गराई थप सुविधा उपलब्ध गराउने व्यवस्था छ भने निजामती वा अन्य सरकारी कर्मचारीको तलब, पारिश्रमिक तथा अवकास सुविधा सम्बन्धमा ऐनमा व्यवस्था गरिएको हुन्छ । यस समितिको आन्तरिक स्रोतको आम्दानी नभएकोले पारिश्रमिक लगायत अवकास सुविधा सञ्चितकोषबाट खर्च हुने गरेको छ । सञ्चितकोषबाट प्रदान गरिने तलब, भत्ता, उपदान लगायतका सुविधासमेत विनियमावली (मन्त्रीस्तरबाट निर्णय हुने) बाट व्यवस्था गरेको पाइयो । सञ्चितकोषबाट भुक्तानी हुने पारिश्रमिक लगायतका सुविधा अर्थ मन्त्रालयको सहमति बेगर विनियमावलीबाट तोक्न नमिल्ने भएकोले ऐनबाट व्यवस्था हुनुपर्दछ ।

- **बेरुजू स्थिति** – मन्त्रालय मातहतसमेत ११६ निकायमा यो वर्ष रु.१ अर्ब २० करोड ८५ लाख ९९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड २९ लाख ५३ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब १८ करोड ५६ लाख ४६ हजार बाँकी रहेको छ । सोमध्ये रु.९९ करोड ५१ लाख ७७ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

सूचना तथा सञ्चार मन्त्रालय

मन्त्रालय र मातहतसमेत ९७ कार्यालयको विनियोजनतर्फ रु.२ अर्ब ७८ करोड ५७ लाख ५५ हजार, राजस्वतर्फ रु.३ अर्ब ४७ लाख २८ हजार, धरौटीतर्फ रु.४ करोड ५४ लाख ९४ हजारसमेत कुल रु.५ अर्ब ८३ करोड ५९ लाख ७७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

मन्त्रालय मातहतका संगठित संस्था, समिति १२ को रु.११ अर्ब ४७ करोड ८१ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी केही उदाहरण देहायअनुसार छन्:

१.१. प्रेस काउन्सिलबाट विभिन्न समूहमा वर्गीकरण भएका पत्रिकाहरुलाई लोक कल्याणकारी सरकारी विज्ञापन प्रसारण गर्न अनुदान शीर्षकबाट सूचना विभागले २०६३।६४ देखि २०६७।६८ सम्ममा रु.२० करोड २१ लाख ५२ हजार र यो वर्ष पेश्की समेत रु.७ करोड ३४ लाख ५६ हजार गरी रु.२७ करोड ५६ लाख ८ हजार खर्च गरेको छ । यो वर्ष विभिन्न एफ.एम.रेडियो र टेलिभिजनलाई लोककल्याणकारी विज्ञापन प्रसारण गरेबापत एकमुष्ट रु.१ करोड ३४ लाख ३२ हजार मन्त्रालयले भुक्तानी गरेकोमा प्रसारण एवं प्रकाशन निकायको अभिलेख राखी अनुगमन गर्नुपर्दछ ।

१.२. अन्तर्राष्ट्रिय डाँक सञ्चालनबाट यो वर्ष रु.५३ लाख ३ हजार राजस्व प्राप्त भएको छ । हुलाक सेवा विभाग र अन्तर्राष्ट्रिय हुलाक संघ बीच इम्व्यालेन्स चार्ज स्वरुप, ई.एम.एस., पार्सल एयरमेल तथा टर्मिनल ड्यूजबाट प्राप्त हुनुपर्ने रकम, नेपालले माग गरेको रकम र प्राप्तिको अद्यावधिक अभिलेख हुलाक सेवा विभागले राखेको पाइएन । विभिन्न मुलुकसँग लिनु दिनुपर्ने यसप्रकारको शुल्क वर्ष व्यतीत भएको ६ महिनाभित्रमा दाबी गर्नुपर्ने व्यवस्था भए तापनि अभिलेख राख्ने र शुल्क माग गर्ने कार्य गरेको पाइएन ।

१.३. आर्थिक ऐन, २०६८ को अनुसूची–५ मा नेपालमा प्रदर्शन हुने विदेशी चलचित्रहरुमा लिइने चलचित्र विकास शुल्क आन्तरिक राजस्व विभागले असुल गरी १० प्रतिशत प्रशासनिक कार्यमा खर्च गर्ने र ९० प्रतिशत चलचित्र विकास बोर्डमा पठाउने व्यवस्था छ । यो वर्ष बोर्डलाई रु.१ करोड ४९ लाख २९ हजार प्राप्त भएको छ । चलचित्र विकास शुल्कबापत उठ्नुपर्ने, असुल भएको र बाँकीको अद्यावधिक अभिलेख राखेको छैन ।

बोर्डले चलचित्र विकास शुल्कको २५ प्रतिशत प्रशासनिक कार्यमा खर्च गर्न पाउने व्यवस्था ऐनले गरेकोमा यो वर्ष प्राप्त रकमको २५ प्रतिशतले हुने रु.३७ लाख ३२ हजार खर्च गर्नुपर्नेमा रु.१ करोड २ लाख ६३ हजार खर्च गरी रु.६५ लाख ३१ हजार बढी खर्च गरेको छ ।

विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

सरकारी कार्यालयतर्फ

२. **इजाजत** – मन्त्रालयबाट हालसम्म ३१ टेलिभिजन, ७७२ केवल नेटवर्क र ४८७ एफ.एम. रेडियोले प्रशारणको इजाजतपत्र प्राप्त गरेको देखिन्छ । ती निकायहरुको इजाजत, नवीकरणलगायतको अद्यावधिक अभिलेख नराखेकोमा मन्त्रालयबाट नियमित अनुगमन तथा मूल्याङ्कन भएको पाइएन । जिल्ला हुलाक कार्यालय रौतहट, वारा, सिन्धुपाल्चोक, गोरखा, कास्की र स्याङजाका २३ केवुल सञ्चालकले आय विवरण

तथा प्रशारण शुल्क बुझाएको देखिएन । प्रशारण शुल्क नबुझाउनेसँग आय विवरण तथा लेखापरीक्षण प्रतिवेदन लिई लाग्ने दस्तुर असुल गर्नुपर्दछ ।

३. **अभिलेख तथा असुली –** राष्ट्रिय प्रसारण नियमावली, (चौथो संशोधन सहित) २०५२ को नियम ११(१) बमोजिम कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको कुल आम्दानीको २ प्रतिशत रकम प्रसारण शुल्क बापत नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । कार्यक्रम प्रशारण गर्ने संस्थामध्ये राजस्व बुझाउने र नबुझाउनेहरुको अद्यावधिक अभिलेख नराखेकाले उठ्नु पर्ने राजस्व यकिन हुन सक्ने अवस्था भएन । यो वर्ष केवल मार्फत कार्यक्रम प्रसारण गर्ने इलाम ,मोरङ, सप्तरी, पर्सा र मकवानपुर जिल्लास्थित २६ प्रसारण संस्थाको फाइल परीक्षण गर्दा २४ ले आय विवरण पेश नगरेको र मोरङका २ ले आय विवरण पेश गरेतापनि रु.१४ लाख २७ हजार शुल्क दाखिला गरेको देखिएन । कतिपयले लेखापरीक्षण प्रतिवेदन पेश नगरेको र कतिपयले पेश गरे तापनि लाग्ने शुल्क बुझाएको देखिएन ।

४. **रोयल्टी, फ्रिक्वेन्सी र नवीकरण दस्तुर –** मन्त्रालयले यो वर्ष आर्जन गरेको कुल राजस्व रु.२ अर्ब ७१ करोड ८९ लाखमध्ये फ्रिक्वेन्सी प्रयोग गरी सेवा सञ्चालन गर्ने विभिन्न निकायबाट अन्य रोयल्टीको रुपमा रु.२ अर्ब २७ करोड १३ लाख (८३.५३ प्रतिशत) प्राप्त गरेको देखिन्छ । मन्त्रालयले फ्रिक्वेन्सी प्रयोग गरी सेवा सञ्चालन गर्ने निकायहरुले बुझाउनुपर्ने रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुरको अभिलेख तथा लगत नराखेकोले असुल हुनुपर्ने रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुरको राजस्व यकिन गर्न सकिएन । यो वर्ष नमूना छनौटको आधारमा केही फाइलहरु परीक्षण गर्दा देखिएका व्यहोरा देहायअनुसार छन्:

४.१. दूरसञ्चार ऐन, २०५३ को दफा ३२ (२) बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्ने व्यक्तिले आफूले कबुल गरेको वा दूरसञ्चार नियमावली, २०५४ को नियम २६ बमोजिम वार्षिक कूल आम्दानीको ४ प्रतिशतले हुने रकम रोयल्टीको रुपमा नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था छ । एक टेलिकम लिमिटेडलाई दूरसञ्चार ऐन, २०५३ को दफा २३ तथा २४(४) बमोजिम २०५९।६।१८ मा दूरसञ्चार सेवा प्रदान गर्ने गरी नेपाल दूरसञ्चार प्राधिकरणले २०६९।६।१७ सम्म मान्य हुने गरी अनुमतिपत्र दिएको देखिन्छ । सो अनुसार उक्त कम्पनीले १० वर्षमा रु.१ अर्ब ९४ करोड १७ लाख रोयल्टीबापत नेपाल सरकारलाई बुझाउनुपर्नेमा नेपाल सरकारको २०६२।११।२५ को निर्णय बमोजिम पाएको छुट रु.१८ करोड ९४ लाख कटाई र रु.१ करोड १७ लाख बुझाएकोले रु.१ अर्ब ७४ करोड ६ लाख असुल हुन बाँकी देखिन्छ । मन्त्रिपरिषद्को २०६९।६।१४ को निर्णयबमोजिम बुझाउन बाँकी रोयल्टीलाई आठ वरावर किस्तामा भुक्तानी गर्ने सुविधा उपलब्ध गराउने व्यवस्था भएकोले प्राधिकरणले रोयल्टी बुझाउन बाँकी देखाएको रु.१ अर्ब ६३ करोड ३५ लाखको पहिलो किस्ता रु.२० करोड ४२ लाख २०६९।६।१५ मा राजस्व खातामा दाखिला गरेको देखियो । नपुग रु.१० करोड ७१ लाख सम्बन्धमा निर्णय भएको छैन । बोल कबोलबाट तोकिएको मितिभित्र रोयल्टी बुझाउन स्वीकार गरेको अवस्थामा असुलीतर्फ प्रभावकारी कदम चाल्नुपर्नेमा १० वर्षपछि ८ किस्तामा बुझाउने गरी निर्णय गरेर सेवा प्रदायकलाई सहुलियत दिँदा राज्यले तत्काल प्राप्त गर्ने रोयल्टी ८ वर्षपछि मात्र असुल हुने स्थिति छ । यसप्रकार यो वर्षसम्म असुल गर्नुपर्ने रकम ८ किस्तामा आगामी वर्षहरुमा बुझाउने गरी मन्त्रिपरिषद्को आर्थिक तथा पूर्वाधार समितिले गरेको निर्णयको कानूनी आधार पेश भएन ।

४.२. नेपाल दूरसञ्चार प्राधिकरणबाट दूरसञ्चार सेवा प्रदान गर्ने विभिन्न ५ कम्पनीले आय विवरण पेश गरी रु.५२ लाख ३४ हजार रोयल्टी रकम निर्धारण गरेकोमा सो रोयल्टी बुझाएको छैन । उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

४.३. दूरसञ्चार नियमावली, २०५४ को नियम ३३ मा अनुमति प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले सञ्चालन गरेको दूरसञ्चार सेवाको विवरण र आफ्नो आय व्ययको विवरण लेखापरीक्षण गराई प्राधिकरणमा पेश गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार विभिन्न २२ सूचना प्रदायक सेवा कम्पनीबाट २८ आय वर्षको विवरण लिई ऐनले गरेको व्यवस्थाबमोजिमको रोयल्टी लिएको छैन । आय विवरण बुझाई तोकिएबमोजिम रोयल्टी नबुझाएको सम्बन्धमा छानबिन गरी असुल हुनुपर्दछ ।

५. **फ्रिक्वेन्सी दस्तुर –** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड र मूल्य सम्बन्धी) नीति, २०६८ तर्जुमा भई २०६८।४।१ देखि लागू भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नबमोजिम छन्:

५.१. दूरसञ्चार सेवा सञ्चालन गर्नुपर्ने सेवा प्रदायकलाई आवश्यक पर्ने फ्रिक्वेन्सी अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार बोलकबोल प्रथाद्वारा निर्धारण गरेको पाइन्छ । नेपालमा दूरसंञ्चार ऐन, २०५३ ले सूचना तथा सञ्चार मन्त्रिको अध्यक्षतामा रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समिति गठन गरेको तथा दुर सञ्चार नियमावली २०५४ ले फ्रिक्वेन्सी प्रयोग गर्दा लाग्ने दस्तुर समितिले तोकिदिए बमोजिम हुने उल्लेख गरेको छ । समितिले २०६८।४।१ देखि लागू हुने गरी फ्रिक्वेन्सीको दस्तुर तोकेको देखियो । समितिले तय गरेको दस्तुरको आधारहरु पेश भएको छैन । राज्यले सङ्कलन गर्ने दस्तुर ऐन तथा नियमावलीले व्यवस्था गरेको देखिएन ।

५.२. एक दूरसञ्चार कम्पनी लिमिटेडले जी.एस.एम., सी.डी.एम.ए, माइक्रोवेभ, भिस्याट र अर्थस्टेशनको फ्रिक्वेन्सी दस्तुरबापत २०६७६८ सम्म रु.८४ करोड ५४ लाख ४२ हजार प्राधिकरणमा बुझाउनुपर्नेमा रु.३५ करोड ३६ लाख १३ हजारमात्र बुझाएको छ । बाँकी रु.४९ करोड १८ लाख २९ हजार असुल गर्नुपर्ने देखिन्छ । यसै गरी फ्रिक्वेन्सी नीतिबमोजिम २०६९ चैत्रसम्म बुझाउनुपर्ने २०६८।६९ को फ्रिक्वेन्सी दस्तुरसमेत असुल गर्नुपर्दछ ।

सोही कम्पनी लिमिटेडले २०६२।६३ देखि २०६८।६९ सम्मको (२ × १०) मेघाहर्जको फ्रिक्वेन्सी नीतिबमोजिम थ्रीजीको फ्रिक्वेन्सीबापत प्रति वर्ष प्रति मेघाहर्ज रु.१ करोड २० लाखका दरले प्राधिकरणमा बुझाउनुपर्ने देखिन्छ । कम्पनीले २०६८।६९ सम्मको बुझाउन बाँकी फ्रिक्वेन्सी दस्तुर रु.१ अर्ब ४४ करोडमध्ये रु.४८ करोड ८७ लाख २३ हजारमात्र बुझाएकोछ । बाँकी रु.९५ करोड १२ लाख ७७ हजार आवश्यक कारबाही गरी रकम असुल गर्नुपर्दछ ।

५.३. एक स्याटलाइट टेलिकम लिमिटेडले जी.एस.एम. र माइक्रोवेभबापत २०६७६८ सम्मको रु.८५ लाख २० हजार बुझाएको देखियो । कम्पनीले प्रयोग गरेको फ्रिक्वेन्सी तथा अन्य विवरण प्राधिकरणमा पेश नगरेकोले फ्रिक्वेन्सी दस्तुर यकिन गरेको देखिएन । प्राधिकरणले समयमा नै अनुगमन गरी विवरण लिई दस्तुर यकिन गर्नुपर्ने देखिन्छ ।

६. **सशर्त अनुदान –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालवसाली प्रकृतिका वाहेक विशेष प्रकारका पटके कार्यक्रमको लागि कुनै निकायलाई बजेटमा समावेश भएको रकम निकासा दिएकोमा सम्वन्धित मन्त्रालयले सो रकमबाट भएको कामको प्रगति विवरण लिई लक्ष्य अनुसार कार्य गरे नगरेको र लेखापरीक्षण भए नभएको सम्बन्धमा अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष गोरखापत्र संस्थानलाई विभिन्न भाषामा समावेशी कार्यक्रम प्रकाशन गर्न रु.२ करोड, नेपाल टेलिभिजनलाई विभिन्न भाषामा समावेशी कार्यक्रम प्रशारण गर्न रु.५० लाख, एक पत्रकारिता सम्बन्धी महासंघलाई भवन निर्माण गर्न रु.१ करोड ९१ लाख ५० हजार, रेडियो नेपाललाई विभिन्न भाषामा समावेशी कार्यक्रम सञ्चालन गर्न रु ५० लाख र पत्रकारिता सम्बन्धि विभिन्न संस्थालाई आर्थिक सहयोग स्वरुप रु ३७ लाख ५० हजार स: शर्त अनुदान उपलब्ध गराएको छ । मन्त्रालयले अनुदान रकमबाट भएको कामको प्रगति र खर्चको विवरण लिई अनुगमन गरी वार्षिक विवरण तयार गरेको देखिएन । अत: तोकिए बमोजिम अनुगमन गर्नुपर्दछ ।

हुलाक सेवा विभाग

७. **बढी लागत अनुमान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (२) मा स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र नियम १०(४) मा लागत अनुमान तयार गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा गर्नुपर्ने उल्लेख छ । विभागले भवन निर्माणको टायलसम्बन्धी एक आइटममा स्वीकृत जिल्ला दररेट अनुसार प्रति वर्गमिटर रु.१ हजार ६०५।९५ हुनेमा रु.२ हजार ४६१।७१ का दरले

लागत अनुमान तयार गर्दा ९६६.०८ वर्गमिटरको रु.८५५।७६ ले मूल्य अभिवृद्धि कर समेत थप रु.९ लाख ३४ हजारको व्ययभार पर्न गएको देखिएकोले छानबिन गरी आवश्यक कारबाही गर्नुपर्दछ ।

क्षेत्रीय हुलाक निर्देशनालय पूर्वाञ्चलले भवन निर्माणको लागि डण्डीको कार्यमा दररेट निर्धारण समितिले तोकेको दरभन्दा बढी दर राखी लागत अनुमान तयार गरेको छ । लागत अनुमानको १६.५ प्रतिशत घटीमा सम्झौता भएअनुसार २०६८।१०।२६ मा अन्तिम बिलको भुक्तानी भइसकेको छ । स्वीकृत दरको आधारमा प्रति के.जि. रु.९६।६६ हुनेमा रु.१२७।४९ कायम गरी ५६ हजार २९५.५ के.जि.को फरक दर रु. ३०।८३ ले रु.१७ लाख ३६ हजार बढीको लागत अनुमान तयार गर्दा निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर समेत रु.१६ लाख ३८ हजार थप भुक्तानी गरी आर्थिक व्ययभार पारेकाले छानबिन गर्नुपर्ने देखियो । यसैगरी भवन निर्माणसँग सम्बद्ध पक्षको बिमा गरेको बिलबेगर बीमाबापत रु.२ लाख २६ हजार तथा एजविल्ट ड्रइङ्ग बापत रु.५४ हजार भुक्तानी गरेकोले स्वीकृत दर र विलको आधारमा खर्च गर्नुपर्दछ ।

८. **डाँक ढुवानीमा प्रतिस्पर्धा –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ मा अन्य सेवाको लागत अनुमान तयार गर्न दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने, नियम ३१(१) मा रु.१० लाखभन्दा बढीको कार्य गराउंदा बोलपत्रको माध्यमबाट गर्नुपर्ने र ३१(२) मा ऐनको दफा १५ को अवस्थामा अन्तर्राष्ट्रियस्तरको खुल्ला बोलपत्र आव्हान गरी सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । विभागले यो वर्ष अन्तर्राष्ट्रिय डाँक ढुवानीबापत ११ एयरलाइन्सलाई रु.२ करोड ९२ लाख ५५ हजार भुक्तानी गरेकोमा लागत अनुमान तयार नगरी प्रतिस्पर्धाबेगर भुक्तानी गरेको नियम सम्मत देखिएन ।

९. **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)ख मा खरिद सम्झौताअनुसार प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । भवन निर्माण बापतको रकम भुक्तानी गर्दा भवन निर्माणको विभिन्न आइटमका कार्य परिमाणको जोडजम्मा फरक पारी हुलाक सेवा विभागले रु ५ लाख ४२ हजार, पूर्वाञ्चल क्षेत्रीय हुलाक कार्यालय मोरङले रु १ लाख ५८ हजार र जिल्ला हुलाक कार्यालय ललितपुरले रु ५ लाख ९९ हजार बढी भुक्तानी दिएको देखियो । नापी किताबको विभिन्न आइटमहरुको जोडजम्मा फरक पारी र वास्तविक भएको कार्यभन्दा बढी कार्य मूल्याङ्कन गरी निर्माण व्यवसायीलाई बढी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ । यस्तै जिल्ला हुलाक कार्यालय, बारगुङ्गले भवन निर्माणको स्यानिटरी, विद्युत, आल्मुनियम ढोका, ग्रिल, काठ, इनामेल पेन्टिङ्गलगायतका कार्यहरु सम्पादन नगरी नापी किताबमा काम भएको देखाई रु.५ लाख ४३ हजार भुक्तानी दिएकोले सोसमेत रु.१८ लाख ३२ हजार असुल हुनुपर्दछ ।

१०. **सुरक्षण मुद्रण –** आठौं पञ्चवर्षीय योजनादेखि सुरक्षण मुद्रण सम्बन्धी नीतिगत व्ययवस्था भएकोमा त्रिवर्षीय योजनाले पनि सोही विषयमा जोड दिएको छ । सुरक्षण मुद्रणसम्बन्धी उपकरण खरिद गर्न गत विगत वर्ष जस्तै यो वर्ष पनि मुद्रण विभागमा रु.३ करोड ८५ लाख बजेट र कार्यक्रम स्वीकृत भएकोमा उपकरणको स्पेसिफिकेशन तयार नभएकोले खरिद कार्य भएको देखिएन । प्रत्येक वर्ष बजेट विनियोजन हुने तर कार्यसम्पादन नहुनु उपयुक्त होइन ।

केन्द्रीय धनादेश कार्यालय

११. **लेखापरीक्षण –** हुलाक सेवा विभाग मातहत ६८ हुलाक कार्यालयबाट बचत बैङ्कको कारोबार सञ्चालन हुँदै आएको छ । यो वर्ष जिल्ला हुलाक कार्यालय उदयपुर, महोत्तरी, सिन्धुपाल्चोक, काठमाडौं, ललितपुर, चितवन र जाजरकोटले आर्थिक विवरण र सोको स्रेस्ता पेश नगरेकोले रु.६१ करोड ६२ लाख ३२ हजार लेखापरीक्षण भएको छैन ।

१२. **वित्तीय विवरण –** केन्द्रीय धनादेश कार्यालयबाट प्राप्त विवरणअनुसार जिल्ला तथा इलाका हुलाक कार्यालयहरुबाट सञ्चालित हुलाक बचत बैङ्कको गतवर्षको जिम्मेवारी, यो वर्षको निक्षेप र ब्याज आम्दानीसमेत रु.२ अर्ब ८८ करोड ५० लाख, रु.१ अर्ब ६० करोड ८३ लाख फिर्ता भई वर्षान्तमा रु.१ अर्ब

२७ करोड ६७ लाख बाँकी रहेको छ । बचत बैङ्कमा बचत सङ्कलन तथा फिर्ता कारोबार गर्ने ग्राहक संख्या यो वर्ष करिव ५५ हजार रहेका छन् । देशभर छरिएर रहेको र ठूलो संख्यामा ग्राहक भएको यो बैङ्कको कारोबार कम्प्यूटराइज्ड पद्धतिमा लागु गर्न नसकिएको, नेपाल लेखामानले तोकेअनुसार आय विवरण, नगद प्रवाह र वासलात लगायतका विवरण तयार नभएको, लगानी कारोबार हुलाक कार्यालयका कर्मचारीमा मात्र सीमित गरी प्रतिफलयुक्त क्षेत्रमा लगानी विस्तार गर्न नसकिएको, सङ्कलित निक्षेपको ठूलो अंश अन्य वाणिज्य बैङ्कमा बचत गर्ने गरिएको अवस्था देखिएको छ । सञ्चालित ६८ बचत बैङ्कमध्ये १८ ले रु.१ करोड ४ लाख ३८ हजार सञ्चालन घाटा देखाएका छन ।

जिल्ला हुलाक कार्यालयहरुले जनशक्ति, स्रोत र साधन सबै उपलब्ध गराएको अवस्थामा शिरोभार खर्च समावेश नगर्दा पनि घाटामा कारोबार सञ्चालन भएको अवस्थामा ती निकायहरुले सञ्चालन गर्ने कारोबारमा आएको वृद्धि तथा आधुनिक बैङ्किङ्ग पद्धतिलाई मध्यनजर गरी समसामायिक सुधारमा ध्यान जानुपर्दछ । बचत बैङ्कको कारोबारमा पुनरावलोकन हुनु जरुरी छ ।

१३. **नगद मौज्दात –** जिल्ला हुलाक कार्यालयहरुले सञ्चालन गरेको बचत बैङ्कको कारोबारमा लगानीमा १० प्रतिशत र निक्षेपमा ७ प्रतिशत ब्याज लिने दिने गरेको छ । निक्षेप प्राप्त भएपछि व्यावसायिक रुपले परिचालन गर्नुपर्नेमा न्यून ब्याज प्राप्त हुने गरी बैंङ्कमा राखिएको र केही कार्यालयले कारोबारको तुलनामा ठूलो रकम वर्षभरी नगद मौज्दात देखाएका छन् । हुलाक बचत वैङ्क कार्यसञ्चालन निर्देशिका, २०६६ को वुंदा नं. ३९(२) मा प्रत्येक महिना रहने तहबिल मौज्दातको अधिकतम हद बैङ्कको अघिल्लो महिनाभरि भएको कारोबारमध्येको उच्चतम कारोबार भएको दिनको अङ्कभन्दा बढी नहुने व्यवस्था छ । निर्देशिकाले तोकेअनुसार नगद मौज्दात नराखी जिल्ला हुलाक कार्यालय, सप्तरी र रौतहटले प्रत्येक महिना औसतमा क्रमश: रु.२२ लाख र ३२ लाखसम्म नगद मौज्दात राखेका छन् । अनावश्यक रुपमा तहविल मौज्दात राख्ने कार्यमा अनुगमन नियन्त्रण गरिनुपर्दछ ।

संगठित संस्था तथा समितितर्फ

नेपाल टेलिभिजन

संस्थानको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन अनुसार देखिएका व्यहोरा निम्नानुसार छन्:

१४. **सञ्चालन नतिजा** – वर्षान्तसम्म कुल नोक्सान रु.९४ करोड २४ लाख २८ हजार पुगेको छ । कुल पूँजीको छ प्रतिशत ह्रास भइसकेको र प्रत्येक वर्ष नोक्सान भइरहेको अवस्थामा पनि व्यवस्थापनले संस्था सञ्चालन गर्न कार्ययोजना बनाएको देखिएन । विगत ३ वर्षदेखिको रोयल्टी भुक्तानी नगरेको र कर्मचारी अवकाश खर्च व्यवस्था नगरेको कारण सञ्चित नोक्सान अझ बढ्ने अवस्था छ ।

१५. **शेयर पूँजी** – नेपाल सरकारले यो संस्थानमा यस वर्ष थप लगानी गरेकोले साविकको रु.५ करोड ५० लाखसहित शेयर पूंजी लगानी रु.१ अर्ब ७१ करोड ३९ लाख पुगेको छ । वर्षान्तको बासलातमा संस्थानको अधिकृत पूंजी रु.१ अर्ब ५० करोड देखिन्छ । अधिकृत पूंजीभन्दा चुक्ता पूँजी रु.२१ करोड ३९ लाखले बढी रहेको छ ।

१६. **छुट –** संस्थानले विज्ञापन एजेन्सीहरुसंग गरेको सम्झौतामा समय बिक्री गर्दा कुनै पनि किसिमको छुटको बारेमा उल्लेख गरेको छैन । तर व्यापार निर्देशिका, २०६८ को दफा ११(ग) मा कारोबारको क्रममा अग्रिम नगद वा चेकद्वारा भुक्तानी गर्नेलाई १५ प्रतिशत नगद छुट र दफा ९ अनुसार संस्थानबाट मान्यता प्राप्त विज्ञापन एजेन्सीबाट गर्ने व्यापार कारोबारमा १५ प्रतिशत व्यापारिक छुट दिने व्यवस्था गरेको छ । संस्थानले सम्झौतामा उल्लेख नभएका यसप्रकारको व्यापारिक छुटहरु विज्ञापन एजेन्सीको कबोल रकमबाट घटाएर दिने गरेको देखिन्छ । सम्झौतामा उल्लेख नगरी एजेन्सीहरुलाई यस वर्ष रु.१ करोड ९७ हजार नगद छुट र रु.३ करोड ३२ लाख ३७ हजार बराबरको कमिसन छुट दिएको छ । यसले गर्दा रु.५६ लाख ३३ हजार

बराबरको मूल्य अभिबृद्धि करसमेत कम असुली भएको छ । साथै सम्झौतामा नभएको छुट सुविधा दिंदा संस्थाको व्यापार निर्देशिका, २०६८ विपरीत हुने गरी कतिपय अवस्थामा कार्यक्रम प्रसारण गर्नु अगावै भुक्तानी प्राप्त नभए तापनि सो छुट दिएको देखिन्छ ।

१७. **चेक भुक्तानी –** एक हव प्राइभेट लिमिटेडको नवीकरण जमानत बापतको रकम भुक्तानीमा १० चेक बाउन्स भएको रु.५६ लाख १० हजार, एक वाइग हाउसको एउटा चेक बाउन्स भएको रु.३ लाख १३ हजार, एक फिल्म्सको एउटा चेक बाउन्स भएको रु.७ लाखलगायतका संस्थाले प्राप्त गरेका कैयन् चेक बाउन्स भएको अवस्थामा सम्बन्धित चेक जारी गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाहीको लागि प्रक्रिया अघि बढाई चेकबापतको रकम प्राप्त गर्नुपर्नेमा सो कार्य गरेको देखिएन । चेक भुक्तानी नहुँदा एकातिर संस्थानको लेखामा सो व्यक्ति वा फर्मबाट प्राप्त हुन बाँकी नदेखिने अर्कोतिर संस्थाको बैङ्क खातामा रकम जम्मा नभई कारोबार नै हराउने र सम्बन्धित पार्टीबाट ब्याज वा जरिबाना असुल नगरिने अवस्था सिर्जना हुन सक्ने स्थिति देखिन आएको छ ।

१८. **स्थिर सम्पत्ति –** स्थिर सम्पति सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१८.१. नेपाल सरकारबाट रु.५५ करोड ८० लाख १२ हजार बराबरको स्थिर सम्पत्ति संस्थानलाई प्राप्त भएको छ । उक्त सम्पत्तिअन्तर्गत भवन, उपकरण, कम्प्युटर र फर्निचर लगायतका सम्पत्ति रहेका छन्, जसलाई एन.टी.भी.–२ को सम्पत्तिअन्तर्गत पूँजीकृत गरेको पाइयो । यसबाट सम्पत्तिको वैज्ञानिक वर्गीकरण हुन सकेको छैन । उपकरण तथा भवनलाई ह्रास कट्टीको समान दर कायम गरेको कारण सम्पत्तिको लेखाङ्कनमा सर्वमान्य लेखा सिद्धान्तको पालना भएको देखिएन ।

१८.२. संस्थानको स्वामित्वमा कार्यालय भवन एवं स्टुडियो, मेसिनरी तथा औजार, कार्यालय उपकरण स्याटलाईट उपकरण, इलेक्ट्रिकल उपकरण तथा सवारी साधनलगायतका आगलागी, तोडफोड तथा प्राकृतिक प्रकोपले अति जोखिमूर्ण बहुमूल्य सम्पत्ति रहेका छन् । संस्थानले सवारीसाधन र कार्यरत कर्मचारीको बाहेक सम्पत्तिको जोखिमबापत बीमा गरेको छैन ।

१८.३. संस्थानको विभिन्न पदीय जिम्मेवारी लिएका व्यक्तिहरुको सुविधाका लागि सेवाबाट हटेपछि फिर्ता गर्ने शर्तमा मोवाईल फोन, कम्प्युटर तथा टेलिभिजन सेट जस्ता विभिन्न सामानहरु उपलब्ध गराएको छ । तर सम्बन्धित व्यक्तिहरु पदीय जिम्मेवारीबाट हटिसकेपछि पनि उपलब्ध गराईएका ती सामानहरु फिर्ता लिएको पाईएन ।

१९. **असामी –** संस्थानले विगत ३ वर्षभन्दा बढी समयदेखि असुल हुन बांकी देखाई जिम्मवारी सार्दै आइरहेको ११ पार्टीको रु.९८ लाख ७२ हजार, ८ एजेन्सीको रु.१ करोड ३६ लाख ३८ हजार र सरकारी निकायको रु.२ करोड ६६ लाख १६ हजार तथा विदेशी निकायको रु.२९ लाख ५ हजारसमेतको बाँकी बक्यौता रकमलाई असुलीको सम्भावनाको आधारमा शंकास्पद र खराब असामीमा वर्गीकरण गरेको देखिएन । सम्बन्धित विज्ञापनदाताहरु कालोसूचीमा राख्नुपर्नेमा राखेको पनि छैन ।

२०. **तलब खर्च –** संस्थानका अध्यक्षले यस आर्थिक वर्षको श्रावण महिनादेखि पौष महिनासम्म मासिक तलब भत्ताबापत रु.२ लाख ५९ हजार बुझेको देखियो । संस्थानको कर्मचारी विनियमावलीसहितका अन्य नियम कानूनमा समेत संस्थानको अध्यक्षले मासिक तलब भत्ता पाउने उल्लेख छैन । एउटै संस्थानमा कार्यकारी प्रमुखको जिम्मेवारी सम्हालेको देखाई महाप्रवन्धक र अध्यक्षले एकसाथ तलब भत्ता भुक्तानी लिएका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरण

प्राधिकरणको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२१. **सञ्चालन नतिजा –** प्राधिकरणको गतवर्षको नाफा रु.१५ करोड ५ लाख २६ हजार भएकोमा यस वर्षको नाफा रु.१६ करोड ३१ लाख ३९ हजार भई वर्षान्तको सञ्चित नाफा रु. ९५ करोड ८३ हजार पुगेको छ ।

२२. **ग्रामीण दूरसञ्चार विकास कोष –** दूरसञ्चार ऐन, २०५३ मा व्यवस्था गरिएको यस कोषको सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

२२.१. दूरसञ्चार ऐन, २०५३ को दफा ३०(४) र अनुमति पत्रको बुँदा १५.२० मा प्राधिकरणले खडा गरेको कोषमा सेवा प्रदायकले वार्षिक कुल आयको २ प्रतिशतले हुने रकम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र जम्मा गर्नुपर्ने र सोही ऐनको दफा ४७ मा अनुमति पत्रको शर्त पालना नगरेमा रु. ५ लाख जरिबाना गर्ने र सेवा बन्द गर्न सक्ने लगायतको व्यवस्था रहेको छ । सेवा प्रदायकको २०६७।६८ को आयको २ प्रतिशतले हुने रकम यो वर्ष बुझाउनुपर्नेमा ४४ सेवा प्रदायकबाट रु.९२ करोड ७१ हजार दाखिला गरेको छ । तर ३ सेवा प्रदायकले सो कोषमा जम्मा हुनुपर्ने रकम र वित्तीय विवरण बुझाएको देखिएन । अन्य ९ सेवा प्रदायकले वित्तीय विवरण बुझाए तापनि कोषमा जम्मा हुनुपर्ने रकममध्ये ७ सेवा प्रदायकले रु.२२ लाख १० हजार घटी बुझाएको र २ ले पूरै रकम रु.६५ हजार कोषमा बुझाएको देखिएन । वित्तीय विवरण र रकम दाखिला गर्न २०६८।११।१६ मा गोरखापत्रमा ७ दिने सूचना प्रकाशित गरे बाहेक यस सम्बन्धमा कारबाही भए गरेको देखिएन ।

२२.२. दूरसञ्चार ऐन, २०५३ को दफा ३० को उपदफा ४ मा ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्राधिकरणले एक कोष खडा गर्ने एवं दूरसञ्चार अनुमति पत्र सेवा प्रदायकले प्राप्त गरेको वार्षिक आयको प्राधिकरणले तोकेबमोजिमको रकम प्रत्येक वर्ष सो कोषमा जम्मा गर्नुपर्ने र दफा ३० (५) मा यसरी जम्मा भएको रकम प्राधिकरणले नेपाल सरकारको दूरसञ्चारसम्बन्धी नीतिको अधीनमा रही ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास, विस्तार र सञ्चालनका लागि प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । प्राधिकरणले यस वर्षसम्म अनुमति पत्र प्राप्त व्यक्तिले प्राप्त गरेको वार्षिक आयको २ प्रतिशतका दरले रु.४ अर्ब ४० करोड १८ लाख आम्दानी गरेकोमा ग्रामीण क्षेत्रमा दूरसञ्चार विकासका लागि यस वर्षको रु.२० लाख ९७ हजारसमेत रु.२६ करोड ८३ लाख ६ हजार खर्च लेखेको छ । जुन कोषको असुलीको ७.०५ प्रतिशतमात्र रहेको देखिन्छ । प्राधिकरणले कोषमा रकम जम्मा गरेको तर उद्देश्यअनुरुप दूरसञ्चारको गुणस्तर बृद्धि र दुर्गम क्षेत्रमा सेवा विस्तारमा उपयोग गर्न सकेको छैन ।

२२.३. प्राधिकरणले कोषको लेखा नगद प्राप्तीको आधारमा राखेको स्थितिमा बैङ्क ब्याज मात्र प्रोदभावी आधारमा आम्दानी देखाई बिभिन्न बैंकमा रहेको मुद्दती खाताबाट रु.३ करोड ८३ लाख २७ हजार ब्याज आउन बाँकी देखाई वासलातमा समावेश गरेको पाइयो । एउटै कोषको रु.९२ करोड १ लाख ६२ हजार आम्दानी नगदमा र बैङ्क ब्याज आम्दानी प्रोदभावी आधारमा राख्नु प्रचलित लेखा सिद्धान्त प्रतिकूल देखियो ।

२३. **सेवाबाट प्राप्त आम्दानी –** नेपाल दूरसञ्चार कम्पनी लिमिटेडलाई मोवाइल सेवा सञ्चालन गर्न २०५६।१।२९ देखि ५ वर्षका लागि रु.२१ करोड दस्तुर लिई अनुमति पत्र दिइएको थियो । सो अनुमति पत्र २०६६।१।२९ मा पुन: ५ वर्षका लागि नवीकरण गर्दा पछि प्रतिस्पर्धाबाट छानिएका सेवा प्रदायकले तिर्नुपर्ने अनुमति पत्र नवीकरण दस्तुर तिर्ने गरी निर्धारण भएअनुसार सो कम्पनीको अनुमतिपत्र २०६५।६६ मा रु.१८ करोड ९० लाखमात्र लिई ५ वर्षका लागि नवीकरण गरेको देखिन्छ । तत्पश्चात २०६५।६६ मा प्रतिस्पर्धाबाट एक सेवा प्रदायकको नवीकरण दस्तुर रु.२० अर्ब तिर्ने गरी बोलपत्रबाट छानिएकोले यो नवीकरण दस्तुर उक्त कम्पनीले समेत तिर्नुपर्नेमा यो वर्ष पनि नतिरेकोले रु.१९ अर्ब ८१ करोड १० लाख नवीकरण दस्तुर दाखिला गर्न प्राधिकरणले २०६८।९।५ मा उक्त कम्पनीलाई पत्राचार गरेको देखिन्छ । प्राधिकरणले २०६९।९।२४ मा अग्रिम कर कट्टा गरी रु ४१ करोड ७३ लाख ४५ हजार प्राप्त गरेकोले उक्त कम्पनीबाट रु. १७ अर्ब ५० करोड अझै असुल गर्न बाँकी देखिन्छ । सो लिनुपर्ने बक्यौता रकमलाई प्राधिकरणले लगत कायम गरेको समेत पाइएन । बक्यौता रकम लेखाङ्कन नहुँदा प्राधिकरणमा सारभूत रुपमा असर पर्ने देखिन्छ ।

२४. **व्यवस्था हिसाब –** प्राधिकरणको कर्मचारी कल्याण कोष र उपदान कोषको दायित्व कायम गर्दा प्रत्येक ३ वर्षमा एक्चुरियल मूल्याङ्कन गरिने र बीचका वर्षमा प्राधिकरणको विनियमावलीअनुसार कायम गर्ने उल्लेख

छ । तर प्राधिकरणले हालसम्म कर्मचारीको अवकास सुविधाअन्तर्गत कर्मचारी कल्याण कोष व्यवस्थामा रु.६२ लाख २६ हजार र उपदान कोष व्यवस्था रु.१ करोड ७ लाख ५८ हजार व्यवस्था गरे तापनि एक्चुरियल मूल्याङ्कन नगरेकोले उक्त रकम वास्तविक दायित्व चुक्ता गर्न पर्याप्त भए नभएको यकिन गर्न सकिएन ।

२५. **कर्मचारी सापटी** – नेपाल दूरसञ्चार प्राधिकरणको (सापटीसम्बन्धी कार्यविधि) विनियमावली, २०६७ बमोजिम वार्षिक २.५ प्रतिशत ब्याजदरमा बढीमा २४० मासिक किस्तामा चुक्ता गर्ने गरी किस्ताबन्दीमा मोटरसाइकल, जग्गा खरिद, घर निर्माण, सामाजिक कार्य, घर मर्मत सापटी रु.२ करोड ७३ लाख ५६ हजार उपलब्ध गराएको छ । यसरी उपलब्ध गराएको सापटीको ब्याज बराबर किस्तामा रु.३ लाख ४७ हजार आम्दानी गरेको पाइयो । अघिल्ला किस्तामा बढी र पछिल्ला किस्तामा कम ब्याज आम्दानी हुनुपर्नेमा हरेक किस्ताबाट समान ब्याज आम्दानी गरेको लेखाङ्कन मिलेको देखिएन ।

प्रेस काउन्सिल नेपाल

काउन्सिलको २०६८।६९ को प्रारम्भिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२६. **सञ्चालन नतिजा** – गतवर्षसम्म रु.१ करोड १० लाख ८६ हजार बचत रहेकोमा यो वर्षको बचत रु.२० लाख ६१ हजारसमेत वर्षान्तको बचत रु.१ करोड ३१ लाख ४७ हजार वासलातमा सारेको छ ।

२७. **भवन** – हाल प्रयोगमा ल्याइराखेको भवनको मूल्य काउन्सिलको सम्पत्तिमा समावेश गरेको छैन । सूचना विभागको नाममा रहेको जमीनमा नेपाल सरकारबाट प्राप्त अनुदान रकमबाट सो भवन निर्माण भएकोले सम्पत्तिमा समावेश नगरेको जानकारी हुन आएको छ । जग्गाको स्वामित्व प्राप्त गर्न आवश्यक कारबाही गरी उपयोगमा ल्याएको भवन र जग्गाको मूल्य काउन्सिलको सम्पत्तिमा लेखाकन गर्नुपर्ने देखिन्छ ।

२८. **पारिश्रमिक** – काउन्सिलले प्रकाशन गर्ने संहिता जर्नरल, पत्रपत्रिका वर्गीकरण, पुनः मूल्याङ्कन जस्ता कार्यमा खटिने पदाधिकारी एवं कर्मचारीलाई दिइने पारिश्रमिकको सम्बन्धमा काउन्सिलको विनियमावलीमा व्यवस्था छैन । काउन्सिलले पारिश्रमिक दिन पटके निर्णय गरी रु.१० लाख खर्च गरेको छ । पारिश्रमिक दिने सम्बन्धमा निश्चित व्यवस्था गर्नुपर्ने देखिन्छ ।

गोरखापत्र संस्थान

संस्थानको २०६८।६९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएको व्यहोरा निम्नानुसार छन् ।

२९. **सञ्चालन नतिजा** - गत बर्ष वासलातमा सारेको सञ्चित नाफा रु.१ करोड ७२ लाख ९१ हजार रहेकोमा यो वर्षको नोक्सान रु.४ करोड ६१ लाख ३७ हजार भई वर्षान्तको सञ्चित नोक्सान २ करोड ८८ लाख ४६ हजार रहेको छ ।

३०. **विज्ञापन आय संकलन** – संस्थानका स्थानीय समाचारदाताहरुले विज्ञापनदाताबाट विज्ञापन सङ्कलन गरी विज्ञापन प्रकाशित गरेबापतको रकम स्वयं बुझिलिने र सो रकम संस्थानमा धेरै समयपछि बुझाउने गरेको पाइयो । संस्थानका १३ स्थानीय समाचारदाताबाट २०६८ आषाढ मसान्तसम्म रु.३१ लाख ६८ हजार असुल हुन बाँकी रहेको छ । साथै संस्थानले नियुक्त गरेको बजार प्रतिनिधिहरुले विज्ञापन संकलन गरेवापतको उठ्ती रकम प्रकाशन एवम् विज्ञापनसम्बन्धी निर्देशिका, २०६५ ले तोकेको समयभन्दा ढिलो बुझाउने गरेका छन् । नियुक्त १० बजार प्रतिनिधिहरुले रु.१५ लाख ९४ हजार बुझाएका छैनन् । बक्यौता रकम असुल गर्नुपर्दछ ।

३१. **गुणस्तर** – संस्थानले बोलपत्रको माध्यमबाट एक आपूर्तकसँग ९९७.२८ मेट्रिक टन न्यूज प्रिन्ट कागज रु.६ करोड ५८ लाख ६ हजारमा खरिद गरेकोमा सम्झौताबमोजिम ४५.९५ ग्राम तौलको हुनपर्ने उल्लेख छ । आपूर्तकले कागज आपूर्ति गर्दा पहिलो लटको २३४.३ मेट्रिकटनमा २.०९ ग्राम, दोस्रो लटको ३३९.४८ मेट्रिकटनमा ०.८० ग्राम र तेस्रो लटको ३३६.५० मेट्रिकटनमा ०.३० ग्राम कम तौलको रहेको पाइयो ।

उक्त कागज संस्थानले तोकेको भन्दा न्यून गुणस्तरको रहेको नेपाल गुणस्तर तथा नापतौल विभागबाट प्रमाणित भएकोले यस उपर छानबिन हुनुपर्दछ ।

३२. **पत्रिका ढुवानी –** संस्थानले पत्रिका ढुवानीको लागि मूल्य अभिवृद्धि करमा दर्ता नभएको एक आपूर्तकसँग मूल्य अभिवृद्धि करसमेत ढुवानीको सम्झौता गरी यो वर्ष रु.१८ लाख ९० हजार भुक्तानी गरेको छ । ढुवानीकर्ताले उक्त फर्मवाट कर बीजक जारी नगरेको अवस्थामा सम्झौताबमोजिमको मूल्य अभिवृद्धि कर बापत रु.२ लाख १७ हजार भुक्तानी दिएको छ । त्यसैगरी संस्थानले गतवर्ष एक ढुवानीकर्तालाई कर बीजक जारी नगरेको अवस्थामा सम्झौताबमोजिमको मूल्य अभिवृद्धि करबापत रु.३ लाख ३७ हजार भुक्तानी गरेको देखियो । मूल्य अभिबृद्धि करबापतको सो रकम राजस्व खातामा जम्मा हुने नदेखिएकोले असुल गर्नुपर्दछ ।

३३. **दीर्घकालीन ऋण** – संस्थानको सुदृढीकरणका लागि २०६६ सालमा अर्थ मन्त्रालयसंग सम्झौता गरी रु.९ करोड ६४ लाख ऋण लिएको छ । सम्झौताअनुसार ऋणको किस्ता र वार्षिक ५ प्रतिशत ब्याज हरेक ६ महिनामा तिर्दै १० वर्षभित्र चुक्ता गर्नुपर्ने शर्त रहेको छ । संस्थाले सो ऋणको साँवा ब्याज फिर्ता गरेको छैन ।

३४. **खराब तथा शंकास्पद व्यवस्था** – संस्थानको लिनुपर्ने आसामी हिसाबमा २०६४/६५ देखि पार्टीसँग कारोबार नभएका बाँकी रहेको रु. ८ करोड ८६ हजार समावेश छ । सो रकमलाई खराब तथा शंकास्पद असामी वर्गीकरण गरी नोक्सानीबापत व्यवस्था गर्नुपर्नेमा गरेको छैन ।

संस्थानको २०६७।६८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनवाट देखिएको व्यहोरा निम्न छन् ।

३५. **बोनस व्यवस्था –** संस्थानले यस वर्ष रु.३१ लाख ४९ हजार कर्मचारी बोनसबापत व्यवस्था गरेको छ । संस्थानमा कार्यरत ५२१ स्थायी कर्मचारीको लागि संस्थानको कर्मचारी सेवा शर्त नियमावलीअनुसार उपलब्ध गराउनुपर्ने उपदानबापतको दायित्व यस वर्षसम्म करिब रु.५२ करोड रहेकोमा रु.४ करोड ७० लाख ५१ हजारमात्र व्यवस्था गरेको छ । यस वर्षको उपदानको लागि पर्याप्त व्यवस्था नगरी रु.२३ लाख ६८ हजारमात्र गरेकोले संस्थानले देखाएको नाफामा कमी आउने देखिन्छ । कर्मचारी उपदानबापत पर्याप्त व्यवस्था नगरेको अवस्थामा कर्मचारी बोनसबापत गरेको व्यवस्था लेखामान अनुरुप देखिएन ।

३६. **खरिद योजना –** संस्थानको आर्थिक नियमावली, २०६५ को बुँदा नं. ४.२३ अनुसार १० लाखभन्दा माथिको सामान खरिद गर्न खरिद योजना बनाई बोलपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । समयको अभावको कारण देखाई साल्ट ट्रेडिङ लिमिटेडसँग अन्य आपूर्तिकर्ताको भन्दा प्रतिमेट्रिकटन रु.४ हजार बढी दरमा १०० मेट्रिकटन कागज रु ७२ लाखमा सोझै खरिद गरेको पाइयो ।

३७. **बैङ्क –** संस्थानको बैंङ्क हिसाब समयमा मिलान गर्ने नगरेकोले ७ खातामा बैङ्क लेजरभन्दा बैङ्क स्टेटमेन्ट अनुसार रु.२४ लाख ५२ हजारले वढी र ४ खातामा रु.९५ लाख १३ हजार घटी देखिएकोले हिसाब यकिन गर्नु राख्नुपर्ने देखियो ।

३८. **जिन्सी मौज्दात –** गत वर्षको जिन्सी मौज्दात रु.४ करोड २२ लाख ९६ हजारमा यो वर्षको खरिद तथा खर्च समायोजन गर्दा रु.३१ लाख ६८ हजार बाँकी हुनुपर्नेमा वित्तीय विवरणमा रु.१९ लाख ३ हजार देखाएकोले रु.१२ लाख ६५ हजार घटी लेखाङ्कन गरेको छ । साथै भण्डार शाखाको लेजर खाताअनुसार यो वर्षको अन्त्यमा रु.२८ लाख ६१ हजारको जिन्सी मौज्दात देखाएकोमा भौतिक परीक्षणवाट रु.२९ लाख ७४ हजारको जिन्सी देखाएको पाइयो । जिन्सी हिसाब यकिन गरी अद्यावधिक गर्नुपर्दछ ।

राष्ट्रिय समाचार समिति

समितिको २०६८।६९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

३९. **सञ्चालन नतिजा –** समितिको गत वर्षको सञ्चालन नाफा रु.५७ लाख ४१ हजार रहेकोमा यस वर्ष रु.४७ लाख १८ हजार बचत भई यो वर्षसम्मको सञ्चित बचत रु.१ करोड ४ लाख ५९ हजार रहेको छ ।

४०. **कार्यकारी अध्यक्षको नियुक्ति –** समितिमा कार्यकारीको रुपमा महाप्रबन्धक रहेकै अवस्थामा नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयले मासिक तलब भत्तालगायत सबै सेवा सुविधा पाउने गरी कार्यकारी अध्यक्षको नियुक्ती गर्ने २०६८।३।१५ मा निर्णय गरेअनुसार २०६८।३।१७ मा निजलाई २०६८ श्रावण महिना देखि तलब, भत्ता, टेलिफोन, पत्रपत्रिका, अतिथि सत्कारलगायत रु.६ लाख ३१ हजार भुक्तानी गरेको पाइयो । समितिमा कार्यकारीका रुपमा काम गर्ने महाप्रबन्धक हुँदाहुँदै मासिक तलब तथा भत्ता पाउने गरी कार्यकारी अध्यक्षसमेत दुई कार्यकारी नियुक्त गरेकोले समितिलाई थप आर्थिक भार परेको छ ।

४१. **धरौटी –** पूर्वलेखा प्रमुख र पूर्वलेखा अधिकृतले लेखा राख्दा घोटाला गरेको कारण समितिले विनियम अनुसार २ वर्षसम्म तलब वृद्धि र बढुवा रोक्का गर्ने गरी नसिहतसहित विभागीय सजाय दिएको देखिन्छ । पूर्व लेखा प्रमुखबाट २०६८।१०।३० मा समितिको नाममा रहेको नेपाल राष्ट्र बैङ्कस्थित खातामा रु.३ लाख ५० हजार जम्मा गरेको देखिन्छ । यी कर्मचारीहरुबाट रकम असुल गरेकोमा समितिले असुलउपर गर्नुपर्ने रकमको टुङ्गो नलगाई सो रकमलाई धरौटीको रुपमा राखेको छ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ५३ निकायमा रु.३ अर्ब ५१ करोड २३ लाख ९१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि निकायले रु.१ अर्ब ८३ करोड १६ लाख १ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ६८ करोड ७ लाख ९० हजार बाँकी रहेको छ । सोमध्ये रु. ५ करोड २० लाख ८७ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था तथा अन्य संस्थातर्फ रु.८ करोड ७३ लाख ९९ हजार बेरुजू देखिएकोमा रु.५ हजार फछ्यौट गरेकाले रु.८ करोड ७३ लाख ९४ हजार बाँकी रहेको छ । सोमध्ये रु.८३ लाख १० हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १६ मा छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मन्त्रालय र मातहतसमेत १८६ कार्यालयको विनियोजनतर्फ रु.२० अर्ब ६४ करोड २९ लाख ७९ हजार, राजस्वतर्फ रु.१५ करोड ७२ लाख ५० हजार र धरौटीतर्फ रु.२० करोड ५ लाख ३८ हजारसमेत रु.२१ अर्ब ७ लाख ६७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त रकममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको रु. ८ करोड ७५ लाख ३३ हजार र राष्ट्रिय योजना आयोगको सचिवालयको रु.३ करोड १८ लाख ८९ हजार समावेश छ ।

समिति तथा अन्य संस्था ११६ को रु.१५ अर्ब ६३ करोड ३० लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

सरकारी कार्यालयतर्फ

१. **अनुगमन परीक्षण –** महालेखापरीक्षकको विगतका वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोरामा यो वर्ष पनि सुधार भएको पाइएन । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

१.१ नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६६ को दफा १२ अनुसार मेडिकल बोर्डको सिफारिसको आधारमा स्वदेश वा विदेशका सम्बन्धित अस्पतालको बिल नराखी राष्ट्रिय महत्त्वका ५० व्यक्तिलाई औषधि उपचारबापत रु.१ करोड १४ लाख १५ हजार आर्थिक सहायता उपलब्ध गराएको छ ।

१.२ मन्त्रालयअर्न्तगत २०२८।२९ देखि २०६१।६२ सम्म विनियोजनतर्फ २२१ इकाईको रु.४३ करोड ६५ लाख ६५ हजार, राजस्वतर्फ ५४ इकाईको रु.२२ लाख ४८ हजार र धरौटीतर्फ ४९३ इकाईको रु.३ करोड ३३ लाख ८९ हजारसमेत रु.४७ करोड २२ लाख २ हजारको लेखापरीक्षण बक्यौता रहेको छ । उक्त रकमको स्रेस्ता पेश गराउने व्यवस्थाको लागि २०६९।९।२३ मा लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराए तापनि ती कारोबारको यो वर्ष पनि लेखापरीक्षण गराएको छैन ।

१.३ नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०६४ को बुँदा नं.१३ (२) मा औषधि खरिद गर्दा प्रत्येक औषधिमा "नि:शुल्क वितरणको लागि" भनी अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने व्यवस्था छ । यो वर्ष ७५ कार्यालयमध्ये नमूना छनौटको आधारमा २७ कार्यालयको १० आईटम औषधिको नमूना परीक्षण गर्दा ११६ आईटम औषधिमा निर्देशिकाअनुरुपको उक्त व्यहोरा उल्लेख गरेको पाइएन ।

विगतका व्यहोराको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **लेखापरीक्षण –** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार कार्यालयले विनियोजन रकम खर्च गरी सोको खर्चको पुष्ट्याई हुने लेखा प्रमाण कागजात अन्तिम लेखापरीक्षणका लागि पेश गर्नुपर्ने व्यवस्था छ । बाल स्वास्थ्य महाशाखाको टी.टी तथा बी.सी.जी इन्जेक्सन/एम.आर/ओ.पी.भी/जेई भ्याक्सिनलगायत इन्जेक्सन खरिदसम्बन्धी अन्तर्राष्ट्रिय स्तरका सम्झौताअर्न्तगतको रु.४३ करोड ५८ लाख ५० हजारको ठेक्कासम्बन्धी ५ फाइल र प्राथमिक तथा स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको इन्सपेक्सन एण्ड ल्याब टेष्टिङ्ग सर्भिस शुल्कबापत एक प्राइभेट लिमिटेडलाई भुक्तानी गरेको रु.३१ लाख ७६ हजारको ठेक्का छनौट एवं सम्झौता र नवीकरण सम्बन्धी फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाएको उल्लेख गरी लेखापरीक्षणका लागि पेश भएन । साथै जिल्ला स्वास्थ्य कार्यालय, डोटीको सामुदायिक जनस्वास्थ्य अभियानअन्तर्गतको आधारभूत स्वास्थ्य तथा नमूना स्वास्थ्य गाउँ कार्यक्रममा खर्च भएको रु.१८ लाखको स्रेस्ता छानबिनको लागि जिल्ला प्रशासन कार्यालय, डोटीमा गएको उल्लेख गरी लेखापरीक्षण गराएको छैन ।

बाल स्वास्थ्य महाशाखा

३. **बजेट निकासा –** स्वीकृत वार्षिक कार्यक्रमअनुसार बाल स्वास्थ्यसम्बन्धी विभिन्न ६ वैदेशिक संघसंस्थाको स्रोतबाट खर्च व्यहोर्ने गरी रु.१७ करोड ७९ लाख १३ हजारको बजेट व्यवस्था भएकोमा निकासा नभएकोले कार्यक्रम सञ्चालन नभई बजेट निष्क्रिय भएको छ । यसतर्फ महाशाखाको ध्यान जानु जरुरी छ ।

४. **खरिद कार्य –** यो वर्ष पौष्टिक आहारा (पीठो), सिरिन्ज,र ओ.पी.भी. भ्याक्सिन रु.१० करोड ८१ लाख ३५ हजारमा खरिद गर्ने गरी ३ अन्तर्राष्ट्रिय स्तरका आपूर्तकसँग महाशाखाले क्रमश: २०६८/१२/२३, २०६९/२/२३ र २०६९/२/२५ मा सम्झौता गरेको छ । आर्थिक वर्षभित्रै कार्य सम्पन्न हुने गरी सम्झौता नगरी आगामी वर्षको आश्विनसम्म आपूर्ति गर्ने गरी सम्झौता गरेको देखियो । आगामी वर्षको बजेट निश्चित नभई चालु वर्षको दायित्वलाई पछिल्लो वर्षको कार्यक्रम तथा बजेटमा प्रभाव पर्ने गरी सार्नु हुदैन । यसमा सुधार गर्न मन्त्रालयले निर्देशन दिनुपर्ने देखिएको छ ।

प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखा

५. **औषधि मौज्दात –** औषधिको माग पहिचान गरी म्याद भुक्तानी हुनु अगावै उपयोग गरिसक्ने गरी औषधिको व्यवस्थापन गर्नुपर्दछ । महाशाखाबाट यो वर्ष खरिद भएका १० औषधिको २१ करोड ५३ लाख ३ हजार ट्याबलेटको उपयोग स्थितिको नमूना परीक्षण गर्दा ५ प्रकारका औषधि वितरण हुन नसकी १० करोड ८५ लाख ९ हजार ट्याबलेट महाशाखामा मौज्दात रहेको छ । अन्य ५ औषधि सानो परिमाणमा वितरण भई ३ करोड १८ हजार ट्याबलेट मौज्दात रहेको देखिन्छ । महाशाखामा ठूलो परिमाणमा औषधि मौज्दात रहँदा औषधिको म्याद नाघ्न सक्ने र स्वास्थ्य संस्थामा औषधिको अभाव हुन सक्ने सम्भावना रहेकाले औषधिको माग पहिचान गरी आवश्यक परिमाणमात्र खरिद गर्न ध्यान पुऱ्याउनपर्ने देखिएको छ ।

६. **स्थानीय एजेन्ट –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३९(१) बमोजिम विदेशी बोलपत्रदाताले बोलपत्र पेश गर्दा कमिशन रकम, भुक्तानीको तरिका, मुद्राको किसिम खुलाउनुपर्ने व्यवस्था छ । अन्तर्राष्ट्रिय स्तरका ६ आपूर्तकसँग रु.१३ करोड ४८ लाख ८२ हजारको त्रिवर्षीय खरिद सम्झौता गर्दा स्थानीय एजेन्टले पाउने कमिशनको दर उल्लेख गरे तापनि भुक्तानीको तरिका र मुद्राको किसिम खुलाएको छैन ।

७. **बोलपत्र स्वीकृति –** नेपाल सरकार तथा अन्तर्राष्ट्रिय विकास संस्थाको सम्झौताअनुसार अमेरिकी डलर ५ लाखभन्दा बढी मूल्यको

कानूनसम्मत नदेखिएका व्यहोराहरु	
आर्थिक सहायता	सम्बन्धित अस्पतालको बिल नराखी राष्ट्रिय महत्त्वका ५० व्यक्तिलाई औषधि उपचार बापत रु.१ करोड १४ लाख आर्थिक सहायता उपलब्ध गराएको ।
नि:शुल्क औषधि	२७ कार्यालयको औषधिको नमूना परीक्षण गर्दा ११६ आइटम औषधिमा "निशुल्क वितरणको लागि" भन्ने लेबल नलगाएको ।
बोलपत्र स्वीकृति	प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाले औषधि खरिद गर्दा लागत अनुमान भन्दा रु.२ करोड ७८ लाख बढीको बोलपत्र स्वीकृत गरेको ।
अनुगमन मूल्याङ्कन	औषधि व्यवस्था विभागले कुल दर्ता १०६ उद्योग र १४ हजार ९२२ औषधि बिक्रेता मध्ये ५.४८ प्रतिशतको मात्र निरीक्षण गरेको ।
जोखिमपूर्ण लगानी	बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले एक फर्मास्यूटिकल्समा गरेको रु. ४ करोड ४० लाखको शेयर लगानी जोखिमपूर्ण अवस्थामा रहेको ।
घटी खरिद	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले सम्झौता अनुसार रु.१ करोड ८१ लाखको औषधि आपूर्ति नगर्ने ३ आपूर्तकको कार्यसम्पादन जमानत जफत नगरेको ।
सोझै खरिद	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) ले रु.६ करोड १३ लाखको औषधि तथा स्वस्थ्य उपकरण सोझै खरिद गरेको ।
सञ्चित कोष	नारायणी उपक्षेत्रीय र लुम्बिनी अञ्चल अस्पतालले प्रसूति केशको आधारमा खर्च लेख्नुपर्ने भन्दा रु.६६ लाख बढी अनुदान खर्च लेखेको ।

बोलपत्र आह्वान गर्दा अन्तराष्ट्रिय प्रतिस्पर्धा अपनाउनुपर्ने पर्ने एवं बोलपत्रका कागजात विश्व बैङ्कमा पुनरावलोकनको लागि पठाउनुपर्ने र स्वीकृति प्राप्त भएपछि सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । सोअनुरुप महाशाखाले त्रिवर्षीय खरिद कार्यको लागि ४२ आइटम औषधिको रु.१ अर्ब ५१ करोड ३८ लाख २४ हजार लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेकोमा ५ आइटममा लागत अनुमानभन्दा कबोल अङ्क अत्याधिक बढी देखिएको जनाई खरिद गर्न नसकेको व्यहोरा जनाएको छ । सो व्यहोरा विश्व बैङ्कलाई जानकारी गराएकोमा उक्त ५ आइटम औषधि खरिद नगरेमा बैङ्कले मिसप्रोक्योरमेन्ट डिक्लेयर गर्ने उल्लेख गरेको भनी महाशाखाले ५ मध्ये ३ आइटम औषधि लागत अनुमानभन्दा रु.२ करोड ७७ लाख ९५ हजार बढीको बोलपत्र स्वीकृत गरेकाले व्ययभार बढ्न जाने स्थिति देखियो ।

८. **लागत अनुमान–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिमका प्रक्रिया अवलम्बन नगरेका कारण वास्तविक लागत अनुमान तयार हुन सकेको छैन । आपूर्ति महाशाखा र यस महाशाखाले अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट एउटै औषधि खरिद गर्न तयार गरेको लागत अनुमानमा सिफ्रोफ्लक्सासिन आईओइन्टमेन्ट ०.३० प्रतिशत ५ ग्राम, क्लोरोमफेनिकल ओरल ससपेन्सन १२५ एमजी ५ एमएल, ६० एमएल, एव्जरवेन्ट कटन ४०० ग्राम, एडेसिभ टेप १० सी.एम.५ मि. र सर्जिकल ग्लोब्स ७ नम्बर डिस्पोजेवलको आपूर्ति महाशाखाले प्रति इकाई लागत अनुमान क्रमशः रु.१८।५७, रु.१९।८०, रु.१७५।५६, रु.८७।६८ र रु.१४।३१ स्वीकृत गरेकोमा यस महाशाखाले उपर्युक्त आइटमको क्रमशः रु.१४।–, रु.१५।– रु.१०२।– रु.७४।१५ र रु.१२।३७ को घटी दरको लागत अनुमान स्वीकृत गरेको देखियो । एकै प्रकारको औषधि दुई महाशाखाबीच फरक दर कायम गरी लागत अनुमान तयार गर्ने स्थितिले लागत अनुमान कार्य भरपर्दो नदेखिँदा नियमावलीको व्यवस्थाबमोजिम लागत अनुमान गर्नुपर्दछ ।

९. **जमानत –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा आपूर्तिकर्ताको ढिलाईको कारण खरिद कार्य सम्पन्न हुन नसकेमा सम्झौताबमोजिम आपूर्तकले राखेको कार्यसञ्चालन जमानत जफत गर्नुपर्ने व्यवस्था छ । सम्झौताअनुसारको औषधि आपूर्ति नगरेको र म्याद समाप्त भएकोमा २ आपूर्तिकर्ताले राखेको कार्यसम्पादन जमानत रु.४ लाख ६४ हजार जफत गरेको छैन । त्यस्तै महाशाखाले अन्य २ आपूर्तकको बोलपत्र स्वीकृत गरी सम्झौता गर्न बोलाएकोमा सम्झौता गर्न नआएको स्थितिमा ती आपूर्तकले बिडबण्डबापत राखेको जमानत रु.१४ लाख १ हजार पनि जफत गरेको छैन । उक्त जमानत जफत गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

औषधि व्यवस्था विभाग

१०. **अभिलेख–** विभागले सम्पादन गरेका वार्षिक एवं मासिक कार्यहरुको अभिलेखको व्यवस्था पर्याप्त र भरपर्दो हुनुपर्दछ । रोक्का औषधिको अभिलेख सफ्टवेयरमा राखेको भनिए पनि अभिलेख कार्य अद्यावधिक हुन नसकेको एवं विभाग र सोअर्न्तगत कार्यालयहरुबाट सम्पादन हुने कार्यको अभिलेख पनि अद्यावधिक रहेको पाइएन । औषधि नियमावली, २०३८ अनुसार औषधि उद्योग सिफारिस, उत्पादन अनुज्ञापत्र, औषधि दर्ता प्रमाणपत्र, उद्योग तथा पसल निरीक्षण, औषधिको निकासी पैठारीसम्बन्धी अभिलेख राख्ने कार्य व्यवस्थित हुन सकेको देखिएन । अभिलेख सम्बन्धमा अनलाइन रजिष्ट्रेशनका लागि नयाँ सफ्टवेयरको विकास भइरहेको विभागबाट जानकारी प्राप्त भएको छ ।

११. **अनुगमन तथा मूल्याङ्कन –** औषधि ऐन र नियमावलीमा भएका व्यवस्थाको कार्यान्वयन प्रक्रिया सुनिश्चित गर्न विभागले अनुगमनका आधारमा औषधि पसल स्थलगत निरीक्षण तथा परीक्षणबाट विभिन्न सूचना सङ्कलन गर्ने गरेको छ । विभागले यससम्बन्धी सबै कार्यलाई समेट्ने गरी अनुगमनका आधार तथा सूचकाङ्कहरु स्वीकृत गरी लागू गरेको देखिएन । प्राप्त विवरणअनुसार २०६८।६९ सम्म दर्ता भएका औषधि पसल १४ हजार ९२२ मध्ये यो वर्ष ३८ जिल्लाका ९२९ (६.२२ प्रतिशत) पसल निरीक्षण गरेको देखिएको छ । निरीक्षणबाट ४७ पसललाई निलम्बन गरेको, २१७ लाई सचेत गराएको, ८० लाई पसल बन्द गर्न निर्देशन दिएको, ४९ लाई चेतावनीसहित नसिहत दिएको र ४७ को व्यावसायिक मान्यता प्रमाणपत्र निलम्बन गरेको देखियो । कुल १०६ उद्योग र १४ हजार ९२२ औषधि बिक्रेताको तुलनामा यो वर्ष ५.४८ प्रतिशतमात्र

औषधि व्यवसायीको निरीक्षण गर्नसकेको छ । अनुगमनका आधार एवं सूचकांङ्क स्वीकृत गराई अनुगमन कार्यको दायरा बढाई प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

१२. **औषधि पसल –** गत वर्षसम्म दर्ता भएका औषधि पसल १३ हजार ५६३ रहेकोमा ७ हजार ६३५ ले नवीकरण गराएका छन् । यो वर्ष १ हजार ३५९ दर्ताभई कुल १४ हजार ९२२ पुगेको छ । दर्ता एवं नवीकरणसम्बन्धी अभिलेख प्रणाली कमजोर रहेकोले औषधि पसल नवीकरण नगराई बिक्री वितरण गर्ने सम्भावना रहेको छ । दरबन्दीको अभावमा अनुगमन तथा निरीक्षण प्रभावकारी हुन नसकेकोले मौजुदा दरबन्दीमा ३७ दरबन्दी थपका लागि कारबाही अगाडि बढाएको जानकारी दिए पनि अद्यापि स्वीकृत भई आएको छैन । दर्ता नवीकरण कार्य र औषधिसम्बन्धी कार्यप्रक्रियालाई सरलीकरण गर्न औषधि ऐनमा संशोधन को कारबाही अगाडि बढाए तापनि संशोधन भई नसकेको कारण दर्ता तथा नवीकरण प्रक्रिया सहजीकरण हुन सकेको छैन ।

१३. **थोक तथा खुद्रा औषधि बिक्रेता –** औषधि ऐन, २०३५ मा औषधिको थोक तथा खुद्रा बिक्रीको व्यवसाय गर्न विभागबाट अनुमति लिनुपर्ने व्यवस्था छ । थोक बिक्रेताको लागि २०६९ आषाढ सम्म एलोपेथिकतर्फ १ हजार ६८८, भेटेनरीतर्फ २६५, आयुर्वेदिकतर्फ ११६ समेत २ हजार ६९ र खुद्रा बिक्रेताका लागि क्रमशः ८ हजार ८००, १ हजार ७६७ र १ हजार ८२१ समेत १२ हजार ३८८ लाई अनुमति दिएको छ । औषधि बिक्री कार्य आवश्यक शैक्षिक योग्यता तथा तालिम प्राप्त व्यक्तिबाट मात्र भएको भन्ने विषयमा विभाग स्वयम् आश्वस्त छैन । असम्बन्धित व्यक्ति/व्यवसायीबाट भएको बिक्री वितरण नियन्त्रण गर्न विभागले ठोस कार्ययोजना बनाई लागू गर्नुपर्दछ ।

१४. **नमूना परीक्षण–** औषधि ऐन, २०३५ को दफा ३४(३) अनुसार स्तरीय औषधि उत्पादन नगर्ने उत्पादकलाई १ वर्ष कैद वा रु.५ हजारसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था छ । विभागले निरीक्षणको क्रममा औषधि उद्योग, पैठारीकर्ता, बिक्रेताबाट प्राप्त गरेको औषधिको नमूना परीक्षण वा विश्लेषण गर्न प्रयोगशालामा पठाउने, आवश्यक परीक्षण गरी प्रतिवेदन दिने र कार्यान्वयन गर्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार यो वर्ष उद्योगतर्फ ४०६, बिक्रेतातर्फ २ हजार २ र पैठारीकर्तातर्फ ६ नमूना परीक्षण गरेको उल्लेख छ । प्रयोगशाला परीक्षण पश्चात् ९ कम्पनीको औषधिको उत्पादन (ब्याच) स्तरीय नदेखिएकोले फिर्ता गरेको जनाए पनि त्यस्ता गुणस्तरहीन औषधिहरु उत्पादन गर्ने उद्योगउपर ऐनको व्यवस्थाअनुसार कारबाही भएको छैन ।

राष्ट्रिय क्षयरोग केन्द्र

१५. **स्वास्थ्य उपकरण –** स्वास्थ्य उपकरणहरु चालु हालतमा राखी सेवाप्रवाहलाई प्रभावकारी तुल्याउनुपर्दछ । केन्द्रमा रहेका २२ माइक्रोस्कोप, १ ई.सी.जी.मेसिन, १ एक्सरे मेसिन र ५ अटोक्लेभ लामो समयदेखि बिग्रिएर प्रयोगहीन अवस्थामा रहेका छन् । केन्द्रका लागि अत्यावश्यक हुने यस्ता मेसिनरी सामान मर्मत सम्भार गरी प्रयोगमा ल्याउनुपर्दछ ।

१६. **अनुगमन मूल्याङ्कन –** आर्थिक कार्यविधिसम्बन्धी नियमावली, २०६४ को नियम ४१(३) मा संघसंस्थालाई दिएको अनुदान रकमको अनुगमन गर्ने व्यवस्था छ । केन्द्रबाट यो वर्ष ग्लोबल फण्डको स्रोततर्फ क्षयरोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्न ११ गैरसरकारी संस्थासमेतलाई रु.१० करोड ३७ लाख ७२ हजार अनुदान उपलब्ध गराएको छ । सम्झौता गरी उपलब्ध गराएको अनुदानको लेखापरीक्षण प्रतिवेदन, संस्थाले गरेको समग्र भौतिक प्रगति प्रतिवेदन, प्रिन्सिपल रिसिपेन्टबाट भएको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, खर्चको समीक्षा प्रतिवेदन र समग्र कार्यक्रमको पुनरावलोकन गर्ने गरेको पाइएन । यसले गर्दा सम्झौताअनुसार अनुदान रकम सदुपयोग भएको छ भनी आश्वस्त हुन सक्ने स्थिति रहेन ।

जिल्ला जनस्वास्थ्य तथा स्वास्थ्य कार्यालय

१७. **औषधि खरिद** – कैलालीले यो वर्ष रु.३४ लाखको औषधि तथा उपकरण खरिद गर्न घटी कबोल गर्ने एक आपूर्तकको रु.२० लाख २९ हजारको बोलपत्र कार्यालयले स्वीकृत गरेकोमा बोलपत्रदाता सम्झौता गर्न

नआएको जनाईं दोस्रो बोलपत्रदातासँग रु.३३ लाख ८१ हजारको सम्झौता तथा भुक्तानी गरी रु.१३ लाख ५२ हजार बढी खर्च लेखेको छ । पहिलो बोलपत्रदातासंग सम्झौता गर्न पत्राचार नगरेको र निजले राखेको नगद धरौटी रु.५१ हजार जफत नगरी दोस्रो घटीवालासँग सम्झौता गर्नु नियमसम्मत देखिदैन ।

जिल्ला स्वास्थ्य कार्यालय, जुम्लाले रु.५३ लाख २३ हजारको औषधि खरिद गरेकोमा रु.१२ लाख ६२ हजार (२३.७ प्रतिशत) को मात्र बोलपत्रको माध्यमबाट र रु.४० लाख ६१ हजारको पटक पटक गरी सीधै खरिद गरेको छ । सीधै खरिद गरेका ७ औषधिको मूल्य बोलपत्रबाट खरिद भएको भन्दा रु.८ लाख २० हजार बढी रहेको छ । यसप्रकारको खरिद कार्यमा आइन्दा सुधार गरिने जबाफ प्राप्त भएको छ ।

१८. **नर्म्सभन्दा बढी खर्च –** जिल्लास्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ ले कार्यक्रम सञ्चालन गर्दा खर्च गर्न पाउने दर नर्म्सले निर्धारण गरेको छ । परिवार नियोजनसम्बन्धी बन्ध्याकरण क्याम्प सञ्चालन, पाठेघर खस्ने समस्याको उपचार तथा रिङ्ग प्रेसरी स्किनिङ्ग शिविरलगायतका कार्यक्रम सञ्चालन गर्दा जिल्ला जनस्वास्थ्य कार्यालय, कास्कीले रु.२ लाख ५२ हजार, पर्वतले रु.४ लाख ३० हजार, परिवार स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालनमा जिल्ला स्वास्थ्य कार्यालय सिरहाले रु.३ लाख ३१ हजार, सप्तरीले रु.३ लाख ८ हजार र धनुषाले रु.४८ हजारसमेत रु.१३ लाख ६९ हजार नर्म्सले तोकेको दरभन्दा बढी खर्च गरेका छन् । नर्म्सले तोकेभन्दा बढी खर्च लेख्न नमिल्ने हुँदा यस्तो परिपाटीमा नियन्त्रण गरिनुपर्दछ ।

१९. **लेखापरीक्षण –** बिरामीहरुलाई नि:शुल्क अत्यावश्यक सेवा प्रदान गर्ने कार्यविधि निर्देशिका, २०६३ अनुसार जनसंख्याको चाप र बिरामी संख्याको आधारमा विभिन्न स्वास्थ्य संस्थाहरुलाई अनुदान उपलब्ध गराउने व्यवस्था छ । उक्त निर्देशिकाअनुसार कोषको लेखापरीक्षण विकास समितिअन्तर्गत स्थापित अस्पतालहरुले समितिकै नियमअनुसार र अन्यले प्रचलित कानूनअनुसार गराउनुपर्ने व्यवस्था छ । अधिकांश कार्यालयहरुले यो व्यवस्थाको पालना गरेका छैनन् । उदाहरणका लागि जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तुले ७७ स्वास्थ्य संस्थालाई रु.३९ लाख १२ हजार र पाल्पाले रु.२३ लाख १९ हजार अनुदान उपलब्ध गराएकोमा कोषको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरेका छैनन् ।

२०. **रकम ट्रान्सफर –** जिल्ला स्वास्थ्य कार्यालय, प्यूठानले यो वर्ष जिल्लाको "एक नमूना स्वास्थ्य गाउँ" कार्यक्रमको लागि प्राप्त रु.१० लाख आर्थिक वर्षको अन्तमा अख्तियारी प्राप्त भएको र निर्देशिकाअनुसारको क्रियाकलाप सञ्चालन गर्न समय अभाव भएको व्यहोरा उल्लेख गरी कार्यक्रममा खर्च नगरी अस्पताल विकास समितिको खातामा रकम ट्रान्सफर गरेको छ । उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२१. **खर्च शीर्षक –** बजेट खर्च शीर्षकको वर्गीकरण र व्याख्यामा विद्युत महसुल धारा बिजुलीको खर्च शीर्षकबाट मात्र भुक्तानी गर्न सकिने व्यवस्था छ । जिल्ला स्वास्थ्य कार्यालय, उदयपुरले रु.१७ लाख ६ हजार, महोत्तरीले रु.१३ लाख ८१ हजार, सुनसरीले रु.१३ लाख ८० हजार, पर्वतले रु.१० लाख ५ हजार र रामेछापले रु.३ लाख ४३ हजार तलब भत्ता खर्च शीर्षकबाट विद्युत महसुल भुक्तानी गरेका छन । रकमान्तर स्वीकृतबेगर खर्च शीर्षक फरक पारी खर्च लेख्न मिल्दैन ।

२२. **बढी भुक्तानी –** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ को अनुसूची ४,५,६ र १० मा उल्लिखित विवरण प्राप्त गरी प्रसूति हुने महिलालाई इकाई मूल्य र प्रोत्साहन रकम यकिन गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सोअनुरुप जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीले प्रोत्साहनबापत २ हजार ३१६ केसको रु.४७ लाख २ हजार भुक्तानी गर्नुपर्नेमा रु.५६ लाख ९२ हजार भुक्तानी गरेकोले रु.९ लाख ९० हजार बढी भुक्तानी गरेको छ । त्यस्तै जिल्ला स्वास्थ्य कार्यालय, पर्वतले अस्पताल विकास समितिको खातामा रु.१ लाख ५४ हजार, धनुषाले ३ स्वास्थ्य संस्थालाई रु.७३ हजार र नवलपरासीले १ प्राथमिक स्वास्थ्य केन्द्रलाई रु.९२ हजार नर्म्सभन्दा बढी भुक्तानी गरेका छन । नर्म्सले तोकेभन्दा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षणतर्फ

कान्ति बाल अस्पताल कार्यसम्पादन स्थिति मूल्याङ्कन

बालबालिकासम्बन्धी उपचार सेवा प्रदान गर्ने गरी विशिष्टीकरण गर्ने र अस्पताललाई बालस्वास्थ्यसम्बन्धी अध्ययन अनुसन्धान केन्द्रको रुपमा संस्थागत विकास गर्ने उद्देश्यले वि.सं.२०१९ मा स्थापित अस्पतालको व्यवस्थापन र सेवा प्रवाह, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

२३. **संगठन संरचना, नीतिगत एवं कानूनी व्यवस्था** – संगठनको दिगो विकास तथा निरन्तरताको लागि संगठनको उद्देश्य, लक्ष्य संगठन संरचना, सञ्चालन प्रक्रिया आदि ऐन, नियम निर्देशिका गठन आदेश आदिबाट स्पष्ट हुनुपर्दछ । बालबालिकाको स्वास्थ्यसम्बन्धी अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने जानकारी प्राप्त भए पनि सम्बन्धित ऐन, नियम, निर्देशिका, गठन आदेश वा निर्णयमा उल्लेख गरिएको छैन । कर्मचारी सम्बन्धी नियमावलीमा अस्पतालको संगठनात्मक संरचना अनुसूची–१ मा तोकिएबमोजिम हुने उल्लेख भएकोमा उक्त अनुसूची रिक्त रहेको छ । अस्पताल स्वायत्त संस्थाको रुपमा स्थापना भएको र यसको व्यवस्थापन सञ्चालक समितिबाट हुने उल्लेख भएअनुसार अस्पतालको उद्देश्य, लक्ष्य, सांगठनिक ढाँचा, सञ्चालन प्रक्रिया, सांगठनिक हैसियत आदि व्यहोरा लिखित रुपमा ऐन, नियम, निर्देशिका, गठन आदेश, निर्णय आदिबाट व्यवस्था हुनुपर्ने भनी कार्यमूलक लेखापरीक्षण प्रतिवेदन, २०६१ बाट समेत सुझाव दिइएको भए तापनि स्थति यथावत् छ । यस सम्बन्धमा संगठनसम्बन्धी ढाँचा नभएकोले साविकको ३०० शैय्यामा २०० शैय्या थप गरी नयाँ संगठन संरचनाको अध्ययन भई स्वीकृतिको प्रक्रियामा रहेको जवाफ दिएको छ ।

२४. **जनशक्ति व्यवस्थापन** – अस्पतालको दैनिक प्रशासन तथा सेवा सञ्चालन गर्न स्वास्थ्य सेवाअन्तगर्तका कर्मचारी तथा अस्पतालको आन्तरिक स्रोतबाट पारिश्रमिक पाउने गरी स्वीकृत दरबन्दीमध्ये ५५ पद रिक्त रहेको छ । प्रमुख कन्सल्ट्याण्ट रेडियोलोजिष्ट, वरिष्ठ कन्सल्ट्याण्ट प्याथोलोजिष्ट, वरिष्ठ सर्जन, वरिष्ठ कन्सल्ट्याण्ट पेडेस्ट्रिसियन, कन्सल्ट्याण्ट एनेस्थेसिस्ट विशेष पद र नर्स पद रिक्त रहेका छन् । जसको कारण अस्पतालले प्रदान गर्ने सेवामा समेत असर परेको छ । उदाहरणको लागि नाक, कान, घाटीको चिकित्सक सरुवा भई गएको र दरबन्दी रिक्त रहेको कारण नाक, कान घाँटीको छुट्टै वार्ड स्थापना हुन सकेको छैन । अस्पतालको सेवा सुचारुरुपले सञ्चालन गर्न रिक्त रहेका पदपूर्ति समयमै हुनुपर्दछ ।

२५. **आन्तरिक आय –** अस्पतालको सेवा प्रवाह गर्ने सिलसिलामा बिरामीबाट लिने विभिन्न परीक्षण शुल्क, एक्सरे, पानी, खालीसिसिलगायतका सामान बिक्री, जग्गा, सटरलगायतका सम्पत्तिको भाडा, बैङ्क ब्याज, चन्दा आदि अस्पतालको आन्तरिक आय २०६६।६७ मा रु.६ करोड २८ लाख ५४ हजार रहेकोमा २०६८।६९ मा रु.७ करोड ४५ लाख ४ हजार पुगेको छ । यसको औसत वृद्धिदर ९ प्रतिशत रहेको छ । अस्पतालको प्रशासनिक खर्चमा आन्तरिक आयको हिस्सा ४० प्रतिशत रहेको छ । पूँजीगततर्फका काम अस्पतालको आन्तरिक स्रोतबाट हुन सकेको छैन । अस्पताललाई दिगो रुपमा विकास गर्न आन्तरिक आम्दानी दिगो हुनु पर्ने र समयअनुसार वृद्धि गर्नको लागि समितिले प्रयास गर्नुपर्दछ ।

२६. **आन्तरिक कोष परिचालन** – अस्पतालले अंकोलोजी, कार्डियोलोजी, हासिमोतो, कर्मचारी उपदान, कर्मचारी कल्याण, अपिल, विकास, बालकल्याणलगायतका कोष खडा गरेको छ ।

२६.१ क्यान्सर रोगको उपचारको लागि नेपाल सरकारबाट स्वास्थ्यकर कर कोषअन्तर्गतको रकम अनुदान प्राप्त हुने गरेको छ । विभिन्न स्रोतबाट प्राप्त रकमलाई अक्षय कोषको रुपमा वाणिज्य बैङ्कमा मुद्दती खातामा जम्मा गरी प्राप्त ब्याज खर्च गर्ने नीति अस्पतालले लिएको पाइयो । एउटै उद्देश्यका लागि स्थापना भएका अंकोलोजी, कार्डियोलोजी तथा हासिमोतो फण्डका विभिन्न मुद्दती, चल्ती तथा बचत खातामा गत वर्षको रु.२ करोड ४४ लाख १६ हजार जिम्मेवारी सरी आएकोमा यसवर्ष बैङ्क ब्याज तथा विभिन्न स्रोतबाट रु.४ करोड १५ लाख ९२

हजार आम्दानी भएको फण्डबाट यस वर्ष कार्डियोलोजी कोषबाट मात्र रु.४२ लाख ११ हजार खर्च भएको छ भने अन्य कोषबाट रकम खर्च भएको छैन ।

२६.२ अस्पतालमा आन्तरिक स्रोतबाट पारिश्रमिक तथा अन्य सुविधा पाउने २९५ कर्मचारी अवकाश भएमा उपदान पाउने व्यवस्था भए तापनि रकम उपलब्ध गराउने स्रोत सम्बन्धमा नियमावलीमा उल्लेख छैन । उपदान कोषमा गतवर्षसम्म रु.५ लाख १४ हजार सञ्चित रहेकोमा यस वर्ष अपिल फण्ड, विकास कोष, बाल स्वस्थ्य कोषको रकम तथा अन्य बचत रकमसमेत रु.३० लाख ८६ हजार ट्रान्सफर गरेको छ । उपदान कोषमा प्रत्येक वर्षको अन्त्यमा अवकाश पाउने कर्मचारी संख्या यकिन गरी वार्षिक वा आवधिक रुपमा निश्चित रकम जम्मा गर्ने नीति लिएको पाइएन ।

स्पष्ट उद्देश्य तथा योजना तयार नगरी कोष स्थापना गर्ने, कोषबाट हुनुपर्ने काम समितिको नियमित बजेटबाट गर्ने, कोषको आय स्रोत स्पष्ट नहुने, लामो समयसम्म पनि कोषको सञ्चालन विधि तथा प्रक्रिया आदि निर्माण नहुने जस्ता कारणले कोष निष्क्रिय रहेको पाइयो । कोष निष्क्रिय हुँदा अस्पतालको स्रोत साधन परिचालनमा समेत असर गर्ने भएकोले कोष स्थापना गर्दा कोषको उद्देश्य, उक्त उद्देश्य हासिल गर्न आवश्यक स्रोतको व्यवस्था कोष सञ्चालनको विधि तथा प्रक्रिया आदि तय हुनुपर्दछ

२७. **मर्मत सम्भार** – अस्पतालका भवन, मेसिनरी उपकरणको मर्मत सम्भार गरी प्रयोग गर्नुपर्दछ र प्रयोगमा आउन नसक्ने उपकरण तथा सवारीसाधन लिलाम बिक्री गर्नुपर्दछ । अस्पतालले भवनहरुको नियमित रुपमा रंगरोगन तथा मर्मत सम्भारको व्यवस्था गरेको पाइएन । बिरामी भर्ना भएको वार्ड तथा खोप लगाउने कक्षमा वर्षायाममा भित्तामा पानी, लेउ जम्ने गरेको तथा अस्पताल प्रशासन रहेको भवन जीर्ण अवस्थामा रहेको पाइयो । अस्पताल प्रशासनले कार्यालयको भवनको निरीक्षण गरी मर्मत सम्भार गरेको छैन । बिरामी भर्ना गरिएका वार्डमा नियमित रुपमा रंगरोगन नहुँदा भर्ना भएका बिरामीको स्वास्थ्यमा प्रतिकूल असर पर्ने अवस्था छ । उपकरणतर्फ एक्स–रे, अल्ट्रासाउण्ड, अटोप्रोसेसर, प्रिन्टर, ब्लड बैङ्क, रेफ्रिजेरेटर, इन्कुवेटर, मल्टीलेटर, मोनिटर लगायतका मेसिनरी सामान बिग्रेको र बिग्रेका मध्ये केही मर्मत गरी काम चलाउन सकिने भए तापनि मर्मत गरेको पाइएन । बिग्रेका उपकरणमध्ये मर्मत हुन सक्ने सामान मर्मत गरी प्रयोगमा ल्याउने र नपुग भएमा मात्र बजार खरिद गर्नुपर्दछ ।

२८. **सेवा प्रवाह र खर्च** – अस्पतालको भौतिक पूर्वाधार, सेवा विस्तार तथा अन्य खर्चमा वृद्धि हुँदा सेवाग्राहीको संख्यामा समेत वृद्धि हुनुपर्दछ । अस्पतालको विगत ५ वर्षको सेवा र खर्चको स्थिति, देहायबमोजिम छ:

अस्पतालको सेवा प्रवाह स्थिति

विवरण	इकाई	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
बहिरङ्ग सेवा	संख्या	१००८८७	१०५९५९	९५२८०	१०२१९२	१०३७५८
अन्तरङ्ग सेवा	संख्या	१०१३९	१०९२४	९३११	९५७६	९९४२
इमरजेन्सी सेवा	संख्या	५०११७	४९८९९	४७३६४	४६५६२	५०८९५
बाल मृत्यु दर	संख्या	२०६	२६४	१५८	१८७	२५६

उल्लिखित तालिकाअनुसार २०६४।६५ को तुलनामा अन्तरङ्ग सेवा, इमरजेन्सी सेवा २०६६।०६७ सम्म घट्दै गएकोमा २०६७/६८ देखि केही सुधार भएको छ । कार्यमूलक लेखापरीक्षण २०६१ अनुसार २०५८।६९मा बहिरङ्ग सेवा तर्फ १ लाख १८ हजार ५३८ र अन्तरङ्ग सेवातर्फ २० हजार ६८६ बिरामीले सेवा प्राप्त गरेकोमा हाल सो संख्या घटेको छ तापनि २०६४।६५ मा अस्पतालको प्रशासनिक खर्च रु.१३ करोड १४ लाख ३८ हजार रहेकोमा २०६८।६९ मा रु.२१ करोड २ लाख ८ हजार पुगेको छ र यसको औषत वृद्धिदर १३ प्रतिशत रहेको छ ।

विगत ५ वर्षमा अस्पतालको भौतिक अवस्थामा सुधार गर्न तथा मेसिनरी उपकरण खरिद गर्न नेपाल सरकारबाट पूँजीगततर्फ रु.२० करोड ३५ लाख ६० हजार अनुदान प्राप्त भएकोमा अस्पतालले रु.१५ करोड ४६ लाख ७३ हजार खर्च गरेको छ । अस्पतालको वार्षिक प्रशासनिक खर्च २०६४।६५ मा रु.११ करोड ५७

लाख ९९ हजार रहेकोमा २०६८।६९ मा यो खर्च रु.१९ करोड २५ लाख २१ हजार पुगेको छ । विगत ३ वर्षमा अस्पतालले सीटी स्क्यान, डीआर एक्सरे सेवा, इण्डोस्कोपी, पीआईएमसीयू सेवा थप गरेको छ । अस्पतालको भौतिक पूर्वाधारको विस्तार, मेशिन उपकरणमा सुधार, अस्पतालले दिने सेवामा प्रशस्त विस्तार भएको अवस्थामा अस्पतालमा १० वर्ष अघिको भन्दा हालको बिरामी संख्या कम देखिएको छ । अत: सेवाको प्रभवकारिता बढाई गुणस्तरीय स्वास्थ्यसेवा उपलब्ध गराउन विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२९. **सञ्चालन निर्देशिका नर्म्स तथा आन्तरिक नियन्त्रण –** कार्यालयमा प्राप्त स्रोत र साधनको उचित प्रयोग गर्न प्रभावकारी आन्तरिक नियन्त्रणको व्यवस्था हुनुपर्दछ र त्यसको लागि आवश्यक निर्देशिका तथा नर्म्स तयार गरी लागू गर्नुपर्दछ ।

२९.१ अस्पताल सञ्चालनको लागि खरिद गरिएका बिजुली, ल्याव, सरसफाई एवं एक्स–रेलगायतका सामान एकमुष्ट रुपमा भण्डार शाखाबाट सम्बन्धित शाखामा लाने गरेको देखियो । यस्ता सामान शाखामा खपत भएको फेहरिस्तसहितको विवरण भण्डारमा नबुझाउने तथा सो चेक जाँच गर्ने व्यवस्था नगरिएकोले नियन्त्रण व्यवस्था कमजोर देखिएको छ ।

२९.२ अस्पतालको सेवास्तरमा निश्चित गुणस्तर कायम राख्नको लागि अस्पताल सन्चालन निर्देशिका (हस्पिटल अपरेसन म्यानुयल) तयार नगरेकोले प्याथोलोजी, रेडियोलोजी, सर्जिकल, मेडिकल, आई.सी.यू. लगायतका वार्ड तथा विभागको काम सूचकाङ्कमा आधारित हुन सकेको छैन ।

२९.३ अस्पतालले बिरामीलाई सेवा उपलब्ध गराउन विभिन्न मेडिकल सामान, ल्याबका सामान, एक्स–रेलगायतका सामानको उपयोग र त्यसबाट प्राप्त हुने उपलब्धी हासिल गर्न अस्पतालले हालसम्म यस्तो नर्म्स बनाएको छैन । नर्म्स तयार नगरेकोले उत्पादन सामग्री सेवाको बजेट खर्च गरी खरिद गरिएका विभिन्न केमिकल, एक्स–रे प्लेट, सिट, डेभलपर, विभिन्न मेडिकल सामान आदि खर्चबाट प्राप्त हुनुपर्ने शुल्कको अध्ययन गर्ने अवस्था छैन

अस्पतालको प्रभावकारी सञ्चालनको लागि सञ्चालन निर्देशिका तथा उत्पादन सामग्री सेवा तथा बिरामीसँग प्रत्यक्ष सम्बन्ध रहने र बिरामीको संख्याको आधारमा खर्च जानाइने विभिन्न सामानको खर्च नियन्त्रण गर्न आवश्यक निर्देशिका तथा नर्म्स तयार नहुँदा यस्ता सामान हिनामिना तथा दुरुपयोग हुने भएकोले आवश्यक निर्देशिका तथा नर्म्स बनाई सो कार्यान्वयन भए नभएको जाँच गर्ने पद्धतिसमेत निर्माण हुनुपर्दछ ।

जिल्ला स्वास्थ्य तथा जनस्वास्थ्य कार्यालय (सुनसरी, नवलपरासी, काठमाडौं, दाङ्ग र डडेल्धुरा)

राष्ट्रिय स्वास्थ्य नीति, २०४८ अनुरुप ग्रामीण जनतालाई आधारभूत स्वास्थ्य सुविधा वृद्धि गर्नु र आधुनिक चिकित्सा प्रणालीका सुविधाहरु पुऱ्याउन एवं उपचारात्मक स्वास्थ्य सेवा गुणस्तरीय एवं प्रभावकारी तवरले उपलब्ध गराउने उद्देश्यले स्थापित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरुमा उपलब्ध स्रोत र साधनको उपयोग एवं व्यवस्थापनको कार्यदक्षता र स्वास्थ्य सेवा प्रवाहको प्रभावकारीता सम्बन्धमा मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

३०. **स्वास्थ्य सेवा प्रवाह** – प्राथमिक स्वास्थ्य केन्द्रमा नियमित रुपमा बहिरंग र अन्तरंग सेवा सञ्चालन गर्नुपर्ने, दैनिक १० देखि ३ बजेसम्म स्वास्थ्य उपचार सेवा प्रदान गर्नुपर्ने, २४ सै घण्टा प्रसूती सेवा प्रदान गर्नुपर्ने व्यवस्था स्वास्थ्य सेवा विभागको कार्यविधि, २०६८ तथा परिवार स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका, २०६८।६९ मा उल्लेख छ । यसै गरी स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकीले समेत सामान्य रोगको उपचार गर्ने, उपचार गर्न नसक्ने रोगलाई प्रेषण गर्ने, आकस्मिक उपचार जुनसुकै बेला गर्नुपर्ने व्यवस्था स्थानीय स्वास्थ्य संस्था व्यवस्थापन सञ्चालन निर्देशिकामा उल्लेख छ ।

३०.१ जिल्ला जनस्वास्थ्य कार्यालय दाङ्ग अन्तर्गत ५ स्वास्थ्य संस्था तथा जिल्ला स्वास्थ्य कार्यालय डडेल्धुरा अन्तर्गत उग्रतारा उपस्वास्थ्य चौकी, समैजी उपस्वास्थ्य स्वास्थ्य चौकी १० बजेदेखि २ बजेसम्म सञ्चालन हुने गरेको

जानकारी प्राप्त भएको छ । आकस्मिक उपचार तथा प्रसुती सेवा २४ सै घण्टा सञ्चालन गर्नुपर्ने व्यवस्था भएता पनि भौतिक पूर्वाधारको अभावका कारण प्रभावकारी हुन नसकेको तथा वैकल्पिक व्यवस्था नगरी स्वास्थ्य संस्था प्रमुख तालिम, काज गोष्ठी आदि कार्यको लागि जिल्ला सदरमुकाम वा अन्यत्र खटाइँदा सेवा प्राप्त गर्न नसकेको सेवाग्राहीको गुनासो रहेको पाइन्छ ।

३०.२ जिल्ला स्वास्थ्य कार्यालय काठमाडौंअन्तर्गतको तीन स्वास्थ्य संस्थाहरुको परीक्षण गर्दा जिल्ला स्वास्थ्य कार्यालयबाट तयार गरी दिएको नागरिक वडा पत्रमा बहिरङ्ग सेवा सञ्चालन गर्ने समय नै उल्लेख छैन । रामघाट स्वास्थ्य केन्द्रमा नागरिक वडापत्र राखेको छैन । टोखा सरस्वती उपस्वास्थ्य चौकीको स्थलगत निरीक्षण गर्ने पूर्व जानकारी गराएको भएपनि २०६९।११।११ गते २:०० बजे त्यस स्थलमा पुग्दा बन्द भइसकेको पाइयो ।

स्वास्थ्य सेवा प्रवाहमा आवश्यक प्रवर्द्धनात्मक तथा नियामक भूमिका निर्वाह गर्नुपर्दछ ।

३१. **गाउँघर क्लिनिक** – प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीहरुबाट गाउँ घर क्लिनिक सञ्चालन गर्नुपर्ने व्यवस्था स्वास्थ्य सेवा विभागको कार्यविधि, २०६८ मा उल्लेख छ । जस अनुसार प्रत्येक गाउँ विकास समितिमा ३ देखि ५ को संख्यामा प्रत्येक महिनाको एकपटक पूर्व निर्धारित दिन र स्थानमा सञ्चालन गर्ने व्यवस्था छ । यस्तो क्लिनिक आधा घण्टाको पैदल दूरीभित्र रहने गरी सञ्चालन गरिनुपर्दछ । क्लिनिक सञ्चालनको क्रममा आवश्यक पर्ने उपकरण सहितको अत्यावश्यकीय औषधि पर्याप्त मात्रामा उपलब्ध हुनुपर्दछ ।

३१.१ जिल्ला जनस्वास्थ्य कार्यालय दाङ्गमा औसतमा ३ वटा गाउँ घर क्लिनिक भएकोमा, गाउँ विकास समितिको भूगोल र कतिपय स्वास्थ्य संस्थाबाट टाढा भएकाले स्वास्थ्यकर्मी पुग्न कठिनाइ पर्ने जनाएको छ । कर्मचारीमा काम गर्ने प्रोत्साहनको कमी, स्वास्थ्यकर्मी र व्यवस्थापन समितिलाई अभिमूखीकरण तालिम दिनुपर्ने, जनसंख्या अनुसार पुनरावलोकन गर्नुपर्ने र गाउँ घर क्लिनिकबाट दिइने सेवासम्बन्धी अपेक्षा धेरै रहेको व्यहोरा सेवाग्राहीले व्यक्त गरेका छन् ।

३१.२ जिल्ला स्वास्थ्य कार्यालय डडेल्धुरामा अधिकांश क्लिनिकहरु उपयुक्त स्थानको अभावका कारण चौतारा, विद्यालय तथा सामुदायिक भवनमा सञ्चालन हुने गरेको छ । क्लिनिकको लागि आवश्यक भवन हुनु जरुरी देखिन्छ । त्यसैगरी क्लिनिक सञ्चालन गर्न आवश्यक पर्ने ग्रामीण स्वास्थ्य कार्यकर्ता वा मातृशिशु कार्यकर्ताहरु क्रमश: रिक्त हुँदै गएका र नेपाल सरकारले उक्त पदहरु पदपूर्ति नगर्ने नीति लिएकाले सेवा सञ्चालन गर्ने जनशक्तिको अभाव भएको छ । उक्त पदहरुको विकल्प खोजिनुपर्ने सेवाग्राहीहरुको सुझाव रहेको छ । जिल्ला स्वास्थ्य कार्यालय डडेल्धुराले क्लिनिक सञ्चालन गर्न आवश्यक पर्ने ग्रामीण स्वास्थ्य कार्यकर्ता र मातृशिशु कार्यकर्ता क्रमश: रिक्त हुँदै गएकोले जनशक्तिको अभावले क्लिनिक सञ्चालनमा कठिनाइ परेको जनाएको छ ।

गाउँ घर क्लिनिक सञ्चालन गर्न आवश्यक पूर्वाधार, जनशक्तिको व्यवस्थाका अतिरिक्त क्लिनिक संख्यासमेत आवश्यकताअनुसार बढाउनुपर्दछ ।

३२. **औषधिको म्याद** – स्वास्थ्य सेवा विभागको कार्यविधि, २०६८ बमोजिम औषधि आपूर्तकबाट जिल्ला स्वास्थ्य कार्यालयले खरिद गरिएका औषधिको म्याद १८ महिना हुनुपर्ने व्यवस्था छ ।



म्याद फरक भएका औषधि

३२.१ प्राथमिक स्वास्थ्य केन्द्र लमही दाङ्गको औषधि भण्डार निरीक्षण गर्दा भण्डारमा मौज्दात रहेको क्लोरोफेनिकल सोडियम सक्सिनेट इन्जेक्सन आई.पी. एक ग्राम ४ एमसीडीटीसीए औषधिको बट्टाभित्र औषधि र स्टेरीलाईज वाटर २ थरी रहेको, ३१० भायल औषधिको उत्पादन मिति ०५।२०१० तथा म्याद समाप्त हुने मिति ०४।२०१२ रहेको छ भने स्टेरिलाईज वाटरको उत्पादन मिति ०३।२०१० र म्याद समाप्त हुने मिति ०२।२०१५ रहेको छ ।

यसरी एउटै उत्पादन कम्पनीका २ थरी औषधिमध्ये मुख्य औषधिको म्याद सन् २०१२ को अप्रिलमा समाप्त भइसकेको छ । सोही कम्पनीले निर्माण गरी एउटै प्याकेटमा राखिएको स्टेरीलाइज वाटरको म्याद फ्रेब्रुअरी २०१५ सम्म रहेको देखियो । जनस्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने यस्ता औषधिहरुमध्ये एकको ३ वर्षअघि नै म्याद समाप्त हुने र अर्कोको म्याद ३ वर्षपछिसम्म रहने गरी निर्माण भएका यस्ता औषधिहरुको खरिद व्यवस्थापनमा सम्बन्धित निकायको ध्यान जानु जरुरी छ ।

३२.२ काठमाडौं रामघाट स्वाथ्य केन्द्रमा मौज्दात रहेका औषधिको भौतिक निरीक्षण गर्दा केही औषधिको म्याद समाप्त हुने मिति निम्नानुसार देखियो .

औषधि विवरण	अन्तिम मिति	मौज्दात परिमाण
ट्याब पिसिएम – ०४/१३	२०६३।११।०४	४६०००
ट्याब मेट्रोनिडाजोल (२०० एम जी १०/२०७०)	२०६९।११।३०	५५००

३२.३ सुनसरी जिल्लामा केन्द्रले खरिद गरी पठाएको अल्फासाइफरमेथोजिन ५ प्रतिशत डव्लु.पी. (विषादि) ११५ ड्रममध्ये ८ ड्रम खपत भई १०७ ड्रम मौज्दात रहेकोमा प्रयोग गर्ने म्याद अप्रिल २०१३ सम्म रहेको छ । खपत नहुने औषधि आवश्यकताभन्दा बढी पठाएको कार्यालयले जनाएको छ । कार्यालयले अन्य औषधि ट्याब डिईसि (हात्ती पाइलेको औषधि), इन्जेक्सन मग सल्फेट १ एम जि, इन्जेक्सन मेटोक्लोरपान्लाइड ५ एम.जी, ट्याब एमिनोफाइलाइन १०० एम.जी. कार्यालयमा आवश्यकताभन्दा बढी प्राप्त भएको जनाएको छ ।

औषधि आपूर्ति भई आम्दानी गरिंदा सम्झौताअनुसार १८ महिना बाँकी भए/नभएको तथा औषधि आएको समयको आधारमा उपयोगमा ल्याउन तथा आवश्यकता भन्दा बढि परिमाण पठाउने व्यवस्थालाई नियन्त्रण गर्न ध्यान दिनुपर्ने देखियो ।

३३. **औषधि अभिलेख** – राष्ट्रिय नि:शुल्क स्वास्थ्य सेवा कार्यक्रम निर्देशिका, २०६५ मा औषधिको दुरुपयोग रोक्न वितरण गरेका औषधिहरुको दैनिक तथा मासिक औषधि वितरण फाराम व्यवस्थित हुनुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद–६ मा औषधि/उपकरण एवम् सामग्रीको आम्दानी बाँध्ने, खर्च गर्ने एवम् लिलाम गर्ने एवम् धुल्याउने व्यवस्था छ । जिल्लाबाट हस्तान्तरण गरिएको औषधिहरु सम्बन्धित संस्थाले प्राप्त गरेको हुनुपर्दछ ।

जिल्ला जनस्वास्थ्य कार्यालयले हस्तान्तरण फाराम भरी पठाएका औषधिहरुको सम्बन्धित स्वास्थ्य केन्द्रहरुमा दाखिला कम गरेका केही उदाहरण देहाय अनुसार छन्:

क्र.सं.	संस्थाको नाम	औषधिको नाम	जिल्लाले पठाएको	सम्बन्धित संस्थामा दाखिला	घटी
जिल्ला जनस्वास्थ्य कार्यालय, दाङ्ग					
१.	प्राथमिक स्वास्थ्य केन्द्र लमही	एमोक्सिलिन २५० एम.जी. क्याव	७१०००	५५०००	१६०००
		डाइजिन	२८०००	१६०००	१२०००
जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा					
२.	स्वास्थ्य चौकी मष्टामाण्डौं	प्यारा सिटामोल ५०० एम.जी.	३८०००	२८०००	१००००
		जिंक सल्फेट २० एम.जी.	१६५००	६०००	१०५००
		एमोक्सिलिन ५०० एम.जी.	९२००	६२००	३०००
३.	स्वास्थ्य चौकी सहस्रलिङ्ग	जिंक सल्फेट २० एम.जी.	११५००	६३००	५२००
४.	स्वास्थ्य चौकी नवदुर्गा	एमोक्सिलिन ५०० एम.जी.	१०३००	६५००	३८००
		जिंक सल्फेट २० एम.जी.	१३५००	७०००	६५००
५.	उपस्वास्थ्य चौकी समैजी	क्लोरोफेनिरामिन मिलेट ४ एम.जी.	१७५००	१२५००	५०००
		साल्गुटामोल ४ एम.जी.	१३५००	८५००	५०००

उपर्युक्त विवरणअनुसार हस्तान्तरण फाराम भरी पठाएका औषधिको परिमाणसमेत घटी आम्दानी बाँधेको देखियो । यसरी फरक परेको सम्बन्धमा आवश्यक कारवाही गरी हिसाब मिलान गर्नुपर्दछ ।

३४. **प्रसूति सेवा** – स्वास्थ्य मन्त्रालयले तयार गरेको वार्षिक प्रतिवेदन, २०६६।६७ बमोजिम दक्ष स्वास्थ्यकर्मी चिकित्सक, नर्स, मिडवाइफमार्फत सुत्केरी हुनेको संख्या सन् २०१७ सम्म ६० प्रतिशत हुने उल्लेख छ । त्यस्तै नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम–२ आयोजना प्रतिवेदनमा सुरक्षित मातृत्वसम्बन्धी रणनीति उल्लेख छ । जसअनुसार सबै स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रमा वार्थिङ्ग सेन्टरको विकास गर्ने, स्थानीय स्वास्थ्य संस्थाले पनि आफ्नो क्षेत्रभित्र दक्ष तालिम प्राप्त स्वास्थ्य कार्यकर्ता मार्फत सुत्केरी गराउन पूर्वाधार तयार गरी सेवा उपलब्ध गराउनुपर्ने व्यवस्थाअनुसार काठमाडौंले ८०.०८ प्रतिशत, दाङ्गले ५३ प्रतिशत, नवलपरासीले २६.८ प्रतिशतलाई सेवा उपलब्ध गराएको विवरण दिएको छ भने डडेल्धुरा र सुनसरी बाट विवरण प्राप्त भएन । सुरक्षित मातृत्वसम्बन्धी अभिलेख राखी लक्ष्यअनुसार प्रगति हासिल गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

३५. **खोपको उपलब्धता** – स्वास्थ्य मन्त्रालयबाट प्रकाशित वार्षिक प्रतिवेदनको भाग २ (दुई) मा उल्लेख भए अनुसार पोषण सेवा अन्तर्गत १ वर्ष मुनिका सबै बच्चाहरुलाई बी.सी.जी., डी.पी.टी., हेपाटाइटिस बी, दादुरा, पोलियो, जापानी इन्सेफलाइटिस बिरुद्ध भ्याक्सीन सेवा नियमित उपलब्ध गराउन, आवश्यक भएकोले वेष्टेज रेट न्यून गरिने उल्लेख छ ।

बी.सी.जी.को वेस्टेज सबैभन्दा न्यून सुनसरीको ९ प्रतिशत देखिएको छ भने सबैभन्दा बढी डडेलधुरामा ८० प्रतिशत देखिएको छ । डी.पी.टी को वेस्टेज डडेलधुराले १ प्रतिशत देखाएको छ भने काठमाडौंले ४.२९ प्रतिशत देखाएको छ । पोलियोको वेष्टेज सबैभन्दा बढी डडेलधुरले १२ प्रतिशत देखाएको छ भने सुनसरीले ५ प्रतिशत देखाएको छ । जे.ई. काठमाडौंले ३२.९४ प्रतिशत देखाएको छ भने दाङ्गले २० प्रतिशत देखाएको छ । टीटी खोपको वेष्टेज दर दाङ्गले २२ प्रतिशत देखाएको छ भने काठमाडौंले १३.६७ प्रतिशत देखाएको छ । सुनसरीले दादुरा खोपको वेष्टेज ५ प्रतिशत देखाएको छ भने डडेलधुराले ६९ प्रतिशत देखाएको छ । यसरी खोपको वेष्टेजमा ठूलो भिन्नता देखिएको छ । जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीले उक्त तथ्यांक नराखेकोले सो सम्बन्धि यथार्थता यकिन हुन सकेन । वेष्टेज दरमा विविधता देखिएकोले एकरुपता कायम गरी न्यूनतम दर कायम गर्न आन्तरिक नियन्त्रण प्रभावकारी बनाइनुपर्दछ ।

३६. **निजी स्वास्थ्य संस्था सञ्चालन** – जिल्ला जनस्वास्थ्य कार्यालयको सिफारिसमा क्षेत्रीय स्वास्थ्य निर्देशनालय, स्वास्थ्य सेवा विभाग र मन्त्रालयले स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्रदान गर्ने र नवीकरणसमेत गर्ने व्यवस्था निजी तथा गैरसरकारी स्वास्थ्य संस्था स्थापना, सञ्चालन नीति, मापदण्ड एवं पूर्वाधार निर्देशिका, २०६१ मा रहेको छ । उपलब्ध विवरणअनुसार ५० शैया माथिका कुल ११० मध्ये ३४, २५ देखि ५० शैयासम्मका कुल ८४ मध्ये १९, २५ शैयासम्मका ६०९ मध्ये ३७९ निजी स्वास्थ्य संस्था काठमाडौंमा रहेका छन् ।

काठमाडौं जिल्लामा ५० सैयाभन्दा माथिका स्वास्थ्य संस्था ३४ मध्ये ६ (१७.६५ प्रतिशत) ले मात्र सञ्चालन अनुमति पाएको देखिन्छ भने २५ शैयासम्म र अन्य सेवा सञ्चालन गर्ने ३७९ मध्ये ४३ (११.३४ प्रतिशत) ले मात्र सेवा सञ्चालन गर्न अनुमति लिएको र २५ देखि ५० शैयासम्म सञ्चालन गर्ने १९ निजी स्वास्थ्य संस्थाले अनुमति लिएका छैनन् । स्वास्थ्य संस्थाहरुको सञ्चालन अनुमति र सञ्चालित स्वास्थ्य संस्थाको अनुगमन निरीक्षण कमजोर रहेको देखियो । यससम्बन्धी छलफल गर्दा दर्ता भएका भन्दा दर्ता नभई सञ्चालन हुनेको संख्या बढी रहेको र केही स्थानमा अनुगमन गरेकोमा ८ संस्था दर्ता नै नभइ सञ्चालन गरेको प्रतिवेदन प्राप्त भएको छ । यसरी बिनाइजाजत र नियम कानूनविपरीत स्वास्थ्य सेवा सञ्चालन गर्ने निकायबाट प्रदान गरेको सेवा प्रवाह गुणस्तरीय एंव पारदर्शी हुने अवस्था रहेन । मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गरी स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

समिति तथा अन्य संस्थातर्फ

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

३७. **सञ्चालन नतिजा** – यो वर्ष नेपाल सरकारको अनुदान रु.२३ करोड, भारत सरकारको अनुदान रु.४ करोड ९९ लाख ९६ हजार र प्रतिष्ठानको आन्तरिक स्रोतबाट रु.८८ करोड ९४ लाख ६६ हजारसमेत रु.१ अर्ब १६ करोड ९४ लाख ६२ हजार आय प्राप्त गरेकोमा शैक्षिक कार्यक्रम, अस्पताल सेवा एवं सञ्चालन तथा प्रशासनिक खर्चबापत रु.१ अर्ब १५ करोड ६२ लाख २ हजार समायोजन गर्दा बचत रहेको रु.१ करोड ३२ लाख ६० हजार वासलातमा दर्शाएको छ । उल्लिखित कारोबारमा नेपाल सरकारको र भारत सरकारको अनुदानलाई समावेश नगर्ने हो भने रु.२६ करोड ६७ लाख ३६ हजार नोक्सानी हुने देखिन्छ । अत: प्रतिष्ठानको खर्च घटाई आयले धान्न सक्ने गरी आत्मनिर्भर हुनेतर्फ ध्यान दिनुपर्दछ ।

३८. **चालु सम्पत्ति** – वर्षान्तमा फछ्यौंट गर्न बाँकी पेश्की रु.१४ करोड २१ लाख ४० हजारमध्ये कर्मचारी तलब पेश्कीसमेत रु.१ करोड ८३ लाख ९७ हजार, अन्य पेश्की रु.११ करोड २४ लाख ६५ हजार, प्रतितपत्र पेश्की रु.९८ लाख ४ हजार र अनुसन्धान खर्च पेश्की रु.७ लाख ७४ हजार रहेको छ । त्यसैगरी विभिन्न व्यक्ति, फर्मसँग भएको सम्झौताअनुरुप पसल भाडाबापत रु.२५ लाख ५१ हजार असुल गर्न बाँकी छ । सो रकम वित्तीय विवरणमा समावेशसमेत गरेको पाइएन । पेश्की फछ्यौंट तथा भाडा असुली गर्न कुनै कारबाही गरेको देखिएन ।

३९. **शेयर लगानी** – प्रतिष्ठानले २०५८/५९ सम्म एक फर्मास्यूटिकल्समा रु.४ करोड ४० लाख शेयर लगानी गरेको छ । लगानीलाई प्रमाणित गर्ने शेयर प्रमाणपत्र एवं उक्त रकमबाट लाभांशसमेत प्राप्त गरेको छैन । फर्मास्यूटिकल्सको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी लगानीको जोखिम निर्धारण एवम् मौजुदा स्थितिको पुनरावलोकनसमेत गरेको छैन । प्रतिष्ठानबाट भएको लगानीको वर्षसँग तुलना गर्दा सो लगानी उत्पादनमूलक नरही जोखिमपूर्ण रहेको देखिएको छ ।

४०. **क्षतिपूर्ति** – प्रतिष्ठानको नियमावली, २०५५ को नियम १०.४(३) मा छात्रवृत्ति प्राप्त गरी प्रतिष्ठानमा कार्यरत चिकित्सक एवं प्राविधिक कर्मचारीहरुले प्रतिष्ठानसँग गरेको सम्झौताअनुरुप गर्नुपर्ने सेवा पूरा नगरी छोडी गएमा वा तोकिएबमोजिम पूर्वसूचना नदिएमा क्षतिपूर्तिबापत रकम असुल गर्नुपर्ने व्यवस्था छ । सम्झौताअनुसारको कार्य नगर्ने ६ चिकित्सक र ३ प्राविधिकसमेत ९ बाट यो वर्षसम्म रु.६० लाख ९४ हजार असुल गरेको छैन ।

४१. **मौज्दात** – प्रतिष्ठानको नियमावलीबमोजिम आवश्यकताको पहिचान गरी भइरहेको मौज्दात स्थितिसमेतको विश्लेषण गरी खरिद कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले यो वर्ष खरिद गरेको रु.४ लाख ५० हजारको १४×१७ को २४ थान एक्सरे फिल्म खपत नभई २०६९ पौषसम्म मौज्दात रहेको देखिएको छ । सोडियम हाइपोलगायतको सात औषधिको गतवर्षको मौज्दात यकिन नगरी यो वर्ष रु.६० लाख ३ हजारका खरिद गरी मौज्दात राखेको छ । आवश्यकताको पहिचान नगरी अनावश्यक औषधिलगायतका सामान खरिद गरी मौज्दात राख्नु उचित देखिएन ।

४२. **प्रतितपत्र** – प्रतिष्ठानले यो वर्ष अप्रेशन माइक्रोस्कोप, अल्ट्रासाउण्ड र इ.एन.टी. इक्विपमेन्टस मेसिन प्रतितपत्रको माध्यमबाट खरिद गरी भुक्तानी गरेको छ । ती सामानहरु प्राप्त भई प्रतितपत्र पेश्की फछ्यौंट गरे तापनि सम्पत्तिमा लेखाङ्कन गरेको छैन । सम्झौताअनुरुप ती मेसिनको अमेरिकी डलर १ लाख ९९ हजार ७९३ को विभिन्न मितिको विनिमय दरले हुने रु.१ करोड ४२ लाख ५५ हजार भुक्तानी गर्नुपर्नेमा युरो १ लाख ५७ हजार ३८९ को विभिन्न मितिको विनिमय दरले रु.१ करोड ६० लाख ५५ हजार भुक्तानी गरी रु. १८ लाख बढी व्ययभार पारेको छ । उक्त रकम आवश्यक कारबाही गरी असुल गर्नुपर्दछ । रकम असुल गर्नेतर्फ कारबाही अघि बढाइएको जवाफ प्राप्त भएको छ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

४३. **सञ्चालन नतिजा** - प्रतिष्ठानअर्न्तगतका अस्पताल एवं चिकित्सा महाविद्यालयले यो वर्ष असुल गरेको रु.५८ करोड ९४ लाख ११ हजार र विभिन्न स्रोतबाट प्राप्त अनुदानसमेत कुल आम्दानी रु.६३ करोड ८९ लाख ३० हजारबाट कुल खर्च रु.६० करोड ३६ लाख ९२ हजार समायोजन गर्दा यो वर्ष रु.३ करोड ५२ लाख ३८ हजार कार्यसञ्चालन बचत देखिएको छ । उक्त बचतमा यो वर्षको ह्रास खर्च रु.४ करोड ३५ लाख २३ हजार र पूँजीगत तथा भैपरी कोषमा ट्रान्सफर गरेको रु.१ करोड २४ लाखसमेत समायोजन गर्दा रु.२ करोड ६ लाख ८५ हजार खुद नोक्सानी रहन गएको छ । गतवर्ष सम्मको बचत रु.१० करोड ३२ लाख ९५ हजारमा उक्त नोक्सानी समायोजन पश्चात् रु.८ करोड २६ लाख १० हजार बचत वासलातमा सारेको छ । प्रतिष्ठानको आयले धान्न सक्ने गरी प्रशासनिक तथा कार्यसञ्चालन खर्चमा नियन्त्रण गर्नु आवश्यक छ ।

४४. **पार्किङ्ग लेखा** – गत वर्षसम्म यस हिसाबमा रु.१ करोड ३८ लाख ६७ हजार मौज्दात रहेकोमा यो वर्ष रु.६ लाख ६६ हजार थप भई रु.१ करोड ४५ लाख ३३ हजार पुगेको छ । भुक्तानीको लागि जारी भएका तर चेक सटहीको मान्य अवधि समाप्त भई नसाटिएको चेकको रकम मुल्तबी (पार्किङ्ग) लेखामा दर्शाएको छ । यस्ता हिसाबको पुनर्आय एवं पुनर्खर्च लेखाङ्कन गरी पार्किङ्ग हिसाब फरफारक गर्नुपर्ने देखिन्छ ।

४५. **लागत अनुमान** – पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, आर्थिक प्रशासन नियमावली, २०६७ मा १ लाख रुपैयाँभन्दा बढी रकमको खरिद वा सेवा प्राप्त गर्न अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको दरभाउ, ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटसमेतलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले औषधि, सर्जिकल सामान, केमिकल, रिएजेन्टस्, एक्सरे, फिजियोथेरापीलगायत रु.१३ करोड १९ लाख ४६ हजारको सामानहरु खरिद गर्दा लागत अनुमान तयार गरेको देखिएन । स्वास्थ्य औजार एवं उपकरणको स्थानीय बजारको बिक्रेताबाट लिएको दररेटको आधारमा मात्र लागत अनुमान तयार गरेको देखिन्छ । लागत अनुमान तयार नगर्ने र तयार गरेकोमा पनि उल्लिखित प्रक्रिया नअपनाउँदा मालसामानको वास्तविक मूल्य यकिन गर्न कठिनाइ पर्ने र खर्चमा मितव्ययीसमेत नहुने हुँदा नियमावलीले तोकेको प्रक्रिया अपनाई लागत अनुमान तयार गरी मालसामान खरिद गर्नुपर्दछ ।

४६. **सोझै खरिद** – पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६७ को नियम ३.२३ अनुसार रु १० लाखभन्दा बढीको मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने र रु.६ करोडभन्दा माथिको मालसामान अन्तराट्रिय स्तरको बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले बोलपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया पूरा नगरी पुष्ट्याइबेगर यो वर्ष रु.१३ करोड १९ लाख ४६ हजारको औषधिलगायतका मालसामान सोझै खरिद गरेको छ । नियमावलीको व्यवस्थाबमोजिम खरिद प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

४७. **घटी खरिद** – खरिद सम्झौताको दफा १.९ मा मालसामान आपूर्ति नगरेमा वा ढिला गरेमा जुनसुकै समयमा सम्झौता रद्द गरी धरौटी जफत गर्ने र अन्य वैकल्पिक उपायबाट खरिद गर्दा थप आर्थिक भार पर्न गएमा सम्पूर्ण खर्च सम्बन्धित आपूर्तिकर्ताको धरौटी तथा जमानतबाट व्यहोरिने उल्लेख छ । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, आर्थिक प्रशासन नियमावली, २०६७ को नियम ३.१०३ मा मालसामान पूर्ण रुपमा सम्झौतामा उल्लिखित परिमाण आपूर्ति नगरी कम परिमाण आपूर्ति गरेमा कालोसूचीमा राख्नुपर्ने व्यवस्था समेत छ । यो वर्ष रु.३ करोड ३५ लाख २६ हजारको औषधि आपूर्ति गर्ने गरी सम्झौता गरेको तीन आपूर्तकले रु.१ करोड ८१ लाख १५ हजार घटीको औषधि आपूर्ति गरेकोमा ती आपूर्तिकर्ताहरुको कार्यसम्पादन जमानत जफत गर्ने र कालो सूचीमा राख्ने प्रक्रिया अवलम्बन गरेको देखिएन । अन्य आपूर्तकहरुबाट औषधि खरिद गरेको अवस्थामा सोको अभिलेख राखी बढी व्ययभार परेको रकम आपूर्तकको धरौटी तथा जमानतबाट असुल गर्नुपर्नेमा अभिलेख नराखी एक फर्मास्युटिकल्सबाट केही आइटमको थोरै परिमाणको रु.१ लाख ६० हजार मात्र असुल गरेको छ । आपूर्ति नभएको परिमाण सोझै खरिद गर्दा बढी व्ययभार परेको रकम यकीन

गरी असुल गर्नुपर्ने र आपूर्तकहरुले राखेको कार्य सम्पादन जमानत रु.१६ लाख ७६ हजार जफत गर्ने र कालोसूचीमा राख्ने प्रक्रियाको समेत अवलम्बन गर्नुपर्ने देखिन्छ ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)

४८. **आय–व्यय** – नेपाल सरकारबाट प्राप्त अनुदान रु.४६ करोड ११ लाख ६१ हजार र आन्तरिक स्रोतबाट गत वर्षको जिम्मेवारीसमेत रु.६२ करोड ७३ लाख ३१ हजारसमेत रु.१ अर्व ८ करोड ८४ लाख ९२ हजार आम्दानीमध्ये रु.१ करोड फ्रिज भएको समेत रु.१ अर्ब ४ करोड ६८ लाख ३१ हजार खर्च गरी यो वर्ष अस्पतालको रु.४ करोड १६ लाख ६१ हजार सञ्चालन बचत रहेको छ ।

४९. **सोझै खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले दश लाख रुपैयाँभन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । गत विगत वर्ष झै यो वर्ष पनि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानतर्फ रु.१ करोड ५ लाख र अस्पतालतर्फ रु.५ करोड ८ लाख २८ हजारसमेत रु.६ करोड १३ लाख २८ हजारको औषधि तथा स्वास्थ्य उपकरण र जिन्सी सामान सोझै खरिद गरेको छ ।

५०. **बोलपत्रबेगर खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाखसम्मको मालसामान निमार्ण कार्य वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी र सोभन्दा माथि जतिसुकै भए पनि बोलपत्र आह्वान गरी खरिद तथा निमार्ण कार्य गराउनुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले यो वर्ष ऐन नियमबमोजिम बोलपत्र नगराई दरभाउपत्रबाट पटकपटक रु.१ करोड ४४ लाख ६९ हजारका विभिन्न जिन्सी मालसामान, कम्प्यूटर/प्रिन्टर/प्रोजेक्टर आदि खरिद गरेको छ ।

५१. **सेवा करार तथा विस्तार भत्ता** – प्रतिष्ठानको (कर्मचारी सेवाका शर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ को नियम ४०.१ मा लेखिएको अन्य व्यवस्थाहरुको अधीनमा रही पद रिक्त भएको कारणले प्रतिष्ठानको काममा असर पर्ने भएमा, कुनै खास काम गर्नको लागि आवश्यक योग्यता प्राप्त विशेषज्ञ नभएमा वा कम भएमा, सेवाको कुनै पदमा कार्यरत कर्मचारी अवकाश प्राप्त गर्दा निजको सट्टा काम गर्ने अर्को कुनै कर्मचारी नभई निजलाई नै विशेषज्ञको रुपमा सेवामा बहाल राख्न आवश्यक भएमा बढीमा एक वर्षको लागि उपकुलपति वा निजले तोकेको पदाधिकारीले नियुक्ति गरी काममा लगाउनसक्ने व्यवस्था छ । मेडिकल अधिकृत, नर्स, शाखा अधिकृत, कानून अधिकृत र कार्यालय सहयोगी जस्ता पदमा करारमा नियुक्ति गरिएका ११५ कर्मचारीको गत विगतदेखि पटकपटक म्याद थप गरी भत्ताबापत रु.६१ लाख १९ हजार, दशै खर्चबापत रु.१६ लाख ४६ हजार, लुगा भत्ताबापत रु.८ लाख ६२ हजार र औषधि खर्चबापत रु.१५ लाख ४ हजारसमेत रु.१ करोड १ लाख ३१ हजार खर्च लेखेको छ । त्यस्तै मासिक ज्यालादारीतर्फ कार्यरत सुरक्षागार्ड लगायतका ४० कर्मचारीहरुलाई सेवाविस्तार, पोशाक भत्ता, दशै खर्च र औषधि उपचारबापत रु.९ लाख ९८ हजार खर्च गरेको देखियो ।

५२. **लिनु दिनुपर्ने** – बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालले कर्मचारीहरुलाई अवकाश पश्चात् भुक्तानी दिनुपर्ने विभिन्न दायित्वको लागि कोष खडा गरेको छैन । वर्षान्तमा कर्मचारी व्यवस्थाबापत रु.१० करोड २ लाख १९ हजारको कोष खडा गर्ने निर्णय गरे तापनि विनियम एवं निर्देशिका बनाएको छैन । प्रोदभावी आधारमा वित्तीय विवरण तयार गर्न गत विगत वर्षमा ध्यानाकर्षण गराए तापनि यो वर्ष पनि स्थिति यथावत् रहेको छ । आय विवरणअनुसार भुक्तानी दिन बाँकी रु.५६ लाख ३३ हजार तथा पेश्की फछ्यौंट गर्न बाँकी रु.४ करोड १९ लाखको भुक्तानी एवं फछ्यौंट गरी लिनु दिनुपर्ने हिसाब राफसाफ गर्नुपर्दछ ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल

५३. **बढी भुक्तानी** – निर्माण कार्यको नापी, परिमाणबमोजिम सम्झौतामा उल्लेख भएको दरअनुसार बिलबमोजिमको रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अस्पताल परिसरमा निर्माण भएको बहिरङ्ग क्लिनिक र

फ्याकल्टी डेभलपमेन्ट भवनको निर्माण कार्यबापत निर्माण व्यवसायीलाई अन्तिम बिलसम्म रु.९ करोड ८६ लाख ५२ हजारमात्र भुक्तानी हुनुपर्नेमा रु.९ करोड ९२ लाख ४७ हजार भुक्तानी भई रु.५ लाख ९५ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

५४. **मूल्य समायोजन –** प्रोभिजनल इण्डेक्सको दरमा उपलब्ध गराएको मूल्य वृद्धि अन्तिम इण्डेक्सको आधारमा समायोजन गरी हिसाब मिलान गर्नुपर्नेमा गरेको देखिएन । भवन निर्माण कार्यको मूल्य वृद्धिबापत रु.५५ लाख ३० हजार निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । अन्तिम इण्डेक्सको दरमा मूल्य समायोजन गरी वास्तविक रकम यकिन गर्नुपर्दछ ।

सिंहदरबार वैद्यखाना विकास समिति

५५. **नर्म्स –** औषधि निर्माणको प्रारम्भिक चरणदेखि अन्तिम अवस्थासम्म खपत भएको कच्चा पदार्थबाट उत्पादन हुनुपर्ने औषधिको वास्तविक परिमाण निश्चित हुनेगरी नर्म्स बनाउनुपर्नेमा बनाएको छैन । समितिले यो वर्ष रु.१ करोड १९ लाख ७९ हजारको ३८ हजार केजी कच्चा जडीबुटी प्रयोग गरी रु.१ करोड ५६ लाख ३ हजारको ३४ हजार ४०० के.जी. औषधि (चूर्ण) उत्पादन गरेको छ । कच्चा जडीबुटीहरुबाट उत्पादन हुने तयारी औषधिको नर्म्स तयार नगरेकोले खपत कच्चा जडीबुटीबाट उत्पादित औषधिको परिमाण यकीन गर्न सक्ने आधार भएन ।

५६. **मेसिन तथा उपकरण –** उत्पादन प्रक्रियामा प्रयोग हुने मेसिन उपकरणहरु चालु हालतमा राखी क्षमताको अधिकतम उपयोग गर्नुपर्दछ । काम नलाग्ने उल्लेख गरी रु.१ करोड २१ लाख ७७ हजारका २९ थान मेसिन तथा सोसँग सम्बन्धित उपकरणहरु भण्डारमा रहेको छ । सोमध्ये २०६० मा रु.१८ लाख ८८ हजारमा खरिद गरेको बोइलर मेसिन दक्ष प्राविधिकको अभावमा प्रयोग हुन नसकी निष्क्रिय राखेको छ । उक्त मेसिनलाई २०६८ मा रु.७ लाख २० हजार खर्च गरी मर्मत गरेको छ । खरिद गरेको मेसिन सञ्चालनमा नल्याउने तर मर्मत गर्दै जाने कार्य उचित देखिएन ।

५७. **कच्चा पदार्थ मौज्दात –** गत वर्षको मौज्दात २४१ र यो वर्षको खरिद १०१ किसिमका रु.४ करोड ८२ लाखको ८१ हजार ३९५ के.जी.कच्चा पदार्थ मध्ये यो वर्ष रु.१ करोड १९ लाख ७९ हजारको कच्चा पदार्थ खपत र जर्तीसमेत कटाई रु.३ करोड २२ लाख २० हजार बराबरको २४१ प्रकारका कच्चा पदार्थ मौज्दात राखेको छ । अत्याधिक कच्चा पदार्थ मौज्दात रहनाले हुन सक्ने हानि–नोक्सानी र नगद प्रवाहमा पर्ने असरलाई ध्यान दिई अधिकतम र न्यूनतम मौज्दातको परिमाण निश्चित गरी मौज्दात राख्नुपर्दछ । साथै भण्डारमा रहेको मौज्दात एवं औषधि उत्पादनको आवश्यकता पहिचान गरेर मात्र कच्चा पदार्थ खरिद गर्नेतर्फसमेत ध्यान दिनुपर्दछ ।

५८. **बिक्री स्टकिष्ट –** समितिको शर्तनामा, २०५५ मा १ वर्षको अवधिमा काठमाडौं र ललितपुर जिल्लाको स्टकिष्टले कम्तीमा १५ लाख, भक्तपुर जिल्लाको स्टकिष्टले १० लाख र अन्य जिल्लाको स्टकिष्टले ५ लाख भन्दा कमको औषधि खरिद गरेमा त्यस्तो स्टकिष्टले राखेको धरौटी फिर्ता गरी स्टकिष्टबाट हटाउन सकिने व्यवस्था छ । नेपाल राज्यभरका २३ स्टकिष्टमध्ये १० ले मात्र मापदण्डबमोजिम औषधि खरिद गरेको र बाँकी १३ स्टकिष्टले बिक्री शर्तनामाबमोजिम औषधि खरिद नगरेकोमा ती स्टकिष्टहरुको धरौटी फिर्तागर्ने तथा स्टकिष्टबाट हटाउने सम्बन्धमा कारबाही अगाडि बढाएको देखिएन ।

अस्पताल विकास समिति

५९. **बढी भुक्तानी –** महाकाली अञ्चल अस्पतालले ओपिडी भवन निर्माण कार्यका निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग बिलको रु.२७ लाख ८८ हजार भुक्तानी गर्दा १:१.५:३ को पीसीसीको कामको ११२ घनमिटरको मात्र भुक्तानी गर्नुपर्नेमा नापी किताबमा जोडजम्मा फरक पारी १४४ घनमिटरको भुक्तानी दिएकोले ३२ घनमिटरको रु.२ लाख ३८ हजार बढी भुक्तानी गरेको छ । त्यस्तै सोही निर्माण कार्यमा दोस्रो रनिङ्ग बिलबाट रु.१७ लाख २४ हजार भुक्तानी गर्दा काम नै नभएको १४५ घनमिटर इट्टाको कामको रु.५ लाख

३८ हजारसमेत रु.७ लाख ७६ हजार बढी भुक्तानी दिएको छ । उक्त रकम आगामी बिलबाट कट्टी गरी दाखिला गर्ने जवाफ प्राप्त भएको छ ।

सेती अञ्चल अस्पतालभित्र चार–परिवार डाक्टर क्वार्टर भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई प्रथम तथा दोस्रो रनिङ्ग बिलबाट रु.४८ लाख ३७ हजार भुक्तानी गर्दा पीसीसीको काम वास्तविक परिमाणभन्दा ६७ घनमिटर बढी देखाई रु.६ लाख ३३ हजार, इटाको काम वास्तविक परिमाणभन्दा ५ घनमिटरको रु.३२ हजार तथा इमर्जेन्सी भवनको तला थप कार्यमा पाइपट्रसको काम वास्तविक परिमाण भन्दा १ हजार १५१ के.जी.को रु.१ लाख ७३ हजारसमेत रु.८ लाख ३८ हजार बढी भुक्तानी गरेको छ । आगामी रनिङ बिल तथा धरौटीबाट कट्टी गरी असुल गर्ने जवाफ प्राप्त भएको छ ।

६०. **सञ्चित कोष –** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ बमोजिम प्रति प्रसूति केसको आधारमा सम्बन्धित स्वास्थ्य संस्थालाई अनुदान दिने व्यवस्था छ । लुम्बिनी अञ्चल अस्पताल बुटवल र नारायणी उपक्षेत्रीय अस्पताल पर्साले प्रसूति केसबमोजिम क्रमशः रु.२ करोड ३६ लाख ६ हजार र रु.१ करोड १३ लाख ५५ हजार मात्र खर्च लेख्नुपर्नेमा क्रमशः रु.२ करोड ७६ लाख ७३ हजार र रु.१ करोड ३९ लाख ३ हजार खर्च लेखेकोले बढी खर्च लेखेको रु.६६ लाख १५ हजार असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

६१. **स्वास्थ्य उपकरण –** अस्पतालले उपलब्ध गराउने सेवा सहज रुपमा सञ्चालन गर्न स्वास्थ्य उपकरणलाई चालु अवस्थामा राख्नुपर्दछ । कोशी अञ्चल अस्पतालमा रहेका रु.२६ लाख ४० हजारको सी–आर्म विथ मोनिटर मेसिन, रु.१३ लाख ५० हजारको आरथ्रोस्कोप कम्प्लेट सेट, रु.४ लाख १४ हजारको अप्रेटिङ्ग टेबुलहरु, रु.४ लाख ५२ हजारको एट च्यानल इइजिमेसिन, रु.३ लाख ६६ हजारको कार्डिएक मोनिटर, रु.९ लाख ६९ हजारको एनेस्थेसिया मेसिन र रु.७ लाख ६० हजारको पेनट्याक्स ग्याष्ट्रो इण्डोसकोपसमेत रु.६९ लाख ५१ हजारका उपकरणहरु काम नलाग्ने भनी भण्डारमा थन्काएको छ । यो वर्ष खरिद गरेको रु.२० लाख ४३ हजारको ल्यापकोल्ली इक्वीपमेन्ट दक्ष कर्मचारीको अभावमा सञ्चालनमा आएको छैन । त्यस्तै अमेरिकी डलर २९ हजार ३ सयको हेमाडाइलाईसिस मेसिन खरिद गरी जडान गरे तापनि प्राविधिकको अभावमा सञ्चालन हुन सकेको छैन । यी मेसिनहरुलाई प्रयोगमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ ।

त्यस्तै सेती अञ्चल अस्पतालमा माइक्रोस्कोप, अटोक्लेभ, एक्सरे मेसिनलगायत ८ प्रकारका २३ स्वास्थ्य उपकरण बिग्रेको कारण प्रयोग हुन सकेका छैनन ।

६२. **आई.सी.यू. कक्ष –** मेची अञ्चल अस्पतालले आई.सी.यू. कक्ष सञ्चालन गर्न आई.सी.यू. भेन्टिलेटर, बेड साइड मोनिटर, आई सी.यू. बेड, सेन्ट्रल मोनिटर तथा इसिजी मेसिनलगायतका स्वास्थ्य उपकरण रु.५८ लाख १२ हजारमा खरिद गरेको छ । सबै उपकरणहरु २०६९ मार्गसम्म भण्डारमा मौज्दात राखेको र आई. सी.यू. कक्ष सञ्चालनमा ल्याएको छैन । स्वास्थ्य उपकरण खरिद गरी सञ्चालन नगरी भण्डारमा मौज्दात राख्ने परिपाटी उचित देखिएन ।

६३. **औषधिको म्याद –** औषधिको म्याद, खपत र राख्नुपर्ने मौज्दातलाई विचार गरी खरिद तथा वितरण व्यवस्था मिलाउनुपर्दछ । आवश्यकताभन्दा बढी औषधि खरिद गरी वितरणमा ध्यान नदिएको कारण जनकपुर अञ्चल अस्पतालमा ४७ किसिमको रु.७ लाख २३ हजारको औषधिको म्याद समाप्त भएको छ । औषधिको आवश्यकता यकिन गरी खरिद गर्न ध्यान दिनुपर्दछ ।

६४. **प्रसूति अनुदान –** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५(प्रथम संशोधनसहित) को दफा ५(३) अनुसार स्वास्थ्य संस्थामा प्रसूति गराएबापत स्वास्थ्य संस्थाबाट दिने अनुदान रकम प्रसुति संख्याको आधारमा अस्पताल विकास समितिको खातामा आम्दानी बाँधी निर्देशिकामा तोकिएबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । जनकपुर अञ्चल अस्पताल, धनुषाले यो वर्ष औषधि उपकरण खरिद र इन्सेन्टिभ वितरणमा रु.१ करोड ८५ लाख ९ हजार अस्पतालको खातामा आम्दानी नगरी सोझै खर्च लेखेको छ ।

६५. **क्षतिपूर्ति –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार कार्यसम्पन्न गर्न व्यवसायीको ढिलाईको कारण भएमा सम्झौता अङ्कको प्रतिदिन ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था

छ । जनकपुर अञ्चल अस्पतालअन्तर्गत रामवृक्ष यादव आई.सी.यू. केन्द्रको निर्माण रु.१ करोड ७७ लाख ७६ हजारमा २०६८।३।१८ मा कार्य सम्पन्न गर्ने गरी २०६६।३।१९ मा सम्झौता भएकोमा उक्त अवधिभित्र कार्य सम्पन्न नभई पटकपटक म्याद थप भएकोमा अन्तिम पटक लेखाउत्तरदायी अधिकृतको २०६९।१।३१ को निर्णयबाट २०६८।१२।१८ सम्मको मात्र म्याद थप भएकोमा २०६९।३।२४ मा अन्तिम बिल जारी गरी भुक्तानी गरेको छ । म्याद थप नभएको २०६८।१२।१८ पश्चात्को ९८ दिनको रु.८ लाख ७१ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको पाइएन ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतको निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ १७० निकायमा रु.१ अर्ब ५० करोड ६२ लाख १० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३५ निकायले रु.५७ लाख ८२ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ५० करोड ४ लाख २८ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ७ करोड २१ लाख २४ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - अन्य संस्था/समिति ९१ तर्फ रु.५५ करोड ४९ लाख २ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १२ ले रु.७ करोड ६ लाख ६२ हजार फछ्यौंट गरेकोले रु.४८ करोड ४२ लाख ४० हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.१३ करोड १७ लाख ९२ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

राष्ट्रिय योजना आयोगको सचिवालय

सचिवालय र मातहत समेत ३६ कार्यालयको यो वर्ष विनियोजनतर्फ रु.६५ करोड ८० लाख ९ हजार, राजस्वतर्फ रु.१ करोड ४१ लाख १० हजार, धरौटीतर्फ रु.५५ लाख १२ हजारसमेत रु.६७ करोड ७६ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

केन्द्रीय तथ्याङ्क विभाग

१. **थप व्ययभार –** राष्ट्रिय कृषि गणना अधिकृत निर्देशिका, २०६८ को दफा ३.५ मा सामान्यतया ४ देखि ६ गणना क्षेत्रको लागि १ गणक प्रयोग हुने र प्रत्येक ४ देखि ५ गणकको लागि १ सुपरिवेक्षक प्रयोग हुने उल्लेख छ । सोअनुरुप १ गणकले ४ गणना क्षेत्रमा मात्र कार्य गरेको अवस्थामा पनि कुल ५ हजार २०० गणना क्षेत्रको लागि १ हजार ३०० गणक र ४ गणकको लागि १ सुपरिवेक्षक खटांउँदा १ हजार ३०० गणकको लागि ३२५ सुपरिवेक्षक आवश्यक हुनेमा गणक १ हजार ५६७ र सुपरिवेक्षक ४३८ नियुक्ति गरेको पाइयो । निर्देशिकामा उल्लेख भएको नर्म्सभन्दा गणक २६७ र सुपरिवेक्षक ११३ बढी नियुक्ति गरेबाट रु.१ करोड ५ लाख ६२ हजार थप व्ययभार पर्न गएको देखिएको छ ।

२. **पारिश्रमिक भुक्तानी –** राष्ट्रिय कृषि गणना अधिकृत निर्देशिका, २०६८ को दफा २.५.३ मा करारमा नियुक्ति भएको वा काजमा आई काम गरेको अवधिको मात्र पारिश्रमिक पाउने व्यवस्था छ । नियुक्ति वा काजमा आई काम गरेको भन्दा १४ देखि ३० दिनसम्मको बढी हुने गरी ११२ लाई रु.८ लाख २ हजार पारिश्रमिक भुक्तानी दिएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

- **बेरुजू स्थिति –** सचिवालय र मातहतका समेत २२ कार्यालयमा यो वर्ष रु.९ करोड ६४ लाख ६ हजार बेरुजू देखिएको छ । प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २ निकायले रु.१ करोड ४१ लाख ६१ हजार फछ्यौंट गरेकोले रु.८ करोड २२ लाख ४५ हजार बाँकी रहेको छ । सोमध्ये रु.३३ लाख ८१ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

परिच्छेद – ३

बेरुजू फछ्यौंट गर्न गरेको प्रयास र बेरुजू फछ्यौंटका सम्बन्धमा प्राप्त उपलब्धि

१. **कानूनी व्यवस्था –** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ अनुसार महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण हुँदा औंल्याएका बेरुजू ३५ दिनभित्र जिम्मेवार व्यक्तिले फछ्यौंट गरी सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ । सोही ऐनको दफा १८(२) अनुसार बेरुजू फछ्यौंट गरे नगरेको रेखदेख गरी प्रचलित कानूनबमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ । सरकारी निकायको अतिरिक्त प्रचलित कानूनद्वारा गठन भएका संगठित संस्था, समिति एवं अन्य संस्थाको लेखापरीक्षणबाट कायम भएका बेरुजू फछ्यौंट गर्ने गराउने जिम्मेवारी ती संस्थाको सञ्चालक समितिमा रहेको छ ।

२. **बेरुजू फछ्यौंटका लागि भएका प्रयास**

२.१ महालेखा परीक्षकको वार्षिक प्रतिवेदन माथि सार्वजनिक लेखा समितिमा हुने छलफल र समितिले गर्ने निर्णयबाट बेरुजू फछ्यौंटमा सघाउ पुग्ने गरेको छ । व्यवस्थापिका संसदको म्याद समाप्त हुनु अघि सार्वजनिक लेखा समितिले मन्त्रालयगत बेरुजूउपर छलफल गरी निर्णय दिएको थियो ।

२.२ जिम्मेबार व्यक्तिबाट बेरुजू फछ्यौंट गरेमा स्थलगत रुपमा सम्परीक्षण गराउने कार्यलाई निरन्तरता दिइएको छ । स्थलगत लेखापरीक्षणको समयमा बेरुजू फछ्यौंट गरी सम्परीक्षणको लागि पेश नभएमा केन्द्रमा समेत सम्परीक्षण गर्ने गरिएको छ ।

२.३ लेखापरीक्षण, संपरीक्षण एवं बेरुजू फछ्यौंट गर्ने नीति र प्रक्रियाबारे जानकारी दिन २०६९।५।१ मा लेखाउत्तरदायी अधिकृत एवं निकाय प्रमुखहरुसँग र २०६९।५।५ मा सार्वजनिक संस्थान प्रमुखहरुसँग छलफल एवं अन्तरक्रिया गरिएको छ । विभिन्न मन्त्रालय, विभाग तथा जिल्लास्तरमासमेत बेरुजू फछ्यौंट एवं सम्परीक्षणको सम्बन्धमा छलफल एवं अन्तरक्रिया गर्ने गरिएको छ ।

२.४ साविक म.ले.प.फाराम परिमार्जन गरी १० नयाँ ढाँचा लागू गर्न स्वीकृत गरिएको छ । परिमार्जित नयाँ ढाँचाबाट कारोबारको लेखा सूचनामूलक भई बेरुजू न्यून हुने देखिन्छ ।

२.५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०१ अनुसार मुख्य सचिवको अध्यक्षतामा गठित बेरुजू फछ्यौंट मूल्याङ्कन एवं अनुगमन समितिबाट बेरुजू फछ्यौंट मूल्याङ्कन र अनुगमन गर्ने कार्य निरन्तर भइरहेको छ । बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउने कार्यलाई प्रोत्साहित गर्न निश्चित प्रतिशतभन्दा बढी बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउनेलाई नगद प्रोत्साहन एवं धन्यवाद दिने नीति अवलम्बन गरेको छ ।

२.६ संगठित संस्थाहरुको बेरुजू फछ्यौंट गराउने जिम्मेवारी संस्थाको सञ्चालक समितिमा रही सो सम्बन्धमा अर्को वर्षको लेखापरीक्षणमा अनुगमन मात्र गर्ने गरिएको छ । सो बाहेकका अन्य संस्था एवं समितिहरुको लेखापरीक्षणबाट कायम भएको बेरुजूको लगत राखी फछ्यौंट गर्ने जिम्मेवारी संस्थाको सञ्चालक समितिमा रहने व्यवस्थाबमोजिम सम्बन्धित निकायले फछ्यौंट गरी यस कार्यालयबाट सम्परीक्षण हुने गरेको छ ।

३. **बेरुजू फछ्यौंटमा भएका उपलब्धि**

३.१ मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयले २०५९।६० सम्मको बेरुजूको लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले राखी अधिकार प्राप्त अधिकारीले फछ्यौंट गरेको आधारमा लगत कट्टा गर्ने र सोको अनुगमन यस कार्यालयबाट गर्ने व्यवस्था गरेको छ । यस प्रयोजनका लागि बेरुजू फछ्यौंट समितिमा रहेका

२०५९।६० सम्मका १ हजार ६८५ थान लगत किताब कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भएको छ । उक्त कार्यालयबाट २०६९ फाल्गुनसम्म ६ निकायको रु.२९ लाख ७८ हजार लगत कट्टी गरेको विवरण प्राप्त भएको छ ।

३.२ लेखापरीक्षणबाट नियमित प्रक्रियाबाट बेरुजू फछ्यौंट नगरी समय समयमा आयोग वा समिति गठन गरी बेरुजू फछ्यौंट गर्ने गरेको छ । २०६५।११।२५ मा सार्वजनिक लेखा समितिका सदस्यको अध्यक्षतामा गठित बेरुजू फछ्यौंट समितिले २०६९।२।१४ सम्म रु.१० अर्ब ७१ करोड २५ लाख बेरुजू फछ्यौंट गरेको छ ।

३.३ यो वर्षको बेरुजू फछ्यौंट तथा सम्परीक्षणको प्रगतिको अवस्था निम्नानुसार छः

(रु.लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप	सम्परीक्षण (फछ्यौंट)	चालु वर्षको लेखापरीक्षण बेरुजू	अद्यावधिक बाँकी बेरुजू
सरकारी कार्यालय	५५,४४,८०	-	१७,१५,३८	२७,९६,९६	६६,२६,३८
संगठित संस्था, समिति, अन्य संस्था	३३,६१,०१	१६,९४	३,४३,३२	७,१०,५५	३७,४५,१८
जम्मा	**८९,०५,८१**	**१६,९४**	**२०,५८,७०**	**३५,०७,५१**	**१,०३,७१,५६**

विस्तृत विवरण अनुसूची १७ र १८ मा छ ।

३.४ सरकारी कार्यालयतर्फ विगतका बेरुजू रु.५५ अर्ब ४४ करोड ८० लाखमध्ये २०५९।६० सम्मको रु.१ अर्ब ८ करोड ७८ लाख बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण भएको र रु.१७ अर्ब १५ करोड ३८ लाख सम्परीक्षण गरी फछ्यौट गरेको छ । बेरुजू फछ्यौट समितिबाट २०६८।१२।१५ सम्म रु.३६ करोड ९८ लाख फछ्यौट गरेको विवरण प्राप्त भएको छ ।

३.५ लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउन सरकारी कार्यालय, संगठित संस्था, समिति एवं अन्य संस्थाहरुसमेतको यो वर्ष रु.४८ अर्ब ६ करोड २४ लाख प्रारम्भिक बेरुजू पठाइएकोमा सो अवधिभित्र कार्यालयहरुले रु.१२ अर्ब ९८ करोड ७३ लाख फछ्यौंट गरेका छन्

३.६ निकायहरुबाट बेरुजू फछ्यौंट गरी सम्परीक्षणका लागि अनुरोध गर्दा कतिपय अवस्थामा बेरुजू फछ्यौंटलाई पुष्टी गर्ने पर्याप्त प्रमाण कागजात संलग्न नगर्ने, प्रचलित कानूनको रीत नपुऱ्याई अनुरोध गर्ने, लगत अङ्क भिडान नगरी अनुरोध गर्ने र सरकारी नगदी/जिन्सी हानि–नोक्सानी नभएको पर्याप्त पुष्टि हुने नगरेकोले रु.४ अर्ब ७ करोड ९१ लाख सम्परीक्षण हुन नसकेको जानकारी गराइएको छ ।

३.७ लेखापरीक्षकले औंल्याएका बेरुजूमध्ये यो वर्ष रु.९६ करोड ८९ लाख असुल भएको छ । असुली विवरण अनुसूची ९ मा छ ।

परिच्छेद – ४
लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार महालेखापरीक्षकको प्रमुख जिम्मेवारी सबै सरकारी कार्यालय र सरकारी स्वामित्वका संस्थान, बोर्ड, समितिलगायतका निकायको स्वतन्त्र, निष्पक्ष र उद्देश्यमूलक लेखापरीक्षण गरी सार्वजनिक स्रोत साधनको उपयोगको सम्बन्धमा परीक्षण एवं मूल्याङ्कन गरी वित्तीय सुशासनको प्रर्वधनमा सघाउ पुऱ्याउनु रहेको छ । लेखापरीक्षणको माध्यमबाट योजना, बजेट, राजस्व, खरिद व्यवस्थापन, लेखाप्रणाली, आन्तरिक नियन्त्रण र प्रतिवेदन प्रणाली जस्ता वित्तीय व्यवस्थापनका कमजोरीहरु पहिल्याई सार्वजनिक वित्तीय व्यवहारमा जबाफदेहीता, पारदर्शिता एवं विधिको पालना गर्न गराउन प्रतिबेदनमार्फत सहयोग पुऱ्याउदै आएको छ । आगामी दिनमा समग्र वित्तीय व्यवस्थापनमा निम्न सुधारहरु गर्नुपर्ने लेखापरीक्षणबाट देखिएको छः

१. **राजस्व र व्ययको उत्तरदायित्व –** नेपालको अन्तरिम संविधान, २०६३ वको धारा ९३ मा अर्थमन्त्रीले राजस्व र व्ययको वार्षिक अनुमान व्यवस्थापिका–संसद समक्ष पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र सो खर्चअनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि पेश गर्नुपर्ने व्यवस्था छ । राजस्व र व्ययको यथार्थताप्रति संविधानले अर्थमन्त्रीलाई जिम्मेवार बनाएको सन्दर्भमा नेपभल सरकारको सञ्चितकोषको हिसाब निजबाट प्रमाणित हुने कानूनी व्यवस्था गर्नु आवश्यक छ ।

२. **वित्तीय विवरण र लेखामान** – नेपाल सरकारको २०६६।५।३० को निर्णयबाट सार्वजनिक क्षेत्रको नगदमा आधारित लेखापालनको लागि लेखामान स्वीकृत भएको छ भने अन्तर्राष्ट्रिय मुद्राकोषको सरकारी वित्तीय सूचना प्रणालीअनुरुप खर्चका शीर्षकहरु परिवर्तन भइसकेको छ । यी सबै परिस्थितिअनुकूल हुने गरी नेपाल सरकारको लेखा ढाँचामा समय सापेक्ष पुनरावलोकन हुन नसकेकोले वित्तीय विवरण तयारी र प्रस्तुतिकरणमा एकरुपता कायम हुन सकेको छैन । यसका लागि उक्त लेखामानअनुसार वित्तीय विवरण प्रस्तुतीकरण गर्ने ढाँचा तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **वैदेशिक सहायताको लेखापरीक्षण –** नेपाल सरकार र दातृ निकायबीच भएको सहयोग सम्झौताअनुसार कार्यान्वयन भएका आयोजनाहरुको लागि दातृ निकायले उपलब्ध गराएको सहायता रकम बजेटमा समावेश गरी ती आर्थिक कारोबारको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने कानूनी व्यवस्था छ । सबै प्रकारको सहायता बजेटमा समावेश गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गराउन सुझाउ दिइदै आएकोमा सुधार भएको छैन । महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउने गरी सम्झौता गर्ने तर लेखापरीक्षण नगराउने प्रवृत्ति पनि यथावत् छ । अतः सबै सहायता बजेटमा समावेश गरी सोको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण** – आर्थिक कारोबारबाट प्राप्त हुने प्रतिफल सुनिश्चित गर्न विभिन्न कानूनी, एवं नीतिगत व्यवस्था गरी आन्तरिक नियन्त्रणका विभिन्न उपायहरु अवलम्बन गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ मा कानूनी व्यवस्थाको परिपालना र सार्वजनिक स्रोतसाधनको सदुपयोग गर्दै प्रभावकारी सेवाप्रवाह गर्न नेपाल सरकारले विभिन्न कार्यविधि एवं निर्देशिका बनाई लागू गरेको छ तापनि आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनमा प्रभावकारिता आउन सकेको छैन । फलस्वरुप लेखापरीक्षण कार्यमा समेत कठिनाइ भएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनमा सबै निकायले गम्भीरता देखाउनु आवश्यक छ ।

५. **आन्तरिक लेखापरीक्षण** – आन्तरिक लेखापरीक्षणले कार्यालयमा हुने आम्दानी तथा खर्च र सोको लेखाङ्कन निर्धारित प्रक्रियाअनुरुप भए नभएको, वित्तीय साधनको उपयोग मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी रहे नरहेको, लक्ष्यअनुरुप प्रगति हासिल गरे नगरेको, वित्तीय प्रतिवेदनले आर्थिक कारोबारको सहि र यथार्थ चित्रण गरे नगरेको र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी भए नभएको लगायतका विषयमा परीक्षण गरी

अन्तिम लेखापरीक्षणलाई सहायता पुऱ्याउनुपर्दछ । आन्तरिक लेखापरीक्षणबाट तदनुरुप परीक्षण हुने नगरेकाले अन्तिम लेखापरीक्षण पनि नियमितताको परीक्षणमा नै केन्द्रित रहनुपरेको अवस्था छ । अत: संगठनात्मक संरचना, कानूनी व्यवस्था, क्षमता र पद्धति विकास गरी आन्तरिक लेखापरीक्षणलाई सुदृढ बनाइनुपर्दछ ।

६. **सामयिक लेखापरीक्षण –** महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेश गर्न साविकको लेखापरीक्षण पद्धति र प्रणालीले गर्दा ढिलाई हुँदा प्रतिवेदनमा उल्लिखित कतिपय व्यहोराहरु असान्दर्भिक भई सुधार गर्न नसकिने भएकोले लेखापरीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन गर्नु आवश्यक छ । लेखा तयारी र लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्ने समय अन्तर घटाउन, तथा सार्वजनिक लेखा समितिका सुझाव कार्यान्वयन गर्न पनि उत्तिकै आवश्यक छ । यसका लागि आर्थिक कारोबार भएको वर्षमै लेखापरीक्षण गर्न सबै सार्वजनिक निकायले आन्तरिक लेखापरीक्षण समयमै सम्पन्न गरी सामयिक लेखापरीक्षण कार्यमा सहयोग गर्ने वातावरण तयार गर्नुपर्ने देखिन्छ ।

७. **आयोजना लेखापरीक्षण –** दातृ संस्थाहरुको सहयोगमा सञ्चालित विकास आयोजनाको लेखापरीक्षण प्रतिवेदन तोकिएको समयमा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । यसका लागि समयमै आयोजना हिसाब तयार गरी लेखापरीक्षण गराउनुपर्दछ । आयोजना हिसाब तयार गरी लेखापरीक्षणका लागि समयमै पेश हुने नगरेकोले आयोजना लेखा प्रमाणित गरी लेखापरीक्षण प्रतिबेदन उपलब्ध गराउन ढिला हुने गरेको छ । समयमै आयोजना हिसाब तयार गरी लेखापरीक्षण गराउने व्यवस्था मिलाउनुपर्दछ ।

८. **संगठित संस्थाको लेखापरीक्षण –** संस्थाको कारोबारको लेखा राखी समयमा वित्तीय विवरण तयार गर्ने आन्तरिक नियन्त्रण सुदृढ गर्ने र लेखापरीक्षण गराउने जिम्मेवारी कार्यकारी प्रमुखमा रहने तथा लेखापरीक्षण प्रतिवेदनउपर जवाफ दिई वित्तीय विवरण प्रमाणित गर्ने जिम्मेवारी सञ्चालक समितिमा रहने व्यवस्था छ । उक्त प्रक्रिया पूरा हुन नसकेकोले कतिपय संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी हुन सकेको छैन । अत: सञ्चालक समितिलाई जिम्मेवार बनाई दायित्व पूरा नगर्ने उपर कारबाही हुनुपर्दछ ।

९. **संस्थागत जवाफदेही –** लेखापरीक्षण गराउने दायित्व सम्बधित निकायको हो । लेखापरीक्षणबाट माग भएका सूचना एवं विवरणहरु उपलब्ध नगराउने, लेखापरीक्षणको समयमा जिम्मेवार व्यक्ति उपस्थित नहुने, लेखापरीक्षणबाट औल्याएका व्यहोरा कानूनले तोकेको अवधिभित्र टुङ्गो नलगाउने प्रवृत्ति बढेको छ । आर्थिक प्रशासनलाई स्वच्छ र मर्यादित बनाउन कानूनले तोकेबमोजिम जवाफदेही भई जिम्मेवारी निर्वाह गर्नु गराउनुपर्ने देखिएको छ । मन्त्रालय, विभाग तथा कार्यालयहरुले महालेखापरीक्षकले स्वीकृत गरेको कार्यतालिकामा उल्लेख भएको समयावधिभित्र लेखापरीक्षणको लागि आर्थिक विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपलब्ध गराउने, लेखापरीक्षणको सिलसिलामा माग गरेको कागजात, स्रेस्ता एवं सूचनाहरु समयमै उपलब्ध गराएमा लेखापरीक्षण प्रभावकारी भई आर्थिक प्रशासन सबल एवं विश्वसनीय बनाउन सहयोग पुग्ने देखिन्छ ।

१०. **सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन –** महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोराउपर सार्वजनिक लेखा समितिमा छलफल भई निर्णय हुने गरेको छ । संविधानसभाको अवधि २०६९ जेष्ठ १४ मा समाप्त भएपछि सार्वजनिक लेखा समिति पनि कायम नरहेकोले प्रतिवेदनमा उल्लिखित व्यहोराउपर उक्त संसदीय समितिमा छलफल हुन नसक्ने अवस्था रहेकोले आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा भएको व्यवस्थाको कार्यान्वयन गरी बेरुजू फछ्यौंट गर्ने गराउनेतर्फ कार्यकारी निकाय स्वयं सक्रिय रहनु आवश्यक छ ।

११. **बेरुजू फछ्यौंट र सम्परीक्षण** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ अनुसार महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको पैंतीस दिनभित्र सम्बन्धित कार्यालयले फछ्यौंट गरी सम्परीक्षण गराउनुपर्ने र म्यादभित्र बेरुजू संपरीक्षण तथा

फछ्र्यौट गराउन नसक्ने भएमा म्याद थप माग गरी थप म्यादभित्र फछ्र्यौट गरी संपरीक्षण गराउनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुरुप बेरुजू फछ्र्यौट गर्ने नगरेकोले बेरुजूको परिमाण बर्षेनी बढ्दै गएको अवस्था छ । अत: कानूनले तोकेको म्यादभित्र फछ्यौट गर्नु गराउनु आवश्यक छ ।

१२. **अधिकांश स्वामित्वका संगठित संस्था –** नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग भएको अवस्थामा परामर्श दिने गरिएको छ । चालु अवस्थामा रहेका संस्थाहरुले पनि समयमा त्यस्तो परामर्श माग गरेका छैनन् । अर्थ मन्त्रालय तथा विषयगत मन्त्रालयबाट समेत लेखापरीक्षणबारे अनुगमन भएको छैन । नियमनकारी निकायबाट यी संस्थाको कामकारबाहीको अनुगमन गरी लेखापरीक्षण कार्य व्यवस्थित बनाइनुपर्दछ ।

१३. **लेखापरीक्षण समिति –** सार्वजनिक तथा निजी क्षेत्रका निकायमा लेखापरीक्षण समितिको व्यवस्था रहेको र कम्पनी ऐन, २०६३ मा पनि यस्तो समितिको व्यवस्था छ । अत: हरेक मन्त्रालयमा कार्यविवरणसहितको लेखापरीक्षण समिति गठन गर्न आवश्यक कानूनी व्यवस्था भएमा आर्थिक अनुशासन कायम गर्न र बेरुजू फछ्र्यौट गर्न सघाउ पुग्ने देखिन्छ ।

१४. **स्वतन्त्रता** – महालेखापरीक्षकलाई सुम्पिएको संवैधानिक जिम्मेवारी निर्वाह गर्नका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इण्टोसाई) को लिमा तथा मेक्सिको घोषणापत्रमा उल्लेख भएअनुसारको स्वतन्त्रता आवश्यक पर्दछ । महालेखापरीक्षकको कार्यालयको बजेट तथा कार्यक्रम स्वीकृति एवं कार्यान्वयनमा कार्यकारी निकायको स्वीकृति लिनुपर्ने अवस्था छ । यसबाट महालेखापरीक्षकको संवैधानिक स्वतन्त्रतामा सङ्कुचन भएको छ । तसर्थ उल्लिखित घोषणापत्र र लेखापरीक्षणको मान्यताअनुरुप स्वतन्त्रता सुनिश्चित हुनुपर्दछ ।

१५. **अन्तर्राष्ट्रिय प्रतिबद्धता –** इण्टोसाईले सरकारी लेखापरीक्षण सम्बन्धमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुका लागि अन्तर्राष्ट्रिय मानदण्ड (ईसाई) जारी गरेको सन्दर्भमा सोसंग एकरुपता हुने गरी कार्यालयले कार्यान्वयनमा ल्याएका लेखापरीक्षण मानदण्ड तथा क्षेत्रगत मार्गदर्शनहरु अद्यावधिक गरि कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । उक्त मानदण्ड तथा क्षेत्रगत मार्गदर्शन कार्यान्वयनका लागि परीक्षण सूची, फाराम तथा औजारहरु विकास गरी लेखापरीक्षण लाई थप विश्वसनीयता बनाउनुपर्ने आबश्यकता रहेको छ ।

१६. **कानूनी सुधार –** नेपाल लेखापरीक्षण सेवा सञ्चालनसम्बन्धी नियमावली तर्जुमा नभएको कारण यस सेवामा रहने पद र शैक्षिक योग्यतालगायतका विषय हालसम्म निश्चित हुनसकेको छैन । सेवामा रहने पद र शैक्षिक योग्यता किटान गरी सेवा सञ्चालन नियमावली तर्जुमा गर्नु आवश्यक भएको छ । महालेखापरीक्षकको संवैधानिक दायित्व निर्वाह गर्न सहयोगीको रुपमा काम गर्ने कर्मचारीहरु कार्यकारी निकायबाट स्वतन्त्र रहनुपर्ने मूलभूत मान्यता रहेको छ । निजामति सेवा ऐन, २०४९ बमोजिम नेपाल लेखापरीक्षण सेवाको गठन भएकोले कर्मचारीहरुले निजामती कर्मचारीको पहिचान प्राप्त भएको महसुस गरेका छन् तापनि लेखापरीक्षण कार्यमा संलग्न रहने कर्मचारीको नियुक्ति, बढुवालगायतका काम कारबाही कार्यकारी निकायबाट हुने कानूनी व्यवस्था भएको कारण महालेखापरीक्षकलाई आफ्नो दायित्व निर्वाहमा विगतमा रहिआएको स्वतन्त्रतामा समेत असर परेको छ । यसर्थ लेखापरीक्षण सेवाको संगठनात्मक संरचनाको निर्धारण तथा कर्मचारी दरबन्दी समायोजन, प्रशासन एवं मूल्याङ्कन गर्ने अधिकार महालेखापरीक्षकमा रहने गरी वर्तमान कानूनमा सुधार गर्नु आवश्यक छ ।

१७. **लेखापरीक्षण पद्धति –** कार्यालयले सबै निकायको कारोबारको लेखापरीक्षण गर्ने पद्धतिमा सुधार गरी उच्च जोखिम रहेका निकाय वा कारोबारको मात्र विस्तृत लेखापरीक्षण गर्ने जोखिममा आधारित लेखापरीक्षणको परिपाटी अवलम्बन गरेकोमा यसलाई अझै व्यवस्थित गर्दै लैजानुपर्ने देखिएको छ ।

१८. **राय सहितको अन्तिम प्रतिवेदन –** विगतमा नेपाल सरकारको सञ्चितकोष, आयोजना हिसाब, संगठित सँस्थाको वित्तीय प्रतिवेदन र केही जिल्ला विकास समितिको वित्तीय विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्ने गरिएकोमा यो वर्ष ८ निकायको केन्द्रीय लेखाउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ । आगामी दिनमा रायसहितको प्रतिवेदन दिने कार्यलाई विस्तार गर्नु आवश्यक देखिएको छ ।

१९. **गुणस्तर आश्वस्तता** – लेखापरीक्षण कार्य स्वीकृत नीति, मानदण्ड र कार्यबिधिअनुरुप भए नभएको मूल्याङ्कन गरी आश्वस्त हुन गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणाली अबलम्बन गरिएको छ । उक्त प्रणालीलाई समयानुकूल सुदृढ गर्दै लैजानुपर्ने आवश्यकता छ ।

२०. **रणनीतिक योजना** – यस कार्यालयको क्षमता अभिवृद्धिको लागि दोस्रो त्रिवर्षीय रणनीतिक योजना (सन् २०१३–२०१५) लागू भएको छ । महालेखापरीक्षकको स्वतन्त्रता सुदृढीकरण, लेखापरीक्षणको गुणस्तर सुधार, कर्मचारीको पेशागत क्षमता अभिवृद्धि, संगठनात्मक दक्षता विकास र लेखापरीक्षणको प्रभाव वृद्धि गर्ने सो योजनाको लक्ष्य रहेको छ । रणनीतिक योजना कार्यान्वयन गर्न कार्यालय भवन निर्माणसमेतको लागि रु.१ अर्ब १५ करोड ७ लाख खर्च हुने अनुमान छ । यसका लागि मल्टी डोनर ट्रष्ट फण्डबाट अमेरिकी डलर २३ लाख अनुदान सहायता प्राप्त भई सुदृढीकरण आयोजना सञ्चालनमा रहेको छ । रणनीतिक योजनाका सबै क्रियाकलाप कार्यान्वयनका लागि थप स्रोतसाधन आवश्यक रहेको छ ।

अनुसूचि

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क्र.सं.		मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१		**राष्ट्रपतिको कार्यालय**	**१**	**१**	**५६४८२**
	१.१	राष्ट्रपतिको कार्यालय	१	१	५६४८२
२		**उपराष्ट्रपतिको कार्यालय**	**१**	**१**	**१६६३**
	२.१	उपराष्ट्रपतिको कार्यालय	१	१	१६६३
३		**संविधान सभा व्यवस्थापिका संसद**	**१**	**१**	**३९४३०**
	३.१	व्यवस्थापिका–संसद सचिवालय	१	१	३९४३०
४		**सर्वोच्च अदालत**	**१०३**	**६७**	**१०३८७७**
	४.१	सर्वोच्च अदालत	१	१	२८९३
	४.२	पुनरावेदन अदालत	१७	१२	३७२६
	४.३	जिल्ला अदालत	७५	४८	९६८२५
	४.४	राजस्व न्यायधिकरण	४	२	११६
	४.५	प्रशासकीय अदालत	१	०	०
	४.६	श्रम अदालत	१	१	१५
	४.७	विशेष अदालत	१	०	०
	४.८	न्यायिक प्रशिक्षण प्रतिष्ठान	१	१	२१७
	४.९	फैसला कार्यान्वयन निर्देशनालय	१	१	६
	४.१०	संविधान सभा अदालत	१	१	७९
५		**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**	**१**	**१**	**०**
	५.१	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१	१	०
६		**महालेखापरीक्षकको कार्यालय**	**१**	**१**	**३०**
	६.१	महालेखापरीक्षकको कार्यालय	१	१	३०
७		**लोक सेवा आयोग**	**१५**	**१४**	**१७६५६**
	७.१	केन्द्रीय कार्यालय	१	१	१५७६२
	७.२	क्षेत्रीय कार्यालय	५	४	१७१०
	७.३	अञ्चल कार्यालय	८	८	१२४
	७.४	उपत्यका दरखास्त सङ्कलन केन्द्र	१	१	६०
८		**निर्वाचन आयोग**	**७६**	**६१**	**३९५९३२**
	८.१	निर्वाचन आयोग	१	१	३८४८३४
	८.२	जिल्ला निर्वाचन कार्यालय	७५	६०	११०९८
९		**महान्यायाधिवक्ताको कार्यालय**	**९२**	**५९**	**२३४२७**
	९.१	महान्यायाधिवक्ताको कार्यालय	१	१	५२४१
	९.२	पुनरावेदन सरकारी वकिल कार्यालय	१६	१३	१५५७
	९.३	जिल्ला सरकारी वकिल कार्यालय	७५	४५	१६६२९
१०		**न्यायपरिषद्**	**१**	**१**	**१४२५**
	१०.१	न्यायपरिषद्	१	१	१४२५
११		**राष्ट्रिय मानव अधिकार आयोग**	**९**	**८**	**६२४७**
	११.१	राष्ट्रिय मानव अधिकार आयोग	१	१	५८७३
	११.२	क्षेत्रिय कार्यालय	४	४	२२७

क्र.सं.	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
११.३	उप क्षेत्रिय कार्यालय	४	३	१४७
१२	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१०**	**१०**	**४१८८४६**
१२.१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	१	२२४२
१२.२	सार्वजनिक खरिद अनुगमन कार्यालय	१	१	४३५
१२.३	राष्ट्रिय सतर्कता केन्द्र	१	१	२४८
१२.४	सूचना प्रविधि आयोजना	१	१	०
१२.५	गरिवी निवारण कोष	१	१	४१४६०५
१२.६	क्षेत्रीय प्रशासन कार्यालय	५	५	१३१६
१३.	**अर्थ मन्त्रालय**	**१५८**	**१३४**	**३१६५७२०**
१३.१	मन्त्रालय	१	१	५८६१३
१३.२	महालेखा नियन्त्रक कार्यालय	१	१	७०२९७१
१३.३	विभागहरु	५	४	३७३८२३
१३.४	ऋण असुली न्यायाधिकरण	२	२	३५
१३.५	राजस्व अनुसन्धान इकाई	४	४	६१९०
१३.६	कौशी तोषाखाना कार्यालय	१	१	७६४
१३.७	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	१	१	०
१३.८	राजस्व प्रशासन तालिम केन्द्र	१	१	९७
१३.९	कोष तथा लेखा नियन्त्रक कार्यालय	७५	५५	१२१५४
१३.१०	आन्तरिक राजस्व कार्यालय तथा कर दाता सेवा केन्द्र	३६	३६	१६८३५८७
१३.११	भन्सार कार्यालय	३१	२८	३२७४८६
१४	**उद्योग मन्त्रालय**	**९७**	**८१**	**८०४६२**
१४.१	मन्त्रालय	१	१	१९८७
१४.२	विभाग	४	४	५४७४०
१४.३	गुणस्तर तथा नापतौल कार्यालय	९	५	२
१४.४	घरेलु तथा साना उद्योग कार्यालय	२७	२३	२७४५
१४.५	पेट्रोलियम अन्वेषण परियोजना	१	१	१०८४५
१४.६	घरेलु तथा साना उद्योग विकास समिति (केन्द्र)	१	१	५२६
१४.७	घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र	१	१	०
१४.८	भूकम्प मापन केन्द्र	१	०	०
१४.९	घरेलु तथा साना उद्योग विकास समिति	४७	४१	५०१३
१४.१०	कम्पनी रजिष्ट्रारको कार्यालय	१	१	१२७९
१४.११	केन्द्रीय कारागार कारखाना	१	१	६
१४.१२	औद्योगिक पूर्वाधार विकास कार्यक्रम	१	१	३३१९
१४.१३	ट्याक्सी टेम्पो इकाई	१	१	०
१४.१४	हेटौडा औद्योगित क्षेत्र व्यवस्थापन कार्यालय	१	०	०
१५	**ऊर्जा मन्त्रालय**	**५**	**५**	**२५६९०**
१५.१	मन्त्रालय	१	१	११३९
१५.२	विभाग	१	१	२४५४२
१५.३	आयोग	१	१	७
१५.४	योजना/आयोजना	२	२	२
१६.	**कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय**	**३**	**३**	**२८१३**
१६.१	मन्त्रालय	१	१	१३७०
१६.२	न्याय सेवा तालिम केन्द्र	१	१	१३३३
१६.३	नेपाल कानून सुधार आयोग	१	१	११०
१७.	**कृषि विकास मन्त्रालय**	**३४२**	**३१३**	**३१०५७२**

क्र.सं.	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१७.१	मन्त्रालय	१	१	२३११०६
१७.२	विभाग	३	३	४९३७
१७.३	व्यावसायिक कृषि तथा व्यापार आयोजना	१	१	६२४०
१७.४	उच्चमूल्य कृषि वस्तु बिकास आयोजना	१	१	६७
१७.५	राष्टिय कृषि अनुसन्धान तथा विकास कोष	१	१	९७७
१७.६	बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र	१	१	०
१७.७	कृषि सुचना तथा संचार केन्द्र	१	१	५१५
१७.८	कृषि तथा पशुसेवा निर्देशनालय (क्षेत्रीयसमेत)	२७	२५	१७८७३
१७.९	व्यावसायिक कृषि बिकास आयोजना	१	१	३५९६
१७.१०	कृषि बिकास योजना	१	१	०
१७.११	एकिकृत जलस्रोत व्यवस्थापन आयोजना	१	१	७६७८
१७.१२	साना तथा मझ्यौला कृषक आयस्तर बृद्धि आयोजना	१	१	१
१७.१३	उच्च पहाडी कृषि विकास तथा जीविकोपार्जन सुधार आयोजना	१	१	१७७७
१७.१४	सामुदायिक पशु विकास आयोजना	१	१	१३५९
१७.१५	एभिएन इनफ्लुएन्जा नियन्त्रण आयोजना	१	१	६७
१७.१६	कबुलियती बन तथा पशु बिकास कार्यक्रम	१	१	०
१७.१७	क्षेत्रीय खाद्य प्रबिधि तथा गुण नियन्त्रण कार्यालय	७	५	५५७
१७.१८	प्लान्ट, खाद्य तथा पशु क्वारेन्टाईन कार्यालय तथा चेकपोष्ट	२९	२५	२८१
१७.१९	कृषि तथा पशु सेवा तालिम केन्द्र	११	९	१३६
१७.२०	कृषि तथा पशु प्रवर्द्दन कार्यक्रम	६	५	८६८२
१७.२१	राष्ट्रिय तथा क्षेत्रीय प्रयोगशाला	२९	२३	५८
१७.२२	बागबानी बिकास केन्द्र	१७	१२	२०७६
१७.२३	तरकारी बिकास केन्द्र	९	९	१११२
१७.२४	मत्स्य बिकास केन्द्र	१०	९	४०५
१७.२५	रेशम खेती बिकास कार्यालय	११	११	०
१७.२६	जिल्ला कृषि बिकास तथा पशुसेवा कार्यालय	१५०	१४७	२१०१९
१७.२७	सप्तकोशी वाढी पिडित पुनर्स्थापना	१	१	०
१७.२८	सहकारी प्रशिक्षण केन्द्र तथा डिभिजन कार्यालय			
१७.२९	पशु प्रजनन् कार्यालय	७	६	११
१७.३०	पशु बिकास फार्म	११	९	४२
१८.	**गृह मन्त्रालय**	**८०९**	**३१७**	**१४१९९०९**
१८.१	मन्त्रालय	१	१	११२०९०
१८.२	राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गत कार्यालय	८१	१०	४४५५
१८.३	प्रहरी प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	३९८	१३४	९५४९३४
१८.४	सशस्त्र प्रहरी बल प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	१२४	४२	२२१८३३
१८.५	जिल्ला प्रशासन कार्यालय	७५	६९	७८३५४
१८.६	कारागार विभाग र अन्तर्गत कार्यालय	७६	४६	४१६४७
१८.७	अध्यागमन विभाग र अन्तर्गत कार्यालय	१०	३	२५५०
१८.८	इलाका प्रशासन कार्यालय	३०	७	२२७
१८.९	सीमा प्रशासन कार्यालय	१०	१	१
१८.१०	जुद्ध वारुणयन्त्र कार्यालय	१	१	४
१८.११	लागू औषध नियन्त्रण कार्यक्रम	१	१	३६२८
१८.१२	प्रहरी किताबखाना	१	१	२१
१८.१३	समरजंग कम्पनी	१	१	१६५

क्र.सं.		मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१९.		**परराष्ट्र मन्त्रालय**	**३८**	**३७**	**६५८४१८**
	१९.१	मन्त्रालय	१	१	१७८३३
	१९.२	विभाग	२	२	२४५३०५
	१९.३	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान	१	१	६
	१९.४	स्थायी नियोग र नेपाली राजदूतावास	३२	३२	३९५२४७
	१९.५	सीमा नापी टोली	२	१	२७
२०.		**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	**२८**	**१४**	**८३८६०**
	२०.१	मन्त्रालय	१	१	४३६२५
	२०.२	विभाग	१	१	१५२२१
	२०.३	पर्यटन पूर्वाधार विकास कार्यक्रम/आयोजना	१	१	१७३
	२०.४	पर्यटन कार्यालय	६	५	१५४१३
	२०.५	राष्ट्रिय अभिलेखालय	१	१	२०
	२०.६	क्षेत्रीय संग्रहालय	३	१	२५०
	२०.७	संग्रहालय	७	१	४
	२०.८	स्मारक संरक्षण र दरबार हेरचाह कार्यालय	५	२	१७०९
	२०.९	दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना	१	१	७४४५
	२०.१०	केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला	१	०	०
	२०.११	नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय	१	०	०
,२१		**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**	**२२५**	**१७६**	**५८१३७७**
	२१.१	मन्त्रालय	१	१	२७५९
	२१.२	विभाग	३	३	१७८७५
	२१.३	मालपोत कार्यालय	८३	७७	५२९४८६
	२१.४	नापी कार्यालय	८४	६३	२४३१४
	२१.५	भूमिसुधार कार्यालय	२१	१४	१६९४
	२१.६	आयोजना	२	२	४०७
	२१.७	महाशाखा	३	३	२५९३
	२१.८	भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	१	१	१००
	२१.९	एस्ट्रोनोमिकल कार्यालय	१	१	१४२९
	२१.१०	सुकुम्बासी समस्या समाधान आयोग	१	१	६९३
	२१.११	सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति	२५	१०	२७
२२.		**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**	**१२५**	**१००**	**५३५५९३५**
	२२.१	मन्त्रालय	१	१	२२
	२२.२	विभाग	३	३	६४९२११
	२२.३	क्षेत्रीय सडक कार्यालय	५	५	६३६०६
	२२.४	डिभिजन सडक कार्यालय	२५	२५	११५०८०९
	२२.५	यान्त्रिक तालिम केन्द्र	१	१	८९०
	२२.६	केन्द्रीय सडक प्रयोगशाला	१	०	०
	२२.७	यातायात व्यवस्था कार्यालय	१७	८	२४४०
	२२.८	हेभी इक्विप्मेन्ट डिभिजन	६	४	३९४
	२२.९	यान्त्रिक कार्यालय	९	१	३
	२२.१०	सडक आयोजना	५७	५२	३४८८५६०
२३.		**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**	**८६**	**८४**	**६३२२२**
	२३.१	मन्त्रालय	१	१	१५५०८
	२३.२	राष्ट्रिय महिला आयोग	१	१	६८३

क्र.सं.	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
२३.३	महिला तथा बालबालिका विभाग	१	१	५८९
२३.४	महिला तथा बालबालिका कार्यालय	७५	७३	३६९४३
२३.५	समाज कल्याण केन्द्र	५	५	०
२३.६	महिला सशक्तिकरण तथा लैंगिक समानता आयोजना	१	१	८२५
२३.७	केन्द्रीय बाल कल्याण समिति	१	१	८१९६
२३.८	बाल न्याय समन्वय समिति सचिवालय	१	१	४७८
२४	**युवा तथा खेलकुद मन्त्रालय**	**१**	**१**	**१०२५**
२४.१	मन्त्रालय	१	१	१०२५
२५.	**रक्षा मन्त्रालय**	**२५९**	**२४**	**१२५६१५३**
२५.१	मन्त्रालय	१	१	०
२५.२	सुरक्षा परिषद्	१	०	०
२५.३	विभाग	९	२	६४७०२५
२५.४	महानिर्देशनालय	३	२	१४५९८०
२५.५	निर्देशनालय	९	१	१३४१५०
२५.६	पृतना	६	०	०
२५.७	महाशाखा	६	०	०
२५.८	बाहिनी	१७	२	०
२५.९	गण	९१	७	०
२५.१०	गुल्म	४६	२	०
२५.११	नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेज	१	१	०
२५.१२	नेपाली सैनिक प्रतिष्ठान	१	०	०
२५.१३	शिक्षालय	१२	०	०
२५.१४	अन्य कार्यालय	५६	६	३२८९९८
२६.	**वन तथा भू–संरक्षण मन्त्रालय**	**१८७**	**१६६**	**३६०७७९**
२६.१	मन्त्रालय	१	१	१३४९८
२६.२	विभाग	५	५	१२२६२१
२६.३	क्षेत्रीय निर्देशनालय	५	२	३
२६.४	केन्द्रीयस्तरका आयोजना	७	५	५०५५
२६.५	तालिम केन्द	६	३	४१५
२६.६	वनस्पति विभाग अन्तर्गतका कार्यालय	७	५	१५७
२६.७	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका कार्या	१७	१६	४२०२६
२६.८	जिल्ला वन कार्यालय	७४	७३	१६४८९८
२६.९	तराई सिवालिका र जिल्ला बन समन्वय समितिका कार्यालय	९	४	१०२
२६.१०	भू–संरक्षण विभागअन्तर्गतका कार्यालय	५६	५२	१२००४
२७.	**वाणिज्य तथा आपूर्ति मन्त्रालय**	**७**	**५**	**६३**
२७.१	मन्त्रालय	१	१	०
२७.२	विभाग	१	१	०
२७.३	कार्यालय	५	३	६३
२८.	**विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय**	**१२**	**१२**	**१५४२८९**
२८.१	मन्त्रालय	१	१	२००
२८.२	जल तथा मौसम विज्ञान विभाग	१	१	१३०३
२८.३	बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र	१	१	१४९३८९
२८.४	राष्ट्रिय सूचना प्रविधि केन्द्र	१	१	२९४९
२८.५	वि.पि.कोइराला प्लानेटोरियम तथा अब्जरभेटरी संग्रहालय	१	१	१०१०
२८.६	बेसिन कार्यालयहरु	३	३	०

क्र.सं.	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
२८.७	क्षेत्रिय हावापानी कार्यालय	३	३	६०
२८.८	प्रमाणिकरण नियन्त्रकको कार्यालय	१	१	१७८
२९	**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**	**१६**	**१३**	**१११११५**
२९.१	मन्त्रालय	१	१	१२८३९
२९.२	सचिवालय/आयोजना/कार्यालय	७	७	९४३४९
२९.३	शिविर व्यवस्थापन समन्वयकर्ताको कार्यालय	१	१	३०५
२९.४	स्थानीय शिविर व्यवस्थापन कार्यालय	७	४	३६२२
३०	**शिक्षा मन्त्रालय**	**१४१**	**१२६**	**३२७२७४३**
३०.१	मन्त्रालय	१	१	४७०५४
३०.२	विभाग	१	१	२२६३०
३०.३	क्षेत्रीय शिक्षा निर्देशनालय	५	३	४३१
३०.४	जिल्ला शिक्षा कार्यालय	७५	७५	३१७२५२०
३०.५	परीक्षा नियन्त्रण कार्यालय	१	१	०
३०.६	पाठ्यक्रम विकास केन्द्र	१	१	२२८८
३०.७	शिक्षा सेवा आयोग	१	१	३६५४
३०.८	शिक्षक किताबखाना	१	१	२११
३०.९	केशर पुस्तकालय	१	१	०
३०.१०	राष्ट्रिय पुस्तकालय	१	०	०
३०.११	अनौपचारिक शिक्षा केन्द्र	१	१	८४९
३०.१२	शिक्षाको लागि खाद्य कार्यक्रम (परियोजना)	१	१	११४३५
३०.१३	शिक्षाको लागि खाद्य कार्यक्रम इकाई	१४	९	२३९
३०.१४	शैक्षिक तालिम केन्द्र र उपकेन्द्र	३४	२७	५३४२
३०.१५	शैक्षिक जनशक्ति विकास केन्द्र	१	१	४९८३
३०.१६	रोजगारीका लागि सीप परियोजना	१	१	३
३०.१७	व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना	१	१	११०४
३१	**श्रम तथा रोजगार मन्त्रालय**	**३७**	**२९**	**२०६६२**
३१.१	मन्त्रालय	१	१	०
३१.२	विभागहरु	२	१	३०४६
३१.३	सामाजिक सुरक्षा कोषको सचिवालय	१	१	०
३१.४	श्रम कार्यालय	१०	७	२७३
३१.५	रोजगार सूचना केन्द्र	२	१	०
३१.६	व्यावसायिक तथा शिप विकास तालिम केन्द्र	१६	१४	१७२६
३१.७	व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य संरक्षण आयोजना	१	१	३९
३१.८	रोजगार अनुमती प्रणाली	१	१	९१९
३१.९	बैदेशिक रोजगार न्यायधिकरण	१	०	०
३१.१०	बैदेशिक रोजगार प्रवर्धन बोर्ड	१	१	१४५७३
३१.११	राष्ट्रिय स्तरको कल्याणकारी कोषको सचिवालय	१	१	८६
३२.	**सामान्य प्रशासन मन्त्रालय**	**२**	**२**	**२६९१**
३२.१	मन्त्रालय	१	१	२६६६
३२.२	निजामती किताबखाना	१	१	२५
३३	**सिंचाई मन्त्रालय**	**११६**	**११६**	**११८५६४६**
३३.१	मन्त्रालय	१	१	०
३३.२	विभागहरु	२	२	७००
३३.३	क्षेत्रीय निर्देशनालय	५	५	७६९५
३३.४	सिंचाई विकास डिभिजन र सवडिभिजन	४६	४६	२७९३१०

क्र.सं.	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३३.५	सिंचाई व्यवस्थापन डिभिजन	८	८	५२७८७
३३.६	यान्त्रिक डिभिजन कार्यालय	४	४	८०१४
३३.७	भूमिगत जलस्रोत विकास समिति,फिल्ड कार्यालय र आयोजना	१३	१३	१३८६
३३.८	सिचाई विभाग अर्न्तगतका योजना/आयोजना	१५	१५	७७२८५९
३३.९	जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन तथा सव–डिभिजन	१२	१२	५७५६५
३३.१०	जनताको तटवन्ध कार्यक्रम, संयोजक तथा फिल्ड कार्यालय	८	८	५२१७
३३.११	सप्तकोशी कटान डुवान सम्वन्धि समस्या समाधान सुझाव समिति	१	१	७७
३३.१२	सम्पर्क भु–आर्जन कार्यालय	१	१	३६
३४.	**सूचना तथा सञ्चार मन्त्रालय**	**९६**	**५३**	**१६८०७९०**
३४.१	मन्त्रालय	१	१	१५५६६२३
३४.२	विभाग	३	३	८५६६३
३४.३	क्षेत्रीय निर्देशनालय	५	३	३८६७
३४.४	गोश्वारा हुलाक कार्यालय	१	१	३२५
३४.५	जिल्ला हुलाक कार्यालय	७४	३७	१०३४६
३४.६	सञ्चार केन्द्र	५	२	१०
३४.७	फिलाटेलिक व्यूरो	१	०	०
३४.८	केन्द्रीय धनादेश कार्यालय	१	१	१५
३४.९	केन्द्रीय टिकट भण्डार	१	१	१३
३४.१०	हुलाक प्रशिक्षण केन्द्र	१	१	७४
३४.११	सासेक सुचना राजमार्ग आयोजना	१	१	२३७९७
३४.१२	राष्ट्रिय सूचना आयोग	१	१	५२
३४.१३	न्यूनतम पारिश्रमिक निर्धारण समिति	१	१	५
३५.	**शहरी विकास मन्त्रालय**	**११७**	**१०५**	**१९८०७१९**
३५.१	मन्त्रालय	१	१	०
३५.२	विभाग	२	२	४६७९४
३५.३	शहरी विकास तथा भवन निर्माण डिभिजन	२४	२४	५१८५६९
३५.४	खानेपानी डिभिजन र सव–डिभिजन	७०	६१	२०९३५७
३५.५	क्षेत्रिय सुपरिवेक्षण तथा अनुगमन कार्यालय	५	५	१७३१९
३५.६	भवन प्रविधी अनुसन्धान तथा तालिम केन्द्र	१	१	५४९
३५.७	केन्द्रीय जनसाधन विकास इकाई	१	०	०
३५.८	आयोजना/कार्यक्रम	५	४	२०५३५०
३५.९	महेन्द्रनारायण निधी स्मृति प्रतिष्ठान	१	०	०
३५.१०	आयोजना कार्यान्वयन निर्देशनालय(खानेपानी)	१	१	२८६१०१
३५.११	मेलम्ची खानेपानी विकास समिति	१	१	४५७८०९
३५.१२	साना शहरी खानेपानी आयोजना	१	१	३११७३
३५.१३	भवन निर्माण संभार डिभिजन	१	१	३२२४
३५.१४	सिंहदरवार सचिवालय पुन:निर्माण समिति	१	१	५१९६
३५.१५	अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति	१	१	१९८४७७
३५.१६	संयुक्त राष्ट्रसंघ पार्क विकास समिति	१	१	८०१
३६.	**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**	**२१४**	**२०७**	**३५२००७६**
३६.१	मन्त्रालय	१	१	१५९२२
३६.२	विभाग	१	१	१७८६९३
३६.३	राष्ट्रिय दलित आयोग	१	१	१०६९
३६.४	गुम्बा व्यवस्था तथा विकास समिति	१	१	५१४९
३६.५	दुर्गम क्षेत्र विकास समिति	१	१	१५२

क्र.सं.	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
३६.६	आदिबासी जनजाति उत्थान प्रतिष्ठान	१	१	७८६१
३६.७	उपेक्षित,उत्पीडित र दलितवर्ग उत्थान विकास समिति	१	१	३३६६
३६.८	पिछडिएको समुदाय उत्थान विकास समिति	१	१	१५
३६.९	बादी समुदाय उत्थान विकास समिति	१	०	०
३६.१०	राष्ट्रिय मुस्लिम आयोग	१	०	०
३६.११	केन्द्रीयस्तरका आयोजना तथा कार्यक्रम	११	९	७५५०६
३६.१२	स्थानीय निकाय वित्तीय आयोग	१	१	१२५६
३६.१३	जिल्ला प्राविधिक कार्यालय	७४	७३	७१३६०
३६.१४	जिल्ला विकास समितिको कार्यालय	७३	७३	२८२६४६०
३६.१५	जिल्ला स्थित अन्य कार्यालय	४५	४३	३३३२६७
३७.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	**१८६**	**१७०**	**१५००४२८**
३७.१	मन्त्रालय	१	१	९३२
३७.२	विभाग	३	३	१११५६९५
३७.३	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र	१	१	५२४१
३७.४	राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला	१	१	४३००
३७.५	राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र	२	२	१२६५७८
३७.६	राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र	१	१	७७४७४
३७.७	पशुपति होमियो चिकित्सालय	१	१	०
३७.८	राष्ट्रिय औषधि प्रयोगशाला	१	१	०
३७.९	युनानी औषधालय	१	१	०
३७.१०	क्षेत्रीय स्वास्थ्य निर्देशनालय	५	५	२९६५
३७.११	क्षेत्रीय मेडिकल स्टोर	५	५	०
३७.१२	केन्द्रीय तथा क्षेत्रीय तालिम केन्द्र	६	६	१३६४
३७.१३	उप–क्षेत्रीय तालिम केन्द्र	१	१	२०४
३७.१४	जिल्ला स्वास्थ्य तथा जनस्वास्थ्य कार्यालय	७५	७५	१६०७८२
३७.१५	प्राथमिक स्वास्थ्य केन्द्र	४	३	८६७
३७.१६	अञ्चल तथा जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र	७५	६०	४०१४
३७.१७	औषधी व्यवस्था शाखा कार्यालय	३	३	१२
३८	**सहकारी तथा गरिवी निवारण मन्त्रालय**	**५२**	**४९**	**६०६२**
३८.१	सहकारी तथा गरिवी निवारण मन्त्रालय	१	१	०
३८.२	सहकारी विभाग	१	१	०
३८.३	सहकारी प्रशिक्षण केन्द्र तथा डिभिजन कार्यालय	३९	३६	५७४२
३८.४	पश्चिम उच्चपहाडी गरिवी निवारण आयोजना	११	११	३२०
३९.	**राष्ट्रिय योजना आयोगको सचिवालय**	**३६**	**२२**	**८२२४५**
३९.१	राष्ट्रिय योजना आयोग	१	१	१२०३४
३९.२	केन्द्रीय तथ्याङ्क विभाग	१	१	६९५०८
३९.३	राष्ट्रिय विकास स्वयंसेवक सेवा	१	१	२४४
३९.४	शाखा तथ्याङ्क कार्यालय	३३	१९	४५९
	जम्मा	**३७०६**	**२५८९**	**२७९४८४७९**
बक्यौतातर्फ		**२**	**१**	**२११३५**
१	**रक्षा मन्त्रालय**	**१**	**०**	**०**
१.१	कार्यालय	१	०	०
२	**संघीय मामिला तथा स्थानीय विकास**	**१**	**१**	**२११३५**
२.१	जिल्ला प्राविधिक कार्यालय	१	१	२११३५
	कुल जम्मा	**३७०८**	**२५९०**	**२७९६९६१४**

अनुसूची – १(क)

(प्रतिवेदनको परिच्छेद १ को दफा ३ र ४ सँग सम्वन्धित)

लेखापरीक्षण गरिएका संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समितिहरुकोविवरण

क्र. सं.	संस्थाको नाम	संख्या
१.	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**९**
	१.१ नेपाल ट्रष्टको कार्यालय	१
	१.२ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	१
	१.३ प्रधानमन्त्री सहायता कोष	१
	१.४ प्रधानमन्त्री राहत कोष	१
	१.५ क्षेत्रिय दैवि प्रकोप उद्धार कोष	५
२.	**अर्थ मन्त्रालय**	**८**
	२.१ कर्मचारी सञ्चय कोष	१
	२.२ नागरिक लगानी कोष	१
	२.३ नेपाल राष्ट्र बैंक	१
	२.४ राष्ट्रिय बाणिज्य बैंक	१
	२.५ नेपाल धितोपत्र बोर्ड	१
	२.६ युवा तथा साना व्यावसायी स्वरोजगार कोष	२
	२.७ बीमा समिति	१
३.	**उद्योग मन्त्रालय**	**१०**
	३.१ नेपाल औषधी लिमिटेड	१
	३.२ सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	१
	३.३ औद्योगिक व्यावसाय विकास प्रतिष्ठान	१
	३.४ हेटौंडा सिमेण्ट उद्योग लिमिटेड	१
	३.५ केन्द्रीय कारागार कोष	१
	३.६ घरेलु तथा साना उद्योग विकास कोष	१
	३.७ घरेलु तथा साना उद्योग विकास समिति, ऋण लगानी कोष	१
	३.८ घरेलु तथा साना उद्योग विकास समिति, कर्मचारी घर जग्गा सापटी कोष	१
	३.९ घरेलु तथा साना उद्योग विकास समिति, रिभल्विङ्ग फण्ड	१
	३.१० हस्तकला प्रबर्द्धन केन्द्र ललितपुर	१
४.	**ऊर्जा मन्त्रालय**	**२**
	४.१ जल विद्युत लगानी तथा विकास कम्पनी	१
	४.२ नेपाल विद्युत प्राधिकरण	१
५.	**कानून तथा न्याय मन्त्रालय**	**३**
	५.१ कानून किताब व्यवस्था समिति	१
	५.२ केन्द्रीय कानून पुस्तकालय विकास समिति	१
	५.३ मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	१
६.	**कृषि विकास मन्त्रालय**	**२१**
	६.१ कृषि सामाग्री कम्पनी लिमिटेड	१
	६.२ दुग्ध विकास संस्थान	१
	६.३ राष्ट्रिय वीउ वीजन कम्पनी लिमिटेड	१
	६.४ उष्ण प्रदेशीय वागवानी केन्द्र, (दोहोरो मार्ग)	१
	६.५ कपास विकास समिति	१
	६.६ कमर्सियल एग्रीकल्चर एलायन्स	१
	६.७ कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति	१
	६.८ कृषि अनुसन्धान तथा विकास कोष (कार्य सञ्चालन कोष)	१
	६.९ कृषि सूचना तथा सञ्चार केन्द्र	१
	६.१० चन्द्रडाँगी वीउ वीजन तथा दुग्ध विकास समिति	१
	६.११ नेपाल कृषि अनुसन्धान परिषद्	१
	६.१२ नेपाल पशु चिकित्सा परिषद्	१
	६.१३ पशु आहार उत्पादन विकास समिति	१
	६.१४ पशु विकास फार्म (दोहोरो मार्ग)	१
	६.१५ उखु तथा चिनी विकास समिति	१
	६.१६ पशु विकास फार्म (कार्यसञ्चालन कोष)	१
	६.१७ मत्स्य विकास केन्द्र, (दोहोरो मार्ग)	१
	६.१८ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१
	६.१९ राष्ट्रिय दुग्ध विकास बोर्ड	१
	६.२० राष्ट्रिय सहकारी विकास बोर्ड	२
७.	**गृह मन्त्रालय**	**७८**
	७.१ केन्द्रीय दैवी प्रकोप उद्धार समिति	१
	७.२ जिल्ला दैवी प्रकोप उद्धार समिति	७५
	७.३ प्रहरी कल्याण कोष	१
	७.४ सशस्त्र प्रहरी वल कल्याण कोष	१
८.	**सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	**३३**
	८.१ नेपाल नागरिक उड्डयन प्राधिकरण	१
	८.२ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१
	८.३ नेपाल वायु सेवा निगम	१
	८.४ पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति	१
	८.५ वायुयान सञ्चालन कोष	१
	८.६ राष्ट्रिय ताल संरक्षण विकास समिति	१
	८.७ रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति	१
	८.८ नेपाल पर्यटन वोर्ड	१

क्र. सं.	संस्थाको नाम	संख्या
	८.९ तारागाउ विकास समिति	२
	८.१० नेपाल प्रज्ञाप्रतिष्ठान	१
	८.११ नेपाल ललितकला संस्था	१
	८.१२ नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान	१
	८.१३ पशुपति क्षेत्र विकास कोष	१
	८.१४ पाटन संग्रहालय विकास समिति	१
	८.१५ पाथिभरा क्षेत्र विकास समिति	१
	८.१६ बुढानिलकण्ठ क्षेत्र विकास समिति	१
	८.१७ बौद्धनाथ क्षेत्र विकास समिति	१
	८.१८ वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्	१
	८.१९ मनकामना क्षेत्र विकास समिति	१
	८.२० लुम्बिनी विकास कोष	१
	८.२१ मेची पर्यटन विकास समिति	१
	८.२२ खप्तड क्षेत्र पर्यटन विकास समिति	३
	८.२३ कर्णाली क्षेत्र पर्यटन विकास समिति	२
	८.२४ हनुमानढोका दरवार संग्रहालय विकास समिति	१
	८.२५ हलेसी महादेवस्थान विकास समिति	२
	८.२६ पर्यटन वर्ष २०११ को सचिवालय	१
	८.२७ नेपाल वेद विद्याश्रम संस्कृत माध्यामिक विद्यलय	१
	८.२८ राष्ट्रिय अभिलेखालय कार्य संचालन कोष	१
९.	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**	**१**
	९.१ गुठी संस्थान	१
१०.	**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**	**७**
	१०.१ नेशनल कन्ष्ट्रक्सन कम्पनी नेपाल लिमिटेड	१
	१०.२ सडक बोर्ड नेपाल	१
	१०.३ नेपाल रेलवे कंपनी	५
११.	**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**	**५**
	११.१ वृद्ध कल्याण कोष	१
	११.२ राष्ट्रिय अपाङ्ग सहायता कोष	१
	११.३ राष्ट्रिय स्वास्थ्योपचार सहायता कोष	१
	११.४ समाज कल्याण परिषद्	१
	११.५ अन्तर्राष्ट्रिय धर्मपुत्र धर्मपुत्री विकास समिति	१
१२.	**युवा तथा खेलकुद मन्त्रालय**	**१**
	१२.१ राष्ट्रिय खेलकुद परिषद्	**१**
१३.	**रक्षा मन्त्रालय**	**७**
	१३.१ नेपाली सैनिक, कल्याणकारी कोष	१
	१३.२ नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति	१
	१३.३ बहु व्यवसाय उद्योग	१
	१३.४ बसुन्धरा क्यान्टिन	१
	१३.५ वीरेन्द्र अस्पताल, मेन्टिनेन्स फण्ड	१
	१३.६ स्वयम्भू बारुदखाना	१
	१३.७ सुनाचुरी इमल्सन प्लाण्ट	१

क्र. सं.	संस्थाको नाम	संख्या
१४.	**वन तथा भू–संरक्षण मन्त्रालय**	**३२**
	१४.१ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	१
	१४.२ जिल्ला वन पैदावार आपूर्ति समिति	२८
	१४.३ वन पैदावार विकास समिति	१
	१४.४ राष्ट्रिय प्रकृति संरक्षण कोष	१
	१४.५ दि टिम्वर कर्पोरेशन अफ नेपाल	१
१५.	**बाणिज्य तथा आपूर्ति मन्त्रालय**	**३**
	१५.१ नेशनल ट्रेडिङ्ग लिमिटेड	२
	१५.२ नेपाल इन्टरमोडल यातायात विकास समिति	१
	१५.३ व्यापार तथा निकासी प्रबर्द्धन केन्द	१
	१५.४ नेपाल खाद्य संस्थान	२
	१५.५ नेपाल पारवाहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	३
१६.	**विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय**	**२**
	१६.१ वातावरण संरक्षण कोष	१
	१६.२ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति	१
	१६.३ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	१
१७.	**शिक्षा मन्त्रालय**	**२४८**
	१७.१ जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	१
	१७.२ उच्च माध्यमिक शिक्षा परिषद्	१
	१७.३ छात्रा शिक्षा कोष	१
	१७.४ जिल्ला शिक्षा कोष	७५
	१७.५ नेपाल संस्कृत विश्वविद्यालय	२२
	१७.६ पोखरा विश्वविद्यालय	४
	१७.७ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	१
	१७.८ विश्वविद्यालय अनुदान आयोग	१
	१७.९ विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	१
	१७.१० मध्यपश्चिम विश्वविद्यालय	
	१७.११ सुदुरपश्चिम विश्वविद्यालय	
	१७.१२ कृषि तथा बन विश्वविद्यालय	
	१७.१३ लुम्बिनी बौद्ध विश्वविद्यालय	२
	१७.१४ स्वप्न बगैचा विकास समिति	१
	१७.१५ त्रिभुवन विश्वविद्यालय	१३६
	१७.१६ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१
	१७.१७ दोश्रो उच्च शिक्षा परियोजना कार्यान्वयन इकाई	१
१८.	**सामान्य प्रशासन मन्त्रालय**	**३**
	१८.१ निजामती कर्मचारी अस्पताल	१
	१८.२ कर्मचारी प्रशिक्षण प्रतिष्ठान	१
	१८.३ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१
१९.	**सूचना तथा सञ्चार मन्त्रालय**	**१३**
	१९.१ गोरखापत्र संस्थान	२
	१९.२ नेपाल दूरसञ्चार प्राधिकरण	१

क्र. सं.	संस्थाको नाम	संख्या
	१९.३ नेपाल टेलिभिजन	१
	१९.४ राष्ट्रिय समाचार समिति	१
	१९.५ चलचित्र विकास बोर्ड	१
	१९.६ प्रेस काउन्सिल	१
	१९.७ पत्रकार कल्याण कोष	१
	१९.८ केन्द्रीय धनादेश	१
	१९.९ रेडियो प्रसार सेवा विकास समिति	१
	१९.१० हुलाक बचत बैङ्क	१
	१९.११ कार्य संचालन कोष	२
२०.	**शहरी विकास मन्त्रालय**	**४५**
	२०.१ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१
२१.	**संघिय मामलिा तथा स्थानीय विकास मन्त्रालय**	**८३**
	२१.१ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	९
	२१.२ स्थानीय विकास शुल्क कोष	१
	२१.३ स्थानीय विकास कोष	६५
२२.	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	**११६**
	२२.१ अञ्चल अस्पताल विकास समिति	११
	२२.२ अस्पताल विकास समिति र अन्य अस्पताल	७०
	२२.३ आयुर्वेवेद औषधालय नरदेवी	१
	२२.४ कान्ति बाल अस्पताल विकास समिति	१
	२२.५ किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र	१
	२२.६ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान	१
	२२.७ नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	१
	२२.८ परोपकार तथा स्त्री रोग अस्पताल विकास समिति	१

क्र. सं.	संस्थाको नाम	संख्या
	२०.२ अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति	१
	२०.३ ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	१
	२०.४ जग्गा विकास चक्रकोष	१
	२०.५ दक्षिणकाली क्षेत्र प्रबन्ध विकास समिति	१
	२०.६ नगर विकास समिति	३७
	२०.७ खानेपानी महसुल निर्धारण आयोग	१
	२०.८ फोहरमैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्र	१
	२०.९ सिंहदरबार सचिवालय पुन:निर्माण समिति	१

	२२.९ पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२२.१० बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२२.११ बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१
	२२.१२ मानसिक अस्पताल	१
	२२.१३ शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र	१
	२२.१४ शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल	१
	२२.१५ सिंहदरबार बैद्यखाना विकास समिति	१
	२२.१६ स्वास्थ्य कर कोष	१
	२२.१७ स्वास्थ्य तालिम कार्यसञ्चालन कोष र अन्य	१६
	२२.१८ क्षेत्रीय अस्पताल विकास समिति	४
	२२.१९ राष्टि क्षय रोग केन्द्र	१
२३.	**जिल्ला विकास समिति**	**७३**
	कुल जम्मा:	**७९३**

अनुसूची – १(ख)

(प्रतिवेदनको परिच्छेद १ दफा ६ सँग सम्वन्धित)

कार्यमूलक लेखापरीक्षण

क्र.स.	बिषय र क्षेत्र	मन्त्रालय/कार्यालय
	प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	
१.	गरिबी निवारण कोषको प्रभावकारीता (२०६७६८)	गरिबी निवारण कोष सिन्धुली, सिरहा, रौतहट, प्यूठान, डडेलधुरा
	अर्थ मन्त्रालय	
२.	अन्तःशुल्क असुली र अभिलेख व्यवस्थापन	आन्तरीक राजश्व कार्यालय. चितवन र मकवानपुर
३.	भन्सार मूल्य घोषणा र जाँचपास प्रक्रिया	विराटनगर भन्सार कायालय, रानी, मोरङ्ग
४.	सुपरीवेक्षण व्यवस्था	नेपाल राष्ट्र बैंक
	उद्योग मन्त्रालय	
५.	समिति, बोर्ड एवं कोषको सन्चालक समिति गठन तथा कार्य सम्पादन स्थिति	मन्त्रालय अर्न्तगतका घरेलु तथा साना उद्योग बिकास समिति, औद्योगिक व्यवसाय बिकास प्रतिष्ठान, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक बिकास केन्द्र
	ऊर्जा मन्त्रालय	
६.	विद्युत उत्पादन अनुमति मूल्याङ्कन स्थिति	विद्युत विकास विभाग, अनामनगर,काठमाण्डौं
	कृषि विकास मन्त्रालय	
७.	आयोजना कार्यान्वयन स्थिति	व्यावसायीक कृषि विकास तथा व्यापार प्रवर्द्धन आयोजना (मन्त्रालय)
८.	आयोजना व्यवस्थापन मूल्याङ्कन	एकिकृत जलश्रोत व्यवस्थापन आयोजना (कृषि तर्फ), सानेपा
	गृह मन्त्रालय	
९.	कार्यसम्पादन व्यवस्था मूल्याङ्कन	सशस्त्र प्रहरी, झापा, वारा र रुपन्देही, जिल्लास्थित निकायहरु
१०.	कार्यसम्पादन व्यवस्था मूल्याङ्कन	नेपाल प्रहरीका झापा, वारा र रुपन्देही, जिल्लास्थित निकायहरु
	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	
११.	रजिष्ट्रेशन प्रयोजनकालागि जग्गाको मूल्याङ्कन प्रक्रिया तथा कार्यसम्पादन स्थिति मूल्याङ्कन	मालपोत कार्यालय डिल्लीवजार र मोरंग जिल्लाका मालपोत कार्यालयहरु बेलवारी र विराटनगर
१२.	भू सूचना तथा अभिलेख व्यवस्था	भू सूचना तथा अभिलेख व्यवस्था विभाग
	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	
१३.	कार्यसम्पादन स्थितिको मूल्याङ्कन	डिभिजन सडक कार्यालय, काठमाडौ
१४.	पुल निर्माण कार्यको छनौट तथा कार्यान्वयन स्थिति मूल्याङ्कन	डिभिजन सडक कार्यालय, बुटवल र झापा
	शिक्षा मन्त्रालय	
१५.	अनौपचारिक शिक्षा कार्यक्रम मूल्याङ्कन	अनौपचारीक शिक्षा केन्द्र , सानोठीमी, भक्तपुर
१६.	शैक्षिक प्रभाकारिता मूल्याङ्कन	जिल्ला शिक्षा कार्यालय, मोरङ वारा, स्याङजा, वांके, कञ्चनपुर
	श्रम तथा रोजगार यातायात मन्त्रालय	
१७.	वैदेशिक रोजगार प्रवर्धनको अवस्था	वैदेशिक रोजगार प्रवर्धनको अवस्था
	सिंचाई मन्त्रालय	
१८.	आयोजना कार्यान्वयन एवं कार्यसम्पादन स्थिति	बबई सिंचाइ आयोजना र बबई राजापूर सिंचाई व्यवस्थापन डिभिजन, वर्दिया
१९.	जलस्रोत विकास समितिको कार्यसम्पादन स्थिति	भूमीगत जलस्रोत विकास समितिको कार्यालय, भैरहवा र दांग
२०.	आयोजना छनौट तथा कार्यान्वयन स्थिति	जलउत्पन्न प्रकोप नियन्त्रण विभागबाट सञ्चालित नदी नियन्त्रण आयोजना, पुल्चोक, ललितपुर
	स्थानीय विकास मन्त्रालय	
२१.	स्थानीय शासन तथा सामुदायिक कार्यक्रमको प्रभावकारीता मुल्यांकन (२०६७६८)	जिल्ला विकास समितिका -झापा,धनुषा,रुपन्देही,वर्दिया र डडेलधुरा) कार्यालयहरु
	स्वास्थ्य मन्त्रालय	
२२.	सेवा प्रवाहको स्थिति	जिल्ला जनस्वास्थ्य कार्यालय (सुनसरी, काठमाण्डौ नवलपरासी दाङ्ग र डडेल्धुरा)
२३.	कार्यसम्पादन स्थिति मूल्यांकन	कान्ति वाल अस्पताल, महाराजगन्ज
	शहरी बिकास मन्त्रालय	
२४.	आयोजना छनौट तथा कायांन्वयन प्रक्रिया मूल्यांकन	खानेपानी तथा सरसफाई डिभिजन कार्यालय (मोरंग, रामेछाप, पाल्पा, वर्दिया र डडेल्धुरा)
२५.	कार्यसम्पादन स्थिति मूल्यांकन	अधिकार सम्पन्न एकिकृत बाग्मती सभ्यता एकिकृत विकास समिति
२६.	जनताको आवाश कार्यक्रमको कार्यान्वयन अवस्था मूल्यांकन	शहरी विकाश तथा भवन निर्माण डिभिजन कार्यालय सप्तरी र रुपन्देही
२७.	समिति, बोर्ड एवं कोषको सन्चालक समिति गठन तथा कार्य सम्पादन स्थिति	मन्त्रालय अर्न्तगत सिंहदरवार सचिवालय पुनर्निमाण समिति, नगर बिकास कोष, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

सरकारी कार्यालयको लेखापरीक्षण रकम

(रु हजारमा)

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
	चालु वर्ष:–																	
१	राष्ट्रपतिको कार्यालय	३	२१६१९८	३	२१६१९८	१	१६४	१	१६४	१	७७२३	१	७७२३			-	-	२२४०८५
२	उपराष्ट्रपतिको कार्यालय	३	२९९९७	३	२९९९७	१	७	१	७	१	५२४	१	५२४			-	-	३०५२८
३	संविधान सभा व्यवस्थापिका संसद सचिवालय	४	७७७८५५	४	७७७८५५	१	६३४	१	६३४	१	२७५९	१	२७५९	१	१८४६४९	१	१८४६४९	९६५८०९७
४	सर्वोच्च अदालत	२८१	१८०६६४०	२८१	१८०६६४०	९९	४९८९१७	९९	४९८९१७	१०१	१४६१५८७	१०१	१४६१५८७	-	-	-	-	३७६७१४४
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	३	१२०१९५	३	१२०१९५	१	४५०८	१	४५०८	१	१९१५५	१	१९१५५			-	-	१४३८५८
६	महालेखापरीक्षकको कार्यालय	३	२२१५५०	३	२२१५५०	१	१५०४	१	१५०४	१	१५२८	१	१५२८			-	-	२२४५८२
७	कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला	४३	३३८३२९	४३	३३८३२९	१६	९५६८१	१६	९५६८१	९	२७८१	९	२७८१			-	-	४३६७९१
८	निर्वाचन आयोग	२२८	३०१२२६	२२८	३०१२२६	३८	६४५१	३८	६४५१	१७	३१३७	१७	३१३७	१	३०५२०३	१	३०५२०३	६१६०१७
९	महान्यायाधिवक्ताको कार्यालय	२०७	३४२७३०	२०७	३४२७३०	३३	४५७७	३३	४५७७	३५	८९६२	३५	८९६२			-	-	३५६२६९
१०	न्याय परिषद्	२	२१८४९	२	२१८४९	१	२५६	१	२५६	१	६००	१	६००			-	-	२२७०५
११	राष्ट्रिय मानव अधिकार आयोग	१८	६१३१७	१८	६१३१७	१	३	१	३	१	१२५	१	१२५	३	३६०५९	३	३६०५९	९७५०४
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२२	३९७४४७५	२२	३९७४४७५	६	१४०७	६	१४०७	६	२८६७	६	२८६७	-	-	-	-	३९७८७४९
१३	अर्थ	४१८	११५९००७२४	४१८	११५९००७२४	१३३	२१८०५९७२५	१३३	२१८०५९७२५	११४	८९०७७२७	११४	८९०७७२७	२२	७४७५७८५६	२२	७४७५७८५६	४१७६२६०३२
१४	उद्योग	९८	१०५८०५४	९७	१०५१९७४	९३	४७८०२७	९२	४७७३२४	९०	१००१३०	८९	९८८९१	०	-	-	-	१६२८१८९
१५	ऊर्जा	५	१४८६२०८	५	१४८६२०८	४	१०१२९२७	४	१०१२९२७	४	४८५३४६	४	४८५३४६			-	-	२९८४४८१
१६	कानून तथा न्याय	६	८४२४९	६	८४२४९	३	४२६	३	४२६	३	३९६	३	३९६	१	४२५९०	१	४२५९०	१२७६६१
१७	कृषि विकास	१७७४	१०६९९२३६	१७७४	१०६९९२३६	३१८	४१३५०२	३१८	४१३५०२	२४०	९३८७२	२४०	९३८७२	९८	४४१७१	९८	४४१७१	११२५०७८१
१८	गृह	८०९	३००४९३८८	८०९	३००४९३८८	४०९	२८६१९९६	४०९	२८६१९९६	४२५	१७१५५५६	४२५	१७१५५५६	८१	२३८१२९९	८१	२३८१२९९	३७००८२३९
१९	परराष्ट्र	७३	२२०४४०६	७३	२२०४४०६	३५	२८३८६४९	३५	२८३८६४९	४	७८९२४०	४	७८९२४०	१	४४०२१२	१	४४०२१२	६२७२५०७
२०	संस्कृती पर्यटन तथा नागरिक उड्डयन	२९	१७५९४५८	२९	१७५९४५८	२४	३८१४१३	२४	३८१४१३	२५	१११२६३	२५	१११२६३	१	२३५०८	१	२३५०८	२२७५६४२
२१	भूमिसुधार तथा व्यवस्था	२२५	२०२४९७६	२२५	२०२४९७६	१९४	४३१५८४६	१९४	४३१५८४६	१०९	४२२६३१	१०९	४२२६३१	८४	३९२२३७४	८४	३९२२३७४	१०६८५८२७
२२	भौतिक पुर्वाधार तथा यातायात	६०६	२५६९०५१३	६०६	२५६९०५१३	९७	६६८५९८०	९७	६६८५९८०	१०३	१८०९१५०	१०३	१८०९१५०			-	-	३४१८५६४३
२३	महिला,बालबालिका तथा समाज कल्याण	४७७	११३३२०२	४७७	११३३२०२	४८	३९९८	४८	३९९८	२२	८८५९	२२	८८५९	७३	१८७३९५	७३	१८७३९५	१३३३४५४
२४	युवा तथा खेलकुद	१	८६९८२८	१	८६९८२८	१	३५५३५	१	३५५३५	१	७२८	१	७२८			-	-	९०६०९१
२५	रक्षा	५६०	२७९८९००१	५६०	२७९८९००१	१६८	८२७२२	१६८	८२७२२	२४७	५४५०७८	२४७	५४५०७८	-	-	-	-	२८६१६८०१
२६	वन तथा भू–संरक्षण	१०८२	३७६६७५	१०८२	३७६६७५	१३८	११२६९२०	१३८	११२६९२०	११८	९४२६१०	११८	९४२६१०	९७	१७०६०८	९७	१७०६०८	६००६८१३
२७	वाणिज्य तथा आपूर्ति	१२	८८६८१०	१२	८८६८१०	८	१००३३२	८	१००३३२	५	१२४६५	५	१२४६५	-	-	-	-	९९९६०७
२८	विज्ञान प्रविधि तथा बातावरण	१२	२६९१४९६	१२	२६९१४९६	१०	४२२६३०	१०	४२२६३०	८	३६४५२	८	३६४५२	३	११२७५५३	३	११२७५५३	४२७८१३१
२९	शान्ति तथा पुनर्निर्माण	४७	८५५७८४	४७	८५५७८४	७	१३१८९१	७	१३१८९१	५	१९३३७	५	१९३३७	९	११५४२४३	९	११५४२४३	९८६२६५५
३०	शिक्षा	१४०	६२०१३३६५	१४०	६२०१३३६५	९४	९११७२५	९४	९११७२५	७५	५६३०६	७५	५६३०६	-	-	-	-	६२९८१३९६
३१	श्रम तथा रोजगार	३५	४३३२३९	३५	४३३२३९	३०	३७०६२	३०	३७०६२	१७	६७५०७९	१७	६७५०७९	७	५५९७८७६	७	५५९७८७६	६७४३२५६
३२	सामान्य प्रशासन	७	३०९८४२	७	३०९८४२	२	४८६५	२	४८६५	२	१२३६	२	१२३६	१	१५४०३३	१	१५४०३३	४६९९७६
३३	सिचाई	११६	९३०५३९७	११६	९३०५३९७	११२	५४८५४	११२	५४८५४	१०४	८०२६५७	१०४	८०२६५७			-	-	१०१६२९०८
३४	सूचना तथा सञ्चार	१३९	२७८५७५५	१३९	२७८५७५५	८७	३००४७२८	८७	३००४७२८	६२	४५४९४	६२	४५४९४			-	-	५८३५९७७
३५	शहरी विकास	९१०	१०३४७३५१	९१०	१०३४७३५१	१०६	८७७६०	१०६	८७७६०	११३	७६८२०६	११३	७६८२०६	२५	६२०६५०	२५	६२०६५०	११८२३९६७
३६	स्थानीय विकास	२२९८	३५४३०१९७	२२६१	३४७३६४२१	१३६	१४९११२	१३६	१४९११२	१३५	२९७७४२	१३५	२९७०२४	-	-	-	-	३५१८२५५७
३७	स्वास्थ्य तथा जनसंख्या	१८६१	२०६४२९७९	१८६१	२०६४२९७९	१७०	१५७२५०	१७०	१५७२५०	१९६	२००५३८	१९६	२००५३८	-	-	-	-	२१०००७६७
३८	सहकारी तथा गरिबी निवारण	२३५	४३८८८३	२३५	४३८८८३	३६	४३२०	३६	४३२०	२९	५०८५	२९	५०८५	५	९९१	५	९९१	४४९२७९

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
३९	राष्ट्रिय योजना आयोगको सचिवालय	११३	६५८००९	११३	६५८००९	११	१४११०	११	१४११०	३	५५१२	३	५५१२			-	-	६७७६३१
	जम्मा	१२९०५	३८७४२८७८६	१२८६७	३८६७२८९३०	२६७३	२४३९९२४१४	२६७२	२४३९९१७११	२४३४	२०३७०४४३	२४३३	२०३६८४८६	५१३	९११५१२७०	५१३	९११५१२७०	७४२२४०३९७
	बक्यौता																	
१	सर्वोच्च अदालत	-	-			४४	२४४८			४४	४०९२९			-	-			०
२	निर्वाचन आयोग	५	३९०			६	२			३७	१२९			-	-			०
३	अर्थ	१	४९९			१३	१७४५			११	४३५५१			१	११४३५			०
४	उद्योग	-	-			६	१८४									-	-	-
५	ऊर्जा	२२	३२४०७			-	-			३	१७०८							-
६	कानून तथा न्याय	३	२७४			-	-			-	-							-
७	कृषि विकास	१७	२१४७१७			९	१२८			८९	४९५१					-	-	-
८	गृह	८	११४१४			१०	८१४५			७८	१४८५९					-	-	-
९	परराष्ट्र	१	२८७५	-	-	६	२५१७८७	-	-	०	०					-	-	-
१०	संस्कृति पर्यटन तथा नागरिक उड्ययन	७	२०३१			३०	४६५४			२५	१९६०							-
११	भूमिसुधार तथा व्यवस्था	२५	१२२१२			१९	१३०९२			७५	१५४९०			२	२५३९	-	-	-
१२	भौतिक पुर्वाधार तथा यातायात	१८७	२३८२०३							४३	४४९१०					-		-
१३	महिला,बालबालिका तथा समाज कल्याण					१६	२८३			४	१४६					-	-	-
१४	युवा तथा खेलकुद	४	१२४१८													-	-	-
१५	रक्षा	१	३५९६३२	१	३२४४१०	२	४५			५	६६७३					-	-	३२४४१०
१६	वन तथा भू–संरक्षण	१३	२७००१			४	२२८८१			४८	३११६१	१	३४५५	१८	२२७	-	-	३४५५
१७	शिक्षा	६७	२३७९६१			८८	८१०१			११३	३४४४५					-	-	-
१८	श्रम तथा यातायात व्यवस्था	-	-			-	-			३	१६४					-	-	-
१९	सिंचाई	४५	७५८५९			२	१०३			८७	२५१११					-	-	-
२०	सूचना तथा सञ्चार									१२	३०२६					-	-	-
२१	सघिय मामिला तथा स्थानीय विकास	२००	३३५८०५	६	२३१३०	१	११८१	१	११८१	१५९	२१०४७	१	१७१३			-	-	२६०२४
२२	स्वास्थ्य तथा जनसंख्या	२२१	४३६५६५			५४	२२४८			४९३	३३३८९					-	-	-
२३	सहकारी तथा गरिबी निवारण	५	९१४			१७६	-			१२	५७					-	-	-
२४	शहरी विकास	५८	१५६८५६			२	४			५५	३१६७							-
	जम्मा:–	८९०	२१५८०३३	७	३४७५४०	४८८	३१७०३१	१	११८१	१३९६	३२६८७३	२	५१६८	२१	१४२०१	०	०	३५३८८९
	कुल जम्मा:–	१३७९५	३८९५८६८१९	१२८७४	३८७०७६४७०	३१६१	२४४३०९४४५	२६७३	२४३९९२८९२	३८३०	२०६९७३१६	२४३५	२०३७३६५४	५३४	९११६५४७१	५१३	९११५१२७०	७४२५९४२८६

अनुसूची – ३

(प्रतिवेदनको परिच्छेद १ को दफा २ र परिच्छेद २ को दफा ३.१ सँग सम्बन्धित)

सरकारी निकाय/मन्त्रालयको लेखापरीक्षण बक्यौताको विवरण

(रु हजारमा)

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन		राजस्व		धरौटी		अन्य कारोवार		जम्मा	
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
१	सर्वोच्च अदालत	-	-	४४	२४४८	४४	४०९२९	-	-	८८	४३३७७
२	निर्वाचन आयोग	५	३९०	६	२	३७	१२९	-	-	४८	५२१
३	अर्थ	१	४९९	१३	१७४५	११	४३५५१	१	११४३५	२६	५७२३०
४	उद्योग	१	६०८०	७	८८७	१	१२३९	-	-	९	८२०६
५	ऊर्जा	२२	३२४०७	-	-	३	१७०८	-	-	२५	३४११५
६	कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला	३	२७४	-	-	-	-	-	-	३	२७४
७	कृषि विकास	१७	२१४७१७	९	१२८	८९	४९५१	-	-	११५	२१९७९६
८	गृह	८	११४१४	१०	८१४५	७८	१४८५९	-	-	९६	३४४१८
९	परराष्ट्र	१	२८७५	६	२५१७८७	०	-	-	-	७	२५४६६२
१०	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	७	२०३१	३०	४६५४	२५	१९६०	-	-	६२	८६४५
११	भूमिसुधार तथा व्यवस्था	२५	१२२१२	१९	१३०९२	७५	१५४९०	२	२५३९	१२१	४३३३३
१२	भौतिक पूर्वाधार तथा यातायात	१८७	२३८२०३	-	-	४३	४४९१०	-	-	२३०	२८३११३
१३	महिला, बालबालिका तथा समाज कल्याण	-	-	१६	२८३	४	१४६	-	-	२०	४२९
१४	युवा तथा खेलकुद	४	१२४१८	-	-	-	-	-	-	४	१२४१८
१५	रक्षा	०	३५२२२	२	४५	५	६६७३	-	-	७	४१९४०
१६	वन तथा भू–संरक्षण	१३	२७००१	४	२२८८१	४७	२७७०६	१८	२२७	८२	७७८१५
१७	शिक्षा	६७	२३७९६१	८८	८१०१	११३	३४४४५	-	-	२६८	२८०५०७
१८	श्रम तथा रोजगार	०	-	-	-	३	१६४	-	-	३	१६४
१९	सिंचाई	४५	७५८५९	२	१०३	८७	२५१११	-	-	१३४	१०१०७३
२०	सूचना तथा सञ्चार	०	-	-	-	१२	३०२६	-	-	१२	३०२६
२१	संघिय मामिला तथा स्थानीय विकास	२३१	१००६४५१	-	-	१५९	२००५२	-	-	३९०	१०२६५०३
२२	स्वास्थ्य तथा जनसंख्या	२२१	४३६५६५	५४	२२४८	४९३	३३३८९	-	-	७६८	४७२२०२
२३	सहकारी तथा गरिवी निवारण	५	९१४	१७६	-	१२	५७	-	-	१९३	९७१
२४	शहरी विकास	५८	१५६८५६	२	४	५५	३१६७	-	-	११५	१६००२७
	जम्मा:	९२१	२५१०३४९	४८८	३१६५५३	१३९६	३२३६६२	२१	१४२०१	२८२६	३१६४७६५

अनुसूची – ४

(प्रतिवेदनको परिच्छेद १ दफा ३ र ४ सँग सम्बन्धित)

संगठित संस्था, अन्य संस्था र समितिको लेखापरीक्षण विवरण

(रु. हजारमा)

क.सं	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९	९		९	१५३६३४	०
२	अर्थ	१२	९	६	३	७१५४०९६८४	३
३	उद्योग	६	६	२	४	३३६४८५१	०
४	ऊर्जा	२	२	२	०	१५३,८१६,०४८	०
५	कानून तथा न्याय	६	३		३	१४९५००	३
६	कृषि विकास	२२	२२	४	१८	८४३०७६२	०
७	गृह	७८	७८	०	७८	४३११८८४	-
८	संस्कृति पर्यटन तथा नागरिक उड्डयन	३३	३२	१	३१	२६,९३४,१५७	१
९	भूमिसुधार तथा व्यवस्था	१	१	०	१	४४४८८०	-
१०	भौतिक पूर्वाधार तथा यातायात	१०	१०	५	५	४०१३७४६	-
११	महिला, बालबालिका तथा समाज कल्याण	५	५		५	२८३६९७	-
१२	युवा तथा खेलकुद	२	२		२	१०३९०२९	-
१३	रक्षा	७	७	०	७	२३२९९३०४	-
१४	वन तथा भू–संरक्षण	३७	३६	५	३१	६९५६३४९	१
१५	वाणिज्य तथा आपूर्ति	९	६	१	५	४८१४९५१	३
१६	विज्ञान प्रविधि तथा बातावरण	३	३		३	४२५८०५	-
१७	शिक्षा	६८९	२८४		२८४	२६९००२०८	४०५
१८	सामान्य प्रशासन	३	३		३	८१४०८७	-
१९	सूचना तथा सञ्चार	१५६	१५६	१	१५५	११४७८१३७	-
२०	संघिय मामिला तथा स्थानीय विकास	१५२	१४८	७४	७४	२५६६१२५	४
२१	स्वास्थ्य तथा जनसंख्या	११६	११६		११६	१५६३३०९३	-
२२	शहरी विकास	१०२	५१	१	५०	२२६६६१४३	५१
	जम्मा:	**१४६०**	**९८९**	**१०२**	**८८७**	**१०३३९०६०७४**	**४७१**

अनुसूची ५

(प्रतिवेदनको परिच्छेद १ द्यफा ३ र ४ सँग सम्बन्धित)

वासलात तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
लेखापरीक्षण अङ्क, बेरुजू र दायित्व तथा सम्पत्ति

(रु.हजारमा)

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूंजी	जगेडा कोष	सचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
१	**संगठित संस्था**	**१०९**		**९५०,४२७,२००**	**१,९८२,२३६**	**८०,५६९,०४०**	**९८,९९१,४३०**	**-२८,६००,५८०**	**९७,००५,४९९**	**६४७,५७९,८७७**	**२२,१३४,९०४**	**९१७,६८०,१७०**	**१५३,०००,२१३**	**२९०,२७२,६३४**	**४७४,४०७,३२३**	**९१७,६८०,१७०**
	अर्थ मन्त्रालय	८		७०४५,१५९,८५	०	८६२,२६१०	८४१,२०५,७२	-१२६,८९५,३६	१८२६१,६३१	५९,२३३,८०६	१०२,१३७	६९१,६७२,२०	१७५,७७४	२२६,८५,४५२	४६३,०५५,९९४	६९१,६७२,२०
	कर्मचारी सञ्चय कोष	१	२०६८.६९	१२५,७५,२७५,४			२९,७१,३३७			१२१,९६२,३७९	८१९,०३८	१२५,७५२,७५,४	४७८,२८२	१२३,७०८,१९६	१५६,६२,७६	१२५,७५२,७५,४
	नेपाल राष्ट्र बैंक	१	२०६८.६९	४५,३८,४७,०६		३००००००	७६,५५,४७,५		१८२६१,६३१	३५,६०,३०,७७०		४५३,८४७,१०६	६९,१२,४१	३१,३६,९६२	४२,१९,८७,०३	४५३,८४७,१०६
	राष्ट्रिय वाणिज्य बैंक	१	२०६८.६९	१०,६७,४३८,५९		५,४९,७६,१०	४२,१४,५१८	-१२८,३८,७६,५		९,७०,३१,७३१		९३,९०५,०९,४	५,१०,३०७	५,४११,८४७३	३९,२७,६३,१४	९३,९०५,०९,४
	धितोपत्र बोर्ड	२	२०६८.६९	१९,०२,३०			१,४९,९१८			२,१४८७	१८८,२५	१९,०,२३०	१०,६४०	२९,२७०	१,५०,३२०	१९०,२३०
	धितोपत्र बोर्ड	१	२०६७.६८	१७,९५,७९			१,४५,९०२			१,९६,२५	१,४०,५२	१७,९,५७९	१३८,१०	२,५८८	१,४४,८७१	१७,९,५७९
	नागरिक लगानी कोष	२	२०६७.६८	१७,८०,२,४५,७		१२,५००००	८,४१,९२	१,४,१,२२,९		१७,२७,०८,१,४	१७,३२२२	१७,८०२,४५,७	६,१,४,९,४	१७,७४,०,९,६३		१७,८०२,४५,७
	उद्योग मन्त्रालय	२२		३,१३०,८०९	०	९,९६,१८,४	५,१,३८०	-१,३,१७,९,९,४	२३४,०६५	९,५२,०८३	८८७,०९२	१,८०२,८,१०	२६४,१३२	१,००७,५५०	५३,१२८	१,८०२,८,१०
	नेपाल औषधी लिमिटेड	१	२०६८.६९	८०७,१८७		७,५४,९९	३०,९३६	-६,९,२,३४६	२,३४०,६५	२७,२,१८६	१,९,४५,०१	१,१,४,८४१	२,१८,४२	९,१,६,७	१,३०२	१,१,४,८४१
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	१	२०६८.६९	३०,६०३			२०,३०६	१०,००,५		२,९,२		३०,६०३	१,२,९,२६	१,७,७७		३०,६०३
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	१		०								०				०
	सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	१	२०६८.६९	६,२४८८		२,०,०,०,०		-५,५,३,४,४		४,२,४,८८		७,१,४,४	१,५,३,४	५,६,०,५	५	७,१,४,४
	हेटौंडा कपडा उद्योग लिमिटेड (इन लिक्विडेशन)	१		०								०				०
	कृषि औजार कारखाना लिमिटेड	११		०								०				०
	जनकपुर चुरोट कारखाना लिमिटेड	४		०								०				०
	हेटौंडा सिमेन्ट उद्योग लिमिटेड	२	२०६७.६८	२,२३,०५,३१		९,००,६८,५	१,३८	-५,८०,३०,९		६,३,७,१,१,७	६,९,२,५,९,१	१,६,५,०,२,२,२	२,२७,८,३,०	८,९,२,५,७,१	५,२९,८,२,१	१,६,५,०,२,२,२
	उर्जा मन्त्रालय	२	४,१,३,७	१५,३,८,१६,०,४,८	०	३,७,९,२,२,४,३,८	१,७,७,७,१,७,९	-९,५,८,२,९,०,१	६८,९,०,९,१,९,७	३३,३,३,०,५,८,४,५	११,५,९,२,५,७,८	१४,३,९,४,९,०,७,६	१,१,५,३,७,०,८,५,२	२,३,५,१,६,०,३,९	५,०,६,२,१,८,५	१,४,३,९,४,९,०,७,६
	नेपाल विद्युत प्राधिकरण	१	२०६८.६९	१,४,६,९,२,९,४,२,९		३,१,४,२,२,४,३,८	१,७,०,७,०,३,१	-९,८,६,६,९,७,२	६८,९,०,९,१,९,७	३,३,३,३,०,२,९,४	१,१,५,६,१,४,६,९	१,३,७,०,६,२,४,५,७	१,१,१,५,३,६,६,१,६,१	१,६,६,४,७,२,७	५,०,४,९,१,६,९	१,३,७,०,६,२,४,५,७
	जलबिद्युत लगानी तथा विकास कम्पनी लिमिटेड	१	२०६८.६९	६,८८,६,६,१,९		६,५,०,०,०,०,०	७,१,१,४,८	२,८,४,०,७,१		२,९,१	३,१,१,०,९	६,८८,६,६,१,९	४,६,९,१	६,८८,६,८,९,१,२	१,३,०,१,६	६,८८,६,६,१,९
	कृषि विकास मन्त्रालय	१३	१६,५,४,७,५	७,७४,८,९,१,९	३,११,८,९	३,०,१,३,९,७,८	१,४,०,६,२,२,७	-६,७,०,९,१,८	५,७,०,३	११,०,२,९,४,१	२,१,८,५,०,४,९	७,०,४,२,९,८,०	२,२,९,६,७,७,९	४,१,९,९,१,८,१	५,४,७,०,२,०	७,०,४,२,९,८,०
	दुग्ध विकास संस्थान	२	२०६७.६८	१,३,३,७,४,६		६,७,०,०,८,०		-२,६,५,७,६,२		१,९,६,१,०,४	४,७,०,९,६,२	१,०,७,१,३,८,४	३,०,४,९,४,९	७,४,४,४,३,३	२,२,०,०,२	१,०,७,१,३,८,४
	दुग्ध विकास संस्थान	१	२०६८.६९	१,५,६,८,०,८,८		६,७,०,०,८,०		-४,३,२,६,०,५		२,२,१,३,८,५	६,७,६,२,३	१,१,३,५,,४,८,३	३,३,८,६,३,८	७,७,४,८,४,३	२,२,०,०,२	१,१,३,५,,४,८,३
	कृषि सामग्री कम्पनी लिमिटेड	१	२०६८.६९	२,४,३,८,१,६,०		४,२,६,३,८,२	५,४,७,५,४,२	९,०,३,६		५,८,३,०,२,४	८,७,२,१,७,६	२,४,३,८,१,६,०	७,५,८,०,१	१,४,६,५,४,३,८	२,१,५,९,२,१	२,४,३,८,१,६,०
	राष्ट्रिय बीउ बीजन कम्पनी लिमिटेड	१	२०६८.६९	२,३,५,१,६,४		११,८,५,१,७		२,११,४,१	४,५,०,०	१,३,९,४,१	७,७,०,६,५	२,३,५,,१,६,४	६,९,५,८,३	१,२,२,७,६	४,२,८,६,५	२,३,५,,१,६,४
	नेपाल पशु चिकित्सा परिषद्	१	२०६८.६९	४,९,३,५			४,२,३,७	६,९,८				४,९,३,५	८,५,२	४,०,८,३		४,९,३,५
	राष्ट्रिय सहकारी विकास बोर्ड	१	२०६७.६८	१,२,४,३,८,०			१,१,२,९,७,३			१,१,४,०,७	०	१,२,४,,३,८,०	२,२,९,३,४	४,२,१,४,८	५,९,२,९,८	१,२,४,,३,८,०
	राष्ट्रिय सहकारी विकास बोर्ड	१	२०६८.६९	१,३,१,३,९,४			१,१,८,२,८,७			९,२,४,६	३,८,६,१	१,३,१,,३,९,४	२,१,७,२,६	४,८,६,२,२	६,१,०,४,६	१,३,१,,३,९,४
	पशु आहार उत्पादन विकास समिति	१	२०६८.६९	१,५,५,५,१			७,८,७,७	-७,५,७,१	१,२,०,३	६,४,७,१		७,९,८,०	१,८,१,१	६,१,४,१	२,८	७,९,८,०
	कमर्सियल एग्रीकल्चर एलायन्स मोरङ	१	२०६८.६९	१,५,३,७,२,७	२,०,३,२	६,७,९,८,६	१,३,०,९,४	०	०	३,८,९,६	६,८,७,५,१	१,५,३,,७,२,७	१,७,९,७	८,६,६,१,३	६,५,३,१,७	१,५,३,,७,२,७
	नेपाल कृषि अनुसन्धान परिषद्	१	२०६८.६९	१,५,१,७,७,०,८	२,४,२,२,७	८,८,९,२,९,१	५,७,६,८,१,४	०	०	५,१,६,०,३	०	१,५,१,७,७,०,८	७,५,६,२,८,५	७,२,६,७,६,०	३,४,६,६,३	१,५,१,७,७,०,८
	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१	२०६८.६९	२८,३,९,२	४,९,२,८	०	२,५,४,०,३	०	०	२,२,९,४	६,९,५	२८,३,९,२	१,०,५,५,५	१,५,६,७,०	२,१,६,७	२८,३,९,२
	राष्ट्रिय दुग्ध विकास बोर्ड	१	२०६८.६९	१,९,४,२,७,४	२	१,७,१,६,४,२	०	४,१,४,५	०	३,५,७,०	१,४,९,१,६	१,९,४,,२,७,३	१,०,८,४,८	१,६,१,७,१,४	२,१,७,१,१	१,९,४,२,७,३
	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	८		२४,८,७,०,८,०	११,११,२	१३,४,७२,१,४,०	१,५,९८,४,६,०	५,३,१,९,३,४	१,८,५,९,३,५,५	५,८,४८,५,१,४	१,००९,८,४,९	२४,३,२,०,२,५,२	१३,१,३,७,३,१,१	१,०,३,७,४,२,३,५	८,०८,७,०,६	२४,३,२,०,२,५,२
	नेपाल वायुसेवा निगम	१	२०६८.६९	३,७८,७,१,५,९		३,७,९,२,६,६		-४,९,८,२,८,७	९,४,९,३,२,७	१,९,७,०,३,९,७	४,८८,१,६,९	३,२,८८,८,७,२	४,५,०,६,५,९	२८,३,२,०,४,३	६,१,७,०	३,२,८८,८,७,२
	नेपाल पर्यटन बोर्ड	१	२०६८.६९	४,०,६,७,०,४			२८,५,२,९,७	२,०,७,६,०		१,०,०,६,४,७		४,०,६,,७,०,४	१,५,४,५,६	३,१,७,१,३,९	७,४,१,०,९	४,०,६,,७,०,४
	नेपाल नागरिक उड्डयन प्राधिकरण	१	२०६८.६९	१,७,८,९,३,९,२,१		१,२,१,१,५,४,१,३		६,८,६,१,४,७	९,१,०,०,२,८	३,६,६,०,६,५,३	५,२,१,६,८,०	१,७,८,९,३,९,२,१	१,१,१,६,३,४,३,३	५,८,२,६,६,९,७	३,८,३,७,९,१	१,७,८,९,३,९,२,१
	तारागाउ विकास समिति	२	२०६८.६९	३,६,२,८,८,०			३,३,३,८,०,५	-३,१,४,१,०		२,९,०,७,५		३,३,१,,४,७,०	१,५,५,६,९	५,७,८,१	१,७,०,०,०,०	३,३,१,,४,७,०
	तारागाउ विकास समिति	१	२०६७.६८	३,५,४,६,४,८			३,३,३,९,३,७	-२,०,१,३,१		२,०,७,१,१		३,३,४,,५,१,७	१,५,४,८,०,१	९,७,१,६	१,७,०,०,०,०	३,३,४,,५,१,७
	वायुयान संचालन कोष	१	२०६८.६९	४,३,५,४,४,९			१,८,९,४,२,२	२,४,२,७,६,२		३,२,६,५		४,३,५,,४,४,९	३,८,०,९	४,३,१,६,४,०		४,३,५,,४,४,९
	पशुपति क्षेत्र विकास कोष	१	०६८/०६९	१,६,२,९,३,१,९	११,११,२	९,७७,४,६,१	४,५,५,९,९,९	१,३,२,०,९,३		६,३,७,६,६		१,६,२,९,,३,१,९	६,७,३,,४,६,४	९,५,१,,२,१,९	४,६,३,६	१,६,२,९,,३,१,९
	सांस्कृतिक संस्थान											०				

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुँजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	सञ्चित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१४		४०१३७४६	३०७३८४	१११९५७	०	-२२८५६८	१०४२४१	३७७५७०५	२०१८४	३७८३५१९	७६३५५	३७०२१२५	५०३९	३७८३५१९
	नेपाल रेल्वे कम्पनी	८	२०६५.६६	७१२३१		९९७७		-५८६१७	३४७४७	२६५०७		१२६१४	१०३१५	२२९९		१२६१४
	नेपाल रेल्वे कम्पनी	१	२०६४.६५	७३६००		९९७७		-५३९८९	३४७४७	२८८७६		१९६११	१२०७६	७५३५		१९६११
	नेपाल रेल्वे कम्पनी	१	२०६३.६४	७२६०१		९९७७		-४३०९५	३४७४७	२७८७७		२९५०६	१४१३८	१५३६८		२९५०६
	नेपाल रेल्वे कम्पनी	१	२०६२.६३	४१२९६		९९७७		-३९२७३		३१३१९		२०२३	१६५०१	-१४४७८		२०२३
	नेपाल रेल्वे कम्पनी	१	२०६१.६२	३८०७९		९९७७		-३४८५४		२८१०२		३२२५	१९३०५	-१६०८०		३२२५
	नेशनल कन्ष्ट्क्सन कम्पनी नेपाल लिमिटेड	१	२०६८.६९	१९४७५६		६२०७२		१२६०		११९६७८	१४७४६	१९४,७५६	४०२०	१९०७३६		१९४,७५६
	सडक बोर्ड नेपाल	१	२०६८/६९	३,५२२,१८३	३०७,३८४	०	०	०	०	३५१६३४६	५४३८	३५,२१७८४	०	३५१६७४५	५०३९	३५,२१७८४
	वन तथा भू–संरक्षण मन्त्रालय	७		५८९५५३७	१२९६२६	१७६१५७	२९१४००७	-१९७०५१४	७५१७३४	१७०५०४३	९४१०१२	४५१७४३९	१६७४६७७	२३७२६८८	४७००७४	४५१७४३९
	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	१	२०६८.६९	२८२२६९		२७५१७	५१३	-१७७५२६	६०८९४	३१६४७	१६१६९८	१०४,७४३	२०७८९	८३६५४		१०४,७४३
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	१	२०६४.६५	८०४३०७		१६०८२	५०१०६६	-३३०५७४	५४७७४	१४३९८२	८८४०३	४७३,७३३	२३९१२५	२३४६०८	०	४७३,७३३
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	१	२०६५.६६	९०९३५२		१६०८२	५०१०६६	-३२७८८९	५४७७४	२०३२१५	१३४२१५	५८१,४६३	२३९३१५	३४२१४८		५८१,४६३
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	१	२०६६.६७	९३२५६४		१६०८२	५०१०६६	-३२६९३६	५४७७४	२२६४२७	१३४२१५	६०५,६२८	२४०२१२	३६५४१६	०	६०५,६२८
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	१	२०६७.६८	१२२५७२८		१६०८२	५०१०६५	-३२५५९८	५४७७४	५१९५९२	१३४२१५	९००,१३०	२४१६२५	६५८५०५	०	९००,१३०
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	१	२०६८.६९	१२०७६१९		१६०८२	४९३२९५	-४५०९६२	५४७७४	५३३९२९	१०९५३९	७५६,६५७	२४१०५४	५१५६०३	०	७५६,६५७
	राष्ट्रिय प्रकृति संरक्षण कोष	१	२०६८.६९	५३३,६९८	१२९६२६	६८२३०	४१५९३६	-३१०२९	४१६९७०	४६२५१	१७८७२७	१,०९५,०८५	४५२५५७	१७२४५४	४७००७४	१०९५०८५
	वाणिज्य तथा आपूर्ति मन्त्रालय	६		४२८०७०५	०	११८४३१६	८३४२५	-१४१७१३५	१७३६००	२२८६३०९	३८५७३४	२६९६२४९	२२२४६९	२४०८७९०	६४९९०	२६९६२४९
	नेपाल खाद्य संस्थान	२	२०६७.६८	२७३५३५१		९९०४९५	५९०७	-११०६६४०		१५०७५५२	२३०९९७	१६२८७११	१८४७२६	१४३४७४४	९२४१	१६२८७११
	नेपाल पारवाहन तथा गोदाम व्यवस्था कम्पनी लि.	१	२०६६.६७	२०८३७३		१२२४३	३४६७६	७१७९०	३७२००	६०२०	४६४४४	२०८३७३	६२१६	१७३८४३	२८३१४	२०८३७३
	नेपाल पारवाहन तथा गोदाम व्यवस्था कम्पनी लि.	१	२०६७.६८	२५,२५४५		१२२४३	४२८४२	९५५३१	३६४००	६३९४	५९१३५	२५२५४५	६०९६	२१६४७१	२९९७८	२५२५४५
	नेशनल ट्रडिंग लिमिटेड	२	२०६७.६८	१०८४४३६		१६९,३३५		-४७७८१६	१०००००	७६५९४३	४९१५८	६०६६२०	२५,४३१	५८३७३२	-२५४३	६०६,६२०
	शिक्षा मन्त्रालय	९		११५४८८७२	१४५६७३४	५९६७३४१	११०३५४०	६१२९०१	०	२८३५१०८	५६३९८५	११०८२०७५	६१९,३४११	१७०६१६७	३१८२४९७	११०८२०७५
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२	२०६७.६८	१२१८०१७		४५०००००	१३२६२७	-४६६७९७		६२८७५२	६६३८	७५१,२२०	२३८३७६	५१२७४४	१००	७५१,२२०
	उच्च माध्यमिक शिक्षा परिषद्											०				०
	मध्यपश्चिम विश्वविद्यालय	१	२०६८.६९	४८,२७४	८३९८	९५४५				३८२५५	४७४	४८२७४	९५४५	६१	३८६६८	४८२७४
	सुदुरपश्चिम विश्वविद्यालय	१	२०६८.६९	५५,१९७	०	१०४६९				४४५३४	१९४	५५१९७	१०४६९	१०१	४४६२७	५५१९७
	कृषि तथा वन विश्वविद्यालय	१	२०६८.६९	५२,७१२		१०८१२		४१५७१		३२९		५२७१२	१०८१२	४१४५५	४४५	५२७१२
	नेपाल संस्कृत विश्वविद्यालय	१	२०६८.६९	१,०४५,३६७	१४९८२	३२२६१६	५३४४२३	२१९४०		१६६३८८		१०४५३६७	३२२६१६	९५५७	७१३१९४	१०४५३६७
	पोखरा विश्वविद्यालय	१	२०६८.६९	१,१५५,८४०	२०२०१४	२२२६३८		७६१५१४			१७१६८८	११५५८४०	६६८४७६	२७१५०	४६०२१४	११५५८४०
	त्रिभुवन विश्वविद्यालय	१	२०६८.६९	७९१८८२७,००	१२३१३४०	४९,३६३४२	४३६४९०	२५,३८७३		१९,०७७१६	३८४४०६	७९१८८२७	४९२८१९८	१११०८७९	१८७९,७५०	७९१८८२७
	लुम्बिनी बौद्ध विश्व विद्यालय	१	२०६८.६९	५४,६३८	०	४९१९				४९९३४	५८५	५४६३८	४९१९	४२२०	४५,४९९	५४६३८
	सामान्य प्रशासन मन्त्रालय	१		३२२०४६	१७१६	२१४२२४	९८४१५	०	०	९४०७	०	३२२०४६	९३९,३९	१२५०८२	१०३०२५	३२२०४६
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१	२०६८/६९	३२२०४६	१७१६	२१४२२४	९८४१५			९४०७	०	३२२०४६	९३९,३९	१२५०८२	१०३०२५	३२२०४६
	सूचना तथा सञ्चार मन्त्रालय	६		८६८९८८९	०	१७७७३४४	४५१२२९१	६५८१	२२५४६०	४७०३८९	७२६५५०	७७१८६१५	५४५५१०	७१७३१०५	०	७७१८६१५
	गोरखापत्र संस्थान	१	२०६८.६९	२९९४३६		११५१७	२६९९	-२८८४६	११६५२९	८३३०४	८५३८७	२७०,५९०	३२९०५	२३७६८५		२७०,५९०
	गोरखापत्र संस्थान	१	२०६७.६८	२७६९९३		११५१७	२६९९	१७२९१	१०८९३१	५४९६०	८१५९५	२७६,९९३	३८२२३	२३८७७०		२७६,९९३
	नेपाल टेलिभिजन	१	२०६८.६९	२०११३१७		१७१३९३८	१५५४	-९४२४२८		८८६४५	२०७१८०	१,०६८,८८९	४२९,२२६	६३९,६६३		१,०६८,८८९
	नेपाल दूरसञ्चार प्राधिकरण	१	२०६८.६९	५९,४६६,४७			४४०१८०१	९५००८३		२४२३७५	३५२३८८	५,९४६,६४७	२२७०५	५९,२३९,४२		५,९४६,६४७
	राष्ट्रिय समाचार समिति	१	२०६८.६९	७५,६१७		४०३७२	२३७७०	१०४८१		९९४		७५,६१७	२०३६९	५५,२४८		७५,६१७
	प्रेस काउन्सिल	१	२०६८.६९	७९,८७९			७९,७६८			१११		७९,८७९	२०८२	७७७९७		७९,८७९
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२		३२३४०७२	४४४७५	१४०४६२९	७०३१९	८६५०९०	०	३४७१६१	५४६८७३	३२३४०७२	२३०१०९२	६४७५८९	२८५३९१	३२३४०७२
	वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	०६८/६९	२१९,३५३८	३३४९४	७०४२२१	०	७८२४८०	०	१५९९६४	५४६८७३	२१९,३५३८	१७७०७३८	३६६४८१	५६३१९	२१९,३५३८
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	०६८/६९	१०४०५३४	१०९८१	७००४०८	७०३१९	८२६१०		१८७१९७	०	१०४०५३४	५३०३५४	२८११०८	२२९०७२	१०४०५३४
	शहरी विकास मन्त्रालय	११		१८३६०४९२	०	५७०५७२२	१२५५६१५	-२७३८७२०	६४८०५१३	२५७९८२६	२२५०८६१	१५५३३८१७	९०५७९१२	६१८४६३१	२९१२७४	१५५३३८१७
	राष्ट्रिय आवास कम्पनी लिमिटेड	१	२०६८.६९	१५०४४१		५२००००	२३८०४	४५३३४		१९९,२२	९३८१	१५०,४४१	६७९३	१२५,२७४	१८३७४	१५०४४१
	राष्ट्रिय आवास कम्पनी लिमिटेड	१	२०६७.६८	१४३१९४		५२००००	२३८०४	४२६२१		१५,३८८	९३८१	१४३,१९४	५०५४	१२००४०	१८१००	१४३१९४
	काठमाण्डौ उपत्यका खानेपानी बोर्ड	५	२०६६.६७	६०८६२७०		१७१०५५६	३५०३५७	-९०४२७७	२६२०९१६	७६७७६४	६३६६७७	५,१८१,९९३	२९७९४५६	२०७२६३७	१२९९०००	५१८१९९३
	काठमाण्डौ उपत्यका खानेपानी बोर्ड	१	२०६५.६६	५१५८२२९		१७१०५५६	३६७८६३	-८४८८२१	१७५१७५२	६८८३४५	६३९,७१३	४,३०९,४०८	२४९,७१५२	१७१७३५६	९४९००	४३०९,४०८
	काठमाण्डौ उपत्यका खानेपानी बोर्ड	१	२०६४.६५	४४५९२७९		१७१०५५६	३८४६२०	-६४८९१७	१२०६८५२	६१३१६२	५४४०८९	३,८१०,३६२	२४५९१३७	१३२१२२५	३००००	३८१०३६२
	नेपाल खानेपानी संस्थान	२	२०६७.६८	२३६३०७९		४७००५४	१०५१६७	-४२४६६०	९००९९३	४७५२४५	४११६२०	१,९३८,४१९	१११०३२०	८२८०९९		१९३८४१९

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
												०				०
२	**समिति**	**६**	०	**२,०४५,१५८**	**४२,२८१**	**६६७,३०४**	**७७,५०५**	**७२,३०७**	**१५६,४७०**	**२७,६९७**	**१४०,३५१**	**१,१४१,६३४**	**५७४,२८४**	**४१४,१९०**	**१५३,१५९**	**१,१४१,६३३**
	कानून तथा न्याय मन्त्रालय	१		१४३७८७	०	०	१०१	९९,२२५	०	२४८४	४१९७७	१४३७८७	१५५२७	१२८२६०	०	१४३७८७
	कानून किताब व्यवस्था समिति	१	२०६८.६९	१४३७८७			१०१	९९,२२५		२४८४	४१९७७	१४३,७८७	१५५२७	१२८२६०		१४३,७८७
	कृषि विकास मन्त्रालय	२		६२०३८२	२	३४०३२६	०	-१३५,३८९	१५६४७०	२५२९३	९८३७४	४८४९९४	३८३५२३	३०३९१	७१५९	४८४९९३
	कालीमाटी फलफुल तथा तरकारी विकास समिति	१	२०६८/६९	३४६,६२१	०	३९१७२१	०	०	०	२४८३१	१००६९	३४६६२१	२७८१२९	१४८५२	५३६४०	३४६६२१
	कपास विकास समिति	१	२०६८/६९	२७३,७६१	२	२८६०५	०	-१३५,३८९	१५६४७०	३८२	८८३०५	१३८३७३	१०५३९४	१५४५९	१७५१९	१३८३७२
	पशु आहार उत्पादन विकास समिति											०				०
	सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१		३४१४४२	६०५६	१८४३९०	४२०४५	१०८४७१	०	०	०	३३४९०६	१५३९२३	९८९८३	८२०००	३३४९०६
	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१	०६८/०६९	३४१४४२	६०५६	१८४३९०	४२०४५	१०८४७१	०	०		३३४९०६	१५३९२३	९८९८३	८२०००	३३४९०६
	शहरी विकास मन्त्रालय	१		९०४१८८	३६०८०	१४२५८८	०	०	०	०	०	१४२५८८	१९०२०	१२३५६८	०	१४२५८८
	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	१	२०६८/६९	९०४,१८८	३६०८०	१४२५८८	०	०	०	०	०	१४२५८८	१९०२०	१२३५६८	०	१४२५८८
	शिक्षा मन्त्रालय	१		३५३५९	१४३	०	३५३५९	०	०	०	०	३५३५९	२२९१	३३०६८	०	३५३५९
	स्वप्न बगैचा विकास समिति	१	२०६८/६९	३५३५९	१४३		३५३५९					३५३५९	२२९१	३३०६८		३५३५९
३	**अन्य संस्था**	**१२**	**०**	**३७,३३८,१८७**	**१,९०६,६११**	**२४,९०९,२४६**	**६१२,१८५**	**३,९६३,९०२**	**९२,६५१**	**७,८८७,७६७**	**२,२८१**	**३७,४६८,०३२**	**१,७४३,१११**	**३३,४६१,०१८**	**२,१३४,०५७**	**३७,३३८,१८६**
	अर्थ मन्त्रालय	२		१०५३५,४१५	१५९,७४८०	२३४१३४२	५९५१८८	०	०	७५९८८८५	०	१०५३५,४१५	०	१०३०५८१९	२२९५,९६	१०५३५,४१५
	युवा तथा साना,व्यावसायी स्वरोजगार कोष	१	२०६७/६८	५,०४८,५५९	१६७६१०	१०७४९९८	२०८९४३			३७६,४६१८		५०४८५५९		४९,३३७६१	१११४७९८	५,०४८,५५९
	युवा तथा साना,व्यावसायी स्वरोजगार कोष	१	२०६८/६९	५,४८६,८५६	१४२९,८७०	१२६६३४४	३८६२४५			३८३४२६७		५४८६८५६		५३७२०५८	१११४७९८	५,४८६,८५६
	कृषि विकास मन्त्रालय	२		६०४७	०	०	०	३६६३	०	१०३	२२८१	६०४७	६	६०३६	५	६०४७
	पशु विकास फर्म, पोखरा दाहोरो मार्ग	१	२०६८/६९	५,०५३	०	०	०	२६६९	०	१०३	२२८१	५०५३	६	५०४२	५	५०५३
	मत्स्य विकास केन्द्र, हेटौडा	१	२०६८/६९	९९४	०	०	०	९९४	०	०	०	९९४	०	९९४	०	९९४
	गृह मन्त्रालय	२		२८००००६४	१०८८११	२६४९२५९	३४८५	५१४०१	९२६५१	९८	०	२७९६८९४	५०००६	२१३०८६६	६१९१९१	२८०००६३
	प्रहरी कल्याण कोष	१	२०६८/६९	१,३८२,८७४	१७५९३	१३७९७०४						१३७९७०४	४९८३८	१२९८३२०	३४७१५	१३८२८७३
	सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्र	१	२०६८/६९	१,४१७,१९०	९१२१८	१२६९५५५	३४८५	५१४०१	९२६५१	९८		१४१७१९०	१६८	८३२५४६	५८४४७६	१४१७१९०
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रा	१		५०११८	६८८	१५७५६	०	३४२८३	०	७९	०	५०११८	३९७	३८१३५	११५८६	५०११८
	राष्ट्रिय अपांग सहायता कोष	१	२०६८/६९	५०,११८	६८८	१५७५६	०	३४२८३	०	७९	०	५०११८	३९७	३८१३५	११५८६	५०११८
	शहरी विकास मन्त्रालय	१		२१७२१	१७६	०	१३५१२	०	०	८२०९	०	२१७२१	२१४४१	१५१	१२९	२१७२१
	महसुल निर्धारण आयोग	१	२०६८/६९	२१,७२१	१७६		१३५१२			८२०९		२१७२१	२१४४१	१५१	१२९	२१७२१
	रक्षा मन्त्रालय	२		२२८८५७९३	५६५३३	१८९५८०३३	०	३८७४५५५	०	५३२०५	०	२२८८५७९३	१५९५३४७	२०८९९३८५	३९१०६१	२२८८५७९३
	नेपाली सैनिका कल्याणकारी कोष	१	२०६८/६९	२२७८९४९७	५६५३३	१८८७१८९६	०	३८६४९८५	०	५२६१६	०	२२७८९४९७	१५७४३८१	२०८५४९०५	३६०२११	२२७८९४९७
	बहु व्यवसाय उद्योग	१	२०६८/६९	९६,२९६	०	८६१३७	०	९५७०	०	५८९	०	९६२९६	२०९६६	४४४८०	३०८५०	९६२९६
	युवा तथा खेलकुद मन्त्रालय	२	०	१०३९०२९	१४२९२३	९४४८५६	०	०	०	२२७१८८	०	११७२०४४	७५२१४	८०२२६	८८२४८९	१०३९०२९
	राष्ट्रिय खेलकुद परिषद्	१	२०६७/६८	४००,२७२	२२६१२	३५८८३४	०	०	०	४१४३८	०	४००२७२	१७५२१	५१०४९	३३१७०२	४००२७२
	राष्ट्रिय खेलकुद परिषद्	१	२०६८/६९	६३८,७५७	१२०३११	५८६०२२	०	०	०	१८५७५०	०	७७१७७२	५८३९३	२९५७७	५५०७८७	६३८७५७
	कुल जम्मा:	**१२७**		**९८९,८१०,५४५**	**३,९३१,१२८**	**१०६,१४५,५९०**	**९९,६८१,१२०**	**-२४,५६४,३७१**	**९७,२५४,६२०**	**६५५,४९५,३४१**	**२२,२७७,५३६**	**९५६,२८९,८३६**	**१५५,३१७,६०८**	**३२४,१४७,८४२**	**४७६,६९४,५३९**	**९५६,१५९,९८९**

अनुसूची – ६

(प्रतिवेदनको परिच्छेद १ दफा ३ र ४ सँग सम्बन्धित)

वासलात तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
सञ्चालन नतिजा

(रु हजारमा)

क.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	ब्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
१	**संगठित संस्था**		**१०५९९९८११**	**२८०१९२४१**	**४८९११२९४**	**१८२९२२२६६**	**६५००७८५९**	**२८८९२६०७**	**३३८३९४६१**	**५८६६२६९**	**६६१५८१०**	**१६००३४१**	**१४१८२२२९६**	**४१०९९९७०**
	अर्थ मन्त्रालय		२८७५०६१४	१७९१	३५२२७५१३	६३९७९९१८	११८६७३९८	३८८०२८७	७२४९१८३	२३०३	१११०३८	५५७१६	२३१६५९२५	४०८१३९९३
	कर्मचारी सञ्चय कोष	२०६८.६९	१०५२२१८२		१२९७८६	१०६५१९६८	८८१२७१७	६८२२९	५३५९९५	१५९८	४१८२९		९४६०३६८	१११९१६००
	नेपाल राष्ट्र बैङ्क	२०६८.६९	१२५५१७९३		३३०४१३२३	४५५९३११६		२२८५८२४	४९३९८२४		५८२२५		७२८३८७३	३८३०९२४३
	राष्ट्रिय बाणिज्य बैङ्क	२०६८.६९	५३९९८३१		२०२४७२३	७४२४५५४	३०४८१७०	१४८०३३८	१७०६८४२			४७१८	६२४००६८	११८४४८६
	धितोपत्र बोर्ड	२०६८.६९	२९९४४		१५६३६	४५५८०		१५२८३	२०१२७		३१७१	१३६४	३९९४५	५६३५
	धितोपत्र बोर्ड	२०६७.६८	३४७१३	१७९१	१५९७९	५२४८३		११३५०	१५०२७		३९५७		३०३३४	२२१४९
	नागरिक लगानी कोष	२०६७.६८	२१२१५१		६६	२१२२१७	६५११	१९२६३	३१३६८	७०५	३८५६	४९६३४	१११३३७	१००८८०
	उद्योग मन्त्रालय		७३११८९	३३४०१	१०५२०६	८६९७९६	६९०२०४	६५४५९	१९१२९२	५५४८२	१९६४८	९८७६	१०३१९९०	-१६२११४
	नेपाल औषधी लिमिटेड	२०६७.६८	४२८९		१०७७९	१५०६८	४२२२८	१२२७७	९६५२	२३६३८	१३२१		८९११६	-७४०४८
	नेपाल औषधी लिमिटेड	२०६८.६९	१९६८		१५१४५	१७११३	४६७४३	२२९७	८०३१५	१८९३३	१२६९		१४९५५७	-१३२४४४
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०६७.६८	९३६४	१५१३५	३३८	२४८३७	८२३४	२४८१	१३४०५		१८		२४१३८	६९९
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०६८.६९	१४६२३	१८२६६	३६७४	३६५६३	१२४५०	२६३३	१६२४२		१०६३		३२३८८	४१७५
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड					०							०	०
	सूर्ती विकास कम्पनी लिमिटेड (इन लिक्विडेशन)	२०६८.६९						५१						
	हेटौंडा कपडा उद्योग लिमिटेड (इन लिक्विडेशन)					०							०	०
	हेटौंडा सिमेण्ट उद्योग लिमिटेड	२०६७.६८	७००९४५		७५२७०	७७६२१५	५८०५४९	४५७२०	७१६७८	१२९११	१५९७७	९८७६	७३६७११	३९५०४
	उर्जा मन्त्रालय		२००८८६४०	०	२२११८६२	२२३००५०२	१४४५९०७६	५२३३६३०	४९८६८१९	३८८५४९४	३१७५८००	१५२३४१	३१८९३९६०	-९५९२६५८
	नेपाल विद्युत प्राधिकरण	२०६८.६९	२००८८६४०		१६९५४२२	२१७८४०६२	१४४५९०७६	५२२६११९	४९८५४५०	३८८५४९४	३१७५८००		३१७३१९३९	-९९४७८७७
	जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड	२०६८.६९			५१६४४०	५१६४४०		७५११	१३६९			१५२३४१	१६१२२१	३५५२१९
	कृषि विकास मन्त्रालय		४२२८३६३८	१९३९१३१०	७९००६४४	६९५७५५९२	२९२९७४०५	१३९४५७५०	१५०४८७२८	१४९७४९२	२३५८८४३	९५०५६४	६३०९८७८२	६४७६८१०
	नेपाल कृषि अनुसन्धान परिषद	२०६८/६९	५२४७२	१०६००००	७२५५	१११९७२७	८६४४७	४८१७८५	४२९८५९		५०३८५		१०४८४७६	७१२५१
	राष्ट्रिय दुग्ध विकास बोर्ड	२०६८/६९		१५०००	१४६७५	२९६७५	१०८५७	२०९८	८५३०		९२८		२२४१३	७२६२
	राष्ट्रिय चिया तथा कफि बोर्ड	२०६८/६९	३२७५	३१३००	६३	३४६३८	८९८८	२३५५८					३२५४६	२०९२
	कमर्सियल एग्रिकल्चर सप्लार्यन्स	२०६८/६९		३२४४६	४३१	३२८७७	२४०२५	८४२१			१९		३२४६५	४१२
	दुग्ध विकास संस्थान	२०६७.६८	२९२६८८८		२९०४९	२९५५९३७	२५४४६२४	१२४५८४	१४५९३६	२१४	३७०१६	१८६४१	२८७१०१५	८४९२२
	दुग्ध विकास संस्थान	२०६८.६९	३२४२९३९		३४७७२	३२७७७११	२९२०२८०	१७९१४०	२९४९९७	३९३९	४४२८७		३४४२६४३	-१६४९३२
	कृषि सामग्री कम्पनी लिमिटेड	२०६८.६९	३३१२३५३		१५३७२८	३४६६०८१	३०६७५५७	३९७२३	२०८८९२	२७९९०	११५५४	३५८२०	३३९१५३६	७४५४५
	राष्ट्रिय बीउ बीजन कम्पनी लिमिटेड	२०६८.६९	१६४०३२	५०००	८९७४	१७८००६	१३३३७४	१६१५१	२५१५६	७६०	२९७४		१७८४१५	-४०९
	नेपाल पशु चिकित्सा परिषद्	२०६८.६९		२२००	१११४	३३१४		९३२	१४५४		२३१		२६१७	६९७
	राष्ट्रिय सहकारी विकास बोर्ड	२०६७.६८		१४१४०	१६१२४	३०२६४		१४३७१	११६०१	२२५	१७२३	१६८६	२९६०६	६५८
	राष्ट्रिय सहकारी विकास बोर्ड	२०६८.६९		२२५४४	१९९६७	४२५११		१९६९१	१४०९२		१८५६	१७९२	३७४३१	५०८०
	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय		९१७५६३६	१३७५००	१०४३४१०	१०३५६५४६	५१५५२८४	१३८२०४४	११६९६००	३१५९०४	६६४९५९	३६८००५	९०५५७९६	१३००७५०
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०६८.६९	२७७०२३०		५९६२६३	३३६६४९३	३१२०८६	२७६८७८	५६७२१४	१५४८५२	५९६६८५	३६८००५	२२७५७२०	१०९०७७३

क.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	ब्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	नेपाल वायुसेवा निगम	२०६८.६९	५९४४८०१		८०२४३	६०२५०४४	४५१८३९८	८०९०१९	४९४३२५	१६१०५२	६२२८८		६०४५०८२	-२००३८
	नेपाल पर्यटन बोर्ड	२०६८.६९	४५१७२२		१९९३२	४७१६५४	३१९८९५	११४४६५			३४७७		४३७८३७	३३८१७
	वायुयान संचालन कोष	२०६८.६९			८३७७८	८३७७८					१४३		१४३	८३६३५
	तारागाउ विकास समिति	२०६८.६९	३०३१		१३३४९	१६३८०	९७७	८६२२	१७८७६		१८४		२७६५९	-११२७९
	तारागाउ विकास समिति	२०६७.६८	५८५२		१०७३५	१६५८७	३९२८	४९८२	१५३२४		२१७		२४४५१	-७८६४
	पशुपती क्षेत्र विकाश कोष	०६८/०६९	०	१३७५००	२३९११०	३७६६१०	०	१६८०७८	७४८६१	०	१९६५		२४४९०४	१३१७०६
	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय		१०७४८८	२७६८०००	२२७०९१	३१०२५७९	२१६२५०७	४७१८०	८५२७१	०	१२९४४	०	२३०७९०२	७९४६७७
	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड	२०६८.६९	२८४०		४६७९	७५१९	२४६४	८३४०	८१५५		३४४		१९३०३	-११७८४
	नेपाल रेल्वे कम्पनी	२०६५.६६	३०३१०		१०१५	३१३२५	७९४७	६९७६	१९२५०		१७८०		३५९५३	-४६२८
	नेपाल रेल्वे कम्पनी	२०६४.६५	१७२८५		५०१	१७७८६	९६७४	१८२७	१५०८८		२०९१		२८६८०	-१०८९४
	नेपाल रेल्वे कम्पनी	२०६३.६४	१९९६७		६६४	२०६३१	७९३८	१७४६	१२२७३		२४९६		२४४५३	-३८२२
	नेपाल रेल्वे कम्पनी	२०६२.६३	२०९०१		२४०४	२३३०५	१०८६८	१७२२	१२२६४		२८७०		२७७२४	-४४१९
	नेपाल रेल्वे कम्पनी	२०६१.६२	१६१८५		८५०	१७०३५	६२९३	५८६७	१०४११		३३६३		२५९३४	-८८९९
	सडक बोर्ड नेपाल	२०६८/६९		२७६८०००	२१६९७८	२९८४९७८	२११७३२३	२०७०२	७८३०	०	०		२१४५८५५	८३९१२३
	वन तथा भू–संरक्षण मन्त्रालय		१७९०१४२	०	२७१५८१	२०६१७२३	३४७०२५	७३६७१	१०२३६२	३४३६	७२०४	०	५३३६९८	१५२८०२५
	जडिबुटी उत्पादन तथा प्रशेधन	२०६८.६९	७६७८७		२१२	७६९९९							०	७६९९९
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	२०६४.६५	१८५५३६	०	११८९१	१९७४२७							०	१९७४२७
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	२०६५.६६	२७१८०८	०	१८५७९	२९०३८७							०	२९०३८७
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	२०६६.६७	२८२१६४	०	७१७५	२८९३३९							०	२८९३३९
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	२०६७.६८	८६४९२	०	३१२०६	११७६९८							०	११७६९८
	दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड	२०६८.६९	५६२७८९	०	३६४५०	५९९२३९							०	५९९२३९
	राष्ट्रिय प्रकृति संरक्षण कोष	२०६८/६९	३२४५६६	०	१६६०६८	४९०६३४	३४७०२५	७३६७१	१०२३६२	३४३६	७२०४	०	५३३६९८	-४३०६४
	वाणिज्य तथा आपूर्ति मन्त्रालय		१५९२२७६	३९९००	७३७७२	१७०५९४८	१२६१८०१	७३२२१	३४७०३५	९९०५३	१११०७	१११७६	१८०४१९३	-९८२४५
	नेपाल खाद्य संस्थान	२०६७.६८	८७४३१६	३९९००	२१३७२	९३५५८८	६७३४४९	३९५११	१८५५८७	२७५६६	८१४६	३३२	९३४५९१	९९७
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२०६७.६८	५४७९१		१४५७१	६९३६२	३७०६	८९७३	२२९४४		८६५	९१३२	४५६२०	२३७४२
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२०६६.६७	४१२३६		७४७२	४८७०८	३६३०	१०६९९	२६६७०		८६४	१७१२	४३५७५	५१३३
	नेशनल टेडिङ्ग लिमिटेड	२०६७.६८	६२१९३३		३०३५७	६५२२९०	५८९०१६	१४०३८	१११८३४	७१४८७	२०३२		७८०४०७	-१२८११७
	शिक्षा मन्त्रालय		२००६१६८	५२०९६८९	२०२८८२	७४१८७३९	५२६८८०	२८५९८४१	४०२९४६७	९०४७०	२८७२	०	७५०९५३०	-९०७९१
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०६७.६८	५४६२४९		१०२८८	५५६५३७	५२६८८०	२८२८२	६६३२१	९०४७०	२८७२		७१४८२५	-१५८२८८
	मध्यपश्चिम विश्वविद्यालय	२०६८/६९	३३	६००००		६००३३		२१६१७	१६१				२१७७८	३८२५५
	सुदुरपश्चिम विश्वविद्यालय	२०६८/६९	६०७२३	०	०	६०७२३		१४१०४	२०८५	०	०	०	१६१८९	४४५३४
	कृषि तथा वन विश्वविद्यालय	२०६८/६९	६	६००००		६०००६		१६८७०	२०१०				१८८८०	४११२६
	नेपाल संस्कृत विश्वविद्यालय	२०६७/६८	७९	११०६७	०	१११४६		२६६१	८४४०				१११०१	४५
	नेपाल संस्कृत विश्वविद्यालय	२०६८/६९	३२०७६	६३१८०२	०	६६३८७८		४७३५३८	२१३३२६				६८६८६४	-२२९८६
	पोखरा विश्वविद्यालय	२०६८/६९	२८५११०	८३८६७		३६८९७७		९७४१५	८६६९४				१८४१०९	१८४८६८
	पोखरा विश्वविद्यालय	२०६७/६८	२२५०३	४८२९७		७०८००		४५११९	१३७९५				५८९१४	११८८६
	त्रिभुवन विश्वविद्यालय	२०६८/६९	७२३७१८	२९७९९८९	५०३५६	३७५४०६३		१४६३५८६	२३४६५२३	०	०	०	३८१०१०९	-५६०४६
	त्रिभुवन विश्वविद्यालय	२०६७/६८	३०८२५९	९८९०९७	१४१८९१	१४३९२४७		५०९०७६	१०७४२९४				१५८३३७०	-१४४१२३

क.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	ब्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	त्रिभुवन विश्वविद्यालय	२०६६/६७	१५२७२	१६९४७५	०	१८४७४७		७१११४	१४०३६९				२११४८३	-२६७३६
	त्रिभुवन विश्वविद्यालय	२०६५/६६	९८५४	८६६१९	३४७	९६८२०		६५३०१	६७४८०				१३२७८१	-३५९६१
	त्रिभुवन विश्वविद्यालय	२०६४/६५	१३३८	३१६७१	०	३३००९		३७३१९	७९६९				४५२८८	-१२२७९
	लुम्बिनी बौद्ध विश्वविद्यालय	२०६८/६९	९४८	५७८०५		५८७५३		१३८३९	०	०	०	०	१३८३९	४४९१४
	सामान्य प्रशासन मन्त्रालय		४३३१३	६५९२५	२३०७५	१३२३१३	३७९२८	२५१९२	४५६८६	०	९३३१	०	११८१३७	१४१७६
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०६८/६९	४३३१३	६५९२५	२३०७५	१३२३१३	३७९२८	२५१९२	४५६८६		९३३१		११८१३७	१४१७६
	सूचना तथा सञ्चार मन्त्रालय		१०१४९८३	१३२१०६	१६९०७७	१३१६१६६	४६४१५२	४१३३८१	२६१५६०	१३६२६	७५०८१	६३८३९	१२९१६३९	२४५२७
	गोरखापत्र संस्थान	२०६८.६९	३०४४०६	२००००	८६६७	३३३०७३	२३०३२८	३०९४५	१०८०४६	६३७५	३५१६	०	३७९२१०	-४६१३७
	गोरखापत्र संस्थान	२०६७.६८	३००३१७	२००००	६४५१	३२६७६८	१७९२४१	२७०८६	७१३९४	७२५१	३९२४	९४६८	२९८३६४	२८४०४
	नेपाल टेलिभिजन	२०६८.६९	२३८८२९	८९	२३५२९	२६२४४७	५४५८३	२८२९९५			६१५५६		३९९१३४	-१३६६८७
	राष्ट्रिय समाचार समिति	२०६८.६९	६०७४	७२५००	५७१०	८४२८४		३१०११	४१४०९		२१२५		७४५४५	९७३९
	नेपाल दूरसञ्चार प्राधिकरण	२०६८.६९	१५८४१५		१२४७२०	२८३१३५		३२०७१	२९९९१		३५८९	५४३७१	१२००२२	१६३११३
	प्रेस काउन्सिल	२०६८.६९	६९४२	१९५१७		२६४५९		९२७३	१०७२०		३७१		२०३६४	६०९५
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय		०	२७९५१९	१५२८८७३	१८०८३९२	०	९६६१७२	६६९४९३	२०६२	१७८०९०	०	१८१५८१७	-७४२५
	बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०६८/६९		२३००००	९३९४६२	११६९४६२		४२९७१०	५८९८६३	२०६२	१३४५६७		११५६२०२	१३२६०
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	०६८/६९		४९५१९	५८९४११	६३८९३०		५३६४६२	७९६३०		४३५२३		६५९६१५	-२०६८५
	शहरी विकास मन्त्रालय		३७३०८२	०	२२२४०६	५९५४८८	२०१७९३	२२४८३३	१३३७२१	२०७१९३	१२७०९४	०	८९४६३४	-२९९१४६
	राष्ट्रिय आवास कम्पनी लिमिटेड	२०६८.६९	१४७३८		३९९७४	५४७१२	१२४५२	७३१७	३१७६९		५८५		५२१२३	२५८९
	राष्ट्रिय आवास कम्पनी लिमिटेड	२०६७.६८	१६५६१		५००५८	६६६१९	११४२९	६६९८	२७३५४		४७६		४५९५७	२०६६२
	काठमाण्डौ उपत्यका खानेपानी बोर्ड	२०६६.६७	३११८८		३७३५२	६८५४०		८८८६		७३५११	४१५२५		१२३९२२	-५५३८२
	काठमाण्डौ उपत्यका खानेपानी बोर्ड	२०६५.६६	२६९०७		१५३७१	४२२७८		१३१८३९		७०२२६	४०१९३		२४२२५८	-१९९९८०
	काठमाण्डौ उपत्यका खानेपानी बोर्ड	२०६४.६५	११९२५		१८३८०	३०३०५		२०६३७		१७९६५	१५७३४		५४३३६	-२४०३१
	नेपाल खानेपानी संस्थान	२०६७.६८	२७१७६३		६१२७१	३३३०३४	१७७९१२	४९४५६	७४५९८	४५४९१	२८५८१		३७६०३८	-४३००४
२	**समिति**		**१६०७२१**	**९०५७०२**	**५०५२४**	**१११६९४७**	**७६५१७**	**८७२४४२**	**११०५०७**	**२९२**	**१६२९६**	**२१९५**	**१०७८२४९**	**३८६९८**
	कानून तथा न्याय मन्त्रालय		२९२२८	०	१०९७१	४०१९९	८३५०	६२३६	२०८०९	०	१७२२	२१९५	३९३९२	८८७
	कानून किताब व्यवस्था समिति	२०६८.६९	२९२२८		१०९७१	४०१९९	८३५०	६२३६	२०८०९		१७२२	२१९५	३९३९२	८८७
	कृषि विकास मन्त्रालय		७८१६३	१८८५०	८८४६	१०५८५९	४६६४८	९६५६	३३८४८	२९२	४५८३	०	९५०२७	१०८३२
	कालिमाटी फलफुल विकास समिति	२०६८/६९	४०८२०		४१०८	४४९२८	९००४	८२५	२२३५५		२६८९	०	३४८७३	१००५५
	कपास विकास समिति	२०६८/६९	६५९५	१३८५०	४६६९	२५११४	९९३६	३१९८	८४८६		१८२०	०	२३४४०	१६७४
	पशु आहार उत्पादन विकास समिति	२०६८.६९	३०७४८	५०००	६९	३५८१७	२७७०८	५६३३	३००७	२९२	७४		३६७१४	-८९७
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय		५३३३०	१८२८१	१२६२३	८४२३४	२१५१९	३६२१६	०	०	९८५१	०	६७५८६	१६६४८
	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	०६८/०६९	५३३३०	१८२८१	१२६२३	८४२३४	२१५१९	३६२१६	०		९८५१		६७५८६	१६६४८
	शहरी विकास मन्त्रालय		०	८६८५७१	४९	८६८६२०	०	८१२७२१	५५८५०	०	४९	०	८६८६२०	०
	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	२०६८/६९		८६८५७१	४९	८६८६२०		८१२७२१	५५८५०	०	४९	०	८६८६२०	०
	शिक्षा मन्त्रालय	०	०	०	१८०३५	१८०३५	०	७६१३	०	०	९१	०	७७०४	१०३३१
	स्वप्न बगैचा विकास समिति	२०६८/६९	०	०	१८०३५	१८०३५	०	७६१३	०	०	९१	०	७७०४	१०३३१
३	**अन्य संस्था:**		**६७६१२७३**	**१२१५९७२**	**३९८६८९०**	**११९६४१३५**	**११५३५१२**	**४९००४२०**	**४३६९४९**	**३८७०९०**	**४८७२**	**२२७९०३**	**७१७०७४६**	**४८५३३८९**
	अर्थ मन्त्रालय		०	७६३३७	६९१०२८	७६७६६५	०	६१९७१	१४६६६	३८७०९०	०	०	४६३७२७	३०३९३८
	युवा तथा साना व्यावसायी स्वरोजगार कोष	२०६७/६८		१२९८४	३३५९१८	३४८९०२		८०६२	४९२२	१९७५२६	०	०	२१०५१०	१३८३९२

क.सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	ब्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	युवा तथा साना व्यावसायी स्वरोजगार कोष	२०६८/६९		६३६५३	३५५११०	४१८७६३		५३९०९	९७४४	१८९५६४		०	२५३२१७	१६५५४६
	कृषि विकास मन्त्रालय		१६८१८	०	३७	१६८५५	१४८४३	६८१	०	०	०	०	१५५२४	१३३१
	पशु विकास फार्म पोखरा (दोहोरो मार्ग)	२०६८/६९	१५८७०	०	३६	१५९०६	१४२८५	६७६	०	०	०	०	१४९६१	९४५
	मत्स्य विकास केन्द्र हेटौडा (दोहोरो मार्ग)	२०६८/६९	९४८	०	१	९४९	५५८	५	०	०	०	०	५६३	३८६
	गृह मन्त्रालय		७८९	०	८१६५४२	८१७३३१	४२२२६८	३८०९	०	०	२९२८	६८५९	४३५८६४	३८१४६७
	प्रहरी कल्याण कोष	२०६८/६९	०	०	७०४२०२	७०४२०२	३६८०५२	३२१२	०	०	२८७२	०	३७४१३६	३३००६६
	सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्र	२०६८/६९	७८९	०	११२३४०	११३१२९	५४२१६	५९७	०	०	५६	६८५९	६१७२८	५१४०१
	शहरी विकास मन्त्रालय		०	७०७	१४८	८५५	०	९२५	५९४	०	४०	०	१५५९	-७०४
	खानेपानी महसुल निर्धारण आयोग	२०६८/६९	०	७०७	१४८	८५५	०	९२५	५९४		४०		१५५९	-७०४
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय		०	६७७१	३६८५०	४३६२१	०	७४९९	१८३९	०	०	०	९३३८	३४२८३
	राष्ट्रिय अपाङ्ग कोष	२०६८/६९		६७७१	३६८५०	४३६२१	०	७४९९	१८३९				९३३८	३४२८३
	युवा तथा खेलकुद मन्त्रालय		१९४६४	११३१८५७	३६७७६	११८८०९७	४२६७७८	५०२८००	०	०	०	०	९२९५७८	२५८५१९
	राष्ट्रिय खेलकुद परिषद्	२०६७/६८	५०१३	४०४०९८	१२७६५	४२१८७६	९४२४२	२९११७६	०	०	०	०	३०५४१८	११६४५८
	राष्ट्रिय खेलकुद परिषद्	२०६८/६९	१४४५१	७२७७५९	२४०११	७६६२२१	३३२५३६	२९१६२४	०	०	०	०	६२४१६०	१४२०६१
	रक्षा मन्त्रालय		६७२४२०२	०	२४०५५०९	९१२९७११	२८९६२३	४३२२७३५	४१९८५०	०	१९०४	२२१०४४	५२५५१५६	३८७४५५५
	नेपाली सैनिक कल्याणकारी कोष	२०६८/६९	६७०८५०१		२४००६४०	९१०९१४१	२८१५९४	४३२२७३५	४१८७८३			२२१०४४	५२४४१५६	३८६४९८५
	बहु व्यवसाय उद्योग	२०६८/६९	१५७०१		४८६९	२०५७०	८०२९		१०६७		१९०४		११०००	९५७०
	कुल जम्मा:		**११२९१३८०५**	**३०१४०९१५**	**५२९४८६२८**	**१९६००३३४८**	**६६२३७८८**	**३४६६५४६९**	**३४३८६९१७**	**६२५३६५१**	**६६३६९७८**	**१८३०४३९**	**१५००११२९१**	**४५९९२०५७**

आय–व्यय हिसाब तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजू र सञ्चालन नतिजा

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तिको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१	**संगठित संस्था**	**१५**	**०**	**२१३६३१७६**	**१०२८३२५**	**७७१८४९२**	**२९५४८४**	**७०९५८४५**	**७१००२०२**	**१४४९१५३१**	**६२१५३**	**२०१४७१५**	**७२४०४२**	**१०५४८४५४**	**१३३४९३६४**	**११४२१६७**	**८८६०६५९**
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	०	९४६४६	३७६१	१०४४५४	४६५०२	१८३११	६२६१	७१०७४	४८३९	१३९८१	३६९८	१०५४	२३५७२	४७५०२	१५१९५६
	नेपाल ट्रष्टको कार्यालय	१	२०६८/६९	९४६४६	३७६१	१०४४५४	४६५०२	१८३११	६२६१	७१०७४	४८३९	१३९८१	३६९८	१०५४	२३५७२	४७५०२	१५१९५६
	अर्थ मन्त्रालय	१		३५८२८४	६७९६४	६८५९५५	१७२२७६	०	८२६४१	२५४९१७	०	१२४६६	३८२१२	५०१४	५५६९२	१९९२२५	८८५१८०
	बीमा समिति	१	२०६८/६९	३५८२८४	६७९६४	६८५९५५	१७२२७६		८२६४१	२५४९१७		१२४६६	३८२१२	५०१४	५५६९२	१९९२२५	८८५१८०
	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२		४४४८८०	०	१८५९०६२	७६७०६	१७६८	१८४६९४	२६३१६८	५७३१४	७१२२	४६६६७	७०६०९	१८१७१२	८१४५६	१९४०५१८
	गठी संस्थान	२	२०६७/६८	४४४८८०		१८५९०६२	७६७०६	१७६८	१८४६९४	२६३१६८	५७३१४	७१२२	४६६६७	७०६०९	१८१७१२	८१४५६	१९४०५१८
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	१		२१२२६७	२८४५७	२४८९००	०	१७५००	९२१२८	१०९६२८	०	४९९२१	५२५२५	१९३	१०२६३९	६९८९	२५५८८९
	समाज कल्याण परिषद्	१	२०६८/६९	२१२२६७	२८४५७	२४८९००	०	१७५००	९२१२८	१०९६२८	०	४९९२१	५२५२५	१९३	१०२६३९	६९८९	२५५८८९
	शिक्षा मन्त्रालय	३		१४४७२२४७	७२४९०९	३६०८६८४	०	५८०५९२९	५०५७६३३	१०८६३५६२	०	१३४२६	०	१००९६८१९	१०१९०२४५	७५३३१७	४३६२००१
	उच्च माध्यमिक शिक्षा परिषद्	१	२०६८/६९	२९१२९३८	६१५१२	१०८९४२२		१८२३५१६	१८२३५१६	१८२३५१६	०			१४९७७५९	१४९७७५९	३२५७५७	१४१५१७९
	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद	१	२०६८/६९	४२९१८९६	३०७९२८	१०७२९७४		३२१८९२१	३२१८९२१	०			२६८४३६४	२६८४३६४	५३४५४७	१६०७५३१
	विश्वविद्यालय अनुदान आयोग	१	२०६८/६९	७२६७४१३	३५५४६९	१४४६२८८	५८०५९२९	१५१९६	५८२९१२५	०	१३४२६	०	५९१४६९६	५९२८१२२	-१०६९९७	१३३९२९१
	युवा तथा खेलकूद मन्त्रालय	०		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	राष्ट्रिय खेलकूद परिषद्									०					०	०	०
	सुचना तथा सञ्चार मन्त्रालय	१		२१४६४	६०७	३७१८३	०	०	२५२१९	२५२१९	०	०	१७७७५	२३०४	२००७९	५१४०	४२३२३
	चलचित्र विकास बोर्ड	१	२०६८/६९	२१४६४	६०७	३७१८३	०	०	२५२१९	२५२१९	०	०	१७७७५	२३०४	२००७९	५१४०	४२३२३
	स्थानीय विकास मन्त्रालय	१		२१५७९०	३०२२	३६०९१	०	३४०२०	७७१४३	१११११३	०	६९३४	२९४०४	६८२८९	१०४६२७	६५३६	४२६२७
	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	१	२०६८/६९	२१५७९०	३०२२	३६०९१		३४०२०	७७१४३	१११११३	०	६९३४	२९४०४	६८२८९	१०४६२७	६५३६	४२६२७
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	४		५१७९९९४	१९८९५७	९९८२६८	०	११०६३१७	१४९९४५९	२६०५७७६	०	१८४४५३	४७६४९४	२५३५७१	२५७४२१८	३१५५८	१०२९८२६
	वि.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१	२०६८/६९	१३२६४३३	३९२०९	४३२०७२	०	३३५६५५	३२५६५१	६६१३०६	०	३२४२४०	१९७७१५	१४३१७२	६६५१२७	-३८२१	४२८२५१
	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान(विर अस्पताल)	१	२०६८/६९	२०४९९१०	१४३४६४	८५४१२	०	४६११६२	५४१९१७	१००३०७९	०	८९७२५५	१४४६७१	४९०५	१०४६८३१	-४३७५२	४१६६०
	शहिद गंगालाल हृदय केन्द्र	१	२०६८/६९	१७२७५६६	१६११४	४५२५७१	०	२८२०००	६१७४९६	८९९४९६	०	५९८५८०	१२३९९६	१०५४९४	८२८०७०	७१४२६	५२३९९७
	नेपाल स्वास्थ्य अनुसन्धान परिसद	१	२०६८/६९	७६०८५	१७०	२८२१३	०	२७५०००	१४३९५	४१८९५	०	२४०७८	१०११२		३४१९०	७७०५	३५९१८
	विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय	१	०	३६३६०४	६४८	१३९८९५	०	११२०००	७५०२४	१८७०२४	०	६६७१२	५९२६७	५०६०१	१७६५८०	१०४४४	१५०३३९
	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	१	२०६८/६९	३६३६०४	६४८	१३९८९५		११२०००	७५०२४	१८७०२४	०	६६७१२	५९२६७	५०६०१	१७६५८०	१०४४४	१५०३३९
२	**समिति:**	**२९३**	**०**	**१४६९६९७६**	**६४३६६३**	**३०१३३१८**	**१४५७४४३**	**३३४४०३०**	**२५३७१७७**	**७३३८६५०**	**७५७४०८**	**३८४६८६०**	**१२७७०१८**	**११५७८७२**	**७०३९१५८**	**२९९४९२**	**३३१२८१०**
	कृषि विकास मन्त्रालय	२		५७३८	४०७	५४५	२७९९	४७०९	०	७५०८	२८२५	२९७९	२१४२	०	७९४६	-४३८	१०७
	नेपाल उखु तथा चिनी विकास समिति	१	२०६८/६९	२५००	४०७			२५००	०	२५००		२५००			२५००	०	०
	चन्द्र डाँगी दुग्ध विकास समिति	१	२०६८/६९	३२३८	०	५४५	२७९९	२२०९		५००८	२८२५	४७९	२१४२		५४४६	-४३८	१०७
	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२४	०	१६७९५०४	११९३२१	३१९५१८	५०६७२	४५५२३१	३५३२६६	८५९१६९	५१७२२०	१३८७२४	१४७४२७	१६९६४	८२०३३५	३८८३४	३५८३५२
	राष्ट्रिय ताल संरक्षण वि.स.वानेश्वर	१	०६८/०६९	४३१३१	१०३१	५८६८	०	२१३००	०	२१३००	७२५०	७२५	७५६		२१८३१	-५३१	५३३७
	रुरु सेसुङ्गा प.वि.स.गुल्मी	१	०६८/०६९	२८५४८	३३	९०२	०	१४०००	२३	१४०२३	१२८००	१३००	४२५		१४५२५	-५०२	४००
	बेद विद्याश्रम संस्कृत मा.वि.	१	०६८/०६९	१५२४७	०	३२३	०	०	७५४७	७५४७	०	२०७८	५६२२		७७००	-१५३	१७०
	बुढानिलकण्ठ क्षेत्र वि.समिति	१	०६८/०६९	३८१९	०	४	०	८००	११६१	१९६१	३९३	१८६	१२७९		१८५८	१०३	१०७
	मेची पर्यटन वि.स.इलाम	१	०६८/०६९	२१९६८	४६४	०	०	११००००	०	११००००	९९८५		२९९	६८४	१०९६८	३२	३२
	मनकामना क्षेत्र वि.स.गोर्खा	१	०६८/०६९	४२६०	४९	६७१	०	४००	१८२०	२२२०	६१८	७८६	६३६		२०४०	१८०	८५१
	नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान	१	०६८/०६९	५१७६५	४७०	२२०४८		२५०००	१५२५	२६५२५	७०००	८८२४	९४१६		२५२४०	१२८५	३५३३
	नेपाल प्रज्ञा प्रतिष्ठान	१	०६८/०६९	२५२४९३	२३१९४	८०१९३	१५३२७	६२८४७	४५६३५	१२३८०९	२३६३०	५९२८३	४५७७१		१२८६८४	-४८७५	७५३१८
	नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान	१	०६८/०६९	४६९२१	४६९८	६६०५	९०	२५००००	३९३	२५४८३	२४६६	८१०१	१०८७१	०	२१४३८	४०४५	१०५५०
	वैद्धनाथ क्षेत्र विकास समिति	१	०६८/०६९	४८७२५	४३१	७७०९	०	४००	२५०४१	२५४४१	१६७४३	१७५८	४७८३		२३२८४	२१५७	९८६६
	वृहत्तर जनकपुर क्षेत्र वि.परिषद	१	०६८/०६९	१२७८४४	१४०१२	६२५२	४९९	२५३००	३६६३१	६२४३०	५५२९९	२११३	५२८७	२७१५	६५४१४	-२९८४	३२६८
	पाटन संग्रहालय विकास समिति	१	०६८/०६९	१९३४४	०	१२२१७	७८७२	७००	१९७६	१०५४८	२१०३	२३९२	४३०१		८७९६	१७५२	१३९६९
	पाथीभरा क्षेत्र विकास समिति	१	०६८/०६९	५३०३	०	३१६		२५००		२५००	२३००	३१५	१८८		२८०३	-३०३	१३
	पर्वतीय प्रशिक्षण प्र.वि.स.	१	०६८/०६९	५१९६४	५७२२	२३३५३	०	२२५००	३१२८	२५६२८	१९७२४	४५८९	१२२३		२५५३६	९२	२३४४५

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तिको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	पर्यटन वर्ष २०११ को सचिवालय	१	०६८/०६९	१९६०४३	२५८७०	२७८		१०००००	१०००००	८९११८	६९२५	०		९६०४३	३९५७	४२३५
	लुम्बिनी विकास कोष	१	०६८/०६९	४८०९५४	२८१२०	१६८१९८	०	११९०००	१२४६२२	२४३६२२	१७३२२९	२८७१२	३५३९१	२३७३३२	६२९०	१७४४८८
	कर्णाली क्षेत्र प.वि.स.	१	०६८/०६९	४७२०५	१७८			१६७००		१६७००	१३७९७	२४८३	७०	१६३५०	३५०	३५०
	कर्णाली क्षेत्र प.वि.स. ०६८।६९	१	०६८/०६९	३३०५०	२५१६	३५०	०	२३७००		२३७००	२१०००	२३४२	१६३	२३५०५	१९५	५४५
	कार्यसंचालन कोष (अभिलेखालय समेत)	१	०६८/०६९	२४९४	०	३०५५		२२६२		२२६२		२३२		२३२	२०३०	५०८५
	खप्तड क्षेत्र पर्यटन वि.स.	१	०६८/०६९	१८१४६	७२१७	५६२	०	८९००	०	८९००	८०८१	१०८२	८३	०	९२४६	-३४६	२१६
	खप्तड क्षेत्र पर्यटन वि.स.	१	०६८/०६९	३२५८७		२१६		१६३००	०	१६३००	१४२००	४९३	१५९४		१६२८७	१३	२२९
	खप्तड क्षेत्र पर्यटन वि.स.(०६८।६९	१	०६८/०६९	५७५३४	१३६२	२२९	०	३२५९२	०	३२५९२	२२९६७	२५५	१७२०		२४९४२	७६५०	७८७९
	हनुमानढोका दरबार संग्रहालय वि.स.	१	०६८/०६९	१२९७३७	४३३४	५३५८	२६८८४	४५३६२	१४२७	७३६७३	२०५२५	४१८८	१७७८६	१३५६५	५६०६४	१७६०९	२२९६७
	हलेसी महादेवस्थान विकास समिति	१	०६८/०६९	२४३२	६५१	१७७		१३३२	७५	१४०७	५३६	२०१	२८८		१०२५	३८२	५५९
	हलेसी महादेवस्थान विकास समिति	१	०६८/०६९	१९२१	०	३०२		८९८		८९८	७०६	८६	२३१		१०२३	-१२५	१७७
	शहरी विकास मन्त्रालय	८९		३३२७५१०	१०६८३९	६६३१३७	८८३६५९	४२०६७१	१३५७७३	१४४०१०३	०	९६०१८३	५२१५९	२३८७८९	१२५११३१	१८८९७२	८५२१०९
	अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१	२०६८/६९	११८४८९८	२२७६	२४४८३२	५०१३८१	०		५०१३८१	०	४३८६८५	०	०	४३८६८५	६२६९६	३०७५२८
	सिंहदरबार सचिवालय पुन:निर्माण समिति	१	२०६८/६९	६७	०	६५		२		२					०	२	६७
	फोहोर मैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्र	१	२०६८/६९	६६५३३	२३००६	७१७०		६२८९५	२३६८	६५२६३			५४१२	६११२१	६६५३३	-१२७०	५९००
	अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति	१	२०६८/६९	२२	०	२२				०					०	०	२२
	नगर विकास समितिहरु	८५	२०६८/६९	२०७५९९०	८१५५७	४११०४८	३८२२७८	३५७७७६	१३३४०३	८७३४५७	०	५२१४९८	४६७४७	१७७६६८	७४५९१३	१२७५४४	५३८५९२
	रक्षा मन्त्रालय	१		१३४९६२	३५६७०	९२५६७	०	६१२६	५८४४३	५८४४३	५१०२३	१३९५९	६७२८	४८०९	७५५१९	-१८०७६	७४४९१
	नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति	१	२०६८/६९	१३४९६२	३५६७०	९२५६७	५२३१७	०	६१२६	५८४४३	५१०२३	१३९५९	६७२८	४८०९	७५५१९	-१८०७६	७४४९१
	वन तथा भु-संरक्षण मन्त्रालय	**२**		**७३८३०९**	**०**	**३३४४९**	**२९७८७२**	**०**	**७६२३८**	**३७४११०**	**११०४५१**	**२०६७९७**	**०**	**४६९५१**	**३६४१९९**	**९९११**	**४३३६०**
	वन पैदावार विकास समिति	१	२०६७.६८	३५३७६३		१३४४४	१३५७५२		४४४१०	१८०१६२	५१५९६	९६०८६		२५९१९	१७३६०१	६५६१	२०००५
	वन पैदावार विकास समिति	१	२०६८.६९	३८४५४६		२०००५	१६२१२०		३१८२८	१९३९४८	५८८५५	११०७१७		२१०३२	१९०५९८	३३५०	२३३५५
	वाणिज्य तथा आपूर्ति मन्त्रालय	२		५३४२४६	६२५१	३४८६९२	३५८२	४६३०६	१३५६६६	१८५५५४	०	६६८१२	०	१९६४५	८६४५७	९९०९७	४४७७८९
	नेपाल इन्टरमोडल यातायात विकास समिति	१	२०६८/६९	३८५१४९	३५१५	२५६०८१			१२९०६८	१२९०६८		२०५०६		१०२३८	३०७४४	९८३२४	३५४४०५
	व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र	१	२०६८/६९	१४९०९७	२७३६	९२६११	३५८२	४६३०६	६५९८	५६४८६		४६३०६		९४०७	५५७१३	७७३	९३३८४
	विज्ञान प्रविधि तथा बातावरण मन्त्रालय	१		५५७४०	०	१२३०७	०	२२३९६	५५७९	२७९७५	०	५३६९	२२३९६	०	२७७६५	२१०	१२५१७
	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति	१	२०६८/६९	५५७४०	०	१२३०७	०	२२३९६	५५७९	२७९७५	०	५३६९	२२३९६	०	२७७६५	२१०	१२५१७
	सामान्य प्रशासन मन्त्रालय	१		४३४४३३	१८१४६	३४०६०३	९३२२४	१३५५००	१५९३९	२४४६६३	७५८८९	२६९४५	७०४१२	१६५५४	१८९८००	५४८६३	३९५४६६
	निजामती कर्मचारी अस्पताल	१	२०६८/६९	४३४४३३	१८१४६	३४०६०३	९३२२४	१३५५००	१५९३९	२४४६६३	७५८८९	२६९४५	७०४१२	१६५५४	१८९८००	५४८६३	३९५४६६
	सूचना तथा सञ्चार मन्त्रालय	१		२६९८९५	७५६४९	१२३५८६	७३३१८	१७७५००	१९०७८	२६९८९६	०	१६४७७०	८९५७१	१०५३७७	३५९७१८	-८९८२२	३३७६४
	रेडियो प्रसार सेवा विकास समिति	१	२०६८/६९	२६९८९५	७५६४९	१२३५८६	७३३१८	१७७५००	१९०७८	२६९८९६	०	१६४७७०	८९५७१	१०५३७७	३५९७१८	-८९८२२	३३७६४
	शिक्षा मन्त्रालय	१२		२५३२२९	६५८३	२९०७२	०	१९६५९७	२७६८०	२२४२५७	०	२३४७७	५१७८	२१०३२५	२३८९८०	-१४७२३	१४३४९
	दोश्रो उच्च शिक्षा परियोजना कार्यान्वयन समिति	१	२०६८/६९	१५८०३६	०	१७०२०		१३७४३२	१५८४	१३९०१६		१२३५५		१४४७६९	१५७१२४	-१८१०८	-१०८८
	डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति	९	९	२४८९२	५९५	०			२४८९२	२४८९२		२३७६	५१७८	१६८७८	२४४३२	४६०	४६०
	खुला विश्वविद्यालय पुर्वाधार निर्माण विकास समिति	१	२०६८/६९	११८४	०	०			११८४	११८४				११८४	११८४	०	०
	विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	१	२०६८/६९	७१२१७	५९८८८	१२०५२		५९१६५		५९१६५		८७४६		४७४९४	५६२४०	२९२५	१४९७७
	संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय	६५		९४२९८०	३३९९२	३८४७३१	०	०	४७१०१७	४७१०१७	०	४७१९६३	०	०	४७१९६३	-९४६	३८३७८५
	स्थानीय विकास कोषको सचिवालय	६५	२०६८/६९	९४२९८०	३३९९२	३८४७३१	०		४७१०१७	४७१०१७	०	४७१९६३			४७१९६३	-९४६	३८३७८५
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	९३		६३२०३०००	२४०८०५	६६५१११	०	१८८५१२०	१२९०८३५	३१७५९५५	०	१७६४८८२	८८१००५	४९८४५८	३१४४३४५	३९६१०	६९६७२१
	सिंहदरबार बैद्यखाना विकास समिति,काठमाडौं	१	२०६८/६९	१०३७३६	१२१३५	१०४७६१	०	१२४३६	३९६३०	५२०६६	०	२९००९	१२७७८	९८८३	५९६७०	३९६	१०५१५७
	मानसिक अस्पताल, ललितपुर	१	२०६८/६९	६५४०४	१३	५५६०	०	२१५५२	१३९५९	३५५११	०	७१२६	१४४२६	८३४१	२९८९३	५६१८	१११७८
	शुक्राज ढपिकल सरुवारोग, टेकु	१	२०६८/६९	१४०७६५	८१२९	५६७९	०	६१७८२	९९७९	७१७६१	०	३७११३	३१६४०	२५१	६९००४	२७५७	८४३६
	नरदेवी आयुर्वेद औषधालय	१	२०६८/६९	६९५७०	५२९	९४३	०	३१६८५	३०४७	३४७३२	०	१४२०७	२०१०९	५२२	३४८३८	-१०६	८३७
	किटजन्य रोग अ.त.ता.वि.स.	१	२०६८/६९	१९४५८	०	२६०	०	९५४२	२२६	९७६८	०	७३३१	२१०५	२५४	९६९०	७८	३३८
	कान्ति बाल अस्पताल विकास समिति	१	२०६८/६९	४३४२४८	२९०५९	५०१५७	०	१२६९३२	१००२७०	२२७२०२	०	१०८६६४	९४३५२	६०३०	२०७०४६	२०१५६	७०३९३
	परोपकार तथा स्त्रीरोग अ.वि.समिति	१	२०६८/६९	७९८८२०	१००९६	२३२५३५	०	२६३०१८	१५०४५८	४१३४७८	०	२३५४४९	१३५३९६	१४४९९	३८५३४४	२८१३२	२६०६६७
	क्षयरोग केन्द्र काठमाडौं	१	२०६८/६९	२५१३	०	२७८०	०		९८५	९८५	०			१५२८	१५२८	-५४३	२२३७
	क्षेत्रीय अस्पताल विकास समिति	४	२०६८/६९	१०२३६८२	३९६४०	४३७७५	०	२४८२११	२६३६९५	५११९०६	०	३२५१९१	१५२१२९	३४४५६	५११७७६	१३०	४३९०५
	अञ्चल अस्पताल वि.समिति	११	२०६८/६९	२३०३९२६	६७८६७	७५१२०	०	७७१७४०	३७६६१८	११८८३५८	०	५४७४०९	२९३२५०	३१४९०९	११५५५६८	-७२१०	६७९१०
	अ.वि. समिति र अन्य अस्पताल	७०	२०६८/६९	१३५८१७८	७३३३७	१४३५४१	०	३३८२२२	३३१९६८	६७०१९०	०	४५५३८३	१२४८२०	१०७७८५	६८७९८८	-१७७९८	१२५७४३
३	**अन्य संस्था**	६३		७९९७०७९	१०५२७१	२६७४६६४	३४५९२४	११४५३८९	२७६११४३	४२५२४५६	१८१८७६	६३९५२१	२८३६७	२९०२२३४	३७५१९९८	५०१९७९	३१७६६४३

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा										यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	व्यवस्थापिका-संसद सचिवालय	१		४८३३	०	४८३३	०	०	०	०	०	०	०	०	०	०	४८३३
	संसद विकास कोष	१	२०६८/६९	४८३३	०	४८३३				०					०	०	४८३३
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८	०	५८९८८	१४४८	४११८९४	०	१६४३	२३६६०	२५३०३	०	०	०	३३६८४	३३६८४	-८३८१	४०३५१३
	प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	१	२०६८/६९	३८७८१	४४८	३४२६६४	०	३९३	१५४१२	१५८०५				२२९७५	२२९७५	-७१७०	३३५४९४
	प्रधानमन्त्री सहायता कोष	१	२०६८/६९	१८६००	०	२८०५	०	७५०	७१५६	७९०६				१०६९४	१०६९४	-२७८८	१७
	क्षेत्रिय दैवी प्रकोप उद्धार समिति	५	२०६८/६९	५३०	१०००	३४४१		५००	१५	५१५				१५	१५	५००	३९४१
	प्रधानमन्त्री राहत कोष	१	२०६८/६९	१०७७	०	६२९८४	०	०	१०७७	१०७७					०	१०७७	६४०६१
	अर्थ मन्त्रालय	२		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
	आकस्मिक विमा कोष	२								०					०	०	०
	उद्योग मन्त्रालय	६		२३४०४२	२३४८७	५३३७५	५६०३८	१०३००	८५७४०	१५२०७८	६४३८३	१६६९	११५३९	४३७३	८१९६४	७०११४	१२३४८९
	हस्तकला प्रवर्द्धन ललितपुर	१	२०६८/६९	१६६७९८	२१५७२	२१३६	४४१६६	५००	६१५७२	१०६२३८	६०५६०	०	०	०	६०५६०	४५६७८	४७८१४
	केन्द्रीय कारागार कोष	१	२०६८/६९	७४९४	१९१५	१८१७८	३३०८	०	०	३३०८	३८२३	६४	०	२९९	४१८६	-८७८	१७३००
	घरेलु विभाग अन्य कोष	१	२०६८/६९	१७०९२	०	२५०४४	०	९८००	२६८३	१२४८३	०	१६०५	०	३००४	४६०९	७८७४	३२९१८
	घरेलु समिति प्रधान कार्यालय घर जग्गा सापटी कोष	१	२०६८/६९	६१८५	०	१३०२	०	०	६१८५	६१८५	०	०	०	०	०	६१८५	७४८७
	घरेलु समिति प्रधान कार्यालय ऋण लगानी कोष	१	२०६८/६९	१४६४४	०	२३८६	०	०	१३९६२	१३९६२	०	०	०	६८२	६८२	१३२८०	१५६६६
	घरेलु समिति प्रधान कार्यालय घुम्ती कोष	१	२०६८/६९	२१८२९	०	४३२९	८५६४	०	१३३८	९९०२	०	०	११५३९	३८८	११९२७	-२०२५	२३०४
	कानून तथा न्याय मन्त्रालय	२		५७१३	१५१	४३८	०	२८१०	२४०	३०५०	०	११७६	१४८८	०	२६६४	३८६	८२४
	केन्द्रीय कानून पुस्तकालय विकास समिति	१	२०६८/६९	५५२०	१५१	१९४	०	२८१०	४७	२८५७	०	११७६	१४८८	०	२६६४	१९३	३८७
	मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	१	२०६८/६९	१९३	०	२४४	०	०	१९३	१९३	०	०	०	०	०	१९३	४३७
	कृषि विकास मन्त्रालय	४		४९६७६	०	४३८४९	६८२०	०	४	६८२४	१०९	९५	९५	१	३००	६५२४	५०३७३
	कृषि सुचना तथा सञ्चार केन्द्र	१	२०६८/६९	५	०	१०४२			४	४					०	४	१०४६
	पशु विकास फर्म पोखरा कार्य सञ्चालन कोष	१	२०६८/६९	४८३९०	०	४१६२४	६६८६			६६८६					०	६६८६	४८३९०
	कृषि अनुसन्धान तथा विकास कोष (कार्य सञ्चालन कोष)	१	२०६८/६९	९२७	०	९२७				०					०	०	९२७
	उष्ण प्रदेशिय बागवानी दोहोरामार्ग, सर्लाही	१	२०६८/६९	४३४	०	२५६	१३४			१३४	१०९	९५	९५	१	३००	-१६६	९०
	गृह मन्त्रालय	२		१५११८२०	४४३३	३५६५७५	०	०	८६१५७६	८६१५७६	०	०	०	६१५८२२	६१५८२२	२४५७५४	६०२३२९
	केन्द्रीय दैवी प्रकोप उद्धार समिति	१	२०६८/६९	१६७२१९	०	२००७३७			५४४५०	५४४५०				७८३४७	७८३४७	-२३८९७	१७६८४०
	क्षेत्रीय दैवी प्रकोप उद्धार समिति									०					०	०	०
	जिल्ला दैवी प्रकोप उद्धार समिति	१	२०६८/६९	१३४४६०१	४४३३	१५५८३८			८०७१२६	८०७१२६				५३७४७५	५३७४७५	२६९६५१	४२५४८९
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	३		२१३१२	६७	२६६१२	०	१०००	१२८९९	१३८९९	०	३७३	६९८२	५८	७४१३	६४८६	३३०९८
	वृद्ध कल्याण कोष	१	२०६८/६९	२३९५	०	७४७४			१८७९	१८७९			५१६		५१६	१३६३	८८३७
	अन्तर्राष्ट्रिय धर्मपत्र धर्मपुत्री वि.स	१	२०६८/६९	१६५७४	६	१३६५६			१०४५५	१०४५५			६११९		६११९	४३३६	१७९९२
	राष्ट्रिय स्वास्थ्योपचार सहायता कोष	१	२०६८/६९	२३४३	६१	५४८२		१०००	५६५	१५६५		३७३	३४७	५८	७७८	७८७	६२६९
	रक्षा मन्त्रालय	४		२७८५४९	८८६५	७८१२०	८४५८४	०	७५८८१	१६०४६५	३९२१५	६३३४	१८९२	७०६४३	११८०८४	४२३८१	१२०५०१
	नेपाली सैनिक, कल्याणकारी कोष									०					०	०	०
	स्वयम्भु बारुदखाना	१	२०६८/६९	३४५२९	८८०७	२७७३०	२७३१९		२५०	२७५६९	६९६०	०	०	०	६९६०	२०६०९	४८३३९
	वीरेन्द्र अस्पताल, छाउनी अस्पताल मेन्टिनेन्स फण्ड	१	२०६८/६९	३०३	०	४९४	१८३			१८३	१२०				१२०	६३	५५७
	वसुन्धरा क्यान्टिन	१	२०६८/६९	१७८१७२	५८	६३३९	१७४५०		७२३८८	८९८३८	१५१५५	१०३८	१८९२	७०२४९	८८३३४	१५०४	७८४३
	सुनाचुरी इमल्सन प्लाण्ट	१	२०६८/६९	६५५४५	०	४३५५७	३९६३२		३२४३	४२८७५	१६९८०	५२९६		३९४	२२६७०	२०२०५	६३७६२
	वन तथा भू-संरक्षण मन्त्रालय	१		३२२५०३	१०२१७	४०५८०	१८६८८३	०	०	१८६८८३	१२०४०	७३५३	४०८५	११२१४२	१३५६२०	५१२६३	९१८४३
	जिल्ला वन पैदावार आपूर्ति समिति	१	२०६८/६९	३२२५०३	१०२१७	४०५८०	१८६८८३	०	०	१८६८८३	१२०४०	७३५३	४०८५	११२१४२	१३५६२०	५१२६३	९१८४३
	विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय	१		६४६१	२५००	२४८९८	०	०	३७४०	३७४०	०	०	०	२७२१	२७२१	१०१९	२५९१७
	वातावरण संरक्षण कोष	१	२०६८/६९	६४६१	२५००	२४८९८	०	०	३७४०	३७४०	०	०	०	२७२१	२७२१	१०१९	२५९१७
	शिक्षा मन्त्रालय	३		५९०४०१	३४२	३१७२८५	०	३००००	१६४९४६	१९४९४६	०	०	०	१७५४५८	१७५४५८	१९४८८	३३६७७३
	जिल्ला शिक्षा कोष	१	२०६८/६९	२८५५०३	०	७०३४१			१३६९९२	१३६९९२				१५४५५५	१५४५५५	-१७५६३	५२७७८
	उच्च प्राविधिक शिक्षा तथा प्रवर्द्धन समिति									०					०	०	०
	छात्रा शिक्षा कोष	१	२०६८/६९	२७८८६९	०	२३५६१८		२००००	२३२५१	४३२५१				१	१	४३२५०	२७८८६८
	यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	१	२०६८/६९	२६०२९	३४२	१११३२६		१००००	४७०३	१४७०३				२०९०२	२०९०२	-६१९९	५१२७
	सुचना तथा सञ्चार मन्त्रालय	५		२४९६८८९	१११३८	१०१५४१८	०	०	१४८१४७१	१४८१४७१	०	०	०	१३५४४२०	१३५४४२०	१२७०५१	११४२४६९
	सुचना विभाग कार्य सञ्चालन कोष	१	२०६८/६९	१३४२५	०	१३४२५	०	०	०	०	०	०	०	०	०	०	१३४२५
	सुचना तथा संचार मन्त्रालय कार्य संचालन कोष	१	२०६८/६९	४	०	४				०				४	४	-४	०
	केन्द्रीय धनादेश	१	२०६८/६९	१८३८५	०	१०२४९	०	०	८१३६	८१३६	०	०	०	९०५९	९०५९	-९२३	९३२६

क.सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा											यो वर्षको बचत	वर्षान्तिको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च			
	पत्रकार कल्याण कोष	१	२०६८/६९	१००००	०	१००००				०					०		०	१००००
	हुलाक बचत बैङ्क	१	२०६८/६९	२४५५०७५	१११३८	९८१७४०	०	०	१४७३३३५	१४७३३३५	०	०	०	१३४५३५७	१३४५३५७		१२७९७८	११०९७१८
	सामान्य प्रशासन मन्त्रालय	१		५७५७८	३६८	१३२	१७१९	२७२६०	०	२८९७९	१३३८	२५४८८	१७७२	०	२८५९८		३८१	५१३
	कर्मचारी प्रशिक्षण प्रतिष्ठान	१	२०६८/६९	५७५७८	३६८	१३२	१७१९	२७२६०	०	२८९७९	१३३८	२५४८८	१७७२	०	२८५९८		३८१	५१३
	संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय	१		१४०७३५५	४१८८४	२६६५२५	०	६६७६५०	९९६५	६७७६१५	६४७९९१	५६२१३१	२०१	१०४४१९	७३१५४२		-५३९२७	२१२५९८
	स्थानीय विकास शुल्क कोष	१	२०६८/६९	१४०७३५५	४१८८४	२६६५२५	०	६६७६५०	९९६५	६७७६१५	६४७९९१	५६२१३१	२०१	१०४४१९	७३१५४२		-५३९२७	२१२५९८
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१७		८९८७२७	३	११०५६	०	४०४७२६	४०६९६	४४५४२२	०	२२३६२	३१३	४२८४९३	४५११६८		-४२२५	६८३१
	स्वास्थ्य कर कोष	१	२०६८/६९	७९८७०३	३	४७७१	०	३९६८००	४३९	३९७२३९	०	३५४	३१३	४००७९७	४०१४६४		-४२२५	५४६
	कार्य संचालन कोष र अन्य –१६	१६	२०६८/६९	१०००२४	०	६२८५	०	७९२६	४०२५७	४८१८३	०	२२००८	०	२७६९६	४९७०४		०	६२८५
	शहरी विकास मन्त्रालय	२		५२२३२	३६८	२३०७४	९८८०	०	३२५	१०२०५	०	१२५४०	०	०	१२५४०		-२३३५	२०७३९
	जग्गा विकास चक्रकोष	१	२०६८/६९	१७७२६	०	१७३०२			३२५	३२५	०	०	०	०	०		३२५	१७६२७
	दक्षिणकाली क्षेत्र विकास प्रबन्ध समिति	१	२०६८/६९	३४५०६	३६८	५७७२	९८८०	०	०	९८८०		१२५४०			१२५४०		-२६६०	३११२
	कुल जम्मा:–	**३७१**		**४४०५७२३१**	**१७७७२५९**	**१३४०६४७४**	**२०९८८५१**	**११५८५२६४**	**१२३९८५२२**	**२६०८२६३७**	**१००१४३७**	**६५०१०९६**	**२०२९४२७**	**१४६०८५६०**	**२४१४०५२०**		**१९४३६३८**	**१५३५०११२**

अनुसूची – ८

(प्रतिवेदनको परिच्छेद २ दफा २.५ सँग सम्बन्धित)

सरकारी निकायको पेश्की बाँकी विवरण

(रु. हजारमा)

क.सं	मन्त्रालय निकायको नाम	कर्मचारी पेश्की		अन्य पेश्की		जम्मा
		गतवर्षसम्म	यो वर्ष	गतवर्षसम्म	यो वर्ष	
१	राष्ट्रपतिको कार्यालय	०	०	६५००	५६४८२	६२९८२
२	संविधान सभा व्यवस्थापिका संसद	५२८७	१७३८	२९२५		९९५०
३	सर्वोच्च अदालत	२९४	१४४७	१९५००	९५६४	३०८०५
४	महालेखा परीक्षकको कार्यालय		३०			३०
५	लोक सेवा आयोग	१८९२	६८१	१८८३	१५३८	५९९४
६	निर्वाचन आयोग	२२७०	२१३०	९१४०	२६५८६९	२७९४०९
७	महान्यायाधिवक्ताको कार्यालय	५६	२५	७८४२	११८७८	१९८०१
८	न्यायपरिषद	०	०		४५०	४५०
९	राष्ट्रिय मानवअधिकार आयोग	०	०	१८३३	३१२४	४९५७
१०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१४६५२	९९८४	३०३१	६०७०	३३७३७
११	अर्थ	१२३६	८१६	२७९३०४	१९३७७७	४७५१३३
१२	उद्योग	२७९२	७५३	७९८१५	५५८४	८८९४४
१३	ऊर्जा	०	३७८	१३६४०	२००१०	३४०२८
१४	कानुन तथा न्याय	०	७	०	०	७
१५	कृषि विकास	९११९	७०३	८८३०४	३५५१२	१३३६३८
१६	गृह	१८००४१	४९१८	९५६३६२	९१००७५	२०५१३९६
१७	पररा्ष्ट्र	९३७३४	१४८२३	२१८८९८	२४६११७	५७३५७२
१८	संस्कृति, पर्यटन तथा नागरिक उडड्यन	४००९	१४४१	७१८७८	३०८८३	१०८२११
१९	भूमिसुधार तथा व्यवस्था	१८०५	१३००	६२७४६	७४५८४	१४०४३५
२०	भौतिक पूर्वाधार तथा यातायात	२६०४९	१०९९	२८१४५७२	४५६७९४१	७४०९६६१
२१	महिला, बालबालिका तथा समाज कल्याण	५३५६	१६१९	६६४६३	२१०६३	९४५०१
२२	युवा तथा खेलकुद	०	०	१०७१३		१०७१३
२३	रक्षा	७३८७	६३०२	१८५४९७१	१२१६०१०	३०८४६७०
२४	वन तथा भू–संरक्षण	५३८४	४६६६	१२३११९	६६२२	१३९७९१
२५	विज्ञान प्रविधि तथा बातावरण	१११५	३६	१७४५८८	१२३४८०	२९९२१९
२६	शान्ति तथा पुनर्निर्माण	७४९	१२१९	२३८८७३	९४५८६	३३५४२७
२७	शिक्षा	४५५०१	२५४५७	१०१५९९७	३५८०९	११२२७६४
२८	श्रम तथा रोजगार	७२५	२१६	२५४१३	१४९७७	४१३३१
२९	सामान्य		०	०	१०००	१०००
३०	सिचाई	११६२६	५९६३	६१४५६५	९८९२१४	१६२१३६८
३१	सूचना तथा सञ्चार	८२	१०	४६५९०	५२०७७	९८७५९
३२	शहरी विकास	१०९४८	४४४६	१८९४३३५	९५२९८४	२८६२७१३
३३	संघिय मामिला तथा स्थानीय विकास	१०९३७१	२८४८२	२१२०९९५	२६६२१४३	४९२०९९१
३४	स्वास्थ्य तथा जनसंख्या	३६८२८	२२९८८	५०५७४९	१०४९१३६	१६१४७०१
३५	सहकारी तथा गरिवी निवारण		४७		५७१५	५७६२
३६	राष्ट्रिय योजना आयोगको सचिवालय	२८४४	१४७०	५६६८	१९११	११८९३
	जम्मा:	**५८११५२**	**१४५१९४**	**१३३३६२१२**	**१३६६६१८५**	**२७७२८७४३**

अनुसूची – ९

(प्रतिवेदनको परिच्छेद २ दफा ५ सँग सम्बन्धित)

कुल असुली

आर्थिक वर्ष २०६८।६९

(रु.हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	विनियोजन, राजस्व र धरौटी				अन्य निकाय	कुल जम्मा
		ले. प. को दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	जम्मा		
१	संविधान सभा व्यवस्थापिका संसद		२७	२७	५४	-	५४
२	सर्वोच्च अदालत	२६०	११२	१४२	५१४	-	५१४
३	महालेखा परीक्षकको कार्यालय		९७०		९७०	-	९७०
४	लोक सेवा आयोग	४३	-	-	४३	-	४३
५	निर्वाचन आयोग	४००	१९२	९३३४	९९२६	-	९९२६
६	महान्यायाधिवक्ताको कार्यालय	२३	-	-	२३	-	२३
७	न्यायपरिषद्	२१	-	-	२१	-	२१
८	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	-	३७७३	१०१२५	१३८९८		१३८९८
९	अर्थ	४८६३०	४६८१९	१५५४१२	२५०८६१	१९७२७२	४४८१३३
१०	उद्योग	५७	-	३८२	४३९	-	४३९
११	ऊर्जा	-	५२	३२	८४	-	८४
१२	कृषि विकास	५९७	६०९	४८६२	६०६८	२८६०	८९२८
१३	गृह	१४६०	६९५	३१६८०	३३८३५	-	३३८३५
१४	परराष्ट्र	८४	५१	१५८३२	१५९६७	-	१५९६७
१५	संस्कृति, पर्यटन तथा नागरिक उडड्यन	६६	४५८	४८४	१००८	२४६५	३४७३
१६	भूमिसुधार तथा व्यवस्था	१३७२५	१०८	३३२८५	४७११८	-	४७११८
१७	भौतिक पूर्वाधार तथा यातायात	३४८	२७७६	१७१७९	२०३०३		२०३०३
१८	महिला,बालबालिका तथा समाज कल्याण	४५६	१९७	७३३	१३८६	२०	१४०६
१९	युवा तथा खेलकूद		१४२९६	९२३	१५२१९	३०४१५	४५६३४
२०	रक्षा	३६४४	६५८६	९३१६	१९५४६		१९५४६
२१	वन तथा भू–संरक्षण	७५१	५४१	११५४२	१२८३४	-	१२८३४
२२	वाणिज्य तथा आपूर्ति	३९		३०८	३४७	-	३४७
२३	विज्ञान प्रविधि तथा बातावरण	२०३	५०	५६१६	५८६९	-	५८६९
२४	शान्ति तथा पुनर्निर्माण	३२७	०	०	३२७		३२७
२५	शिक्षा	८७८३	४५७३	१००५७	२३४१३		२३४१३
२६	श्रम तथा रोजगार	२७	९४	८९७८	९०९९	-	९०९९
२७	सामान्य प्रशासन	१९६	०	६५	२६१	२२१	४८२
२८	सिचाई	४४३	४२४५	१०९९	५७८७	-	५७८७
२९	सूचना तथा सञ्चार	२१६	१२	१०६	३३४	-	३३४
३०	शहरी विकास	१४५४	६४५४	१०५१४	१८४२२	१८४४	२०२६६
३१	संघिय मामिला तथा स्थानिय विकास	९३८६	६८३२	१६६०५६	१८२२७४		१८२२७४
३२	स्वास्थ्य तथा जनसंख्या	६७२०	२०७५	२४४५	११२४०	८७६५	२०००५
३३	सहकारी तथा गरिवी निवारण	२३	०	०	२३		२३
३४	राष्ट्रिय योजना आयोगको सचिवालय	१४२	१	७३४०	७४८३	-	७४८३
	जम्मा	९८५२४	१०२५९८	५१३८७४	७१४९९६	२४३८६२	९५८८५८

अनुसूची –१०

(प्रतिवेदनको परिच्छेद २ दफा ४ सँग सम्बन्धित)

असुल हुन बाँकी राजस्व (बक्यौता)

आर्थिक वर्ष २०६८/६९

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	गत वर्ष सम्मको	यस वर्ष सम्मको	गत वर्षको तुलनामा वृद्धि	वृद्धि प्रतिशत
१	सर्वोच्च अदालत	४०५५६२०	८०१४३६२	३९५८७४२	९७.६१
२	अर्थ	५७९९७८४९	६४८६२२६६	६८६४४१७	११.८४
३	कृषि विकास	६४४	६४४	-	-
४	गृह	३२२०	३२२०	-	-
५	सिंचाई	९४८३८	९८४७५	३६३७	३.८३
६	ऊर्जा	१०११८३२	७३९०	-१००४४४२	-९९.२७
७	भूमिसुधार तथा व्यवस्था	९६२६	२६४७६	१६८५०	१७५.०५
८	वन तथा भू–संरक्षण	१३९८६०	१४५१०६	५२४६	३.७५
९	सूचना संचार		१०६९७	१०६९७	
	जम्मा	६३३१३४८९	७३१६८६३६	९८४४४५०	१५.५५

बजेटमा समावेश नभएको वैदेशिक सहायताको विवरण
आर्थिक वर्ष २०६८।६९

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	प्राविधिक सहायता विवरण अनुसार				विविध सहायता		कूल		सल्लाहकार सेवा	मालसामान	तालिम सेमिनार	नखुलेको	जम्मा
		सम्झौता संख्या	सम्झौता रकम			सम्झौता संख्या	सम्झौता रकम	सम्झौता संख्या	सम्झौता रकम					
१	निर्वाचन आयोग	१	८३४६८४					१	८३४६८४				८३४६८४	८३४६८४
२	राष्ट्रिय मानव अधिकार आयोग	५	२३५५७७					५	२३५५७७	२६७९४			२०८७८३	२३५५७७
३	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	४२६५७					३	४२६५७	२५७७९		५३५२	११५२६	४२६५७
४	अर्थ	४	४७९२२२					४	४७९२२२	१४३५०		६५२३	४५८३४९	४७९२२२
५	उद्योग,	९	१३९५९२०					९	१३९५९२०	१४०११६	८१७८	२४०२५	११५००६१	१३९५९२०
६	कृषि विकास	५	६९४१९५					५	६९४१९५	१९६४७	८९३०	८८०५	६५६८१३	६९४१९५
७	ऊर्जा	१	५३५२०					१	५३५२०				५३५२०	५३५२०
८	गृह	६	२८७७१०१					६	२८७७१०१				२८७७१०१	२८७७१०१
९	भौतिक योजना तथा निर्माण	१०	१००२५१८					१०	१००२५१८		७४२५००		२६००१८	१००२५१८
१०	विज्ञान प्रविधि तथा बातावरण	७	३३०२८९					७	३३०२८९	१७८९७३	१३३८	२१८५४	१२८१२४	३३०२८९
११	महिला, बालबालिका तथा समाज कल्याण	३	९४८८७					३	९४८८७				९४८८७	९४८८७
१२	भुमिसुधार तथा व्यवस्था	३	२६७६००					३	२६७६००				२६७६००	२६७६००
१३	वन तथा भू–संरक्षण	९	२९८६२५०					९	२९८६२५०				२९८६२५०	२९८६२५०
१४	वाणिज्य तथा आपूर्ति	२	१४५५०६			१	३००००	३	१७५५०६	१०८७१	२१७४	३८०४९	९४४१२	१४५५०६
१५	शिक्षा	१२	१५९८१२२			०		१२	१५९८१२२		३२२९०	४०१४	१५६१८१८	१५९८१२२
१६	संस्कृति पर्यटन तथा नागरिक उड्डयन	१	७५००					१	७५००					
१७	शहरी विकास	१	४४६००					१	४४६००				७५००	७५००
१८	सिंचाई	१	२१६७५६						२१६७५६				२१६७५६	२१६७५६
१९	संघिय मामिला तथा स्थानीय विकास	३	११२१६८२					३	११२१६८२	६३९९५१	२६३०८	११७३५१	३३८०७२	११२१६८२
२०	स्वास्थ्य तथा जनसंख्या	२६	८७१२०४२					२६	८७१२०४२	१३६४२०	१५७६१२	४९९५६	८३६८०५३	८७१२०४२
२१	राष्ट्रिय योजना आयोगको सचिवालय	१	७७७९६					१	७७७९६				७७७९६	७७७९६
२२	श्रम तथा रोजगार	२	८२४३६					२	८२४३६				८२४३६	८२४३६
२३	मन्त्रालय नखुलेको	११५	३८९१२७८१					११५	३८९१२७८१	६२८१२१	१७८४१३	१०९२३६	३७९९७०११	३८९१२७८१
	जम्मा	**२३०**	६२२१३६४०			**१**	३००००	२३०	६२२४३६४०	१८२१०२२	१२३१२८४	३८५१६४	५८७३१५७०	६२१६९०४०

अनुसूची – १२

(प्रतिवेदनको परिच्छेद २ दफा २९ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	असुल गर्नुपर्ने		असुली		असुल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१	उपराष्ट्रपतिको कार्यालय	१	२१	०	०	२१
२	संविधान सभा व्यवस्थापिका संसद	१	४४७२	०	०	४४७२
३	सर्वोच्च अदालत	२६	११८७	०	०	११८७
४	लोक सेवा आयोग	५	२०२	०	०	२०२
५	निर्वाचन आयोग	३३	१३९५	५	१२५	१२७०
६	महान्यायाधिवक्ताको कार्यालय	२९	५४०	०	०	५४०
७	राष्ट्रिय मानव अधिकार आयोग	१	१४	०		१४
८	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५	७९१	०	०	७९१
९	अर्थ	२७	३५३३२	७	७५१	३४५८१
१०	उद्योग	२६	४२९	२	८	४२१
११	ऊर्जा	१	२१०	१	५२	१५८
१२	कानून तथा न्याय	२	९	०	०	९
१३	कृषि विकास	७९	१८३९	२५	४६६	१३७३
१४	गृह	२९	१२४४	२	३	१२४१
१५	संस्कृति पर्यटन तथा नागरिक उड्ययन	८	६८	०	०	६८
१६	परराष्ट्र	३४	१७९३६	२	२४	१७९१२
१७	भूमिसुधार तथा व्यवस्था	४६	४६८	५	७	४६१
१८	भौतिक पूर्वाधार तथा यातायात	१९	१७२४	६	३४	१६९०
१९	महिला, बालबालिका तथा समाज कल्याण	२२	४०८	८	५१	३५७
२०	वन तथा भू–संरक्षण	८१	३८३८	२१	५३३	३३०५
२१	विज्ञान प्रविधि तथा बातावरण	३	२९	०	०	२९
२२	रक्षा	४	३०८६	१	३१	३०५५
२३	शान्ति तथा पुनर्निर्माण	५	१०३	०	०	१०३
२४	शिक्षा	५५	३४७३	४	७८	३३९५
२५	श्रम तथा रोजगार	९	२७४	४	४	२७०
२६	सामान्य प्रशासन	१	२२	०	०	२२
२७	सिचाई	२७	४२०	१५	७७	३४३
२८	सूचना तथा सञ्चार	२५	२९७९	०	०	२९७९
२९	शहरी विकास	५७	२३६४	१५	५१५	१८४९
३०	स्थानीय विकास	१३७	२४६७३	२२	६८३१	१७८४२
३१	स्वास्थ्य तथा जनसंख्या	८४	५५०३	११	९०८	४५९५
३२	सहकारी तथा गरिब्री निवारण	५	२५	०	०	२५
३३	राष्ट्रिय योजना आयोगको सचिवालय	८	३८७	०	०	३८७
		८९५	११५४६५	१५६	१०४९८	१०४९६७
३५	संगठित संस्था	६८	५३६७	०	०	५३६७
३६	समिति/अन्य संस्था	८७	८३३६	७	१५५	८१८१
	जम्मा	१५५	१३७०३	७	१५५	१३५४८
	कुल जम्मा	१०५०	१२९१६८	१६३	१०६५३	११८५१५

अनुसूची – १३
(प्रतिवेदनको परिच्छेद १ दफा १२ सँग सम्बन्धित)

राजस्व

आर्थिक वर्ष २०६८।६९

(रु. हजारमा)

संकेत संख्या	शीर्षक/उप–शीर्षक	अनुमान	यथार्थ असुली	प्रतिशत
		२४१७७४२१४	२४६९८६५२०	१०२.१६
१११००	**आय, मुनाफा तथा पूंजीगत लाभमा लाग्ने कर**	४९७६३५००	५१३०३२२९	१०३.०९
१११११०	**एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर**	१३७०७०४३	१२२९२८९३	८९.६८
१११११	एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर	५८२४२४३	५५६०४८९	९५.४७
१११११२	पारिश्रमिक कर	६६११८००	६१७४६६६	९३.३९
१११११३	पूंजीगत लाभ कर	१२७१०००	५५७७३८	४३.८८
१११२०	**निकायको आयमा लाग्ने कर**	२८४२३४९४	३०४९४४३८	१०७.२९
१११२१	निकायको मुनाफामा लाग्ने कर.सरकारी संस्थान	१३५५९००	१४५७७२१	१०७.५१
१११२२	निकायको मुनाफामा लाग्ने कर.पब्लिक लि। कम्पनी	१७३१४२९४	१५२६५१०९	८८.१६
१११२३	निकायको मुनाफामा लाग्ने कर. प्राइभेट लिमिटेड कम्पनी	७९३४१००	११२३४४२३	१४१.६०
१११२४	निकायको मुनाफामा लाग्ने कर.अन्य संस्था	१८१९२००	२४८०४९०	१३६.३५
१११२५	पूंजीगत लाभ कर . निकाय		५६६९६	
१११३०	**लगानीको आय तथा अन्य आयमा लाग्ने कर**	७६३२९६३	८५१५८९८	१११.५७
१११३१	सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर	१३५०००००	१६७२४०४	१२३.८८
१११३२	व्याजमा लाग्ने कर	४७१००००	५३८२९८२	११४.२९
१११३३	लाभांशमा लाग्ने कर	१२२०८०६	१०२५०२७	८३.९६
१११३४	लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर	४४००	२०५६	४६.७३
१११३५	आकस्मिक लाभ कर	१८७५७	४३३३५	२३१.०४
१११३६	अन्य आयमा लाग्ने कर	३२९०००	३९००९४	११८.५७
११२००	**पारिश्रमिकमा आधारित कर**	१०५०००००	१५५५००२	१४८.१०
११२१०	**पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर**	१०५०००००	१५५५००२	१४८.१०
११२११	पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर	१०५०००००	१५५५००२	१४८.१०
११३००	**सम्पत्ति कर**	४५०६५००	३५८८४६७	७९.६३
११३१०	**अचल सम्पत्तिमा लाग्ने कर**	०	२९४४६	
११३११	वार्षिक सम्पत्ति कर	०	२९४४६	
११३४०	**वित्तीय र पूंजीगत कारोबारमा लाग्ने कर**	४५०६५००	३५५९०२१	७८.९८
११३४१	घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर	४५०६५००	३५५९०२१	७८.९८
११४००	**वस्तु तथा सेवामा आधारित कर**	११०७५०५५१	११०५६१२०४	९९.८३
११४१०	**मूल्य अभिवृद्धि कर (मू .अ .क.)**	७२७४३०००	७०९३०४४०	९७.५१
११४११	मू. अ. क. -उत्पादन	७७४२४९१	८४३७२९१	१०८.९७
११४१२	मू. अ. क. -आयात	४८०६७८००	४४९६४०७९	९३.५४
११४१३	मू. अ. क. -वस्तु बिक्री र वितरण	५०९३२०५	५५८९७७४	१०९.७५
११४१४	मू. अ. क. -परामर्श तथा ठेक्का	३६५७१७८	४८३००८३	१३२.०७
११४१५	मू. अ. क. -पर्यटन सेवा	१३५०००००	१०५७४३५	७८.३३
११४१६	मू. अ. क. -संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा	३३१२३२६	५०८९१८६	१५३.६४
११४१७	मू. अ. क. -बेदर्तावालाले संकलन गर्ने	३५२००००	९६२५९२	२७.३५

११४२०	**अन्तः शुल्क**	२९९९५८११	३००१६१३८	१००.०७
११४२१	सुर्तिजन्य पदार्थ	५२११८५०	४९७९६०२	९५.५४
११४२२	मदिरा	७२८१७७०	८०१५७९०	११०.०८
११४२३	बियर	३२२१२९६	३९२७१३७	१२१.९१
११४२४	अन्य औद्योगिक उत्पादन	३२७१९९५	२५९१४९०	७९.२०
११४२५	अन्तः शुल्क आयात	११००८९००	१०५०२११९	९५.४०
११४४०	**विशेष सेवामा लाग्ने कर**	५०८१९०	४९०२९०	९६.४८
११४४१	वैदेशिक रोजगार सेवा कर	०	७३५	
११४४२	स्वास्थ सेवा कर	२५८१९०	२६६४१०	१०३.१८
११४४३	शिक्षा सेवा शुल्क- शैक्षिक संस्था	१७००००	१८८४०७	११०.८३
११४४४	शिक्षा सेवा शुल्क- वैदेशिक अध्ययन	८००००	३४७३७	४३.४२
११४५०	**पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर**	७५०३५५०	९१२४३३५	१२१.६०
११४५१	सवारी साधन कर	४६९६५००	३७९१३६९	८०.७३
११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०	१०६०२१०	
११४५३	सडक मर्मत तथा सुधार दस्तुर	१२०७५९३	३०७६१५१	२५४.७३
११४५४	सडक निर्माण तथा संभार दस्तुर	१५९९४५७	११९६६०६	७४.८१
११५००	**वैदेशिक व्यापारमा आधारित कर**	४१५६३०००	४३३९०८०७	१०४.४०
११५१०	**आयातमा लाग्ने भंसार महसुल**	४००६१७६२	४०९०५९६९	१०२.११
११५११	भंसार महसुल - आयात	३६३९९२४२	३७२२०२८४	१०२.२६
११५१२	भारतीय अन्तशुल्क फिर्ता	३६६२५२०	३६८५६२३	१००.६३
११५१३	आयातमा लाग्ने स्थानीय विकास शुल्क	०	६२	
११५२०	**भंसार महसुल -निर्यात**	३५८५३९	८६१५७५	२४०.३०
११५२१	भंसार महसुल -निर्यात	३११९२१	८१०६६०	२५९.८९
११५२२	निर्यात सेवा शुल्क	४६६१८	५०९१४	१०९.२२
११५६०	**वैदेशिक व्यापारमा आधारित अन्य कर**	११४२६९९	१६२३२६३	१४२.०६
११५६१	कृषि सुधार शुल्क	८६६४०५	११७०५४८	१३५.१०
११५६२	भंसार सम्बन्धी अन्य आय	२७६२९४	४५२७१५	१६३.८५
११६००		१५६९५३६	१३२३९०३	८४.३५
११६१०	**व्यवसायले भुक्तानी गर्ने**	६३०५५३	५२६७३४	८३.५४
११६११	कम्पनी रजिष्ट्रेशन दस्तुर	६१५२५९	५०९५४५	८२.८२
११६१२	एजेन्सी रजिष्ट्रेशन दस्तुर	१५२९४	१७१८९	११२.३९
११६२०	**व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने**	९३८९८३	७९७१६९	८४.९०
११६२१	सवारी चालक अनुमति पत्रको इजाजतपत्र दस्तूर,सवारीको दर्ता कि	९०९८२८	७९०६२९	८६.९०
११६२२	हातहतियारको इजाजतपत्र दस्तूर	२९१५५	६५४०	२२.४३
१४०००		३२५७११२७	३२६५१४८८	१००.२५
१४१००	**सम्पत्तिबाट प्राप्त आय**	१९०६४५६५	१७६५२५७०	९२.५९
१४११०	**व्याज**	१७७२३६८	१७५०२५३	९८.७५
१४१११	वित्तीय निकायबाट प्राप्त ब्याज	१०८९१३	२६०७७८	२३९.४४
१४११२	व्यापारिक निकायबाट प्राप्त ब्याज	८१०६३२	४१२६६३	५०.९१
१४११३	औद्योगिक निकायबाट प्राप्त ब्याज	२९२०४	११६७३	३९.९७
१४११४	सेवामुलक निकायबाट प्राप्त ब्याज	८१३०५९	१०६४३९३	१३०.९१
१४११५	अन्य निकायबाट प्राप्त ब्याज	१०५६०	७४५	७.०६
१४१२०	**लाभांश**	११७३९८७४	९४२९७५७	८०.३२

१४१२१	वित्तीय निकायबाट प्राप्त लाभांश	६०९३५४९	३२२३४३३	५२.९०
१४१२२	व्यापारिक निकायबाट प्राप्त लाभांश	९४९	६२०७	६५४.०२
१४१२३	औद्यौगिक निकायबाट प्राप्त लाभांश	४२५१७	२२७५०	५३.५१
१४१२४	सेवामुलक निकायबाट प्राप्त लाभांश	५६०२८५९	६१७५८०४	११०.२३
१४१२५	अन्य निकायबाट प्राप्त लाभांश	०	१५६४	
१४१५०	**भाडा र रोयल्टी**	५५५२३२३	६४७२५६०	११६.५७
१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	४८१३४३	१९६२५८	४०.७७
१४१५२	क्यासिनोबाट प्राप्त रोयल्टी	२१७३३४	१४९४४३	६८.७६
१४१५३	खानी रोयल्टी	४०६२०	३५८५८	८८.२८
१४१५४	जलस्रोत क्षेत्रको आय तथा रोयल्टी	२०६८६१४	२६७९२८९	१२९.५२
१४१५५	वन तथा वन पैदावार बिक्री वापत प्राप्त आय तथा वन रोयल्टी	११०७४९४	११३८२२०	१०२.७७
१४१५६	अन्य रोयल्टी	१६३६९१८	२२७३४९२	१३८.८९
१४२००	**वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम**	६३७२०९८	६९१३११६	१०८.४९
१४२१०	**वस्तु तथा विक्रिबाट प्राप्त रकम**	४३३६२७५	४६०४३०३	१०६.१८
१४२११	कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम	९१०८३	८७३५२	९५.९०
१४२१२	सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम	६२५०५	६६२२३	१०५.९५
१४२१३	अन्य विक्रीबाट प्राप्त रकम	९८७४१	४५४३२	४६.०१
१४२१४	दूर संचार सेवा शुल्क	३४०७२००	३४३४९११	१००.८१
१४२१५	टेलिफोन स्वामित्वको शुल्क	६६७९३४	९६६२२०	१४४.६६
१४२१६	निजी धारा वापतको शुल्क	५६७३	२३६८	४१.७४
१४२१७	नहर तथा कुलो उपयोग वापतको शुल्क	२९३८	१३९९	४७.६२
१४२१८	विद्युत सेवा शुल्क	२०१	३९९	१९८.३७
१४२२०	**प्रशासनिक सेवा शुल्क**	२०३५८२३	२३०८८१३	११३.४१
१४२२१	न्यायिक दस्तूर	३२३४३८	४४७५७७	१३८.३८
१४२२२	हुलाक सेवा शुल्क	३०९८८३	२२२५१५	७१.८१
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	४२८१११	३६५७७१	८५.४४
१४२२४	परीक्षा शुल्क	१२३४६४	२९०३२४	२३५.१५
१४२२५	यातायात क्षेत्रको आम्दानी	२००४९८	१८२७८८	९१.१७
१४२२६	आयात निर्यात इजाजत पत्र दस्तूर	९७७९५	५१९१४	५३.०८
१४२२७	अन्य प्रशासनिक सेवा शुल्क	५५२६३४	७४७९२३	१३५.३४
१४३००		१३९२४२	३१५६४९	२२६.६९
१४३१०	**दण्ड,जरिवाना र जफत**	१३९२४२	३१५६४९	२२६.६९
१४३११	न्यायिक दण्ड,जरिवाना र जफत	०	१३२६८८	
१४३१२	प्रशासनिक दण्ड,जरिवाना र जफत	१३९२४२	१८२९६१	१३१.४०
१४४००		२६८	८१९	३०५.७२
१४४१०	**अनुदान बाहेक स्वेच्छिक हस्तान्तरण**	२६८	८१९	३०५.७२
१४४११	चालु हस्तान्तरण	२६८	७६९	२८६.९१
१४४१२	पूंजीगत हस्तान्तरण	०	५०	
१४५००		६९९४९५४	७७६९३३३	१११.०७
१४५१०	**प्रशासनिक शुल्क - भ्रमण तथा पर्यटन**	५९४४८१४	५४८१९११	९२.२१
१४५११	राहदानी शुल्क	३४४४३९४	३१८९११६	९२.५९
१४५१२	भिसा शुल्क	१६१८६१२	१७८१८६७	११०.०९
१४५१३	पर्वतारोहण र पदयात्रा स्वीकृति शुल्क	८७९०५६	५०८८१०	५७.८८
१४५१४	अन्य पर्यटकहरुलाई लाग्ने शुल्क	२७५२	२११८	७६.९५

१४५२०		१०२८८४४	२२८०१३१	२२१.६२
१४५२१	प्रदुषण नियन्त्रण शुल्क	१०२८८४४	२२०५५०२	२१४.३७
१४५२२	अन्य राजस्व	०	७४६२९	
११५३०		२१२९६	७२९२	३४.२४
१४५३१	सरकारी घर,जग्गा,गुडवील विक्रीबाट प्राप्त रकम	२१२९६	७२९२	३४.२४
१५१००		०	२६१२४२०	
१५११०		०	२६१२४२०	
१५१११	गत वर्षको नगद बाँकी मौज्दात		९४७९३१	
१५११२	बेरुजू		१६६४४८९	

अनुसूची – १४

(प्रतिवेदनको परिच्छेद १ दफा ५ संग सम्बन्धित)

जिल्ला विकास समितिको कारोबारको
लेखापरीक्षण सम्पन्न विवरण

(रु.हजारमा)

क्र.सं	जिल्ला	लेखापरीक्षण रकम	वेरुजु रकम	आयतर्फ						व्ययतर्फ				
				गत वर्षको जिम्मेवारी (धरौटी समेत)	सरकारी अनुदान	अन्य	आन्तरिक स्रोत	धरौटी चालु वर्षको	जम्मा	बजेट खर्च	धरौटी	अन्य	मौज्दात	जम्मा
१	२			३	४	५	६	७	८	९	१०	११	१२	१३
१	ताप्लेजुङ्ग	५०६१९९	११९५४	११९३९	२२४२५२	१२४६५	८३१४	९२२५	२६६१९५	२२४२५२	८५७४	१९११७	१४२५२	२६६१९५
२	पांचथर	८७२४४९	१२९९	७९८०	३८२३२२	३७२७९	१६७१७	३७०५	४४८००३	३८२३२२	२३९६	४७७०८	१५५७७	४४८००३
३	इलाम	८६५८६१	२४०५०	२३९२५	३५१५११	४९४६७	२६९४७	८१८५	४६००३५	३५१५११	६३७६	७१८६४	३०२८४	४६००३५
४	झापा	२२६५५९९	३८९३७	२६४०२	९६९१२४	७१८७९	७६४९६	२२७७२	११६६६७३	९६९१२४	२५०५०	१३११५४	४१३४५	११६६६७३
५	संखुवासभा	५७९९८६	९५८१	२८१८८	२४७६२५	३१९३४	१४३४९	५८२७	३२७९२३	२७३७३३	२४६४	४०५४	४७६७२	३२७९२३
६	तेह्रथुम	१२४५६४२	४९०४	१७६८५	४८५६६२	१२९६९६	९५७३	१५३	६४२७६९	४८५६६२	४३५	१३४४६१	२२२११	६४२७६९
७	भोजपुर	७२०२८९	१६७०५	२१६३६	३३२५३०	१६१४२	१३६३३	१९५	३८४१३६	३५७५२४	२६५	०	२६३४७	३८४१३६
८	धनकुटा	५७९७३९	११०९३	२४१६८	२२९४९७	४४८२६	१३९४३	३३३९	३१५७७३	२२९४९७	१४९८	५७१३९	२७६३९	३१५७७३
९	मोरङ्ग	१७१६४६०	५२३९३	५१७२१	५९१५०४	१५७७९८	११५१८७	७०९१	९२३३०१	५९१५०४	८५८७	२४४७८९	७८४२१	९२३३०१
१०	सुनसरी	९७२९६२	५९६९८	३०५५१	४२३८०४	१६५१८	४०७५७	२९२४	५१४५५४	४२३८०४	१३८८	६३७६७	२५५९५	५१४५५४
११	सोलुखुम्बु	६१६१८८	३२८१४	३८७५१	२७०१२५	२१८३५	८६०८	२३९	३३९५५८	२७०१२५	१४४५	४३८११	२४१७७	३३९५५८
१२	ओखलढुंगा	८७९६९३	०	९३१५	४२१५४२	९५११	८९७४	६६३	४५०००५	४२१५४२	६४५	१६८१६	११००२	४५०००५
१३	खोटाङ्ग	१३६८९६९	२५४३८	१६७८८	४३९९६८	२४६६६४	१०४७०	८४६	७१४७३६	६६९०८१	७८०	११६०	४३७१५	७१४७३६
१४	उदयपुर	९९४८४२	१९०५५	२००३१	३७७८१५	९३६४६	२२५९९	३०९९	५१७१९०	३७७८१५	२५६९	११७२९९	१९५०७	५१७१९०
१५	सप्तरी	१३४३८७१	२७९९५	८७२७९	५१५१०५	११६७४३	२६७७७	१८९९	७४७८०३	५१५१०५	१२४३	१६६९९९	६४४५६	७४७८०३
१६	सिराहा	१३५२३८६	८४७४५	४३९१६	५५३९६३	७०३५४	६९९८५	४१४५	७४२३६३	५५३९६३	५११०	९४८६६	८८४२४	७४२३६३
१७	दोलखा	७३४४३७	१६४०९	२३१२२	३०३४०६	३२१८६	२९०६६	६६५	३८८४४५	३०३४०६	१५	६५६९३	१९३३१	३८८४४५
१८	रामेछाप	११०४५९९	२०१२७	२२९९८	३७०००७	१७१४१४	९०६६	७३५	५७४२२०	५२३८२९	३९४	२९१५४	२०८४३	५७४२२०
१९	सिन्धुली	१०४४१८६	१३४३०	१५९०५	३४३८८७	१४३७२२	३२७२९	३९१४	५३९३५७	३४३८८७	१७९१	१७५०५६	१८६२३	५३९३५७
२०	महोत्तरी	८८७४०२	४३६३१	२५४१६	३८७९१७	११२३१	३१७०१	४९८०	४६१२४५	३८७९१७	५७१५	५७९४१	९६७२	४६१२४५
२१	धनुषा	०	०						०			०		०
२२	सर्लाही	१३६४०८४	२१९४८	२५२७७	५८८०२९	३७२९४	५८८९८	२७७०	७१२२६८	५८८०२९	११०३	८७९६१	३५१७५	७१२२६८
२३	रौतहट	१३२६९६१	१२९३१	२५७०१	५६१०६५	४९१९३	४६२९४	३५८१	६८५८३४	५६१०६५	१९७४	१०३७८९	१९००६	६८५८३४
२४	वारा	०	०						०			०		०
२५	पर्सा	१०५०४९०	२३३१५	१६०१६	४४२६२२	४२९९८	३७०४९	६७०	५३९३५५	४४२६२२	२५०१	८२०२८	१२२०४	५३९३५५
२६	मकवानपुर	११२४२३१	१५०४२	९२७१३	३८७२५१	१३९५६	१६५५८७	२२६६	६६१७७३	३८७२५१	३१०६	१६४८१४	१०६६०२	६६१७७३
२७	चितवन	९८३१३४	२०५३६	३०४९७	४२९४०४	२४५७५	३७३२५	७०४	५२२५०५	४८५०७०	३८०२	२२५४	३१३७९	५२२५०५
२८	रसुवा	३५०५४१	९८८	१६४१७	१५७४८१	११२०७	३९७५	१४९९	१९०५७९	१५७४८१	१५४३	१७३५५	१४२००	१९०५७९
२९	नुवाकोट	१००२७९२	७७०८	६००९७	४३७२८३	१८६६६	३२९७३	२४८६	५५१५०५	४३७२८३	१९६७	७२१३४	४०१२१	५५१५०५
३०	धादिंङ	११३१४९२	७६३०	८९५४९	४२९८१६	१५५१९	१२३९३८	३२४२	६६२०६४	५५२८९५	५४६४	६१८	१०३०८७	६६२०६४
३१	सिन्धुपाल्चोक	१२५११८८	१२९४४	४२५८५	४६११४३	१३६८८७	४३७२५	४५५०	६८८८९०	४६११४३	३१९४	१४०५४६	८४००७	६८८८९०
३२	काभ्रेपलान्चोक	११३९२४२	९८७९	५९१५९	४७७७३४	२१५०८	५८४४३	४७५	६१७३१९	४७७७३४	२०३३	१०१३१५	३६२३७	६१७३१९
३३	भक्तपुर	७६०२४३	९७४७	१४३३५१	२१४८६४	८७२४५	८०३५१	४५०३	५३०३१४	२१४८६४	३२७२	१५५१४४	१५७०३४	५३०३१४
३४	ललितपुर	९८२७६१	१८७३८	८१९८३	२९३६३०	१५२९८९	६८२५३	३९५	५९७२५०	२९३६३०	३३८	१७३५२६	१२९७५६	५९७२५०

३५	काठमाण्डौ	१६२८७९०	४५८६९	४९८८१	६९२५२०	३६८७७	१०४६६४	५२०७	८८९१४९	६९२५२०	३६१३	९३३८९	९९६२७	८८९१४९
३६	मनाङ्ग	२१२५७०	११५९	१०७८३	९७९७८	१११८१	३२३	०	१२०२६५	९७९७८	७९	५०३१	१७१७७	१२०२६५
३७	लमजुङ्ग	७८१८९०	७८३३	४२५२०	३५७५००	११३०८	१७०४५	२२७८	४३०६५१	३७८९०२	१४७४	१३३८३	३६८९२	४३०६५१
३८	तनहुं	११३९८७९	३७१७९	४७१८०	४९१४५९	५००२१	२७९२२	७१५९	६२३७४१	४९१४५९	३११६	६८७४३	६०४२३	६२३७४१
३९	कास्की	११४७४१२	२६०४२	४५३४८	४६८०४३	३७६५५	६१९८९	६६५९	६१९६९४	४६८०४३	४३१३	१००७१०	४६६२८	६१९६९४
४०	स्याङ्जा	११७०१७०	९२१३	२५३१६	५२११७७	३९२१०	२५९५२	४०२५	६१५६८०	५२११७७	९०२	५७७२७	३५८७४	६१५६८०
४१	गोरखा	१००२४३६	१८२२१	९४४४७	४५०८२१	२१०१२	१९२९६	४५३४	५९०११०	४५०८२१	२८४२	५३११०	८३३३७	५९०११०
४२	अर्घाखांची	८८०४७७	५७४४	२०३७१	३९५०२७	२०४३१	१९०९४	८०७८	४६३००१	३९५०२७	२०७१	४०७४९	२५१५४	४६३००१
४३	गुल्मी	११२५७४३	४००१	६२४१	५३१६५८	२९८२५	१०४६७	३०६९	५८१२६०	५१६९५३	३३३०	३०४४१	३०५३६	५८१२६०
४४	पाल्पा	९९०६२७	११७८५	३२७१८	४२३९८६	४४४२८	२७६८६	४३३६	५३३१५४	४२३९८६	११४२	६५०६३	४२९६३	५३३१५४
४५	नवलपरासी	१४५२३७८	६४५८३	५८२३७	५३९०६१	९३०६४	८६०५८	१०८३०	७८७२५०	५३९०६१	१३९२०	१७०३८४	६३८८५	७८७२५०
४६	कपिलवस्तु	१४९९४२८	४५८६८	२७३७०५	५१९७०४	८८८०६	१४०४०६	१६७३१	१०३९३५२	४८९०८१	११०३६	२३३६६४	३०५५७१	१०३९३५२
४७	रुपन्देही	१७९३६७६	३३३९९	१४९५५२	५४९७८८	७४९२९	२९०६२६	५९६५	१०७०८६०	५४९७८८	८००८	३१४५७२	१९८४९२	१०७०८६०
४८	मुस्ताङ्ग	३३२२९१३	१६८५७	२७०३४	११५४९४	३७२७८	३११५	१००७	१८३९२८	११५४९३	२३५३	५७४७३	८६०९	१८३९२८
४९	म्याग्दी	६३१६६५	१६२५	१८७२५	२६८६८८	२८६००	१६२६८	५७०९	३३७९९०	२६८६८८	४२२६	३९४८६	२५५९०	३३७९९०
५०	वाग्लुङ्ग	९४५४५७	६०१०	३६९९९	४२६१९०	३०३४३	११०९९	६५६	५०५२८७	४३५८९२	५४८	४०७२९	२८११८	५०५२८७
५१	पर्वत	७६२३४३	७३८४	३१३५७	३०७१५४	४९७७२	२१९१५	१८०५	४१२००३	३०९४०६	१३९७	७०८९४	३०३०६	४१२००३
५२	रुकुम	६४४४५८	३२०५८	२७९४५	२८३६३६	२४५८५	९६०५	९१८३	३५४९५४	२८३६३६	७१९५	२६६१८	३७५०५	३५४९५४
५३	रोल्पा	७३३४४२	८१०५	३१७६२	३११८९४	३७४६०	१२१२१	२०५९	३९५२९६	३३३६६८	१११६	३५१२४	२५३८८	३९५२९६
५४	प्युठान	७९६८१७	६९३५	३६६९०	३६४२३२	१६०३२	१५३७३	३१२३	४३८४५०	३६४२३२	९३६	३२८८९	४०३९३	४३८४५०
५५	सल्यान	६२८२२३	४३३१	१३९९६	२८२९६६	१४४१९	१११८२	४५९४	३२७९५७	२८२९६६	१६४	३११३२	१३६९५	३२७९५७
५६	दाङ्ग	९३९५२८	१४७३३	४१४३३	३९२२१४	६८२९७	२९२१६	३४५६	५३४६१६	३९२२१४	१९५३	५२१७८	८८२७१	५३४६१६
५७	हुम्ला	६१४२७४	१३८१	३४४०५	२८२१६६	१५२९०	५०५०	६८९	३३७६००	२८२१६६	२४५१	२६४६२	२६५२१	३३७६००
५८	मुगु	५७७९७१	२२४९६	९१२२	२८०००९	५४३५	३२८९	१७६४	२९९६१९	२८०००९	१८६०	५६०५	१२१४५	२९९६१९
५९	कालिकोट	७९४९०३	१३१०७	२२३००	३५७३६८	३०३४७	३१४५	१८३९	४१४९९९	३५७३६८	२९२८	४१९०८	१२७९५	४१४९९९
६०	डोल्पा	३६७३२३	११३५४	४५०५	१७६५२५	३११९	१३०२	५०१८	१९०४६९	१७६५२५	१७२९	३१०५	९११०	१९०४६९
६१	जुम्ला	८१६५७५	२०३३१	१९३९६	३८१४५०	९८७१	१५४५६	१८५६	४२८०२९	३८१४५०	५९७०	२०५२२	२००८७	४२८०२९
६२	दैलेख	८२९१५३	३५८६	११३५७	३८३६९१	२३८२३	७४७८	४५५	४२६८०४	१६२१२१	१११५	२५०४७०	१३०९८	४२६८०४
६३	जाजरकोट	५३३६४७	२०६५	११५८५	२५३२९९	६०२३	५४५३	२३३४	२७८६९४	२५३२९९	१९८७	११२५२	१२१५६	२७८६९४
६४	सुर्खेत	८६५१९८	४००३७	१२३४६	३९३७९७	२४४८२	१६३०१	१२६०	४४८१८६	३९३७९७	१६३	३५३९८	१८८२८	४४८१८६
६५	वांके	८६३८१५	१६४१०	९१५३४	३४७३९७	१०३५१	७७२९७	४८३४	५३१४१३	३४७३९७	३३१९	७३२२०	१०७४७७	५३१४१३
६६	बर्दिया	७१९१४१	८५६४	४५५१०	३१५४१५	१८६७२	१८६४८	३९९९	४०२२४४	३१५४१५	३१११	४३८८१	३९८३७	४०२२४४
६७	बझाङ्ग	७६६७९३	१७९२	१४१२२	३४५९६४	३२४५३	३८५३	३३७	३९६७२९	३८३४२६	७६०	०	१२५४३	३९६७२९
६८	बाजुरा	५६८३७५	३७५७०	९६८८	२७६३१५	९०३९	१२३०	७९२	२९७०६४	२८००००	९९९	०	१६०६५	२९७०६४
६९	अछाम	९०९६९४	१०९९६	१४५७४	४२२८९२	२८०४६	४२८६	५०३	४७०३०१	२२१३११	२२३	२३२४३३	१६३३४	४७०३०१
७०	डोटी	७१८३८४	२५२९	१४९११	१८८३३७	१४९८०१	२०३५२	८२३	३७४२२४	१८८३३७	१६८	१७०५६६	१५१५३	३७४२२४
७१	कैलाली	१११०१७१	२०९०६	८०७९२	४५३९०३	५४८०४	४५४६४	४७७६	६३९७३९	४५३९०३	२३१७	९५००४	८८५१५	६३९७३९
७२	दार्चुला	६३२६४४	५२५११	१४६८६	३०५८८१	१५३५	५५९४	२५८५	३३०२८१	३०५८८१	२४३०	८७३८	१३२३२	३३०२८१
७३	बैतडी	८८२६२०	२६९०८	१४७१८	४१५६८५	१८१६९	३९२९	१५१३	४५३२१४	४१४२७८	५१११	२४७३५	९०९०	४५३२१४
७४	डडेलधुरा	५६८९७८	६७५९	७८४८	२०६५००	६८२७१	७८७०	७४५७	२९७९४६	२०६५००	२३४७	७००३३	१९०६६	२९७९४६
७५	कन्चनपुर	६६०९९४	२४१७८	२७१७६	२६७७२१	१४७४९	४०६०४	८३५९	३५८६०९	२६७७२१	८६३०	५३२१०	२९०४८	३५८६०९
	जम्मा:	**६८१५९९९३**	**१४०८०७८**	**२८१६८७६**	**२७९४७३९३**	**३४८७१६०**	**२५९०७२५**	**२७२५९८**	**३७११४७५२**	**२८१८६५६५**	**२३०३८९**	**५४४४३६३**	**३२५३४३५**	**३७११४७५२**

सरकारी कार्यालयहरुको यो वर्षको बेरुजू वर्गीकरण
वित्तियोजन, राजस्व , धरौटी र अन्य कारोवार
आर्थिक वर्ष २०६८ /६९

(रु हजारमा)

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू								
												नियमित गर्नुपर्ने					पेश्की		
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति										
१	राष्ट्रपतिको कार्यालय	१४	६	१२२६१७		५	६६१३५	१४	१	५६४८२	०	०	०	०	०	०	०	५६४८२	५६४८२
२	उपराष्ट्रपतिको कार्यालय	१०	७	१६६३	०	०	०	१०	७	१६६३	२९४	१७५	११९४	०	०	१३६९			०
३	संविधान सभा व्यवस्थापिका संसद	२४	१९	३९६०५		१	१७५	२४	१८	३९४३०	८८३६	८८३	२७९७३	०	०	२८८४६	१७३८		१७३८
४	सर्वोच्च अदालत	४८६	२३५	१२०५१९		२५	१६६४२	४८६	२१०	१०३८७७	२१६१	५८७२	८४८३३	०	०	९०७०५	१४४७	९५६४	११०११
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	८	३	२३९	८	३	२३९	०	०	०						०			०
६	महालेखापरीक्षकको कार्यालय	१८	२	१०००	१८	१	९७७	०	१	३०	०	०	०	०	०	०	३०	०	३०
७	लोक सेवा आयोग	३६	२९	१७६९३		१	३७	३६	२८	१७६५६	२५२	९८९२	५२९३			१५१८५	६८१	१५३८	२२१९
८	निर्वाचन आयोग	१७८	१३२०	३९६०८४		१०	१५२	१७८	१३१०	३९५९३२	२११८	२१९१७	१०३८९८	०	०	१२५८१५	२१३०	२६५८६९	२६७९९९
९	महान्यायाधिवक्ताको कार्यालय	११५	८९	२३४५५		५	२८	११५	८४	२३४२७	५८६	१०३८२	५५६	०	०	१०९३८	२५	११८७८	११९०३
१०	न्यायपरिषद	७	२	१४२५	०	०	०	७	२	१४२५	०	०	९७५			९७५		४५०	४५०
११	राष्ट्रिय मानवअधिकार आयोग	४५	२०	६२४७	०	०	०	४५	२०	६२४७	७१९	७४९	१६५५	०	०	२४०४		३१२४	३१२४
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८५	५६	१७८८६५८		५	१३६९८१२	८५	५१	४१८८४६	४५४१३	३१७९२३	३९४५६			३५७३७९	९९८४	६०७०	१६०५४
१३	अर्थ	२९२९	१४८९	३५३७५५	३३	२२४	३७८३५	२८९६	१२६५	३९६५७२०	५४७३९७	३५०१	२४१९५५९	६७०	२४२३७३०	८१६	१९३७७७	१९४५९३
१४	उद्योग	३४२	१४८	८२०८५		८	१६२३	३४२	१४०	८०४६२	२३२८	८२५४	६३४९१	०	५२	७७९७	७५३	५५८४	६३३७
१५	कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला	११०	३१	८२६८२९	६	५	८०११३९	१०४	२६	२५६९०	६२४	२९५४	१७२४	०	०	४६७८	३७८	२००१०	२०३८८
१६	कानून,	२५	११	२८१३	०	०	०	२५	११	२८१३	४६	७४	२६८६	०	०	२७६०	७		७
१७	कृषि विकास	२२०१	५९६	३२०२५१	११३	१२६	९६७९	२०८८	४७०	३१०५७२	५४४७३	७१३८	२०९९७०		२७७६	२१९८८४	७०३	३५५१२	३६२१५
१८	गृह	२१५६	५९०	१४३२१३१	१२	१०६	१२२२२	२१४४	४८४	१४१९९०९	५७६९	३८८४३०	११०२२८	०	४८९	४९९१४७	४९१८	९१००७५	९१४९९३
१९	परराष्ट्र	३०३	२३१	६६०५७७	४	१०	२१५९	२९९	२२१	६५८४१८	२०२०४	१५५८४२	२२१२८७		१४५	३७७२७४	१४८२३	२४६११७	२६०९४०
२०	संस्कृति पर्यटन तथा नागरिक उड्डयन	१७१	४६	८४१८७		२	३२७	१७१	४४	८३८६०	१३६	३२२७४	१९१२६	०	०	५१४००	१४४१	३०८८३	३२३२४
२१	भूमिसुधार तथा व्यवस्था	८३७	४९१	५८३८०२	१	१८	२४२५	८३६	४७३	५८१३७७	४३६३१८	७६९४	६०९८२	०	४९९	६९१७५	१३००	७४५८४	७५८८४
२२	भौतिक पूर्वाधार तथा यातायात	१५५३	५९५	५४२१३१८	९	४२	६५३८३	१५४४	५५३	५३५५९३५	१६६५७६	२१८३७५	३९४२२५		७७१९	६२०३१९	१०९९	४५६७९४१	४५६९०४०
२३	महिला, बालबालिका तथा समाज कल्याण	५३१	४१८	६८४११	५	६६	५२८९	५२६	३५२	६३२२२	१०३९८	८३४२	२१८००	०	०	३०१४२	१६१९	२१०६३	२२६८२
२४	युवा तथा खेलकुद	९	४	१५९४५	४	२	१४९२०	५	२	१०२५	५०	०	९७५			९७५	०	०	०
२५	रक्षा	३६८	६५	१३०४५४३	१९३	१२	४८३९०	१७५	५३	१२५६१५३	४६७६	२३५१९	५६४६	०	०	२९१६५	६३०२	१२१६०१०	१२२२३१२
२६	वन तथा भू–संरक्षण	१७०७	५७०	३६२६४३	८	५७	१८६४	१६९९	५१३	३६०७७९	१४८४१	१६३०९	३१०४४२	७५६४	३३५	३३४६५०	४६६६	६६२२	११२८८
२७	वाणिज्य तथा आपूर्ति	२६	५	६६	०	१	३	२६	४	६३	०	०	६३	०	०	६३	०	०	०
२८	विज्ञान प्रविधि तथा बातावरण	८५	४७	१५५७१८		६	१४२९	८५	४१	१५४२८९	२६७०९	१२०८	२८५६	०	०	४०६४	३६	१२३४८०	१२३५१६
२९	शान्ति तथा पुनर्निर्माण	७८	५९	१११११५७	०	२	४२	७८	५७	१११११५	१९२१	८६४	११३७२	०	११५३	१३३८९	१२१९	९४५८६	९५८०५
३०	शिक्षा	१५४३	१३४९	१०८६८८०२	२५	१५३	७५९६०५९	१५१८	११९६	३२७२७४३	७५०९०	१४५४२७	२९४९७९५		४११६५	३१३६३८७	२५४५७	३५८०९	६१२६६
३१	श्रम तथा रोजगार	११८	६८	२१६००	०	९	९३८	११८	५९	२०६६२	६९०	४५२६	२५३	०	०	४७७९	२१६	१४९७७	१५१९३
३२	सामान्य प्रशासन	३३	१७	२६९१	०	०	०	३३	१७	२६९१	४४	०	१६४७	०	०	१६४७		१००००	१००००
३३	सिचाई	१४८३	३६०	१२०८५९९	३०	६५	२२९५३	१४५३	२९५	११८५६४६	१६०५४	८०१३३	९२०७६	२२०३	३	१७४४१५	५९६३	९८९२१४	९९५१७७
३४	सूचना तथा सञ्चार	३३७	१९७	३५१२३९१	१०	३४	१८३१६०१	३२७	१६३	१६८०७९०	१५७६८३०	१२९९९	३४३४७	०	४५२७	५१८७३	१०	५२०७७	५२०८७
३५	शहरी विकास	२२५४	९०३	२०२३८२०	२२	११२	४३१०१	२२३२	७९१	१९८०७१९	२२८४०४	१३७४७९	४२४२०६		२३३२००	७९४८८५	४४४६	९५२९८४	९५७४३०
३६	स्थानीय विकास	२०४९	१९१७	३७७२०२४	२६	११०	२५१९४८	२०२३	१८०७	३५२००७६	७६०५७	२२७८८३	५२३२६६		५४२३	७५६५७२	२८४८२	२६५८९६५	२६८७४४७
३७	स्वास्थ्य तथा जनसंख्या	२३६५	१३८६	१५०६२१०	५	१५०	५७८२	२३६०	१२३६	१५००४२८	५४९८४	१००९८९	२७१७३९	०	५९२	३७३२२०	२२९८८	१०४९१३६	१०७२१२४
३८	सहकारी तथा गरिवी निवारण	२७०	३५	६२१२	३	१	१५०	२६७	३४	६०६२	१२६	२७	१४७			१७४	४७	५७१५	५७६२
३९	राष्ट्रिय योजना आयोगको सचिवालय	११६	१०१	९६४०६	१	३	१४१६१	११५	९८	८२२४५	१४२२	४३५८	७३०८४			७७४४२	१४७०	१९११	३३८१
	जम्मा	२५०२५	१३५१७	४०५०८०९१	५३६	१३८०	१२५५९६१२	२४४८९	१२१३७	२७९४८४७९	३३८२५४६	१९५६३९२	८४९२८२५	९७६७	२९८७४८	१०७५७७३२	१४५१९४	१३६६३००७	१३८०८२०१
	बक्यौता									०						०			
१	स्थानीय विकास			२११३५	०	०	०	०	०	२११३५	७६७		१७१९०			१७१९०		३१७८	३१७८
	बक्यौता जम्मा	०	०	२११३५	०	०	०	०	०	२११३५	७६७	०	१७१९०	०	०	१७१९०	०	३१७८	३१७८
	कुल जम्मा	२५०२५	१३५१७	४०५२९२२६	५३६	१३८०	१२५५९६१२	२४४८९	१२१३७	२७९६९६१४	३३८३३१३	१९५६३९२	८५१००१५	९७६७	२९८७४८	१०७७४९२२	१४५१९४	१३६६३१८५	१३८११३७९

संगठित संस्था, अन्य संस्था, समिति र जिल्ला विकास समितिहरुको यो वर्षको बेरुजू वर्गीकरण
आर्थिक वर्ष २०६८/६९

(रु हजारमा)

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजु								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३५	८	५२०९	०	०	०	३५	८	५२०९	२८०३		१४४८			१४४८		९५८	९५८
२	अर्थ	४८	२७	१६६५४४४	०	०	०	४८	२७	१६६५४४४	५२७७३	१४१०८०९	२०१८६२	०	०	१६१२६७१			०
३	उद्योग	११	४	६३४८७		१	४००००	११	३	२३४८७	३००	०	१६१५	०	०	१६१५	०	२१५७२	२१५७२
४	कानून तथा न्याय	६	१	१५१	०	०	०	६	१	१५१	०	०	१५१	०	०	१५१	०	०	०
५	कृषि विकास	५९२	९३	११०१६८	९	१४	७८५७०	५८३	७९	३१५९८	३४६	५२२५	२५२९२	०	८४	३०६०१	६५१	०	६५१
६	गृह	५०	२८	११३२४४	०	०	०	५०	२८	११३२४४	५६२७	६२	८४६८३	०	२१२८४	१०६०२९		१५८८	१५८८
७	संस्कृति पर्यटन तथा नागरिक उड्डयन	२६८	७६	१२९२१७	१५	१६	२५६११	२५३	६०	१०३६०६	२१६०४	६८७५	३२४३०	०	९६१६	४८९२१	३५११	२९५७०	३३०८१
८	भौतिक पूर्वाधार तथा यातायात	१५६	८५	३०९४१७	१	३	२०३३	१५५	८२	३०७३८४	७५४५	२७५४४	४१०८०	०	०	६८६२४		२३१२१५	२३१२१५
९	महिला, बालबालिका तथा समाज कल्याण	६०	५१	२९२२८	०	१	१६	६०	५०	२९२१२	२२७२	१०५६९	१४१७८	०	०	२४७४७	५५०	१६४३	२१९३
१०	युवा तथा खेलकुद	४६	२०७	१२०३११	०	०	०	४६	२०७	१२०३११	१७३३	१२५९५	१०५९८३	०	०	११८५७८	०	०	०
११	रक्षा	११७	२८	१११०८३	२९	९	१००१५	८८	१९	१०१०६८	४१४९३	२०७००	२८०३२	०	०	४८७३२	०	१०८४३	१०८४३
१२	वन तथा भू–संरक्षण	१२६	४२	१३९८४३	०	०	०	१२६	४२	१३९८४३	२९०७	८४९५४	५१८३०	०	११९	१३६९०३	३३		३३
१३	वाणिज्य तथा आपूर्ति	१२	९	६२५१	०	०	०	१२	९	६२५१	२१९६	०	१४००	०	०	१४००	७०७	१९४८	२६५५
१५	विज्ञान प्रविधि तथा वातावरण	१९	७	३१४८	०	०	०	१९	७	३१४८	०	१००	२५२७	०	०	२६२७	५२१	०	५२१
१६	शिक्षा	४०६	३४४	७३४२११	६	८	२२३३	४००	३३६	७३१९७८	३१७६८	१०८३६६	५३७३३५	०	८४	६४५७८५	१६७५३	३७६७२	५४४२५
१७	सामान्य प्रशासन	५६	३०	२०२३०	०	०	०	५६	३०	२०२३०	११०५	१२२१४	६८७८			१९०९२	३३		३३
१८	सूचना तथा सञ्चार	४०	५५	८७३९९		१	५	४०	५४	८७३९४	३९८	२७८५१	५०८३५	०	०	७८६८६	५१६	७७९४	८३१०
१९	शहरी विकास	२६१	१५३	१६१३५३	०	१०	१७८९०	२६१	१४३	१४३४६३	४३२७१	८४६६	६१६१६		२८	७०११०	४१४	२९६६८	३००८२
२०	स्थानीय विकास	२४	३०	४४९०७		१	१	२४	२९	४४९०६	२७९४	७८६	४१२११			४१९९७	११५	०	११५
२१	स्वास्थ्य तथा जनसंख्या	१०४९	४७९	५५४९०२		२१	७०६६२	१०४९	४५८	४८४२४०	५५४३४	१९०९०८	१००७५२	०	५३५४	२९७०१४	२०५९	१२९७३३	१३१७९२
२३	पोखरा विश्व विद्यालय	६८	४०	२०२०५९	०	१	४५	६८	३९	२०२०१४	३३८	३१४३	१९८५३३	०	०	२०१६७६	०	०	०
२४	नेपाल संस्कृत विश्व विद्यालय	९०	५५	१५४१८	०	२	४३६	९०	५३	१४९८२	९३९	१३८८४	१५९	०	०	१४०४३			०
२५	त्रिभुवन विश्व विद्यालय	१३९५	१०९८	१२७१६५०	०	१७	४३९१०	१३९५	१०८१	१२२७७४०	४७२११	५८४०६३	५९६०६८		३९८	११८०५२९			०
२६	लम्बिनी बौद्ध विश्व विद्यालय	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०			०
२७	मध्यपश्चिम विश्वविद्यालय	१३	३	८३९८	०	३	८३९८	१३	०	०						०			०
२८	सुदुरपश्चिम विश्वविद्यालय	८	२	२६७		२	२६७	८	०	०						०			०
२९	कृषि तथा वन विश्वविद्यालय	१५	०	०				१५	०	०						०			०
३०	जिल्ला विकास समिति	१६५७	१४२६	१४८६७२७	४९	९१	७८६४९	१६०८	१३३५	१४०८०७८	१७८३६७	३७९४२३	४२१३३९	०	८९५६१	८९०३२३	१६२७२	३२३११६	३३९३८८
३१	स्थानीय विकास कोष	१६५७	१४२६	३५७०५		२	१७१३	१६५७	१४२४	३३९९२	५२५३	१६१६	२१०८३		३६१	२३०६०	२५९३	३०८६	५६७९
	जम्मा	८२८५	५८०७	७४२९४२७	१०९	२०३	३८०४५४	८१७६	५६०४	७०४८९७३	५०८४७७	२९१०१५३	२६२८३२०	०	१२६८८९	५६६५३६२	४४७२८	८३०४०६	८७५१३४
	बक्यौता																		०
१	संस्कृति पर्यटन तथा नागरिक उड्डयन	४८	४६	३४५०४	११	४	५८९	३७	४२	३३९१५	४०५५	१६१९	१४४७४	०	०	१६०९३	३९२	१३३७५	१३७६७
२	युवा तथा खेलकुद	३१	८४	६९३०८		११	४६६९६	३१	७३	२२६१२	३८५१	६३६	१८१२५			१८७६१			०
	बक्यौता जम्मा	७९	१३०	१०३८१२	११	१५	४७२८५	६८	११५	५६५२७	७९०६	२२५५	३२५९९	०	०	३४८५४	३९२	१३३७५	१३७६७
	कुल जम्मा	८३६४	५९३७	७५३३२३९	१२०	२१८	४२७७३९	८२४४	५७१९	७१०५५००	५१६३८३	२९१२४०८	२६६०९१९	०	१२६८८९	५७००२१६	४५१२०	८४३७८१	८८८९०१

अनुसूची – १७

(प्रतिवेदनको परिच्छेद २ दफा २.२ संग सम्बन्धित)

सरकारी कार्यालयतर्फ (विनियोजन, राजस्व ,धरौटी र अन्य कारोवार)

बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय	गतवर्षसम्मको बाकी	समायोजन	सं.पंको अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारवाही गर्न बाँकी	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	५०औं प्रतिवेदन सम्मको बाँकी बेरुजू	५०औं प्रतिवेदन सम्मको बांकी बेरुजूमध्ये पेस्की
	प्रतिबेदन २०६२ देखि २०६७ सम्म										
१	राष्ट्रपतिको कार्यालय	१५४५०		८९५०	८९५०		-	६५००	५६४८२	६२९८२	६२९८२
	उपराष्ट्रपतिको कार्यालय	-	-	-	-				१६६३	१६६३	०
२	संविधान सभा व्यवस्थापिका संसद	३५९११८		३५९११८	२१९३५९	१३९७५९	-	१३९७५९	३९४३०	१७९१८९	९९५०
३	सर्वोच्च अदालत	७९५८४४		५४६३२०	३३२४३३	२१३८८७	-	४६३४११	१०३८७७	५६७२८८	३०८०५
४	महालेखापरीक्षकको कार्यालय	०					-	-	३०	३०	३०
५	लोक सेवा आयोग	६००४		२२८३	२२८३		-	३७२१	१७६५६	२१३७७	५९९४
६	निर्वाचन आयोग	७६९३१		५१८८६	२२४४०	२९४४६	-	५४४९१	३९५९३२	४५०४२३	२७९४०९
७	महान्यायाधिवक्ताको कार्यालय	१९७३९		३४७४	३०८२	३९२	-	१६६५७	२३४२७	४००८४	१९८०१
८	न्यायपरिषद	२६६		२६४	२६४	-	-	२	१४२५	१४२७	४५०
९	राष्ट्रिय मानवअधिकार आयोग	१२७७३		-	-	-	-	१२७७३	६२४७	१९०२०	४९५७
१०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२३११०५		४४५५२	३६०२४	८५२८	-	१९४२४८	४१८८४६	६१३०९४	३३७३७
११	अर्थ	६२५५१९३		३०३६३५५	२२२८४८१	८०७८७४	-	४०२६७१२	३१६५७२०	७१९२४३२	४७५१३३
१२	उद्योग	२३३९९०		३०५८०	१४५९७	१५९८३	-	२१९३९३	८०४६२	२९९८५५	८८९४४
१३	ऊर्जा	३१८५१		३३४०१	२९६२०	३७८१	-	२२३१	२५६९०	२७९२१	३४०२८
१४	कानून तथा न्याय	५७९		५००	५००		-	७९	२८१३	२८९२	७
१५	कृषि तथा सहकारी	१४३४०२४		१११९२१७	७६७९४	४२४२३	-	१३५७२३०	३१०५७२	१६६७८०२	१३३६३८
१६	गृह	१५४६७९५		६०२६६३	५२०१७३	७५३४८	७१४२	१०२६६२२	१४१९९०९	२४४६५३१	२०५१३९६
१७	परराष्ट्र	९८३४४०		२६७९७४	२३९४६९	२८५०५	-	७४३९७१	६५८४१८	१४०२३८९	५७३५७२
१८	संस्कृति पर्यटन तथा नागरिक उडड्यन	१३९४३३		२७०३९	२६५२९	५१०	-	११२९०४	८३८६०	१९६७६४	१०८२११
१९	भूमिसुधार तथा व्यवस्था	१०३८०४५		३२२३७६	२६९७२९	५२६४७	-	७६८३१६	५८१३७७	१३४९६९३	१४०४३५
२०	भौतिक योजना तथा निर्माण	५८६६७९१	३६७६८	२१४४५१५	१९६८५२३	१७३२२१	२७७१	३९३५०३६	५३५५९३५	९२९०९७१	७४०९६६१
२१	महिला, बालबालिका तथा समाज कल्याण	१८०३५७		६०७७८	५४१३६	६६४२	-	१२६२२१	६३२२२	१८९४४३	९४५०१
२२	युवा तथा खेलकुद	४९२५७		१८०५२	१७१९२	८६०	-	३२०६५	१०२५	३३०९०	१०७१३
२३	रक्षा	२६७६८६२		८५५८२६	८११९५९	४३८६७	-	१८६४९०३	१२५६१५३	३१२१०५६	३०८४६७०
२४	वन तथा भू–संरक्षण	५२२३५७		१४६०१६	११४०२८	३१९८८	-	४०८३२९	३६०७७९	७६९१०८	१३९७९१
२५	वाणिज्य तथा आपूर्ति	१९६९७		२८४	२८४	-	-	१९४१३	६३	१९४७६	-
२७	विज्ञान, प्रविधि तथा बातावरण	३७४७८४		९८०३५	९२१११	५९२४	-	२८२६७३	१५४२८९	४३६९६२	२९९२१९
२८	शान्ति तथा पुनर्निर्माण	८७८५५१		५०५७७८	५०५७७८		-	३७२७७३	१११११५	४८३८८८	३३५४२७
२९	शिक्षा	१०१६४७५३		३७७८५५९	३२८७१६२	४९१३९७	-	६८७७५९१	३२७२७४३	१०१५०३३४	११२२७६४
३०	श्रम तथा यातायात व्यवस्था	२३०४०४	-३६७६८	८७२२५	८५०४३	२१८२	-	१०८५९३	२०६६२	१२९२५५	४१३३१
३१	सामान्य प्रशासन	१२०७८२		१२०७८२	१४३९९	१०६३८३	-	१०६३८३	२६९१	१०९०७४	१०००

क्र.सं.	मन्त्रालय/निकाय	गतवर्षसम्मको बाकी	समायोजन	सं.पंको अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारवाही गर्न बाँकी	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	५०औं प्रतिवेदन सम्मको बाँकी बेरुजू	५०औं प्रतिवेदन सम्मको बांकी बेरुजूमध्ये पेस्की
३२	सिचाई	१५४१६८८		५०५६२३	४७२१७८	३३४४५	-	१०६९५१०	११८५६४६	२२५५१५६	१६२१३६८
३३	सूचना तथा सञ्चार	१५९१९१		२५२४८	२१७०७	३५४१	-	१३७४८४	१६८०७९०	१८१८२७४	९८७५९
३४	शहरी विकास	४४३२२९१		१६२५८०६	१४१५१०४	२१०७०२	-	३०१७१८७	१९८०७१९	४९९७९०६	२८६२७१३
३५	स्थानीय विकास	१०९८०५४५		३६१९१७८	३०५४९१९	५६४२५९	-	७९२५६२६	३५४१२११	११४६६८३७	४९२०९९१
३६	स्वास्थ्य तथा जनसंख्या	२९४५०९७		१०७९९४८	८२१५३५	२५८४१३	-	२१२३५६२	१५००४२८	३६२३९९०	१६१४७०१
	शहकारी तथा गरिवी निवारण	-						०	६०६२	६०६२	५७६२
३७	राष्ट्रिय योजना आयोगको सचिवालय	३६१७४		१८०३६	१७२०४	८३२	-	१८९७०	८२२४५	१०१२१५	११८९३
	जम्मा	५४३६०१६१	०	२०१४६६४१	१६७८३९८९	३३५२७३९	९९१३	३७५७५३३९	२७९६९६१४	६५५४४९५३	२७७२८७४३
	बेरुजु फछ्यौंट समिति हस्तान्तरण (प्रतिवेदन २०६१ सम्म)*	१०८७८०६		५६५२९९	३६९७६१	१९५५३८	-	७१८०४५		७१८०४५	
	जम्मा	१०८७८०६	-	५६५२९९	३६९७६१		-	७१८०४५		७१८०४५	
	कुल जम्मा	५५४४७९६७	-	२०७११९४०	१७१५३७५०	३३५२७३९	९९१३	३८२९३३८४	२७९६९६१४	६६२६२९९८	२७७२८७४३

* बार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजू लगत बेरुजू फछ्यौंट समितिमा पठाइएकोमा बांकी लगत एकिन भई नसकेकोले समितिबाट फछ्यौंट जनाएको रकमलाई समायोजनमा देखाई लगत कट्टा रकमलाई सम्परीक्षण रकममा उल्लेख गरिएको छ ।

संगठित संस्था, अन्य संस्था,समिति र जिल्ला विकास समिति तर्फ
बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण

क्र.सं.	मन्त्रालय/निकाय	यस कार्यालयबाट भएको सं.प.सम्बन्धी विवरण								गत वर्ष सम्मको बांकी	यो वर्षको थप	५०औं प्रतिवेदन सम्मको बांकी बेरुजू
		गतवर्षसम्मको बाकी	समिति हस्तान्तरण	बाकी २०६२ प्रतिवेदनदेखि	समायोजन	सं.पं.को अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बांकी			
१	संविधान सभा व्यवस्थापिका संसद	४८३३		४८३३		-			-	४८३३		४८३३
२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१८०		१८०		-			-	१८०	५२०९	५३८९
३	अर्थ	२९७३५०		२९७३५०		२०९०३५	२०९०३५	-	-	८८३१५	१६६५४४४	१७५३७५९
४	उद्योग	६९०६२		६९०६२		६२२	६२२		-	६८४४०	२३४८७	९१९२७
५	कानून तथा न्याय	५९९		५९९		-			-	५९९	१५१	७५०
६	कृषि विकास	३९८९१९	३२५३४	३६६३८५		१५२२७१	१०७८२१	४४४५०	-	२५८५६४	३१५९८	२९०१६२
७	गृह	४९३२८०		४९३२८०		६२८	६२८		-	४९२६५२	११३२४४	६०५८९६
८	संस्कृति पर्यटन तथा नागरिक उडड्यन	३५४४९९२	६६२२	३५३८३७०		१३३३७९	४८४१६	८४९६३	-	३४८९९५४	१३७५२१	३६२७४७५
९	भूमिसुधार तथा व्यवस्था	५४९		५४९		-	-	-	-	५४९	-	५४९
१०	भौतिक पूर्वाधार तथा यातायात	८८९७९		८८९७९	१६९३६१	१२०८०१	१२०६४२	१५९	-	१३७६९८	३०७३८४	४४५०८२
११	महिला, बालबालिका तथा समाज कल्याण	२६८२९२	१४६५०	२५३६४२		-	-	-	-	२५३६४२	२९२१२	२८२८५४
१२	युवा तथा खेलकुद	३५५६७४		३५५६७४		-	-	-	-	३५५६७४	१४२९२३	४९८५९७
१३	रक्षा	२८५२३६	७४२२	२७७८१४		३८०९७	३८०९७		-	२३९७१७	१०१०६८	३४०७८५
१४	वन तथा भू–संरक्षण	४६६४९१		४६६४९१		३२१२८	८१५७	२३९७१	-	४५८३३४	१३९८४३	५९८१७७
१५	वाणिज्य तथा आपूर्ति	१५८८८३		१५८८८३		३१७००	१३३४१	१८३५९	-	१४५५४२	६२५१	१५१७९३
१६	विज्ञान प्रविधि तथा बातावरण	१७८२७		१७८२७		११९३०	११२४६	६८४	-	६५८१	३१४८	९७२९
१७	शिक्षा	४०६७०६६	८६१०	४०५८४५६		१६०८८७२	१५०९००९	९९८६३	-	२५४९४४७	७३१९७८	३२८१४२५
१८	श्रम तथा रोजगार	६०२		६०२		-	-	-	-	६०२	-	६०२
१९	सामान्य प्रशासन	४६६२३		४६६२३		८४६	२९७	५४९	-	४६३२६	२०२३०	६६५५६
२०	सिंचाई	७६४२६६		७६४२६६		-			-	७६४२६६	-	७६४२६६
२१	सूचना तथा सञ्चार	४१६६५६	१०३६५	४०६२९१		१३२०३	१३२०३	-	-	३९३०८८	८७३९४	४८०४८२
२२	शहरी विकास	१४६२९८२	१९३५१	१४४३६३१		२६६३६३	२२०१९	२४४३४४	-	१४२१६१२	१४३४६३	१५६५०७५
२३	संघिय मामिला तथा स्थानीय विकास	१६५०२४१	६३४	१६४९६०७		८५८६८७	७५४२२०	१०४४६७	-	८९५३८७	४४९०६	९४०२९३
२४	स्वास्थ्य तथा जनसंख्या	२३८०२६८	५८२७	२३७४४४१		५१९२३५	४३५६५३	८३५८२	-	१९३८७८८	४८४२४०	२४२३०२८
२५	पोखरा विश्व विद्यालय	८२१८०		८२१८०		१५११२	५३१२	९८००	-	७६८६८	२०२०१४	२७८८८२
२६	नेपाल संस्कृत विश्व विद्यालय	१२७७८८		१२७७८८		३०४२३	३०४२३		-	९७३६५	१४९८२	११२३४७
२७	त्रिभुवन विश्व विद्यालय	१०१५८०३०		१०१५८०३०		८६८६	७१६४	१५२२	-	१०१५०८६६	१२२७७४०	११३७८६०६
२८	लम्बिनी बौद्ध विश्व विद्यालय	१३६३		१३६३		-	-	-	-	१३६३	-	१३६३
३२	जिल्ला विकास समिति	५८३११२६		५८३११२६		१०७२५६	९७५२१	९७३५	-	५७३३६०५	१४०८०७८	७१४१६८३
३३	स्थानीय विकास कोष	२७५८३७		२७५८३७		३७१	३७१		-	२७५४६६	३३९९२	३०९४५८
	जम्मा	३३७१६१७४	१०६०१५	३३६१०१५९	१६९३६१	४१५९६४५	३४३३१९७	७२६४४८	०	३०३४६३२३	७१०५५००	३७४५१८२३
	बेरुजू फछ्यौंट समितिमा हस्तान्तरण	१०६०१६	१०६०१६	-		२३०५७७	१०६०१६	१२४५६१	-	-	-	-

* बार्षिक प्रतिवेदन, २०६१ सम्मको बेरुजू लगत बेरुजू फछ्यौंट समितिमा पठाइएकोमा बांकी लगत एकिन भई नसकेकोले समितिबाट फछ्यौंट जनाएको रकमलाई समायोजनमा देखाई लगत क्ष्ा रकमलाई सम्परीक्षण रकममा उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4262381
4262415
4262417
4262958
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०६९।१०६०
च.नं. : ४६

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

मिति: २०६९।१२।२६

सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन

श्री महालेखा नियन्त्रकज्यू,
महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं ।

महाशय,

१. **वार्षिक आर्थिक विवरणउपर प्रतिवेदन** – हामीले नेपाल सरकारको सञ्चितकोषको २०६९ असार ३१ गते समाप्त भएको आर्थिक वर्षको यसैसाथ संलग्न आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको नेपालको अन्तरिम संविधान, २०६३ र लेखापरीक्षण ऐन, २०४८ बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरणउपर व्यवस्थापनको जिम्मेवारी** – आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४ र प्रचलित कानून, नेपाल सार्वजनिक क्षेत्र लेखामान, अभ्यास र प्रचलनअनुरुप आर्थिक विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी महालेखा नियन्त्रकमा रहेको छ । यस्तो जिम्मेवारीअन्तर्गत आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आँकडारहित सारभूत रुपमा प्रस्तुतीकरण गर्ने, निकायको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी** – हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । प्रचलित ऐन, कानून, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र आर्थिक विवरण सारभूत रुपमा गलत आँकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाका बारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूत रुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण

तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको व्यवस्था तथा उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितावारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । महालेखा नियन्त्रकले आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्ततालगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षणअन्तर्गत पर्दछ ।

हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले कैफियतसहितको राय व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियतसहितको राय व्यक्त गर्ने आधार –** कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. महालेखा नियन्त्रक कार्यालयले आफ्नो अभिलेखको आधारमा सञ्चितकोषको आर्थिक विवरण तयार गर्नुपर्नेमा नेपाल राष्ट्र बैङ्कबाट सङ्कलित तथ्याङ्क तथा अन्य निकायबाट प्राप्त सूचनाहरुको आधारमा आर्थिक विवरण तयार गरेको छ । सञ्चितकोषको आर्थिक विवरण नेपाल सरकारले २०६६।५।३० मा स्वीकृत गरेको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गर्नुपर्नेमा गरेको छैन ।

४.२. महालेखा नियन्त्रक कार्यालयले पेश गरेको सञ्चितकोषको आर्थिक विवरणमा राजस्व असुलीतर्फ रु.२ खर्ब ४६ अर्ब ९८ करोड ६० लाख रहेकोमा लेखापरीक्षणबाट रु.२ खर्ब ४३ अर्ब ९९ करोड २९ लाख देखिएकोले रु.२ अर्ब ९९ करोड ३१ लाख फरक परेको छ ।

विनियोजनतर्फ रु.३ खर्ब ३९ अर्ब १६ करोड ७५ लाख खर्च भएको विवरण पेश भएकोमा लेखापरीक्षणबाट रु.३ खर्ब ८७ अर्ब ४२ करोड ८८ लाख खर्च भएको देखिन्छ । सञ्चितकोषको हिसाबमा दाताबाट प्राप्त सोझै भुक्तानीतर्फको ऋण, अनुदान रकम समावेश नगर्ने लगायतका कारणबाट रु.४८ अर्ब २६ करोड १३ लाख फरक परेको छ ।

४.३. सञ्चितकोषलगायत नेपाल सरकारको धरौटी र अन्य कारोबारको लेखापरीक्षणबाट यस वर्ष रु.३ अर्ब ३८ करोड २५ लाख असुलउपर गर्नुपर्ने, रु.१ अर्ब ९५ करोड ६४ लाख अनियमित, रु.८ अर्ब ४९ करोड २८ लाख प्रमाण कागजात पेश नभएको, रु.९८ लाख जिम्मेवारी नसारेको, रु.२९ करोड ८७ लाख शोधभर्ना नलिएको र रु.१३ अर्ब ८० करोड ८२ लाख पेश्की बेरुजूसमेत रु.२७ अर्ब ९४ करोड ८५ लाख बेरुजू देखिएको छ ।

४.४. यो वर्ष सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक ऋण प्राप्ति रु.१२ अर्ब १५ करोड देखाएकोमा मूल आर्थिक विवरणमा रु.११ अर्ब ८ करोड ३० लाख देखाएको छ । नेपाल राष्ट्र बैङ्कले ढुकुटी हिसाबमा रु.१ अर्ब १९ करोड १५ लाखमात्र वैदेशिक ऋण प्राप्ति देखाएको छ । महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गर्ने वैदेशिक स्रोततर्फको लेखाङ्कन प्रक्रिया फरक रहेको कारण दुई निकायले देखाएको वैदेशिक ऋण हिसाबमा रु.१० अर्ब ९५ करोड ८५ लाख फरक परेको छ ।

४.५. कार्यालयले प्रस्तुत गरेको सञ्चितकोषको आर्थिक विवरणमा वैदेशिक अनुदान रु.२९ अर्ब ९७ करोड ६८ लाख आम्दानी देखाएको छ । कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरणमा वैदेशिक अनुदान रु.४० अर्ब ८१ करोड ३ लाख प्राप्त भएको विवरण प्रस्तुत गरिएको छ भने नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.२३ अर्ब ५३ करोड ६७ लाख अनुदान प्राप्त भएको देखाएको छ । लेखाङ्कनको आधार फरक रहेको कारण सञ्चितकोष, मूल आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कले फरक फरक प्राप्ति हिसाब देखाएबाट अनुदान प्राप्ति हिसाब यकिन गर्नसक्ने अवस्था रहेन ।

४.६. यो वर्ष महालेखा नियन्त्रक कार्यालयबाट प्रस्तुत मूल आर्थिक विवरणमा रु.३ अर्ब ६८ करोड २० लाख र सञ्चितकोषको आर्थिक विवरणमा रु.१० अर्ब ८९ करोड ३ लाख अधिविकर्ष देखाएको छ ।

नेपाल राष्ट्र बैङ्कको केन्द्रीय ढुकुटी हिसाबमा रु.२३ अर्ब १२ करोड ५१ लाख बचत देखाएको छ । महालेखा नियन्त्रक कार्यालयको मूल आर्थिक विवरण, सञ्चितकोषको आर्थिक विवरण र नेपाल राष्ट्र बैङ्कको विवरणमा देखिएको फरक फरक अङ्कको कारण अधिविकर्ष हिसाब यकिन हुनसकेन ।

४.७. सञ्चितकोषको आर्थिक विवरणमा नेपाल सरकारले रु.३९ अर्ब ५३ करोड २६ लाख आन्तरिक ऋण लिएको उल्लेख छ भने मूल आर्थिक विवणले रु.३६ अर्ब ४१ करोड ८७ लाख ऋण लेखाङ्कन गरेको पाइयो । दुई विवरणबीच रु.३ अर्ब ११ करोड ३९ लाख फरक परेको छ । आन्तरिक ऋण उठाइएको रकमभन्दा बढी रोलओभर हुँदा बट्टा बचत भएको रकमलाई आम्दानी उल्लेख गरेकोले सञ्चितकोषमा उल्लिखित आन्तरिक ऋण फरक परेको छ ।

४.८. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९० अनुसार गुठी रकम बाहेक नेपाल सरकारलाई प्राप्त भएका सबैप्रकारको राजस्व, राजस्वको धितोमा लिएका कर्जाहरु र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम सञ्चितकोषमा आम्दानी बाँधिने र धारा ९१ अनुसार सञ्चितकोष माथि व्ययभार भएको रकम र विनियोजन ऐनद्वारा खर्च हुने रकम सञ्चितकोषबाट खर्च गरिने व्यवस्था छ । तर नेपाल सरकारलाई यस वर्ष प्राप्त भएको मूल्य अभिवृद्धि कर रकम छुट्टै बैङ्क खाता खोली जम्मा गर्ने गरेको र सो खाताबाट मूल्य अभिवृद्धि कर फिर्ताबापत रु.५ अर्ब १६ करोड ४४ लाख खर्च गरेको छ । उक्त आम्दानी र खर्च महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चितकोषको हिसाबमा समावेश छैन ।

५. **लेखापरीक्षकको राय –** हामीलाई उपलब्ध गराइएको सेस्ता, अभिलेख, सूचना, जानकारीका आधारमा हाम्रो रायमा अनुच्छेद ४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असरबाहेक नेपाल सरकारको सञ्चितकोषको आर्थिक विवरणले २०६९ आषाढ ३१ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखा प्रणालीअनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(विमला सुवेदी)
कार्यवाहक महालेखापरीक्षक

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

आ.व. २०६८।०६९ को संचित कोषको आर्थिक विवरण

आय

क्र.सं.	विवरण					रकम रु. हजारमा
१	गत वर्षको मौज्दात जिम्मेवारी सारेको (अ.त्या.)					७२८०३३४५
२	चालु वर्षको आय :					२७९९६२८८२
	राजस्व तथा अनुदान:				२७९९६२८८२	
	क राजस्व				२४९८४०५२	
	अ कर			२१७७२९१९		
	आ अन्य राजस्व			३२६५१०२१		
	इ गतवर्षको नगद मौज्दात तथा बैंकबु			२६१२४२०		
	ख अनुदान				२१९७८८१०	
	अ नगद अनुदान			२५७४३००		
	१ चालु आ.व. को		२५६२२१			
	२ गत बिगत आ.व. को		११९७९			
	आ संधियता हुने गरि भएको खर्च रकमबाट संधियता प्राप्त			३०४७४४६९		
	१ चालु आ.व. को		२८५२०४३			
	२ गत बिगत आ.व. को		१७६२२४२६			
	इ सांकै भुक्तानी (प्रत्यक्ष अनुदान)			६१८४९११		
	ई वस्तुगत अनुदान			७४३९३०		
३	वित्तीय व्यवस्था					५१८६९२८४
	क ऋण लगानी फिर्ता				१८७००५	
	अ आन्तरिक ऋण लगानी फिर्ता			१८७००५		
	आ वैदेशिक ऋण लगानी फिर्ता			०		
	ख शेयर बिक्री				०	
	अ आन्तरिक शेयर बिक्री			०		
	आ वैदेशिक शेयर बिक्री			०		
	ग वैदेशिक ऋण प्राप्ती				१,२१,४९,९९८	
	अ नगद ऋण			८,९८,२१०		
	आ सोधभर्ना हुने गरी भएको खर्च रकम मध्ये सो.भ प्राप्त			५४९८७१२		
	१ चालु आ.व. को		१५४२३४४			
	२ गत बिगत आ.व.को		४७४६३६७			
	इ सांकै भुक्तानी (ऋण)	०		५५५३०५		
	घ आन्तरिक ऋण प्राप्ती				९९४३२८९	
४	अन्य विविध आम्दानी				०	२०९२४६
	(अ) फिर्ता ट्रान्सफर गरेको रकम (आ.व.०५८।०६९को)				२०७२४६	
	आ) विविध				२०००	
६	संचितकोषको कुल मौज्दात वचत ( ) न्युन ( )					८३६९३६३४
	जम्मा आम्दानी:					३३९३३९८१

व्यय

क्र.सं.	विवरण					रकम रु. हजारमा
१	चालु वर्षको व्यय					२९४८५०७२४
	क संचितकोष मार्फि व्यवभार हुने रकममा खर्च				१६९९४३१८	
	अ) चालु खर्च			१६९९४३१८		
	पारिश्रमिक सुविधा		५४२६१			
	मानसामान तथा सेवाको उपयोग		४८१७४१			
	व्याज र सेवा खर्च		१५१६०८२९			
	सहायता(सब्सीडि)					
	अनुदान(खान्टुवा)		९८			
	सामाजिक सुरक्षा					
	अन्य		९२०९			
	आ) पुंजीगत खर्च		०	०		
	ख विनियोजन ऐनद्वारा भएको खर्च				२७८५१६२०६	
	अ) चालु खर्च			२२७२६५४८८		
	पारिश्रमिक सुविधा		६५४२२८१०			
	मानसामान तथा सेवाको उपयोग		२३२६९४३५			
	व्याज र सेवा खर्च		०			
	सहायता(सब्सीडि)		४६४०४५९			
	अनुदान(खान्टुवा)		१०३६७९७२३			
	सामाजिक सुरक्षा		३०१४०२८०			
	अन्य		११२७८९			
	आ) पुंजीगत खर्च			५१३९०७१८		
	खर्चको थोरक्रट विवरण				२९४८५०७२४	
	(क) नेपाल सरकारको श्रोत			२४९९४२०२३		
	(ख) वैदेशिक अनुदान			३९८४४१९५		
	(अ) नगद		७५०७३२८	०		
	(आ) संधियता हुने		२५८०९७५२			
	(इ) सांकै भुक्तानी (अनुदान)		५७९३९८५			
	(ई) वस्तुगत		७४३९३०			
	(ग) वैदेशिक ऋण			५०५४५०७		
	(अ) संधियता हुने ऋण		४२९८९८८६			
	(आ) सांकै भुक्तानी हुने ऋण		७५४२२०			
२	वित्तीय व्यवस्था					४४३१६७६१
	क. संचितकोष मार्फि व्यवभार हुने रकममा खर्च				२०१५९२६३	
	अ) आन्तरिक ऋणको साँवा भुक्तानी			६६२६८३५		
	आ) बाह्य ऋणको साँवा भुक्तानी			१३५३२४२०		
	ख विनियोजन ऐनद्वारा भएको खर्च				२४१३७४९८	
	अ) ऋण लगानी			१३०५३६९३		
	१) आन्तरिक ऋण लगानी		१२०६३६९३			
	२) वैदेशिक ऋण लगानी		०			
	आ) शेयर लगानी			९२०१३८०५		
	१) आन्तरिक शेयर लगानी		१२०१३८०५			
	२) वैदेशिक शेयर लगानी		०			
	खर्चका श्रोतगत विवरण				४४३१६७६१	
	क नेपाल सरकार			३०३३२१०९		
	ख वैदेशिक ऋण			९१८४६५२		
	अ. नगद अनुदान		४३००००			
	आ) संधियता हुने अनुदान		३५१५०			
	इ) सांकै भुक्तानी (अनुदान)		३९०१२६			
	ई) वस्तुगत अनुदान		०			
	उ) नगद ऋण		८९८२१०			
	ऊ) संधियता हुने ऋण		२३२८००			
	ए) सांकै भुक्तानी हुने ऋण		४८१७५५६			
३	संचितकोषबाट भएको फिर्ता हुने खर्च					७८४४९६
	जम्मा खर्च					३३९३३९८१

नेपाल सरकार

लेखा अधिकृत

उप महालेखा नियन्त्रक

अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

महालेखा नियन्त्रक

आ.व. २०६८।०६९ को सञ्चित कोषको संसोधित आर्थिक विवरण तयार पार्दा अपनाईएका आधारहरु एवं लेखा टिप्पणी

लेखा टिप्पणीः

- आर्थिक वर्ष २०६८/०६९ को सञ्चितकोषको आर्थिक विवरण तयार गर्दा आर्थिक वर्ष २०६८/०६९ को बजेट बक्तव्यमा उल्लेख भए बमोजिमको ढाँचामा आम्दानी तथा खर्च उल्लेख गर्ने प्रयास गरिएको छ ।
- आम्दानी तर्फ रकम उल्लेख गर्दा नेपाल सरकारबाट आर्थिक बर्ष २०६७/०६८ देखि लागु गरिएको आर्थिक संकेत तथा वर्गीकरण बमोजिम हुने गरी राजस्व, अनुदान, अन्य राजस्व, र वित्तिय व्यवस्था अन्तर्गत छुट्टाछुट्टै आम्दानी देखाइएको छ ।
- खर्च तर्फ चालु, पुँजीगत तथा वित्तिय व्यवस्था तर्फ प्रत्येकको सञ्चितकोष माथि व्ययभार हुने खर्च र विनियोजन ऐन अन्तर्गतको खर्च गरि छुट्टाछुट्टै उल्लेख गरिएको छ ।
- खर्च व्यहोर्ने श्रोतको हकमा चालु, पुँजिगत र वित्तिय व्यवस्था तर्फ नेपाल सरकारको श्रोत, नगद अनुदान, सोधभर्ना हुने अनुदान, सोझै भुक्तानी हुने अनुदान, वस्तुगत अनुदान, नगद ऋण, सोधभर्ना हुने ऋण, सोझै भुक्तानी हुने ऋण गरी उल्लेख गरिएको छ ।

आयतर्फ

(१) क) **गत बर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ल्या.) :**

गत वर्षको संचित कोषको आय-व्यय बिबरणको आधारमा बांकी मौज्दात रु.(७२८०३३४५) हजार जिम्मेवारी सारि देखाइएको छ।

(२) **यस वर्षको आय :**

राजस्व तथा अनुदान

(क) **राजस्व**

यस कार्यालयको तथ्यांक शाखाबाट तयार गरिएको आ.व.२०६८।६९ .को राजश्वको केन्द्रीय आर्थिक विवरण भाग-६ को प्रतिवेदन नं. ८००३ मा उल्लेख भएको कूल राजश्व, अनुदान र बेरुजु रकम रु.२,७०,०२,२८,४१,२९३।७० र कोष प्रशासन शाखाबाट अनुदान संकेत नं.मा जम्मा नगरि सिधै संचितकोष दाखीला गरिएको रकम रु. १,१९,७९,६२१। को जोड रकममा बैंकले अनुदान संकेतमा जम्मा नगरि सिधै संचितकोषमा दाखीला गरेको रु. ४,६७,६८१।४१ घटाई हुन आउने रकम रु. २,७०,०३,४३,५३,२३३।२९ निम्न अनुसार आम्दानी देखाइएको छ।

(अ) कर राजश्व(संकेत नं. ११००० को जम्मा) :रु.१,७२,५५,५३,०२ हजार ।

(आ) अन्य राजश्व(संकेत नं. १४००० को जम्मा) : रु. ३२,६५,१०,२१ हजार ।

(इ) बेरुजु (संकेत नं. १५००० को जम्मा): रु. २,६१,२४,२० हजार ।

(ख) **अनुदान :**

अ र आः

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक
अनामनगर

मा यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको आ.व.२०६८।६९ को राजश्वको केन्द्रीय आर्थिक विवरण भाग-६ को प्रतिवेदन नं. ८००३ मा उल्लेख भएको कूल राजश्व, अनुदान र बेरुजु रकम रु.२,७०,०२,२८,४१,२९३।७० मध्ये अनुदान संकेतको रु. २३,०३,६३,२२ हजार मा कोष प्रशासन शाखाबाट अनुदान संकेत नं. मा जम्मा नगरि सिधै संचितकोष दाखीला गरेको रु. १,१९,७९ हजार र बैंकले अनुदान संकेत नं. मा जम्मा नगरि सिधै संचितकोष दाखीला गरेको रु. ४६७ हजार समेत जम्मा रु. २३,०४,८७,६९ हजार यस शिर्षकमा आम्दानी जनाइएको छ ।

इ:

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको आ.व.२०६८।६९ को खर्चको श्रोतगत आर्थिक बिबरणको प्रत्यक्ष अनुदानमा उल्लेख भएको कुल खर्च रकम रु. ६,१८,४९,११ हजार यस शीर्षकमा आम्दानी जनाइएको छ ।

ई:

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको आ.व.२०६८।६९ को खर्चको श्रोतगत आर्थिक बिबरणको वस्तुगत अनुदानमा उल्लेख भएको कुल खर्च रकम रु. ७४,३१,३० हजार यस शीर्षकमा आम्दानी जनाइएको छ ।

(३) **वित्तिय व्यवस्था :**

(क) ऋण लगानी फिर्ता:

म.ले.नि.का लगानी शाखाबाट प्राप्त विवरण अनुसार साँवा फिर्ता बापतको रकम रु १८,७०,०५ हजार देखाइएकोमा सो रकम क.१.७ सञ्चित कोष खातामा ट्रान्स्फर गरी यस शिर्षकमा देखाइएको छ ।

(ख) शेयर विक्री

लगानी शाखाबाट प्राप्त विवरणमा शेयर विक्रि वापतको रकम उल्लेख नभएकोले यस शीर्षकमा शुन्य आम्दानी जनाइएको छ ।

(ग) **वैदेशिक ऋण प्राप्ति :**

(अ) **नगद ऋण**

यस कार्यालयको कोष प्रसाशन शाखामा रहेको अभिलेख र तथ्याङ्क शाखाको खर्चको विवरण अनुसार चालु आ.व.मा नगद ऋण स्रोतमा खर्च भएको रकम क १ ७ संचित कोष खातामा ट्रान्सफर जम्मा भएको रु. ८९,८२,१० हजार रकम यस शिर्षकमा जम्मा भएको छ ।

(आ) **सोधभर्ना हुने खर्च मध्ये सोधभर्ना प्राप्त**

- **चालु आ.व. को :**

यस कार्यालयको सो.भ.शाखावाट प्राप्त विवरण अनुसार सोधभर्ना प्राप्त हुने गरी वैदेशिक ऋण तर्फ चालु आ.ब. मा खर्च भएको रकम मध्ये सोधभर्ना प्राप्त भई क.१.७ खातामा ट्रान्सफर जम्मा भएको रु. १,५५,२३,४५ हजार यस शिर्षकमा आम्दानी जनाइएको छ ।

- **गत विगत आ.व.को:**

यस कार्यालयको सो.भ.शाखावाट प्राप्त विवरण अनुसार सोधभर्ना प्राप्त हुने गरी वैदेशिक ऋण तर्फ विगत आ.ब. मा खर्च भएको रकम मध्ये सोधभर्ना प्राप्त भई क.१.७ खातामा ट्रान्सफर जम्मा भएको रु. ४,०४,६३,६७ हजार यस शिर्षकमा आम्दानी जनाइएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

(इ) **सोझै भुक्तानी :**

यस कार्यालयको तथ्यांक शाखावाट मिति २०६८।११।१६ मा तयार गरि यस शाखामा प्राप्त विवरण अनुसार विभिन्न दातावाट सोझै भुक्तानी (प्रत्यक्ष **ऋण**) तर्फ प्राप्त भएको रकम रु.५,६५,३०,७६ हजार यस शिर्षकमा खर्चको आधारमा आम्दानी जनाइएको छ । यो रकम सोझै भुक्तानी भएकोले संचित कोष खातामा आम्दानी जनाईएको छैन ।

(घ) **आन्तरिक ऋण :**

म.ले.नि.का. ऋण शाखाबाट प्राप्त विवरण अनुसार यस आ.व.मा कुल आन्तरिक ऋण रकम रु. ३६,४१,८६,५१ हजार देखाएकोमा ने.रा.बैंकको २०६९ आषाढ महिनाको विवरण अनुसार रु. ३९,५३,२५,८१ हजार मात्र क.१.२ आन्तरिक ऋण खातामा देखाएको र सोहि अनुसार क.१.७ संचितकोष ट्रान्सफर भएकोले सो रकम आम्दानी देखाईएको । फरक रकम सम्बन्धमा ऋण शाखाबाट ने.रा.बैंकमा पत्राचार भईरहेको छ ।

(४) **अन्य विविध आम्दानी :**

(अ)फ्रिज ट्रान्सफर गरेको रकम :

यस कार्यालयको तथ्यांक शाखावाट तयार पारिएको निकासा, खर्च र फ्रिज हिसावको वार्षिक प्रतिवेदन, बैंक खुद बांकी (फ्रिज) समायोजनको विवरण र नेपाल राष्ट्र बैंकवाट प्राप्त खुद फ्रिज विवरणका आधारमा ने.रा.बैंक र अन्य सरकारी कारोवार गर्ने बैंकहरुमा आ.व.०६८।६९ को निकासा मध्ये खर्च नभै वाँकी रहेको फिज हि.नं. १, २ र ३ अनुसारको खुद फ्रिज रकम रु. २०,७२,४६ हजार यस शिर्षकमा आम्दानी जनाइएकोछ ।

(आ) यस कार्यालयमा कुनै निकायबाट प्रतिवेदन नभएको तर वैंक स्टेटमेन्टमा उल्लेख भएको २०,०० हजार रकम यस शीर्षकमा उल्लेख गरिएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

व्यय तर्फ

(१) **चालु वर्षको व्यय :**

(क) **संचित कोषमाथि व्ययभार हुने रकममा खर्च :**

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० का आधारमा चालु खर्च र पूंजीगत खर्च विभाजन गरी यस शिर्षकमा खर्च जनाइएको छ।

(अ) चालु खर्च रु. १६,१९,४५,१८ हजार

(ख) **विनियोजन ऐनद्वारा भएको खर्च :**

अ) **चालु खर्च :** यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० आधारमा चालु आ.व.मा चालु खर्च तर्फ खर्च भएको जम्मा रकम रु. २,२७,२६,५४,८८ हजार यस शिर्षकमा खर्च जनाइएको छ।

आ) **पूंजीगत खर्च :** यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० का आधारमा चालु आ.व.मा पूंजीगत खर्च तर्फ खर्च भएको जम्मा रकम रु. ५१,३९,०७,१८ हजार यस शिर्षकमा खर्च जनाइएको छ।

खर्चको श्रोतगत विवरण :

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३१९ का आधारमा चालु आ.व.मा विभिन्न श्रोतमा खर्च भएको रकम (चालु खर्च र पूंजीगत खर्च) निम्न अनुसार सम्वन्धित श्रोतको शिर्षकमा खर्च देखाइएको छ।

(क) नेपाल सरकारको श्रोत रु. २,४९,९४,२०,२३ हजार
(ख) वैदेशिक अनुदान
  (अ) नगद रु. ७,५०,७३,२८ हजार
  (आ) सोधभर्ना हुने रु. २५,८०,९७,५२ हजार
  (इ) सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु. ५,७९,३९,८५ हजार
  (ई) वस्तुगत रु. ७४,३१,३० हजार
(ग) वाहय ऋण
  (अ) सोधभर्ना हुने रु. ४,२९,८९,८६ हजार
  (आ) सोझै भुक्तानी (प्रत्यक्ष ऋण) रु. ७५,५५,२० हजार

(२) **वित्तिय व्यवस्था अन्तर्गतको खर्च:**

(क) **संचित कोषमाथि व्ययभार हुने रकममा खर्च :**

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० का आधारमा वित्तिय व्यवस्था अन्तर्गत सञ्चितकोष माथि व्ययभार हुने खर्च रु २०,१५,९२,६३ हजार यस शीर्षकमा उल्लेख गरिएको छ।

(ख) **विनियोजन ऐनद्वारा भएको खर्च :**

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० का आधारमा वित्तिय व्यवस्था अन्तर्गत विनियोजन ऐन द्वारा हुने खर्च रु २४,१५,७४,२६ हजार यस शीर्षकमा उल्लेख गरिएको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

४

खर्चको श्रोतगत विवरण :

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३१९ का (श्रोतगत खर्चको प्रतिवेदनका) आधारमा चालु आ.व.मा वित्तिय व्यवस्था अन्तर्गत विभिन्न श्रोतमा खर्च भएको रकम निम्न अनुसार सम्वन्धित श्रोतको शिर्षकमा खर्च देखाइएको छ ।

(क) नेपाल सरकारको श्रोत रु. ३७,३३,२१,०९ हजार

(ख) वैदेशिक अनुदान

(अ) नगद रु. ५३,००,०० हजार

(आ) सोधभर्ना हुने रु. ३,५१,६० हजार

(इ) सोझै भुक्तानी (प्रत्यक्ष अनुदान) रु. ३९,०९,२६ हजार

(ई) वस्तुगत रु. ० हजार

(ग) वाहय ऋण

(अ) नगद ऋण रु ८९,८२,१० हजार

(आ) सोधभर्ना हुने रु. २३,२८,०० हजार

(आ) सोझै भुक्तानी (प्रत्यक्ष ऋण) रु. ४,८९,७५,५६ हजार

(३)सञ्चित कोषवाट भएको फिर्ता हुने खर्च (फ्रिज र क.१.६) :

यस कार्यालयको तथ्यांक शाखावाट तयार पारिएको आ.व. ०६८।६९ को निकासा, खर्च र फ्रिज हिसावको प्रतिवेदन र नेपाल राष्ट्र बैंकवाट प्राप्त खुद फ्रिज विवरण समेतका आधारमा ने.रा.बैंक र अन्य सरकारी कारोवार गर्ने बैंकहरुवाट भएको जम्मा निकासा रकमवाट जम्मा खर्च घटाई हुन आउने रकम यस शिर्षकमा खर्च जनाइएको छ । यस शिर्षक अन्तर्गत खुद फ्रिज भएको रकम, बैंक निकासा र को.ले.नि.का. निकासा वीच फरक परेको रकम र गत वर्षको नगद मौज्दात दाखिला भएको रकम समेत समावेश गरिएको छ ।

द्रष्टव्य : *आ.व.२०६८।६९ को संचितकोषको आय-व्यय सम्वन्धी हिसावहरु ०६९ पौष २९ गतेसम्म क.१.७ खातामा ट्रान्सफर/समायोजन गर्न यस कार्यालयले दिएको आदेशको आधारमा संचितकोषको आर्थिक विवरण तयार गरिएको छ ।*

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं